मानवअधिकार वर्ष पुस्तक १९९३

यस वर्षको उल्लेख्य - नेपालमा जातीय छुवाछुत

मानवअधिकार वर्ष पुस्तक १९९३

(०४९ पुस १७ गतेदेखि ०५० पुस १६ गतेसम्मका घटनाहरूको संकलन)

सल्लाहकार

हृषीकेश शाह
वासुदेव ढुंगाना

कार्यकारिणी

डा. राजेश गौतम
सुबोधराज प्याकुरेल
शिवहरी दाहाल
पवनकुमार ओझा

संयोजक

सुशील प्याकुरेल

सम्पादन

कुन्दन अर्याल
नरनाथ लुइँटेल

मानवअधिकार वर्ष पुस्तक १९९३

पहिलो संस्करण
०५० चैत २७ गते

संख्या : दुई हजार प्रति

प्रकाशक :
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार :
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामाग्री श्रोत खुलाई उपयोग गर्न सकिनेछ)

कम्प्युटर डिजाइन :
किरण माली

टाइप सेटिङ :
जगदीश दाहाल

मूल्य : रु. १५०/-

मुद्रक :
इन्द्रेणी अफसेट प्रेस
बागबजार, फोन २२४४३९

- आ.व. ०४९/५० मा शिक्षा, स्वास्थ्य र खानेपानीमा कूल बजेटको २.२ प्रतिशत छुट्याइएको थियो।
- प्रौढ साक्षरता प्रतिशत २५.६ रहेको छ।
- नेपालीको औसत आयु ५२.२ वर्ष रहेको छ।

(श्रोत : मानव विकास प्रतिवेदन-१९९३)

- यो वर्ष २५ जना आस्थाका बन्दीहरू जेलमा थुनिएका पाइए।

(श्रोतः इन्सेक/बन्दी सूचना केन्द्र बुलेटिन-अंक ५, १९९४)

यो वर्ष विभिन्न अपराध गर्नेहरूको संख्या (प्रतिशतमा) यस्तो रहयो।

ज्यान सम्बन्धी अपराध	३२.३९ प्रतिशत
लागू औषध	१०.३०
जीउ मास्ने बेच्ने	७.५२
बलात्कार	२.७५

(श्रोतः कारागार व्यवस्थापन विभाग)

- कारागार संख्या - ७३
- बन्दीहरू राख्न सकिने कारागारको क्षमता - ७२३३
- कारागारमा रहेका बन्दीहरूको संख्या ६३६३ (आ.व. ०४९/५०)
- कूल बन्दीहरूमध्ये विदेशीहरूको संख्या ४६८ रहेको छ।
- कारागारमा राखिएका नाबालकहरूको संख्या ६९ रहेको छ।
- सबै कारागारमा गरेर जम्मा ८२ जना पागलहरू थुनामा राखिएका छन्।
- कारागारहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूको संख्या २७ जना रहेको छ।
- कूल जनसंख्याको अनुपातमा यो वर्ष प्रत्येक २९०६ जनामा १ जना बन्दी रहेको पाइयो।
- कारागारको वार्षिक बजेट ७ करोड ७२ लाख ५१ हजार रहेको छ।

(श्रोतः कारागार व्यवस्थापन विभाग)

- सन् १९९३ (आ.व. ०४९/५० को प्रथम ६ महिनामा) आत्महत्या गर्नेको कूल संख्या ५३० रहयो।

(श्रोतः गृह मन्त्रालय)

कूल जनसंख्या	१,८४,९१,०९७
महिला जनसंख्या	९२,७०,१२३
पुरूष जनसंख्या	९२,२०,९७४
साक्षरता	४० प्रतिशत
महिला साक्षरता	२५ प्रतिशत
पुरूष साक्षरता	५५ प्रतिशत
आयमुलक काममा संलग्न महिला जनसंख्या	४०.४ प्रतिशत

(श्रोतः केन्द्रीय तथ्यांक विभाग)

विषय-सूची

			पृष्ठ संख्या
भूमिका			
परिच्छेद			
परिच्छेद - १	:	परिचय नेपालमा मानवअधिकार आन्दोलन (२०१७ सम्मको)	१
परिच्छेद - २	:	सन् १९९३ मा राजनैतिक तथा संवैधानिक विकास	
		(क) सन् १९९३ र राजनैतिक विकास	१९
		(ख) सन् १९९३ र संवैधानिक विकास	२५
		(ग) मानवअधिकारको धारणासंग बाझ्ने नेपाल कानूनका केही प्रावधानहरू	२९
परिच्छेद - ३	:	न्यायपालिका र मानवअधिकार - १९९३	३५
परिच्छेद - ४	:	संसद् र मानवअधिकार - १९९३	४३
परिच्छेद - ५	:	श्री ५ को सरकार र मानवअधिकार - १९९३	४९
परिच्छेद - ६	:	आम-संचार र मानवअधिकार - १९९३	५३
परिच्छेद - ७	:	तथ्यांकमा नेपाल - आर्थिक योजना लक्ष र उपलब्धी	७३
परिच्छेद - ८	:	सन् १९९३ र मानवअधिकार उल्लंघनका तथ्यहरू	
		१. पूर्वाञ्चल	९७
		२. मध्यामञ्चल	१६५
		३. पश्चिमाञ्चल	२४७
		४. मध्य-पश्चिमाञ्चल	२९५
		५. सुदूर-पश्चिमाञ्चल	३४७
परिच्छेद - ९	:	सन् १९९३ र मानवअधिकार स्थितिको समग्र मूल्यांकन	३७५

परिच्छेद - १० : कार्यविधि र तयारीका क्रममा देखिएका समस्याहरू ३८१

परिच्छेद - ११ : निष्कर्ष र सुझाव ३८५

अनुसूची

अनुसूची - १ : यस वर्षको उल्लेख्य - नेपालमा जातीय छुवाछूत ३९१

अनुसूची - २ : यस वर्षको प्रमुख घटना - दासढुङ्गा दुर्घटना ४१७

अनुसूची - ३ : नेपालका विद्यालय शिक्षकहरू र मानवअधिकार ४२९

अनुसूची - ४ : नेपालमा ट्रेड यूनियन आन्दोलन र मानवअधिकार ४४१

अनुसूची - ५ : नेपालमा विस्थापनको समस्या : केही उदाहरणहरू ४४९

अनुसूची - ६ : सन् १९९३ र मानवअधिकारसंग प्रत्यक्ष सरोकार राख्ने केही अन्य विषयहरू

६.१ : बालबालिकाको अधिकार ४६१
६.२ : प्रहरी यातना र रोकथामका उपायहरू ४६५
६.३ : नेपालमा शरणार्थी समस्या ४७३
६.४ : नेपाली महिला र मानवअधिकार ४८१
६.५ : आदिवासी र मानवअधिकार ४८९

अनुसूची - ७ : सन् १९९३ मा मानवअधिकारको स्थिति बारे विभिन्न राजनैतिक पार्टीहरूको धारणा ४९५

अनुसूची - ८ : चिठीपत्र र कागजातहरू ५०३

अनुसूची - ९ : क्रिया-प्रतिक्रिया ५०९

अनुसूची - १० : वर्ष पुस्तक तयारीका क्रममा संलग्न व्यक्तिहरू ५११

अनुसूची - ११ : मानवअधिकार उल्लंघन पात्रो - १९९३ ५१३

जिल्लागत विषय-सूची

१. पूर्वाञ्चल

१.१	झापा	९७
१.२	इलाम	१०२
१.३	पाँचथर	१०९
१.४	ताप्लेजुङ्ग	११३
१.५	मोरङ्ग	११६
१.६	सुनसरी	१२१
१.७	धनकुटा	१२६
१.८	तेह्रथुम	१३०
१.९	भोजपुर	१३३
१.१०	संखुवासभा	१३७
१.११	सप्तरी	१४१
१.१२	सिराहा	१४७
१.१३	उदयपुर	१५०
१.१४	खोटाङ्ग	१५४
१.१५	ओखलढुंगा	१५७
१.१६	सोलुखुम्बु	१६०

२. मध्यमाञ्चल

२.१	धनुषा	१६५
२.२	महोत्तरी	१६९
२.३	सर्लाही	१७२
२.४	सिन्धुली	१७७
२.५	रामेछाप	१८१
२.६	दोलखा	१८४
२.७	रौतहट	१८८
२.८	बारा	१९१
२.९	पर्सा	१९३
२.१०	चितवन	१९८
२.११	मकवानपुर	२०३
२.१२	ललितपुर	२०६
२.१३	काभ्रे	२१०
२.१४	भक्तपुर	२१५
२.१५	काठमाडौं	२२०
२.१६	धादिङ्ग	२३०
२.१७	सिन्धुपाल्चोक	२३३
२.१८	नुवाकोट	२३७
२.१९	रसुवा	२४१

३. पश्चिमाञ्चल

३.१	तनहुँ	२४७
३.२	गोरखा	२५०
३.३	लमजुङ्ग	२५३
३.४	स्याङ्जा	२५६
३.५	कास्की	२५९
३.६	मनाङ्ग	२६२
३.७	नवलपरासी	२६४
३.८	रूपन्देही	२६८
३.९	पाल्पा	२७१
३.१०	कपिलवस्तु	२७४
३.११	अर्घाखाँची	२७७
३.१२	गुल्मी	२८०
३.१३	बाग्लुङ्ग	२८३
३.१४	पर्वत	२८५
३.१५	म्याग्दी	२८८
३.१६	मुस्ताङ	२९०

४. मध्यपश्चिमाञ्चल

४.१	दाङ्ग	२९५
४.२	प्युठान	२९८
४.३	रोल्पा	३०१
४.४	सल्यान	३०६
४.५	रूकुम	३०९
४.६	बाँके	३१२
४.७	बर्दिया	३१८
४.८	सुर्खेत	३२१
४.९	जाजरकोट	३२५
४.१०	दैलेख	३२७
४.११	डोल्पा	३३०
४.१२	जुम्ला	३३२
४.१३	कालिकोट	३३५
४.१४	मुगु	३३८
४.१५	हुम्ला	३४१

५. सुदूरपश्चिमाञ्चल

५.१	कैलाली	३४७
५.२	अछाम	३५२
५.३	डोटी	३५५
५.४	बाजुरा	३५८
५.५	बझाङ्ग	३६०
५.६	कञ्चनपुर	३६३
५.७	डडेलधुरा	३६६
५.८	बैतडी	३६९
५.९	दार्चुला	३७३

भूमिका

मानवअधिकार वर्ष पुस्तक १९९३ प्रकाशित गर्न हामी सफल भएका छौं। यसका लागि हामीलाई प्रेरित गर्ने सबै प्रति कृतज्ञता ज्ञापन गर्नु हामीले आफ्नो कर्तव्य ठानेका छौं। प्रकाश काफ्लेले वर्ष पुस्तकको अवधारणा दिएर हामीसित सदाका लागि विदा लिए। उनको सपनालाई यथार्थमा उतार्नु हाम्रो लागि चुनौती भएको थियो र त्यसलाई स्वीकार्दै हामीले मानवअधिकार वर्ष पुस्तक १९९२ प्रकाशित गरेका थियौं।

वर्ष पुस्तक १९९२ को प्रकाशनपछि थुप्रै स्वदेशी एवम् विदेशी मित्र र शुभेच्छुहरूबाट प्राप्त भएका सुझावहरू मध्ये केहीलाई हामीले आफ्नो मार्गदर्शकको रूपमा लिएका छौं। आजको विश्वमा मानवअधिकार शब्द नै बहुचर्चित भएको छ। चर्चाको साथै यसले व्यापकता पनि लिंदैछ। समकालीन विश्वमा नागरिक तथा राजनैतिक अधिकार, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारहरू लगायत अन्य कतिपय अधिकारहरूलाई मानवअधिकारको आधारभूत क्षेत्र भित्र समाविष्ट गरिएका छन्। यसै सन्दर्भमा ०४६ को जनआन्दोलन पश्चात हाम्रो देशमा संयुक्त अन्तरिम सरकार बन्यो। तत्कालीन सरकारले नागरिक तथा राजनैतिक अधिकार लगायत आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारका संयुक्त राष्ट्र संघीय अनुवन्धहरूमा हस्ताक्षर गर्‍यो र प्रतिवद्धता जाहेर गर्‍यो। मानवअधिकारको क्षेत्रमा यसलाई सकारात्मक योगदानका रूपमा लिनुपर्छ। त्यस्तै बाल अधिकार सम्बन्धी महासन्धिमा हस्ताक्षर गरेर सरकारले सहाहनीय काम गरेको थियो। हालै संसदको मानवअधिकार समितिले देशका जेलहरूको निरीक्षण गर्ने काम गर्‍यो। त्यसलाई पनि प्रजातन्त्र पछिको सकारात्मक कदम मान्नु पर्ने हुन्छ। त्यस्तै क्षतिपूर्ति विधेयकलाई पनि सहानीय कदम मान्नु पर्छ, यद्यपि यसमा थुप्रै सुधार गर्नु आवश्यक छ।

१९९३ मा नै संयुक्त राष्ट्र संघको आयोजनामा अष्ट्रियाको राजधानी भियनामा मानवअधिकार विश्व सम्मेलन सम्पन्न भयो। सो सम्मेलनमा नेपालको तर्फबाट प्रधानमन्त्री स्वयमले भाग लिनु भएको थियो। त्यसबाट मानवअधिकार सम्मेलनलाई नेपालले महत्व दिएको प्रतित हुन्छ। त्यस्तै भियना सम्मेलन अगाडि तयारीको क्रममा बैंककमा भएको एशिया प्रशान्त क्षेत्रीय सम्मेलनमा गृहमन्त्रीले भाग लिनुलाई पनि सकारात्मक मान्नु पर्छ। भियना सम्मेलन भन्दा ठीक अगाडि नेपाल प्रहरीले पनि मानवअधिकार सम्बन्धी गोष्ठी गरेको थियो। यद्यपि भियना सम्मेलनमा जानलागेका ख्याती प्राप्त सबै मानवअधिकारवादी संस्थाहरूले प्रहरीलाई सो गोष्ठी हतारमा वा देखावटी रूपमा मात्र नगर्न अनुरोध गर्दै भियना सम्मेलनपछि मात्र आयोजना गर्न अनुरोध गरेका थिए। तापनि प्रहरीको सो प्रयत्नलाई सकारात्मक नै मान्नु पर्छ।

मानवअधिकारको सम्वर्धन तर्फ गैरसरकारी संघ संस्थाहरूले १९९३ मा पनि आ-आफ्नो प्रयास जारी नै राखे। भियना सम्मेलनमा नेपालको गैरसरकारी टोली संगठित रूपमा पुगेको थियो। नेपालको तर्फबाट सात वटा सकृय मानवअधिकारवादी संस्थाहरूले संयुक्त प्रतिवेदन पेश गरेका थिए।

चार वर्ष अघि जनताको हितका खातिर नै प्रजातन्त्रको स्थापना भएको थियो। तर आम मानिसका आधारभूत अधिकारहरूको व्यवहारिक रूपमै प्रत्याभूति नभएसम्म प्रजातन्त्रको पूर्ण उपभोग हुन सक्दैन। त्यसैले मानवअधिकारको निर्वाध उपभोग गर्ने परिपाटी स्थापित नभएसम्म प्रजातन्त्रको जग बलियो भएको मान्न सकिंदैन। आज जनआन्दोलनका प्रमुख आन्दोलनकारी शक्तिहरू नै सरकार र प्रतिपक्षमा रहेका छन्। तर मानवअधिकारका दृष्टिकोणले दुबै पक्षले अपेक्षित उदारता देखाउन सकेका छैनन्। राजनीतिक दलहरूमै

मानवअधिकार संस्कृतिको जगेर्ना गर्ने प्रवृत्ति देखा परेको छैन। यस्तो स्थितिमा प्रशासन र अर्ध न्यायिक क्षेत्रबाट त्यस प्रकारको अपेक्षा गर्न खोज्दा कष्टकर स्थिति आई पर्नु स्वाभाविकै हो।

संविधानले त मानवअधिकारको स्पष्ट प्रत्याभूति गरेको छ। तर सर्वपक्षीय मानवअधिकार आयोग बनाइनु पर्ने प्रस्ताव माथिल्लो सदन मै रद्द हुन पुग्यो। वस्तुतः देशको मानवअधिकार स्थितिको स्थायी अनुगमन गर्ने आधिकारिक निकायको अभाव यहाँ अति खड्कदो छ। जुलुस निकाली रहेको अवस्थामा कति नागरिक मारिएका छन्। तर सरकारले कुनै पनि गोलीकाण्ड पश्चात छानवीन आयोगको गठन गरेको छैन। त्यसैले आजको नेपालमा पनि मानवअधिकारको स्थिति आशा गरे अनुरूप हुन सकेको छैन। वर्ष पुस्तकमा यसै तथ्यमा सम्बन्धित सबैको ध्यान केन्द्रीत गर्ने प्रयास गरिएको छ। हामीले परिस्थितिको तथ्यमूलक प्रस्तुति अघि सारेका छौं। सन् १९९३ को मानवअधिकार स्थितिको समग्र मूल्यांकन हामीले पचहत्तरै जिल्लाको पर्यवेक्षणका आधारमा गरेका छौं। यस पटक वर्ष पुस्तकमा मानवअधिकारको संयुक्त राष्ट्र संघीय अवधारणासंग बाभ्ने नेपालका केही कानूनी प्रावधानहरूका बारेमा पनि चर्चा गरेका छौं।

जातीय छुवाछूतको प्रथाले नेपाली जनताको स्वाभिमानपूर्वक बाँच्न पाउने अधिकारको व्यापक उल्लंघन गरेको छ। महंगी, गरिबी वा अन्य दैनन्दिन समस्या जस्तो जातीय छुवाछूतको समस्या सदृष्य छैन। वर्षौंदेखि नेपाली समाजमा विद्यमान छुवाछूत प्रथालाई कतिपय मानिस त्यति ठूलो समस्या ठान्दैनन्। हामीले चाहीं त्यही छुवाछूत प्रथालाई यस वर्ष विस्तृत रूपमा प्रस्तुत गर्ने निधो गर्‍यौं। देशव्यापी रूपमा गहन अध्ययन पश्चात हामी उक्त विषयको स्वरूप प्रस्तुत गर्न समर्थ भएका छौं। मानवअधिकार सम्बन्धी समस्याको वास्तविक स्थिति र परिमाण उजागर गरी रहने उद्देश्य अनुरूप नै यसपटक जातीय छुवाछूतको सवाललाई "यस वर्षको उल्लेख्य" का रूपमा प्रस्तुत गरिएको छ। उक्त परिच्छेद तयार गर्ने काममा चौधजना अछूत भनिने जातिका साथीहरू लाग्नु भएको थियो। तर वर्ष पुस्तकको काममा संलग्न कतिपय अछूत जातिका भनिने स्वयंसेवकहरूले दूर्गम ठाउँतिर जाँदा थर समेत परिवर्तन गर्नु परेको थियो। वहाँहरूले आफ्नो थर खोलेर जानु भएको भए थुप्रै अप्ठ्याराहरू भेल्नु पर्ने निश्चित थियो। कति मानिस वहाँहरूसंग कुराकानी गर्न पनि हिचकिचाउने थिए। यस पल्ट सिन्धुलीमा हामीले मानवअधिकार उल्लंघनको शिकार भएका युवकलाई नै तथ्य संकलनका निम्ति जिम्मा दियौं। त्यस जिल्लामा संलग्न वासु देवकोटा ०४९ फागुन २२ गते स्वयं गोलीको शिकार हुनु भएका थिया।

मानवअधिकारलाई सीमित दायराभित्र राखेर हेरिनु हुँदैन। मानवीय जीवनको क्षेत्र विशाल छ। त्यसैले मानवअधिकार पनि अति विस्तृत छ। "तथ्यांकमा नेपाल" मा यसै धारणा अनुरूप राष्ट्रिय जीवनका तथ्य-तथ्यांक र जनताका आर्थिक हित बीचको दूरी वा निकटता पत्तो लगाउन खोजिएको छ। यस वर्ष समावेश गरिएको अर्को नयाँ परिच्छेद हो - ०१७ सम्मको नेपालको मानवअधिकार आन्दोलनको इतिहास। यस कुरोमा कुनै विवाद छैन- नेपालमा आधुनिक अवधारणा सहितको विशुद्ध मानवअधिकार आन्दोलनको शुरुवात धेरैपछि मात्र भएको हो। हालसम्म प्राप्त जानकारी अनुसार ०४१ साउन १३ गते स्व. प्रकाश काफ्ले समेतको सक्रियतामा स्थापित मानवअधिकार संरक्षण मञ्चले नै पहिलो पटक नेपालमा मानवअधिकारको विश्वव्यापी घोषणा पत्रलाई आफ्नो निर्देशक सिद्धान्तको रूपमा अघि सारेको थियो। हुन त सम्बत १९९४ मै शुक्रराज शास्त्री आदिको अध्यक्षतामा नागरिक अधिकार समितिको स्थापना भएको थियो। तापनि त्यसवखत मानवअधिकारको व्यवस्थित अवधारणाको विकास नै भइसकेको थिएन। पञ्चायतको अवसान हुनु अघि मानवअधिकार आन्दोलन राजनीतिक आन्दोलनकै एउटा अंगका रूपमा रहेको थियो। त्यसैले वर्ष पुस्तकमा मानवअधिकार आन्दोलनको चर्चा गर्दा राजनीतिक अधिकारका निम्ति भएका आन्दोलनहरूको समेत सिलसिलाबद्ध रूपमा उल्लेख गरिएको छ। वास्तवमा ती सबै आन्दोलनहरू जनताको तत्कालीन चेतना अनुरूपका मानवअधिकार आन्दोलन पनि थिए।

यस वर्षको सुरूवाततिर चितवनको दासढुङ्गामा एउटा दुःखद दुर्घटना भयो। तर वर्षको अन्त्यसम्म पनि उक्त दुर्घटना रहस्यमय नै रही रह्यो। वर्ष पुस्तकमा उक्त दुर्घटनाका बारेमा पनि उल्लेख गरिएको छ। देशको प्रमुख प्रतिपक्षी दलद्वारा राजनीतिक हत्याको आशंका गरिएको उक्त दुर्घटनाका सम्बन्धमा छिनोफानो नभएसम्म चर्चा गरिनु मानवअधिकारको दृष्टिकोणले अति आवश्यक छ। फेरि सरकार स्वयंले उपरोक्त सम्बन्धमा थप छानवीन गर्ने घोषणा गरी सकेको छ।

नेपालमा प्रजातन्त्रको स्थापना गराउनमा विद्यालय शिक्षकहरूको महत्वपूर्ण स्थान रही आएको छ। तर नेपाली शिक्षकहरू आज पनि आफ्नो पेशागत मानवअधिकारका निम्ति संघर्षरत छन्। वर्ष पुस्तकले यस विषयलाई पनि विस्तृत रूपमा समेटेको छ। संयुक्त राष्ट्र संघ र अन्तराष्ट्रिय श्रम संगठनले पेशागत अधिकारहरूलाई प्रष्ट रूपमा मानवअधिकारको घेरोभित्र पारेका छन्। त्यसै सेरोफेरोमा यस पटक वर्ष पुस्तकमा "नेपालमा ट्रेड युनियन आन्दोलन र मानवअधिकार" का सम्बन्धमा पनि प्रकाश पारिएको छ।

विस्थापनको समस्या नेपालको एउटा विकराल समस्याको रूपमा रहेको छ। प्रजातन्त्रको स्थापना पश्चात पनि यस दिशामा ठोस कदम चालिएको छैन। यस पटक हामीले यस विषयलाई पनि अनुसूचीमा समेटेका छौं। सन् ९३ र मानवअधिकारसंग प्रत्यक्ष सरोकार राख्ने केही अन्य विषयहरू अन्तर्गत गत वर्ष उल्लेख गरिएकै समस्याहरूलाई पुःन उठाइएको छ। ती अनुसूचीहरूमा सन् ९३ मै केन्द्रीत हुने प्रयास गरिएको छ।

हाम्रो विचारमा मानवअधिकारलाई खण्डित पारेर हेरिनु हुँदैन। संयुक्त राष्ट्र संघबाट प्रतिपादित सबै अधिकारहरू सार्वभौम र अविभाज्य छन्। ती सबैको निर्वाध उपयोग जनताको नैसर्गिक अधिकार हो। एउटा अधिकारको मूल्यमा अर्को अधिकारलाई हेरिनु मानवअधिकारको दृष्टिमा स्वीकार्य हुँदैन। त्यसैले हामीले मानवअधिकारको व्यापक क्षेत्र समेट्ने गरी हननको अभिलेख तयार पार्ने प्रयत्न गरेका छौं। मानवअधिकारको क्षेत्रमा भएका हननहरूको समष्टिगत स्थितिको जानकारी गराउने उद्देश्यले हामीले परिच्छेद ९ समावेश गरेका छौं। यस परिच्छेदले पाठकहरूलाई मानवअधिकार उल्लंघनको स्वरूप र अवस्थाका बारेमा जानकारी दिने छ भन्ने आशा गरेका छौं। "मानवअधिकार स्थितिको समग्र मूल्यांकन" मा छोटकरीमा ९३ को नेपालको मानवअधिकार स्थितिका बारेमा उल्लेख गरिएको छ।

हामीले वर्ष पुस्तकलाई धेरै मोटो नबनाउने प्रयत्न गर्दा गर्दै पनि अलि ठूलो नै भएको छ। तर कतिपय परिच्छेद वा अनुसूचीमा विषयको ऐतिहासिक विकासक्रम र अन्य सन्दर्भ समेत केलाउनै पर्ने हुन गयो। अनि प्रत्येक जिल्लाका घटनाहरूलाई विस्तृत रूपमा पेश गरियोस् भन्ने आम मानिसको आग्रहलाई पनि हामीले बेवास्ता गर्न सकेनौं। वस्तुतः हामीले वर्ष पुस्तकलाई मानवअधिकार सम्बन्धी एउटा अभिलेख मात्रमा सीमित तुल्याएका छैनौं। बरू मानवअधिकार हननको स्वरूप र त्यसको कारणको पत्तो लगाउँदै निराकरणका लागि सबै क्षेत्रबाट अपेक्षित प्रयत्न होस् भन्ने चाहना पनि राखेका छौं।

देशका केही खास विशेषताहरूले गर्दा यहाँ मानवअधिकार हननका स्वरूपहरूमा पनि विविधता देखिएको छ। मूलतः नेपाल एउटा सामन्ती ढाँचाको बाहुल्यता रहेको विकासोन्मुख राष्ट्र भएकोले यहाँ मानवअधिकार हननमा राज्य पक्ष मात्र सधैं संलग्न रहँदैन। सामाजिक प्रचलन, धार्मिक कट्टरतावाद, जातिवाद, भू-स्वामीहरूको दबदबा, राजनैतिक संस्कारको कमी इत्यादि कारणबाट पनि मानवअधिकारको हनन भएको पाइन्छ। त्यसैले यस्तो हनन पनि कतिपय क्षेत्रमा व्यक्तिगत मात्र नभएर सामूहिक रूपमा भएको देखिन्छ। अनि खास जाति तर्फ पनि बढी लक्षित भएको पनि देखिन्छ। हामीले त्यस्ता घटनाहरूलाई पनि उल्लेख गरेका छौं।

हालै देशमा प्रजातन्त्रको स्थापना भएको भएता पनि प्रजातन्त्रकै लागि लड्ने राजनैतिक दलहरू स्वयममा प्रजातान्त्रिक चरित्र तथा सहिष्णुतामा कमी रहेको पाइन्छ। मानवअधिकारलाई प्राथमिकता साथ

महत्व दिने काम राजनैतिक दलहरूबाटै नभएसम्म स्थितिमा सुधार आउन गाह्रो पर्छ। वर्ष ९३ र मानवअधिकार स्थितिका बारेमा हामीले राष्ट्रिय मान्यता प्राप्त राजनैतिक दलहरूबाट धारणा माग गरेका थियौं। तर हाम्रो अनुरोध प्रति कतिपय दलहरूले उत्साह देखाएनन्। राष्ट्रिय प्रजातन्त्र पार्टीले वर्ष पुस्तकको लागि आफ्नो धारणा यस पटक पनि उपलब्ध गराएन।

जबसम्म देशका सुदूर इलाकाहरू समेतमा भएका मानवअधिकार हननका बारेमा आम जनसमुदायदेखि सरकारसम्मलाई सचेत पार्न सकिदैन तबसम्म देशमा मानवअधिकारको हननमा कमी नआउने स्पष्ट छ। हामीले सबै खाले हननका घटनाहरूलाई प्रलेख गर्ने प्रयत्न गरेका छौं। कुनै पनि घटनालाई निरपेक्ष वा आकस्मिक मात्र मानेर हेरिनु हुँदैन। घटना घट्नुका पछाडि ठोस कारक तत्वहरू हुन्छन्। त्यस्ता कारक तत्वका बारेमा जानकारी प्राप्त भएपछि मात्र रोकथामको उपाय पत्तो लाग्न सक्छ। यसै दृष्टिकोणले वर्ष पुस्तकमा आत्महत्याका घटनाहरू पनि उल्लेख गरिएका हुन्।

वर्ष पुस्तक ९३ को प्रकाशन धेरै व्यक्तिहरूको सामुहिक प्रयत्न हो। प्रत्यक्ष पनि यस काममा १ सय भन्दा बढी व्यक्तिहरू संलग्न हुनु हुन्थ्यो। वहाँहरू सबैको नाम हामीले अनुसूची १० मा उल्लेख गरेका छौं। वहाँहरू सबै प्रति आभार व्यक्त गर्नुलाई म आफ्नो कर्तव्य ठान्दछु। त्यस्तै अप्रत्यक्ष रूपमा सयौं व्यक्तिको सत्प्रयासले पनि यो पुस्तकको प्रकाशनलाई योगदान पुऱ्याएको छ। हामीलाई श्री ५ को सरकार गृह मन्त्रालय, जिल्ला कार्यालय, प्रहरी लगायत अदालतहरूबाट पनि सहयोग प्राप्त भयो। त्यसको निम्त सम्बन्धित सबै समक्ष आभार व्यक्त गर्न चाहन्छु।

वर्ष पुस्तक यस रूपमा प्रकाशित हुन सक्नुमा थुप्रै थुप्रै साथीहरूको महत्वपूर्ण भूमिका रहेको छ। इन्सेकका साथीहरूले दिनरातको मेहनत नगर्नु भएको भए यो प्रयास पक्कै सफल हुने थिएन। परिच्छेद र अनुसूचीहरूका निम्ति सम्बन्धित विषयका ज्ञाताहरूले गर्नु भएको योगदान पनि सह्राहनीय छ। कतिपय विद्वानका लेखनीलाई हामीले जस्ताको त्यस्तै प्रयोग गर्न सकेनौं। तर ती लेखौटहरूले असल सन्दर्भ सामग्रीको काम भने अवश्य गरे। त्यस्तै हाम्रा सल्लाहकारद्वय हृषीकेश शाह र वासुदेव ढुङ्गानाले बेला बेला दिनु भएका सुझावहरूले पनि हामीलाई उचित मार्गदर्शन गरेका छन्। म वर्ष पुस्तक ९३ को प्रकाशनको यस शुभ अवसरमा सम्वन्धित सबै-सबैमा हार्दिक धन्यवाद टक्र्याउन चाहन्छु।

धन्यवाद।

०५० चैत २७ गते

सुशील प्याकुरेल
संयोजक

परिच्छेद

परिच्छेद १

नेपालमा मानवअधिकार आन्दोलन

*(मानवअधिकारको आन्दोलनको ऐतिहासिक पृष्ठभूमि र त्यसमा संलग्न व्यक्तिहरूको परिचय समेत विस्तृतमा प्रस्तुत गर्नका लागि हामीलाई थुप्रै आग्रह प्राप्त भए। मानवअधिकारको विश्वव्यापी घोषणा-पत्र १९४८ डिसेम्बर १० मा मात्र जारी भएको हो। तर विश्वभरीका मान्छेले विभिन्न विषय र सन्दर्भमा आफ्ना नैसर्गिक हक अधिकार प्राप्तीका लागि गरेका संघर्षको निचोड नै हो त्यो घोषणा-पत्र। यसरी विश्वका विभिन्न कुनामा विभिन्न सन्दर्भमा भएका प्रयासकै एक अंगका रूपमा नेपालमा पनि प्रशस्त प्रयासहरू भए। तिनको समग्र र सान्दर्भिक प्रस्तुती गर्न सम्भव भएन। तथापि सम्भव भएसम्म २०१७ सम्मका घटनाहरू यस परिच्छेदमा प्रस्तुत गरेका छौं। प्रजातन्त्रको अन्त्य र पञ्चायतको सुरूआतदेखि यताका घटनाहरू आगामी अंकमा प्रस्तुत गर्नें छौं। - **मानवअधिकार वर्ष पुस्तक समिति**)*

हजारौं वर्षको मानव इतिहास शोषणका विरूद्ध मुक्ति, पक्षपातका विरूद्ध न्याय, असमानताका विरूद्ध समानताको लडाईंको इतिहास पनि हो। मानिसले आफ्नो बाँचने अधिकारसंग कहिल्यै संभौता गर्न सक्दैन। बाँच्न पाउनु मानिसको नैसर्गिक अधिकार हो। बाँच्नको लागि खान, लाउन, बास पाउनु, मनको कुरा निर्वाध रूपमा व्यक्त गर्न पाउनु, लेखपढ ज्ञान आर्जन र आस्था अनुसारको धर्म ग्रहण गर्न पाउनु आदि मानिसका खोस्नै नसकिने अधिकारहरू हुन्। मानिस स्वभावैले स्वतन्त्र हुन्छ। पराधिनता वा दासताको जर्ज्जर जतिसुकै बलियो किन नठानियोस् - मानव मुक्तिका कठोर प्रयत्न र सशक्त जनबलका सामु टुक्रा-टुक्रा नभई सुखै छैन। मानव मुक्ति-संग्रामको अविचलित यात्रा रोकिंदैन, हार्दैन।

आधुनिक नेपालको स्थापना भएपछि केन्द्रीकृत सामन्ती राज्यको बलियो जग बस्न पुग्यो। भुइँ टाकुरे - जनकविला नायकका रूपमा मुखिया, सुब्बा, मिझार, माझी, थकाली आदिको नेतृत्वमा स्थापित कविलातन्त्र भौगोलिक स्थिति, जन कबिला बीच परस्पर अन्तर्क्रिया, उत्पादन वितरण प्रणाली, आपसी घृणा र अविश्वास आदि कतिपय कारणले नेपालमा सामन्ती राज्यको जग बसाल्न महत्वपूर्ण भूमिका निभायो। गोरखाका राजाको छनौट गर्न आयोजित दौडमा आक्रमण गरी द्रव्य शाह आफै राजा भए। बिर्ताको रूपमा यक्ष मल्लका सन्तानहरूको देशलाई आपसमा अंशबण्डा गर्ने कचिङ्गलबाट उपत्यका त्यसै आक्रान्त थियो। यस्तो स्थितिमा गोरखामा गोरखाली सामन्त नायक राजा पृथ्वीनारायण शाहबाट राज्य विस्तार अभियान निर्णायक रूपमा अघि बढाइयो। आफ्नो महत्वाकांक्षा पूरा हुन नपाउँदै दिवंगत भएका पृथ्वीनारायण शाहले राज्य विस्तारको बाँकी काम आफ्ना उत्तराधिकारीलाई छाडेर गएपछि यस कामलाई तीव्रतर गतिमा अघि बढाइए पनि देशमा द्वन्दको स्थिति पनि संगसंगै अघि बढ्दै गयो। सामन्त कुलीन वर्गको उदय, राज्य सत्तामा तिनीहरूको पकडको लागि संघर्ष र द्वन्दका साथै एकले अर्कोलाई शक्तिबाट लछारपछार गर्ने दुष्प्रवृत्तिको पुनरावृत्ति कै वृत्तकेन्द्रमा वि.सं. १९०३ को कुख्यात कोतपर्व पनि घट्यो।

सामन्ती स्वार्थ र विदेशी शक्तिको षडयन्त्रको सेरोफेरो समेतमा कोतपर्वको घटना घट्न गएको हो। यसमा कतिपय देशभक्त भारदारको नरसंहार भएपछि जङ्गबहादुर कुँवर सार्वजनिक सशक्त सामन्त नायकका रूपमा उदाए। जङ्गबहादुर नेपालका सर्वाधिकार सम्पन्न प्रधानमन्त्री मात्र बनेनन् वंशाणुगत राजतन्त्रभित्र अर्को जहाँनिया राणातन्त्रको अनौठो परम्परा पनि प्रारम्भ भयो। कास्की र लमजुङ्गका श्री ३ महाराज बनेका जङ्गबहादुरले यो खान्गीलाई आफ्ना सन्तान दरसन्तानका लागि पनि सुरक्षित तुल्याए।

राणाशासनको सुरूआतसंगै प्रजातन्त्र र मानवअधिकार आन्दोलनको पनि सूत्रपात

केवल षडयन्त्र र रक्तपातकै भरमा जवर्जस्ती हत्याएको शक्ति प्रकारान्तरमा त्यस्तै किसिमले गुम्न पनि कुनै आइतबार लाग्दैन भन्ने राम्रो ज्ञान जङ्गबहादुर राणालाई थियो। भाइ बद्री नरसिंह र राजकुमार उपेन्द्र विक्रमको गुप्त योजना असफल भए पनि जङ्गबहादुर स्वयं निश्चिन्त बन्न सकेनन्। वि.सं. १९१४ जेठमा गुरूङ्ग पल्टनका सेनाबाट उनलाई सिध्याउने योजनाको पोल खुलेर गुरूङ्ग पल्टनकै सिपाहीद्वारा यसका सूत्राधार मानिने जमदारलाई टुँडिखेलमा टुक्रा-टुक्रा पारिएपछि अब जङ्गबहादुर पारिवारिक षडयन्त्रबाट मात्र होइन सेना भित्रैबाट पनि घातक हमला हुनसक्ने आशंकाले पीडित भए।

नेपालको राजनीतिमा कुँवर खलकको बढ्दो संलग्नता र हस्तक्षेपसंगै सामाजिक मर्यादा र स्तरवृद्धिको लालमोहर वि.सं. १९०५ मा राजा सुरेन्द्रबाट हात पारेपछि जङ्गबहादुर स्वयं चितौडका राणा वंशज बन्न पुगे। ठकुरी शाह खानदानसंग विहावारी चल्ने राणाजीहरूको सामाजिक मर्यादा वृद्धिले कुलीन शासक खानदानसंगको लामो संसर्ग र

संलग्नता देखाउन सजिलो भयो। यति मात्र नभै वि.सं. १९०७ फागुनमा राजा सुरेन्द्रबाट मिनिष्टरका भाइ-छोराहरूलाई अर्थात राणा खलकलाई गरीबपरवर, हजूर, मर्जी भन्नु भन्ने शाही हुकुम समेत प्राप्त भयो। सामन्ती चरित्र र संस्कृतिका प्रखर अभिव्यक्ति मानिने यी क्रियाकलापले गुरू-पुरोहित र प्रशासन संयन्त्रको श्वासश्वास जिम्मेवारी र पदमा पनि वंशानुगत अधिकार हुने परम्परा बस्न गयो। मुलुक फेरि अभिजात्य कुलीन परिवारको बिर्तामा दह्रियो। र त्यसका बासिन्दाले रैतीभन्दा माथि उठ्न नपाउने भए। देशको खास मालिक जनतामाथि मौजाका जमिन्दारी सामन्तका हैकम, बेठबेगार लादेर चरम शोषण निर्बाध रूपमा गर्ने क्रम जारी रह्यो।

सामाजिक विकासका क्रममा विभिन्न वर्ग-स्वार्थ समूह र स्तरमा द्वन्द संघर्ष र अन्तरविरोध निरन्तर चलिरहने समाज विकासको नियमबाट भने यो मध्ययुगीन राणाकालीन नेपाली समाज पृथक रहन सकेन। फ्रेन्च क्रान्ति वा कम्युनिष्ट घोषणापत्रलाई अनुवाद गर्ने क्रममा संगठित प्रयास थालिए पनि शासक वर्गको अत्याचारको पीडा र निरंकुशता विरूद्धको प्रतिरोधी संघर्ष धार्मिक-सामाजिक पृष्ठभूमिमा प्रत्यक्ष-अप्रत्यक्ष तौर-तरिका र बिम्ब प्रतीकका आ-आफ्नै शैलीमा मुखरीत हुने गरेका जीवन्त घटना नेपालको इतिहासमा थुप्रै छन्।

जोशमनी मत र राणा शासनको जनविरोध

हुन त जोशमनी मतका सन्त ज्ञान दिलदासका प्रखर अनुयायी लखन थापाले जङ्गबहादुरको जगजगी चलिरहेकै बेला एउटा संगीन स्थितिको मुकाविला गर्न आफूलाई उभ्याए पनि सामाजिक सुधारका क्रममा धेरै अघि सन्त शशिधरले पाइला चालिसकेका हुन्। वि.सं. १८०४ मा त्रिशुलीको प्रसुतपुरी गाउँमा जन्मिएका शशिधर १२ वर्षको वाल्य अवस्था मै स्थानीय वृद्ध-पाका तीर्थ यात्रीका साथ उडिसा जगन्नाथपुरी पुगे र १ वर्ष विभिन्न धार्मिक ग्रन्थको अध्ययनमा विताएपछि स्वदेश फर्किएर समाजसेवीका रूपमा गाउँ-गाउँ घुमी जातिप्रथा र कर्मकाण्डका पाखण्डी प्रचलन उन्मूलन गर्न कम्मर कसेर लाग्ने संकल्प गरे। काठमाडौंमा विष्णुमती किनार र शिवपुरीमा बसी आफ्नो मत प्रचारमा ५ वर्ष बिताएपछि उनी गुल्मीको रेसुङ्गातिर लागे र उतै उनको मत प्रचारको गतिविधि केन्द्रित रह्यो। धोकलसिंह बस्नेत र अरू उच्च भारदारहरूलाई समेत आफ्नो मतमा दीक्षित बनाउन सफल भएको र राजखलकबाटै समर्थन प्राप्त गर्न सक्नुले उनले वर्ण व्यवस्थाका कट्टर हिमायती हिन्दू-पण्डितहरूको कोपभाजन बन्नु परेन।

रामानुज सम्प्रदाय अन्तर्गत २६ मत मध्ये एक मानिएको जोशमनि मतका गुरु सन्त ज्ञान दिलदासको अनुयायी सहकर्मी लखन थापाले मनकामना माईको आडमा बसेर जङ्गबहादुर राणाको विरोध शुरू गरे। गोरखा बुङकोट काउने भाङ्ग्रे निवासी पूर्वसैनिक पेशाका लखन थापालाई जागिरको क्रममा भोगेका एकाधिकार पक्षपात, थिचो मिचो र निरंकुश सामन्ती राजको पीडाले सम्भवतः निकै पिल्स्याउन पुग्यो। त्यतिखेरको सामाजिक विभेद र विषमताका सन्दर्भमा समेत उनलाई आहत बनाउने त्यस्ता धेरै दृष्टान्तहरू पक्कै उनले भेल्नु पर्‍यो। ज्यानको उत्सर्ग गर्नु पर्ने एउटा खतरनाक स्थितिलाई उनले स्वीकार गरे र मनकामनाले उनलाई जङ्गबहादुर हटाउने शक्ति प्रदान गरेको घोषणा गरे। बाटोघाटो, यातायात र संचारको विकट स्थितिका बावजुद पनि यस संवेदनशील घटनाको बृतान्त जङ्गबहादुर समक्ष ढिलो-चाँडो पुगिछाड्यो। गोरखाका लखन थापा र रूम्जाटारका सन्त ज्ञानदिलदास दुवैलाई पक्राउ गरियो र हातहतियार समेत बरामद गरियो। लखन थापासँगै अज सिंह र अच्छामी मगर सहित उनका अनुयायी ७ जनालाई भुण्डाइयो। कानू लम्साल सहितका ब्राम्हण मृत्युदण्डबाट बच्न सके। सन्त ज्ञानदिल दासलाई भने ६ महिनाको कारावास पछि मुक्त गरियो। रणोद्दिप सिंहलाई समेत जातिप्रथाको कट्टर विरोधी आफ्नो मतमा दिक्षित बनाउन सफल भए पनि सामाजिक सुधारका पक्षमा क्रियाशील उनका ३०० अनुयायी राणा शासनको निगरानीबाट बच्न सकेनन् र सन्त ज्ञानदिलदास पछि छद्मभेषमा दार्जिलिङ्गतिर पलायन हुन बाध्य हुनु पर्‍यो। धार्मिक सुधार र सामाजिक सद्भावको विकास र राणाशासन विरूद्ध समेत जनमत तयार गर्न तम्सेको यो असंगठित जमात त्यसै छिन्नभिन्न भयो।

सन्त ज्ञानदिलदास कर्मठ समाजवादी कवि पनि थिए। ई.सं. १९३४ मा उनले १०९ श्लोकको "उदयलहरी" लेखेका थिए। उदयलहरीमा घुसखोरीलाई प्रहार गरी लेखिएको छ -

> "निन्दा गर्‍यो भनौला निन्दा कैले हुन्थ्यो।
> सत्तेवादी ब्रम्हलाई पापले किन छुन्थ्यो।।"
> "अदन बज्यो धनीको फिर्‍यो जग जाहाँ।
> घुस्याहा विचारी निसाप हेर्छ काँहा।।"

बौद्ध बादशाह र गुरूङ विद्रोह

लखन थापाको विद्रोहलाई दमन गर्न पाउँदा नपाउँदै राणाशासन विरूद्ध लमजुङमा गुरूङहरूको विद्रोह भड्किन पुग्यो। आफूलाई नै सरकार र बौद्ध बादशाह घोषित गरी राणा शासनको विरोध गर्दै हिंडेका शुकदेव गुरूङलाई तुरून्तै पक्राउ गरियो। राजकाज मुद्दा चलाई जेल लगिएका उनको निर्मम यातनाका कारण १९३२ चैतमा जेलमै मृत्यु भयो। यसै क्रममा आफूलाई बौद्ध बादशाह घोषित गर्ने गोरखाका अर्का सुपनि गुरूङलाई श्री ३ रणोद्दिप सिंहका हुकुमले पक्राउ गर्न खोजिए पनि उनलाई समात्न सम्भव भएन। दुई-दुई पटक राणा शासनको विरोधमा उठेको गुरूङ विद्रोह यसै सेलाएर गयो। यी आन्दोलनहरू जनजातिका आफ्ना खोसिएका कविलातन्त्रको प्रतिक्रिया स्वरूप स्वतःस्फूर्त रूपमा उठेका कारण संगठित राज्यबलका अगाडि टिक्नै सकेनन्। असंगठित यस्ता विद्रोह र आन्दोलनहरू सफल नभएर कुल्चिएका उदाहरणहरू विश्व इतिहासमा झैं नेपालको इतिहासमा पनि थुप्रै पाउन कठिन पर्दैन।

भारदारी द्वन्द र षडयन्त्रको सिलसिला

राष्ट्रिय अन्तरराष्ट्रिय परिस्थितिसँग जनतालाई सुपरिचत हुन नदिने र राष्ट्रिय राजकीय मामलामा केही सीमित परिवारको एकाधिकार रहेको भएपनि सत्तासिन वर्ग र गुटबीचमै मारकाट र हानाहानको स्थिति निरन्तर रूपमा विद्यमान रह्यो। यस क्रममा युवराज त्रैलोक्यको पहल र अग्रसरतामा जङ्गबहादुरका सन्तान, कोतपर्वमा मारिएका भारदारका सन्तान सम्बन्धीहरूबाट रणोद्दिप सिंहको विरूद्ध षडयन्त्र शुरू भएपनि त्रैलोक्यको असामयिक निधनका कारण यो योजना अघि बढ्न सकेन। राजकुमार नरेन्द्र विक्रम शाहको नेतृत्वमा पछि सक्रिय भएको यही गुट आन्तरिक मतभेदका कारण धीर शमसेरमा कुरा पुगी पर्दाफास भएकोले ३८ सालको पर्व भनेर इतिहासमा अंकित यस घटनाका सूत्रधार र संलग्न सवैलाई निर्ममतापूर्वक दमन गरियो। यसै भारदारी अन्तरघात र षडयन्त्रको सिलसिला १९४२ सालमा रणोद्दिप सिंहको हत्या, देवशमसेरको पदच्यूति र निर्वासन, जुद्ध शमसेर र पद्म शमसेरको पलायन, राणापरिवारहरूको ए बी सी क्लासमा विभाजन आदि परिघटना हुँदै सात सालसम्म निरन्तर रूपमा चलिरह्यो। यी शासकहरूका वीचको अन्तरविरोध कुनै प्रजातन्त्र र जनअधिकारका लागि देखिएका राजनीतिक आन्दोलन थिएनन् तथापि नेपाली समाजको आँखा उघार्नमा राणाशासनलाई हेर्ने र मूल्यांकन गर्ने चेतना र दृष्टिकोण निर्माणमा समेत महत्वपूर्णभूमिका रहन गएको कुरा राणाशासनबाट अपहेलित, प्रताडित र निष्कासित कतिपयको राणाशासन उखेल्नमा अहंभूमिका रहेको तथ्यलाई नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहासले नजरअन्दाज गर्न सक्तैन।

१९१० को मुलुकी ऐन र न्यायिक सुधारका केही महत्वपूर्ण सन्दर्भहरू

यो ऐनले छरिएर रहेका सदन, सवाल, हुकुम, आदेश, रीत, परम्परा र नजिरलाई एकीकृत रूपमा समेटिएको दिशामा, न्याय प्रशासनलाई एकरूपता र व्यवस्थित गर्नमा महत्वपूर्ण योगदान दियो। यसैक्रममा मुलुकी ऐनको "नियाहालाउन्याको खण्ड अनुसार ऐन नाघी धोक्रामा हालि पानीमा डुवाइ नियाहाल्ने" प्रचलनबाट गर्नुपर्ने र पानीमा डुबाउँदा मऱ्यो भने जुन अधिकारको मुद्दा हेर्दा यसप्रकारको काम भएको हो उसैलाई त्यही धोक्रामा हालेर डुबाइदिने व्यवस्था गरिएकोले न्यायका नाउँमा प्रचलनमा रहेको अमानवीय व्यवहारलाई रोक्न खोजेको प्रष्ट हुन्छ। यसैगरी धर्माधिकारको महल धारामा गरिएको दण्ड सजायका नाउँमा अङ्गभङ्ग गर्ने कुरालाई पनि रोक लगाएको छ। यसैक्रममा ब्राम्हण, राजपूत, जैसी, क्षेत्री, तागाधारी जात, नमासिन्या मतवाली, मासिन्या मतवाली जात, युरोपियन जात, मुसलमान, छोइछिटो हाल्नु पर्ने र नपर्ने सबैले.गोवध बाहेक आ-आफ्ना धर्म मान्ने छुट दिइएको तर अरूको धर्ममा खलल गर्नेलाई दण्ड जरिवानाको व्यवस्था गरिएको छ। यसलाई तात्कालीन परिस्थितिमा धर्मप्रति निकै उदार र सहिष्णु नीति लिएको स्पष्ट हुन्छ। राजकाजमा बाहेक व्यक्तिगत काममा कसैले पनि झारा-खेताला लिन नपाउने भनी कानूनी प्रतिवन्ध लगाएको छ। मुलुकी ऐनले "उँधोमा सुगुरको नरक र उँभोमा हिरा-मोतीसम्म बन्द-व्यापार गर्न हुन्छ, जात जाँदैन" भनी व्यवसाय गरेर खान कानूनी रूपमा समेत बाटो खोलिदियो।

यो भन्दा पनि अझ महत्वपूर्ण कुरा के छ भने उपाध्याय, जैसी, राजपुत तीन शहरका नेवार र लोग्ने मान्छे वा आइमाई सबैले गोरू, राँगा र घोडा नारी हलो जोत्न खत नलाग्ने र समाजमा कसैले भात काढे भने काढ्नेलाई नै दण्ड सजाय हुने व्यवस्था कानूनले गरी जातिगत रूपमा कथित उपल्लो भनिने जातले हलो जोत्न नहुने सामाजिक मान्यतालाई बदल्न खोजिएको छ। त्यसैगरी पाइन हाल्ने, जुत्ता कपडा सिउने, खानी खन्ने, सुनधुने अवालमा आगो लगाउने चार वर्ण छत्तिस जात सवैले गर्न हुन्छ भन्ने महत्वपूर्ण व्यवस्था गरिएको छ। परम्परावादी - वर्णवादी हिन्दू समाजमा यी पेशागत कामलाई फुकुवा गर्नु निश्चय नै कम महत्वपूर्ण मान्न सकिँदैन। सामाजिक प्रथाका रूपमा व्यापक प्रचलनमा रहेको सती प्रथा नियन्त्रण गर्न १६ वर्ष मुनिकालाई सती जान नदिने, कान्छो छोरा १६ वर्ष नपुगेको भए र छोरी ५ वर्ष नपुगेको भए पनि सती जान नपाउने व्यवस्था मुलुकी ऐनले गरेकोले राजाका रानीहरू मर्दा उमराव, भारदार रैती गैह्रका स्वास्नीहरू मर्दा चाकर, केटी, कमारा सती जान नपाउने। बालक गर्भमा हुँदा लोग्ने मरेकोमा बालक जन्मिसके पछि सती जान्छु भन्नेलाई जान नदिने, गर्भिणी स्वास्नी, मानिसको गर्भ एकै महिनाको भए पनि जान नपाउने, छोराको साथ सती जाने, १६ वर्ष माथिकोलाई पनि सति जान हुन्न भनेर संझाउने, सोलामा चढी आगो लागिसकेपछि भाग्नेलाई लाठा-ढुङ्गाले हानी, जबरजस्ती पोल्न नपाइने, आगो नदिइ भाग्नेलाई जवरजस्ती लाठी-मुंग्रा गरी समाई पोल्नेलाई अंश सर्वस्व गर्ने सम्मको कडा सजायको व्यवस्था गरिएको छ। सती जान सोलामा चढी सकेपछि डरलाग्यो नपोल भनी भाग्नेलाई र लागु खुवाई, फकाई फुल्याई सती जान्छु भन्न लगाई पोल्न नहुने आदि व्यवस्थाबाट सती प्रथाका वारे ऐनले निकै कडा नियन्त्रण गर्न खोजेको प्रष्ट हुन्छ। सती प्रथालाई दुरूत्साहन गर्न पछि वीर शमसेरले प्रधानमन्त्री वा उनको अनुपस्थितिमा उनका न्यायिक वा कानून अधिकारीको स्वीकृति लिन पर्ने गरियो। तथापि बाटो-घाटो आवतजावत, संचार र सम्पर्कको हिसावले अत्यन्तै कठीन र विकट भौगोलिक अवस्थिति भएको नेपालमा न सती पठाउन प्रधानमन्त्रीको स्वीकृति लिन सम्भव भयो न यसलाई रोक्न सकियो। तसर्थ वीर शमशेरको घोषणा केवल काठमाडौं उपत्यका बाहेक मुलुकको अन्य भागका लागि व्यवहारिक हुन सम्भव नै भएन। अन्त्यमा नेपाली समाजको कलंकका रूपमा विद्यमान सती प्रथा वि.सं. १९७७ असार २५ गते प्रधानमन्त्री चन्द्र शमसेरले एक घोषणा जारि गरी प्रतिवन्ध लगाए। बलजफ्ती सती पठाउनेलाई ज्यानमारा सरह सजाय गर्ने नियम बनाएर कडाइका साथ कानूनको पालना गरिएकोले सती प्रथा नेपाली समाजबाट सदाको लागि

हट्न सक्यो।

साहुको ऋण तिर्न नसकी निश्चित समयसम्म बाँधा बसी ऋण कट्टा गराउने, दास दासी वा कमारा कमारीका छोरा छोरी स्वतः त्यसै घरमा दास दासीका रूपमा जीवन बिताउनु पर्ने र मालिकबाट इच्छा अनुसार बिक्री पनि हुन सक्ने भएकाले ती निरीह मानिस पशुभन्दा फरक हुने थिएनन्। माथिल्लो जातकी कन्यालाई करणी गर्ने "तल्लो जातको" व्यक्तिलाई दण्ड स्वरूप दास बनाइने कानून थियो। सरकारी कर, मालपोत आदि कुनै बक्यौता तिर्न नसक्नेहरूलाई पनि दास बनाइन्थ्यो। त्यसैगरी राजकाज अपराधमा दण्डित व्यक्तिलाई पनि जङ्गबहादुर भन्दा अगाडि दास बनाइन्थ्यो।

बि.सं. १९१० मुलुकी ऐनले दास प्रथाउपर प्रतिवन्ध लगाउने कुनै कानूनी प्रावधान राखेन, कमारा कमारीको उमेर अनुसार मूल्य तोक्ने र ११ वर्ष मुनिका बालकलाई बेच्न नपाइने मात्र कानूनी व्यवस्था गऱ्यो। गाई गोरूसंग करियाहरूलाई साटफेर गर्ने प्रथालाई कानूनी प्रतिवन्ध लाग्यो। देवशमसेरको समयमा यो दास प्रथामा केही सुधार ल्याउने योजना बने पनि सफल हुन सकेन। १९७७ सालमा अधिराज्यको जनसंख्या लिदा करियाहरूको पनि लगत लिइने व्यवस्था भयो। त्यसै साल कानून बन्यो जस अनुसार ३ वर्ष बसिसकेका कमारा कमारीले मोल तिरेको खण्डमा अमलेख हुन पाइने भयो। दश वर्ष बिताइसकेकाले भने त्यसै अमलेख हुन पाउने व्यवस्था गरियो। यसै क्रममा १९८२ वैशाख १ गतेदेखि नेपाल अधिराज्यभर कुनै पनि व्यक्तिलाई दासदासी मानिने छैन र कसैलाई दासदासी बनाउन पाइने छैन भन्ने कानूनी व्यवस्था भयो। यसबाट ५९८७३ जना दासदासी अमलेख भए। दास प्रथाको एउटा बर्बर युग कानूनी रूपमा अन्त भयो।

हुनत १९१० को मुलुकी ऐन र त्यसपछिका राणाकालीन कानूनहरूले दास प्रथा र सती प्रथा माथि कानूनी प्रतिबन्ध र अन्य केही कानूनी सुधार गर्ने खोजेको देखिए पनि हिन्दू वर्ण व्यवस्थामा आधारित सामाजिक संरचनालाई भत्काउने त परै जावस सामान्य सुधार गर्ने कामसम्म भएको देखिंदैन। अंश सर्वस्व गरी सुंगुरको मासु खुवाई जात पतित गरी नमासिने शूद्र जातमा मिलाउने र नमासिने शूद्रजातलाई भने कुकुरको मासु खुवाई जात पतित गरी भोट्या जातमा मिलाउने कानूनी बन्दोवस्त यथावत नै रह्यो। समाजमा विद्यमान अमानवीय क्रूर सामाजिक परम्परालाई तोड्नेतर्फ किन्चित मात्र पनि सोचिएन। मुड्ने, खोप्ने, दामल गर्ने जातपतित गर्ने, अभक्ष खुवाउने, पतिया वा प्रायश्चित गराउने, गाउँ, शहर निकाला जस्ता दण्ड विधान २०२० सालसम्म कायमै रह्यो। जङ्गबहादुर आफू लालमोहर मार्फत झर्रो क्षत्री बने, खसलाई क्षेत्री बनाई बराबर दर्जा दिए, तागाधारी खस जातिलाई क्षेत्री भन्ने इलकाम (उपाधी) दिए। आफ्ना भोगविलास, ऐश आरामका लागि अनुकूल हुने "मैया" नानी, मित्रेनी, रखेल राख्ने, केटी कन्याका माइती परिवारलाई उपल्लो जातमा उकाल्ने र आफ्नो अनुकूल नभए जातपतित गर्ने, सामाजिक मर्यादा गिराउने जस्ता काममा वैधानिक तवरले कुनै छेकवार लगाउनेतिर सोचेकोसम्म देखिंदैन। छोइछिटो हाल्नु नपर्ने छुत अछूत जस्ता हिन्दू वर्णवादी अमानवीय परम्पराले १९१० साल पछि झन कानूनी मान्यता पायो। जात लिने र जात बढाउने अधिकार शासक वर्गको हुकुम र इच्छामा निर्भर रहने स्थिति फेरिएन। ब्राम्हण, क्षेत्री, राजपुतको छोराछोरीलाई कमारा कमारी बनाउन नपाउने जङ्गबहादुरको ऐनले जातिवादी व्यवस्थालाई मजवूत नै बनायो। जातीय उचनीच र भेदभावलाई कानूनी आधार प्रदान गरी राणाकालीन समाज कट्टर हिन्दू वर्ण एक जातिवादी परम्परा टिकाइराख्ने प्रयास भएको स्पष्ट हुन्छ।

वाणीलाई कैद गर्नेहरूका विरूद्धको आन्दोलन

नेपालमा आधुनिक शिक्षाको शुरूवातको इतिहास लामो छैन। र त्यसमा पनि पश्चिमी शिक्षाको पाठ्यक्रम जनताको आँखाले देख्न पाएको इतिहास पाँच दशक जति मात्रै होला। हुन त दरवार स्कूल खुलेको लगभग डेढसय वर्ष र त्रिचन्द्र कलेज स्थापना भएको पौने शताब्दी बिते पनि शिक्षा केवल भारदार, हुनेखाने, टाठाबाठा, अभिजात्य वर्गका लागि मात्रै रह्यो। शिक्षाको नाउँमा सिकाइने स्वामीभक्ति रूढीवादी व्यवहार चलन यथास्थिति र अवैज्ञानिक दृष्टिकोण निर्माण गर्ने पढाइ सिकाइ भने निकै अघि देखि चल्दै आयो। शिक्षा केवल भारदार र चाकरीवाजहरूकै पारिवारिक सीमाभित्र मात्र केन्द्रित रह्यो। देवसमशेरको समयमा केही भाषा पाठशाला स्थापना गर्ने प्रयत्नहरू भए। पारिवारिक द्वन्दले पाठशाला खोल्दै जाने उनको योजना त्यसै नासिएर गयो। बि.सं. १९७५ मा त्रिचन्द्र कलेज स्थापना भयो। जङ्गबहादुरको समयमा भेडा, वीरशमसेरका समयमा साँढे र आफ्नो समयमा सिंहसंग जनताको तुलना गर्ने चन्द्रसमशेरले कलेज उद्घाटन गरेपछि आफ्नो खुट्टामा आफैले बञ्चरो हानेको खिन्नता व्यक्त गरे भन्ने किवदन्ती आमरूपमा अहिले पनि प्रचलित छ। भारतमा शिक्षा आर्जन गर्न जानेहरू स्वराजका लागि लड्रिरहेका भारतीयहरूको संसर्गबाट नेपालमा प्रजातन्त्रको मशाल बोकेर आउलान् भन्ने राणाशासक वर्ग त्यतिखेर त्यसै अतंकित थियो। त्यसैले सीमित शैक्षिक प्रयोजनका लागि त्रिचन्द्र कलेज खुल्यो। त्रिचन्द्र कलेजमा पढ्नेहरूले नागरिकशास्त्र २००७ सालसम्म पढ्न पाएनन्। र नेपालको अर्थव्यवस्था, इतिहास संस्कृतिको सट्टा बेलायती भारतको इतिहास र अर्थव्यवस्था पाठ्यक्रममा समावेश थियो। जनस्तरमा शिक्षण प्रशिक्षण साह्रै कम मात्र पुगोस् भन्ने अभिप्रायले शैक्षिक प्रशासन रोलवाला राणाकै मातहतमा राखेर खुलेका शैक्षिक संस्थाको गतिविधि निगरानी र नियन्त्रण राख्ने दोहरो नीति लिइयो।

बेलायतको गुलामीका विरोधमा स्वराज आन्दोलनको अग्रणी नेतृत्व दिइरहेका भारतीय नेता गान्धीको प्रभाव र आदर्शबाट प्रेरित भै नेपालमा १९९३ मा खुलेको महावीर स्कूलले एउटा आतंक र काण्ड नै सिर्जना गऱ्यो। फत्तेबहादुर, चिनियाँमान, रामेश्वर र आनन्दमानका प्रयासबाट जनस्तरमा

स्थापित यस शिक्षण संस्थालाई ज्ञानको दीप बाल्ने अग्रणी नमूना संस्थाको रूपमा दर्ता गर्ने उत्साही युवा शिक्षाप्रेमीहरूको उत्कट इच्छा पूरा हुने मात्र होइन अघि बढ्नै पाएन। पूर्णबहादुर, टंक विलास, गंगालाल, वाकपतिराज, इन्द्रप्रसाद प्रधान, सिद्धिचरण श्रेष्ठ, सूर्यबहादुर भारद्वाज आदि शिक्षकबाट १९९४ देखि पठनपाठन शुरू भएको महावीर स्कूलका २८ जना शिक्षकहरू १९९७ कार्तिक २ गते गिरफ्तार भए। चिनियाँमान र फत्तेबहादुर आजन्म कैद भए। चिनियाँमानको जेलमै मृत्यु भयो। पूर्णनारायण र चन्द्रमान मास्केलाई १८ वर्ष कैद गरियो। र सिद्धिचरण १२ वर्षका लागि कालकोठरीमा थन्किन पुगे। बाँकी व्यक्तिलाई पनि दश रूपिया चार पैसा दण्ड जरिवाना गरेर आयन्दा त्यस्तो सत्कर्मतिर मनसम्म लगाउन नपाउने गरियो। यसैताका वीरगंजका व्यापारी हजारीमल मारवाडीले अंग्रेजी शिक्षा दिने स्कूल खोल्न अनुमति माग्दा जुद्धसमशेरले अनुमति दिएनन्। वीर लाइब्रेरी सर्वसाधारणको पहुँचमा थिएन। पुस्तक जम्मा गरेर जनस्तरमा एक आपसमा ज्ञान र चेतना साटासाट गर्ने जमर्को १९७२ मा सिराहामा त्रिचन्द्र पुस्तकालय खोली सर्वप्रथम गरिएको हो। तर १ वर्ष पछि नै सरकारले बन्द गर्न वाध्य गरायो। पाल्पामा १९८३ मा खुलेको पुस्तक पढ्ने दलान पनि बौद्धिक क्रियाकलापमा संलग्न रहेकोले पहिलो बार्षिकोत्सव पछि नै चन्द्रसमशेरले बन्द गराए। १९९३ मा तौलीहवामा पशुपति प्रताप पुस्तकालय र २००१/२००२ सालतिर प्रयागलाल श्रेष्ठको अगुवाइमा तानसेनमा खुलेको धवल पुस्तकालय भने कसरी हो राणा प्रशासनको आँखाबाट बच्न सके। २००३ सालमा विराटनगरमा मुन्सी दया शंकरको नेतृत्व र ऋषिकेशर कोइरालाको सहयोगबाट आदर्श विद्यामन्दिर पुस्तकालयको स्थापना भयो। सरकारी स्वीकृति नलिई २००३ साल पौष १३ मा प्रेमबहादुर कंसाकारले काठमाडौंमा प्रदीप्त पुस्तकालय खोल्ने जोखिम उठाए। २००४ सालमा धनकुटामा सार्वसजनिक शिक्षा निकेतन पुस्तकालय, गौरमा २००५ सालमा नारदमुनि थुलुङको सक्रियतामा भोजपुरमा श्रीराम पुस्तकालय खुल्यो। यसै वर्ष दाङमा त्रिभुवन मोहन पुस्तकालय स्थापना भयो।

नेपालको इतिहासमा लाइब्रेरी पर्वका नामबाट विख्यात प्रजातान्त्रिक आन्दोलनमा शहरमा युवकहरूको प्रयासबाट पुस्तकालय खोल्न उठाएको जोखिम र त्यसले राणा प्रशासन समक्ष खडा गरेको त्रास र आतंकको कथा झन आफ्नै खालको छ। वैज्ञानिक रूपमा सरकारी स्वीकृति लिएर खोल्ने योजना रहेको यो पुस्तकालयको गर्भबाटै राणाहरूको होसहवास उड्यो। नव चेतनाका अगुवा ४५/४६ जना व्यक्तिको हस्ताक्षर गराइ पुस्तकालय स्थापना गर्ने प्रक्रिया चालु रहेको अवस्थामा चुक्लीका कारण आवेदन सरकार समक्ष पुग्न नपाउँदै भीमसमशेर रीसले आगो भए। यसमा हस्ताक्षर गर्ने र योजना बनाउँने जोगवीर सिंह, हरिकृष्ण श्रेष्ठ, वैकुण्ठप्रसाद श्रेष्ठ लाकौल, लक्ष्मीप्रसाद देवकोटा, कृष्णप्रसाद खतिवडा, धर्मराज थपलिया, लक्ष्मीरञ्जन जोशी, शंकरदेव पन्त, कृष्णप्रसाद कोइराला चित्रधर तुलाधर, महेन्द्र विक्रम शाह, चन्द्रबहादुर, हर्षदास तुलाधर, तुलसीमेहर श्रेष्ठ, धर्मवीर सिंह, सिद्धिरत्न कंसाकर, तीलकमणि आदी, लीलाराज तुलाधर, पद्मबहादुर शाह, नरायण मल्ल, रामचन्द अधिकरी, खड्गबहादुर न्यौपाने, कृष्णदेव भट्टराई, सिद्धिचरण श्रेष्ठ, प्रेमबहादुर कंसाकार, लीलाराज जोशी, मदनबहादुर, भैरवप्रसाद जोशी, ठाकुरनाथ, राजाराम शर्मा, केदारनाथ शर्मा, झंकनाथ उपाध्याय, केशवबहादुर क्षेत्री, नारायणभक्त र वासुदेव शर्मा आदि व्यक्तिहरूलाई पक्राउ गरी मुद्दा चलाइयो। यस काण्डलाई राजकाज अपराधको रूप दिन यत्रो ठूलो संख्यामा पक्राउ गरिएको भए पनि शाणाशाही षडयन्त्र भने सफल हुन सकेन। पक्राउ परेका सबैलाई एक/एक सय जरिवाना गरी नसिहत सहित छोडियो।

बौद्धिक / साहित्यिक प्रकाशनलाई प्रतिबन्धित गरी बौद्धिक समुदायलाई भाट र चाकर बनाउने षडयन्त्र र दुचेष्टाका खिलापमा प्रतिरोध र अभिव्यक्ति स्वतन्त्रताको आन्दोलन आ–आफ्नै ढङ्गले अघि बढ्यो। कौशलका सुब्बा कृष्णलाल अधिकारीले लेखेको सेना मार्फत वितरण गर्न खोजिएको कृषि शिक्षा पुस्तकले मकै पर्व उभ्यायो। विचार अभिव्यक्तिको अक्षर आन्दोलनका सन्दर्भमा मकैको खेतीका लेखक कृष्णलाल अधिकारी र उनको कृतिको नेपालको इतिहासमा आफ्नै महत्वपूर्ण स्थान छ। "नेपाली कुकुर र बेलायती कुकुरको तुलना र रातो टाउके र कालो टाउके किराको बर्णन" ती प्रतिकात्मक अभिव्यक्ति भाषा र बिम्वका हिसावले राणा शासनका नायकलाई नै इंगित गरेको भन्ने आरोपबाट यसलाई राजकाज मामला बनाइयो। गृह र परराष्ट्र मामलाको कटु आलोचनाका रूपमा यसलाई व्याख्या गरियो। हुनत गोरखा भाषा प्रकाशिनी समितिबाट स्वीकृति प्राप्त गरी छापिएको हो तापनि प्रस्तुत प्रकाशनले लेखकलाई जेलको कालकोठरीमा पुऱ्याइदियो। सुब्बा कृष्णलाल अधिकारी ६ वर्षका लागि जेल परे तापनि ९९९ प्रति पुस्तक मात्र खानतलासीबाट फेला परी १ थान पुस्तक दवाएको अभियोग लगाई थप ३ वर्ष सजाय सहित ९ वर्षको कारावास दिइयो। यस काण्डमा धेरैको जागीर खोसियो, ७ जनाले ७ देखि १५ दिनको कारावासको सजाय पाए र केहीलाई पचासदेखि सय रूपैयासम्म जरिवाना गरी छोडियो। ३६ वर्षीय कृष्णलाल अधिकारीको जेलपरेको चारवर्ष पछि नै निधन भयो।

शम्भुप्रसाद ढुङ्गेलको "चन्द्रोदय" र "चन्द्र वदनी"ले पनि समशेरहरूलाई नहल्लाई छोडेन। चन्द्रोदय दर्शन कविताले राणा खान्दानको अत्याचारलाई अप्रत्यक्ष रूपमा अभिव्यक्त गऱ्यो। यसबाट उनीहरू झन सतर्क भए। १९७४ मा लेखिएको पिंजराको सुगाको भने परस्पर विवादास्पद तर्कहरू रहेका छन्। पं. लेखनाथ पौड्याल २००७ सालसम्म एउटा राणा जर्नेलको समेत कुनै खप्कीसम्म नखाएको, सधै विश्वास पात्र भएर सत्ताको नोकरी खादै आएका हुनाले उनले चन्द्र समशेरको विगविगी रहेको त्यस परिस्थितिमा राणा विरोधी यस्तो क्रन्तिकारी कविता कसरी लेख्न सक्थे भन्ने

विरोधी यस्तो क्रान्तिकारी कविता कसरी लेख्न सक्थे भन्ने भनाई भरपर्दो र तर्कसंगत पनि रहेको छ। तर २००७ साल पछि सोही कविताले लेखनाथ पौड्याललाई धेरै माथि उठायो। युद्धप्रसाद मिश्रको "जावीको चरालाई" अप्रत्यक्ष देश र जनताको अवस्था र राणाशासनको वर्णन गर्दै स्वतन्त्रताको लागि आव्हान गरिएको अर्थ लगाइन्छ। युद्धप्रसाद मिश्र जीवनभर जनताकै पक्षमा लेख्न थाकेनन् र नाम र काम आपसमा पर्यायवाची बन्यो। त्रिचन्द्र कलेजका विद्यार्थी लक्ष्मीनन्दन चालिसेले उत्तर पुस्तिकामा राणाशासनको आलोचनात्मक टिप्पणी लेखे बापत जेल सजाय पाए र जेलमै उनको दुखद अन्त्य भयो।

बाबुराम आचार्यले "शिक्षा दर्पण" लेखे। नेपालका राणातहलाई जापानका सगुनहरूसंग दाँजेकोले पुस्तक प्रतिबन्धित भयो। छापिएका १२०० प्रति मध्ये १००० प्रति जफत गरियो। २०० प्रति चार भन्ज्याङ्गबाट डाँडा काटिसकेकोले बच्न सक्यो।

धरणीधरले "युग चेतना" जगाउन "जागन जाग" को उद्‌बोधन संगसगै महानन्द सापकोटा र सूर्यविक्रम ज्ञवाली पनि लागिरहे। लक्ष्मीप्रसाद देवकोटा क्रान्तिमा भाग लिन बनारसतिर लागे। गोपालप्रसाद रिमालले क्रान्तिको आमालाई गुहार्दै कविता लेखे। सिद्धिचरण, केदारमान व्यथितले आफ्ना अभियानलाई दमनका बावजुद निष्कृय हुन दिइएन।

१९५८ जेठ ३ गते साप्ताहिक खबरकागजका रूपमा "गोरखापत्र" प्रकाशित भयो। यसको काम देशदेशान्तरको खबर प्रधानमन्त्रीको भाषण, इस्तिहार, सनद सवाल छाप्नु थियो। सरकारी गजेटको रूपमा प्रकाशित गोरखापत्रबाट निष्पक्ष समाचार प्रवाह हुनुपर्छ भनेर त्यतिखेर सोच्नु पनि मुर्ख्याइ मात्रै हुन्थ्यो। मोतिराम भट्टको प्रयासमा "गोरखाभारत जीवन" पहिलो साहित्यिक पत्रिका भारतबाट प्रकाशित भयो। १९५५ मा "सुधासागर" (नेपालमै) "उपन्यास तरङ्गिणी" १९५७ मा प्रकाशित भयो। राजनैतिक हकअधिकार प्राप्ती र निरंकुशता विरूद्ध वैचारिक आन्दोलन छेड्न १९८३ मा भारतबाट ठाकुरचन्दन सिंहको सम्पादनमा "गोरखा संसार" निस्कन थाल्यो। उनकै सम्पादनमा १९८५ मा तरूण गोरखा प्रकाशित भयो। तर चन्द्र समशेरको जालझेलका सामु यी दुवै पत्रिका टिक्न सकेनन्। १९९२ देखि निस्केको "शारदा" मासिक र त्यसपछिका "उद्योग" "साहित्य स्रोत" आदि पात्रिकाले सचेतनता बढाउन र प्रजातान्त्रिक आन्दोलनका लागि धेरथोर योगदान पुर्‍यायो। २००४ साल माघमा लक्ष्मीप्रसाद देवकोटा, नारायणप्रसाद उपाध्याय, बालचन्द्र शर्मा, कृष्णप्रसाद उपाध्यायको संयुक्त सम्पादनमा बनारसबाट "युगवाणी" पत्रिका निस्क्यो। एकतन्त्री राणाशासनको तख्ता पल्टाउने अभिप्रायले राजनीतिक चेतना निर्माण गर्न, प्रकाशित यो युगवाणी यस प्रकारको पहिलो पत्रिका हो। २००५ साल कार्तिक २१ गते विलाल मोक्तानको सम्पादनमा निस्केको "नेपाल पुकार" प्रजातान्त्रिक हकअधिकारको लागि लड्न नेपाली जनतालाई उद्यत गर्ने दिशामा युगवाणी भन्दा एक पाइला अघि बढ्यो। नेपाल भित्र्याउन मोहनशमसेरले यसलाई प्रतिबन्ध लगाए।

देवशमसेरको शिक्षा योजनामा सघाउने हरिहर आचार्य दिक्षित विदेशिन बाध्य भए। मानवतावादी शिक्षाप्रेमी जयपृथ्वी बहादुर सिंहले केही गर्छु भन्दा भन्दै नेपालबाट लखेटिनु पर्‍यो। कवि लेखक आदि बौद्धिक समुदायको क्रियाशिलता बढ्न थालेपछि कृतिहरूको सेन्सर गर्न "गोरखाभाषा प्रकाशिनी समिति" स्थापना भयो। केही काल यसको तालुकीमा बालकृष्ण समशेर पनि रहे। प्रजातन्त्र, हक अधिकारको प्राप्तिका लागि सोझो घुमाउरो, भन्दा -वेगिलो प्रत्यक्ष अप्रत्यक्ष सबै प्रकारले लोकवादी राजनीतिज्ञ, बौद्धिक समुदायले तीव्र दमनको बाबजुद पनि क्रियाशिलतालाई निरन्तरता दिइरहे।

धार्मिक पाखण्ड विरूद्ध सुधार र समानताको आन्दोलन

नेपाललाई एकतर्फी रूपमा हिन्दू राज्यको वैधानिकता प्रदान गरी एक धर्म एक सम्प्रदायको जतिसुकै प्रलाप गरेता पनि यो व्यवहारिक र यथार्थतामा कहिल्यै हिन्दू राष्ट्र रहेन। साँचो अर्थमा यहाँ हिन्दू, बौद्ध, इस्लाम, सिख, जैन, बोन्पो, झाँक्री धर्मको अस्तित्व कायम छ भन्ने कुरा अझै पनि राज्यस्तरमा स्वीकार गरिएको छैन। नेपाल अहिले संविधानतः हिन्दू धर्मावलम्वी देश हुन पुगेको छ। मल्लकालकै दृष्टान्त दिने हो भने जयस्थिति मल्ले आआफ्नै रूपमा चलेको नेपाली समाजको संरचना धर्म सम्प्रदायलाई जवरजस्ती रूपमा हिन्दूकरण गरे। राणा कालमा बौद्ध धर्मका अनुयायीहरूले देश निकाला हुन पर्‍यो। पृथ्वीनारायण शाहले उपत्यका विजय गर्ने वित्तिकै इशाई पादरीहरूलाई नेपालबाट धपाइएको कारण राष्ट्रियताको लागि हो भनेर जति सुकै वकालत गर्न खोजिए पनि मुख्यतः धार्मिक पूर्वाग्रहले काम गरेको तथ्यलाई बङ्ग्याउन मिल्दैन।

नेपालमा शैव, वैष्णव, हिन्दू धर्म अन्तर्गत प्रचलित छन्। सन्तोषीमाता बाल-योगेश्वर, आत्मज्ञान प्रचार संघ, विन्ध्यवासिनी आध्यात्मिक संघ, महेश योगी, भगवान रजनी, साइबाबा आदि कैयौ धार्मिक गुरू, संघसंस्था र सम्प्रदायको अस्तित्व रहेको छ। बौद्ध धर्ममा हिनयानी, थेरवादी, महायानका साथै तन्त्र मन्त्रको प्रभूत्व रहेको छ। तन्त्रयान, बज्रयानको पनि प्रभाव छ। उत्तरी भेगमा गेलुक्पा, कर्माया, र निङमा जस्ता लामा धार्मिक सम्प्रदाय विद्यमान छन्। यहाँ इस्लामको सिया र सुन्नी छन्। इशाइका क्याथोलिक र प्रोटेष्टेन्ट छन्।

(क) आर्य समाज

नेपालमा माधवराज जोशीले १९५३ मा आर्य समाजको स्थापना गरी धार्मिक आन्दोलनको सूत्रपात गरे। हुनत हिन्दू धर्म अन्तर्गत नै आर्य समाजीहरूको सुधार केन्द्रित रहन पुगेको हो तापनि कर्मकाण्डवादी दरवारिया पुरोहित, राज गुरू, पण्डित ब्राम्हणहरूको एकाधिकारमा धावा बोल्न गएकोले

गएकोले यसका विरोधमा तीव्र प्रतिक्रिया हुनु स्वभाविक हो। सबै मानव जातिको लागि जन्म, धर्म र राष्ट्रियताको भेदभाव बिना हिन्दू धर्ममा प्रवेश गर्ने ढोका खुला राख्नु पर्ने धारणाबाट प्रेरित आर्य समाजी मत संकुचित, रूढीवादी प्रथा, कर्मकाण्ड, धार्मिक शोषण र पाखण्डका विरोधमा आएको एउटा वर्गको स्थायित्वमा यसबाट धक्का पुग्न गयो। आर्य समाजको स्वामी दयानन्द स्वरस्वतीले भारतमा मुसलमानहरूलाई पनि हिन्दू बनाए। नेपालमा माधवराज जोशीले शूद्रहरूलाई वेद पढाए भन्ने उजुर राणाकहाँ पुग्यो। यसको शाखा पोखरामा खुलेकोले उपत्याका भित्र पनि यसको स्थापना भएपछि र आर्य समाज प्रति बढ्दो आकर्षण र ख्यातिले गर्दा अनुदारवादी कर्मकाण्डी र पौरोहित्यका लागि ठूलो थप्पड मिल्यो। राणा प्रधानमन्त्री चन्द्र समशेरकहाँ उजुर पुगेपछि आफ्नो शासनमा समेत धक्का लाग्ने सोची शास्त्रार्थ गर्ने कुरा तय गरियो। राजगुरू हेमराज पाण्डेको नेतृत्वमा पण्डितहरूको मण्डलीले १९६२ श्रावण वदी १२ का दिन माधवराज जोशीसंग शास्त्रार्थ गर्‍यो। यस कथित शास्त्रार्थमा नेपाली समाजमा पुरोहित वर्गले लादिरहेको श्राद्ध, दान, कर्मकाण्ड जस्ता धार्मिक शोषणको माधवराजले विद्वतापूर्ण खण्डन गरे। मूर्ति पूजाको औचित्यलाई तार्किक बहसबाट खण्डन गर्दा पण्डित मण्डली आहत भयो। शूद्रलाई वेद पढाउने पक्षमा माधवराज जोशीको तर्क प्रस्तुत भयो। दरबार स्कूलका मास्टर गुरूदयाल सिंहले पनि उनकै पक्ष लिए। तर विडम्वना के आइदियो भने त्यो कथित शास्त्रार्थमा विद्वता र तार्किक आधारको होइन बल, मुढता र विवेकहीनताको विजय भयो। प्रधानमन्त्री चन्द्रसमशेर कै अगाडि पण्डितहरूले उनलाई निर्घात रूपमा पिटे। र उनलाई जेल पठाइयो। यस अपराधसंग मुछिएका केलटोलका सुन्दरलाल र लालबहादुरको साथ साथै अन्य धेरै जनाले जेल जान पर्‍यो। शास्त्रार्थको समर्थन गर्ने पञ्जावी मास्टर गुरूदयाललाई नेपालबाट धपाइयो। आर्यसमाजसंग सम्बद्ध कतिपय व्यक्तिहरूलाई दैनिक पशुपति गई टीका लगाएर फर्कनु पर्ने सजाय गरियो। यस घटनाकै क्रममा माधवराजका छोरा अमरराज र शुक्रराजलाई दरवार स्कूलबाट निकालियो।

स्थविर बुद्ध धर्मः आडम्वरी मत

आर्य समाजको सुधार आन्दोलन दवाइएपनि बुद्ध धर्मको स्थविर मतका अनुयायीहरूको धार्मिक गतिविधि चालु रहयो। १९८१ मा स्वयम्भूको दर्शन गर्न आएका तिव्वती धर्मगुरू कान्छा लामाले त्योड निवासी धर्ममान साहुका घरमा धर्मदर्शना शुद्ध गरेपछि एककान दुईकान हुँदै यस मतको प्रचार व्यापक हुँदै गयो। जनसहभागिता बढ्दै गएको कारण स्वयम्भूको खुला आकाशमुनि धर्मोदेश हुन थाल्यो। कान्छा लामाको प्रवचनलाई तिव्वती भाषाबाट बेखारत्न शाहुले उल्था र व्याख्या बुद्धिराज शाक्यले गर्ने गर्थे। यस धार्मिक गतिविधिले उपत्यकामा निकै चहलपहल शुरू गरायो। लगन, पाटन नागवहाल, भक्तपुर र किर्तिपुर आदि ठाउँमा तिव्वती लामाको प्रवचन बराबर हुन थाल्यो र प्रजवित भिक्षु बन्ने क्रम बढ्दै गयो। प्रवजित बौद्ध भिक्षु महाप्रज्ञा महानन्द, महाज्ञान, महावीर्य र महाशान्ति ५ जनाले काठमाडौं शहरमा भिक्षाटन गर्न थालेकोले ठूलो हलचल मच्चियो। ह्यूमत टोलमा भिक्षाटन गरिरहेको बेला उनीहरूलाई प्रहरीले पक्राउ गर्‍यो। १९८२ सालको श्रावण महिनामा ती पाँचै जनालाई देश निकाला गरियो।

राणाशासनको यस दमनकारी कदमबाट कर्मकाण्ड विरोधी स्थवीर बुद्धधर्मको सुधारवादी क्रियाकलाप रोकिएन। शिवरात्रीको अवसर पारी महाप्रज्ञा हिन्दू सन्यासीको साथमा गुप्त भेषमा श्रमेण कर्मशील नेपाल आए। स्थवीर बुद्ध धर्मको पुनर्स्थापन गर्ने श्रेय पाएका श्रमेण कर्मशिल कै धर्मोपदेशबाट नेपालमा कर्मकाण्डको विरोध शुरू भयो। यसै क्रममा जातिप्रथा, मास र मद्य सेवनको विरोध, कर्मकाण्डको आलोचना र ब्राम्हणलाई नढोगेको आदि आरोप लगाई योगवीर सिंह कंसाकार, सिद्धिरत्न कंसाकार, मणिकमान तुलाधर, धर्ममान तुलाधर, करूणरत्न तुलाधर, यज्ञरत्न तुलाधर, खड्गराज तुलाधर, मञ्जुहर्ष बज्राचार्य, मानदास तुलाधर, हर्षदास तुलाधर, चित्रधर तुलाधर, लक्ष्मीनानी तुलाधरलाई पक्राउ गरियो। अष्टमी ब्रत चलाउन मुठीदान लिन नेवारी भाषामा पर्चा छापेको आरोपमा पनि मुद्दा चलाउनुको लागि थप प्रमाण हुन गायो। ब्राम्हणहरूलाई खुट्टामा नढोगेका कारण "आडम्बरी मत" भनिएका यस काण्डमा राणा प्रधानमन्त्री भीम शमशेरकहाँ चलाइएको मुद्दाको परिणाम स्वरूप भिक्षु प्रज्ञानन्द (कुलमान सिंह तुलाधर) र भिक्षु धम्म लोक (दशरत्न शाहु) देश निकाला भए। पुरोहित वर्गको स्वार्थमा धक्का लाग्न जाने कारण देशको अमनचैन खलबलिएको ठान्नु राणाशासनले जे जे बहाना बनाई कारवाही गरेता पनि वर्णवादी नेपाली समाजलाई यसले राम्रैसंग हल्लाउन चाहीं सफल भयो।

एकादशी सभा

केही सीमित भारदार बाहेक देशको मुलुकी प्रशासनमा संलग्न कर्मचारीहरूको स्थायित्व र सेवा सुरक्षा मात्र नभएको होइन कर्मचारी यन्त्रलाई राणाहरूको व्यक्तिगत चाकरका रूपमा लिइन्थ्यो। वर्षै पच्छि पजनी हुन्थ्यो। तावेदारहरू थमौती हुन्थे, इमान्दारहरू बर्खास्त हुन्थे। विजय गरी नयाँ मुलुक थप्न सक्यो भने सरकारमा विन्ती गरी विर्ता लिन सकिने कानून जङ्गबहादुरले बनाए। लम्जुङ्ग र कास्कीलाई नेपाल भन्दा पृथक व्यवहार गर्ने नीति जङ्गबहादुरले अख्तियार गरे। राणाकालीन प्रशासन संयन्त्र र त्यसमा कार्यरत कर्मचारी तन्त्रले मुलुकप्रति नभै व्यक्तिप्रति जवावदेही हुने संस्कृतिको निर्माण गर्‍यो। त्यसबखत प्रशासनलाई सुदृढ बनाउन खोजिए पनि कर्मचारीहरूको मनोबल उच्च हुने र निर्भिकतापूर्वक काम गर्ने परिस्थिति नै रहेन। भ्रष्टाचारको काल्पनिक मुद्दा लगाएर बदला लिने, लखेट्ने, देशनिकाला गर्ने, चारभन्ज्याङ कटाउने जस्ता काम

आम रूपमा हुने गर्थ्यो। त्यसैले भय र त्रासको मानसिक आतंकबाट कर्मचारीहरू मुक्त थिएनन्।

राणशासनको क्रुर व्यवहार र पीडाबाट मुक्ति पाउने उपाय खोज्न एकादशी सभा खोलियो। कर्मचारी यन्त्रसंग सम्वद्ध व्यक्तिहरूको यस संस्थाका संगठक कृष्णलाल अधिकारी र ऋषिभक्त उपाध्याय थिए। मकैपर्वमा परी कृष्णलाल जेल परेकाले यो संगठन स्वतः विघटन भयो। ऋषिभक्तले पनि आफ्नो जागिर गुमाए।

चर्खा प्रचार

छिमेकी देश भारतमा महात्मा गान्धीको नेतृत्वमा बेलायती साम्राज्य विरोधी आन्दोलनहरूको गति तिव्ररूपमा बढ्दै गएपछि यसको प्रभाव नेपालमा पनि पर्‍यो। स्वदेश प्रेम, राष्ट्भक्ति र स्वावलम्वनको भावना आफ्ना मुलकबासीमा जागृत गर्न महात्मा गान्धीले विदेशी कपडाको बहिस्कार र स्वदेशी घरेलु कपडा व्यापक प्रयोगमा ल्याउन भारतमा उनले चर्खा प्रचार आन्दोलन चलाए। राष्ट्रिय चेतनाको दृष्टिले नेपाली जनतालाई झकझक्याउन तुलसी मेहरले १९८० को दशकतिर नेपालमा पनि चर्खाप्रचार र खाँडी कपडालाई प्रोत्साहन दिने अभियान चलाए। राणाहरूको नजरमा राजकाज ठानिने यो काम उनीहरूले अघि बढ्नै दिएनन्। तुलसी मेहरलाई आर्यसमाजी भएको आरोप लगाइयो र जेल पठाइयो। चर्खा प्रचार गर्ने काम नेपालमा पूर्णरूपमा प्रतिवन्धित भयो। भीमसमशेरले राजद्रोहको अभियोग लगाए। जनचेनताको उभार ल्याउने काम बन्द गर्न खोजे पनि एकपछि अर्को आन्दोलन उठ्न छाडेनन्।

प्रचण्ड गोरखा

राणा शासनलाई पल्टाइ वैधानिक अर्थात संविधान सम्मत व्यवस्थाको स्थापना गर्न सं १९८७ मा क्याप्टेन खण्डमान सिंहको नेतृत्वमा प्रचण्ड गोरखाको गठन भयो। हिंसाको माध्यमबाट शिघ्र परिवर्तन गर्न आतुर यस संगठनमा राणाशासनबाट प्रताडित अन्य व्यक्तिहरू मैनावहादुर, खड्गमान सिंह बस्नेत, उमेश विक्रम शाह, रङ्गनाथ शर्मा र लक्ष्मण राजा यसका सदस्य थिए। यसमा कोही भीमसमशेरबाट अपमानित र कोही भारतीय स्वराज आन्दोलनबाट प्रभावित थिए। खड्गमान सिंहको सम्पर्क र चिनजान भारतीय विद्रोहीहरू विपीन विहारी र कपिलदेवसित पनि थियो।

चाँडैनै प्रचण्ड गोरखाले कपिलदेवको सहयोगमा डाइनामाइट प्राप्त गरी तिहारको रमझमका अवसरमा प्रधानमन्त्रीकहाँ भेट्न जाने बेला सबै रोलवाला राणाहरूको एउटै चिहान बनाउने योजना थियो। पक्राउ परिसकेपछि भीमशससेरसंग सवाल जवाफ हुँदा उनीहरूले "रूसको जार शासन जस्तै राणा शासन पनि समाप्त हुने" खरो जवाफ दिएकोले तिनीहरूमा "रूसको वोल्सेभिक क्रान्तिको हावा" धेरथोर लागेको अनुमान गर्न गाह्रो पर्दैन। हिंशात्मक आन्दोलन भएपनि सत्ता परिवर्तन गरी देशमा संवैधानिक शासन व्यवस्था स्थापना गर्ने ती देशभक्त प्रजातन्त्रवादी युवाहरूको सपना चकनाचुर भयो। श्रावण २२, १९८८ मा प्रचण्ड गोरखाका सबै सदस्य गिरफ्तार भए। अन्न पानी बिना चार दिनसम्म भोकभोकै राखियो। उपेन्द्र विक्रम शाहलाई बाँसको पिंजडामा हालेर पाल्पा धपाइयो, खण्डमान, खड्गमान, मैनाबहादुर र रङ्गनाथ शर्माको सर्वस्व जफत गरी जन्मकैदको सजाय दिइयो उनीहरूलाई जेलमा कुहिएको मकै दिएकाले सबैले चामल पाउनु पर्छ भनी त्यसको विरोधमा सिधा वहिष्कार गरे। जेल भित्र सरकारी शासनको विरोधमा सर्वप्रथम आवाज उठाउने प्रचण्ड गोरखा भयो। खण्डमान सिंह र मैनाबहादुरको जेलभित्रै निधन भयो। यसपछि रङ्गनाथ शर्मा छुटे। खड्गमान सिंह सात सालको क्रान्ति पछि मात्र छुटे।

नेपाल नागरिक अधिकार समिति

वि.सं १९९० को शूरू मै काठमाडौं असन स्थित राजालाल बलवारको घरमा माधवराज जोशीका छोरा शुक्रराज शास्त्रीको नेतृत्वमा केदारमान व्यथित, सचिव मुरलीधर शर्मा, प्रचार सचिव प्रसाद शर्मा, गंगालाल श्रेष्ठ, आनन्द राम आदी २१ जनाको संलग्नतामा नेपाल नागरिक अधिकार समिति खुल्यो। शुक्रराज शास्त्रीको शंकर, महात्मा गान्धी र सुभाषचन्द्र वोससंग भेटघाट र सम्पर्क भएको खवर भारत "अमृत बजार", "विश्वामित्र" र "जनताले" छापेपछि शुक्रराज शास्त्रीले नेपाली भाषा प्रकाशिनी समितिको जागीरबाट हात धुनु पर्‍यो।

यसरी नेपाली भाषा प्रकाशिनि समितिको जागीर गुमेपछि उनी नजरबन्दमा परे। शुक्रराज शास्त्रीका कतिपय प्रयासका वावजुद नजरबन्दबाट मुक्त नभएकोले यसको अवज्ञा वाहेक अर्को विकल्प रहेन। यसै क्रममा १९९५ साल मार्ग महिनामा इन्द्रचोकमा आमभाषण गर्दै नजरबन्द तोडे। र उनले त्यसदिन देशको राजनैतिक आर्थिक र सामाजिक क्षेत्रको विश्लेषण गर्दै, सरकारको आलोचना र सुधारका लागि अनुरोध समेत गरे। यसै सभामा गंगालाल श्रेष्ठले पनि जनतामा आफ्ना अधिकारका लागि संघर्ष गर्न आव्हान गरे। आफ्नो अभिव्यक्तिलाई पहिलो आमसभा मार्फत सार्वजनिक गराए बापत शुक्रराज शास्त्रीलाई तीन वर्षको कारावास सजाय मिल्यो। पण्डित मुरलीधर उपाध्याय असनमा पुराण भनेवापत उनीसँगै जेल परे पनि केही समयपछि उनलाई मुक्त गरियो। गंगालाल श्रेष्ठ भने उमेरमा कच्चा ठहरिएका र जमानी समेत बसिदिने आफन्त भेट्टाएकाले तुरुन्तै छुटे। समितिका शुक्रराज शास्त्रीलाई भने १९९७ सालमा नेपाल प्रजापरिषदका सदस्यहरू संगसँगै फाँसी दिइयो।

रक्तपात कमिटी

प्रजातान्त्रिक आन्दोलनलाई आ-आफ्नै ढङ्गले बढाउने क्रममा विविध वर्ग समुदायबाट प्रतयक्ष वा अप्रत्यक्ष काम भइरहेको बेला वि.सं. १९९३ मा रक्तपात कमिटीको

गठन भयो। राणाशासनलाई समूल नष्ट गरी गणतन्त्र स्थापना गर्ने यसको उद्देश्य थियो। यसले १९९७ मा प्रकाशित गरेको पर्चामा गणतन्त्र नेपाल अमर रहोस् भन्ने नारा उल्लेख गरेकोले यो संगठन बारे ज्यादा चर्चा र जानकारी नभए पनि राजनीतिक रूपमा निकै क्रान्तिकारी र आँटिलो कार्यदिशा समातेको प्रष्ट हुन्छ। शाही कम्पाउण्डर चन्द्रमान सैजु, लप्टन रामदास शाही ड्राइभर कटकबहादुर नकर्मी मरिचमान नकर्मी र मुखिया गणेशराज श्रेष्ठ गोरखाली समेतलाई सशस्त्र तालीम दिइयो। राजा त्रिभुवन, अधिराज कुमारहरू र जुद्ध शमसेरका छोरा अग्नी शमशेर समेत संलग्न रहेको यस संगठनले गणतन्त्रको नारा दिएको हो वा होइन र दिएको भए कसरी दियो त्यो भने विवादास्पद र खोजिको विषय रहेको छ।

बडामहारानी सिकिस्त विरामी भएकोले प्रधानमन्त्रीलाई नारायणहिटी राजदरबारमा तुरून्त आउनु भनी त्रिभुवनले बोलाउन पठाए। जुद्ध शमशेर आउनासाथ बेहोस हुने लागु पदार्थ सुघाँउने अथवा प्रधानमन्त्री स्वयंको हुकुमले अरू रोलवाला राणाहरूलाई बोलाएर कोतपर्व झै सबैको एउटै चिहान बनाउने योजना रहेको थियो। तर त्रिभुवनको बोलाहटमा जुद्धशमसेरको सट्टा उनका छोरा बहादुर समशेर चारघण्टा पछि मात्र बडो सशंकित र सतर्क मुद्रामा नारायणहिटी दरवार पसी चारैतिर हेरे र मुन्टो हल्लाई केही पनि नबोली फर्केकाले यो योजनाको पूर्वसूचना पाइसकेको हुनसक्ने अनुमान छ। जुद्ध शमसेरकै छोरा यस योजनामा संलग्न रहेकोले यसो हुन असम्भव पनि छैन। यसका सूत्राधारहरूलाई कुनै कारवाही भएन र योजना त्यसै बिलाएर गयो।

प्रवासबाट: अखिल भारतीय गोरखा लीग

पहिलो विश्वयुद्धको विभिन्न मोर्चामा लड्न खटिएका गोरखाली सेनाहरू फर्किएपछि आफ्नो समाज र देशको तुलना आफू लड्न गएको देश र समाजसँग गर्न समर्थ भए। विभिन्न समुदाय र व्यक्तिसंगको अन्तरक्रियाबाट उनीहरूको चेतनास्तरलाई पनि निकै माथि उठायो। कतिपय गोरखा सिपाहीहरूले भारतमै बस्न रूचाए। र कति स्वदेश छिरे। यसै स्थितिमा चन्द्रशमशेरलाई करिया अमलेख र सती प्रथा उन्मूलन गर्न सामाजिक दवाव सिर्जना हुनपुग्यो। भारतमा बस्नेहरू पनि आफ्नो समुदायको हित उन्नति र हक अधिकारको साथै सामाजिक कुरीतिका विरूद्ध निरिह र निस्कृय भएर बसेनन्। यसैक्रममा नेपालमा कामी, गाइने दमाई र सार्कीहरू प्रति सामाजिक भेदभाव र उत्पीडनका कारण उनीहरू राजा बिनाको राज्यमा बाँची रहेको स्थितिभन्दा केही फरक नभएको आसय व्यक्त गर्दै दार्जलिङ्गमा रानु दमाईले १९७८ तिर चन्द्रशमशेरलाई विरोध पत्र पठाए। त्यसै पत्रमा उनलाई सत्य त्याग गर्न पनि अनुरोध गरियो। यसकै हाराहारीमा भूपू सैनिक ठाकुर चन्दन सिं को नेतृत्वमा र पहलमा देहरादुनमा "अखिल भारतीय गोरखा लीगको" जन्म भयो। भारतमा बस्ने गोरखाली सिपाहीहरूको हितका लागि काम गर्ने भनेर गैह राजनीतिक संस्थाका रूपमा शुरूमा यसलाई पेश गर्न खोजिए पनि दोस्रो वार्षिक सम्मेलनबाट राजनीतिक सुधार र मुलुकको आधुनिकीकरणका लागि प्रस्ताव पारित गरियो। यसले गर्दा राणा शासनलाई विदेशीका आँखामा समेत नकारात्मक रूपमा प्रस्तुत हुन्छ भन्ने त्रासले राणाशासनका हर्ताकर्ता ठानिएकाहरू तर्सन थाले। यसको फलस्वरूप षडयन्त्र चल्न थाल्यो र ठाकुर चन्दन सिंलाई चन्द्र शमसेरले फसाइ छोडे र यसको गतिविधि निस्कृय भयो। यसपछि डम्वरसिंह गुरूङले आफ्नो नेतृत्व दिएर गोरखा लिगको क्रियाकलापलाई बढाए। पछि खर्साङ, कालिम्पोङमा पनि गोर्खाली संगठन खुल्यो। रूपनारायण सिंहको संयोजकत्वमा १३ मे १९४५ मा खर्साङ्गमा भएको सम्मेलनमा डम्वरसिंह गुरूङ्ग यसको सभापति छानिए।

नेपाल प्रजापरिषद

यतिबेलासम्म आइपुग्दा नेपालीहरू बन्द-व्यापार शिक्षा, काम व्यवशायका कारण नेपालीहरूको भारतका विभिन्न स्थानमा बन्द व्यापार र आवत जावत बढेको र दुई-दुई वटा विश्वयुद्धहरूमा भाग लिएका गोरखाली सैनिकमा बढेको चेतनाका कारण पनि नेपालीहरूमा राणा विरोधी भावनाको डढेलो भित्रभित्रै सल्किरहेको थियो। आफ्नै बन्धुबान्धवलाई समेत अपमानित रूपमा विभिन्न उचनीच श्रेणिमा वर्गिकरण गरी सत्ताको केन्द्रभागबाट धपाउने अदूरदर्शी निर्णय गरेका कारण राणाहरूको आफ्नै घर भित्र आगो लागी खरानी हुने स्थिति त्यत्तिकै मौजुद थियो। यस्तै एक प्रकारको उकुसमुकुस र छटपटीको परिस्थितिमा टंकप्रसाद आचार्य, दशरथ चन्द ठकुरी, धर्मभक्त माथेमा, रामहरि शर्मा र जीवराज शर्माले राणाशाहीको कठोर बन्धनबाट मुक्ति लिन राजनैतिक संगठन, स्थापना गर्ने निधो गरे। यो १९९२ सालको कुरा थियो। १९९३ साल जेठ २२ गते धर्मभक्त माथेमाको फुपूको भ्कोंछे ओमवहालस्थित घरमा तिनै पाँच जना भेला भएर नेपाल प्रजापरिषद नामको राजनीतिक संगठन स्थापना गरे। आ-आफ्नो दाहिने हातको बुढी औंलाको रगत छापबाट राणा शासनलाई खतम गरी राजाको अधिकार पुनर्स्थापित गर्नुको साथै मुलुकमा प्रजातन्त्रको स्थापना र जनअधिकार बहाल गर्ने प्रतिज्ञापत्रमा सहीछाप गरे। राणाशासनको सुराकी र दमनबाट संगठनलाई बचाउदै यसका कार्यक्रमहरू अघि बढाउन राजालाई "मुखिया" प्रधानमन्त्रीलाई "जमदार" टंकप्रसाद आचार्यलाई "प्रकाश" दशरथचन्दलाई "सेवासिंह" र पछि "सुशील", जीवराज शर्मालाई "वसन्त", रामहरी शर्मालाई "हरेराम" र धर्मभक्तलाई "अजकबहादुर" र पछि "अर्जुन सिंह" भन्ने गोप्य एवं सांकेतिक नामाकरण गरियो। राणशासनको अन्त्य, सँवैधानिक राजतन्त्रको स्थापना र मौलिक अधिकारको वहाली यसका उद्देश्य थिए। टंकप्रसाद आचार्य "फ्रान्सको राज्यक्रान्तिबाट", दशरथ चन्द रूसको वोल्सेभिक क्रान्तिबाट र रामहरी शर्मा जीवराज शर्मा र धर्मभक्त माथेमा "बेलायतको शासन प्रणालीबाट" प्रभावित

भएकाले यो संस्थाले आफ्नो उद्देश्य प्राप्तिका लागि हिंसात्मक अहिंसात्मक दुबैखाले विधि अख्तियार गर्ने निचोडलाई समायोजन गऱ्यो। पछि त्यसमा राजा त्रिभुवनको पनि संलग्नता जोडिन पुगेकोले निश्चय नै फ्रान्सको राज्य क्रान्ति र वोल्सेभिक क्रान्तिबाट अभिप्रेरित हुनेहरू अल्पमतमा परे।

सर्वप्रथम हस्तलिखित पर्चाबाट प्रजापरिषदको कार्यक्रम अघि बढ्यो। शाही कम्पाउण्डर चन्द्रमान सैंजुले त्रिभुवन र नेपाल प्रजापरिषद बीच संचार कायम राखे। त्रिभुवनको सक्रियता गोप्य रूपमा बढ्दै गयो। यसै बीच १९९५ मा गोविन्द प्रसाद उपाध्याय यसका सदस्य हुन पुगे। प्रजापरिषदलाई अन्तरराष्ट्रिय रूपमा प्रचार गराउन भारतको पटनाबाट प्रकाशित हुने समाजवादी पत्रिकाका सम्पादक रामवृक्ष बेनीपुरीसंग दशरथ चन्दद्वारा सम्पर्क स्थापित गरियो। राणाशासनको दमन र अत्याचारबारे "सेवकसिंहको" नाममा दशरथचन्दका लेखहरू प्रकाशित हुन थाल्यो। परिषदको सदस्यमा मुकुन्दप्रसाद रिमाल, फणिन्द्रराज हमाल, ध्रुव दवाडी, चुडाप्रसाद उपाध्याय, पुस्करनाथ उप्रेती, केशव कार्की, चित्रबहादुर केसी पनि थपिए। प्रजापरिषदको लागि गोलाबारूद जम्मा गर्ने र विदेशी नेताहरूसंग सम्पर्क कायम गर्न टंकप्रसाद आचार्य आफै भारत गए। नेपाल भित्रै उच्च सैनिक अधिकृतहरूलाई यस संगठनमा आवद्ध गराई हातहतियार प्राप्त गर्ने र सेनाभित्रै विभाजन र फूट गराई हिंसात्मक आन्दोलनमा अनुकुल सहयोग लिने प्रयासमा प्रजापरिषद जुट्यो। बडा कठीन स्थितिमा कलकत्तामा महेन्द्र विक्रम शाहले किनिदएको साइक्लोष्टाइल मेसिन उपत्यकाभित्र ल्याउन टंकप्रसाद सफल भए पछि यसले प्रजापरिषदको आन्दोलनमा जनजागरण ल्याउने कामको लागि पर्चा छाप्न ठूलो सघाउ पुऱ्यायो। उनीहरूले डाइनामाइट बम जस्ता विस्फोटक पदार्थ पनि भित्राए।

वि.सं. १९९७ साल असार ९ गते रामहरि शर्मा, गोविन्दप्रसाद उपाध्याय, बलबहादुर पाँडेले काठमाडौं शहरको मुख्य मुख्य ठाउँमा पर्चा छरे। पाटनमा पुस्करनाथ उप्रेती र केशव कार्की र भक्तपुरका लागि मुकुन्दप्रसाद रिमाललाई जिम्मा दिइयो। जहाँनिया राणा शासनको प्रचण्ड विरोध गरिएको पहिलो पर्चा प्रजापरिषदले शहरभरी छ्याप्छ्याप्ती पारेपछि राणाहरू स्थब्ध भए। र आमजनतामा अत्याचारी शासनको अन्त्य हुने कुराले ढुक्क बनायो। यसै गरी १९९७ साल आषाढ ३० गते अर्को पर्चा छरियो।

एकातिर यसरी भूमिगत रूपमा राणाविरोधी राजनीति संगठित हुदै गएको स्थिति थियो भने उता दमनको लागि सरकार ज्यान छोडेर उत्रियो। १९९७ श्रावण ११ गते इस्तिहार जारी गरी प्रजापरिषदका सदस्यहरूलाई गिरफ्तार गराउने व्यक्तिलाई रू ५००० हजार पुरस्कार दिने घोषणा गरियो। यतिनै बेला गंगालाल श्रेष्ठ, गणेशमान सिंह, हरिकृष्ण श्रेष्ठ र रामजी जोशी यसको सदस्य भए। प्रजापरिषदले यस इस्तिहारलाई चुनौती दिंदै छ दिनपछि अर्को पर्चा छऱ्यो। यी पर्चाहरूबाट सबै तहका जनसमुदाय बीच जागृतिको व्यापक लहर र हलचल ल्याइदियो। राणाहरू यस राजनैतिक गतिविधिबाट विक्षिप्त हुनु स्वाभाविकै थियो। त्यसैले जथाभावी गिरफ्तारी हुन थाल्यो। शिक्षकहरू, समाचारपत्र पढ्नेहरू, खाँडीको लुगा लगाउने, सफा लुगा लगाएर हिड्ने, भजन गाउनेहरू समेत बागी ठहरिए। फत्तेबहादुर सिंह, चन्द्रमान मास्के, तुलसी मेहर, चित्रधर र तीर्थराज सुवाल, रामराज पौडेल पक्राउ परे। तर यसमा एकजना पनि नेपाल प्रजापरिषदका सदस्य नभएतापनि नेपाल प्रजापरिषदका सदस्य रामजी जोशी, टेकबहादुर मल्ल र द्वारिकाभक्त माथेमाले सुराक दिएको कारण १९९७ कार्तिक २ गते २ जना सदस्य बाहेक प्रजापरिषदका सम्पूर्ण सदस्यलाई गिरफ्तार गर्न राणासरकार सफल भयो। गिरफ्तार भएका सबैलाई सिंहदरबार दाखिल गराइयो। र नेल, सिक्री र हत्कडी साथ उनीहरूलाई निर्मम यातना दिइयो। गाथगादी ताक्ने ठानिएका यस राजनीतिक संगठनका सहकर्मीहरूको मुद्दा तहकिकात गर्न शंकर शमसेरको अध्यक्षतामा कर्णेल गंगाबहादुर बस्नेत, सरदार मानबहादुर, मेजर बालकृष्ण समशेर, दिल्लीजङ्ग थापा, शिवप्रताप, कुमार थापा, महेन्द्रबहादुर महत, सुब्बा उपेन्द्र पुरूष ढकाल, गम्भीरजङ्ग थापा र गुरूजू खगेन्द्रराज पाण्डे सदस्य भएको एक विशेष अदालत गठन भयो। निर्मम यातना बीच अभियुक्तहरूमाथिको मुद्दामा पुर्पक्ष गर्न १९९७ माघ ६ गते यही जाँचबुझ समिति र विशेष अदालतमा अधिकारीहरूको उपस्थितिमा महेन्द्रबहादुर महतले गाथगादी ताकेको सावित प्रमाण भएकाहरूलाई सजाय सुनाए। दशरथ चन्द (नेपाल नागरिक अधिकार समितिका अध्यक्ष) र शुक्रराज शास्त्रीलाई सर्वस्वहरण सहित फाँसीको सजाय सुनाए। गंगालाल श्रेष्ठलाई अंश सहित फाँसीको सजाय सुनाइयो र कलिलै उमेर भएकोले माफी मागे आजन्म कारावासको सजाय सुनाइयो तर कसैले वकस दिएको ज्यानलाई स्वीकार नगर्ने अडान राखेपछि उनलाई पनि तत्कालै फाँसीको सजाय दिइयो। यसै क्रममा धर्मभक्त माथेमाले पनि सर्वस्व सहित फाँसीको सजाय पाए। अरू अभियुक्तहरू टंकप्रसाद आचार्यलाई मुडी दामल गरी अंश सर्वस्व सहित जन्मकैद, शाही कम्पाउण्डर चन्द्रमान सैंजु, गोविन्द प्रसाद उपाध्याय, पुष्करनाथ उप्रेती, मुकुन्दनाथ रिमाल (गिरफ्तार नभएका), चुडाप्रसाद उपाध्याय, बलबहादुर पाँडे, गणेशमान सिंह श्रेष्ठ र हरिकृष्ण श्रेष्ठलाई अंश सर्वस्व सहित जन्मकैदको सजाय सुनाइयो। जीवराज उपाध्यायलाई अंश सर्वस्व सहित १८ वर्ष, ध्रुव दवाडीलाई १२ वर्ष, रामजी जोशीलाई ६ वर्ष र फणिन्द्रराज हमाललाई ६ वर्षको कारावास सजाय सुनाइयो। चित्रबहादुर केसी र केशवराज कार्की नावालक भएकोले चार भञ्ज्याङ कटाइयो र १० वर्षसम्म उपत्यका प्रवेश गर्न रोक लगाइयो। सजायलाई कार्यान्वयन गर्ने क्रममा १९९७ माघ ९ गते टंकप्रसाद आचार्य र रामहरि शर्मालाई कपाल चारैतिर मुडी सुंगुरको पाठा बोकाएर टुँडिखेल घुमाइयो। धर्मभक्त माथेमालाई १९९७ साल माघ १३ गते राती

गते राती सिफलमा झुण्डाइयो। गंगालाल श्रेष्ठ र दशरथ चन्दलाई माघ १४ गते राती भचाखुसी र विष्णुमतीको दोभानमा गोली हानी प्राणदण्ड दिइयो। जेल पर्नेहरूमा बलबहादुर पाँडे जेलमै बिते।

नेपाल प्रजातन्त्र संघ

नेपाल प्रजापरिषदलाई बलात् कुल्चिएपछि राणा विरोधी गतिविधिमा अंकुश लाग्छ भन्ने सोचाइ काम लागेन। स्वाभिमान, न्याय र स्वतन्त्रताका लागि लड्ने जुनसुकै लडाईलाई दबाएर सफल भएको सोच्नु भनेको हुरी चल्नु अघि शान्त देखिने आकाश हेरेर जीर्ण घरको छाना सुरक्षित देख्नु जस्तै हो। नेपाली सपुतहरूको रगत लत्पतिएको नेपाली माटो भित्रै १९९८ फागुनमा नेपाल प्रजातन्त्र संघ नाममा भूमिगत संगठनको जन्म भयो। शम्भुराम श्रेष्ठ, सूर्यबहादुर भारद्वाज र प्रेमबहादुर कंसाकारको सक्रियतामा स्थापित यसले प्रजापरिषदको उद्देश्यलाई अघि बढाउने लक्ष लिएको थियो। यस संगठनमा पुष्पलाल, गंगालाल श्रेष्ठ (पछि लाल कम्युनिष्टको नाउँबाट परिचित), कामाक्षादेवी, राजाराम कर्माचार्य, भैरवगोपाल वैद्य, हंशराज, कृष्णराज, गोपालदास श्रेष्ठ, जगत प्रतापजङ्ग शाह, कृष्णबहादुर मिश्र, कृष्णप्रसाद माली र यज्ञप्रसाद पनि पछि यसमा सम्मिलित हुन आए। २००५ सालतिर यसले युद्धबाट फर्केका सैनिकहरूलाई अंग्रेजले दिएको रकम राणाहरूले गोलमाल गरेबाट असंतोष बढिरहेको बेला नेपाल प्रजातन्त्र संघका कार्यकर्ताहरूले हतियार उठाउन सेनालाई आव्हान गर्दै पर्चा छऱ्यो।

नेपाली राष्ट्रिय कांग्रेस स्थापना हुनु अघि

विश्वेश्वरप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई, सूर्यप्रसाद उपाध्याय, डिल्लीरमण रेग्मी, गोपालप्रसाद भट्टराई र सुन्दरराज चालिसे जस्ता युवकहरूको सक्रियतामा २००३ साल कार्तिक १५ गते वनारसमा गोष्ठी सम्पन्न भयो। गोष्ठीले प्रजापरिषदका कार्यकर्तामाथि गरिएको दमनको मूल्यांकन गर्दै नेपाल भित्र कुनै राजनीतिक संगठन खोल्न नसकिने निचोड झिक्यो र प्रजातान्त्रिक हक अधिकार स्थापना गर्न राणाशाहीको विरूद्धमा संगठित आवाज अघि बढाउन प्रवास मै "अखिल भारतीय नेपाली राष्ट्रिय कांग्रेसको" स्थापना गरियो र देवीप्रसाद सापकोटा यसका सभापति बने। यसको उद्देश्य र विस्तृत कार्यक्रम निर्माण गर्न १९४७ को जनवरी १५ का दिन सम्मेलन गर्ने निर्णय भयो।

नेपाली राष्ट्रिय कांग्रेस

२००३ साल माघ १ गते पूर्व निर्धारित कार्यक्रम अनुसार नेपालमा प्रजातान्त्रिक आन्दोलनलाई अघि बढाउने र राजनीतिक संगठन विस्तार गर्ने बारे हुने सम्मेलनमा सहभागीहरूको उपस्थिति शुरू भयो। गणेशमान सिंह पनि यसमा सहभागी भए। संगठनको नामाकरणका सम्बन्धमा प्रजापरिषद राख्नु पर्छ भन्ने गणेशमानको राय थियो र "अखिल भारतीय" भन्ने शब्द प्रति उनको तीव्र विरोध रह्यो। आखिर "नेपाली राष्ट्रिय कांग्रेस" राख्ने निर्णय सहित सम्मेलनले सभापति पदमा नेपाल जेलमा रहेका नेपाल प्रजापरिषदका सभापति टंकप्रसाद आचार्यलाई नै यसको पनि सर्वसम्मत सभापति चुन्यो। कार्यबाहक सभापति विश्वेस्वर प्रसाद कोइरालालाई बनाइयो। नेपालमा राजाको वैधानिक नायकत्वमा जनताको उत्तरदायी शासन स्थापना गर्ने उद्देश्य नेपाली राष्ट्रिय कांग्रेसले आफ्नो नीति तय गऱ्यो। नेपालमा नेपाल प्रजापञ्चायतका कार्यकर्ताहरू गिरफ्तार भएकोले आन्दोलनलाई शिथिल हुन नदिन २००५ सालमा केही सहयोगी साथ विश्वेश्वर प्रसाद कोइराला काठमाडौं आए। राजनीतिक संगठनकै क्रममा उनलाई पक्राउ गरियो। जेलमा कैदीहरू उपर गरिएको अमानुषिक व्यवहारबाट क्षुब्ध भइ जेल सुधारको माग सहित २००६ साल वैशाखदेखि उनले आमरण अनशन शुरू गरे। र २९ दिनको अनसनपछि उनी रिहा भए।

उता विश्वेश्वर प्रसाद कोइराला जेल परेपछि डिल्लीरमण रेग्मीलाई कार्यवाहक सभापति बनाइयो तर आफूले आफैलाई सभापति हो भन्ने ठानेर सोही क्रियाकलाप गरेकोले विश्वेश्वर कोइराला जेलबाट छुटेपछि उनलाई अनुशासनको कार्वाही गरी पार्टीबाट निकालियो। परिणामस्वरूप नेपाली राष्ट्रिय कांग्रेस "रेग्मी गुट" र "वीपी गुट"मा विभाजित भयो। खास सैद्धान्तिक मतभेद नभए पनि व्यक्तिगत महत्वकांक्षा र नेतृत्वको होडवाजीका कारण नेपाली राष्ट्रिय कांग्रेस वीपी गुट पनि नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेस दुई संगठनको नाममा टुक्रियो।

महिला आन्दोलन

१९९४ सालमा महिलाहरूको सामाजिक मर्यादा हुनुपर्छ भन्ने उद्देश्य राखी महिला समिति स्थापना भयो यसका संयोजक योगमाया कोइराला थिइन्। सिराहामा स्थापित यस संस्थामा मोहनकुमारी कोइराला उपसभापति, दिव्या कोइराला सचिव र सदस्यहरूमा पूर्णकुमारी अधिकारी र देवकुमारी अधिकारी थिए। यसमा राणा प्रधानमन्त्रीकी श्रीमतीलाई अध्यक्षता ग्रहण गर्न आग्रह गरियो। महिलाहरूको अवस्था दर्शाउन तिनीहरूले लगाएको लुगा पार्सल गरेर पठाए र आर्थिक सामाजिक अवस्था सुधार हुन पऱ्यो भन्दा तिनीहरू माथि दमन गरियो। सचेत महिलाहरूको यो पहिलो आन्दोलन त्यसै बिलाएर गयो। २००१ सालतिर चन्द्रकान्ता मल्लबाट कन्या स्कूलको स्थापना भयो। २००३ सालमा रेवन्तदेवी बज्राचार्यको अध्यक्षतामा आदर्श महिला संघ खुल्यो। २००४ सालमा मंगलादेवी सिंहको अध्यक्षतामा नेपाल महिला संघको स्थापना भयो।

नेपाल प्रजापञ्चायत

विक्रम संम्वत् २००५ साल आश्विन २७ गते त्रिपुरवर सिंह, विजयबहादुर मल्ल, गोपालदास श्रेष्ठ र गोपालप्रसाद रिमालले "नेपाल प्रजा पञ्चायत" स्थापना गरे।

नेपालको राजनीतिक चेतना निकै अघि बढिसकेको थियो। राणा शासनको अत्याचारबाट बौद्धिक वर्ग अत्यन्तै क्षुब्ध थियो। त्यसै चुपलागेर कोही पनि बसेका थिएनन्। प्रजातन्त्र प्राप्तीको अथक संघर्षमा आस्था भएकाहरूबाट विभिन्न राजनीतिक गतिविधि संचालन गरी राणाशासनलाई निर्वस्त्र पार्ने काम निर्मम दमनका बाबजुद पनि रोकिएन। यसै क्रममा त्रिपुरवर सिंह, गोपालदास श्रेष्ठ, विजय मल्ललाई गिरफ्तार गरियो।

नेपाली कांग्रेसको स्थापना

नेपाली राष्ट्रिय कांग्रेसमा वीपी गुटमा आएको फूटका कारण अल्मलिएको राजनीतिक धरातलमा नेपाली राष्ट्रिय कांग्रेस वीपी गुट र नेपाल प्रजातन्त्र कांग्रेस दुवै संगठनका सभापतिहरूबाट एकताका लागि २००६ साल चैत्र १४ गते प्रकाशित गरेको वक्तव्यले भौतिक रूपमा पनि एक हुने वातावरण तयार गऱ्यो। राजनीतिक विकासका क्रममा हुने विघटन, पुनर्गठन र संयोजनका स्वाभाविक प्रक्रियाले दुवै कांग्रेस एक भए र नयाँ नामाकारण सहित "नेपाली कांग्रेसको" गठन गरे।

देशभित्र राजनैतिक गतिविधिको विकास र परिवर्तन तीव्ररूपमा भइरहेको अवस्था तत्कालै कुनै निर्णय नगर्ने हो भने गम्भीर परिणामहरू आउन सक्ने स्थितिलाई आंकलन गरी नेपाली कांग्रेसले २००७ साल असोज १० गते वैरगनिया सम्मेलन गरी राणा सरकारका विरूद्ध सशस्त्र क्रान्ति गर्ने निर्णय गऱ्यो। यसैक्रममा राजा त्रिभुवन शिकार खेल्ने वहानामा २००७ कार्तिक २१ गते नारायणहिटी दरवार त्याग गरी भारतीय दुतावासमा शरण लिन पुगे। शाह, राणा वीचको सम्बन्धका साथै राजनीतिक परिवर्तनको बेग तीब्ररूपमा बढिरहेको परिप्रेक्षमा राजाको यो कदम स्वाभाविक भए पनि यसप्रकारको अप्रत्यासित निर्णय राजाबाट हुँदा प्रधानमन्त्री मोहन समशेरलाई मात्र होइन राणा शासनलाईनै निर्णायक मोडमा उभ्याइदियो। राजालाई फर्काउने प्रयास भयो, धम्क्याइयो, भारतसंग कूटनीतिक पहल भयो। तर राणासरकारको केही जोड चलेन। त्रिभुवनको गद्दीच्यूत र राजकुमार ज्ञानेन्द्रको राज्यारोहण जस्ता घटना घटे। नेपाली जनमत यस कदमको समर्थनमा रहेन।

राणाशासनलाई सदाका लागि उखेलेर फाल्ने कठीन र स्वतरापूर्ण काममा जुटेका राजनीतिक दलहरू र निर्णायक घडी पर्खेर बसेका जनता सवैका लागि यो एउटा गुमाउनै नहुने अवसर थियो। कांग्रेसले २००७ साल कार्तिक २५ गते राती थीरवम मल्लको नेतृत्वमा वीरगञ्जमा हमला गरी सशस्त्र क्रान्तिको पूर्वघोषित निर्णयलाई कार्यान्वयन गऱ्यो। कार्तिक २७ गतेका दिन कलकत्ताबाट आएको हिमालयन एयरवेजको हवाइजहाजले विराटनगर, धनकुटा लगायत देशका अन्य भागमा क्रान्तिलाई समर्थन गर्दै राणा सरकारका विरूद्ध गोलबन्द हुन नेपाली कांग्रेसलाई साथ दिन आव्हान गरको पर्चा छऱ्यो। २८ गते यस्तै पर्चा काठमाडौंमा छरियो। धरपकड बढ्दै गयो। नेपालका जेलहरू राजबन्दीले खचाखच भए। कुटनीतिक दाउपेचका रूपमा आफ्नो पुरानो मालिक बेलायतलाई आफ्नो पक्षमा समर्थनको लागि गरिएको आग्रह बेलायतले त्यसै खुरूक्क मानेन। परिस्थितिको अध्ययन गर्न बेलायतबाट पठाइएका फ्रेन्क रवर्टस् र सर इस्टर डेनिङको आगमनलाई नेपालीहरूले तीव्र विरोध गरे। सुरेन्द्रराज शर्मा, जीवनलाल सत्याल, बासुदेव ढुङ्गाना जस्ता विद्यार्थीहरूको भूमिका महत्वपूर्ण रह्यो। विमानस्थल र सडकका दायाँवायाँ जम्मा भएका असंख्य जनताको समर्थन र नारा जुलुस राजा त्रिभुवनको समर्थनमा भएको ठानी बेलायतले राणाशासनका कदमहरूलाई समर्थन गर्नु उचित ठानेन। अचानक वीरगंजमा गरिएको सशस्त्र आक्रमणबाट पूर्वतयारी समेत गर्न नपाइएको अवस्थामा त्यहाँको राणा प्रशासन क्रान्तिकारीहरूको हातमा पऱ्यो। बडा हाकिम कर्णेल सोम शमशेर राणालाई पक्राउ गरी रक्सौलमा बन्दी बनाइयो र तेजबहादुर अमात्य क्रान्तिकारीहरूको तर्फबाट सैनिक गभर्नर नियुक्त भए। वीरगंजको यो सफलता वास्तवमा दिगो रहन सकेन। थीर बममल्लको गोली लागि निधन हुनु, काठमाडौंबाट एकराज शमशेरको नेतृत्वमा गएको सेना वीरगंज पुग्नु जस्ता कारणबाट बीरगंज पुन राणाहरूकै कब्जामा फिर्ता भयो।

विराटनगर मोर्चाको नेतृत्व विश्वेश्वर प्रसाद कोइराला र सुवर्ण शमसेर राणाले गरे। जी.वी. याकथुम्का वी.वी. राई र सी.वी. मोक्तान आदिको समेत महत्वपूर्ण भूमिका रहेको यो मोर्चाको आक्रमणमा निकै सफलता मिल्यो। नेपाल बैंक, भन्सार अड्डा, कर, प्रहरी चौकी सवै विद्रोहीहरूले कब्जा गरे। यसै बीच धनकुटाबाट सरकारी सेनाको थप सहयोग आइपुगेकोले पछि हट्न पर्ने स्थिति आइपऱ्यो। तर पछि यसको मुकाविला गर्न जी.वी. याकथुम्वा र पुर्णसिंहको कमाण्डमा थप मुक्ति सेनाले सरकारी सेनाको मुकाबिला गऱ्यो। बडा हाकिम घेराउमा परे विराटनगर मुक्तिसेनाको हातमा पऱ्यो। केशवप्रसाद कोइराला गभर्नर भए। प्रजातन्त्र रेडियो सर्वप्रथम ४१ मिटर व्याण्डमा विराटनगरबाटै प्रसारण भयो।

भोजपुरका नारदमुनि थुलुङले नेपाली कांग्रेसको हाइकमाण्डसंग सम्वद्ध नभएता पनि भूतपूर्व सैनिकहरूको मुक्तिसेनाको जत्था तयार गरी भोजपुरमा हमला गरे। भोजपुर, चैनपुर, ताप्लेजुङ र तेह्रथुममा पनि राणाशासनले आत्मसमर्पण गऱ्यो।

धनकुटाः नेकाका विद्यानाथ पोखेल, मच्छेन्द्रबहादुर श्रेष्ठ र राम कृष्ण श्रेष्ठको संयुक्त प्रयासमा धनकुटा पनि हात पऱ्यो। विद्यानाथ पोखेल गभर्नर भए। यसै क्रममा त्यहाँ लुटपाट र साम्प्रदायिक तनाव पनि भड्कियो।

भैरहवा मोर्चाः भैरहवाको मोर्चाको सशस्त्र आक्रमणको जिम्मा डा. के.आइ. सिंहले लिएका थिए। १४ नोभेम्वरमा उनको आकस्मिक हमलाबाट भैरहवाका सवै सरकारी कार्यालयहरू मुक्ति सेनाको नियन्त्रणमा गयो।

पाल्पा मोर्चाः पाल्पामा लखेटिएका रोलवाला रूद्र

शमशेर थिए। उनले क्रान्तिको दौरानमा नेपाली कांग्रेसलाई समर्थन जनाए। पोखरामा पनि उनको छोरा धनराज शमशेरले यसै गरे। बिना कुनै रक्तपात पाल्पा जस्तो सामाजिक हिसावले महत्वपूर्ण ठाउँ मुक्ति सेनाको नियन्त्रणमा गयो।

काठमाडौं उपत्यकाको गतिविधिः बाह्र वर्षमा आयोजना हुने सम्यक दानको धार्मिक कार्यक्रम यसै वर्ष पर्‍यो। यसमा वोधिसत्वको मूर्तिसँगै राजालाई पनि गद्दीमा राखेर पूजा अर्चना गरिने भएकोले ज्ञानेन्द्रलाई यस धार्मिक मेलामा सरिक गराइ जनसमर्थन जुटाउने चाल मोहन समशेरले रचे। तर दयावीर सिंह कंसाकार, दव्यरत्न तुलाधर जस्ता युवकहरूको प्रयासबाट सम्यक पर्व स्थगित गरियो।

हिमालयेश्वरानन्द वैद्य जस्ता प्रजातन्त्रप्रेमी युवाहरूले उपत्याकामा जुलुस प्रदर्शनको आयोजना गरे। यसै बेला १२२ जना वी र सी क्लासका राणाहरूले आ-आफ्नो पद र हैसियतबाट राजीनामा दिए। जसको नेतृत्व जनरल किरण शमशेरले गरेका थिए। उनीहरूले राणा शासनको विरोध र क्रान्तिको समर्थनमा काठमाडौंमा प्रदर्शनको आयोजना गरे। तीनधारा पाठशालाबाट दरवार हाइस्कूलको कुनामा पुगेपछि प्रहरीले प्रदर्शनकारी माथि लाठी र अश्रुग्यास बर्षायो। यस घटनामा न्हुच्छेरत्न तुलाधरको मृत्यु भयो। भोलिपल्ट उनको शवयात्रामा हजारौं मानिसले भाग लिए र राणा विरोधी भावनालाई उजागर गरे। विष्णुमती किनारमा उनको दाहसंस्कार गर्ने क्रममा प्रहरीले लाठी र टियरग्याँस समेतको प्रयोग गर्‍यो। प्रहरीमाथि पनि आक्रमण भयो, प्रहरी गाडीमा आगो लगाइयो। केशर शमशेरमाथि जुलुसले आक्रमण गर्‍यो र गाडीलाई ध्वस्त पार्‍यो। त्यस दिन उपत्यकामा कर्फ्यु लाग्यो। जेल तोड्न हिडेको प्रदर्शनकारी भीडमा गोली चल्दा भोगेन्द्रमान सिंहले शहादत प्राप्त गरे। कालिमाटीको घटनामा दानमान शाक्य दिवंगत भए। यसपछि काठमाडौं पूरै क्रान्तिको फेरोमा होमियो। बासुपासा, जीवनलाल सत्याल, वासुदेव ढुङ्गाना, योगनाथ प्याकुरेल र दमनराज तुलाधर पक्राउ परे। सशस्त्र क्रान्तिले अब राणा शासनको पतनलाई निर्णायक घडीमा पुर्‍याइदियो। भारत सरकारको मध्यस्थतामा ५ सूत्रीय प्रस्ताव तयार गरी क्रान्तिलाई टुङ्ग्याउने कुरामा सहमति भयो। जसमा (क) श्री ५ त्रिभुवनलाई नै नेपालका राष्ट्राध्यक्ष मान्ने (ख) संविधान सभाको निर्वाचन गर्ने (ग) राणा र जनप्रतिनिधि बराबर भएको १४ सदस्यीय मन्त्रिमण्डल गठन गर्ने (घ) पार्टी खोल्ने स्वतन्त्रता दिने (ङ) राजवन्दीहरूलाई आममाफी गर्ने रहेका छन्। यसलाई नेपालको प्रजातन्त्रको इतिहासमा "दिल्ली-सम्झौता" भनिन्छ। २००७ साल पौष २४ गते घोषणा गरिएको राजनीतिक संझौताबाट उत्पन्न नयाँ परिस्थितिमा कसरी जाने भनेर सरसल्लाह गर्न २००७ पौष २८ मा गोरखपुरमा नेपाली कांग्रेसको वैठक बस्यो। डा. के.आइ. सिंहले मोहन शमशेरद्वारा घोषणा गरिएको प्रस्तावको ठाडै विरोध गरे र सशस्त्र क्रान्तिलाई चालु राख्नु पर्छ भन्ने सुझाव राखे। तर वहुमत क्रान्तिलाई रोक्ने पक्षमा गएकोले २००७ साल माघ १ गते सशस्त्र क्रान्तिलाई रोक्ने नेपाली कांग्रेस तर्फबाट घोषण भयो।

नेपाल कम्युनिष्ट पार्टी

लेनिनको नेतृत्वमा सन् १९१७ को बोल्सेभिक क्रान्तिले विश्वलाई हल्लाएपछि पढेलेखेका चेतनशील नेपाली युवाहरूमा पनि त्यसको ज्ञान बारे चासो बढ्नु अस्वभाविक थिएन। कार्ल मार्क्सको द्वन्दात्मक भौतिकवादलाई कार्यान्वियन गर्दै सर्वहारावर्गको नेतृत्वमा राज्यसत्ता खोस्न सफल यस क्रान्तिबाट विश्वमा अविर्भाव भएको नवीन राजनीतिक पद्धति प्रति नेपालमा पनि चासो बढ्न गयो। आफ्नै ससुरा चन्द्रशमशेरको हुकुमी शासनलाई आत्मसात गर्न नसकी विदेशिन वाध्य भएपछि जयपृथ्वी बहादुर सिंह लेनिनका भारतीय मार्क्सवादी मित्र एम.एन. रायको सम्पर्कमा पुगे। त्यसपछि आफ्नो मानवतावादी विचार र एम. एन. रायकै विचार समेत प्रचार गर्न यूरोप पुगेका जयपृथ्वी बहादुर सिंहले भियनाको सोभियत दुतावाससंग लेनिनलाई भेट्न राहदानीको लागि अनुरोध गरेका थिए। सम्भवतः समाजवादी राष्ट्र रूस र समाजवादी क्रान्तिलाई व्यवहारमा उतार्ने लेनिनलाई भेट गर्ने पहिलो नेपाली उनै हुन्। त्यो घटना सन् १९२१ तिरको थियो। त्यसै ताकाको समयको वर्णन गर्दै रूसको क्रान्ति, लेनिन, सनयात्सेन र कमालपास जस्ता व्यक्तित्वको चर्चा आफ्नो घरमा हुने गरेको कुरा वीपी कोइरालाले आफ्नो आत्मकथामा उल्लेख गरेका छन्। भारतीय राजनीतिक घटनासंग निकटता रहेको नेपालमा राजनीतिककर्मी वौद्धिक र शासक वर्गमा समेत लेनिनबारे थेरथोर ज्ञान थियो। नेपालमा राणाशासन आफ्नो उत्कर्षतिर लम्किदै थियो। विदेश जान मात्र होइन चार भञ्ज्याङ भित्र आवत जावत गर्न समेत राहदानी आवश्यक पर्ने त्यो वेला देश विदेशका विचारमा क्रान्ति ल्याउने साहित्यिक सामग्री मुलुकमा भित्राउने सम्भावना थिएन। तराईका टाठाबाठा भारततिर छिरेर अध्ययनको चाँजोपाँजो मिलाउने गर्थे। यातायातको अभाव र भौगोलिक विकटताका कारण पहाडवासीका लागि यो पनि सम्भव थिएन। काठमाडौं उपत्यका सधै निगरानीमा मात्रै बाँच्न विवश थियो। भारतबाट प्रकाशित सरस्वती साप्ताहिक, अमृतबजार पत्रिका र दैनिक विश्वामित्र राणा सरकारको अनुमतिमा मात्र झिकाएर पढ्न पाइन्थ्यो। त्यसबखत सेन्सरकै एउटा रूप कायम थियो। त्यस स्थितिमा पनि सन् १९२८ तिर डिल्लीबजारमा रूसको बोल्सेभिक क्रान्ति बारे चर्चा हुने गर्थ्यो। लक्ष्मीरञ्जन जोशी, टंकनाथ रेग्मी, तिलकमणि र वसन्तमणि जस्ता नवयुवकहरू लेनिनका रचनाको हिन्दी अनुवाद झिकाएर लुकाएर पढ्ने गर्दथे। त्यसबेलासम्म राल्फ फक्सको "कम्युनिज्म" र "गोर्की" को आमा क्रान्तिकारीहरूका निम्ति लोकप्रिय भइसकेका थिए। त्यही समयदेखि नेपालमा समाजवादी विचार अध्ययनको एउटा श्रृंखला शुरू भएको देखिन्छ। टंकप्रसाद आचार्य प्रजापरिषद पर्व पछि जेल परेका थिए। उनी पूँजीवाद र

समाजवादको भिन्नता, समाजवादी दलको आवश्यकता बारे सोच र जानकारी राख्ने गर्दथे भन्ने कुरा उनकै पत्राचारबाट पनि ज्ञात हुन आउँछ। शम्भुराम श्रेष्ठ र पुष्पलाल श्रेष्ठ १९९८ देखिनै मार्क्सवादी विचारधाराबाट प्रभावित भएकै क्रममा विसं १९९९ मा प्रेमबहादुर कंसाकार, सूर्यबहादुर भारद्वाज, पुष्पलाल, शम्भुराम, आदि मिली खोलेको "नेपाल प्रजातन्त्र संघ" ले "पहाड पर्वत खोलानाला जग्गा जमीन सबको, मालिक हामी दास बनौं किन हिस्सा सबमा सबको" भन्ने समाजवादी भावनालाई अभिव्यक्त गर्ने गीत बनाएको थियो। २००५ को अन्ततिर पुष्पलाल श्रेष्ठको पहलमा मार्क्सवादी अध्ययन मण्डल स्थापना भएपछि संगठित रूपमा मार्क्सवादबारे अध्ययन, विश्लेषण र बहस छलफल हुने गरेको र यसको लगत्तै पछि नै पुष्पलाल, निरञ्जन गोविन्द वैद्य, नरबहादुर कर्माचार्य, नारायण विलाश जोशी एवं मोतीदेवीद्वारा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भयो। संस्थापक मोतीदेवीका बारेमा विवाद पनि रहेको छ। २००६ साल बैशाख १० गतेका दिन नेपाल कम्युनिष्ट पार्टीको केन्द्रीय संगठन समितिको निर्माण, २००६ साल भदौ २९ गते पार्टीको घोषणा र ६ असोज २००७ मा पहिलो सम्मेलन भयो। नेपाल कम्युनिष्ट पार्टीको पहिलो घोषणापत्रमा "पूर्ण नागरिक स्वतन्त्रता" लाई छुट्टै बुँदामा समावेश गरी त्यसमा जोड दिइएको थियो। २००७ सालको क्रान्तिमा कम्युनिष्ट पार्टीले खुलारूपमा भाग लियो। कम्युनिष्ट पार्टीकै नेतृत्वमा किसान, मजदूर विद्यार्थी र शहरिया मध्यम वर्गहरूका व्यापक आन्दोलनहरू भए।

२००७ साल पछिका आन्दोलनहरू

२००७ सालको फागुन ७ गते राजा त्रिभुवनको घोषणाबाट जनता स्वयंले निर्वाचन गरेको संवैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधान अनुसार देशको शासन चल्ने प्रतिवद्धता जाहेर गरे पनि राजा, आगो र पानीलाई विश्वास नगर्नु भन्ने लोकोक्ति सत्य ठहरियो। राजा त्रिभुवनले त्यो आफ्नो घोषणालाई कार्यान्वियन गर्नेतिर कदमसम्म चालेनन्। दिल्ली संझौता पछि गठित राणा कांग्रेस मन्त्रिमण्डलले स्वभाविक रूपमा काम गर्न सक्ने अवस्था थिएन। भरत शमसेर र रणधिर सुब्बाको गोरखा परिषद्को विद्रोहको प्रतिकार पछि २००७ सालको राजनीतिक उपलब्धीको रक्षा पनि मूलतः समस्याको रूपमा खडा भयो।

प्रजातन्त्रपछि पहिलो गोली : किशोर विद्यार्थीमाथि

राणा कांग्रेस संयुक्त मन्त्रिमण्डलको गठन र दिल्ली संझौताको प्रतिक्रिया स्वरूप विविध राजनीतिक संगठनले २००७ सालपछि आफ्ना क्रियाकलापहरू जारी नै राखे। त्यसैले राष्ट्रिय प्रजातान्त्रिक मोर्चाको गठन गरी नेपाल प्रजापरिषद, नेपाल कम्युनिष्ट पार्टी, अखिल नेपाल विद्यार्थी फेडरेशन, समाज सुधार संघ र प्रगतिशील अध्ययन सर्कलले संयुक्त आन्दोलन संचालन गर्ने निर्णय गरे। यसको सभापति टंकप्रसाद आचार्य र शैलेन्द्रकुमार उपाध्याय महासचिव टंकप्रसाद आचार्य र शैलेन्द्रकुमार उपाध्याय महासचिव छानिए। देशमा बढ्दै गएको अन्यौल अव्यवस्था र असुरक्षाको स्थितिलाई सुधार गर्न नेपाल विद्यार्थी फेडरेसनले २००८ साल कार्तिक २ गते काठमाडौंमा आयोजित जुलुस प्रदर्शनमा प्रहार गरिएको गोलीबाट विद्यार्थी चिनियाकाजीको निधन भयो र सइउदिन घाइते भए। विद्यार्थीहरूको प्रतिनिधि मण्डल भारतीय दुतावास गई घटनाको शख्त विरोध जनाए।

विराटनगर गोलीकाण्ड

सशस्त्र संघर्षको विराटनगर मोर्चामा मुक्तिसेनालाई विजयको सहज वातावरण बनाइदिने काममा त्यहाँका प्रजातन्त्रप्रेमी जनता र मजदूरहरुको अहं भूमिका थियो। प्रजातन्त्र पछि स्वभावतः आफ्नो सुविधा र हक हितका लागि मजदूर वर्गले आवाज उठाउनु अनुचित थिएन। त्यसमा पनि मजदूरीको वृद्धि र अन्य सामान्य सुविधाको मात्रै उनीहरूले माग राखे। विराटनगर क्षेत्रका गभर्नर केशव कोइराला थिए। मजदूरहरूको आवाजलाई मील व्यवस्थापनहरूले किन्चित वास्ता गरेनन्। त्यसैले त्यसको विरोधमा हड्ताल गर्न बाहेक उनीहरूसंग उपायै थिएन। तर मजदूर जुलुस माथि गभर्नरको आदेशमा गोली वर्षाइयो र कम्तिमा ३१ जनाको ज्यान गयो। मनमोहन अधिकारी, प्रचण्डमान श्रेष्ठ, देबु श्रेष्ठ र दमनराज तुलाधरलाई पक्राउ गरियो।

बर्दिया राजापुरमा प्रहरी दमन

नेपाली कांग्रेसले सशस्त्र संघर्षको क्रममा जनतालाई बाँडेको सपना - "जमीन जोत्नेको" पनि थियो। त्यही नारा दिने पार्टी सत्तामा पुग्दा किसानले जोतेको जमीनको स्वामी हुन खोज्नु अनौठो भएन। राजापुरमा किसानहरूले जमिन्दारको विरूद्ध आन्दोलन छेडे। प्रहरीको व्यापक दमन भयो। कैयौं किसान गोलीका शिकार भए।

रक्षादलको विद्रोह

जनवरी ३१, १९५२ को रात काठमाडौं स्तब्ध र भयक्रान्त बन्यो। बत्तीको लाइन काटियो र पछि जनताले थाहा पाए - रक्षा दलले मातृका सरकारको विरूद्ध हतियार उठायो। रक्षादलका जवानले सानोटिमी, गठ्ठाघर, स्वयम्भू वारूदखाना, हनुमानढोका गद्दी बैठकको मुलुकी खाना, नेपाल बैंक, आदि कब्जा गरे। जेल तोडियो। जेलमा कैदी रहेनन्। रामप्रसाद राई, टेकबहादुर मल्ल, अग्निप्रसाद खरेललाई जेलबाट सिंहदरवार पुऱ्याइयो। त्यतिखेर के.आई. सिंहले सिंहदरवार कब्जा गरिसकेका थिए। के. आइ. सिंहले राजासमक्ष पाँच सूत्रीय प्रस्ताव पठाए। तर प्रस्ताव स्वीकार अस्वीकार हुनु भन्दा अघि नै उनी तिब्बततर्फ पलायन भए।

न्यूनवैतनिक कर्मचारी हडताल

२००७ साल माघ श्रीपञ्चमीका दिन अखिल नेपाल न्यूनवैतनिक कर्मचारी संघको स्थापना भयो। उक्त संघले त्यो

बेला आफ्नो १४ सूत्रीय उद्देश्य अघि सारेको थियो। संघको सबै उद्देश्य पेशागत सुधार गर्ने नै थियो। ००८ साल जेठ १४ गते संघले कर्मचारीहरूको न्यूनतम तलबमान प्रतिमहिना रू. ८०।१० होस् भनी तत्कालीन गृहमन्त्री विश्वेश्वरप्रसाद कोइराला समक्ष जाहेर गरे। तर माग पूरा नहुने देखिएपछि देशका (सत्र हजार) कर्मचारी संघर्षमा उत्रिए। न्यायोचित माग पूरा नभएपछि कर्मचारीहरू हड्तालमा ओर्लिए। ००८ माघमा संकटकालीन स्थितिको हवाला दिई सरकारले सुरक्षा कानून लागू गरेपछि कर्मचारीहरू केही सेलाए। सरकारले कुनै वास्ता गरेन। तर ००९ बैशाखदेखि आन्दोलन चर्कियो। अन्ततः जेठ २५ गते उनीहरूको माग आंशिक रूपमा पूरा भयो। कर्मचारीका मागहरू सामान्यतः तलब वृद्धि र पेशागत हकका मात्र थिए। कर्मचारीहरूको मागलाई विभिन्न राजनैतिक संगठनहरूबाट पनि समर्थन भएको थियो। आखिर सरकारले कर्मचारीहरूको आवाजलाई दबाउने हिम्मत गर्न सकेन। तलब मागे भन्दा केही कम भए पनि बढाइ दियो र कर्मचारीहरूले जेठ २५ गते हडताल तोडे।

प्राध्यापकहरूको अल्टिमेटम

कलेजमा कार्यरत प्राध्यापकहरूको समान पद र जिम्मेवारी भएता पनि देशी अर्थात भारतीय प्रध्यापक र नेपाली प्राध्यापक बीच तलब भत्तामा ठूलो असमानता थियो। प्रजातन्त्र अघि सरकारको यस असमान र अन्यायपूर्ण व्यवहार प्रति आवाज उठाउने हिम्मत प्राध्यापकहरूले गर्न सकेनन्। तर २००८ सालमा आएर भारतीय प्रोफेसर र नेपाली प्रोफेसरका बीच समान तलब सुविधाको माग राखी सरकार समक्ष अल्टिमेटम दिए। यो न्यायोचित आवाजलाई सरकारले पछि पूरा गर्‍यो।

कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध

देशमा विभिन्न किसान आन्दोलन, के.आइ. सिंह विद्रोहको सहयोग आदि आरोप राजतन्त्र र दिल्ली सम्झौताको तीब्र विरोधी रहेको कारण मातृका सरकारले नेपाल कम्युनिष्ट पार्टीमाथि ००८ साल माघ १० गते प्रतिबन्ध लगायो। किसान संगठनका नामबाट यस पार्टीले प्रतिबन्धित अवस्थामा जनताका समस्यालाई उजागर गरिनै रहयो। हुम्ला, गोरखा, पाल्पा तथा अन्य ठाउँमा किसान तथा विद्यार्थी आन्दोलनहरू भूमिगत नेपाल कम्युनिष्ट पार्टीको पहलमा सञ्चालन भए। टंकप्रसाद आचार्य प्रधानमन्त्री भएपछि २०१३ साल वैशाख ४ गते कम्युनिष्ट पार्टीमाथिको प्रतिबन्ध हटाइयो।

नेपाली कांग्रेसको सत्याग्रह

नेपाली कांग्रेसले ६ सूत्रीय माग राखी १० जनवरी १९५५ देखि संचालन गर्‍यो। यसका मागमा शान्ति सुरक्षा र अमनचैन कायम गर्ने, नागरिक अधिकारको ग्यारेण्टी, स्वतन्त्र न्यायपालिकाको व्यवस्था, शिघ्र आम निर्वाचन सम्पन्न गर्ने, मूल्यवृद्धि कम गर्ने, स्वतन्त्रताको रक्षा र राष्ट्रिय सम्मानको सुरक्षा आदि थिए। सत्याग्रहसभामा कम्युनिष्ट पार्टीका कार्यकर्ताहरूले पनि भाग लिए। २ दिने सत्याग्रहपछि युवराज महेन्द्रले माग पूरा गराउन आवश्यक कदम चाल्ने आश्वासन दिए।

भीमदत्त पन्तको नेतृत्वमा किसान आन्दोलन

देशका विभिन्न भाग अनिकाल र भोकमरीले ग्रस्त भयो। पहाड तराईका जिल्लाहरूमा हाहाकार मच्चियो। पूर्वतिर नेपाली कांग्रेसले यसै मौकापारी "मालपोत इन्कार" आन्दोलन शुरू गर्‍यो। यसैवेला पश्चिमतिर भीमदत्त पन्तले गरीब किसानको नेतृत्व गरे। उनको आन्दोलनबाट सुदूर पश्चिमतिर तहल्का मच्चियो। वेलौरी कब्जा गरी उनले आन्दोलन बढाए। मातृका सरकारले सुरूमा यो जनविद्रोहलाई दबाउन सकेन। तर पछि परिबन्दमा परेका भीमदत्त पन्तलाई नेपाली फौजले नै गोली हानी हत्या गरी टाउको समेत काटेर डडेलधुरामा नै सार्वजनिक प्रदर्शन गरे। यस घटनामा उनी लगायत करीब ५० जनाको ज्यान लिइयो र २५० जनालाई बन्दी बनाइयो।

प्रधान न्यायालयको अधिकार अपहरण

मातृका सरकारले आफूलाई गैहकानूनी रूपमा पक्राउ गरी थुनेको विरूद्ध विश्वेश्वरप्रसाद कोइरालाले प्रधान न्यायालयमा रिट दायर गरे। न्यायालयले पनि वी.पी.को गिरफ्तारी गैहकानूनी भएको फैसला दिइ तुरून्त रिहाइ गर्न आदेश दियो। सरकारले अदालतको आदेशलाई टेरपुच्छर लाएन। अदालतले स्वतन्त्र रूपमा न्यायिककार्य सम्पादन गरेको देख्न नसकी २०१० साल माग ७ गते अन्तरिम शासन विधान संशोधन गराई देशको कार्यकारिणी, व्यवस्थापिका र न्यायपालिकाको सर्वोच्च अधिकार ग्रहण गरी राजा त्रिभुवन आफै सर्वेसर्वा भए। यसरी दरवारबाट जनताको हातमा आइसकेको अधिकार फेरि दरवारभित्र नै प्रवेश गर्‍यो र प्रजातन्त्र र मानवअधिकारलाई दरवारले पुनः चुनौती दिने कार्यको विजारोपण भयो। टंकप्रसाद आचार्यको कार्यकालमा सर्वोच्च अदालत ऐन पास गरी २०१० मा खोसिएको अदालतको अधिकार केही मात्रामा पुनर्वहाली भयो।

पत्रपत्रिकामाथि प्रतिबन्ध

२०१४ साल श्रावण ११ गते संयुक्त प्रजातान्त्रिक पार्टीका नेता डा. के.आइ. सिंहको नेतृत्वमा गठित मन्त्रिमण्डलले प्राप्त सीमित अधिकारमाथि पनि धावा बोल्यो। २ वटा साप्ताहिक र ५ वटा दैनिक पत्रिकालाई प्रतिबन्ध लगाइयो। राजाको विरोधमा बोलेमा खतम पार्ने धम्की दिए।

प्रजातान्त्रिक मोर्चाको आन्दोलन

"२००७ सालको क्रान्तिबाट प्राप्त अधिकार अपहरण हुने" सम्भावनाले गर्दा नेपाली कांग्रेस, नेपाल प्रजापरिषद र नेपाली राष्ट्रिय कांग्रेसले प्रजातान्त्रिक भेला कायम गरे। नेपाल

कम्युनिष्ट पार्टीले पार्टी सम्मेलनको माग अघि सा-यो।

२ महिनाभित्र चुनावको मिति तोक्नु पर्ने माग सहित चुनावको मिति नतोकिएमा २०१४ मार्ग २२ देखि भद्रअवज्ञा आन्दोलन शुरू गर्ने अल्टिमेटम प्रजातान्त्रिक मोर्चाले राजा समक्ष पेश ग-यो। के.आइ. सिंहको मन्त्रिमण्डल विघटन पश्चात पनि आन्दोलन रोकिएन। राजा महेन्द्रले २०१४ मार्ग २१ मा ११ वटा पार्टीहरूको सम्मेलन बोलाए। २०१५ साल फागुन ७ गते निर्वाचन हुने मिति घोषणा भएपछि आन्दोलन बन्द भयो।

हिन्दी भाषालाई राष्ट्रिय भाषा बनाउने माग

हिन्दी भाषालाई नेपालमा राष्ट्रभाषाको मान्यता प्रदान गरिनु पर्दछ भनी तराईमा भाषा आन्दोलन शुरू भयो। यता नेपाली भाषा प्रचारिणी सभा गठन भै नेपाली भाषा नै राष्ट्रभाषा हुनु पर्ने माग र हिन्दीलाई राष्ट्रभाषा बनाउने मागको व्यापक विरोध पनि शुरू भयो। के. आइ. सिंह मन्त्रिमण्डलले नेपाली भाषाको माध्यममै पढाइ हुनु पर्ने भाषा नीति प्रष्ट पा-यो।

पहिलो आमनिर्वाचनपछि

जनतालाई सार्वभौम स्वीकार गरी संविधान आफै बनाउने अधिकार जनतालाई दिने घोषणाको कुनै अर्थ रहेन। जनताले आफ्नो शासन गर्ने संविधान आफै बनाउने अधिकार पाएनन्। राजा आफै संप्रभू बने र २०१५ फागुन १ गते संविधान घोषणा गरे।

२०१५ साल फागुन ७ गते सम्पन्न निर्वाचनको परिणाम पश्चात बहुमत प्राप्त नेपाली कांग्रेस पार्टीले सरकार बनायो। सरकारका सामु निकै ठूला चुनौती र अप्ठ्याराहरू थिए।

डा. के.आइ. सिंह, टंकप्रसाद आचार्य र रंगनाथ शर्मा मिली गठन भएको राष्ट्रिय प्रजातान्त्रिक मोर्चाले निर्वाचित सरकारको विरूद्धमा आन्दोलनको घोषणा ग-यो। ४ डिसेम्बर १९५९ का दिन भारत नेपाली बीच सम्पन्न गण्डक सम्झौताको विरोध, डाल्डा घिउकाण्ड जस्ता घटनाको विरोधमा व्यापक जुलुस प्रदर्शनहरू भए। २०१६ पौषमा पश्चिम १ नम्बरमा भएको काण्डमा गोली चलाइयो। भाषण, जुलुस प्रदर्शमा रोक लगाइयो।

राज्य-रजौटा उन्मूल अन्तर्गत बझाङमा गोलीकाण्ड भयो। बझाङ्गी राजा राम जंगले सरकारी आदेश मान्न इन्कार गरे। ओम जंगले बझाङ्गका सरकारी अड्डाहरू लुटे।

गोरखामा जनताले वडाहाकिमको कार्यालयमा हमला गरेपछि सेनाले नियन्त्रणमा लिन गोली चलाउँदा ७ जना मरे र ६ जना घाइते भए।

दाङमा किसान र जमिन्दार बीच भएको संघर्षमा गोली चलाइयो।

यी परिस्थितिहरूका बीच २०१७ साल पौष २ गते निर्वाचित संसद भंग गरी राजाले सम्पूर्ण संवैधानिक हक अधिकार निलम्बन गरे र २००७ सालको जनक्रान्तिपछि प्राप्त प्रजातन्त्र र जनताले प्राप्त गरेको मौलिक अधिकार फेरि दरवार र शासकमा नै केन्द्रीत हुन पुग्यो। ❑

परिच्छेद २

सन् १९९३ मा राजनैतिक तथा संवैधानिक विकास

परिच्छेद २ (क)

सन् १९९३ र राजनैतिक विकास

सन् १९९३ को प्रारम्भ प्रधानमन्त्री विरूद्ध संचालित प्रतिपक्षी पार्टीहरूको अभियानसँगै भयो। त्यस अघि प्रतिनिधि सभाका सभामुख दमन ढुंगानाले टनकपुरको विवादलाई आफ्नो विशेषाधिकारको प्रयोग गरी अदालतको प्राँगणमा पुऱ्याइ दिनु भएको थियो। त्यसै विषयको सेरोफेरोमा वर्षको सुरूवात संगै प्रधानमन्त्री र सभामुखको बीच तीब्र विवाद देखा पऱ्यो।

०४९ मंसीर ३० गते सर्वोच्च अदालतले टनकपुर परियोजना सम्बन्धमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा भारत भ्रमणका अवसरमा भारतसँग भएको लिखतलाई सन्धि नै हो भन्ने फैसला गरेको थियो। गत वर्षको अन्त्यतिर भएको उक्त फैसलाले राष्ट्रिय राजनीतिमा ठूलो हलचल पैदा गरेको थियो।

सर्वोच्च अदालतको फैसला पश्चात पनि टनकपुर सम्बन्धी सन्धिलाई सदनको सामान्य बहुमतद्वारा अनुमोदन गराउने अडान सरकारले लियो। तर सभामुखले ०४९ फागुन-चैतको चौथो संसदीय अधिवेशन ताका अदालतको फैसला अनुसार टनकपुर सन्धि दुई तिहाई बहुमतले अनुमोदन गराउनु पर्ने प्रकृतिको हो भन्ने धारणा अघि सार्नु भएको थियो। सोही विषयमा सरकार र सभामुख बीचको विवाद तीब्र रूपमा अघि बढेको थियो। पछि सरकारले आफ्नो अडानकै कारण राष्ट्रिय सभाद्वारा सन्धि ऐनकै संशोधन गर्ने प्रयास गऱ्यो।

टनकपुर सम्बन्धी फैसला हुनु अघि नेपाली कांग्रेसका सर्वोच्च नेता गणेशमान सिंहले समेत प्रधानमन्त्रीको राजिनामाको माग गर्नु भएको थियो। त्यो बेलाको तनावपूर्ण स्थितिकै बीच प्रधानमन्त्री कोइरालाले भारतबाट प्रकाशित हुने एक समाचार-पत्रसंगको अन्तर्वार्तामा मध्यावधि चुनावको संभावना उल्लेख गर्नुभएको थियो। त्यस पछिको वातावरण झन अन्यौलग्रस्त बन्न पुगेको थियो। तर मध्यावधि चुनावको परिकल्पनालाई नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिले किनारा लगाई दियो। त्यसै बीच कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराईले ०४९ मंसीर १९ गते त्यस पार्टीको केन्द्रीय समितिको गठन गर्नु भयो। कोइराला पक्षधरहरूले उक्त समिति नै अवैधानिक भएको ठहर गर्दै पार्टीमा ज्ञापन पत्र समेत प्रस्तुत गरेका थिए। ०४९ माघको २१, २२ र २३ गतेको कांग्रेस महासमितिको बैठकसम्मै कांग्रेसको आन्तरिक विवाद अति तीब्र रह्यो। त्यस क्रममा कांग्रेसको विद्यमान विधानको संशोधन गरिनु पर्ने माग पनि जोडतोडले उठेको थियो।

पहिलेदेखि चलेको प्रधानमन्त्री कोइराला विरोधी अभियान टनकपुरका सम्बन्धमा सर्वोच्च अदालतको फैसला भएपछि झन तीब्र हुन पुगेको थियो। भक्तपुर जिल्ला विकास परिषद्को पुस १६ देखि १८ गतेसम्म चलेको बैठकमा एक मतको अन्तरमा प्रधानमन्त्रीले राजिनामा दिनु पर्ने प्रस्ताव पारित गरिएको थियो।

टनकपुरको विषयमा छलफल गर्नका लागि ०४९ पुस २१ गते कृषिमन्त्री रामचन्द पौडेलको संयोजकत्वमा पाँच सदस्यीय विशेष समितिको गठन भएको थियो। तर त्यसको सकारात्मक असर पर्न सकेन। तर त्यस समितिले पुस २७ गते एक सर्वदलीय बैठक बोलाएको थियो। उक्त बैठकलाई प्रमुख प्रतिपक्षी नेपाल कम्युनिष्ट पार्टी (एमाले) लगायत संयुक्त जनमोर्चा र नेपाल मजदूर किसान पार्टीले बहिष्कार गरेका थिए।

पुस २७ गते दिउँसो राष्ट्रिय योजना आयोगको समीक्षा बैठक कक्षमा सत्तारूढ दल नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा (संयुक्त) का दुईजना र नेपाल सद्भावना पार्टीका एकजना प्रतिनिधि र विशेष समितिका पाँच सदस्य र मन्त्री गरी जम्मा १२ जनाको छलफलमा दुई घण्टासम्म टनकपुरका सम्बन्धमा राष्ट्रिय सहमतिको खोजी गरियो। त्यही दिन एमालेको बागबजार स्थित कार्यालयमा चार वाम घटकको संयुक्त बैठक बस्यो। उक्त बैठकले संघर्षका विविध कार्यक्रमहरू प्रकाशित गऱ्यो।

सरकारद्वारा आयोजित सर्वदलीय बैठकमा कांग्रेसका तर्फबाट वासुदेव रिसाल, रामबाबु प्रसाईं, राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट डा. प्रकाशचन्द लोहनी, डा. मोहम्मद मोहसिन, नेपाल सद्भावना पार्टीबाट देवेन्द्र मिश्र र नेकपा (संयुक्त) का तर्फबाट चन्ददेव जोशी र सुनिल मानन्धरको उपस्थिति रहेको थियो। समितिका संयोजक रामचन्द्र पौडेलेको सभापतित्वमा बसेको सो बैठकमा सत्तारूढ पार्टी बाहेक सबै पार्टीका प्रतिनिधिहरूले सर्वप्रथम सरकारबाट भएको गल्ती स्वीकार गरिनु पर्ने कुरामा जोड दिएका थिए। उपरोक्त माग पूरा नभएसम्म सहमतिको वातावरण निर्माण हुन नसक्ने जनाउँदै राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्भावना पार्टीका प्रतिनिधिहरूद्वारा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सदनमा माफी माग्नु पर्ने विचार राखिएको थियो। नेकपा (संयुक्त) का प्रतिनिधिले प्रधानमन्त्रीको राजिनामाको आफ्नो पूर्व अडान कायम नै रहेको कुरा दोहोऱ्याउनु भएको थियो। राष्ट्रिय सहमतिका लागि सबै पार्टीहरूको मतैक्यताका लागि सबै

सहभागी सहमत भएका थिए। सरकारले पनि औपचारिक वार्ता हुनु अघि पनि वार्ता गर्नु पर्ने थियो भन्ने राय पनि सो बैठकका विपक्षी सहभागीहरूले समितिलाई दिएका थिए।

सर्वदलीय बैठकको बहिष्कारपछि पुस २९ गते एमालेको कार्यालयमा बसेको चार वाम घटकहरूको बैठकले प्रधानमन्त्री कोइरालाको राजिनामाको माग गर्दै दोश्रो चरणको संघर्ष कार्यक्रमको घोषणा गऱ्यो। उपरोक्त निर्णय अनुसार माघ ७ गते दाङमा, १२ गते जनकपुरमा र २१ गते टनकपुरमा संयुक्त आमसभाहरू सम्पन्न भए। त्यसैगरी माघ १५ गते भरतपुर, १८ गते काठमाडौं र २२ गते ललितपुरमा कार्टून प्रदर्शनीहरू भएका थिए। माघ २२ गते देशव्यापी रूपमा कालो झण्डा प्रदर्शन भएको थियो। माघ २९ गते सिंहदरवारमा धर्ना घेराउको कार्यक्रम भएको थियो। सोही दिन उपत्यका बाहिर जिल्ला प्रशासन कार्यालयमा धर्ना घेराउको आयोजना गरिएको थियो। ०४९ चैत २४ पछि शिथिलता आउन थाल्यो । एमाले र नेमकिपाले राष्ट्रिय सहमतिका लागि सदक आन्दोलन नगर्ने भएपछि बैशाख १६ गते जनमोर्चा र मसालले दस सूत्रीय माग सहित आन्दोलन जारी रहने घोषणा गरे।

०४९ पुष २७ गते राजपरिषदको नामावली प्रकाशित भएपछि दरवारका विरूद्ध तीव्र रोष छायो। बुद्धिजिवीहरूका अनुसार उक्त नामावलीले जनआन्दोलनको अवहेलना तथा संविधानको उल्लंघन भएको थियो। परिषदमा पंचायतकालीन प्रधानमन्त्री मरिचमान सिंह र योगी नरहरी नाथको समेत नाम समावेश भएकोले विरोध भएको थियो।

०४९ माघ ८ गतेसम्म काठमाडौंमा नेकपा (मार्क्सवादी) को तीन दिने सातौं राष्ट्रिय सम्मेलन सम्पन्न भयो। ०४९ माघ १४ देखि २० गतेसम्म काठमाडौंमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) को पाचौं राष्ट्रिय सम्मेलन सम्पन्न भयो। प्रमुख प्रतिपक्षी पार्टीको उक्त महाधिवेशनले राष्ट्रिय राजनीतिमा अत्यधिक चर्चा पाएको थियो। एमाले महाधिवेशनमा ७५ जिल्लाका ४ सय ५० पर्यवेक्षक र ७ सय ९६ प्रतिनिधिहरू सहभागी भएका थिए। उक्त अवसरमा भारत, चीन, पाकिस्तान, बंगलादेश, बेल्जियम, कोरिया आदि देशका १७ प्रतिनिधिहरूको पनि सहभागिता रहेको थियो। महाधिवेशनले अत्यधिक बहुमतका साथ मदन भण्डारीलाई पुनः महासचिवमा निर्वाचित गरेको थियो।

०४९ माघ २१, २२ र २३ गते चितवनमा नेपाली कांग्रेसको महासमिति बैठक सम्पन्न भयो। उक्त बैठकले टनकपुरको विषयलाई सामान्य बहुमतले पारित गर्न सदनमा पेश गर्ने निर्णय गऱ्यो।

०४९ फागुन १० गते नेपाल प्राध्यापक संघको निर्वाचन भयो। उक्त निर्वाचनमा कांग्रेस, कम्युनिष्ट र पूर्वपञ्च समर्थित तीन छुट्टा छुट्टै समूह देखा परेको थियो। चुनावमा कपिल श्रेष्ठले नेतृत्व गर्नु भएको कांग्रेस समर्थित समूह विजयी हुन पुग्यो।

०४९ फागुन १४ गते अधिराज्यका कूल ७३ मध्ये ६९ त्रिभुवन विश्व विद्यालयका आंगिक क्याम्पसहरूमा स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन सम्पन्न भयो। उक्त निर्वाचनमा नेपाली कांग्रेस पक्षीय नेपाल विद्यार्थी संघले ३४ र एमाले समर्थित अनेरास्ववियुले ३० क्याम्पसहरूमा जितेको थियो। ०५० भदौसम्म देशका त्रि.वि.वि. आङ्गिक क्याम्पस, प्राइभेट क्याम्पस र महेन्द्र संस्कृत विश्वविद्यालयका क्याम्पसहरूमा भएका चुनावहरूमा अनेरास्ववियु पक्षका ७६, नेविसंघ पक्षका ४८ विद्यार्थीहरू सभापतिमा चुनिएका थिए। त्यस्तै सचिव पदहरूमा अनेरास्ववियुका ७६ र नेविसंघका ४८ विद्यार्थीहरू निर्वाचित भएका थिए।

त्यसबीच कांग्रेस र एमालेको सम्बन्ध अत्यन्त कटू हुन पुगेको थियो। सोही क्रममा ०४९ फागुन २२ गते सरकार र प्रतिपक्ष बीचको भीडन्तमा सिन्धुलीमा एकजना छात्राको प्रहरीले चलाएको गोली लागी निधन भयो।

त्यसै बीच बराल प्रतिवेदनको मूल्यांकनको आधारमा टनकपुरको सन्धिलाई प्रतिनिधि सभामा सामान्य बहुमतद्वारा अनुमोदन गराउन जलस्रोत राज्यमन्त्री लक्ष्मणप्रसाद घिमिरेले संसद् सचिवालयमा प्रस्ताव दर्ता गराउनु भयो। सर्वोच्च अदालतले सन्धिको ठहर गरिदिए यता अनुमोदनका लागि दुई तिहाई बहुमतद्वारा तल्लो माथ्लो सदनको संयुक्त सदनमा लग्नु पर्ने सदनदेखि सडकसम्मको वामपन्थीहरूको मागलाई सरकारले वास्ता गरेन। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको टनकपुर सम्बन्धी सवाललाई लिएर दिल्ली पुगेका एमाले नेताहरूले त्यहाँबाट फर्केपछि सन्धिलाई पुनर्मूल्यांकन गर्न भारत तयार रहेको कुरो बताए। तर त्यसका निम्ति गरिएको आग्रहलाई नेपाली कांग्रेस र उसको सरकारले वास्ता गरेन। त्यसपछि फागुन २५ गते एमालेले पनि सरकारको अनुमोदन प्रस्तावका विरूद्ध स्थगन प्रस्ताव दर्ता गऱ्यो।

कांग्रेसको महासमितिको भरतपुर बैठकले टनकपुरको सन्धिलाई अनुमोदनका लागि सामान्य बहुमतमा लैजान सरकारलाई अनुमति दियो। तर त्यस यता कांग्रेसका सर्वोच्च नेता गणेशमान सिंहले सार्वजनिक रूपमै पार्टीको उक्त निर्णय प्रति असहमति जनाउँदै आउनु भएको थियो। सरकारले सन्धि अनुमोदनका लागि दर्ता गराइसकेपछि वहाँले पार्टी सभापति कृष्णप्रसाद भट्टराईका नाममा एउटा चिठ्ठी लेख्नु भयो। फागुन २५ गते बालुवाटारमा बसेको संसदीय दलको बैठकमा आफू उपस्थित हुन नसकेको कारण "यो पत्र लेखिरहेछु" भन्दै पठाउनु भएको सो पत्रलाई अधिकांश पत्रपत्रिकाले गंभीर महत्व दिएर छापेका थिए। अत्यन्त भावविभोर भएर लेखिएको उक्त पत्रमा उल्लेख गरिएको थियो। - "आज राष्ट्र र प्रजातन्त्र दुबै संकटमा छन्। दुबैले हाम्रो मुख ताकेका छन्। एकको अस्तित्व अर्कोसंग गासिएकोले हामी पनि त्यसैसंग जोडिन पुगेका छौं। हामी त्यो दायित्वबाट उम्किन सक्दैनौं।

वहाँले अगाडि लेख्नु भएको थियो।- "टनकपुर प्रकरणमा प्रतिनिधि सभाको साधारण बहुमतमा जानु भनेको मृत्यु पत्रमा सही छाप गर्नु हो।"

"अहिले सत्ता र प्रतिपक्ष बीच जुन खाडल बनेको छ,

त्यो पुर्न नसकिने खालको छैन। मलाई अहिले पनि समय बितिसकेको जस्तो लागेको छैन। अझै हामी राष्ट्रिय सहमतिको निम्ति उपयुक्त फर्मूला खोज्न सक्छौं। राष्ट्रिय सहमति टनकपुर समस्याका निम्ति मात्र होइन, संसदीय व्यवस्था र प्रजातान्त्रिक जीवन मूल्यका लागि समेत अपरिहार्य छ। यति टड्कारो सत्यका प्रति पार्टीले आँखा चिम्लियो भने, हाम्रो आँखा कसले खोलि दिने।" - वहाँले लेख्नु भएको थियो।

"राष्ट्रिय सहमतिको कुनै विकल्प छैन। राष्ट्रिय सहमति कुनै पनि मूल्यमा खोज्नै पर्छ।" भन्ने उल्लेख गर्दै लेखिएको थियो।- "मेरो पार्टीसंग निकट अतीतमा भएका हाम्रा गलत नीतिहरूलाई सच्याउने र आफ्नो गौरवपूर्ण परम्परा थाम्ने विवेक र चेतना जागोस् भन्ने कामना पनि अरण्यरोदन सावित हुन बेर छैन। किनभने पतनशील व्यक्ति, संस्था र समाजको मति भ्रष्ट हुन्छ। मति भ्रष्ट भएपछि उसले कुनै कुरा सुन्न, सोच्न र ठम्याउन सक्दैन।"

टनकपुरको मुद्दाले सदन र सडक ततताइरहेको राजनैतिक वातावरणमा राष्ट्रिय प्रजातन्त्र पार्टीले फागुन २९ गते सिंहदरवारमा धर्ना कार्यक्रम सम्पन्न गऱ्यो। उक्त अवसरमा राप्रपाले सरकार समक्ष ७ बुंदे ज्ञापन पत्र प्रस्तुत गरेको थियो। धर्ना कार्यक्रममा पंचायतकालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द लगायत ३ सय कार्यकर्ताहरूको सहभागिता रहेको थियो।

एमाले सांसद एवं कानूनविद् सुवास नेम्वाङले फागुन ३ गते राष्ट्रिय सभामा मानवअधिकार आयोग सम्बन्धी संकल्प-प्रस्ताव दर्ता गर्नु भएको थियो। "देशको मानवअधिकारको आंकलन, मूल्यांकन गरी आवश्यक कार्यार्थ सरकारलाई सिफारिश गर्ने, मानवअधिकार क्षेत्रमा कार्यरत व्यक्तिहरू समेत समाविष्ट रहेको एउटा उच्चस्तरीय सर्वदलीय राष्ट्रिय आयोगको अविलम्ब गठन गरियोस्" भन्ने उक्त संकल्प-प्रस्तावमा फागुन २२ गते मतदान हुँदा नेम्वाङको पक्षमा १६ र विपक्षमा २७ मत परेको घोषण गरिएको थियो। राष्ट्रिय सभामा अस्वीकृत भएको मानवअधिकारको आयोग सम्बन्धी प्रस्ताव मानवअधिकारवादीहरू माझ ठूलो चर्चाको विषय बन्न पुगेको थियो। उक्त प्रस्ताव अस्वीकृत भए पश्चात नेमाधिसंका अध्यक्ष हृषिकेश शाहले एक वक्तव्य जारी गर्दै भन्नु भएको थियो।- "... मानवअधिकार सम्बन्धी उल्लंघनहरूको रेखदेख गर्नाको खातिर राष्ट्रिय आयोग खडा गरियोस् भनी एकजना सांसद्ले राष्ट्रिय सभामा राख्नु भएको प्रस्ताव होपापाी र आतुरीसाथ जसरी अस्वीकृत गरिएको छ त्यो निश्चय पनि वयोवृद्धि सम्पन्न बुजुर्गहरूको सदनलाई शोभा दिने काम भएको छैन।"

"सत्तापक्ष र विपक्षका सांसदहरूले सबैले आपसमा गंभीर रूपले विचार विमर्श गरी राजनैतिक दलका प्रतिनिधिहरू समेत रहेको वा विलकूल नरहेको खाली व्यवसायिक र मानवअधिकार संस्थहरू र तिनका कारवाहीहरूसंग सम्बन्धित व्यक्तिहरू मात्र रहेको जे जस्तो होस् अरू देशका चलनहरू पनि हेरी नेपालमा पनि एउटा राष्ट्रिय मानवअधिकार आयोगको स्थापना गर्ने तर्फ ठोस कदम चाल्नु होला भन्ने मैले अझै आशा लिएको छु।" - वहाँले वक्तव्यमा भन्नु भएको थियो। तर त्यस अघि राष्ट्रिय सभामा संकल्प प्रस्तावउपर मतदान हुने क्रममा बोल्दै गृहमन्त्री शेरबहादुर देउवाले मानवअधिकारको निम्ति देशमा एम्नेष्टी इन्टरनेशनल र मानवअधिकारवादी संस्थाहरू क्रियाशील रहेकोले त्यसको निम्ति कुनै आयोग नै गठन गर्न आवश्यक छैन भन्नु भएको थियो।

राष्ट्रिय सभामा उक्त संकल्पउपर छलफल हुँदा प्रमुख प्रतिपक्षी दल एमालेका नेता माधव नेपालले देशमा मानवअधिकार उल्लंघनका घटनाहरू बढेकाले एक उच्चस्तरीय आयोग गठन गर्न आवश्यक भएको कुरा उल्लेख गर्नु भएको थियो। वहाँले प्रतिपक्षीबाट प्रस्तुत भएको भन्दैमा सत्तापक्षले उक्त संकल्प-प्रस्तावको विरोध गर्नु नहुने राय पनि व्यक्त गर्नु भएको थियो। तर गृहमन्त्रीले उक्त प्रस्तावको औचित्य नरहेको स्पष्टिकरण दिँदै कुनै आयोग गठन गर्दैमा मानवअधिकार सम्बन्धी समस्या समाधान नहुने विचार प्रकट गर्नु भएको थियो। गृहमन्त्रीले गृहमन्त्रालयमा मानवअधिकार सम्बन्धी एउटा शाखा रहेको र प्रतिनिधि सभामा पनि त्यस सम्बन्धी समिति क्रियाशील रहेको कुरा बताउनु भएको थियो। उक्त प्रस्तावको अस्वीकृति पश्चात मानवअधिकार संरक्षण मञ्च (मासम) ले चैत १ गते एक प्रेस वक्तव्य जारी गर्दै दुःख व्यक्त गरेको थियो।

०४९ चैत १ गते चार वाम पार्टी एमाले, जनमोर्चा, नेमकिपा र मसालको आव्हानमा उपत्यका बन्द भएको थियो।

०४९ चैत ७ गते विराटनगरमा नेपाल पत्रकार संघको १६ औं अधिवेशन प्रारम्भ भयो। चैत ८ गते सम्पन्न भएको उक्त अधिवेशनमा एमाले र कांग्रेसको भट्टराई पक्ष मिली कोइराला पक्षधरहरूलाई पराजित तुल्याएका थिए।

०४९ चैत १५ गते राष्ट्रिय सभाको बैठकमा नेपाल सन्धि ऐन, ०४७ पहिलो संशोधन विधेयक अन्ततः ध्वनि मतद्वारा पारित गरियो। त्यसअघि न्याय, कानून तथा संसदीय व्यवस्था मन्त्री महेश्वरप्रसाद सिंहले नेपाल सन्धि ऐन, ०४७ पहिलो संशोधन विशेष समितिको प्रतिवेदन सहितको प्रस्ताव छलफलका लागि सदनमा प्रस्तुत गर्नु भएको थियो। संशोधन विधेयक छलफलका लागि प्रस्तुत गर्दै मन्त्री सिंहले सन्धि ऐनको वर्तमान संशोधनको टनकपुर संझौतासंग सम्बन्ध नरहेको दावी गर्नु भयो। वहाँले ३५ दिन अघि प्रस्तुत गरिएको संशोधन विशेष समितिमा पठाइएको, सात पटक बैठक बसी छलफल भएको कुरा उल्लेख गर्दै विशेष समितिमा सहमति भएका कुराहरूबाट पनि विपक्ष पछाडि सरेको आरोप लगाउनु भएको थियो। तर एमाले र जनमोर्चाका सांसदहरूले संशोधनद्वारा संविधानको धारा १२६ लाई मिचिने तर्क अघि सारेका थिए। उनीहरूले प्रस्ताव छलफलमा नल्याउन जोड दिएका थिए। त्यस क्रममा बैठकमा तीव्र विवाद उत्पन्न भएको थियो। अध्यक्षले कार्वाही अगाडि बढाउन खोज्दा

एमाले र जनमोर्चाका सांसद्हरूले वहाँको आसन अगाडि गएर "संविधान मिच्न पाईदैन, बलमिचाई गर्न पाईदैन" भन्ने नारा लगाएका थिए। झण्डै १० मीनेटको नाराबाजीपछि अध्यक्षले बैठक एक घण्टाका लागि स्थगित गर्नु भएको थियो। पुनः बैठक सुरू भएपछि पनि विवाद बढ्दै गयो। तर विवादकै बीच प्रस्ताव पारित गरियो। संशोधन प्रस्ताव फागुन १० गते प्रस्तुत भएको थियो र विशेष समितिमा छलफल भएपछि सरकारले समितिको प्रतिवेदन सहित सदनमा राखेको थियो।

०४९ फागुन २८ देखि चैत २ गतेसम्म गौर रौतहटमा नेकपा (संयुक्त) को एकता महाधिवेशन सम्पन्न भयो। उक्त सम्मेलनमा उपस्थित ३४ जिल्लाका ४०० प्रतिनिधिहरूले पुनः विष्णुबहादुरलाई नै नेतामा चयन गरेका थिए।

०५० जेठ ३ गते चितवनको दासढुंगामा भएको शंकास्पद दुर्घटनामा परी एमालेका तत्कालीन महासचिव मदन भण्डारी एवं अर्का एमाले नेता जीवराज आश्रितको निधन भयो। दासढुंगा दुर्घटना राष्ट्रिय राजनैतिकै दुर्घटना ठहरिन पुग्यो। त्यसपछिका दिनमा पूरै देश अशान्त रहयो। ०५० भदौ १ गते नेपाली कांग्रेस र एमाले बीच संझौता हुनु अघि झण्डै दुई दर्जन नागरिकहरूले प्रहरीको गोलीद्वारा ज्यान गुमाउनु पर्‍यो।

०५० जेठ २२ गते नेपाल सद्भावना पार्टीले ६ सूत्रीय मागका साथ पूर्व निर्धारित कार्यक्रम अनुसार आन्दोलनको शुरूवात गर्‍यो। नागरिकता प्रमाणपत्र सुलभ ढंगले उपलब्ध गराउने, हिन्दी भाषालाई संवैधानिक मान्यता दिलाउने, सरकारी अर्धसरकारी सेवाहरूमा मधिसेहरूलाई ५० प्रतिशत आरक्षणको व्यवस्था गर्ने, शाही सेनामा मधिसेहरूको समूहगत प्रवेश, भूमिहीनहरूलाई भूमि एवं समान जनसंख्या, भौगोलिक तथा सांस्कृतिक एकरूपताको आधारमा निर्वाचन क्षेत्रको निर्धारण गर्नु पर्ने माग उक्त पार्टीले अघि सारेको थियो। सद्भावना पार्टीले असार ७ देखि ११ गतेसम्म पहाडी जिल्लाहरूमा भोक हड्ताल गरेको थियो।

०५० जेठ २९ देखि ३२ गतेसम्म काठमाडौंमा राष्ट्रिय प्रजातन्त्र पार्टीको प्रथम राष्ट्रिय महाधिवेशन सम्पन्न भयो। १२ सय प्रतिनिधिहरूको सहभागिता रहेको उक्त महाधिवेशनमा भारतको कांग्रेस (आई), भारतीय जनता पार्टी, जनता दल (अजित सिंह), जनता दल (भी.पी. सिंह) एवं बंगलादेशको अवामी लीगका प्रतिनिधिहरूको पनि उपस्थिति थियो। महाधिवेशनले सूर्यबहादुर थापालाई अध्यक्ष, लोकेन्द्रबहादुर चन्दलाई नेता एवं, राजेश्वर देवकोटालाई सह-कोषाध्यक्ष पदमा छनौट गरेको थियो।

असारको सुरूवातदेखि नै वामआन्दोलन पनि शुरू भयो। त्यही सेरोफेरोमा असार १३ गते राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि एक वक्तव्य प्रकाशित गर्दै वामआन्दोलनको सुरूवातमै काठमाडौंमा भएको जनधनको क्षतिप्रति गंभीर चिन्ता प्रकट गर्दै दासढुङ्गा दुर्घटनाको निष्पक्ष छानवीन गर्न सर्वोच्च अदालतका बहालवाला न्यायाधीशको अध्यक्षतामा एक उच्चस्तरीय न्यायिक आयोग गठन गरिनु पर्ने माग अघि सार्‍यो।

असारभरी वामआन्दोलन उत्कर्ष रहयो। त्यस बीच सरकार र वाम प्रतिपक्ष बीचको स्थिति अत्यन्त तनावपूर्ण रहयो। आन्दोलन विरोधी वक्तव्यहरूले नै सरकारी संचार माध्यमहरूमा प्रमुखता पाउन थाले। आन्दोलनले गरेका क्षतिहरू सरकारी संचारमा ध्यानहरूमा व्यापक रूपमा छापिन थाले। अन्य अखवारहरूमा मानवअधिकार उल्लंघनका समाचारहरू छ्यापछ्याप्ती छापिए। त्यस क्रममा सांसदहरू समेत गिरफ्तारीमा परे।

साउन ३ गते संसदको परराष्ट्र तथा मानवअधिकार समितिका दस सदस्यहरूले आन्दोलनका सिलसिलामा पक्राउ परेकाहरूको स्थितिको अवलोकन र अध्ययन गर्न, उनीहरू राखिएका ठाउँहरूको निरीक्षण गर्न, सो समितिको टोली पठाइयोस् भनी समितिको बैठकमा पेश गरिएको प्रस्तावलाई निर्णयमा नल्याई तुहाउने निर्णय गरेकोमा क्षोभ व्यक्त गरे। सदस्यहरू सिद्धिलाल सिंह, कमानसिंह लामा, लालबाबु पण्डित, लीलामणि पोखरेल, विष्णुबहादुर राउत, पशुपति शमशेर जबरा, पद्मरत्न तुलाधर, हिरण्यलाल श्रेष्ठ, शिवराज गौतम र मणिकुमार लिम्बूद्वारा जारी गरिएको संयुक्त वक्तव्यमा भनिएको थियो। - प्रस्तावप्रति सरकारले उपेक्षा र अमर्यादित व्यवहार गरेको छ र यसबाट मानवअधिकारको गंभीर उल्लंघन भएको छ।

साउनको अन्तिम सातातिर वाम प्रतिपक्षीद्वारा प्रस्तावित दश सूत्रीय मागका सम्बन्धमा नेपाली कांग्रेस र एमाले बीच भइरहेको वार्ता सरकारद्वारा निष्काशित कर्मचारीहरूको पुनर्वहाली सम्बन्धी प्रश्नमा मात्र आएर अड्किएको थियो। साउन २४ गते भएको वार्तामा सत्तापक्षले सरकारद्वारा निष्काशित कर्मचारीहरूको पुनर्वहालीले प्रशासनिक क्षेत्रमा अराजकता फैलने दावी गरेको थियो। तर प्रतिपक्षले बर्खास्त गरिएका कर्मचारीहरूको पुनर्वहाली हुन आवश्यक भएको भनी अडान लिएको थियो।

०५० भदौ १ गते नेपाली कांग्रेस र एमाले बीच सम्झौता भयो। "प्रमुख प्रतिपक्षी दल नेपाल कम्युनिष्ट पार्टी (एमाले) लगायत सात वाम दलद्वारा करीब दुई महिनादेखि चलाइएको आन्दोलन आजदेखि अन्त्य गरिएको छ। सत्तारूढ दल नेपाली कांग्रेस तथा प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का वार्ताकारहरूले आफ्ना नेताहरूको उपस्थितिमा ९ सूत्रीय सहमति पत्रमा आज प्रधानमन्त्रीको कार्यालयमा हस्ताक्षर गर्नु भयो भने नेपाली कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराई तथा नेकपा (एमाले) का महासचिव माधव नेपालले सम्झौताको पालना र क्रियान्वयनमा दृढता व्यक्त गर्नु भयो।" - भदौ २ गतेको गोरखापत्रमा १ गतेको मितिमा लेखिएको समाचारको पहिलो अनुच्छेद यही थियो। सो अवसरमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सम्झौताको कमा र फुलिस्टप समेतमा नबिराई पालना गरिने वचनबद्धता प्रकट गर्नु भएको

थियो।

दासढुङ्गा दुर्घटनाको न्यायिक जाँच गर्ने मागका साथ एमालेले असार ४ गते शुरू गरेको आन्दोलनमा असार ७ गते देखि अन्य ६ वाम पार्टीहरू पनि सामेल भएका थिए। तर संयुक्त जनमोर्चाले एमालेको आन्दोलन सुरू हुनु अघिदेखि नै आफ्नो कोइराला विरोधी आन्दोलन चलिरहेको बताएको थियो। कांग्रेस-एमाले सम्झौता संयुक्त जनमोर्चा, नेपाल मजदूर किसान पार्टी, नेकपा (मसाल) र नेकपा (मालेमा) का निम्ति अमान्य भयो। उक्त सम्झौताको पक्षमा एमाले बाहेक तत्कालीन नेकपा (अमात्य) र नेपाल कम्युनिष्ट लीग उभिएको थियो। सात वामको आन्दोलन साउन ४ र ५ गतेको चक्काजामसँगै उत्कर्षमा पुगेको थियो। तर त्यसपछि भयानक बाढी पैह्रोले सबैको ध्यान उद्धार कार्य तर्फ मोडिएको थियो।

सात वाम पार्टीहरूद्वारा प्रस्तुत मागहरू

१. दासढुङ्गा दुर्घटनाका सम्बन्धमा सर्वोच्च अदालतका वहालवाला न्यायाधीशको अध्यक्षतामा अर्को छानवीन आयोग गठन गरियोस्।

२. आन्दोलनका क्रममा मारिएका प्रत्येक नागरिकका परिवारलाई क्षतिपूर्ति वापत रू. १ लाख प्रदान गरियोस्।

३. घाइतेहरूको सम्पूर्ण उपचार खर्च सरकारले व्यहोरोस्।

४. विभिन्न राजनैतिक कार्यकर्ताहरूमाथि पञ्चायतकाल र त्यस यता लगाइएका झुट्ठा मुद्दाहरू खारेज गरियोस्।

५. शिक्षा नियमावली ०४९ खारेज गरियोस् र शिक्षकहरूमाथि वैचारिक प्रतिवद्धताका आधारमा गरिएको कार्वाही फिर्ता गरियोस्।

६. कर्मचारी संघर्ष २०४८ पश्चात कारवाहीमा परी अवकाश प्राप्त गर्ने सम्पूर्ण निजामती कर्मचारीहरूको पुनर्वहाली गरियोस्।

७. टनकपुरका सम्बन्धमा नेपालको राष्ट्रिय हित अनुकूल हुनेगरी सन्धि गरियोस्।

८. राष्ट्रिय सभाद्वारा पारित सन्धि ऐनलाई संविधानको धारा १२६ को मर्म अनुरूप संशोधन गरियोस्।

९. सर्वपक्षीय महंगी नियन्त्रण आयोग बनाइयोस्।

१०. प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आफ्नो पदबाट राजिनामा दिनुहोस्।

भदौ १ गते कांग्रेस र एमाले बीच भएको सहमति

१. दासढुङ्गा घटनाको न्यायिक छानवीनको लागि सर्वोच्च अदालतका वहालवाला न्यायाधीशको अध्यक्षतामा उच्चस्तरीय आयोग गठन गर्न प्रारम्भ भएको कार्यवाही यथाशीघ्र टुङ्गो लगाई दुबै पक्ष सहमत हुने गरी आयोग गठन गर्ने, भिसेरा परीक्षण गर्न उच्च प्राविधिक सुविधायुक्त विदेशी प्रयोगशालामा पठाउने र यस आयोगलाई छानवीनका सिलसिलामा ख्यातिप्राप्त अन्तरराष्ट्रिय अपराध अनुसन्धानकर्ताको सहयोग समेत श्री ५ को सरकारले उपलब्ध गराउने।

२. यस आन्दोलनका बेला भएको जनधनको क्षतिलाई यो वार्ता समिति दुःखद घटनाको रूपमा लिन्छ। यस सिलसिलामा गिरफ्तार गरिएका सम्पूर्ण व्यक्तिहरूको रिहाई, मुद्दाको खारेजी र घाइतेहरूको सम्पूर्ण उपचार श्री ५ को सरकारले अविलम्ब गर्ने।

३. मुलुकमा आएको राजनैतिक परिवर्तन पश्चात आजसम्म भएको आन्दोलनमा मारिएका व्यक्तिहरूको परिवारले पाउने क्षतिपूर्तिको रकम अपुग देखिएकोले भैरहेको व्यवस्थामा रू. २५,०००/- (पच्चीस हजार रूपैयाँ) को थप रकमको व्यवस्था गर्ने र त्यस सिलसिलामा भएका घाइतेहरूको उपचार खर्च व्यहोर्ने तथा अङ्गभङ्ग भएका व्यक्तिहरूको लागि जीविकोपार्जनको व्यवस्था गर्न प्राथमिकता दिने।

४. पञ्चायतकालदेखि आजसम्म राजनैतिक कारणले लागेका मुद्दाहरू खारेज गराउन र तोकिएको सजाय माफी गराउन आवश्यक गृहकार्य गर्न श्री ५ को सरकारको १ (एक) प्रतिनिधि, संसदबाट सत्तापक्ष २ (दुई), प्रतिपक्ष २ (दुई) समेत सदस्यहरूको ५ (पाँच) सदस्यीय कार्यदल गठन गर्ने। उक्त कार्यदलको सिफारिशमा मुद्दा फिर्ता गर्ने र सजाय माफी गर्ने।

५. बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको आदर्श र भावना अनुरूप प्राज्ञिक वातावरणलाई सुनिश्चित गर्ने गरी शिक्षा नियमावलीमा संशोधन गर्न र शिक्षकहरूको पेशागत हित र सरूवा तथा अन्य समस्यामा छानवीन गरी समाधान तथा नियमित गर्न सत्तापक्ष र प्रमुख प्रतिपक्षबाट १/१ जना सांसद, १ जना शिक्षा मन्त्रालयको प्रतिनिधि तथा शिक्षक संघ र शिक्षक संगठनका १/१ जना प्रतिनिधि रहने गरी कार्यदल गठन गर्ने।

६. टनकपुर परियोजना सम्बन्धी सन्धिको विषयमा राष्ट्रिय हित अनुकूल सहमति कायम गर्न समयावधि बढाउने।

७. सन्धि ऐनको संशोधनलाई संविधान तथा यसको भावना अनुरूप परिमार्जन गरी प्रतिनिधि सभामा प्रस्तुत गर्ने।

८. बढ्दो महङ्गी नियन्त्रण र सुपरिवेक्षण गर्न एउटा सर्वपक्षीय अधिकार सम्पन्न आयोग गठन गर्ने।

९. विगत कर्मचारी आन्दोलनको सिलसिलामा कार्यवाहीमा परेका कर्मचारीको हकमा यसको विविध पक्षको अध्ययन गरी पुनर्वहालीको सम्बन्धमा आवश्यक सिफारिश गर्न श्री ५ को सरकारको प्रतिनिधिको संयोजकत्वमा नेपाली कांग्रेसको एक र नेकपा (एमाले) को एक प्रतिनिधि रहेको तीन सदस्यीय कार्यदल गठन गर्ने।

सम्झौता भएपछि एमालेले उक्त पार्टी सहित सात वाम पार्टीहरूद्वारा सञ्चालित आन्दोलनका सम्पूर्ण कार्यक्रमहरूको अन्त्य गर्ने घोषणा गऱ्यो। मागको १० औं बुँदाका सम्बन्धमा एमाले महासचिवले कांग्रेसका सभापतिद्वारा प्रक्रिया पुऱ्याएर कदम चालिने आश्वान पाएको जानकारी दिनु भएको थियो। सभापति भट्टराईले सरकार सञ्चालनका सम्बन्धमा प्रमुख प्रतिपक्षसंग सहमति भएको छ भनी भदौ १ गतेको पत्रकार सम्मेलनमा बताउनु भएको थियो।

मंसीर ३० गते नेपाल पत्रकार संघ काठमाडौं जिल्ला समितिको नेतृत्वमा एक प्रतिनिधि मण्डलले प्रधानमन्त्री कोइरालासमक्ष पत्रकारिता क्षेत्रले भोग्नु परेका समस्याहरूको समाधानका लागि एक ज्ञापनपत्र पेश गरेको थियो। उक्त ज्ञापनपत्र प्रस्तुत गर्न प्रधानमन्त्री समक्ष पुग्नु अघि सयौं पत्रकारहरूले हातमा प्लेकार्ड र ब्यानर लिई न्यूरोडबाट मौन जुलुसको शुरूवात गरी नगर परिक्रमा गरेका थिए।

ज्ञापनपत्रमा उल्लेखित बुँदाहरूमा छलफल हुँदा प्रधानमन्त्रीले न्यूजप्रिन्ट कागजको मूल्य घटाउने विषयमा छिट्टै निर्णय गरिने आश्वासन दिनु भएको कुरा नेपाल पत्रकार संघ काठमाडौं जिल्ला समितिले सोही दिन जनाएको थियो। उक्त अवसरमा भएको सम्झौता अनुसार नियमित पत्रिकालाई फ्याक्स र कम्प्युटरको सुविधा दिने सम्बन्धमा फोन भएको पत्रिकालाई तत्काल फ्याक्सको सुविधा दिने, अन्य सुविधाहरू क्रमशः दिने निर्देशन प्रधानमन्त्रीले दिनु भएको कुरा बताइएको थियो।

श्रमजिवी पत्रकार ऐन आगामी संसदमा प्रस्तुत गरिने, विज्ञापन सुविधा बारे तुरून्त निर्णय गरिने, निजी क्षेत्रका विज्ञापनदाताले दिने विज्ञापनमा खुद आयको ५ प्रतिशत आयकर छूट दिने तर्फ आवश्यक कारवाही चालिने आश्वासन पनि सो अवसरमा प्रधानमन्त्रीले दिनु भएको थियो।

मंसीर ३० गते निर्वाचन आयोगले काठमाडौं क्षेत्र नं. १ र झापा क्षेत्र नं. १ का लागि माघ २५ गते उपचुनाव हुने घोषणा गऱ्यो। गत प्रतिनिधि सभाको निर्वाचनमा विजयी सांसद द्रोणप्रसाद आचार्यको असार ६ गते क्यान्सरका कारण मृत्यु भएको थियो। उपनिर्वाचनका निम्ति मतदाता नामावली प्रकाशित गर्ने क्रममा निकै विवाद भएको थियो। उपनिर्वाचनमा मतदाता नामावली प्रकाशन गर्नु पर्ने नियम छैन भन्ने निर्वाचन आयोगको दावी विरूद्ध सर्वोच्च अदालतमा रिट दायर भयो। सर्वोच्च अदालतले नामावली प्रकाशन गर्नु पर्ने फैसला दिएपछि अत्यधिक संख्यामा नामावलीमा संशोधन र थप गरियो।

०५० मंसीर २७ गते देखि नेपाल सद्भावना पार्टीका अध्यक्ष गजेन्द्रनारायण सिंह लगायत दुर्गाप्रसाद राजवंशी, भोगेन्द्र ठाकूर, नरसिंह नारायण र भरत विमल यादवले काठमाडौं भद्रकालीमा अनिश्चितकालीन भोक हड्तालको सुरूवात गर्नु भयो। सद्भावनाले सेनामा मधेशीहरूलाई सामूहिक प्रवेश गराइनु पर्ने, हिन्दी भाषालाई मान्यता दिइनु पर्ने आदि मागहरू अगाडि बढाएको थियो। पुस ३ गते अनसनको समर्थनमा सिराहा, सप्तरी, झापा, मोरङ्ग, धनुषा, महोत्तरी, बारा, कपिलवस्तु, बाँके, सर्लाही र नवलपरासीका कार्यकर्ताहरूले जिल्ला कार्यालयमा धर्ना दिएका थिए। पुस ४ गते धर्नाका क्रममा झापा, बारा, नवलपरासी, रूपन्देही, कपिलवस्तु र बाँके जिल्लामा लाठीचार्ज समेत भएको थियो। त्यस क्रममा ६ जना सद्भावना कार्यकर्ता र ४ जना प्रहरी पनि घाइते भएको कुरा गृह प्रवक्ताद्वारा जनाइएको थियो। उक्त अनसन पुस ५ गते टुंगिएको थियो। दुबै पक्षद्वारा हस्ताक्षरित सहमति पत्रमा सद्भावना पार्टीद्वारा राखिएका माग र समस्याहरूको संवेदनशीलता प्रति सरकारको ध्यान आकृष्ट भएको, प्रस्तुत मागहरूमध्ये संविधानसम्मत मागहरूलाई क्रमिक रूपले समाधान गर्न दुई पक्षबीच वार्ता हुने, सो वार्ताका लागि दुबै पक्ष सम्मिलित वार्ता टोली यसै साता गठन गर्ने र सरकारको आग्रह स्वीकार गरी उक्त पार्टीले आफ्ना भोक हड्ताल तथा विभिन्न कार्यक्रमको अन्त्य गर्ने कुरा उल्लेख गरिएको थियो।

पुस ४ गते चार वाम समूहले एक प्रेस विज्ञप्ती जारी गर्दै "नेपाली कांग्रेस-एमाले बीच बढ्दै गएको सत्ता साझेदारी र जनतालाई दमन गर्ने साम्राज्यवादी एवं प्रतिक्रियावादी षडयन्त्रको विरूद्ध संघर्ष गर्न" पुनः १० सूत्रीय मागहरू अघि सार्दै पाँच दिने संघर्षको कार्यक्रम प्रकाशमा ल्यायो। नेपाल कम्युनिष्ट पार्टी (मसाल), नेपाल कम्युनिष्ट पार्टी (मालेमा), नेपाल मजदूर किसान पार्टी र संयुक्त जनमोर्चा नेपालद्वारा संयुक्त रूपमा पुस २० गते विराटनगर र सिराहामा, २३ गते काठमाडौं टुँडिखेलमा, २४ गते नारायणगढ र पोखरामा, २६ गते बुटवल र दाङ्गमा तथा २८ गते नेपालगंज र धनगढीमा विरोध प्रदर्शनको आयोजन गरिएको थियो। चार वामले कांग्रेस सरकार र एमाले बीच भदौ १ गते सम्पन्न संझौताको घोर विरोध गर्दै पूर्व १० सूत्रीय मागहरू पूरा नभएसम्म संघर्ष जारी राख्ने कुरा पनि जनाएका थिए।

सन् १९९३ को सबभन्दा उल्लेख्य राजनैतिक विषय भदौ १ को सम्झौता नै रहयो। तर उक्त सम्झौताको चित्त बुझ्दो कार्यान्वयन वर्षभरी हुन नसकेको गुनासो सरकारइतर पक्षको रहेको छ। ❑

परिच्छेद २ (ख)

सन् १९९३ र संवैधानिक विकास

ऐतिहासिक आवश्यकता अनुरूप संविधानको विकास हुन्छ। संवैधानिक प्रथा, व्यवहार, परम्परा र न्यायिक निर्णयको क्रमिक विकासको प्रक्रियाबाट समेत संविधानले निरन्तरता प्राप्त गरेको हुन्छ। सरकारको शक्ति र शासितको अधिकारलाई समायोजन गरेको संवैधानिक राज्यको विकास प्राचीन ग्रीक र रोममा नै भएको देखिन्छ भने आधुनिक युगमा यसको स्वरूपमा मात्र भिन्नता आएको छ। सरकारी कार्यलाई वैधानिकता र नियमितता प्रदान गर्न तथा सरकारको स्थिरता कायम गर्न राज्यमा संविधानको आवश्यकता पर्दछ। समयको माग, राष्ट्रको चाहना तथा जनताको आकांक्षा अनुसार संविधानको विकास हुन्छ। सर्वप्रथम लिखित संविधानको रूपमा अमेरिकी स्वतन्त्रताको घोषणा पश्चात जनताका अधिकारलाई संरक्षण गर्न सीमित सरकारको अवधारणागत मान्यता अनुरूप सन् १७८९ मा अमेरिकी संविधान निर्माण गरियो, जसले जन आकांक्षालाई समाहित गर्दै आजसम्म २६ औं पटक औपचारिक संशोधन तथा अदालतका न्यायिक व्याख्याद्वारा गतिशीलता प्राप्त गर्दै आएको छ। बेलायतमा राजज्ञाप्ती, संसदीय परम्परा, न्यायिक निर्णय संवैधानिक प्रथा र विधानको माध्यमद्वारा संवैधानिक कानूनले निरन्तरता प्राप्त गरेको छ। जनआकांक्षालाई समाहित गर्न नसकेका तथा शक्ति सन्तुलन र नियन्त्रणको प्रक्रियालाई समायोजन गर्न नसकेका संविधानहरू टिकाउ हुन सक्दैनन्। संविधानवाद अनुरूप तर्जुमा नभएका संविधानहरू पनि गतिशील हुन सक्दैनन्। आजको विश्वमा एउटै मुलुकमा विभिन्न किसिमका संविधानको प्रयोग भइरहेको छ। फ्रेन्च क्रान्ति (१७८९) पश्चात् फ्रान्समा १७ किसिमका संविधानको प्रयोग गरियो। क्रान्ति, युद्ध र आन्दोलन जस्ता प्रक्रियाद्वारा पुराना परम्परा र पद्धतिलाई निस्तेज तुल्याई नयाँ मान्यता र नयाँ संस्कृतिको जग बसाल्ने उद्देश्य लिएका राष्ट्रहरूमा समेत संविधानहरू परिवर्तन भइरहेका छन्। एउटै संविधान टिकाउ हुन सकिरहेको छैन। नेपालले पनि ४०।४२ वर्षको दौरानमा ४ वटा संविधान फेरी सकेको छ। नेपालको संवैधानिक विकासको शुरूवात वि.सं. २००४ सालको नेपाल सरकार वैधानिक कानूनबाट प्रारम्भ हुन्छ। यो विधानले श्री ३ को अधिकारलाई नै बढी मात्रामा संरक्षित गर्ने व्यवस्था गरेको भए पनि केही मात्रामा प्रतिनिधित्व प्रक्रियाको अवलम्बन, मौलिक हकको प्रत्याभूति, स्वतन्त्र न्यायपालिकाको अवधारणा, प्रधान जाँचकी र दस्तखत परिषद्को व्यवस्था जस्ता प्रजातान्त्रिक मान्यताहरूलाई सिद्धान्ततः समाहित गर्ने प्रयास गरेको देखिन्छ। वि.सं. ००७ सालको परिवर्तन पश्चात विधान परिषद्ले बनाएको प्रजातन्त्रात्मक विधान अनुसार देशको शासन संचालन होस् भन्ने शाही घोषणा भएको र विधान तयार नभएसम्म अन्तरकालीन समयमा अन्तरिम सरकारले एक कुनै विधान र निश्चित नियम तथा सिद्धान्त बमोजिम काम गर्ने उद्देश्य जारी भएको नेपाल अन्तरिम शासन विधान, ००७ देखि अस्थिरताको रूपमा रहेको राजनैतिक पद्धतिलाई प्रजातान्त्रिक मार्ग अनुरूप राज्य प्रणाली संचालन गर्ने उद्देश्य तर्जुमा भएको नेपाल अधिराज्यको संविधान, ०१५ वि.सं. ०१७ साल पुस १ गतेको शाही घोषणाबाट प्राणबीहिन बन्न पुग्यो। वि.सं. ०१९ पुस १ मा जारी गरिएको नेपालको संविधान २०१९, जनआन्दोलनको परिणामस्वरूप गतिहीन र निष्प्रभावी बन्न पुग्यो।

कुनै पनि देशको संविधान त्यही परिस्थितिमा सधैं टिकाउ हुन सक्तैन। समयको प्रभाव अनुसार जन आकांक्षालाई समाहित गर्दै लैजान सकिएमा नै संविधान जीवित प्रलेखको रूपमा मर्यादित बन्न सक्छ। जनभावनालाई समाहित गर्न नसकिएमा तथा संविधानवादको सिद्धान्तलाई समेट्न नसकेका संविधानहरू दीर्घजीवी हुन सक्तैनन्। यही मान्यता अनुरूप नै जन आकांक्षालाई समाहित गर्न नसकेको कारण जनआन्दोलनको माध्यमद्वारा नेपाली जनताले निर्दलीय स्वरूपको पंचायती संविधान, ०१९ लाई समाप्त पारे। परिणामतः संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र, नागरिकका मौलिक हकहरूको संरक्षण, कानूनी राज्यको परिपालना, जनतामा निहित सार्वभौमसत्ता, संसदीय स्वरूपको राजनैतिक प्रणाली जस्ता आधारभूत गुणहरूलाई स्वीकार गरेको संविधान जनआन्दोलनको उपजको रूपमा हाल विद्यमान छ।

प्रत्येक नेपाली नागरिकको आधारभूत मानवअधिकार सुरक्षित गरी स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताका बीच भातृत्व र एकता कायम गरी वालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्रलाई सुदृढीकरण गर्न र स्वतन्त्र एवं सक्षम न्याय प्रणालीको व्यवस्था गरी कानूनी राज्यको अवधारणालाई साकार पार्न नेपाली जनताको व्यापक सहभागिताबाट स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपालको राज्यशक्तिको श्रोत जनता नै हो भन्ने तथ्यलाई हृदयंगम गरी जनआन्दालेनको उपजको रूपमा नेपाल अधिराज्यको संविधान, ०४७ जारी भएको छ। प्रस्तावनाको प्रतिकूल नहुने गरी संविधानको संशोधन गर्न

सकिने भन्ने व्यवस्थाले संविधानको प्रक्रिया कठोर देखिन्छ। जनतामा निहित सार्वभौमसत्ता, आधारभूत मानवअधिकार, वालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र, स्वतन्त्र एवं सक्षम न्याय प्रणाली र कानूनी राज्यलाई यस संविधानको असंशोधनीय आधारभूत संरचनाको रूपमा लिइएको छ।

सन् १९९३ को वर्षमा नेपालको संवैधानिक विकास क्रमलाई हेर्दा संसदको चौथो र पाँचौ अधिवेशनहरू यस वर्षमा सम्पन्न भए। संसदले संविधानको धारा १२६ अनुसार सर्वोच्च अदालतको निर्णय बमोजिम टनकपुर बाँध परियोजना सम्बन्धी विवाद (अधिवक्ता वालकृष्ण न्यौपाने, विरूद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् समेत) लाई समाधान गर्न सकेन। यद्यपि यो विषय संसदमा त्यतिकै थन्किएर बसेको छ। यस्तो राष्ट्रिय महत्वको र संवेदनशीलताको विषयलाई लिएर समाधान गर्न संसद सक्षम देखिएन। टनकपुर विवादलाई सर्वोच्च अदालतको निर्णय बमोजिम समाधान गराउन सरकारलाई सहयोग पुग्ने प्रकृयाको अवलम्बन गर्न नेपाल सन्धि ऐन, ०४७ लाई संशोधन गर्ने विधेयक राष्ट्रिय सभाबाट पारित भएपनि प्रतिनिधि सभाबाट पारित हुन नसकी संसदमा विचाराधीन अवस्थामा नै रहेको छ। नेपाल सद्भावना पार्टीको तर्फबाट नागरिकता समेतको विषयलाई लिएर नेपाल अधिराज्यको संविधान पहिलो संशोधन विधेयक, ०५० संसदमा प्रस्तुत गरेकोमा प्रस्तुतिको विरोधको सूचना प्राप्त भएकोले प्रस्तुत हुन नसकी निष्क्रिय हुन पुग्यो। संसदको चौथो र पाँचौ अधिवेशनमा विभिन्न विषयका गैह्र सरकारी विधेयकहरू प्रस्तुत गरिएकोमा प्रस्ताव अस्वीकृत भएकोले प्रस्तुत हुन नसकी निष्क्रिय हुन गए। नेपाल अधिराज्यको संविधान, ०४७ को फौजदारी न्यायको हकको संरक्षण अन्तर्गत यातना सम्बन्धी क्षतिपूर्ति दिने दायित्व यातना दिने व्यक्ति उपर निर्धारण हुन नसकेको कारण समेतले सो विधेयक पारित हुन नसकी हाल संसदमा विचाराधीन अवस्थामै रहेको देखिन्छ। समग्रमा चौथो र पाँचौ अधिवेशनमा संविधानले निर्दिष्ट गरेका मानवअधिकार अनुरूपका कानूनलाई समसामयिक सन्दर्भमा उपयोगी र उचित हुने गरी संशोधन गर्नु भन्दा पारिश्रमिक र सुविधा सम्बन्धी विधेयकहरूले नै बढी प्राथमिकता पाएको देखियो।

संविधानले निर्देशित गरे अनुसारको जीउ, धन र स्वतन्त्रताको संरक्षण गरी सामाजिक, आर्थिक एवं राजनैतिक क्षेत्र लगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी खुला समाजमा आधारित लोक कल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्नु सरकारको कर्तव्य रहेको छ। तर सो लक्ष्य अनुरूप स्वस्थ परम्पराको अधिकारलाई निष्प्रभावी बनाई प्रशासनिक संयन्त्रमा करारमा नियुक्ति गर्ने अस्वस्थकर परम्पराको थालनी भएको, कानूनी राज्यको मान्यता प्रतिकूलका अख्तियार दुरूपयोग र अनुचित व्यवहारहरूलाई नियन्त्रण गर्न नसकेको, मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र महासन्धिको अनुमोदन पश्चात् राज्यले पूरा गर्नुपर्ने दायित्व बहन गर्नुपर्ने तर्फ उदासीन रहेको भन्ने जस्ता टीका टिप्पणीहरू देखिए। सन् १९९३ मा श्री ५ को सरकारद्वारा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ लाई संशोधन गर्न बनेको अध्यादेश २०४९ र जाँचबुझ आयोग ऐन, ०२६ को संशोधन अध्यादेश ०५० जारी गरिए। सवारी तथा यातायात व्यवस्था ऐन, ०४९ लाई संशोधन गर्न जारी गरिएको अध्यादेश राष्ट्रिय महत्वको नभएको र जुनसुकै विषयमा अध्यादेश जारी गर्नु कानूनी राज्यको प्रतिकूल हुने भन्ने जस्ता टिप्पणीहरू रही नै रहे भने जाँचबुझ आयोग अध्यादेश जुन उद्देश्यले जारी गरिएको थियो, सो उद्देश्य अनुरूप आयोग गठन हुन नसक्नुले पनि सो अध्यादेश ल्याउनुको कुनै महत्व र औचित्य नै नरहेको देखियो। नेपाल अधिराज्यको संविधान, ०४७ जारी भएपछि पुनरावेदन अदालतको संख्यामा फेरबदल हुँदै गरेको भए पनि सन् १९९३ को वर्षमा फेरबदल भएको देखिएन। सर्वोच्च अदालतले संवैधानिक व्यवस्थासंग सम्बद्ध विभिन्न विषयको निरूपण गर्ने क्रममा श्रम ऐन ०४८ मा कामदारहरूलाई प्रतिष्ठानमा काम लगाउँदा नेपाली नागरिकलाई प्राथमिकता दिने भन्ने व्यवस्थाले विदेशीहरू समेतले काम गर्न पाउने व्यवस्था भई यसमा नियन्त्रण समेत नभएको र संविधानले प्रदान गरेको नागरिकलाई प्राप्त पेशा, रोजगारको स्वतन्त्रताको हकको प्रतिकूल भएको भन्ने समेतको व्यख्याद्वारा त्यस कानूनी व्यवस्थालाई संवैधानिक हकको प्रतिकूल भनी घोषित गऱ्यो। कुनै पनि राजनैतिक प्रणाली वा संवैधानिक व्यवस्थामा सैद्धान्तिक परिवर्तन भई उदार र प्रजातान्त्रिक बन्दैमा सबै कुरा प्राप्ती भएको मान्न सकिदैन। त्यसलाई व्यवहारमा उतार्न सकिए मात्र त्यस्तो परिवर्तन सार्थक बन्न सक्तछ। सैद्धान्तिक परिवर्तन हुने वित्तिकै सीमित समयमै संवैधानिक र प्रजातान्त्रिक अभ्यासको पूर्ण विकास हुने अपेक्षा गर्न मिल्दैन, तर त्यसको लागि उदार मानसिकताको विकास भई स्वस्थ र स्वच्छ संवैधानिक तथा प्रजातान्त्रिक परम्पराको विकास हुनु भने अपरिहार्य हुन्छ। राज्य संचालन गर्ने व्यक्तिहरूले संवैधानिक सर्वोच्चता र कानूनी राज्यको मान्यता अनुरूप काम गर्न उन्मुख गराउन गरिएका स्वस्थ टिप्पणी र आलोचनालाई सहन र ग्रहण गर्ने पद्धतिले नै यथार्थमा प्रजातान्त्रिक संस्कार र अभ्यासलाई अगाडि बढाउन सकिन्छ।

नेपाल अधिराज्यको संविधान, ०४७ ले संयुक्त राष्ट्र संघको विश्वव्यापी मानवअधिकार सम्बन्धी घोषणापत्रले प्रदान गरेका धेरैजसो हकहरूलाई मौलिक हकको रूपमा स्थापित गर्ने प्रयास गरेको छ। सिद्धान्ततः कानूनी राज्यको मान्यता, संविधानको सर्वोच्चता, मानवअधिकारको संरक्षण, संविधानमा व्यवस्था गर्नु मात्र पर्याप्त हुँदैन। संविधानको उद्देश्य, मान्यता र मर्म अनुरूप ती हकहरू कार्यान्वियन पनि गरिनु पर्दछ। जहाँ कार्यान्वियन पक्ष कमजोर हुन्छ। त्यहाँ अधिकारको स्थिति निष्प्रभावी हुन जान्छ। वहुसंख्यक नेपाली अशिक्षा, गरिबी जस्तो कारणहरूले आफ्नो हक अधिकारप्रति सचेत छैनन्। उनीहरूलाई सचेत गराई हक दिलाउनु

सरकारको प्राथमिक दायित्व हो। यसैगरी संविधान प्रदत्त कतिपय हकहरू कानूनका विषयवस्तु बनेका कारणले कानून बन्नु जरूरी छ। संविधानले फौज्दारी न्याय सम्बन्धी हकमा यातना विरूद्धको हक संरक्षित गरेको छ। प्रहरी हिरासतमा यातनाका कार्यहरू भएका कैयन दृष्टान्तहरू प्रकाशमा आएका छन्। प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको विषयमा सूचना पाउने हक प्रदान गरिएको छ, तर सूचना दिने सम्बन्धमा कुनै निश्चित कानून बन्न सकिरहेको छैन। गोपनीयताको मौलिक हक प्रत्याभूत गरिएको छ, तर अहिलेसम्म त्यस्तो हकलाई नियमित र नियन्त्रित हुने गरी कुनै कानून बन्न सकेको छैन। संविधानद्वारा स्थापित नयाँ मूल्य र मान्यता अनुरूपका व्यवस्थाहरू त कानूनी रूपमा लिपिवद्ध गर्न सकिएन नै, अर्कोतिर संविधान जारी भएको ३ वर्ष नाघी सक्दा पनि पुराना मान्यता र मूल्यमा आधारित ऐन नियमहरू नयाँ संविधानको उद्देश्य र भावना अनुरूप संशोधन हुन सकिरहेका छैनन्। यसको उदाहरणको रूपमा राज्य विरूद्धको अपराध र सजाय ऐन, ०४६ र सार्वजनिक अपराध र सजाय ऐन ०२७ लाई लिन सकिन्छ। यस्ता अनेकौं ऐन नियमहरू छन्, जो संवैधानिक मर्म र भावना अनुकूल संशोधित र कार्यान्वित हुन सकिरहेका छैनन्। प्रतिनिधि सभा अन्तर्गत मानवअधिकार समिति पनि प्रभावकारी हुन नसकेको गुनासाहरू छन्। यसैगरी संविधानले बहुदलीय प्रजातन्त्रलाई आधारभूत संरचनाको रूपमा स्थापित गरेको यस पृष्ठभूमिमा राजनैतिक दलहरू दर्ता गर्ने सम्बन्धी कानून बन्न नसक्नु दुःखको कुरा हो। संवैधानिक कानूनको विकासमा संसद, सरकार र न्यायपालिका त्यतिकै सजग र सचेष्ट भएमा नै संवैधानिक व्यवस्थाप्रति जनताको आस्था रहन जान्छ। अन्यथा संविधानले गति लिन सक्तैन।

नागरिकका आधारभूत मौलिक हकहरू सरकारका कुनै पनि अंगले अतिक्रमण गर्न नसकोस् भनी संविधानद्वारा नै संरक्षित गरी अधिकारको अतिक्रमण भएमा सक्षम अदालतद्वारा प्रभावकारी उपचार प्रदान गर्ने सिद्धान्तलाई स्वीकारेको हुन्छ। यही अवधारणा अनुरूप १९ औं शताब्दीदेखि यता संसारका सबैजसो लिखित संविधानहरूमा मौलिक हकको व्यवस्था गरेको देखिन्छ। राज्यद्वारा हकको मान्यता दिएर मात्र हुँदैन, त्यसको निमित्त संरक्षणको पनि उचित व्यवस्था गरिएमा नै हकको महत्व हुन्छ। बहुमतको मतमा, शक्तिको आडमा नागरिकका हकहरू सरकार स्वयंबाट नै अतिक्रमण हुन नसकोस् भनी मौलिक हकको संवैधानिक प्रत्याभूति गरिदिनुको साथै सरकारी क्रियाकलापबाट जनताका हक कुण्ठित नहुन् भन्ने उद्देश्यले हकको अतिक्रमण भएमा प्रभावकारी उपचारको निमित्त सक्षम न्यायपालिकाको व्यवस्था गरेको हुन्छ। नेपाल अधिराज्यको संविधानले नेपाली नागरिकको आधारभूत मानवअधिकार सुरक्षित गर्ने तथा कानूनी राज्यको अवधारणालाई साकार पार्ने लक्ष्य लिए अनुरूप मौलिक हकको प्रचलनको लागि संवैधानिक उपचारको हक अन्तर्गत सर्वोच्च अदालतद्वारा प्रभावकारी उपचार प्राप्त गर्न सक्ने व्यवस्था मिलाई स्वतन्त्र एवं सक्षम न्याय प्रणाली संविधानको असंशोधनीय आधारभूत संरचनाको रूपमा स्वीकार गरेको छ। व्यवस्थापिकाद्वारा निर्मित कानून तथा कार्यकारिणीका कार्यहरूलाई संविधानको कसीमा राखी परीक्षण गर्ने र संविधानको प्रतिकूल देखिएमा अमान्य घोषित गर्ने अदालतको अन्तर्निहित अधिकार हाम्रो संविधानले सर्वोच्च अदालतलाई प्रदान गरेको छ। संविधान सर्वोच्च हुन्छ र यसको विपरीत हुने गरी भएका कार्यहरू शून्य र अमान्य हुन्छन् भन्ने अवधारणालाई स्वीकार गरी सर्वोच्च अदालत केही मुद्दाहरूमा संविधानको सर्वोच्चतालाई संरक्षण गर्न सक्षम भएको देखिन्छ। सर्वोच्च अदालतले गैर सैनिक व्यक्तिहरूलाई पनि सैनिक अदालतको क्षेत्राधिकार अन्तर्गत कारवाही र सजाय गर्ने भन्ने सैनिक ऐन, ०१६ मा रहेको व्यवस्थालाई अमान्य घोषित गरिदिएको छ। (इमानसिंह गुरूङ वि. श्री ५ को सरकार, २०४९)। सन् १९९३ को वर्षमा मुलुकी ऐन अदलको महलको १० क.नं. को स्पष्टिकरणमा रहेको छुवाछूतलाई मान्यता दिएको खण्डलाई समानताको हकसंग बाभिएको ठहर गरी अमान्य घोषित गरिएको छ (मनबहादुर विश्वकर्मा वि. श्री ५ को सरकार)। त्यस्तै कामदारहरूलाई नेपाली कारखानाहरूमा काम लगाउन प्राथमिकता दिने गरी व्यवस्था गरिएको श्रम ऐन, ०४८ को व्यवस्थालाई संविधान प्रतिकूल भनी अमान्य गरिएको छ। (बालकृष्ण न्यौपाने वि. श्री ५ को सरकार, २०५०)। त्यस्तै माननीय न्यायाधीश त्रिलोकप्रताप राणले राजस्व समूह (नियुक्ति सरूवा, बढुवा र विभागीय कारवाही) नियमावली, २०४९ लाई संविधानको धारा १२४ संग बाभिएको ठहर गर्नु भएको छ। त्यस्तै मौलिक हकको संरक्षणार्थ सर्वोच्च अदालतले उपयुक्त रिट, आज्ञा, आदेश जारी गरी कार्यकारिणी अंगबाट भएका अतिक्रमणका कारवाहीलाई वदरगरी दिएको छ। तिलु घले बिरूद्ध जिल्ला प्रहरी कार्यालय काठमाण्डौ र प्रभाकर सुवेदी विरूद्ध जिल्ला प्रहरी कार्यालय काठमाडौंमा सर्वोच्च अदालतले वैयक्तिक स्वतन्त्रताको संरक्षणमा महत्वपूर्ण भूमिकाको निर्वाह गरेको छ।

संविधानको मर्म र भावनालाई व्यवहारमा कार्यान्वियन गरिएमा नै यसको उद्देश्य परिपूर्ति हुन सक्छ। संविधान एउटा निर्जीव दस्तावेज हो, यसलाई प्रभावकारी कार्यान्वियन गरेर मात्र सजीवता प्रदान गर्न सकिन्छ। तसर्थः संविधानलाई कार्यान्वियन गर्ने दिशामा कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका र समाजका हरेक क्षेत्रका नागरिकहरू अग्रसर हुनु पर्दछ। मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध तथा अन्य दस्तावेजहरूलाई अनुमोदन गरेर मात्र पुग्दैन, अनुमोदन गरे पश्चात् राज्यले पूरा गर्नु पर्ने दायित्व पूरा गर्न संसद र सरकार सक्रिय हुनु पर्दछ। नागरिकका हक अधिकारको अतिक्रमण कार्यपालिकीय अंगबाट हुने हुँदा त्यस्तो अतिक्रमणबाट जोगाउन न्यायपालिका पनि सक्रिय रहनु पर्दछ। आजको कानूनी राज्यमा कानूनलाई व्याख्या गरी त्यसलाई विवादमा प्रयोग गर्ने

परम्परागत कार्यको रूपमा मात्र अदालतले आफूलाई सीमित नगराई सामाजिक जीवनका महत्वपूर्ण पक्षहरू र सार्वजनिक चासोका विषयहरूसंग सम्बद्ध भई मानवअधिकारको संरक्षण गर्ने, राजनैतिक स्वराबीहरूलाई हटाउने तथा सार्वजनिक नैतिकताको प्रवर्द्धन गर्ने जस्ता कार्यहरू गर्नमा समेत आजको अदालतको सक्रियता रहनु आवश्यक छ। न्यायिक सक्रियता नै राज्यको कानून विहीनताको समस्याको समाधान हो, जसले नयाँ विधिशास्त्रको सृजना गर्दछ। संविधानको मर्म र भावना अनुकूल मानवअधिकारको संरक्षण कानूनी राज्यको अवधारणालाई साकार पार्ने दिशाका कानूनहरू निर्माण गर्ने गुरूत्तर दायित्व आजको विधायिकको हो, सरकारमाथि नियन्त्रण रास्वी समय सापेक्ष कानूनमा संशोधन गराउनु र सरकारलाई कानूनी बाटोमा डोऱ्याउन लगाउनु विधायकहरूको कर्तव्य हो, यस दिशामा विधायकहरू सचेष्ट र सतर्क रहनु पर्दछ। त्यस्तै संविधानलाई कार्यान्वयन गर्न सम्बद्ध राजनैतिक दल र विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरू समेत सक्रिय रहे भएमा नै संवैधानिक कानूनले जीवन्तता प्राप्त गर्न सक्तछ। ❑

परिच्छेद २ (ग)

मानवअधिकारको धारणासंग बाभ्ने नेपाल कानूनका केही प्रावधानहरू

नेपालमा नयाँ संविधान आएको छ। संविधानसंग बाभिने कानूनहरू स्वतः खारेज हुने संवैधानिक व्यवस्था छ। साथै नेपालले विभिन्न अन्तर्राष्ट्रिय घोषणा र अनुवन्धहरूलाई मानेको छ। तर पनि व्यवहारमा विभिन्न रूपमा र विभिन्न ठाउँमा मानवअधिकारको उल्लंघन भइ नै रहेको छ। संविधानसंग बाभिने गरी कानूनहरू समेत निर्माण हुनेगरेका छन्। ती कानूनहरू मानवअधिकारको विपरित पनि छन्। ती मध्ये केही प्रमुख कानूनका मानवअधिकार विरोधी प्रावधानहरूको यहाँ छोटो चर्चा गरिएको छ।

१. महिलाहरूको अधिकारको क्षेत्रमा रहेका व्यवधानहरू

मानवअधिकारहरूको विश्वव्यापी घोषणाको धारा २, नागरिक तथा राजनीतिक अधिकारको अन्तराष्ट्रिय अनुवन्धको धारा ३, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको अन्तराष्ट्रिय अनुवन्धको धारा ३ ले यी अनुवन्धहरूमा उल्लिखित अधिकारहरू बिनाकुनै भेदभाव पुरूष र महिलाले समान रूपमा उपभोग गर्न पाउने व्यवस्था गरेको छ। यसमा नागरिकता लिने, कायम राख्ने र परिवर्तन गर्ने अधिकार पनि पर्दछ। नागरिकता उपभोग गर्न पाउने निश्चितता प्रदान गरिएको छ। यी व्यवस्थहरूका वावजुद पनि महिलाहरू माथि व्यापक रूपमा भेदभाव कायम छ। यसलाई अन्त्य गर्ने उद्देश्य लिएर महिला विरूद्धका सबै प्रकारका भेदभावहरू अन्त्य गर्ने सम्बन्धी अभिसन्धि पारित भई लागु भएको छ। यसैगरी महिलाहरूको राजनीतिक अधिकार सम्बन्धी अभिसन्धि पनि पारित भई लागु भएको छ। महिलाहरूको राजनीतिक अधिकार सम्बन्धी अभिसन्धिले महिलाहरूलाई पुरूषहरू सरह निर्वाचनमा मतदान गर्ने र उमेदवार हुने अधिकार प्रदान गरेको छ। महिला विरूद्धका सबै प्रकारका भेदभाव अन्त्य गर्ने सम्बन्धी अभिसन्धिको धारा १ ले "महिला विरूद्धको भेदभाव" भन्ने शब्दले लिंगका आधारमा गरिने कुनै पनि प्रकारको विभेद, बहिष्कार र नियन्त्रणलाई जनाउछ भनी परिभाषित गरेको छ। त्यसैगरी वैवाहिक स्थिति जे जस्तो रहे पनि पुरूष र महिला बीचको समानताको आधारमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र नागरिक वा अरू कुनै विषय सम्बन्धी मानवअधिकार उपभोग गर्नमा महिलाहरूले हुने व्यवधान वा आघात पुऱ्याउन नपाउने सुनिश्चितता प्रदान गरिएको छ। धारा ७ मा देशको राजनीतिक र सार्वजनिक जीवनमा महिलाहरू विरूद्धको भेदभाव अन्त्य गर्ने र धारा ९ मा नागरिकताको अधिकार प्राप्त हुने कुरा उल्लेख छ। महिलाको विदेशी सितको विवाह र वैवाहिक स्थितिको कारणले राष्ट्रियता स्वतः परिवर्तन नहुने र स्वतः समाप्त नहुने निश्चितता प्रदान गरिएको छ। यसको अलावा आफ्ना वच्चाहरूको नागरिकता निर्धारण गर्ने अधिकार समेत प्रदान गरिएको छ। तर आर्थिक र सामाजिक रूपले असमान हुने खालका कानूनहरू नेपालमा अझसम्म रहेका छन्। कतिपय ऐनहरूले छोरीलाई सन्तानको रूपमा पनि स्वीकार नगरेको अवस्था छ। घर-व्यवहारमा महिलाको भनाइको महत्व नहुने, सम्पत्ति बेचविखन गर्नमा नियन्त्रण गर्ने, छोरा छोरीको नागरिकताको निर्धारण गर्ने अधिकार प्रदान नगर्ने निम्न लिखित कानूनी प्रावधानहरू नेपालमा छन्।

१. बाबु, आमा, स्वास्नी, छोराहरूको जियैजियैको अंश गर्नुपर्छ (अंशवण्डाको १ नं.)।
२. छोरीले अंश प्राप्त गर्न अविवाहित रूपमा ३५ वर्ष पुगेको हुनु पर्ने।
३. लोग्ने वा बाबुले इज्जत आय अनुसार स्वास्नी, छोरालाई खान लाउन नदिई राख्नु हुँदैन (अंशवण्डाको १० नं.)।
४. कुनै लोग्नेमानिसले आफ्नो खुशीले खर्च गर्नपाउने बाहेकको सम्पत्ति हस्तान्तरण गरी कसैलाई दिनु पर्दा स्वास्नी, छोरा वा विधुवा बुहारीको मंजुरी लिनु पर्ने (अंशवण्डाको १९ नं.)।
५. छोराको छोरा भएसम्म छोरीले अपुताली नपाउने (अपुताली को २नं.)।
६. बाबु वा लोग्नेका शेषपछि अंश गर्नु पऱ्यो भने ऋण, धन सबै स्वास्नी छोरालाई बाँडिदिनु पर्छ। आमाको शेषपछि आफ्नो गर्न पऱ्यो भने ऋण-धन सबै छोराहरूलाई बाँडिदिनुपर्छ (अंशवण्डाको १४ नं.)।
७. आफूखुश गर्न पाउने सम्पत्ति कसैलाई लिखित गरी नदिई मऱ्यो भने सँगै बसेका वा भिन्न बसेका छोरा र बाबु नभएमा मात्र छोरीले पाउने (स्त्री अंश धनको ५ नं)।

८. आफ्नो अंश लिई बेग्लै बसेपछि पनि आफूले अंशबाट प्राप्त गरेको अचल सम्पत्ति मध्ये आधाभन्दा बढी आफूखुशी गर्न नपाउने (स्त्री अंश धनको २ नं.) ।
९ मोहीले कमाई आएको जग्गामा मोहीको मृत्यु पछि नीजको हक पति, पत्नी वा छोराहरू मध्ये जग्गावालाले पत्याएको व्यक्तिले प्राप्त गर्ने (भूमि सम्बन्धी ऐन, २०२१ को दफा २६)।
१०. कुनै पनि महिलालाई शाही नेपाली सेनामा भर्ना हुने वा काममा लगाइने छैन (सैनिक ऐन, २०१६ को दफा १०)।
११. बाबु नेपाली नागरिक भए मात्र वंशजको नागरिकता प्राप्त गर्न सक्छ (नेपाल नागरिकता ऐन, २०२० को दफा ३)।
१२. लोग्ने जीवित हुने स्वास्नी मानिसले धर्मपुत्र वा धर्मपुत्री राख्न नपाउने तर स्वास्नी जीवित हुने लोग्ने मानिसले धर्मपुत्र वा धर्मपुत्री राख्न पाउँछ (धर्म पुत्रको २ नं. ९ क)।
१३. दोलाजी (छोरा नहुनेले आफ्नै छोरीलाई छोरा सरह राख्ने) को सन्तान नभई अपुताली परेमा ऐन बमोजिमको हकवालाले पाउँछ। छोरी मात्र हुनेले दोलाजीकै रीतसंग खानु भनी दिएमा सोही रीतसंग खान पाउँछ। लेखिनदिएको भए विवाह खर्च र सयकडा दशसम्म दाइजो पाउने (धर्मपुत्रको ६ नं)। यस व्यवस्थाले छोरीलाई सन्तानको रूपमा स्वीकार नगरेको देखिन्छ।
१४. सधवा वा विधवा स्वास्नी मानिसले आफूलाई कन्या भनी ढाँटी विवाह गरेमा एक वर्षसम्म कैद वा पाँच सय रूपैयासम्म जरिवाना र विवाह बदर हुने (विहावारीको ८ नं), तर लोग्ने मानिसले ढाँटी विवाह गरेमा एक महिनादेखि दुई महिनासम्म कैद र एक हजारदेखि दुई हजार रूपैयासम्म जरिवाना हुने र स्वास्नी मानिसले विवाह बदर गराउन चाहेमा पनि विवाह बदर हुनसक्ने (विहावारीको १० नं.)।

२. जीवन र सुरक्षाको हकको क्षेत्रका बाधाहरू

यस अन्तर्गत ४ वटा कुराहरूलाई समावेश गरिएको छः

(क) जीवनको अधिकार

मानवअधिकारहरूको विश्वव्यापी घोषणाको धारा ३ मा प्रत्येक व्यक्तिलाई जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार हुनेछ भनी व्यवस्था गरिएको छ। नागरिक तथा राजनीतिक अधिकारको अन्तरराष्ट्रिय अनुवन्धको धारा ६ मा कुनैपनि मानिसलाई जीउनबाट जथाभावी बञ्चित गरिनेछैन भनी जीवनको अधिकारलाई सुरक्षित गरिएको पाइन्छ। यस व्यवस्थालाई गम्भीरतापूर्वक लिने हो भने असामान्य अवस्थामा कुनै कार्य नगरी नहुने हो भन्ने कुरा सामान्य मष्तिष्कबाट पनि ठहर हुनसक्ने स्थितिमा मात्र मानिसलाई जीउने स्वतन्त्रताबाट बञ्चित गर्नसकिने हुन्छ। नेपाल अधिराज्यको संविधान २०४७ को निर्माण पश्चात मृत्युदण्ड दिन पाइने गरी कानून निर्माण गर्न पाइने छैन भनी कानून बमोजिम अदालतको फैसलाबाट ज्यान लिन सकिने व्यवस्थाको अन्त भएको छ। तर निम्नलिखित कानूनहरूको सहाराबाट वर्तमान सरकारको गठन पश्चात करिव ७२ जना मानिसहरूले जीउनबाट बञ्चित रहेको तथ्य आएको छ। यिनै ऐनको सहाराबाट अफिस जाँदै गरेको व्यक्तिले पनि ज्यान गुमाएको तथ्य पत्रिकाहरूमा प्रकाशित भएको छ।

(१) निषेधाज्ञा तोड्ने व्यक्ति वा जमातलाई गोली चलाउन आदेश दिन सकिने। त्यस्तो गोली चलाउनु पर्ने आवश्यकता परेमा गोली चलाउनु भन्दा अगाडि निषेधाज्ञा तोड्ने व्यक्ति वा जमातलाई प्रहरीले परिस्थिति अनुसार लाठीचार्ज, अश्रुग्याँस, फोहरा वा हवाई फायर गर्नुपर्छ। त्यति गर्दा पनि निषेधाज्ञा तोड्ने व्यक्ति वा जमात हटेन भने त्यस्तो व्यक्ति वा जमातलाई हट्दैनौ भने गोली चलाइनेछ भनी स्पष्टसंग बुझिने गरी चेतावनी दिनुपर्नेछ। त्यसरी चेतावनी दिंदा पनि निषेधाज्ञा तोड्ने व्यक्ति वा जमात हटेन भने प्रहरीले गोली चलाउन सक्नेछ। तर हिंसात्मक प्रवृत्ति देखाई निषेधाज्ञा तोड्ने व्यक्ति वा जमातलाई देख्ने बित्तिकै गोली हान्न आदेश दिन बाधा पुऱ्याएको नमानिने (स्थानीय प्रशासन ऐन, ०२८, दफा ६ क (४))।
(२) प्रमुख जिल्ला अधिकारीलाई दंगाग्रस्त क्षेत्र घोषित गर्न सक्ने अधिकार प्रदान गरिएको छ (स्थानीय प्रशासन ऐन, ०२८ दफा ६ (ख))। त्यस्तो क्षेत्रमा कुटपिट गर्ने तथा घर-पसलमा आगो लगाउने, सार्वजनिक सम्पत्ति तोडफोड गर्ने वा अन्य किसिमका हिंसात्मक वा विध्वंसात्मक कार्य गर्ने व्यक्तिलाई देख्ने बित्तिकै गोली प्रहार गरिने (उही दफा ६ ख (१)(ख))।
(३) सार्वजनिक शान्तिलाई विशेष खतरा पर्ने अवस्थामा कुनै खास इलाकामा थप प्रहरी खटाउने। यसरी थप प्रहरी खटाइएकोमा ती थप प्रहरीहरूको खर्च सोही इलाकाका बासिन्दाले ब्यहोर्नु पर्ने (प्रहरी ऐन, दफा २९)।

कारागार नियमावलीको नियम ४४ अन्तर्गत अन्य उपायको अवलम्बनको अभावमा नै गोली चलाउन सक्ने प्रावधान छ।

उपर्युक्त ३ वटा व्यवस्थाहरूमध्ये पहिलो दुईवटा व्यवस्थाले सजिलैसंग नियन्त्रणमा ल्याई स्थितिलाई सामान्य गर्न सकिने अवस्थामा पनि गोली चलाउन सक्ने अधिकार प्रदान गरेको छ। गोली चलाउने अधिकारको प्रयोग पनि स्थितिलाई नियन्त्रणमा ल्याउनका लागि मात्र हुनुपर्छ, कसैलाई ज्यान मार्नका लागि होइन। यसो भन्नुको तात्पर्य गोली पनि त्यस्तो हुनु हुँदैन जुन लागिसके पश्चात उपचार नै हुन नसकोस्। नेपालमा गोली चलाउनु पर्ने पूर्वावस्था बिना गोली चलाउन आदेश दिएमा सजायको भागी हुनुपर्ने अवस्था पनि

छैन र यसको जाँच हुने कुनै व्यवस्था पनि छैन। यसले गर्दा पनि यो ऐनको व्यापक दुरूपयोग भएको कुरा देखिएकै छ। तेश्रो व्यवस्था जीवनको सुरक्षासंग सम्बन्धित छ। प्रत्येकलाई सुरक्षा प्रदान गर्नु राज्यको कर्तव्य हुन्छ। तर उक्त व्यवस्थाले जब नागरिकहरूलाई सुरक्षाको आवश्यकता हुन्छ तब आफैंले खर्च बेहोरेर प्रहरी राख्न लगाउनु पर्ने गरेको छ।

(ख) स्वेच्छाचारी पक्राउ अथवा थुनाबाट बचाउ

नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धको धारा ९(१) ले कुनै पनि व्यक्तिलाई स्वेच्छाचारी पक्राउ अथवा थुना भोग्न लगाइने छैन भनेको छ। यही अनुबन्धको धारा ९(५) मा गैरकानूनी पक्राउ अथवा थुनाको शिकार भएका कुनै पनि व्यक्तिलाई कार्यान्वयन हुन सक्ने क्षतिपूर्तिको अधिकार हुनेछ भनी स्वेच्छाचारी पक्राउलाई निरूत्साहित गरिएको छ। यसका साथै सुनवाईको समय पर्खिरहेका व्यक्तिलाई थुन्नु सामान्य नियम हुनेछैन भनी धारा ९(३) मा व्यवस्था गरिएको छ। यस व्यवस्थाले 'कुनै व्यक्ति अभियोग लागी पक्राउ परेको छ भने उसलाई थुनामा राखेर नै कार्वाई गर्नु पर्छ भन्ने मान्यता राखेर कुनै कानून निर्माण गरिनु नहुने कुरालाई इंगित गरेको पाइन्छ। उक्त अनुबन्धका उल्लेखित प्रावधानहरूलाई निस्प्रभावी बनाउने गरी निम्नलिखित कानूनी व्यवस्था नेपालमा विद्यमान रहेको पाइन्छ।

(१) लागू औषध मुद्दामा अनुसन्धानको सिलसिलामा पक्राउ परेका व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले एकपटकमा एक महिनामा नबढाई बढिमा ३ महिनासम्म हिरासतमा राख्न म्याद थप गर्न सक्ने व्यवस्था छ (लागू औषध नियन्त्रण) ऐन, २०३३ को दफा २२ (ग)।

(२) केहि सार्वजनिक (अपराध र सजाय) ऐन अन्तर्गतको अभियोगमा पक्राउ परेका व्यक्तिलाई अनुसन्धानको सिलसिलामा मनासिब कारण देखिएमा थुन्नुपर्ने कारण खोली पर्चा खडा गरी बढिमा ३५ दिनसम्म थुनामा राख्न आदेश दिन सक्ने व्यवस्था छ (केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२० दफा ६१)।

(३) सरकारवादी हुने मुद्दामा अदालतसंग अनुमति मागी एकै पटक वा ३ पटकसम्म गरी २५ दिनसम्म थुनामा राख्न पाइने व्यवस्था छ (सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १५(४))।

(४) भ्रष्टाचार सम्बन्धी कसूरमा गिरफ्तार गरिएको व्यक्तिलाई न्यायाधीशको अनुमति लिई ३ महिनासम्म थुनामा राख्न सक्ने व्यवस्था छ (भ्रष्टाचार निवारण ऐन, २०१७ दफा १९(३))।

(५) विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ११ च अन्तर्गत मुद्दा हेर्ने अधिकारीको अनुमतिले एकपटकमा ७ दिनमा नबढाई ३० दिनसम्म थुनामा राख्न सक्ने प्रावधान छ।

उपर्युक्त कानूनी व्यवस्थाले अन्तर्राष्ट्रिय दस्तावेजद्वारा निश्चित गरिएका गैरकानूनी थुनामा नराखिने व्यवस्थालाई निस्प्रभावी पार्दछ। यसको तात्पर्य के हो भने मुद्दा हेर्ने अधिकारीको आदेश वा अनुमतिले माथि उल्लिखित अवस्थामा पक्राउ परेका व्यक्तिलाई सो अवधिसम्म राखिएको थुनालाई कानूनी थुना मानिन्छ। तर पछि तारेखमा राखी कार्वाई गर्ने वा नगर्ने भन्ने कुरालाई ध्यानमा राखी मुद्दाको सुनुवाईको अवस्थामा पक्राउ गर्नै नपर्ने व्यक्तिलाई पक्राउ गरिएको देखिएमा वा मुद्दा चलाउनै नसकिने अवस्थामा मुद्दा चलाएको देखिएमा पनि सो थुना कानूनी नै मानिन्छ। त्यस अवस्थाको कुनै क्षतिपूर्ति पाउन सक्ने कानूनी व्यवस्था छैन। संविधान, सरकारी मुद्दा सम्बन्धी ऐन तथा प्रहरी ऐन समेतले बाटाको म्याद बाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई मुद्दा हेर्ने अधिकारीको अनुमतिले मात्र थुन्न सकिने व्यवस्था गरेको छ। तर सो अवधिभन्दा बढी थुनामा राखेमा सो गैरकानूनी थुनामा राख्ने व्यक्तिलाई न त सजायको व्यवस्था छ, न त त्यस्तो थुनामा पर्ने व्यक्तिले क्षतिपूर्तिको माग गर्न सक्ने कानूनी व्यवस्था छ।

(ग) सुनवाईको अधिकार

फौजदारी अभियोग लागेको प्रत्येक व्यक्तिलाई निष्पक्ष एवं सार्वजनिक सुनवाई कानूनद्वारा स्थापित सक्षम, स्वतन्त्र एवं निष्पक्ष अदालत वा न्यायाधिकरणबाट गर्न दिइनेछ भनी मानवअधिकारको विश्वव्यापी घोषणाको धारा १० ले एवं नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धको धारा १४ ले निश्चितता प्रदान गरेको छ। कुनै निजामती कर्मचारीलाई फौजदारी मुद्दाको सुनवाई गर्ने अधिकार प्रदान गरिनु यी प्रावधानहरूको प्रतिकूल हुन्छ। निजामती कर्मचारीलाई फौजदारी मुद्दाको सुनवाई गर्ने अधिकार प्रदान गर्दा श्री ५ को सरकारले ती कानूनहरूको दुरूपयोग गर्न लगाई आफ्नो स्वार्थ पूरा गर्न सक्ने प्रबल संभावना हुन्छ। यसको सानो उदाहरणको रूपमा २०४६ साल भन्दा अगाडि सार्वजनिक सुरक्षा ऐनको जुन हदमा दुरूपयोग भएको थियो, त्यही तहमा अहिले केही सार्वजनिक अपराध र सजाय ऐनको दुरूपयोग भएको पाइन्छ। यस ऐन अन्तर्गतको अभियोगको सुनवाई गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई छ। यो त भयो प्रमुख जिल्ला अधिकारीले स्वतन्त्र एवं निष्पक्ष न्याय सम्पादन गर्न नसक्ने कुरा। साथै प्रमुख जिल्ला अधिकारी न्याय सम्पादन गर्ने सक्षम व्यक्ति हुन सक्तैन। फौजदारी मुद्दामा न्याय सम्पादन गर्न प्रमाण कानूनका सिद्धान्त, फौजदारी न्यायका सिद्धान्तको बारेमा पूर्ण जानकारी नभएको व्यक्तिले निरपराधलाई अपराधी र अपराधीलाई निरपराध बनाउने संभावना पनि प्रबल हुन्छ। त्यसर्थ प्रमुख जिल्ला अधिकारीलाई न्याय सम्पादन गर्ने अधिकार प्रदान गरिएका निम्नलिखित कानूनहरू, अन्तर्राष्ट्रिय दस्तावेजका उक्त प्रावधानहरूका प्रतिकूल छन्।

(१) आवश्यक वस्तु संरक्षण ऐन, २०१२ को दफा ९। यस ऐन अन्तर्गत २ वर्षसम्म कैदको सजाय हुन सक्तछ, (दफा ८)।

(२) हातहतियार स्वर-खजाना ऐन, २०१९ को दफा २४। यस ऐन अन्तर्गतको कसूरमा ७ वर्षसम्म कैद हुन सक्छ। (ऐनमा स्थानीय अञ्चलाधीशले हेर्ने व्यवस्था छ तर स्थानीय प्रशासन ऐन, २०२८ को दफा १३ अन्तर्गत प्रजिअको मा सर्ने व्यवस्था छ)।

(३) कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ दफा १५। यस ऐन अन्तर्गत जन्मकैदसम्म हुन सक्ने व्यवस्था छ (दफा ७ (१)(क))। यसमा श्री ५ को सरकारले अदालत वा अधिकारी तोक्न सक्ने व्यवस्था पनि छ। तर अहिलेसम्म तोकेको छैन।

(४) तथ्यांक ऐन, २०१५ को दफा १०(१)(क)। यस ऐन अन्तर्गत पाँच महिनासम्म कैदको सजाय हुन सक्तछ (दफा ९(५))।

(५) खाद्य ऐन, २०२३ दफा ११। यस ऐन अन्तर्गत २ वर्षसम्म सजाय हुन सक्ने व्यवस्था छ (दफा ५)।

(६) दाना पदार्थ ऐन, २०३३ दफा १५। यस ऐन अन्तर्गत ६ महिनासम्म कैद हुन सक्ने प्रावधान छ (दफा ८)।

(७) संक्रामक रोग ऐन दफा ४। यस ऐन अन्तर्गत ६ महिनासम्म कैद हुन सक्छ (दफा ३)।

(८) आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ दफा। यस ऐन अन्तर्गत ५ वर्षसम्म कैदको सजाय हुन सक्तछ (दफा ४)।

(९) नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७ दफा १५। यस ऐन अनुसार ६ महिनासम्म कैदको सजाय हुन सक्तछ (दफा १३)।

(१०) जग्गा प्राप्ती ऐन, २०३४ दफा ४०। यस ऐन अन्तर्गत एक महिनासम्म कैद हुन सक्ने प्रावधान छ (दफा २५(३))।

(११) केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ दफा ६। यसमा पुनरावेदन अदालतमा साधक जाहेर गरी २ वर्षसम्म थुनामा राख्न सक्ने व्यवस्था छ।

(१२) रेल्वे ऐन, २०२० दफा १२। यस अन्तर्गत १५ दिनसम्म थुनामा राख्ने व्यवस्था छ (दफा १२)।

(१३) जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा १५। यस ऐन अन्तर्गतको कसूरमा ३ महिनासम्म कैदको सजाय हुन सक्तछ (दफा १३)।

(१४) सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ को दफा १९। यस ऐन अन्तर्गत १ वर्षसम्म कैदको सजाय हुन सक्तछ (दफा ४(३))।

(१५) सार्वजनिक सुरक्षा ऐन, २०४६ दफा १०। यस अन्तर्गत ६ महिनासम्म कैदको सजायको प्रावधान छ (दफा १८)।

प्रमुख जिल्ला अधिकारी बाहेक अन्य निजामती कर्मचारीलाई कैदको सजाय समेत गर्न सक्ने अधिकार प्रदान गर्ने ऐन निम्नानुसार छन्।

(१) निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ ले मुद्दा हेर्ने अधिकार भंसार अधिकृतलाई प्रदान गरेको छ (दफा ५(२))। यस ऐन अन्तर्गतको अपराधमा २ वर्षसम्म कैद हुन सक्तछ।

(२) मदिरा ऐन, २०३१ ले मुद्दा हेर्ने अधिकार अन्तःशुल्क अधिकारीलाई प्रदान गरेको छ (दफा १४)। यस ऐन अन्तर्गत ६ महिनासम्म कैदको सजाय हुनसक्ने व्यवस्था छ (दफा १२)।

(३) आय कर ऐन, २०३१ ले कर अधिकृतलाई मुद्दा हेर्ने अधिकार प्रदान गरेको छ (दफा ६४)। यस ऐन अन्तर्गतको मुद्दामा राजस्व न्यायाधीकरणमा जाहेर गर्ने गरी २ वर्षसम्म कैदको सजाय हुन सक्ने व्यवस्था छ (दफा ६०)।

(४) वन ऐन, २०४९ ले वन अधिकृतलाई मुद्दा हेर्ने अधिकार प्रदान गरेको छ (दफा ६५)। सोही दफाले यस ऐन अन्तर्गत एक वर्षसम्म कैदको सजाय हुन सक्ने मुद्दामा अधिकार प्रदान गरेको छ।

(घ) यातना बिरूद्धको हकको विषय

मानवअधिकारको विश्वव्यापी घोषणाको धारा ५, तथा नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुवन्धको धारा ७ ले कुनै पनि व्यक्तिलाई यातना नदिइने र निर्दयी, अमानवीय एवं अपमानजनक व्यवहार नगरिने कुराको सुनिश्चितता प्रदान गरेको छ। विश्वभरी नै कायम रहेका यातना तथा अन्य क्रूर, अमानवीय एवं अपमानजनक व्यवहार वा दण्डका विरूद्ध अझ प्रभावशाली लडाईं सञ्चालन गर्ने उद्देश्य लिएर यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरूद्धको अभिसन्धि पारित भई लागु भएको छ। यसमा नेपालले पनि सम्मिलन गरेको छ। यस अभिसन्धिको धारा १ ले यातनाको परिभाषा गरेको छ। जस अनुसार कुनै सरकारी हैसियतमा रहेको अधिकारी वा उसको उजुरीले वा सहमतिले कुनै व्यक्तिलाई शारीरिक वा मानसिक पीडा पुर्‍याउने कार्य भएमा त्यसलाई यातना मानिएको छ। धम्काउने वा रूखो व्यवहार गर्ने कार्यलाई पनि यातना मानिएको छ। धारा २ मा कुनै पनि स्थितिमा, त्यो लडाईंको स्थिति होस् वा लडाईंको धम्की, आन्तरिक राजनैतिक अस्थिरता वा शंकटकाल होस् यस आधारमा यातनालाई जायज ठहराउन नसकिने व्यवस्था गरिएको छ। साथै माथिल्लो तहको अधिकृत वा सरकारी अधिकारीको आदेशलाई पनि आधार मान्न नमिल्ने व्यवस्था गरिएको छ। धारा ४ मा यातना दिने कामलाई फौजदारी कानून अन्तर्गतको अपराध हो भनी हरेक पक्ष राष्ट्रले निर्धारण गर्नु पर्ने व्यवस्था गरेको छ।

उपर्युक्त व्यवस्थाहरू समावेश भएको अभिसन्धिमा पक्ष बनेका देशहरूले व्यवहारमा पनि मानवअधिकारको

पक्षधर सावित गर्नुपर्छ। यसका निम्ति यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारलाई निरूत्साही बनाउने कानूनहरू निर्माण गर्नु आवश्यक हुन्छ। यातनालाई फौजदारी अपराधको रूपमा लिइनुका साथै त्यसमा संलग्न व्यक्तिलाई दण्डभागी बनाइनु पर्छ। पीडित पक्षलाई प्रभावकारी र सरल तरिकाबाट क्षतिपूर्ति प्राप्त हुन सक्ने व्यवस्था गरिनु पर्दछ। नेपालले यातनालाई मानवअधिकारको गंभीर उल्लंघन हो भन्ने कुरालाई स्वीकार गरेको छ। जनआन्दोलन पश्चात निर्मित संविधान (नेपाल अधिराज्यको संविधान) २०४७ को धारा १४(४) मा कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने छैन वा निजसंग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन भनिएको छ। त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारित गरे बमोजिम क्षतिपूर्ति दिइनेछ भन्ने उल्लेख गरिएको छ। यस प्रकार संविधान निर्माण भएको ३ वर्ष र सदनको पाँचवटा अधिवेशन समाप्त भइसक्दा पनि यातना बिरूद्धको कानून बनेको छैन। यो कानून आउन नसक्नुले यातना सम्बन्धी अभिसन्धि प्रतिको कटिबद्धतामा शंका गर्नु पर्ने स्थिति सिर्जना भएको छ। यातनालाई फौजदारी अपराध नमानिएको र यातना दिने व्यक्तिलाई दण्डको प्रावधानको अभाव भएकोले हाल व्यापक रूपमा यातना प्रचलित रहेको छ। सजाय बापत कारागारमा रहेको व्यक्तिले अन्य व्यक्तिको जीउ ज्यानमा खतरा हुने स्थिति सिर्जना गरेमा त्यस्तो अपवादजनक स्थितिमा दिइने थप सजायको प्रयोग एकदमै सतर्कतासाथ गर्नुपर्ने हुन्छ। यस मान्यताको प्रतिकूल निम्नलिखित प्रावधानहरू नेपाल कानूनमा विद्यमान भएको पाइन्छः

(१) कारागार ऐनको दफा २२(२)। यस अन्तर्गत एक महिनासम्म, नेल, हतकडी र जन्जीर हाल्न सक्ने प्रावधान छ। यस अधिकारको प्रयोग कारागार प्रमुखले गर्छ (दफा २६(२))। यसमा आधार तय गरिएको भए पनि कैदीले आफ्नो अधिकारको माग गर्दा यस दफाको प्रयोग गरिएको पाइन्छ।

(२) फौजदारी मुद्दामा सजाय पाएका कैदीलाई आवश्यकतानुसार एक्लै, भिन्दै कोठाम राख्न हुन्छ (कारागार ऐन दफा ६(२))।

(३) कारागार नियमावलीको नियम ५। यस नियम अनुसार १ वर्षसम्म गोलघरमा राख्न सक्ने व्यवस्था छ। यस नियममा खोलिएका अन्य आधारको अलावा श्री ५ को सरकारबाट गोलघरमा राख्ने गरी आदेश दिन सक्ने प्रावधान राखिएको छ। यो व्यवस्था एकदमै स्वेच्छाचारी छ।

३. सामाजिक सुरक्षाको बाटोका अड्चनहरू

• सामाजिक सुरक्षा अन्तर्गत शिक्षा, स्वास्थ्य, रोजगार सम्बन्धी अधिकार र भोकबाट स्वतन्त्रता तथा असक्तता, विरामीपन, वृद्धावस्थामा सुरक्षा प्राप्त गर्ने अधिकारहरू पर्दछन्। आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूबारे अन्तर्राष्ट्रिय अनुवन्धले यी अधिकारहरूको सुनिश्चितता प्रत्येक राष्ट्रले आफ्ना नागरिकलाई प्रदान गर्नुपर्ने कुरामा जोड दिएको छ। राज्य पक्षहरूले काम गर्न पाउने अधिकारहरूलाई मान्यता दिन्छन्। यसमा जीविकोपार्जन गर्ने अवसर प्राप्त गर्ने अधिकार समावेश छ (धारा ६), कामदारलाई निजहरूको परिवारहरूको निम्ति राम्रो जीवनस्तर प्राप्त गर्न सक्ने पारिश्रमिक (धारा ७), सुरक्षित र स्वास्थ्यप्रद कामका अवस्थाहरू (धारा ७), सामाजिक बीमा लगायत प्रत्येकको सामाजिक सुरक्षाको अधिकार (धारा ९), प्रत्येकलाई आफ्नो र आफ्ना परिवारका सदस्यहरूको निम्ति पर्याप्त खाना, कपडा र आवास लगायत पर्याप्त स्तरको जीवन प्राप्त गर्ने अधिकार (धारा ११), स्वास्थ्यको अधिकार (धारा १२), शिक्षाको अधिकार (१३) पर्दछन्। यी सम्पूर्ण कुराहरू एक अर्कासंग अन्तर्सम्बन्धित छन्, जो मानिसको जीवन सार्थक बनाउनका लागि अपरिहार्य छन्। ०४६ सालको जनआन्दोलन पश्चात निर्मित संविधान (नेपाल अधिराज्यको संविधान, २०४७) ले यी कुराहरूलाई अंगिकार गरेको छ। राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू अन्तर्गत धारा २६ मा राज्यका नीतिहरूमा रोजगारी उपलब्ध गराई कामको अधिकारलाई सुनिश्चितता प्रदान गर्ने कुरा उल्लेख गरिएको छ। तर यो प्राप्त नभएको अवस्थामा कुनै अदालतबाट लागु गराउन सकिंदैन। अन्तर्राष्ट्रिय अनुवन्धहरूले सुनिश्चितता प्रदान गरेका अन्य अधिकारहरू पनि आफ्ना नागरिकहरूलाई प्रदान गर्दै लाने कुरामा निरन्तरता दिनु प्रत्येक राज्य पक्षको कर्तव्य हुन्छ। नेपालमा यस व्यवस्थालाई टेवा पुग्ने खालका छिटपुट कानून उक्त अनुवन्धलाई सम्मिलन गर्नु भन्दा अगाडि नै पनि बनेको पाइन्छ। तर त्यो राज्यको इच्छामा भर पर्ने गरी बनाइएको छ, जनताको अधिकारको रूपमा होइन। यस्ता खालका कानूनलाई सुधार गर्दै अधिकारको रूपमा नागरिकले उपभोग गर्न पाउने हुनु पर्नेमा यो अनुवन्धको सम्मिलनपश्चात बनेका कानूनमा समेत सोही कानूनको अनुशरण गरिएको छ, जो यस अनुवन्धको भावनाको प्रतिकूल हुन्छ । ती कानूनहरू निम्नानुसार छन्ः

(१) अपाङ्ग संरक्षण ऐन, २०३९। यो ऐन अपाङ्ग (शारीरिक वा मानसिक तवरले असमर्थ वा असक्षम भएको नेपाली नागरिक। यस शब्दले कानो, अन्धो, बहिरो, लाटो, लठेब्रो, लुलो, कुँजो, लङ्गडो, खोरण्डो, डुँडो वा सुस्त मनस्थिति भएको व्यक्तिलाई जनाउँछ।) को हीत संरक्षण गरी स्वास्थ्य, शिक्षा, स्याहार, तालीम र उनीहरूको समानताको हक तथा रोजगारी समेतको कल्याणकारी व्यवस्था गर्ने उद्देश्य लिएर आएको कुरा प्रस्तावनामा भेटिन्छ। तर ऐनको दफाहरू भित्र प्रवेश गरी अध्ययन गर्दा श्री ५ को सरकारले उत्तरदायित्व वहन गर्नु पर्ने गरी उल्लिखित गरिएका दफाहरू जस्तो – शिक्षा, स्वास्थ्य, रोजगारी तथा आवास लगायतका अन्य व्यवस्थाहरूको समुचित व्यवस्था गर्न सक्नेछ भनी स्वविवेकमा राखेको पाइन्छ।

(२) समाज कल्याण ऐन, ०४९। यो ऐन समाजका कमजोर तथा असहाय व्यक्ति, वर्ग र समुदायलाई मानवोचित जीवन यापन गर्न सक्षम तुल्याउने उद्देश्य लिएर आएको पाइन्छ। यस अन्तर्गत बालक, वृद्ध, असहाय, अपाङ्गहरूको हीत तथा बेरोजगार अशिक्षितहरूले सम्मानपूर्वक जीवन यापन गराउने कार्यक्रम समेत समावेश छन्। तर यस ऐनमा पनि समाज कल्याण कार्यक्रम तथा समाज कल्याण सम्बन्धी विशेष कार्यक्रम श्री ५ को सरकारले गर्न सक्नेछ भनी उल्लेख गरेको छ।

उपर्युक्त व्यवस्थाबाट श्री ५ को सरकारले सामाजिक सुरक्षाको सिद्धान्तलाई अपनाउन हामी कटिवद्ध छौं भनी देखाउन खोजे पनि त्यस अनुरूप कानून निर्माण भएको देखिदैन। श्री ५ को सरकारको इच्छामाथि नागरिकले भर पर्नु पर्ने स्थिति सिर्जना गरिएको छ। शिक्षा नियमावलीमा रोजगार प्राप्त व्यक्तिले पनि आफूले रोजगारी गरेको ठाउँबाट सुरक्षा प्राप्त गर्न सक्ने सुनिश्चितताको अभाव छ। शिक्षा नियमावलीको नियम ६९ देखि ८३ सम्म निवृत्तिभरण, शैक्षिक भत्ता तथा सन्तति वृत्ति, उपदान जस्ता सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था छ र दफा ८४ मा निजी क्षेत्रमा संचालन भएका विद्यालयका शिक्षकहरूको सम्बन्धमा यो परिच्छेद लागु हुने छैन भनी सो हकबाट बञ्चित गरिएको छ। यद्यपि नियम १६ मा निजी क्षेत्रका विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत संचय कोष र कल्याणकारी कोष स्थापना, सेवाको सुरक्षा, शिक्षक नियुक्ति गर्दा एक वर्ष परीक्षण कालमा नियुक्ति गर्नुपर्ने (तत्पश्चात स्वत स्थायी पाउने भावमा), उपदान जस्ता व्यवस्था गराउनु पर्ने उल्लेख गरेको छ। तर सो बमोजिमको व्यवस्था नगरेमा के सजाय हुने भन्ने व्यवस्था नभएबाट अधिकांश निजी क्षेत्रमा संचालित विद्यालयका शिक्षक तथा कर्मचारी यो सुरक्षाबाट बञ्चित हुन पुगेका छन्।

४. मानवअधिकारको कानूनी सुरक्षाका निम्ति के गर्ने ?

नेपालमा २०४५ साल (सन् १९९०) मा भएको जन-आन्दोलनमा सहभागीहरू सबैले मानवअधिकार विरोधी कानूनहरूको विरोध गरेका थिए। हाल सत्तापक्ष र प्रतिपक्षका रूपमा रहेका राजनीतिक दलहरूले आम निर्वाचनमा पनि मानवअधिकारको पक्षपोषण गरेका थिए। उनीहरूले मानवअधिकारको विरूद्धमा रहेका कानूनहरू खारेज गरिने कुरा गरेका थिए। नेपालको संविधानमा पनि मानवअधिकारलाई महत्व दिइएको छ। संविधानसंग बाझिने कानूनहरू स्वतः निस्क्रिय हुने संवैधानिक व्यवस्था छ।

उक्त प्रकारले जन-आवाज र संविधानमा नेपालको जागरूक जनमत मानवअधिकारको पक्षमा अभिव्यक्त भएको छ। यस सकारात्मक स्थितिलाई मानवअधिकारसंग बाझिने कानूनहरूको खारेजी वा संसोधनका निम्ति प्रयोग गर्न सकिन्छ। यसका निम्ति मानवअधिकार संगठनहरू र मानवअधिकारका पक्षधरहरूले विभिन्न पाइला चाल्नु पर्ने हुन्छ। त्यसमा मानवअधिकार विरोधी कानूनहरू प्रति राजनीतिक दलहरू, सामाजिक संगठनहरू, संसद सदस्यहरू र सर्वसाधारण जनतालाई सचेत तुल्याउने र जनमतको सिर्जना गरी ती कानूनहरूलाई बदल्ने कार्य पर्दछन्। यसो गरिएन भने राज्यले झन बढी मानवअधिकारको उल्लंघन गर्ने खतरा बढ्दछ। देशभित्र उक्त कार्य गर्नुका साथै संयुक्त राष्ट्र संघ र मानवअधिकारको संरक्षणमा संलग्न अन्तर्राष्ट्रिय संस्थाहरूको सहयोग र समर्थनलाई पनि परिचालन आवश्यक छ। ❑

परिच्छेद ३

न्यायपालिका र मानवअधिकार - १९९३

स्वतन्त्र एवं सक्षम न्यायपालिकाबिना नागरिकका अधिकार एवं स्वतन्त्रताहरूको संरक्षण एवं प्रत्याभूति सम्भव छैन। प्रजातान्त्रिक राज्य व्यवस्थामा न्यायपालिका नागरिकका अधिकार एवं स्वतन्त्रताहरूको अभिभावक एवं संरक्षणकर्ताको रूपमा कार्यरत रहन्छ। नेपाल अधिराज्यको संविधान २०४७ ले हाम्रो मुलुकमा न्यायपालिकालाई स्वतन्त्र एवं शक्तिशाली तुल्याएको छ। संविधानको प्रस्तावनामा नै स्वतन्त्र एवं सक्षम न्याय प्रणालीको व्यवस्था गरी कानूनी राज्यको अवधारणालाई साकार पार्ने प्रतिवद्धता अभिव्यक्त भएको छ र साथै यसलाई असंशोधनीय अवधारणाका रूपमा संविधानद्वारा प्रत्याभूति प्रदान गरिएको छ। यस संविधानद्वारा सर्वोच्च अदालतलाई न्यायिक पुनरावलोकन (Judicial Review) को एउटा महत्वपूर्ण अधिकार प्रदान गरिएको छ। सर्वोच्च अदालतलाई यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुंगो लगाउने असाधारण अधिकार छ। सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकार पृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्छ।

नयाँ संविधान २०४७ जारी भएपछि हाम्रो न्यायपालिकाको भूमिका एवं जिम्मेवारी निकै बढ्न गएको छ। नागरिकका मौलिक हक एवं स्वतन्त्रताहरूको संरक्षण र संवर्द्धनमा महत्वपूर्ण एवं निर्णायक भूमिका खेल्न सक्ने पर्याप्त संवैधानिक आधार हालको संविधानले न्यायपालिकालाई प्रदान गरेको छ। तर यसका लागि संवैधानिक प्रत्याभूति मात्र पर्याप्त छैन। न्यायपालिका स्वयं पनि आफ्नो स्वतन्त्रता र सक्षमताको अभिवृद्धिका लागि प्रयासरत रहनुका अतिरिक्त यस दिशामा राज्यका अन्य अंगहरूको सामूहिक प्रतिवद्धताको पनि आवश्यकता छ। यदि यस दिशामा न्यायपालिकाले आफ्नो दायित्वलाई गंभीरता एवं कठोरताका साथ पूरा गर्न सकेन भने कानूनको शासन (Rule of Law) को अवधारणा परास्त भएर जान्छ जसको अभावमा मानवअधिकारको पालना एवं संरक्षण सम्भव देखिँदैन।

गत वर्ष १९९३ मा न्यायपालिका आफ्नो भूमिकाका प्रति सचेत एवं जागरूक देखिएन भन्ने स्थिति छैन। यद्यपि मानवअधिकारको नेपाली विधिशास्त्रको निर्माणमा अझै निकै समय लाग्नेछ तैपनि न्यायालयले खेलेको भूमिकालाई हेर्दा स्थिति त्यति निराशाजनक छैन। सर्वोच्च अदालतले मानवअधिकारको दिशामा केही महत्वपूर्ण एवं दुरगामी सिद्धान्तहरू प्रतिपादित गरेको छ एवं संविधानद्वारा प्रदत्त मौलिक हकको बहालीको लागि पर्याप्त तत्परता एवं सावधानी देखाएको छ। सर्वोच्च अदालतले आफ्नो असाधारण अधिकार क्षेत्रको प्रयोग गर्दै मौलिक हकमा अनावश्यक बन्देज लाग्ने गरी निर्माण गरिएका केही ऐनका सम्बन्धित दफालाई गैरसंवैधानिक (ultravires) ठहऱ्याई वदर एवं अमान्य घोषित गर्ने महत्वपूर्ण कार्य गरेको छ। यसै सिलसिलामा वर्ष १९९३ मा सर्वोच्च अदालतद्वारा मानवअधिकारसंग सम्बन्धित प्रतिपादन गरिएका महत्वपूर्ण सिद्धान्तहरू एवं मामिलाहरूको बारेमा संक्षेपमा चर्चा गर्नु प्रासंगिक देखिन्छ।

(१) संविधानको धारा ११(१) मा "सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानूनको समान संरक्षणबाट बंचित गरिने छैन" तथा धारा ११(२) मा "सामान्य कानूनको प्रयोगमा कुनैपनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन" भनि समानताको हकको स्पष्ट प्रत्याभूति गरिएको छ। यस सम्बन्धमा सर्वोच्च अदालतले सरला रानी रौनियारद्वारा श्री ५ को सरकार अर्थ मन्त्रालयका विरूद्धको मुद्दामा (निर्णय नं. २३११, ने.का.प ०५०) व्याख्या गरेको छ। यो मामिला स्त्री र पुरूषको बीचको समानताको प्रश्नसंग पनि संबन्धित छ। यस मुद्दामा निवेदिकाले आयकर ऐन २०३१ को दफा २१ को देहाय (क) लाई दर्शाई दम्पतिको संयुक्त आयमा लोग्नेको नाममा कर निर्धारण गरिनेछ भन्ने भएको र सो व्यवस्थाद्वारा पुरूष र स्त्री बीच भेदभाव गरी नेपाल अधिराज्यको संविधान ०४७ को धारा ११ को उपधारा (१) ले प्रत्याभूत गरेको मौलिक हकलाई उक्त आयकर ऐन, ०३१ को दफा २१ (क) र आर्थिक ऐन, ०४६ ले अनुचित बन्देज लगाएको र संविधानको धारा १२ (२) (ङ) द्वारा प्रत्येक नागरिकले कुनै पेशा, रोजगार उद्योग र व्यापार गर्ने स्वतन्त्रता मौलिक हकसंग बाझिएको हुँदा सो बदर गरिपाउँ भन्ने मुख्य जिकिर लिएकी थिइन्। प्रस्तुत मामिला संविधानको धारा ८८ (१) र (२) अनुसार पर्न आएको थियो। यस सम्बन्धमा सर्वोच्च अदालतले निवेदिकाको

जिकिरलाई अख्तियार गर्दै निम्न दृष्टिकोण प्रस्तुत गर्‍यो - "वस्तुतः समानता भन्ने कुरा एब्सुलेट हुदैन। भेदभावपूर्ण कानून त्यस्तो कानूनलाई भनिन्छ जब त्यसले वेमुनासिब आधारमा कानूनको वर्गीकरण गरी संवैधानिक अधिकारको हनन गर्छ। कानूनको दृष्टिमा समान वा कानूनको समान संरक्षण भन्ने बाक्यांशको अर्थ नागरिकलाई शारीरिक, शैक्षिक योग्यता, सामाजिक कार्यको विभिन्नता इत्यादि वारे भेदभाव नगरी समानताको हक प्राप्त हुनेछ भन्ने होइन। दम्पतिको आयमा लोग्ने, पुरूष जाति र पत्नी स्त्री जातिको आयमा कम बेसी गरी भेदभावपूर्ण तरिकाले लिङ्गको आधारमा कर निर्धारण गर्ने गरी उक्त आयकर ऐनले व्यवस्था गरेको छैन। अविवाहितामा एक्लो महिला पुरूषको आय जुन तरिकाबाट निर्धारण गरिने हो सो भन्दा बेग्लै किसिमले दम्पतिको संयुक्त आयमा कर लागेकै कारणले संविधानको धारा ११ को बर्खिलाप महिला विरूद्ध भेदभाव गरिएको भन्न मिल्दैन्। दम्पतिको संयुक्त आयमा लाग्नेको नाममा कर निर्धारण गर्ने कुरा कर निर्धारणको प्रयोजनको लागि कर निर्धारण गर्ने विधि सम्म तोकिएको हो। यसरी दम्पतिको संयुक्त आयमा कसको नाममा आयकर निर्धारण गर्ने भन्ने विधिलाई असमान भयो भन्न मिल्दैन्।"

(२) अधिवक्ता पुरेन्द्र अर्यालद्वारा निर्वाचन आयोगका विरूद्ध दिइएको रिटको (रिट नं. २२७०, ने.का.प. ०५० अंक १ वैशाख) मामिला संवैधानिक कानून एवं मौलिक हकका दृष्टिकोणले अत्यन्त महत्वपूर्ण छ। यस मामिलामा सर्वोच्च अदालतले संविधानको धारा ११३ (२) को खण्ड (घ) र संविधानको प्रस्तावनाको अन्तर सम्बन्धलाई व्याख्या गरेको छ साथै संविधानको धारा १६ द्वारा प्रत्याभूत भएको सूचनाको हकका सम्बन्धमा पनि सर्वोच्च अदालतले प्रष्ट्याएको छ। यस मामिलामा नेपाल अधिराज्यको संविधान २०४७ ले नागरिकलाई संघ-संस्था खोल्ने स्वतन्त्रता प्रदान गरे अन्तर्गत राजनीतिक दल खोल्ने स्वतन्त्रता समेत पर्दछ। धारा ११२ ले यस्तो दललाई प्रतिवन्ध लगाउन बन्देज लगाएकोमा निर्वाचन आयोगले संवैधानिक कठिनाई देखाइ नयाँ राजनैतिक संगठन वा दल निर्वाचन आयोगमा दर्ता नभएको कुरा सार्वजनिक जानकारीमा आएकोले धारा १६ को सार्वजनिक सूचनाको हक अन्तर्गत आयोगमा सोको जानकारी माग गरेकोमा निवेदकहरूलाई सोको लिखित जानकारी गराउन अस्वीकार गरिएको थियो। निवेदकहरूका अनुसार निर्वाचनका लागि आयोगवाट मान्यता प्राप्त गर्न कुनै राजनीतिक दल अयोगमा दर्ता गर्नु पर्ने र दर्ता हुनका लागि संविधानको धारा ११३ (२) (घ) बमोजिम प्रतिनिधि सभाको निर्वाचनमा खसेको जम्मा मतको ३ प्रतिशत मत प्राप्त गर्नु पर्ने व्यवस्थाले विवाद खडा गरेको छ। यदि यो प्रावधानलाई मान्ने हो भने पनि पहिलो पटक निर्वाचनमा भाग लिइ सकेका दलको लागि मान्य हुन्छ। निर्वाचनमा भाग नलिएका दलले कति प्रतिशत मत प्राप्त गर्‍यो भन्न सकिन्न। उपर्युक्त कारण दर्शाइ आयोगले नयाँ राजनीतिक दल दर्ता नगरेबाट भविष्यमा हुने निर्वाचनमा भाग लिन पाउने हकबाट बंचित हुन गई संविधानको आधारभूत स्वरूप वहुदलीय प्रजातन्त्रमा नै असर पर्न गएको छ। तसर्थ संविधानमा समेत नयाँ दलमाथि प्रतिवन्ध लगाउने प्रावधान नभएकोले संविधानको रीत पुर्‍याई दर्ता हुन आएका नयाँ राजनीतिक पार्टीहरूलाई निर्वाचन आयोगले दर्ता गर्न इन्कार गरेको कार्यलाई उत्प्रेषणको आदेशद्वारा बदर गरी त्यस्ता राजनीतिक पार्टीलाई दर्ता गरिदिनु भन्ने परमादेश समेत जारी गर्ने निवेदकहरूले माग गरेका थिए।

यस सम्बन्धमा सर्वोच्च अदालतले व्याख्या गर्दै भनेको छ - "संसद एवं स्थानीय निकायहरूका सदस्यहरूका लागि हुने निर्वाचनमा मतदान गर्ने र राजनीतिक संगठन वा दल खडा गरी अथवा स्वतन्त्र उम्मेदवारको हैसियतले चुनाव लड्न पाउने समेत अधिकार कानून बमोजिम सबै नागरिकले उपभोग गर्न पाउनु, प्रजातान्त्रिक संवैधानिक कानून बमोजिम सबै नागरिकले उपभोग गर्न पाउनु, प्रजातान्त्रिक एवं संवैधानिक व्यवस्थाको प्रमुख विषेशता हो। तसर्थ मुलुकको प्रतिनिधि सभाको निर्वाचन प्रक्रिया कुनै खास व्यक्ति विशेषको अथवा कुनै राजनीतिक संगठन वा दलको सरोकारको विषय मात्र नभएर राष्ट्रिय महत्वको विषय भएकोले निवेदकले उठाउनु भएको विषय सार्वजनिक सरोकारको विषय होइन भन्न सकिदैन्। प्रजातान्त्रिक संवैधानिक व्यवस्थामा सर्वसाधारणले आफ्नो राजनैतिक वा आर्थिक हक हितको प्रतिनिधित्व गर्न राजनैतिक संगठन वा दल खडा गर्ने हुँदा त्यस्ता संगठन वा दल खडा गर्न पाउने अथवा त्यस्तो संगठन वा दल मार्फत् प्रतिनिधि सभाको चुनावमा भाग लिन पाउने अधिकारमा कुनै किसिमको बन्देज लगाइएमा त्यस्ता बन्देजलाई सहजताका साथ लिन पनि हुन्न। साथै कुनै राजनैतिक संगठन वा दलले नागरिकको हक हितको प्रतिनिधित्व गर्नुका साथै जनसामान्यको हक हितको बेवास्ता गर्छ र नगन्य जनसंख्यामा बाहेक राष्ट्रिय स्तरमा जनआस्था समेत प्राप्त गर्न नसक्ने नाम मात्रको राजनैतिक संगठनको रूपमा स्थापित भईरहन्छ भने त्यस्ता राजनैतिक संगठन वा दलहरूको संख्यात्मक बृद्धिले मात्र प्रजातन्त्र दरो हुन्छ भन्न पनि सकिदैन्।"

सर्वोच्च अदालतले संविधानको धारा ११३(२) को खण्ड (घ) र संविधानको प्रस्तावनाको अन्तरसम्बन्धलाई प्रष्ट पार्दै अगाडि भनेको छ - "धारा ११३(२) को खण्ड (घ) नेपाल अधिराज्यको संविधान ०४७ मा संसोधन गरी ल्याइएको धारा नभएको र यो धारा संविधान निर्माण हुँदा कै अवस्था संविधान निर्माताद्वारा राखिएको धारा हो। यस धाराको प्रादुर्भाव प्रजातान्त्रिक संवैधानिक व्यवस्था र संविधानको प्रस्तावनाको साथ-साथै भएकोले संवैधानिक संरचना समेतलाई सोची विचारी राखिएको र त्यसरी राख्दा संवैधानिक संरचनातर्फ संविधान निर्माण हुँदाको अवस्था दृष्टि नपुगेको होला भनी अनुमान गर्न मिल्ने देखिदैन। कुनै राजनीतिक संगठन वा दलद्वारा प्रतिनिधि सभाको निर्वाचनमा भागलिने विषयमा शर्त व्यवस्थित गर्नु र भाग लिनै नदिने गरी प्रतिवन्ध लगाउनु

बेग्ला बेग्लै कुरो हो। राजनैतिक संगठन वा दलहरूलाई जनताप्रति जागरूक एवं जनमुखी बनाउन प्रतिनिधि सभाको निर्वाचनमा जम्मा खसेको मतको अनुपातमा निश्चित प्रतिशत मत ल्याउन पर्ने गरी जनताको निश्चित आस्था दर्शाउने शर्त रहेकै कारणले यस्तो शर्तलाई प्रजातान्त्रिक संरचना प्रतिकूल छ भन्न पनि मिल्दैन्।" यसका साथै सर्वोच्च अदालतले संविधानको धारा ११३ (२) को खण्ड (घ) संविधानको प्रस्तावनासंग बाझिएको छ छैन, भनी अदालतबाट निर्णय दिन त्यस्तो प्रश्न काल्पनिक तथ्यमा आधारित नभएर यथार्थमा आधारित हुनुपर्छ भन्ने प्रश्न अघि सारेको छ।

यसै मामिलामा सर्वोच्च अदालतले संविधानको धारा १६ द्वारा प्रत्याभूत सूचनाको हकका सम्बन्धमा अत्यन्त महत्वपूर्ण व्याख्या गरेको छ। सर्वोच्च अदालतका अनुसार प्रजातान्त्रिक व्यवस्था एउटा खुला व्यवस्था भएकोले सार्वजनिक महत्वको कुनै पनि विषयमा कुनै पनि नागरिक अन्धकारमा रहनुपर्ने अवस्था नपरोस् भन्ने खातिर यसलाई नेपाल अधिराज्यको संविधानले सुनिश्चित गरेको छ। मुलुकमा शासन सही तौर-तरिकाबाट संचालन भै राखेको छ छैन ? शासन संचालन प्रकृयामा प्रचलित नेपाल कानून एवं समाजको नैतिक मूल्य र मान्यता अनुकूलको स्वच्छता कायम छ छैन ? इत्यादि विभिन्न कुराहरूको ज्ञान प्राप्त गर्न प्रत्येक नागरिकलाई यो अधिकार अनवरत र अकुण्ठित रूपले प्राप्त हुनु प्रजातान्त्रिक पद्धतिको कार्यान्वयनको लागि अनिवार्य हुन्छ।

(३) नेपाल अधिराज्यको संविधानको धारा १२ (२) (क) एवं संविधानको धारा १६ संग सम्बन्धित एउटा चाख लाग्दो रिट सर्वोच्च अदालतमा पर्न आएको थियो। संविधानको धारा १२ (२) (क) ले "विचार तथा अभिव्यक्तिको स्वतन्त्रता" तथा धारा १६ ले "सूचनाको हक" को प्रत्याभूति गरेको छ। नरहरि आचार्यद्वारा दिइएको कानून तथा न्याय मन्त्रालय विरूद्धको (रिट नं. ८ नेपाल कानून पत्रिका ०५० अंक २ भाग ३५) यस रिटमा निवेदकले संविधानतः सजिलै तथा निशुल्क रूपमा प्राप्त हुने हक संविधानको धारा १२ (२) (क) र धारा १६ ले प्रदान गरेको छ र यो दायित्व कानून तथा न्याय मन्त्रालयको हो तर कानून तथा न्याय मन्त्रालयले संविधानको चर्को मोल रू. २० राखी बिक्री बितरण गर्नु संविधानको विरूद्ध छ भन्ने प्रश्न अघि सारेका थिए। तर सर्वोच्च अदालतले निवेदकको उक्त दृष्टिकोणलाई अस्वीकार गर्दै निम्न दृष्टिकोण प्रस्तुत गऱ्यो - नेपाल अधिराज्यको संविधान ०४७ को धारा १२ (२) (क) ले सबै नागरिकलाई "विचार तथा अभिव्यक्तिको स्वतन्त्रता हुनेछ" भनेको र धारा १६ ले "प्रत्येक नागरिकलाई सार्वजनिक कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ" भनेको पाइन्छ। धारा १२ (२) (क) ले सबै नागरिकलाई विचार एवं अभिव्यक्तिको स्वतन्त्रता हुनेछ" भनेको र उक्त धाराले संविधानको मोल निर्धारण गर्नेसंग कुनै सम्बन्ध राखेको पाइदैन्। यस्तो अवस्थामा निवेदकको संविधानको धारा १२ (२) क) ले दिएको हक अधिकार कुण्ठित भयो भन्ने स्थिति रहेन। अब नेपाल अधिराज्यको संविधान ०४७ धारा १६ तर्फ हेर्दा नेपालको संविधान मिति ०४७/७/२३ को नेपाल राजपत्रमा प्रकाशित भएको देखिन्छ। जुन संविधानको धारा १६ द्वारा मलाई नेपाल अधिराज्यको संविधान ०४७ को सूचना माग्ने र पाउने हक छ भनी निवेदक आउनु भएको छ। उक्त संविधान नेपाल राजपत्रमा प्रकाशित भइसकेकोले निवेदकको उक्त संविधानको धारा १६ ले दिएको हक कुण्ठित भयो भन्न मिलेन। निवेदकको भनाइ बमोजिम संविधानको न्यूनतम मोल कायम गर्नेसंग संविधानको उपरोक्त धारासंग कुनै सरोकार रहेको पाइन्न। कुनै प्रचलित कानूनले संविधानको मोल यति हुनुपर्छ भनी तोकेको छैन। उक्त संविधानको मोल कति कायम गर्ने हो लागत र खर्चको लेखाजोखा गरी रिट क्षेत्रबाट मोल निर्धारण गर्न मिल्दैन्।

(४) नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८८ (५) ले "श्री ५ बाट यो संविधान वा अन्य कुनै कानूनको व्याख्या सम्बन्धी कुनै जटिल कानूनी प्रश्नमा सर्वोच्च अदालतको राय बुझ्न चाहिबक्सेमा सो प्रश्न उपर विचार गरी सर्वोच्च अदालतले श्री ५ समक्ष आफ्नो राय सहितको प्रतिवेदन चढाउनु पर्छ" भनी व्यवस्था गरेको छ। त्यसैले ०५०/२/३ मा चितवन जिल्लाको दासढुंगा भन्ने स्थानमा भएको मोटर दुर्घटनामा परी नेकपा एमाले (प्रमुख प्रतिपक्षीदल) का महासचिव तथा प्रतिनिधि सभाका सदस्य मदनकुमार भण्डारी र सोही पार्टीका अर्का नेता जीवराज आश्रितको निधन भएको घटना सम्बन्धी तथ्यको पुनः छानवीन गर्न नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९२ अन्तर्गत सर्वोच्च अदालतका वहालवाला न्यायाधीशको आयोग गठन गर्न मिल्छ वा मिल्दैन भन्ने प्रश्नमा श्री ५ महाराजाधिराजबाट राय बुझ्न चाहिबक्सेको थियो। यस प्रश्नमा सर्वोच्च अदालतले निकै अभ्यास गऱ्यो। तमाम विद्वान अधिवक्ताज्यूहरूले यस सम्बन्धमा आ-आफ्नो राय प्रकट गरे। तत्पश्चात सर्वोच्च अदालतले निम्न राय प्रकट गऱ्यो -"दासढुंगामा भएको दुर्घटनावारे चितवन जिल्ला अदालतको विचाराधिन रहेको मुद्दामा मोटर चालक अमर लामाले लापरवाही साथ मोटर चलाई नेकपा एमालेका नेताद्वयको निधन भएको हो वा होइन भन्ने प्रश्न अदालतले ठहर गर्नु पर्ने प्रश्न भएकोले सो प्रश्नको जाँचबुझ गर्न निर्देशन दिएर संविधानको धारा ९२ को प्रतिवन्धात्मक व्यवस्था अनुसार सर्वोच्च अदालतको न्यायाधीशलाई न्यायिक जाँचबुझको काममा खटाउन र सो प्रयोजनका लागि आयोग गठन गर्न उपयुक्त हुदैन्। (२) माथि प्रकरण (१) मा लेखिएदेखि बाहेक दासढुंगाको दुर्घटनासंग सम्बन्धित अन्य प्रश्न वा विषयको जाँचबुझ गर्न उपर्युक्त संवैधानिक प्रावधान अन्तर्गत श्री ५ महाराजधिराजबाट न्याय परिषदको परामर्शमा सर्वोच्च अदालतका न्यायाधीशलाई खटाई वक्सन र सो प्रयोजनाका लागि जाँचबुझ आयोग गठन गर्न सकिवक्सिन्छ। (३) प्रकरण (२) वमोजिम जाँचबुझ आयोग गठन हुने भएमा सो

आयोगको कार्यविधि र अधिकारको व्यवस्था गर्न कानून बनाउन आवश्यक हुन्छ।

(५) सर्वोच्च अदालतले मनबहादुर विश्वकर्माद्वारा श्री ५ को सरकार, मन्त्रीपरिषद सचिवालय समेतका विरूद्धमा दिएको रिट निवेदनमा (सम्वत् २०४९ को रिट नं. २५०५ निर्णय नं. ४६७० निर्णय मिति २०४९/११/१४) संविधानको धारा ८८(१) को असाधारण अधिकार प्रयोग गरी मुलुकी ऐन अदलको १० नं. को स्पष्टीकरणलाई गैरसंवैधानिक घोषित गर्दै अमान्य वा बदर गरेको छ। यो रिट निवेदन सर्वोच्च अदालतमा धारा ८८(१) अन्तर्गत पर्न आएको थियो। निवेदकका अनुसार नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ ले सबै नागरिकलाई सामाजिक न्यायका आधारमा समानताको अधिकार मौलिक हकको रूपमा व्यवस्था गरेको छ। तर त्यसको विपरित २०४९/१/८ को अतिरिक्तांक २ भाग २ को राजपत्रमा संसदले बनाएको ऐन भनी मुलुकी ऐन अदलको १० क थप गरी उल्लेख भएको वाक्यांशको स्पष्टीकरण थप गरी - कुनै मन्दिर वा धार्मिक स्थलहरूमा परम्परादेखि चलिआएको व्यवहारलाई भेदभावपूर्ण व्यवहार मानिने छैन भन्ने वाक्यांश समेत समावेश गरियो। उक्त उल्लेखित स्पष्टीकरण संविधानको धारा ११ संग बाझिएको प्रष्ट छ। उक्त स्पष्टीकरण असंवैधानिक घोषित गरी विपक्षीहरूका नाममा सो कानूनी व्यवस्था लागू नगर्नु नगराउनु भन्ने आदेश वा पूर्जी जारी गरी संविधान प्रदत्त मौलिक हकको प्रचलन एवं संरक्षण गरी पाउँ भन्ने रिट निवेदन सर्वोच्च अदालतले स्वीकार गर्दै वडो स्पष्ट ढंगले यस सम्बन्धमा बोलेको छ - नेपाल अधिराज्यको संविधान २०४७ का विशेषताहरू मध्ये एउटा विशेषता यो पनि हो कि अन्य मुलुकहरूमा सामान्यतया कानूनमा रहने प्रकृतिका कुराहरू मध्ये हाम्रो राष्ट्रिय पृष्ठभूमिमा विशेष महत्वका विषयहरू हाम्रो देशको हालको संविधानमा नै राखिएका छन्। यसरी संविधानले विशेष रूपले सचेतता वर्तेको विषय मध्ये समानता र खास गरी सामाजिक र धार्मिक क्षेत्रमा नयाँ मुलुकी ऐन २०२० साल भाद्र १ गते आए पनि समाजमा तात्विक असर नपरेको अनुभूतिले गर्दा यस दिशामा प्रभावकारी फेरबदल गर्ने उद्देश्यले छुवाछूत जस्ता सामाजिक कुरीति हटाउन त्यस्तो कार्य निषेधित मात्र नगरी दण्डनीय पनि बनाएको छ। ...... संविधान निर्माण गर्दा ११(४) लाई अपवादरहीत बनाउने मनशाय राखेको कुरा उक्त धारा ११(३) लगायतका केही धारा उपधारामा अपवादको समेत व्यवस्था गरेको तर धारा ११(४) मा कुनै अपवादको व्यवस्था नगरेको हुँदा समेत उक्त अदलको महलको १० क नं. को स्पष्टीकरणले यस्तो कार्य भेदभावपूर्ण मानिने छैन भनी गरेको अपवादात्मक प्रकृति र परिणामको व्यवस्था संविधानको भावना र मर्म अनुकूल नभएको पुष्टी हुन आउँछ।

वास्तवमा यस मामिलामा के भयो भने संविधानको धारा ११(४) ले स्पष्ट रूपमा - "कुनै पनि व्यक्तिलाई जातिपातिका आधारमा छुवाछूतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपभोगका कुराहरूको प्रयोग गर्नबाट वंचित गरिने छैन। त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ।" व्यवस्था गरिएकोमा मुलुकी ऐन अदलको १० क थप गरी - "कसैले कसैलाई जातिपातिको आधारमा छुवाछूतको भेदभावपूर्ण व्यवहार गरेमा वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपभोगका कुराहरू प्रयोग गर्नबाट वंचित गरेमा १ वर्षसम्म कैद वा ३०००।- रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुन सक्ने" व्यवस्था गऱ्यो तर सोही दफामा स्पष्टीकरण थप गरी "कुनै मन्दिर वा धार्मिक स्थलहरूमा परम्परादेखि चलिआएको व्यवहारलाई भेदभावपूर्ण व्यवहार मानिने छैन।" भन्ने वाक्यांश समेत समावेश गरियो। तर सर्वोच्च अदालतले उक्त स्पष्टीकरणलाई संविधानको धारा ११(४) संग बाझिएकोले बदर एवं अमान्य घोषित गऱ्यो।

यसै मुद्दामा सर्वोच्च अदालतले संवैधानिक सर्वोच्चता र संविधानमा मौलिक हकको अपरिवर्तनशीलतामाथि वडो सशक्त ढंगले प्रकाश पारेको छ - "यदि यसरी कानूनले संविधानको व्यवस्थामा अपवाद गर्न सक्ने भन्ने हो भने संविधान र कानूनका बीचको मौलिक भिन्नता लोप हुन गई संवैधानिक सर्वोच्चतामा आँच आउन जाने स्थिति सृजना हुन पुग्छ। जसको परिणाम मौलिक हकको व्यवस्था गर्ने धाराहरूलाई अपरिवर्तनीय बनाउने संवैधानिक समायोजन परास्त हुन जान्छ, संविधानको संशोधन कानूनले गर्न पुग्छ। फलतः संवैधानिक शासनमा अन्यौलता उत्पन्न हुन जान्छ।"

(६) नेपालको संविधान २०४७ को धारा १४(५) ले हरेक व्यक्तिलाई आफूले रोजेको कानून व्यवसायीसंग सल्लाह लिने अधिकार प्रत्याभूत गरेको छ। यो हरेक प्रजातान्त्रिक राज्य व्यवस्थामा एउटा मान्य अधिकार हो। तसर्थ यदि कानून व्यवसायीको सुरक्षा र स्वतन्त्रताको प्रत्याभूति नहुने हो भने न्यायालयले पनि कुशलतापूर्वक न्याय सम्पादन गर्न सक्दैन। यस्तो स्थितिमा कानूनको शासनको अवधारणा धराशायी भएर जान्छ एवं मानवअधिकारको पालनाको प्रश्न पनि गौण भएर जान्छ। तसर्थ यस प्रश्नमा सर्वोच्च अदालतले नेपाल वारका सचिव हरिहर दाहालद्वारा मनबहादुर गुरूङ (ने. कानून पत्रिका ०५० अंक १ वैशाख निर्णय नं. ४६८४) समेतका विरूद्धको मामिलामा व्याख्या गरेको छ - "अदालतमा पर्ने मुद्दा सम्बन्धी विभिन्न विषयको ज्ञानका साथै ती विषय सम्बन्धी कानूनहरूको अध्यावधिक ज्ञान न्याय सम्पादनको लागि अनिवार्य हुन्छ। कानूनमा उच्च शिक्षा प्राप्त गरी निरन्तर अध्ययनशील रहने विद्वान कानून व्यवसायीहरूले न्याय प्रशासन प्रक्रियामा माहुरीले आफ्नो चाकामा मह खोजी गरेर ल्याए जस्तो विवादको विषयवस्तु सम्बन्धमा कानूनको अध्यावधिक ज्ञानको परिपूर्ति गरी न्याय प्रदान गर्न सहयोग पुऱ्याउँछन् भन्नुमा अत्युक्ति हुँदैन। यद्यपि कानून व्यवसायीहरूले आफ्नो कर्तव्य स्वच्छ, निर्भिक र निर्वाध रूपले पूरा गर्न नपाउने हो र त्यस्तोमा अदालत चुप

लागी बस्ने हो भने विद्वान कानून व्यवसायीहरूसंग त्यस किसिमको सहयोगको अपेक्षा पनि गर्न सकिदैन। तसर्थ अदालतबाट हुने न्याय सम्पादन प्रकृयामा सहयोग पुऱ्याउन आउने कानून व्यवसायीहरूलाई हातपात, हुलहुज्जत वा कुनै किसिमले भय, त्रास वा दबावमा पार्ने वातावरण सृजना गरी निजहरूलाई आफ्नो कानूनी कर्तव्य गर्न अवरूद्ध गर्ने कार्य स्वयंमा अदालतको आधिपत्यलाई गैरकानूनी चुनौति दिने कार्यको रूपमा मान्न नपर्ने कुनै कारण देखिदैन। यस किसिमको दुस्साहस गर्ने व्यक्तिलाई अदालतले अवहेलनामा कारवाही गर्न पाउने आफ्नो अधिकारको प्रयोग गरी न्याय सम्पादन प्रकृयाका सहयोगी एवं अदालतकै अधिकृतकै रूपमा मानिएका विद्वान कानून व्यवसायीहरूमा स्वतन्त्र र निर्भिक वातावरण कायम राख्नु पर्ने कर्तव्य हुन आउँछ।"

यस मुद्दामा अधिवक्ता मिथिलेशकुमार सिंहलाई पोखरामा जिल्ला अदालतकै प्रांगणमा कुटपीट एवं आक्रमण गरिएको थियो।

(७) कसैको हक हितमा प्रतिकूल असर पर्ने गरी निर्णय गर्नु पर्नेछ भने प्राकृतिक न्यायको सिद्धान्त अनुसार उसलाई सफाइको मौका दिइनु पर्छ। प्राकृतिक न्यायको सिद्धान्त एउटा अत्यन्त महत्वपूर्ण सिद्धान्त हो जसको जगमा मानवअधिकारको सम्पूर्ण अवधारणा वा दर्शन टडिएको छ। यस सम्बन्धमा सर्वोच्च अदालतले पासाङ शेर्पाद्वारा सगरमाथा अञ्चल प्रहरी कार्यालय राजविराजका विरूद्धको मुद्दामा बोलेको छ (रिट नं. १६ निर्णय मिति ०५०-३-२०) - " कुनै विभागीय कार्यवाही गर्दा कर्मचारीको हकहितमा प्रतिकूल पर्ने गरी निर्णय गरिन्छ भने त्यस्तो निर्णय गर्नुभन्दा अगाडि सम्बन्धित कर्मचारीलाई सफाइको मौका दिनु पर्ने प्राकृतिक न्याय सिद्धान्त अन्तर्गत पालन गर्नुपर्ने वाध्यात्मक कार्यविधि बमोजिम आरोप र प्रस्तावित सजाय खुलाइ मौका दिनुपर्छ। यसरी अप्रष्ट रूपमा सूचना दिंदा निवेदकलाई आफ्नो सफाइको लागि बेहोरा खुलाउन कठिनाइ पर्नुका साथै प्राकृतिक न्यायसिद्धान्तको पालना गर्ने अवस्थामा व्यवधान सृजना हुन जान्छ।"

यस मुद्दामा सर्वोच्च अदालतले कर्मचारीहरूमाथि विभागीय कार्यवाही गर्दा पनि प्राकृतिक न्याय सिद्धान्तलाई पालना गर्नुपर्ने महत्वपूर्ण सिद्धान्त प्रतिपादित गरेको छ।

(८) निर्वाचनमा उम्मेदवार हुन पाउने एउटा महत्वपूर्ण अधिकार हो। संविधानको धारा ४७(घ) ले संसदको सदस्य हुनका लागि "कुनै लाभको पद धारण गरेको हुनु हुँदैन" भन्ने व्यवस्था गरेको छ साथै यसको स्पष्टीकरणमा "लाभको पद भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनैतिक पद बाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनु पर्छ" भनिएको छ। तर यसले त्रि.वि.वि. लगायतका शिक्षण संस्थामा कार्यरत व्यक्तिहरूलाई पनि "लाभको पद" भनेर व्याख्या गरिएको सर्वोच्च अदालतको महेन्द्रबहादुर पाण्डेद्वारा श्री ५ को सरकार मन्त्रीपरिषद सचिवालय (निर्णय नं. ४७३६) विरूद्धको निर्णय निकै विवादास्पद भएको छ। यसलाई एकदमै साँगुऱ्याउने व्याख्या भन्न सकिन्छ। यसमा माननीय न्यायाधीश श्री लक्ष्मणप्रसाद अर्यालले छुट्टै राय पनि दिनुभएको छ तर यो राय बहुमतको राय हुन सकेन। यसमा सर्वोच्च अदालतले निर्णय गर्दै भनेको छ - "सरकारी नियन्त्रण वा स्वामित्वमा रहेको वा सरकारी अनुदानबाट संचालित भएको संस्थाका बहालवाला कर्मचारीहरूलाई चुनावी राजनीतिबाट अलग राख्नी आफ्नो पदीय कर्तव्य पालन गराउन खोज्ने विधायिकी नीतिलाई अनुचित वा अवाञ्छनीय भन्न सकिन्न। खास गरी सरकारी अनुदानबाट संचालित हुने शिक्षण संस्थाका प्राध्यापक र शिक्षकहरूको सम्बन्धमा यो कुरा अझ विचारणीय हुन्छ। शिक्षण संस्थामा कार्यरत शिक्षक र प्राध्यापकहरू चुनावी राजनीतिमा सक्रिय रूपमा लागि रहने हो भने अध्ययन र अध्यापनको कार्यमा निश्चय नै प्रतिकूल प्रभाव पर्छ। निर्वाचनको समयमा प्रचार र निर्वाचन सम्बन्धी अन्य कार्यमा सक्रिय रहनु पर्ने र निर्वाचित भएपछि सम्बन्धित निर्वाचन क्षेत्रको प्रतिनिधिको रूपमा निजले आफ्नो पदीय कर्तव्यसंग न्याय गर्न संभव हुँदैन।"

यस मामिलामा माननीय न्यायाधीश लक्ष्मणप्रसाद अर्याल बहुमतको रायसंग असहमत हुनुहुन्छ। उहाँको राय थियो - "संविधानको व्याख्या समन्वयात्मक हुनुपर्छ अर्थात एकधाराको व्याख्या अन्य धाराहरूसंग तालमेल आउने हुनुपर्छ। नेपाल अधिराज्यको संविधानको मौलिकता मध्ये नागरिक स्वतन्त्रताको दायरा फराकिलो पार्नु पनि हो। विगतमा देशका बौद्धिक समुदायलाई शासन व्यवस्थाबाट अलग राख्ने तितो अनुभवको परिप्रेक्ष्यमा जनसहभागिताको दायरा फराकिलो बनाउने संविधानको मकसद अनुरूप हुने गरी कानून बन्नु पर्ने हुन्छ। त्यसैले त्रि.वि.वि. लगायतका संस्थाका शिक्षकहरू राजनीतिमा लागेमा अध्ययन अध्यापन क्षेत्र विशृंखलित हुन्छ र निर्वाचनमा जनताप्रति उम्मेदवारले उत्तरदायी वहन गराउन यस्तो कानूनको व्यवस्था गरिएको हो भन्ने सरकारी अधिवक्ता समेतको विचारसंग सहमत हुन सक्दिन किनकि कर्तव्यपालन व्यक्तिको कर्तव्यबोध र निष्ठामा निर्भर गर्ने कुरा हो। तसर्थ संविधानले अयोग्य बनाएर कर्तव्यपालन हुन्छ भन्नु मनासिब देखिंदैन। अविकशित तेश्रो मुलुकको जनताहरूको मूलभूत समस्या अशिक्षा हो। तसर्थ शिक्षित बुद्धिजीवी समुदायको सदुपयोग गर्न सक्नुमा नै ती मुलुकहरूको सुशासन र विकास निर्भर गर्दछ। त्यसैले शिक्षित वर्ग सामान्यतया राज्यको हर क्षेत्रमा योग्य मानिन्छन् र त्यस्ता बौद्धिक समुदायको सेवा उपयोग गर्न सक्ने गरी कानून लगायतका व्यवस्था तर्जुमा गर्नमा राज्यको सुझबुझ ठहरिन्छ। तसर्थ नेपाल जस्तो शैक्षिक पिछौटेपन भएको मुलुकमा त्रि.वि.वि. जस्तो स्वशासित आफ्नै बेग्लै कोष भएको संस्थाको बहालवाला कर्मचारीहरू सरकारी अनुदान पाएका कारणले अयोग्य बनाउन वाञ्छनीय देखिंदैन।"

(९) तिलु घलेको वन्दीप्रत्यक्षीकरणको मुद्दामा सर्वोच्च अदालतले यथोचित भूमिका खेलेको छ। यस मुद्दामा अदालतले नागरिकको वैयक्तिक स्वतन्त्रताको प्रचलनमा जुन तत्परता एवं प्रतिवद्धता प्रदर्शित गऱ्यो त्यो ऐतिहासिक छ। यस मुद्दामा सर्वोच्च अदालतले केही ऐतिहासिक कदम चालेको छ जुन दुरगामी महत्वका छन्। आशा गरौं भविष्यमा पनि सर्वोच्च अदालतले यही तत्परताका साथ नागरिकहरूको वैयक्तिक स्वतन्त्रताको रक्षा गर्नेछ। यस मुद्दामा सर्वोच्च अदालतलाई समातेको मानिसलाई समातेको छैन भनी झुक्याएकोले एस.पी. रेवतबहादुर थापालाई कारवाहीको लागि वयान लिएको छ। घटनाको विवरण यस प्रकार छ - "गोरखा घर मै हाल लाजिम्पाट बस्ने वर्ष २६ की तिलु घलेलाई २०५० असोज ६ गते साँझ किनमेल गर्न गएका बखत ५-६ जना प्रहरीहरूले वलजफ्ती गिरफ्तार गरी हनुमान ढोका ल्याई पुऱ्याए। त्यहाँ उनलाई कसैसंग भेटघाट वा सम्पर्क नगरेर राखियो साथै यातना दिइयो। आमाले अधिवक्ता प्रकाश राउतको मद्दतद्वारा असोज १० गते सर्वोच्च अदालतमा वन्दीप्रत्यक्षीकरणको रिट हालिन्। असोज १२ गते पेशी मै वहस भएपछि सर्वोच्च अदालतले बन्दी र लिखित जवाफ सहित २४ घण्टाभित्र अदालतमा उपस्थित हुनु भन्ने आदेश हनुमान ढोका प्रहरी कार्यालयका नाममा गऱ्यो। असोज १३ गते इन्द्रजात्रा परेकोले असोज १४ गते प्रहरी कार्यालय हनुमान ढोकाले तिलु घलेलाई समातेको छैन भन्ने जवाफ लेखी पठायो। तथा बन्दी तिलु घलेलाई विहान भक्तपुर डि.एस.पी. कार्यालयमा पठाइयो। यो समाचार पनि उनी कुनै तरहले आमा समक्ष पुऱ्याउन सफल भइन्। तत्पश्चात् असोज १७ गतेको वहसपछि सर्वोच्च अदालतले डि.आइ.जी. का नाममा आदेश जारी गर्दै ४८ घण्टाभित्र नेपाल अधिराज्यको जहाँबाट पनि खोजतलाश गरी सर्वोच्च अदालतमा तिलु घलेलाई उपस्थित गराउनु भन्यो। असोज १९ गते प्रहरीद्वारा तिलु घलेलाई अदालतमा उपस्थित गराउँदै लिखित जवाफमा के भनियो भने तिलु घलेलाई असोज १७ गते १ ग्राम लागु औषधि बेचेको मुद्दामा समातिएको रहेछ र १७ गते नै काठमाडौं जिल्ला अदालतमा यस सम्बन्धमा म्याद थप गराइएको रहेछ। असोज २० गते पुनः सुनुवाई हुँदा सर्वोच्च अदालत समक्ष तिलु घलेलाई असोज ६ गते समातिएको वा असोज १७ गते नै समातिएको भन्ने गंभीर प्रश्न उपस्थित भयो। यस सम्बन्धी तथ्य यकिन गर्नको लागि अदालतले न्यायिक जाँच (Judicial Enquiry) को आदेश दियो। असोज २५ गते न्यायिक जाँचको प्रतिवेदन प्रस्तुत भयो। बीचमा दशैंको विदाका कारण कार्तिक १६ गते मात्र सुनुवाई हुनसक्यो। उक्त दिन पुनः वहस सुनिसकेपछि कार्तिक १७ गते न्यायिक जाँचको आदेश अनुसार असोज १७ गते नै तिलु घलेलाई समातेको नदेखिएकोले एस.पी. रेवतबहादुर थापालाई कारवाहीका लागि वयान गराउने र काठमाडौं जिल्ला अदालतमा लागू औषधिको मुद्दा दायर गरिएकोले तिलु घलेलाई हाजिर जमानीमा छोडिदिनु भन्ने आशयको काठमाडौं जिल्ला अदालतलाई सर्वोच्च अदालतद्वारा आदेश जारी गरियो।

यसभन्दा अगाडि जमुना श्रेष्ठ मित्तलद्वारा जिल्ला प्रहरी कार्यालय काठमाण्डौका विरूद्ध समेत भएको बन्दी प्रत्यक्षीकरण मुद्दामा बन्दी बनाइ राखिएको भनिएको ठाउँको खानतलाशी गर्ने (Search warrent) आदेश जारी भई सर्वोच्च अदालतको अधिकार सम्पन्न टोलीले जि.प्र.का. मा खानतलाशी गर्दा ४/५ जना मात्र अट्न सक्ने कोठामा १५ जना भन्दा बढी बन्दीहरूलाई बिनाकारण बन्दी बनाई राखेको भन्ने समेतको प्रतिवेदन पेश गरेपछि ४८ घण्टा भित्र नेपाल अधिराज्यभर जहाँ भएपनि बन्दीलाई अदालत समक्ष उपस्थित गराउने आदेश दिई भक्तपुरमा फेला परेको भनी बन्दीलाई दाखिल गराइएको थियो। रिट नं. २७९५/०५० निवेदक प्रभाकर सुवेदीको हकमा रामनाथ ढकालले गत असार महिनाको ११ गते आन्दोलनको क्रममा इन्जिनियरिङ्ग क्याम्पसमा प्रमाणपत्र तहमा अध्ययनरत प्रभाकर सुवेदीलाई प्रहरीद्वारा लछारपछार गरी बेपत्ता बनाएको फोटो सहित दिनु भएको रिट निवेदनमा उक्त फोटो निज प्रभाकर भएको निजसंग अध्ययन गर्ने साथीहरूबाट सनाखत भएको, प्रहरी प्रधान कार्यालयको रेकर्ड अभिलेखममा जीवित वा मरेको के छ सोको विवरण १५ दिन भित्र पठाउने भनी सर्वोच्च अदालतले आदेश दिएको छ। प्रहरीको क्रुरता र लापरवाहीका कारण व्यक्तिको बाँच्न पाउने वैयक्तिक स्वतन्त्रताको हनन हुने गरेको तथ्य यसबाट प्रष्ट हुन आउँछ।

यस मामिलाले हाम्रो मुलुकमा पुलिस प्रशासनको क्रुरता उजागर गर्नुका अतिरिक्त यसको विश्वसनीयतामाथि नै ठूलो प्रश्न चिन्ह लागेको छ। प्रहरी प्रशासन कानून लागू गर्ने एउटा अभिकरण (Law Enforcement Agency) भएता पनि मानवअधिकारप्रति कुनै शिक्षा वा संवेदनशीलता प्रहरीहरूमा नपुगेको प्रष्ट देखिन्छ। यसकारण एकातिर प्रहरीहरूलाई मानवअधिकारको शिक्षा प्रदान गर्नु आवश्यक छ भने मानवअधिकारको उल्लंघन गर्ने प्रहरीमाथि तत्काल कार्यवाही पनि गर्नु जरूरी छ। होइन भने मुलुकको मानवअधिकार स्थितिमा कुनै सुधार आउन नसक्ने तथ्य निर्विवाद देखिन्छ।

(१०) नेपाल अधिराज्यको संविधान २०४७ धारा १२(२) (ङ) ले सबै नागरिकलाई कुनै पेशा, रोजगार उद्योग र व्यापार गर्ने स्वतन्त्रता छ भन्ने उल्लेख गरेको छ। यो कुनै पनि प्रजातान्त्रिक राष्ट्रमा एउटा महत्वपूर्ण अधिकार हो। त्यसैले हाम्रो संविधानले यस अधिकारलाई संवैधानिक प्रत्याभूति प्रदान गरेको छ। यसै सन्दर्भमा सर्वोच्च अदालतले संविधानको धारा ८८(१) द्वारा प्राप्त गरेको असाधारण अधिकार प्रयोग गरी श्रम ऐन २०४८ को दफा ४(१) संविधानको १२(२) (ङ) संग बाझिएकोले गैरसंवैधानिक भई अमान्य हुने घोषणा गरेको छ। सर्वोच्च अदालतले उक्त आदेश वालकृष्ण न्यौपानेद्वारा संसद सचिवालय समेत (२०४९ सालको रिट नं. २१५६ आदेश मिति ०५०।६।७) का विरूद्धमा

दिएको रिट निवेदनमा गरेको छ। श्रम ऐन २०४८ को दफा ४(१) मा रहेको "नेपाली नागरिकहरूलाई प्राथमिकता दिनु पर्नेछ" भन्ने वाक्यांशलाई सर्वोच्च अदालतले असवैधानिक ठहऱ्याएको छ। सर्वोच्च अदालतले यस सम्बन्धमा व्याख्या गर्दै भनेको छ - "नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(१) मा मौलिक हक अन्तरगत सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्, कसैलाई पनि कानूनको समान संरक्षणबाट वंचित गरिने छैन भन्ने समानताको हक प्रदान गरिएको छ। समानताको सन्दर्भमा न्यायको अर्थ, समानहरूको बीचमा समान रूपमा कानूनको प्रयोग नै हो। असमानहरूको बीचमा कानूनको समान प्रयोग तथा समानहरूको बीचमा कानूनको प्रयोग न्यायसंगत हुँदैन। नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाली जनतालाई चिरकाल पर्यन्त सामाजिक, राजनैतिक एवं आर्थिक न्याय प्राप्त हुन सकोस् भन्ने उद्देश्य राखेको छ र जनताको शिक्षा, स्वास्थ्य आवास तथा रोजगारी जस्ता आधारभूत कुराहरूको विकास गरी जीवनस्तर वृद्धि गर्ने तथा देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रम शक्तिलाई रोजगार उपलब्ध गराइ काम पाउने अधिकार सुनिश्चित गरी उनीहरूको हक र हितको संरक्षण गर्दै उद्यमको व्यवस्थापनमा सहभागिता बढाउने राज्यको नीति रहने उद्घोषण गरेको छ। संविधानको धारा १२(२) खण्ड (ङ) द्वारा प्रत्याभूत पेशा तथा रोजगारको स्वतन्त्रताको उपभोगमा कुनै शर्त वा योग्यता तोक्ने गरी कानून बनाउन सक्ने र त्यस्तो कानूनले तोकेको शर्त र योग्यताको आधारमा नेपाली नागरिकले नेपाली नागरिकसंग मात्र प्रतिस्पर्धा गर्नु पर्नेसम्म हुन सक्नेमा यस व्यवस्थाबाट गैर नेपाली नागरिकसंग प्रतिस्पर्धा गर्नु पर्ने भई नेपाली नागरिकको रोजगार गर्ने स्वतन्त्रतामा अनुचित प्रभाव परेको देखिन आउँछ। त्यति मात्र होइन गैर नागरिकले स्थायी बसोबास गर्न पाउने गरी स्थायी नियुक्ति दिनु पर्ने जस्ता ऐनको बाध्यताले संविधानको मूल उद्देश्य र संरचना विपरित भै देश र देशवासीकै लागि अहितकर व्यवस्था हुन गएको देखिन आउँछ। तसर्थ नेपाली नागरिकको रोजगार गर्ने स्वतन्त्रतामा आघात पुग्ने गरी रोजगार पाउन र गर्न नेपाली नागरिकले गैर नेपाली अर्थात विदेशीसंग प्रतिस्पर्धामा उभिनु पर्ने गरी गरिएको कानूनी व्यवस्था नेपालको कानूनी परम्परा, न्यायिक सिद्धान्त, राज्यको नीति निर्देशक सिद्धान्त तथा नीति अनुरूप नभई संविधान विपरित देखिन आउँछ।"

उपरोक्त निर्णयहरू हेर्दा यस वर्ष सर्वोच्च अदालतले मानवअधिकारको दिशामा खेलेको भूमिका महत्वपूर्ण एवं सकारात्मक देखिन्छ। यस वर्ष सर्वोच्च अदालतले धारा ८८ (१)को असाधारण अधिकार प्रयोग गरी मुलुकी ऐन अदलको १० नं. को स्पष्टीकरण तथा श्रम ऐन २०४८ को दफा ४ (१) लाई संविधानसंग बाझिएको देखिएकोले गैर संवैधानिक घोषित गर्दै अमान्य वा बदर घोषित गरेको छ। मुलुकी ऐन १० नं को स्पष्टिकरणलाई संविधानको धारा ११ मा प्रत्याभूत समानताको हकसंग अमिल्दो देखिएको र श्रम ऐनको दफा ४ (१) लाई संविधानको धारा १२,२, ङ द्वारा व्यवस्थित सबै नागरिकलाई कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रताको प्रतिकूल देखिएकोले गैर संवैधानिक ठहऱ्याएको छ। यी दुइवटै मामिलामा सर्वोच्च अदालतले खेलेको भूमिका अत्यन्त महत्वपूर्ण छ। यी मामिलामा सर्वोच्चले संविधानको उचित वा सटीक व्याख्या गरेर संविधानमाथि हुने विधायिकी आक्रमण विरूद्ध संविधानको रक्षा गरेको छ। हाम्रो संविधान लिखित संविधान भएकोले सर्वोच्च अदालतले संविधानको अभिभावकको भूमिका खेल्नु जरूरी छ। तद्अनुरूप सर्वोच्च अदालतले आफू समक्ष प्रस्तुत मानवअधिकार सम्बन्धी मामिलामा संविधानका सम्बन्धित धाराहरूको व्याख्या गरेको छ। जस्तै सरला रानी रैनियारद्वारा श्री ५ को सरकार अर्थ मन्त्रालय विरूद्ध दर्ज भएको मामिलामा संविधानको धारा ११ को समानता सम्बन्धी व्याख्या, पुरेन्द्र अर्यालद्वारा निर्वाचन आयोग विरूद्धको मामिलामा संविधानको धारा १६ द्वारा प्रत्याभूत सूचना सम्बन्धी हक एवं संविधानको धारा ११३ (२) को खण्ड (घ) मा व्यवस्थित राजनीतिक दल सम्बन्धी व्यवस्था एवं नेपालको संविधानको प्रस्तावनासंग जसको अन्तर सम्बन्धको व्याख्या, नरहरी आचार्य हरिहर दाहालद्वारा दर्ज मानबहादुर गुरूङ्ग विरूद्धको अदालतको मानहानी सम्बन्धी मामिलामा संविधानको धारा १४(५) व्यवस्थित रोजेको कानून व्यवसायीसंग सल्लाह लिन पाउने सम्बन्धमा महत्वपूर्ण व्याख्याहरू गरिएका छन्। यसैगरी सर्वोच्च अदालतले वैयक्तिक स्वतन्त्रतासंग सम्बन्धित तिलु घलेको बन्दी प्रत्यक्षीकरणको मामिलामा अत्यन्त साहसिलो र ऐतिहासिक भूमिका खेलेको छ।

वास्तवमा सर्वोच्च अदालत तमाम सीमावद्धताको शिकार देखिन्छ र यो निश्चित छ कि मात्र एक्लो सर्वोच्च अदालतले खेलेको भूमिकाद्वारा मानवअधिकारको पूर्ण परिपालनाको स्थितिको निर्माण हुदैन अपितु यसको लागि राज्यका हरेक अंग तथा नागरिकहरूको सामुहिक प्रतिवद्धता पनि आवश्यक छ। सबैभन्दा दुःखद तथ्य के छ भने मानवअधिकार हनन एवं संवैधानिक अधिकार रक्षाको सवलमा ज्यादै कम मामिलाहरू न्यायालय समक्ष प्रस्तुत हुन पाउँछन्। जनतामा व्याप्त घोर दरिद्रता, निष्क्रियता एवं निरक्षरता सबैभन्दा ठूलो बाधक तत्व हो। यसका लागि एकातिर स्वयंसेवी संगठनहरूले सक्रिय भूमिका खेल्न सक्नु परेको छ भने अर्कोतिर न्यायिक सक्रियताको पनि आवश्यकता छ। न्यायमा हुने विलम्व, न्यायालयमा अपनाइने अत्यधिक औपचारिकताले न्यायलाई पराजित तुल्याउनमा भूमिका खेलिरहेको छ। तसर्थ यसलाई सुधार गर्न दुरगामी रणनीति एवं उपाय अवलम्वन गर्नु जरूरी छ। यसैगरी न्यायपालिकाको कार्यकुशलता एवं सक्षमता वृद्धिका लागि आवश्यक कदमहरू चालिनु जरूरी छ। यसका लागि कानून व्यवसायीहरूको सक्षमता र कार्यकुशलतामा पनि व्यापक बृद्धि गरिनु आवश्यक छ। किनभने कानून व्यवसायीहरू पनि न्याय सम्पादन प्रक्रियाका अभिन्न अंग हुन् र तिनीहरूको योग्यतामा

वृद्धि गर्न सकिए व्यापक परिवर्तन ल्याउन सकिन्छ। यसका साथै हाम्रो न्यायपालिकाले मानवअधिकारका आधुनिक अवधारणा एवं विकासलाई आत्मसात गर्दै अगाडि बढ्नु परेको छ। आज हामीले मानवअधिकारको एउटा नवीन संस्कृतिको निमार्ण गर्नु परेको छ। त्यसमा न्यायालयको महत्वपूर्ण भूमिका हुनेछ। तर यसका लागि त्यति मात्र पर्याप्त छैन यसका लागि राज्यका हरेक अंग र साथै नागरिकहरूको पनि सामूहिक प्रतिवद्धता आवश्यक छ। एउटा ठोस एवं सामूहिक प्रतिवद्धताको अभावमा यस दिशामा हुने प्रगति शुन्य नै हुनेछ। ❑

परिच्छेद ४

संसद र मानवअधिकार - १९९३

१. प्रवेश

सन् १९९३ को वर्षमा संसदका चौथो र पाँचौ अधिवेशन सम्पन्न भए। दुबै अधिवेशनमा संसदका कृयाकलापहरू अत्यन्तै व्यस्त रहे। राष्ट्रिय नीति, आवश्यकता तथा राष्ट्रिय मुद्दाहरूमा सारगर्भित बहस छलफल भए। संसदका अधिवेशनमा भएका मानवअधिकार र मौलिक अधिकार सम्बन्धी मुख्य गतिविधिहरूको संक्षिप्त चर्चा तल गरिएको छ।

२. गतिविधिहरू

चौथो अधिवेशन

१. अधिवेशनको कार्यकाल : ०४९ फागुन ३ गते आइतवारको दिन ३ बजे प्रतिनिधिसभा एवं राष्ट्रिय सभाको बैठक प्रारम्भ भयो र ०४९ चैत २५ गते बुधवार ५ बजे अन्त्य भयो। चौथो अधिवेशनमा प्रतिनिधिसभाको बैठक ५३ दिनसम्म चालु रह्यो। प्रतिनिधि सभाले आफ्नो कार्य ३१ दिन गऱ्यो र जम्मा १५९ घण्टाको समय लियो। राष्ट्रिय सभाको बैठक जम्मा ५३ दिन चालु रह्यो। यस अवधि भित्र राष्ट्रिय सभाले २५ दिन काम गर्दा ५० पटक बैठक गरी ९७ घण्टा कार्य गऱ्यो।

२. जरूरी सार्वजनिक प्रस्ताव माथि छलफल : चौथो अधिवेशनमा निम्न बमोजिमका जरूरी सार्वजनिक महत्वका प्रस्तावहरू प्रस्तुत भए -

प्रतिनिधि सभा

(क) एमाले सांसद मा. भरतमोहन अधिकारीले सर्वसाधारण जनताले धान्नै नसक्ने गरी उपभोग्य वस्तुको मूल्य वृद्धि भै रहेको बारे प्रस्तुत गर्नु भएको प्रस्ताव।

(ख) राप्रपाका सांसद मा. डा. प्रकाशचन्द्र लोहनीद्वारा प्रस्तुत विद्युत संकटको सन्दर्भमा औद्योगिक तथा कृषि विकास अवरूद्ध भएकोले विद्युत ग्राहकहरूलाई असुविधा भएको भन्ने प्रस्ताव।

(ग) एमाले सांसद मा. के.पी. शर्मा ओलीद्वारा प्रस्तुत शान्ति सुरक्षाको स्थितिमा सुधार ल्याउन ठोस कदम चालियोस् भन्ने प्रस्ताव।

(घ) एमाले सांसद मा. के.पी. शर्मा ओलीद्वारा प्रस्तुत ०४९ फागुन २२ गते चार वामपन्थी समूहको आयोजनामा भएको शान्तिपूर्ण धर्ना कार्यक्रममा श्री ५ को सरकारबाट अनावश्यक बल प्रयोग गरिएको भन्ने प्रस्ताव।

(ङ) एमाले सांसद मा. द्रोणप्रसाद आचार्यद्वारा प्रस्तुत सुकुम्बासी समस्या समाधान गरियोस् भन्ने प्रस्ताव।

राष्ट्रिय सभा

(क) नेका सांसद मा. महेन्द्रकुमार मिश्रले कठिन संघर्ष र शहादतबाट प्राप्त प्रजातान्त्रिक व्यवस्थामा पनि वर्षौंदेखि नेपालमा बसोबास गर्दै आएका नेपालीहरूले नागरिकताबाट बञ्चित हुनु परेकोले ०३६ साललाई आधार वर्ष मानी नागरिकता दिने व्यवस्था होस् भन्ने प्रस्ताव।

(ख) एमाले सांसद मा. अष्टलक्ष्मी शाक्यले भारतबाट फर्किएका एड्स पीडित महिलाहरूको आवश्यक उपचार गरी एड्स जस्तो घातक रोग नियन्त्रण होस् भन्ने प्रस्ताव।

(ग) नेका सांसद प्रेमराज आङदम्बेले भूटानी शरणार्थी समस्याले पूर्वी तराईको जनजीवनमा परेको आर्थिक, सामाजिक र वातावरणीय असरलाई ध्यानमा राखी यसबारे श्री ५ को सरकारले प्रभावकारी कदम चालोस् भन्ने प्रस्ताव।

(घ) एमाले सांसद मा. सुवासचन्द्र नेम्वाङले मिति २०४९ माघ १ गतेको उपत्यका बन्द कार्यक्रमको समाचार सम्बन्धमा सरकारी संचार माध्यमहरूको पूर्वाग्रही दृष्टिकोण जनताको सुसूचित हुने अधिकारको प्रतिकूल रहेको भन्ने प्रस्ताव।

(ङ) नेका सांसद मा. बाबुराम नकर्मीले पर्यावरणीय असन्तुलन बढ्दै गएको कारण पानीका श्रोतहरू घट्दै गइरहेको र वायुमण्डलमा कार्बन-डाईअक्साइडको मात्रा बढ्न गई भविष्यमा मानव जातिकै अस्तित्वमा खतरा बढ्न गएको हुँदा यसको समाधान राष्ट्रिय स्तरमा खोज्न जरूरी छ भन्ने प्रस्ताव।

(च) संजमो सांसद मा. घनश्याम शर्मा पौडेलले जनस्वास्थ्यलाई मध्यनजर राखी सार्वजनिक स्थल र सार्वजनिक यातायातका साधनमा धुम्रपान निषेध गरियोस् भन्ने प्रस्ताव।

(छ) एमाले सांसद मा. चन्द्रराज ढुङ्गेलले नेपाली कांग्रेसको सरकार स्थापित भएपछि जनताले राहत पाउनको साटो उत्पादकत्वमा ह्रास, रोजगारीको अवसरमा कमी र मूल्य वृद्धि भएबाट देशमा संकट आई परेको भन्ने प्रस्ताव।

यी सबै प्रस्ताव उपर व्यापक छलफल गरिए।

ध्यानाकर्षण

राष्ट्रिय सभामा जम्मा १९ वटा विषयमा ध्यानाकर्षण गराइएको थियो जसमध्ये निम्न प्रमुख थिए -

(क) प्राथमिक तहका पाठ्यपुस्तकहरू सरल प्रकृयाबाट उपलब्ध गराइयोस्,

(ख) वैदेशिक रोजगारमा गएका नेपालीहरूले विभिन्न समस्याहरू भोग्नु परेको सम्बन्धमा,

(ग) राउटे, चेपाङ्ग आदि जनजातिको उत्थानका लागि विशेष कार्यक्रम संचालन गरियोस्,

(घ) कृषि विकास बैंकको चर्को ब्याजदरले किसानलाई मर्का परेको बारे,

(ङ) वदलिएको प्रजातान्त्रिक परिप्रेक्ष्य अनुरूप शैक्षिक क्षेत्रमा पनि परिवर्तन गरिनु पर्ने,

(च) राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु आरक्ष आसपासका वस्तीलाई वैकल्पिक पुनर्स्थापनाको व्यवस्था गरियोस्,

(छ) माछा मार्नेहरूद्वारा प्रयोग गरिएको विषादिबाट जलप्रदूषित भएको।

५. मन्त्रीहरूद्वारा वक्तव्य : संसदका दुबै सदनमा मन्त्रीहरूले निम्न बमोजिमका विषयमा वक्तव्य दिनु भयो -

प्रतिनिधिसभा

(क) मा. कृषि मन्त्रीले सुख्खा-पीडित क्षेत्रका जनताहरूलाई राहत पुऱ्याउने कार्यको विवरण,

(ख) मा. गृहमन्त्रीले संसदको प्रमुख प्रतिपक्षी समेतका वाम घटकहरूले ०४९ चैत १ गते उपत्यका वन्द कार्यक्रमको सिलसिलामा काठमाडौं, ललितपुर एवं भक्तपुरका विभिन्न ठाउँमा जुलुस प्रदर्शन एवं ढुङ्गामुढा गरेको,

(ग) मा. निर्माण तथा यातायात मन्त्रीले नेपाल यातायात व्यवसायी संघद्वारा आयोजित चक्काजाम सम्बन्धी समस्या समाधान गर्न श्री ५ को सरकारले गरेको प्रयास सम्बन्धी,

(घ) मा. निर्माण तथा यातायात मन्त्रीले नेपाल यातायात व्यवसायी संघद्वारा आयोजित चक्का जाम सम्बन्धी समस्या वार्ताद्वारा समाधान भएको बारे।

राष्ट्रिय सभा

(क) मा. गृहमन्त्रीले मिति ०४९ फागुन १२ गते चार वाम घटकहरूको कार्यक्रम सन्दर्भमा देशभरी घटेको घटनाका सम्बन्धमा,

८. प्रश्नहरू

प्रतिनिधि सभामा जम्मा सोधिएका प्रश्नहरू १२३८, लिखित ७५, मौखिक ११४१, अल्पसूचनाको २२।

राष्ट्रिय सभामा जम्मा सोधिएका ६८४, मौखिक ६४७, लिखित ३६, अल्प सूचनाको १।

९. संकल्प : राष्ट्रिय सभामा प्रस्तुत भएका ३ वटा संकल्पमध्ये २ वटा निम्नानुसार छन् -

(क) एमाले सांसद मा. सुवासचन्द्र नेम्वाङले मानवअधिकारको सम्बन्धमा राख्नु भएको निम्न संकल्प बारे मा. गृहमन्त्रीले जवाफ दिनु भयो। संकल्प अस्वीकृत गरियो।

"राष्ट्रिय सभाको यो बैठक ०४६ सालको संयुक्त जनआन्दोलनले प्रत्याभूत गरेको मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्न यस क्षेत्रमा कार्यरत व्यक्तिहरू समावेश भएको एक उच्चस्तरीय सर्वदलीय मानवअधिकार सम्बन्धी राष्ट्रिय आयोगको अविलम्ब गठन गर्न श्री ५ को सरकारलाई सिफारिश गर्दछ।

(ख) नेका सांसद मा. सुरेश मल्लले प्रस्तुत गर्नु भएको निम्न संकल्प ६ जनाले छलफल गरे पश्चात वहाँले फिर्ता लिनु भयो। संकल्पमा गृहमन्त्रीले जवाफ दिनु भएको थियो।

"राष्ट्रिय सभाको यो बैठक देशका कर्णधार नाबालकहरूलाई कूलतको दुष्प्रेरणाबाट बचाई स्वच्छ नैतिक जीवन जीउन पाउने वातावरण श्रृजना गरी १६ वर्ष मुनिका नाबालकहरूलाई जाँड रक्सी जस्ता मादक पदार्थ र चुरोट विंडी जस्ता वस्तु बिक्री नगर्ने व्यवस्थाका साथै बाल अस्पताल, बालमन्दिर, विद्यालय जस्ता स्थानहरूमा उक्त पदार्थको सेवनमा पूर्ण प्रतिबन्ध लगाउनको अतिरिक्त उत्पादकहरूलाई "बिक्री गर्न निषेधित" भनी नेपाली भाषामा स्पष्ट लेख्न लगाउने व्यवस्था गर्न श्री ५ को सरकारलाई सिफारिश गर्दछ।"

१०. विधेयक : चौथो अधिवेशनले ५ वटा नयाँ र ८ वटा संशोधन विधेयक गरी जम्मा १३ वटा ऐनहरू पारित गऱ्यो। ती मध्ये एक निम्नानुसार छ।

(क) लागु औषध (नियन्त्रण) (तेश्रो संशोधन) ऐन ०४९

निम्न विधेयकहरू गैरसरकारी प्रस्तावको रूपमा एमाले सांसद मा. लालबाबु पण्डितले प्रस्तुत गर्नु भएको थियो। नेपाली कांग्रेसका सांसद मा. चिनकाजी श्रेष्ठले विरोध गरेपछि अनुमती माग्ने प्रस्ताव नै अस्वीकृत भएको थियो।

(क) गाउँ विकास समिति (पहिलो संशोधन) विधेयक ०४९

(ख) जिल्ला विकास समिति (पहिलो संशोधन) विधेयक ०४९

(ग) नेपाल सन्धि (पहिलो संशोधन) विधेयक विचाराधिन अवस्थामा रहेको थियो।

(घ) सार्क सभामुखहरूको काठमाडौंमा १९९२ नाभेम्बर १५/१६ मा बसेको बैठकले सन् १९९२ को अगष्ट महिनामा ढाकामा बसेको सार्क संसदका महासचिवहरूको बैठकले तर्जुमा गरेका मस्यौदा वडापत्र उपर आवश्यक छलफल तथा सुधार समेत गरी अनुमोदन गऱ्यो।

पाँचौं अधिवेशन

१. अधिवेशनको कार्यकाल : पाँचौं अधिवेशन ०५० असार १३ गते आइतवार दिनको २ बजे संसदभवन सिंहदरवार, काठमाडौंमा प्रारम्भ भयो र ०५० भदौ ३१ गते अन्त्य भयो। सो अवधिमा प्रतिनिधि सभा ८२ दिन चालु रह्यो। प्रतिनिधि सभाले ४७ दिनमा ५४ बैठक गऱ्यो जसमा ३४३ घण्टा २० मीनेटको समय व्यतित गऱ्यो। राष्ट्रिय सभा जम्मा ८२ दिन चालु भयो जसमध्ये कूल ५० दिनमा ५६ वटा बैठक बसी १५७ घण्टा ३५ मिनेट समय व्यतित गऱ्यो।

२. राजस्व र व्ययको वार्षिक अनुमान : संसदको दुबै सदनको संयुक्त बैठकमा माननीय अर्थ राज्यमन्त्रीले सम्बत ०५० असार २७ गतेका दिन ४.३० बजे आ.व. ०५०/०५१ को लागि कूल ३५,५१,३९,७८,०००/- को राजस्व र व्ययको वार्षिक अनुमान प्रस्तुत गर्नु भयो। बजेटमाथि असार २९ र ३० गतेदेखि छलफल भयो र अर्थमन्त्रीले ३१ गते जवाफ दिनु भयो।

३. जरूरी सार्वजनिक महत्वका प्रस्ताव : पाँचौं अधिवेशनमा निम्न विषयमा माननीय सदस्यहरूले सार्वजनिक महत्वका प्रस्तावहरू पेश गर्नु भयो -

प्रतिनिधि सभा

(क) राप्रपाका सांसद मा. डा. प्रकाशचन्द्र लोहनीले बाढी पहिरो पीडित जनतालाई राहत पुऱ्याइयोस् भनी राखेको प्रस्ताव।

(ख) नेपाल सद्भावना पार्टीका सांसद मा. हृदयेश त्रिपाठीले शिक्षक छनौटमा अनियमितता भएकोले सो नहुने व्यवस्था होस् भनी राखेको प्रस्ताव।

(ग) संजमो सांसद मा. कमल चौलागाईंले सार्वजनिक

अपराध ऐन दुरूपयोग गरी अनावश्यक रूपमा लगाइएका मुद्दाहरू फिर्ता लिइयोस् र ऐनको दुरूपयोग नहुने व्यवस्था गरियोस् भनी गृह मन्त्रालयसंग राख्नु भएको प्रस्ताव।

(घ) स्वतन्त्र सांसद मा. भीमबहादुर श्रेष्ठले कृषकहरूलाई उनीहरूले गरेको उत्पादनको उचित मूल्य दिलाउने व्यवस्था होस् भन्ने कृषि मन्त्रालयसंग सम्बन्धित प्रस्ताव।

(ङ) राप्रपाका सांसद मा. पशुपति शमसेर जबराले जलश्रोत मन्त्रालयसंग सम्बन्धित समयमा सतर्कता नअपनाएकोले गत साउन ५/६ गतेको बाढीले जनधनको क्षति पुऱ्याएको भन्ने आशंकाको सम्बन्धमा तथ्य पत्ता लगाउन संसदीय जाँच आयोग गठन होस् भनी राख्नु भएको प्रस्ताव।

राष्ट्रिय सभा

(क) एमाले सांसद मा. सुवासचन्द नेम्वाङले गृह मन्त्रालयसंग सम्बन्धित रहेको उपत्यका बन्द र काठमाडौं, ललितपुर र भक्तपुरको आन्दोलनमा भएको दमन बारे छानवीन गर्न आयोग गठन गरियोस् भन्ने प्रस्ताव।

(ख) एमाले सांसद मा. सुवासचन्द्र नेम्वाङले सूचना तथा संचार मन्त्रालयसंग सम्बन्धित नेपाल टेलिभिजन, रेडियो नेपाल, गोरखापत्र जस्ता आम संचार माध्यमहरू परिवर्तित सन्दर्भमा प्रजातान्त्रिक मूल्य र मान्यता अनुरूप चल्नु पर्नेमा सरकारी संचार माध्यमको रूपमा संचालित छन् भने निजी क्षेत्रका पत्रिकाहरूले सरकारबाट पाउनु पर्ने टेवा अभै पाउन सकेका छैनन् भनेर राख्नु भएको प्रस्ताव।

(ग) एमाले सांसद मा. चन्द्रराज दुङ्गेलले अर्थ मन्त्रालयसंग सम्बन्धित रहेको अर्थतन्त्रमा भैरहेको अनियन्त्रित मूल्य वृद्धिका कारण जनजीवनमा आर्थिक संकट आई परेको छ भने सम्पूर्ण विकास आयोजनाहरू खर्चिला हुन गई देशको अर्थ व्यवस्थामै धक्का परेको भनी राख्नु भएको प्रस्ताव।

(घ) नेका सांसद डा. शंकरप्रसाद उप्रेतीले स्वास्थ्य मन्त्रालयसंग सम्बन्ध रहेको जनसंख्या वृद्धिको भयावह स्थितिलाई नियन्त्रण गरी विकास लगानी बढाउन परिवार नियोजन कार्यक्रमलाई देशव्यापी रूपमा प्रभावकारी बनाउन कदम चालियोस् भनी राख्नु भएको प्रस्ताव।

(ङ) नेका सांसद मा. विदुरप्रसाद पौडेलले शिक्षा संस्कृति तथा समाज कल्याण मन्त्रालयसंग सम्बन्धित रहेको स्वदेशी विदेशी सबैका लागि उपयोगी र महत्वपूर्ण पूरातात्विक धार्मिक र सांस्कृतिक धरोहरका रूपमा रहेका स्थलहरूको सम्बर्द्धनका लागि नीतिगत रूपमा योजना बनाई कार्यान्वयन गरियोस् भनी राख्नु भएको प्रस्ताव।

उल्लेखित सबै प्रस्तावमा भएको छलफल पश्चात सम्बन्धित मन्त्रीहरूले जवाफ दिनु भयो।

४. ध्यानाकर्षण : सदनका दुबै सदनमा सांसदहरूले विभिन्न मन्त्रीहरूको ध्यानाकर्षण गराउनु भयो -

प्रतिनिधिसभा

(क) एमाले सांसद मा. श्री मभिलाल थारू थनैतले मोहियानी हक संरक्षण गरियोस् भनी भूमिसुधार मन्त्रीको ध्यानाकर्षण गराउनु भयो।

(ख) एमाले सांसद मा. विजय सुब्बाले अर्थ मन्त्रीलाई बोलपत्र स्वीकृती सम्बन्धी कारवाहीमा भ्रष्टाचार बढेको हुँदा यसमा ध्यान दिई राष्ट्रिय सम्पत्तिको हानी नोक्सानी रोकियोस् भनी ध्यानाकर्षण गराउनु भयो।

(ग) एमाले सांसद मा. नरेन्द्र बस्नेतले आवास तथा भौतिक योजना मन्त्रीलाई जिल्ला सदरमुकामहरू र आसपासका साना शहरी क्षेत्रहरूमा आवास योजना लागु होस् भनी ध्यानाकर्षण गराउनु भयो।

(घ) एमाले सांसद मा. भरतमोहन अधिकारीले उद्योग तथा श्रम मन्त्रीलाई रोजगारीको लागि विदेशिएका नेपालीहरूले पाइरहेका दुःखका सम्बन्धमा श्री ५ को सरकारले ध्यान देओस् भन्ने सम्बन्धमा ध्यानाकर्षण गराउनु भयो।

(ङ) एमाले सांसद मा. हिरण्यलाल श्रेष्ठले सूचना तथा संचार मन्त्रीलाई श्रमजीवी पत्रकारहरूको हक हितको संरक्षण गरियोस् भनी ध्यानाकर्षण गराउनु भयो।

(च) एमाले सांसद मा. विरोध खतिवडाले गृहमन्त्रीलाई लागु औषधको कारोवार र प्रयोग नियन्त्रण गरियोस् भनी ध्यानाकर्षण गराउनु भयो।

(छ) सांसद मा. कृष्णबहादुर शाहीले शिक्षा संस्कृति तथा समाज कल्याण मन्त्रीलाई पिछडिएका गाउँहरूमा विद्यमान वेठी प्रथा उन्मूलन गरियोस् भनी ध्यानाकर्षण गराउनु भयो।

(ज) एमाले सांसद मा. खगराज शर्माले उद्योग तथा श्रम मन्त्रीलाई कमैया प्रथाको अन्त्य गरी कृषि मजदूरको न्यूनतम ज्याला तोकियोस् भनी ध्यानाकर्षण गराउनु भयो।

(झ) सांसद मा. अर्जुनजंग बहादुर सिंहले आवास तथा भौतिक योजना मन्त्रीलाई दैवी प्रकोपमा परी घरवार विहिन भएकाहरूलाई व्यवस्थित बसोबास गराइयोस् भनी ध्यानाकर्षण गराउनु भयो।

(ञ) सांसद मा. गोविन्दबहादुर शाहले समाज कल्याण मन्त्रीलाई पिछडिएको दलित जनजातीको जीवनस्तर उठाउन विशेष कार्यक्रम तर्जुमा गरियोस् भनी ध्यानाकर्षण गराउनु भयो।

(ट) नेका सांसद मा. दीपकुमार उपाध्यायले पर्यटन तथा उड्यन मन्त्रीलाई हवाईदुर्घटनामा परि निधन भएका व्यक्तिका परिवारहरूलाई विमा रकम उपलब्ध गराइयोस् भनी ध्यानाकर्षण गराउनु भयो।

(ठ) एमाले सांसद मा. हर्कमान तामाङ्गले आवास तथा भौतिक योजना मन्त्रीलाई बर्षौंदेखि ऐलानी पर्ती जमीन जोतपोत गर्दै आएका किसानलाई जग्गाधनी प्रमाणपत्र वितरण गरियोस् भनी ध्यानाकर्षण गर्नु भयो ।

(ड) एमाले सांसद मा. नारायण राजवंशीले शिक्षा मन्त्रीलाई बाल बालिकाहरूको संरक्षण र विकासको लागि ठोस कार्यक्रम संचालन गरियोस् भनी ध्यानाकर्षण गराउनु भयो।

(ढ) एमाले सांसद मा. परशुराम मेघी गुरूङले स्थानिय विकास मन्त्रीलाई हिमरेखा आसपासका जनताको जीवनस्तर उठाउन विशेष कार्यक्रम चालियोस् भनी ध्यानाकर्षण गराउनु भयो।

राष्ट्रिय सभा

(क) मनोनित सांसद मा. डा. युगेश्वर वर्माले समाज कल्याण मन्त्रालयसंग सम्बन्धित महिलाहरूको उत्थानका लागि नीति

निर्माण गरी कार्यान्वयन गर्न एउटा स्वतन्त्र नारी उत्थान आयोग गठन गर्न ध्यानाकर्षण गराउनु भयो।

(ख) एमाले सांसद मा. सुवासचन्द्र नेम्वाङले न्याय कानून मन्त्रालयसंग सम्बन्धित असमर्थ पक्षहरुका लागि कानून व्यवसायी उपलब्ध गराउने बारेमा ध्यानाकर्षण गराउनु भयो।

(ग) एमाले सांसद मा. चन्द्रराज ढुङ्गेलले जलश्रोत मन्त्रालयसंग सम्बन्धित विद्युत शक्तिको अभावले अर्थ-व्यवस्थामा र जनजीवनमा गंभीर प्रभाव पारेको समयमा अरूण -३ जस्तो आयोजनाको बारेमा सरकारको नीति तथा कार्यक्रम उल्लेख सम्म नभएको बारे ध्यानाकर्षण गराउनु भयो।

(घ) नेका सांसद मा. महेन्द्र कुमार मिश्रले शिक्षा संस्कृति तथा समाज कल्याण मन्त्रालयसंग सम्वन्धित नेपालमा बोलिने अन्य भाषाहरूका साथै नेपाली भाषा पछि दोश्री स्थानमा रहेको मैथिली भाषामा प्राथमिक स्तरसम्म शिक्षा दिने व्यवस्था मिलाइयोस् भन्ने ध्यानाकर्षण गराउनु भयो।

(ङ) मनोनित सांसद मा. डा. युगेश्वर वर्माले शिक्षा संस्कृति तथा समाज कल्याण मन्त्रालयसंग सम्बन्धित देश विकासको लागि सूचना श्रोतको रूपमा उपयोगी हुने पुस्तकालयहरूको सुव्यवस्थाको लागि स्पष्ट राष्ट्रिय नीति र कार्य योजना बनाइयोस भन्ने ध्यानाकर्षण गराउनु भयो।

(च) एमाले सांसद मा. प्रेमसिंह धामीले आवास तथा भौतिक योजना मन्त्रालयसंग सम्बन्धित सुकुम्वासीको वस्तुपरक परिभाषा निर्धारण गरी तिनीहरूको जीवनयापनको उपयुक्त व्यवस्था गरियोस् भन्ने ध्यानाकर्षण गराउनु भयो।

(छ) एमाले सांसद मा. सुवासचन्द्र नेम्वाङले कानून, न्याय तथा संसदीय मंन्त्रालयसंग सम्बन्धित पुनरावेदन अदालतको संख्यामा कटौती गरिने भन्ने चर्चाले यस क्षेत्रसंग सम्बद्ध सबैलाई चिन्तित परेकोले बार एसोशिएसन, कानून व्यवसायी, न्यायाधिशहरू लगायत हाल पुनरावेदन अदालत रहेको क्षेत्रमा रहेका जनप्रतिनिधि समेतसंग छलफल गरेर मात्र यस विषयमा निर्णय लिइयोस् भन्ने सम्बन्धको ध्यानाकर्षण गराउनु भयो।

(ज) नेका सांसद मा. महेन्द्रकुमार मिश्रले कृषि मन्त्रालयसंग सम्बन्धित विभिन्न प्राकृतिक प्रकोपका कारण कृषि क्षेत्रमा देखा परेका विविध समस्याहरूको समाधानका लागि अल्पकालिन तथा दीर्घकालीन योजना बनाई कृषकहरूलाई राहत प्रदान गरियोस् भन्ने सम्बन्धमा ध्यानाकर्षण गराउनु भयो।

(झ) सांसद मा. सुशीला शर्माले कानून मन्त्रालयसंग सम्बन्धित सम्बन्ध विच्छेद गरिएका महिलाहरूको स्वावलम्वन र जिविकोपार्जनका लागि विद्यमान कानूनी अवरोध हटाइ पुरूष सरहको हक सिर्जना गरियोस भन्ने ध्यानाकर्षण गराउनु भयो।

५. संकल्प - संसदको पाँचौ अधिवेशनमा निम्न संकल्पहरू प्रस्तुत गरिए-

प्रतिनिधि सभा

संजमो सांसद मा. कमानसिंह लामाले प्रस्तुत गर्नु भएको निम्न संकल्प संशोधन सहित निम्न वमोजिम स्वीकृत भयो।

"संविधान र शिक्षा नियमावलि अनुसार सवै भाषाभाषीलाई समान अवसर प्रदान गर्न प्रतिनिधि सभाको यो वैठक सम्पूर्ण जनजातिको भाषा संस्कृतिको अनुसन्धान, विकास र संबर्द्धनको लागि श्री ५ को सरकारले उपयुक्त योजना तथा कार्यक्रम तर्जुमा गरी यथाशिघ्र कार्यान्वयन गरोस् भन्ने सिफारिस गर्दछ।"

६. बैठक वहिस्कार : संसदको पाँचौ अधिवेशनमा निम्न राजनैतिक दलहरूले वैठक वहिस्कार गरे -

प्रतिनिधि सभा

(क) संयुक्त जनमोर्चाले ०५०।३।२५ गतेको वैठकको बाँकी अवधिको लागि

(ख) नेकपा एमाले र संयुक्त जनमोर्चाले ०५०।३।२९ को सदन १० मिनेटको लागि

(ग) नेपाल सद्भावना पार्टीले ०५०।५।१८ को वैठक बाँकी अवधिका लागि

राष्ट्रिय सभा

(क) नेकपा एमालेले ०५०।३।२९ का दिनको वैठक बाँकी अवधिका लागि

(ख) नेकपा एमालेले ०५०।४।२७ का दिनको वैठक बाँकी अवधिको निमित्त

(ग) नेकपा एमालेले ०५०।५।२५ को वैठक सो दिनको बाँकी अवधिको निमित्त

(घ) नेकपा एमाले र सद्भावना पार्टीले ०५०।५।२७ गतेको बैठक सो दिनको बाँकी अवधिको निमित्त।

७. मन्त्रीबाट सार्वजनिक महत्वका विषयमा दिइएका वक्तव्यहरू -

प्रतिनिधि सभा

(क) मा. गृहमन्त्रीले ०५०।३।२३ गते ओखलढुङ्गा जिल्लाको वरूणेश्वर गाविसको वडा नं. ३ र ४ तथा हर्कपुर गाविस वडा नं. ३ मा गएको भिषण पहिरोबाट भएको धनजनको क्षतिको विषयमा,

(ख) मा. गृहमन्त्रीले गत श्रावण २ र ३ गते परेको वर्षाबाट अधिराज्यका विभिन्न जिल्लाहरूमा भएको धनजनको क्षति सम्बन्धमा,

(ग) मा. जलश्रोत मन्त्रीले वागमती सिंचाई योजना र कुलेखानी जलविद्युत परियोजनामा भएको क्षति सम्बन्धमा,

(घ) मा. जलश्रोत मन्त्रीले कुलेखानी जल विद्युत केन्द्रमा भएको क्षति सम्बन्धमा,

(ङ) मा. जलश्रोत मन्त्रीले हालै देशका विभिन्न जिल्लाहरूमा अविरल वर्षाको कारण बाढी पहिरो पीडित कृषकहरूलाई राहत पुर्‍याउन तथा क्षतिग्रस्त क्षेत्रको पुनःनिर्माणको लागि श्री ५ को सरकारका अल्पकालिन र दीर्घकालीन कार्यक्रमहरू सम्बन्धी निर्णयको विषयमा,

(च) मा. गृहमन्त्रीले ०५० साल भाद्र ७ गते सर्लाही जिल्लाको वरहथवा इलाका प्रहरी कार्यालयको हाता भित्र जवर्जस्ती पसी तोडफोड गर्ने उत्तेजित भीड माथि प्रहरीले बाध्य भै गोली चलाउँदा २ जनाको मृत्यु हुनाको साथै भीडतर्फ ३ जना र प्रहरी तर्फ ४ जना घाइते भएको र प्रहरीले कारवाहीको सिलसिलामा ९ जनालाई पक्राउ गरेको सम्बधमा,

राष्ट्रिय सभा

(क) स. प्रधानमन्त्रीको तर्फबाट राष्ट्रिय सभाका सत्ता पक्षका नेता मा. वासुदेव रिसालले भीषण वर्षातका कारण देशका विभिन्न भागमा धनजनको क्षति भएको सम्बन्धमा,

(ख) मा. जलश्रोत मन्त्रीले वागमती सिंचाई आयोजनामा हालैको बाढीले पुऱ्याएको क्षतिका सम्बन्धमा,

(ग) मा. गृहमन्त्रीले बाढी पीडित क्षेत्रमा भएको राहत कार्यक्रमको सम्बन्धमा,

(घ) मा. जलश्रोतमन्त्रीले कुलेखानी जलविद्युत केन्द्रमा हालैको बाढीले पुऱ्याएको क्षतिका सम्बन्धमा,

(ङ) मा. जलश्रोतमन्त्रीले कोशी नदीले गरेको कटानका सम्बन्धमा,

(च) मा. गृहमन्त्रीले सर्लाही बरहथवामा भएको घटनाका सम्बन्धमा र

(छ) मा. अर्थमन्त्रीले यस वर्ष लाग्ने मालपोतमा छूट मिनाहा दिएको सम्बन्धमा सार्वजनिक महत्वको वक्तव्य दिनु भयो।

८. प्रश्नहरू

पाँचौ अधिवेशनमा निम्न बमोजिम प्रश्नहरू गरिए

प्रतिनिधि सभाः कूल प्रश्न संख्या २४९५, लिखित २६७, मौखिक २२२२ अल्प सूचना ६

राष्ट्रिय सभाः कूल प्रश्न ४६४, लिखित ४, मौखिक ४५३, अल्प सूचनाको ७

९. विधेयकः संसदको पाँचौ अधिवेशनमा कूल मिलाएर २८ वटा विधेयक प्रस्तुत भएका थिए जसमध्ये २२ वटा सरकारी विधेयकको रूपमा र ६ वटा गैरसरकारी विधेयकको रूपमा प्रस्तुत भएका थिए। कूल सरकारी विधेयक मध्ये यातना सम्बन्धी क्षतिपूर्ति विधेयक ०५०, समितिमा छलफल मै रहेको हुँदा पारित हुन सकेन। बाँकी सबै २१ वटै विधेयकहरू पारित भए।

गैरसरकारी विधेयकको रूपमा प्रस्तुत भएका तर पारित हुन नसकेका विधेयकहरू ६ वटा थिए।

यसका अतिरिक्त यो वर्षका दुबै सदनमा निम्न विषयहरूमा छलफल भएका थिए।

०४९ चैत ३ गते प्रतिनिधि सभाको बैठकमा प्रमुख प्रतिपक्षी दलका नेता मनमोहन अधिकारीद्वारा नेपाली कांग्रेसको सरकार गठन भए यता देशका विभिन्न ठाउँमा भएका हत्या सम्बन्धी घटनाको छानबीनका लागि न्यायिक आयोग गठन गर्न माग गर्नु भयो।

०४९ चैत ४ गते प्रतिनिधि सभाको बैठकमा अर्थ राज्यमन्त्री महेश आचार्यद्वारा सांसद डिल्लीबहादुर महतको "कृषि विकास बैंकको चर्को व्याज दरले किसानहरूलाई मर्का परेको" विषयक ध्यानाकर्षणको जवाफमा "ऋणको व्याज मुख्य समस्या होइन ऋणको उपलब्धता कम र त्यसको प्रतिफल कम हुनु मुख्य समस्या हो" भन्ने विचार व्यक्त भयो।

०४९ चैत १० गते प्रतिनिधि सभाको बैठकमा आवास तथा भौतिक योजना मन्त्री बलबहादुर राईद्वारा एमाले सांसद द्रोणप्रसाद आचार्यद्वारा प्रस्तुत सुकुम्बासी समस्या समाधान गरियोस् भन्ने विषयको जरूरी सार्वजनिक महत्वको प्रस्तावको उत्तरका क्रममा "सुकुम्बासी समस्या सरकार एक्लैले मात्र समाधान गर्नुभन्दा यो समस्या सुल्झाउन राष्ट्रिय सहमति आवश्यक छ" भन्ने विचार व्यक्त भयो।

०४९ चैत २४ गते प्रतिनिधि सभाको बैठकबाट टनकपुर बाँध परियोजनासंग सम्बन्धित सम्झौताको असर मूल्यांकन गरी प्रतिवेदन पेश गर्न दुबै सदनको संयुक्त समिति गठन गर्ने सम्बन्धी सांसद भीमबहादुर श्रेष्ठको प्रस्ताव सर्वसम्मतिद्वारा पारित भयो। प्रतिनिधि सभाबाट सदस्यहरूको मनोनयन पनि गरियो।

०४९ चैत २५ गते राष्ट्रिय सभाको बैठकबाट टनकपुर बाँध परियोजनासंग सम्बन्धित सम्झौताको असर मूल्यांकन गरी प्रतिवेदन पेश गर्न दुबै सदनको संयुक्त समिति गठन गरियोस् भन्ने सांसद भिखारी मन्सुरको प्रस्ताव पारित भयो। समितिका सदस्यको मनोनयन पनि गरियो।

०५० साउन २२ गते सभामुख दमननाथ ढुङ्गानाको नेतृत्वमा गएको संसदीय प्रतिनिधिमण्डलले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासंग संसद भवन स्थित उहाँको कार्यकक्षमा भेटी बाढी पीडितहरूको राहतबारे विभिन्न सुझावहरू प्रस्तुत।

०५० भदौ १ गते प्रतिनिधि सभाको बैठकमा उद्योग तथा श्रम राज्यमन्त्री रामकृष्ण ताम्राकारद्वारा एमाले सांसद खगराज शर्माले कमैयाप्रथा अन्त्य गरी कृषि मजदूरहरूको न्यूनतम ज्याला तोकियोस् भनी गर्नु भएको ध्यानाकर्षण माथि भएको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिने क्रममा शिक्षा, चेतना र नागरिक जागरणको अभावको कारणले नदेखिने गरी दासप्रथा विद्यमान रहे तापनि यदि कसैले दास राखेको प्रमाण फेला पारेको खण्डमा त्यस्तो व्यक्ति सजायको भागी हुने विचार व्यक्त भयो।

०५० भदौ १ गते राष्ट्रिय सभाको बैठकमा एमाले सांसद प्रेमसिंह धामीद्वारा "सुकुम्बासीको वस्तुपरक परिभाषा निर्धारण गरियोस्" भनी प्रस्तुत ध्यानाकर्षणको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै आवास तथा भौतिक योजना मन्त्री बलबहादुर राईद्वारा "जीविकाका निमित्त अन्य कुनै विकल्प नरही सम्पूर्ण रूपमा केही सम्पत्ति नभएका, नेपाल अधिराज्यभित्र वा अन्यत्र बसी आफ्नो वा आफ्ना परिवारका नाममा जग्गा वा कुनै पनि किसिमको चल, अचल सम्पत्ति नभएको निःसहाय वा बाढी पहिरो जस्तै दैवी प्रकोप परी आफ्नो जन्मस्थान वा वासस्थानमा जीवन यापन सम्भव नभई बसाइ सर्न वाध्य २१ वर्ष उमेर पुगेका महिला तथा पुरूष व्यक्ति वा परिवारलाई श्री ५ को सरकारले सुकुम्बासीको वर्गमा राखेको" जानकारी प्रदान गरियो।

०५० भदौ ३ गते राष्ट्रिय सभाको बैठकमा गृहमन्त्री शेरबहादुर देउपाद्वारा श्री ५ को सरकार समाजबाट छुवाछूत प्रथालाई यथार्थ रूपमा हटाउन कटिवद्ध भएको विचार व्यक्त भयो।

०५० भदौ ६ गते प्रतिनिधि सभाको बैठकमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा भूटानी शरणार्थी शिविरमा पचासी प्रतिशत शरणार्थीसंग भूटानी नागरिक भएको प्रमाण रहेको विचार व्यक्त भयो।

०५० भदौ १३ गते प्रतिनिधि सभाको बैठकमा एमाले सांसद हर्कमान तामाङ्गद्वारा वर्षौदेखि ऐलानी पर्ति जमिन जोतभोग गर्दै आएका किसानहरूलाई जग्गा धनी प्रमाणपूर्जा प्रदान गरियोस् भनी प्रस्तुत ध्यानाकर्षण प्रस्तावको छलफलमा उठेका प्रश्नहरूको जवाफ

दिँदै भौतिक योजनामन्त्री बलबहादुर राईद्वारा त्यस्ता किसानहरू सुकुम्बासी ठहर भएमा आवश्यक मूल्यांकन गरी अधिकतम राजस्व लिएर जग्गा दर्ता गरिदिने सरकारी नीति रहेको जानकारी प्रदान गरियो।

०५० भदौ १५ गते राष्ट्रिय सभाको बैठकमा गृहमन्त्री शेरबहादुर देउपाद्वारा नेपाली कांग्रेसका सांसद महेन्द्रकुमार मिश्रले राख्नु भएको "समाजमा विद्यमान दाइजो, तिलक जस्तो सामाजिक कुरीतिहरू हटाउन श्री ५ को सरकार लगायत सम्पूर्ण राजनीतिक दल, युवा शक्ति, सामाजिक संघ संस्थाहरू अग्रसर हुनुपर्ने" विषयको जरूरी सार्वजनिक महत्वको प्रस्ताव माथिको छलफलमा उठेका प्रश्नहरूको जवाफमा कानूनले मात्र यस्ता विकृति नहट्ने भएपनि यस्ता विकृति हटाउन सरकारले कानून बनाउने विचार व्यक्त भयो।

०५० भदौ १८ गते राष्ट्रिय सभाको बैठकमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा सांसदहरूले सोध्नु भएका विभिन्न प्रश्नको जवाफ दिने क्रममा आठौं योजना अवधि (२०४९-५४) मा देशले गर्ने लगानी अनुरूप थप १४ लाख ४९ हजार रोजगारी सृजना गर्ने लक्ष्य रहेको जानकारी दिइयो।

०५० भदौ २२ गते राष्ट्रिय सभाको बैठकमा नेपाली कांग्रेसकी सांसद श्रीमती सुशीला शर्माले सम्बन्ध विच्छेद गरिएका महिलाहरूको स्वावलम्बन र जीविकोपार्जनका लागि विद्यमान कानूनी अवरोध हटाई पुरूष सरहको हक सिर्जना गराई संविधानमा उल्लिखित समानताको हक अनुकूल कानूनको व्यवस्था गरियोस् भनी प्रस्तुत गर्नु भएको ध्यानाकर्षणको जवाफमा न्याय कानून तथा संसदीय व्यवस्था एवं सामान्य प्रशासन सहायक मन्त्री दीनवन्धु अर्यालद्वारा सम्बन्ध विच्छेद भएका महिलाको लागि जीविकोपार्जन गर्ने सरकारको आर्थिक नीति अवरोधक नभएको विचार व्यक्त भयो।

०५० भदौ २४ गते प्रतिनिधि सभाको बैठकमा संयुक्त सञ्चार समितिका सभापति लीला कोइरालाद्वारा "द राजिङ्ग नेपाल" का प्रधान सम्पादक डा. तारानाथ शर्माले आफ्नो लेखका सम्बन्धमा गर्नु भएको लिखित क्षमा याचना समितिको बैठकले स्वीकृत गरेको जानकारी प्रदान गरियो।

मानवअधिकारको सन्दर्भमा संसदको सन् १९९३ को वर्षमा बसेका चौथो तथा पाँचौं अधिवेशनका क्रियाकलापहरू निम्न बमोजिम रहेको देखियो -

१. संसदमा परराष्ट्र तथा मानवअधिकार समितिको गठन भएको भए पनि यसका क्रियाकलाप अत्यन्तै कम भएको देखियो। तुलनात्मक रूपमा हेर्दा यसले वस्तुतः खास काम गरेको पाईदैन।

२. संसदले छलफलका क्रममा उठेका राष्ट्रिय महत्व तथा जनताका मानवअधिकारका संरक्षण एवं सम्बर्द्धनका क्रममा महत्वपूर्ण मुद्दा उठाउने, पहिचान गर्ने महत्वपूर्ण काम गरेको भए पनि श्री ५ को सरकरलाई त्यस्तो काम गर्नका लागि प्रभावी दबाव दिन सकेको पाईदैन।

३. संसदबाट पारित भएका विधेयकहरू संविधान प्रतिकूल रहेका पनि देखिन्छन् जसले मानव अधिकार उल्लंघन हुने खतरा बढ्न गएको छ। राष्ट्रिय प्रसारण ऐन ०५० ले संविधानको धारा (१२) २ ले प्रदान गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई सजिलै बाधा पुऱ्याउन सकिने पारेको छ। आफुले राष्ट्रिय हित प्रतिकूल ठहऱ्याउनासाथ सरकारले संविधान प्रदत्त अधिकार रोक्न सक्छ।

४. संसदले अघिल्लो वर्षमा भनिए झैं नेपाल अधिकाराज्यको संविधान ०४७ द्वारा प्रदत्त मौलिक हकहरूको बढी प्रभावी उपभोगका सम्बन्धमा आवश्यक पर्ने ऐन कानूनहरूको निर्माण गर्ने तत्परता देखाएन।

५. संसदको चौथो अधिवेशनमा प्रस्तुत भएको यातना क्षतिपूर्ति विधेयकलाई उचित तवरबाट पारित गर्न सकेन। यसबाट देशमा सैकडौं मानिसहरू सरकारी निकायहरू खास गरी प्रहरीद्वारा गैर कानूनी रूपमा यातना भोगी रहेका छन् र उनीहरूले मानवअधिकारको प्रचलन गराउन पाइरहेका छैनन्।

६. श्रम ऐनको दफा ४(१) ले देशमा विदेशी नागरिकले पनि निर्वाध रूपमा रोजगारी पाउन सक्ने गरेकोमा उक्त दफालाई सर्वोच्च अदालतले रद्द गऱ्यो।

७. मृत्यु दण्ड दिन सकिने कुनै पनि कानूनहरूमा संशोधन गरिएन।

८. सभामुख स्वयमले सदनमा उपस्थिति पातलिँदै गएको र मन्त्रीहरूको उपस्थिति समेत नभएकोमा बारम्बार स्मरण गराउनु पऱ्यो।

९. यस वर्ष संसदले प्रज्ञा प्रतिष्ठान ऐन पारीत गऱ्यो। उक्त ऐन अनुसार आयन्दा प्रधानमन्त्रीहरू नै प्रतिष्ठानका पदेन कुलपति हुनेछन्। प्राज्ञिक नियन्त्रणमा रहनु पर्ने संस्थालाई बहुमत प्राप्त राजनीतिक दलको नियन्त्रणमा राख्न खोजिएको मात्र होइन कि पञ्चायतकालमै समाप्त पारिसकिएको परम्पराको थालनी गरियो भनी यो कानूनको प्रशस्त आलोचना भयो।

समग्रमा भन्नु पर्दा १९९३ मा सम्पन्न दुई अधिवेशनहरू पनि सरकारलाई नियन्त्रण गर्नमा प्रभावी रहन सकेनन्। जनताका लागि यो वर्ष पनि सदनले आकर्षण थप्न सकेन। सदनमा ल्याइएका प्रस्तावहरू उपर सहृदयताका साथ खुला छलफल र योगदान हुनु पर्नेमा बल मिच्याईं पनि भयो। खास खास अवस्थामा मात्र पार्टीको व्हीप जारी गर्ने र के कस्ता विषयमा मात्र त्यस्तो व्हीप जारी गर्न सकिने हो सोको किटान गरेर सांसदहरूलाई राष्ट्रिय दृष्टिकोणले प्रस्तुत हुने गरी फराकिलो वातावरण तयार गरिनु पर्ने आवश्यकता यताका दिनमा झन बढी महशुस गरियो।

संसदमा उठाइएका करीब साढे नौ हजार प्रश्नमध्ये करीब साढे पाँच हजार प्रश्नको मात्र उत्तर दिइयो।

संसदका ९ वटा समितिहरूमध्ये एउटा सार्वजनिक लेखा समितिले मात्र आफ्नो प्रतिवेदन बुझायो तर उक्त प्रतिवेदनमा उल्लेखित सुझावहरूको पनि कार्यान्वयन गरिएन।

टनकपुर बारेको संयुक्त समितिको प्रतिवेदन नै प्रस्तुत हुन सकेन। संसदमा हाथापाई, रोष्टम घेराउ हुने वातावरण बारम्बार श्रृजना भइरह्यो।

मन्त्रीहरूले दिनु भएको जवाफ झाराटार्ने खालको पनि रह्यो।

संसद बहुमत र अल्पमतको आधारमा होइन जनताको भावनाको अभिव्यक्तिको थलोको रूपमा अग्रसर रहेको पाइएन भन्ने गुनासो यस वर्ष पनि रहिरह्यो। ❑

परिच्छेद ५

श्री ५ को सरकार र मानवअधिकार - १९९३

कुनै पनि मुलुकमा मानवअधिकारको रक्षा गर्ने मूल जिम्मेवारी त्यस देशको सरकारमा रहेको हुन्छ। मानवअधिकारको घोषणा पत्र अनुसार समाजको प्रत्येक व्यक्ति आधारभूत सामाजिक, आर्थिक र नागरिक हक तथा स्वतन्त्रता उपभोग गर्न अधिकार प्राप्त मानिन्छ। यदि समाजमा कुनै एउटा व्यक्तिले कुनै अर्को व्यक्तिको मानवअधिकारलाई हनन पुऱ्याउन खोज्यो भने त्यसलाई रोक्ने, मानवअधिकार हननको घटना घटी नै सकेको छ भने पनि पीडित पक्षको उद्धार गर्ने तथा पिडक पक्षलाई उसको पनि मानवअधिकार हनन नहुने गरी कारवाही चलाउने र राष्ट्रिय रूपमै मानवअधिकारलाई सम्मान गर्ने दायित्व पनि सरकारको हुन्छ। यस किसिमको दायित्व पूरा गर्नुको सट्टा उल्टो सरकार स्वयं नै मानवअधिकार हनन गर्ने कार्यमा संलग्न हुन पुग्यो भने त्यसले राष्ट्रलाई नै गम्भीर असर पुऱ्याउँछ।

नेपालमा ०१७ सालदेखि ०४६ सालसम्म कायम रहेको पंचायती सरकार मानवअधिकार हननका दृष्टिले निकै नै चर्चामा आउने गरेको थियो। ०४६ सालमा पंचायती व्यवस्था विरूद्ध भएको जनआन्दोलनका प्रमुख मुद्दाहरूमा त्यस व्यवस्थाको अवधिभर पूर्णतया उपेक्षित एवं गम्भीर उल्लंघनको अवस्थामा रहेको मानवअधिकारको बहाली गर्नु र त्यसलाई सही ढंगमा कार्यान्वयन गराउनु पनि थियो। यसै पृष्ठभूमिमा नेपाल अधिराज्यको संविधान ०४७ मा मानवअधिकारलाई प्रजातन्त्रको मेरूदण्डका रूपमा प्रतिष्ठापित गरी राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा अन्य लक्ष्यहरू किटान गरिएको प्रसंग बुझ्न सकिन्छ। संविधानको प्रस्तावनामा प्रत्येक नेपाली नागरिकको आधारभूत मानवअधिकार सुरक्षित राखी स्वतन्त्रता र समानताका आधारमा नेपाली जनताबीच भ्रातृत्व र एकता कायम गरी वालिग मताधिकार, संसदीय शासन प्रणाली, बहुदलीय प्रजातन्त्र सुदृढ पार्न र स्वतन्त्र एवं सक्षम न्याय प्रणालीको व्यवस्था गरी कानूनी राज्यको अवधारणालाई साकार पार्ने कुरा उल्लेख भएबाट नेपाली जनताले चाहेको प्रजातन्त्र र मानवअधिकार कस्तो हो भन्ने कुरा स्पष्ट हुन आउँछ। तर संविधानमा उल्लेखित यस्ता कुराहरूको पूर्णतया परिपालना गरी त्यसलाई कार्यान्वयन गराउने कुरा हुन सकेको पाइएन।

गएका वर्षहरूमा जस्तै यो वर्ष पनि सरकार स्वयं नै कतिपय घटनामा मानवअधिकारको उल्लंघनकारी भएर देखा पऱ्यो र हिंसात्मक कारवाहीहरूमा समेत अग्रसर भएको पाइयो। देशका विभिन्न ठाउँहरूमा भएका हिंसापूर्ण गोलीकाण्डका घटनाले यो तथ्यको पुष्टी गरेका छन्।

टनकपुर प्रकरणमा नेपालको राष्ट्रियता मिचिएको हुनाले यस सवालमा राष्ट्रिय सहमतिका आधारमा समस्या सुल्झाउनु पर्छ भन्ने माग राखी ०४९ फागुन २२ गते प्रतिपक्षी वामपन्थी दलहरूले देशव्यापी धर्ना कार्यक्रमको आयोजना गरेका थिए। उक्त दिन सिन्धुलीको सदरमुकाममा प्रहरीले गोली चलाउँदा १५ वर्षीया छात्रा सम्झना दाहालको मृत्यु भयो। गोली लागेर वासु देवकोटा, ध्रुव देवकोटा र कुलप्रसाद शर्मा घाइते भए। सोही दिन काठमाडौंको सिंहदरवार अगाडि शान्तिपूर्ण धर्ना दिइरहेका सांसदहरूमाथि एक्कासी लाठीचार्ज गर्दै अश्रुग्यास समेत प्रहार गरियो। त्यहाँको प्रहरी कारवाहीमा प्रमुख प्रतिपक्षी दलका नेता मनमोहन अधिकारी, एमालेका तत्कालीन महासचिव मदन भण्डारीलाई समेत लछारपछार गरिएको थियो भने ७ जना अन्य सांसदहरू घाइते भएका थिए। गम्भीर घाइते बनेका सांसद कृष्णगोपाल श्रेष्ठलाई अस्पताल भर्ना गर्नु परेको थियो। घटनामा अन्य नागरिकहरू समेत घाइते भएका थिए। यो घटनाले शान्तिपूर्ण विरोध कार्यक्रम गर्न पाउने अधिकारको गम्भीर उल्लंघन भएको पुष्टी गर्दछ।

सात वामपन्थी दलहरूले ०५० असार १० गतेदेखि संचालन गरेको आन्दोलनका क्रममा सरकारी दमनबाट भएका घटनाहरू मानवअधिकार हननका दृष्टिले यो वर्षका उल्लेख्य घटना बन्न पुगे। यस बीचमा घटेका घटनाहरूलाई सरकारबाट गरिएको मानवअधिकारको ठाडो र खुल्लमखुल्ला उल्लंघनको रूपमा लिन सकिन्छ। वामपन्थीहरूको आन्दोलनमा गोली चलाउन नपर्ने सामान्य स्थितिमा समेत बिना चेतावनी शान्तिपूर्ण रूपले भेला भएका मान्छेहरूमाथि गोली प्रहार गरियो। गोली प्रहार पनि ज्यादतीपूर्ण ढंगबाट गरिएको थियो। घरको तीन तल्लामाथि झ्यालमा बसिरहेका व्यक्तिलाई समेत प्रहरीले ताकेर गोली हानी हत्या गऱ्यो भने हत्या गरिएकामध्ये धेरैको टाउकामा र पेटमा गोली प्रहार गरी हत्या गरिएको थियो। त्यस्तो कारवाहीबाट काठमाडौं उपत्यकाभित्र मात्रै २१ जना निर्दोष एवं निरपराध नागरिकहरू गोलीबाट मारिए। भक्तपुरमा गिरफ्तार गरिएका विजय लामालाई प्रहरी हिरासतमा दिइएको अमानवीय एवं जघन्य यातनाका कारण हिरासतमै उनको मृत्यु भएको थियो। वाम आन्दोलनकै सिलसिलामा प्रहरीको गोलीबाट चितवनमा २ जना, नवलपरासीमा २ जना तथा रूपन्देहीमा १ जनाको हत्या गरियो। ०५० साउन ४ गते चक्काजाम कार्यक्रमका सन्दर्भमा

झापामा जथाभावी प्रहरीले ३० राउण्ड गोली चलायो। प्रशासनद्वारा आवश्यक प्रक्रिया नै पूरा नगरी शान्तिपूर्ण जनसमुदायमाथि गोली चलाउँदा २१ वर्षीय डिल्ली गौतमको घटनास्थलमा नै मृत्यु भयो। ०५० भदौ १ गतेसम्मको वाम आन्दोलनमा देशभरिमा गरेर २ सयभन्दा बढी मान्छेहरू प्रहरीको गोलीबाट घाइते बनाइएका थिए।

यो वर्ष मान्छेहरूको गिरफ्तारी पनि व्यापक रूपमा गरियो। शान्तिपूर्ण रूपमा सभा तथा जुलुस समेत गर्न नदिएर मान्छेहरूलाई गिरफ्तार गर्ने काम राजधानीमै पनि गरिएको थियो। उदाहरणको रूपमा ०५० असार १० गतेका दिन खुलामञ्चको गेट नै बन्द गरेर आन्दोलनकारीहरूलाई सभा गर्न भित्र पस्न नदिइएको घटनालाई लिन सकिन्छ।

वाम आन्दोलन र रोल्पामा चलाइएको आतंकपूर्ण प्रहरी दमनमा धेरै संख्यामा नागरिकहरू गिरफ्तार गरिएका थिए। गिरफ्तार गरिएकाहरूलाई झूठो मुद्दा लगाई प्रहरी हिरासतमा अमानवीय यातना दिने कामहरू पनि भए। यातनाबाट ३ जनाको प्रहरी हिरासतमै मृत्यु भएको घटना मानवअधिकार हननका दृष्टिले अत्यन्तै उल्लेख्य बनेको छ।

संसद चलिरहेको समयमा सांसदहरूलाई गिरफ्तार गर्न नपाइने संवैधानिक व्यवस्था हुँदाहुँदै वाम आन्दोलनका क्रममा १७ जना सांसदलाई गिरफ्तार गरियो। सांसद अमिक शेरचनलाई प्रहरीले कुटपिट गरी सख्त घाइते समेत बनाएको थियो र लामो समयसम्म अस्पतालमा रहेर उपचार गरेपछि मात्र उहाँको शारीरिक अवस्था ठीक भएको थियो।

वाम आन्दोलन संगसँगै यो वर्ष बुटवल नगरपालिका वडा नं. ६ घर भई इञ्जीनियरिङ्ग अध्ययन संस्थान पुल्चोकमा अध्ययनरत छात्र प्रभाकर सुवेदीलाई प्रहरीले बेपत्ता पारेको घटना पनि राष्ट्रिय चर्चाको विषय रहयो। प्रभाकरलाई वाम आन्दोलनकै सन्दर्भमा ०५० असार ११ गते रत्नपार्कमा पक्राउ गरी लाठी र बुटको प्रहारबाट रगताम्य पारी घाइते बनाइएको थियो। प्रहरीको पिटाईबाट चिन्ताजनक अवस्थामा रहेका प्रभाकरलाई घिसार्दै प्रहरीहरूले लगेका थिए। उनलाई अहिलेसम्म पनि बेपत्ता पारिएको छ।

कुनै पनि व्यक्तिलाई बिनापूर्जी पक्राउ गर्न नमिल्ने कानूनी प्रक्रियालाई पूर्णतः बेवास्ता गरिएका घटनाहरू प्रशस्तै घट्ने गरेका छन्। पक्राउ पूर्जीका साथ मान्छेहरूलाई पक्राउ गरिएका घटना अत्यन्त कमै मात्रामा देख्न पर्ने गरेको पाइन्छ। त्यसमाथि यो वर्ष प्रहरीले सम्मानित अदालतलाई समेत ढाँट्ने काम गऱ्यो। बाटोमा हिँडिरहेकी तिलु घलेलाई ०५० असोज ५ गते काठमाडौं जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गऱ्यो। तिलु घलेको पक्षबाट अदालतमा बन्दी प्रत्यक्षीकरणको रीट परेपछि २४ घण्टा भित्र अदालतमा उपस्थित गराउने आदेश प्रहरीलाई दिइयो। तर असोज १४ गते प्रहरीले तिलु घलेलाई गिरफ्तार नगरेको जानकारी अदालतलाई दिएको थियो। पछि उनलाई १७ गते गिरफ्तार गरेको बताई १९ गते अदालतमा उपस्थित गराइयो।

सांसद सुवास नेम्वाङले ०४९ फागुन ३ गते राष्ट्रिय सभामा मानवअधिकार आयोग सम्बन्धी एउटा महत्वपूर्ण प्रस्ताव दर्ता गराउनु भएको थियो। देशको मानवअधिकार स्थितिको आंकलन, मूल्यांकन गरी आवश्यक कार्यार्थ सरकारलाई सिफारिश गर्न मानवअधिकार क्षेत्रमा कार्यरत व्यक्तिहरू समेत समाविष्ट रहेको एउटा उच्चस्तरीय सर्वदलीय राष्ट्रिय आयोगको अविलम्ब गठन गरियोस् भन्ने उक्त संकल्प प्रस्तावलाई मतदानद्वारा खारेज गरियो। सो प्रस्तावको खारेजीलाई लिएर मानवअधिकारवादी संघ संस्था र व्यक्तिहरूले विरोध समेत जनाएका थिए।

वर्षौंदेखि जोडदार रूपमा माग हुँदै आएको श्रमजीवी पत्रकार ऐनले यो वर्ष पनि पारित हुने सौभाग्य पाउन सकेन। राज्य विरूद्ध अपराध (पञ्चायती कानून) ऐन अन्तरगत सरकारलाई अवाञ्छित लाग्ने समाचार छापे वापत दृष्टि साप्ताहिक र पुनर्जागरण साप्ताहिकका सम्पादक तथा प्रकाशकलाई गिरफ्तार गरी कारवाही गरिएका कारण प्रेस स्वतन्त्रताको मर्ममाथि नै चोट पुग्न गयो।

संविधानको धारा ११ अन्तरगत सबै नागरिकहरू कानूनको दृष्टिमा समान छन् तथा सबैलाई कानून बमोजिम समान संरक्षणको हक छ भन्ने कुरा उल्लेख गरिएको छ। समानताको हक अन्तरगत कसैलाई पनि जातिपातीका आधारमा छुवाछूतको भेदभाव नगरिने स्पष्ट उल्लेख छ। साथै छुवाछूतको भेदभाव गर्ने विरूद्ध कानूनी कारवाही तथा दण्डको व्यवस्था हुने प्रावधान छ। तर व्यवहारमा भने सबै क्षेत्रमा भेदभावको वातावरणलाई अझ व्यापक हुन दिने गरी श्री ५ को सरकारले बढावा दिएको देखिन्छ।

संविधानमा भएको व्यवस्था अनुसार छुवाछूत (अदल) सम्बन्धी मुलुकी ऐनको व्यवस्था संविधान लागू भएको वर्षदिन भित्रैमा असंवैधानिक हुनु पर्ने थियो।

सुदूर पश्चिमाञ्चलका कञ्चनपुर, कैलाली, बर्दिया, बाँके र दाङ्ग जिल्लामा कमैयाहरू ४ पुस्तादेखि बाँधा मजदूरका रूपमा जोतिदै आएका छन्। तिनीहरू ९८ प्रतिशत घरहीन छन्, ९६ प्रतिशत निरक्षर छन्, ५८ प्रतिशत कृषि मजदूर छन् भने २० प्रतिशत अनेकन घातक रोगबाट पीडित छन्। बालकहरूको निम्ति स्कूलको व्यवस्था नाम मात्रको छ। संविधानको धारा २० अनुसार बेचबिखन गर्न, दास तुल्याउन, बाँधा मजदूर बनाउन, इच्छा विरूद्ध काम लगाउन स्पष्ट रोक लगाएको छ। तर सरकारले बाँधाश्रम उन्मूलन गर्नेतिर कुनै कदम चालेको छैन।

त्यस्तै आदिवासी वर्ष १९९३ का सन्दर्भमा नेपालमा सरकारी स्तरबाट कुनै पनि उल्लेखनीय काम भएन। ०५० असारमा अष्ट्रियाको राजधानी भियनामा सम्पन्न मानवअधिकार सम्बन्धी विश्व सम्मेलनले आदिवासी जातिको अवस्थामा चिन्ता व्यक्त गर्दै उनीहरूको जीवनलाई सुधार्न जोड दिएको थियो र त्यहाँ प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला स्वयं नै उपस्थित हुनुहुन्थ्यो।

नेपालले दासत्व सम्बन्धी ३ वटा अन्तर्राष्ट्रिय महासन्धि र सबै किसिमका जातिभेद उन्मूलन सम्बन्धी

महासन्धिको अनुमोदन गरिसक्दा पनि सरकारी स्तरबाट देउकी, वादी, कमैया तथा जारी प्रथा उन्मूलनका दिशामा कुनै कदम चालिएन।

महिलाहरूमाथिका सबै भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धिको नेपालले प्रजातन्त्रको पुनर्बहाली पश्चात अनुमोदन गरेको हुँदा महिलाहरू धेरै कुरामा बढी आशावादी हुनु स्वभाविकै हो। तर पनि कानूनी रूपमा समानताको हक पाउनु बाहेक व्यवहारमा उनीहरूले कुनै फरक अनुभव गर्न पाएका छैनन्। विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने प्रथम नेपाली महिला पासाङ ल्हामु शेर्पालाई नियमानुसार दिन सकिने सुविधाबाट बञ्चित गराई अपमानित गर्ने काम समेत भएको थियो।

यो वर्ष धेरै महिला तथा बालिकाहरू बलात्कारका शिकार बने। ४/५ वर्षका बालिकाहरू बलात्कृत हुनु परेको स्थितिलाई डरलाग्दै मान्नु पर्छ। त्यस सम्बन्धमा अपराधीमाथि कडा कारवाहीको माग राख्दै प्रमुख प्रतिपक्षी दलका तर्फबाट सांसद साहना प्रधानले प्रस्तुत गर्नु भएको विधेयकलाई सदनमा विफल तुल्याइयो।

नेपालको संविधानसंग बाझिएर पनि अझसम्म पञ्चायती काला कानूनका रूपमा क्रियाशील ऐनहरू यथास्थितिमा रहिरहनुलाई प्रजातान्त्रिक वातावरणका निम्ति अभिशापका रूपमा हेर्नुपर्ने हुन्छ। ती हुन् – सार्वजनिक अपराध ऐन, राज्य विरूद्ध अपराध ऐन र स्थानीय प्रशासन ऐन। सार्वजनिक सुरक्षा ऐनमा भएको व्यवस्था अनुसार अभियुक्त ठानिएकालाई बिना मुद्दा ३ महिनासम्म थुन्न सकिने छ र यो अवधि ३/३ महिनाका दरले थप्दै लैजान सकिने छ। यस ऐनमा संशोधन ल्याउन आवाज उठिरहे पनि संशोधन भने गरिएको छैन। राज्य विरूद्ध अपराध ऐन अन्तर्गत मृत्युदण्ड लगायतका सजाय जीवित राखिएका छन्। स्थानीय प्रशासन ऐनले प्रमुख जिल्ला अधिकारीलाई गोली ठोक्ने अधिकार समेत दिएको छ। यस्ता ऐनहरूको आधारमा मानछेहरूमाथि जथाभावी कारवाही गरिएका घटनाहरू प्रशस्तै रहेका छन्।

चीनिया सहयोगमा स्थापित भृकुटी कागज कारखाना, बाँसवारी छाला जुत्ता कारखाना तथा हरिसिद्धि ईंटा कारखानाका साथै नेपाल चलचित्र संस्थान, बालाजु कपडा उद्योग लगायतका कम्पनीहरू निजीकरणमा पारिए। यी संस्थानहरू कम्पनी ऐन बमोजिम स्थापित भएका हुँदा यी कम्पनीले आफ्ना कारवाही आफैंले गर्न पाउनु पर्नेमा श्री ५ को सरकारले अनाधिकृत हस्तक्षेप गरी कानून विपरीत बेचेर गलत निर्णय गरेको छ भनी प्रशस्त विरोध भयो। विरोध गर्नेहरूका अनुसार "यदि सरकारी सम्पत्ति नै मान्ने हो भने पनि सरकारी रकम ठेक्का बन्दोबस्त ऐन अनुसार पञ्चकृत्ये (स्थानीय तहमा) मूल्य तय गर्नुपर्ने थियो डाक बढाबढ गराएर बढी बोल्नेलाई धरौटी राख्न लगाउनु पर्दथ्यो। यो कुरामा कानून समेत नबनाई श्री ५ को सरकारले निजी क्षेत्रलाई बिक्री गऱ्यो।" ती कारखानामा कार्यरत कतिपय कर्मचारी र मजदूरहरू बेरोजगार बन्न पुगेका छन्।

श्रम ऐन ०४९ मा कुनै कामका निम्ति प्रतिस्पर्धा गर्नुपर्दा नेपाली नागरिकलाई "प्राथमिकता" दिइनेछ भन्ने वाक्यांशबाट नेपालभित्रै नेपाली नागरिकहरूको मौलिक अधिकार खोसिएको भनी सो सम्बन्धमा अदालतमा मुद्दा दायर भएपछि ०५० असोज ६ गते सर्वोच्च अदालतको फैसलाले उक्त वाक्यांश खारेज भएको छ।

०५० माघ २५ गते काठमाडौं क्षेत्र नं. १ र झापा क्षेत्र नं. १ को संसदीय उपनिर्वाचनका सन्दर्भमा मतदाताहरूको अन्तिम नामावली सार्वजनिक रूपमा प्रकाशमा नल्याई संविधान र नियम कानूनकै गलत व्याख्या गर्ने काम निर्वाचन आयोगबाट भयो। त्यसपछि प्रमुख प्रतिपक्षी लगायतका विपक्षी दलहरूले सो कुराप्रति विरोध जनाए र अदालतमा मुद्दा पऱ्यो। अदालतले सबै प्रकारका निर्वाचनका निम्ति अन्तिम नामावली प्रकाशन गर्नुपर्ने फैसला दिएपछि मात्र अन्तिम नामावली प्रकाशित गरिएको थियो। यो घटनामा सरकार र निर्वाचन आयोगले असंख्य नागरिकलाई मतदानमा भाग लिन पाउने अधिकारबाट बञ्चित गराउन खोजेको आरोप भोग्नु पऱ्यो।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले भियनामा भएको मानवअधिकारवादी सम्मेलनमा यातना, जबर्जस्ती हस्तक्षेप र सर्वमान्य मानवअधिकारबाट बञ्चित हुने भय बिना सुखपूर्वक जीवन निर्वाह गर्न दिइनु पर्दछ भनेर भाषण गर्नु भएको पनि १० महिना बित्न लागेको छ। तर उहाँ भियनाबाट नेपाल फर्केकै दिन (असार ११ गते) ३ जना नागरिकलाई असनमा गोली हानी हत्या गरिएको थियो। प्रधानमन्त्रीले भियनामा नेपालमा मृत्युदण्ड हटाइसकिएको दाबी गर्नुभयो। तर सैनिक ऐन २०१६ को दफा १५२ को ज्यान सजाय अन्तर्गत "झुण्ड्याई वा गोली हानी मारिदिनु" भन्ने वाक्यांश, दफा २७ को ज्यान सजाय हुने शत्रु सम्बन्धी कसूरहरूको प्रसंग, राजगद्दी उत्तराधिकार सम्बन्धी ऐन २०४४ को दफा १३ को अपराध तथा सजायको प्रकरणमा परेको "मृत्युदण्ड हुनेछ" भन्ने वाक्यांश तथा राज्य विरूद्धको अपराध र सजाय ऐन २०४६ को दफा २ को अन्तिम हरफमा रहेको मृत्युदण्डको व्यवस्था अद्यापि कायम छ। यसलाई खारेज गरिनु पर्ने माग गर्दै सर्वोच्च अदालतमा रीट समेत दायर गरिएको छ।

संविधानको भाग ३ धारा २० को उपधारा २ मा नाबालकलाई कुनै कलकारखानामा, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाइने छैन भनी प्रष्ट उल्लेख गरिएको छ। साथै बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिको अनुमोदन गर्नुका साथै सरकारले बालअधिकार सम्बन्धी ऐन ०५० बैशाख १ गतेदेखि लागू गरेको घोषणा गरेको छ। तर व्यवहारमा त्यसलाई लागू गर्न वास्ता गरिएको छैन। १४ वर्ष मुनिका बालश्रमिकहरूको संख्या गलैंचा उद्योगमा ४७.५ प्रतिशत रहेको छ।

विदेशी सम्बन्धी नियमावली २०३२ को नियम १४(३)(४) ले नेपाली पुरूषसंग विवाहिता विदेशी स्त्री र विदेशी पुरूषसंग विवाहिता नेपाली स्त्रीलाई उपलब्ध गराइने भीसा सम्बन्धमा छुट्टाछुट्टै असमान व्यवस्था गरी संविधान प्रदत्त

समानताको हक विपरीत व्यवहार हुन गएबाट संविधानसंग बाझिन गएको कुरा स्वीकार गर्दै हालै अदालतले त्यस्तो असमानता हटाउनु पर्ने फैसला दिएको छ।

दुर्घटनामा परेर दर्जनौं मान्छे मरे भने सर्लाही, रौतहट, चितवन लगायत ३० जिल्लामा आएको बाढीबाट १ हजार ५ सयभन्दा बढी मानिस मरे। १ लाखभन्दा बढी मान्छे घरबार बिहीन बने। राहतको वितरण राम्रोसंग हुन सकेन। राहतमा भएको भेदभाव र भ्रष्टाचारका विरूद्ध बाढी पीडितहरू नै मैदानमा उत्रिएपछि उनीहरूलाई गिरफ्तार मात्र नगरेर गोली हानेर मार्ने काम समेत सरकारबाट भयो।

नेपाल अधिराज्यका ६५ वटा जेलमा रहेका ५/६ हजारभन्दा बढी कैदीहरूले दयनीय जीवन बिताउनु परिरहेको छ। जेल सुधारमा कुनै कदम चालिएको छैन। जेलमा यातना दिने काम सामान्य नै रहेको छ। रोगीहरूलाई राम्रो उपचार गरिएको पाईंदैन। रोगी र निरोगी सबैलाई एकै ठाउँमा खचाखच राखिन्छ। शुद्ध पानी पिउनबाट बन्दीहरू वञ्चित रहेका छन्।

झापा र मोरङमा गरी झण्डै १ लाख भूटानी शरणार्थीहरू नेपालमा बसिरहेका छन्। शरणार्थीहरूबाट नेपालमा निकै ठूलो समस्या उत्पन्न हुन गएको छ। श्री ५ को सरकार यो समस्या सुल्झाउन अहिलेसम्म असफल नै रहेको छ। भूटानी शरणार्थीहरूलाई ४ भागमा वर्गीकरण गरेर भूटानी सरकारकै धारणाको पृष्ठपोषण गरिएको प्रसंग उल्लेखनीय बनेको छ।

नेपालमा मानवअधिकार सम्बन्धमा उल्लेखनीय योगदान पुऱ्याएको भनी नेपाली कांग्रेसका सर्वोच्च नेता गणेशमान सिंहलाई यो वर्ष राष्ट्र संघीय मानवअधिकार सम्बन्धी पुरस्कारले पुरस्कृत गरिएको छ। श्री ५ को सरकारले संयुक्त राष्ट्र संघमा प्रस्तुत गर्नु पर्ने कैयन प्रतिवेदनहरू प्रस्तुत
अनुसार यातना सम्बन्धी प्रतिवेदन प्रस्तुत गरियो र बाल अधिकारको प्रतिवेदन तयारीको क्रममा छ। तर सरकारले प्रस्तुत गरेको कुनै प्रतिवेदन सार्वजनिक गरेको छैन। न त प्रतिवेदन तयारीका क्रममा संसद, मानवअधिकारवादी संस्था वा सम्बद्ध क्षेत्रसंग परामर्श नै गरिएको छ।

पाँचौं अधिवेशन सम्ममा संसदमा सोधिएका करीब ९,३४५ प्रश्नहरूमध्ये सरकारले ५,४३८ को मात्र जवाफ दिन सकेको छ। संसदका ९ वटा स्थायी समितिमध्ये प्रमुख प्रतिपक्षको नेतृत्वमा गठित सार्वजनिक लेखा समितिले मात्र ३ वटा प्रतिवेदन प्रस्तुत गरेको छ। बाँकी कुनै पनि समितिले प्रतिवेदन प्रस्तुत गर्न सकेका छैनन्। प्रस्तुत प्रतिवेदनको बिल्कुलै जवाफ नदिने आवास तथा भौतिक योजना मन्त्रालय छ भने अर्थ मन्त्रालय बाहेक अरू कसैले पनि आधा प्रश्नको पनि जवाफ दिएका छैनन्।

०५० भदौ १ गते कांग्रेस र एमाले बीच सम्पन्न सम्झौता बमोजिम दुबै पक्षलाई मान्य हुने गरी सर्वोच्च अदालतका बहालवाला न्यायाधीशको अध्यक्षतामा एउटा आयोग गठन गर्ने सहमति भयो। सो बमोजिम आयोग गठन गर्न मिल्ने राय भदौ २३ गते सर्वोच्च अदालतले दिइसकेको छ। तर पनि अझैसम्म त्यो आयोग गठन नभएकोले एमाले महासचिव मदन भण्डारी र संगठन विभाग प्रमुख जीवराज आश्रितको शंकास्पद जीप दुर्घटनामा परी भएको मृत्यु बारे नेपाली जनमानस स्पष्ट हुन सकिरहेको छैन। ❑

परिच्छेद ६

आम संचार र मानवअधिकार - १९९३

नेपालमा राजनैतिक आन्दोलन र पत्रकारिताको निम्ति भएका प्रयासहरू लगभग एकै साथ देखा परेका छन्। वि.सं. १९७७ मा निस्केको "मकैको खेती" भन्ने पुस्तकले लेखकलाई भ्यालखान पुऱ्यायो। वि.सं. १९८६ मा विदेशी पत्रिका पढेबापत नेपाली नागरिकलाई जरिवाना समेत गरिएको थियो।

वि.सं. १९५० मा मोतिराम भट्टको सकृयतामा बनारसबाट "गोरखा भारत जीवन" नामक पत्रिका निस्कियो। त्यसपछि नेपालबाट निस्किएका पत्रिकाहरू अप्रत्यक्ष वा प्रतिकात्मक रूपमा राजनीतिक विषयमा लेख्ने गर्थे। २००७ देखि २०१७ सम्म पत्रिकाहरूले प्रजातान्त्रिक अधिकारको निर्वाध प्रयोग गरे। ०१७ सालमा पंचायतको आगमनसंगै नियन्त्रित प्रकाशनका रूपमा पत्रकारिता चल्यो। ०३६ सालको आन्दोलनपछि जनमत संग्रह नहुन्जेल फेरि एक लहर प्रकाशन स्वतन्त्रताको आयो। तर सुधारिएको भनिएको पंचायतले जितेपछि प्रजातन्त्रको पुनर्स्थापना नहुन्जेल सम्म नै मन नपरेकाले दर्ता नपाउने वा दर्ता पाए निर्देशित भएर लेख्नु पर्ने पत्रकारिताको युग रहयो। जसले पंचायती विसंगतिका विरूद्ध प्रतिकात्मक विद्रोह गर्न खोज्यो उसले धम्की र त्रास भोग्नु पऱ्यो। जसले निरंकुशताको विरूद्ध लेख्यो त्यसले अनेकन कारवाही खेप्नु पऱ्यो। तर पनि संस्थागत, परिस्कृत र व्यवस्थित पत्रकारिताको जग यही बेलामा बसेको हो। यही निरंकुश युगमा पत्रकारहरूले आतंकवादी हमलाको शिकार हुनु पऱ्यो। जेलमा कोच्चिनु पऱ्यो। प्रहरी र मण्डलेको निर्मम यातना पनि खप्नु पऱ्यो। मानवअधिकार र प्रजातन्त्र बहालीका लागि भएका तमाम आन्दोलनमा अग्रिम भूमिका निर्वाह गर्ने नेपालको आमसञ्चार जगत अहिले कुन स्थितिमा छ त ? गोरखापत्र, रेडियो नेपाल र नेपाल टेलिभिजन अहिले पनि पूर्णत सरकारी स्वामित्व र नियन्त्रणमा छन्। सरकारी दृष्टिकोण मात्र राख्ने र सरकारको पक्षमा जस्तोसुकै भूँठको खेति गर्नेका रूपमा स्थापित उनीहरूको परिचयमा आधारभूत भिन्नता जनताले महशुस गरेका छैनन्।

सर्वाधिक प्रचलनमा रहेका साप्ताहिक पत्रपत्रिकाहरू मध्ये पनि एउटा न एउटा राजनीतिक दलको पक्षका रूपमा ती चिनिन्छन्। गोरखापत्रले भन्दा पहिले र विस्तृत रूपमा, कहिलेकाहीं मन्त्रिपरिषदले गरेको निर्णयको प्रतिलिपि नै उतारे जस्तो गरी समाचार सम्प्रेषण गर्ने पत्रपत्रिका पनि पाइएका छन्। पाठकको संख्या पनि त्यसै अनुसार विभाजित छ।

नेपाली कांग्रेस र कांग्रेसको सत्तापक्षमा विभक्त भएर एउटा धार चलेको छ। एमाले पक्षको एउटा संख्या छ। त्यस्तै एकता केन्द्रको वरिपरी अर्को पक्ष छ। राप्रपाको पक्षमा केही पत्रिका छन्। एमालेको पनि अल्पमत र बहुमत पक्षका पत्रिका छन्। एक अर्कालाई होच्याउने र खिल्ली उडाउने राजनीतिक होडमा पत्रपत्रिका राम्रैगरी लागेका छन्।

व्यावसायिक रूपमा निजी क्षेत्रबाट थालिएका केही पत्रपत्रिका र दैनिक समाचार पत्र पनि सफल देखिएका छन्। थुप्रै पत्रिकाहरू केही दिनका लागि भुल्किने पनि गरेका छन्। विदेशी र उच्चवर्गका पाठकहरूका लागि मिल्दा केही पत्रिका नियमित भएका पनि छन्। थुप्रै गैरसरकारी संस्थाका प्रकाशनहरू पनि नियमित रूपमा प्रकाशित हुने गर्दछन्।

जे भए पनि मानवअधिकारको सवालमा नेपालको सञ्चार जगत तुलनात्मक रूपले बढी संवेदनशील छ। यो दृष्टिले "मानवअधिकार पत्रकारिता" लाई हेर्ने हो भने यातना पीडित सरोकार केन्द्र (सिभिक्ट) को "यातना मुक्ति" र नेपाल बालमजदूर सरोकार केन्द्र (सिविन) को "बाल सरोकार" ले निकै राम्रो भूमिका खेलेको देखिन्छ। सरकारी यातनाको विरूद्ध र बाल अधिकारको पक्षमा निकालिएका यी पत्रिकाहरूले मानवअधिकारको क्षेत्रमा उल्लेखनीय योगदान गरेका छन्। मानवअधिकार संचेतनाकै दृष्टिकोणले "प्राची" को नियमित प्रकाशन इन्सेकले गत वर्ष देखि थालेको छ। स्वर्गीय प्रकाश काफ्लेले पत्रकारिताको थालनी गर्दा २०२६।०२७ तिर थाल्नु भएको यो पत्रिका यस्तो खालको पहिलो पत्रिका हो र यसले निरन्तर लोकप्रियता कमाउँदै आएको छ। तर यसले पनि आफ्नो उद्देश्य पूरा गर्ने सामाग्री जुटाउन सकेको छैन। हुन त मानवअधिकार पत्रकार मञ्च पनि छ। यो मञ्चमा आवद्ध पत्रकारहरूले मानवअधिकारका दृष्टिले महत्वपूर्ण घटनाहरूलाई त्यही प्राथमिकता दिएर प्रचार प्रसार गर्लान् र मानवअधिकार संचेतनाको प्रचार प्रसारमा अग्रिम भूमिका निर्वाह गर्लान् भन्ने आशा गरिएको थियो। तर अहिलेसम्म संगठित रूपमा यस मञ्चले १/२ प्रकाशन बाहेक अरू केही गरेको पाइएको छैन।

यसै परिप्रेक्ष्यमा यस पटक हामीले केही साप्ताहिक पत्रिकाले प्रकाशन गरेका मानवअधिकारसंग सम्बन्धित विषयलाई क्रमवद्ध रूपमा उधृत गरेका छौं। ती शिर्षक अन्तर्गतका व्यहोराहरू भने प्रस्तुतकर्ता समाचार-पत्रको आशय यथावत रहने गरी दिइएको छ। कतै कतै समाचार अंशको वाक्यांश जस्ताको तस्तै पनि राखिएको छ। ६ वटा साप्ताहिकको मानवअधिकार सम्प्रेषण जम्मा गरिसकेर पनि

स्थानाभावका कारण यहाँ ४ वटाको मात्र प्रस्तुत गर्न सकियो। आगामी वर्ष यो संख्या बढाउने प्रयास गर्ने छौं।

दृष्टि साप्ताहिक

(६ जनवरी १९९३ देखि २९ डिसेम्बर १९९३ सम्म)

१. ०४९ पुस २२ : **सुनिता स्वदेश फर्किन्** - सुर्खेत। सुर्खेत जिल्ला उत्तरगंगा गाविसको खोली गाउँमा रहदै आएकी सुनिता चौधरी-२३ लाई हिरा सिंह भन्ने व्यक्तिले भारत पुऱ्याएको तर अखिल भारतीय नेपाली एकता समाजले नेपाल फर्काएको।

२. ०४९ पुस २९ : **विशेष प्रहरीले अपराधी मगायो** - काठमाडौं। मन्त्री रामचन्द्र पौडेलका भतिजा रामकृष्ण पौडेल भ्रष्टाचारमा पक्राउ परेका। मन्त्री पौडेलका भतिजा ध्रुवराज पौडेल र दामोदर ढकाल फरार।

३. ०४९ पुस २९ : **ठग भगाउने प्रहरी** - पोखरा। डा. सी.बी.राई नाउँ बताउने ठगले साढे चार लाख मूल्यको सामान ठगेको तर प्रहरीले ठगलाई भगाएको।

४. ०४९ पुस २९ : **प्रहरी हिरासतमा यातना** - काठमाडौं। बुढानीलकण्ठमा प्रहरीले बलात्कार गरेको घटनाको विरोध गर्दा पक्राउ परेका गाउँलेहरूलाई प्रहरी हिरासतमा यातना दिइएको बारे मासमले गरेको विरोध वक्तव्यमा आधारित समाचार।

५. ०४९ पुस २९ : **जनकपुरमा सार्क स्तरीय गोष्ठी** - जनकपुर । सार्क स्तरीय मा.अ. गोष्ठी माघ ८ र ९ गते हुने जानकारी सहितको समाचार।

६. ०४९ माघ ७ : **नेपाल मै नेपालीहरू शरणार्थी** - बर्दिया, कैलाली, कञ्चनपुर आदि जिल्लामा रहेको कमैया प्रथाको विरोधमा सूर्यप्रसाद भट्टराईको रिपोर्टको आधारमा विनोद ढुंगेलको प्रस्तुति।

७. माघ १४ : **जनकपुरमा मानवअधिकार गोष्ठी** - जनकपुर। "सार्क राष्ट्रहरूमा मानवअधिकारको स्थिति" विषयक गोष्ठी सम्पन्न। सभामुख दमन ढुङ्गानाद्वारा उद्‌घाटन। पि.एन. भगवती र स्वामी अग्निवेश (भारत), अमीर उल इस्लाम (वंगलादेश), फादर टिम (पाकिस्तान), र नेपालका मदन भण्डारी र महेन्द्रनारायण निधिद्वारा सम्बोधन।

८. माघ २१ : **कम्युनिष्टका दुश्मन आफैं मित्र हुन्छन्** - "कठमुल्लावाद र साम्प्रदायिकताले मानवअधिकारलाई ध्वस्त पार्छ।" स्वामी अग्निवेशको भेटवार्ता।

९. माघ २८ : **नृशंस हत्या** - जनकपुर। भरतपुर गाविसको कलेश्वर कापर केवटको कांग्रेसी कार्यकर्ताद्वारा हत्या गरेको भन्ने राप्रपा केन्द्रीय कार्यालयले जनाएको समाचार।

१०. माघ २८ : **धनगढीमा सत्याग्रह** - धनगढी। अनिकाल पीडितलाई ०२३ सालमा सरकारले बसोबास गराएको तर उनीहरूलाई अहिलेसम्म लालपूर्जा नदिएको विरोधमा नगर विकास समिति अगाडि सत्याग्रह गरेको।

११. माघ २८ : **प्रहरी इन्स्पेक्टरको ज्यादती** - आछाम। माघ २१ गते षोडशा मा.वि.बाट परीक्षा दिएर फर्केका परीक्षार्थीहरूमाथि ई.पीताम्बर अधिकारीले लाठी चार्ज गरेको। दलबहादुर साउद सख्त घाइते।

१२. फागुन ६ : **झापामा रक्स्याहा प्रहरीको आतंकः दुई मरे, साठी घाइते** - झापा। मेची अंचल प्रहरी कार्यालयका असई मातृका कोइरालाको नेतृत्वमा गएको प्रहरी टोलीले लेखनाथ चौकमा हुलदङ्गा गरेको। जनता र प्रहरी भीडन्त। प्रहरी आतंकको विरोधमा आमसभा गरी फर्केका मध्ये ट्रक दुर्घटना भई श्रीमती दुर्गा भण्डारी र अधिकारी महतोको मृत्यु।

१३. फागुन १३ : **प्रहरी जवानहरूको नाराबाजी** - काठमाडौं। वागमती गणका प्रहरी निरीक्षक नीरबहादुर गुरूङ्गले मादक पदार्थ सेवन गरेर प्रहरी जवानहरूलाई लट्ठी प्रहार गरेको विरोधमा "सिनियर अफिसर मूर्दावाद !" भन्दै प्रहरी जवानहरूले नारा लगाए।

१४. फागुन १३ : **गलैंचा बुनकर बालबालिकाहरूः तथ्यांक लुकाउँदैमा सत्य छोपिन्छ र ?** - बाल मजदूर विषयमा गौरी प्रधानको लेख।

१५. फागुन २० : **कल्याणकारी कानूनी राज्यमा करोडौंको ठगीको एउटा अर्को कथा** - विनोद ढुङ्गेलको लेख। युवा बेरोजगारीको समस्या र काम पाउने अधिकारको खोजी, मान्छे निर्यात गर्ने कल्सल्टेन्सी संस्था २८ पुऱ्याइएको भन्ने विषय। "प्रधान ओभरसिज इम्प्लवाइमेन्ट सेन्टर" नामक संस्थाले ५०० जना युवा बेरोजगारसंग करीब २ करोड रूपैयाँ ठगेको जानकारी सहितको लेख।

१६. फागुन २० : **साना राजाहरूको ठूलो संसार** - बझाङका रजौटाहरूको शोषणको विवरण। त्यहाँ बहुविवाह र बालविवाह कायम छ तथा त्यहाँको "न्याय परिषद" ले ठकुरीलाई बाहेक अरूलाई न्याय दिँदैन। रमेशको सर्भेक्षण सामाग्री।

१७. फागुन २० : **हत्यापछि हत्या** - सर्लाही। सेढुवा गाविसमा दिवाकर सिंहको हत्यापछि त्यसलाई लुकाउन पुनः हत्या। हत्या प्रकरण बुझ्न आएका दिवाकरका परिवारलाई प्रहरीले गिरफ्तार गरेको।

१८. फागुन २० : **सांसदलाई पक्रनु - लाश जलाई दिनु, ओमर** - सिन्धुली। १५ वर्षीया छात्रा संझना दाहालको फागुन २२ मा भएको हत्याकाण्डको कभरेज।

१९. फागुन २७ : **टनकपुरको घाउ र २२ गतेको सत्ता आतंक** - काठमाडौं। ४ वामको आन्दोलनमा काठमाडौंमा प्रहरी दमन। सांसद कृष्णगोपाल श्रेष्ठ घाइते। सिंहदरवारमा शान्तिपूर्ण प्रदर्शनकारीहरूमाथि लाठी चार्ज।

२०. फागुन २७ : **अड्डासार : खाते जगतमा आएको आँधीबेरी** - काठमाडौं। १२ वर्षीय खाते गोपाल नेपालीलाई चोर दोष लगाएर प्रहरीले गोरखपुर (भारत) पुऱ्याएर छोडेको भन्ने स्वयं खातेको बयान। अनाहकमा चौकीमा लगेर पुलिसले पिट्ने।

२१. फागुन २७ : **एम्नेष्टी इन्टरनेशनलको पछिल्लो रिपोर्टः गिरिजाराजमा प्रहरीको नाङ्गो नाच** - संझना दाहालको

हत्या अघि नेपालको विभिन्न भागमा भएको प्रहरी आतंक र मानवअधिकार उल्लंघनको बारेमा एम्नेष्टी इन्टरनेशनको रिपोर्टको प्रस्तुति – जोशी एल्भीजद्वारा।

२२. फागुन २७ : **गृहमन्त्रीको झुठो बयान** – जनकपुर। ४ वामले जनकपुरमा फागुन २२ गते प्रजिअ कार्यालय घेराउ गर्दा ३८४ जनालाई गिरफ्तार गरिएको तर संसदमा गृहमन्त्रीले कसैलाई गिरफ्तार नगरिएको भन्ने जवाफ दिएको।

२३. फागुन २७ : **पुलिसद्वारा लाठी चार्ज, ४ घाइते** – चितवन। ४ वामको आन्दोलनमा २२ गते शुक्रवार भएको शान्तिपूर्ण धर्नामा प्रजिअको आदेशमा लाठी चार्ज। बालचन्द्र पण्डित, गोपाल कुँवर र रामप्रसाद श्रेष्ठ सख्त घाइते भै अस्पताल भर्ना। देवी ज्ञवालीको टाउको फुटेको।

२४. चैत ४ : **मलेसिया जेलमा रूँदैछन् नेपालीहरू** – कामको सिलसिलामा मलेसिया पुगेका नेपालीहरू जनवरी ६ मा DIPO Immigration Macap Um Boo Block मा बन्दी।

२५. चैत ४ : **खुकुरीको आँखा हुँदैन, को हुन् भरत देवकोटा ?** – काठमाडौं। "प्रचारबाजीमा परस्पर विरोधी तर्कहरू अघि सारिए पनि भरतको हत्यामा नेपालका गृहमन्त्री शेरबहादुर, तथा उपाध्यक्ष उमेश रायमाझीको नेतृत्वमा गएको नेविसंघका रवि श्रेष्ठ सहितको खुकुरी दलको जिम्मेवारी छ।" – समाचार टिप्पणी

२६. चैत ४ : **आज सिन्धुली बन्द** – सिन्धुलीमाढी। फागुन २२ मा संझना दाहालको हत्या भएको विरोधमा चैत ४ गते सिन्धुली बन्द हुने समाचार।

२७. चैत ४ : **संझनालाई संझँदै** – "महिला र मानवअधिकार" विषयको भाव दर्शाउँदै संझना दाहालको संझनामा सुश्री निरा आचार्यको लेख।

२८. चैत ४ **आतंककारी गतिविधि बढ्ने खतरा** – नेपालगंज। गत फागुन २५ गते तीन जना व्यक्तिहरू लोड गरिएको स्टेनगन सहित जमुना प्रहरी चौकीमा पक्राउ परेका छन्।

२९. चैत ४ : **बाल मजदूरको अँध्यारो जीवन** – ४ लाख बाल मजदूरहरू दिल्ली शहरमा।

३०. चैत ४ : **थानेदार विरोधी जुलुस** – जनकपुर। धनुषा जिल्लामा भैरहेको प्रहरी दमन, आतंक र गुण्डागर्दी विरूद्ध चैत १ गते विरोध प्रदर्शन र आमसभा।

३१. चैत ११ : **आयोग गठनमा किन आनाकानी ?** – काठमाडौं। भरत देवकोटाको हत्याकाण्डको सन्दर्भमा समाचार।

३२. चैत ११ : **संझना हत्याकाण्ड-न्यायिक आयोगको माग** – काठमाडौं। चार वटा मानवअधिकारवादी संस्थाहरूको प्रतिवेदन समाचार।

३३. चैत १८ : **दरबारका डि.एस.पी.** – काठमाडौं। राजदरबारका डि.एस.पी.ले राजप्रासादका कर्मचारीहरूलाई मनोमानी ढंगबाट २०५० बैशाख १ गते देखि अवकाश र राजीनामा दिलाएको खबर छ।

३४. चैत १८ : **नौ घाइते, आठ गिरफ्तार** – तेह्रथुम। जनता र प्रहरी बीच छथर शुक्रवारे बजारमा भएको भीडन्तमा नौजना घाइते आठजना गिरफ्तार।

३५. चैत १८ : **कपाल काट् विरूद्ध जंकीहरूको विशाल जुलुस** – काठमाडौं। प्रहरीले जबर्जस्ती कपाल कटाएको विरोधमा युवाहरू।

३६. चैत १८ : **वकील माथि अदालतमै आक्रमण** – राजविराज। सप्तरी जिल्ला अदालतको हाताभित्रै अधिवक्ता रेशमलाल मण्डललाई चैत ६ गते घाँटीमा छुरा हानी मार्ने प्रयास भएको छ।

३७. चैत १८ : **जनकपुर : यहाँका प्रहरी हत्यारालाई भगाउँछन्** – जनकपुर। महोत्तरी जिल्लाको गोनरपारामा हत्याकाण्डमा संलग्न व्यक्तिहरूलाई प्रहरीले भगाएको।

३८. चैत १८ : **सेनाको ब्यारेकमा अझैसम्म प्रजातन्त्रको घाम झुल्केन** – शाही नेपाली सेनामा भ्रष्टाचार र अधिकृतहरूको निरंकुश प्रवृत्ति बारे महालेखा परीक्षकको प्रतिवेदनमा आधारित समाचार।

३९. चैत १८ : **एम्नेष्टीमा मौहमैलो** – पाटन। कृष्ण पहाडी समूह र शिवराज लोहनी, कमला पन्त आदि बीच एम्नेष्टी इन्टरनेशनलको चैत १५ गते भएको साधारण सभामा विवाद।

४०. चैत १८ : **कांग्रेसी आतंकमा प्रहरी सामेल** – बारा। भिकारी महतोको हत्याकाण्डको समाचार।

४१. चैत २५ : **जिल्ला सभा बहिष्कार – पाल्पा पूरै अशान्त** – पाल्पा। विद्यार्थी भीडन्तमा हतियार प्रयोग, केही सख्त घाइते, त्रिभुवन बहुमुखी क्याम्पसका स्ववियू सभापति शेषकान्त गौतम लगायत विद्यार्थीहरू प्रहरी हिरासतमा।

४२. चैत २५ : **बिर्सनै नसकिने त्यो दिनः ०४६ चैत २४** – ०४६ चैत २४ का दिन भएका वारदातहरू र त्यससंग सम्बन्धित त्यस पछिका घटनाहरू बारे रमेश खड्काको रिपोर्ट।

४३. चैत २५ : **जेठाजुद्वारा भाइबुहारी बलात्कृत** – सल्यान। लेखपोखरा वडा नं. ५ आग्री गाउँमा प्रेमबहादुर ओलीले भाइबुहारी ढाका ओलीलाई बलात्कार गरेको।

४४. चैत २५ : **भिमादमा फेरि अर्को हत्या** – तनहुँ। भिमाद गाविस निवासी ४० वर्षीय तिलकराम सुवेदीलाई चैत १५ गते रहस्यमय ढंगबाट झुण्ड्याइएको छ।

४५. चैत २५ : **कांग्रेस नभएकैले पसल लुटियो** – विराटनगर। सुनसरी जिल्लाको इनरूवामा प्रहरीकै अगाडि हार्डवेयर पसल लुटिएको।

४६. चैत २५ : **प्रेम गर्दा जमीन उड्यो** – सिराहा। लाहान बजारमा ५ वर्षदेखि चुरा पसल गर्दै आएको २५ वर्षीय मुसलमान युवक कुदुस २२ वर्षीया रेखा सारदासंग प्रेम गरेको कारण घर, पसल छोडी भाग्न बाध्य।

४७. चैत २५ : **होटल मजदूरहरू धुनामा** – चितवन। आइलैण्ड जंगल रिसोर्टका मालिक सन्तकुमार श्रेष्ठले आफ्नै

होटलका मजदूरहरूलाई विनाकारण थुनामा राखेको।

४८. बैशाख २ : **दरबार रिफाउन चौथो अंग कैद** - काठमाडौं। "... एक व्यक्तिको बारेमा एकजना विदेशी लेखकले लेखेको टिप्पणी बारे संविधान प्रदत्त अधिकार अन्तरगत रही जनतालाई सुसूचित गर्दा यतिबेला मुलुकको चौथो अंगलाई "राज्य विरूद्ध अपराध" गरेको अभियोगमा पंचायतीकालमा जस्तै हनुमानढोका स्थित प्रहरी खोरमा कैद गरिएको छ। दृष्टि साप्ताहिक र पुनर्जागरण साप्ताहिकका प्रतिष्ठित पत्रकारहरूमाथि राज्य विरूद्धको अपराध ऐन (०४६) को दफा ४(१) अन्तरगत मुद्दा चलाउन शुरू गरेको छ।" - किशोर श्रेष्ठबाट।

४९. बैशाख २ : **गिरफ्तार पत्रकारहरूलाई ३ वर्ष कैद** - काठमाडौं। यही आइतवार गिरफ्तार गरिएका दृष्टि र पुनर्जागिरणका पत्रकारहरूलाई ३ वर्ष कैद तथा ३ हजार जरीवानाको माग दाबी गरी सरकारले जिल्ला अदालतमा पेश गर्दैछ।

५०. बैशाख २ : **अफ्रिकी नेता क्रिसको हत्या** - जोहन्सवर्ग। दक्षिण अफ्रिकी कम्युनिष्ट पार्टीका महासचिव क्रिस हानीको गत शनिवार उहाँको घर आँगनमा १४ वर्षे छोरीकै सामु हत्या।

५१. बैशाख २ : **पत्रकार गिरफ्तारीबाट शुरू भएको नव वर्ष** - रघु पन्तको लेख। पंचायती व्यवस्थाको बेलामा आफ्ना फोहोर र साँघुरा कोठामा बारम्बार पत्रकारहरूलाई राख्न पाउने हनुमान ढोका खोरले झण्डै अढाई-तीन वर्ष पछि पुनः आफ्नो साँघुरो र घाम नछिर्ने कोठामा तीनजना पत्रकारहरूलाई राख्न पाएको छ। - लेखको एक बाक्य।

५२. बैशाख २ : **खातेलाई गोलीले पनि छोडेन** - काठमाडौं। खातेहरूले फोहोरको डंगुरबाट फालिएका केही गोलीहरू फेला पारेका, ती मध्ये एउटा गोलीमा प्वाल पार्न खोज्दा विस्फोट भई खाते स्वयं घाइते भएको समाचार।

५३. बैशाख २ : **कुटपिट पछि मृत्यु** - सिन्धुपाल्चोक। चैत २६ गते थकनी गाविस निवासी थकबहादुर अर्यालको वीर अस्पतालमा उपचार गर्दा गर्दै मृत्यु भएको छ। उनलाई त्यही ठाउँका व्यक्तिहरूले रक्सी खुवाएर पिटेका र मऱ्यो भनी फालेका थिए।

५४. बैशाख २ : **१४ वर्षे बालक जेलमा** - जनकपुर। धनुषा जिल्लाको तारापट्टी गाउँका १४ वर्षे बालक विजय साह सहित १३ जनालाई "ज्यान मार्ने उद्योग" को झुठो मुद्दा लगाई जलेश्वर जेल चलान गरिएको छ।

५५. बैशाख ९ : **किशोरी बलात्कृत** - सप्तरी। खाँडो खोलामा बैशाख ६ गते १६ वर्षीया अनिरिका देवी सतार सामूहिक बलात्कारको शिकार।

५६. बैशाख १६ : **भिनाजु रिसाउने डर** - काठमाडौं। आफ्नो भिनाजु पाकिस्तानी परराष्ट्र मन्त्रालयको महासचिव भएकोले पाकिस्तानमा प्रजातन्त्र र मानवअधिकारमाथि कुठाराघात हुँदा गिरिजाप्रसाद कोइरालाको सरकार मौन।

५७. बैशाख १६ : **बालिका बलात्कारको कथा** - इलाम। प्रज्ञासदन बोर्डिङ स्कूलमा के.जी.मा अध्ययनरत ७ वर्षीया बालिका सुनिता बस्नेत बलात्कृत।

५८. बैशाख २३ : **आमा र छोराको एकै चिहान** - राजविराज। मलेठ गाविस-१ मा पर्ने कुसुम ठाकुरको खेतमा ३० वर्षकी महिला र अन्दाजी ५ वर्षको बालकको लाश बैशाख १६ गते प्राप्त।

५९. बैशाख २३ : **गिरिजाबाबु रगतको प्यास मेटिएन ?** - पाँचथर। सदरमुकाम फिदिमदेखि २ कोस पर रहेको लुङरूपामा बैशाख १७ गते कुवेरप्रसाद दुलालको परिवारको नृशंस हत्या।

६०. बैशाख २३ : **विचरा कटुवाल पटना पुगे** - दमक। बैशाख १३ गते तीन युवतीहरूद्वारा मानबहादुर कटुवाल बलात्कृत। उपचारार्थ कटुवाल पटना पुगे।

६१. बैशाख २३ : **शान्ति सेनामा अशान्ति मच्चिदैछ** - खोइ प्रजातन्त्र ?, सेनाहरू हिरासतमा, अफिसरहरू ठेकेदार, जंगल सखाप जस्ता उपशीर्षकहरूमा शाही नेपाली सेनाको समाचार।

६२. बैशाख २३ : **अन्तरराष्ट्रिय संस्थाद्वारा पत्रकार विरूद्धको आरोप रद्द गर्ने माग** - शंभु श्रेष्ठ, माथवरसिंह बस्नेत र शरदचन्द्र वस्तीलाई कैद सजायँ तोकिएकोमा त्यो विश्वव्यापी मानवअधिकारको घोषणापत्रको धारा १९ ले सुरक्षा प्रदान गरेको अभिव्यक्ति स्वतन्त्रताको अधिकारको उल्लंघन ठहरिनेछ। तसर्थ हामी आरोप रद्द गर्ने आग्रह गर्दछौं। PEN को २२ अप्रीलको आग्रह।

६३. बैशाख २३ : **बालिका बेचिएको आशंका** - उदयपुर। चिहान पोखरी मा.वि. ज्यामिरे भोरको पियन विन्दिलाल सिंह थारूको १३ वर्षीया छोरी गुलाब कुमारी बेपत्ता।

६४. बैशाख २३ : **पत्रकारहरूको प्रतिवेदन** - पर्सा। फागुन २६ गते नगरदाह गाविस पदमौल गाउँमा घटेको गोलीकाण्डको स्थलगत निरीक्षण गरी पत्रकारहरूद्वारा प्रतिवेदन।

६५. बैशाख २३ : **बन्दी भेट्न बन्देज** - चन्द्रगढी। भापा जिल्ला कारागार शाखाले बन्दीहरूलाई भेटघाटबाट बञ्चित गरेको छ।

६६. बैशाख २३ : **हत्या दबाउन खोज्ने यी प्रहरी** - गुल्मी। पूर्तिघाटमा भएको मीना श्रेष्ठको हत्या अभियोगमा गिरफ्तार महेशकुमार प्रधानको पक्ष लिने प्रहरीमाथि कार्यवाही।

६७. बैशाख ३० : **बुद्ध जयन्तीमा रगतको होली** - जनकपुर। बुद्ध जयन्तीको दिन खुट्टा पिपरगढीमा गोलावारी। १८ जना महिला सख्त घाइते। श्रीमती रामसागर देवी र कौदिया माझीको टाउको फुटेको। ५ जना उपचारार्थ अस्पताल भर्ना। सुकुम्बासी र प्रहरी भीडन्तको वारदात।

६८. जेठ ६ : **मानवअधिकारको आ-आफ्नो व्याख्या** - भिक्षु अश्वघोषको लेख। "अमेरिका र अन्य पूँजीवादी मुलुकहरूमा जति मानवअधिकार हनन भैरहेको छ अन्त त्यति छैन।" लेखको अंश।

६९. जेठ २० : **बालक बेपत्ता, लाठी चार्ज र गोली चल्यो** - चितवन। रेन्जर कोमलकान्त विरूद्ध आवाज उठाउँदा जेठ १४ गते टिकौली स्थित गैंडा गस्तीका पुलिसले लाठी चार्ज र गोली चलाएको।

७०. जेठ २७ : **भियनामा भीडन्त** - काठमाडौं। नेपालमा मानवअधिकारको स्थिति सुदृढ रहेको प्रधानमन्त्रीको दावी विरूद्ध नेपालमा रहेका मानवअधिकारवादी संस्थाहरूले विरोध जनाए। भियनामा हुने विश्व मानवअधिकार सम्बन्धी सम्मेलनमा सरकारीपक्ष र मानवअधिकारवादी संस्थाहरू बीच भीडन्त हुने।

७१. असार २ : **भियनामा अमेरिकी धम्की "कार्टर गो ब्याक"** - भियना। विश्वभरका १५०० संस्थाका सहभागीहरूले भू.पू. अमेरिकी राष्ट्रपति जिम्मी कार्टरलाई ३० मिनेटसम्म GO BACK भन्ने नारा लगाएको।

७२. असार २ : **रामेछापमा फेरि राज्य आतंक** - रामेछाप। रामेछाप जिल्ला क्षेत्र नं. २ मा ४०० भन्दा ठूलो कांग्रेसी दस्ताले क्षेत्रीय सदस्य देवीबहादुर तामाङको नेतृत्वमा जेठ २३ गते वामपन्थीहरूमाथि आक्रमण गरेको। न्याय माग्न प्रहरी समक्ष जाँदा प्रहरीले उजुरी दर्ता समेत गरेन।

७३. असार ९ : **महिलाको अस्मिता बेच्ने चारतारे दलाल** - बुटवल। आफूलाई नेकाको सक्रिय कार्यकर्ता बताउने हेमराज भूसालले ३ जना महिलालाई बेच्न पंजाब पुऱ्याएको रहस्योद्घाटन।

७४. असार १६ : **मान्छे मारिँदैछन्, बेपत्ता पारिँछन् र नदीको तीरमा फालिँदैछन्** - काठमाडौं। चार दिनको अवधिमा सरकारको हातबाट मारिने नागरिकहरूको संख्या दुई दर्जन नाघेको छ (१२ गतेदेखि १५ गतेसम्मको आन्दोलनको अवधिमा)।

७५. असार १६ : **हालसम्म प्राप्त मृतकहरूको नामावली** - काठमाडौं। १२ जना मृतकहरूको नामावली प्रकाशित।

७६. असार १६ : **ज्यादतीको यो नमूना** - काठमाडौं। २५ जनाको प्रहरी डफ्फाले तीन तलामाथिको कोठाबाट ४ जनालाई गिरफ्तार गरेर कोटेश्वर थानामा लगेर मरणासन्न हुने गरी यातना दिएको र झुठा बयानमा जबर्जस्ती सही गराएको।

७७. असार १६ : **भियनाबाट सरकारी हिंसाको विरोध** - विश्व मानवअधिकार सम्मेलनमा गैरसरकारी संस्थाहरूको तर्फबाट प्रतिनिधित्व गरेको राष्ट्रिय समन्वय समिति नेपालबाट जथाभावी गोली प्रहार गरेको प्रसंग उठाउँदै गिरफ्तार गरिएका व्यक्तिहरू रिहा गर्न र अपराधीहरूलाई न्यायको कठघरामा उभ्याउन माग गरेको समाचार। नेमाधिसं, मानवअधिकार महासंघ, मासम, नेपाल बार एसोसिएसन आदिद्वारा निहत्था जनतामाथि गोली चलाए हत्या गरेकोमा सरकारको विरोध र भर्त्सना।

७८. असार १६ : **नरहत्याको विरोध भर्त्सना** - ललितपुर। मासम ललितपुरले प्रेस वक्तव्य जारी गरी निहत्था जनताको गोलीद्वारा हत्या गरेकोमा सरकारको भर्त्सना।

७९. असार १६ : **यसरी एउटा सिउँदो रित्तियो** - काठमाडौं। वर्ष २४ का रामप्रसाद सापकोटालाई कर्मचारी परिचयपत्र देखाउँदा समेत प्रहरीले ढाडमा ताकेर गोली हान्यो। दाम्पत्य जीवनको १ वर्ष नबित्दै (रामप्रसादकी पत्नी) एउटी युवतीको सिउँदो ओभानो पारेको छ।

८०. असार २३ : **अनशनकारी खोरमा पुगे** - काठमाडौं। अनशनकारी विद्यार्थीहरूलाई प्रहरीले गिरफ्तार गरेर हनुमान ढोका प्रहरी खोरमा पुऱ्याएको छ।

८१. असार २३ : **दृष्टि प्रतिनिधिमाथि हमला** - राजविराज। दृष्टि प्रतिनिधि लोकेन्द्रबहादुर बुढाथोकीमाथि गुण्डाहरूद्वारा हमला।

८२. असार २३ **प्रहरीद्वारा डाँकालाई पेस्तोल उपहार** - जनकपुर। डाँका पकडेर ल्याउन दिएको १६ राउण्ड गोली सहितको चाइनिज पिस्तोल धनुषाका असई रामचन्द्र महतोले डाँकालाई नै बुझाए।

८३. असार २३ : **जसले आन्दोलनको बलीबेदीमा प्राणोत्सर्ग गरे** - असार ११, १२ र १३ गते काठमाडौं र पाटनमा गोली लागेर मर्नेहरूको फोटो सहित व्यक्तिगत विवरण प्रकाशित।

८४. असार २३ : **सरकारद्वारा मानवअधिकार उल्लंघन** - ललितपुर। पुनरावेदन अदालत बार एसोसिएसनको असार १८ गते बसेको बैठकले गोली चलाएर दुई दर्जनभन्दा बढी जनताको ज्यान लिएको घटनालाई सरकारद्वारा मानवअधिकारको उल्लंघन हो भन्ने ठहर गरेको छ।

८५. असार ३० : **हराएकाहरू कहाँ छन् ?** - काठमाडौं। उपत्यका बन्दको सिलसिलामा गिरफ्तार गरिएका दर्जनौं व्यक्तिहरू हालसम्म पनि हराइरहेका छन्। (दृष्टिलाई प्राप्त २१ जना हराएका व्यक्तिहरूको नाम प्रकाशित)

८६. असार ३० : **बेपत्ता** - काठमाडौं। असार १२ देखि बेपत्ता भएका प्रभाकर सुवेदीको फोटो सहित समाचार प्रकाशित।

८७. असार ३० : **अपाङ्ग पनि राज्य आतंकको शिकार** - बुटवल। रूपन्देही जिल्लाको देवदह गाविसको खैरेनी बजारमा निस्किएको जुलुसमा सरकार समर्थक र आन्दोलनकारी बीच मुठभेड । ६ जना भन्दा बढी एमाले कार्यकर्ताहरूको गिरफ्तारी र यातना। अपाङ्ग बालकुमार श्रेष्ठलाई समेत प्रहरीले निर्मम यातना दिएको।

८८. असार ३० : **मानवअधिकार उल्लंघनको सवाल अब राष्ट्रसंघमा उठाउनु पर्छ** - काठमाडौं। इन्सुरेकको वक्तव्यमा आधारित समाचार।

८९. असार ३० : **प्रहरी अमानुषिकतामा पिचोरिएका बन्दीहरू** - काठमाडौं। उपत्यकाबन्द र नेपालबन्दको सिलसिलामा गिरफ्तार गरिएका व्यक्तिहरू प्रहरी हिरासतमा बर्बर यातना भोगिरहेका छन्। यातना पीडित मध्ये काभ्रेपलान्चोक जिल्ला, साँगाका विजय लामाको जीवन लीला

समाप्त भएको छ।

९०. असार ३० : **बार एसोसिएसनद्वारा खेद** - ललितपुर। नेपाल बार एसोसिएसन ललितपुर इकाइको साधारण सभाले असार १४ गते प्रहरीले गरेको दमनको निन्दा गर्दै त्यसलाई मानवअधिकार विरोधी ठहर गरेको छ।

९१. असार ३० : **हत्याको विरोध गरियोस्** - काठमाडौं। नेपाल चिकित्सक संघले आफ्नो विधानमा उल्लेखित मानवअधिकार प्रतिको प्रतिवद्धताको गरिमालाई रक्षा गर्दै यस्ता हत्याकाण्डको विरोध गरोस् भन्ने माग गरेर डा. मथुरा श्रेष्ठ लगायत १८ जना चिकित्सकहरूले जारी गरेको पत्रमा आधारित समाचार।

९२. साउन ६ : **अब कति कौशिला मारिने हुन्** - काठमाडौं। साउन ४ गते चितवनमा गोली प्रहारबाट बच्चा बोकेर दूध लिन गएकी कौशिला राना लगायत अधिराज्यका विभिन्न भागमा गिरफ्तार र मृतक व्यक्तिहरूको नाम सहितको समाचार।

९३. साउन ६ : **परराष्ट्र तथा मानवअधिकार समितिको विरोध** - प्रतिनिधि सभाको परराष्ट्र तथा मानवअधिकार समितिले प्रेस वक्तव्य प्रकाशित गरी सरकारले मानवअधिकारको स्थिति अध्ययन गर्न नदिएकोमा विरोध।

९४. साउन १३ : **१६ गते पूर्वाञ्चलमा चक्का जाम** - दमक। प्रहरी इन्स्पेक्टर सुरेन्द्रबहादुर सिंहले डिल्ली गौतमलाई छातीमा गोली हानी हत्या गरे।

९५. साउन १३ : **सांसदको अपमान र संसदको सम्मान एकै साथ कसरी संभव हुन्छ ?** - "सांसद वामदेव गौतमलाई पनि प्रहरीले छोडेनन्" भन्ने क्याप्सन भएको तस्वीर सहित डा. हरिविक्रम थापाको लेख।

९६. साउन १३ : **हत्यारालाई कार्यवाही गर्ने माग** - काठमाडौं। साउन ४ गते दमकमा मारिएका डिल्ली गौतमको हत्यारालाई कार्यवाही गर्न नेपाल यातायात स्वतन्त्र मजदूर संगठन र नेपाल स्वतन्त्र पेन्टर मजदूर युनियनले माग गरेको।

९७. साउन २० : **सरकारी आतंक रोकिएन** - विराटनगर। मोरङ जिल्लाका विभिन्न स्थानहरूमा सरकारद्वारा मानवअधिकार उल्लंघनका विवरण सहितको समाचार।

९८. साउन २० : **अनशन अझै यथावत** - काठमाडौं। पढ्न पाउने अधिकारलाई लिएर संघर्षरत स्वास्थ्यकर्मीहरू २५ औं दिन पनि अनशन मै।

९९. साउन २० : **कुटाईबाट मृत्यु** - बुटवल। २६ वर्षीय प्रेमबहादुर श्रेष्ठको पुलिसको चुटाइबाट मृत्यु भएको छ।

१००. भदौ ९ : **सर्लाहीमा पाँच जना मारिए** - बरहथवा। प्रहरीले बरहथवामा ५२ राउण्ड गोली चलाउँदा ४ जनाको घटनास्थलमै मृत्यु। किरण श्रेष्ठलाई उपचार गराउन लैजाँदा बाटामा मृत्यु।

१०१. भदौ १६ : **सर्लाही सोमालिया बन्दैछ** - सर्लाही। भदौ ७ गते बरहथवामा भएको गोलीकाण्डको स्थलगत रिपोर्ट।

१०२. भदौ २३ : **नारी मासुका व्यापारी** - बुटवल। १५ वर्षीया सविता पौड्याललाई बिक्री गर्न दिल्ली पुऱ्याइएको।

१०३. भदौ २३ : **रोल्पामा आतंक** - रोल्पा। प्रहरी र कांग्रेसद्वारा रोल्पामा वामपन्थीहरूमाथि गरिएको आक्रमण, अपहरण, गिरफ्तारी र दुर्व्यवहारको विवरण।

१०४. भदौ २३ : **हाम्रै आँखा अगाडि बेचिदैछन् हाम्रा चेलीहरू** - युनिसेफको पेलिन ओडियाले तयार गर्नु भएको पुस्तक "यौन शोषण र नेपालका नारीहरू" का केही महत्वपूर्ण अंशहरू प्रकाशित।

१०५. भदौ २३ : **गिरिजा शासनकालमा ३५० महिला बलात्कृत** - काठमाडौं। ३ देखि ६५ वर्षसम्मका महिलाहरू बलात्कृत। महिला दबाव समूहको तर्फबाट सांसद साहना प्रधानले प्रस्तुत गर्नु भएको बलात्कारीलाई सजाय दिने विधेयक संसदमा अस्वीकृत।

१०६. भदौ २३ : **फेरि बालिका बलात्कृत** - बुटवल। रूपन्देही जिल्ला सालझण्डी गाविस-६ बस्ने वर्ष १२ की गीता सापकोटा बलात्कृत।

१०७. भदौ ३० : **हत्या कि आत्महत्या** - कामको खोजीमा नेपालबाट मलेशिया र मलेशियाबाट थाइल्याण्ड पुगेको वीरबहादुर श्रेष्ठ नामक नेपाली बैंककमा नेपाली राजदूतावास अगाडि मरेको समाचार फोटो सहित।

१०८. भदौ ३० : **छोरीलाई नै भोग्ने बाबु** - नेपालगंज। नेपालगंज-१६ कोरियनपुरूवा बस्ने ३२ वर्षीय इस्माइल सिद्धिकीले आफ्नै १२ वर्षीया छोरी बलात्कार गरेको।

१०९. भदौ ३० : **मानवअधिकारवादीहरूको अनुरोध** - धनकुटा। साउन २४ गते हिलेमा घटेको लाटो र प्रहरी बीचको घटनामा गिरफ्तार गरिएकाहरूलाई उल्लेख गर्दै मासम धनकुटाले जिल्ला प्रशासन कार्यालयलाई पत्र लेखी संविधान अनुरूप मानवअधिकार संरक्षण गर्न अनुरोध गरेको छ।

११०. असोज ६ : **थुक्नको लागि थुक समेत छैन** - चितवन। ७० वर्षको खडानन्द रेग्मीले १३ वर्षीया बालिका पार्वती पौडेललाई भदौ ३१ गते बलात्कार गरेको समाचार।

१११. असोज ६ : **फेरि बालिका बलात्कृत** - तनहुँ। खैरेनीटारकी ४ वर्षीय बालिकालाई विष्णुबहादुर बस्नेतले बलात्कार गरेको।

११२. असोज १३ : **यसरी एउटा युवकलाई जिउँदै निलियो** - काठमाडौं। बेपत्ता पारिएका विद्यार्थी प्रभाकर सुवेदी कसरी बेपत्ता भए भन्ने जानकारीमूलक समाचार।

११३. असोज २० : **जेल विद्रोहको नाममा राक्षसी यातना** - इलाम। जेल फोडेर भाग्न लागेको आशंकामा इलाम जेलका ४ जना बन्दीहरूलाई नेल, हत्कडी र गलफन्दी लगाएर क्रुर यातना दिइएको छ।

११४. असोज २७ : **कांग्रेसलाई नचिने रोल्पा जानू** - रोल्पा। गैरी गाउँ, जङ्कोट, भावाङ, कोटागाउँ, धवाङ, कोर्चावाङ र करेसी गाविसका जनता प्रहरी र नेका कार्यकर्ताको संयुक्त कार्यवाहीमा परेको।

११५. असोज २७ : **रूसको हत्याकाण्डबारे मानवअधिकारवादीहरू** - नेपालका मानवअधिकारवादी संस्थाहरूले "यल्तसीन सरकारबाट शक्तिको आडमा हुन गएको मानवअधिकार हननको हामी घोर निन्दा गर्दछौं।" भनेको समाचार।

११६. कार्तिक २५ : **बालमन्दीरबाट बालक बेपत्ता** - काठमाडौं। ०३६ सालमा भर्ना भएका नुवाकोट थानापति गाविसका लेखनाथ पाण्डेका छोराहरू रमेश पाण्डे र लक्ष्मण पाण्डे बालमन्दीरबाट बेपत्ता।

११७. कार्तिक २५ : **सप्तरीमा भारतीय प्रहरी** - राजविराज। बिना इजाजत भारतीय प्रहरी नेपाल प्रवेश। भारतीय नागरिक कैलाश यादव लगायतका व्यक्तिहरूले गोली प्रहार गर्दा किसुनदेव यादवको मृत्यु।

११८. कार्तिक २५ : **रोल्पामा अर्को हत्या** - नेपालगंज। बाँके जिल्ला कोहलपुर भरैया निवासी ४५ वर्षीय भरतबहादुर घर्ति दशैंमा रोल्पा जाँदा कुटिएर सख्त घाइते भएको, पछि अस्पतालमा उपचार गर्दा गर्दै मृत्यु।

११९. कार्तिक २५ : **कांग्रेसीले कांग्रेसी मारे** - जाजरकोट। कार्की गाविसमा मेला हेर्न गएका भुर गाविसका कांग्रेसी कार्यकर्ता दिले रानाको असोज २५ गते गाविस अध्यक्ष यज्ञबहादुर खत्रीले भुँडीमा चक्कु रोपेर हत्या गरेको।

१२०. कार्तिक २५ : **एमाले कार्यकर्तामाथि हमला** - चितवन। विद्यार्थी देवनारायण महतो र गंगाराम महतोलाई खुकुरी प्रहार।

१२१. मंसीर ९ : **सांसद गौतम गिरफ्तार** - दाङ्ग। एमाले सांसद शिवराज गौतमलाई प्रहरीले गिरफ्तार गरेर जिल्ला प्रहरी कार्यालय घोराहीमा राखेको।

१२२. मंसीर ९ : **जब प्रहरी स्वयं नै आतंक मच्चाउँछन्** - विराटनगर। विराटनगर-६ निवासी राधेश्याम चौधरीलाई कार्तिक २७ गते मध्यरातमा प्रहरीले पिटेर मरणासन्न पारे।

१२३. मंसीर ९ : **राजनीतिक हत्याको विरोध गरिने** - काठमाडौं। एम्नेष्टी नेपालले मानवअधिकार उल्लंघनको घातक प्रवृत्ति, राजनीतिक हत्या र बेपत्ता पारिने घटनाहरू विरूद्ध आफ्नो अभियान तेज गर्ने भएको छ।

१२४. मंसीर ९ : **हवाई ग्राउण्डमा मान्छेको लाश** - चितवन। भरतपुर हवाइ ग्राउण्डमा कार्तिक २५ गते ७८ वर्षीय बालकृष्ण विश्वकर्माको लाश फेला पऱ्यो।

१२५. मंसीर ९ : **मासमको माग** - काठमाडौं। मासम नेपालले प्रेस वक्तव्य जारी गर्दै भुटानी मानवअधिकार आन्दोलनका नेता टेकनाथ रिजालको रिहाईको माग गरेको छ।

१२६. मंसीर १६ : **सिखहरूको जीवन बचाउन अनुरोध**। नेपाल प्रहरीले काठमाडौंको कोटेश्वरबाट गिरफ्तार गरेको ५ जना सिख नेतालाई बिना न्यायिक मुद्दा भारतीय प्रहरी समक्ष बुझाएको भन्दै पेरिसस्थित अन्तर्राष्ट्रिय युवा सिख फेडेरेशनले (ISYF) त्यसप्रति गंभीर आपत्ति जनाएको छ।

१२७. मंसीर १६ : **चित्र कुमारीले न्याय पाइनन्** - नेपालगंज। बाँके, कोहलपुर-८ की चित्रकुमारी बस्नेतले आफूमाथि जबर्जस्ती करणी गर्ने ललितमान ओलीका विरूद्ध दिएको जाहेरी दरखास्त उपर कुनै कार्यवाही नभएपछि प्रहरीले अन्याय गरेको बताएकी छिन्।

१२८. मंसीर २३ : **वृद्धामाथि गोली प्रहार** - राजविराज। ५५ वर्षीया वृद्धा हीरादेवी झालाई गोली प्रहार गरिएको।

१२९. मंसीर २३ **सत्तामा रहेकाबाटै मानवअधिकार उल्लंघन** - सुर्खेत। मानवअधिकार समितिका अध्यक्ष भागवत ज्ञवालीको नेतृत्वमा यहाँ आएको टोलीले राजनीतिक पार्टी तथा संघ संस्थाहरूबाटै मानवअधिकार उल्लंघन भएको त छैन भनी स्थलगत निरीक्षण गऱ्यो।

१३०. मंसीर २३ : **बन्दी युवतीको दर्दनाक कथा** - काठमाडौं। गर्भपतनको अभियोगमा सदरखोर डिल्ली बजारमा यातनापूर्ण जीवन बिताइरहेकी २० वर्षीया रमा भण्डारीको कथा।

१३१. मंसीर २३ : **विद्यार्थीहरू मानवअधिकार खोज्दैछन्** - काठमाडौं। डिसेम्बर १० देखि २० सम्म काठमाडौंमा सार्क स्तरीय मानवअधिकार प्रशिक्षण कार्यक्रम अनेरास्ववियू र भूटानी विद्यार्थी संगठनद्वारा संयुक्त रूपमा आयोजना गरिने।

१३२. मंसीर ३० : **सिंह - हार्दिक बधाई !** - काठमाडौं। मानवअधिकार पुरस्कारबाट सम्मानित गणेशमान सिंहलाई बधाई।

१३३. मंसीर ३० : **आम नरसंहारको त्यो एक रात** - पंचायतकालदेखि नै बेपत्ता पारिएका राजनीतिक बन्दीहरूको बारेमा लेखनाथ भण्डारीको सूचनामूलक लेख।

१३४. मंसीर ३० : **प्रजिअको साहसिलो बयान** - पोखरा। २५ मंसीरमा मासम, नेमाधिसं, नेपाल बार एसोसिएसन इकाई र इन्सेकको संयुक्त आयोजनामा मनाइएको ४५ औं मानवअधिकार दिवसमा प्रजिअ रामप्रसाद खतिवडाले "सरकारी निकायहरूले दिनहुँ मानवअधिकार उल्लंघन गर्ने हुँदा मानवअधिकारवादी संस्थाहरू सचेत हुनु पर्ने" दृष्टान्त पेस गर्नु भएको थियो।

१३५. मंसीर ३० : **दलितहरूले दूध बेच्न पाएनन्** - स्याङ्जा। दुग्ध विकास संस्थानको उदियाचौर शाखामा दलितहरूको दूध बेच्न नदिएपछि रेलाकोट वडा नं. २, ५ र ६ का दलित समुदायका जनताले चलाएको आन्दोलन उत्कर्षमा पुगेको छ।

१३६. मंसीर ३० : **प्रभाकरको मुद्दा** - काठमाडौं। बेपत्ता पारिएका प्रभाकर सुवेदीका सम्बन्धमा दिइएको बन्दीप्रत्यक्षीकरणको मुद्दा पुस ५ गते सुनुवाई हुने भएको छ।

१३७. पुस ७ : **हत्या - बलात्कारको यो श्रृङ्खला** - बुटवल। ०४८ सालदेखि ०५० सालसम्ममा बुटवलमा भएका हत्या र बलात्कारको विषयमा तिलक आचार्यको रिपोर्ट।

१३८. पुस ७ : **यो पाशविकता !** - विराटनगर। झापा, बेलडाँगी स्थित शरणार्थी शिविर छेउ बस्ने दिलबहादुर राउतकी ६ वर्षे छोरी बलात्कृत।

१३९. पुस १४ : **दासढुङ्गा बारे तुलाधर आयोगः त्यो नियोजित घटना थियो** - काठमाडौं। जनस्तरबाट पद्मरत्न तुलाधरको संयोजकत्वमा गठित नागरिक छानवीन समितिको रिपोर्टको समाचार।

१४०. पुस १४ : **सैनिकहरूले उपद्रो मच्चाए** - चितवन। शाही चितवन राष्ट्रिय निकुञ्जका सुरक्षाकर्मी सैनिकबाट माडीका जनता आतंकित बन्न थालेका छन्।

१४१. पुस १४ : **विद्यार्थीहरू मारिए** - रामेछाप। प्रयागेश्वर मा.वि. पकरवासमा अध्ययनरत अनेरास्ववियू समर्थक छात्र भोजबहादुर कार्कीलाई नेविसंघ रामेछापका अध्यक्ष मोहन चौलागाईं लगायतका व्यक्तिको जत्थाले हत्या गरेको।

जनस्वतन्त्रता साप्ताहिक

(७ जनवरी १९९३ देखि ३० डिसेम्बर १९९३ सम्म)

१. पुस २३ : **सेनाको जवान धुनुवामा** - काठमाडौं। युगोस्लाभियामा शान्ति सेनाका लागि खटिएर गएका शाही सेनाका एक सय जवानलाई ०४९ मंसीर २४ गते नेपाल फर्केपछि एयरपोर्टबाटै हत्कडी लगाई जंगी अड्डाको सैनिक अखडामा लगेर यातना दिइरहेको कुरा नेपाल मानवअधिकार संगठनले आफ्नो विश्वस्त सूत्रको हवाला दिँदै बताएको छ।

२. पुस २३ : **एम्नेष्टीको नेपाल अभियान** - काठमाण्डौ। एम्नेष्टी अन्तर्राष्ट्रिय सचिवालयको आव्हानमा ए.ई. ले नेपालमा भएको मानवअधिकार उल्लंघनको विरूद्ध अभियान शुरू गर्ने तर त्यसमा नेपाल शाखा र त्यसका समूहले भाग लिन पाउने छैनन्।

३. माघ १ : **काम खोज्न गएका कमाउ शरणार्थीहरू** - जर्मनीको विभिन्न भागमा अहिले दुई हजार पच्चिस सय नेपाली होलान्। ती मध्ये ५ सय जति मात्रै आफ्नै स्रोतमा जर्मन पुगेका होलान्। दलाल मार्फत पुगेका मध्ये शतप्रतिशत नै शरणार्थी शीविरमा पुगेका छन्। -फ्रेन्कफोर्टबाट रमेश दाहाल।

४. माघ १ : **सांसदको निर्देशनमा हत्या** - भैरहवा। पुस १५ गते भारतको कानपुरबाट लखनउ तर्फ आइरहेको यु.पी. ७८/११५० नं. ट्रकमा चालक र खलासीको उन्नाव भन्ने ठाउँमा हत्या गरी ट्रक नेपालतर्फ भित्राइएको। हत्या गरी ट्रक तस्करी गर्ने काममा सद्भावनाका सांसद् मिर्जा दिलसाज वेगका नातेदार रफी अहम्मद मार्फत कटैया निवासी नितामणि पौडेल, शैलेश नारायण श्रेष्ठ, श्याम कुमार गुरूङ्ग आदिको संलग्नता। सांसद बेगको निर्देशनमा।

५. माघ १ : **केटी बेच्ने गिरोह पक्राउ** - चितवन। केटी बेच्ने गिरोहका दुई व्यक्ति चन्द्रबहादुर गुरूङ र कृष्णबहादुर विश्वकर्मा पक्राउ।

६. माघ ८ : **शरणार्थी बारे कांग्रेस** - काठमाण्डौ। नेपाली कांग्रेसको परराष्ट्र सम्बन्ध समितिले भूटानी शरणार्थी समस्याको द्विपक्षीय समाधान निस्कन नसकेकोले समस्यालाई अन्तर्राष्ट्रियकरण गर्न सिफारिस गरेको छ।

७. माघ १५ : **जनकपुरमा मानवअधिकार मेला** - जनकपुर। माघ ७ र ८ गते भएको "सार्क राष्ट्रहरूमा मानवअधिकारको स्थिति" विषयक सार्क स्तरिय गोष्ठीको समाचार।

८. माघ २२ : **आदिवासी वर्ष १९९३ का राना थारूहरू** - विश्व मानव अधिकार वर्षको सन्दर्भमा नेपालका आदिवासीहरूको बारेमा सूचना विवरण सहित संजीवन महर्जनको लेख।

९. माघ २९ : **मानवअधिकार शिक्षा अभियान** - काठमाण्डौ। एम्नेष्टी नेपालले "मानवअधिकारः जीवन पद्धतिको आधार" भन्ने नाराका साथ मानवअधिकार शिक्षा र सचेतना अभियान शुरू गरेको छ।

१०. फागुन ७ : **मलेशियाको जंगलमा बेरोजगार नेपाली** - मलेशिया पुगी यातनामा परेका इटहरी निवासी नगेन्द्र सिटौलाले मलेशियाको जेलबाट लेखेको पत्रको हवाला दिंदै स्थानीय पुष्पाञ्जली साप्ताहिकले त्यहाँ पुगेका नेपालीहरूको रूग्ण र दर्दनाक जीवनको विस्तृत रिपोर्ट दिएको छ।

११. फागुन १४ : **कमैया बँधुवा मजदूर र मानवअधिकार** - १० डिसेम्वर १९४८ को मानवअधिकारको विश्वव्यापी घोषणाको प्रस्तावनामा गरिएको "कसैलाई पनि बाँधा र दास बनाई राखिने छैन" भन्ने घोषणा विपरीत पश्चिम नेपालको तराई क्षेत्रमा बँधुवा मजदूर तथा कमैयाहरू पशुवत् रूपमा खरीद बिक्री भैरहेका छन् भन्ने वरिष्ठ अधिवक्ता मुकुन्द रेग्मीको स्वतन्त्र विचार।

१२. फागुन २१ : **जेनेभामा नेपालको भूटानी ध्यानाकर्षण** - काठमाण्डौ। मानावअधिकार सम्बन्धी संस्थाहरूको एक संयुक्त प्रतिनिधि मण्डलले फागुन १५ गते प्रधानमन्त्रीलाई भेटेर जेनेभामा भइरहेको मानवअधिकार आयोगको बैठकमा भूटानी शरणार्थी समस्या र अन्य समस्याप्रति श्री ५ को सरकारको दृष्टिकोण प्रस्तुत गर्न आग्रह गऱ्यो।

१३. फागुन २१ : **मानवअधिकारमा संस्थागत नाराको चिन्ता** - काठमाण्डौ। नेमाधिसंको तेश्रो साधारण सभामा मानवअधिकारमा संस्थागत नाराको चिन्ता व्यक्त गरिएको।

१४. फागुन २१ : **मानवअधिकार दिवस र यातनाको सन्दर्भमाः विश्व समक्ष नेपालको अनुहार** - एम्नेष्टीको फेब्रुअरीमा प्रकाशित प्रतिवेदनको विवरण।

१५. फागुन २१ : **मारिएकै हुन ?** - रामेछाप। असार २५ गते जनमोर्चाका कार्यकर्ताहरूद्वारा कुटपीट गरी बेपत्ता पारिएका भीमानसिंह तामाङको हालसम्म कुनै पत्तो लाग्न सकेको छैन।

१६. फागुन २८ : **प्रहरी बर्बरताको यो उदाहरण** - बिराटनगर। बेतौना चौकीका प्रहरीले छेमाङ्गे लिम्बू लगायत कर्णबहादुर, रामचन्द र अन्य एक जनालाई पक्रेर राती क्रुर

यातना थियो। रामचन्द्रलाई प्रहरीले उल्टो पारेर नाकबाट पानी हालि दियो तथा मलद्वारमा लठ्ठी कोच्यो।

१७. फागुन २८ : **एम्नेष्टीको राष्ट्रिय आयोगको माग** – काठमाण्डौ। ए.ई. काठमाण्डौ इष्ट ग्रुप -३५, नेपालको बार्षिक साधारण सभामा वर्मा र भूटानमा मानवअधिकारको लागि राष्ट्र संघ अन्तर्गत एक आयोग गठन गराउन विशेष जनमतका लागि अभियान संचालन गर्ने घोषणा।

१८. चैत ५ : **नेपाल बन्दको परिणति एक हत्या** – काठमाण्डौ। विद्यार्थी भीडन्तमा भरत देवकोटाको मृत्युको समाचार।

१९. चैत १२ : **यौन पिपाशुको क्रुरता** – जनकपुरधाम। महोत्तरी, गौशालामा रेणुकुमारी नाम गरेकी ५ वर्षकी बालिकालाई चैत ४ गते छेदी मण्डलले डेरामा लगेर वलात्कार गरेको।

२०. चैत १२ : **अदालत हातामा हत्याको प्रयास** – राजविराज। जिल्ला अदालत राजविराजको हाता भित्रै अधिवक्ता रेशमलाल मण्डलमाथि छुराद्वारा सांघातिक हमला।

२१. चैत १२ : **अर्के भरत गुरूङको व्यथा** – चितवन। २००७ सालदेखि निरन्तर प्रजातन्त्रका खातिर लड्नु भएका पुराना त्यागी नेपाली कांग्रेस चितवन जिल्लाका सक्रिय कार्यकर्ता भरत गुरूङ अहिले आफ्नो शारीरिक अस्वस्थताका कारण जीवनमरणको देसाँधमा पुग्नु भएको छ।

२२. वैशाख ३ : **पत्रकार घरौटीमा मुक्त** – काठमाण्डौ। दृष्टि र पुनर्जागरणका पत्रकारहरूको गिरफ्तारी र रिहाईको समाचार।

२३. वैशाख ३ : **अमेरिकी दृष्टिमा नेपाल** – अमेरिकी विदेश मन्त्रालयले विश्वका विभिन्न मुलुकहरूमा सन् १९९२ मा मानवअधिकारको स्थिति बारे निकालेको प्रतिवेदनमा नेपालमा मानवअधिकारको उल्लंघन भइरहेको र मानवअधिकारवादी संस्थाहरू पनि निस्तेज भएको उल्लेख।

२४. वैशाख ३ : **एम्नेष्टीका विद्रोहीलाई लण्डनको जवाफ** – काठमाण्डौ। ए.ई. अन्तर्राष्ट्रिय सचिवालयले नेपाल च्याप्टरको चैत १५ मा भएको साधारण सभालाई पूर्णतः वैध भएको विज्ञप्ती प्रकाशित गरेको।

२५. वैशाख ३ : **मारिएकै हुन् ?** – काँकरभिट्टा। भारतीय मूलका भूटानी नगारिक सत्य नारायणप्रसाद हलुवाई दुई वर्षदेखि हराएका। उनी आसाम सीमावर्ती गाउँ नामलाङ्गबाट २ वर्ष अघि गिरफ्तार गरिएका थिए।

२६. वैशाख १७ : **तीन युवतीद्वारा युवक बलात्कृत** – दमक। तीन जना युवतीले एक युवकलाई बलात्कार गरेको।

२७. वैशाख १७ : **पत्रकार कुटिए** – धरान। साप्ताहिक आरतीका सम्पादक चन्द्रमणी अधिकारीलाई घनश्याम अग्रवालले कुटेको।

२८. वैशाख २४ : **केटी बिक्रेता पक्राउमा** – उदयपुर। मनबहादुर राई केटी सहित पक्राउ।

२९. वैशाख २४ : **भूटानी शरणार्थी शिविरमा हत्या ?** – दमक। बेलडाँगी स्थित शिविरमा गत साता भएको मारपिटमा सूर्यमान सुब्बाको हत्या।

३०. वैशाख ३१ : **पुनरावेदन अदालत प्रहरीको घेरामा** – बिराटनगर। सुनसरी जिल्ला वसन्तपुर गाविसका बनवारीलाल उरावलाई अदालतको आदेश बिना प्रहरीले २२ दिनसम्म हिरासतमा राखेर यातना दिएको। अदालतले रिहाइको आदेश दिएपछि डि.एस.पी., तीन जना असई, चार जना सई र दर्जनौ प्रहरीले अदालतभित्र पसेर उरावलाई लछारपछार गर्दै लगेको।

३१. बैशाख ३१ : **भियना सम्मेलनबारे ए.आई. को चिन्ता** – काठमाण्डौ। ए.आई. नेपाल च्याप्टरको चिन्ता।

३२. बैशाख ३१ : **किशोरीमाथि हातपात** – चितवन। गुण्डाहरूले एक किशोरीमाथि हातपात गरी गहना लुटेर फरार।

३३. बैशाख ३१ : **कांग्रेसको घर खानतलासी** – जनकपुर। नेका धनुषा जिल्ला समितिका सदश्य बैजनाथ शाहको घरमा बिना सूचना बैशाख २९ गते स्थानीय प्रहरीले खानतलासी गरेको।

३४. जेठ १४ : **सरकारलाई डलर चाहिएको छ, बालबालिकाको भविष्य होइन** – बालबालिकाको स्वास्थ्य र भविष्य बारेमा संजीवन महर्जनको फिचर।

३५. जेठ १४ : **भियनाबारे एम्नेष्टी नेपाल** – काठमाण्डौ। मानवअधिकारको कार्यान्वयनबारे पुनरावलोकन गर्न ए.आई. नेपालले प्रधानमन्त्री समक्ष अनुरोध गरेको।

३६. जेठ २१ : **चितवनमा सेनाको गोली** – चितवन। डोलबहादुरको १४ वर्षको छोरालाई गिरफ्तार गरेर एक पक्षिय सर्जिमिन गरेपछि उत्पन्न जन असन्तोषमाथि हवाईफायर ।

३७. जेठ २१ : **वातावरणका यी अनाथ संरक्षकहरू जसको आफ्नै भविष्य छैन** – खातेहरूको विषयमा संजीवन महर्जनको समाचार लेख।

३८. जेठ २८ : **मानवअधिकारबारे भियना सम्मेलन सरकारी प्रतिवद्धता ओठे भक्ति मात्र**

३९. जेठ २८ : **दाइजो नल्याएकोमा हत्या ?** – चितवन। पटिहानी गाविस गंगानगर बस्ने श्रीमती शकुन्तला पौडेलको लाश जेठ २० गते राती नदी किनारमा फेला गरेको।

४०. जेठ २८ : **बाल बालिकासम्बन्धी कानून निष्क्रिय हुनुको अर्थ सरकारको असक्षमता हो** – सन्तोष आचार्यको लेख।

४१. जेठ २८ : **प्रधानमन्त्रीद्वारा मानवअधिकारको व्याख्या** – काठमाण्डौ। "मानवअधिकार र नेपाल प्रहरी" विषयक सेमिनारमा प्रधानमन्त्रीद्वारा उद्घाटन भाषण।

४२. असार ३ : **मान्छेको खरीद बिक्री जारी छ** – कमैया प्रथा बारे संजीवन महर्जनको सूचनामूलक लेख।

४३. असार १० : **भियनामा प्रधानमन्त्री बच्नु भएन** – काठमाण्डौ। अन्तर्राष्ट्रिय मानवअधिकार सम्मेलनमा गैर सरकारी सहभागीहरूद्वारा प्रधानमन्त्रीको विरोध।

४४. आसर १० : **हत्याको विरोधमा जुलुस र आमसभा** – चितवनमा शकुन्तला पौडेलको हत्याको

विरोधमा।

४५. आसार १० : **यौन क्रीडाको यो नमूना** - जनकपुर। १४ र २० वर्षका केटीहरू स्थानीय रामायण लजमा बलात्कृत।

४६. असार १७ : **यी हुन् मृतकहरू** - काठमाण्डौ। काठमाण्डौ तथा ललितपुरमा भएको हिंसात्मक घटनामा मर्नेहरूको विवरण।

४७. असार १७ : **फेरि बुहारी जलाइयो** - सुनसरी। हरिनगरा गाविस वडा नं. ७ मा श्री चन्द सेठिया समेतले अन्जुदेवी सेठियालाई मट्टितेल खन्याएर आगो बालेको तर बचेको।

४८. असार १७ : **यातनाको नमूना** - काठमाण्डौ। तीर्थ सुवेदी, कल्याण लुईटेल, विष्णु लुईटेल, धनबहादुर केसी र लालबहादुर कार्कीलाई १३ गते राती ११ बजे कोठामा बसिरहेको अवस्थामा कोटेश्वरबाट गिरफ्तार गरी महेन्द्र पुलीस क्लब लगेर पैतालामा रबडले पिट्ने र नङमा पीन घोच्ने गरेको।

४९. असार २४ : **रूपनारायण श्रेष्ठ गिरफ्तार** - काठमाण्डौ। बागबजार स्थित अनेरास्ववियूको कार्यालयबाट बिनापूर्जी रूपनारायण श्रेष्ठ गिरफ्तार।

५०. असार २४ : **एम्नेष्टीको दृष्टिमा प्रजातान्त्रिक सरकारको मानवअधिकार** - नेपालबारे ए.ई. को वार्षिक प्रतिवेदनको समाचार।

५१. असार २४ : **कस्तो रह्यो नेपाल बन्द** - काठमाण्डौ। काठमाण्डौका साथै मोफसलका स्थानहरूमा नेपाल बन्दका असरहरू बारे समाचार। समष्टिगत रूपमा शान्तिपूर्ण बन्द।

५२. असार ३१ : **कालापानीको कालो कथा** - कमैयाहरूको बारेमा संजीवन महर्जनको रिपोर्ट।

५३. साउन ७ : **जगत गौचन गिरफ्तारी र रिहाई** - काठमाण्डौ। पिस्तोल बोकेर भरत गुरूङलाई भेटन गएको आरोपमा ३ जना पक्रिएको। जगत गौचनलाई त्यसैदिन जिल्ला प्रशासन कार्यालयले धरौटीमा छोडेको।

५४. साउन ७ : **एम्नेष्टीद्वारा जाँच आयोगको माग** - काठमाण्डौ। ए.ई. को लण्डन सचिबालयले हालै नेपालमा भएको हिंसामा १६ जना मानिस पुलिसको गोलीको शिकार भएको विज्ञप्ती जारी र छानवीन गर्न एक जाँचबुझ् आयोगको माग।

५५. साउन ७ : **प्रजातन्त्र विरोधी ऐनको प्रयोग** - काठमाण्डौ। नेमाधिसंका अध्यक्षले वक्तव्य जारी गरी गिरफ्तार गरिएकाहरूको स्थिति बुझ्ने सहुलियत मानवअधिकार समितिका सदश्यले समेत नपाएकोमा दुःख व्यक्त गर्नु भएको छ।

५६. साउन ७ : **फेरि पनि बाँधा मजदूरकै कुरा** - काठमाण्डौ। इन्सेकले आयोजना गरेको पश्चिम नेपालको तराईमा विद्यमान बाँधा मजदूर प्रथा सम्बन्धी छलफल कार्यक्रमको विवरण समाचार।

५७. साउन १४: **कांग्रेस पनि गिरफ्तार** - धनगढी। वामपन्थीदलहरूद्वारा आयोजित संयुक्त विरोध प्रदर्शनमा ३ गते एमाले, संजमोका अलावा नेका समर्थक समेत ४० जना गिरफ्तार।

५८. साउन १४ : **रहश्यमय मृत्यु** - धनगढी। बनदेवी रोडस्थित लक्ष्मी फर्निचर्सको हाताभित्र असार २९ गते जे.टि.ए. हरिहर घिमिरेको रहस्यमय मृत्यु।

५९. साउन २१ : **शिक्षकको हत्या** - मोरङ्ग। नेकपा एमालेको राजघाट गाविसका सचिवलाई बहिनी ज्वाई केशव पाण्डेको हत्याको अभियोग लगाएर प्रहरीले गिरफ्तार गरेको।

६०. भदौ ३ : **केटी बेच्ने गिरोह पक्राउ** - चितवन। धादिङकी शारदा थापा र पर्साकी सुनीता कुमाई बम्बैबाट आएर प्रहरीमा रिपोर्ट दिएपछि नारायणगढ वडा प्रहरी कार्यालयले भरतपुर नगरपालिका बस्ने रामशरण पुडासैनी र कृष्ण पुडासैनीलाई पक्राउ गरेको।

६१. भदौ ३ : **बाल मजदूर : समस्याको अर्को पक्ष** - १० देखि १४ वर्षका बाल मजदूरको बारेमा संजीवन महर्जनको टिप्पणी।

६२. भदौ १० : **राहतमा गोलीको प्रवेश** - बरहथवा। बरहथवा गोलीकाण्डबारे बृजकुमार यादव र महेश गौतमको रिपोर्ट ।

६३. भदौ १० : **फेरि बालिका बलात्कृत** - बीरगंज। ९ वर्षीया सुनीता कुमारी युवेदारलाई साउन ३० गते सलिम मियाँले बलात्कार गरेको।

६४. भदौ १० : **केटी बेच्ने पक्राउमा** - दाङ्ग। केटी बेच्ने गिरोहका सदश्यहरू सुनीता रिजाल र शुकमाया विष्टलाई जिल्ला प्रहरी कार्यलय दाङ्गले थुनामा राखेको।

६५. भदौ १० : **रजित लामा कारवाहीमा** - काठमाण्डौ। भारतमा लगी केटी बेच्ने सिन्धुपाल्चोक, महांकाल गाविस घर भै कानपा -७ चावहिलमा बस्ने रजित लामा गिरफ्तार। तीन सयभन्दा बढी केटी उसले बेचिसकेको बताइन्छ।

६६. भदौ १७ : **बरहथवा काण्डबारे क्षोभ प्रकट** - काठमाण्डौ। राहत सामाग्री वितरणको सिलसिलामा धाँधली भयो भनी निकालिएको शान्तिपूर्ण जुलुसमाथि प्रहरीले चलाएको गोलीबाट निर्दोष व्यक्तिहरूको ज्यान गएकोमा नेपाल प्राध्यापक संघ त्रिचन्द्र क्याम्पस समितिका सचिव पुष्पकमल सुवेदीद्वारा क्षोभ प्रकट।

६७. भदौ २४ : **भूटानी आवाज** - काठमाडौं। "फोरम फर ह्यूमन राइट्स अफ भूटान" ले प्रजातान्त्रिक आन्दोलनकारीका परिवारका सदस्यहरूलाई भूटान सरकारले जथाभावी पक्राउ गर्ने, यातना दिने गरेको आरोप लगाएको छ।

६८. भदौ ३१ : **तिब्बतबारे राष्ट्र संघको प्रतिवेदन** - संयुक्त राष्ट्र संघको मानवअधिकार सम्बन्धी आयोगले तिब्बतमा धार्मिक स्वतन्त्रता र मानवअधिकारको गंभीर अपहेलना भैरहेको जनाएको छ।

६९. भदौ ३१ : **भैरहवाको गगनगंज नयाँ चौराह** -

भैरहवा। वेश्यावृत्तिबारे सन्तोष आचार्यको रिपोर्ट।

७०. असोज ७ : **नेपाल बन्द : सरकारको नैतिक पराजय** – शान्तिपूर्ण विरोध प्रदर्शनमा पनि संवैधानिक अधिकारको ठाडो उल्लंघन गरेर आयोजक पार्टीका नेता, सांसद र प्रदर्शनकारीहरूलाई गिरफ्तार गर्‍यो र ती मध्ये केहीलाई शान्ति सुरक्षा र सार्वजनिक अपराध ऐन अन्तरगत हिरासतमा राखिएको।

७१. असोज ७ : **प्रेस स्वतन्त्रताको हनन** – काठमाडौं। देशान्तर सम्वाददाता कवीर राणामाथि भएको कुटपिट, नेपाल पत्रकार संघ रूपन्देहीका सदस्य विनोद पहाडीको गिरफ्तारी र महानगर दैनिकमा प्रकाशित समाचार बारे समाहृवान जारी गरी पूर्जी काटिएकोलाई नेपाल पत्रकार संघले प्रेस स्वतन्त्रताको हनन भएको ठहर गर्दै सम्बद्ध पक्षको भर्त्सना गरेको छ।

७२. असोज ७ : **एसियाका बाल मजदूरहरूको जिम्मेवारी** – आइ.पी.एस. र एन.पी.आइ. को रिपोर्ट।

७३. असोज १४ : **कारागारभित्र प्रहरीको ताण्डव** – इलाम। कारागारबाट भाग्न खोजेको अभियोगमा इलाम कारागारका बन्दीहरूलाई दिइएको यातनाको समाचार।

७४. असोज १४ : **जेलको समस्या** - विराटनगर। उचित कानूनी फैसलाको अभावमा ५०१ व्यक्तिहरू कैदी जीवन बिताइरहेका छन्। कारागारको क्षमता ३५० व्यक्ति। अदालतबाट फैसला भए कैदी संख्यामा कमी आउने र कारागार संचालनमा सजिलो हुने।

७५. असोज १४ : **नगरभित्रका अनागरिकहरू** – खातेहरूको विषयमा संजीवन महर्जनको रिपोर्ट।

७६. असोज २१ : **कारागारबाट अमर लामाको प्रश्न** – आफूलाई अन्यायपूर्वक थुनामा राखिएको बताउँदै अमर लामाले प्रश्न गरेका छन् – त्यो गाडी मदन भण्डारीले हाँकेको भए के हुने थियो ?

७७. असोज २१ : **काठमाडौं जीवनशैलीमा देह व्यापार** – काठमाडौंमा ५ देखि ७ हजारसम्म यौन व्यापारीहरू भएको रिपोर्ट।

७८. असोज २१ : **भारतीय भूमिमा नेपालीको बिचल्ली** – काठमाडौं। काम खोज्न आसाम जाने नेपालीलाई भारतीय प्रहरीको संरक्षण पाएका गुण्डाहरूले लुट्ने।

७९. असोज २८ : **शरणार्थी शिविरमा मुठभेड** – झापा। खुदुनावारी शरणार्थी शिविरमा मूठभेड, ६ प्रहरी जवान घाइते, शरणार्थीहरू गिरफ्तार।

८०. असोज २८ : **के नेपाली चेलीलाई प्रहरीले रण्डी कोठीमा पुर्‍याउँछ ?** – काठमाडौं। प्रधानमन्त्रीले भियनामा मानवअधिकारको भाषण गरिरहेको बेला नेपाली पुलिसको बर्बरताको शिकार भएकी २६ वर्षीया तिलु घलेको बारेमा विस्तृत रिपोर्ट।

८१. असोज २८ : **दाङमा मानवअधिकार** – दाङ। नेमाधिसं र ए.ई. दाङ समूहद्वारा "प्रजातन्त्रको परिप्रेक्ष्यमा मानवअधिकारको भूमिका" विषयक कार्यक्रम आयोजना गरियो।

८२. असोज २८ : **मानवअधिकार जागरण** – काठमाडौं। ए.ई. नेपाल र नेमाधिसंले १४ जिल्लाहरूमा मानवअधिकार जागरण कार्यक्रमको पहिलो चरणको कार्यक्रमको विवरण समाचार।

८३. असोज २८ **अनशनकारी गिरफ्तार** – राजविराज। स्थानीय प्रशासनले नेविसंघ सप्तरीका अध्यक्ष दिनेश सिंह लगायत २० जना कार्यकर्तालाई गिरफ्तार गरेको।

८४. कार्तिक २६ : **प्रहरीलाई बयान दिन सर्वोच्चको आदेश** – काठमाडौं। तिलु घले प्रकरणमा प्रहरी डि.एस.पी. रेवतबहादुर थापालाई बयान दिन अदालतले बोलाएको।

८५. कार्तिक २६ : **भूटानमा अर्को भूमिगत पार्टी** – विराटनगर। मानवअधिकार स्थापनार्थ "भूटान स्टेट कांग्रेस" ले शान्तिपूर्ण संघर्ष गर्ने कुरा त्यसले यहाँ पत्रकार सम्मेलन गरी जानकारी गराएको।

८६. मंसीर १० : **रिजाललाई आजीवन कारावास** – काठमाडौं। मानवअधिकारवादी नेता टेकनाथ रिजाललाई नोभेम्बर १६ मा देश, राजा र प्रजाविरूद्ध षडयन्त्र गरेको आरोपमा भूटानी अदालतले आजीवन कारावासको सजायँ सुनाएको।

८७. मंसीर १० : **सर्वोच्चनेता सिंहलाई मानवअधिकार पुरस्कार** – काठमाडौं। संयुक्त राष्ट्र संघले गणेशमान सिंहलाई मानवअधिकार पुरस्कार दिने घोषणा।

८८. मंसीर १७ : **मानवअधिकारको जिल्ला शाखा** – विराटनगर। अधिवक्ता सुशील कार्कीको संयोजकत्वमा नेमाधिसंको मोरङ्ग जिल्ला तदर्थ समिति गठन।

८९. मंसीर १७ : **नेपाली चेली बम्बईको कोठीमा** – नवलपरासी। अमरापुरी गाविसको प्रेमबहादुर विश्वकर्माले बिहे गरेको ३ दिन मै बम्बै लगेर श्रीमतीलाई भारू २६ हजारमा बेचेको।

९०. मंसीर २४ : **भोलि सिंहलाई पुरस्कार** – काठमाडौं। गणेशमान सिंहलाई मानवअधिकार पुरस्कार संयुक्त राष्ट्र संघले दिंदा पनि सरकारले त्यसबाट गर्व गर्न सकेन भन्ने समाचार टिप्पणी।

९१. मंसीर २४ : **सन्दर्भ १० डिसेम्बर – नेपालमा मानवअधिकार** – "वर्ष १९९३ मा मानवअधिकारको दृष्टिकोणले नेपालका लागि सुखद रहेन" लेख–टिप्पणी।

९२. मंसीर २४ : **एम्नेष्टी विवादको टुङ्गो** – काठमाडौं। ए.ई.का तर्फबाट आउनु भएका निखिल रायले पत्रकार सम्मेलनमा ए.ई.नेपालमा उत्पन्न खिचलोलाई एम्नेष्टीको नियम, नीति, उद्देश्य र कार्यक्रम बाहिर गएर गरिएको विरोध बताउनु भयो।

९३. मंसीर २४ : **प्रहरीले पत्रकार कुटे** – विराटनगर। पत्रकार सूर्य नेपाललाई विराटनगर ट्राफिक कार्यालयका प्रहरीले अकारण निर्घात कुटेका छन्।

९४. पुस १ : **नेपालका गौरव गणेशमान सिंह** – काठमाडौं। मानवअधिकार दिवस १० डिसेम्बरका दिन

गणेशमान सिंहलाई संयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा महासचिव डा. बुत्रोस बुत्रोस घालीले मानवअधिकार पुरस्कार प्रदान गर्नु भयो।

९५. पुस १ : **सन्दर्भ : आदिवासी वर्ष १९९३** - झापा। मानवअधिकार दिवस १० डिसेम्बरका दिन बिर्तामोडमा आदिवासी वर्ष झापा समितिका अध्यक्ष दुर्गाचन्द्र राजवंशीको अध्यक्षतामा आकर्षक समारोह सम्पन्न भयो।

९६. पुस १ : **प्रहरीद्वारा स्वास्थ्यकर्मी कुटिए** - नेपालगंज। क्षेत्रीय प्रहरी कार्यालयका असई हरिदास श्रेष्ठले भेरी अंचल अस्पतालका अ.हे.व. ओम नेपालमाथि हातपात गरेका छन्।

९७. पुस ८ : **भूटानी एकताको निम्ति आमसभा** - झापा। पुस ५ गते दमकको ईंटा भट्टा मा.वि.मा आयोजित सभामा प्रजातन्त्र र मानवअधिकार बहालीको निम्ति सबै वक्ताहरूले बिनाशर्त एकजुट हुनु पर्ने कुरामा जोड दिनु भयो।

९८. पुस १५ : **पोडे जातिका महिलाहरू : सडक नै हाम्रो संसार हो** - काठमाडौंमा मात्र १८०० पोडे जातिका महिलाहरू बढार्ने काममा संलग्न भएको उल्लेख गर्दै उनीहरूको समस्याको बारेमा दीपेन्द्र काफ्लेको लेख।

साप्ताहिक नेपालीपत्र

(१ जनवरी १९९३ देखि ३१ डिसेम्बर १९९३ सम्म)

१. पुस १७ : **घटना झन् झन् चर्किंदैछ** - काठमाडौं। असई गोपाल ढकालले बुढानीलकण्ठको गार्मेण्ट उद्योगमा काम गर्ने मणिकला राईलाई गरेको बलात्कार काण्डमा ए.ई. र मा.अ. संस्थाहरूले वास्तविकता बुझ्न शुरू।

२. पुस २४ : **एमालेको कार्यालय भारतीय प्रहरीद्वारा खानतलासी** - इलाम। नेपाल प्रहरीको अगुवाईमा भारतीय प्रहरीहरूद्वारा नेकपा एमाले कार्यालयमा खानतलासी।

३. पुस २४ : **जता छोयो उतै दुख्ने यी घाउहरू** - "संगठन दर्ता ऐन" कालो कानून हो भन्ने सन्दर्भमा कृष्ण पहाडीको मानवअधिकार सम्बन्धी लेख।

४. पुस २४ : **एम्नेष्टीको सम्मेलन फागुन १ मा**

५. पुस २४ : **मानवअधिकार बारे एम्नेष्टीको गोष्ठी** - गैंडाकोट।

६. माघ ९ : **कुमार लामा यसरी पक्राउ परे** - काठमाडौं। बालिका मिरा गुरुङलाई बलात्कार गरेर फरार कुमार लामा पक्राउ परेको बारे समाचार।

७. माघ १६ : **पोखरामा अर्को निर्मम हत्या** - पोखरा। १४ माघमा ५३ वर्षीय ओमबहादुर क्षेत्रीलाई छुरी प्रहार गरी हत्या।

८. माघ १६ : **बालकहरूको अपहरण** - बुटवल। पंजाबीहरूद्वारा उदयराज-१२, त्रिलोकी चमार-१५, दर्शन बडै-१२ र बिनुवा बडै-१० अपहरित।

९. माघ १६ : **यसोदा कसरी मरिन् ?** - काठमाडौं। कानपा वडा नं. ३२ घट्टेकुलो निवासी १५ वर्षीया यसोदा पोखरेल (काम गर्ने केटी) को हत्या भएको आशंका।

१०. माघ १६ : **कालो झण्डा देखाउने थुनामा** - नेपालगंज। हेजराम अग्रवाल थुनामा।

११. माघ २३ : **केटी बेच्ने पक्राउ** - बीरगंज। ८ वर्षकी सुभद्रा खनाललाई भारू २००/- मा बेच्ने अनितादेवी कटुवाल पक्राउ।

१२. माघ २३ : **भूटानी शरणार्थीबाट नेपाली त्रस्त** - झापा। लूटपाट चोरी आदि हुने भएकाले नेपाली त्रस्त।

१३. फागुन १ : **एमाले सांसद गिरफ्तार** - पोखरा। प्रजिअ कार्यालय घेर्न जाँदा सोमनाथ प्यासी र तुलबहादुर गुरूङ्ग माघ २९ गते गिरफ्तार।

१४. फागुन १ : **गलैंचा उद्योगमा बालमजदूर** - काठमाडौं। नेपाल बालमजदूर सरोकार केन्द्रको स्रोतमा आधारित समाचार।

१५. फागुन ८ : **बाल अधिकार गोष्ठी** - धरान।

१६. फागुन ८ : **पशुपति क्षेत्रमा लाश** - काठमाडौं। तातोपानी जान भनी २ गते घरबाट निस्केका कृष्णबहादुर लामाको लाश तीलगंगा पुल मुनी फेला परेको।

१७. फागुन २२ : **सैनिक जवानद्वारा हत्या** - पोखरा। दुर्गाबहादुर हमालको हत्या चक्रपाणी तिमिल्सिनाद्वारा।

१८. फागुन २२ : **नेमाधिसंमा पुनः शाह निर्वाचित** - काठमाडौं। नेमाधिसंको तेस्रो साधारण सभाले हृषिकेश शाहलाई पुनः अध्यक्षमा निर्वाचित गरेको।

१९. फागुन २९ : **संझनाको मोल २५ हजार** - सिन्धुली। संझना दाहालको गोलीद्वारा हत्याको समाचार।

२०. फागुन २९ : **सातजना ठहरै** - बीरगंज। नगरदाह गाविस-९ का रामानन्दप्रसाद यादवले सात जनालाई गोली हानी हत्या गरेको।

२१. फागुन २९ : **सुकुम्बासी लखेटिंदैछन्** - उदयपुर।

२२. चैत ६ : **त्यो लाश कस्को थियो ?** - भरत देवकोटा अखिल कि नेविसंघ के थिए भन्ने प्रश्न उठाउँदै भरत हत्याकाण्डको समाचार टिप्पणी।

२३. चैत ६ : **बागलुङका प्रहरी यसो गर्छन्** - बागलुङ। फागुन २४ गते दुलही लिएर फर्केको जन्तिमाथि प्रहरीले हातपात गरेको।

२४. चैत ६ : **यो लाश कसको हो ?** - परासी। हरपुर गाविस वडा नं. १ मा अन्दाजी २५/२६ वर्षको घाँटी रेटिएको लाश खोलामा फेला परेको।

२५. चैत ६ : **मासमद्वारा गृहमन्त्रीलाई पत्र** - काठमाडौं। चैत १ गते उपत्यका बन्दको दिन पक्राउ परेका बाबुराम घिमिरे र गुणप्रसाद आचार्यलाई बिनापूर्जी थुनामा राखेर गरेको ज्यादती विरूद्ध मासमको वक्तव्यमा आधारित समाचार।

२६. चैत १३ : **प्रत्येक डेढ महिनामा एकको हत्या** - काठमाडौं।

२७. चैत २० : **भक्तपुरमा गोली चल्यो** - भक्तपुर। प्रहरी र प्रदर्शनकारी बीच भीडन्त हुँदा गोली चलेको।

२८. चैत २० : **एम्नेष्टी नेपाल विघटन हुने** - काठमाडौं।

२९. चैत २० : **सिन्धुमा प्रजिअको नाङ्गो नाच** - चौतारा। प्रजिअ ध्रुवराज वाग्लेले गैर कांग्रेसलाई आतंकित पारेको।

३०. चैत २० : **रहस्यमय मृत्यु** - बुटवल। तिनाउ काठ सिजनिङ मिल अगाडि खलासी राजेन्द्र जोशीको रहस्यमय मृत्यु।

३१. चैत २७ : **म्याग्दीमा मारपिट र हत्या** - म्याग्दी। एमाले-कांग्रेस झगडामा खुकुरी प्रहार। चैत ८ गते विन गाविसमा भएको यो घटनामा एमालेका ७ जना गिरफ्तार।

३२. बैशाख ४ : **पत्रकारहरू छुटे** - काठमाडौं। शम्भु श्रेष्ठ, माथवरसिंह बस्नेत र शरदचन्द्र वस्तीको पक्राउ र रिहाईको समाचार।

३३. बैशाख ४ : **शिक्षकलाई बलात्कारको आरोप** - बीरगंज। बिनापूर्जी शिक्षक राम अवध कुशवाह थुनामा।

३४. बैशाख ४ : **एम्नेष्टी विवादमा बालुवाटार रहेको अन्तर्राष्ट्रिय पुष्टी** - काठमाडौं। एम्नेष्टी इन्टरनेशनल नेपालको विवाद बारे समाचार।

३५. बैशाख ४ : **बुटवलमा लाठी चार्ज र गिरफ्तार** - बुटवल। चैत २४ गते जनआन्दोलन दिवसमा लाठी चार्ज। ९ जना मसाल कार्यकर्ता गिरफ्तार।

३६. बैशाख ४ : **हत्यारा बचाउने प्रयास** - काठमाडौं। कपिलवस्तु, तिपुलीहवामा ट्रकले कुल्चेर मारिएकी छात्रा बसन्ती पौडेलको मृत्यु घटनालाई चालक, जिल्ला प्रहरी कार्यालय र संयुक्त जनमोर्चाको मिलोमतोबाट लुकाउने प्रयास।

३७. बैशाख ११ : **पत्रकार पिटिए** - बीरगंज। धर्नामा रहेका बीरगंजका पत्रकारहरूलाई यातायात संस्थानका हाकिम र कर्मचारीले पिटेको।

३८. बैशाख १८ : **फेवातालमा दुई युवतीको लाश** - पोखरा। ११ गते काठमाडौंबाट गएका दुई युवतीको लाश १४ र १५ गते निकालिएको।

३९. बैशाख १८ : **४ वर्षीया बालिका बलात्कृत** - नेपालगंज। ४ वर्षीया बालिकालाई १६ वर्षे रामसिंहले बलात्कार गरेको।

४०. बैशाख १८ : **फेरि बालिका बलात्कृत** - इलाम। प्रज्ञासदन बोर्डिङ स्कूलमा पढ्ने ६ वर्षीया बालिकालाई १८ वर्षीय सुमन रंजितले बलात्कार गरेको।

४१. बैशाख १८ : **पाँच वर्षे बालिका बलात्कृत** - विराटनगर। २१ वर्षीय मोहम्मद उम्मीदले ५ वर्षे बालिका राजकुमारी सापकोटालाई बलात्कार गरेको।

४२. बैशाख २५ : **विद्यालयभित्र बालिका बलात्कृत** - पोखरा। गैह्रा पाटनको कुमुदिनी बोर्डिङ स्कूलभित्र शिक्षकले छात्राहरू बलात्कार गर्ने गरेको।

४३. जेठ १ : **एक अर्को बलात्कार** - पर्सा। मुरली गाउँकी ९ वर्षे सीताकुमारी माझीलाई सुकदेव माझीले बलात्कार गरेको।

४४. जेठ १ : **मानवअधिकारको उल्लंघनलाई रोक्नुपर्छ** - काठमाडौं। ए.ई.बारे स्पष्ट पार्न भियना सम्मेलन पूर्व आयोजित पत्रकार सम्मेलनको समाचार।

४५. जेठ १ : **कार्यालय प्रमुखद्वारा बलात्कार** - दाङ्ग। तुलसीपुर नगरपालिका कार्यालय प्रमुखले नगर प्रमुखकै घरमा फागुन २५ गते राती बलात्कार गरेको।

४६. जेठ १ : **प्रहरी ज्यादतीको नमूना** - सुनसरी। बसन्तपुर गाविसको बनवारीलाल उरावलाई प्रहरीले डाँका भनेर गोली हानेको। आफ्नै निगरानीमा उसको उपचार गराएको तर यतिन्जेल परिवारलाई भेट्न समेत नदिएको।

४७. जेठ १५ : **नेपाल-एम्नेष्टीको पूर्ण सदस्य** - काठमाडौं। नेपाल च्याप्टरले जारी गरेको प्रेस वक्तव्यमा आधारित समाचार।

४८. जेठ १५ : **प्रहरी-सुकुम्बासी बीच तनाव** - बुटवल।

४९. जेठ २२ : **गिरिजा राजमा कसैको ज्यान सुरक्षित छैन** - रौतहट। औरहिया गाविस, मसहरिया टोल निवासी ३० वर्षीया दुलारी देवी माझी र ११ महिनाकी अनवाह माझीको गोलीद्वारा मृत्यु।

५०. जेठ २२ : **जहाँ प्रशासन नै आतंक मच्चाउँछ** - पोखरा। प्रशासनकै आडमा हत्या, बलात्कार हुने, रंब्याशु रेग्मीलाई बिनापूर्जी गिरफ्तार गरिएको।

५१. जेठ २९ : **एमाले सांसद गिरफ्तार** - चौतारा। शिक्षा कार्यालय घेराउ गर्दा कृष्णराज श्रेष्ठ लगायत ४ जना गिरफ्तार।

५२. जेठ २९ : **पत्रकारहरू झन असुरक्षित हुँदैछन्** - बुटवल। अस्तित्व साप्ताहिकका बटुकृष्ण श्रेष्ठ माथि गुण्डाहरूको आक्रमण।

५३. जेठ २९ : **मसाल प्रवक्ता गिरफ्तार** - बागलुङ्ग। मसालका बागलुङ्गका प्रवक्ता भगीरथ भट्टराई गिरफ्तार।

५४. असार ११ : **चेलीबेटी बेचबिखनमा संलग्न जयनेपालहरू** - बुटवल। अर्घाखाँचीका हेमराज भुसालले २८ वर्षीया देवकला र १६ वर्षीया कमला विश्वकर्मालाई भारत लगेर बेचेको समाचार-कथा।

५५. असार ११ : **पत्रकारलाई मार्ने धम्की** - जनकपुर। लोकपुर साप्ताहिकका सम्पादक रामप्रकाश साहलाई मार्ने धम्की।

५६. असार १८ : **सम्बद्ध सबैपक्ष दोषी भएको ठहर** - काठमाडौं। काठमाडौं र पाटनमा भएको धन जनको क्षतिमा नेमाधिसंको ठहर।

५७. साउन ८ : **जो मारिए तिनको कसुर के थियो ?** - असार ११ को उपत्यका बन्ददेखि साउन ५ को चक्का जाम सम्ममा २२ जना मारिएका, २१ जना बेपत्ता, १२८ जना गोलीबाट घाइते, ६२०० गिरफ्तार।

५८. साउन ८ : **मासमद्वारा संविधान उल्लंघनको**

आरोप - काठमाडौं। अध्यक्ष डा. मथुराप्रसाद श्रेष्ठ र महासचिव विश्वकान्त मैनालीको वक्तव्य-समाचार।

५९. साउन ८ : **प्रहरीले लाश खोसेर बेपत्ता पारे** - बुटवल। चक्का जाममा अन्धाधुन्द लाठी प्रहार, शान्तिपूर्ण जुलुशमा खैरेनीमा गोली प्रहार र नरबहादुर नेपालीको मृत्यु। धनगढीमा १५०, कञ्चनपुरमा १५० र पोखरामा ११ जना गिरफ्तार।

६०. साउन ८ : **बन्दीलाई म्यागुतो बनाइयो** - बारा। एमाले सांसद सलीम मियाँ अन्सारी गिरफ्तार र यातना।

६१. साउन १५ : **अमीक शेरचन अझै सिकिस्त** - काठमाडौं। संजमोका सांसद अमीक शेरचन प्रहरीको आक्रमणबाट सिकिस्त।

६२. साउन १५ : **स्वयम्भूमा रहस्यमय हत्या** - काठमाडौं। बुधवार १३ गते शेरप लामा र पेमा लामाको हत्या र ३ लाखको धनमाल लुटिएको।

६३. साउन १५ : **विराटनगर आतंकित छ, कसैको सुरक्षा छैन** - विराटनगर। गणेश सुवेदीलाई जिल्ला अदालत अगाडि मार्ने प्रयास, राम दंगाल रक्ताम्य, कुद्नेलाई प्रहरीले गिरफ्तार गरेको छैन।

६४. साउन १५ : **सिराहामा पनि विरोध र गिरफ्तारी** - सिराहा। संजमो र एमालेका कार्यकर्ताहरू गिरफ्तार।

६५. साउन २२ : **पूर्वाञ्चलमा केटी बेच्ने गिरोह सक्रिय** - धरान। ११ देखि १४ वर्षका केटीहरू हराउन थालेको। असार ९ गते हराए, २३ गते आइपुगेकी ११ वर्षीया मञ्जु विश्वकर्माको प्रहरी समक्ष बयान।

६६. साउन २९ : **पाटन आन्दोलित हुँदैछ** - पाटन। मोटर साइकलमा यात्रा गरिरहेका लक्ष्मीभक्त महर्जनको हत्याको समाचार।

६७. भदौ ४ : **बलात्कारीलाई माफी** - गुल्मी। ६ वर्षीया बालिका बलात्कार गर्ने गोपाल श्रेष्ठलाई सात दिनमै रिहा।

६८. भदौ ११ : **मानवअधिकारवादीहरू हिरासतमा हत्या गर्छन्** - बुटवल। बुटवल बजारमा पल्लेदारी गर्ने प्रेमबहादुर श्रेष्ठलाई प्रहरीले पिटेर मारेको छ।

६९. भदौ ११ : **कांग्रेसीहरूद्वारा सामूहिक बलात्कार** - सिरहा। मिर्चैया गाविसका राजु गौतम, रामनारायण साह, रोशन साह, रमेश अर्यालद्वारा बलात्कार।

७०. भदौ १८ : **मानवअधिकारको मर्मप्रति घात** - कृष्ण पहाडीको मानवअधिकार सम्बन्धी लेख।

७१. भदौ १८ : **पशुपतिमा-यस्तो पनि हुन्छ** - काठमाडौं। शिव गिरी नामको बाबाले १५ गते २० वर्षीया युवतीलाई बलात्कार।

७२. भदौ १८ : **सिराहामा विभत्स हत्या : हत्यारा फरार** - सिराहा। असनपुर गाविसको दानादेवी महतोको हत्या।

७३. भदौ २५ : **मान्छे अलपत्र पारेर दलालहरू मोजमस्तीमा** - दलाल विष्णु राईले वैदेशिक रोजगार खोज्नेहरूलाई मलेशियामा अलपत्र पारेर भागेको।

७४. असोज १५ : **हिरासतमा कुटपिट** - धनकुटा। जिरिखिम्ती गाविसका देवेन्द्र विष्टलाई भदौ २४ मा बिनापूर्जी गिरफ्तार गरेर जिप्रका धनकुटाका प्रहरीले अंगभंग पारेको।

७५. असोज २२ : **कम्बोडियाई मानवअधिकारवादी नेपालमा** - काठमाडौं। "एडहक" का अध्यक्ष थुन सराय तथा सदस्यहरू सिमसोक, फारिड सोमु नेपालमा।

७६. असोज २९ : **सुनसरीमा गोली चल्यो** - सुनसरी। साहेबगंज गाविसमा प्रहरीले जनतामाथि असोज २६ गते गोली चलायो।

७७. असोज २९ : **झापामा हत्याका संख्या थपिँदैछन्** - झापा। झापामा एक महिनाभित्र सातवटा हत्याका वारदात।

७८. असोज २९ : **बुहारीको हत्या ?** - मकवानपुर। बुन्दल गाउँमा लक्ष्मी बन्जारा नाउँकी १९ वर्षीय महिलाको रहस्यमय मृत्यु।

७९. कार्तिक २० : **प्रहरी र इलामे बीच मीडन्त** - इलाम। रक्सी खाएको प्रहरीले एक युवकलाई कुटेपछि प्रहरी र युवाहरू बीच भीडन्त।

८०. मंसीर ४ : **मानवअधिकार हननको यो चरम रूप !** - काठमाडौं। कानपा-३४ बानेश्वर बस्ने १४ वर्षीय निरंजन ढकाललाई घरायसी रीसइबी साध्न ७ दिनसम्म प्रहरी हिरासतमा राखेर करेन्ट लगाएको।

८१. मंसीर ११ : **हराएका बन्दीहरूप्रति ए.ई. नेपाल** - काठमाडौं। ए.ई. को प्रेस विज्ञप्तीमा आधारित सप्ताहव्यापी मानवअधिकार जागरण कार्यक्रमको समाचार।

८२. मंसीर ११ : **रिजालबारे मासम** - काठमाडौं। टेकनाथ रिजाललाई आजीवन कारावासको सजायँ तोकेकोमा मासमको प्रतिक्रिया।

८३. मंसीर १८ : **बाढी पीडितहरूको भविष्य अन्धकार** - चितवन। बाढीबाट क्षतिग्रस्त पिप्ले, भण्डारा, कठार, खैरहनी, कुमरोज, बछौंली र पद्मपुर गाविसका जनता अहिलेसम्म बिचल्लीमा - कुनै राहत छैन।

८४. मंसीर २५ : **दाइजो प्रथा जसले नेपाललाई लज्जित बनाउँदै छ** - काठमाडौं इन्द्रचोक निवासी डा. रविशंकर रैनियारले भारतको हरिद्वारकी केटी रेखासंग बिहा गरेको। पछि दाइजोको माग गरेको। नदिएपछि विष खुवाएर रेखालाई सडकमा फालेको।

८५. मंसीर २५ : **ए.ई. नेपाल, कार्यक्रम र विवाद** - काठमाडौं। विश्व मानवअधिकार दिवसको सन्दर्भमा ए.ई. नेपालले २१ गते "संयुक्त राष्ट्र संघ र मानवअधिकार सम्बन्धी अंग" तथा "एम्नेष्टी अभियानमा अन्य मानवअधिकारवादी संस्थाहरूको भूमिका" विषयक छलफल कार्यक्रम गरेको थियो। (समाचारको पूर्वांश)।

८६. पुस २ : **संयुक्त राष्ट्र संघमा सिंह** - गणेशमानसिंह संयुक्त राष्ट्र संघद्वारा प्रदान गरिने मानवअधिकार पुरस्कारद्वारा सम्मानित हुनु भयो।

८७. पुस २ : **बाल कल्याण कि बाल बेचबिखन** – बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री बनाएर विदेशीलाई बेच्ने व्यवसायमा केही व्यक्ति र संस्थाहरू सक्रिय।

८८. पुस २ : **डि.एस.पी.को श्रीमती फेर्ने दाउ** – सिन्धुपाल्चोक जिल्लाका डि.एस.पी. कृष्णकुमार तामाङले दुई सन्तानकी आमा श्रीमती राधा तामाङ्गलाई सम्बन्ध बिच्छेद गर्न तीन वर्षदेखि यातना दिने गरेको।

८९. पुस २ : **मानवअधिकारको अवधारणा** – मासम, रूपन्देहीका सदस्य डोलाराम घिमिरेको लेख।

९०. पुस ९ : **भारतमा मानवअधिकारको स्थिति** – ए.ई. लण्डनको प्रेस विज्ञप्तीमा आधारित समाचार।

९१. पुस ९ : **विश्वका दुई अरब मान्छे मानवअधिकार उल्लंघन गर्दैछन्** – बुटवल। मासम रूपन्देही शाखाद्वारा आयोजित विचार गोष्ठीमा महासचिव विश्वकान्त मैनालीको उद्‌गार।

९२. पुस १६ : **दासढुङ्गा काण्ड बारे तुलाधर प्रतिवेदनको ठहर** – काठमाडौं। पद्मरत्न तुलाधरको संयोजकत्वमा गठित २३ सदस्यीय नागरिक छानवीन समितिले मंसीर १५ गते आफ्नो प्रतिवेदन प्रस्तुत गरेको छ।

९३. पुस १६ : **शहीदको सूचीमा अर्को नाम** – रामेछाप। प्रयागेश्वर मा.वि.का विद्यार्थी भोजबहादुर कार्कीलाई नेविसंघका जिल्ला अध्यक्ष, उपाध्यक्ष लगायतका व्यक्तिहरूले मंसीर २७ गते कुटपिट गरी हत्या गरेको कुरा अखिल छैठौंको केन्द्रीय कार्यालयले जनाएको छ।

९४. पुस १६ : **बालिका लापत्ता ?** – धरान। धरान, पुरानो बजारस्थित ईश्वर अग्रवालको घरमा काम गर्ने १५ वर्षीया पार्वती बंगाली गत मंसीर २८ गते बेलुकीपख रहस्यमय ढंगले हराइरहेकी छिन्।

साप्ताहिक विमर्श

(१ जनवरी १९९३ देखि ३१ डिसेम्बर १९९३ सम्म)

१. पुस १७ : **जेल निरीक्षण** – तानसेन। मासम र इन्सेकले मंसीर २८ गते पाल्पा कारागारको निरीक्षण गरी कारागारको स्थिति सुधार गर्नु पर्ने सुझाव सम्बन्धित निकायलाई दिएको।

२. पुस १७ : **कार्यवाही नहुने भयो** – काठमाडौं। बुढानीलकण्ठ थानाभित्रै बलात्कार गर्ने प्र.ना.नि. गोपालप्रसाद ढकाललाई उच्च तहका प्रहरी अधिकृतले बचाउन लागेको, घटनाको फोटोग्राफर देवमान गुरूङलाई पक्राउ गरी कठोर यातना दिएको बताउँदै मासमले प्रधानमन्त्री समक्ष अत्याचार रोक्न आग्रह गरेको छ।

३. पुस २४ : **विशेष प्रहरीको आतंक** – चन्द्रगढी। विशेष प्रहरीले यहाँका सरकारी कार्यालयका कर्मचारीहरूलाई धम्क्याउने, कुटपिट गर्ने गरी आतंक मच्चाएको।

४. पुस २४ : **कारागार कस्तो हुन्छ ?** – सुर्खेत। नेमाधिसं सुर्खेत शाखा र बन्दी सहायता नियोगका स्वयंसेवकहरूले जिल्ला कारागार सुर्खेतको निरीक्षण गरी त्यहाँको दुर्दशा, व्यभिचार र यातनाको प्रतिवेदन तयार गरेको।

५. माघ ९ : **मानवअधिकार गोष्ठी सम्पन्न** – जनकपुर। सार्क स्तरीय मानवअधिकार गोष्ठीको संक्षिप्त समाचार।

६. माघ ९ : **जनमोर्चा कार्यकर्ता गिरफ्तार** – जनकपुर। सतरवार गाविसका उपाध्यक्ष रामविहारीलाई आफ्नै भाइ माथि गोली चलाएको आरोपमा प्रहरीले गिरफ्तार गरेको।

७. माघ ९ : **नेपाली लुटिँदै छन्** – भैरहवा। भारतमा कार्यरत नेपाली घरविदामा नेपाल आउँदा उनीहरूलाई भारतीय सीमा प्रहरी, भन्सार र सडक परिवहन निगमका कर्मचारीले लुट्ने गरेको।

८. माघ १६ : **फेरि बालिका बलात्कृत** – काठमाडौं। धोबिखोला कालोपुलमा ऊन कारखाना चलाएर बस्ने मुकुन्द गुरूङले आफ्नै कारखानाको १२ वर्षीया कामदारलाई बलात्कार गरेको।

९. माघ १६ : **गोएवल्स शैलीको भूटानी प्रचार** – दक्षिण भुटानको गोम्तुमा मारिएका कैलाश दाहाल र बलराम गिरीको शरीरबाट गिंडिएका टाउका र सर्भाङ जिल्लाको हर्कबहादुर राईको जमिन मुनी गाडिएको लाशको अवशेषको फोटो सहित समाचार।

१०. फागुन १ : **हिजो सिंहदरवार अगाडि वामपन्थी धर्ना** – काठमाडौं। सिंहदरवार लगायत विभिन्न भागमा धर्ना। पोखराको धर्नामा सांसद तुलबहादुर गुरूङ, सोमनाथ प्यासी सहित ३०।४० जनाको डफ्फालाई प्रहरीले गिरफ्तार गऱ्यो।

११. फागुन १ : **फेरि बालिका बलात्कृत** – पोखरा। माघ २३ गते साँझ तलामा गुरूङ भन्ने व्यक्तिले चकलेटको लोभ देखाएर ४ वर्षीया बालिकालाई बलात्कार गरेको।

१२. फागुन ८ : **रहस्यमय हत्या** – इटहरी। प्रीती चालील नामक भारतीय महिलाको रहस्यमय हत्या। पोष्टमार्टमको रिपोर्ट र पक्राउ परेका ४ जना व्यक्तिको नाम प्रहरीले गोप्य राखेको।

१३. फागुन १५ : **मानवअधिकार** – आई.पी.एस., एन.पी.आई.को सौजन्यमा एसियामा मानवअधिकार बारे लेख।

१४. फागुन १५ : **फेरि दुई हत्या** – बुटवल। फागुन ७ गते बुटवलका गोरी बुढाथोकी र कृष्णनगरको सत्कार होटलमा अज्ञात महिलाको हत्या।

१५. फागुन २२ : **गिरफ्तार र रिहा** – भक्तपुर। ४ वामको आन्दोलनको तेस्रो चरणको कार्यक्रममा जिविस सभापति, उपसभापति, नेमकिपा जिल्ला अध्यक्ष आदि गिरफ्तार।

१६. फागुन २२ : **मानवअधिकारमा शाह नै** – काठमाडौं। फागुन १५ र १६ गते सम्पन्न नेमाधिसंको तेस्रो साधारण सभाको समाचार।

१७. फागुन २९ : **महासंघको ओखलढुंगा** – ओखलढुंगा। नेपाल मानवअधिकार महासंघले तुलसीप्रसाद कोइरालाको सभापतित्वमा ओखलढुंगा जिल्ला समिति गठन गरेको समाचार।

१८. फागुन २९ : **संभना यसरी मारिइन्** - सिन्धुली। "आन्दोलनको बलीमा संभना दाहाल" भन्ने क्याप्सन भएको फोटो सहित सिन्धुलीमा भएको प्रहरी र प्रदर्शनकारी बीचको मूठभेड र संभना दाहालको मृत्युको समाचार।

१९. चैत ६ : **उपत्यका बन्दले चर्काएको विद्यार्थी भीडन्त** - काठमाडौं। विद्यार्थी भीडन्त र भरत देवकोटाको मृत्युको समाचार। भीडन्तमा १९ जना नेविसंघ र १४ जना अखिलका विद्यार्थी घाइते।

२०. चैत ६ : **पानी पिउन पासपोर्ट बन्धकी** - काठमाडौं। रोजगारीको निम्ति मलेशिया पुगेका व्यक्तिहरूले भोग्नु परेका यातनाहरूको विषयमा विस्तृत समाचार।

२१. चैत ६ : **एम्नेष्टीको माग** - काठमाडौं। ए.ई. समूह - ३४ को वार्षिक साधारण सभाले वर्माकी नेतृ आङ सान् सूचीको रिहाईको माग गर्दै प्रस्तावहरू पास गरेको छ।

२२. चैत १३ : **विश्वासघातले उनीहरू बेचिन्छन्** - बालिका र महिलाहरू बेचिने र बलात्कृत हुने स्थितिको बारेमा "सावधान" संस्थामा आधारित कमला सरूपको लेख।

२३. चैत १३ : **काजीमान कसरी मारिए ?** - हेटौंडा। हाँडीखोला गाउँ वडा नं. ५ बस्ने काजीमान विश्वकर्मालाई फागुन २६ गते वासमाडी गाउँको अस्थायी प्रहरी चौकीका प्रहरीले कुटेर मारेको व्यहोराको समाचार।

२४. चैत १३ : **मासमको अनुरोध** - काठमाडौं। सांसद सुवास नेम्वाङले राष्ट्रिय सभामा प्रस्तुत गर्नु भएको मानवअधिकार सम्बन्धी संकल्प प्रस्ताव सदनमा पुनः ल्याई सर्वसम्मतिवाट स्वीकृत गर्न मासमले सत्तारूढ दलका सांसदहरूसंग अनुरोध गरेको छ।

२५. चैत १३ : **दिल्लीमा नेपाली विद्यार्थीको विचल्ली** - नयाँ दिल्ली मेहरौलीको "कर्णल सत्संग किरण मेमोरियल स्कूल" मा कक्षा ११ र १२ मा अध्ययनरत एकसय जति नेपाली विद्यार्थीहरू फागुन २८ गते मध्यरातमा छात्रावासबाट लखेटिएर शाही नेपाली राजदूतावासमा शरण लिन पुगेका।

२६. चैत २० : **कसरी बाँचेका छन् भूटानी शरणार्थी** - भूटानी शरणार्थीको स्थिति बारे पेशल पोखरेलको रिपोर्ट।

२७. चैत २० : **सही गर्दैमा संरक्षण हुँदैन** - काठमाडौं। इन्हुरेडको चैत ८ गते प्रकाशित प्रेस विज्ञप्तीमा आधारित समाचार।

२८. चैत २० : **एम्नेष्टीभित्र असन्तोषको नारा** - काठमाडौं। ए.ई. नेपालको वार्षिक साधारण सभामा नेतृत्वको लागि सांगठनिक विवाद।

२९. चैत २७ : **बेचिएकी महिला राजधानीमा** - काठमाडौं। रू. ३० हजारमा बेचिएकी श्रीमती सुनीता जोशी बम्बैबाट काठमाडौं आएको विवरण सुनीताको तस्वीर सहित।

३०. चैत २७ : **दलितको पीडा** - काठमाडौं। नेपाल दलित उत्थान संघले मकवानपुरको हाँडी खोलामा प्रहरीद्वारा भएको काजीमान विश्वकर्माको हत्या र दैलेख लाकुरीमा शंख बजाउने मलामीहरूमाथि भएको कुटपिटलाई मानवअधिकारको खिल्ली उडाउने घटना भन्दै यस्ता अमानवीय घटना रोक्न विशेष निकायको स्थापना गर्नु पर्ने माग गरेको छ।

३१. बैशाख ४ : **मानवअधिकारको नाममा ठगी त भइरहेको छैन ?** - २२ वटा मानवअधिकारवादी संस्थाको समीक्षात्मक टिप्पणी गर्दै ती संस्थाहरू मानव हितको लागि मात्र खोलिएका हुन् भनेर विश्वास मान्न नसकिने निष्कर्ष निकालिएको सुमन दाहालको लेख।

३२. बैशाख ४ : **सरकारले खोजेको के हो ?** - काठमाडौं। पुनर्जागरण र दृष्टिका पत्रकारहरूलाई गिरफ्तार गरी तारीखमा रिहा गरेको समाचार - टिप्पणी सहित।

३३. बैशाख ४ : **अर्को राजनीतिक हत्या** - भोजपुर। तात्लेपानी गाउँका नेका बुथ कमिटीका अध्यक्ष नरबहादुर राईका छोरा विश्वबन्धु राईको हालै छुरी प्रहारबाट हत्या भएको छ।

३४. बैशाख ११ : **मलेशिया जाने नेपाली के गर्दैछन्?** - काठमाडौं। वैदेशिक रोजगारका निम्ति मलेशिया गएका ७ हजारभन्दा बढी नेपालीहरूको मलेशिया जेलमा विचल्ली तथा मलेशिया लैजाने एजेन्टहरूको नाम बैंकको नेपाली राजदूतावासले नेपाल पठाएको तर श्रम मन्त्रालयले वास्ता नगरेको विस्तृत समाचार।

३५. बैशाख २५ : **प्रजिअ र प्रहरी पिटिए** - जनकपुर। प्रजिअ दुर्गाप्रसाद पोखरेल र एस.पी. जयसिंह थापा स्थानीय जनताबाट पिटिएपछि लाठीचार्ज, हवाइ फायर, ६ जना घाइते।

३६. बैशाख २५ : **एम्नेष्टी आजको सन्दर्भमा** - एम्नेष्टी नेपालको सांगठनिक विवाद विषयमा लेख ।

३७. जेठ ८ : **दमन रोक्न माग** - काठमाडौं। मासमले स्थानीय र कारागार प्रशासनबाट राजविराज कारागारका बन्दीहरूमा भैरहेको अमानवीय दमन तुरून्त रोक्नुपर्ने माग राखेको छ।

३८. जेठ ८ : **पाल्पामा मासम** - तानसेन। सार्वजनिक सुरक्षा ऐन र सार्वजनिक अपराध ऐनको खारेजीको माग गर्दै मासमको पाल्पा प्रथम जिल्ला सम्मेलन सम्पन्न।

३९. जेठ १५ : **मलेशियामा नेपालीलाई बेपत्ता पारिदैछ** - अलपत्र परेका नेपालीलाई निजी स्वार्थमा नेपाल भित्र्याउने क्रम शुरू भएपछि मलेशियाली प्रहरी र दलालले सयौं नेपालीलाई बेपत्ता पार्न थालेका छन्।

४०. जेठ १५ : **मृत्यु पर्खेर बसेको जेल** - परासी। जिल्ला कारागार भत्कने अवस्था भएकोले बन्दीहरू असुरक्षित रहेको समाचार।

४१. जेठ १५ : **फेरि प्रहरी आतंक** - गौर। गस्तीमा रहेका प्रहरी हवल्दार तहसील हुसेन र असई सौखिराम यादवले एकाएक गोली चलाउँदा एकतीस वर्षीया दुलारी देवी माझी र छोरी अनारकली माझीको मृत्यु।

४२. जेठ १५ : **आरक्षण हैन संरक्षण**, मानवअधिकार महासंघले आदिवासी वर्षको सन्दर्भमा १२ गते समारोह गऱ्यो। अध्यक्ष कुंवरकान्तले आदिवासीलाई आरक्षण भन्दा संरक्षण दिनुपर्ने विचार व्यक्त गर्नु भयो।

४३. जेठ २२ : **हङकङमा यसरी केटीहरू लगिन्छन् –** हङकङमा कार्यरत नेपाली युवक प्रीतम गुरूङ र काम मिलाई दिने प्रलोभनमा वेश्यालय लगिएकी नेपाली युवती सोफी विश्वकर्माको सहयोगमा प्रहरीले चुङकिङमेन्सनको एउटा फ्ल्याटबाट नेपालबाट केटीहरू लगेर हङकङमा वेश्यालय संचालन गर्ने एउटा गिरोहलाई पक्रेको छ।

४४. जेठ २९ : **गिरिजाले मियनामा पनि गाली खाने** – प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले अन्तर्राष्ट्रिय मानवअधिकार सम्मेलनमा गैरसरकारी नेपाली प्रतिनिधिहरूबाट गाली खाने निष्कर्षको केदार सुवेदीको रिपोर्ट।

४५. जेठ २९ : **मानवअधिकारप्रति प्रहरी रूचि** – "मानवअधिकार र नेपाल प्रहरी" विषयक गोष्ठीको आयोजना गरेर प्रहरीले मानवअधिकारप्रति आफ्नो पक्ष पनि संवेदनशील रहेको देखाउने प्रयत्न गरेको छ।

४६. असार ४ : **तिब्बती यसरी मारियो** – अवैध प्रवेशी तिब्बतीसंग नाजायज फाइदा लिन नपाएको रिसमा अस्ति उदयपुरमा प्रहरीले चलाएको गोली लागेर एक तिब्बतीको घटनास्थलमै मृत्यु भएको छ भने ८ जना सिकिस्त घाइते भएका छन्। प्रहरी ज्यादती लुकाउने प्रयास। गृह मन्त्रालयको टोली जनताको घेराउमा।

४७. असार ४ : **मानवअधिकार बेलायतमा पनि हनन भैरहेछ** – लण्डन (आइ.पि.एन.। एन.पि.आइ.) को रिपोर्ट प्रकाशित।

४८. असार ४ : **मियना सम्मेलन** – विदेश स्तम्भमा मियना सम्मेलन बारे सामाग्री प्रकाशित।

४९. असार ११ : **हत्या कि आत्महत्या ?** – पाटन। पतिको ताडनाबाट मरेको शंका गरिएको नख्खुडोल निवासी १९ वर्षीया उर्मिला बस्नेतको मृत्युलाई प्रहरीले आत्महत्यामा परिणत गर्न थालेको रहस्य प्रकट हुँदैछ।

५०. असार १८ : **को कहाँ कसरी मारिए ?** – उपत्यका बन्दमा गत हप्ता काठमाडौं र पाटनमा भएका हिंसात्मक घटनाहरूमा निर्दोष व्यक्तिहरूको पनि ज्यान गएको, आन्दोलनको प्रतिरोधको नाममा अन्धाधुन्द गोली प्रहार भएको उल्लेख गर्दै मानिसहरू को कहाँ कसरी मारिए भन्ने विवरण सहितको समाचार प्रकाशित।

५१. असार १८ : **जिल्ला जिल्लामा के के भए ?** – जिल्ला जिल्लामा भएका आन्दोलनका घटनाहरूको समाचार (तर ती ठाउँहरूमा भएको गिरफ्तारी र दमनको कुरै छैन।)

५२. असार २५ : **मानवअधिकार उल्लंघनमा नेपाल** – मियना सम्मेलनमा ए.ई.ले राष्ट्संघ तथा विभिन्न मुलुकका सरकारहरूले मानवअधिकार संरक्षण गर्न नसकेको दृष्टान्त दिँदै वार्षिक प्रतिवेदन प्रकाशित गऱ्यो।

५३. असार २५ : **घाइतेको मृत्यु** – भक्तपुर। सूर्यविनायक क्षेत्रमा २० गते भएको प्रहरी धरपकडमा समातिएका १८ वर्षीय विजय लामाको २२ गते वीर अस्पतालमा मृत्यु।

५४. असार २५ : **पुलिसले सरकारलाई बदनाम गरायो** – काठमाडौं। डिल्लीबजारमा अकारण प्रहरीले भीडमा गोली चलाउँदा ४ जना घाइते र १ जना बेपत्ता भएको उल्लेख गरिएको मानवअधिकार महासंघका अध्यक्ष कुंवरकान्तको वक्तव्य समाचार।

५५. साउन १ : **अमर लामाप्रति हृषिकेश शाह र पद्मरत्न** – काठमाडौं। नेमाधिसंका अध्यक्ष हृषिकेश शाहले अमर लामाको मानवअधिकार हनन भएको छ भन्ने प्रतिक्रिया दिनु भएको तर मासमका पद्मरत्न तुलाधरले चाहीं अहिल्यै अमर लामालाई हत्यारा भनी हाल्न नहुने विचार व्यक्त गर्नु भएको।

५६. साउन ८ : **आन्दोलनमा कहाँ कहाँ के भयो** – ४ र ५ को चक्का जाममा प्रहरी र आन्दोलनकारी बीचको भीडन्तमा झण्डै आधा दर्जनको ज्यान जानुका साथै धेरै मानिसहरू घाइते भएको उल्लेख गर्दै विभिन्न स्थानहरूमा भएको भीडन्त र गिरफ्तारीको सूचना – समाचार।

५७. साउन ८ : **चितवन अझै अशान्त छ** – चितवन। मुठभेडमा, १६ वर्षीया कौशिल्या रानामगरको निधारमा गोली लागेर मृत्यु। सांसद अमीक शेरचनमाथि प्रहरीले बर्बतापूर्ण आक्रमण गरेको। नारायणी पुलको पश्चिमपट्टि २ वटा अज्ञात लाश फेला पऱ्यो। अन्य ४ जना आन्दोलनकारी सख्त घाइते।

५८. साउन ८ : **ठगिएकाहरूको व्यथा कथा** – काठमाडौं। मलेशियाको जेलमा सन्तबहादुर श्रेष्ठ र खेमप्रसाद श्रेष्ठले भोगेको यातना विवरण।

५९. साउन २२ : **मानवअधिकार : २०९ दिनमा ३६३ उल्लंघन** – काठमाडौं। इन्सेकद्वारा तयार गरिएको मानवअधिकार वर्ष पुस्तकको विमोचन समारोहको समाचार।

६०. साउन २९ : **छुरी हानेर हत्या** – पाटन। २४ वर्षीय लक्ष्मीभक्त महर्जनलाई साउन २७ गते मोटरसाइकलमा यात्रा गरिरहेको बेला छुरी हानेर हत्या।

६१. भदौ ११ : **बरहथवामा के भएको थियो** – सर्लाही। ३० राउण्ड हवाई फायर सहित बरहथवामा अन्धाधुन्द गोली चल्यो। गोलीबाट ३० वर्षीय कपील देव सिंह र २४ वर्षीय विजय महतोको तत्काल मृत्यु। शिवप्रसाद घिमिरे, राजकुमार महतो, भुपेन्द ठकुरी आदि सख्त घाइते।

६२. भदौ ११ : **चेली बेच्ने पक्राउमा** – काठमाडौं। नेपाली चेलीलाई भारतमा लगेर बेच्ने रञ्जित लामा पक्राउ।

६३. असोज १ : **एउटी अबलाको कथा** – काठमाडौं। ०४४ सालदेखि विधवा भएकी काभ्रे, संखु एक्ले खेतकी ४६ वर्षीया श्रीमती सावित्री सापकोटालाई कृष्णहरि भट्टराईको निर्देशनमा कुट्ने, लखेट्ने र गाउँ निकाला गर्ने काम उनको सम्पत्ति हडप्ने नियतले गरिएको।

६४. असोज १५ : **अपराधी छुटाउन एमाले दौड** – धरान। एमालेको स्थानीय कार्यकर्ता जानुका दाहालले भारतको वेश्यालय पुऱ्याउने उद्देश्यले धरान तीन कुनेबाट केटीहरूलाई गाडी चढाउन लाग्दा प्रहरीले पक्राउ गरेको भन्ने व्यहोराको समाचार।

६६. असोज २२ : **मानवअधिकार कहाँ टुङ्गिन्छ ?** – काठमाडौं। प्र.म. कोइरालाद्वारा पत्रकार सम्मेलनमा प्रति प्रश्नः मानवअधिकार कहाँ टुंगिन्छ ? मलाई त लाग्छ समाजमा शान्ति सुव्यवस्था कायम गर्नु र जनतालाई सुरक्षा प्रदान गर्नु नै मानवअधिकार हो।

६७. असोज २२ : **व्यक्तिगत सुरक्षाका लागि कानून बनाइने** – नेपाल जुरिष्ट सोसाइटीले "दुष्कृति कानून" सम्बन्धी गोष्ठी गरेको।

६८. असोज २२ : **डकैती, बम र गोली** – कपिलवस्तु। असोज १९ गते साँझ भएको डकैतीपछि कृष्णनगरमा वम विस्फोट, ढुंगामुढा र प्रहरी र जनताबीच भीडन्तले जनजीवनमा असुरक्षा र आतंक।

६९. असोज २२ : **मानवअधिकार उच्चायोगको माग** – काठमाडौं। ए.ई. नेपालका अध्यक्ष कृष्ण पहाडीले असोज १६ गते वक्तव्य प्रकाशित गरी श्री ५ को सरकार समक्ष मानवअधिकारको लागि राष्ट्र संघीय उच्चायुक्तको व्यवस्था गर्ने कुरामा समर्थन जनाउन आव्हान।

७०. असोज २९ : **रोल्पामा के भएको हो ?** – करंती गाविसमा असोज २१ गते संजमो कार्यकर्ताहरूको भेलामा प्रहरी हस्तक्षेप र गिरफ्तारी। थुनुवापूर्जी बिना गिरफ्तारी र यातना।

७१. कार्तिक २० : **दशैंमा गोली** – परासी। दशैंको दिन एमाले कार्यकर्ता केशवराज गुरूङलाई प्रहरीले पक्राउ गरेपछि प्रहरी र जनताबीच भएको भीडन्तमा लाठी चार्ज र तीन राउण्ड हवाई फायर।

७२. मंसीर ४ : **यस्तो छ मोरङ कारागार** – विराटनगर। बन्दी सहायता नियोगले मोरंग कारागार निरीक्षण गरी ३५० क्षमताको कारागारमा ५३८ बन्दी भएको विज्ञप्ती प्रकाशित।

७३. मंसीर ४ : **धन कमाउन गएकाहरू ज्यान गुमाउँदै छन्** – काठमाडौं। मलेसियाको "पुस्तन" जेलमा ७ महिना बसेर नेपाल फर्केका २२ जना नेपालीहरूको व्यथा।

७४. मंसीर ११ : **एउटा तानाशाही अदालतको फैसला** – भूटानको उच्च अदालतले टेकनाथ रिजाललाई जन्म कैदको सजायं दिएको छ।

७५. मंसीर १८ : **एम्नेष्टीको बत्ती बलिरहेछ** – काठमाडौं। मानवअधिकार दिवसको सन्दर्भमा पत्रकार सम्मेलन गरी ए.ई. नेपालले तीस दिवसीय कार्यक्रम घोषणा गरेको छ।

७६. मंसीर १८ : **प्रहरीमाथि हमला** – इटहरी। वर्दीखोला बजारमा निस्केका प्रहरी अशोक साहलाई मंसीर ७ गते विहान देवचन्द्र र युवराज राईले फलामको डण्डीले मरणान्त हुने गरी पिटेको।

७७. मंसीर १८ : **अनौठो राजा : अनौठो आदेश** – राजद्रोहको आरोप लागेका मानवअधिकारवादी नेता टेकनाथ रिजाललाई ४ मंसीरमा आजन्म कैदको सजायं सुनाएको र मंसीर १२ गते (२७ नोभेम्बरमा) राजाले "दक्षिण भूटानको समस्या समाधान हुनासाथ" लागू हुने गरी माफी दिएको।

७८. मंसीर २५ : **पत्रकार थुनामा** – विराटनगर। साप्ताहिक विमर्शका विराटनगर स्थित सम्बाददाता सूर्य नेपाललाई २२ गते राती प्रहरीले पक्राउ गरी थुनामा राखेको।

७९. मंसीर २५ : **एम्नेष्टी विवाद जारी छ** – काठमाडौं। अनुशासनहीन, उच्छृङ्खल र अवान्छित गतिविधिमा लागेको अभियोगमा ए.ई. नेपालले ८ वटा समूहलाई खारेज गरेको छ।

८०. मंसीर २५ : **लाहुरेद्वारा लाहुरेकै शोषण** – रोजगारीका लागि ब्रुनाइ पुगेका नेपालीहरूलाई नेपालकै एउटा संगठित गिरोहले नराम्ररी ठगिरहेको कुरा ब्रुनाइको राजदरवारमा कार्यरत २५० जना नेपाली कामदारले जनाएका छन्।

८१. पुस २ : **रोल्पा मसालको मुक्तिक्षेत्र बन्दैछ** – कामरेड प्रचण्डको प्रभावमा रहेको रोल्पा अहिले मसालको मुक्तिक्षेत्रमा परिणत हुने क्रममा पुगेको छ। यहाँ नियोजित रूपमा संचालित हत्या र आतंकका घटनाले सीमा नाघ्न थालेको छ।

८२. पुस २ : **मानवअधिकारप्रति प्रतिवद्धता** – काठमाडौं। विश्व मानवअधिकार दिवसको उपलक्ष्यमा आयोजित विचार गोष्ठीमा प्रतिनिधि सभाका उपसभामुख महन्थ ठाकुरले अशिक्षा, पछौटेपन र आर्थिक समस्याबाट मुक्ति पाउन सबै वर्ग एवं जातिको सामूहिक प्रयास हुनु पर्ने कुरा बताउनु भएको छ।

८३. पुस २ : **मानवअधिकार आयोगको माग** – ४५ औं मानवअधिकार दिवसको उपलक्ष्यमा आयोजित गोष्ठीमा सभामुख दमननाथ ढुंगानाले नेपालमा राष्ट्रिय मानवअधिकार आयोगको आवश्यकता भएको बताउनु भएको छ।

८४. पुस ९ : **घाइतेले झन् दुःख पाए** – काठमाडौं। रोल्पामा मसाल आतंकको शिकार भएर उपचारार्थ काठमाडौं ल्याइएका दुई कांग्रसीहरूले दुई हप्ताको हैरानीपछि बल्ल बल्ल हिजो अस्पतालमा भर्ना पाएका छन्।

८५. पुस १६ : **पद्मरत्नको प्रतिवेदन** – काठमाडौं। दासढुंगा दुर्घटना बारे नागरिक छानवीन समितिको प्रतिवेदन प्रकाशित।

८६. पुस १६ : **भरत गुरूङ रिहा** – काठमाडौं। विभिन्न अपराधको कारणले नख्खु जेलमा थुनामा रहेका भरत गुरूङलाई "बाँकी कैद मिनाहा" गरी राजाको जन्मोत्सवको उपलक्ष्यमा रिहा।

८७. पुस १६ : **प्रहरीकै दोष रहेछ** – विराटनगर। विमर्श साप्ताहिकका विराटनगर सम्वाददाता सूर्य नेपाललाई मंसीर २२ गते प्रहरीले गरेको दुर्व्यवहारको छानवीन गर्न प्रेस काउन्सीलले पठाएको आयोगले प्रहरीलाई दोषी पाएको छ।

८८. पुस १६ : **मामाले मान्जीलाई ...** – भैरहवा। पुस ६ गते बुटवल बसस्टैण्ड नजिकैको सम्राट होटलमा आफ्नै भान्जीलाई बलात्कार गर्ने कुकर्मी मामाको पाप उदाङ्गियो। स्थानीय प्रहरीले बलात्कारी नेत्र बहादुर सुनारलाई

समयमै नउम्काएको भए नेत्र बहादुर अवश्य पनि जनताको आक्रोशको शिकार बन्ने थियो।

८९. पुस १६ : **आदिवासीतिर हेर** - मानवअधिकार महासंघका अध्यक्ष कुंवर कान्तले आदिवासी वर्षको सन्दर्भमा नेपालका आदिवासीहरूको उत्थानको लागि सरकारी र गैरसरकारी निकायले केही नगरेकोमा क्षोभ प्रकट गर्नु भएको छ। ❑

मानवअधिकार उल्लंघनका घटनाहरूमध्ये तपसिलका उल्लेखित शीर्षकहरूमा प्रकाशित समाचारको तालिका बनाई प्रकाशित घटना संख्याको तालिका निम्नानुसार प्रस्तुत गरिएको छ :-

पत्रिकाहरू	गोली र हत्या	हिरासतमा यातना	मुठभेड र गिरफ्तारी	महिला बेचबिखन र बलात्कार	वैदेशिक रोजगार र यातना	अन्य	कूल
दृष्टि	(२०) ९-१२-१७-१८-२४४०-४४-५०-५९ ६६-७४-७९-८३ ९२९४-९९-१०० ११८१२८-१४१	(५) ४-७६-८७-८९ ११३	(१९) १०-१९-२२-२३ ३४-४१-४७-४८ ६७-६९-७२-७६ ८०-८७-१०३-१०९११४-१२१-१२६	(१६) १-४३-५५-५७-६० ६३-७३-१०२-१०५ १०६-१०८-११० १११-१२७-१३७ १३८	(१) २४	(८०)	(१४१)
जन स्वतन्त्रता	(७) ४-१८-२९-३९ ४६-५८-६२	(६) १-१६-३०-४८ ७३-९३	(१०) १-१६-२२-३०-३६ ४८-४९-५७-७९ ८३	(१२) ५-१९-२६-२८ ४५-६०-६३-६४ ६५-६९-७७-८९	(३) ३-१०-७८	(६०)	(९८)
नेपालीपत्र	(१५) ७-९-१७-२०-२२ ३१-४९-५७-५९ ६२-६६-६८-७२ ७७-९३	(५) ४६-६०-६८-७४ ८०	(१३) १०-१३-२७-२९ ३२-३३-३५-४८ ५०-५१-५३-६४ ७९	(१४) १-६-११-३९-४० ४१-४२-४३-४५ ५४-६५-६७-६९ ७१	(१) ७३	(४६)	(९४)
विमर्श	(११) १२-१४-१८-२३ ३३-४१-४६-५० ५७-६०-६१	(१) २	(१०) ६-१०-१५-१९-३२ ३५-६८-७०-७१ ७८	(८) ८-११-२२-२९ ४३-६२-६५-६८	(६) ७-३४-३९-५८ ६४-७३	(५३)	(८९)

O ले कूल प्रकाशित संख्या जनाउँछ।
कोष्ठ भित्रका अंकहरूले क्रमसंख्या जनाउँछन्।

तथ्यांकमा नेपाल

आर्थिक योजना लक्ष र उपलब्धी

नेपालमा सरकारी योजनाको विकास प्रयासको थालनी ०१३ सालदेखि भएको हो। योजनाको माध्यमबाट देशको आर्थिक तथा सामाजिक वा सर्वाङ्गिण विकास गरी नेपाली जनताको जीवनस्तर उकास्ने अभ्यासमा ८ वटा पञ्च वर्षीय योजना र एउटा त्रीवर्षीय योजना सम्पन्न भइसकेका छन्। आर्थिक वर्ष ०४९/५० देखि आठौं पञ्च वर्षीय योजना (०४९-०५४) कार्यान्वियन भइरहेको छ। योजनावद्ध विकास प्रयासबाट नेपालमा भौतिक आधारशीला (सडक, हवाई यातायात, विद्युत आदि) तथा विभिन्न वित्तीय तथा सामाजिक संस्थाको विकासमा अनुकूल प्रभाव परेको छ। तर सर्वसाधारण नेपालीको जीवनस्तरमा भने उल्लेखनीय सुधार हुन सकेको छैन। ०१२ सालतिर नेपाली जनताको प्रतिव्यक्ति आय ४० अमेरिकी डलर बराबर भएको अनुमान गरिएको थियो। तर झण्डै ३६/३७ वर्षको अवधिमा नेपालीहरूको प्रतिव्यक्ति आयमा उक्त अनुमानित आयको साढे चार गुना मात्र वृद्धि हुन सकेर एकसय अमेरिकी डलर पुगेको अनुमान छ। हालको कहाली लाग्दो मूल्यको तुलनमा यो प्रतिव्यक्ति आय नेपाली जनताको जीवनयापनका लागि नगन्य छ। नेपालले उत्पादनमूलक अर्थोपार्जनका श्रोतहरूमा 'विविधिकरण गर्न सकिएको छैन। उत्पादनमूलक क्षेत्रको अर्थोपार्जनमा समेत अनुकूल प्रभाव परेको छैन। त्यसैले जनताको आय स्तर कम हुन गएको छ। कमजोर आयको कारणबाट नेपालीहरूको स्वास्थ्य स्थिति तर्फ पनि सुधार हुन सकेको छैन।

लगानी लक्ष र वास्तविक खर्च

०१३ मा थालनी गरिएको पहिलो पञ्च वर्षीय योजना (२०१३-१८) ले राष्ट्रिय उत्पादन तथा रोजगारी वृद्धि गरी नेपालीहरूको जीवनस्तर उठाउनुको साथै योजनाको निम्ति आर्थिक आधार खडा गर्ने र आवश्यक तथ्यांक संकलन गर्ने उद्देश्य लिएको थियो। अनुमानित बजेट रू. ३३ करोड (कूल गार्हस्थ उत्पादनको २ प्रतिशत) मध्ये योजना अवधिमा सो लक्षको ६५ प्रतिशत मात्र योजना कार्यान्वियनमा खर्च हुन सकेको थियो। कूल बजेटमा आन्तरिक श्रोतको योगदान २९ प्रतिशत मात्र र वाह्य श्रोत (वैदेशिक सहायता, अनुदान तथा ऋण) को भने ७१ प्रतिशत थियो।

पहिलो योजनाको समाप्ती पछि एकवर्ष (०१८-१९) कुनै आवधिक योजना कार्यान्वियन गरिएन। सो एक वर्षको अवधिमा सञ्चालनमा रहेका परियोजनाहरूको सुदृढिकरण तथा सुधार गर्ने, परियोजना कार्यान्वयामा देखा परेका समस्याहरूको पहिचान गर्ने, आवश्यक तथ्यांक संकलन गर्ने र अर्थतन्त्रको उत्पादनशील क्षेत्रमा देखापरेका समस्याहरूको अध्ययन गर्ने जस्ता कुराहरूमा सरकारी प्रयास केन्द्रीत रह्यो।

कूल बजेट अनुमान रू. ६० करोड (अर्थात कूल गार्हस्थ उत्पादनको ४.१ प्रतिशत) मा सञ्चालन भएको दोश्रो त्री-वर्षीय योजना अवधि (२०१९-२२) मा लक्षको तुलनामा अधिकांश रकम खर्च भएको थियो। बजेट अनुमानमा वाह्य श्रोतको अंश (८३.६%) चार चौथाई भन्दा बढी रहेकोमा वास्तविक खर्चमा सोको योगदान (७७%) केहिले मात्र कमी देखियो। कूल गार्हस्थ उत्पादनको ५.२ प्रतिशत रकम (अर्थात रू. १७४ करोड) को अनुमानित बजेट तर्जुमा गरिएको तेश्रो योजना अवधिमा कार्यान्वियन तर्फ लक्षको ९४.२ प्रतिशत मात्र खर्च भएको थियो। योजना कार्यान्वियनमा वाह्य श्रोत र आन्तरिक श्रोतको अंश समान (५०/५० प्रतिशत) रहने अनुमान गरिएकोमा वास्तविक खर्चमा वाह्य श्रोतको अंश (५३%) केहिले मात्र बढ्न गएको छ। (अनुसूची-तालिकाः १)

चौथो (वजेट अनुमान रू. २५५ करोड), पाँचौ (रू. ७५४.५ करोड) र छैठौं (रू. २१७५ करोड) योजनाको योजना अवधिमा वास्तविक खर्चमा लक्ष भन्दा ३२, १८ र १ प्रतिशतले वृद्धि भयो भने सातौं योजना (वजेट अनुमान रू. २९०० करोड) मा वजेट अनमुान भन्दा वास्तविक खर्चमा (६७%) दुई तिहाई भन्दा बढीले वृद्धि हुन गयो। चौथो योजना अवधिको खर्चमा वाहय श्रोत (अनुमानित ५८% र वास्तविक ५९%) र आन्तरिक श्रोत (अनुमानित ४२% र वास्तविक खर्च ४१%) को भार करीब एउटै रह्यो। पाँचौं र छैठौं योजनामा वास्तविक खर्चमा आन्तरिक तथा वाहय श्रोतको योगदान क्रमशः ४१ तथा ५९ र ३३ तथा ६७ प्रतिशत थियो। सातौं योजनामा भने वाहय श्रोतबाट जुटाइने रकमको अंश ७०.६ प्रतिशत रहने अनुमान गरिएको थियो।

वर्तमान आठौं पञ्चवर्षीय योजना (२०४९-५४) मा योजना अवधिमा रू. ११३४७.९ करोड खर्च हुने अनुमान गरिएको छ। योजना कार्यान्वियनको लागि वाहय श्रोतबाट करीब दुई तिहाई रकम बाँकी रकम आन्तरिक श्रोतबाट जुटाइएको अनुमान छ। (अनुसूची तालिका १, २ र स्तम्भ चित्र १, २, ३ र ४)

लगानी प्राथमिकता

योजना कार्यान्वियनको सन्दर्भमा देशका विभिन्न भौतिक (यातायात, संचार तथा विद्युत) आर्थिक (कृषि, उद्योग,

वाणिज्य) तथा सामाजिक (शिक्षा, स्वास्थ्य तथा पिउने पानी), संरचनालाई विभिन्न क्षेत्र तथा उपक्षेत्रमा वर्गीकरण गरी देशको प्राथमिकता निर्धारण गरिन्छ।

नेपालको पहिलो पञ्चवर्षीय योजना देखि चौथो पञ्च वर्षीय योजनाकालसम्म प्रत्येक योजनामा निर्माण यातायात तथा संचार र तत्पश्चात पाँचौं योजनादेखि सातौं योजनासम्म कृषि, सिंचाई तथा भूमि सुधार क्षेत्रमा लगानीको लागि सर्वोपरी प्राथमिकता दिइएको छ। चालु आठौं पञ्चवर्षीय योजना (०४९-५४) मा भने सामाजिक संरचना वा (शिक्षा, स्वास्थ्य तथा पिउने पानी) लगानीको लागि पहिलो प्राथमिकता क्रममा त्यसपछि मात्र कृषि, सिंचाई, भूमि सुधार क्षेत्र पर्दछ। नेपालको विभिन्न योजनामा लगानीको प्राथमिकता क्रमलाई निम्नलिखित तालिका ३ मा प्रस्तुत गरिएको छ।

क्षेत्रगत लगानी लक्ष र वास्तविक लगानीको तुलनात्मक अध्ययन गर्दा नेपालको पहिलो पञ्चवर्षीय, दोश्रो त्रीवर्षीय र तेश्रो पञ्चवर्षीय योजनाको तुलनामा अरू चारवटा आवधिक योजनामा लगानी लक्ष भन्दा वास्तविक खर्च बढी देखिन्छ। विकासका संरचना मध्ये भौतिक संरचना - विद्युत र यातायातमा सवभन्दा बढी (अर्थात कूल खर्चको एक तिहाई भन्दा बढी) र त्यसपछि कृषि क्षेत्रमा (एक चौथाई भन्दा बढी) खर्च भएको छ। तर विद्युत क्षेत्रको भौतिक प्रगति भने लक्षको एक तिहाई भन्दा केहिले बढी छ र कृषि क्षेत्रको उत्पादकत्वमा भने वाञ्छित प्रगति हुन सकेको छैन।

आर्थिक विकासको सन्दर्भमा कृषि उत्पादन सम्बन्धी लक्ष तेश्रो योजनादेखि मात्र निर्धारण गरिएको पाइन्छ। तेश्रो योजनादेखि पाँचौं योजना अवधिमा खाद्यान्न तथा नगदेवालीको उत्पादन दरमा वाञ्छित उपलब्धी हुन सकेन। पाँचौं योजना अवधिमा भने खाद्यान्न र नगदे वालीको उत्पादन झन घट्न गएको छ। छैठौं पञ्चवर्षीय योजनामा खाद्यान्न तथा नगदे वालीको उत्पादनमा लक्षभन्दा बढी दरले वृद्धि भएको छ। (अनुसूची तालिका ४)

सामाजिक सेवा

जनसंख्या उपभोक्ता मात्र होइन। उत्पादनको सक्रिय साधन पनि हो। कुनै पनि देशको उत्पादकत्व देशमा उपलब्ध साधनहरूमा मात्र निर्भर गर्दैन वल्की त्यस साधनको परिचालन गर्न सक्ने जनसाधन वा जनशक्ति (जुन जनसंख्याको आर्थिक कृयाकलापमा सरिक हुन सक्ने परिमाण) मा भर पर्दछ। वास्तवमा कुनै पनि देशको आर्थिक विकास त्यस देशमा उपलब्ध स्वस्थ, सक्षम र सवल जनशक्तिमा भर परेको हुन्छ। दक्ष जनसाधनको प्रभावकारी परिचालनबाट राष्ट्रिय उत्पादनमा अभिवृद्धि हुन्छ।

जनशक्तिको विकास देशको आर्थिक सामाजिक संरचनाको साथै त्यसको विकासको लागि गरिएका प्रयासबाट प्रभावित भएको हुन्छ। जनशक्तिको विकासको लागि शैक्षिक तथा स्वास्थ्य सुविधाको अवसरको प्राप्ती तथा विस्तारको साथै स्वच्छ पिउने पानीको आपूर्ति हुनुपर्ने हुन्छ। सामाजिक सेवाका यी क्षेत्रहरूको विकास सरकारको वित्तिय वचनवद्धताद्वारा

कालदेखि सामाजिक क्षेत्रको विकासको लागि देखाउँदै आएको वित्तिय कटिवद्धता, शिक्षा, स्वास्थ्य, पिउने पानी जस्ता पक्षहरूको वर्तमान स्थितिको वारेमा उल्लेख गर्ने जमर्को गरिएको छ।

शिक्षा : वित्तिय लक्ष तथा उपलब्धी

लक्ष : रू. करोडमा

	शिक्षा	
	लक्ष	उपलब्धी
पहिलो योजना	१.९	११०.५%
दोश्रो योजना	४.०	१२२.५%
तेश्रो योजना	१३	९०.७%
चौथो योजना	१२	२३६.७%
पाँचौं योजना	६७.५१	१५१.४%
छैठौं योजना	१६६	१५८२%
सातौं योजना	३०१.९	२०१.४%

श्रोत : विभिन्न योजना, रा.यो.आ.

उक्त तालिकाबाट नेपालको तेश्रो पञ्चवर्षीय योजना (लक्षको ९०.७%) मा बाहेक अन्य योजना अवधिमा लक्षित खर्च भन्दा वास्तविक खर्च बढी देखिन्छ। पहिलो योजना अवधिमा लक्षको तुलनामा १०.५ प्रतिशतले मात्र बढी देखिएको खर्च सातौं योजना अवधिमा लक्षको भन्दा १०१.४ प्रतिशतले वृद्धि हुन पुगेको छ।

शिक्षा : प्रति विद्यार्थी खर्च

पहिलो पञ्चवर्षीय योजना अवधिमा प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक कक्षामा अध्ययन गर्ने एक विद्यार्थीको लागि सालाखाला वार्षिक अनुमानित खर्च क्रमशः रू. ३०, ३४ र ४२ थियो।

नेपालको पाँचौं पञ्चवर्षीय योजना देखि प्रत्यक तहको विद्यार्थी भर्ना लक्ष र एक विद्यार्थीको लागि हुने खर्चको अनुमान तालिका १ मा प्रस्तुत गरिएको छ।

पाँचौं र छैठौं पञ्चवर्षीय योजनामा प्राथमिक विद्यालयमा अध्ययन गर्ने एक विद्यार्थीको लागि वार्षिक सालाखाला खर्च क्रमशः रू.५५, र रू.३९ र सातौं योजनामा रू. ४.६० मात्र अनुमान गरिएको थियो। पाँचौं योजना अवधिमा निम्न माध्यमिक र माध्यमिक विद्यालयमा अध्ययन गर्ने प्रत्येक विद्यार्थीको लागि अनुमानित खर्च क्रमशः रू. ९८ र रू. ३७ पर्न आउँछ। छैठौं योजनामा भने दुवै तहमा अध्ययन गर्ने एक विद्यार्थीको लागि अनुमानित वार्षिक खर्च रू. ३० देखिन्छ।

उच्च शिक्षामा सातौं योजनामा एक व्यक्तिको वार्षिक अनुमानित खर्च रू. ३६३ मात्र थियो भने छैठौं र आठौं

तालिका १

योजनामा तहगत विद्यार्थी भर्ना लक्ष र वित्तिय लक्षको अनुपात

		पाँचौं योजना	छैठौं योजना	सातौं योजना	आठौं योजना
१.	प्राथमिक				
	विद्यार्थी भर्ना लक्ष (संख्या)	३०२३००	१६४९०००	१३०४८०००	-
	वित्तिय लक्ष (रू.करोड)	८.३५	३२.१२	३०.२४	-
	प्रतिव्यक्ति वार्षिक खर्च रू.	५५.२	३९.०	४.६	-
२.	निम्नमाध्यमिक				
	भर्ना लक्ष	३६८५०	२८७०००	१७८९०००	-
	वित्तिय लक्ष (रू.करोड)	३.६२	-	-	-
	प्रतिव्यक्ति वार्षिक खर्च	९८.२	-	-	-
३.	माध्यमिक शिक्षा				
	विद्यार्थी भर्ना लक्ष	१४७४००	२७७०००	१८१२०००	-
	वित्तिय लक्ष (रू.करोड)	२.७५	८.४५	५२.६	-
	प्रतिव्यक्ति वार्षिक खर्च	३७.३	३०.०	२९.२	-
४.	उच्च शिक्षा				
	विद्यार्थी भर्ना लक्ष	२६२४१०	७४१७१४	४१२६०४	१०८२८६०
	वित्तिय लक्ष (रू.करोड)	२९.५३	७५.६१	७५०	५९४.२५
	प्रतिव्यक्ति वार्षिक खर्च	२२३.०	१९९७.२	३६३.५	१०९८

१) माध्यमिक तथा निम्न माध्यमिकको लागि संयुक्त वित्तिय लक्ष

२) प्रौढ शिक्षा समेत समावेश

३) सातौं योजनामा अन्य शैक्षिक कार्यक्रम भनी नि.मा. तथा माध्यमिक शिक्षाको लागि वित्तिय लक्ष समावेश गरिएको।

योजनामा सो खर्च क्रमशः रू.१९९७.२ र रू.१०९८ हुन आउँछ।

भौतिक सुविधा तथा विद्यार्थी संख्या

नेपालमा वि.सं. २००७ साल ताका ३२१ वटा प्राथमिक विद्यालय ११ वटा माध्यमिक विद्यालय २ वटा कलेजहरू थिए। उक्त प्राथमिक विद्यालयमा ८५०५ जना विद्यार्थीहरूले अध्ययन गरेको उल्लेख पाइन्छ। २०१८ सालदेखि २०४८ सम्मको प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक शिक्षा सम्बन्धी झलक तालिका २ बाट खुल्दछ।

शिक्षा क्षेत्रमा सातवटा आवधिक योजनामा जे जति प्रगति हासिल गरेको छ सो शिक्षाको गुणात्मक पक्षभन्दा परिमाणात्मक पक्षमा नै बढी सीमित रहेको छ।

नेपालमा हाल त्रिभुवन विश्व विद्यालय र महेन्द्र संस्कृत विश्व विद्यालय गरी दुई वटा विश्व विद्यालय सरकारी क्षेत्रमा सञ्चालन भइरहेका छन् भने निजी क्षेत्रमा एक मात्र काठमाडौं विश्व विद्यालय छ। त्रिभुवन विश्व विद्यालय अन्तरगत ६४ वटा आंगिक क्याम्पस र १३४ वटा निजी क्षेत्रका क्याम्पसहरू सञ्चालित छन्। उच्च शिक्षामा अध्ययन गर्ने विद्यार्थी संख्या स्तम्भ चित्र ५ मा प्रस्तुत गरिएको छ।

पिउने पानी

नेपालको पाँचौं पञ्चवर्षीय योजना अवधिमा जनतालाई स्वच्छ पिउने पानी उपलब्ध गराउने हेतुले रू.२४.८ करोड खर्च गर्ने लक्ष राखिएको थियो। छैठौं र सातौं योजनामा पिउने पानीको आपूर्तिमा सुधार ल्याउनको लागि क्रमशः रू. १०० र रू ९८.५ करोड खर्च गर्ने लक्ष राखिएकोमा छैठौंमा लक्षको ८८.९% मात्र खर्च भयो र सातौं योजनामा लक्षको ८४.६% भन्दा बढीले खर्च वृद्धि हुन गयो। आठौं योजना अवधिमा यस क्षेत्रको लागि लक्षित खर्च रू. ६२७ करोड छ।

तालिका २

विद्यालय, शिक्षक तथा विद्यार्थी संख्या र विद्यालय, शिक्षक तथा विद्यार्थी अनुपात

रू. हजारमा

	२०१८	२०२१	२०२९	२०३१	२०४७	२०४८
प्राथमिक शिक्षा						
विद्यालय	४.००१	-	७.६३४	८.२६७	१७.८४२	१८.६८१
शिक्षक	७.३३१	-	१८.२५	१७.७३८	७१.२१३	७४.८४९
विद्यार्थी	१८२.५३३	-	२४२.६११	४०१.०३	२७८८.६४४	२९२६.००
विद्यालय-विद्यार्थी अनुपात	१:२५	-	१:१३	१:२३	१:३	१:३९
शिक्षक-विद्यार्थी अनुपान	१:४६	-	१:३२	१:४८	१:१५६	१:१५७
निम्न माध्यमिक शिक्षा						
विद्यालय	-	०.६७७	१.८८	३.९६४	४.०९२	
शिक्षक	-	-	-	६.०६२	१२.३९९	१३.२०७
विद्यार्थी	-	-	१३६.०१	१६०.२६	३४४.१३८	३८१.००
विद्यालय-विद्यार्थी अनुपात	-	-	१:२०१	१:२९	१:८७	१:९३
शिक्षक-विद्यार्थी अनुपात	-	-	-	१:२६	१:२८	१:२९
माध्यमिक शिक्षा						
विद्यालय	०.१५६	-	०.४९४	०.४७५	१.९५०	२.०८१
शिक्षक	१.७७२	-	२६.६१	३.४२२	१०.४२१	११.३८१
विद्यार्थी	२६.८४४	-	४१.०४९	६१.३२५	३६४.५२५	३८६.००
विद्यालय-विद्यार्थी अनुपात	१:१७२	-	१:८३	१:१२९	१:१८७	१:१८५
शिक्षक-विद्यार्थी अनुपात	१:१५	-	१:१५४८	१:१८	१:३५	१:३४

तालिका ३

पिउने पानीको सुविधाबाट लाभान्वित जनसंख्या

					जम्मा लाभान्वित	
	शहरी	प्रतिशत	ग्रामिण	प्रतिशत	जनसंख्या	प्रतिशत
चौथो योजना	–	–	–	–	८३८२००	७.२५
पाँचौं योजना	६८७०००	४.८	८६१०००	६.००	१५४८०००	१०.८५
छैठौं योजना	८६६०००	७९.५	२९७७०००	२०.०	३८४३०००	२४.०
सातौं योजना	२६८०००	१५.२	२४४७०००	१४.३	२७१४०००	१४.४
०४८/४९ को अन्त सम्ममा	११७२०००	६७	६६९९०००	३९	७८७१००	४१

पाँचौं पञ्चवर्षीय योजना अवधिसम्ममा कूल जनसंख्याको ७.२५ प्रतिशत जनसंख्याको लागि पिउने पानी सुविधा पुऱ्याइएकोमा सातौं योजना अवधिमा सो सुविधा १४.४ प्रतिशत जनताको लागि उपलब्ध छ। आ.व. ०४९/५० को आर्थिक सर्वेक्षण अनुसार ०४८/४९ को अन्तसम्ममा शहरी क्षेत्रको कूल जनसंख्याको ६७ प्रतिशत र ग्रामिण क्षेत्रको कूल जनसंख्याको ३९ प्रतिशत र नेपालको कूल जनसंख्याको ४१ प्रतिशतको लागि पिउने पानीको सुविधा उपलब्ध छ।

शिक्षा, स्वास्थ्य, पिउने पानी, रक्षा र वैदेशिक सेवा अन्तरगत साल वसाली खर्चको वृद्धि दर :

०३१/३२ देखिको उपलब्ध तथ्यांकका आधारमा १८ वर्षको अवधिमा श्री ५ को सरकारद्वारा शिक्षा, स्वास्थ्य, पिउने पानी, रक्षा र वैदेशिक सेवा (परराष्ट्र मन्त्रालय र सोसंग सम्बन्धित विदेशी कुटनैतिक कार्यालय तथा अन्य वैदेशिक सेवा सम्बन्धी) मा गरिएको खर्चको वृद्धि दर निकाल्न Regression Analysis गरिएको थियो। सो विश्लेषण अनुसार उक्त क्षेत्रमा गरिएको खर्चको वार्षिक वृद्धि दर तलको तालिका ४ अनुसार छ।

तालिका ४

०३१/३२ – ०४८/४९ को अवधिमा भएको वार्षिक खर्चको वृद्धि दर (b) रू. करोडमा

शिक्षा	५.७५	y=a+bx
स्वास्थ्य	१.३८	
पिउने पानी	२.०१	
रक्षा	३.५७	
वैदेशिक सेवा	०.५२१	

स्वास्थ्य

स्वास्थ्य क्षेत्रको लागि विभिन्न योजनाको लक्षित खर्च र वास्तविक खर्चलाई केलाउँदा पहिलो (लक्षको ६४%), तेश्रो (लक्षको ७५.८%) र छैठौं (लक्षको ८६.९%) मा लक्षित खर्च भन्दा वास्तविक खर्च कम देखिन्छ। अरू योजनाहरूमा भने लक्षित खर्च भन्दा वास्तविक खर्च बढी नै देखिन्छ।

तालिका ५

स्वास्थ्य क्षेत्रको लक्षित खर्च र वास्तविक खर्च

रू. करोडमा

	लक्ष	वास्तविक खर्च
पहिलो योजना	२.५	६.४%
दोश्रो योजना	३.७	१२४.३%
तेश्रो योजना	१२	७५.८%
चौथो योजना	१५.१	११७.२%
पाँचौं योजना	१५.१	११७.२%
छैठौं योजना	१०६	८६.९%
सातौं योजना	१३३	१४६.५%

नेपालका सातवटा योजनामा गरिएको वित्तिय लक्षको तुलनामा सवभन्दा बढी खर्च सातौं योजनामा देखिन्छ। आठौं योजनामा रू. ५४६.६ करोड खर्च गर्ने लक्ष रहेको छ।

तालिका ६

स्वास्थ्य : प्रतिव्यक्ति लक्षित तथा वास्तविक खर्च

	लक्ष	वास्तविक खर्च
पहिलो योजना	३.०२	१.९३%
दोश्रो योजना	३.९	४.८%
तेश्रो योजना	१२.७	९.७%
चौथो योजना	१३.१	१५.३%
पाँचौं योजना	१२.०	१२.६%
छैठौं योजना	७०.६	५४.९
सातौं योजना	७९.२	१०७.६%
आठौं योजना	२९६.०६	–

तालिका ६ मा विभिन्न योजना अवधिमा देशका नागरिकहरूको स्वास्थ्य स्थितिमा सुधार ल्याउनको लागि एक व्यक्तिमा गर्न खोजिएको खर्च र वास्तविक खर्चको तुलनात्मक विवरण दिइएको छ। नेपालको पहिलो, तेश्रो र छैठौं योजनामा एक व्यक्तिको लागि गर्न खोजिएको खर्चको प्रतिवद्धता भन्दा वास्तविकता पछाडि परेको छ। अन्य योजना अवधिमा भने लक्षित खर्च भन्दा वास्तविक खर्च बढी नै देखिन्छ। तर यस प्रकारको प्रतिवद्धता र उपलब्धीले वास्तविक रूपमा जनतामा सेवा पुऱ्याउन सकेको छ त ? योजना अवधिको लक्षित खर्च र वास्तविक खर्चलाई एक व्यक्तिमा पर्न आउने वार्षिक खर्चमा बदलेर हेर्ने हो भने नेपाली जनताको आवश्यकता अनुसार स्वास्थ सेवाको विस्तारको लागि उपलब्ध वित्तिय साधन अपर्याप्त देखिन्छ। जस्तै सातौं योजनामा प्रतिव्यक्ति सालाखाला वार्षिक खर्च रू.२२ थियो भने आठौं योजना अवधिमा यस प्रकारको खर्च रू.५९ हुने अनुमान छ।

स्वास्थ सेवाको विस्तार

वि.सं. २०१३ सालमा डाक्टर र अस्पताल शैया क्रमशः ५० र ६४९ थियो। यस तथ्यांकलाई वि.सं. २०११

तालिका ७

स्वास्थ्य सेवाको स्थिति

	स्वास्थ्य सेवा	चौथो योजनाको अन्त्यमा	छैठौ योजनाको अन्त्यमा स्थिति	सातौं योजनाको अन्त्यमा स्थिति	२०४९/५०
१.	अस्पताल	५८	८०	१११	११४
२.	अस्पताल शैया	२०१८	३५२२	४५७२	४८४८
३.	अस्पताल शैया जनसंख्यामा अनुपात	६२३७	४६३१	३९५०	३८०८
४.	स्वास्थ्य केन्द्र	३५	२६	१६	१८
५.	स्वास्थ्य चौकी	३५१	७९४	८१६	८१६
६.	स्वास्थ्य, चौकी जनसंख्याको अनुपात	३५८५६	२०६७७	२२२७१	२२६२५
७.	आयुर्वेद औषधालय	८५	१२५	१५३	१६५
८.	डाक्टर	–	६०२	९५१	१४९७
९.	डाक्टर जनसंख्याको अनुपात	–	२७२७१	१६११०	१२३३३
१०.	परिचारिका	–	–	२९८०	२९९९
११.	कविराज	-	-	२४०	२४०
१२.	वैद्य	-	-	१३०	१४४
१३.	स्वास्थ्य सहायक	–	–	११८६	३४६१
१४.	स्वास्थ्य कार्यकर्ता	–	–	१९४६१	२०४४२
१५.	स्थानीय स्वास्थ्य कार्यकर्ता	-	-	३०००	४०१५

सालको जनसंख्याको अनुपात अनुसार केलाउँदा नेपालमा डाक्टर र जनसंख्याको अनुपात १:१६५७१३ र अस्पताल शैया र जनसंख्याको अनुपात १:१२७६७ हुन आउँछ। अर्थात २०१३ सालमा करीब १६५७१३ जनाको लागि एक डाक्टर र १२७६७ जनाको लागि एक अस्पताल शैया उपलब्ध थियो।

नेपालमा चौथो पञ्चवर्षीय योजनादेखिको स्वास्थ्य सेवाको स्थिति तालिका ७ मा प्रस्तुत गरिएको छ।

तालिका ७ बाट नेपालमा पहिलेको दाँजोमा स्वास्थ्य सेवा प्रदान गर्ने अस्पताल, स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीको संख्यामा वृद्धि भएको कुरा जानकारी मिल्दछ। जनसंख्याको अनुपातमा भने अझै पनि क्रमशः ३८०८ र २२६२५ जनाको लागि क्रमशः एक अस्पताल शैया र एक स्वास्थ्य चौकी पर्न आउँछ। साथै एक डाक्टरले १२३३३ जनालाई सेवा पुऱ्याउनु पर्ने स्थिति रहेको यथार्थता उक्त तालिकाबाट स्पष्ट हुन आउँछ।

स्वास्थ्य सूचकहरू : नेपालको महत्वपूर्ण स्वास्थ्य सुचकांकहरूमा विभिन्न सरकारी प्रयासहरूबाट सुधार भएको देखिएता पनि अन्य देशहरूको तुलनामा नेपालको स्थिति अझै पछि परेको छ।

अस्पतालमा जनसंख्याको बढ्दो चापलाई मनन् गरी श्री ५ को सरकारले मध्यमाञ्चलमा बाहेक अन्य क्षेत्रमा क्षेत्रीय अस्पतालहरू स्थापना गर्ने लक्ष राखेकोमा सातौं योजना अवधिमा पोखरा अस्पताल र धरान घोपालाई क्षेत्रीय अस्पतालको रूपमा सञ्चालन गरिएको छ।

अधिराज्यको प्रत्येक जिल्लामा १५ शैयाको अस्पताल सेवा उपलब्ध गराउने नीति अनुसार सातौं योजना अवधिमा १५ जिल्लामा अस्पताल सञ्चालन गरिएका छन्।

स्वास्थ्य नीति ०४८ अनुसार गाउँ विकास समितिहरूमा पनि स्वास्थ्य संस्थाको व्यवस्था गर्नुपर्ने आधारमा ०४८ सालमा २० वटा प्राथमिक स्वास्थ्य केन्द्र र गा.वि.स.मा २०० वटा स्वास्थ्य उपचौकी स्थापना गरिएका छन्। स्वास्थ्य सेवाको वर्तमान स्थितिलाई केलाउँदा अधिराज्यको मूख्य केन्द्र विन्दु काठमाडौं र अन्य अञ्चलको शहरी क्षेत्रमा मात्र अस्पतालको सेवा उपलब्ध छ। नेपालको कूल जनसंख्याको करीब ९०.९ प्रतिशत जनता नगरपालिका क्षेत्र भन्दा बाहिर (गा.वि.स.मा) बसोबास गरेका छन्। वागमती अञ्चल बाहेक अन्य अञ्चल तथा

तालिका ८

महत्वपूर्ण स्वास्थ्य सूचकहरू

		२००७/१७	छैठौं योजनाको अन्तिम वर्षसम्म	२०४८/४९
१.	शिशु मृत्यु दर (प्रतिहजार)	-	१११	१०२
२.	बाल मृत्यु दर (५ वर्ष मुनिका)	१९७	–	१६५
३.	मातृ मृत्यु दर (प्रति लाख जन्ममा)	–	–	८५०
४.	औषत आयु (वर्ष)	२७.६	५१.४८	५४
५.	जनसंख्या वृद्धि दर (प्रतिशत)	–	२.५	२.१
६.	कोरा जन्म दर (प्रतिहजार)	४५.५	४२	३९.६
७.	कोरा मृत्यु दर (प्रतिहजार)	३०.३७	१७.१	१४.८५

विश्व स्वास्थ्य संस्थाको १९७४ को रिपोर्ट अनुसार नेपालका जनताको स्वास्थ्य सम्बन्धी समस्या निम्नलिखित क्रम अनुसार छन्। मलेरिया, उच्च बाल मृत्यु दर (५ वर्ष मुनिका), टि.बी., उच्च प्रजनन् दर, झाडा पखाला, स्वच्छ पिउने पानीको असुविधा, फोहर मैला अव्यवस्थित तरीकाले फालिनु, ठेउला, उच्च मातृ मृत्यु दर, कुष्ठ रोग, गाँड, जुगा, प्रोटिन तथा क्यालोरीको कमी, दादुरा, टिटानस, श्वास प्रश्वास सम्बन्धी रोग, छाला सम्बन्धी तथा मूत्र नली सम्बन्धी रोगहरू। नेपालमा यस प्रकारका स्वास्थ्य समस्याको कारणले गर्दा पनि मृत्यु दर बढी हुन गएको हो।

जिल्लाहरूमा दरवन्दी अनुसार डाक्टर नहुने, विशेषज्ञहरूको अभाव, औषधि तथा उचित सल्लाहको अभावले गर्दा पनि नेपालमा [illegible] मृत्यु दर बढी छ।

सातौं योजना अवधिमा स्वास्थ्य क्षेत्रमा देखिएका समस्याहरूमा स्वास्थ्य संस्थाहरूमा जनशक्ति तथा भौतिक सुविधाहरूको कमीको साथै प्रशासनिक तथा आर्थिक व्यवस्थापनका समस्याहरू नै मूख्य रूपमा औंल्याइएको छ। स्वास्थ्य क्षेत्रमा देखा परेका समस्या निम्नलिखित छन् -

- हिमाल तथा पहाडी क्षेत्रमा भौगोलिक कठिनाई र तराई क्षेत्रमा विरामीको चापले गर्दा लक्षित जनसंख्यालाई आवश्यक प्राथमिक स्वास्थ्य सेवा पनि उपलब्ध हुन सकेको छैन।
- स्वास्थ्य संस्थाहरूमा आवश्यकता अनुसार स्वास्थ्य कार्यकर्ता, औषधि तथा औजारको कमीले गर्दा उपयुक्त स्वास्थ्य सेवा उपलब्ध हुन सकेको छैन।
- प्रशासनिक तथा आर्थिक नियम कानूनहरूले गर्दा निर्णय प्रकृयामा ढिलाई, स्वास्थ्य संस्थाहरूमा जनशक्तिको पदपूर्ति तथा सरूवा बढुवा सम्बन्धी समस्याले गर्दा विद्यमान जनशक्ति परिचालन हुन नसकी स्वास्थ्य संस्थाहरूमा उच्च तथा मध्यम स्तरीय जनशक्ति आपूर्ति हुन सकेको छैन।

उपसंहार

विगत योजना अवधिमा यातायात, सञ्चार सुविधा, स्वास्थ्य, खानेपानी, साक्षरता तथा विद्यार्थी भर्ना अनुपात जस्ता क्षेत्रहरूमा सुधार एवं विस्तार भएता पनि देशको अर्थतन्त्रको समष्टीगत उपलब्धी सन्तोषजनक छैन। आर्थिक दृष्टिकोणबाट बहुसंख्यक जनताको जीवन पद्धतिमा परिवर्तन हुन सकेन।

विगतका प्रयासको समष्टीगत स्थितिलाई निम्न बुँदामा उल्लेख गरिएको छ -

१) वि.सं. ०१८, ०२८ र ०३८ को जनगणना अनुसार जनसंख्या वृद्धि दर क्रमशः १.६५, २.०७ र २.६६ प्रतिशत थियो तर यस प्रकारको उच्च जनसंख्या वृद्धिको अनुपातमा देशको गार्हस्थ उत्पादनमा खास वृद्धि हुन सकेन। ०२१/२२ देखि ०४६/४७ को २६ वर्षको अवधिमा गार्हस्थ उत्पादनको वार्षिक वृद्धि दर ३.४ प्रतिशत रहयो भने प्रतिव्यक्ति गार्हस्थ उत्पादन केवल ०.८ प्रतिशत मात्र। आ.व. ०२१/२२ मा प्रतिव्यक्ति आय रू. १३०४ रहेकोमा ०४६/४७ मा केवल रू. ३०१ (०३१/३२) को मूल्यमा मात्र थप भयो। यस अवधिमा कृषि क्षेत्रको ३.३ प्रतिशत र गैर कृषि क्षेत्रमा ३.८ प्रतिशत (स्थिर प्रचलित मूल्यमा) वृद्धि दर रहयो।

कूल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदानमा पनि कुनै परिवर्तन हुन सकेन (अर्थात ०२१/२२ मा कूल गार्हस्थ उत्पादनको ६५.१ प्रतिशत कृषि क्षेत्रले ओगटेकोमा ०४६/४७ मा सो अनुपातमा ४ प्रतिशतले घट्न गई ६१ प्रतिशतमा पुग्यो। आ.व. ०४९/५० को आर्थिक सर्वेक्षण अनुसार ०४८/४९ मा कूल गार्हस्थ उत्पादनमा कृषि क्षेत्र र गैर कृषि क्षेत्रको योगदान क्रमशः ४९ र ५१ प्रतिशत रहयो। यसरी देशको समष्टिगत अर्थतन्त्रको संरचनामा उल्लेखनीय परिवर्तन हुन सकेन र उत्पादनको आधार पनि परम्परागत नै रहयो। कृषिमा जनभार (८१ प्रतिशत, ०४८) अत्यधिक रहयो। कृषिमा रहेको अत्यधिक जनभार अन्यत्र (उद्योग तथा अन्य क्षेत्र) स्थानान्तरण हुन सकेन। यिनै कारणले गर्दा नै कृषिमा प्रतिव्यक्ति उत्पादन घट्दै गयो।

आ.व. ०१८/१९ मा खाद्यान्न उत्पादन ३.१५२ हजार मे.टन रहेकोमा ०४६/४७ मा ५६९८ हजार मे.टन हुन गई सो अवधिमा खाद्यान्न उत्पादनको वृद्धि दर वार्षिक २.१ प्रतिशत मात्र रहयो। जनसंख्या वृद्धि दरसंग यस उत्पादन वृद्धि दरलाई केलाउँदा प्रतिव्यक्ति खाद्यान्न उत्पादन जनसंख्या वृद्धि दर भन्दा कम हुन आउँछ।

कूल गार्हस्थ उत्पादनमा घरेलु तथा मझौला तथा ठूला उद्योगहरूको योगदान ५ प्रतिशत मात्र रहयो। कूल श्रम शक्तिको करीव २ प्रतिशत श्रम शक्तिलाई मात्र यस क्षेत्रले रोजगारी दियो। यिनै कारणले आर्थिक वृद्धि दर निम्न हुन गयो।

२) विगतका योजना अभ्यासमा समावेश भएका आर्थिक नीति तथा कार्यक्रमहरूले सर्वाङ्गिण विकासको उद्देश्य परिपूर्तिको सन्दर्भमा समाजका निम्न आय भएका वर्गलाई समेट्न सकेन। निम्न आय भएका व्यक्तिहरूको आकांक्षा र आर्थिक अधिकारलाई विकासको एउटै प्रवाहमा डोर्याउन असफल भयो। जसको फलस्वरूप रोजगारीका अवसरका फाइदा पनि समाजका सक्षम वर्ग (अर्थात जसले शिक्षा, तालिमको अवसरमा सरिक गराउन सक्छ) ले प्राप्त गरे। जसको फलस्वरूप समाजमा रहेको आय र सम्पत्तिको वितरणको अन्तराल झन् फराकिलो हुँदै गयो। आर्थिक एवं पूँजीको असमानता बढ्दै गयो। यिनै कारणले गर्दा बहुसंख्यक जनता गरिबीको रेखामुनी रहे।

३) देशको उत्पादन क्षमता बढाउनको लागि कूल गार्हस्थ उत्पादनको बढ्दो अंशलाई लगानी तर्फ प्रवाहित गर्नुपर्ने हुन्छ। यसको लागि कूल गार्हस्थ वचत बढाउनु पर्दछ। कूल गार्हस्थ वचत बढाउनको लागि उपभोगमा कटौती गर्नुपर्ने हुन्छ। २०३१/३२ मा कूल राष्ट्रिय उपभोग कूल गार्हस्थ उत्पादनको ९० प्रतिशत रहेकोमा २०४६/४७ मा सो प्रतिशतमा ३.९ प्रतिशत (अर्थात ९३.९%) ले वृद्धि हुन गयो। जसको फलस्वरूप २०३१/३२ मा कूल गार्हस्थ उत्पादनको १० प्रतिशत कूल गार्हस्थ वचत रहेकोमा सो वचत घटी ६.१ प्रतिशतमा पुग्यो।

४) २०३८ र आ.व. २०४३/४४ को तथ्यांक अनुसार नेपालका कूल घर धूरीको ९ प्रतिशतको स्वामित्वमा कूल कृषि भूमिको ४७ प्रतिशत भूमि रहेको र १० प्रतिशत परिवारले कूल राष्ट्रिय आयको झण्डै एक चौथाई आय आर्जन गर्ने गर्दछन्। विकास प्रवाहमा देशका अधिकांश जनता नसमेटिनु, देशमा उपलब्ध अधिकांश आर्थिक साधनहरू नगरमुखी र

नगरवासिन्दाको अधिनमा हुनु जस्ता कारणहरूबाट देशका नागरिकहरूको बीचमा आय र सम्पत्तिको वितरणमा अन्तराल बढ्दै गएको हो।

५) २०४८ सालको जनगणनाको अनुमान अनुसार नेपालमा बेरोजगारी अनुपात ८.५ प्रतिशत रहेको छ। आ.व. २०४३/४४ मा तथ्यांक विभागबाट सञ्चालन गरिएको सर्वेक्षणमा एस.एल.सी. र सो भन्दा माथि शैक्षिक योग्यता भएका शहरी श्रम शक्तिको करीब ४६ प्रतिशत बेरोजगार रहेको पाइएको थियो। राष्ट्रिय योजना आयोगको ०३३/३४ र राष्ट्र बैंकको ०४०/४१ पारिवारिक घर धूरी सर्वेक्षणले नेपालको कृषि क्षेत्रमा अर्ध बेरोजगारी ४५ देखि ६३ प्रतिशत रहेको जनाएको छ।

६) राष्ट्रिय योजना आयोगले प्रतिव्यक्ति दैनिक निर्वाह खर्च (०४६/४७ को मूल्यमा) रू. ६/- सम्मलाई गरिबीको रेखा मानेको छ। ग्रामिण क्षेत्रमा संलग्न एकजना सामान्य श्रमिक (रू.३.४), निर्माण/यातायात (रू.५.७०), उत्पादन (रू.४.६०), घर मालिक (रू.५.८०) को आय (०४१/४२ को स्थिर मूल्यमा) दैनिक आवश्यकता परिपूर्ति गर्न चाहिने आमदानी भन्दा कम छ। साथै शहरी क्षेत्रमा काम गर्ने एक जना सामान्य श्रमिक (रू.५.१०) को आय पनि उसलाई दैनिक खाँचो टार्न (०४१/४२ को मूल्यमा) नपुग्ने नै देखिन्छ। शहरी क्षेत्रमा प्रोफेशनल/प्राविधिक, प्रशासनिक/व्यवस्थापन, बिक्री र सेवा उत्पादन तथा घर मालिकको प्रतिव्यक्ति दैनिक आय बाहेक अन्य क्लर्क, कृषि, उत्पादन, निर्माण यातायात वर्गको रूपमा काम गर्ने व्यक्तिको दैनिक आय पनि दैनिक आवश्यकता परिपूर्ति गर्न नपुग्ने देखिन्छ।

७) राष्ट्र बैंकको सर्वेक्षण (०४१/४२) अनुसार कृषिमा संलग्न साना (रू.५.९) तथा सिमान्त कृषकको (रू.४.९) र खनजोत गर्न जमिन नभएका कृषक (रू.५.१) को दैनिक आय पनि दैनिक आवश्यकताको लागि खर्च गर्न नभ्याउने देखिएको छ। वि.सं. ०४८ सालको कृषि गणना अनुसार एक हेक्टर भन्दा कम जमिन हुने कृषकको संख्या ७० प्रतिशत भन्दा कम छ। यसको तात्पर्य कृषिमा संलग्न (८१ प्रतिशत) कृषकहरूमध्ये अधकांश सिमान्त कृषकहरू गरिबी चक्रमा परेका छन्।

यसरी विगतका विकास अभ्यासको प्रभाव जनजीवनस्तरमा पुग्न नसक्दा, जनसंख्या वृद्धि दरको तुलनामा गार्हस्थ उत्पादनमा वृद्धि हुन सकेन। आर्थिक संरचनाका श्रोतहरूको विस्तार हुन सकेन। जसको फलस्वरूप परम्परागत जीवनयापनको साधनको रूपमा रहेको कृषि क्षेत्रमा नै जनजीवन आश्रित भयो। तर कृषि क्षेत्रको जमिन तथा आयको वितरणको ठूलो अंश धनी वर्गमा नै पर्न गयो। धनी वर्ग नै मानवअधिकारका अवसरहरू अर्थात शिक्षा, स्वास्थ्य सुविधा, रोजगारी जस्ता क्षेत्रहरूबाट लाभान्वित भए। यसरी सिमान्त/कृषक वर्गहरू विकास प्रवाहमा समेटिन नसक्नुको कारणले गर्दा आ.व. ०४७/४८ मा निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसंख्या अनुपात (४९ प्रतिशत) ०४४/४५ (४२.५ प्रतिशत) को तुलनामा झनै बढ्न गयो। (विश्व बैंकको ०४७/४८ को रिपोर्ट अनुसार निरपेक्ष गरिबीको रेखामुनी रहेकोजनसंख्या ७० प्रतिशत रहेको छ।)

अनुसूची तालिका १

नेपालको विभिन्न योजनामा क्षेत्रगत लक्षित सरकारी र वास्तविक खर्च प्रचलित मूल्यमा (२०१३/१४ – २०४९/५४)

रू. करोड

योजना / क्षेत्र		कृषि सिंचाई भूमिसुधार	उद्योग खनिज वाणिज्य पर्यटन	विद्युत	यातायत संचार निर्माण	सामाजिक सेवा				विविध	कूल खर्च
						क. शिक्षा	ख. स्वास्थ्य	ग. पिउने पानी	घ. अन्य		
	लक्षित खर्च	५.२(१५.९)	२.५(७.५)	३.०(९.०)	१२.४(३७.६)	१.९(५.८)	२.५(७.६)	-	४.२५(१२.९)	१.२५(३.८)	३३
पहिलो योजना	वास्तविक खर्च	२.०(९.३)	१.०(४.७)	१.३(६.१)	९.५(४४.४)	२.१(९.८)	१.६(७.५)	-	२.७(१२.६)	१.२(५.६)	२१.४(६४.८)
२०१३–१८	लक्षको उपलब्धी %	३८.४६	४०	४३.३३	१२.४	११०.५३	६४	-	६३.५३	९६	६४.८५
	लक्षित खर्च	८.७(१४.५)	१०.२(१७)	९.१(१५.२)	१४.४(२४.०)	४.०(६.७	३.७(६.२)	-	-	९.९(१६.४)	६०.०
दोस्रो योजना	वास्तविक खर्च	९.१(१५.२)	१०.४(१७.४)	१३.७(२२.६)	९.३(१५.६)	४.९(८.३)	४.६(७.७)	-	-	७.७(१२.९)	५९.७(९९.५)
२०१९–२२	लक्षको उपलब्धी %	१०४.६०	१०१.९६	१५०.५५	६४.५८	१२२.५	१२४.३२	-	-	७७.७८	९९.५
	लक्षित खर्च	३७.८(२१.८)	१२.५(७.२)	२६.०(१४.९)	६१.५(३५.३)	१३.०(७.५)	१२.०(६.९)	-	-	११.२(६.४)	१७४.०
तेश्रो योजना	वास्तविक खर्च	२५.६(१५.६)	६.८(४.१)	१७.२(१०.५)	७८.८५(४८.१)	११.७(७.१)	८.७(५.३)	-	-	१५.१(९.३)	१६३.९५(९४.२)
२०२२–२७	लक्षको उपलब्धी %	६७.७२	५४.४	६६.१५	१२८.२१	९०	७२.५	-	-	१३४.८२	९४.२२
	लक्षित खर्च	६६.३(२५.८)	२४.५(९.५)	२२.५(८.८)	१०५.०(४०.९)	१२.०(४.७)	१५.१(५.९)	-	-	११.६(४.५)	२५७.०
चौथो योजना	वास्तविक खर्च	७२.२(२१.५)	३३.१(९.९)	१७.४(५.२)	१३९.२(४१.५)	२८.४(८.५)	१७.७(५.३)	-	१९.५(५.७)	८.२(२.४)	३३५.७(१३०.६)
२०२६–३२	लक्षको उपलब्धी %	१०८.९०	१३५.१	७७.३३	१३२.५७	२३६.६७	११७.२२	-	-	७०.६९	१३०.६२
	लक्षित खर्च	२२७.८७(३०.२)	७०.६(९.४)	८०.०(१०.६)	१९९.०३(२६.४)	६७.५१(८.९)	४५.५०(६.०)	२४.८(३.३)	३९.१९(५.२)	-	७५४.५
पाँचौं योजना	वास्तविक खर्च	२५२.३(२६.५)	६५.१(६.८)	११३.७(१२.०)	२५८.१(२७.१)	१०२.२(१०.७)	५१.०(५.४)	-	-	१०८.३(११.४)	९५०.७(१२६.०)
२०३२–३७	लक्षको उपलब्धी %	११०.७२	९२.२१	१४२.१२	१२९.६८	१५१.३८	११२.०९	-	-	-	१२६.०
	लक्षित खर्च	६६०(३०.४)	१८०(८.२)	३८०(१७.५)	४२३(१९.४)	१६६(७.६)	१०६(४.९)	१००(४.६)	-	१६०(७.४)	२१७५
छैठौं योजना	वास्तविक खर्च	६३३.३६(२८.४)	२०१.१७(९.०)	२६३.६६(११.८)	४३१.३७(१९.४)	२६२.५३(११.८)	९२.१५(४.१)	८८.९४(४.०)	१७७.५२(८.०)	७८.१९(३.५)	२२२८.८(१०२.५)
२०३७–४२	लक्षको उपलब्धी %	९५.९५	१११.७६	६९.३८	१०१.९८	१५८.१५	८६.९३	८८.९४	-	४८.८७	१०२.४७
	लक्षित खर्च	८८७.५९(३०.६)	२७३.३८(९.४)	४८१.२७(१६.६)	५१३.२५(१७.७)	३०१.९२(१०.४)	१३३.८(४.६)	९८.९(३.४)	१९८.३५(६)	११.५४(०.४)	२९००
सातौं योजना	वास्तविक खर्च	१२८१.४५(२७.१)	२९८.१८(६.३)	८२९.०३(१७.५)	७६१.६४(१६.१)	६०८.१३(१२.९)	१९६.०१(४.१)	१८२.५५(३.९)	३५८.५१(७.६)	२१२.८४(४.५	४७२८.३४(१६२.०)
२०४२–४७	लक्षको उपलब्धी %	१४४.३७	१०९.०७	१७२.२६	१४८.३९	२०१.४२	१४६.४९	१८४.५८	१८०.७५	१८४४.३७	१६३.०५
	लक्षित खर्च	२९१९.३(२५.७)	३७२.६(३.३)	२३७१.९(२०.९)	२००३.०(१७.६५)	१७२९.०(१५.२)	५४६.६(४.८)	६२७.३(५.५)	६७७.९(६)	१००.३(०.८८)	११३४७.९
आठौं योजना	वास्तविक खर्च	-	-	-	-	-	-	-	-	-	-
२०४९–५४	लक्षको उपलब्धी %	-	-	-	-	-	-	-	-	-	-

नोट : कोष्ठ भित्रको अंकले प्रतिशत जनाउँछ ।

अनुसूची तालिका २
नेपालको योजनामा सरकारी खर्च र साधनको श्रोत

प्रतिशतमा (%)

	पहिलो योजना		दोस्रो योजना		तेस्रो योजना		चौथो योजना		पाँचौ योजना		छैठौं योजना		सातौं योजना		आठौं यो.
	लक्षित	वास्तविक	लक्षित	वास्तविक	लक्षित	वास्तविक	लक्षित	वास्तविक	लक्षित	वास्तविक	लक्षित	वास्तविक	लक्षित	वास्तविक	लक्षित
राजस्व वचत	२०.९	–	७.४	१७.६	४४.०	४५.७	२४.५	४१.८	३२.३	३८.१	२८.३	२२.१	१०.७	–	२७.५
आन्तरिक श्रोत	७.९	२३.४	९.०	३.४	६.०	–२.३	१७.५	१३.४	२२.७	१०.२	१०.७	२६.८	१८.७	–	७.०
क) गैर वैकिङ्ग क्षेत्र	७.९	–	३.०	३.४	२.०	२.८	–	२.४	८.९	०.५	९.१	२६.५	१०.०	–	७.०
ख) वैकिङ्ग क्षेत्र	–	२३.४	६.०	–	४.०	–५.१	१७.५	११.०	१३.८	९.७	१.६	०.३	८.७	–	–
वैदेशिक श्रोत	७१.२	७६.६	८३.६	७९.०	५०.०	५६.६	५८.०	४४.८	४५.०	५१.७	६१.०	५१.१	७०.६	–	६५.५
क) अनुदान	७१.२	७६.६	७४.६	७१.०	४२.०	५५.७	५०.२	३५.९	२२.३	३०.०	३१.२	२५.४	३५.९	–	१७.४
ख) ऋण	–	–	९.०	८.०	८.०	०.९	७.८	८.९	२२.७	२१.७	२९.७	२५.७	३४.७	–	४८.१
कूल विकास खर्च	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	–	१००.०

श्रोत : विभिन्न आवधिक योजना, रा.यो.आ.

अनुसूची तालिका ३
नेपालको विभिन्न योजनामा लगानी प्राथमिकता
(क्षेत्रगत प्राथमिकता क्रम अनुसार)

	पहिलो योजना	दोस्रो योजना	तेस्रो योजना	चौथो योजना	पाँचौ योजना	छैठौ योजना	सातौं योजना	आठौं योजना
कृषि सिंचाई / भूमिसुधार	II	IV	II	II	I	I	I	I
उद्योग खनिज / वाणिज्य पर्यटन	V	II	V	III	IV	IV	V	VIII
विद्युत	IV	III	III	IV	III	III	III	II
निर्माण यातायात / संचार	I	I	I	I	II	II	II	III
सामाजिक सेवा	VI	V	IV	VI	V	V	IV	IV
शिक्षा / स्वास्थ्य	V	VI	VI	V	VII	VI	VII	VII
पिउने पानी	-	-	-	-	VI	VII	VIII	VI
अन्य (ग्रामिण विकास)	III	-	-	-	-	-	VI	V

श्रोतः विभिन्न आवधिक योजनाहरू, रा.यो.आयोग

अनुसूची तालिका ४
नेपालको विभिन्न योजनामा भौतिक लक्ष र उपलब्धी

		१. सडक (कि.मी.)	क. कालो पत्रे	ख. खण्डास्मिय	ग. कच्ची	२. टेलिफोन (संख्या)	३. विद्युत उत्पादन (कि.वा.)	५. सिंचित भूमि ००० (हे)	६. कृषि उत्पादन वृद्धि दर	क. खाद्यान्न % मा	ख. नगदे बाली वृद्धि दर % मा	७. कुल गार्हस्थ उत्पादन(वृद्धि दर)
पहिलो	लक्ष	५५९.२	-	-	-	७००.०	२०.०	१११.४	-	-	-	-
	उपलब्धी	३१०.३(५५.५)	-	-	-	१५०(२१.४)	.७५(२१.४)	२६.५(२३.९)	-	-	-	-
दोस्रो	लक्ष	१४४०.०	३२०.०	-	११२०.०	९००.०	२२.०	४६.९	-	-	-	-
	उपलब्धी	६२०(६३.९)	७२(२२.५)	-	८४८(७५.७)	-	४.४५(२०.२)	४०.५(८६.४)	-	-	-	-
तेस्रो	लक्ष	८४८.२	४७१.०	-	३७७.०	-	४८.०	०.०१७	-	२.८	१२.०	३.८
	उपलब्धी	६७८(७९.९)	३९५(४३.९)	-	२८३(७५.१)	-	३२(६६.७)	०.०५७(३३५.३)	-	०.९	७.९	२.६
चौथो	लक्ष	१८३०.०	५८५.०	९७३.०	२७२.०	८८००.०	३६.३	१४६.७	-	३.०	११.६	४.०
	उपलब्धी	११९१(६५.१)	७२९(१२४.६)	२३२(२३.८)	२३०(८४.६)	३५५०(४०.३)	२६(७१.७)	४९.०(३३.४)	-	१.८	३.९	२.२
पाँचौं	लक्ष	१२०७.०	४९०.०	५८०.०	१३७.०	२४०७०.०	५९.०	१८६.०	३.६	३.३	१०.९	५.०
	उपलब्धी	१७६७(१४६.४)	४६५(९४.९)	२५४(४३.८)	१०४०(७५९.१)	४७५०(१९.७)	१६(२७.१)	६०.०(३२.३)	-१.१	-२.९	-५.२	२.३
छैठौं	लक्ष	१९५०.०	६७२.०	७७५.०	५०३.०	२३४५०.०	१४४.९	२३३.५	३.२	२.८	३.९	४.३
	उपलब्धी	६८९०(३५३.३)	२७१६(४४.०१)	१३३९(१७२.८)	२८३५(५६३.६)	१३९००(२९.३)	८७.५९(६०.४)	१४०.२(६०.०)	५.९	६.२	४.३	४.४
सातौं	लक्ष	१९८१.०	४३२.०	७३४.०	८१५.०	६८७००.०	१०६.६	२३५.५	४.३	४.१	५.२	४.५
	उपलब्धी	११६९(५९.०)	२०७(४७.९)	६५१(८८.७)	३०३(३७.२)	५१९००(७५.५)	१०३.०१(९६.६)	१७९.३(७६.१)	-	२.२	-	-
आठौं	लक्ष	१०८३.०	-	-	-	-	२९.७	२९३.९	-	५.४	९.१	५.१

- कोष्ठ भित्रको अंकले लक्षको प्रगति प्रतिशत जनाउँछ ।
- तथ्यांक उपलब्ध नभएका कोष्ठहरुमा (-) जनाइएको छ ।
- श्रोत : विभिन्न आवधिक योजनाहरु, रा.यो. आयोग ।

अनुसूची तालिका ५

योजना	उद्देश्य
१. पहिलो-	देशमा उत्पादनको वृद्धि तथा बेकारलाई कामको प्रवन्ध गर्नु - जनताको जीवनस्तर उठाउने मौका प्रदान गर्नु - योजनाको कार्यान्वियनको लागि सरल नियमहरू निर्माणको साथै आवश्यक सरकारी संस्थाहरू स्थापना गर्नु
२. दोस्रो योजना	- आधारभूत तथ्यांक संकलन गर्ने - प्रशासनिक संगठनमा सुधार ल्याउने - दिगो विकासको लागि आधारभूत संरचनाको निर्माण गर्ने
३. तेस्रो योजना	- खाद्यान्नमा उत्पादनमा वृद्धि गर्नु - कृषि तर्फ व्यवस्थामूलक सुधार गर्ने - विकासको पूर्वाधारको रूपमा रहेको यातायात - संचार र विद्युतको विकास गर्ने - उद्योगको विकास गर्नु - विदेशी व्यापारमा वृद्धि गर्नु तथा व्यापार विविधिकरण गरी सामाजिक असमानता हटाउनु
४. चौथो योजना	- राष्ट्रिय उत्पादनमा अधिकतम वृद्धि गर्ने - यातायात, संचार तथा विद्युत जस्ता विकासका आधार तयार गर्ने - अन्तर्राष्ट्रिय व्यापारको विस्तार तथा विविधिकरण गर्ने - आर्थिक स्थिरता कायम गर्ने - श्रम शक्तिको प्रभावकारी उपयोग गर्ने र शोषण रहित समाजको श्रृजना गर्ने
५. पाँचौं योजना	- जनउपयोगी उत्पादनमा वृद्धि गर्ने - श्रम शक्तिको अधिकतम उपयोग गर्ने - प्रादेशिक सन्तुलन र एकीकरण गर्ने
६. छैठौं र सातौं योजना	- उत्पादन बढी दरले वृद्धि गर्ने - उत्पादनशील रोजगारीको अवसरमा वृद्धि गर्ने - जनताको न्यूनतम आवश्यकता परिपूर्ति गर्ने
७. आठौं योजना	- दिगो आर्थिक वृद्धि हासिल गर्ने - गरिबी हटाउने - क्षेत्रीय असन्तुलन हटाउने

अनुसूची तालिका ६
आर्थिक तथा सामाजिक परिसूचकहरू

	०२१/२२ देखि ०४६/४७ को प्रतिशत वृद्धि	०४६/४७ देखि ०४८/४९ को प्रतिशत वृद्धि	कृषि क्षेत्र र गैर कृषि क्षेत्रको अंश (प्रतिशत) ०२१/२२	०४६/४७	०४८/४९
कूल गार्हस्थ उत्पादन (२०३१/३२ को मूल्यमा)	३.३	४.३	१००	१००	१००
कृषि क्षेत्र	३.१	१.६	६५.१	६१.०	४९
गैर कृषि क्षेत्र	३.८	८.४	३४.९	३९.०	५१

	०३१/४२ - ०४६/४७ को औषत वृद्धि दर	०४६/४७ - ०४८/४९ को वृद्धि दर
खाद्यान्न उत्पादन दर	३.१	-०.७
नगदे वाली	४.३	३.६
सबै प्रमुख वालीहरू	३.३	०.१

	०१८	०२८	०३८	०४८
जनसंख्या वृद्धि दर (प्रतिशत)	१.६५	२.०७	२.६६	२.१

	०२१/२२ देखि ०४६/४७
प्रति व्यक्ति कूल गार्हस्थ उत्पादन वृद्धि दर (%)	०.८

	०२१/२२	०४६/४७
प्रतिव्यक्ति आय रू. (२०३१/३२ को मूल्यमा)	१,३०४	१,६०५

	०१७/१८	०४६/४७	०४८/४९	कूल खेतीयोग्य भूमिको प्रतिशत ०४८
सिंचित भूमि (००० हे.)	११.४	५५०.५	५९८.८	२२

	०४८
कूल गार्हस्थ उत्पादनमा औद्योगिक क्षेत्रको अंश (%)	५.०

	०४८
रोजगारी	२.०
उद्योग	८१.०
कृषि	१७.०
अन्य (कृषि र उद्योग बाहेक)	

निरपेक्ष गरिबीको रेखा मुनि रहेको जनसंख्या %	०४४/४५	०४७/४८
राष्ट्रिय योजना आयोगको अनुमान	४२.५	४९.०
विश्व बैंकले अनुमान	-	७०

	०३१/३२ - ०४१/४२	०४१/४२-०४८/४९	०४७/४८	०४८/४९
कूल गार्हस्थ बचत %	१४.२	९.७	-	-
गार्हस्थ बचतको अंश (औसत प्रतिशत)	११	१०.४	७.४	९.५

	०३३/३४	०४३/४४	०४८/४९
राष्ट्रिय शहरी उपभोक्ता मूल्य सूची वृद्धि दर (वार्षिक औसत)	२.७	१३.३	१८.९

मुद्रा प्रदाय

	०४८/४९	०४९/५०
एम १ (मुद्रा र चल्ती निक्षेप) %	२०.४	१७.३
एम २	१७.९	१९.२

रू. करोडमा

	निर्यात		आयात		व्यापार घाटा	
	०४७/४८	०४८/४९	०४७/४८	०४८/४९	०४७/४८	०४८/४९
भारत	१५५.२२	१५६.८९	७३२.३१	११८१.५९	-५७७.०९	- १०२४.७०
		(८८.७%)		(३५.९)		(५३.९%)
अन्य मुलुक	५८३.५३	१२३७.०५	१५९०.३४	२११३.५४	-१००६.८१	-८७६.४९
		(११.३%)		(६४.१%)		(४६.१%)
कूल	७३८.७५	१३९३.९४	२३२२.६५	३२९५.१३	-१५८३.९०	-१९०१.१९
		(८८.७%)		(४१.९%)		(१९%)

उर्जा खपत

	०४८/४९	०४९/५०
कूल उर्जा खपत (००० मे.टनमा)	९२.७	९४.६

उर्जाको उपयोग श्रोत अनुसार

	०४८/४९ %
परम्परागत श्रोत	९३.१
दाउरा	७३.५४
कृषिजन्य अवशेष	११.०
पशुजन्य अवशेष	८.७
आधुनिक श्रोत	६.९
पेट्रोलियम पदार्थ	४.९
कोइला	१.०
विद्युत	१.०
कूल	१००

जल विद्युत

कूल सम्भाव्य जल विद्युत क्षमता : ८३,००० मेगावाट

उत्पादन (मेगावाट)	०४८/४९	२३८.३१३
कूल क्षमताको उत्पादन प्रतिशत	०४८/४९	०.२९

	०४८/४९	०४९/५०
कूल जनसंख्यामा विद्युत सेवा उपभोग गर्नेहरूको (%)	११.०	११.६

	०४८/४९	०४९/५०
प्रतिव्यक्ति विद्युत खपत (किलोवाट/घण्टा)	३५.३१	३४.००

क्षेत्र अनुसार विद्युत उपयोग

क्षेत्र	०४८/४९
गार्हस्थ	३६.६
औद्योगिक	३२.८
व्यापारिक	६.०
निर्यात	११.४
अन्य	१३.२

सामाजिक आर्थिक वर्ग अनुसार प्रतिव्यक्ति प्रतिदिन आय (०४१/४२) रू.मा

वर्ग	ग्रामिण क्षेत्र	शहरी क्षेत्र
प्रोफेसनल / प्राविधिक	८.०	१६.१०
प्रशासनिक / व्यवस्थापन	६.३०	२४.६०
क्लर्क	७.१०	१०.६०
कृषि	६.८०	९.३०
विक्री र सेवा उत्पादन	७.७०	१३.३०
उत्पादन	४.६०	८.००
निर्माण / यातायात	५.७०	७.३०
सामान्य श्रमिक	३.४०	५.१०
घर मालिक	५.८०	१२.२०

कृषि जन्य (जमिनको आधार अनुसार)

क. प्रतिव्यक्ति प्रति दिन आय रू.मा

	०४१/४२
	रू.
ठूला कृषक	८.०
मझौला कृषक	६.६
साना कृषक	५.९
सिमान्त कृषक	४.९
स्वनजोत गर्न जमीन नभएका	५.१

जमिनको वितरण

एक हेक्टर भन्दा कम जमिन हुने कृषकको संख्या (प्रतिशत) ७० (०४८/४९)

जमिन विहिन घर परिवार अनुपात (प्रतिशत) २३

आर्थिक रूपमा सक्षम जनशक्ति (प्रतिशत) ४० (०४८)

कूल गार्हस्थ उत्पादन कृषिमा आश्रित जनसंख्याको अंश (%) ४९.०

श्रम आय र पूँजीगत आयको अनुपात (मूल्य आयवृद्धिको आधारमा) ०४२/४३

क. कृषि	१.३२
ख. उद्योग	०.२२
ग. व्यापार, रेष्टूराँ र होटल	०.९६

बेरोजगारी (%) ८.५ (०४८)

अर्ध बेरोजगारी (%) ४५ - ६३

शहरी क्षेत्रमा शैक्षिक बेरोजगारी (प्रतिशत)

(एस.एल.सी. र सो भन्दा माथि) ४६ (०४३/४४)

प्रति व्यक्ति गार्हस्थ उत्पादन (डलरमा)

०३१/३२ १२३

०४९/५० १५८

सडक यातायातको स्थिति (लम्बाई - कि.मि.मा)

	०१७/१८	०३१/३२	०४६/४७	०४७/४८
सडक	११९८	३१७३	७३३०	८३२८
कालो पत्र	३३९	१५४९	२९५८	३०८३
खण्डास्मित	-	६६७	१६५८	२१८१
कच्ची	८५९	९५७	२७१४	३०६४
सडक जनसंख्या अनुपात	१:७७७८०	१:३९९०	१:२४४१	१:२१९४

अनुसूची स्तम्भ चित्र १



अनुसूची स्तम्भ चित्र २



अनुसूची स्तम्भ चित्र ३



अनुसूची स्तम्भ चित्र ४



अनुसूची स्तम्भ चित्र ५



परिच्छेद ८

सन् १९९३ र मानवअधिकार उल्लंघनका तथ्यहरु

प्रष्ट पार्न आवश्यक केही कुरा

१. यथासम्भव विश्वसनीय घटनाहरू मात्रै उल्लेख गरिएका छन्।

२. घटनाहरू १९९३ भरीका अर्थात् ०४९ पुस १७ गतेदेखि ०५० पुस १६ गतेसम्मका मात्र उल्लेख गरिएका छन्।

३. कुनै कुनै प्रसङ्गमा सत्तापक्षका वा सत्ता विपक्षका बुझिने खालका कुरा पर्न सक्छन्, जस्तै नेपाल राष्ट्रिय शिक्षक संघ र नेपाल राष्ट्रिय शिक्षक संगठन। यी दुईमध्ये संघलाई सत्तापक्षको नजिक ठानिन्छ। तर यसको अर्थ संगठनलाई प्रतिपक्षको अर्थमा लिइएको होइन। घटनाहरू उल्लेख गर्दा विपक्षमा रहेको भनी उल्लेख गरिएको अर्थ संघको समानान्तर रहेको भनी बुझ्नु हुन आग्रह गर्दछौं। अर्थात राजनीतिक विभाजनलाई वर्ष पुस्तकले उल्लेख गर्न चाहेको छैन।

४. कतिपय घटनाहरू विश्वसनियताको अभावमा प्रकाशित गर्न सकिएन। कतिपय घटनाहरूको निश्चित मिति प्राप्त भएनन्। तथपि स्थानीय वासिन्दा, प्रत्यक्षदर्शी र स्वयं घटना पीडितको भनाईलाई मुख्य आधार मानेर यी घटनाहरू उल्लेख गरिएका छन्।

५. मानवअधिकारको क्षेत्रमा सबैले चसो राखुन् र भएका कमी-कमजोरी हटाउने तर्फ यस्ता घटनाले हामीलाई सचेत पारून् भन्ने मात्र मनसायले घटनाहरू प्रकाशित गरिएको छ। प्रसंगवश कसैको निजी जीवन र स्वाभिमानमा चोट पर्न गएको भएमा हामी क्षमाप्रार्थी छौं।

६. जारी, दउकी, दास, बाँधा प्रथा जस्ता कुरीतिको यथार्थ तथ्यांक पाउन सकिएन। यसर्थ यस्ता कुराहरू उल्लेख गर्दा ती परम्पराले पारेको प्रभाव र तिनको प्रकट चरित्रलाई समाजले स्वीकारेको हदसम्मको परिमाणमा जस्ताको तस्तै उल्लेख गरेका छौं।

७. हामी पचहत्तरै जिल्लामा पुग्यौं। तर सम्पूर्ण जिल्लाका सबै भागमा पुग्न सकेनौं। यस कारण सम्भव भएसम्ममा शोधका आधारमा नै यी घटनाहरू उल्लेख गरिएका छन्।

८. कतिपय सूचनाका श्रोतका रूपमा पत्रपत्रिकामा प्रकाशित समाचारलाई पनि लिइएको छ। १९९४ अर्थात पुस १६, ०५० पछिका घटनाहरू पुस्तकमा उल्लेखित घटनाहरूको अर्को वर्ष अर्थात १९९४ मा हुने स्वरूप र विकासबारे आगामी वर्ष पुस्तकमा उल्लेख गरिनेछ।

९. कुनै घटनाको शीर्षकमा कुनै व्यहोराको उल्लेख नभएको हुनसक्छ। जस्तै हत्या/गोली प्रहारको घटनामा यातना पनि दिइएको छ भने उक्त घटनाको विवरण सोही शीर्षकमा समाविष्ट भएको हुन सक्छ। यसरी त्यस प्रकार माथिल्लो शीर्षकमा उल्लेख भएको घटनाका बारेमा गिरफ्तारी/यातनाको मूल शीर्षकमा विवरण छुट भएको पनि हुन सक्छ।

१०. वर्ष पुस्तकमा उल्लेखित बलात्कारका घटनाहरूमा बलात्कृत महिलाहरूको नाम प्रकाशित गरिएको छैन। समाजमा उनीहरूलाई पर्न सक्ने अप्ठ्याराहरूका कारण यसो गरिएको हो।

११. सम्बन्धित निकायसम्म उजुरी पुऱ्याउने, अन्यायको प्रतिकार गर्ने संगठित हुने चेतनाको अभाव र तत्परतापूर्वक शीघ्र न्याय सम्पादन हुने स्थितिको पनि कमीका कारण हामीले आफ्नै परिवेश र परिस्थितिमा यो काम सम्पन्न गरेका छौं। स्थानीय बोली र लयका कारण कतिपय ठाउँ र नाममा पनि केही फरक परेको हुन सक्छ। त्यस्तो भएको भए जानकारी दिनु भई सच्याउने मौका दिनुहुन सबैमा अनुरोध गर्दछौं।

१२. तथ्यांकका अन्य आधारहरू :

क. केन्द्रीय तथ्यांक विभागको वर्ष पुस्तक १९९३।

ख. स्थानीय सामाजिक संघ, संस्था, व्यक्तिहरू र

ग. स्थानीय न्यायिक, अर्ध न्यायिक, प्रशासनिक, सुरक्षा सम्बन्धी निकायहरू।

घ. मानवअधिकार वर्ष पुस्तक १९९२। ❑

पूर्वाञ्चल

१.१ झापा
१.२ इलाम
१.३ पाँचथर
१.४ ताप्लेजुङ्ग
१.५ मोरङ्ग
१.६ सुनसरी
१.७ धनकुटा
१.८ तेह्रथुम
१.९ भोजपुर
१.१० संखुवासभा
१.११ सप्तरी
१.१२ सिरहा
१.१३ उदयपुर
१.१४ खोटाङ्ग
१.१५ ओखलढुंगा
१.१६ सोलुखुम्बु



१. पूर्वाञ्चल

मेची

१.१ झापा

जनसंख्या : ५९३७३७
साक्षरता : ५६.१ प्रतिशत
महिला साक्षरता : ४४.४ प्रतिशत
क्षेत्रफल : १६०६ वर्ग कि.मी.

पूर्वाञ्चलको झापा जिल्ला समय समयमा निकै नै चर्चामा आउने जिल्ला हो। यो जिल्लाको दक्षिण-पूर्वमा भारतीय सीमाना रहेको छ भने उत्तरमा इलाम र पश्चिममा मोरङ्ग जिल्ला रहेको छ। भारतसंगको खुला सीमानाले गर्दा यहाँ चोरी, डकैती, तस्करी आदि जस्ता घटनाहरू निरन्तर घटिरहने गरेका छन् र अन्य अपराधिक घटनाहरू पनि बढ्दो मात्रामा रहेका पाइन्छन्। झापा जिल्लामा रहेका भूटानी शरणार्थीहरूको समस्याले राष्ट्रिय चिन्ता उत्पन्न गराएको छ भने ती शरणार्थीहरूका कारण विभिन्न विकृतिहरूको विकास पनि हुँदै गरेको देखिन्छ।

शिक्षित र सचेत नागरिकहरूको बाहुल्यता रहेको मानिदै आएको झापा जिल्लामा प्रजातन्त्र र मानवअधिकारका लागि कतिपय आन्दोलनहरू पनि हुँदै आएका थिए। तर यहाँ नियमित रूपमा घटेका र घट्ने गरेका घटनाहरूलाई हेर्दा मानवअधिकारको स्थिति राम्रो नरहेको स्पष्ट हुन्छ। यो वर्ष यहाँ मानवअधिकारको हननलाई पुष्टी गर्ने घटनाहरू धेरै नै भएका पाइए।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

सुरुङ्गा-४ निवासी २९ वर्षीय डिल्लीप्रसाद गौतमलाई ०५० साउन ४ गते दमकको पाथिभरा सिनेमा हल चोक नजिक गोली हानी हत्या गरियो। नेकपा (एमाले) लगायतका ७ वामपन्थी दलहरूले ०५० साउन ४ र ५ गते आव्हान गरेको चक्काजाम कार्यक्रमलाई रोक्न भीडमाथि प्रहरीले गोली चलाउँदा दमक नगर ईलाका प्रहरी कार्यालयका इन्सपेक्टर सुरेन्द्रबहादुर सिंहले हानेको गोली लागी डिल्ली गौतमको घटनास्थलमै मृत्यु भएको थियो। त्यस समयमा झण्डै २५ राउण्ड गोली चलाइएको थियो र अन्य केही व्यक्तिहरू घाइते भएका थिए।

०४९ फागुन ३ गते गौरीगञ्ज प्रहरी थानाका प्रहरी टंक दंगालले स.ई. गेहेन्द सुवेदीलाई गोली हानी हत्या गरेपछि तत्काल आफूले पनि आत्महत्या गरेका थिए। कोरोबारी गाविसकी उर्मिला चौहानसंग टंक दंगालले अवैध यौन सम्पर्क गर्दा गर्भ रहन गई स.ई. गेहेन्द सुवेदीले विवाह गर्न बाध्य पारेका कारण टंक दंगालले यो घटना घटाएको बताइन्छ।

जग्गा धनी र मोहीका बीच झगडा भई कुटाकुट हुँदा शिवगञ्ज-४ का सुफल चौधरीको ०४९ चैत १९ गते मृत्यु भएको थियो।

विर्तामोड ट्राफिक कार्यालय नजिकैको राजमार्गमा एउटा नवजात शिशुको लाश ०४९ फागुन २० गते फेला पारिएको थियो।

गरामनी-२ का नरेश ठाकुरले ०४९ चैत १६ गते कैंची प्रहार गरी सोही ठाउँ बस्ने तोरण बर्मन बंगालीको हत्या गरे। रक्सी खाएपछि झगडा पर्दा उक्त घटना घटेको थियो।

विर्तामोडको बुधवारे हाटमा होटल संचालन गर्ने नेत्रप्रसाद गिरीको लाश ०४९ चैत २२ गते झुण्डिएको अवस्थामा पाइयो। सो अभियोगमा मृतककी पत्नी र छोरी सहित ६ जना पक्राउ परे। अभियुक्त मध्ये मृतककी पत्नी र छोरीले प्रहरीमा ६ जना मिली मारेको भनी दिइएको बयान अनारमनी गाविसका अध्यक्ष हर्कलाल गिरीको त्रास र दवावमा दिएका हौं भनी अदालतमा इन्कारी बयान दिए। मृतकको छोराले उक्त घटनाको बारेमा चैत २३ गते आफ्ना पिताले झुण्डिएर आत्महत्या गरे भनी प्रहरीमा उजुर गरेका थिए भने मृतकका भतिजाले आफ्नो काकाको हत्यामा संलग्न भनी अभियुक्तहरूका विरुद्ध चैत २४ गते अर्को जाहेरी दिएका थिए।

०५० बैशाख ३० गते लखनपुर गाविसका इटाराम

	घटना संख्या	
घटनाको प्रकृति	**१९९२**	**१९९३**
प्रहरीको गोलीले मृत्यु	-	१
हिरासतमा यातना	-	१
बलात्कृत	-	१
युवक बलात्कृत	-	१
आत्महत्या	-	१

दमक गोली काण्ड : प्रहरीको गोलीद्वारा मृत डिल्ली गौतम

दंगालले आफ्नै पत्नी खड्गकुमारी (शर्मिला) लाई सुतिरहेको अवस्थामा घिच्रो निमोठी हत्या गरे। आफ्नी पत्नीको गाउँका अन्य व्यक्तिसंग लसपस रहेको शंकामा हत्या गर्ने अभियुक्तलाई गिरफ्तार गरिएको छ।

बनियानी-२ निवासी ६८ वर्षीय लयप्रसाद प्रसाईको ०५० भदौ ३० गते अज्ञात व्यक्तिद्वारा हत्या गरियो। हातगोडा बाँधिएको र टाउकामा चोट लागेको निजको लाश डुगडुगीबजार छेउमा पाइएको थियो।

०५० असोज १ गते लखनपुर-८ का विष्णु सेढाईंलाई अज्ञात व्यक्तिहरूले धारिलो हतियारद्वारा गर्दनमा प्रहार गरी हत्या गरे। शंकाका आधारमा संजीव बस्नेत र राजेन्द्र सेढाईंलाई गिरफ्तार गरिएको थियो।

हल्दीवारी, बुद्धकरण टी-स्टेट नजिकै देउनीया खोलामा ०५० असोज १८ गते अन्दाजी २८/२९ वर्षको एक युवकको लाश भेटियो। धारिलो हतियार प्रयोग गरी मारेर फालिएको अवस्थामा उक्त लाश भेटिएको थियो। त्यस्तै २५/२६ वर्षको अर्को युवकको मारेर फालिएको लाश ०५० असोज १५ गते देउनीया खोलाको पुल छेउमा फेला पारिएको थियो। मृतक को हुन् र उनीहरूका हत्यारा को हुन् भन्ने तथ्य पत्ता लाग्न सकेको छैन।

चन्द्रगढी-८ की १९ वर्षीया सरिता यंगम्बाको ०५० कार्तिक २३ गते अज्ञात व्यक्तिद्वारा हत्या गरिएको थियो। काँकरभिट्टा भन्सारका खरिदार चन्द्र बेगाको घरमा काम गरेर बसेकी सरितालाई मेडिकल प्रतिवेदन अनुसार घाँटीमा डोरीले कसेर हत्या गरी नालीमा फालिएको थियो। मृतकको पेटमा ३ महिनाको गर्भ रहेको थियो। अनुसन्धानको सिलसिलामा चन्द्र बेगा, हरिनारायण हाङसुरूम्बा र अन्य १ जनालाई गिरफ्तार गरिएकोमा चन्द्र बेगालाई भने धरौटीमा रिहा गरिएको छ।

बेलगाडी स्थित भूटानी शरणार्थी शिविरमा शरणार्थीहरू बीच नै झगडा हुँदा शरणार्थी सूर्यमान सुब्बाको ०४९ चैत २८ गते हत्या भएको छ।

१.२ जेल

अदालतको रेकर्ड अनुसार ०१९ साल र कारागारको रेकर्ड अनुसार ०२१ सालमा निर्माण भएको झापा जिल्ला कारागार पूर्णतया जीर्ण, अव्यवस्थित, असुरक्षित र दुर्गन्धिमय देखिन्छ। ०४६ यता यहाँका १ दर्जन जति बन्दीहरू जेलको झ्यालको डण्डी तोडेर भागिसकेका छन्। भित्ता चर्केको, छाना चुहिने र शौचालय भत्केर दुर्गन्धित बनिरहेको धेरै समय बितिसक्दा पनि उचित मर्मत तथा संभार तर्फ ध्यान दिइएको पाईदैन।

करीब २-२-१८ धुर क्षेत्रफल रहेको झापा जिल्ला कारागारको क्षमता १७५ जनासम्म बन्दीहरू अटाउने रहेको छ। तर यो जेलमा हाल ३३१ जना बन्दीहरू राखिएका छन्। जसमा ३०५ जना पुरूष र २२ जना महिला तथा ४ जना नाबालक छन्। ती मध्ये आरोपित २४७ र दोष प्रमाणित ८० जना बन्दी छन्।

बन्दीहरूले नियमानुसार पाउनु पर्ने सुविधाहरू पाएका छैनन्। कपडा दिंदा मौसम अनुसारको कपडा दिदैन र त्यो पनि



झापा जेलको भित्री दृश्य

अत्यन्तै कमजोर खालको कपडा दिइन्छ। जुन कपडा ६ महिना टिक्दैन। खेलकूदका सामग्रीहरू कुनै उपलब्ध गराइएको पाईदैन। विरामीहरूको स्वास्थ्य उपचारप्रति समेत वास्ता नगरिएको देखिन्छ। कुनै बन्दी विरामी परेपछि जेल प्रशासनसंग उपचारका लागि अनुरोध गर्दा सम्बन्धित विरामीलाई तातो पानी उमालेर खा, अरू उपचार हुँदैन भनेर भन्ने गरेको पनि पाइयो। चौखण्डी हकबाट यहाँका बन्दीहरू बञ्चित रहेका छन्।

यहाँको जेलमा झुठो आरोपमा लामो समयसम्म जेलमा राखिएको कुरा केही बन्दी बताउँछन्। ताप्लेजुङ घर भई बिगत १० वर्षदेखि झापा जेलमा कैद भुक्तान गरिरहेका कृष्णबहादुर नेपालीलाई एक जना प्रहरीको हत्याको आरोप लगाई थुनिएको थियो। तर जुन प्रहरीको हत्या गरिएको आरोपमा उनलाई थुनियो, त्यो प्रहरी अहिले सेवाबाट अवकाश प्राप्त गरेर धरानमा बसिरहेको कुरा उनी बताउँछन्।

जेलको चर्पीको सेफ्टीट्यांकबाट खुला नाला बनाएर फोहर चाहीं पर्खाल पारीको किसानको निजी जग्गामा बगाउन थालेको वर्षौं भइसक्यो। किसानको खेत बेकम्मा भएर उनको आर्थिक अधिकारको खुला हनन भएको छ भने जेल दुर्गन्धित छ। झ्यालका सिसा फुटेका छन्। घरेलु उद्योगको तान बिग्रिएर थन्किएको छ। कैदीहरूले बनाउने मूढाको उचित मोल पाउँदैनन्। सारा समस्या जेलरको टाउकोमा थुप्रिन्छ। बजेट नहुनाले बन्दीलाई दिनु पर्ने औषधि लगायत हरेक सुविधामा बाधा परेको छ। बारम्बार पत्राचार गर्दा पनि गृहमन्त्रालयले वास्ता गरेको छैन।

१.३ गिरफ्तारी र यातना

सात वामपन्थी दलहरूले ०५० साउन ४ र ५ गते आयोजना गरेको चक्का जाम कार्यक्रमका सन्दर्भमा यहाँ ३० जनालाई गिरफ्तार गरी सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलाउने काम भइरहेकोमा ०५० भाद्र १ गतेको सम्झौतापछि उक्त कारवाही बन्द गरिएको कुरा प्रमुख जिल्ला अधिकारी बताउनु हुन्छ।

०४९ माघ १ गते भूटानी शरणार्थी र प्रहरी बीच गोलधापमा भीडन्त हुँदा प्रहरी चौकी ध्वस्त भयो भने प्रहरीको प्रहारबाट केही व्यक्ति घाइते भए। केहीलाई गिरफ्तार गरिएको थियो।

महेशपुर-१ का जीतबहादुर पुलामी मगरलाई १ भारी दाउरा ल्याउँदै गरेको अवस्थामा वन विनाश गरेको आरोपमा ०५० असार ३० गते गिरफ्तार गरी थुनामा राखिएको छ। यही किसिमको वन मुद्दामा यहाँ ९८ जनालाई गिरफ्तार गरी पूर्पक्षका लागि थुनामा राखिएको देखिन्छ।

०५० कार्तिक ८ गते राती चारआली स्थित ब्यारेकका मेजर धनबहादुर बस्नेत लगायतका सैनिकहरूले खसी खाएर स्थानीय युवाहरूसंग झगडा गरे। झगडाबाट दुई थरी बीच पिटापिट हुँदा थुप्रै व्यक्तिहरू घाइते भए। घाइते हुनेहरमा निमा शेर्पा, विकु शेर्पा, दलमु शेर्पा आदि थिए। यो घटनाका विरूद्ध भोलिपल्ट स्थानीय जनताले चक्का जाम समेत गराएका थिए।

०५० पुस १४ गते इलाका वन कार्यालय जलथलका खरिदार भानुभक्त भट्टराई र सहायक वरदी साहलाई विशेष प्रहरीले पक्राउ गरी कुटपिट गर्दै खान समेत नदिई चन्द्रगढी गेष्ट हाउसको ट्वाइलेटमा थुनेका थिए। ती कर्मचारीहरूलाई अकारण दुःख दिएको बताइन्छ।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

संविधानले प्रत्येक नागरिकलाई प्रदत्त गरेको अभिव्यक्ति स्वतन्त्रताका साथै मेला र संगठित हुने अधिकारको

उपभोग यो जिल्लाका सम्पूर्ण नागरिकले स्वतन्त्र रूपमा गर्न पाएको देखिँदैन। विपक्षी पार्टीका कार्यकर्ताहरूलाई झूठो मुद्दा लगाएर अकारण दुःख दिने गरेका गुनासाहरू यहाँ प्रशस्तै शिक्षकहरूलाई पूर्वाग्रही र प्रतिशोधपूर्ण व्यवहार गर्ने गरेको पाइन्छ। शिक्षक छनौट समितिद्वारा प्रकाशित नतिजा भेदभावपूर्ण भएको भनी व्यापक असन्तोष भएको थियो। शिक्षकहरूले विरोधमा अनसन पनि बसेका थिए। जिल्ला शिक्षा अधिकारी सो परिणाम मध्य रातमा प्रकाशित गर्न लगाएर रातारात भागेका थिए।

२.२ धार्मिक स्वतन्त्रता

झापा जिल्लामा धार्मिक विवाद उत्पन्न भई कुनै घटना घटेको पाइँदैन। यहाँका बासिन्दामा एक आपसमा धार्मिक सहिष्णुता कायम रहेको पाइन्छ।

२.३ राजनैतिक स्वतन्त्रता

विभिन्न राजनीतिक पार्टीका कार्यकर्ताहरू बीच झगडा हुनु यहाँ सामान्य कुरा भएको छ। उल्लेखित घटनाहरूमा बाहेक यो वर्ष यहाँ प्रत्यक्षतः राजनीतिक स्वतन्त्रताको अधिकारलाई कुण्ठित बनाउने घटना घटेको पाइएन।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

अर्ध न्यायिक निकायहरूले कतिपय कारवाही राजनैतिक प्रतिशोध र प्रशासनिक दबावका आधारमा गर्ने गरेको पाइए पनि जिल्ला अदालतको निर्णयप्रति भने कसैले पनि प्रश्न उठाउने गरेको पाइएन।

यस वर्ष अदालतमा प्रहरीद्वारा ८६२ मुद्दा प्रस्तुत गरियो। सिधै अदालतमा परेका मुद्दाको संख्या ७०९ थियो। सबभन्दा बढी मुद्दा कुटपिटमा परेको छ जसको संख्या पौने दुईसय जति छ। जबरजस्ती करणीका १० मुद्दा परेका छन्। अत्याधिक संख्यामा वन मुद्दा लगाउने गरेको पाइन्छ। अहिले झापा जेलमा ९८ जना पुर्पक्षका लागि थुनामा छन्। त्यसमध्ये ६ महिना बितिसकेका बन्दी पनि छन्। १ भारी दाउरा ल्याए बापत २ लाख २ हजार १ सय ८० बिगो तोकिनाले महेशपुर -१ बस्ने जीतबहादुर पुलामी मगर कारागारमा छन्।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा भूमिहीन तथा सुकुम्बासी समस्या रहेको पाइन्छ। तर त्यस सम्बन्धी तथ्यांक एवं जानकारीहरू प्राप्त हुन सकेनन्। यहाँका काँकडभिट्टा, पृथ्वीनगर, अनारमनी, जलथल, महेशपुर, तोपगाछी आदि ठाउँहरूमा सुकुम्बासीहरू रहेका छन्। चुनावको बेला हरेक पार्टीले उनीहरूका समस्या समाधान गर्ने भाषण गर्छन्। तर चुनाव सकिएपछि उनीहरूका समस्यालाई कसैले पनि वास्ता गरेको पाइँदैन।

४. महिला अधिकार

२८ वर्षीया सुकुरमडी टुडूको पति मरेको ४ वर्ष भयो। पतिको नासो एउटी छोरी र एउटा काखे छोरा पनि छ। छोरा कहाँबाट आयो भन्दा उनी भन्छिन् -"एउटाले तँलाई पाल्छु भनेर राख्यो तर छोरा जन्मिनु अघि ऊ पनि भाग्यो।" अहिले पनि कुनै पुरूषले खान लाउन दिएर पाल्न चाहन्छ भने उनी बिहे गर्न तयार

४.१ महिला किनबेच र बलात्कार

विर्तामोडको उर्वशी सिनेमा हल नजिक केही समय अघि खोलिएको शिल्पकला केन्द्र चेली बिक्री केन्द्रको रूपमा परिणत भयो। अविवाहित युवतीहरूलाई मात्र प्रशिक्षण दिने गरिएको उक्त केन्द्रका मुसलमान प्रशिक्षक र उनकी नेपाली पत्नी गुरूङसेनीले प्रशिक्षार्थीका रूपमा रहेका मञ्जु खड्का लगायतका ४ युवतीलाई ०४९ फागुन ३० गते पश्चिम बंगाल भारतको सिलिगुडी लगी बिक्री गरे। बिक्री गरिएका महिलाहरू मध्ये अमृता राजवंशी, सरिता राई र नरमाया खवास भाग्न सफल भए। तर मञ्जु खड्का अहिलेसम्म बेपत्ता पारिएकी छिन्। प्रहरीमा उजुरी परेको छ र अभियुक्तहरू फरार रहेका छन्।

महेशपुर-८ का विष्णु राजवंशीले आफ्नी २१ वर्षीया पत्नी कल्याणी राजवंशीलाई बिक्री गरे। कल्याणीलाई सोही गाउँका समत राजवंशीले १० हजारमा किनेका थिए। विष्णुलाई प्रहरीले गिरफ्तार गरेको छ। समत राजवंशीलाई कुनै कारवाही भए नभएको थाहा हुन सकेन।

कोरोबारी-१ की १६ वर्षीया पार्वती दाहाललाई बिक्री गर्न भारतको सिलगुडी पुऱ्याउने नन्दकुमारी दाहाललाई पक्राउ गरिएको छ।

यहाँ बलात्कारका घटनाहरू प्रशस्तै घट्ने गरेका छन्। तर सामाजिक प्रतिष्ठा गुम्ने डरले पीडित पक्ष सकेसम्म यस्ता घटनाहरूलाई लुकाउने गर्छन्। बलात्कारका धेरै घटनाहरू सार्वजनिक जानकारीमा नआएकाले उल्लेख गर्न सकिएन। यो वर्ष प्रहरीमा १० वटा जबर्जस्ती करणीका मुद्दा दर्ता भएका थिए।

अर्जुनधारा-६ की १८ वर्षीया एक युवती ०५० बैशाख १३ गते ८ जनाको सामुहिक बलात्कारमा परेकी थिइन् भने ०५० बैशाख १४ गते इलामे-३ की ७ वर्षीया बालिकालाई स्कूलबाट फर्किरहेको अवस्थामा स्थानीय समुन रञ्जितकारले बलात्कार गरेको थियो। यहाँको पृथ्वीनगरकी ६० वर्षीया एक महिला पनि बलात्कारमा परेकी थिइन्।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यहाँ जारी, देउकी र वादी समस्या देखा परेकी पाइएन। त्यस्तै बहुविवाहको घटना पनि उल्लेख्य रूपमा देखा परेको पाइएन।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यस जिल्लामा दासत्वको समस्या उल्लेखनीय रूपमा रहेको पाइएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

यहाँ छुवाछूतको समस्या त्यति चर्को रूपमा नदेखिए पनि केही घटनाहरू भने घट्न पुगेका छन्।

पृथ्वीनगरमा निर्माण भएको एउटा शिव मन्दीरमा स्थानीय विश्वकर्माहरूले पनि पूजाआजा गर्न थालेपछि बाहुन क्षेत्रीहरू मिलेर मन्दीरको ढोकामा ताल्चा मारी दिएका छन्। मन्दीरको निर्माण पनि अछूत मनिनेहरूबाटै भएको थियो।

त्यसैगरी सोही गाविसमा रहेको साना किसानद्वारा संचालित पानी ट्याँकीमा पानी लिन गएको मिस्त्री तामाङ्गलाई विमली विश्वकर्माको छोराले छोइदिएपछि दुई थरी बीच कुटाकुट समेत भएको थियो।

०२७ सालमा मित्तल टी स्टेटको कारखानामा काम गर्दा गर्दै हात काटिएका जितिया उराउ त्यहीं काम गर्दै छन्। "दुर्घटनाले गर्दा हात काट्नु पर्‍यो र उपचारको सम्पूर्ण खर्च आफै बेहोर्नु परेकोले अभै ऋण तिर्दै रहेकोछु" भनी उनी बताउँछन्।

५.३ शरणार्थी समस्या

हाल भापा जिल्लामा ८६ हजार भूटानी शरणार्थीहरू रहेका छन्। शरणार्थीहरू आउने क्रम अहिले पनि जारी नै रहेको देखिन्छ। यहाँको शरणार्थी समस्या, राष्ट्रिय समस्या बनेको छ। भूटानी शरणार्थीहरूका कारणबाट यहाँको सामाजिक वातावरण दूषित बन्दै गएको छ भने नेपालीहरूको रोजगारमा समेत असर पुऱ्याएको छ।

६. आदिवासी अधिकार

भापा जिल्लाका दक्षिणी क्षेत्रहरू माहेशपुर, केचना, पाठामारी, पाँचगाछी, धाईजन आदि गविसहरूमा सन्थाल, गनगाई, राजवंशी, मेचे, कोचे, धिमाल आदि जाति प्रजाति र आदिवासीहरू बसोवास गर्ने गरेको पाइन्छ। त्यसैगरी पृथ्वीनगर, जलथल, तोपगाछी, सतासीधाम आदि गाविसहरूमा राई, लिम्बू, मगर, गुरूङ्ग आदि मंगोल समुदायको बसोबास रहेको छ।

सामाजिक तथा आर्थिक विकासको दृष्टिकोणको विकासले पछि परेका विभिन्न जात जाति तथा प्रजातिहरूमा आंशिक रूपमा मेचे, कोचे र अध्यधिक रुपमा किसान जातिको लोप हुदै गइरहेको छ।

७. बालअधिकार

यहाँ विद्यालयको सुविधा भएर पनि कतिपय बालबालिकाहरू पढ्न र लेख्न पाउने अधिकारबाट बञ्चित रहेका छन्। श्रममूलक काममा उनीहरूलाई लगाउने प्रचलन पनि व्यापक रूपमै रहेको छ। यहाँको चिया बगानमा थुप्रै बालमजदूरहरू कार्यरत रहेका छन् र उनीहरूको ज्याला अत्यन्तै न्यून रहेको छ।

०५० जेठ २३ गते भूटानी शरणार्थी शिविरमा ८ जना बालकहरूलाई पैसा चोरेको कथित अभियोगमा शरणार्थी इन्चार्ज सनमान राईको निर्देशनमा मरणासन्न हुने गरी यातना दिएको थियो। ती बालकहरूलाई बोक्नै नसक्ने ढुङ्गा बोकाउने, टाउकामा लौरोले हिर्काउने, गोरू बनेर हुरूँदै भित्र बाहिर गर्न लगाउने, ट्वाइलेट भित्र हात हालेर फोहोर वस्तु भिक्न लगाउने, नाङ्गै भएर कुहिनु र घुँडाले भूईंमा टेकेर घोडा बन्न लगाउने र त्यसमाथि ठूला मान्छेलाई चढाएर हिंड्न लगाउने जस्ता यातना बालकहरूलाई दिइएको थियो। त्यस बाहेक ती बालकहरूलाई खुट्टामा टेक्ने औंलामा लठ्ठीले हिर्काउने गरेर रगताम्य पनि पारिएको थियो।

अतिरिक्त जानकारी

चन्द्रगढीमा काम गरी बस्ने भूटानी शरणार्थी रूपनारायण आचार्य ०४९ फागुन ३ गते राती निद्राको तन्द्रामा खुरेटोको कुचो लिएर बढार्दै स्थानीय शाही नेपाली सेनाको हाताभित्र पस्न खोजे। सुरक्षा गार्डले रोक्दा रोक्दै पनि नमानेर भित्र पस्न थालेपछि उनीमाथि गोली हानियो। बायाँ तिघ्रामा गोली लागी उनी घाइते हुन पुगे।

०४९ चैत ११ गते लालबहादुर नेम्वाङ्गले विर्तामोडस्थित आफ्नै कोठामा भुण्डिएर आत्महत्या गरे।

०५० साउन ६ गते मेची नदीको किनारमा २ वटा लाशहरू भेटिए। ती लाश चन्द्रगढी-१ का धीर राणा र चन्द्रगढी-७ का हेमन्तकुमार भाको भएको र उनीहरू रक्सी खाएर पानीमा डुबी मरेको कुरा प्रहरीले जनाएको छ।

०५० साउन ९ गते केचना नदीको छेउमा हर्कलक्ष्य प्रधानको लाश भेटिएको थियो।

डाँगीबारीका धनपति उप्रेतीले जग्गाको भगडामा आफ्नै भाइ कुलप्रसाद उप्रेतीलाई कुटपिट गरी घाइते बनाएका थिए।

२ वटा हाते बम बोकेर काँकडभिट्टातिरबाट भद्रपुर पसेको अवस्थामा भारतीय नागरिक रमेश रायलाई गिरफ्तार गरिएको छ। उक्त व्यक्ति आतंककारी भएको बताइन्छ।

०४६ साल बैशाख ८ गतेदेखि वेपत्ता भएका वामपन्थी कार्यकर्ता वसन्त भट्टराई यो वर्ष पनि फेला परेनन्।

०५० बैशाख १३ गते दमकमा ३ जना युवतीहरूद्वारा एउटा युवक बलात्कृत भएको खबर व्यापक चर्चामा आएको थियो। भनिन्छ नजिकैको बन्द रहेको पुरानो चामल मिलको कम्पाउण्डमा घुम्न भनी लगेर उनलाई जबरजस्ती शारीरिक सम्पर्क गर्न लगाइयो। उनले सबैलाई सन्तुष्टी दिन नसकेपछि टोकेर र चिमोटेर घाइते पारियो। तर सम्भ्रान्त घरका युवा युवतीको मामिला भएकोले सबैले मिलेर घटनालाई लुकाए। ❑



१. पूर्वाञ्चल

मेची

१.२ इलाम

जनसंख्या : २२९२१४
साक्षरता : ५२.३ प्रतिशत
महिला साक्षरता : ३८.८ प्रतिशत
क्षेत्रफल : १७०३ वर्ग

पूर्वी पहाडमा अवस्थित इलाम जिल्ला यसै नामको पुरानो शहरका कारण पनि प्रसिद्ध छ। अन्य पहाडी जिल्लाका दाँजोमा यहाँका जनता केही सचेत मानिन्छन्। तर यहाँको समाज पनि मानवअधिकार उल्लंघनका घटनाहरूबाट अछूतो रहेको छैन।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

०४९ फागुन ५ गते एकतप्पा गाविस-८, गैरी गाउँमा दाजुभाइको वैमनष्यताका क्रममा ९ वर्षीया विष्णुमाया खनालको मृत्यु हुन पुग्यो। परशुराम खनाल, तारानाथ खनाल एवं रविन्द्र खनाल तीन दाजुभाई बीच अंशवण्डाका कारण लामो समयदेखि रीसइबी रहँदै आएको थियो। उल्लेखित दिन परशुराम आमाको नाममा रहेको जग्गामा आफ्नो बस्ने घर बनाउँदै थिए। त्यसै क्रममा तारानाथकी छोरी विष्णुमाया साथीहरूसँगै खेल्दा खेल्दै त्यहीं पुगिन्। एकै छिनपछि एक्कासी केटाकेटीले हल्ली खल्ली गरे।- "विष्णुमायालाई परशुरामले काटेर मारे।" मृतकका बाबुआमा घटनास्थलमा जाँदा उनको लाश अगाडि परशुराम फोक्राएर बसिरहेका थिए। हाल अभियुक्त पुर्पक्षका लागि थुनामा रहेका छन्।

०५० साउन २१ गते विहान स्थानीय दानाबारी-३ शुक्रबारे बजारका कमलबहादुर गुरूङकी पत्नी कविता राईको शव आफ्नै घरको उत्तरपट्टि बरण्डामा फुण्डिएको अवस्थामा पाइयो। मृत्यु हुनु भन्दा अघि १७ वर्षीया कविता र उनका पति बीच बरोबर फैं-फगडा भइरहने गर्दथ्यो। उक्त घटना पश्चात कमलबहादुरका पिता विष्णुलालले आफ्नी बुहारीलाई छोराले नै मारेको किटानी जाहेरी दिएका थिए। कमलबहादुर पुर्पक्षका लागि थुनामा छन्।

०५० असार २७ गते भएको छुरी प्रहारका कारण साउन ८ गते ३८ वर्षीय पासाङ शेर्पाको दार्जिलिङको अस्पतालमा मृत्यु भयो। उनीमाथि उल्लेखित मितिमा राती ९ बजे पशुपतिनगर-८ तिनखुट्टेमा सोही ठाउँका नरबहादुर राई, कुलबहादुर राई र कुमार राई एवं फिक्कल-४ पान्दामका छत्रमान राईद्वारा कुटपिटका साथै छुरी समेत प्रहार भएको थियो।

०५० असोज १८ गते एकतप्पा-१ मेतालुङका २० वर्षीय जगरबहादुर थापा मृत अवस्थामा लेखबारी भन्ने ठाउँमा गोगनको रूखमा पाइए। उनको शवलाई प्रथमत सिस्नु टिप्न गएका दुई युवतीहरू शर्मिला र किशोरीमाया सईले चोयाको दाम्लाद्वारा फुण्डिरहेको देखेका थिए। पछि प्रहरीको उपस्थितिमा प्रकृति मुचुल्का तयार गरी उक्त मृत्युलाई आत्महत्या नै ठहऱ्याइयो। तर डाक्टरी परीक्षण नगरिएकोले त्यस मृत्युको सम्बन्धमा शंका पनि उठाईदैछ।

घटनाको प्रकृति	घटना संख्या १९९२	घटना संख्या १९९३
प्रहरीको गोलीले मृत्यु	१	-
हिरासतमा यातना	-	२
बलात्कृत	-	१
जेलमा यातना	-	१
आत्महत्या		१७

१.२ जेल

०३१ मा बनेको इलाम जेलको पर्खालि भित्रको क्षेत्रफल ९७ फीट x ७३ फीट रहेको छ। पर्खालभित्र एउटै भवन छ। महिला वार्डमा हाल दुई जना मात्र रहेका छन्। तर पुरूष वार्डमा जम्मा ४ वटा कोठाहरूमा गरी कूल ८१ जना बन्दीहरू रहेकाछन्। जेल प्रशासनका अनुसार जेलको कूल क्षमता ५५ जना बन्दी अटाउन सक्ने रहेको छ। तर त्यस जेलमा ३५ जना भन्दा बढी नअटाउने देखिन्छ।

बन्दीहरूले नियम बमोजिमको दैनिक रकम पाइरहेका छन् तर सिदा बापत पाउने चामलको गुणस्तर भने ज्यादै नराम्रो भएको गुनासो सबै बन्दीहरूको रहेको छ। यदाकदा वादविवाद



इलाम जेलको एक दृश्य - छेउमा बुर्जा पनि देखिन्छ

पनि हुने गरेको पाइन्छ। बन्दीहरूले जेल परेको ६ महिना पश्चात लगाउने लुगा कपडा पाउने गरेका छन्। उनीहरू २ वर्षमा एक चोटी ओढ्ने ओछ्याउने कपडा पनि पाउँछन्। तर त्यस्तो कपडा पुरानो हुने गरेको गुनासो बन्दीहरू गर्दछन। जेलमा साँझ ६ बजेदेखि १० बजेसम्म बिजुली बत्तीको व्यवस्था रहेको छ। तर त्यस पछिको समयमा प्रशासनका लागि मात्र लालटिन आदिको व्यवस्था हुने गरेको छ।

यस जेलमा औषधि उपचारको राम्रो व्यवस्था नभएको गुनासो बन्दीहरू गर्दछन्। आकस्मिक बिरामी भएका वा चोटपटक लागेका र गंभीर रूपमा रोगग्रस्त भएका बन्दीहरूलाई अस्पताल लगिने गरिएको छ।

जेलमा पत्रपत्रिकाको नाममा यदाकदा गोरखापत्र पढ्न दिने गरिएको छ। खेलकूद आदिको व्यवस्था पनि बन्दीहरूले आफै गरेका छन्। साताको दुई दिन बन्दीहरूलाई आफन्तहरूसंग भेट्न दिने गरिएको छ। जेलका आधा जस्ता बन्दीहरू उद्यमी छन्। यहाँ बांसका नाङ्लो, डोको, मुडा आदि बनाउने काम हुन्छ। तर उत्पादित बस्तुहरूका निम्ति सुलभ बजारको भने व्यवस्था हुन सकेको छैन।

१.३ गिरफ्तारी र यातना

०५० असोज २ गते इलाम जेलको कुटपीटको घटना देशभरनै चर्चित रह्यो। त्यस दिन विहान जेलबाट आएको रोए कराएको स्वर स्थानीय मानिसहरूले पनि सुनेका थिए। विहान ९ बजे जेलबाट ठूलो कोलाहलको स्वर आएको सुने पछि मानवअधिकार कार्यकर्ता एवं पत्रकार रामचन्द्र पराजुली त्यस तर्फ जाँदा वहाँले देख्नु भएको दृष्य भयावह थियो। त्यहाँको पुलिस वार्डको ब्यारेकमा केही बन्दीहरूलाई पानी खन्याई खन्याई बाँसको भाटाले कुटिएको थियो। त्यहाँ तत्कालिन जेलर नन्दकुमार श्रेष्ठ एवं असई रामबहादुर घलेको पनि उपस्थिति थियो।

०५० भदौ ३१ गते झिसमिसे विहानमा जेलका केही बन्दीहरूले जेलभित्रबाट सुरूङ्ग खनेर बाहिर निस्कने प्रयास गरे। सो रात भएको प्रयास बिहान उज्यालो नहुँदै जेलका अरू बन्दी, नाइके र चौकीदारले पनि थाहा पाए। उनीहरू मार्फत यो जेल काण्डको कुरो जेलर र सुरक्षा अधिकृत मार्फत प्रमुख जिल्ला अधिकारी र डी.एस.पी. कार्यालयमा पुग्यो।

३१ गते बिहानै सर्वप्रथम जेलर र सुरक्षामा खटिएका असईले घटनास्थलको जाँच गरे भने करीव ७ बजेतिर प्रजिअ र डी.एस.पी. कार्यलयका अधिकृतहरू पनि घटनास्थलमा पुगे। घटनास्थलको जांचबुझ गरेर सोधपुछ गर्दा यस जेलकाण्डमा जेल प्रशासनले ४ जनालाई दोषी ठहऱ्यायो। २ जना जेल फोर्ने कार्यमा संलग्न भएका र २ जना सो घटनाको जानकारी पाएर पनि खवर नगरेकाले दोषी ठहऱ्याईए। अनि त्यस पछि सुरू भयो अमानवीय कुटपिट श्रृंखला।

४ सन्तानका पिता ४० वर्षीय खगेन्द्र दर्जी ०४९ फागुन महिनामा दमकमा पक्राउ परेका थिए। ज्यान मार्ने उद्योगमा पक्राउ परेका दर्जी दमक नगर पालिका ११ निवासी हुन्। इलाम जिल्ला अदालतमा चलिरहेको ज्यान मार्ने उद्योग गरेको मुद्दामा पूर्पक्षका लागि ०४९ चैतदेखि इलाम जेलमा बसिरहेका उनी जेल फोर्ने काममा मूल जिम्मेवार मानिएका थिए।

जेलमा भदौ ३० गते रातीदेखि भएको स्वाल्डो खन्ने बजेतिर बाहिर निकालियो। बाहिर निकालेर उनलाई सरासर प्रहरी सुरक्षा कक्षमा लगियो। भित्र लैजाना साथ प्रहरीले उनको कपाल समातेर घोप्टो पारी लडाए। त्यसपछि उनलाई घँगरूको लौरा, बाँसको लौरो र बाँसको भाटाले पिटियो। लौराले स्वगेन्द्रलाई पिठ्युमा, हिपमा, दुवै गोडाको पैतालामा दाहिने हातको पञ्जाको उल्टोपट्टि कुटियो। कुटपिटपछि छटपटाएका उनलाई लडाएकै अवस्थामा सनपाटको डोरीले गोडामा बाँधियो र पैतालामा पिटियो। तिघ्रा-तिघ्रामा दौडेर आई भकुण्डो हाने झैं बुटले हान्ने, पिठ्युँको दाहिने पाटोमा बुटको चुच्चोले किक हान्ने, हात टेक्न लगाई उँधोमुण्टो लगाएर ढाडमा पिट्ने काम दिनभरि चल्यो।

मुखबाट कहिलेकाहीं रगत निस्कने रोगबाट पहिलेदेखि नै पीडित स्वगेन्द्र दर्जीका डडाल्नामा बुट र लाठीले यातना दिएका नीलडामहरू, शरीरका अंगहरू टाउको, पिठ्युँ र हिपमा ३५ दिनसम्म पनि खतहरू देखिन्थे। हालसम्म उनी जेलमै छन र शारीरिक मानसिक समस्याले पीडित छन्।

३१ गते करीब १४ घण्टा लगातार यातना दिएपछि उनलाई नेल र गलफन्दी लगाएर जेलभित्र हुलियो। यातनापछि उनलाई पेनकिलर १० ट्यावलेट र कुनै मलम दिइएको थियो। करीब १ महिना नेल र गलफन्दी समेत लगाएर राखिएका स्वगेन्द्रका गोडामा निकै पछिसम्म नेल लगाइएको थियो।

इलाम जिल्लाको फिक्कल-४ पान्दाम निवासी २८

हिरासतमा यातना पीडित लक्ष्मण वान्तवा

वर्षीय चन्द्रमान राई ज्यान मुद्दामा परी बन्दी बनाइएका थिए। पक्राउ परेका चन्द्रमानको मुद्दा इलाम अदालतमा चल्दैछ।

०५० भदौ ३१ गते विहान जेल काण्डको रहस्य खुलेपछि उनलाई पनि जेलबाट बाहिर निकालेर सुरक्षा कक्षमा लगियो। स्वगेन्द्रलाई जस्तै उनलाई पनि घोप्टो पारेर सनपाटको डोरीले गोडामा बाँधी उँधोमुण्टो पारी भुण्डाइयो। वरपर ४ जना प्रहरी बसेर हलचल गर्न दिएनन् र अरू २ जना प्रहरीले बाँसका काँचा र सुकेका लौरा र घँगरूको काँढे लौराले पिटियो।

जेल फोर्ने काममा आफूले स्वगेन्द्रलाई साथ नदिएको तर स्वगेन्द्रको डरले उसलाई साथ दिन वाध्य भएको बताउने चन्द्रमानको दाहिने पाखुराको माथिल्लो जोर्नीमा भाटाले काटेको खत पछि सम्म देखिन्थ्यो। माथिल्लो पट्टी नशाहरू सुन्निएको र हड्डी भाँचिएको थियो। उनको पिठ्यूँमा भाटो तताएर कुद्दा बनेका २ वटा खत पनि पछिसम्म देखिन्थे।

पहिले स्वास्थ्य राम्रो भएका चन्द्रमानलाई उक्त घटना पछिका दिनमा चिलाउने, जीउमा घाउ-खटिरा आउने रोगले सताउन थालेको थियो। यातनापछि करीब १० दिनजति गलफन्दी र ३१ दिनसम्म नेल लगाएर राखिएका राईलाई पनि पेनकिलर र मलम लगाउन दिइएको थियो।

बाँझोगाउँ -२ पेल्टिमारी निवासी २८ वर्षीय किरण माझी ०४९ माघ ४ गते कुटपिट मुद्दामा घरैबाट पक्राउ गरिएका थिए। बाटोमा कुटपिट गरेको आरोपमा पक्राउ परी १२ हजार ८ सय रूपैया धरौटी राख्न नसेकर हालसम्म जेलमा बसेका माझीलाई स्वगेन्द्रले जेल फोर्न लागेको कुरा भदौ ३० गते अगाडि नै थाहा थियो।

स्वगेन्द्रले किरणलाई जेल फोरेर भागौं भनी पटक पटक सम्झाएको तर आफ्नो सजाय छोटिँदै गएकाले आफू नमानेको उनी बताउँछन्। जेलमा स्वाल्डो खन्न थालेपछि पनि स्वगेन्द्र उनको ओछ्यानमा आएर खैनी खाएर बिदा भएको थियो, तर भाग्न नसकेपछि हामीलाई समेत फसायो भन्ने गुनासो उनले गरे। "नभन्दा किन नभनेको भनेर प्रहरीले सताउने र भनौं भने स्वगेन्द्रले जेलभित्रै मारिदिने धम्की दिएकाले के गरौं र के नगरौं भइयो" किरण बताउँछन्।

किरणलाई पनि अरूलाई जस्तै प्रहरी सुरक्षा कक्षमा लग्नासाथ प्रहरीले बुटसहितको लात्ती र लट्ठीले डडाल्नामा पिटेर लडाए। सबैभन्दा पछिल्लो पटक करीव ११ बजेतिर बाहिर निकालिएका किरणलाई टाउको र हात भुईमा टेकाएर उधोमुण्टो पारी खुट्टा झ्यालको डण्डी र खाटको फलेकमा राख्न लगाइयो। यस्तो गर्दा बाहिर परेको पिठ्यूमा उनलाई लौराले पिटियो। मुर्छित अवस्थामा उनका जीउमा चिसो पानी खन्याएर होसमा ल्याइयो। छाती पछिूँ, हातको पञ्जा र पञ्जाको उल्टोपट्टि, तिघ्रा र शरीरका अन्य भागमा कुटपिट गरिएका माझीका जीउमा पछिसम्म नीलडाम र घाउहरू देखिएका थिए।

माझिको देब्रे कम्मरनेर पाँचकुने आकारको खत पछिसम्म देखिएको थियो। प्रहरीका बुटले बनाएको घाउ निको

हुन करीव १ महीना लागेको थियो। उनको पिठ्यूँमा पछिसम्म पनि घाउहरूका १० वटा खत र निलडामहरू देखिन्थे। घटना पश्चात उनी सुतेर जुरूक्क उठ्दा सियोले घोचेजस्तो गरी जीउ दुख्ने, छाती दुख्ने, बेलावखत टाउको दुख्ने, निद्रा नलाग्ने र भोक नलाग्ने जस्ता समस्याले पीडित हुन पुगे। उनलाई पनि ३ ट्याबलेट पेनकिलर र मलम दिई गलफन्दी र नेल लगाएर करीव १० दिन यातनापूर्वक जेलमा राखिएको थियो।

कोलबुङ ७ याङग्रे निवासी २२ वर्षीय सन्तोष सुनुवार अविवाहित युवक ०४८ मंसीर १६ गते इलाम जिल्लाकै अन्तुमा पक्राउ परेका थिए। सुनुवारलाई करीव १५ दिन हिरासतमा राखेपछि जेलमा लागिएको थियो।

जेलभित्र सफा सुग्घर गर्ने काम गर्दै आएका सन्तोषले खगेन्द्र र चन्द्रमानले जेलमा प्वाल पारेर भाग्ने योजना बनाएको कुरा पहिले नै थाहा पाएका थिए। जेलमा खनेर प्वाल बनाउन थालेपछि उनी राती नै त्यस ठाउँमा गएका पनि थिए। त्यसैबेला ड्युटीमा बसेका प्रहरी कराएपछि उनी फर्केर आफ्नै ओछ्यानमा आई सुते।

त्यसछि उनलाई भाटाले पिडौला, छेपारी, तिघ्रा, पिठ्यूँ र टाउकामा पिटेपछि टाउको टेकेर बस्न लगाइयो। घण्टौं त्यसरी बसाएपछि पुन पाखुरा, नाडी र शरीरका अन्य भागमा जथाभावी कुटपिट गरियो। उनका शरीरमा पनि यातनाका कारण घाउचोट लागेको थियो। घटनापश्चात उनलाई पैताला झम्झमाउने रिंगटा लाग्ने र खोक्दा छाती दुख्ने रोगले सताएको थियो।

यातना पश्चात जेल प्रशासनले गर्ने लापर्वाही, खाना तथा बन्दीको स्वास्थ्य जांच आदि विषयलाई लिएर जेल सुधार गर्ने माग राखी ११ दिन अनसन बसेका २ जना बन्दीलाई फँसाउन उनीहरूलाई असोज २ गते बिहानै जेल कार्यालयमा बोलाइयो।

मोरङ्ग जिल्ला निवासी सिजुवा सौंठा निवासी २६ वर्षीय कृष्ण तिम्सिनालाई ०४८ भदौ १७ गते झापा जिल्लाको केरखामा पक्राउ गरिएको थियो। लागू पदार्थ कारोवार सम्बन्धी मुद्दामा जेल परेका र आई.ए. सम्म पढेका अविवाहित तिम्सिना ०४९ चैतमा विभिन्न माग राखी ११ दिनसम्म अनसन बसेका थिए। २ गते कार्यालय लैजानासाथ तिम्सिनालाई जेल फोर्ने काममा संलग्न भएको कागज बनाई त्यसमा सही गर्न लगाइयो र उनले त्यसो गर्न नमानेपछि कार्यालयभित्रै प्रहरीलाई कुट्ने आदेश जेलरले दिए। जेल कार्यालयमा पहिले नै भाटा ताछेर राखिएको थियो। कार्यालयभित्रै बिहान ७ बजेतिर उनलाई डडाल्ना र देब्रे पातामा भाटाले कुटियो। त्यसपछि, उनलाई लछारपछार गर्दै ५।७ जना प्रहरीले सुरक्षा कक्षमा लगे।

जेलर र असईले भाटा आगोमा सेकाउने र त्यस भाटाले प्रहरीले कुट्न थालेपछि उनलाई घोप्टो पारेर अब पनि हल्ला गर्छस् कि भन्दै डामियो र पिटियो। लगातार २ घण्टाको कुटाईपछि उनी मुर्छा परे, तर पनि कुटपिट रोकिएन। पानी छम्केर ब्यूँझाएपछि उनलाई फेरि पिटियो।

कुटपिटपछि उनलाई पेनकिलर ट्याबलेट र मलम दिइयो। उनको टाउकामा कुटपिटका १० वटा, डडाल्नामा ३७ वटा र शरीरका अन्य भागमा ४ वटा गरी जम्मा ५१ वटा घाउ-चोटहरू लागेका थिए। उनी धेरै पछिसम्म गर्धन सोझो पार्न सक्दैनथे। पछिसम्म टाउको दुख्ने, छाती दुख्ने र शरीर झम्झमाउने रोगले पीडित थिए।

एक महिनापछिसम्म उनको हातका दुवै पाता, पिठ्यूँ र छातीमा बुट र लठ्ठीका खतहरू थिए, देब्रे कम्मरको अघिल्लो भागमा एउटा खत थियो र टाउको सुन्निएको र आँखाका डीलहरू काला भएका देखिन्थे।

झापा, सतासीधाम-७ निवासी २५ वर्षीय अविवाहित युवक गंगा गौतम लागू औषध सम्बन्धी मुद्दामा ०४७ साल चैत्र २५ गते देखि इलाम जेलमा थिए। दशौं कक्षासम्म शिक्षा पाएका गौतमले, जेलमा ढुंगा मिसिएको चामल राम्रो भएन, हाम्रो औषधोपचार व्यवस्था राम्रो हुनुपर्छ भन्ने जस्ता बन्दीका अधिकार सम्बन्धी आवाज उठाउँदै आएका थिए।

कृष्ण तिम्सिनासँगै उनलाई पनि असोज २ गते जेल कार्यालयमा बिहानै बोलाइयो र धम्कीपूर्वक कागजमा सही गराउन खोजियो। जेलर नन्दकुमार श्रेष्ठको आदेशमा पियन लोकबहादुर चेम्जोङले हिर्काउँदै प्रहरीको व्यारेकमा हुले। व्यारेकभित्र लोकबहादुरले भाटा तताउँदै प्रहरीलाई दिए दुई जना प्रहरी दायाँबायाँ राखेर उनलाई टाउको टेकेर भित्तामा घोप्टो पारियो। यसपछि पालोपालो गरेर तातेका भाटाले उनको डडाल्नो पाखुरा, तिघ्रामा कुटियो। उनी बहोस भए। पानी छ्यापेर उनलाई विउँताइयो। फेरी उनलाई उही रूपले बेस्सरी चुट्न थालियो। प्रहरीको बुटले पनि यत्रतत्र हिर्काए। पीडा सहन नसकेर चिच्याएको सुनी वरपरका मान्छेहरू मेला भएपछि उनलाई जेलभित्र हुलियो। जेलभित्र जन्जीर लगाएर राखियो। भोलिपल्ट मात्र जन्जीर खोलियो। दशवटा पेनकिलर खान र लगाउन मलम दिइएको थियो।

एक महिनापछि पनि उनको जीउमा कुटाइका खतहरू प्रष्टै देखिन्थे। देब्रे पाता, दाहिने पातामा, दाहिने हातको पाखुरामा, देब्रे खुट्टाको नलीहाडमा देखिने खतहरू ठूलठूला थिए। पछि उनको देब्रे खुट्टा निकै दुख्यो। छाती दुखेर बिहान उठ्न निकै कठिन हुन्थ्यो र बारम्बार रिंगटा लागिरहन्थ्यो।

त्यस जेल काण्ड र त्यसपछि दिइएको यातनालाई लिएर इलाम बजारमा चर्को सनसनी फैलियो। जेल कम्पाउण्ड नजिकै घर भएका इलाम क्याम्पसका प्राध्यापक तथा मानवअधिकारवादी कार्यकर्ता रामचन्द्र पराजुलीले घरमै जेलको कोलाहाल सुनी जेलतर्फ लाग्दा उहाँलाई प्रहरीले रोके। घटनाको बारेमा बुझ्न खोज्दा गोली हान्ने धम्की दिएपछि वहाँले कुटपिटको विरोधमा नारा समेत लगाउनु पर्‍यो। वरपरका मानिसले समेत जेलमा भएको यातना रोक्न दवाव दिएपछि बन्दीहरूमाथिको कुटपिट रोकियो। भोलिपल्ट स्थानीय मानवअधिकारवादी कार्यकर्ताहरूले ठूलो दबाव दिएपछि ४।५ जनालाई जेल भित्र पस्न र घटनाको जाँचबुझ गर्न दिइयो। यस यातनामा संलग्न सुरक्षा अधिकृत रामबहादुर घर्तेलाई कार्वाहीको सिलसिलामा केही समय अन्यत्र लगिएको भए पनि

पुःन त्यही जेलमा ल्याइयो।

०५० असोज १७ गते स्थानीय बाँझो गाविस-१ का ३७ वर्षीय लक्ष्मण वान्तवा इलाका वन कार्यालयको गस्तीटोलीद्वारा पक्राउ परे। उनलाई इलाका वन कार्यलय गजुर मुखीका सहायक रेन्जर अर्जुन प्रसाद यादवको नेतृत्वमा आएको टोलीले पक्रिएको थियो।। लक्ष्मण राईलाई गाई-वस्तु हेर्दा हेर्दैको अवस्थामा झापा र इलाम बीचको विन्दा खोला नजिकै ४ जना वनपालेहरूले लछारपछार गर्दै पक्राउ गरेका थिए। उक्त घटनाका विषयमा विस्तृत जानकारी हासिल गर्ने मानवअधिकार कार्यकर्ताहरू भन्छन् - "वनमा आराद्वारा काठ काट्ने तँ नै होस् भनी वनपालेहरूले उनलाई जंगलमै हायल-कायल पार्न थाले।"

पक्राउ गरिएपछि उनलाई वनपालेहरूले वनमै निकै कुटपीट गरेका थिए। त्यसपछि उनलाई झापा जिल्लाको केरखा स्थित वनकार्यालयमा लगिएको थियो। पक्राउ गरिएको भोलिपल्ट राती उनलाई अर्जुन नामक रेन्जरको उपस्थितिमा कठोर यातना दिइयो। उनलाई भाटाले कुट्ने देखि औंलामा पीनले घोच्ने सम्मको यातना दिइयो।

कठोर यातनाका कराण धेरै दिनसम्म उनको अनुहार सुन्निएको थियो दुई दिनसम्म त उनी थुकसम्म निल्न नसक्ने अवस्थामा थिए।

०५० कार्तिक ७ गते इलाम महमाई गाविसको मैनाचुलीको जंगलमा प्रहरीद्वारा भारत असामका निर्मल लकान्द्री लगायत विक्रम मगर, दीलिप बस्नेत, अशोक बस्नेत र खिरोज सुवेदी पनि पक्राउ परे। त्यसै सेरोफेरोमा अर्नेविल नलवारीका ३० वर्षीय रोशन रिजाल लगायतका आसाम भारतका युवकहरू पनि झापा दुवागढीमा पक्राउ परेका थिए।

प्रहरीका अनुसार उनीहरू जंगलमा गुरिल्ला तालिम लिइ रहेका थिए। तर पक्राउ परेका युवकहरू भन्दछन - "आसाममा नेपाली मूलका बासिन्दाहरू उपर भइरहेको उत्पीडनका बिरूद्ध लड्न गुरिल्ला तालिमको आयोजना गर्ने तयारीमात्र भइरहेको थियो। तालिमको सुरूवात भई सकेको थिएन।"

झापामा पक्राउ गरिएका दुई भारतीय युवकहरूका साथ मदन घिमिरे र भेषराज ओली नामक दुई नेपालीहरूलाई पनि गरिफ्तार गरिएको थियो। तर रोशन र दीपक बाहेक सबैलाई छाडिएको थियो। पक्राउ गरिएको अवस्थामा उनीहरूका साथ १ थान कटुवा बन्दुक रहेको कुरा उनीहरू स्वीकार गर्दछन्। गिरफ्तारी पश्चात रोशन र दीपकलाई कठोर यातना दिइएको थियो। उनीहरूको जिउ र जोर्नीहरू अझसम्म दुख्ने गरेको छ।

२ मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

०४९ माघ २६ गते पुरानो राजनीतिक इबीका कारण एकतप्पा-१ मेतालुङमा छुरी काण्ड नै घट्न पुग्यो। उल्लेखित दिन सो गाउँका वीरबहादुर राईको छोरीको विहेका अवसरमा एकतप्पा-६ का धनबहादुर भट्टराई एवं सोही ठाउँ बस्ने गत स्थानीय निर्वाचनमा पराजित गाविस उम्मेदवार वमबहादुर राईले दुई जनालाई छुरी प्रहार गरेका थिए। छुरीको शिकार भएका एकतप्पा-६ का खम्ब सिंह एवं एकतप्पा-१ का कृष्णबहादुर राईलाई पीडकद्वयले प्रहार गर्नु अघि गोप्य कुरो गर्ने निहुँमा विहे घर भन्दा ३ सय मीटर जति टाढा लगेका थिए। पीडित खम्ब सिंहलाई पेटमा बायाँपट्टी र कृष्णलाई कांधमा छुरी प्रहार गरिएको थियो।

०४९ चैत ११ गते स्थानीय नयाँबजार-७ का ३८ वर्षीय रूपनारायण गुरूङ उपर सोही ठाउँकी ३३ वर्षीया कृष्णकुमारीद्वारा हँसिया प्रहार भयो। तर तत्काल सामान्य कुलोको निहुँमा भएको उक्त झै-झगडालाई राजनीतिक रङ्ग दिन खोजिएको थियो। झगडियामध्ये रूपनारायण आफूलाई नेपाली कांग्रेस समर्थक ठान्दछन् भने कृष्णकुमारी एमाले समर्थक ठानिन्छिन्। ती दुबै बीच आमनिर्वाचन र स्थानीय निर्वाचन देखिको बैमनष्यता रहेको थियो। त्यस दिन रूपनारायण उपर कुलो थुन्न लागेका अवस्थामा प्रहार भएको थियो। उक्त घटना अघि पनि उनीहरूबीच पटक पटक झै-झगडा हुने गरेको थियो। कृष्णकुमारी रूपनारायाणले आफूलाई सत्ता शक्तिको आडमा दुःख दिने गरेको आरोप लगाउँछिन्।

०४९ चैत २७ गते फाकपोक-७ थापा गाउँमा ३० वर्षीय डम्बरबहादुरले मादक पदार्थ सेवन गरी उधुम नै मच्चाए। सोही ठाउँमा आयोजित पितृश्राप बगाउने परम्परागत रिवाजमा आफूलाई सम्मिलित नगरिएको झोंकमा उनले हातमा खुकुरी बोकेर यताउता गर्दै गाउँलाई नै त्रसित तुल्याए। सो घटनाक्रममा २८ वर्षीय चन्द्रबहादुर थापाको पातामा खुकुरीको चोट पर्न गयो। त्यस्तै अर्का चन्द्रबहादुरलाई पीडकद्वारा प्रहार गरिएको ढुंगा लागेको थियो।

०५० बैशाख १ गते अन्तु-८ का पासाङ शेर्पाको घरमा दुई व्यक्तिबीचको झगडाका कारण छुरी काण्ड घट्न पुग्यो। सो दिन साँझ साढे ६ बजेतिर भारत वकाइटी चिया कमान सातमाइलका दलबहादुर राईले स्थानीय दीपक राईको पेटमा बायाँपट्टि छुरी प्रहार गरेका थिए। त्यस अघि दलबहादुर आफ्ना भाउजू र पत्नीका साथ पासाङको घरमा पाहुनाका रूपमा पुगेका थिए। उनीहरू तीनै जना रक्सीको नशामा रहेका थिए। दीपक राई पनि सोही घरमा बसी रक्सी पिउन थाले। उनीहरू सबैजना संगसंगै बसी रक्सी पिउन थाले। त्यसै क्रममा दीपकले दलबहादुरकी पत्नीउपर अनुचित कार्य गर्न खोजेपछि झगडा चर्किएको थियो।

०५० जेठ २५ गते स्थानीय नयाँबजार-१ स्थित अमरकल्याण मा.वि.मा अनेरास्ववियु र नेविसंघका विद्यार्थीहरू बीच भएको कुटपिटबाट केही विद्यार्थी घाइते हुन पुगे। अनेरास्ववियुका विद्यार्थीहरूले विद्यालय प्रशासन समक्ष पठन-पाठन र खेलकूदसंग सम्बन्धित केही मागहरू पेश गरेका थिए। तर नेविसंघ पक्षले ती मागहरू नाजायज भएको ठहर

गऱ्यो। सोही क्रममा दुबै पक्ष बीच विवाद बढ्दै गयो। त्यसपछि उल्लेखित दिन विद्यालयबाट घर फर्कदै गरेका अनेरास्ववियु पक्षधरहरू उपर नेविसंघका विद्यार्थीहरूले बाटोमै आक्रमण गरेका थिए। उक्त अवसरमा अनेरास्ववियुका गोर्खे-२ का लोकबहादुर राई, र जोगमाई-६ का डम्बर महत घाइते भएका थिए। आक्रमण गर्ने विद्यार्थीहरूमा नयाँबजार-१ का पेम्बा शेर्पा लगायत, टेकबहादुर शाह, पुण्यप्रसाद भण्डारी, अभिनारायण भण्डारी, कर्ण भण्डारी, राजकुमार यल्मु र अर्का एकजना थिए। उक्त आक्रमणमा डम्बर महत गंभीर रूपमा घाइते भएका थिए। त्यस्तै लोकबहादुर राई पनि सामान्य घाइते भएका थिए।

०५० कार्तिक २५ गते चिसापानी-६ का राप्रपा समर्थक दिलबहादुर राई कुटपिटका शिकार हुन पुगे। झगडाको निहुँ गोरूले बाली चरेको मात्र रह्यो। तर झगडाले केही राजनीतिक रंग पनि पायो। उक्त गाविसका उपाध्यक्ष कांग्रेसका छन्। उपाध्यक्ष भक्तबहादुर भण्डारीले दिलबहादुरलाई आफ्नै घरमा बोलाई कुटपिट गरेका थिए। दिलबहादुरले आफ्नो खेतमा गोरूले चरेपछि कुनै उजुरी नगरी कांग्रेसका कार्यकर्ताहरूलाई गाली गरेका थिए।

०५० मंसीर १ गते फिक्कल-४ पान्दामका ४८ वर्षीय इन्द्रबहादुर खड्का कुटपिट र छुरीको समेत शिकार हुन पुगे। उनीमाथि सोही गाउँ वडा नं. ४ पान्दाम राई गाउँका ३२ वर्षीय गणेश राई र सोही ठाउँका ३५ वर्षीय तिलविक्रम राईले अनावश्यक निहुँ खोजी प्रहार गरेका थिए। टेउली खेल्न गएका इन्द्रबहादुर उपर "लट्ठी किन टेकेको" भन्ने निहुँमा कुटपिट भएको थियो। उनको ढाड र टाउकोमा छुरी समेत प्रहार भएको थियो।

२.२ धार्मिक स्वतन्त्रता

नेपालका अन्य कतिपय पहाडी जिल्लाहरूमा झैं यहाँ पनि क्रिश्चियन धर्म प्रचारकहरू सक्रिय रहेका छन्। परम्परागत रूपमा हिन्दू वा वौद्ध धर्म अवलम्बन गर्नेहरू मध्ये कतिपयले हाल क्रिश्चियन धर्म अंगिकार गरेको देखिन्छ। स्थानीय मानिसहरूका अनुसार गरीब जनता आर्थिक प्रलोभनका कारण त्यस्तो गर्दछन्। खासगरी बहुदलीय प्रजातन्त्रको आगमन पश्चात आफूलाई अहिन्दू दावी गर्ने मंगोलहरू पनि निकै सक्रिय रहेका छन्। उनीहरूले यस वर्षको दशैं बहिष्कार गर्न आव्हान गरेका थिए।

२.३ राजनैतिक स्वतन्त्रता

उल्लेखित घटनामा बाहेक प्रहरी तथा प्रशासनबाट राजनैतिक स्वतन्त्रता प्रत्यक्ष हनन भएको पाइएन।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यहाँको जिल्ला अदालतमा देवानी १ सय ४७, फौजदारी १ सय ३७ र सरकारवादी २२ गरी कूल ३ सय ६ वटा मुद्दा दर्ता भएका थिए। यो वर्ष जिल्ला प्रशासन कार्यालयमा २३ वटा सार्वजनिक अपराध सम्बन्धी मुद्दा दर्ता भएका थिए। त्यसमध्ये ८ वटाको फैसला भइसकेको छ। तर सरकारी न्यायाधिवक्ताको कार्यालयमा २७ वटा सार्वजनिक अपराध, २ वटा हातहतियार र खरखजाना सम्बन्धी गरी कूल २९ वटा मुद्दा दर्ता भएका थिए।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

इलाममा सुकुम्बासी समस्या पनि उल्लेख्य रूपमा विद्यमान रहेको पाइन्छ। जिललाको कूल जनसंख्या मध्ये ७ प्रतिशत भूमिहीन रहेका छन्। जिल्लाको कूल परिवार संख्या ४१ हजार ४ सय २५ मध्ये २० रोपनी मन्दा बढीको भू-स्वामित्व हुने परिवार संख्या १५ हजार ९ सय ८२ अर्थात ३९ प्रतिशत रहेको छ। त्यस्तै १० देखि २० रोपनी सम्मको भूस्वामित्व हुने परिवार संख्या ११ हजार ३ सय ४२ अर्थात २७ प्रतिशत रहेको छ। ६ देखि १० रोपनी सम्मको भूस्वामित्व हुने परिवार संख्या ६ हजार ४ सय ६६ अर्थात १५.५ प्रतिशत, ५ रोपनी सम्मको भूस्वामित्व हुने ४ हजार ७ सय ४७ परिवार अर्थात ११ प्रतिशत र भूमिहीनहरूको परिवार संख्या २ हजार ८ सय ८८ रहेको छ।

यस जिल्लाको चुलाचुलीको सुकुम्बासी समस्या लामो समयदेखि चर्चा भैरहेको छ। सो समस्याको समाधान गर्ने क्रममा मच्छिन्द्र केरूङ आयोगले ९ सय २९ परिवारलाई जग्गाधनी प्रमाण पत्र बाँडेको थियो। ०३७ को लगत अनुसार बाँफो गाविसका १, २ र ९ नं. वडाका ८ सय २० परिवार संख्याका सम्बन्धमा समस्या रहेको छ। तर हाल कति परिवारको समस्या रहेको छ भन्ने बारेमा यकीन हुन सकेको छैन। यस विषयमा सुकुम्बासी समस्या समाधान गर्ने जिम्मा पाएका निकाय वा ०५० मा गठित निरञ्जनप्रसाद आचार्यको आयोगले पनि बताउन सकेको छैन।

"मच्छिन्द्र आयोगबाट धनी पूर्जा पाउनेहरूले भैंसी र हलगोरूदेखि गहना गुरिया समेतको उपहार अधिकारवाला व्यक्तिहरूलाई चढाउनु परेको थियो। आचार्य आयोग माथि विश्वास गर्न सकिने ठाउँ छैन।" - नाम नबताउने शर्तमा चुलाचुलीका एक ग्रामीण वृद्धले बताए।

कस्को जोत भोगमा के कति जग्गा जमिन रहेको छ भन्ने लगत तयार गर्न अमिनहरूद्वारा नापीको शुरूवात गरिएको छ। तर नापीका क्रममा ग्रामीण बासिन्दाहरू र अमिन टोली बीच असमझदारी समेत पैदा भएको छ। कतिपय मानिसका विचारमा मच्छिन्द्र आयोगले वितरण गरेको जग्गाधनी पूर्जा मध्ये एकतिहाई नक्कली सुकुम्बासीका हातमा परेको छ। चुलाचुलीको अवस्था भूसको आगोसंग तुलना गर्न सकिने किसिमको छ।

४. महिला अधिकार

देशका अन्य पहाडी र पिछडिएका जिल्लाका महिलाहरू झैं यहाँका महिलाहरू पनि दुखपूर्ण जीवन व्यतित गर्न बाध्य छन्।

इलाम-९, वालन गाउँ बस्ने २४ वर्षीया एउटी महिलालाई उनका पतिले ०५० जेठ २७ गते खुर्पाले आक्रमण गरेर सख्त घाइते पारे। सासु, ससुरा र देवरले उनलाई विराटनगरमा लगेर अस्पतालमा उपचार गराए। उनलाई निको हुन २२ दिन लाग्यो। रिस उठ्नासाथ पत्नीलाई निर्घातसंग कुटपिट गर्ने उनका पतिले जेठ ५ गते उनको लुगामा आगो नै सल्काइदिएका थिए। तर पनि आफू "निरक्षर भएको र पारिवारिक, सामाजिक मर्यादा कायम राख्न पनि पतिसँगै बस्नु पर्छ" भनी उनी भन्दछिन्।

४.१ महिला किनबेच र बलात्कार

०५० मंसीर २२ गते इलाम बजारमै शिवे हजामको षडयन्त्रमा पर्ने २० वर्षीया शोभा त्रिखत्री अन्ततः नारकीय जीवन व्यतित गर्नबाट मुक्त भइन्। त्यस दिन शिवे हजामले उनलाई पोखराका "राजु गुरूङ सर" को नाम लिएर लोभ्याएको थियो। उनी "राजु सर" को गलैंचा कारखानामा काम गरी धेरै कमाउने लोभमा त्यसै दिन विहान साढे ६ बजेको बसद्वारा विर्तामोड झापा तर्फ लागिन्। दमक झापा पुगेपछि गुरूङले उनलाई केही कपडा पनि किनी दिए। त्यसै साँझ उनीहरू रात्री बसद्वारा भैरहवा तर्फ लागे। पहिले गुरूङले उनलाई पोखरा लैजादैंछु भनेको थियो। तर पछि गुरूङले उनलाई ललाई फकाई गऱ्यो। उनलाई गोरखपुर हुँदै बम्बई पुऱ्याइयो। त्यहाँ उनलाई भा.रू. २० हजारमा बिक्री गरियो। तर केही दिनपछि उनी त्यहाँबाट उम्किन सफल भइन् र प्रहरीको सहयोगमा हराएको २३ औं दिनमा इलाम आइपुगिन्।

फिक्कल-८ आहालेका २१ वर्षीय डम्बरबहादुर बुढाथोकीकी पत्नी २१ वर्षीया पूर्ण थापालाई उनको अनुपस्थितिमा ०५० पुसमा उनकी आमाले घरबाट निकाली दिइन्। ०५० माघ २ गते पूर्णमायाका सहोदर दाजु खड्गबहादुर थापाले उनको घर पुऱ्याउन गए। तर पूर्णमायाका पतिले भने।- "आमा बाबुले स्वीकार गरे मात्र म पनि पूर्णमायालाई स्वीकार गर्नेछु।" त्यसपछि पूर्णमायाको नाममा भरणपोषण खर्च र अंश दिलाई पाउँ भन्ने व्यहोराको निवेदन जिल्ला अदालतमा दर्ता गरियो। त्यस अघि नै स्थानीय जनताको रोहबरमा उनलाई त्यस प्रकारको खर्च दिइने कागज डम्बर बहादुरले गरेका थिए। तर उनले त्यस कबूलनामाको पालना गरेका छैनन्। पूर्णमायाको कोखबाट जन्मिएको ३ वर्षीय बालकका सम्बन्धमा डम्बरबहादुरले सुरूमा जे जस्तो टिप्पणी गरे पनि हाल उनी स्वीकार गर्दछन् - "त्यो छोरो त मेरै हो।"

०५० बैशाख १४ गते इलाम नगरपालिका स्थित स्थानीय ज्योति सदन मा.वि.का १८ वर्षीय सुमन रंजितद्वारा एक साढे ६ वर्षीया बालिका बलात्कृत हुन पुगिन्। स्थानीय प्रज्ञा सदन बोर्डिङ्ग स्कूलमा नर्सरीमा अध्ययनरत ती बालिकालाई त्यस युवकले विद्यालयबाट घर फर्किरहेको अवस्थामा ललाई फकाई कोठामा लगी बलात्कार गरेको थियो।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

जिल्लाका डी.एस.पी.का अनुसार यस वर्ष बहुविवाह सम्बन्धी एउटै मात्र मुद्दा दर्ता भएको थियो। तर बहुपत्नी प्रथा व्यापक रूपमा रहेको पाइन्छ। यहाँ देउकीहरू छैनन्। वादी प्रथा पनि यहाँ देखिदैन। तर जारी प्रथा भने यहाँ पनि केही मात्रामा देखिन्छ।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

"मानवअधिकारका लागि उठाइने आवाजले सरकार संचालन गर्न वाधा-अड्चन खडा हुन पुग्छ।" - यहाँ प्रशासनमा रहेका कतिपय मानिस यस्तो धारणा राख्दछन्।

५.१ दासत्व विरूद्धको अधिकार

केही सीमित जमिन्दारहरूकहाँ रहने गरेका हली गोठालाहरूको स्थिति एक प्रकारले दासहरूको जस्तै छ।

५.२ अन्य अमानवीय व्यवहारहरू

०४९ भदौ १२ गते गोदक-१ जानेटारका २६ वर्षीय कर्णबहादुर तामाङ र सोही ठाउँकी १९ वर्षीया मनमाया पाख्रिन बीच प्रेम विवाह सम्पन्न भयो। तर त्यसै ठाउँका नयाङ्वा योञ्जनले उनीहरूले दुध-नाता मिची विहे गरेको प्रचार गरे। हाल सन्तानको आमा बाबु बनी सकेका त्यस दम्पत्तिलाई जातिच्यूत गरिएको छ।

६. आदिवासी अधिकार

यस जिल्लामा मंगोल नेशनल अर्गनाइजेशन (एम.एन.ओ.) को सक्रियता अन्य जिल्लाका तुलनामा अधिक रहेको छ। उनीहरू पृथक मंगोल राज्यका पक्षपाती छन्। उनीहरू आफ्नो पार्टीले खुला गतिविधि गर्न नपाएको गुनासो गर्दछन्। उनीहरू आफूलाई मूलबासी भन्दछन् र नेपालको वर्तमान संविधानले मूलवासीको अधिकारको उल्लेख नगरेको बताउँछन्।

७. बाल अधिकार

यहाँका बालबालिका खासगरी चिया कमानतिर श्रम बेच्न बाध्य छन्। मेची राजमार्गको कार्यमा पनि बालमजदूरी भइरहेको देख्न पाइन्छ।

अतिरिक्त जानकारी

०४९ फागुन २८ गते चिसापानी गाविस-७ का ३६ वर्षीय अम्बरबहादुर कट्टेलले मेटासिड विष खाए। उनले पारिवारिक र व्यवहारिक संकटका कारण आत्महत्याको प्रयास गरेको कुरो प्रहरीसंगको बयानमा पनि बताएका थिए। फागुन ३० गते दिनको १२ बजे इलाम अस्पतालमा उपचार गर्दा गर्दै मृत्यु भयो। इलाममा यस वर्ष १७ वटा आत्महत्याका घटना भए। ❑



१. पूर्वाञ्चल

मेची

१.३ पाँचथर

जनसंख्या : १७५,२०६
साक्षरता : ४३.६ प्रतिशत
महिला साक्षरता : २६.६ प्रतिशत
क्षेत्रफल : १२४१ वर्ग कि.मी.

हिमाली क्षेत्र, पहाडी क्षेत्र र वेशी क्षेत्र भित्र पर्ने पूर्वमा सिक्किम र दार्जीलिङ्ग, उत्तरमा ताप्लेजुङ्ग, पश्चिममा धनकुटा र तेह्रथुम जिल्ला तथा दक्षिणमा इलाम र मोरङ्ग जिल्लासंग जोडिएको यस जिल्लामा ठण्डा र समशीतोष्ण हावापानी पाइन्छ। चौध थुम, मध्ये पाँचथर र याङ्रूप गरी दुई थुममा फैलिएको लिम्बुवान राज्य रहेको पौराणिक कथन रहेता पनि हाल यस जिल्लामा विभिन्न जातिहरूको बसोबास रहेको छ। यो वर्षकेही राजनैतिक पूर्वाग्रह, व्यक्तिगत रीसइबी, लेनदेन र अन्य कारणले केही अप्रिय घटना घटेका छन्।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यस जिल्लाको लुङरूपा-९ टिमुरे बस्ने वर्ष ३६ का कुवेरप्रसाद दुलाल लगायत उनको परिवारका अन्य ४ सदस्य, ३७ वर्षीया पत्नी दयामन्त दुलाल, १२ वर्षीया छोरी कृष्णकुमारी, १२ वर्षीय र ८ वर्षीय दुई छोरा उमेश र उद्धवलाई ०५० वैशाख १७ गते राती आफ्नै घरमा हत्या गरियो। हत्याराहरूले आमा छोरीलाई बलात्कार गरी घाँटी दवाई मारेका थिए। निज दुलाल एमाले समर्थक भएको र उनलाई सोही राती नागिन गाविस अमलेमा बैठक छ भनी घरबाट बोलाई नागिन -३ मा लगी संजोपामा छुरी र खुकुरी प्रहार गरी हत्या गरेका थिए। तिनै हत्याराले उनको घरमा आई परिवारका ४ सदस्यको सामुहिक हत्या गरी धन, माल र गरगहना पनि लुटेका थिए।

घटनाको दिन मृतक दुलालका २ छोरी १५ वर्षीया मनु र १८ वर्षीया ज्ञानु भने घरबाट बाहिर भएकोले सो आमहत्याबाट बच्न सफल भए।

सो हत्याकाण्डका अभियुक्तहरूमा सोही ठाउँका २३ वर्षीया दुर्गा नेम्वाङ्ग ५७ वर्षीय ओमनाथ दुलाल, २७ वर्षीय हरिप्रसाद दहाल, २९ वर्षीय कृष्णप्रसाद दहाल, ३८ वर्षीय मधुनाथ दुलाल, २० वर्षीय युवराज दुलाल, २८ वर्षीय कृष्ण दुलाल र ३५ वर्षीय धर्मप्रसाद दुलाल लगायतका व्यक्तिहरू संलग्न रहेका थिए। ओमनाथ दुलाल र मृतकको परिवारमा जग्गाको कुलो सम्बन्धी विवादलाई लिएर पहिले देखिनै विवाद रहेकोले निजले अन्य ७ जना अभियुक्तहरूलाई प्रतिव्यक्ति २० हजार दिने शर्तमा तत्काल रू. १ हजार ५ सय दिई सो हत्यामा संलग्न गराएको थियो।

फलैचा-६ बस्ने धनबहादुर गिरीको कान्छा छोरा कमलप्रसादको ०५० असोज २५ गते स्थानीय ईवा खोलामा लाश फेला पऱ्यो। उनी सोही महिनाको १२ गते रातदेखि वेपत्ता भएका थिए।

कमल हराउने रात बाबु र दाजु कान्ताप्रसदसंग घरको गोरू बेची सोही ठाउँ बस्ने चन्द योङ्ग हाङ्गलाई तिरेकोमा झगडा भएको र राती ठूलो स्वरमा "मरें मरें" भनी कराएको आवाज छिमेकीले सुनेका थिए। मृतकको लाशको निधारमा ठूलो चोट, दाँत झरेका, तिघ्रा वारपार रोपिएको, खुट्टा तछारिएको र कटुमात्र लगाएको अवस्थामा भेटिएको थियो। सो मृत्यु हत्याबाट नै भएको मृतककी आमा लगायतका स्थानीय जनताको भनाई छ। तर सो घटनाका सम्बन्धमा मृतकका परिवारका सदस्य र अन्य केही व्यक्तिलाई सामान्य सोधपुछ गरी छाडियो।

भारपा-२ का ५५ वर्षीय गणपति खनाललाई ०५० असोज २६ गते सोही ठाउँको लसुने जंगलमा झुण्डिएको अवस्थामा गाउँलेहरूले फेला पारे। मृतक खनालको जोरपोखरीको संरक्षण गर्न त्यस वरीपरी ३ हजार भन्दा बढी रूख विरूवा रोपी गाई वस्तु चराउन रोकेर पोखरीलाई फोहर हुनबाट जोगाउने क्रममा जोरपोखरी बजारका केही व्यक्तिहरूसंग केही भनाभन

	घटना संख्या	
घटनाको प्रकृति	**१९९२**	**१९९३**
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	२	२
बलात्कृत	१	१
आत्महत्या		-

एकै परिवारका ४ जनाको विभत्स हत्या : लुडरुपा-९, टिम्बुरे

भएको थियो। मृतक स्वनाल उक्त पोखरीमा रहेको दुर्गा मन्दीरमा दुर्गा पूजा लगाउन आवश्यक सरजाम मेला गर्न र आर्थिक सहायता जुटाउन एकतीन-८ स्वाल्डेतिर गएका बखत निजलाई हत्या गरी रूखमा झुण्डाइएको आशंका गरिएको र उनका भाइ पद्मलाल स्वनालले प्रहरीमा जाहेरी दिएपछि एकतीन-८ का त्रिलोचन (पशुपति) सुवेदीका छोरा मात्रालाल सुवेदीलाई पक्राउ गरी ६ दिनपछि छोडियो। तर घटनाको प्रकृति र मृतकका भाइ तथा अन्य नागरिक त्यसलाई सुनियोजित हत्यापछि होचो रूखमा झुण्डाइएको बताउँछन्। मृतक केही वर्ष पहिलेसम्म भारतमा रहँदा सिक्किम संग्राम परिषदका सदस्य रहेको र यसै वर्ष गठित "जोरपोखरी बचाउ एवं वातावरण समिति" सदस्य रहेका थिए।

यस जिल्लाको सिवा गाविसको दुतीया भञ्ज्याङ्गमा लाग्ने हाटमा रानीटार-८ बस्ने ललितबहादुर सुनुवारलाई सोही ठाउँ बस्ने नइन्द राई, पञ्चवीर कामी, खुस बहादुर गुरुङ, सुभास राईले ०५० कार्तिक १ गते गते मादक पदार्थ खाई बाटोमा कुटपिट गरी फिदिम-१ पाहा खोलामा ल्याई हत्या गरी फाले। मृतकको लाश २ दिन पछि भेट्टिएको थियो। सो घटनाका ४ जना अभियुक्तहरूलाई पक्राउ त गरियो तर हाल खुशबहादुर र पञ्चवीरलाई मात्र तारेखमा राखी मुद्दा चलाईदै छ ।

१.२ जेल

यस जिल्लाको फिदिममा एक कारागार छ। यहाँ महिलाहरूको लागि १२.५ X १२.५ फिटको एक कोठा र पुरूषका लागि ९ X ७ फिट, १४.५X८.५ फिट र ९X७ फिटका ३ कोठा छन्। त्यस्तै एउटा स्टोर र भान्सा कोठा पनि छ। यहाँको वातावरण ज्यादै दुर्गन्धित र बस्नयोग्य छैन। हाल यहाँ २ जना महिलामध्ये १ कैदी र १ थुनुवाका रूपमा रहेका छन्। पुरूष बन्दीहरू ३४ जना रहेको यो जेलमा २० जना मात्र दोष प्रमाणित छन्। यो वर्ष २२ पुरूष र १ महिला जेलमा परे भने १०९ पुरूष मुक्त गरिए। जेलमा गत वर्षका ३८ पुरूष र १ महिला बन्दी रहेका छन्।

१.३ गिरफ्तारी र यातना

पञ्चमी-२ का वर्ष ४४ का वीर्खबहादुर याङ्युङ्गलाई श्रीमती बुधरानी सेवासंगको साँध-सीमाना सम्बन्धी विवादलाई लिएर ०४९ फागुन ९ गते पक्राउ गरी हिरासतमा राखियो। प्रहरी हिरासतमा उनलाई हवल्दार पदमबहादुर ढकाल र प्रहरी जवान उमा यादवले मादक पदार्थ सेवन गरी ढोका थुनेर कुटपिट गरी दाहिने हातको काहिंली औला भाँच्नुका साथै निजका कपडा रक्ताम्य बनाए। पिडक प्रहरीमाथि कुनै कारवाही भएन।

पाँचथर जिल्ला विकास समितिका सभापति हरिशचन्द्र नेम्वाङ्गको ऋण तिर्न नसकेकोमा चोकभागु-३ का २८ वर्षीय रामचन्द्र तुम्बापोलाई ०४९ चैत १० गते प्रहरीले बिनापूर्जी पक्राउ गरेर १ दिन १ रात गरी हिरासतमा राख्यो। पीडित रामचन्द्रले सभापति हरिश चन्द्रको ऋण नतिरेकोमा सभापतिकै सिफारिशमा उनलाई प्रहरीले पक्रेको थियो।

लुम्कावुङ्-३ मा संचालित खानेपानी योजनालाई सोही गाविसका अध्यक्ष र उपाध्यक्ष क्रमशः मनप्रसाद लावती र चन्द्रबहादुर लावतीको नेतृत्वमा भत्काई नष्ट गरिएको अभियोगमा अभियुक्तहरूलाई पक्रन गएका प्रहरीमाथि आक्रमण गरेको आरोपमा सोही गाविस-९ का ५६ वर्षीय चन्द्रबहादुर आङदम्बेलाई ०५० जेठ २२ गते पक्राउ गरी हिरासतमा कुटपिट

गरियो। उनलाई बिनापूर्जी २८ दिन राखिएको थियो भने उनीसँगै गाविस उपाध्यक्ष चन्द्रबहादुर लावतीलाई समेत पक्राउ गरी सार्वजनिक अपराधको मुद्दा चलाइयो। पक्राउ पर्नेहरूलाई प्रतिव्यक्ति रू ७६ हजारसम्म धरौटी लिई तारेखमा छोडिएको छ। खानेपानी संस्थानले क्षतिको मूल्यांकन ६५ हजार गरेको छ। प्रहरी ज्यादती र गिरफ्तारीको डरले गाउँका ५० भन्दा बढी व्यक्ति घरबाट भागेका थिए।

रवी-७ का ४३ वर्षीय मणिकुमार राईलाई ०५० असार १७ गते चोरीको अभियोगमा प्रहरीले गिरफ्तार गरी निर्ममतापूर्वक यातना दिए। जबरजस्ती तमसुक बनाई सहीछाप गराए। उनलाई पक्राउ पूर्जी नदिई थुनामा राखी उनका भाइ प्रताप कुमार र छोरा हरिबहादुरलाई समेत पक्राउ गरी आफ्ना काका बाबुले चोरेको पैसा तिर्छौ तिर्दैनौ भनी धम्क्याई रू १० हजार लिए। पीडित मणिकुमारलाई सोही गाविस-५ का वडा अध्यक्ष रामकुमार राईले रू. १८ हजार चोरेको अभियोग लगाई प्रहरीमा उजुरी दिएका थिए।

२. मौलिक अधिकार

त्यस्तै पञ्चमी-८ निवासी ५८ वर्षीय मानबहादुर सिंगु र उनका ३२ वर्षीय छोरा प्रेमप्रसादलाई खेतमा काम गरेकै अवस्थामा सामान्य विवादका कारण सोही ठाउँमा तुलसी प्रसाद बाँस्कोटा, ओम बाँस्कोटा, कुलप्रसाद र तुलसीप्रसाद बास्कोटाले कुटपिट गरी घाइते बनाए। उपचारका लागि घाइतेलाई लहान अस्पतालसम्म ल्याइयो। यस घटनाका सम्बन्धमा अदालतमा मुद्दा चल्दै छ। पिडकलाई प्रहरीले गिरफ्तार त गऱ्यो तर राजनैतिक दबावका कारण २ दिन पछि छोडिदियो। उनीहरूमा जमिनको सिमाना बारे विवाद थियो।

यस जिल्लाको कारागार शाखाका असई असलबहादुर नेम्वाङ्गले ०५० असार २२ गतेदेखि पटक पटक जेल भित्रका उमेश कुमार नेपाली, धनपती चापागाई, ओमनाथ दुलाल, टवीलाल लिम्बु, कमठण्डु लामा आदिलाई जेल भित्रै कुटपिट गरेको कुरा पीडित बन्दीहरूले बताए।

२.१ अभिव्यक्ति स्वतन्त्रता/ भेला र संगठित हुने अधिकार

यस जिल्लामा अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकारलाई राजनैतिक तथा आपसी रीसको कारण संकुचित बनाइएको छ र यसको उपभोग सबै पक्षबाट आ-आफ्नै ढंगले भएको छ।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक सद्भाव नै देखिएता पनि हिन्दु धर्मको परम्परा अनुसार दशैं मान्ने र नमान्ने बीच झगडा हुँदा २-३ व्यक्ति घाइते भए। स्मरण रहोस् यस जिल्लामा पनि आफूलाई अहिन्दू दावी गर्ने मंगोलहरूले दशैं बहिस्कार गर्न आव्हाम गरेका थिए।

ईभुङ्-८ हाङ्पोका २७ वर्षीय रामचन्द्र नेम्वाङ्गलाई ०५० कार्तिक ७ गते गते दशैं पर्व मनाएको विरोधमा "लिम्बुवान मुक्ति मोर्चा" का व्यक्तिहरूले कुटपिट गरी हात समेत मर्काइ दिए। सो घटनामा रामचन्द्रलाई सोही ठाउँका विक्रम, नन्दकुमार, देउकुमार, अकलबहादुर, प्रेमप्रसाद लगायतका व्यक्तिहरूले आक्रमण गरेका थिए। यस घटनामा अन्य केही व्यक्तिहरू पनि घाइते भए। पीडितको जाहेरी उपर उचित सुनुवाई भएको छैन। यस जिल्लामा कृश्चियनहरूको अतिक्रमण पनि बढ्दै गएको छ।

२.३ राजनैतिक स्वतन्त्रता

यस जिल्लामा भिन्न मत राख्ने राजनैतिक पार्टीका व्यक्तिमाथि एक अर्कोले रीसइबी साँध्ने गरेको देखिन्छ।

राष्ट्रिय प्रजातन्त्र पार्टीको जिल्ला सचिव सुश्री राजकुमारी थापालाई नागी-३ मा पार्टीको महिला संगठन सम्बन्धी काम गर्दा सोही ठाउँका बुद्धिप्रसाद काम्वाङ् र चुडामणि मारती (विचारी) समेतले अनावश्यक विवाद झिकी "महिला संगठन गर्ने अधिकार कस्ले दियो ?" भनी हातपात र आक्रमण गर्दा उनलाई अगेनामा उम्लेको तरकारीले गम्भीर चोट पुऱ्याउने गरी पोल्यो। सो घटनामा बालकुमारी मेयाङ्बो, अमृता काम्वाङ, विद्या काम्वाङलाई समेत कुटपिट गरियो।

सो घटना पछि पिडकहरूले नै थर्पु प्रहरी चौकीका प्रहरी हवल्दार र अन्य जवानलाई गुहार गरेर पीडित तथा रणबहादुर मेयाङ्बो समेतलाई राती १२-१ बजे गिरफ्तार गरियो। पीडित पक्षलाई विभिन्न यातना सहित सदरमुकाम पुऱ्याइए पछि घाइते राजकुमारीलाई १५ दिनसम्म अस्पतालमा राख्नु पऱ्यो। पिडक पक्षका तर्फबाट बुद्धिप्रसाद काम्वाङले पीडित सहित ९ जनाको नाममा अदालतमा कुटपिट मुद्दा हालेका छन्। सो मुद्दामा सर्णबहादुर काम्वाङ्, लालबहादुर काम्वाङ् समेतलाई पनि मुछिएको छ। पिडकहरू कांग्रेसका कार्यकर्ता तथा कुलबहादर काम्वाङ् कांग्रेसको तर्फबाट वडा अध्यक्ष भएका व्यक्ति हुन्।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा विभिन्न परिवेशहरू भौतिक, सामाजिक, आर्थिक र राजनैतिक लगायतका कारणहरूले गर्दा सबै नागरिकहरूले सुगम, निष्पक्ष, समान र सुलभ न्यायिक अधिकार पाउन नसकिरहेको तथ्य जिल्लामा घटेका घटनाहरू तिनको प्रकृति र अर्ध न्यायिक निकायका गतिविधिले पनि प्रष्ट गरेको छ।

यस वर्ष जिल्लामा सबै भन्दा बढी ६२ वटा लुटपिट मुद्दा र त्यसपछि अंश लेनदेन सम्बन्धी मुद्दा भएको जिल्ला अदालतले जनाएको छ। त्यस्तै प्रहरीबाट ५ वटा मुद्दा अदालतमा आएको र अदालतले फैसला गरेपछि ८ जना बन्दी जेलमा भएको जिल्ला न्यायाधीश श्री महावीर प्रकाश श्रेष्ठको भनाई छ।

प्रमुख जिल्ला अधिकारी ज्ञानदर्शन उदासका अनुसार जिल्लामा मानवअधिकारको स्थिति राम्रो रहेको तथा मादक पदार्थ र रीसइबीको कारण बढी अपराध घट्ना घट्ने गरेका छन्।

जिल्ला प्रहरी कार्यालय प्रहरीका अनुसार यस वर्ष ४५ वटा मुद्दाहरू दर्ता भएकामा कर्तव्य ज्यान ७, ज्यान मार्ने उद्योग १, आत्महत्या १०, करणी १, चोरी डाका २, सार्वजनिक अपराध १२ बहुविवाह १, सवारी दुर्घटना १ र भवितव्य ज्यान ८ थिए। विभिन्न अपराधका ३४ जना अपराधी पक्राउ परे भने ६३

अपराधी फरार भए।

लुङ्रूपाको दुलाल परिवारको आमहत्याका पिडक पक्षको वहसमा अदालतमा उपस्थित कानून व्यावसायीहरू अधिवक्ता विष्णु न्यौपाने र प्रकाश न्यौपानेलाई उपस्थित भीडले आक्रमण गरी कुटपिट गर्न लाग्दा प्रहरीले हस्तक्षेप गरी स्थितिलाई नियन्त्रणमा ल्याएको थियो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा भूमिहीन समस्या उल्लेख्य रूपमा छैन।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

यस जिल्लामा महिला अधिकार बिरोधी प्रत्यक्ष घटनाहरू घटेको नदेखिए पनि त्यस्ता घटनाहरू हाम्रो संस्कृति, परम्परा र धर्मको कारण हुने गरेको छ। यस जिल्लामा महिला किनबेचका घटना कमै घट्ने गरेको पाइयो।

लिम्वा-७ की अपाङ्ग र लाटी २८ वर्षीया लक्षमाया माखिमलाई राती सुतेको अवस्थामा मुख थुनी सोही ठाउँको २४ वर्षीय आसबहादुर चेम्जोङ्गले ०४९ पुस १० गते बलात्कार गर्‍यो। सोही बलात्कारीको गर्भ रहन गई ०५० असोजमा बच्चा जन्मे पछि पीडित महिलाले पिडकलाई औंल्याएको र निजका विरूद्ध अदालतमा मुद्दा दायर भयो। जिल्ला अदालतले ०५० पुस २ गते सो बच्चा पिडक आसबहादुर कै हो भन्ने ठहर गरी पीडित महिलाको भरणपोषणको व्यवस्था गर्ने आदेश दिएको छ।

विविध जातीहरूको वसोवास भएता पनि यहाँ राई लिम्वु बढी छन्। राई लिम्बु संस्कृति र परम्पराको बाहुल्यता छ। यस जिल्लामा मागी विवाह - प्रेम विवाह, जारी विवाह र केटीलाई जवरजस्ती लाने चलन राई लिम्वु जातमा छ।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यस जिल्लामा देउकी र वादी समस्या छैन। जारी र वहुविवाहका घटनाहरूलाई आफू आफूमा नै मिलाएर बाहिर आउन नदिने प्रचलन छ। त्यस्ता मुद्दाहरूलाई खासै समस्याको रूपमा नलिइएको पाइन्छ। विभिन्न कारणहरूले जस्तो छोराको चाहना, प्रथम पत्नी मन नपरेर, आफूलाई समाजमा रवाफिलो देखाउन वहुविवाह गरिन्छ।

नागिन -५ का चुडामणि आचार्यकी १८ वर्षीया छोरी रेणुमाया आचार्यलाई सोही ठाउँ बस्ने चन्द्रमान फूयाल र निजकी पत्नीले ०५० पुस १८ गते सोही गाविस-८ का ६० वर्षीय जयबहादुर न्यौपानेसंग फुक्याई जवर्जस्ती सिन्दूर हाल्ने र पोते लगाइ दिने गरे। सो कुराको जानकारी पाउनासाथ रेणु मुर्छा परेकी थिइन्। उनकी आमाले छोरी माथिको सो घटनाबाट मानसिक असर पर्न गै सोही राती भुण्डिएर आत्महत्या गरिन्।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यस जिल्लामा सामान्यतया यो समस्या छैन।

५.२ अन्य अमानवीय व्यवहारहरू

फिदिम-१ बसपार्कमा होटल गरी बस्ने अर्जुन स्याङ्बो, इन्द्रबहादुर तामाङ्ग र अशोक तामाङ्गको घर, पसलमा का.मु. प्रमुख जिल्ला अधिकारी ज्ञानदर्शन उदासको निर्देशनमा जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव निरीक्षक नारायण श्रेष्ठको नेतृत्वमा एक प्रहरी टोलीले ०५० बैशाख ५ गते घर भित्र मादक पदार्थ भएको आशंका लागि छापा मार्‍यो। सो घटनामा संलग्न ८ जना प्रहरीले अर्जुन स्याङ्बोको रू. २५ हजार, इन्द्रबहादुर तामाङ्गको रू ४ सय ६० र अशोक तामाङ्गको रू. १ हजार ३ सय बराबरको धनमाल, भाँडाबर्तन र अन्न लगेको पीडितहरूको गुनासो छ। पीडितहरूले जवरजस्ती प्रहरीले आ-आफ्ना घरमा प्रवेश गरेको र धम्की दिएको बताए। तर अन्य धेरै जाँड रक्सी बेच्नेहरूलाई प्रहरीले कुनै कारवाही गरेन। सो घटनाको भोलिपल्ट मादक पदार्थ बेचविखन विरूद्ध माइकिङ्ग गरी सूचना प्रकाशित गरियो। सो घटनाको बारेमा गुनासो लिएर जिल्ला प्रहरी कार्यालय पुगेकी लक्ष्मीमाया तामाङ्गलाई प्रहरी उपरीक्षक वीरेन्द्रबाबु श्रेष्ठले तोडफोड गर्न र सामान ल्याउन आफूले आदेश नदिएको भनी त्यस्तो घटना प्रति दुःख प्रकट गरेका थिए। क्षतिपूर्ति कसैले पाएनन्।

यस जिल्लामा कामी, दमाई, सार्की, मेहतर आदि अछूत भनिने जातिहरू छन्। जिल्ला भरिमा ४ सय परिवारका करीब २ हजारको संख्यामा यी अछूतहरू रहेका छन्।

६ आदिवासी अधिकार

आदिवासी भएकै कारण यस जिल्लामा उल्लेख्य घटना घटेको जानकारी प्राप्त भएन।

७. बाल अधिकार

बालबालिकाहरू गरीबी र पछौटेपनका कारण शिक्षा आर्जनबाट बञ्चित छन्। उनीहरूलाई घरको काम र साहुहरूको काममा पनि लगाइन्छ।

अतिरिक्त जानकारी

फिदिम-१ स्थित पाँचथर अस्पतालमा दाँत भाँचिएको उपचार गर्न ०४९ चैत २४ गते आएका चोकमागु-५ का १८ वर्षीय तेजप्रसाद ढुङ्गेललाई स्वास्थ्य सहायक सुरेश सिंह र स्वास्थ कार्यकर्ता नथुनी राय शाहले अस्पतालको मेशिन बिग्रेको भनी निजी क्लिनिक "कृष्ण एक्सरे" मा एक्सरे गराई रू. ५ सयको औषधि लेखिदिए। त्यस्तै उनीहरूले रू १ हजार घुस दिए व्याण्डेज गर्ने भनेको तर पैसा दिन नसक्दा आकस्मिक सेवामा भोलिपल्ट जाँदा किन एक्सरे गर्‍यौ ? ब्याण्डेज हुन्न भनी धम्की दिए। सो घटनाको बारेमा अस्पतालका प्रमुख भीम खड्गीलाई सुनाएपछि कर्मचारीलाई चेतावनी दिएर उपचार पनि गराए। लापारवाही पूर्ण उपचारले संतोषजनक राहत नमिलेको गुनासो ढुंगेलको रहेको छ। ❑



१. पूर्वाञ्चल

मेची

१.४ ताप्लेजुङ्ग

जनसंख्या : १२००५३
साक्षरता : ४६.० प्रतिशत
महिला साक्षरता : ३०.५ प्रतिशत
क्षेत्रफल : ३६४६ वर्ग कि.मी.

उत्तरमा चीन र पूर्वमा छिमेकी मुलुक भारतसँग सीमा जोडिएको ताप्लेजुङ्ग जिल्ला एउटा पहाडी दुर्गम जिल्ला हो। जनसंख्याको ठूलो भाग लिम्बू जातिको रहेको छ। सानातिना कुरामा पूर्वाग्रह राखी काटाकाट र मारामार गर्ने प्रवृत्ति व्याप्त छ। यस जिल्लामा घटेका गत सालका घटनाहरूको पुनरावलोकन गर्दा निम्न तथ्यहरू पाइए।

०४७ भदौमा सिनाम गाविसमा भएको रामबहादुर दर्जीको हत्या मुद्दाको फैसला अहिलेसम्म भएको छैन।

०४९ जेठ ३१ गते थिङलाखु गाविसका उम्मेद्‌वारलाई खेत जोत्न जाँदै गर्दा १२ जनाको हुलले जंगलमा सांघातिक आक्रमण गरी हत्या गरिएको घटना सम्बन्धी मुद्दा पनि किनारा लागेको छैन र उक्त अभियोगमा मुछिएका हाल तारिख खेपिरहेका १४ जना र पुर्पक्षमा थुनामा रहेका ३ जना बन्दीहरूले कानूनको गलत व्याख्याको कारण बन्दी जीवन बिताउन विवश बनाइएको गुनासो व्यक्त गरिरहेका छन्।

०४८ चैत १९ गते लिमखिम-३ बस्ने काउलीमान लिम्बू छोराको हत्या गरी फरार रहेको र हालसम्म पनि गिरफ्तार भएको छैन।

०४९ जेठ २ गते फुङलिङ निवासी पदमबहादुर लिम्बू आफ्नै पत्नीको हत्या गरेको अभियोगमा हालसम्म बन्दी छन् तर उनको मुद्दाको फैसला अझै भएको छैन।

०४९ असोज २१ गते निघुरादिनका टेकबहादुर थुलुङले आत्मसुरक्षाका लागि ढुंगाले प्रत्याक्रमण गर्दा ब्रम्हबहादुर लिम्बूको मृत्यु भएको र टेकबहादुरलाई पुर्पक्षको निमित्त थुनामा राखिएकोमा हालै पुनरावेदन अदालतले रिहा गरेको छ।

०४८ माघ २० गते तेल्लोकमा मामइखेबाट आएका पाहुना र गाउँलेहरू बीच रीत-भाँतको विषयमा उठेको विवादका कारण भएको झगडामा भवानीप्रसाद लिम्बूको मृत्यु सम्बन्धी मुद्दाको पनि फैसला नभै शेरबहादुर लगायतका व्यक्तिहरू बन्दी रहेका छन्।

१ सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यो वर्ष यस जिल्लामा प्रहरी तथा प्रशासनद्वारा गोली प्रहार गरी नागरिकको हत्या भएको कुनै घटना जानकारीमा आएन। तर पनि जिल्लामा आपसी झै-झगडा र कुटपिटका कारण केही नागरिकहरूले जीवनबाट हात धुनु पर्‍यो।

०५० कार्तिक ८ गते नाल्बु-४ अन्तरगत चतुरमान चोङवाङको घरमा अचानक भेट भै काटमारको स्थिति सृजना हुँदा चन्द्रप्रसाद ताल्वो र गाविस सचिव बलबहादुर चोङवाङ दुईजनाको मृत्यु भयो भने चन्द्रप्रसादका काका देउप्रसाद, अर्का मृतक बलबहादुरका दाजु ललितबहादुर चोङवाङ र मनबहादुर चोङवाङ समेत नराम्ररी घाइते भएका थिए। राजनैतिक रूपले एउटा पक्ष नेकपा एमाले पक्षधर र अर्को पक्ष नेपाली कांग्रेस पक्षधर भएको र दुबै पक्षका एक एक जना मरेको हुँदा दुबै पार्टीका कार्यकर्ता र पीडित पक्षकाहरू समेत आपसी सल्लाहबाट चन्द्रप्रसाद र बलबहादुर आ-आफै काटाकाट गर्दा मरेका हुन् भनी एकै खाले जाहेरी प्रहरी कार्यालयमा गरियो। प्रहरीले केही व्यक्तिलाई सामान्य बयान लिई छाडेको थियो।

१.२ जेल

वि.सं. १९५२ मा शुरू गरेर १९५६ मा निर्माण कार्य पूरा भएको भनिएको यहाँको जेल भवन एकदमै जीर्ण छ र बन्दीहरूको भान्साघर भत्किसकेकोछ। जेल भवनले चर्केको

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	१
बलात्कृत	-	१
प्र.जि.अ.द्वारा बलात्कार प्रयास	-	१
आत्महत्या		१

जमिन २-७-२-१ रोपनी मात्र छ। २५ जना बन्दी अटाउन सक्ने क्षमता भएको यस जेलमा ०५० पुस १६ गते अर्थात १९९३ को अन्त्यसम्मको विवरण अनुसार जम्मा २५ जना बन्दी रहेको पाइयो। जसमध्ये कर्तव्य ज्यानका १० जना, ज्यान मार्ने उद्योगका ३, डाका मुद्दाका ५, आगलागी-१, वन मुद्दा १, भ्रष्टाचार १, कुटपिट १, मानसिक असन्तुलन १ र सैनिक ऐन विरूद्धका २ जना रहेका छन्। २४ पुरूष र १ महिला बन्दीहरू छन् र जेलमा नावालक कोही छैन। जम्मा बन्दीहरू मध्ये पनि १५ जना आरोपित र १० जना दोष प्रमाणित बन्दी रहेका छन्। बन्दीहरू विरामी हुँदा जिल्ला अस्पतालका स्वास्थ्य कार्यकर्ताबाट उपचार गर्ने गरेको बताइयो। उनीहरूको उपचार गरे बापत कारागारबाट मासिक रू. ३ सय स्वास्थ्य कार्यकर्तालाई पारिश्रमिक पनि दिइन्छ।

हिरासतमा रहेका बन्दीहरूको कानूनी उपचारको हकमा भने आरोपित व्यक्ति आफै सचेत भएर वकिल राख्ने माग गरेमा मात्र वकिलको व्यवस्था गरिन्छ। तत्सम्बन्धी जानकारी नहुनाको कारण अधिकांश आरोपित बन्दी कानूनी उपचारबाट बञ्चित भएको पाइन्छ।

१.३ गिरफ्तारी र यातना

राजनैतिक प्रतिशोधका कारण झुठा मुद्दा लगाएर गिरफ्तार गरी दुःख दिने कुरा यहाँ सामान्य रहेको बताइन्छ। ०४९ मा फूलवारी गाविस बसोबास गर्ने शिक्षक पूर्ण सिलवाललाई बद्री चुडालको उजुरीमा गिरफ्तार गरी प्रहरी हिरासतमा रहेका बेला प्रहरीले शख्त कुटपिट गरेको थियो। उनलाई लिएर अदालतमा मुद्दा पेस गर्न जाँदा हिरासतमा कुटाइ खाएकोले घाउजाँच गरिपाउँ भनी न्यायाधीश समक्ष निवेदन दिएपछि पूर्ण सिलवाललाई अस्पताल पठाइएको थियो। तर घाउजाँचमा समेत ठाडो हस्तक्षेप गर्न प्रहरी निरीक्षक स्वयम जिल्ला अस्पताल पुगेका थिए। प्रहरी उपर पनि मुद्दा पर्छ भन्ने ठानी यातना पाउने व्यक्तिकै नाममा प्रहरीले सार्वजनिक मुद्दा हालेको समेत बताइन्छ।

त्यसै गरी ०५० भदौ १३ गते शिक्षक छनौट समितिले प्रकाशन गरेको नतिजाको विरोधमा जिल्ला भरी नयाँ स्थायी कसैलाई पनि हाजिर नगराउने अभियान चलेको थियो। सोही सिलसिलामा तापेथोकका भीमबहादुर लिम्बू र इन्द्र फेम्बूलाई प्रहरीले वेसरी हप्काउँदै राइफलको कुन्दा र बक्सिङले पिटेका थिए। कुटाइका कारण इन्द्र फेम्बू धेरै दिनसम्म हलचल गर्न नसक्ने भएका थिए।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

जिल्लामा व्याप्त राजनैतिक संकीर्णता, न्यून चेतना र दबावका कारण खुलस्त अभिव्यक्तिको वातावरण कायम रहन नसकेको महशूस हुन्छ। संगठन खोल्ने र संगठित हुन पाउने अधिकारको उल्लंघन गर्दै कर्मचारी संगठन र नेराशिसंमा संगठित भएकै कारण यस जिल्लामा थुप्रै शिक्षकहरू र कर्मचारीहरूले बर्खास्त हुनु पर्‍यो। बर्खास्तमा परेकाहरू अझै वहाल भएका छैनन्।

२.२ धार्मिक स्वतन्त्रता

जिल्लामा विभिन्न धर्मावलम्बी नागरिकहरूको बसोबास छ। बुद्ध धर्म मान्नेहरूको बाहुल्यता रहेको छ र यहाँ धर्मकै नाममा कुनै घटना घटेको पाइएन। धार्मिक सहिष्णुता कायम छ।

२.३ राजनैतिक स्वतन्त्रता

उल्लेखित घटनामा बाहेक प्रहरी तथा प्रशासनबाट राजनैतिक स्वतन्त्रता प्रत्यक्ष हनन भएको पाइएन।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

जनतामा न्यायिक जानकारी कम भएकोले पाउन सक्ने न्यायिक अधिकार पनि उपभोग गर्न पाइरहेका छैनन्।

नेराशिसंको आव्हानमा कालो पट्टी बाँधेको निहुँमा गणेश मा.वि. खेवाङका शिक्षकहरू हेमराज दहाल र नेत्र दाहाललाई गिरफ्तार गरी सार्वजनिक मुद्दा लगाइएको थियो। राजनैतिक पूर्वाग्रहका कारण जाली मुद्दा लगाउने प्रचलन पनि प्रशस्तै छ। यो वर्ष यस जिल्लामा प्रहरी कार्यालयमा सार्वजनिक अपराधका २०, कर्तव्य ज्यानका ३, डाका २ र हातहतियार सम्बन्धी १ गरी जम्मा ३५ वटा मुद्दा दर्ता भएका छन्। त्यसैगरी १ वर्षको अवधिमा जिल्ला अदालतमा देवानी १८१, फौजदारी अन्तरगत १३ र सरकारवादी २२ गरी जम्मा २१६ वटा मुद्दा दर्ता भएका थिए भने तिनीहरू मध्ये दुनियावादी फौजदारी १९, देवानी १३ लगायत गत वर्षका समेत गरी ३१५ वटा मुद्दा फर्स्यौट भएका थिए।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जिल्लामा भएको बाढी पहिरोका कारण केही परिवार सुकुम्बासी भएका छन्। यसका अतिरिक्त जिल्लामा सुकुम्बासी समस्या चर्को रूपमा रहेको छैन।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

ढुंगे साँघु-८ बस्ने तेह्रथुम खाम्लालुङ बजारबाट घर फर्कंदै गर्दा बाटोमा बास बसेको अवस्थामा ०४९ कार्तिक १ गते पेहेम लिम्बूद्वारा बलात्कृत भएकी थिइन्। सामाजिक बदनामी हुने डरले यो कुरा उनले कसैलाई बताइनन्। र ०५० साउन १७ गते विहान वारीमा काम गरिरहेकै बेला ठूलीले छोरी पाइन्। पतिको कम्जोरीका कारण बच्चाबच्ची जन्मन नसक्ने कुराको प्रचार भएको तर आफूले बच्ची पाएकोले बदनामीकै डरका कारण नवजात शिशुलाई उनले हत्या गरी मकैबारीमा गाडिदिइन्। अहिले कारवाहीको सिलसिलामा ठूलीलाई अदालतले पुर्पक्षको लागि कारागारमा थुनामा राखेको छ।

०५० साउन १६ गते विहान करीब ८.३० बजेतिर तात्कालिन प्रमुख जिल्ला अधिकारी मानप्रसाद प्रधानले आफ्नै

कार्यालयका मुखिया ज्ञानमणि पोखरेलकी पत्नी पार्वती पोखरेललाई भान्साको काम गरी रहेको समयमा बलात्कार गर्ने प्रयास गर्दा पोखरेलले सतित्व रक्षार्थ खुकुरी प्रहार गर्दा प्रधान घाइते भएका थिए। त्यही बेला घर आइपुगेका पति ज्ञानमणि समेतले चिरपट दाउराले हिर्काएका थिए। त्यसपछि प्रमुख जिल्ला अधिकारी प्रहरी संरक्षणमा गएर बसे। यो घटनाको खबरले तुरुन्तै सदरमुकाममा सन्सनी मच्चियो। प्रमुख जिल्ला अधिकारीको यस कुकृत्यको विरोध गर्दै हजारौंको सहभागितामा जुलुस प्रदर्शन भयो। उक्त दिन सदरमुकाम बजार बन्द समेत भएको थियो। प्रमुख जिल्ला अधिकारीमाथि तत्काल कारवाही गर्न दबाव दिने उद्देश्यले विमला सुब्बाको अध्यक्षतामा १५ सदस्यीय संघर्ष समिति गठन भएको थियो। प्रमुख जिल्ला अधिकारी २ दिनसम्म प्रहरी संरक्षणमै बसेर तेस्रो दिन हेलिकप्टरबाट काठमाण्डौ गए। उनलाई के कस्तो कार्वाही भयो जानकारी प्राप्त भएन।

महिला किनबेच सम्बन्धी कुनै घटना घटेको जानकारीमा आएन।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यो जिल्लामा जारी र बहुविवाहको प्रचलन छ। आम समस्याकै रूपमा नरहेको भए पनि यसले खास ठाउँ र क्षेत्रमा राम्रैसंग जरो गाडेको छ। फुङलिङ-३ बस्ने कृष्णराम लामगोद (विश्वकर्मा) ०३९ देखि परदेश लागेका थिए। उनकी पत्नी गंगादेवी र सोही गाउँ निवासी होमप्रकाश तुम्वाहाम्फेबीच शारीरिक सम्पर्क समेत भएको तुम्वाहाम्फेले स्वीकार गरे। तर गंगादेवीको जिम्मेवारी लिई २०/३० हज्जार रूपैयाँ खोजेर उनको बन्दोबस्त मिलाई दिने वचन दिई पैसा खोज्ने निहुँमा उनी त्यहाँबाट भागे। यो कुरा ०४८ को हो। बिचल्लीमा परेकी गंगा त्यसपछि सामाजिक र पारिवारिक अप्ठ्यारोका कारण झापा, तोपगाछी निवासी मामा कुलबहादुर गहतेका घरमा शरण लिन पुगिन्। फागुनको अन्तिमतिर उनले जुम्ल्याहा छोरा र छोरी पाइन्। छोराको निधन भए पनि छोरी बाँचेकी छिन्। गंगा गाउँ छोडी हिंडेको थाह पाएपछि तुम्वाहाम्फे आफ्नो घर फर्केका छन्। यस सम्बन्धी कुनै मुद्दा हालसम्म परेको छैन।

जिल्लामा देउकी वा वादी प्रथा छैन।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

सम्पन्न परिवारका घरमा घरेलु नोकर राखिएको बाहेक दासत्व सम्बन्धी कुनै उल्लेख्य घटना जानकारीमा आएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

जाँड रक्सी खाएर झगडा गरी अरूलाई दुःख दिने जस्ता कुरा यहाँ सामान्य छन्। यसका अतिरिक्त जिल्लामा अछूत भनिने जातिहरूको कूल संख्या ७१०० मध्ये कामी ३९८४, दमाई २०५३ र सार्कीको संख्या ९६३ रहेको छ। जिल्लाको ओलाङचुङगोला र पापुङ २ गाविस बाहेक बाँकी ४८ गाविसमा छरिएर रहेका यिनीहरूमा आत्महीनता र दबिएको मनोभाव पनि मेटिन्छ। छुवाछूतको संस्कार कायम छ र अछूत भनिने जातिहरूले सामाजिक जीवनका सबै पक्षमा घुलमिल गर्ने अवसर पाएका छैनन्।

जातीय छुवाछूतकै कारण हाङदेवा-४ का विवाहित उद्धव भट्टराईले सोही गाविसकी अविवाहित अम्बिका नेपालीसंगको दुई वर्ष अघि देखिको प्रेम अहिले आएर अस्वीकार गर्न पुगेका छन् र उनी भागी हिंडेका छन्।

६. आदिवासी अधिकार

आदिवासी समस्या र आदिवासी भएकै कारणले कुनै घटना घटेको जानकारी प्राप्त भएन।

७. बाल अधिकार

जिल्लाको भौगोलिक विकटता र शैक्षिक चेतनाको न्यूनताले गर्दा बालबालिकाको ठूलो संख्या शिक्षा आर्जनको अवसरबाट बंचित रहेका छन्। यस बाहेक अन्य कुनै घटना विवरण प्राप्त भएन।

अतिरिक्त जानकारी

दोखु-१ बस्ने बृखबहादुर लिम्बूकी कान्छी पत्नी लक्ष्मीमायाले गायोको रूखमा झुण्डिएर ०४९ चैत १४ गते आत्महत्या गरेकी थिइन्।

यस जिल्लाको भौगोलिक बनावट अत्यन्त भिरालो भएको कारण बेलाबखत बाढी पहिरोबाट ठूलो मात्रामा धनजनको क्षति हुने गरेको छ। यस वर्ष अर्थात ०५० साउन ३ र १५ गते भीषण वर्षा पछि भएको पहिरोले कैयौं रोपनी खेतीयोग्य जमिन र अन्य धनमाल नोक्सानी पार्नुका साथै चाक्सी बोटे-८, सादेवा-५, आङखोप-४, सुरुमखिम-७ समेतका गरी जम्मा १४ जनाको मृत्यु भयो भने उल्लेखित गाविसमा १४ जना नागरिकहरूको लाश समेत फेला पार्न सकिएन। ३ जना गम्भीर घाइतेहरूलाई हेलिकप्टरबाट काठमाडौं लगेर उपचार गरिएको थियो। उक्त पहिरो प्रकोप क्षेत्रको निरीक्षण गरी राहत वितरण गर्न प्रमुख जिल्ला अधिकारी मानप्रसाद प्रधानको अगुवाईमा चाक्सीबोटे गएको टोलीले पहिरोमा पुरिएका नागरिकहरूको लाशबाट दुर्गन्ध छुटिरहेको ठाउँ नजिकै खसी काटी भोज खाएको सन्दर्भ उल्लेखनीय रहेको बताइन्छ। साथै राहत वितरणमा पक्षपात र धाँधली भएको गुनासो पनि सर्वत्र गरिएको थियो।

०५० असार २९ गते ताप्लेजुङ बजारमा मुरही बेचेर घर फर्कदै गरेको पहलमान निरौलालाई चागेमाथिको भूजे जंगलमा उमेश श्रेष्ठ, दीपक बराइली, चेरी लिम्बू, शंकर सोनी र हर्क सुब्बा समेतको दलले कुटपिट र छुरी प्रहार गरी मरणासन्न अवस्थामा फ्याँकिदिएका थिए। उनको साथमा रहेको केही नगद र छुर्पी समेत लुटेर हिंडेका अभियुक्तहरूमध्येका चारजना अहिले जिल्ला कारागारमा पुर्पक्षको निम्ति थुनामा रहेका छन् भने चेरी लिम्बू फरार रहेको छ। ❑



१. पूर्वाञ्चल

कोशी

१.५ मोरङ्ग

जनसंख्या : ६७४८२३
साक्षरता : ४८.६ प्रतिशत
महिला साक्षरता : ३५.० प्रतिशत
क्षेत्रफल : १८५५ वर्ग कि.मी.

पहाड र तराई मिसिएको यस जिल्लामा ६५ वटा गाउँहरू र एउटा नगरपालिका रहेको छ। पूर्वको मुख्य नाका शहर विराटनगर यसैमा पर्दछ। कृषियोग्य भूमि ५४.७०, वन ११.४६, चरन ४.१५, नांगो जमिन ३.१० प्रतिशत र खोला बगर नहर आदिले ओगटेको २६.५९ प्रतिशत भू-भाग रहेको मोरङ्ग पुरानो मत्स्य देशको सबभन्दा ठूलो भूखण्ड थियो। तत्कालिन किरांत राजा (सर्दार) सुलहाङको नाम अपभ्रंश भई मुरहाङ्ग र मोरहाङ हुँदै मोरङ्ग बनेको, किरांत कालपछि मैथिल संस्कृतिमा र पछि सेनवंशी सत्ता कायम भएको घटना प्रसंग इतिहासमा उल्लेख छ। यहाँ प्राचीन समयदेखि बसोबास गरी आएका विभिन्न जातिहरू सहित विकास क्रममा थपिएका अन्य जातिका मानिसहरू पनि बसोबास गर्दछन्। विभिन्न भाषा बोलिचालीमा छन्। ८ गाउँहरू पहाडी क्षेत्रमा, ३ गाउँ भावर क्षेत्रमा र बाँकी ५४ गाउँ र एउटा नगरपालिका तराई क्षेत्रमा रहेको मोरङ्गले सातसालपछि सबभन्दा बढी प्रधानमन्त्री दिएको छ। त्यति भएर पनि मानवअधिकार संचेतना भने अझै बलियो नभएको र विभिन्न किसिमबाट त्यसको हनन हुने गरेका घटनाहरू घटिरहेकै छन्।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यस वर्ष सरकारले राज्य शक्तिको प्रयोग गरी कुनै नागरिकको हत्या गरेको घटना प्राप्त भएन। तर व्यक्तिहरू बीचको अन्तरद्वन्दबाट भने ४ जनाको हत्या भएको जानकारी प्राप्त भएको छ।

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	३	-
हिरासतमा यातना	-	२
बलात्कृत	३	१
आत्महत्या		५०

विराटनगर-५ बस्ने मखिया भुजेलले आफ्नै पाँच वर्षीया छोरी सविना भुजेललाई ०५० असार ७ गते सुतिरहेका बेला खुकुरी प्रहार गरिन्। त्यही प्रहारका कारण सविनाको मृत्यु भयो। भनिन्छ सविनाकी आमा मखिया भुजेलको केही समयदेखि मानसिक स्थिति ठीक थिएन।

बेलवारी घर भई आफ्नो ससुराली मृगौलीया बस्ने वर्ष २६ का डुमुलाल उरावले आफ्नै पत्नीलाई ०५० असार १५ गते खुकुरीले काटेपछि आफू पनि सेरिन खोज्दा घाइते भए। उनको पनि अस्पतालमा उपचार हुँदा हुँदै मृत्यु भयो।

उर्लावारी-२, राजघाटका केशव पाण्डेको ०५० साउन १२ गते ससुरालीमा पत्नी र सासू ससुरा मिली हत्या गरियो। हत्याको कारण पारिवारिक झगडा रहेको बताइन्छ। प्रहरीले अभियुक्तको छानविन तर्फ भन्दा राजनैतिक प्रतिशोध लिने अभिप्रायले भवानीप्रसाद ढकाललाई पक्राउ गरेको बताइन्छ। हाल यो मुद्दा अदालत पठाइएको छ।

भारतको पञ्जाब घर भई विराटनगर-१३ मा बस्दै आएका समीन्दर सिंहले राजकिशोर मण्डल समेत भई आफ्नै पत्नी बलविन्दर कौरलाई ०५० भदौ ८ गते हत्या गरे। अभियुक्तलाई पक्राउ गरिएको छ। भनिन्छ समीन्दर सिंहले आफ्नै भाउजू बलविन्दर कौरसंग रहेको पैसा हात पार्नका निम्ति पत्नीका रूपमा भगाएर नेपाल ल्याएको थियो।

कटहरी महेशपुर-३ मा काम गरी बस्ने भारतीय युवक ताल सतारलाई आफ्नै मालिक ईश्वरमान राजवंशी लगायतका व्यक्तिहरूले ०५० कार्तिक १३ गते छुरी प्रहार गरी हत्या गरे। उनलाई मालिक्नीसंग शारीरिक संसर्ग राखेको आरोपमा मारिएको चर्चा सुनिन्छ।

१.२ जेल

दुई ठाउँ गरी झण्डै पाँच बिघा क्षेत्रफल ओगटेर रहेको मोरङ जेललाई दोस्रो श्रेणीको कारागार भनिन्छ। पुरुष

जेलले साढे ३ बिघा र महिला जेलले साढे १ बिघा क्षेत्रफल ओगटेको छ। ३ सय बन्दी रहन सक्ने कूल क्षमताको यो जेलमा दुई भवन छन्, महिला र पुरूष अलग अलग। पुरानो भवनमा महिलालाई र नयाँ भवनमा पुरूषलाई राखिएको छ। हाल ५३८ बन्दी रहेको यस जेलमा दोष प्रमाणित बन्दी जम्मा १७८ छन् र बाँकी ३६० आरोपित बन्दी छन्। थप २ असहाय बालकहरू पनि जेलमा छन्। अहिले १८ जना महिला र ५२० जना पुरूष बन्दी रहंदा त क्षमता भन्दा बढी भएको देखिन्छ भने यस वर्ष यो जेलमा १ हजार १५ जनासम्म बन्दीहरू राखिएका थिए। पुरूष जेल २०२२ सालमा निर्माण भएको भएता पनि प्रयोगमा ल्याइएको थिएन। ०४५ सालको भुकम्पले जेल आधा लडेपछि यो जेलमा पुरूषलाई सारियो। पुरानो जीर्ण जेलमा महिलाहरूलाई राखिएको छ जुन जेल कुनै पनि बेला भत्कन सक्ने र वर्षातमा यत्रतत्र चुहिने गर्दछ। पुरूष जेललाई बस्न अयोग्य भनी जाँचपास हुन नसक्नाले ०४५ सम्म खाली थियो।

जेलमा भित्री ५ र बाहिरी १ गरी जम्मा ६ वटा चर्पी रहेका छन्। तर यसले नपुगेको कुरा बन्दीहरू बताउँछन्। धारा पानीमा ३ वटा ट्यूबवेल र ५ वटा धाराहरू छन्। जेल हातामै पसलको व्यवस्था छ। प्राथमिक उपचार स्वास्थ्य कार्यकर्ताबाट गराइन्छ र उनैको सिफारिसमा बन्दीलाई अस्पताल लगिन्छ। सूचना सामाग्रीहरूमा पत्रपत्रिका उपलब्ध छ, रेडियो छैन।

१.३ गिरफ्तारी / यातना

प्रहरी चौकी बेतौनामा काठ चोरेको बारेमा छेमाङ्ग लिम्बूसंग बुझि पाउँ भन्ने जाहेरी परेपछि प्रहरीले छेमाङ्ग लिम्बू लगायत कर्णबहादुर, रामचन्द्र शाह, वीरबहादुर अधिकारी, दिलबहादुर खपाङ्गी र अन्य एक जनालाई ०४९ फागुन २५ गते पक्राउ गरेको थियो। उनीहरूलाई प्रहरी चौकी भित्र ल्याएपछि १५, २० जना बाहिरी मानिसले कुटपिट तथा लछारपछार गरे तर प्रहरी मुकदर्शक बनिरहृयो। त्यही रात प्रहरीहरूले पनि उनीहरूलाई ज्यादै अमानवीय तरिकाले पिटे। पक्राउ परेका रामचन्द्रलाई उल्टो पारेर नाकबाट पानी हालियो। त्यसैगरी उनको मलद्वारमा लठ्ठी कोचियो। प्रहरीको पिटाइबाट जीउभरी निलडाम परेका रामचन्द्रलाई मरणासन्न अवस्थामा रंगेली अस्पताल लगियो। डाक्टरहरूले त्यहाँ उपचार नहुने जानकारी गराएपछि कोशी अंचल अस्पताल विराटनगर पुऱ्याइयो। उनको मलद्वारबाट निकै समयसम्म रक्तश्राव भएको कुरा पीडित रामचन्द्र बताउँछन्। सो कुटपिटको छानवीन गर्न १० सदस्यीय नागरिक छानवीन समिति गठनसम्म भयो तर पीडितलाई ठोस सहयोग हुन सकेन। उनको स्वास्थ्यको अवस्था अझै राम्रो हुन सकेको छैन। जाहेरीमा समेत नरहेका व्यक्तिलाई पक्रेर पाशविक यातना दिनु संविधानको समेत उल्लंघन हो भन्ने कुरा बेतौनाबासीहरू बताउँछन्।

डाँका मुद्दाका अभियुक्तको रूपमा दुई वर्षदेखि थुनिएका भगवान यादव हाल जेलमै छन्। सुनसरी जिल्लाको भन्टावारीमा भएको डकैती काण्डलाई आधार बनाएर भगवान यादवलाई विराटनगरमा ०४९ वैशाख २५ गते गिरफ्तार गरिएको थियो। भगवान यादवले सो डकैतीमा आफ्नो हात नरहेको कुरा बारम्बार भन्दै आएका छन्। वादीपक्षले पनि सबूत प्रमाण बुझाउन सकेको छैन। सत्ताको आडमा केही व्यक्तिले यादवबाट गैर कानूनी फाइदा लिन खोजेकोले मुद्दामा समेत ढिलाई भएको कुरा उनी बताउँछन्। अदालतले सबूत प्रमाण फेला नपरेको खण्डमा तुरून्त रिहा गर्ने न्यायिक मान्यता हुँदा हुँदै पनि हालसम्म थुनामा राख्नु मानवअधिकारको हनन हो भन्ने दाबी यादवको छ।

०५० साउन ३ र ४ गते सात वाम घटकद्वारा राष्ट्रव्यापी चक्काजामको कार्यक्रम राखिएको थियो। सो कार्यक्रमको समर्थन गर्दै गाडी चलाउन नदिइएको आरोपमा तत्काल विराटनगर जनपथ टोल बस्ने रामप्रसाद दंगाललाई विराटनगर १० देवकोटा चौकमा प्रहरी र हुल्याहाहरूको एक जत्थाले कुटपिट गरी सख्त घाइते पारेको थियो। निज दंगालको एउटा दाँत समेत आक्रमणकारीले तत्कालै झारिदिएका थिए। सो विषयलाई आधार बनाई प्रहरी समक्ष आफू पीडित भएको व्यहोरा जाहेरी गरेकोमा त्यसमाथि कुनै कार्यवाही नभएको गुनासो पीडितको छ। हालसम्म निज दंगालको स्वास्थ्यमा राम्रो सुधार हुन सकेको छैन। यही कार्यक्रमको सिलसिलामा प्रहरीले विना चेतावनी व्यापक लाठीचार्ज गरेको थियो। त्यसैबेला डि.एस.पी.संग कुराकानी गर्दै गरेका लिलाबल्लभ अधिकारीलाई पथरीमा अकस्मात कुटपिट गरी घाइते बनाइएको थियो। त्यस घटनामा २५ जनालाई चोटपटक लागेको थियो।

यसै आन्दोलनको सिलसिलामा सार्वजनिक सम्पत्ति तोडफोड गरिएको अभियोग लगाई मोरङ्गमा दर्जनौं एमाले कार्यकर्ता माथि सार्वजनिक अपराधको मुद्दा चलाइयो। ३ गते पथरीमा बस तोडफोड गरेको अभियोगमा पक्राउ परी सार्वजनिक अपराधको मुद्दामा थुनामा रहेका एमाले कार्यकर्ताहरूमा जिल्ला विकास समितिका सदस्य ज्ञानेन्द्र सुवेदी, शनिश्चरे गाविसका अध्यक्ष मोहन नेउपाने, शिक्षक नवीन थापा, हरेराम धिमाल, लक्ष्मण गुरागाईं, दुर्गाप्रसाद श्रेष्ठ अर्जुन राई लगायत थुप्रै व्यक्तिहरू थिए।

सार्वजनिक अपराधकै अभियोग लगाई बिनापूर्जी थुनामा राखिएका नेपाल पत्रकार संघ मोरङ्गका सदस्य तथा अधिवक्ता लीलावल्लभ अधिकारी, कर्ण प्रसाद राई र कृष्ण दुलालको तर्फबाट पुनरावेदन अदालत विराटनगरमा दायर गरिएको बन्दीप्रत्यक्षीकरणको रीट निवेदनमा साउन १५ गते सम्मानित अदालतले गैरकानूनी पक्राउ ठहराएको हुँदा रिहा गरिएको थियो। प्रहरीको कुटाईबाट सख्त घाइते भएका अधिकारीलाई ४ गते साउनमा पक्राउ गरी १० गते मात्र अस्पतालको वेडमा थुनुवा पूर्जी थमाउन खोजिएको थियो। लामो समयसम्म नै अधिकारीको स्वास्थ्यमा राम्रो सुधार हुन सकेको थिएन।

साप्ताहिक विमर्श तथा नेपाल टेलिभिजनका

विराटनगर स्थित सम्वाददाता सूर्य नेपाललाई ०५० मंसीर २० गते प्रहरीले बेसरी कुटेको थियो। ती पत्रकारले समाचार लिन जाँदा ट्राफिक कार्यालयका प्रहरीले अनुचित व्यवहार गरेकोले हात हालाहाल भएको थियो। त्यसैको बदला स्वरूप प्रहरीले पत्रकार नेपाललाई बेसरी कुट्दै एक सातासम्म बन्दी बनाएका थिए। हाल पत्रकार नेपालमाथि सार्वजनिक मुद्दा लगाइएको छ। प्रहरीद्वारा लगाइएको उक्त मुद्दा हालसम्म छिनोफानो हुन सकेको छैन।

नेपाल सद्भावना पार्टीद्वारा ०५० पुस ४ गते आयोजित विरोध कार्यक्रममा सहभागी भएका १ सय ५० जना प्रदर्शनकारीलाई प्रहरीले गिरफ्तार गऱ्यो। शान्तिपूर्ण विरोध प्रदर्शन गर्नेहरूलाई यसरी पक्राउ गर्नु मानवअधिकारको उल्लंघन हो भन्ने विचार स्थानीय बौद्धिक समुदायले व्यक्त गरेका छन्।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

संविधानले प्रत्याभूत गरेका अधिकारहरूको पनि राम्ररी उपभोग गर्न नपाएको तथ्य यहाँ घटेका घटनाहरूले बोलिरहेका छन्।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता रहेको पाइयो।

पथ्रीमा भएको कांग्रेस-एमाले भीडन्तमा घाइते

२.३ राजनैतिक स्वतन्त्रता

सात वामको राजनैतिक विरोधको कार्यक्रमका बेला सत्तापक्षले प्रशासनको सहयोग लिएर आन्दोलनका विरूद्ध शक्ति प्रयोग गऱ्यो र विपक्षले पनि बलपूर्वक प्रतिरोध गऱ्यो। यसै विरोध कार्यक्रमको सिलसिलामा चक्काजामको दिन साउन ४ गते झापा जिल्लाको दमकमा प्रहरीको गोलीले डिल्ली गौतम मारिएपछि पत्थरीका केही नेकाका कार्यकर्ताले घरको बार्दली र छानामा चढेर "खुच्चीङ्ग, ठिक्क पऱ्यो" भने। त्यसका विरूद्ध त्यहाँको सम्पूर्ण एमाले शक्ति यस्तरी खनिए की करिब १ सय जना नेका समर्थकहरूले भागेर विराटनगरमा शरण लिनु पऱ्यो। कैयौं व्यक्तिका घर घरै पसेर कुटपिट गरियो। प्रशासनले त्यसपछि एमाले कार्यकर्ताका विरूद्ध व्यापक र मनपरी धरपकडको अभियान नै चलायो।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँ बहुदलीय प्रजातन्त्रको स्थापनापछि पनि प्रहरीले अदालत घेराउ गरेको र अदालतको निर्णयलाई अवज्ञा गरेको घटना पाइयो। प्राप्त विवरण अनुसार ०५० बैशाखको अन्त्यतिर पुनरावेदन अदालत विराटनगरलाई एस.पी. विजय भट्टको नेतृत्वमा सुनसरीका प्रहरीले घेरी त्यहींबाट वनवारीलाल उरावलाई पक्रिए। सुनसरी जिल्लास्थित बसन्तपुर गाविसका वनवारीलाल उरावलाई जिल्ला प्रहरी कार्यालय सुनसरीले बिनापूर्जी पक्रेर २२ दिनसम्म विभिन्न यातना दिएको थियो। पक्राउ गरेको २४ घण्टाभित्र अदालतमा उपस्थित गर्नु पर्ने प्रावधानलाई पनि उल्लंघन गरेको हुँदा उनका आफन्तहरूले पुनरावेदन अदालतमा बन्दी प्रत्यक्षीकरणको रीट दायर गरेका थिए। यसपछि अदालतले जिल्ला प्रहरी कार्यालय सुनसरीलाई वनवारीलाल उरावलाई तुरून्त अदालतमा हाजिर गराउनु भन्ने पत्र लेख्यो। प्रहरीले अदालतको समेत अवज्ञा गर्दै उरावलाई मुद्दा चलाईदै छ भन्ने जानकारी पत्र पठायो। त्यसपछि अदालतले आफ्नै कर्मचारीहरू खटाई प्रहरी घेरामै यातनाको उपचार गराउँदै गरेका उरावलाई पुनरावेदन अदालतमा हाजिर गरायो। निजलाई अदालतमा ल्याइपुऱ्याएपछि बन्दी प्रत्यक्षीकरणको बहस शुरू भयो। सो बहस हुँदा पनि प्रहरीको जत्थाले अदालतलाई घेरेको थियो। अदालतले आफ्नो फैसलामा विधिसम्मत मुद्दा नचलाएको हुँदा थुन्नु पर्ने कारण छैन भनी थुनामुक्त गरिदियो। तर जिल्ला प्रहरी कार्यालय सुनसरीका एस.पी. लगायतका दर्जनौं प्रहरीले निज उरावलाई तत्कालै पुनः पक्राउ गरे।

यो वर्ष खून १५, ज्यान मार्ने उद्योग १४, गर्भपतन ६, वीष खाएर मृत्यु १२, झुण्डिएर ३८, औजारबाट २, गोवध ३, जबरजस्ती करणी ८, डाँका १६, चोरी ७२, चौपाया चोरी १५, लागु औषध ३, आगलागी १, गैरकानूनी हातहतियार ९, ठगी २, सार्वजनिक अपराध १४२, बहुविवाह ७, सवारी दुर्घटना मृत्यु २९ र फूटकर ४ गरी जम्मा ३९८ वटा मुद्दा दर्ता भएका थिए।



पथ्रीमा भएको कांग्रेस-एमाले भीडन्तका घाइते

३. भूमिहीन तथा सुकुम्बासी समस्या

विगत कैयौं वर्षदेखि मोरङ्गका विभिन्न भागमा छरिएर रहेका हजारौं सुकुम्बासीहरूलाई सुव्यवस्थित ढंगले स्थापित गर्ने उद्देश्यले गठित सुकुम्बासी समस्या समाधान आयोगले मोरङ्गमा पनि आफ्नो कार्यको थालनी गरेको छ। सुकुम्बासी समस्या समाधान आयोग मोरङ्गका अनुसार हालसम्म मोरङ्गका अधिकांश गाविसको लगत लिइसकेको छ र बाँकीको लगत पनि केही दिनभित्र नै लिई समस्या समाधान निम्ति गहकिलो पाइला चाल्ने कुरा बताइएको छ।

मोरङ्गका कूल ६५ गाविस तथा एउटा नगरपालिका मध्ये ५८ वटा गाविस र नगरपालिकाको लगत लिइसकेको छ, जस अनुसार जम्मा ३६ हजार २ सय ४ परिवार सुकुम्बासी रहेका छन्। यस मध्ये अहिले क्षेत्र नं. ५ मा मात्र केही सुकुम्बासीहरूलाई पूर्जा बितरण गरिएको छ। सुकुम्बासी समस्या समाधान आयोग मोरङ्गका अनुसार क्षेत्र नं. ५ मा जम्मा २ हजार ३ सय २ सुकुम्बासी परिवार यकीन गर्न सकिएकोमा १ हजार ५९ जना सुकुम्बासी परिवारलाई मात्र जग्गा वितरण गर्न सकिएको छ। बाँकी १ हजार २ सय ४३ परिवारलाई पनि यथाशीघ्र जग्गा उपलब्ध गराउने कुरा भएको बताइन्छ।

मोरङ्गको यो समस्या समाधानका लागि ठाउँ हेरेर जग्गा प्रदान गर्ने गरेको छ। जहाँ जति ऐलानी जग्गा छ त्यहाँका सुकुम्बासीहरूलाई अधिकतम ५ कठ्ठा तथा न्यूनतम ३ कठ्ठा जग्गा बितरण गरिएको छ।

४. महिला अधिकार

महिलाहरूका अधिकार के के हुन् भन्ने बारेमा उचित ज्ञान नहुनुले नारी हक हनन भएका घटनाहरू र आर्थिक तथा अन्य कारणबाट नारीमाथि उत्पीडन हुने गरेका घटनाहरू यस वर्ष पनि घटे। स्वतन्त्र रूपमा पति रोज्न नपाएर, पारिवारिक झगडामा कुटाई खाएर र अन्य कारणबाट समेत केही महिलाहरूले आत्महत्या गरेको पाइयो। उदाहरणका रूपमा विराटनगर-१ बस्ने मीना कार्कीले ०५० असार ७ गते पाशो लगाई आत्महत्या गरिन्। रेणुका रेग्मीले पनि आत्महत्या गरिन्।

विराटनगर-१ पोखरिया बस्ने सत्यनारायण चौधरीको छोरी उषा चौधरीको तेतरिया निवासी भरत चौधरीसंग नामन्जुरी विहाको आयोजन भएका बखत आफ्नो प्रेमी सुरेश चौधरीसंगै स्वयम्वर गरी जन्ती फर्काइन्। प्रहरीले सुरेश र उषालाई पक्राउ गरी एक दिन थुने। यस घटनाले विराटनगरमा निकै चर्चा पायो र युवतीहरूलाई आफ्नो जीवन साथी रोज्न बाधा पुऱ्याउनु उचित हुँदैन भन्ने शिक्षा दियो।

४.१ महिला किनबेच र बलात्कार

यस वर्ष पनि यहाँ महिलाहरूको किनबेच र बलात्कारका घटनाहरू पूर्ववत भएको पाइयो। बेचिएका केही महिला फर्केर आए भने बलात्कृत केही महिलाको हत्या समेत हुन पुग्यो।

विराटनगर मिल्स एरियाकी १४ वर्षीया सुभद्रा मगरलाई आशा सुब्बा, गोपाल श्रेष्ठ र रत्न श्रेष्ठ लगायतका व्यक्तिहरूले विविध प्रलोभन दिई भारतको पटना हुँदै आग्रा पुऱ्याएर बिक्री गरे। पछि सुभद्रा त्यहाँबाट भागेर विराटनगर फर्किन् र प्रहरीमा उजुरी दिइन्। अभियुक्तहरूमाथि कुनै कार्वाही भएको छैन।

बेलबारी बस्ने जीतबहादुर विके, प्रकाशकुमार दुलाल, कृष्णकुमार सुब्बा र काभ्रेका तस्वीर तामाङ, तनहुँका सुरेश मगर, रामेछापका दिनेश कार्कीलाई इलाम कुवा मझुवा-७ का अशोक कुमार राईले भारतमा आफ्नै कारखाना रहेको बताउँदै काम दिने लालच देखाई बनारस पुऱ्याएर जनही १० हजारमा बिक्री गरे। पछि ती युवाहरूले आपू बेचिएको थाहा पाई भागेर विराटनगर आए। प्रहरीमा उजुरी गरेपछि हाल अशोक कुमारलाई पक्राउ गरिएको छ।

स्नातकोत्तर क्याम्पस विराटनगरको पियन वेदकुमारी तिमिल्सिनालाई त्यसै क्याम्पसका प्रमुख कुलशेखर अधिकारीले ०४९ पुसमा गरेको हातपात विशेष चर्चित रहयो। निज तिमिल्सिनाले स्वयं सो कुराको लिखित जानकारी नेपाल प्राध्यापक संघ स्नातकोत्तर क्याम्पस र कर्मचारी संघलाई दिएकी थिइन्। तर क्याम्पसका केही प्राध्यापक एवं कर्मचारी

तथा विद्यार्थीहरूले क्याम्पस प्रमुखले यो कार्य गर्नु भएकै छैन भन्ने सावित गर्न विभिन्न प्रकारका काम गर्न थाले। आमसभामा सबै कुरा स्वीकार गरिसकेकी तिमिल्सिनाले दिएको प्रमाण सहित आमसभामा गरेको भाषण सबै सबूतहरू भएकोले प्राध्यापक संघ इकाई समितिले क्याम्पस प्रमुखको राजीनामाको माग गऱ्यो। तर त्रि.वि.वि.ले केही महिनापछि अधिकारीलाई राजीनामा गरायो। यस घटनाको समाचार प्रकाशित गराएको रीसले पत्रकार रामरिझन यादवलाई नेविसंघ समर्थक केही विद्यार्थीहरूले अभद्र व्यवहार पनि गरे।

बयरवन-७ बस्ने दुगदिवी कार्कीलाई सोही ठाउँका शिवनारायण मण्डलले ०५० जेठ ९ गते दूर्व्यवहार गरे। घटनाका अभियुक्तलाई पुर्पक्षका निम्ति पक्राउ गरी अदालत पठाइएको थियो। विराटनगर-२२ का मोहम्मद उम्मिदले त्यसै ठाउँकी एउटी ५ वर्षीया बालिकालाई बलात्कार गरेकोमा अभियुक्तलाई स्थानीय जनताले पक्राउ गरेर बुझाएर पनि प्रभावशाली व्यक्तिहरूको दबावमा छाडियो।

त्यसै गरी विद्युत प्राधिकरणमा काम गर्ने आफ्नै बडाबाउ कृष्णप्रसाद आचार्यद्वारा बम्बैमा बेचिएकी सुमित्रादेवी मिश्र पनि हालै भारतीय प्रहरीको सहयोगमा दिल्लीबाट घर फर्केकी छिन्। सुमित्रादेवीका अनुसार उनी सुत्केरी भएका बेला विवाहमा जाने भनी बडाबाउले झुक्याएर जोगबनी पुऱ्याए र त्यहीं उनलाई दूधमा लठ्याउने औषधि खुवाएका थिए। त्यसपछि सुमित्रालाई बम्बै पुऱ्याएर रू. ४० हजारमा बिक्री गरिएको थियो। यता सुमित्राका घर तथा माइती परिवारले सबैतिर जाहेरी दिई खोजी नीति गरे। सुमित्रा फेला परिनन्। एघार वर्षपछि ०५० भदौ २१ गते उनी अकस्मात विराटनगर आइपुगिन् र यी सबै रहस्य खोलिन्। अहिले अभियुक्त आचार्यका बाबु छोरा दुबै पक्राउ परेका छन् भने पत्नी फरार छिन्।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

जारी र देउकी प्रथा बारे उल्लेख्य विवरण प्राप्त भएन। भूटानी शरणार्थी क्याम्पमा जारी प्रथा हुर्कन थालेको कुरा प्राप्त जानकारीमा उल्लेख छ। देउकी वदिनीहरू छैनन्।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

दासदासीका रूपमा मानिसको क्रय-विक्रय भएका घटनाहरू पाइएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

राधेश्याम चौधरीसंग प्रहरी हवल्दार पञ्च मण्डल सहितको डफ्फाले चन्दा माग्दा नदिएपछि उनलाई नराम्ररी सत्यलाल दासलाई गणेशप्रसादले चुनावको रीस-ईबी साध्न कुटपिट गरे।

शनिश्चरेका सुलबहादुर राईले जयबहादुर राईलाई सापटी दिएको रकम फिर्ता देउ भन्दा उनले भाका आएपछि दिउँला भन्ने जवाफ दिए, दुबै बीच भनाभन भयो र सुलबहादुरले जयबहादुरको गर्धनमै खुकुरीले हान्यो। जयबहादुरले प्रहरीमा जाहेरी दिएपछि ऊ पक्राउ पऱ्यो। "पहिले लेनदेनको झगडा गरेका राई भाईहरू अहिले ज्यान सम्बन्धी मुद्दा खेप्दैछन्, के गर्नु ? दुर्बुद्धि लागेपछि यस्तो पनि हुन्छ" -शनिश्चरेका बूढापाका टिप्पणी गर्दछन्। अभियुक्त जयबहादुर हाल थुनामा छन्। सुलवहादुर र जयबहादुर बीच ज्वाईं ससुराको साइनो पनि छदैछ।

एमालेका नेता मदन भण्डारी र जीवराज आश्रितको दासढुंगामा भएको हत्यापछि निष्पक्ष जाँच आयोगको माग गर्दै भएको चक्काजामका दौरान पत्थरीमा बस चलाउन जोड दिने प्रहरी र नेका समर्थक पक्ष र विपक्षी एमाले बीच टक्कर भयो। अन्तमा प्रहरीले साथ दिई यातायात चल्यो। त्यसैको प्रतिशोध लिई एमाले समर्थकहरूले कुटपिट गर्दा २५ जना कांग्रेस समर्थकहरू घाइते भएका थिए।

६. आदिवासी अधिकार

यस जिल्लामा आदिवासी भएकै कारण भेदभावपूर्ण व्यवहार भएका घटनाहरूको जानकारी प्राप्त भएन।

७. बालअधिकार

बालबालिकाहरूको अधिकार सम्बन्धी चेतना व्यापक नभएको कारण बाल श्रमको प्रयोग निकै भइरहेको छ र थुप्रै बालबालिकाहरू नोकरका रूपमा कार्यरत छन्।

अतिरिक्त जानकारी

प्रहरी अभिलेख अनुसार यस वर्ष ५० जनाले आत्महत्या गरे। ❑



१. पूर्वाञ्चल

कोशी

१.६ सुनसरी

जनसंख्या : ४६३४८१
साक्षरता : ४४.५ प्रतिशत
महिला साक्षरता : २९.८ प्रतिशत
क्षेत्रफल : १२५७ वर्ग कि.मी.

सुनसरी जिल्ला पूर्वाञ्चल क्षेत्र अन्तरगत कोशी अञ्चलको दक्षिण-पश्चिममा पर्ने जिल्ला हो। थोरै पहाड र अधिकांश तराई भूभाग रहेको यस जिल्लामा ५० गाविस र २ नगरपालिका पर्दछ। उत्तरतिर पहाडी मूलका र दक्षिणी भागमा तराई मूलका जनजातिहरू बसोबास गर्दछन्। पुरानो नगर धरान यसै जिल्लामा पर्दछ भने दन्तकाली, बुढासुब्बा, पिण्डेश्वर, बराहक्षेत्र विष्णु पादुका एवं रामधुनी जस्ता धार्मिक र ऐतिहासिक स्थलहरू पनि यसै जिल्लामा पर्दछन्। यो वर्ष यस जिल्लामा मानवअधिकार हनन सम्बन्धी प्रत्यक्ष र गम्भीर खालका घटना घटेको नपाइए पनि राजनैतिक प्रतिशोध, व्यक्तिगत रीस-इबी र सामाजिक प्रतिष्ठाको विषयलाई लिएर विभिन्न खालका घटनाहरू घटेका छन्। जसले मानवअधिकार हननलाई पुष्टी गर्दछन्।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

धरान नगरपालिका-१५ स्थित नवज्योति सिलाई सेन्टरकी शिक्षिका ४४ वर्षीया सुश्री सिस्टर प्रीति चेलीलको लाश ०४९ फागुन ४ गते उनको आफ्नै कोठामा फेला पर्‍यो। घटनाको प्रकृति हेर्दा सिरानीले घाँटी थिचेर हत्या गरी सम्पत्ति लुटेर हत्यारा फरार रहेको देखिन्छ। उनको हत्यारा अझसम्म फेला परेको छैन। भारतको केरला निवासी सिस्टर प्रीति इशाई धर्म प्रचारमा संलग्न थिइन् र उनको हत्या आफ्नै सम्प्रदायको एक व्यक्तिबाट ब्यक्तिगत रीस-इबीका कारण भएको आशंका गरिएको छ।

०५० बैशाख ९ गते भुटाहा-९ स्थित नदीको किनारमा डाँका र प्रहरी बीच भएको भीडन्तमा भारत अररिया निवासी एकजना डाँकाको प्रहरीको गोली लागि तत्काल मृत्यु भयो। डाँका-प्रहरी भीडन्त चलिरहेको बेला अन्यत्रबाट त्यही ठाउँ हुँदै आइरहेका वसन्तपुर-३ सुखचैना निवासी करीब ४५ वर्षका बनवारीलाल उरावलाई गोली लाग्यो। घाइते भएका उरावलाई स्थानीय व्यक्तिहरूले प्रहरीमा बुझाए। एक महीनासम्म बिनापूर्जी प्रहरी हिरासतमा राखिएका वनवारीलालका विरूद्ध पुनरावेदन अदालतमा रीट हालियो। अदालतले उनलाई छाड्ने आदेश दिए पनि प्रहरीले उनलाई पुनः गिरफ्तार गर्‍यो र एस.पी. को जाहेरीमा हातहतियार खर-खजाना अन्तर्गत मुद्दा चलाइएको छ। उनी डाँका नै हुन् भन्ने प्रहरीको दाबी छ।

हरिनगरा गाविस-७ की २२ वर्षीया अञ्जुदेवी सेठियालाई दाइजो पर्याप्त नल्याएका कारण आफ्नै पति तोलाराम र ससुरा श्रीचन्द सेठियाले ०५० जेठ १७ गते शरीरमा आगो लगाई गम्भीर घाइते बनाए। काठमाडौंको शिक्षण अस्पतालमा उपचार गर्दा गर्दै उनको मृत्यु भयो। अभियुक्तहरूले प्रहरीसंग मिलेर घटनालाई भवितव्य साबित गराएको बताइन्छ।

दाउरा काट्न गएका धरान-१७ निवासी ५४ वर्षीय लक्ष्मण विश्वकर्मालाई ०५० असार २८ गते वन पालेले गिरफ्तार गरी कुटपिट गर्दै इलाका वन कार्यालयमा थुने। थुनामा रहेको अवस्थामा पनि उनलाई निर्घात रूपले पिटेर अचेत पारियो। ०५० साउन २ गते हिरासतमै झ्यालको डण्डीमा कम्बलको लपेटोको सुर्केनी बनाई झुण्डिई मरेको अवस्थामा उनी फेला परे। यातनाबाट चिन्ताजनक हालतमा रहेका विश्वकर्माको लाश भित्तामा अडेस लागेको र खुट्टाले भूईंमा टेकी घुँडा मारिएको अवस्थामा भेटिएकोले उनले आत्महत्या गरेर मरेको स्वीकार गर्न सकिएको छैन। घटनाका

घटनाको प्रकृति	घटना संख्या १९९२	घटना संख्या १९९३
प्रहरीको गोलीले मृत्यु	-	१
हिरासतमा यातना	-	-
बलात्कृत	-	३
आत्महत्या		-

सिस्टर प्रिती चेलील : निर्शंस हत्याको शिकार

सम्बन्धमा अनुसन्धान पनि राम्रो नभएको बताइन्छ।

मधेली -२ बस्ने २५ वर्षीय बद्री मुसहरको लाश मारेर फालिएको अवस्थामा भमरीचौक छेउ टेंग्रा खोलामा ०५० साउन २५ गते फेला पर्‍यो। मृतक मधेली-२ निवासी दानालाल विश्वासको घरमा घरेलु नोकरको रूपमा रहेका थिए। घटनाको अनुसन्धानमा खासै चासो देखाइएको पाइएन।

मधेशा-२ निवासी अन्दाजी ६५ वर्षका रामबहादुर कार्कीलाई ०५० साउन २८ गते झुम्कामा सगै रक्सी खाएर बाटो लागेका भा.सी.-३ निवासी केसीलाल सरदार समेत ३ जना भई चतरा नहर १ नं कलभर्टको छेउमा आक्रमण गरी हत्या गरे। मृतक रामबहादुरको साथमा भएको नगद र अन्य सामान पनि हत्याराहरूले खोसी लगेका थिए। अपराधीहरू हाल जेलमा रहेका छन्।

बुढानीलकण्ठ स्कूलमा विद्यार्थी पढ्न पठाउने छनौटमा पक्षपात भयो भनी ०५० असोज २६ गते अमरसिंह मा.वि. साहेबगञ्जका विद्यार्थीले विरोध प्रदर्शन गर्दा प्रहरीले विद्यार्थीलाई धरपकड गर्न थाल्यो। विद्यार्थीमाथि गरिएको धरपकडको विरोधमा अभिभावकहरू निस्किए पछि प्रहरी र अभिभावक बीच भीडन्त भयो। प्रहरीले ब्लांक फायर गर्नुका साथै अभिभावक कलानन्द चौधरी समेत १३ जनालाई गिरफ्तार गर्‍यो। स्थानीय युवाहरूको दबावमा उनीहरूलाई छाडिएको थियो। उक्त घटनामा ३ जना गाउँले र २ जना प्रहरी घाइते भएका थिए।

अमाही बेलहा गाविसमा दुर्गा भवानीको मन्दीर स्थापना गर्ने सम्बन्धमा ०५० कार्तिक ७ गते वादविवाद हुँदा त्यसले दुई थरी बीच भीडन्तको रूप लियो। स्थानीय गजेन्द्रकुमार चौधरीमाथि गोली हानियो। अशोक चौधरीले गोली हानेको जाहेरी गजेन्द्रले दिए। तर प्रहरीले अर्कै व्यक्ति परशुराम चौधरीलाई गिरफ्तार गरी हाल धरौटीमा छाडेको छ। राजनैतिक दबावमा यस्तो गरिएको भन्ने पीडित पक्षको दावी रहेको छ।

इनरूवा-८ बस्ने लखन मेहताको धान ०५० मंसीर २४ गते राती चोरी भएको आरोपमा लखन मेहताकै रूँगालो भएर खमारमा बसेको पूर्व कुशाहा-३ बस्ने १७ वर्षीय रामदेव मण्डललाई सीताराम मेहता, उपमेयर तारानन्द मेहता र रामप्रसाद मेहता समेत भई ०५० मंसीर २५ गते कुटपिट गरे। कुटपिटबाट रामदेव मण्डलको अण्डकोशमा असर पर्न गई तत्काल मृत्यु भएको र उनका पितालाई रातारात बेलाई वीष खाएर आत्महत्या गरेको जाहेरी दिन लगाई घटनालाई गुपचुप गरिएको थियो र राजनैतिक दबावका आधारमा घटनालाई अन्तैतिर मोडिएको चर्चा पनि रहेको बताइन्छ।

इनरूवा-८ र ९ वडाको बीच भागमा रहेको एउटा कटहरको रूखमा स्थानीय असर्फी मलाय (गोंडी) की अन्दाजी १७ वर्षकी विवाहित छोरी बुचनी देवीको लाश ०५० पुस ४ गते झुण्डिरहेको अवस्थामा भेटियो। अघिल्लो दिन उनी अबेरसम्म कीर्तनमा बसेकी थिइन्। राती घर फर्किदा केही व्यक्तिले बलात्कार गरी उनलाई मारेर झुण्ड्याइएको भनाई धेरैको रहेको छ भने केहीले बलात्कृत भएपछि सामाजिक बेइज्जतिको डरले आत्महत्या नै गरेको हुन सक्ने बताएका छन्। केही समय अघि स्थानीय केटाहरूसंग लसपस गरेको आरोप पनि उनलाई लागेको थियो र गाउँका भद्र भलाद्मी बसेर छलफल पनि गरिएको थियो।

इनरूवा-९ का शिवकुमार यादवलाई केही व्यक्तिले गलत सुझबुझमा कुटपिट गरी हत्या गरेको बताइन्छ।

१.२ जेल

सुनसरी जिल्लामा जेल छैन। यहाँका सबै बन्दीहरूलाई विराटनगर जेलमा राख्ने गरिन्छ।

१.३ गिरफ्तारी र यातना

०५० साउन २७ गते राती १० बजेतिर तरहरा कृषि फार्म अगाडि जि.वि.स. सभापति श्री रामबहादुर बस्नेतबाट नरबहादुर घिसिङ पिटिए। त्यसको बदला लिन घिसिङको टोली इटहरीसम्म आएर रामबहादुर बस्नेतमाथि आक्रमण गर्न लाग्दा इटहरी थानाका प्रहरीले ९ जनालाई गिरफ्तार गर्‍यो। गिरफ्तार गरिएका गोविन्द अधिकारी, डम्बरबहादुर थापा मगर र तीर्थबहादुर दुरालाई १ महिना २५ दिन र अन्य ६ जनालाई २ महिना ४ दिनसम्म थुनामा राखियो। पुनरावेदन अदालत विराटनगरले ०५० असोज ६ गते उनीहरूलाई गैरकानूनी ढंगले थुनिएको भनी फैसला दिएको छ। राजनीतिक दबावको आधारमा फौज्दारी मुद्दा चलाएर पीडित पक्षसंग प्रतिशोध लिने पीडकको उद्देश्य रहेको बताइन्छ।

धरान नगरपालिका-१५ की जानुकादेवी दहाललाई राजनीतिक प्रतिशोध राखेर ५ जना केटीहरूलाई गलैंचा कारखानामा काममा लगाइदिने झूठा आश्वासन दिएर बिक्री गर्न लागेको आरोप लगाई इलाका प्रहरी कार्यालय धरानमा उजुरी गरियो। इलाका प्रहरी कार्यालयले निवेदन लिन नमानेपछि जिल्ला प्रहरी कार्यालय इनरूवामा उजुरी हालियो। र जबर्जस्ती झुठो मुद्दा लगाई ०५० भदौ १९ गतेदेखि ०५० असोज ८ गतेसम्म गिरफ्तार गरेर प्रहरी हिरासतमा राखिएको थियो। उनको साथमा झापाका किरण गुरूङ्गलाई पनि पक्राउ गरिएको थियो। अदालतले उनीहरूलाई २ हजारका दरले धरौटी लिई छोडेको छ। जाहेरी दिने महिला जानु विश्वकर्माले स्वयम दबावमा परी जाहेरी दिएको भनी अदालतमा निवेदन दिइसकेकी छन्।

धरानमा रमाइलो मेला हेरेर फर्किरहेका प्रकाश राई, वेदप्रकाश पौडेल, राजु श्रेष्ठ लगायतका युवाहरूलाई राती १० बजे गस्ती गर्न गएका प्रहरीले अकारण कुटपिट गरेका थिए। पिटाइबाट ती युवाहरू घाइते समेत भएका थिए।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

पत्रकार मणिराज भट्टराईलाई ०५० असार २५ गते महेन्द्र बहुमुखी क्याम्पस धरानको छेउमा दिउँसै कुटपिट गरिएको थियो। त्यस्तै पत्रकार चन्द्रमणि अधिकारीलाई अपहरण गरेर बेइज्जत गर्ने प्रयास भएको थियो भने अर्का पत्रकार गोपाल देवानलाई ०५० भदौ महिनामा समाचारको विषयलाई लिएर धम्क्याउने र रहजनी गर्न खोजिएको थियो।

यहाँ प्रत्यक्ष रूपमा अभिव्यक्ति स्वतन्त्रताका साथै मेला र संगठित हुने अधिकारलाई कुण्ठित बनाउने काम भएको नपाइए पनि आस्थाकै कारण कतिपय प्रतिशोधात्मक कारवाहीहरू भएको पाइन्छ। यहाँका शिक्षक र कर्मचारीहरूमाथि आस्थाकै कारण पक्षपातपूर्ण व्यवहार गर्ने गरिएको छ। नेपाल निजामती कर्मचारी संगठनमा लाग्ने कर्मचारी र नेपाल राष्ट्रिय शिक्षक संगठनसंग आबद्ध शिक्षकहरूप्रति नकारात्मक धारणा राखी अपायक ठाउँमा सरूवा गर्ने र धम्की दिने काम हुँदै आएको पाइन्छ। नेराशिसंमा लागे बापत शिक्षक त्रिलोचन रेग्मीलाई सोलुखुम्बुबाट सुनसरीमा सरूवा गरिएको छ भने शिक्षक भद्रनारायण चौधरीलाई सुनसरीबाट सोलुखुम्वु सरूवा गरिएको छ।

२.२ धार्मिक स्वतन्त्रता

विभिन्न जात-जाति, भाषा-भाषी र धार्मिक सम्प्रदायका नागरिकको बसोबास रहेको सुनसरीमा धार्मिक सहिष्णुता कायम रहेको पाइन्छ। यहाँ धार्मिक विवाद सम्बन्धमा २ वटा मुद्दाहरू अदालतमा दर्ता भएका छन्।

०५० पुस १५ गते सप्तकोशी नजिक हिन्दू मलामीहरू चढेको एउटा गाडीमा एकजना मुसलमान अतालिदै चढेका कारण विवाद उत्पन्न भई क्रियापुत्री समेत गिरफ्तार गरिएका थिए।

यस वर्ष धरान बजार लगायत केही ठाउँमा केही समुदायले दशैं बहिस्कार गरेको पाइयो।

२.३ राजनैतिक स्वतन्त्रता

संविधानले प्रत्येक नागरिकलाई प्रदान गरेको राजनैतिक स्वतन्त्रतामा आघात पार्ने खालको घटना प्रत्यक्ष

नेपाल बन्दको दिन धरान, भानुचोकमा भएको आमसभा

रूपमा घटेको पाईंदैन। तर सत्तापक्षबाट विपक्षी पार्टीका मान्छेहरूप्रति नकारात्मक र असहयोगको धारणा राखी छिटफुट घटनाहरू घटाइएका पाइन्छन्। सत्तासीन पार्टीले बजेट छुट्याउने र विरोधीहरूले जितेको ठाउँमा असहयोग गर्ने गुनासो धेरैमा रहेको पाइयो।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँका बहुसंख्यक जनता गरीबी, अशिक्षा र अज्ञानताका कारण सुगम र निष्पक्ष न्यायिक अधिकार पाउनबाट बञ्चित रहेका छन्।

विपक्षीहरूलाई दु:खदिने नियत राखेर केही सार्वजनिक अपराध ऐनको व्यापक दुरूपयोग गर्ने गरेको पाइन्छ। यस वर्ष सार्वजनिक अपराध अन्तर्गत २८२ जना विरूद्ध ९० वटा मुद्दा चलाइएको देखियो। जसमध्ये ११ वटा मात्र फैसला भएको देखिन्छ।

धेरैजसो मुद्दाको शुरूवात प्रहरीले गर्ने हुँदा विपक्षी पार्टीका व्यक्तिहरूले ल्याएका मुद्दाहरू प्रहरीले दर्ता गर्न समेत अस्वीकार गरेको कुरा केही पीडितहरूले बताए।

यो वर्ष जिल्ला अदालतमा देवानी र फौजदारी गरी जम्मा २४२१ वटा मुद्दाहरू दर्ता भए। त्यसमध्ये १८५ वटा मुद्दाहरू प्रहरी मार्फत दर्ता हुन आएका थिए।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

कोशी नदीले गाउँ र खेत डुबाएपछि राजावास, गह्रैया टप्पु, चकरघट्टी र कुशाहाका जनता सुकुम्बासी बनेका छन् भने अन्य सुकुम्बासीहरू पुलाहा, मधुवन, राजगंज, इटहरी, धरान-खैरेनी, लौकही आदि ठाउँहरूमा रहेका छन्। यो जिल्लामा कति सुकुम्बासी छन् भन्ने आधिकारिक तथ्यांक प्राप्त हुन सकेन भने भूमिहीन र सुकुम्बासी समस्याका सम्बन्धमा उल्लेख्य घटना पनि यो वर्ष घटेको पाइएन।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

धरान नगरपालिका-१६ भोटेपुलबाट ०५० असार ९ गते हराएकी ११ वर्षीया मञ्जु विश्वकर्मा र १३ वर्षीया मीना थापालाई एउटा गिरोहले बिक्री गर्न लिएर गइरहेको बेला उनीहरू गिरोहको फन्दाबाट उम्किएर आउन सफल भए। उनीहरूका अनुसार अरू ८ वटी बालिकाहरू पनि उनीहरूसँगै बेच्न लगिएका थिए। तर त्यसबारे यथार्थ जानकारीको अभावमा पीडित तथा त्यस पक्षका सम्बन्धित व्यक्तिहरूसंग भेट गर्न सकिएन।

भरौल-५ की कमला खड्का बम्बैको बेश्यालयबाट भागेर घर फर्किन सफल भइन्। १८ वर्षीया कमलालाई उनकै लोग्ने शम्भु बस्नेतले बिक्री गरेको थियो। कमलाको उजुरीमा शम्भुलाई गिरफ्तार गरिएको छ।

डेढ महीनाको सुत्केरी अवस्थामा आफ्नै ठूलाबाबु र दाजुबाट ०४० सालमा बेचिएकी सुमित्रा आचार्य (मिश्र) १० वर्षपछि यो वर्ष नेपाल फर्किइन्। हाल इटहरी-५ स्थित आफ्नो आमाको घरमा बसिरहेकी सुमित्राको छोरीको भने अत्तापत्तो छैन। अभियुक्तहरूमाथि उनको ०५० पुस ९ को उजुरीको आधारमा कानूनी कारवाही चलिरहेको छ।

बलात्कारका सम्बन्धमा यहाँ यो वर्ष २ वटा घटना घटेको कुरा सार्वजनिक जानकारीमा आएको थियो। सिगिया-६ को पर्वत भन्ने वीरबहादुर बिष्ट नामको आफ्नै छिमेकीले ७ वर्षीया एक बालिकालाई ०५० साउन १७ गते आफ्नै घरमा बलात्कार गरेको थियो। अहिले ५ वर्षका लागि जेलमा छ।

पञ्चकन्या गाविस-२ की १६ वर्षीया युवती ०५० कार्तिक ७ गते आफ्नै प्रेमी ठानिएको रामबहादुर भुजेल र उनका साथी राधे कटुवाल समेत ५ जनाको सामुहिक बलात्कारको शिकार भएकी थिइन्।

आफ्नी १३ वर्षीया छोरी शोभा तामाङ्गसंग अनुचित कार्य गरिरहेको अवस्थामा ५१ वर्षीय लालबहादुर राईलाई इटहरी-४ का दलबहादुर तामाङ्गले खप्परमा खुकुरी प्रहार गरी घाइते बनाए। उनले बलात्कारको मुद्दा पनि हाले। तर बालिका ६ महिनाकी गर्भवती भएकी र आपसी सहमतिमा सम्बन्ध राखेको ठहर भएपछि मुद्दा चलेन। प्रहरीले लालबहादुरलाई बलात्कारको अभियोगमा उनलाई १३ दिन हिरासतमा राखेको थियो। राईका छोरा, बुहारी र ३ नातिनीहरू छन्।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यो वर्ष यहाँ २ वटा मात्र बहुविवाहको घटना घटेको कुरा प्रहरी रेकर्डले देखाएको पाइन्छ। तर बहुविवाह धेरै हुने मानिएको सुनसरी जिल्लामा यो वर्ष बहुविवाहका सबै घटना सार्वजनिक जानकारीमा आएको पाइएन। सार्वजनिक जानकारीमा आएका २ वटा घटनाका सम्बन्धमा पनि सम्बन्धित पक्षहरूसंग भेटघाट हुन नसकेका कारण विस्तृत विवरण थाहा हुन सकेन।

तराईको सीमावर्ती जिल्ला भएकोले सुनसरीमा दाइजो प्रथाको विकृत रूप छँदैछ। दाइजो दिन नसक्ने विपन्न परिवारका बाबु आमाले आफ्ना छोरीबेटीका लागि योग्य वर पाउन नसकेको स्थिति पनि यहाँ विद्यमान छ। दाइजो पर्याप्त ल्याउन नसक्ने पत्नी वा बुहारीलाई पति र सासु-ससुराले सधैंजसो मानसिक र शारीरिक यातना समेत दिने गरेको पाइयो। दाइजो कम ल्याएका कारण हरिनगर-७ की अञ्जुदेवी सेठियाको ०५० जेठ १७ गते शरीरमा मट्टितेल खन्याई आगो लगाएर हत्या गरिएको थियो भनिन्छ।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यहाँ दासत्व सम्बन्धी समस्या उल्लेख्य रूपमा देखा परेको पाइएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

यहाँका दमाई, कामी, सार्की, डुम, चमार, दुसाध जातिलाई हेला गर्ने र तिरस्कार गर्ने गरिन्छ। डुम र चमारलाई पानी पिउने कल र कुवासम्म पनि छुन दिईदैन।

६. आदिवासी अधिकार

अन्तर्राष्ट्रिय आदिवासी वर्ष १९९३ का सन्दर्भमा यहाँ एउटा कमिटी निर्माण भएको थियो। उक्त कमिटीले पनि यो जिल्लाका आदिवासी को को हुन् भनेर स्पष्ट किटान गर्न सकेको देखिएन। तापनि थारू, राजवंशी, सतार झाँगड, ताजपुरिया, गनगाईं, धिमाल, मुसहर र गोडी जातिहरू यहाँका आदिवासी भएको कुरा बताइन्छ। यो वर्ष यहाँ आदिवासी समस्या सम्बन्धी घटना घटेको पाइएन।

७. बालअधिकार

बालअधिकारको हननको घटना यहाँको समाजको एउटा अदृश्य पीडा बन्न पुगेको छ। बाल अधिकार हननका कतिपय घटनाहरू बाहिर देखिँदैनन्, प्रचारमा पनि आउँदैनन्। बाल अधिकार हननका घटना प्रत्येक घरमा भइरहेको देख्न सकिन्छ। बालबालिकाहरू आफ्नो अधिकारप्रति सचेत नहुने भएकाले सधैं पीडा सहन विवश छन्।

१२ वर्षीय चनारदेव यादव अझै फेला परेका छैनन्

यस जिल्लाबाट काठमाण्डौतिर गलैंचा कारखानामा काम गराउन बालबालिकहरू लैजाने र उनीहरूलाई कुटपिट समेत गर्ने गरेको पाइन्छ। गोकर्ण गलैचा उद्योगमा काम गर्न लगिएका १६ वर्षीय जयासुन्दर यादव कारखानामा मालिकले कुटपिट गरेपछि भागेर आफ्नो घर पश्चिम कुशाहामा फर्किएका छन्। उनीसँगै काठमाण्डौ लगिएका १२ वर्षीय चनरदेव र छतर यादव भने हालसम्म बेपत्ता छन्।

सुनसरीमा सडक बालक (खाते) को संख्या पनि बढ्दो रूपमा छ। धरानमा होटल ब्वाय र सडक बालक गरी ६० जना बालकहरू श्रममूलक काममा लागेका पाइन्छन्। यस्ता बालकहरू इटहरी, इनरूवा र दुहवीमा पनि रहेका छन्। यस बाहेक सम्पन्न व्यक्तिहरूको घरमा भाँडा माझ्ने, भात पकाउने र केटाकेटी हेर्ने काममा पनि धेरै बालबालिकाहरू लगाइएका छन्।

अतिरिक्त जानकारी

०४९ माघमा धरान-१२ का राजेश राईले आफ्नै कोठामा झुण्डिएर आत्महत्या गरे। आत्महत्या गर्नु पर्ने कारण केही नभएको बताइन्छ।

०४९ चैत ९ गते सुनसरीका राजनैतिक कार्यकर्ता सवारीलाल चौधरी र उनका परिवारलाई श्रीचन्द विश्वास लगायतका व्यक्तिले कुटपिट गर्दा सवारीलालको हात भाँचिएको बताइन्छ। उनलाई ६ दिनसम्म थुनामा पनि राखिएको थियो।

०५० असार २६ गते झुम्काबाट चतहरातर्फ गइरहेको एउटा मिनीवस नहरमा पल्टिंदा चालक सहित २० जनाको घटनास्थलमै मृत्यु भयो। मृतकका परिवारले कानूनतः पाउनु पर्ने क्रिया खर्च र वीमा रकम हालसम्म नपाएको र यसतर्फ प्रशासनले पनि कुनै चासो नदेखाएको बताइन्छ।

इनरूवा -२ का एकजना व्यक्तिलाई निजकै छिमेकीले पिट्दा पीडित व्यक्ति मरणासन्न बन्न पुगेका थिए। पीडितको गाई-वस्तुले आफ्नो बारीमा आएर बाली विनाश गरेको निहुँमा पीडकले त्यसरी पिटेका थिए। पीडकलाई प्रहरीले गिरफ्तार गरेको बताइन्छ।

सुनसरीका सानुमाया तामाङ्ग, रेणुका वि.के., डल्ली वि.के.,लीला वि.के. र मीना परियारलाई एउटा गिरोहले बिक्री गर्न लगिरहेको बेला उनीहरू भाग्न सफल भएको बताइन्छ।

वर्दी खोली बजारमा दुई जना व्यक्तिले एउटा प्रहरीलाई निर्घात रूपमा कुटपिट गरे। अभियुक्तहरूलाई तत्काल गिरफ्तार गरिएको थियो।

धुस्की -९ का हकिस मियाँलाई केही अज्ञात व्यक्तिले आक्रमण गर्दा उनी घाइते भएका थिए।

जलपापुर-७ निवासी तसलीम मियाँले ०५० मंसीर १ गते हिन्दू धर्मावलम्वी लक्ष्मी चौधरीसंग दोश्रो विवाह गरे। उनकी जेठी पत्नी माइतमा थिइन्। उनले माइतमै वीष सेवन गरी आत्महत्या गरिन् भनेर उजुरी गरिएपछि प्रहरीले हत्याको शंका गरी तसलीम मियाँ र जहुर मियाँलाई गिरफ्तार गऱ्यो। दुवैजनालाई जनही १० हजार धरौटी लिई तारिखमा छाडिएको छ।

०४९ फागुन १ गते नेपाल महिला संघको जिल्ला सम्मेलन स्थल सोनापुरमा सोही संघका दुई थरी कार्यकर्ता बीच भनाभन र हातपात भएको थियो। घटनामा केही व्यक्तिहरू घाइते पनि भएका थिए।

भर्ना फारम पाउनु पर्छ भन्ने माग गर्दै ०५० साउन १० गतेदेखि ४८ घण्टाभन्दा बढी पूर्वाञ्चल क्याम्पस धरानका क्याम्पस प्रमुख तेजराज थापा र सहायक क्याम्पस प्रमुख नरेन्द्रकुमार डाँगीलाई केही व्यक्तिले घेराउ गरेका थिए। ❑



१. पूर्वाञ्चल

कोशी

१.७ धनकुटा

जनसंख्या : १४६३८६
साक्षरता : ४९.० प्रतिशत
महिला साक्षरता : ३३.० प्रतिशत
क्षेत्रफल : ८९१ वर्ग कि.मी.

कोशी अञ्चलका ६ जिल्लामध्ये मध्यभागमा रहेको धनकुटा जिल्लाको आफ्नै खालको गरिमा र संघर्षशील इतिहास पनि रहेको छ। विभिन्न आन्दोलनहरू मार्फत देशमा मानवअधिकारको लागि आवाज उठाउँदै आउने यो जिल्लाका वासिन्दाले बहुदलीय व्यवस्थाको स्थापनाका लागि पनि महत्वपूर्ण योगदान पुऱ्याएका थिए। तर अहिले पनि यहाँ मानवअधिकार हननका घटनाहरू भने निरन्तर घटिरहने गरेको पाइन्छ।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यस वर्ष यो जिल्लामा गोली चलेको पाइएन। तर हत्याका घटनाहरू भने घटेका छन्।

०४९ पुस २२ गते धनकुटा नगरपालिका-३ आत्मारामा रहेको कोल्ड स्टोरेजका इलेक्ट्रीसियन ३२ वर्षीय ईश्वर गिरीलाई राती १० बजे सोही कोल्ड स्टोरेजका पाले डिल्लीशेर राईले दाउ (खुर्पा) ले काटेर मारे। मृतक र डिल्लीशेरकी पत्नीका बीच अनैतिक सम्बन्ध रहेको र उक्त दिन आफ्नी पत्नीसंग मृतक ईश्वर गिरी सुतिरहेको देखी हत्या गरेको कुरा अभियुक्तले बताएका छन्। अभियुक्तलाई सर्वस्व सहित जन्मकैद गरिएको छ।

०४९ माघ १० गते एकजना लाहुरेको हत्या गरिएको थियो। हत्या गर्ने को हो भन्ने कुरा अज्ञात नै रहेको छ। ती लाहुरेको हत्या उनकै साथमा आएकी उनकी पत्नी र जेठान मिलेर गरेको र सम्पत्ति लिएर राती नै फरार रहेको बताइन्छ।

बेलहारा गाविसका १ जनालाई ०५० पुस ७ गते हत्या गरी झुण्ड्याइएको थियो। अभियुक्तहरू कारवाहीमा रहेका छन्।

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	१	७
बलात्कृत	-	-
आत्महत्या	-	४

१.२ जेल

राणा कालमा निर्माण भएको धनकुटा कारागार २०४५ सालको भूकम्पले तहस-नहस भएपछि बन्दीहरूलाई जेलको कार्यालय भवनमा सारिएको थियो। हालसम्म त्यसै भवनको तल्लो तलाको ३ वटा कोठामा बन्दीहरूलाई राखिएको छ। जेलमा १२ जना बन्दीहरू रहेका छन्, जसमा १ जना महिला पनि रहेकी छिन्। एउटा कोठामा ३ जना मात्र अटाउने क्षमता रहेको छ। तर २ वटा कोठा पुरूष र एउटा कोठा महिला बन्दीलाई प्रयोग गर्न दिइएको छ। स्वच्छ पिउने पानीको अभाव, साँघुरो कोठा र फोहोर वातावरण भएको यो जेलमा पत्रपत्रिका र चिठीपत्रहरू सेन्सर गर्ने गरिएको कुरा बन्दीहरू बताउँछन्।

१.३ गिरफ्तारी र यातना

०५० वैशाख २ गते आँखीसल्लाको थलथले हाट भरेर घर फर्किंदै गरेका आँखीसल्ला-१ का लुम्बराज राई, शेरबहादुर राई, होमबहादुर राई, मौलासिंह राई र सवीरकुमार राईलाई दमाईं गाउँमा केही राजनैतिक प्रतिद्वन्दीहरूले बाटोमा रोकी वादविवाद शुरू गरे र हातपात पनि गरे। त्यतिकैमा प्रहरी आएर विवाद गर्ने र हातपात गर्नेलाई नसमाती पीडितहरूलाई चाहीं बिनापूर्जी गिरफ्तार गऱ्यो। एकरात आँखीसल्ला प्रहरी कार्यालयमा थुनी अ.स.ई. रत्नबहादुर भुजेलले पिटेर यातना समेत दिए। गिरफ्तार गरिएकाहरूलाई भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा ल्याइयो र १ महिनासम्म थुनेपछि सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलाइएको छ।

आँखीसल्ला गाविस अध्यक्ष तिलकप्रसाद राई र सुभानसिंह राईलाई ०५० जेठ ५ गते एमाले नेता स्वर्गीय मदन

भण्डारी र जीवराज आश्रितको शोकसभा मनाएर फर्किंदा आँखीसल्ला थानाका अ.स.ई. रत्नबहादुर भुजेल, हवल्दार रूद भारती र प्रहरी जवान कुमारबहादुर कार्कीले गिरफ्तार गरी हत्कडी लगाएर रातभरी थानामा राखे। सभामा आपत्तिजनक कुरा बोली प्रहरी थाना समेत घेराउ गरेको झूठो आरोपमा उनीहरूलाई थुनिएपछि गाउँका सम्पूर्ण मान्छेले गिरफ्तारीको विरोध गर्न थाले। व्यापक जनदबावका कारण पीडितहरूलाई भोलिपल्ट छोडिएको थियो।

०५० असार ५ गते रणसिंह गुल्मका बुद्धिबहादुर च्यामेले रक्सीको नशामा मातेर धनकुटा-४ स्कूलडाँडामा पसल गरी बस्ने सुमित्रा लामालाई मुखमा हिर्काएर रगत समेत आउने गरी कुटपिट गरेका थिए भने ०४९ चैत ३ गते पाखीबास-१ माझगाउँ बस्ने गर्भवती कृष्णकुमारी राईलाई सोही ठाउँको तेजबहादुर राईले कुटपिट गरी पेटमा छुरी प्रहार गर्दा उनको पेट फुटी आन्द्रा समेत निस्किएको थियो। उनलाई तुरून्तै अस्पताल पुऱ्याई उपचार गराइयो। तर उनको पेटको गर्भ भने बिग्रियो।

धनकुटा-१ हिले बस्ने गंगाराम वाङ्दी, निरेन तामाङ र आनन्द तामाङलाई विपक्षी राजनीतिमा लागेकै कारण ०५० साउन २५ गते बिनापूर्जी पक्राउ गरी बर्बर यातनासहित ७ दिनसम्म थुनामा राखिएको थियो भने ०५० असोज १४ गते हात्तीखर्क-६ का हर्कबहादुर लिम्बू, रविलाल लिम्बू र गोपालराम लिम्बूलाई गिरफ्तार गरी १८ गते मात्र थुनुवा पूर्जी दिइएको थियो। उनीहरूलाई प्रहरीले यातना दिई जवर्जस्ती ज्यान मार्ने उद्योग गरेको हुँ भन्ने बयानमा सहीछाप गर्न लगाएको थियो भन्ने पीडितहरूको भनाइ छ। हाल उनीहरू तारिखमा छुटेका छन्। प्रहरी हवल्दार खगेश्वर खातीले रक्सीले मातेर एउटा लाटोलाई पिटिरहेको बेलामा त्यस्तो नगर्न अनुरोध गर्दा उनीहरूलाई पक्राउ गरिएको थियो।

धनकुटाका देवेन्द्र पौडेलको उजुरीमा मावली आएका देवेन्द्र विष्टलाई बिनापूर्जी ०५० भदौ २४ गते गिरफ्तार गरी १०/१२ जना प्रहरीले कुटपिट गरेर यातना दिएका थिए। पीडितलाई अकारण गिरफ्तार गरिएको थियो।

०५० कार्तिक ११ गते दिउँसो ४ बजेतिर छिन्ताङ-३ का गडुल राईलाई छिन्ताङ चौकीका जंगबहादुर भुजेलले

छुरीबाट घाइते बनाइएका भवानीप्रसाद दाहाल

बिनापूर्जी गिरफ्तार गरी चौकीमा ल्याएर यातना समेत दिए र उनलाई खुट्टा बाँधेर उँधोमुन्टो लगाई पैताला र पिडौंलामा नराम्ररी कुटिएको थियो भने छुरीले हान्दा गडुलको हातको साहिंली औंला काटेको थियो। उनलाई ३ दिनसम्म थुनेर छाडिएको थियो। त्यसैगरी ०५० कार्तिक २४ गते छिन्ताङ-९ सफाइटारका टंक दहाललाई बिनाकारण बिनापूर्जी पक्राउ गरेर २ दिनपछि छाडियो भने ०५० पुस १ गते सान्ने-१ का भवानी दहाल र उनकी पत्नी टीकादेवी दहाललाई गिरफ्तार गरी १५ गते छाडियो।

आँखीसल्ला गाविसमा गाउँलेहरूको आपसी झगडामा प्रहरीले केही व्यक्तिलाई पक्राउ गऱ्यो। गिरफ्तार गरिएकाहरूलाई उठबस गराउने, लट्ठीले पिट्ने र लात्तीले हिर्काउने गरेर यातना दिइएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्येक नागरिकलाई अभिव्यक्ति स्वतन्त्रताका साथै मेला र संगठित हुने अधिकार प्रदान गरे पनि यहाँ त्यो अधिकारलाई पूर्णतः प्रस्फुटित हुन दिइएको छैन। उदाहरणको रूपमा ०५० जेठ ५ गते शोकसभामा चर्को बोलेको आरोपमा तिलकप्रसाद राई र सुभानसिंह राईलाई गरिएको गिरफ्तारीलाई लिन सकिन्छ। यस्ता घटनाहरू यहाँ प्रशस्तै घट्ने गरेका छन्।

यहाँ निजामती कर्मचारी संगठन र निजामती कर्मचारी संघको कार्यालय खोली साइनबोर्ड पनि राखिएको थियो। तर स्थानीय प्रशासनले ती अफिस नखोल्न र साइनबोर्ड पनि नराख्न धम्कीपूर्ण मौखिक आदेश दिएपछि अफिस बन्द गरिएको छ। यसबाट मौलिक अधिकार हनन भएको स्पष्ट हुन्छ।

त्यस्तै यहाँ शिक्षकहरूमाथि आस्थाका कारण भेदभावपूर्ण व्यवहार गरिएको पाइन्छ।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक विवादका कारण कुनै ठूलो घटना घटेको पाइएन। तापनि सानातिना विवादहरू भने हुन थालेका छन्।

किराँत याक्थुङ चुम्लुङको नाममा मारेक कटहरे गाविसका जयबहादुर लिम्बूले उक्त संस्था बाहुन क्षेत्री विरूद्ध लड्ने संस्था हो भन्दै ०५० सालको वडा दशैं बहिस्कार गर्ने नाममा गैर लिम्बू जातिलाई भागाभाग बनाएका थिए। उनले लिम्बू विद्यार्थीलाई फेल गर्न नपाइने धम्की पनि धर्मोदय मा.वि.का शिक्षकहरूलाई दिएका थिए।

२.३ राजनैतिक स्वतन्त्रता

राजनैतिक प्रतिशोधमा यहाँका कतिपय नागरिकले कुटाइ खानु परेको, गिरफ्तार हुनु परेको र झूठो मुद्दामा

अल्झिनु परेको तथ्यलाई हेर्दा धनकुटाबासीले राजनैतिक स्वतन्त्रताको अधिकार पूर्णरूपमा उपभोग गर्न पाएको देखिंदैन।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्लामा व्याप्त गरीबी, अशिक्षा र पछौटेपनका कारण कतिपय व्यक्तिहरू आफ्नो हक अधिकार लिनका लागि न्यायालयसम्म धाउन असमर्थ छन्। समाजका कैयौं अपराध र अपराधीहरू उजुरीको अभावमा उम्किने गरेका छन्। न्यायालयमा आउने मध्ये केहीले न्याय नपाएको चर्चा पनि यहाँ रहेको छ।

चुङमाङ-१ की ३६ वर्षीया पञ्चमाया भन्ने रहरमया राईलाई ०५० भदौ २१ गते गिरफ्तार गरी गर्भ पतन गराएकी हूँ भन्ने कागजमा प्रहरीले जबर्जस्ती सही गरायो। त्यसपछि अदालतमा मुद्दा पनि दायर गरियो। डाक्टरको प्रतिवेदन पनि गर्भपतन गराएको भन्ने आएपछि उनलाई थुनामा राखियो। तर ३ महिनापछि रहर मायाले बच्चा जन्माइन्। अहिले उनी बच्चा बोकेर अदालत धाइरहेकी छिन्।

यो वर्ष यहाँ जिल्ला अदालतमा २९९ वटा मुद्दाहरू दर्ता भए। त्यसमध्ये ५३ वटा मुद्दा प्रहरीबाट दर्ता गराइएका थिए।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा भूमिहीन तथा सुकुम्बासी समस्या उल्लेखनीय रूपमा देखा परेको पाइएन।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

यस वर्ष धनकुटामा महिलाहरू किनबेच गरिएको घटना सार्वजनिक जानकारीमा आएन। बलात्कारका घटनाहरू भने घटेका छन्। तर सामाजिक प्रतिष्ठामा आँच पुग्ने डरले सकेसम्म त्यस्ता घटनाहरू लुकाइएको र त्यस बारेमा पीडित पक्षले बोल्न पनि नचाहेको पाइयो।

बेलहारा-७ को गुठीटार स्थित खोटो संकलन केन्द्रका कर्मचारी नरबहादुर राईकी पत्नी मनिता राईलाई ०५० असोज २० गते सोही केन्द्रका इन्चार्ज अग्राहित साहले बलात्कार गर्ने प्रयास गरेको थियो। त्यस्तै एक अज्ञात व्यक्तिले सोही दिन ताङखुवा-३ की १८ वर्षीया दुर्गा दर्लामीलाई जोरपाटीको वनमा घाँस काटिरहेको अवस्थामा बलात्कार गर्ने प्रयास गरेको थियो।

४.२ जारी, बहुविवाह, देउकी, वदेनी आदि समेत

यस जिल्लामा देउकी र वादी छैनन्। जारीका घटना फाटफुट रूपमा घटे पनि सार्वजनिक जानकारीमा आएको पाइएन। बहुविवाह गर्ने चलन भने रहेको देखिन्छ।

०४९ माघ १५ गते आँखीसल्ला-१ का २५ वर्षीय तेजनारायण राईले २१ वर्षीया पत्नी टुकुमाया हुँदाहुँदै छिन्ताङ-४ की विकास मायासंग दोश्रो विवाह गरे। हाल टुकुमायाले पनि पुनर्विवाह गरी सकेकी छिन्।

०५० वैशाख २१ गते हात्तीखर्क-९ का ज्ञानेन्द्र धितालले २८ वर्षीया पत्नी फूलमाया हुँदाहुँदै चानुवा-८ की १८ वर्षीया खेमकुमारी सुवेदीसंग दोश्रो विवाह गरे।

त्यसै गरी पाख्रीवास बजारमा होटेल गरी बस्ने लेखबहादुर खड्काले घरमा लक्ष्मी खड्का नामकी पत्नी हुँदाहुँदै ०५० असार ६ गते २१ वर्षीया चित्रकलासंग अर्को विवाह गरे।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यस जिल्लामा दासत्व सम्बन्धी समस्या उल्लेखनीय रूपमा रहेको पाइएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

गरीबी, अशिक्षा र पछौटेपनका कारण यहाँ जातपात, छुवाछूत, धामी-झाँक्री, बोक्सी आदि जस्ता कुरीतिहरूले नराम्रो प्रभाव पारिरहेको देखिन्छ। जसबाट थुप्रै अमानवीय घटनाहरू घट्न गएका छन्।

चुङमाङ-६ चप्लेटीका गोपाल चापागाईंको घरमा गोठालोको काम गर्ने १९ वर्षीय श्यामकुमार राईको आफ्नै मालिक गोपाल चापागाईंकी १८ वर्षीया छोरी सुनीता कुमारी चापागाईंसंग प्रेम सम्बन्ध बस्यो र दुवैको मञ्जुरीमा ०५० कार्तिक १८ गते ढोलमुखामा गई विवाह गर्ने तयारी गरिरहेका थिए। तर सुनीताका बाबु प्रहरी हवल्दार जंगबहादुर भूजेललाई लिएर विवाहको तयारी भइरहेको ठाउँमा पुगी श्याम कुमारलाई गिरफ्तार गराए। श्याम कुमारलाई प्रहरीले अमानवीय ढंगले यातना दिई कागज गराएर केटीसंगबाट टाढा रहन बाध्य बनाए भने यता सुनीतालाई आफ्नै बाबुले कुटपिट गर्दै घर-लिएर गएका थिए।

६. आदिवासी अधिकार

यहाँका खास आदिवासीका रूपमा आठपहरियाहरू रहेका छन्। अत्यन्त विपन्न स्थितिमा रहेको "" जातिको मुख्य पेशा दाउरा काटेर बेच्नु र मजदुरी गर्नु रहेको छ। बिस्तारै लोप हुने स्थितिमा रहेका आठपहरियाहरूको धर्म र संस्कृति भने लोप हुँदै गएको र उनीहरू स्वयं पनि अन्य धर्म र संस्कृतिबाट प्रभावित बन्दै गएको देखिन्छ।

७. बाल अधिकार

यहाँका बालबालिकाहरू आफ्नै अभिभावकबाट समेत शोषित रहने गरेका छन्। बहुसंख्यक बालबालिकाहरूलाई विद्यालय नपठाएर घरायसी काममा लगाइने गरिएको छ। छोरीलाई विद्यालय नपठाएर घरधन्दामा लगाउने चलन पनि व्यापक रूपमै रहेको छ।

यहाँका विभिन्न ठाउँमा बाल श्रमिकहरू देखिन्छन्। धनकुटाको बसपार्कमा मात्रै १८ जना बालकहरू श्रम गरेर बसिरहेका पाइए।

घोर्लीखर्क ग्रामीण सामाजिक नि.मा.वि. का प्र.अ. लक्ष्मीराम थापाले सोही विद्यालयमा ७ कक्षामा अध्ययनरत १४ वर्षीया छात्रा मीना विश्वकर्मालाई छात्रवृत्ति प्रतियोगितामा भाग लिनबाटै बञ्चित गराएको बताइन्छ। भनिन्छ ७ कक्षाको अन्तिम जाँचमा मीनाले ३१५ अंक प्राप्त गरेकी थिइन्। तर निज प्र.अ.ले प्राप्त अंकलाई घटाई २८८ को लब्धांक दिएका थिए।

अतिरिक्त जानकारी

०४९ पुस १७ गते कुरूले तेनुपा-५ को भन्याङ भीरमा स्थानीय कलकत्ते लिम्बूको लडेर मृत्यु भयो। उनी रक्सी खाएर लडखडाउँदै आउँदा लडेर मरेको बताइन्छ।

चानुवामा ०४९ फागुन २३ गते आगलागी हुँदा लगभग १८ हजार धनमालको क्षति भएको थियो।

०५० जेठ १६ गते हिले ब्यारेकमा पिपा पदमा कार्यरत २४ वर्षीय लहरमान राई हिले बजारस्थित आफ्नै डेरामा मृत अवस्थामा फेला परे। हत्याको शंकामा मृतककी पत्नी दिलकुमारी राईलाई गिरफ्तार गरियो। पोष्टमार्टम रिपोर्टले आफै भुण्डिएर मरेको ठहर गरेपछि दिलकुमारीलाई छाडिएको थियो।

०५० जेठ २९ गते भालुखोपमा को.अ.ख. ५६७ नं.को बस दुर्घटना हुँदा १२ जनाको मृत्यु भयो।

खोटो संकलन केन्द्रका कर्मचारी अंग्रहित साहमाथि ०५० असोज २० गते राती रक्सी खाएर खुकुरी प्रहार गरेको आरोपमा सोही केन्द्रका कर्मचारी नरबहादुरलाई ज्यान मार्ने उद्योग अन्तर्गत मुद्दा चलाइएको छ। यस सम्बन्धमा नरबहादुरको भनाइ अर्कै छ। उनका अनुसार उनकी पत्नीलाई बलात्कार गर्ने प्रयास अंग्रहितले गरिरहेको देखी खुकुरी प्रहार गरिएको थियो।

मानसिक रोगले पीडित कुरूले तेनुपा-४ डिहीटारका पद्मप्रसाद भण्डारी ०५० पुस ४ गते तमर नदीमा हाम फालेर मरेको बताइन्छ।

०५० पुस १० गते चानुवा-८ का १४ वर्षीय खड्गजंग पौडेलले आफ्नै घरमा भुण्डिएर आत्महत्या गरेको बताइन्छ। २ दिन अघि हाटमा चामल बेचेको पैसाले आफूखुशी ५ कक्षाको किताब किनेकोमा दाजु र आमाले गाली गरी पिटेका थिए। उनको कञ्चट र कोखमा नीलडाम पनि देखिन्थ्यो। लाशको प्रकृतिलाई हेरेर कसैले हत्याको शंका पनि

आत्महत्या : बेलहारा-२ का नरहरी भण्डारी

गरेका थिए। तर त्यस सम्बन्धमा कसैबाट पनि जाहेर दिने काम भएन।

सान्ने-१ का भवानीप्रसाद दहाल आफ्नो खेत खैरेनी आग्राखेमा धान काटिरहेको अवस्थामा ०५० मंसीर ९ गते आफ्नै छोराहरू नवीन दहाल, कविन दहाल र रविन दाहालले टाउकोमा छुरी प्रहार गरे। उनी गम्भीर रूपमा घाइते भएका थिए। बाबु र छोराहरू बीच राजनैतिक भगडाका साथै अन्य रीस-इबी पनि रहेको बताइन्छ।

बेलहारा-२ सान्नेका नरहरि भण्डारीले आर्थिक स्थिति ठीक नभएकाले ०५० पुस ७ गते आत्महत्या गरे। हत्या हो भन्ने महेन्द्र भण्डारीको उजुरीको आधारमा सोही ठाउँका शिक्षक डिकबहादुर राई र मीनप्रसाद मुवंदीलाई हिरासतमा राखिएको बताइन्छ। ❑

१. पूर्वाञ्चल

कोशी

१.८ तेह्रथुम

जनसंख्या : १०२८७०
साक्षरता : ५५.४ प्रतिशत
महिला साक्षरता : ३७.४ प्रतिशत
क्षेत्रफल : ६७९ वर्ग कि.मी.

कोशी अञ्चलका ६ जिल्ला मध्ये तेह्रथुम पिछडिएको जिल्ला मानिन्छ। सानो जिल्लाको गणनामा आउने तेह्रथुम जिल्ला भौगोलिक विषमताले गर्दा विकट पनि मानिन्छ। यहाँको मुख्य ठाउँ म्याङलुङ बजार हो भने नेपालको सबैभन्दा अग्लो ह्यातुङ झरना यसै जिल्लामा पर्दछ। हाल यहाँको वसन्तपुर बजारसम्म मोटर बाटो आइपुगेको छ। यहाँका घटनाहरूलाई हेर्दा मानवअधिकारको स्थिति राम्रो रहेको मान्न सकिदैन।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

दुध चिस्याउने केन्द्र फुलेक चित्रेमा कार्यरत ललित चौधरी र मुख्यलाल राजवंशी दुवै जना अफिसकै एक कोठामा ०४९ माघ २४ गते मृत अवस्थामा भेटिए। यस्तो रहस्यमय मृत्यु कसरी हुन गयो भन्ने सम्बन्धमा अहिलेसम्म कुनै छानवीन भएको पाईदैन। पोष्टमार्टम रिपोर्ट समेत गोप्य राखिनुले रहस्यलाई झनै बढाएको बताइन्छ।

साम्दु-४ का देउमान राईको लाश ०४९ फागुन ६ गते घरबाट गोठतिर गइरहेको बेला कुटपिट गरी मारेर बाटोमा फालिएको अवस्थामा फेला पर्‍यो। उक्त हत्याको शंकामा केहीलाई गिरफ्तार गरिएको छ भने केही व्यक्ति फरार रहेका छन्।

हातेढुङ्गा-२ बस्ने श्रीप्रसाद मिश्रले अन्य केही व्यक्तिको सहयोगका साथ ०५० साउन १२ गते आफ्नै पत्नी गोमादेवी मिश्रलाई कुटपिट गरेर मारे। अभियुक्त श्रीप्रसाद मिश्रले आफू र आफ्नी बुहारी बीच अनुचित सम्बन्ध रहेको कुरा पत्नी गोमादेवीले थाहा पाएपछि हल्ला हुने डरले उनलाई मारिएको थियो। श्रीप्रसाद मिश्र लगायत हत्यामा संलग्न उनकै छोरा भानुभक्त मिश्र र चुहानडाँडा-६ का भवानी शंकर बास्कोटालाई कानूनी कारवाही भइरहेको छ।

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	२	६
बलात्कृत	-	-
आत्महत्या		३

१.२ जेल

तेह्रथुम जिल्लामा रहेको कारागारको निर्माण ०३० सालमा भएको हो। जेलको एउटै कम्पाउण्ड र एउटै भवन भएता पनि महिला र पुरूषलाई अलग अलग राख्ने व्यवस्था रहेको छ। ३-११-३-० क्षेत्रफलमा रहेको यस जेलका बन्दीहरूलाई खेलकूदका सामानको रूपमा क्यारेमबोर्ड र चेस उपलब्ध गराइएको छ भने निजी श्रोत र साधनबाट ढाका कपडा बुन्ने र बेच्ने सुविधा पनि प्रदान गरिएको छ।

यस जेलमा आरोपित पुरूष बन्दी ५, दोष प्रमाणित पुरूष बन्दी १३, महिला दोष प्रमाणित बन्दी ५ र नाबालक बच्ची १ गरी जम्मा २४ जना बन्दीहरू रहेका छन्। औषधि-उपचार, लत्ता-कपडा जस्ता कुराहरू नियमानुसार उपलब्ध गराइने गरेको पाइयो।

१.३ गिरफ्तारी र यातना

०४९ माघ २५ गते आठराई संक्रान्ति बजारमा ख्याल-ठट्टा गर्दै हिंडिरहेका विद्यार्थीहरू (एस.एल.सी. जाँच दिँदै गरेका) रूद्र राई र रूद्र लिम्बूलाई होहल्ला गरेको आरोपमा ०४९ माघ २५ गते गिरफ्तार गरी पिट्दै इलाका प्रहरी चौकीमा लगियो। चौकीमा पनि उनीहरूलाई चीसो र अँध्यारो कोठामा थुनी बुटले कुल्चने र पिट्ने गरी रातभरी यातना दिइयो। भोलिपल्ट स्थानीय जनप्रतिनिधि र विद्यार्थीहरू गएर उनीहरूलाई छुटाई सक्रान्ति हेल्थपोष्टमा उपचार गराएको थियो। फागुन १ गते अभिभावक, विद्यार्थी र जनप्रतिनिधिले प्रहरी अत्याचारको विरोध गरी पीडक प्रहरीलाई कारवाही गर्नु पर्ने कुरा उठाए। तर सम्बन्धित प्रहरीहरू अघिल्लै दिन त्यहाँबाट भागेर जि.प्र.का. पुगिसकेका थिए।

०४९ सालको एस.एल.सी. परीक्षामा फाक्चामारा केन्द्रका

केन्द्राध्यक्ष टंक सेढाईको रू. १० हजार हराएको आरोपमा पियन तथा निजकै भान्से द्रोणप्रसाद खतिवडालाई प्रहरी बोलाई पक्राउ गराइयो। द्रोणप्रसादलाई विज्ञान प्रयोगशाला कक्षमा चीसो भूईंमा रातभर राखी कुटपिट समेत गरियो। भोलिपल्ट छानवीन हुँदा पैसा फाक्चामाराका प्र.अ. कृष्णप्रसाद दाहालले राखेको कुरा खुल्न आएपछि द्रोणप्रसाद र उनका मान्छेहरूले निर्दोष मान्छेप्रति गरिएको अन्यायको कारण माग गरी स्थानीय मान्छेहरूलाई बोलाए र पीडकहरूसंग स्पष्टीकरण मागे। यसबाट समाजमा आफ्नो बेइज्जत भएको ठानी प्र.अ. कृष्णप्रसादले द्रोणप्रसाद खतिवडा लगायत उनी पक्षका मान्छेहरू पुण्य खतिवडा, पुष्पलाल खतिवडा र खेमकुमारी खतिवडालाई सार्वजनिक मुद्दा लगाए। ०४९ माघ २६ गतेकै दिन द्रोणप्रसादलाई गिरफ्तार गरियो। हाल मुद्दा फैसला भई उनलाई ३ सय रूपियाँ जरीवाना गरिएको छ।

हमरजुंग गाविसको शुक्रबारेमा ०४९ फागुनको फागुपूर्णिमाको दिन एकजना मासु व्यापारी र प्रहरीको बीचमा मासुको कारोबारलाई लिएर तनाव उत्पन्न भई जनता र प्रहरीबीच दोहोरो भीडन्त भयो। त्यसको भोलिपल्ट शुक्रवारेमा कर्फ्यू लगाई अघिल्लो दिन प्रहरीसंग भीडन्त गर्ने व्यक्तिहरूलाई खोज्न थालियो। भीडन्तमा उत्रिने कसैलाई नभेटेपछि प्रहरीले फाक्चामाराका मनबहादुर ठकुरीलाई गिरफ्तार गरी चौकीमा ल्याई निर्मम ढंगले कुटपिट गऱ्यो। निजलाई २३ दिनसम्म हिरासतमा राखी सार्वजनिक अपराधको मुद्दा चलाई धनजमानीमा तारिखमा छोडिएको थियो।

ओखे-६ का गोविन्द घोसनिलाई रोजगारको खोजीमा काठमाडौंबाट घर फर्किदा ०५० साउन ६ गते धरान बसपार्कमा पक्राउ गरियो। शुक्रबारे चौकीमा प्रहरी पिटेको आरोपमा उनलाई बिनापूर्जी गिरफ्तार गरिएको थियो। रातभर धरान इलाका प्रहरी कार्यालयमा थुनी भोलिपल्ट उनलाई हथकडी लगाएर भेडेटार चौकीमा अड्डासार गरियो। त्यहाँ पनि एकरात थुनी भोलिपल्ट वसन्तपुर ल्याइयो। त्यसपछि जिरीखिम्ती प्रहरी थानामा हथकडी सहित ल्याइएको थियो भने त्यहाँको थानाले गोविन्दलाई हथकडी सहितै जिल्ला प्रहरी कार्यालयमा बुझायो। जिल्ला प्रहरी कार्यालयले उनलाई बिना सोधपुछ र बिना कागज छोडी दियो।

सोल्मा-४ का अम्बरबहादुर गुरूङ्गलाई सदरमुकामबाट घर फर्किरहेको अवस्थामा ०५० साउन २९ गते जिरिखिम्तीको दमैगाउँमा भूवानसिंह गुरूङ्ग, ईश्वर बिष्ट, खगेन्द्र गुरूङ्ग, अम्बर हाङ्लिम्बू, होमनाथ सोदेम्वा, पूर्णबहादुर सोदेम्वा लगायतका व्यक्तिहरूले लाठी र खुकुरीद्वारा घातक आक्रमण गरे। हत्या नै गर्ने उद्देश्यले भएको उक्त आक्रमणबाट अम्बरबहादुर गुरूङ्ग मरणासन्न बन्न पुगे। उनलाई उपचारार्थ चिन्ताजनक अवस्थामा हेलिकप्टरमा काठमाडौं ल्याइयो। राजनैतिक प्रतिशोधको रूपमा घटाइएको यो घटनाका अभियुक्तहरू अहिलेसम्म फरार रहेको बताइन्छ।

इसिबु-२ भण्डारी परिवारका केटा-केटीको अनुचित शारीरिक सम्बन्धलाई लिएर चर्चा चल्न थालेपछि गाउँका केटी पक्षका मान्छेहरूले केटाहरूलाई कारवाही गर्न पोक्लाबुंग प्रहरी चौकीमा रिपोर्ट गरे। त्यसपछि प्रहरीहरू आएर गाउँलेहरूलाई हप्कीदप्की पार्दै ०५० साउन ३१ गते बूढाबूढीलाई समेत पक्राउ गरेर लगियो। बाटोमा गाविस सदस्य टंकबहादुर विमलीले भेटी पक्राउ परेका सबैलाई जमानीमा छुटाए। ०५० भदौ २ गते जमानी शर्त अनुसार टेकेबहादुर सबैलाई लिएर चौकीमा पुगे। उल्टो हवल्दार प्रताप लिम्बूले टेकबहादुरलाई गाली-गलौज गर्दै र घोक्र्याउँदै दिउँसोभरी हिरासतमा राखे। उनलाई बेलुकी मात्र छाडिएको थियो।

सोल्मा गाविस अध्यक्ष अम्बर गुरूङलाई मार्ने षडयन्त्रमूलक कार्यको विरोध गर्दै ०५० साउन ३१ गते स्थानीय एमाले कार्यकर्ताहरूले निकालेको जुलुसमा प्रहरीद्वारा अन्धाधुन्द लाठीचार्ज गरियो। लाठीचार्जबाट जिविस सदस्य कालीबहादुर सिंजागु र फइन्द्र भट्टराई घाइते भए भने गाविस अध्यक्ष पुष्प सुवेदीलाई बिनापूर्जी गिरफ्तार गरिएको थियो।

०५० साउनमा ओखे गाविसका अध्यक्ष खगेन्द्र ढकाल र उपाध्यक्ष तुलाराम खनाललाई राजनैतिक प्रतिशोध राखेर बिनापूर्जी गिरफ्तार गरियो। उनीहरूलाई रक्सी खाएर होहल्ला गरेको आरोप लगाइएको थियो।

ओखे-३ का दधिराम ढकाल र उनका छोरा रमेश ढकाल बस्तु चराउन जंगल गएको बेला मृगको सानो बच्चा अभर परेको अवस्थामा भेटी घरमा ल्याएर पाल्न थाले। त्यो कुरा थाहा पाएपछि वन कार्यालयका कर्मचारी र प्रहरी आई बिनापूर्जी दुवै जनालाई ०५० भदौ ४ गते पक्राउ गरे। सरजमिन गराउँदा घटनास्थलमा नगराई अन्यत्रै गरियो। १८ गते थुनाबाट तारिखमा छोडेपछि २२ गते पुनः वन कार्यालयका कर्मचारी पक्राउ गर्न आएका थिए। तर गाविस अध्यक्ष लगायतका व्यक्तिले वार्ता गरेपछि उनीहरू फर्किएका थिए। २३ गते तारिखमा जाँदा उनीहरूलाई फेरि पनि २४ घण्टा हिरासतमा राखी १० हजार धरौटी मागियो। धरौटी राख्न नसकेपछि २४ गते जेल चलान गरिएको थियो। मृगको बच्चा वन कार्यालयका कर्मचारीले लागिसकेका थिए।

राजनीतिक प्रतिशोधको भावनाले डम्बर तुम्वाहाम्फेलाई सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलाएर दुःख दिने काम गरिएको छ भने कैलाश पोमुलाई वारेन्ट जारी गरिएको छ। त्यस्तै नरराज तुम्वाहाम्फे, घनश्याम डाँगी र एकराज पौडेललाई पनि राजनैतिक मतभिन्नताकै आधारमा गिरफ्तार गरी दुख दिने काम गरिएको छ। ०५० भदौ २६ गते निधुरादिन गाविसको मालबाँसेमा भएको नेकाको आमसभामा नेका र एमालेका कार्यकर्ता बीच सामान्य वादविवाद भएपछि सोही विवादका कारण ती राजनैतिक कार्यकर्ताहरूमाथि कार्वाही गर्ने क्रममा गिरफ्तार गर्ने, वारेन्ट जारी गर्ने र मुद्दा चलाउने गरिएको थियो।

साब्ला -६ का ऐतराज भुजेल र कुरमान तामाङ लगायतका व्यक्तिहरू ०५० भदौ १० गते राती ११ बजे मुलबाराका अनन्तबहादुर लिम्बूको घरमा गई रक्सी मागे। रातीको समय रक्सी छैन भनेपछि ती व्यक्तिहरूले खुकुरी प्रहार गरी अनन्तबहादुर लिम्बू, दलबहादुर लिम्बू र दुर्गामाया लिम्बूलाई घाइते बनाए। घाइतेहरू मध्ये अनन्तबहादुर एउटा हात नचल्ने अपांग भएका छन्। घटनाबारे प्रहरीमा जाहेरी दिंदा प्रहरीले दर्तासम्म नगरेपछि पीडितहरू अदालत पुगेका छन्।

चार वामपन्थी दलहरूको ०५० असोज ५ को नेपाल बन्द

कार्यक्रमको सन्दर्भमा म्याङ्लुङ बजारको रतनपुरमा माइकिङ्ग गर्दै हिंडेका पुष्प गिरी, कंवी फुदोङ, हिमबहादुर थापा लगायतका राजनैतिक कार्यकर्ताहरूलाई बिनापूर्जी गिरफ्तार गरियो। उनीहरूलाई दिनभरी भोकभोकै हिरासतमा राखी बेलुकी ५ बजेपछि मात्र छोडिएको थियो।

०५० मंसीर ४ गते देउडी बजारमा मेला हेर्न गएका चुहानडाँडाका राजेन्द कन्दङ्वालाई सोही ठाउँका जीतबहादुर कन्दङ्वा र उनका साला मिलेर कुटपिट गरे। घटना बारे प्रहरीलाई जानकारी गराउँदा कुनै कारवाही भएन।

भगवती मा.वि.का दुई थरी विद्यार्थीहरूबीच गणित शिक्षकको नियुक्तिलाई लिएर भएको भगडामा सोही विद्यालयका छात्र खगेन्द्र बास्तोलालाई विद्यालयको खेल मैदानमै निर्घात ढंगले पिटिएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

यहाँ नेपाल निजामती कर्मचारी संगठनप्रति आस्था राख्ने कर्मचारीहरूलाई मानसिक यातना दिने काम भएको पाइन्छ भने नेपाल राष्ट्रिय शिक्षक संगठन प्रति आवद्ध शिक्षकहरूलाई प्रतिशोधात्मक कारवाहीद्वारा उनीहरूको मौलिक हकको हनन गरिएको देखिन्छ। आस्थाकै कारण यो वर्ष यहाँका थुप्रै अस्थायी शिक्षकहरूलाई अवकाश दिइएको छ। त्यस्तै सरुवा गर्ने र धम्की दिने कार्य पनि भएको पाइन्छ।

२.२ धार्मिक स्वतन्त्रता

धार्मिक विवाद उत्पन्न भएर यहाँ कुनै घटना घटेको पाईदैन। यहाँका बासिन्दामा एक आपसमा धार्मिक सहिष्णुता रहेको देखिन्छ।

२.३ राजनैतिक स्वतन्त्रता

नेपाल बन्द कार्यक्रमको सिलसिलामा ०५० असोज ५ गते शान्तिपूर्ण रूपमा माइकिङ्ग गर्दै हिंडेका वामपन्थी राजनैतिक कार्यकर्ताहरूलाई बिनापूर्जी गिरफ्तार गरी प्रहरी हिरासतमा लिइएको जस्ता घटनाहरूलाई हेर्दा यहाँ राजनैतिक स्वतन्त्रताको हनन भएको स्पष्ट हुन्छ। त्यस्तै यहाँ प्रहरी र प्रशासनलाई पनि प्रयोग गरेर विपक्षी राजनैतिक व्यक्तिहरूलाई भुठो मुद्दा लगाउने, अकारण थुन्ने जस्ता घटनाहरू पनि घटेको पाइयो।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

गरिबी, अशिक्षा र पछौटेपनले गर्दा यहाँका बहुसंख्यक जनता सुगम र निष्पक्ष न्यायिक अधिकारबाट बञ्चित रहेका छन्। यहाँको जिल्ला अदालतप्रति कसैको गुनासो नरहे पनि अन्य अर्धन्यायिक इकाईहरूबाट भने धेरैलाई अन्यायमा पार्ने गरेको पनि देखिन्छ।

यसवर्ष यहाँको अदालतमा लुटपीटमा ५०, अंशबण्डामा ४१, किर्ते जालसाँजीमा ३२, जग्गा किचोला, लेनदेन इत्यादि र प्रहरीबाट आएका ज्यानमुद्दा १२, ज्यानमार्ने उद्योग ७, ज्यान मार्ने बेच्ने २, बहुविवाह २, भ्रष्टाचार १, डाँका १, चोरी ८ र आगलागी समेत गरी जम्मा ३४५ मुद्दाहरू दर्ता भए।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यो जिल्लामा भूमिहीन तथा सुकुम्बासी समस्या सम्बन्धी जानकारी प्राप्त भएन।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

यो वर्ष महिला किनबेच र बलात्कारको घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

४.२ जारी, बहुविवाह, देउकी, वादी समेत

देउकी र वादी यहाँ छैनन्। यो वर्ष जारी र बहुविवाह सम्बन्धी घटना पनि सार्वजनिक जानकारीमा आएको देखिएन।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यस जिल्लामा दासत्वको समस्या उल्लेखनीय रूपमा रहेको देखिदैन।

५.२ अन्य अमानवीय व्यवहारहरू

जातपात, छुवाछूत र रूढीवादले यहाँ मानवअधिकार हननका कतिपय घटनाहरू घट्ने गरेको भए पनि यस वर्ष त्यस सम्बन्धी कुनै घटना घटेको पाइएन।

६ आदिवासी अधिकार

यस जिल्लामा आदिवासी सम्बन्धी उल्लेख्य समस्या प्रकट भएको देखिदैन।

७. बाल अधिकार

अधिकांश बालबालिकाहरूलाई विद्यालय जानबाट बञ्चित गराइएको छ। घरायसी काममा नलगाइएका बालबालिकाहरू देख्न मुश्किलै पर्छ। छोरा र छोरीका बीचमा गरिने भेदभावपूर्ण व्यवहार यहाँ पनि कायमै रहेको देखिन्छ।

अतिरिक्त जानकारी

सोल्मा -७ बस्ने २४ वर्षीय नारायण कार्कीले ०५० कार्तिक २५ गते मोहीमा वीष हालेर खाई आफ्नै घरमा आत्महत्या गरेका थिए। आत्महत्या गर्नुको कारण अज्ञात नै रहेको छ।

त्यसैगरी मोराहाङ -१ बस्ने ओजाहाङ खापुङकी छोरी १६ वर्षीया पुण्यप्रभा खापुङले पनि ०५० कार्तिक २८ गते आफ्नै घरमा घाँटीमा पासो लगाई आत्महत्या गरिन्। आत्महत्या गर्नुको कारण थाहा हुन सकेन।

फुलेक -६ बस्ने भुवानसिंह कटुवालकी २० वर्षीया अविवाहित छोरी जलदेवी कटुवालले ०५० पुस ७ गते सिगाने जंगलमा रूखमा पासो लगाएर आत्महत्या गरिन्। आत्महत्या गर्नुको कारण थाहा हुन सकेको छैन। ❑



१. पूर्वाञ्चल

कोशी

१.९ भोजपुर

जनसंख्या :	१९८७८४
साक्षरता :	४१.५ प्रतिशत
महिला साक्षरता :	२५.९ प्रतिशत
क्षेत्रफल :	१५०७ वर्ग कि.मी.

पूर्व ४ नम्बर माझकिराँतको नामले पनि चिनिने कोशी अञ्चलको यो एक पहाडी जिल्ला हो। यस जिल्लामा यस वर्ष मानवअधिकार उल्लंघनका क्रममा केही हत्या, कुटपिट र अन्य प्रकारका घटनाहरू घटेका छन्।

१. सम्मानित रूपले बाँच्ने अधिकार

कुलुङ-५ छेन्दाम ०५० बैशाख ९ गते ताङ्खुवा खोलाको किनारामा माछा मार्न गएका मनिकुमार राई (राखाली) लाई घटनास्थलमा सोही ठाउँका भद्रमान राईले पासो थापेको भरूवा बन्दुकको पासोको डोरीमा अल्झि बन्दुक पड्की देब्रे खुट्टामा गोलीले गम्भीर चोट लाग्यो। सो घटनाका हातहतियार खर-खजाना मुद्दा अन्तरगत पासो थाप्नेलाई रू. १ हजार र बन्दुकवालालाई रू. ५ सय जरिवाना गरियो।

१.१ हत्या / गोली

भारतीय सैनिकमा कार्यरत तिम्मा-३ का ३२ वर्षीय अर्जुनकुमार राईले आफ्नी पत्नी कलावती राई आफ्नै भतिजो नाता पर्ने सोही ठाउँको २७ वर्षीय छत्रबहादुर राईसंग विवाह गरी बसेको र हाड-नातामा बिग्रिएका मानिसलाई गाउँमा नबस्ने चेतावनी दिंदा पनि अटेर गरेकोमा ०४९ मंसीर ३० गते छत्रबहादुरलाई मरणासन्न अवस्थामा पुगुन्जेल पिटेको र उपचारार्थ अस्पताल लाँदा लाँदै मृत्यु भएको थियो। सो मुद्दामा विष्णु कुमारी राई र अर्जुनकुमारलाई गिरफ्तार गरिएकोमा पुनरावेदन अदालतले विष्णुकुमारी राईलाई तारेखमा छोडिदिएको छ भने अर्जुनकुमार राईलाई भोजपुर कारागारमा राखी कार्वाही चलाइ रहेको छ।

पात्लेपानी-६ का वर्ष २५ का विश्वबन्धु राईलाई ०४९ चैत ११ गते आफ्नो बारीको साँधको घाँस काटेको निहुँमा कचहरीमा भेला भएका मानिसहरूकै बीचमा वादविवाद हुँदा सुधारमान राई र पशुपति राईले छुरा प्रहार गरी घटनास्थलमै हत्या गरे। सो घटनाका सम्बन्धमा ६ जना पीडक मध्ये सुधारमानलाई थुनामा राखी अनुसन्धान भइरहेको र पशुपति राईलाई तारेखमा छोडिएको छ।

हेलौंछा-५ की पासाङ्ग पिकी शेर्पालाई आफूले जन्माएको बच्चा मारेको अभियोगमा ०४९ चैत २१ गतेदेखि २१ दिनसम्म थुनामा राखी हाल तारिखमा छोडिएको छ। त्यस्तै रेवत राईको अनुचित सम्बन्धमा नागी गाविसकी विना राईले बच्चा जन्माई मारेको अभियोगमा उनलाई पक्राउ गरी हाल तारिखमा छोडिएको छ।

यस वर्ष यस जिल्लामा ११ वटा हत्याका घटनाहरू घटे।

ताप्लेपानीका हिमेन्द्रबहादुर बम मल्ललाई ०५० बैशाख ४ गते कुटपिट गरी हत्या गरेको अभियोगमा स्थानीय २ व्यक्तिलाई गिरफ्तार गरिएको छ। यसलाई राजनैतिक उद्देश्यले प्रेरित हत्या मानिएको छ। मृतक बम मल्ल ने.वि.संघका सकृय कार्यकर्ता थिए।

०५० बैशाख ९ गतेको घटनाका घाइतेलाई टाँडमा रूँघेर बसिरहेको अवस्थामा ०५० कार्तिक १५ गते बिरामी कुर्नेहरू उपर कृष्ण राईले एकाएक खुकुरीले आक्रमण गरे। सुखदबहादुर राईको घटनास्थलमै मृत्यु भयो। अन्य ५ जना सख्त घाइते भए। जिल्ला अदालतमा यसको मुद्दा चलिरहेको छ र अभियुक्त फरार छन्।

०५० जेठ ३ गते साङपाङ-९ सुखिमटोलका ७८ वर्षीय कृष्णप्रसाद राईलाई अज्ञात व्यक्तिहरूले राती १० बजे घरमा सुतिरहेको अवस्थामा खुकुरी प्रहार गरी हत्या गरेको र उनका परिवारलाई हतियार देखाई रू.४० हजार बराबरको

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	१
बलात्कृत	३	१
आत्महत्या		-

डाँकाद्वारा मारिएका कृष्णप्रसाद राई

धनमाल लिई भागेका थिए। पीडक व्यक्तिहरू अझैसम्म पत्ता लाग्न सकेका छैनन्।

देउराली-२ का ३५ वर्षीय रेखबहादुर कार्कीलाई सोही ठाउँका ४२ वर्षीय डोरबहादुर कार्कीले ०५० जेठ २३ गते आफ्नो घरको थाम काटेको आरोपमा कुटपिट गरेकोमा त्यसको ७ दिनपछि पीडितको मृत्यु भयो। उक्त दिन पीडित कार्की घाँसको भारी बोक्न पीडक पक्षलाई सहयोग माग्दै गर्दा पीडकले उनका दुवै हात पछाडि तानी लडाई लात्तिले हिर्काएको र गाउँलेहरूले देखेपछि निज व्यक्ति भागी हालसम्म फरार रहेको छ।

भैंसीपौवा-७ नोर्बोका काले शेर्पालाई ०५० कार्तिक ९ गते दशैंको उपलक्ष्यमा सोही ठाउँमा मावली घरमा टिका लगाउन गएको र टिका लगाई केही रक्सी सेवन गरी आफ्नो साना बुबासंग छलफल गरिरहेको अवस्थामा मादक पदार्थ सेवन गरी आएका उनकै मामाका छोरा निमा शेर्पाले कोदालोको बीडले हिर्काइ घटनास्थलमै हत्या गरेका थिए। सो घटनाका सम्बन्धमा निमालाई थुनामा राखिएको र श्यामसिला-७ भोजपुरका ३४ वर्षीय दाक्षेत्र शेर्पालाई तारिखमा छोडिएको छ।

०५० कार्तिक २९ गते बेलुकी मादक पदार्थ सेवन गरी देउसी खेल्ने निहुँमा कोट-५ का राजधन राईको घरमा पुगेका खावा-३ का भविराज राई, चन्द्रमान राई, लालसिंह राई र केशरसिंह राईले राजधनकी सुत्केरी पत्नीमाथि अभद्र व्यवहार गरेको र सो विषयमा मिलापत्र गर्न भनी ०५० मंसीर ३ गते घटनास्थलमा भेला भएको अवस्थामा पहिलेकै पीडकहरूले राजधनमाथि छुरी प्रहार गरी घटनास्थलमै हत्या गरेका थिए। अभियुक्तहरू सबै फरार छन्।

०५० मंसीर १० गते तामाङ घेदुङ संघको बारेमा सकारात्मक र नकारात्मक कुरा चल्दा भोजपुर किमालुङ-३ का वीरबहादुर तामाङ र हर्कबहादुर तामाङ बीच हात हालाहाल हुँदा हर्कबहादुरले निक्कै कुटाइ खाएका थिए। त्यस्को ८ दिनपछि उनको मृत्यु भयो। पीडक वीरबहादुरलाई आवश्यक अनुसन्धान गरी अदालतको आदेशमा तारेखमा

खुकुरी र लाठी प्रहारबाट मृत्यु हुन पुगेका राजधन राई

राखिएको छ।

छिनामखु–८ का ४३ वर्षीय रत्नबहादुर बस्नेत र सोही ठाउँका ४८ वर्षीय भारतीय सेनामा कार्यरत दलबहादुर भुजेलकी पत्नी देवीमाया बीच अनुचित सम्बन्ध रहेको आरोपमा छलफल गर्न मेला भएको समयमा सो आरोप उनीहरूले अस्वीकार गरेपछि उपस्थित व्यक्तिहरूले रत्नबहादुरलाई मरणासन्न अवस्थामा पुगुन्जेल पिटे। सो पिटाइ पछि उपचारका लागि भोजपुर अस्पताल लैजाँदा लैजाँदै उनको मृत्यु भयो। यस घटनाका सम्बन्धमा प्रहरीले सोही गाविसका वडा अध्यक्ष प्रेमबहादुर बस्नेत, नन्दराज गुरुङ, मणिकुमार भूजेललाई पक्राउ गरी २७ दिन थुनामा राख्यो। त्यस पछि जिल्ला अदालत भोजपुरले विन्दुमान भुजेल, मनिकुमार भूजेल, कर्णबहादुर कार्की, अदिमान भूजेल, पद्म बुढाथोकी र उत्तर बहादुर भूजेललाई पूर्पक्षका लागि कारागारमा राखेको छ भने अन्य पीडकहरूलाई तारेखमा छोडिएको छ।

१.२ जेल

यस जिल्लामा एउटा जिर्ण अवस्थाको जेल छ। २ कोठाको यस जेलमा १२ X १० फिट लम्बाई–चौडाइ र ७ फिट उचाइको महिला र १४–१२ फिट लम्बाई चौडाई र ७ फिट उचाइको पुरूष कोठा छन्। यो जेललाई भूकम्पले निक्कै दयनीय स्थितिमा पुऱ्याएको छ। जेलमा मानसिक बन्दीहरू पनि छन्। अहिले यो जेलमा ३७ जना बन्दीमा २६ आरोपित र ११ दोष प्रमाणित छन्। ती मध्ये पुरूष ३३ जना र महिला ४ जना छन्। यो वर्ष १० पुरूष र ४ महिला थुनामा परे, १८ पुरूष र ५ महिला छुटे र गत वर्षका ५ पुरूष र १ महिला छन्।

१.३ गिरफ्तारी र यातना

यस वर्ष विभिन्न ३७ वटा गिरफ्तारीका घटनाहरू भएका थिए। विभिन्न घटनाक्रममा कारवाही र अनुसन्धानका लागि भनेर निर्दोष व्यक्तिहरू पनि गिरफ्तार गरिएको छ। त्यस्तै बिनाकारण गिरफ्तार गरिएका व्यक्तिमा जनमुक्ति मोर्चाका जिल्ला अध्यक्षलाई ०५० मंसीर १९ गते बिनापूर्जी पक्राउ गरी प्रहरी कार्यालयमा १ रात राखी हप्काइ–दप्काई गरी छोडिएको थियो। त्यस्तै ०५० असोज २५ गते आम्रेख –६ का भुपेन्द्र पराजुली, अमृतबहादुर तामाङलाई कुटपिट मुद्दामा हुँदै पनि सार्वजनिक अपराध मुद्दा लगाई पक्राउ गरी धरौटीमा छोडिएको थियो। सो घटनाका पिडक गणेशप्रसाद पराजुली थिए। त्यस्तै साङपाङ–७ को डाँका ज्यान मुद्दामा गोपाल कटुवाललाई ०५० जेठ ४ गतेदेखि २५ दिनसम्म थुनामा राखी तारेखमा छोडियो। सोही घटनामा शेरबहादुर श्रेष्ठ र रामबहादुर श्रेष्ठलाई पनि बिनापूर्जी ०५० जेठ १३ गते गिरफ्तार गरी कुट्ने, म्यागुतो बनाउने, कुर्सी बनाउने, उभिंण्डो पार्ने, तिघ्रामा कठबाँसले किच्ने जस्ता अमानवीय यातना प्रहरीहरूले दिएका थिए।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

यस जिल्लामा सविधानले दिएको अधिकार भित्र रही सो अधिकार सबै पक्षबाट आ–आफ्ना ढंगले उपयोग हुने गरेको देखिन्छ। सामान्यतया त्यस सम्बन्धमा अवरोध भई कुनै घटना घटेको वा घटाइएको पाइन्न।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक स्वतन्त्रताको उपभोग सबै पक्षबाट भएको देखिन्छ। तर समाजका माथिल्लो जातका मानिसहरूले भने अछूत भनिने जातका मानिसहरूलाई मन्दीर पस्न नदिने भएकोले ती जातिहरूले हिन्दू धर्मको स्वतन्त्र उपभोग गर्न नपाएको गुनासो पीडित पक्षका व्यक्तिहरूले बताए। उनीहरूलाई ०५० मंसीर २८ गते वालाचतुर्दशीका दिन षडानन्द मन्दीरमा पस्न मन्दीरका पण्डित तथा शेखर चापागाईं लगायतका व्यक्तिहरूले अवरोध गरेका थिए।

२.३ राजनैतिक स्वतन्त्रता

उल्लेखित घटनामा बाहेक प्रहरी तथा प्रशासनबाट राजनैतिक स्वतन्त्रता प्रत्यक्ष हनन भएको पाइएन।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्लामा सुगम र निष्पक्ष न्यायिक अधिकार उल्लंघनका केही घटनाहरू माथि उल्लेखित घटनाको सन्दर्भमा पनि देखिन्छ। तर घटनाका सन्दर्भमा कतिपय अवस्थामा पिडक पक्षको राजनैतिक, आर्थिक, जातीय र नाता सम्बन्धी कुराले पनि असर गर्ने पीडित पक्षको गुनासो छ। यस वर्ष जिल्ला अदालतमा ३३७ वटा, जिल्ला प्रशासन कार्यालयमा १५८ जिल्ला प्रहरी कार्यालयमा २५ वटा मुद्दा दर्ता भएकोमा बिना भेदभाव मुद्दाहरूमा सुनुवाई भएको सम्बन्धित निकायले जनाएका छन्।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा यो समस्या उल्लेख्य रूपमा रहेको पाइएन।

४. महिला अधिकार

याङ्पाङ्–३ मा पानी घट्ट (मिल) चलाई बसेका शीव खत्रीले सोही ठाउँ बस्ने रमा बस्नेतसंग प्रेम विवाह गरेको र बच्चा जन्मिएपछि छोडी भागेको बताइन्छ।

४.१ महिला किनबेच र बलात्कार

यस वर्ष महिला किनबेचका घटनाहरू भएको पाइएन।

कोट–२ ददिपुर बस्ने वर्ष १७ को लोकबहादुर श्रेष्ठले सोही ठाउँ बस्ने १८ वर्षीया एक युवतीलाई ०५०

साउन १६ गते राती घरमा एक्लै भएको अवस्थामा बलात्कार गरेको थियो। अभियुक्तलाई पीडितको जाहेरी पछि ०५० साउन २२ गते गिरफ्तार गरी २२ दिन थुनामा राखिएको र जिल्ला अदालतले धरौटीमा छोड्ने आदेश दिएको छ।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यस जिल्लामा देउकी र वादी समस्या छैन।

चम्पे-२ का ३५ वर्षीय गुणराज राईले आफ्नी पत्नीलाई ०५० मंसीर ३० गतेदेखि डेढ वर्षको छोरा सहित विभिन्न आरोप लगाई घरबाट निकालेका छन्। पिडक राईले पीडितलाई पत्नी नराम्री र चरित्र ठीक नभएको आरोप लगाएका छन्। घरमा गुणराजकी अर्की पत्नी पनि छिन्। यो मुद्दालाई प्रहरीले अनुसन्धान थालेको छ।

याङ्गपाङ्ग-९ मूलपानीकी २२ वर्षीया सिता कुमारी राईलाई सोही गाविस-५ बस्ने डिल्लीशेर राईले प्रेम विवाह गरी गर्भ रहेको तर गाउँघर समेत मिलेर उनलाई गाउँको एक गरीब केटासंगको सम्बन्ध भएको भनी जबरजस्ती उसैसंग विवाह गरी दिए। त्यस पछि पीडित सितालाई उक्त केटाले अस्वीकार गरेको र हाल उनी असहाय अवस्थामा माइतिमा छिन्। त्यस्तै तुङ्गेल-५ का गोपाल श्रेष्ठले आफ्नी पत्नी जमुना चित्र कुमारीलाई कुटपिट र यातना दिइ ०५० असार १५ गतेदेखि घरबाट निकालेका छन्।

छिनामखु-२ बस्ने वर्ष ३१ का मणिराज राईले घरमा पत्नी हुँदाहुँदै ०५० असोज ६ गते वर्ष २२ की गीता राईसंग विवाह गरे। जेठी पत्नी कृष्णमुरारी राईको जाहेरीमा मुद्दा चल्दैछ।

ओख्रे-२ का कौशलकुमार राईले २०३६ गते सोही ठाउँकी धनकुमारी राईसंग विवाह गरेका थिए। विहे पश्चात २०४३ गते लाहुर गई ०४६ सम्म त्यहीं रहेका थिए। उनको परिवारमा विवाहित पत्नीलाई अपहेलित र यातना दिंदै आएकोमा ०५० भदौमा दोस्रो विवाह गरी झनै उपेक्षित अवस्थामा राखेका छन्।

भोजपुर-७ पोखरेका ४० वर्षीय गोपालबहादुर कार्की (पदम) ले माइतिबाट दाइजो आदि नल्याएको, छोरा-छोरी नजन्मेको भनी २८ वर्षीया पत्नी मिना कार्कीलाई सपरिवार मिली अभद्र व्यवहार गरी ०५० साउन ५ गते भोजपुर बजारका गंगाबहादुर तामाङ (अ.स.ई.) की छोरी अवा तामाङसंग विवाह गरेका छन्। पीडितलाई ०५० असोज २८ गतेदेखि घरबाट निकालिएपछि उनी माइतिमा शरण लिई बसेकी छिन्।

देउराली-१ तालपोखरीका दिपबहादुर भनिने चनुबहादुर घलेले पत्नी हरीकुमारी घलेले दाइजो आदि नल्याएको भनी ०५० मंसीर ५ गते दोस्रो विवाह गरेका छन्। उनले पहिलेकी पत्नीलाई घरबाट निकालेका छन्। उनको विवाह २०४७ सालमा भएको थियो।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरुद्धको अधिकार

यस जिल्लामा दासत्व प्रथा छैन।

५.२ अन्य अमानवीय व्यवहारहरू

दोभान-८ का झाँक्री श्रीकुमार राईले सोही ठाउँ बस्ने अर्का झाँक्री हस्तबहादुरलाई ०५० मंसीर १३ गते धामी बस्दा वाँण हानेको र देउता खेलाएर झाँक्री बस्न असजिलो पारेको आरोपमा खुकुरी र लाठीले हिर्काई घाइते बनाएका थिए। पिडक अहिलेसम्म फरार छन्।

६. आदिवासी अधिकार

यस जिल्लामा आदिवासी समस्या रहेको पाइएन।

७. बाल अधिकार

यस जिल्लामा वाल शिक्षा स्वास्थ आदिको समस्या छ। यहाँका अशिक्षित र गरीब समुदायका बालबालिका जमिन्दारहरूकहाँ गोठालो, हली आदि काम गर्ने काममा लगाइएका छन्।

अतिरिक्त जानकारी

यस जिल्लामा यस वर्ष ३ वटा आत्महत्याका घटनाहरू घटेका छन्। ती घटनाहरूमा गरिबी, अशिक्षा, मानसिक असन्तुलन, बेरोजगारी, पारिवारिक यातना, सामाजिक र मादक पदार्थ सेवन आदि रहेका छन्। ३ वटा संदिग्ध अवस्थाका ज्यान मुद्दा दर्ता भएका छन्।

०५० भदौ १६ गते बेलुकी अन्नपूर्ण-१ का महानन्द गिरीलाई गुप्तेश्वर र अन्नपूर्ण बीच खोलामा भेटी गुप्तेश्वर-६ का अमचन्द्र राईले छुरी देखाई घडी पैसा लुटे। सो मुद्दा जिल्ला अदालतमा चल्दैछ।

०५० असोज २१ गते कोट-२ आहालचौरका विक्रम कटुवाल, टिकाकुमारी कटुवाल र सविता कटुवाल घर पोत्ने माटो लिन जाँदा पहिरो गई घटनास्थलमै मृत्यु भयो। अन्य ४ जना पनि गंभीर रूपमा घाइते भएका थिए।

०५० असोज २५ गते पितौंला नि.मा.वि.का प्रधानअध्यापक मोहनप्रसाद पराजुलीले अस्थायी शिक्षक गणेशप्रसाद पराजुलीलाई हटाएकोमा विवाद हुँदा गणेशमाथि कुटपिट भएको थियो। सो सम्बन्धमा केही व्यक्ति गिरफ्तार गरी धरौटीमा छोडियो। ❑

१. पूर्वाञ्चल

कोशी

१.१० संखुवासभा

जनसंख्या : १४११९०३
साक्षरता : ४८.१ प्रतिशत
महिला साक्षरता : ३२.१ प्रतिशत
क्षेत्रफल : ३४८० वर्ग कि.मी.

संखुवासभा जिल्ला कोशी अञ्चलको सुदूर उत्तरमा पर्ने पहाडी जिल्ला हो। यसको पूर्वमा ताप्लेजुङ, पश्चिममा भोजपुर र सोलुखुम्वु, दक्षिणमा धनकुटा र उत्तरमा चीनको स्वशासित क्षेत्र तिव्बत पर्दछ। प्रसिद्ध हिमाल मकालुको काखमा रहेको संखुवासभा प्राकृतिक रूपले सुन्दर छ। सभापोखरी र लालपोखरी जस्ता ताल र अरूण बरूण जस्ता हिमनदी, किमाथांका जस्तो अति उचाइमा रहेको भञ्ज्याङ तथा विश्वकै कम उचाइमा रहेको अरूण उपत्यका आदि यही जिल्लामा पर्दछन्। टुरमालिन (मूल्यवान ढुंगा) खानी पनि यहाँ छ। पर्यटनको हिसावले समेत विशेष महत्व राख्ने यो जिल्लाको तुम्लिङटार स्थित एउटा हवाइ मैदान बाहेक अन्य यातायातको खास कुनै व्यवस्था हुन सकेको छैन। ३६ वटा गाविसमा विभक्त यस जिल्लामा नेपालकै निम्ति सबैभन्दा ठूलो विद्युत आयोजना अरूण तेश्रो शुरू भएको छ। व्यक्तिगत रीस-इबी र आक्रोश कै कारणबाट अधिकतम हत्या र काटमार हुने गरेको पाइन्छ।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यस जिल्लामा यो वर्ष प्रहरी प्रशासनद्वारा गोली चलाईएको र कसैको हत्या भएको जानकारी प्राप्त नभए पनि व्यक्तिगत भैै-भगडा र आक्रोशबाट भएका घटनाहरूमा परी केही नागरिकहरूले ज्यान गुमाएका छन्।

खराङ्ग-२ बस्ने दलबहादुर राईकी पत्नी २८ वर्षीया विष्णुमाया राईसंग खराङ्गकै प्रहरी चौकीका हवल्दार डिल्लीराम न्यौपानेको केही पहिलेदेखि चिनजान थियो। मंगलवार खराङमा हाट लाग्ने गर्दछ। ०५० असार २२ गते विष्णुमाया हाट गएकी थिइन्। त्यहाँ हवल्दार न्यौपानेले उनलाई बेलुकी बजारमै बस्न आग्रह गऱ्यो। कुलतमा फसिसकेकी विष्णु राईले पनि यो प्रस्तावलाई स्वीकार गरिन्। बेलुकी न्यौपानेले उक्त महिलालाई भण्डारीको कटेरोमा लिएर गयो। त्यहाँ उनीहरूले अनुचित सम्बन्ध कायम गरे। त्यसपछि विष्णुमायाले म अब फर्कन्न, तिमीसँगै जान्छु भनेर जिद्धी गर्न थालिन्। विष्णुमायालाई सधैंका निम्ति बेहोर्नु भन्दा सधैंका निम्ति विदा गर्नु आफ्नो कल्याण संझी हवल्दार न्यौपानेले तत्काल छाताको खोलले घाँटी बाधेर हत्या गऱ्यो र लाशलाई भुण्ड्याइ दियो।अभियुक्त डिल्लीरामलाई ०५० असार २४ गते इलाका प्रहरी कार्यालय चैनपुरले पक्राउ गरी अदालत पेश गरेको र अदालतले पुर्पक्षका लागी थुनामा राखी कारवाही गर्न आदेश दिएकोले हाल ऊ कारागारमा बन्दी बनेको छ।

चैनपुर-९ डाँगीगाउँ बस्ने २३ वर्षीय धर्मराज डाँगीले सौतेनी आमाको रीस उनीपट्टिको ९ वर्षीय भाइ दिपककुमार डाँगीको पासविक हत्या गरी शान्त गरे। ०५० असार २४ गते दिउँसो घरको पिंडीमा सुतिरहेको ठाउँबाट दिपकलाई अलिपर खोल्सातिर लगी उनले हँसियाले घाँटी रेटेर मारे। पछि लाश फ्याँकेर मकै बारी बारी भाग्न लाग्दा गाउँलेहरूको मद्दतले उनलाई गिरफ्तार गरियो र कानूनी कार्वाहीको सिलसिलामा अहिले खाँदवारी कारागारमा बन्दी बनाइएको छ।

यो वर्ष यहाँको अदालतमा कर्तव्य ज्यान सम्बन्धी जम्मा ११ वटा मुद्दा दर्ता भएका थिए।

१.२ जेल

६ रोपनी क्षेत्रफलमा अवस्थित यो जिल्लाको कारागार शाखा खाँदवारीमा छ। जिल्ला प्रहरी कार्यालय चैनपुरमा र कारागार भने संखुवासभामा हुनुले पनि धेरैलाई

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	४
बलात्कृत	-	२
आत्महत्या		-
प्रहरीद्वारा हत्या	-	१

अप्ठेरोको सामना गर्नु परिरहेको स्मरणीय छ। २५ जना मात्र अटाउन सक्ने क्षमता भएको यस जेलमा ४१ जना बन्दी रहेको पाइयो। जसमध्ये ४ जना महिला, ३८ जना पुरुष र १ जना आश्रित बालक छन्। पुरूष बन्दी र महिला बन्दीका निम्ति छुट्टाछुट्टै कोठाहरू छन् तर हावादार र स्वस्थकर भने छैनन्। खानेपानीको राम्रो प्रबन्ध हुन सकेको छैन। बन्दीहरूले आफूलाई आवश्यक पर्ने जीवन यापनका सामानहरू बजारबाट जेलका पियनले ल्याइदिने गरेको बताए। बिरामी हुँदा स्थानीय स्वास्थ केन्द्रमा उपचार गर्ने गरिएको छ। असक्त बिरामी भएका बन्दीहरूको हेरविचार गर्ने कोही हुन्न।

१.३ गिरफ्तारी र यातना

०४६ सालको जनआन्दोलन पश्चात मुलुकमा राजनैतिक क्षेत्रमा परिवर्तन आएर पनि प्रहरी र प्रशासनिक क्षेत्रबाट आम नागरिकलाई हेर्ने बक्र दृष्टिकोणमा त्यति परिवर्तन आउन सकेको छैन। गैरकानूनी ढंगले गिरफ्तार गरिने तथा गिरफ्तार व्यक्तिहरूलाई हिरासतमा यातना दिइने कुराले यो जिल्ला पनि अछुतो छैन।

चोरी मुद्दाको झुटो आरोपमा ०४९ पुस १९ गते गिरफ्तार गरिएका वाला -१ का बिर्खबहादुर राईलाई बयान लिने क्रममा जिल्ला प्रहरी कार्यालयको प्रांगणमै इन्सपेक्टर गोविन्द बुढाथोकीले कालो घँगरूको लट्ठीले पिटेका थिए। बलात्कार अभियोगमा पक्राउ परेका पाङ्मा-१ का टंक खड्कालाई पनि ०५० भदौ २ गते सरकारी वकिल सामु बयान गराउन लैजाँदा उनले इन्कारी बयान दिएको र इलाका प्रहरी कार्यालय चैनपुरमा लगि राती यातना दिएपछि साविती वयान दिएको बताइयो।

चोरी मुद्दामा ०५० पुस ३ गते पक्राउ परेका शनिश्चरेका रोहिणी दाहाललाई सरजमिनमा उपस्थित गराइयोस् भन्ने औंखिभूईं-९ का वडा सदस्य ओमबहादुर जिसी र रघुविर गिरीलाई सरजमिन स्थलबाटै बिनापूर्जी गिरफ्तार गरियो र इलाका प्रहरी कार्यालय चैनपुर लगियो। त्यहाँ उनीहरू दुबैजनालाई लट्ठी, मुक्का र लात्तिले समेत निर्घात पिटियो। प्रहरीको उक्त कुटपिटका कारण पीडितहरूले २ दिनसम्म केही खान सकेनन्। त्यसरी ज्यादतीपूर्ण ढंगले पिट्नेहरूमा स.इ. प्रेमबहादुर कार्की र प्रहरी हवल्दार शिवविक्रम ढकाल थिए। पीडितलाई १९ दिनसम्म जिल्ला प्रहरी कार्यालय खाँदवारीको हिरासतमा राखी सार्वजनिक अपराध सम्बन्धी मुद्दा लगाइयो।

स्थानीय प्रहरी चौकीका प्रहरी हवल्दार रूद्र भारतीले सोझा गाउँलेहरूबाट बेला बखत अनावश्यक दण्ड सजायको नाममा पैसा, कुखुरा, माछा र घिउ खाने गरेका थिए। उनका त्यसखाले क्रियाकलापको पर्दाफास गरिदिएको रीस फेर्न वाला- १, सिसुवाका प्रा.वि. शिक्षक प्रेमचन्द्र राईलाई हवल्दार भारतीले ०४८ असोज ३ गते बेपत्ता भइ २७ गते मृत अवस्थामा फेला परेका आयुर्वेदिक अस्पतालका कविराज पुण्य खतिवडालाई मारेको हुन सक्ने कागजी प्रमाण पुऱ्याइदिने ढंगले काम गरेको बताइन्छ। उनलाई र जयप्रसाद दहाललाई कविराजको हत्या मुद्दामा जबरजस्ती बयान गराउने सिलसिलामा इलाका प्रहरी कार्यालय चैनपुरमा उभिण्डो पारेर कुटपिट गरिएको थियो। यातनाको कारण दिशा पिशावबाट रगत गएको कुरा पीडितद्वय बताउँछन्।

उपरोक्त तथ्यहरूले के कुराको पुष्टि गरेको छ भने जुनसुकै आरोपमा गिरफ्तार गरिएका नागरिकलाई पनि यहाँको प्रहरी प्रशासनले निरंकुश कालकै मानसिकताबाट यातना दिने गरेको छ।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

नेपाल अधिराज्यको संविधान ०४७ ले उपरोक्त अधिकार प्रदत्त गरेको भए पनि यस जिल्लाका कतिपय नागरिकहरूले यसलाई उपभोग गर्न खोज्दा अनावश्यक झमेलामा फस्नु परेको प्रष्ट छ। शिक्षकहरूको पेशागत संगठन नेराशि संगठनको सदस्य भएकै कारणले मादी मा.वि.मा बिगत १४ वर्ष देखि अध्यापन कार्य गर्दै आएका शिक्षक अम्बिकाप्रसाद दाहाललाई घरबाट अपायक पर्ने कालिका प्रा.वि. जलजलामा सरूवा गरियो। सोही संगठन प्रति प्रतिवद्धता जाहेर गर्ने कतिपय शिक्षकहरूलाई शिक्षक छनौट समितिले लिएको परीक्षामा उत्तीर्ण भएपनि मौखिक परीक्षामा अनुत्तीर्ण गराइएको बताइन्छ। सत्तापक्षीय विचार बोक्ने शिक्षक कर्मचारीलाई राजनैतिक पार्टीको प्रचार कार्यमा समेत छुट रहेको तर प्रतिपक्षी विचार राख्ने शिक्षक कर्मचारीलाई भने कोल्टे नजरले हेर्ने परिपाटी यहाँ कायम रहेको छ भनिन्छ।

२.२ धार्मिक स्वतन्त्रता

बहुधार्मिक र बहुभाषिक जाति-जनजातिको बसोबास रहेको यस जिल्लामा धार्मिक आशथाकै कारण कुनै असहिष्णु घटना घटेको पाइएन।

२.३ राजनैतिक स्वतन्त्रता

शिक्षा, चेतना र ज्ञानको अभावमा यहाँका नागरिकले उक्त अधिकारको पूर्ण उपभोग गरेका छन् भन्न सकिन्न।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायिक निकाय समक्ष पुग्नु पर्ने कतिपय घटनाहरू समाजमा हुन सक्ने वदनामीका डरले भित्र भित्रै गुम्सिएर सिद्धिने गरेका छन्। न्यायालयमा पुगेका कतिपय मुद्दाहरू पनि गाउँका टाठा-बाठाद्वारा सोझा निमुखा नागरिकलाई कोरा कागजी र कानूनी रीत पुऱ्याएर फसाउँने उद्देश्यले दायर गरिएको पाइयो। न्यायालयले पनि कागजी प्रमाणमा नै भरपर्नु परेकोले कहिलेकाँही उचित न्याय दिन नसकेको गुनासो पनि सुन्नमा आयो।

आर्युवेदिक अस्पतालका कविराज पुण्यप्रसाद

खतिवडा ०४८ असोज ४ गते बेपत्ता भएका थिए। सडेगलेको, ठाउँ ठाउँमा माछाले खाएर छियाछिया भएको उनको लाश सिसुवा संखुवा खोलाको देभानमा असोज २७ गते फेला पऱ्यो। यस्तो अवस्थामा फेला परेको र उनको मृत्यु कर्तव्यज्यान वा भवितव्य के हो यकिन भन्न नसकिने भन्ने पोस्टमार्टम रिपोर्टको आधार लिएर अनुसन्धान तहकिकातको कार्य पूरा गरी मुद्धा नचल्ने गरी तामेलीमा राखिएको थियो। तर उक्त घटना घटेको २ वर्ष पछि आएर आयुर्वेदिक अस्पतालकै पियन जयप्रसाद दाहाल र धनबहादुर राईलाई गिरफ्तार गरियो। ०५० असोज १७ गते जिल्ला अदालत संखुवासभाले उनीहरूलाई थुनामा राखी कार्वाही गर्ने आदेश दियो। सोही घटनामा राजनैतिक दबाव दिएर शिक्षक प्रेमचन्द्र राई, मिश्रबहादुर राई, योगेन्द्र राई, कुलबहादुर राई र उमेश राई समेतलाई पक्राउ आदेश जारी भएको बताइन्छ। यस खाले घटनाहरूबाट प्रष्ट हुन्छ जिल्लामा सुगम र निष्पक्ष न्यायिक अधिकारको पूर्ण वहाली भएको छैन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जिल्लाका प्राय हरेक गाविसमा ८/१० परिवार भूमिहीन अवस्थामा रहेका छन्। मादी राम्बेनी गाविसमा भने यो संख्या अलि बढ्दै रहेको पाइयो।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

जिल्लामा महिलाहरूको किनबेचका घटना घटेको जानकारीमा आएन। बलात्कारका घटना भने उल्लेखनीय रूपमा घट्ने गरेका भए पनि त्रास र सामाजिक इज्जतका डरले लुकाउने र छिपाउने गरेको पाइयो। तर पनि यो वर्ष बलात्कार सम्बन्धी दुई वटा घटना सार्वजनिक जानकारीमा आएका छन्।

दोभाने गाविस-७ बस्ने १५ वर्षीया एक किशोरी आफ्नी आमाको साथ लागेर बिग्रिएको घडी मर्मत गर्न ०५० साउन ३० गते खांदबारी बजार गएकी थिइन्। घडी मेकानिक्स टंक खड्काले समयमै मर्मत गरी नदिएकोले उक्त दिन त्यहीं बास बसी बेलुकी आमा छोरी चलचित्र हेर्न गए। राती ११ बजे सिनेमा हेरेर फर्कदा बाटो ढुकेर बसेका घडी मेकानिक्स टंक खड्काले समातेर मुखमा रूमाल कोची कराउन बोल्न समेत नदिई बाँसझाङ्ग छेउमा लगेर ज्यान मार्ने धम्की दिंदै डर त्रासमा पारी बलात्कार गरेका थिए। टंक खड्का विरूद्ध भोलिपल्टै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पछि उपलब्ध प्रमाण सहित अभियुक्तलाई गिरफ्तार गरियो। कानूनी कार्वाही स्वरूप खड्का अहिले पुर्पक्षको निम्ति कारागारमा बन्दी बनेका छन्। त्यस्तै स्वराङ्ग प्रहरी चौकीका हवल्दार डिल्लीराम नेउपानेले स्वराङ्ग गाविस-२ बस्ने दलबहादुर राईकी पत्नी विष्णुमाया राईलाई बलात्कार गरी हत्या समेत गरेको थियो। उक्त घटनाको घटना विवरण हत्या/गोली शिर्षकमा उल्लेख भैसकेको छ।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

जिल्लाको उत्तरी क्षेत्र चेपुवा, किमाथांकाका भोटे जातिहरूमा एकाघरमा दाजुभाइहरूले एउटै पत्नी राख्ने बहुपति प्रथा प्रचलनमा छ।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यस जिल्लामा दासत्व सम्बन्धी कुनै समस्या वा घटना विवरण प्राप्त भएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

यस जिल्लामा जाँड रक्सिको प्रचूर प्रयोग हुने गरेको र त्यसको सेवन गरी एक-आपसमा कुटपिट र झै-झगडा तथा मारपिटका घटनाहरू प्रशस्त हुने गरेका छन्।

यहाँ अछूत भनिने कामी, सार्की, दमाईहरूको पनि उल्लेखनीय संख्यामा बसोबास रहेको छ। अछूत भनिने ती जातिका मानिसहरूमा सामाजिक संस्कारजन्य कुरीतिले प्रशस्त प्रताडन दिएको पाइन्छ।

०५० भदौ ७ गते मादी रामबेनीको ओख्रबोटे बजारमा शिक्षक अम्बिकाप्रसाद दाहाललाई रामकुमार राईले कुटपिट गरे। हरी बैरागीलाई ज्यान मार्ने धम्की दिए। परशुराम देवान, भक्तमणि देवान र प्रेम देवानको जत्थाले मादीका दयानन्द दाहाल र भरत दाहालका घरमै गएर असार ७ गतेदेखि बारम्बार लाठी-मुग्री सहित धम्की दिए। इलाका प्रहरी कार्यालय चैनपुरमा पीडित पक्षले उजुरी गर्दा पनि कुनै कारवाही गरिएन।

६. आदिवासी अधिकार

यस जिल्लामा आदिबासी अधिकार सम्बन्धी समस्या र घटनाबारे घटना विवरण प्राप्त भएन।

७. बाल अधिकार

यस जिल्लामा विद्यालयहरूको संख्या उल्लेखनीय भए पनि निकै ठूलो संख्यामा बालबालिकाहरूले शैक्षिक अवसरबाट बञ्चित हुनु परेको छ। स्कूल जाने उमेरका बालकहरू गाईबस्तुको गोठालो बनेका र भारी बोक्ने काममा लागेका पनि प्रशस्तै भेटिन्छन्। कतिपय कम्जोर आर्थिक अवस्था भएको परिवारका बालबालिकाहरू सम्पन्न व्यक्तिहरूका घरमा घरेलु नोकर बसेको समेत पाइन्छ। कामी, दमाई, सार्की र कुमाल जातिका केटाकेटी सानैदेखि पुर्ख्यौली पेशामा लाग्छन्। कुसुले जातिका बालबालिका हिंड्न सक्ने भएपछि बाबुसंगै पुतली नचाउँदै हिंड्छन्। सन्यासीका केटाकेटी रातभरी शंख फुकेर हिंड्छन्। गाइने जातिका केटाकेटी सारंगी बजाउँदै मागी हिंड्छन्।

अतिरिक्त जानकारी

संखुवासभा जिल्लाको उत्तरी भेगमा रहेको नुमकोफ्याकसिंदा भन्ने ठाउँमा ६८ मिटर अग्लो र १५५ मिटर लामो कंक्रिटको बाँधद्वारा अरूण नदीको पानीलाई ५.६ मिटर व्यास भएको ११.५ किलोमिटर लामा दुईवटा सुरूङ्ग मार्फत दिधिङ्ग डाँडा गाउँको पिखुवा भन्ने ठाउँमा ल्याई भूमिगत जलविद्युत गृहमा रहेका ६ वटा ६७ मेघावाट क्षमताका टरवाइनद्वारा ४०२ मेघावाट जलविद्युत क्षमता स्थापना गर्ने र यसरी उत्पादित विद्युतलाई २२० किलो भोल्ट डबल सर्किट प्रसारण लाइन (११५ कि.मी.) द्वारा सुनसरी जिल्लाको दुहवीसम्म पुऱ्याउने योजना नै मूल रूपमा अरूण-३ आयोजना हो। धनकुटा जिल्लाको हिलेबाट योजनास्थल (पावर हाउस र बाँध) सम्म पुग्ने ११७ कि.मी. लामो प्रवेश मार्गलाई पनि यस आयोजनाकै अभिन्न अंगका रूपमा लिइएको छ। आयोजनाको पहिलो चरणमा २०१ मेघावाट क्षमता स्थापना गर्न ७६ करोड ४० लाख अमेरिकी डलर (३८ अर्ब २० करोड रूपैयाँ) लाग्ने अनुमान रहेको छ। जसमध्ये लगभग २० फिट चौडा प्रवेश मार्ग नेपालको सबैभन्दा महँगो (लगभग ५ करोड रूपैयाँ प्रति किलोमिटर) सडक हुन पुग्ने छ। आयोजना निर्माणको कार्यक्रममा अत्यन्त शक्तिशाली "चेनक" हेलिकप्टरको नियमित प्रयोग गरिने जस्ता कुरा र प्रवेश मार्ग निर्माण र बाँधको निर्माण कार्य लगभग एकैपटक एउटै विदेशी ठेकेदारद्वारा गराइने कुराहरू समावेश भएका छन्। आयोजना निर्माण अवधि भित्र ३ हजार देखि १० हजार व्यक्तिहरू दैनिक कार्यमा जुट्नेछन्। निर्माण कार्य चाँडो सिध्याउन अत्याधुनिक प्रविधि र यन्त्रहरूको प्रयोग गरिने योजना रहेको छ।

बीस अर्ब रूपैयाँको हाराहारी मात्र देशको सम्पूर्ण वार्षिक विकास खर्च भएको नेपालजस्तो मुलुकले ३८ अरबभन्दा बढी रूपैयाँ खर्च हुने अरूण-३ (अधिकारिक खर्च ७६४ मिलियन डलर) को बारेमा अन्तिम निर्णय गर्नु अघि राम्रोसंग छलफल पनि हुन पाएको छैन। यस विषयमा राष्ट्रिय छलफल हुनु जरूरी छ र राष्ट्रिय सहमती खोज्नु सबैका लागि अनिवार्य छ।

वर्तमान विद्युत कटौती (लोड सेडिङ) समस्याको समाधान सन् २००० पछि मात्र विद्युत आपूर्ति गर्ने भनिएको अरूण-३ हुन सक्दैन। त्यसैले हत्तारिएर अरूण-३ निर्माण गर्नुको सट्टा तत्काल गर्न सकिने, प्रति इकाई मूल्य वृद्धि गर्न नपर्ने, कम लागतका र सन् २००० भन्दा अगाडि नै विजुली आपूर्ति गर्न सक्ने साना तथा मझौला जलविद्युत परियोजनाहरूको काम तत्काल थालेर उपलब्ध हुनसक्ने वित्तिय श्रोतको उपयोग गर्नु पर्दछ।

अरूण उपत्यका जसमा संखुवासभा जिल्लाको सबै भाग, भोजपुरको अधिकांश भाग र धनकुटाको ठूलो भाग पर्दछ, वातावरण र प्राकृतिक श्रोतको हिसाबले निकै धनी मानिन्छ। अरूण उपत्यकामा बस्ने लगभग ४ लाख ५० हजार मानिसहरूको निमित्त यी वातावरणीय अवयवहरू भनेका जीविकाका श्रोतहरू हुन्। अतः यी श्रोतहरूको दिगो उपयोगको एउटा उपयुक्त पद्धति स्थानीय जनताको सहभागितामा विकास गरिनु आवश्यक छ।

अरूण-३ को निमित्त प्रयोग गरिने अरूण नदीको पानीको ठूलो हिस्सा चीनको स्वशासित क्षेत्र तिब्बतबाट बगेर आउने तथा यस नदीको जलाधार क्षेत्रको ८० प्रतिशत भाग तिब्बततर्फ रहेको हुनाले अरूण-३ निर्माण शुरू गर्नु अगाडि यस सम्बन्धमा चिनियाँ सरकारबाट निश्चित सहमती प्राप्त गर्नु जरूरी छ।

हिमपात फुटेर आउन सक्ने बाढी तथा भूईंचालो जस्ता भौगर्भिक जोखिमबारे परियोजनाले जतिसुकै तर्क गरे पनि विशेषज्ञहरू सन्तुष्ट छैनन् र उनीहरू हालसम्म भएका अध्ययन-अनुसन्धानहरू विलकुल अपूरा र काँचा भएको बताउँछन्। हिमताल विष्फोटन तथा पैह्रोका कारण नदी थुनिन गई सिर्जना हुन सक्ने बाढी बारे प्राविधिक दृष्टिले अनुमान र अड्कल मात्र गर्न सकिन्छ। त्यस्ता हिमतालहरूको पानीको नियमित अनुगमन तथा जाँच-पड्ताल गर्ने र उपयुक्त समयमा निकासको चाँजो मिलाउनु पर्छ।

अहिले नेपालको थाप्लोमा १८० करोड डलरको ऋण छ। अरूण-३ ले ५४ करोड डलरको ऋण यसमाथि थप्नेछ। अन्य प्रयोजनका निमित्त समेत लिइने ऋणको अनुमान गर्दा सन् २००० सम्ममा नेपालको कूल ऋण २४० करोड डलर सहजै पुग्ने देखिन्छ। हालको ३० करोड डलर बराबरको वार्षिक राजस्व सम्पूर्ण रूपमा ऋण तिर्न खर्च गर्दा पनि यो मुलुकले ऋणबाट मुक्त हुन ८ वर्ष लाग्ने देखिन्छ। ❑



१. पूर्वाञ्चल

सगरमाथा

१.११ सप्तरी

जनसंख्या : ४६५६६८
साक्षरता : ३४.७ प्रतिशत
महिला साक्षरता : १७.७ प्रतिशत
क्षेत्रफल : १३६३ वर्ग कि.मी.

पूर्वमा सुनसरी, पश्चिममा सिराहा, उत्तरमा उदयपुर र दक्षिणमा भारतद्वारा घेरिएको सप्तरी जिल्लामा जातीय रूपमा यादव र चौधरीहरूको बाहुल्यता रहेको छ। गाउँ नै गाउँले भरिएको यस जिल्लामा उद्योगधन्दाको विकास हुन सकेको छैन। जिविकोपार्जनका लागि यहाँका जनताको प्रमुख व्यवसाय कृषि भएता पनि अधिकांश जमिन सिचाँई सुविधाको अभावले गर्दा आकासे वर्षामा खेति हुने गर्दछ। उद्योगधन्दाको अभाव र कृषि क्षेत्रको वैज्ञानिकीकरण नभएको हुँदा अधिकांश मानिस बेरोजगार वा अर्धरोजगार रहेका छन्। शिक्षित व्यक्तिहरू दिनानुदिन यस जिल्लाबाट पलायन हुँदैछन् र विकास मार्गबाट पनि सप्तरी पछाडि परेको छ। सप्तरी जिल्लाको सदरमुकाम राजविराज नगरपालिकालाई व्यवस्थित नगरीको रूपमा २००० सालमा बसाइएको र २०१६ सालमा नगरपालिका घोषित गरिएको भएता पनि अहिले राजविराज जीर्ण अवस्थामा रहेको छ। अज्ञानता र चेतनाको कमीले गर्दा यस जिल्लामा सामाजिक र पारिवारिक विवादहरू ज्यादै हुने गरेको पाइन्छ। ७५ जिल्लामध्ये सबैभन्दा बढी अर्थात ११४ गाविस भएको यो जिल्ला अधिराज्यमा सबैभन्दा बढी मुद्दा पर्ने जिल्लाको रूपमा पनि चिनिन्छ। यहाँको जिल्ला अदालतमा सर्वाधिक न्यायाधीशको दरबन्दी रहने गरेको छ (७ जनासम्म)।

१ सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यस वर्ष प्रशासनिक बल प्रयोगद्वारा नागरिकहरूको राजनैतिक हत्या भएको घटना घटेको जानकारी प्राप्त भएन। यद्यपि व्यक्तिहरू बीचको अन्तरद्वन्दबाट केही नागरिकहरू मारिए। हत्या र गोलीका वारदातहरू भए। जसमा ३ जनाको हत्या भयो भने ३ वटा गोली प्रहारका घटना घटे।

रूपनी मार्गमा राजविराजदेखि करिब ३ कि.मी. उत्तर मलेठ-२ बस्ने कुशुम ठाकुरको खेतमा पानी पटाउनका लागि खनिएको कुवामा ०५० बैशाख १६ गते एउटी दोजिया महिला र ५ वर्षे बालक समेत २ जनाको लाश फेला परेको थियो। कुवाको जम्मा गहिराई १० फिट रहेको र त्यस कुवामा १ फिट मात्र पानी रहेको थियो। उक्त घटनाबारे प्रहरीलाई १६ गते साँझ नै थाहा भएर पनि १७ गते विहान मात्र लाश सनाखत गराइयो। घटनास्थलमा जम्मा भएका कसैले पनि मृतकलाई चिनेनन् र उक्त लाशलाई पोष्टमार्टम पछि राजविराज नगरपालिकाले सदगत गरेको थियो।

पातो-२ बस्ने कुसुमलाल साहकी छोरी रामकुमारी साह सुतरहेको अवस्थामा चोर आयो भनी हल्ला गर्दा बाबु कुसुमलाल साह चोरलाई पक्राउ गर्न दौडिए। चोर र कुसुमलाल बीच तानातान हुँदा चोरले कुसुमलाललाई गोली प्रहार गरी त्यहाँबाट भागेको थियो। ०५० असार १ गते राती करीब १२ बजेतिर घटेको यस गोली प्रहारमा कुसुमलालको घटना स्थलमै मृत्यु भयो। मृत्युपछि प्रहरीले राम कुमारीसंग सोधखोज गर्दा उनले भनिन् "म सुतिरहेको अवस्थामा कसैले मेरो नाकको बुलाकी खोल्न थाल्दा मैले हल्ला गरेकी थिएँ। त्यत्तिकैमा बुबा आई चोरलाई पक्रन खोज्दा गोली प्रहार गरी भाग्यो। मेरो बुलाकी खोल्न आउने चोरहरू यसै गाविस-१ बस्ने गणेशकुमार चौधरी र ३ नं.वडा बस्ने दुखहरण भन्ने रामनारायण यादव हुन्।" यसरी प्रत्यक्षदर्शी रामकलीको किटानी जाहेरीपछि प्रहरीले राति नै गणेश चौधरी र दुखहरण भन्ने रामनारायण यादवलाई पक्राउ गऱ्यो।

मधेपुरा-१ बस्ने हेमशंकर सिंह र भुटकुन मण्डलका

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	१	-
हिरासतमा यातना	-	१
बलात्कृत	-	२
जेलमा यातना	३	२
आत्महत्या		-

एक अज्ञात महिला र बालकको लाश फेला पऱ्यो

त्यहाँ भारतको बिहार राज्यको सुपौल जिल्ला कमलपुर बस्ने कैलास यादव र चेतोनाथ महत्तोले भुप्रो हाली बसे र खेती गर्न थाले। ०५० भदौ २५ गते त्यो बाली लालापट्टी गाउँका भैंसीहरूले खाइदिए। त्यसै निहुँमा भारतीय पक्ष र नेपाली पक्षबीच छिन्नमस्ता चौकीमा असोज २४ गते कुराकानी गरी झगडा टुंग्याउने कुरा भयो। तर असोज २० गते भारतबाट सीताराम मिश्र र कैलास यादवको नेतृत्वमा आएका १२ जना बन्दुकधारीले लालापट्टी गाउँका १८ थान भैंसी खेदेर भारत लग्न थाले। त्यसको विरोध गर्दा वर्ष ३९ का किसुनदेव यादव र भारतीय पक्षका नुनुलाल कामैतको गोली प्रहारबाट हत्या भयो। धनपत यादव, नडरू यादव र राम यादव घाइते भए। मृतकद्वयमध्ये नुनुलालको लाश भारतीय पक्षले लग्यो भने किसुनदेव यादवको लाश लालापट्टीका गाउँलेहरूले लिए। भिडन्तमा एउटा भैंसी मऱ्यो। सात भैंसी फर्के, दशवटा लुटिएको लुटिएकै भयो।

वनैनियाँ–८ बस्ने हिरादेवी झा, विनोद झा र गोपि झा बीच अंश सम्बन्धी मुद्दा सप्तरी जिल्ला अदालत, राजविराजमा चल्दै थियो। अदालतले ती व्यक्तिहरूको नाममा रहेको जग्गाको बाली रोक्का आदेश दिएको थियो। सो आदेशमा हिरादेवी झाले बेरीतको आदेश भएकोले फुक्का गरी पाउँ भनी पुनरावेदन अदालतमा निवेदन दिएकी थिइन्। मंसीर ११ गते दिउँसो ११ बजेतिर गाविस अध्यक्ष अर्जुन सिंह लगायतका २०।२५ जना व्यक्तिहरू हिरादेवी झाको बाली कटान गर्न आए। निजहरूलाई हिरादेवी झाले रोक्न जाँदा बाँसको फट्टाले हिर्काई घाइते बनाए। हिरादेवी झाको बाली लुटेर घर तर्फ लैजाँदा वनैनिया–६ बस्ने कैलु यादवको घर पनि लुटे। त्यहाँ लुट्ने क्रममा गोली चलाउँदा उचितलाल यादवका पिता रामजी यादवको दाहिने हातमा छर्राले लागेको थियो। उचितलालकी पत्नी र डेढ वर्षे बच्चालाई समेत छर्रा लागेको थियो। यस घटनाले गाउँलेहरू आक्रोसित भई गाविस अध्यक्ष अर्जुनप्रसाद सिंहमाथि आक्रमण गरे र निजलाई कुटपिट गर्दै गाउँ घुमाए। प्रहरीले थाहा पाएर घटनास्थलमा पुग्दा जनताले अर्जुनलाई प्रहरीको जिम्मा लगाए।

बरसाईनकी सुजरीदेवी र उनका छोरा तेत्तर मण्डललाई स्थानीय व्यक्तिहरूले कुटपिट गरे। बाली सम्बन्धी झगडामा भएको सो कुटपिटबाट घाइते भएकी सुजरीदेवीको उपचार गर्दा गर्दै मृत्यु भयो।

बीचमा पहिले देखिनै जग्गा सम्बन्धी विवाद रहेको थियो। भुटकुन मण्डल तल्लो जातिका भएकाले जहिले पनि सिंह परिवारहरूले दबाएर राखेका थिए। विवाद बढ्दै जाँदा ०५० भदौ १७ गते हेमशंकर सिंह विरूद्धमा शान्ति सुरक्षा गरी पाउँ भनी जिल्ला प्रशासन कार्यालय सप्तरीमा भुटकुन मण्डलका भतिजा सिताराम मण्डलले निवेदन दिएका थिए। हामीमाथि कार्वाही गर्न निवेदन दिने भनी रीसले हेमशंकर सिंह समेत १४ जनाको जत्थाले भुटकुन मण्डलकी पत्नी तेतरीदेवी मण्डल र रामलखन मण्डलमाथि घातक आक्रमण गरेका थिए। उक्त आक्रमणको चोट खप्न नसकी बेहोश भएकी तेतरीदेवीलाई उपचार गराउन राजविराज ल्याउँदा ल्याउँदै ०५० भदौ १७ गते बाटैमा मृत्यु भयो। रामलखन मण्डलले सोही दिन जिल्ला प्रहरी कार्यालय सप्तरीमा हेमशंकर सिंह समेत १४ जना उपर कर्तव्य ज्यान मुद्दा दिएका थिए। जुन अहिले सप्तरी जिल्ला अदालत राजविराजमा चलिरहेको छ।

जोगिनियाँकी रामकली देवीले आफ्नै लोग्ने टुनाई दासलाई किशोरी पण्डितसंग मिली ०५० भदौ २४ गते हत्या गरिन्। रामकली नीज टुनाईकी दोस्रो पत्नी थिइन् र किसोरीसंग उनको गुप्त संसर्ग रहेको थियो। हाल रामकली र उनकी आमा धतुरी खत्वेनीलाई पक्राउ गरिएको छ भने किशोरी पण्डित फरार छन्।

०५० असोज १६ गते समयमा उपचार नपाएर कारागारका एक कैदी झौलाई सरदारको मृत्यु भयो।

०५० असोज २० गते आपसी झगडामा चलेको गोली लागेर लालापट्टी गाउँमा २ जनाको मृत्यु भयो।

लालापट्टी गाउँको सीमा भारतसंग जोडिएको छ। सीमाको दशगजालाई चरनको रूपमा प्रयोग गरिन्थ्यो। तर

१.२ जेल

राणाकालिन जेलको पूर्व स्थितिमा विशेष परिवर्तन यस वर्ष पनि आएको छैन। गत वर्षको स्थितिमा कुनै सुधार नभएकोले बन्दीहरूले पटक पटक सुधारका मागहरू अघि सारे। दुई तल्ले भवन रहेको उक्त कारागारको माथिल्लो तल्लामा ७ वटा कोठाहरूमा करिब १०० जना बन्दीहरू बस्ने गरेका छन्। त्यसका लागि एउटा धारा र एउटा चर्पिको व्यवस्था माथि नै गरिएको छ। माथिको चर्पिको पानी बग्ने निकास छैन। चर्पिका पाइपहरू फुटेर दुर्गन्धित हुँदा पनि मर्मत नहुने गरेको र चर्पी सफा गर्न २।३ महिनामा मात्र मेहत्तर आउने गरेको कुरा बन्दीहरूले व्यक्त गरे। कारागार भित्र क्षयरोगी सेमी लम्साल र सुल्तान मिया तथा छारे रोगी अनन्तलाल दाहाल र चुडामणी दाहाल रहेको भएता पनि ती बन्दीहरूलाई खाने, बस्ने, सुत्ने छुट्टै व्यवस्था भएको देखिँदैन। सामूहिक रूपमा नै बसोबास गर्दछन्।

बैशाख १९ गते २ बन्दी भजुराम यादव र अमरनारायण यादव सिकिस्त बिरामी भएकोले अस्पतालमा उपचार गराउन जेलबाट बाहिर निकालियो तर अस्पतालमा उपचार गराउन नपठाई जेलभित्र फर्काएकोले बन्दीहरू आक्रोशित भए। र जेलका मुखियालाई "बन्दीलाई उपचार नगराई किन फर्काएको" भनी सोध्दा मुखियाले "मलाई थाहा छैन जेलरले पठाएन, तपाईहरू जेलरसँगै कुरा गर्नुस्।" भनी जवाफ दिए। उत्तेजित बन्दीहरूले नाराबाजी शुरू गरे। नाराबाजी शुरू भएपछि १९ गते ५ जना बन्दीहरूलाई नेल लगाइयो। त्यसरी नेल लगाइनेहरूमा कालीबहादुर राई, विनोद ठकुरी, सेमी लम्साल, चन्द्रबहादुर मगर र जाहेर नट थिए। २४ गते प्रजिअ, एस.पी., जिल्ला सभापतिहरू आई जेल निरीक्षण गरे र बन्दीहरूको नेल खोल्नलाई आदेश दिए तर बन्दीहरूले चौकिदार, हेडनाइके, भाइनाइकेहरूको खारेजीको माग गर्दै नेल खोलाउन मानेनन्।

२५ गते नेल लगाइएका ५ जना बन्दीहरूलाई बाहिर कम्पाउण्डमा लगी निर्मम तरिकाले कुटपिट गरियो र अरू ६ जना अम्बर नारायण यादव, सोनाई नट, सत्यदेव साह, गनपत खँग, लवकुमार तामाङ र लोकबहादुर कार्कीलाई नेल लगाई कुटपिट गरिएको थियो भने त्यसैदिन जेलभित्र प्रहरी गई बन्दीहरूलाई जथाभावी निर्मम तरिकाले कुटपिट गरे।

०५० असोज १६ गते कैदी फौलाई सरदारलाई ज्वरो आएको थियो। बन्दीहरूले जेलमा कार्यरत सि.अ.हे.ब.लाई बोलाउन पठाए। जेलका "डाक्टर" कमानन्द देवले बिरामीलाई हेरे। त्यसबखत फौलाई सरदारलाई १०३ डिग्री ज्वरो आएको थियो। कमानन्द देवले फौलाई सरदारलाई ८ बाल्टिन पानी खन्याउन लगाए। त्यसपछि फौलाई सरदार झन् सिकिस्त भए। फौलाईलाई उपचार गराउन सगरमाथा अंचल अस्पताल लगिएको भएतापनि समयमा उपचार नपाएर उनको मृत्यु भयो। उनी जमुना गाविसका उपाध्यक्ष भए पनि बलात्कारको अभियोगमा थुनामा थिए।

विराटनगर जेलबाट सरुवा भई आएकी फूलमाया तामाङले जेल भित्रै रहेको इनारमा हामफाली आत्महत्या गर्ने प्रयास गरिन्। तर उनलाई सुरक्षा कर्मीले उद्धार गरी बचाए।

राजविराज जेलको समस्यालाई लिएर विभिन्न मानवअधिकारवादी संस्था, राजनैतिक दलहरू र पत्रकारहरू सहितको छानविन टोलीले जेल निरीक्षण गर्दा त्यहाँ बन्दीहरूमाथि अन्याय भएको पायो। रासन वितरणमा धाँधली, बिरामीको उपचारमा हेलचेक्र्याईं, १० जना बन्दीलाई नेल लगाइएको, अमानवीय व्यवहार गरेको, कुटपिट गरेका घाऊ र नीलडाम धेरै बन्दीमा देखिएको, नाइके भाइनाइके र व्यापारी बीच मिलीमतो गरी सामान किन्दा बन्दीलाई ठग्ने गरेको, औषधि वितरणमा पनि भ्रष्टाचार हुने गरेको, क्षमता भन्दा बढी बन्दी थुनिएको स्थिति उल्लेख गर्दै सुधारका निम्ति विभिन्न सुझावहरू उक्त टोलीले दिएको थियो। यस सम्बन्धमा मानवअधिकार संरक्षण मञ्चका केन्द्रीय सदस्य डा. अशोकानन्द मिश्रको नेतृत्वमा स्थानीय प्रतिष्ठित व्यक्तिहरूको प्रमण्डलले गृहमन्त्रीलाई ज्ञापन पत्र पनि दिएको थियो।

दुई बिघा १३ कठ्ठा क्षेत्रफल ओगटेको यस जेलमा अहिले १२७ जना बन्दी छन्। यी मध्ये ५९ आरोपित मात्र छन् भने महिलाको संख्या ३ र नाबालक बच्ची १ जना रहेका छन्। अन्य विवरण जेल प्रशासनले उपलब्ध गराएन।

१.३ गिरफ्तारी र यातना

यस वर्षका गिरफ्तारी र यातनाका घटनाहरू दुई प्रकृतिका देखा परे। राजनैतिक स्वभावका गिरफ्तारीमा आफ्ना मागहरू अघिसार्दै शान्तिपूर्ण विरोध प्रदर्शन गर्ने विपक्षी दलका कार्यकर्ताहरू र सत्ता समर्थक नेविसंघका कार्यकर्ता परेको पाइयो भने अन्यमा वैयक्तिक झै-झगडाका वारदातमा भएका गिरफ्तारी र यातनाहरू पाइए।

राजनैतिक गिरफ्तारीमा राजविराज नगरपालिका-४, पोखरेल टोलबाट ४० जना वामपंथी कार्यकर्तालाई ०४९ फागुन २२ गते पक्राउ गरियो। उनीहरू टनकपुर सन्धिबारे सूचना दिंदा प्रधानमन्त्रीले संसदलाई ढाँटेको कुरामा विरोध जनाउँदै जिल्ला प्रशासनमा धर्ना दिन जाँदै थिए।

सदरमुकामकै रूपनी रोडमा २०५० भाद्र २७ गते शिक्षक छनौट समिति खारेज गरियोस् भनी नेविसंघ सप्तरी शाखाले चक्काजाम समेतको कार्यक्रम आयोजना गऱ्यो। त्यस दौरान दिनेश सिंह लगायत १२ जनालाई पक्राउ गरियो। चार वाम समूहद्वारा आयोजित प्रधानमन्त्री गिरिजाप्रसादको राजीनामाको माग गर्दै ०५० मंसीर ११ मा जिल्ला सदरमुकाम घेराउ गर्दा १३ जनालाई गिरफ्तार गरियो। नेपाल सद्भावना पार्टीको आव्हानमा पुस २ गते जिल्ला प्रशासन कार्यलयमा भएको धर्नाबाट २०० जति समर्थक एवं १५० जति कार्यकर्तालाई पक्राउ गरियो।

मानराजा-२, बोदे बर्साइनका रामचन्द्र झालाई बलात्कार प्रयासको आरोपमा गिरफ्तार गरिएको थियो र उनलाई यातना दिंदा प्रहरीले कुटपिट गरी जुंगा उखेलिदिने काम गरेको पाइयो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

अखबारमा छापिएको समाचारलाई निहुँ बनाएर पत्रकार लोकेन्द्र बुढाथोकीमाथि विनोददेव, अनिलदेव र ध्रुवदेव लगायतका व्यक्तिहरूले ०५० असार २१ मा घातक आक्रमण गरे। हमलाबाट लोकेन्द्र घाइते भए। उनलाई उपचारार्थ अस्पताल भर्ना गरियो। स्थानीय पत्रकार तथा वुद्धिजीवीहरूले उक्त आक्रमणको विरोध गरे। आक्रमणकारीलाई कानूनी कार्वाहीको माग गरेर मौन जुलुश निकाले। प्रमुख जिल्ला अधिकारी समक्ष प्रमण्डल गयो तर कुनै कार्वाही भएन। पीडित पत्रकारको शब्दमा- "विपक्षी नेता मदन भण्डारी र जीवराज आश्रितको रहस्यमय हत्या हुँदा प्रधानमन्त्रीका प्रेस सल्लाहकार जयप्रकाश आनन्दले खुशियाली मनाएको खबर पत्रपत्रिकामा प्रकाशित गरेको हुँदा उनीहरू निकै रिसाएका थिए। त्यसैको बदला लिन सायद उनकै निर्देशनमा ०५० असार २० को नेपाल बन्दको बेला पारेर मलाई कुटेका हुन्।" उनीहरूले मेरो हत्या पनि गर्न सक्छन्। लोकेन्द्रले आशंका व्यक्त गर्दै अगाडि भनेका थिए। यस घटनाको विरोधमा स्थानीय सबै पत्रिकाहरूले प्रशासनको विरोध गर्दै एक अंकमा सम्पादकीय पुरै खाली राखेका थिए। असार २० गते उनले अनिलदेव, ध्रुवदेव र विनोददेवका विरूद्ध किटानी सहित सार्वजनिक अपराधको उजुरी दिएका थिए तर कुनै कारवाही भएको पाइएन।

राजविराज क्याम्पसमा वी.एल. दोस्रो वर्षमा अध्ययन गर्दै गरेका विद्यार्थी विनोदप्रसाद देवलाई शैक्षिक वातावरण धमिल्याएको हुँदा ०४९ चैत १० मा क्याम्पसले सर्वसम्मतिबाट एक वर्षका निम्ति निष्काशन गर्‍यो। पछि नेविसंघ र क्याम्पस बीचको द्विपक्षीय वार्तामा उनले गल्ती महशुस गरी क्षमायाचना गरेमा निष्काशन फिर्ता लिने सहमति भएको थियो। तर वैशाख १३ गते दिउँसो ५ जना प्राध्यापक भित्र रहेका बेला नेविसंघ समर्थक विद्यार्थीहरूले पूर्व सूचना विना तालाबन्दी गरिदिए। दिशा-पिसाव गर्न समेत नदिई थुनेपछि प्रशासनसंग हारगुहार गर्दा कुनै सुनुवाई भएन। बाहिर रहेका शिक्षक र पिउनहरूले ताला फोडी मुक्त गरेपछि पनि घरतर्फ जान थाल्दा क्याम्पस कम्पाउण्डभित्रै विद्यार्थीहरूले पुनः क्याम्पस प्रमुख लगायत अन्य प्राध्यापकहरूमाथि हातपात गर्न खोजे। पियन घुरन मण्डलले बचाउने प्रयास गर्दा आक्रमणमा परी घाइते तुल्याए र उनलाई बेहोसी अवस्थामा अस्पताल पुर्‍याइयो।

घटना घटेको भोलिपल्ट प्राध्यापक संघ र कर्मचारी संघको संयुक्त भेलाले स्थानीय प्रशासनप्रति खेद व्यक्त गर्दै प्राध्यापक र कर्मचारीहरूको सुरक्षाको ग्यारेण्टी नभएकोले त्रिभुवन विश्व विद्यालयबाट उच्च स्तरीय छानवीनको माग गर्दै ०५० वैशाख १४ गतेदेखि वैशाख २८ गतेसम्म कलम बन्द गरे। त्रिभुवन विश्व विद्यालयले ३ सदस्यीय छानवीन आयोग गठन गरी घटनाको अध्ययन गराएको थियो तर त्यसको प्रतिवेदन हालसम्म सार्वजनिक जानकारीमा आएको छैन। पीडित घुरन मण्डलले दिएको जाहेरी दर्खास्त दर्ता समेत नगरी दोषीहरूलाई संरक्षण दिने काम स्थानीय प्रशासनले गरेको पाइयो।

शिक्षकहरूले आफ्ना पेशागत मागहरू राखेर ०५० असोज २० गते जिल्ला शिक्षा कार्यालय सप्तरीमा एक ज्ञापन

जिल्ला प्रशासन कार्यालय अगाडि धर्नामा बसेका किसानहरु

पत्र दिए। त्यसमा सम्बन्धित कार्यालयले उपेक्षा गरेकोले ०५० पुस ६ गतेदेखि नेपाल राष्ट्रिय शिक्षक संगठनको नेतृत्वमा जिल्लाभरीका शिक्षकहरू आन्दोलनमा उत्रिए। जस अनुसार पुस ६ गतेदेखि १५ गतेसम्म कालोपट्टी बाँधी शिक्षा कार्यालयमा धर्ना दिने र पुस १६ गतेदेखि १७ गतेसम्म २४ घण्टे रिले अनशनको कार्यक्रम गरे। समयमा माग पूरा नभए आमरण अनशन बस्ने धम्की समेत शिक्षक संगठनले दिएपछि ०५० पुस २४ गते जिल्ला शिक्षा कार्यालय र शिक्षक संगठनबीच सम्झौता सम्पन्न भयो र कार्यक्रम टुंगियो।

प्राथमिक शिक्षक छनौटका निम्ति गठित तीन सदस्यीय समितिमा व्यापारीलाई राखेको र त्यसले व्यापक रूपमा भ्रष्टाचार गरेको हुँदा नेविसंघले त्यसको खारेजीका निम्ति संघर्ष चलायो। ०५० भदौ १७ गते जुलुश र २४ घण्टे अनशन गर्ने, ज्ञापन पत्र दिने, तालाबन्दी गर्ने र यातायात तथा बजार बन्द गर्ने आदि कार्यक्रम राख्यो। जिल्ला विकास समितिले पनि सो समितिको गठन र कार्यशैलीप्रति खेद व्यक्त गर्दै त्यसलाई तुरुन्त विघटन गर्ने माग गऱ्यो। यो धाँधलीमा प्रधानमन्त्रीका प्रेस सल्लाहकार जयप्रकाश आनन्द, सांसद हरीप्रसाद राय र रामकुमार चौधरीलाई समेत मुछेर नेविसंघले विरोध संघर्ष चलाएको थियो।

स्थानीय बालमन्दीर राजविराज, ग्रामीण विकास शिशु-स्याहार केन्द्र पर्साही र विरौल समेत तीनवटा संस्थामा कार्यरत ११ जना स्थायी तथा अस्थायी शिक्षक, शिक्षिका तथा कर्मचारीहरूलाई १८ महिनादेखि काम गरेको तलब र ४ वर्षदेखिको कर्मचारी संचयकोष भुक्तानी नदिइएको हुँदा भदौ २४ गतेको निर्णय अनुसार हड्ताल र अनसन गर्दै ०५० असोज ६ गते जिल्ला प्रशासन कार्यालय पुगे र त्यहीं अनशन बसे। सम्बन्धित निकायले तत्काल तलब भुक्तानीका लागि १ लाख २५ हजार रूपैयाँ निकासा गरेकोले असोज १२ गते रातीदेखि विरोध कार्यक्रम स्थगित गरिएको थियो। काम गरेको तलब लिन हड्ताल गर्नु पर्ने र हड्ताल गरे जागिर जाने अवस्था रहुन्जेल मानवअधिकारको प्रत्याभूति कसरी होला ? भन्ने प्रश्न ती संस्थामा हालै गरिएको दरवन्दी खारेज र शिक्षक तथा कर्मचारी निष्काशनले उब्जाएको छ। तर पनि अवकाश प्राप्त शिक्षक तथा कर्मचारीले बाँकी तलब र संचयकोषको रकम नदिएसम्म अवकाश पत्र नबुझ्ने दृढता व्यक्त गरेका छन्।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ यस वर्ष धार्मिक सम्प्रदायबीच कुनै अप्रिय घटना घटेन।

२.३ राजनैतिक स्वतन्त्रता

• ०५० साउन २० गते संयुक्त संघर्ष समितिको आव्हानमा भएको नेपालबन्द कार्यक्रम राजविराजमा दिउँसो ४.०० बजेसम्म शान्तिपूर्ण रूपमा बन्द रहेको थियो। करीब ४.३० बजेतिर हटिया बजारमा एउटा पान पसल खुला रहेकोमा त्यसलाई बन्द गराउन खोज्दा नेपाली कांग्रेस र एमाले कार्यकर्ताबीच भडप हुन गयो। जसमा हर्दिया-५ बस्ने तेजप्रसाद तिमिल्सिना, राजविराज-१० बस्ने बलराम यादव, पिप्रा पश्चिमका उपाध्यक्ष छत्रबहादुर दहाल र कुशेश्वर साह घाइते भए। यस घटनापछि नेपाली कांग्रेसको जुलुश सहित आएको २०।२५ जनाको जत्थाले करिब ५.३० बजेतिर सगरमाथा अंचल अस्पतालमा घाइतेहरूलाई रेखदेख गर्न बसेका विद्यार्थी जिवछ साह, नवराज मल्ल, नारायण यादव, पवन यादव, देवनारायण यादव र पत्रकार प्रभाकर देवकोटामाथि आक्रमण गरेको थियो। करीब ६.०० बजेतिर एमाले पार्टी कार्यालयबाट निस्किएको जुलुशले बजार परिक्रमा गर्न लाग्दा त्रिभुवनचौक नजिक अज्ञात व्यक्तिले हिर्काएको ढुंगा र भाटाको चोटबाट एमाले कार्यकर्ता किसन राय, बलराम यादव, छत्रबहादुर दहाल, तेजप्रसाद तिमिल्सिना, चौधरी, जग खत्वे लगायत थुप्रै मानिसहरू घाइते भएका थिए।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यहाँको न्यायिक क्षेत्रमा वाह्य आक्रमण भएको घटना पनि पाइयो। जस्तो कि अदालतमा बहस गरी फर्केका अधिवक्ता रेशमलाल मण्डललाई मलेठ निवासी कामेश्वर ठाकुरले न्यायालयकै आँगनमा छुरा प्रहार गरे र रेशमलाललाई उपचारार्थ अस्पताल लगियो।

अदालती तथ्याँक हेर्दा ०५० असार मसान्तसम्मको मुद्दा विवरण अनुसार जग्गा सम्बन्धी १०५२, अंशवण्डा ७६१, लुटपिट ७३२, लेनदेन ५६७, कुटपिट ४५१, किर्ते ४१० र अन्य गरी ६१६१ वटा मुद्दा चालु रहेका थिए। त्यस्तै जिल्ला प्रहरी कार्यालय सप्तरीको मुद्दा विवरण अनुसार यस जिल्लामा ०४९ पुस १६ गते देखि कार्तिक मसान्तसम्म हत्या ५, बलात्कार २, बहुविवाह ३ र सार्वजनिक अपराध ३८ वटा मुद्दा दर्ता भएको पाइयो भने जिल्ला प्रशासन कार्यालय सप्तरीको च.नं. १९६७ को पत्रानुसार सार्वजनिक अपराध मुद्दा ०४९ पुस मसान्त देखि ०५० पुस १६ सम्म जम्मा ३९ वटा परेको व्यहोरा जानकारीमा आएको छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

केही भूमिहीनहरू रहेका छन् तर यस सम्बन्धी कुनै विवरण प्राप्त भएन।

४. महिला अधिकार

भारत विहार प्रान्त जिल्ला मधुवनी ककहिया बस्ने फुलोदेवी मण्डल र रामलखन मण्डललाई राजविराज नगरपालिका-१ मा स्थित राजदेवी लजबाट जिल्ला प्रहरी कार्यालय सप्तरीले गर्भपतन गर्ने कार्य गरेको आरोपमा पक्राउ गरेको थियो। निजहरू राजविराजमा गर्भपतन गराउने उद्देश्यले करिब ८।१० दिन पहिला नै आएका थिए। फुलोदेवी मण्डलको पतिको मृत्यु भएको र निजको अवैध सम्बन्ध रामलखन मण्डलसंग हुने गरेकोमा सोही अवैध सम्बन्धबाट

गर्भ रहन गएको हो। जिल्ला प्रहरी कार्यालय, सप्तरीमा ०५० भदौ २५ गते प्रहरी सहायक निरीक्षक वोधराज कोइरालाले दिएको जाहेरी अनुसार निज फुलोदेवी मण्डल र रामलखन मण्डललाई गर्भ **पतन गराई सकिएको अवस्थामा राजदेवी** लजबाट ०५० भदौ ४ गते पक्राउ गरिएको थियो। गर्भपतन गराउन सक्रिय स्थानीय दुई जना अपरिचित व्यक्तिहरू फरार भएको कुरा उल्लेख रहेको छ। हाल फुलोदेवी मण्डल र रामलखन मण्डल कारागारमा थुनामा रहेका छन्।

४.१ महिला किनबेच र बलात्कार

यस वर्ष महिला किनबेचका घटना विवरणहरू प्राप्त भएनन्। बलात्कारका घटना भने घटेको पाइयो। रायपुरमा ०५० बैशाख १६ गते शंभुनाथको मेलाबाट फर्कदै गरेकी एक युवतीलाई राजविराज नगर बस्ने सन्तोष गुप्ता, हरिनारायण, चन्दन शाह, सूर्य साह र गजेन्द्र भगत लगायतका युवकहरूले सामुहिक बलात्कार गरे। स्थानीय दूरसंचार कार्यालयको पुरानो भवनमा एउटी बालिका बलात्कृत भइन्।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

जारी प्रथा छैन, बहुविवाहका छिटपुट घटनाहरू भएको चर्चा त सुन्नमा आयो तर उल्लेख्य विवरण भने प्राप्त भएन।

विष्णुपुर–८ बस्ने शीला महत्तोलाई दाइजो नल्याएको कारण पति सत्यनारायण महतोले कुटपिट गर्ने र ज्यादै दुःख दिने गरेकाले घर छाडी बाहिर डेरा गरी बसिन् र स्थानीय विद्यालयमा पढाउन थालिन्। चार छोरी र एक छोराकी आमा शीलालाई त्यहाँबाट पनि अपहरण गरी सत्यनारायणले घरमै थुनेर राखे। शीलाले आफ्नो सुरक्षाको निम्ति प्रहरी प्रशासनमा निवेदन दिइन् तर ती निकायबाट "लोग्ने स्वास्नीको झगडा" भनी कुनै कारवाही भएन। शिलाको माइत भारतको करजाइनमा पर्दछ।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्न

५.१ दासत्व विरूद्धको अधिकार

यहाँ दासको रूपमा रहेका मानिसहरू पाइएनन्।

५.२ अन्य अमानवीय व्यवहार

यहाँका बासिन्दामा पनि जातिभेदले मानिसलाई छूत र अछूतमा छुट्याएको छ। तराइबासी डोम, चमार, मेत्तर र मुसहरहरू अछूत अर्थात पानी नचल्ने मानिन्छन्। उनीहरूले कल र इनार छुन पाउँदैनन्। धार्मिक सम्प्रदायका रूपमा भने यिनीहरू हिन्दू मानिन्छन्। यिनीहरूलाई गाउँदेखि केही पर मात्रै बसोवास गर्न दिने प्रचलन छ।

यहाँ करिब २५।३० हजारको संख्यामा रहेका मुसहरहरू मैथिली बोल्ने गर्दछन्। उनीहरूको महत्वपूर्ण पर्व असार मसान्तमा गरिने भद्दिपूजा हो। ग्रामीण क्षेत्रमा समूहगत रूपमा ५०/६० घर एकै ठाउँमा बनाएर बसेका मुसहरहरू खासगरी पुराना जिमिन्दारहरूको कामत, मौजाहरूको वरिपरि एवम् ऐलानी पर्ति जग्गामा सुकुम्बासीको रूपमा रहेका छन्। **जीविकोपार्जन**का लागि मुख्य पेशा खेति, मजदूरी, माटो खन्ने, घर बनाउने काम गर्दछन्। आर्थिक अभावले दुई छाक खान धौ-धौ पर्ने यस जातका मानिसहरू जिउ ढाक्न कपडाको अभावले अधिकांशले धोति र लगौंटी मात्र लगाउने गर्दछन् र जाडोमा परालको आगो ताप्ने र परालको चटाई ओडी सुत्ने गर्दछन्। आर्थिक अभाव तथा चेतनाको कमिले गर्दा मुसहरहरू बिरामी पर्दा औषधि उपचार नगराई झारफुक गराउने गर्दछन्। जिल्लाभरीमा एउटा पनि मुसहरले एस.एल.सी. पास गरेको छैन र जातिगत हीनभावना र गरिबीले गर्दा कूल मुसहर बालबालिका मध्ये २ प्रतिशत पनि प्राथमिक स्कूल जाँदैनन्। त्यस्तै गरी डोमको संख्या पनि करिब ५/६ हजार जति रहेको अनुमान गरिन्छ। यिनीहरू प्रत्येक गाउँहरूमा ५/१० जनाको परिवार सहित २/३ घरको अनुपातमा बसोबास गरेको पाइन्छ। गाउँभित्र छुवाछूतको डरले डोमलाई बस्न दिइदैन र गाउँभन्दा पर हटेर ऐलानी पर्ति जमिनहरूमा बसोबास गर्दछन्। झण्डै पूरै डोम परिवार सुकुम्बासीका रूपमा छन्। सुंगुर पालन गर्ने, बाँसको ढाकी, भखारी आदि कलात्मक ढंगबाट बुन्ने पेशा गर्दछन्। यी अछूतहरूलाई मन्दीरमा पनि प्रवेश निषेध छ। यहाँको प्रख्यात मन्दीर छिन्नमस्ता भगवतीको दर्शन अहिलेसम्म गर्न नपाएको कुरा जगदेव राम बताउँछन्। गाउँका होटलमा चिया खाँदा बाहिरै खानु पर्ने र भाँडा आफै पखाल्नु पर्ने चलन पनि पाइयो।

६. आदिवासी अधिकार

केही थारू जातिका बासिन्दाहरू रहेको यस जिल्लामा आदिवासी भएकै कारणले भेदभाव गरिएका घटनाहरू पाइएन।

७. बालअधिकार

- बाल श्रमिकहरू निकै पाइए। विशेष गरी शहरका होटलहरूमा र गाउँले क्षेत्रमा काम गर्ने अछूत बालबालिकाहरू पठन पाठनको अवसरबाट वञ्चित रहेका छन्। बालिकाहरूको सामाजिक सुरक्षा नहुँदा उनीहरू बलात्कृत हुने र मारिने गरेका चर्चामा आयो।

अतिरिक्त जानकारी

यस वर्ष यहाँ अवैध ढंगले काठ काटेको देखेर त्यसो नगर्न अनुरोध गर्ने १ जना नागरिकलाई काठ काट्ने १८ जनाले नराम्रोसंग कुटपिट गरे। कुटपिट गर्नेमध्ये ३ जना मात्र पक्राउ परे।

सगरमाथा यातायात संघले विभिन्न पाँच सूत्रीय माग राखी ०५० असोज २३ गतेदेखि २५ गतेसम्म राजविराजबाट संचालन हुने यातायात बन्द गरी हड्ताल गरेको घटना पनि विशेष उल्लेख्य रहेको पाइयो। ❑



१. पूर्वाञ्चल

सगरमाथा

१.१२ सिराहा

जनसंख्या : ४६०७४६
साक्षरता : २८.७ प्रतिशत
महिला साक्षरता : १३.३ प्रतिशत
क्षेत्रफल : ११८८ वर्ग कि.मी.

यस जिल्लामा यस वर्ष राजनैतिक, प्रशासनिक, व्यक्तिगत रीस-इवी र अन्य विवादका कारण मानवअधिकार उल्लंघनका केही घटनाहरू घटेका छन्।

१ सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या र गोली

इनरूवा-९ का ४४ वर्षीय घोघन यादवलाई ०४९ माघ २९ गते अज्ञात व्यक्तिहरूले आँखामा छुरी हानी मारे। सो घटनाका बारेमा तेतरीदेवी यादव, रामविलाश यादव, सुरेन्द्र यादव, अमेन्द्र यादव, अशोककुमार यादव माथि ज्यान मुद्दा चलाइएकोमा अदालतको आदेशमा धरौटी लिई तारिखमा छोडिएको छ। यसमा अभियुक्तहरूले अन्य केही व्यक्तिहरूलाई पनि आरोप लगाएकोले उनीहरूलाई पनि गिरफ्तार गरी धरौटी लिई तारेखमा छोडिएको छ।

०५० साउन २४ गते इनरूवा-२ का ९ वर्षीय विनोदकुमार साहु (तेली) लाई सोही ठाउँ बस्ने उत्तमलाल साहकी पत्नीले बाख्राले बाली खाएको निहुँमा हिर्काएकोले सोही राती विनोदको मृत्यु भयो। उत्तमलालकी पत्नी फरार भएकोले उनका पतिलाई थुनामा राखी कारवाही चलाइएको छ।

यस वर्ष गोतारी-८ बस्ने पार्वतीदेवी सुँडीको ०५० भदौ १६ गते खेतको सीमाना विवादमा झगडा हुँदा हत्या भयो। मृतक पार्वतीका छोरा विलट कारक (सुँडी) लाई कुटपिट गरिरहेको अवस्थामा उनले छोरालाई प्रहार गरिएको फर्सा रोकन खोज्दा उनीमाथि आक्रमण भएकाले घटनास्थलमै मृत्यु भयो। सो घटनाका सिलसिलामा २२ जनामाथि मुद्दा चल्दैछ। जसमा काजीलाल वाइवा र भरोसी सदा लगायतका ७ जनालाई सिराहा जेलमा राखिएको छ।

०५० असोज ११ गते इनरूवा-९ का १५ वर्षीय शिबकुमार यादवलाई सोही ठाउँ बस्ने जीवछ यादव, बिन्दी यादव, रामचित साहु र ब्लराम यादव लगायतका व्यक्तिहरूले घरमै आई गोली हानी हत्या गरे। जीवछ यादव र मृतकका काका योगेन्द्र बीच माछा पोखरीका सम्बन्धमा विवाद रहेको र अभियुक्तहरूले जीवछलाई प्रहार गरेको गोली शिबकुमारलाई लागेको थियो। अभियुक्तहरूलाई घटनाको ७ दिन पछि काठमाडौंमा गिरफ्तार गरियो। ७ जना अभियुक्तहरूमाथि कर्तव्य ज्यान मुद्दा चलाई हाल धरौटीमा छोडिएको छ।

तरगेना गोविन्दपुर-४ को जंगलमा काठ चोरी गर्ने गिरोह र रोकथाम गर्नेहरूमा प्रतिरोध हुँदा सोही गाविस-८ का हरीप्रसाद यादवको हत्या भयो। सो घटनामा ०५० असोज २९ राति १०-११ बजेतिर दुबै पक्षबीच ढुंगा हानाहान हुँदा घटनाको भोलिपल्ट हरीप्रसादको मृत्यु भएको थियो। मृतक काठ चोरी गर्ने पक्षका भएको र सामान्य घाइते भएकाले चोरी समूहका व्यक्तिहरूले नै निजले पक्राउ परेपछि घटनाको पोल खोलीदेला भनी मारेको पनि बताइन्छ। यस मुद्दामा भारत मधुवनीका मोहम्मद हकिमलाई गिरफ्तार गरी जेलमा राखिएको र सो गाविसका अध्यक्ष विष्णु शाह लगायत २० जनामाथि ज्यान मुद्दा चलाइएको छ।

कुटपिट गरी ज्यान मारेको अभियोगमा विष्णुपुर-४ का बन्कर महरा चमार र उद्गार महरा चमारलाई ०५० असोजमा प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरूले सोही ठाउँकी १३ वर्षीया दुखनी महरा चमारलाई कुटपिट गरी मारेका थिए।

सोनमती-८ को राजदेव यादव (जे.टि.ए., दाङ्ग) ले आफ्नी पत्नी सुगावती देवीलाई दाइजो कम भएको निहुँमा विभिन्न यातना दिँदै आएको र ०५० कार्तिक २२ गते सख्त रूपमा कुटपिट गरी उपचारका लागि अस्पताल पुऱ्याए पछि उनको निधन भयो। सो घटनाका सम्बन्धमा मृतकको बयान, पोष्टमार्टम रिपोर्ट समेत गुपचुप राखिएको र पिडक पक्षका राजदेव यादवका पिता मानदेव यादवसंग नाजायज आर्थिक फाइदा लिई घटनालाई पन्छाइएको भन्ने पीडित

	घटना संख्या	
घटनाको प्रकृति	**१९९२**	**१९९३**
प्रहरीको गोलीले मृत्यु	१	-
हिरासतमा यातना	-	१
बलात्कृत	-	१
आत्महत्या	-	-

पक्षका व्यक्तिहरूको गुनासो छ। सो घटनाका सम्बन्धमा पक्राउ परेका मानदेवलाई रिहाइ गरिएकोले मृतकका पिता रामेश्वर यादवले पुनरावेदन अदालतमा जाहेरी गरेका छन्।

आसन्नपुर-३ का बद्री महतो कोइरीले ०५० भदौ ३ गते दोस्रो विवाह गरी ल्याएकी ८ महिनाकी गर्भवती पत्नी दानादेवीलाई बाँसको भाटाले घाँटी च्यापी हत्या गरी स्थानीय नदीको छेउमा कुलोमा गाडेकोमा ११ दिन पछि प्रहरीले मृतकको लाश फेला पारे। सो घटनामा बद्री महतो लगायत उनका परिवारका अन्य सदस्यहरू समेतको संलग्नता रहेकोले ५ जना व्यक्ति फरार रहेका थिए। ०५० मंसीर १२ गते बद्रीले प्रहरी कार्यालयमा आफै उपस्थित भई सो हत्यामा रामआशिष महतो (बद्रीको भिनाजु, बछौवा मा.वि.का शिक्षक), निजकै आमा शरणदेवी, मामाकी छोरी कारी महतो, दिल्फा महतो भएको बताएका छन्।

०५० असोज ८ गते संयुक्त जनमोर्चा र नेपाली कांग्रेसका कार्यकर्ताहरू बीच भीडन्त हुँदा कल्याणपुरमा एक महिलाको निधन भयो। सो घटनामा १२-१३ जना व्यक्तिहरू गिरफ्तार गरिएकोमा उनीहरूले प्रहरीद्वारा गरिएको दूर्व्यवहारका विरूद्ध निक्कै विद्रोह गरेका थिए। विष्णुपुर-४ का बंकरमहरा चमारलाई सोही ठाउँ बस्ने १३ वर्षीय दुखनी महरा चमारलाई कुटपिट गरी मारेको अभियोगमा पक्राउ गरिएको छ।

१.२ जेल

यस जिल्लामा ७५ जना बन्दी राख्न सक्ने क्षमता भएको जेलमा १४८ जना बन्दी राखिएको छ। जसमध्ये १४४ पुरूष, २ महिला र २ बालबालिका छन्। ८३ आरोपित र ६५ दोष प्रमाणित बन्दी रहेको यस जेलमा यस वर्ष ७७ जना बन्दी थप गरिए। यो वर्ष ५९ कैदी छुटे। यहाँको जेल ज्यादै कष्टकर भएको बुझिएको छ।

१.३ गिरफ्तारी र यातना

यस जिल्लामा प्रहरी प्रशासनबाट पनि पटक पटक अनावश्यक गिरफ्तारी र यातना दिइने घटनाहरू घटेको पाइन्छ। इनरूवा-३ का देवनारायण यादवलाई बिनापूर्जी पक्राउ गरी ५ दिन थुनामा राखियो। यस जिल्लामा घटेका अन्य विभिन्न मुद्दाहरूमा पनि अनाहकमा निर्दोष व्यक्तिहरूलाई गिरफ्तार गरी यातना दिइएको पाइयो।

नेपाल सद्भावना पार्टीले ०५० पुस २१ गते जिल्लाका विभिन्न १० स्थानमा भोक हडताल गरेको थियो। सो घटनामा प्रहरीले २५० जनालाई गिरफ्तार गरेकोमा ११ जना बाहेक अन्य सबैलाई तत्काले छोडेको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

यस जिल्लामा मौलिक अधिकारका विभिन्न सवालमा मानवअधिकार उल्लंघनका घटनाहरू घटेका छन्। उल्लेख भएका घटनाहरूमा पनि उक्त कुरा महसुस गर्न सकिन्छ। ०५० असोज २२ गते जिल्ला विकास समितिका उपसभापति इन्द्रजित शाहले जिल्ला समितिको बैठकमा आफ्नो असहमती प्रति छुट्टै टिप्पणी गरेको तर

सद्भावना पार्टीको अनशनमा प्रहरी दमन

जिल्ला सभापति चन्द्रनारायण यादवले सो मेटेर नबुझिने पारी दिएकाले उपसभापतिले आफ्नो मौलिक अधिकार हनन भएको उल्लेख गर्नुभएको छ। त्यस्तै ०५० साउन २१ गते भएको रेडक्रस चुनावको विवादका कारण स्थानीय स्कूलका पियन गोहीवार यादवलाई अवकाश दिइयो।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक सहिष्णुता रहेको छ।

२.३ राजनैतिक स्वतन्त्रता

यस वर्ष यस जिल्लामा राजनैतिक रूपमा कुनै चुनाव भएन। तर नेपाल रेडक्रस सोसाइटी सिराहा ठेंगही उपशाखाको ०५० साउन २१ गते भएको निर्वाचनमा निक्कै विवाद र गोली समेत हानाहान भई ७ जना घाइते भए। सो निर्वाचन स्थगित गरी पुनः निर्वाचन गरियो। त्यस घटनामा पण्डित यादव सख्त घाइते बनाइए। अन्य घाइतेहरूमा रामनाथ यादव र बृजमोहन कामतीलाई पनि गोलीको छर्रा लाग्यो। त्यस घटनामा राजेन्द्र गोहियार लगायत ९ जनाका विरूद्ध मुद्दा दर्ता भएकोमा सबैलाई धरौटीमा छोडिएको छ।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्लाको राजनैतिक र अन्य सामाजिक संरचनाको कारण यहाँ सुगम र निष्पक्ष न्यायिक अधिकारमा ढिलाई हुने, राजनैतिक दबाव आउने र पक्षपात हुने तथा निर्दोष व्यक्तिहरू पनि फसाइने हुनाले सो अधिकार सुलभ रूपमा उपलब्ध नभएको प्रष्ट छ भनी जिल्लाबासीहरू बताउँछन्।

यस वर्ष यस जिल्लामा खुन, डाँका, ज्यान मार्ने उद्योग, गर्भपतन, आत्महत्या, विष सेवन, गोवध, करणी, जालसाजी, चोरी, सार्वजनिक अपराध, हातहतियार, बैंक ठगी, बहुविवाह, सवारी ज्यान आदि घटनाका १२३ वटा मुद्दा जिल्ला प्रहरी कार्यालयमा दर्ता भएकोमा ८२ अदालतमा पेश भए। १४५ अपराधी गिरफ्तार भए भने २५६ फरार भएको पनि जिल्ला प्रहरी कार्यालयले उल्लेख गरेको छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा भूमिहीन तथा सुकुम्बासी समस्या तराईका अन्य जिल्लामा जस्तै विद्यमान रहेको छ। यहाँ अछूत भनिने

जातिहरू, अशिक्षित र गरीबीले पीडितहरू त्यो समस्याले पिरोलिएका छन्। यहाँ मोहियानीको समस्या पनि रहेको छ।

४. महिला अधिकार

०५० जेठ ३ गते लाहान नगरपालिकाकी इन्दिरा चौधरीलाई चरित्रहीनको आरोपमा जुत्ताको माला लगाई बाजा बजाएर शहर घुमाई बद्नाम गरियो। सो घटनामा पडरिया गाविसका बासिन्दाहरू सामेल थिए।

विद्यानगर-४ की विधवा अधिकीदेवीलाई पतिको मृत्युपछि घर परिवारमा विभिन्न यातना दिईंदै आएकोमा पीडितले अंशवण्डा मुद्दा दिई जितिसक्दा पनि उनले राहत नपाएको गुनासो गरेकी छिन्।

४.१ महिला किनबेच र बलात्कार

यस जिल्लामा महिला अधिकारको स्थिति पनि सवल छैन। दाइजोको प्रथाले यहाँ महिलाहरू धेरै पीडित छन्। दाइजोकै कारण यहाँ महिलाहरूमाथि विभिन्न यातना, कुटपिट र हत्याका घटनाहरू पनि भएका छन्। यस वर्ष यहाँ महिला किनबेचको घटना घटेको देखिएन।

त्यस्तै ०५० साउन १० गते मिर्चैया-६ को होटलमा जनकपुरबाट सिराहा जाने क्रममा खाना खाई आफ्नो पतिलाई कुरेर बसेकी एक महिलालाई मिर्चैया-९ का राजकुमार गौतम लगायतका ३-४ जना व्यक्तिले राती १०.११ बजे बलात्कार गरे। निज गौतम अहिले थुनामा रहेको र अन्य अभियुक्तहरू फरार छन्।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

जारी, देउकी र वादी समस्या यस जिल्ला देखिन्न।

बहुविवाहका केही घटनाहरू मध्ये ईटारी पर्साही-१ का गनुवा साहले ०५० बैशाख १५ गतेदेखि ४ सन्तानकी आमा आफ्नी पत्नी सुजानदेवी साहलाई बेवास्ता गरी सोही ठाउँकी एक महिलालाई भगाएर उदयपुर गुराँसेमा बस्दैछन्। सो विषयमा कुनै मुद्दा जाहेरी नपरेता पनि सुजानदेवीलाई अशिक्षित भएकाले केही व्यक्तिहरूले ऋण खाएको कागज गराई सो असूल्न उल्टै मुद्दा दिएका छन्।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

धनी र जमिन्दारहरूकहाँ वर्षौंदेखि काम गर्नेहरूले आ-आफ्ना छोराहरूलाई पनि त्यसै पेशामा लगाउने गर्दछन्।

५.२ अन्य अमानवीय व्यवहारहरू

यस जिल्लामा मानवअधिकार उल्लंघनका अन्य घटनाहरूमा राजनैतिक प्रतिशोधका कारण हुने कुटपिट, प्रशासनले अनाहकमा गर्ने गिरफ्तारी आदि रहेका छन्। तल्लो जातका अछूत भनिने जातिहरूमा गरिने भेदभावले पनि यहाँ मानवअधिकारको हनन भएको दर्शाउँछ।

यस जिल्लामा पनि अछूत भनिने डुम, मेहतर (हलखोर), चमार (सार्की), खतवे, तत्मा, मुशहर, दुशाध, बाँतर, धोबी, ढाँगर (झाँगर) आदि जातिहरूको बसोबास छ। यी जातिहरूमाथि ठूला भनिने जातिहरूले विभिन्न शोषण गर्दै आएका छन्। यी जातिहरू ९९ प्रतिशत भन्दा बढी निरक्षर छन्। यस जिल्लाका विभिन्न ७ गाविसहरूमा अछूतहरूको जनसंख्या ४ हजार ४ सय ५३ रहेको छ।

६. आदिवासी अधिकार

यस जिल्ला आदिवासी समस्या भएता पनि उनीहरूको उत्थानको लागि कुनै प्रयास भएको देखिन्न। आदिवासीहरू गरीब र अशिक्षित भएकाले उनीहरूको संस्कृति, व्यवहार र अधिकारमा धनी, शिक्षित र बाठा व्यक्तिहरूबाट विभिन्न शोषणहरू भएको छ।

७. बाल अधिकार

बालबालिकाहरूमाथि बालकै भएका कारण त्यस्ता उल्लेख्य अत्याचारका घटनाहरू घटेका छैनन्। तर यहाँ दाइजो प्रथाले गर्दा छोरी जन्मनासाथ बोझको रूपमा लिइने, उनीहरूलाई उपेक्षा गरिने र सानै उमेरमा विवाह गर्ने भएकाले उनीहरू शिक्षाको अवसरबाट बन्चित छन्। अन्य जिल्लागत रूपमा पनि धेरै बालबालिकाहरू घर काममा लगाइएका छन्।

अतिरिक्त जानकारी

उल्लेखित घटनाका अतिरिक्त यस जिल्लामा अन्य विभिन्न घटनाहरू घटेका छन्।

०४९ पुस २१ गते सिराहा जिल्लाको तुलसियाहीका प्रमोद यादवलाई प्रहरीले गिरफ्तार गऱ्यो। भारतको डाँका दलका नाइके आर.डी. चौधरीसंग यादवको सम्बन्ध भएको र नेपाल-भारत दुबैतर्फ वारेण्ट भएको बताइन्छ।

सिराहा-४ स्व. मसदीलाल कर्णको जग्गा कीर्ते गर्न नक्कली मसदीलाल कर्ण खडा गरी केही जाली-फटाहाहरूले ०४९ पुस २६ गते मालपोतबाट कीर्ते गरेका थिए। सो कीर्तेका प्रमुख अभियुक्तहरूमा जितेन्द्र महासेठ, विनोदकुमार महासेठ, सखिया सुडेनी, महालक्ष्मी कर्ण र मालपोतका लेखापाल प्रेमकुमार घिमिरेकी पत्नी उषा घिमिरे थिए।

०४९ फागुन २९ गते लाहान-३ मोहनदास तत्माका छोरा राम गणेशले सोही ठाउँकी लोहितिया तत्माकी विवाहित छोरीलाई विवाह गरी लगेको विवाद मिलाउन इलाका प्रहरी पुऱ्याएकोमा गाउँलेहरूको आक्रमणले केही प्रहरी जवानहरू घाइते भएका थिए भने थाना भवन क्षतिग्रस्त भएको थियो। सो घटनामा ७ जना व्यक्तिलाई गिरफ्तार गरी सोधपुछ पछि छोडियो।

२०४८ सालमा अधिराज्यभरी स्थायी शिक्षकहरूको छनौटको लागि लिइएको लिखित परीक्षाको परीक्षाफलको सिलसिलामा ०४९ वैशाख २१ देखि जेठ २१ सम्म यस जिल्लामा मौखिक परीक्षा लिइएको थियो। सो मौखिक परीक्षामा योग्य शिक्षकहरूलाई फेल गरिएको र सत्ता राजनीतिको दबावमा परिणाम प्रकाशित गरिएको भनी सो परीक्षामा सामेल हुनेहरूले जिल्ला शिक्षा कार्यालय सिराहा विरूद्ध ०५० असार ७ गते सर्वोच्चमा मुद्दा दिए। हाल मुद्दामा कारवाही चल्दैछ।

०५० असार ७ गते नेविसंघका केही व्यक्तिहरूले लाहान क्याम्पसमा आगो लगाउँदा क्याम्पसका लेखा सम्बन्धी कागजातहरू जलेका थिए। क्याम्पसमा ८ वर्षदेखि हिसाब मिलान भएको थिएन। ❑



१. पूर्वाञ्चल

सगरमाथा

१.१३ उदयपुर

जनसंख्या : २२१२५६
साक्षरता : ३८.० प्रतिशत
महिला साक्षरता : २१.४ प्रतिशत
क्षेत्रफल : २०६३ वर्ग कि.मी.

सगरमाथा अंचलको उदयपुर जिल्लामा मानवअधिकार उल्लंघनका विभिन्न घटनाहरू घट्ने गरेको पाइन्छ। राजनैतिक प्रतिशोध, आपसी रीस-इबी, मादक पदार्थ सेवन, कुलो-पंधेरोका निहुँमा भएका घटनाहरूबाट मानवअधिकारको हनन भएको देखिन्छ।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

जिल्ला वन कार्यालयका बन सुरक्षा गार्डहरूले जंगलमा गस्ती गर्न गएको समयमा स्थानीय नागरिकहरू पनि दाउरा काट्न गएको र विवाद उत्पन्न हुँदा ०४९ माघ १२ का दिन वन सुरक्षा गार्डले ६ राउण्ड गोली चलाए। सो गोली काण्डमा कोही हताहत नभएको तर वन सुरक्षा गार्डको बन्दुक खोस्न गाउँलेहरू आएकोले हवाई फायर गरिएको कुरा जिल्ला वन अधिकृतले बताए। उक्त घटनाको भोलिपल्ट महिलाहरूले एक विरोध जुलुस निकालेका थिए।

तपेश्वरी-१ की ४० वर्षीया बाबी दाहाललाई घर झगडाको कारण ०५० जेठ १८ गते उनकै पति नारायण दाहाल र सासु मधुमायाले कुटपिट गरी बीष सेवन गराई हत्या गरे। अभियुक्तहरूलाई कारवाहीका लागि धुनामा राखिएको थियो। तर अदालतले मृतकको पतिको कसुर नदेखिएकोले सासुको मात्र दोष ठहऱ्याई १० वर्षको कैद तोकेको छ।

रामपुर ठोक्सिला-९ का गोविन्द खड्का र इन्द्रबहादुर राईलाई सोही ठाउँ बस्ने मानबहादुर श्रेष्ठलाई ०५० साउन ७ गते मारेको अभियोगमा प्रहरीले पक्राउ गऱ्यो। पीडित र पिडकहरूबीच कुलोको पानीको विषयमा पहिलेदेखि विवाद थियो। सो घटनाको दिन उनीहरू मादक पदार्थ सेवन गरी खेतमा गएका थिए। मारेपछि उनीहरूले मृतकलाई निजकै खेतमा फालेका थिए।

गाईघाट-३ मुसहर टोलका विन्दी भन्ने विनोद सदा मुसहरलाई जिल्ला प्रहरी कार्यालय उदयपुरले ज्यानसम्बन्धी अपराधको अभियोगमा ०५० असोज १ गते पक्राउ गरेको छ। निजले सोही ठाउँकी २१ वर्षीया लालवती सदा मुसहरलाई कुटपिट गरी मारेको थियो। लालवतीले अवैध गर्भ बोकेको रीसमा उनका आफन्त पर्ने विनोदले हिर्काएको थियो।

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	-
बलात्कृत	२	२
आत्महत्या	-	-

१.२ जेल

जिल्लाको सदरमुकाम नजिकै बोक्सेमा ५० जना बन्दी राख्न सकिने एक नाजुक भौतिक स्वरूप भएको जेल छ। १०६ जना बन्दी रहेको यस जेलमा महिला बन्दीहरूको लागि छुट्टै व्यवस्था छैन। ०४८ सालमा हुरीले उडाएको बुर्जा अझै मर्मत गरिएको छैन। औषधि उपचारको लागि वार्षिक रू. ३८ हजार खर्च गर्ने रेकर्ड जेलमा रहेता पनि बन्दीहरूले सामान्य औषधि पनि आफैं किन्नु पर्छ। जेलभित्र जुवा, तास खेलिन्छ। धुम्रपानको पसल छ। हाल यहाँ ९३ पुरूष, ८ महिला, ४ नाबालक र १ नाबालिका छन्। यो वर्ष ८१ पुरूष र ११ महिला धुनामा परे भने ८९ पुरूष, ३ महिला र १ बालक छुटे। यहाँ रहेका बन्दीहरूमा ६१ वन, ७ सार्वजनिक अपराध, ६ ज्यान, ५ ज्यान मार्ने उद्योग, १ जीउ मास्ने बेच्ने, ४ लागु औषध, २ चोरी जस्ता मुद्दाहरू प्रमुख छन्।

१.३ गिरफ्तारी र यातना

ठोक्सिला रामपुरमा ०५० जेठ २ गते सप्तरी कंचनपुरका कृष्णकुमार र ठोक्सिला-१ का सीताराम थापा बीच व्यापारिक लेनदेनमा विवाद परी झगडा हुँदा सोही ठाउँका प्रकाशचन्द्र सापकोटालाई र अन्य व्यक्तिलाई ४ देखि २१ दिनसम्म प्रहरी हिरासतमा राखी सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलाइयो।

ताम्लिछा गाविसका उपाध्यक्ष धनपति भट्टराईलाई सोही ठाउँका खम्बसेर राई लगायतका केही व्यक्तिहरूले ०५० जेठ २१ मा गाविस बैठकमा कुटपिट गरे। सो घटनाको शुरूमा प्रशासनले जाहेरी लिनु सट्टा हप्काएर पठाएको थियो। तर सांसद विष्णुबहादुर राउतको दबावमा पुनः मुद्दा दायर गरियो।

ठोक्सिला-९ का मानबहादुर श्रेष्ठको ०५० असार ७ गते उनकै खेतमा लाश फेला पऱ्यो। उनी खेतमा पानी लगाउन गएका थिए। यस घटनाका सम्बन्धमा सोही ठाउँका इमानसिंह खड्का, गोविन्द खड्का र इन्द्रबहादुर राईलाई ०५० साउन २४ गते पक्राउ गरी प्रहरी हिरासतमा लिइयो। तर अदालतको आदेश अनुसार उनीहरूलाई ०५० कार्तिक १६ गते बिनाशर्त रिहाई गरियो।

बसाहा-७ स्थित आदर्श मा.वि. कक्षा ५ का विद्यार्थी १३ वर्षीय नारदमुनीलाई ०५० कार्तिकमा विद्यालयबाट घर फर्कदै गर्दा पक्राउ गरी जिल्ला अदालतमा प्रहरीले पेश गऱ्यो। अदालतले उनलाई ४५ दिन थुनामा राख्ने फैसला सुनाएपछि ०५० पुस ७ गतेदेखि उनले जेल सजाय भुक्तान गरे। निजलाई गाउँले दाजु पर्नेले खसी धपाउन लगाएको तर सो खसी चोरी भएका कारण पक्राउ गरिएको थियो। उनले रू. १ हजार ५ सय जरिवाना तिर्न नसक्दा ४५ दिन जेलको यातना भोग्नु पऱ्यो।

२ मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

यस जिल्लाबाट प्रकाशित त्रियुगा अर्धसाप्ताहिक पत्रिकामा ०५० जेठ १८ गते गाईघाट-४ बस्ने श्याम मल्ल र उनकी पत्नी विन्दा थापाद्वारा भारतमा चेलीबेटी बेच्ने काममा सहयोग पुऱ्याएको भन्ने समाचार प्रकाशित भयो। सो समाचारलाई लिएर सो पत्रिकाका सम्पादक/प्रकाशक बद्री काफ्लेलाई ज्यान मार्ने धम्की दिनुका साथै चप्पल प्रहार गर्न खोजियो। सो घटनाका सम्बन्धमा पत्रकार काफ्ले उदयपुरमा चेलीबेटी बेच्ने गिरोह नै भएको र यदि पत्रिकामा नाम उल्लेख भएका व्यक्ति निर्दोष भए खण्डन गर्न अदालतमा जानु पर्ने बताउनु हुन्छ। त्यस्तै श्याम मल्लले आफू त्यस पेशामा नलागेका र झूठो आरोपमा पत्नीले चप्पल उठाएको तर आफूले सम्झाएको बताउँछन्।

उल्लेखित घटनाका अतिरिक्त यस जिल्लामा मौलिक अधिकार हननका अन्य घटनाहरूले पनि अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकारको हनन् भएको पुष्टि गरेको छ। भुमरसुवाको मेलामा भएको गुण्डागर्दी र जिल्लामा शिक्षक संगठनमा लाग्ने शिक्षकहरूमाथि भएको पक्षपातपूर्ण व्यवहार यसको उदाहरण हो भनिन्छ।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक सद्भाव कायम छ।

२.३ राजनैतिक स्वतन्त्रता

विशेष गरेर सत्तापक्षबाट अन्य पक्षहरूमाथि बेलाबखत विभिन्न बाधा अड्चन लगाउने जस्ता कार्य भएको कुरा अन्य सन्दर्भले पुष्टी गरेको छ।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस सन्दर्भमा यस जिल्लामा केही कमी कमजोरीहरू देखिएका छन्। राजनैतिक दबावका कारण पीडित पक्षको सुनुवाइ नहुने, अर्धन्यायिक निकायहरूले न्यायिक इकाईमा जाहेरी पुग्नै नदिने, न्याय प्राप्ती ढिलाई र महंगो हुने, नाबालकलाई समेत अनाहकमा थुनामा राखिएका घटनाले सुगम र निष्पक्ष न्यायिक अधिकारको स्थिति नरहेको मान्न सकिन्छ।

त्यस्तै ०४९ बैशाख २० गते प्रधानमन्त्रीलाई कालो झण्डा देखाएको अभियोगमा सार्वजनिक मुद्दा चलाइएका लीलाप्रसाद निरौला, विजेन्द्रकुमार लाल कर्ण, सुभाष राउत, विमल रेग्मी, शैलेन्द्र खतिवडालाई अब आइन्दा त्यस्तो कार्य नगर्ने भनी कागज गराई छोड्ने जिल्ला प्रशासन कार्यालयले फैसला गरेको छ। तर सो कागज नगर्दा उनीहरू अहिलेसम्म थुनामै छन्।

उदयपुर सिमेन्ट कारखानाका गार्ड भीमबहादुर थापालाई ०५० मंसीर ३ गते चोरीको अभियोगमा वर्बरतापूर्ण यातना दिई इन्स्पेक्टर यादवप्रसाद शर्माले बयान लिए। ०५० कार्तिक २२ गते निज थापाले प्रहरी नायब उपरिक्षक यादवप्रसाद शर्माका विरूद्ध अदालतमा मुद्दा दायर गरेका छन्। पिडक पक्ष त्यहाँबाट सरूवा भएको र निजलाई बचाउन आर्थिक लाभ लिएर मिलापत्र गराउने प्रयास भएको पीडित पक्षको गुनासो छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा यो समस्या चर्को रूपमा छ। तर कति सुकुम्बासी छन्, त्यो यकीन छैन। सुकुम्बासी समस्या राजनैतिक दलहरूको लागि "चुनाव जित्ने सजिलो माध्यम" भएको छ। चुनावको समयमा सुकुम्बासी समस्या समाधानका ठूला-ठूला कुरा हुने तर चुनावपछि वास्तै नगरिने प्रवृत्तिले यो समस्या बढ्दै छ। ०४७ सालमा बन विभागले वन अतिक्रमण गर्न १ हजार ४ सय घरहरू भत्काई उठिबास गराएको थियो तर विकल्पको व्यवस्था गरेन। बोक्से डांडामा रहेको ५० बिघा जमिनमा बस्नेत परिवारको र सुकुम्बासीहरू बीचको विवादको मुद्दा पुनरावेदन अदालत राजविराजमा चल्दैछ। सो जग्गामा प्रशासनबाट ०४९ फागुन १५ र १८ गते सुकुम्बासीका छाप्राहरू हटाइए। सुकुम्बासीहरूले पुनः छाप्रा ठड्याए। जिल्ला विकास समितिले कांग्रेसका नेताहरूको सहयोगमा ०५० असार ७ गते पुनः बाली काट्ने काम गरायो। त्यस्को भोलिपल्ट सुकुम्बासीहरूले सदरमुकाममा विरोध जुलुश प्रदर्शन गरे। सोही घटनामा अमृत मगर र दिलबहादुर सार्कीलाई सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलाइएको छ। सो जग्गामा १७० परिवार सुकुम्बासीहरूको बसोबास छ।

त्यस्तै मादिवास झोडाको समस्या पनि त्यत्तिकै जटिल छ। यहाँका १९ परिवार सुकुम्बासीका घर भत्काइयो र केहीलाई पक्राउ गरियो। सुकुम्बासी आयोगले ०५० कार्तिक ५ गते केही व्यक्तिलाई जग्गा धनी प्रमाण पत्र वितरण गऱ्यो तर सो वितरणले जिविकोपार्जन हुन सक्तैन। अहिले यस जिल्लामा सुकुम्बासी समस्या समाधान आयोग कार्यरत छ। यस वर्षको असार र

साउन महिनामा जिल्लाका १२ हजार भन्दा बढी व्यक्तिहरूले त्यस आयोगमा आवेदन पेश गरेका छन्। तर सो मध्ये के कति सुकुम्बासी सक्कली छन्, सो भने छुट्याउन गाह्रो छ।

त्यसरी नै हडिया-५ मुसहरनियामा विगत १२-१५ वर्षदेखि २५० घरहरू बसोबास गर्दै आएकोमा गत वर्ष सयौं घरहरू हात्ती लगाएर भत्काइयो। ठोक्सिलामा पनि करिब ४०० परिवार सुकुम्बासीहरू छन्। रिस्कु, बेल्टार, बसाहा, हँडिया, गाईघाट र देउरीमा सुकुम्बासीहरूको ठूलो संख्या छ।

यसरी यस जिल्लामा २०२१ साल भन्दा पहिलेदेखि खन-जोत, भोग-चलन र बसोबास गर्दै आएका नागरिकहरू पनि अहिले जग्गाविहीन बनेर सरकारी दमन र आतंकको शिकार बन्ने र चुनावी नाराका रूपमा प्रयोग गरिने काम भइरहेको छ।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

यस जिल्लामा महिला अधिकार विरूद्धका धेरै घटनाहरू भएका पाइएका छन्। महिलाहरूमाथि पक्षपात गरिने, उनीहरूलाई कमजोर ठानिने तथा किनबेच र बलात्कारका घटनाहरू भएका छन्।

उदयपुर तपेश्वरी-१, भागलपुर बस्ने २४ वर्षीय वीरेन्द्र तामाङ र उदयपुर साउने बस्ने तिलकबहादुर राईलाई ०४९ माघ २२ गते जिल्ला प्रहरी कार्यालयले जिउ मास्ने बेच्ने अपराध अन्तरगत पक्राउ गरी हाल धरौटी लिई तारिखमा छोडेको छ। उनीहरूले राजकुमारी राई, पद्मकुमारी राई र सावित्रा राईलाई काठमाडौं ल्याई गलैंचामा काम लगाउने उद्देश्यले केटीहरूकै अनुरोधमा काठमाडौं ल्याइ दिएका थिए। विरेन्द्र तामाङ स्थानीय शिक्षक हुन्। प्रहरी कार्यालयमा उनले युवतीहरूलाई ल्याईदिएपछि युवतीहरूले आफूखुसी गएको बयान दिएका छन्। उनलाई राजनैतिक पूर्वाग्रहको कारण सो उजुरी गरी फसाइएको कुरा उनले र केटीहरूले पनि बताएका छन्।

बसाहा-७ का चन्द्रबहादुर ढकालकी छोरी ०४८ को दशैं मानेर १४ वर्षकै उमेरमा काठमाडौं आई शंखमूलमा केदार तामाङकी पत्नी लक्ष्मी तामाङको गलैंचा कारखानामा काम गर्न थालिन्। ३ वर्षपछि उनले घर फर्कन लाग्दा लक्ष्मीले बिहेको बहानामा एक केटालाई जिम्मा लगाई दिइन्। त्यसपछि २ दिन हेटौंडामा बसेर सो केटाले कलकत्ता घुम्न जाने बहानामा उनलाई त्यहाँको वेश्यालयमा बेचेर भाग्न सफल भयो। सो घटनापछि उनी अखिल भारतीय नेपाली प्रवासी संघका कर्यकर्तासंगको सम्पर्कमा आई भारतीय वेश्यालयबाट ०५० मदौ २८ गते नेपाल फर्कन सफल भइन्। सो मुद्दा काठमाडौंमा चल्दै रहेको प्रहरीबाट जानकारी गराइएको छ। पिडक लक्ष्मी तामाङको घर सर्लाही मै शंखमूल काठमाडौंमा गलैंचा कारखाना चलाई रहेकी छिन्। उनले त्यसरी नै अन्य केटीहरू पनि बिक्री गर्ने गरेको आशंका गरिन्छ।

०५० बैशाख १३ गते गाईघाट बोक्से बस्ने सुश्री मिना तामाङको विहे उत्तर बंगाल मेडिकल कलेज रोड सुसर्ता नगर बस्ने मनबहादुर राईसंग र भारतमै घर हुने टिका शर्मासंग सोही ठाउँका नन्दराज पोखेलकी छोरीको विवाह एकै दिन एकै लगनमा गऱ्यो। सो समयमा ८ जना युवकहरू भारतबाट नेपाल आएका थिए। उक्त कथित विवाह नाटक भएको शंका गरी स्थानीय सुशीला भट्टराईको जाहेरीमा मनबहादुर राई र विवाहका सूत्रधार महाप्रसाद आचार्यलाई पक्राउ गरी थुनामा राखिएको छ। टिका शर्मा भने नन्दराज पोखेलकी छोरी लिएर बेपत्ता भएको र अन्य ६ जना केटा पनि बेपत्ता नै छन्। सो घटनाका सम्बन्धमा अभियुक्त बनाइएकाहरू आफूलाई फसाइएको बताउँछन् भने मिना तामाङ पनि अहिले आएर आफूलाई बेच्न लागेको भन्ने शंका नभएको बताउँछिन्।

यस जिल्लाको सदरमुकाममा प्रत्येक बुधवार लाग्ने बजार गरेर घर फर्कंदै गरेका खाँबुकी एक युवतीमाथि ०५० कार्तिक २५ गते गाईघाटकै रमेश कार्की, हुमबहादुर भुजेल, सेकपा चौधरी, दुर्गाबहादुर भुजेल र अर्को एक व्यक्ति समेत मिलेर सामूहिक बलात्कार गरे। पीडितको जाहेरीपछि रमेश कार्की र हुमबहादुर पक्राउ परे भने अन्य हालसम्म फरार छन्।

त्यस्तै मुकुर्ची-७ की २४ वर्षीया एक युवतीलाई ०५० असोज २४ गते त्रियुगा ट्राभल्सका ड्राइभर टंकबहादुर राई, खलासी सोमबहादुर राई र टिकट बुकिंग गर्ने राजकुमार श्रेष्ठले भुक्याएर बसमा चढाई चुरेको जंगलमा पुऱ्याई सामूहिक बलात्कार गरे। टंकबहादुर र सोमबहादुर पक्राउ परी कारवाहीका लागि थुनामा छन् भने राजकुमार बेपत्ता छ।

राजविराज-८ का दूरसञ्चार संस्थानका अपरेटर रामजी सिंह र गाईघाट-१ की देवी श्रेष्ठलाई ०५० बैशाख २६ गते उदयपुर बोक्से स्थित दूरसंचारकै अफिसमा करणीरत अवस्थामा पक्राउ गरियो। गाईघाट-१ का सुशीला भट्टराईले प्रहरीमा खबर गरेपछि उनीहरू पक्राउ परेका थिए। अभियुक्त रामजी सिंहलाई कारवाहीका लागि पक्राउ गरी थुनामा राखिएको थियो। चर्चामा आए अनुसार उनीहरूबीच अवैध सारीरिक सम्बन्ध थियो तर सो दिन अरूले थाहा पाएकाले पीडितले आफ्नो पक्षमा जनमत ल्याउन बलात्कारको आरोप लगाएकी हो।

हडिया गाविस अन्तरगत मा.वि. ज्यामिरेका प्र.अ. धनुषा रघुनाथपुर-४ बस्ने देवमोहन लाल दास र निजकी पत्नी आशादेवी दास विरूद्ध त्यसै विद्यालयका पियन भगवानी चौधरीले आफ्नी १४ वर्षीया छोरी गोरी चौधरी बेपत्ता पारेको भनी जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएपछि निज फरार भएका थिए। ०५० असोज २८ गते उनी गिरफ्तार भए। अदालतले २० हजार धरौटीमा हाल छाडेको छ।

देवमोहन लाल दासको कोठामा ती पियन खाना बनाउने काम गर्थे। ०४९ पुस १३ गते लगिएकी देवमोहनकी पत्नी भारतको मजफरपुरको क्याम्पसमा अध्यापन गर्थिन्। ०४९ पुस १३ गते ती पियन आफ्ना व्यावहारिक कारणले खाना पकाउन जान सकेनन्। यसै सिलसिलामा आफ्नी १४ वर्षीया छोरीलाई खाना पकाउन पठाए। संयोगबस त्यस दिन उन्की भारतवासी पत्नी आशादेवी आएकी थिइन्। खाना बनाई सकेपछि आशादेवीले बालिकालाई फकाइन्, राम्रो कपडा किनिदिने, मासिक रू. २ सय दिने र पढाई समेत दिने भनेकोमा, गोरी फुर्किएर

उनीसंग मोलिपल्ट घरमा थाहा खबर नदिइ नै गइन्। पर्सिपल्ट पियनले मेरी छोरी खोइ मन्दा, मेरी पत्नीसंग गएकी छे, तिमी ढुक्क पर मने। यस्तैमा समय बित्दै जाँदा अचानक प्र.अ.ले तिम्री छोरी बिमारी परेकी छन् मन्ने खबर बताएपछि, अस्पतालैदै छोरी हेर्न जाने भए। त्यतिखेर सम्म पियन आफ्नी छोरी नेपालकै (धनुषा) घरमा होली भनेर ढुक्क थिए तर जब मारड पुगे तब मात्र उनलाई छोरी त मुजफरपुरमा पो गएकी मन्ने थाहा भयो। त्यहाँ (सिराहाको, मारड) पुग्दा भारततिरबाट आशादेवी पनि त्यहीं आइ पुगिन्, पियनले आफ्नी छोरी बारे सञ्चो विसञ्चो सोधनी गर्दा उनी मरिसकेको घोषणा गरिन्। यो सुनेर उनले त्यसो भए लाश त होला नि, त्यही हेर्न जान्छु भन्दा लाश सतगत गरी सकेको मन्ने उत्तर पाएपछि आफ्नी सुन्दरी छोरी पक्कै बेचेको हुनुपर्छ भन्ने अनुमान लगाई नेपाल फर्के। नेपाल फर्केर जाहेरी दिएपछि, देवमोहन लालदास फरार भए। भारत गएर मृत्युको प्रमाण पत्र, दबाई गरेको डाक्टरी प्रमाण-पत्र, मृतकको (मान्छे नचिन्ने) फोटो आदि प्रमाण जुटाई नेपाल आएपछि ०५० असार २८ गते पक्राउ परे पनि अदालतले हाल धरौटीमा सुनवाई गर्ने भन्ने फैसला गरेको छ।

४.२ जारी, बहुविवाह, देउकी, बादी आदि समेत

यस जिल्लामा जारी र बहुविवाह निक्कै भएता पनि सीमित घटनाहरू मात्र प्रकाशमा आउने गर्छन्। देउकी र वादी समस्या यहाँ छैन।

ताम्लिछा-४ का लिलाभक्त कार्कीले सोही ठाउँकी मन्जु राउतसंग ०५० असार २० गते दोस्रो विवाह गरे। ०५० साउन २० गते प्रहरीमा जाहेरी परेपछि मन्जुलाई पक्राउ गरिएको थियो। तत्काल बेपत्ता लिलाभक्तलाई पनि उनकै पत्नी मनुमायाको जाहेरीपछि गिरफ्तार गरी धरौटीमा छोडिएको छ।

यस्तै महिला सम्बन्धी अन्य घटनाहरू यहाँ प्रशस्त घट्ने गरेका छन्। गाईघाट-४ का ७० वर्षीय शेरबहादुर बस्नेतले ०५० मंसीर २२ गते २२ वर्षीय कान्छी बोहोरालाई विवाह गरे। शेरबहादुरका २ छोराछोरी छन्। केटी पक्षले शेरबहादुरको धनको कारण विवाह गरेको र ती वृद्धले आफ्नो स्याहारका लागि विवाह गरेको बताइन्छ।

त्यस्तै ठोक्सिला-१ सेतीखोला बस्ने १६ वर्षीया दुर्गाकुमारी थापालाई गत साल भ्याली गार्मेन्ट जोरपाटीमा काम गर्ने उनकै आफन्त ठोक्सिला-२ बौवाखत्रीका पहलशेर पाण्डेले अन्य ४ युवती सहित काठमाडौं ल्याए। अन्य ३ युवती भने घर फर्के तर दुर्गाकुमारी अफै फर्केकी छैनन्। उनी बेपत्ता पारिएको आशंका गरिन्छ। तर आफन्त-आफन्त बीचको यो विवाद प्रहरी कहाँ भने पुगिसकेको छैन।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यस जिल्लामा बाल श्रमिक र हली प्रथा केही मात्रामा छ।

५.२ अन्य अमानवीय व्यवहार

प्रत्येक वर्ष मंसीरको षष्टीदेखि एकादशीसम्म मुमरसुवा गाविसमा लाग्ने मेलामा यस वर्ष ०५० मंसीर १० गते केही उच्छृंखल व्यक्तिबाट व्यापक गुण्डागर्दी र आतंक फैलाइयो। जुवा, तास, रक्सी र तमासाको यस मेलामा त्यसै क्षेत्रका १०-१२ जना युवाहरूले लुटेर रक्सी खाएर व्यापारीलाई धम्काउने, पसलहरूमा आगो लगाउने गरेर बजार नै उठाई दिए। सो गाविसका वडा सदस्य विदुर राउतले सम्फाउने प्रयास गर्दा उनलाई गाईघाट-४ का वसन्त कार्कीले नेतृत्व गरेको सो खुकुरी दलले १५ मिनेटसम्म कुटपिट गरी बेहोस पारे। अन्ततः गाउँहरूले सो टोलीको नागेन चौधरीलाई लडाएपछि उनीहरू भागे। गाउँहरूले पनि वसन्त लगायतका व्यक्तिहरूलाई समातेर पिटे। घटनास्थलमा प्रहरी प्रशासनको कोही व्यक्ति थिएन। घटनाको सम्बन्धमा कतै कसैले जाहेरी गरेन। सो घटनाको अघिल्लो दिन पनि गुण्डागर्दी गर्ने जमातले एक मगर महिलामाथि बलात्कार गरेको चर्चामा आएको थियो तर घटनाको पुष्टि भने हुन सकेन।

५.३ शरणार्थी समस्या

यस जिल्लामा नै शरणार्थी समस्या नभए पनि तिब्बतबाट ओखलढुंगा हुँदै काठमाडौं आउने शरणार्थीहरूको लागि यो जिल्ला विश्रामस्थल बनेको छ। तिब्बतबाट भागेर पैदल आउने तिब्बतीहरू यहाँबाट लुकीछिपी बस चढी काठमाडौं आउने र अन्यत्र जाने गरेका छन्।

०५० असार १ गते अवैध रूपमा ओखलढुंगा हुँदै नेपाल प्रवेश गरेका तिब्बती शरणार्थीमाथि प्रहरीले गोली चलाउँदा १ जनाको घटनास्थलमै मृत्यु भएको थियो भने ५ जना गम्भीर घाइते भएका थिए।

अतिरिक्त जानकारी

जलजलेमा अवस्थित सिमेण्ट उद्योग कम्पनीका केही फिलिपिनी र जापानिज कर्मचारीहरूको क्याम्पमा १५।१६ वर्षका तरूनीहरूलाई कपडा धुने, कोठा बेड सफा गर्ने, जस्ता कामको लागि प्रतिव्यक्ति १ जनाको दरले नेपाली युवती राखिएको छ। प्रत्येक ६ महिनामा पुरानालाई खारेज गरी नयाँ भर्ना गरिन्छ र त्यो क्याम्पमा नेपाली कर्मचारी समेतलाई प्रवेश निषेध गरिएको छ। केही महिलाहरूलाई १।२ वर्ष सम्म पनि सेवामा राखिएको छ। शर्त अनुसार विहान ६ बजेबाट बेलुका ६ बजेसम्म काममा बस्नु पर्छ तर कतिपयले त्यहीं रात व्यतित गर्ने गरेको र त्यस्ता युवतीहरूले क्षणिक समयमा महंगा गरगहना लगाउने, भड्किलो पाश्चात्य सभ्यतामा प्रवेश गर्ने र इनामको नाममा प्राप्त प्रशस्त रूपैयाँ पैसा खर्च गर्ने गरेको पाइएबाट क्याम्प भित्र कलिला युवतीहरूसंग विदेशीहरूले अनुचित सम्बन्ध राख्ने गरेका छन् भन्ने जस्ता हल्लाले उदयपुर व्याप्त भएको छ। प्राणघातक रोग एड्सको बारेमा त्यहाँकी नर्ससंग बुझ्दा कर्पोरेशनमा काम गर्नेहरू कसैसंग एड्स नभएको बताइन्। तर डा. रेनुराज भण्डारीले जलजले बजारमा २ जनालाई एड्स छ भनेको बताइन्छ। ❑

१. पूर्वाञ्चल

सगरमाथा

१.१४ खोटाङ्ग

जनसंख्या : २१५९६५
साक्षरता : ३९.९ प्रतिशत
महिला साक्षरता : २३.३ प्रतिशत
क्षेत्रफल : १५९१ वर्ग कि.मी.

सगरमाथा अञ्चलका ६ जिल्ला मध्ये सुगम र दुर्गमको बीचमा रहेको खोटाङ्ग जिल्ला पहाडै पहाडले भरिएको जिल्ला हो। कृषि नै मूल पेशा भएको यो जिल्ला आर्थिक रूपले विपन्न अवस्थामा नै रहेको छ। बहुसंख्यक जनता गरिबी, अशिक्षा र अज्ञानतामा रहेका छन्। मोटर बाटो र विजुली वत्ती यो जिल्लामा पुगेको छैन। यो जिल्लामा घट्ने गरेका कतिपय घटनाहरू त्यतिधेरै प्रचारमा आएको नदेखिए पनि यहाँ मानवअधिकार हननका क्रियाकलाप र घटनाहरू भने भएका देखिन्छन्।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

खोटाङ्ग जिल्ला ज्यामिरे-५ बस्ने ईश्वरमान राईलाई सोही गाउँमा बस्ने सिंहबहादुर राई, चिम्रीमाया राई र जगतबहादुर मगरले ०५० भदौ २५ गते खुकुरी प्रहार गरी हत्या गरे। ओखलढुंगा जिल्लाको कुइभीरमा प्रत्येक शुक्रवार लाग्ने शिलौरी बजारबाट रक्सी सेवन गरी फर्किदा स्थानीय निर्वाचनका बेलादेखिको रीस-इबीका कारण सो घटना भएको थियो। अभियुक्तहरूलाई कारवाहीका लागि थुनामा राखिएको छ।

सुङ्देल-७ बस्ने दावा शेर्पालाई सोही ठाउँका लाक्पा शेर्पाले ०५० कार्तिक ६ गते चिरूवा दाउराले टाउकामा हानी घाइते बनाए। घाइते भएका दावाको भोलिपल्टै मृत्यु भयो। अघिल्लो दिन मृतक र अभियुक्तकी आमाका बीच सामान्य झगडा भएको थियो। आफ्नी आमालाई बेइज्जत गरेको ठानी अभियुक्तले मृतकलाई खाटमा बसिरहेको बेला दाउराले प्रहार गरेका थिए। अभियुक्तलाई गिरफ्तार गरी कारवाही चलाइएको छ।

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	१	-
बलात्कृत	-	-
प्रहरीको यातनाले मृत्यु	-	१
आत्महत्या		-

१.२ जेल

वि.सं. ०३३ सालमा निर्मित यहाँको जेलमा ३५ जनासम्म बन्दीहरू राख्ने क्षमता रहेको तर यो जेलमा आरोपित १३ जना र दोषप्रमाणित ३० जना गरी जम्मा ४३ जना बन्दीहरू राखिएका छन्। जसमा ३८ जना पुरूष र ५ जना महिला छन्। भौतिक सुविधा राम्रो नभएको दिक्तेल कारागारमा सरसफाई र बन्दीहरूको स्वास्थ्यमा पनि त्यति ध्यान दिइएको पाईंदैन। प्रहरीले बेलाबेलामा हप्काउने गरेको गुनासो बन्दीहरूको रहेको छ।

१.३ गिरफ्तारी र यातना

लिकुवा पोखरी-८ बस्ने बृषबहादुर खत्रीले ०५० बैशाख २० गते गाउँका केही युवाहरूलाई शहरको गलैंचा कारखानामा काममा लगाई दिने निहुँमा भारत लगेर बिक्री गरे। बृषबहादुरले वनारसको गडेरीयापुरका तेजु सिंह र साधु सिंह चौहानसंग मिली यो काम गरेको बताइन्छ। त्यसरी बिक्री गरिएकामा चीसापानीका सरोज कोइराला, लिकुवाका रामजी खत्री, मोहनकुमार राई, दिनेश महाराजी, मानबहादुर खत्री, कृष्ण बहादुर खत्री, रोशन खत्री, सवाकटहरेका सूर्य पोखे्ल आदि रहेका थिए। त्यसमध्ये ८ जना युवकहरूलाई वनारसका प्रमोदकुमार यादवको घरबाट ०५० कार्तिक ६ गते सरोज कोइरालाका बाबु शंकर कोइरालाले घर फर्काएर ल्याएका थिए। ती युवाहरूलाई ५/५ हजारमा बिक्री गरिएको र वनारसको ज्योतीगाव, गडेरियापुर स्थित साधुसिंह चौहानको गलैंचा कारखानामा काममा लगाइएको थियो। त्यो कारखानामा उनीहरूलाई कुटपिट गर्ने, खान नदिने गरेपछि आफूहरू भागेको कुरा पीडितहरू बताउँछन्। हाल बृषबहादुर

खोटाङ्ग जेलको एक दृश्य

फरार रहेका छन्।

डुम्रे धारापानी -६ बस्ने उमानाथ भट्टराईले ०५० जेठ १३ गते सोही गाउँकी पवित्रा भट्टराई आफ्नो बारीमा आएर घाँस काटी रहेको देखेपछि हप्काएर हँसिया फालिदिए। त्यसपछि पवित्राले उमानाथमाथि ढुंगामुढा गर्दै लखेटिन्। भोलिपल्ट उमानाथ प्रहरीकहाँ उजुर गर्न पुगे। उल्टै उमानाथले पवित्रामाथि हातपात गरेको आरोप प्रहरीले लगाई बेहोस हुने गरी पिट्यो र बिना लेनदेनको रू. २ हजार ५ सय को कागज गराएपछि मात्र उमानाथलाई छोडियो। प्रहरी यातनाका कारण अझै पनि करङ्ग दुखिरहेको कुरा उनी बताउँछन्।

वाप्लुखा-२ का राजकुमार राई र निमा शेर्पालाई बेवारिसे बन्दुक राखेको आरोपमा अ.स.ई. गोपाल कार्कीको नेतृत्वमा आएको ११ जना प्रहरीको टोलीले ०५० जेठ २९ गते स्थानीय अर्जुन खड्काको घरको थाममा चौबीस घण्टासम्म बाँधी कुटपिट समेत गरे। पछि ११ हजार घुस पाएपछि बन्दुक बरामद गरेर प्रहरीहरू फर्किएको बताइन्छ।

खोटाङ्गको खत्रीगाउँका अम्बरबहादुर तिवारी, गोपाल के.सी. (तिवारी) रविन के.सी. (तिवारी) लाई ऐंसेलुखर्क-७ का बाबुकाजी दाहालको घरमा चोरी गरेको शंकामा ०५० असार १९ गते शनिबारे हटिया ऐसेलुखर्कबाट गिरफ्तार गरियो। त्यसपछि उनीहरूलाई बाँधेर कुटिएको थियो। बिना इजाजत उनीहरूको घर खानतलासी गर्ने काम पनि प्रहरीले गरे। रविन के.सी.लाई लट्ठीले पिटी उनको घरमा पनि खन्तीले हिर्काएर क्षति पुर्‍याइएको थियो। जेलमा रविनलाई बाँधेर राखिएको थियो। तर ०५० असार २३ गते उनी अचानक बेपत्ता भए। प्रहरीहरू रविन के.सी. जेलबाट भागेको बताउँछन् भने गाउँलेहरू अमानवीय यातना दिई उनलाई प्रहरीले नै बेपत्ता पारेको बताउँछन्। यो घटनामा गोपाल के.सी.की पत्नी सीता के.सी., अम्बरबहादुर तिवारीकी छोरी धनकुमारी के.सी. लगायत उमेश दाहाल, रामबहादुर दाहाल, दलबहादुर तिवारी आदिलाई पनि बिनापूर्जी गिरफ्तार गरी मानसिक यातना दिने काम गरिएको थियो। प्रहरीले बेपत्ता पारिएका रविन के.सी.लाई देखेकी हुँ भनेर गाउँका केही सीधा-सादा महिलालाई जवर्जस्ती सहीछाप गर्न लगाइएको थियो। तर रविनलाई कसैले पनि नदेखेको कुरा गाउँका प्रत्येक व्यक्ति बताउँछन्। र प्रहरीले जवर्जस्ती सहीछाप गराइएका महिला पनि त्यही कुरा बताइरहेका छन्। यसै सन्दर्भमा ०५० साउन ८ गते प्रहरी कार्यालयमा जाहेर गरिएको थियो। अहिलेसम्म पनि उनी फेला परेका छैनन् र प्रहरी अनुसन्धान पनि भइरहेको छैन। यसबाट रविन के.सी. को प्रहरी यातनाकै कारणले मृत्यु भैसकेको हो कि भन्ने आशंका पनि स्थानीय रूपमा रहेको पाइन्छ।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

अशिक्षा र अज्ञानताका कारण यहाँका बासिन्दाले यो अधिकार पूर्णतः उपयोग गर्न पाएका छैनन्। यहाँ आस्थाका कारण मौलिक अधिकारको हनन गर्ने कतिपय कारवाहीहरू भएका छन्। खासगरी शिक्षा क्षेत्रमा आस्थाकै कारण शिक्षकहरूलाई अवकाश दिने, घटुवा गर्ने,-दुर्गम र अपायक ठाउँमा सरूवा गर्ने जस्ता कार्यहरू व्यापक रूपमा हुने गरेको पाइन्छ। ०४६ माघ १ गते स्थायी नियुक्ति पाई कार्यरत दौराली

मा.वि. का बहिदार नारायणप्रसाद घिमिरेलाई राजनैतिक प्रतिशोधका दृष्टिले ०५० भदौ १ गते अवकाश दिइएको छ। पीडित नारायणप्रसाद घिमिरे यस सम्बन्धमा न्याय माग्न अदालत पुगेका छन्।

२.२ धार्मिक स्वतन्त्रता

यहाँका राईहरूले यो वर्ष दशैं चाड बहिष्कारको लहर चलाएका थिए। तर धार्मिक विवादकै कारण कुनै घटना घटेको पाइँदैन। आ-आफ्नो धर्म मान्न यहाँ सबै स्वतन्त्र छन्।

२.३ राजनैतिक स्वतन्त्रता

जनताको राजनैतिक स्वतन्त्रताको अधिकारलाई कुण्ठित बनाउने उद्देश्यले प्रत्यक्षतः कुनै घटना घटेको छैन। तर शक्ति सम्पन्न केही व्यक्तिहरूले आफ्ना विरोधीहरूलाई झूठो मुद्दा लगाउने, कुटपिट गर्ने, धम्की दिने जस्ता घटनाहरू भने भएका पाइन्छन्।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

गरिबी, अशिक्षा र अज्ञानताका कारण यहाँका बहुसंख्यक जनता सुगम र निष्पक्ष न्यायिक अधिकारबाट बञ्चित रहेका छन्।

यो वर्ष यहाँको अदालतमा धेरैजसो गाली-बेइज्जती र कुटपिट सम्बन्धी मुद्दा दर्ता भए। जस अनुसार गाली बेइज्जतीमा १२१ र कुटपिटमा ५४ वटा मुद्दा दर्ता भएका छन्। प्रहरीबाट २८ वटा चोरी र ज्यान मार्ने उद्योगका मुद्दा अदालतमा दर्ता गरिएका थिए। जसमध्ये गाली बेइज्जती सम्बन्धी ३९ वटा, कुटपिट सम्बन्धी १७ वटा र ज्यान मार्ने उद्योग सम्बन्धी ४ वटा मुद्दा फैसला पनि भैसकेको बताइन्छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

खोटाङ्ग जिल्लामा यो वर्ष भूमिहीन तथा सुकुम्बासी सम्बन्धी कुनै उल्लेख्य घटना देखा परेको पाइएन। यहाँ करीब ३०० सुकुम्वासी रहेको बताइन्छ।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

यहाँ महिला किनबेचको घटना घटेको पाइँदैन। बलात्कारका घटनाहरू घट्ने गरेका छन्। तर यो वर्ष त्यस किसिमको घटना घटेको भए पनि सार्वजनिक जानकारीमा आएको पाइएन।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

जारी र बहुविवाहको प्रचलन रहेको पाइए पनि यो वर्ष कुनै उल्लेख्य घटना घटेको पाइएन। देउकी र वादी यहाँ छैनन्।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यस जिल्लामा दासत्वको समस्या उल्लेख्य रूपमा देखिएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

यो जिल्लामा व्याप्त जातपात, छुवाछूत, धामी-झाँक्री जस्ता सामाजिक कुरीति तथा रूढीले जानी नजानी मानवअधिकारका कतिपय पक्षलाई कुण्ठित बनाएको देखिन्छ।

६. आदिवासी अधिकार

यो जिल्लामा आदिवासी सम्बन्धी समस्या उल्लेख्य रूपमा देखा परेको पाइएन ।

७. बाल अधिकार

यहाँका अधिकांश बालबालिका विद्यालय जानबाट बञ्चित रहेका छन्। सानैदेखि कठोर श्रममा बालबालिकालाई लगाइने प्रचलन एकातिर छ भने अर्कोतिर यहाँका थुप्रै बालबालिकाहरू काठमाडौंमा गलैंचा बुन्ने काम गर्न गएको पाइयो।

अतिरिक्त जानकारी

बाँसपानीका मानबहादुरलाई व्यक्तिगत रीस-इबीबाट तीनजनाले कुटपिट गर्दा उनको मृत्यु भएकोमा अभियुक्तहरूलाई गिरफ्तार गरी कारवाही भइरहेको बताइन्छ।

खड्ग-५ की शशीकुमारी पुनले भिन्नाभिन्नै नाममा दुईवटा नागरिकताको प्रमाणपत्र लिएकोमा हाल उनलाई गिरफ्तार गरी कारवाही चलाइँदै गरेको बताइन्छ। उनले १० वर्ष अघि एउटा नाममा नागरिकता लिएकी थिइन् भने करीब १५ महीना अघि अर्को नाममा अर्को नागरिकता लिएकी थिइन्। ❑



१. पूर्वाञ्चल

सगरमाथा

१.१५ ओखलढुङ्गा

जनसंख्या : १३९४५७
साक्षरता : ३८.६ प्रतिशत
महिला साक्षरता : २२.८ प्रतिशत
क्षेत्रफल : १०७४ वर्ग कि.मी.

पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने १६ जिल्ला मध्येको ओखलढुंगा जिल्ला छुट्टरूै विशेषता बोकेको पहाडी जिल्ला हो। यस जिल्लाको पूर्वी सीमानामा खोटाङ्ग, पश्चिममा रामेछाप, उत्तरमा सोलुखुम्बु जिल्ला पर्दछन् भने दक्षिणमा उदयपुर र सिन्धुली जिल्ला रहेका छन्। नेपालको प्रजातान्त्रिक आन्दोलनमा पहाडी जिल्लाहरू मध्येमा अग्रणी भूमिका खेल्दै आएको मानिने ओखलढुंगा जिल्लामा बहुदलीय व्यवस्थाको स्थापनापछि पनि मानवअधिकार हननका घटनाहरू भने घट्दै आएका छन्।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

बरुणेश्वर-९ स्थित जिवी शेर्पाको घर छेउमा ०५० वैशाख १ गते विहान ८ बजेको समयमा एउटा बेवारिसे लाश फेला पऱ्यो। गाउँघर, छरछिमेक कसैले पनि चिन्न नसकेको उक्त लाशको बारेमा प्रहरीले पनि औपचारिकता मात्र पूरा गऱ्यो। कसैले मारेर फालेको हुन सक्ने सम्भावनालाई प्रहरीतर्फबाट खासै वास्ता गरिएन। तर स्थानीय मान्छेहरूको भनाइ भने रीस-इवीका कारण कसैले मारेर फालेको भन्ने रहेको छ।

रूम्जाटार गाविसमा बस्ने ८४ वर्षीय भुला गुरूङ्ग जडीबुटीद्वारा औषधि उपचार गर्ने गर्छन्। ०५० जेठ २१ गते वर्नालु गाविसका होमनाथ दाहाल र राधादेवी कटुवाललाई पेट दुःखेको औषधि भनी गलत औषधि (कुडको नामक) खान दिएका कारण होमनाथको रूम्जाटार स्वास्थ चौकीमा मृत्यु भयो। राधादेवीलाई उपचारको लागि काठमाडौं ल्याइयो र उनलाई धेरै दिनको उपचारपछि मात्र ठीक भएको थियो। भुला गुरुङ्गलाई कानूनी कारवाही चलाइएको छ।

गाम्नाङ्टार-९ बस्ने चन्द्रमाया गुरुङ्गनीले सोही ठाउँ बस्ने खड्गबहादुर खत्री र वडा नं. ८ बस्ने खड्गबहादुर कार्कीलाई ०५० जेठ २६ गते रक्सीमा वीष हाली खान दिएकाले खत्री र कार्की दुबैको एकै ठाउँमा मृत्यु भयो। त्यसरी हत्या गर्नुको कारण थाहा हुन सकेन। अभियुक्तको घरबाट बरामद भएको रक्सी परीक्षण गरिएन। तर सोही रक्सी सेवनका कारण उनको मृत्यु भएको कुरा पोष्टमार्टम रिपोर्टमा उल्लेख भएको बताइन्छ। अभियुक्त चन्द्रमायालाई रू २५ हजार धरौटी लिई छाड्ने निर्णय भएतापनि धरौटी नबुझाएकाले थुनामा नै राखिएको छ।

मोली-८ की अविवाहित हीरामाया राईले सोही ठाउँ बस्ने कुमार वस्नेतसंग अनैतिक सम्बन्ध राखी जन्मिएकी नवजात छोरीलाई मारेर ०५० असार २६ गते पैंधेरी खोल्साको बाँसको झाङ्गमा मिल्काइन्। हीरामाया राईलाई पुर्पक्षको निम्ति थुनामा राखिएको छ।

बर्नालु-८ कोलडाँडा बस्ने शुकधन राईलाई सोही ठाउँ बस्ने हैकम सिंहले कुटपिट गरी ०५० साउन ३० गते हत्या गरे। केही दिन अघि अभियुक्त सिंह र मृतक राईबीच गाईबस्तु चराउने ठाउँको गल्लीमा काँडाको वार लगाएको विषयलाई लिएर झगडा भएको थियो। सोही झगडाको रीसका कारण हैकम सिंहले शुकधनलाई मारेका थिए। अभियुक्तलाई थुनामा राखिएको छ।

रानीवन -७ बस्ने नीलवहादुर विश्वकर्माले आफ्नी पत्नी शान्ता विश्वकर्मालाई ०५० भदौ ५ गते घरमै खुकुरी प्रहार गरी हत्या गरे। आफूले अह्राएको काम पत्नीले तुरून्तै नगरेकाले अभियुक्तले रीसको झोंकमा हत्या गरेको बताइन्छ। अभियुक्तलाई कानूनी कारवाही भइरहेको छ।

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	१	-
हिरासतमा यातना	-	-
बलात्कृत	-	-
प्रहरीको गोलीले शरणार्थीको मृत्यु	१	-
आत्महत्या		१

१.२ जेल

यहाँको जेलको अवस्था राम्रो देखिँदैन। ५० जनासम्म बन्दीहरू राख्न सकिने यो जेलमा ३२ जना बन्दीहरू रहेका छन्। बन्दीहरूले उचित सुविधा पाएको देखिँदैन। लुगा-फाटो वर्षको २ पटक दिने भनिएता पनि नदिइएको कुरा जेलर स्वयंले स्वीकार गरे। बजेट नभएकोले दिन नसकिएको भन्ने भनाइ जेलरको छ। जेलका अधिकांश बन्दीहरू रोगग्रस्त छन्। १ जना बन्दी जण्डिसले ग्रस्त थिए। उनको उपचार किन नगराएको भनी जेलरसंग सोद्धा उनले बजेट नभएर उपचार गराउन नसकेको बताए।

१.३ गिरफ्तारी र यातना

यो वर्ष ओखलढुंगा जिल्लामा गिरफ्तारी र यातना सम्बन्धी घटना घटेको पाइएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

आस्थाका कारण यहाँ विभिन्न क्षेत्रमा व्यापक भेदभावपूर्ण कारवाहीहरू भएका छन्। नेराशिससंग सम्वद्ध भएका कारण गत स्थानीय निर्वाचनमा यहाँका वीरबहादुर पौडेल, पदम मिश्र, लापसाङ शेर्पा, विष्णुहरि अधिकारी लगायत ९ जना शिक्षकलाई मतदान गर्नबाट जवर्जस्ती बञ्चित गरिएको थियो। त्यस्तै आस्थाकै कारण हुलाकमा कार्यरत कर्मचारी चंखबहादुर थापा र इन्द्रप्रसाद धमालालाई पनि मतदान गर्न दिइएन।

शिक्षकहरूलाई भेदभावपूर्ण तरिकाले अपायक ठाउँमा सरूवा गर्नुका साथै घटुवा गर्ने र अवकाश दिने धम्कीहरू पनि दिइने गरेको छ। गत वर्ष केही शिक्षकलाई अवकाश दिने र घटुवा गर्ने काम भएको थियो।

२.२ धार्मिक स्वतन्त्रता

यहाँका बासिन्दाहरूमा एक-आपसमा धार्मिक सहिष्णुता कायम रहेको पाइन्छ।

२.३ राजनैतिक स्वतन्त्रता

देशको सविधानले राजनैतिक स्वतन्त्रताको ग्यारेण्टी गरेता पनि यहाँका जनताले त्यसको उपभोग पूर्णतः गर्न पाएका छैनन्।

०५० असोज २७ गते ठूलाछाप गाविसको निसंखेमा बिनाआदेश ५ घरहरूको खानतलासी गरियो। मादक पदार्थ नियन्त्रण गर्ने नाममा ठूलाछाप गाविसका अध्यक्ष टीकाराम कार्कीको आदेशमा राजनैतिक प्रतिशोधका हिसाबले जवर्जस्ती घरका ताल्चाहरू समेत फोडियो र लुगा-फाटा, अन्न-पात र भाँडा-कुँडाहरू समेत फालियो। घटना घट्दा केही महिला र बच्चाहरू मात्र थिए। प्रहरीहरू मुकदर्शक भएर हेरिरहे। पीडितहरूको उजुरीलाई प्रहरी र प्रशासनले दर्ता समेत गरेनन्।

त्यसैगरी राजनैतिक मतभिन्नताकै आधारमा यहाँ झुठा मुद्दामा फसाउने काम पनि हुने गरेको देखिन्छ। सदरमुकामका शिक्षक राजेन्द उदासमाथि राजनैतिक प्रतिशोधका दृष्टिले मुद्दा लगाइएको छ।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँ व्याप्त गरिबी, पछौटेपन र अज्ञानताका कारण जिल्ला बासीहरूले सुगम र निष्पक्ष न्यायिक अधिकार पाउन सकेको देखिँदैन।

यो एक वर्षमा जिल्ला अदालतमा देवानी ५०, दुनियावादी फौज्दारी १७२ र सरकारवादी फौज्दारी १५ गरी जम्मा २३७ वटा मुद्दाहरू दर्ता भए। जसमा धेरैजसो जग्गा सम्बन्धी मुद्दाहरू रहेका छन्।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा भूमिहीन तथा सुकुम्बासी समस्या उल्लेख्य रूपमा प्रकट भएको पाइएन।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

यो वर्ष यस जिल्लामा महिला किनबेच र बलात्कारका घटनाहरू सार्वजनिक जानकारीमा आएको पाइएन।

४.२ जारी, बहुविवाह, देउकी, वदेनी आदि समेत

फूलावारी-२ का सूर्जेबहादुर थापाले जेठी पत्नी घरमा हुँदाहुँदै ०४९ माघ २७ गते २५ वर्षीया गोपीमाया वोगटीसंग दोश्रो विवाह गरे। सूर्जेबहादुर कानूनी कारवाहीमा म्केका छन्।

ज्यामिरे-६ का शिवकुमार खड्काले तारा भन्ने केटीसंग ०४९ चैत २८ गते दोश्रो विहे गरे। हाल उनी रू. ३ हजार ५ सय धरौटीमा तारिखमा छुटेका छन्।

बेतिनी-२ बस्ने ३० वर्षीय टीकाराम धमालले सोलु जिल्ला नेचा गाविस बस्ने दुर्गा कुमारीसंग ०५० असार १ गते दोश्रो विवाह गरे। उनको पहिलो विवाह ०४३ सालमा अम्मर कुमारीसंग भएको थियो। टीकाराम धमाललाई गिरफ्तार गरी कारवाही चलाइएको छ।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यस जिल्लामा दासत्व सम्बन्धी समस्या उल्लेखनीय रूपमा रहेको पाइएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

छुवाछूत र जातपातको भावनाले गर्दा यहाँ माथिल्ला जातकाले तल्ला जातका भनिने मानिसहरूलाई हेय र अपमानित दृष्टिले हेर्ने गरेको पाइन्छ।

५.३ शरणार्थी समस्या

यस जिल्लामा तिब्बतबाट सोलु हुँदै प्रवेश गर्ने तिब्बती शरणार्थीहरूको संख्या दिन प्रतिदिन बढ्दै छ। यसले भोलि गएर ठूलै समस्या नल्याउला भन्न सकिन्न। गत वर्ष ०४९ भदौ ११ गते ज्यामिरे गाविसमा रिञ्जी टिबुटेन नामक तिब्बती शरणार्थीलाई प्रहरीले गोली हानी हत्या गरेको थियो भने अन्य २ जना गोलीबाट घाइते भएका थिए।

६ आदिवासी अधिकार

यहाँ आदिवासी समस्या उल्लेख्य रूपमा प्रकट भएको पाईंदैन।

७. बाल अधिकार

यहाँका बहुसंख्यक बालबालिकाहरू विद्यालय जानबाट बञ्चित रहेका छन्। बालबालिकालाई विद्यालय पठाउनु भन्दा सानैदेखि विभिन्न श्रममूलक काममा लगाउने प्रवृत्ति व्यापक रूपमा रहेको छ।

अतिरिक्त जानकारी

ठूलाछाप गाविस-५ का २५ वर्षीय पुण्यप्रसाद भट्टराईले ०४९ चैत १ गते आफ्नै घरको बुईंगलमा डोरीको पासो लगाई आत्महत्या गरे।

बिगुटार-५ का आङ्पासाङ शेर्पालाई ०५० बैशाख १४ गते ओख्लढुंगा बजारबाट बिगुटार गैरहेको अवस्थामा जंगली जनावरले आक्रमण गरी उनको मृत्यु भएको थियो।

बर्नालु गाविसको-१ र ४ नं.वडा बीचमा पर्ने खोलामा डुबी दुर्योधन राईको ०५० बैशाख १५ गते मृत्यु भयो।

हर्कपुर-७ का डिकबहादुर सुनुवार ०५० बैशाख १७ गते घाँस काट्न जान्छु भनी हिंडेका थिए। धेरै दिनसम्म बेपत्ता भएपछि उनको खोजी हुन थाल्यो। ०५० जेठ ११ गते सोही गाउँको रिठ्ठाबोटे जंगलमा काफलको रूखमा भुण्डिएर मरेको अवस्थामा उनको लाश भेटियो।

०५० असार २२ गतेको मुसलधारे वर्षाबाट यस जिल्लाको बरूणेश्वर, हर्कपुर र कटुञ्जे गविसमा पहिरोबाट पुरिई ३० जनाको मृत्यु भयो। ९ जना सख्त घाइते भए। उक्त वर्षाका कारण गाईबस्तु र अन्नपातको पनि ठूलो विनाश भएको थियो। ❑



१. पूर्वाञ्चल

सगरमाथा

१.१६ सोलुखुम्बु

जनसंख्या : ९७२००
साक्षरता : ३८.५ प्रतिशत
महिला साक्षरता : २१.३ प्रतिशत
क्षेत्रफल : ३३१२ वर्ग कि.मी.

सगरमाथा अञ्चलका ६ वटा जिल्ला मध्ये सोलुखुम्बु उत्तरी भेगमा अवस्थित हिमाली जिल्ला हो। विश्वको सर्वोच्च शिखर सगरमाथाको काखमा रहेको यो जिल्लाको उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत पर्दछ। पर्यटकहरूको लागि पनि आकर्षक रहेको यो जिल्ला भौगोलिक दृष्टिले सोलु र खुम्बु दुई क्षेत्रमा बाँडिएको छ। यसै वर्ष प्रथम पटक सगरमाथा आरोहण गर्ने नेपाली महिला पासाङ्ग ल्हामु शेर्पाको आरोहण सफल गरी शिविरतिर फर्किन लाग्दा दु:खद निधन भयो भने सोनाम छिरिङ्ग शेर्पा अहिलेसम्म फेला पर्न सकेका छैनन्।

मानवअधिकार हननका दृष्टिले यो जिल्ला त्यति चर्चामा नआए पनि यहाँ घटेका विभिन्न घटनाले मानवअधिकारको उल्लंघनलाई स्पष्ट गर्छन्।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

सोलुको वनकाण्डलाई लिएर ०५० असोज २७ गते गोली चल्यो। भनिन्छ -सोलुको इतिहासमा गोली चलेको यो नै पहिलो पटक हो। फाप्लु वनकाण्डलाई लिएर नेपाली कांग्रेस र राप्रपाका कर्याकर्ता बीच भीडन्त भएको थियो। उक्त भीडन्तमा पहिले लाठीचार्ज गरिएको थियो भने त्यसपछि अश्रुग्याँस छोडिएको थियो। त्यसबाट पनि स्थिति शान्त नबनेपछि गोली प्रहार गरिएको थियो। घटनामा २ जना सख्त घाइते भएका थिए भने १४ जना समान्य घाइते बनेका थिए। स्थानीय टुँडीखेलमा विरोधसभा गरी राप्रपाका कार्यकर्ता नेपाल शिक्षक संघको अधिवेशनमा उपस्थित हुनु भएका वनमन्त्रीलाई फाप्लु वन काण्ड र शिक्षकहरूमाथि गरिएको पक्षपातपूर्ण कारवाहीका सम्बन्धमा विरोध पत्र दिन जाँदा विवाद बढ्न गई उक्त घटना घट्न गएको थियो।

घटनाको प्रकृति	घटना संख्या १९९२	घटना संख्या १९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	-
बलात्कृत	-	-
जेलमा यातना	-	१
आत्महत्या		१

गुदेल-९ का धनकुमार राईलाई ०५० साउन १७ गते स्थानीय नीरकुमार राई समेत ७ जनाले कुटपिट गरी हत्या गरे। ०५० साउन १५ गते कुलो-पानी सम्बन्धी झगडा भई व्यक्तिगत रीस-इबीका कारण उक्त घटना घट्न गएको हो। अभियुक्तहरू कानूनी कारवाहीमा रहेका छन्।

सल्यान-रू४ का गोरखसिंह राईको लाश ०५० कार्तिक ८ गते आफ्नै घरको मटानमा झुण्डिई रहेको अवस्थामा पाइयो। लाशको पोष्टमार्टम हुँदा झुण्डिएरै मात्र मृत्यु भएको भन्ने रिपोर्ट प्राप्त नभएकोले हत्याको शंका गरी मनकुमार राई र सन्तलक्ष्मी राईलाई पक्राउ गरी मुद्दा चलाइएको छ।

१.२ जेल

सल्लेरी बजारमा तिब्बती शरणार्थीहरूका लागि बनाइएको शिविरलाई नै कारागर शाखाको रूपमा प्रयोग गरिएको छ। कारागार भवन अति नै साँघुरो र नाजुक अवस्थामा रहेको छ। कोठाहरू अत्यन्तै फोहोर देखिन्छन्। अँध्यारा कोठाहरूमा बन्दीहरू खाना पकाइरहेका देखिन्थे। बन्दीहरूलाई पानी, चर्पी र लत्ता कपडाको अभाव रहेको र यस सम्बन्धमा आवाज उठाउँदा धाराको पाइप काटी दिने, तुरूङ्गमा हाल्ने सम्मको व्यवहार भएको कुरा बन्दीहरू बताउँछन्। राम्रो चामल दिनु पर्नेमा मोटो चामल दिने गरेको र कहिलेकाहीं मकैको च्याँख्ला समेत खानु परेको गुनासो बन्दीहरूको रहेको छ। पढ्ने, लेख्ने र खेलकूदको कुनै व्यवस्था छैन। बिरामी पर्दा समेत बन्दीहरूलाई वास्ता गरेको पाइँदैन। २५ जना बन्दीहरू राख्न सक्ने क्षमता भएको यो

जेलमा ४० जना बन्दीहरू राखिएका छन्। जसमा आरोपित बन्दी ३४ जना र दोष प्रमाणित बन्दी ६ जना रहेका छन्। बन्दीहरूलाई कुटपिट पनि गर्ने गरेको पाइयो।

१.३ गिरफ्तारी र यातना

फाप्लु वन काण्ड र शिक्षकमाथि गरिएको अन्यायको विरूद्ध ०५० असोज २७ गते राप्रपाका कार्यकर्ताहरूले वन राज्यमन्त्री वीरमणि ढकाललाई ज्ञापन पत्र दिने क्रममा घटेको घटनामा १४ जनालाई गिरफ्तार गरिएको थियो। अन्य १८ जनालाई वारेन्ट जारी गरिएको र उनीहरू फरार रहेको बताइन्छ।

थुनामा रहेका फिञ्जु शेर्पालाई अदालतले ०४९ पुस २९ मै छाड्ने आदेश दिएको थियो। तर मानसिक सन्तुलन ठीक नभएको भनी प्रहरीले अहिलेसम्म उनलाई रिहा गरेको छैन। यतिबेला उनी मानसिक रूपले असन्तुलनमा रहेका देखिँदैनन्। उनलाई बिनाकारण गैर कानूनी रूपले थुनिएको देखिन्छ।

गुदेल-६ का फुरावाङछु शेर्पाले ऐंचोपैंचोको विषयमा भनाभन हुँदा स्थानीय पेम्वा दोर्जे शेर्पालाई ०५० बैशाख १५ गते कुटपिट गरे। ज्यान मार्ने उद्योगको अभियोगमा फुरावाङछुलाई गिरफ्तार गरिएको छ।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

संविधान प्रदत्त अभिव्यक्ति स्वतन्त्रताका साथै भेला हुने र संगठित हुने नागरिक अधिकारलाई कुण्ठित बनाउने घटना प्रत्यक्ष रूपमा घटेको पाईंदैन। तर वैचारिक मतभिन्नताका कारण विपक्षी पार्टीका कार्यकर्ताहरूलाई झुठा मुद्दामा फसाउने, धम्की दिने र कुटपिट गर्ने जस्ता घटनाहरू भने घट्ने गरेको पाइन्छ।

यस जिल्लामा नेपाल राष्ट्रिय शिक्षक संगठनमा आवद्ध शिक्षकहरूलाई प्रतिशोधपूर्ण तरिकाले आयोगको परीक्षामा असफल गराउने, नियुक्तिमा भेदभाव गर्ने, स्थायी नियुक्ति समेतलाई बदर गर्ने र विकट ठाउँहरूमा सरूवा गर्ने गरेको देखिन्छ। शिक्षक कन्तलाल चौधरीलाई ०५० असोज १ गते स्थायी नियुक्ति दिइएको थियो। तर ०५० कार्तिक २ गते स्थायी नियुक्तिलाई बदर गरेको जानकारी दिइयो। बी लेवल तालीम प्राप्त गरी ५ वर्ष शिक्षण पेशामा संलग्न भएका भुषण बस्नेत, राधाकुमारी श्रेष्ठ र डोल्मा शेर्पालाई जाँचमा जवर्जस्ती असफल गराइयो। ०५० भदौ २१ गते शिक्षक संगठनमा आवद्ध १ सय जना शिक्षकलाई सुनसरी र इलाम जिल्लाका दुर्गम ठाउँहरूमा सरूवा गरिएको थियो।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक विवाद उत्पन्न भएर कुनै घटना घट्न गएको पाईंदैन।

२.३ राजनैतिक स्वतन्त्रता

यस जिल्लामा प्रत्यक्ष रूपमा राजनैतिक स्वतन्त्रताको अधिकारमा हनन पुऱ्याउने खालका घटनाहरू उल्लेख्य रूपमा देखा परेनन्। तर राजनैतिक प्रतिशोधकै कारण केही राजनैतिक दलका कार्यकर्ता र समर्थकहरूलाई झुठा मुद्दामा फसाइएको देखिन्छ। त्यस्ता मुद्दाहरू ४७ वटा रहेको कुरा सम्बन्धित दलका व्यक्तिहरू बताउँछन्।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा व्याप्त गरिबी, अशिक्षा र पछौटेपनका कारण जनताले सुगम र निष्पक्ष न्यायिक अधिकार प्राप्त गर्न सकेको पाइँदैन। यो वर्ष यहाँको जिल्ला अदालतमा देवानी १२७ र फौज्दारी १०४ गरी जम्मा २३१ वटा मुद्दाहरू दर्ता भएका थिए।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

सोलुखुम्बु जिल्लामा भूमिहीन तथा सुकुम्बासी समस्या उल्लेखनीय रूपमा देखा परेको पाइएन्।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

काकु-४ बस्ने २३ वर्षीया एक युवतीलाई सोही ठाउँको २१ वर्षीय मिङ्मा शेर्पाले ०५० साउन २८ गते गाउँ नजिकैको जंगलमा दाउरा लिन गएको बेला बलात्कार गऱ्यो। अभियुक्तलाई कानूनी कारवाही गरिंदैछ।

सल्लेरी-७ बस्ने वर्ष २१ का सुरेन्द्रकुमार राजभण्डारीले सोही ठाउँ बस्ने ५१ वर्षीया एक महिलालाई ०५० मंसीर ६ गते बलात्कार गरेको आरोप लगाइयो। प्रमाणहरूको अभावमा अदालतले उसलाई थुनामा राख्न इन्कार गऱ्यो। राजभण्डारीका व्यक्तिगत विरोधीहरूले बदनाम गराउन यस्तो आरोप लगाएको बताइन्छ ।

४.२ जारी, बहुविवाह, देउकी, बादी आदि समेत

यस सम्बन्धी कुनै पनि घटना घटेको कुरा सार्वजनिक जानकारीमा आएको पाइएन।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यस जिल्लामा दासत्वको समस्या देखिंदैन।

५.२ अन्य अमानवीय व्यवहारहरू

यहाँ छुवाछूतको भावनाले गर्दा अछूत भनिने जातिहरू अन्य जातिहरूको तुलनामा सामाजिक रूपमा अपहेलित रहेको पाइन्छ। शेर्पा जातिहरूमा भने छुवाछूतको भावना त्यति प्रबल रूपमा रहेको पाइँदैन।

६. आदिवासी अधिकार

सोलुखुम्बु जिल्लामा आदिवासी सम्बन्धी कुनै उल्लेख्य घटना घटेको पाइएन ।

७. बाल अधिकार

यस जिल्लाका अधिकांश बाल बालिकाहरू विद्यालय जानबाट बञ्चित रहेका छन्। कतिपय ठाउँमा विद्यालय नभएर बाल बालिकाले पढ्न नपाएको देखिन्छ भने कतिपय ठाउँमा विद्यालय भएर पनि आफ्ना छोराछारीलाई पढाउनु पर्छ भन्ने भावना बाबु आमामा नरहेको पाइन्छ। यहाँ बालबालिकाहरूलाई भारी बोक्ने जस्ता काममा पनि लगाइने गरेको देखिन्छ।

अतिरिक्त जानकारी

यहाँको हिमालय मा.वि. मा कक्षा ८ मा अध्ययनरत २२ वर्षीया पञ्चीमाया राईले घरमा काकाले गाली गर्ने गरेका कारणबाट दुधकोशीमा हामफाली आत्महत्या गरिन्। उनको लाश ०५० कार्तिक २६ गते फेला परेको थियो।

भ्रष्टाचारको आरोपमा पूर्व जिल्ला पञ्चायत सभापति हिक्मान राई १ वर्ष जेल बसी ०५० साउन १७ गते रिहा भएको बताइन्छ।

फाप्लु स्थित शाही नेपाल वायुसेवा निगमको अफिस कोठाबाट ०५० मंसीर २ गते केही नगद र सामानहरू चोरी भयो। चोरीको शंकामा गिरिराज बस्नेत, गिर्मीबहादुर बज्राचार्य र डुल्तेम्वा शेर्पालाई पक्राउ गरी धरौटीमा रिहा गरिएको छ। आफूहरू निर्दोष भएको कुरा अभियुक्तहरू बताउँछन्। ❑

मध्यमाञ्चल

२.१ धनुषा
२.२ महोत्तरी
२.३ सर्लाही
२.४ सिन्धुली
२.५ रामेछाप
२.६ दोलखा
२.७ रौतहट
२.८ बारा
२.९ पर्सा
२.१० चितवन
२.११ मकवानपुर
२.१२ ललितपुर
२.१३ काभ्रेपलान्चोक
२.१४ भक्तपुर
२.१५ काठमाण्डौ
२.१६ धादिङ्ग
२.१७ सिन्धुपाल्चोक
२.१८ नुवाकोट
२.१९ रसुवा



२. मध्यमाञ्चल

जनकपुर

२.१ धनुषा

जनसंख्या : ५४३६७२
साक्षरता : २९.९ प्रतिशत
महिला साक्षरता : १६.० प्रतिशत
क्षेत्रफल : ११८० वर्ग कि.मी.

वैदिक कालका विदेह माधवले गण्डकी पूर्वको जंगल जलाएर मानव बस्ती बसालेको र उनैका सन्तान शीरध्वज जनकले हुर्काएको वैशाली-गणतन्त्रको इतिहाससंग जोडिएको धनुषा तराईको समतल भूभागमा पर्दछ। भारतको विहारसंग दक्षिणी सीमा जोडिएको यस जिल्लाका बासिन्दाहरू मानवअधिकारको निर्वाध उपभोग गर्न पाउने अवस्थामा भने नरहेको पाइयो। अशिक्षा र गरिबीले मात्र नभै यदाकदा प्रशासन र बैभवशालीहरूले पनि त्यसमा बाधा पुऱ्याएको पाइन्छ। फलतः नागरिकहरू हत्या, यातना, झुट्टा मुद्दा, बलात्कार जस्ता घटनाबाट पीडित हुने गरेको भेटियो।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यसवर्ष यहाँ प्रशासनद्वारा बल प्रयोग गरी नागरिक-हत्या भएको छैन। तर व्यक्तिगत एवं दलगत द्वन्दका कारणले भने केही नागरिकको हत्या भएको छ।

भरतपुर -१ का राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यकर्ता फुलेस कापरको ०४९ माघ २० गते नेपाली कांग्रेसका कार्यकर्ता लक्ष्मी पटेलले नेतृत्व गरेको १२ जनाको हुलले घरमा खाना खाईरहेको बेला राती ८ बजे हत्या गऱ्यो। उनीहरूले पहिले ब्यापक कुटपिट गरी आँगनमा खुट्टा भाँची दिएको र त्यहाँबाट घिसार्दै नजिकैको कब्रगाहमा लगी टाउको, हात, खुट्टा र हातका औंलाहरू फोडी खाल्डोमा फालेका थिए। प्रहरीले अपराधीलाई पक्रने काम नगरेको, ठोस सबुत संकलन गर्न ध्यान नदिएको र मुख्य अभियुक्त लक्ष्मी पटेलमाथि मुद्दा नै नचलाएको मृतक पक्षको दावी छ भने कांग्रेस पक्षले पूर्व पंच एवं राप्रपाकै कार्यकर्ता बद्रिबहादुर कार्कीले हत्या गरेको कुरा बताएकाछन्। मृतक पक्षको भनाई अनुसार फुलेस कापर र बद्रिबहादुर कार्कीको सम्बन्ध राम्रो रहेको कारण सो सम्बन्धलाई खलबल्याउन नै लक्ष्मी पटेल लगायतका व्यक्तिहरूले कापरको हत्या गरेका हुन् भन्ने रहेको छ। लक्ष्मी पटेललाई पक्राउ गरेर पनि रिहाई गरिसकिएको छ। मृतक पक्षले लक्ष्मी पटेल, अशोक पटेल, विनोद पटेल, मुद्रिका पटेल, रामजनम मुखिया वीन, महेन्द्र यादव, मखना मुखिया वीन, रामप्रसाद दास, विकुरू धोवी, दिलीप शर्मा, वलदेव मुखिया वीन, सत्यनारायण शाहमाथि ०४९ फागुन ५ गते अदालतमा मुद्दा दायर गरेका छन् र अहिले पनि मुद्दा चलिरहेछ।

उमाप्रेमपुर -९ मा पर्ने पर्वता भन्ने ठाउँमा पनि नेपाली कांग्रेसका देवनारायण महतोको नेतृत्वमा आएको हुलले २०५० असार १ गते शान्तीदेवीकी २ वर्षीया बच्ची चन्दिना कुमारीलाई लाठीले हिर्काएर हत्या गरिदिए। हातहतियार सहित आएको त्यो हुलले, एक जोर पाडा र ५ कठ्ठामा लगाएको कोदो लुटेर लगे भने मृतक बच्चीकी आमा शान्तीदेवीलाई कुटपिट समेत गरे। त्यसपछि स्वयम्वर दाहाको परिवारलाई कुटपिट गरे। त्यसै दिन प्रहरी सत्रुघन सिंहले आफ्नो पेस्तोल र २ वटा गोली स्वयम्वर दाहाले ल्याएको भनी इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा लगेर उनलाई थुने र शान्तीदेवीलाई घाँटी थिचेर छोरी मारेको आरोप लगाई पक्राउ गरे। त्यस अघि शान्तीदेवीले दिएको जाहेरी दरखास्तउपर प्रहरीले कुनै कारवाही नगरी मुद्दा लगाउने काम गऱ्यो। नेकपा एमालेका कार्यकर्ता स्वयम्वर दाहा, राजनारायण मंडल, श्रीकिसोर मंडल, सत्यनारायण मंडल, विजय मंडल, सूर्यनारायण मंडल, रामनारायण यादव नारायण मंडललाई सार्वजनिक अपराध मुद्दा लगाइयो। स्वयम्वर दाहालाई थप खरखजाना मुद्दा समेत लगाइयो। उनीहरू सबैलाई १४ दिन थुनेर स्वयम्वर दाहालाई २४ हजार र अन्य व्यक्तिहरूलाई १ हजारको दरले धरौटी राख्न लगाई छोडियो। शान्तीदेवीप्रति लगाइएको

	घटना संख्या	
घटनाको प्रकृति	**१९९२**	**१९९३**
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	२
बलात्कृत	-	१
आत्महत्या		-

ज्यान मारेको अभियोग अदालतले छानवीन गरिरहेको छ र उनलाई तारिखमा रिहा गरिएको छ। मनिन्छ यस घटनाको पृष्ठभूमि ०५० जेठ १६ गते रसिलाल मंडलले स्कूल अगाडिको सार्वजनिक जमिनमा चिया तथा किराना पसल राख्यो भनेर देवनारायण महतो र सत्रुघन महतो सहितको १०/१२ जनाको हुलले दोकान लुटेको घटनाबाट बनेको हो।

सखुवा महेन्द्रनगरकी फतमा वेगम धोविनीलाई असार १७ गते मकबुल कवाडीले फिलामा गोली हानी हत्या गरे। अभियुक्तलाई सबुत प्रमाण सहित इलाका प्रहरी कार्यालय महेन्दनगरले पक्राउ गरी अदालतमा पेश गऱ्यो र मकबुल कवाडी अहिले जलेश्वर जेलमा रहेको छ। आफूलाई अशिष्ट व्यवहार गर्दै झुठ्ठो आरोप लगाउने मकबुललाई फतमा वेगमले अघिल्लो दिन चप्पलले हिर्काउँदै प्रहरी चौकी पुऱ्याएकी थिइन् र त्यही रीस साध्न मकबुलले गोली हानी धोविनीको हत्या गरेको थियो।

झटीयाहीमा पनि आफ्नी पत्नी पवनदेवीलाई पति विष्णुदेव केवटले कुटपिट गरेर ०५० असार २८ गते हत्या गऱ्यो। हत्यापछि आफ्नो बाबु विल्टु मंडल, दाजु किसुनदेव मंडल र केही छिमेकीहरू मिली लाश जलाई रहेको बखत उनीहरूलाई इन्स्पेक्टर कुमारबहादुर बस्नेतले पक्राउ गरे। अहिले विल्टु मंडल र किसुनदेव मंडल तारीखमा छुटेका छन् भने मृतकको पति विष्णुदेव मंडल केवट जलेश्वर जेलमा रहेका छ।

पछहर्वा-८ मा पानीको ट्यूबवेल गाड्ने विषयलाई लिएर झगडा हुँदा ०५० भदौ १८ गते गंगियादेवी कापरको हत्या भयो। गाविस अध्यक्ष रामदयाल गुप्ताले बिग्रिएको पाइप झिकेर आफ्ना समर्थक भएको ठाउँमा सार्न खोजेकोमा वडासदस्य विन्दाशरण मुखियाले ८ नं. वडामै गाड्नु पर्ने अडान लिएपछि शुरू भएको विवादका क्रममा दुबै पक्ष बीच हात हालाहाल भयो। आफ्नो समूहलाई सघाउन गएकी गंगियादेवी निकै कुटिइन्। उनलाई उपचार गराउन अस्पताल लग्दालग्दै बाटैमा मृत्यु भयो। दुबै पक्ष नेपाली कांग्रेस समर्थक भएको हुँदा प्रहरी अनुसन्धान पनि राम्ररी हुन नसकेको र अपराधीलाई पक्री, कार्वाही गर्ने काम भएन भन्ने गुनासो स्थानीय बासिन्दाको रहृयो।

१.२ जेल

यहाँ जेल छैन। धनुषाको जेल भनेको महोत्तरी जिल्लामा रहेको कारागार शाखा जलेश्वर मानिन्छ। तर जिल्लामा एउटा जेल नहुनु ज्यादै दुःखद कुरा हो। किनभने यस जिल्लामा ०४९/५० मा ४६०८ र ०५०/५१ को पुस मसान्तसम्म मात्र २४३१ वटा मुद्दाहरू जिल्ला अदालतमा मात्र चलेका छन् र त्यसका अभियुक्तलाई थुन्नु पर्दा जिल्ला बाहिर लैजानु पर्ने कठिनाई व्यहोर्नु परेको बताइन्छ।

१.३ गिरफ्तारी र यातना

यहाँ शान्तिपूर्ण जुलुसमा पक्राउ गर्ने र प्रहरी चौकी भित्रै यातना दिने, पूर्जी नदिई थुन्ने र झुठ्ठा बयानहरू तयार पार्ने जस्ता मानवअधिकार विरोधी कृयाकलापहरू भएको पाइयो। उदाहरणका रूपमा उमाप्रेमपुरको हत्याकाण्डका सिलसिलामा पेस्तोल बोकेको झुठो आरोप लगाई इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा थुनिएका स्वयम्वर दाहालाई उक्त चौकीका इन्चार्ज मोहनबहादुर तामाङले प्रहरी चौकी भित्रै कुटपिट गरेका थिए भने उमाप्रेमपुरकै चन्दिनाको हत्याको आरोप लगाई पक्रिएकी मृतककी आमा शान्तीदेवीलाई प्रहरी चौकी भित्रै "मैले आफैले घाँटी दाबेर मारेकी हुँ" भन्ने खालको झुठो बयान तयार पारी अदालतमा पेश गरिएको थियो। बलासघारा गाविसको मुद्दामा भोल्हा कवाडी र महमुद कवाडीलाई बिनापूर्जी पक्रिएर एस.पी. कार्यालय जनकपुरमा राख्दा प्रहरी हिरासतमै सख्त कुटपिट गरिएको थियो। उनीहरू अहिले जलेश्वर जेलमा रहेका छन्।

२ मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

दासढुङ्गामा भएको एमालेका महासचिव मदन भण्डारी र संगठन विभाग प्रमुख जीवराज आश्रितको हत्याकाण्डको छानवीन गर्न र अन्य जनजीविकाको विषयलाई लिएर भएको नेपाल बन्दको दिन शान्तिपूर्ण जुलुश प्रदर्शनमा भाग लिइरहेका उक्त पार्टीका कार्यकर्ता मदनमोहन थापा, चन्द्रदेव राउत, मनोज शर्मा, सुरज तुलाधर, विद्यार्थी श्रीप्रसाद शाह र जनमोर्चाका कार्यकर्ता लक्ष्मण सिंह लगायतका २५० जना कार्यकर्ता र समर्थकहरूमध्ये कतिपयलाई कुटपिट गर्दै पक्राउ गरी २ दिनसम्म एस.एस.पी. कार्यालयमा राखी छोडिएको थियो।

साथै फागुन २२ गते प्रधानमन्त्रीको राजिनामा माग गर्दै जिल्ला प्रशासन कार्यालयमा शान्तिपूर्ण धर्ना दिइरहेका सीतानन्दन राय समेतका ४६० जनालाई लछारपछार पार्दै पटक पटक गरी पक्राउ गरियो। त्यस घटनाको फोटो खिच्न गएका मानवअधिकार कार्यकर्ता प्रभाकर देवकोटालाई पनि पक्रियो। उनको क्यामेराको रिल जफत गरियो।

२.२ धार्मिक स्वतन्त्रता

यस वर्ष धार्मिक कलहका घटनाहरू घटेका छैनन्। तर पनि भारतीय प्रभावबाट बजरंग दल, श्रीराम दल जस्ता हिन्दू कट्टरतावादी संगठनहरू जनकपुरमा गुप्त रूपले खोलिएका छन्। जबकी तिनलाई भारतमा प्रतिवन्ध लगाइएको छ। ती संगठनहरूले जनकपुरको बाह्र बिगाहा मैदानमा लाठी खेलाउने तालिम समेत दिने गरेकाले अल्पसंख्यक रूपमा रहेका मुश्लिम समुदायहरू सन्त्रस्त देखिन्छन्। यस जिल्लामा अन्य कवीर, बालयोगेश्वर, रजनीश पन्थहरू पनि रहेका छन् र अत्यन्त न्यून संख्यामा वौद्ध धर्मावलम्बीहरू रहेका छन्।

जनकपुरमा हिन्दूहरूका देवता राम-जानकी मन्दिर रहेको र शीरध्वज जनकले शासन गरेको ठाउँ भएकाले पनि हिन्दूहरूको लागि विशेष महत्वको ऐतिहासिक स्थल मानिन्छ। यसकारण पनि यहाँ हिन्दूहरूको दबदबा छ तर पनि अन्य धर्म मान्ने समुदायको स्वतन्त्रतामाथि नै आँच आउने किसिमका घटनाहरू घटेको देखिएन।

२.३ राजनैतिक स्वतन्त्रता

शहरी इलाकालाई छोडेर अधिकांश गाउँको चेतनास्तर अत्यन्त न्यून छ। अशिक्षा र अज्ञानताले पनि राजनीतिक स्वतन्त्रताको उपभोगमा बाधा पुऱ्याएको छ। राजनीतिक दुराग्रहको कारण यस जिल्लाका शिक्षक र कर्मचारीलाई सरूवा, घटुवा, बढुवा गर्ने गरिएको र विपक्ष स्वास गरी एमाले र जनमोर्चाले जितेका गाविसहरूमा राजनीतिक कारणले गर्दा नै अनुदान रकम कटौती गरिने काम भएको कुरा सम्बन्धितहरू बताउँछन्। जिल्ला विकास समितिले दिने सुरूवा राहत र बाढी पीडित अनुदानमा समेत यसरी नै कटौती गर्ने काम भएको गुनासो सुन्नमा आयो।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायिक तथा अर्धन्यायिक निकायहरूमा यसवर्ष पनि मुद्दाहरू बढ्ने क्रम नै देखा पऱ्यो। अर्धन्यायिक निकायहरूमध्ये प्रहरीबाट प्राप्त जानकारी अनुसार हत्या १७, आत्महत्या ७, बहुविवाह ३, बलात्कार २, लागु औषध ३०, सार्वजनिक अपराध ७७, जिउ मास्ने बेच्ने १, भवितव्य मृत्यु ४७, सवारी दुर्घटना १५, चोरी ७९ र अन्य विविध मुद्दा सहित कूल ३०३ मुद्दा दायर भए। जिल्ला प्रशासनमा भने ९३ वटा सार्वजनिक अपराधकासंगै हातहतियार ४, सवारी दुर्घटना १, दूषित खाद्य पदार्थ १ एवं बगलीमारा १ थान मुद्दा दर्ता भएको पाइयो।

जिल्ला अदालत धनुषामा यस वर्ष कूल २४३१ मुद्दाहरू दर्ता भएको पाइयो। तिनमा जग्गा खिचलो ९०५ लेनदेन ४४३, अंश सम्बन्धी ४४८, पारिवारिक १३, कीर्ते ठगी १५७, लुटपिट १२४, कुटपिट १४९, ज्यान सम्बन्धी ३०, चोरी ७१, करणी १, गर्भपतन २ र विविध १०२ समेत रहेका छन्।

सुगम र निष्पक्ष न्याय पाउने अधिकारमाथि बाधा पुऱ्याउने घटनाको रूपमा तारापट्टी सिर्सियाका रघुनन्दन शाह लगायतका ४ जनालाई हातहतियार खरखजाना, १० जनालाई सार्वजनिक अपराध र १३ जनालाई ज्यानमार्ने उद्योग गरेको भनी ०५० फागुन २७ मा लगाएको झुठ्ठा मुद्दालाई देखा उने गरेको पाइयो।

त्यसैगरी औराहाका श्यामकिशोर सिंह रामानन्दन राय कुर्मी लगायत १५ जनालाई ६ वटा सार्वजनिक अपराधको मुद्दा लगाइएको छ। कटरैतका विन्देश्वर यादव लगायत ११ जना एमालेका गाविस पदाधिकारीहरूमाथि २ वटा, ढल्केबरका राजदेव ठाकुर लगायत २ जनामाथि सार्वजनिक मुद्दा लगाइएको छ भने सबैला निवासी एमाले जिल्ला सदस्य कमलदेव साहमाथि पनि सार्वजनिक अपराध कै मुद्दा लगाइएको छ। यसरी १ वर्षभित्र नेकपा (एमाले) का मात्र ६२ जनामाथि सार्वजनिक अपराध र हात हतियार तथा ज्यान मार्ने उद्योग गरेका जस्ता झुट्ठा मुद्दाहरू लगाइएको छ।

त्यस्तै गरी भरतपुर-१ को फुलेस कापरको हत्या काण्डको सिलसिलामा कुनै हत्याराहरूलाई पक्राउ नगरिनु र खोज तलासको काम समेत नहुनुले न्यायिक अधिकारमाथि बाधा सृजना भएको महसुस स्थानीय पीडितहरू गर्दछन्। सरिहानीका गुदर कापर र सोभित साहको घरमा सम्पूर्ण सम्पत्ति लुटपाट गर्दा समेत प्रहरीद्वारा मुद्दा समेत नचलाइनु एवं धनुषा क्षेत्र नं. ५ को सखुवा महेन्द्रनगरको पकडीयाका सलीजान कवाडीलाई सार्वजनिक बाँध निर्माणको सिलसिलामा उनीमाथि कुटपिट गरिंदा कवाडीले दिएको "ज्यान मार्ने उद्योग" को जाहेरी दरखास्त उपर कुनै कार्वाही नगरिनुले अर्ध न्यायिक निकायको निष्पक्षतामा प्रश्न पैदा गरेको छ। उक्त घटनाको सम्बन्धमा पुनरावेदन अदालतबाट परमादेश जारी गरिसकेर पनि अझै कुनै कार्वाही भएको छैन। त्यस्तै उमाप्रेमपुर पर्वताको घटनामा स्वयम्वर दाहा, रसिलाल, राजनारायण मण्डल र किसन मण्डललाई लगाइएको सार्वजनिक अपराधको मुद्दा पनि फर्जी रहेको कुरा पीडितहरू बताउँछन् र त्यसबाट उनीहरूको निष्पक्ष न्यायिक अधिकारमा बाधा पुगेको जिकीर गर्दछन्।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा भूमिहीन तथा सुकुम्बासीहरूका समस्या त्यति टड्कारो रूपमा देखिएको नभएता पनि जिल्लाको उत्तरी क्षेत्रमा पर्ने तुलसी, बेङ्गाडावर, ढल्केवर, पुष्पलपुर र गोदार गाविसहरूमा सुकुम्बासी समस्या विद्यमान छ। मुसहर, चमार, डोम, घाँगर, बातर, हलखोर, दुसाद, खत्वे, जस्ता अछूत भनिने जातिहरू पनि अधिकांशतः सुकुम्बासीकै रूपमा रहेका छन्। उनीहरू धनी किसान एवं जमिन्दारहरूका जग्गामा झुप्रा बनाई बस्ने गर्दछन्।

४. महिला अधिकार

यस जिल्लाका कतिपय भागमा महिलाहरूलाई बोक्सी भनेर कुटपिट गर्ने, दिसा खुवाउने र दण्ड जरीवाना गर्ने जस्ता अमानवीय व्यवहारहरू पनि भएका छन्। ढल्केवरको प्रहरी चौकीमा हरिपुर गाउँकी एक महिलालाई बोक्सीको आरोप लगाएर उजुरी आएको थियो भने लालगढ भन्ने गाउँमा एक अर्की महिलालाई बोक्सी भनेर कुटपिट समेत गरिएको थियो।

विसरमोरा-९ का रमेश अरगरीयाले दाइजो नल्याएको कारण आफ्नी पत्नी चन्द्रकान्ता अरगरीयालाई ०४९ फागुन २७ गते जलाएर मारेका छन्। उनले कोठामा सुती रहेकी पत्नीलाई हात, खुट्टा र मुख बाँधी, मट्टितेल छर्किएर आगो लगाएका थिए र चन्द्रकान्ताको उपचार गर्दागर्दै मृत्यु भएको थियो। चन्द्रकान्ताका बाबु विरबल विराजीले धनुषा जिल्ला प्रहरी कार्यालयमा ज्यान मुद्दा दिएका छन् तर राजनीतिक दबावको कारण मुद्दा चलाइएको छैन। अभियुक्त रमेश पहिलेदेखि नै फरार छ र अहिलेसम्म कसैलाई पनि पक्रिएको छैन।

पतिद्वारा मारिएकी चन्द्रकान्ता

४.१ महिला किनबेच र बलात्कार

महिला किनबेचका उल्लेखनीय घटना नदेखिए पनि हत्या, बलात्कार र दाईजो सम्बन्धी झगडाहरू प्रशस्त देखिएका छन्।

ठाडीभिजाकी सीतादेवी भुमिहारलाई पनि दहेजकै कारण पति शम्भु राउत र ससुरा रामअसिस राउतले ०५० जेठ २४ गते जलाएर मारेका छन्। गर्भवती अवस्थामा रहेकी सीतादेवीलाई १ बजे राती मट्टितेल छर्केर जलाइएको थियो। उनको ६ महिनाको गर्भे बच्चाले पनि पेट भित्रै जलेर मर्नु पऱ्यो। सीताका बाबु जगनाथ शर्माले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएका छन्। जिल्ला प्रहरी कार्यालयले रामअसिस राउत, देवर सितेस राउतलाई पक्राउ गरे पनि अहिले जमानतमा छोडिएको छ र सासु जरियादेवी राउत र पक्राउ परेका महेश्वर राउत छुटी सकेका छन्। पति शम्भु राउत भने अझै पक्राउ परेको छैन।

जनकपुर नगरपालिका-४ बस्ने श्याम भन्ने बजरंग चैतन्य ब्रम्हचारी सहित ६ जनाले बसस्टेशनमा हिंड्दै गरेका दुई युवतीलाई धम्क्याएर स्थानीय रामायण लजमा लगी ०५० असार ५ गते सामुहिक बलात्कार गरे। उक्त मुद्दा फैसला भैसकेको छ र चैतन्य अहिले जलेश्वर कारागारमा रहेको छ। यस अघि स्थानीय कांग्रेसी नेताहरूले उक्त बलात्कारीलाई बचाउन खोजेको भनी त्यसको विरोधमा स्थानीय महिलाहरूको जुलुश पनि निस्केको थियो। बलात्कारमा संलग्न अन्य ५ जना व्यक्तिहरू अझै फरार रहेका छन्।

सखुवा महेन्द्रनगर-१ निवासी प्रदिप साहले आफ्नी पत्नी पुनमले पर्याप्त दाइजो नल्याएको भनी अमानुषिक यातना दिने गरेको हुँदा त्यसको विरूद्धमा महिलाहरूले विरोध प्रदर्शन गरे। दाइजो उन्मूलन संघको पहलमा प्रदिपले पुनमलाई ३ वर्षअघि विवाह गर्दा लिएको दाइजो नगद रू. २ लाख ५० हजार फिर्ता गराए। पुनम अहिले आफ्नो माइती वैरगेनियामा बस्दछिन्।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यहाँ जारी, देउकी जस्ता प्रथा छैनन् र बहुविवाह पनि प्रचलनको रूपमा छैन। यस वर्ष भरी यहाँ ३ वटा बहुविवाहको घटना घटेको जानकारी प्रहरीले दिएको छ।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

मानिसलाई दासका रूपमा किनबेच गर्ने प्रचलन यहाँ छैन तर पनि गाउँमा धनी किसान परिवारमा हली, गोठाला (हरूवा, चरूवा) हरूले अझै पनि बाँधा जस्तै जीवन गुजार्ने गरेको देखिन्छ।

५.२ ·अन्य अमानवीय व्यवहारहरू

समाजका सबै भन्दा तल्लो तहमा रहेका र अछूत भनिने डोम, चमार, झाँगड, बाँतर, हलखोर, मुसहर, सार्की, कामी, दमाई आदि जातिहरू अझै पनि समाजबाट तिरस्कृत र बहिष्कृत भएरै जीवन गुजार्न बाध्य छन्।

६. आदिवासी अधिकार

यस जिल्लाका आदिवासी झाँगड र बाँतर हुन्। उनीहरू धनुषा जिल्लाको औराहा गाविसमा जम्मा २५/३० घर र रघुनाथपुरमा १२/१३ घर मात्र रहेका छन्। उनीहरूको जीवनयापन पद्धति पछौटे स्तरमै छ र त्यसमा कुनै परिवर्तन आएको छैन।

७. बालअधिकार

ठूला कारखानामा बाल मजदूरहरू नदेखिएका भए पनि होटल र गाउँका जमिन्दार एवं घरानिया वर्गमा काम गर्न राखिएका बालबालिकाहरू अत्यधिक शोषित छन्। पढ्न पाउने बालअधिकारबाट वञ्चित छन्। होटलमा काम गर्ने बालमजदूरहरू विशेष गरी जनकपुर, महेन्दनगर, ढल्केवर, लालगढ, गोदार, खजुरी, सबैला आदि ठाउँहरूमा गरेर ३/४ सयको संख्यामा रहेको अनुमान छ। उनीहरू विहान ६ बजेदेखि राती १० बजेसम्म काम गरेवापत खान र महिनाको रू. २/३ सय मात्र तलब पाउने गर्दछन्।

अतिरिक्त जानकारी

यस जिल्लाको उमाप्रेमपुर गाविसमा असई धिरेन्द्रकुमार सिंह सहित स्थानीय बासिन्दा श्यामसुन्दर मिश्र, रामसुन्दर मिश्र, महेन्द्रकुमार मिश्र लगायतका व्यक्तिहरूको संरक्षणमा गाँजा खेती लगाउने गरेको जानकारी स्थानीय जनताबाट पाइयो। सोही गाविसको रामचन्द्र दासले विभिन्न सम्वन्धित निकायमा दिएको निवेदन अनुसार गाँजा खेती लगाउन दिए वापत धिरेन्द्रले प्रति कठ्ठा रू. २ हजार र श्यामसुन्दर मिश्र लगायतका व्यक्तिहरूले रू. २ हजार कमिशन खाने गरेका छन्। श्यामसुन्दर मिश्र लगायतका ३ जनाले हरिपुर गाउँदेखि पूर्वपट्टिको बगैचामा गाँजा खेती लगाउने गरेको कुरा पनि उक्त निवेदनमा उल्लेख गरिएको छ। उमाप्रेमपुर-३ र ४ मा मात्र २० बिघाभन्दा बढीमा गाँजा खेती लगाइएको बताइन्छ। गाँजा खेती गर्ने नयाँ तरिकाको रूपमा उखुको बारी भित्र भ्वाट्ट नदेखिने गरी लगाउने गरिएको छ। यस्तो खेती धनुषाका अन्य गाविसहरूमा पनि लगाउने गरेको पाइएको छ।

यसको अलावा असई धिरेन्द्रकुमार सिंहको डाँकाहरूसंग पनि साँठगाँठ रहेको कुरा गणेशी दास भन्ने डाँकालाई लेखेको पत्रले औंल्याउँछ र सो पत्रको फोटोकपि वर्ष पुस्तकलाई समेत प्राप्त भएको छ। गणेसी दास डाँका काण्डमा सजाय पाई कैद भोगी आएका व्यक्ति हुन् र असई धिरेन्द्रकुमारले चोर छोडेवापत आफूले पाउनु पर्ने रकम पठाइ दिन गरेको आग्रह गणेशीलाई लेखेको चिठ्ठीको व्यहोराद्वारा झल्किन्छ। ❑



२. मध्यमाञ्चल

जनकपुर

२.२ महोत्तरी

जनसंख्या : ४४०१४६
साक्षरता : २५.७ प्रतिशत
महिला साक्षरता : १३.७ प्रतिशत
क्षेत्रफल : १००२ वर्ग कि.मी.

तराई र भित्री मधेशलाई छुट्याउने चुरे पहाडको श्रृंखलादेखि भारतको विहार प्रान्तसम्म उत्तर दक्षिण फैलिएको यो जिल्ला समथर भू-भागमा रहेकोछ। प्रमुख नगदेवालीमा धान, गहुँ, उखु आदि उब्जनी हुन्छ। बहुसंख्यक जनता कृषिमा आधारित छन्। मानवअधिकारको दृष्टिले हेर्दा जनताको चेतना स्तर अत्यन्त न्यून रहेका कारण उनीहरू संविधानले दिएका अधिकारहरूको समेत प्रयोग गर्न नसकी रहेको स्थिति देखिन्छ। राजनैतिक प्रतिशोध, व्यक्तिगत रीस-इबी आदि कारणबाट पनि नागरिक अधिकार हनन भएको पाइयो।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यसवर्ष यहाँ प्रशासनिक बल प्रयोगद्वारा नागरिकहरूको हत्या भएको घटना जानकारीमा आएन। तर व्यक्तिहरू बीचको आपसी झगडाले केही नागरिकहरू मारिए।

सरपल्लो-५, जाउख बस्ने मलादा दिछियादेवी सहनीलाई परमेश्वरीदेवी मलादिन, हुलास सहनी मलाहा, देवनन्दन सहनी मलाहा र कुमार मलादिनले कुटपिट गरी ०५० भदौ ३ गते हत्या गरे। अभियुक्तहरूमध्ये केहीलाई पक्राउ गरी कार्वाही भइरहेको छ।

सोनमा-५ बस्ने शिक्षक ललेन्द यदवले आफ्नै छोराछोरीलाई ०५० जेठ १ गते हत्या गरे। १० वर्षीय छोरा दीपककुमार यादव र ८ वर्षीया छोरी रिताकुमारीलाई खुकुरीद्वारा हत्या गरे पछि उनी स्वयं पनि गाउँ नजिकैको बगैंचामा झुण्डिएर आत्महत्या गरे। भनिन्छ उनी आफ्ना पिताको दुर्व्यवहार र पत्नीको उपचार गर्न नसकेको पीडाले आत्महत्या गरेका हुन्।

१.२ जेल

जलेश्वरस्थित महोत्तरी जेल वि.सं. १९९३ मा निर्मित "ख" श्रेणीको कारागार मानिन्छ। कूल क्षमता १३५ भए पनि यहाँ सरदर २ सय भन्दा बढी बन्दी थुनिने गरेको पाइन्छ। जलेश्वर नगरको ४ नं.मा करीब १ बिघा १० कट्ठा क्षेत्रफलमा रहेको यो जेल धनुषाका निम्ति पनि प्रयोग गरिन्छ। हाल १८३ जना बन्दी यहाँ छन् र ती मध्ये ९४ बन्दीहरू आरोपित छन्, कूल बन्दीमा एकजना मात्र महिला छिन्। केटाकेटी छैनन्। एकजना कुष्ठरोगी पनि यहाँ छन्। जेलको भवन २ वटा छ। महिलाहरूका निम्ति छुट्टै कोठाको व्यवस्था छ तर त्यो पर्खाल बाहिर छ। जेलभित्र चर्पीको व्यवस्था छ - भित्र ६ वटा बाहिर २ वटा तर त्यसको निकास खुला भएकोले दुर्गन्धिले दुःख दिएको छ। धारा पाँचवटा छन्। प्रौढ शिक्षा संचालित छ। उत्पादनमूलक कार्य संचालित छैनन्। गत वर्ष साबुन बनाउने शीप सिकाई तालिम दिइए पनि उनीहरूलाई त्यस काममा लगाइएको छैन। उपचारको व्यवस्था छैन। यदाकदा बन्दीहरूलाई यातना पनि दिइन्छ। अधिवक्ता मदन थापाको शब्दमा - "जलेश्वर जेललाई नर्क भन्दा ठीकै हुन्छ।"

१.३ गिरफ्तारी र यातना

यसवर्ष यहाँ नेकपा संयुक्तका सदस्य - करूणा निवासी रामसोगारथ चौधरीलाई ०५० जेठ १३ गते बिनापूर्जी पक्राउ गरी केही दिन थुनेर छाडियो। उनलाई सो पार्टीद्वारा जेठ २२ गते आयोजना गरिने भनेको विरोध प्रदर्शन बिफल बनाउन पक्राउ गरिएको थियो।

टनकपुर प्रकरणमा प्रधानमन्त्रीसंग राजीनामा माग्दै विरोध प्रदर्शन गर्दा ०५० भदौ १८ गते एमालेका कार्यकर्ता

	घटना संख्या	
घटनाको प्रकृति	**१९९२**	**१९९३**
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	-
बलात्कृत	-	५
आत्महत्या		८

जलेश्वर जेल भवनको एक भाग

बालकृष्ण ढकाल, गंगा तिवारी, तेजेन्द्र यादव, रामदयाल मण्डल र तुलसीलाई पक्राउ गरियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

यस सम्बन्धमा प्रत्यक्ष हस्तक्षेपका घटनाहरूबारे जानकारी प्राप्त भएन। यद्यपि विरोध प्रदर्शनका क्रममा गिरफ्तारी भएका घटनाले यस अधिकारको उपभोगमा प्रशासनले बाधा पुऱ्याएको तथ्य तर्फ संकेत गर्दछ।

२.२ धार्मिक स्वतन्त्रता

मूलतः धार्मिक सहिष्णुता रहेको छ। यहाँ हिन्दू, मुश्लिम, कवीर पन्थ, रजनीश मार्गी, बालयोगेश्वर पन्थहरू रहेका छन्।

२.३ राजनैतिक स्वतन्त्रता

उल्लेखित बाहेक प्रशासनिक हस्तक्षेपका घटनाहरूको जानकारी प्राप्त भएन। यद्यपि सोन्मा गाविसका नेकपा (एमाले) समर्थक पुलकित ठाकुरलाई कम्युनिष्ट भएको कारण कांग्रेस समर्थक गाउँलेहरूले जातपानी काडेर समाजबाट बहिष्कृत गरेका थिए। पुलकित ठाकुरले जिल्ला प्रशासन कार्यालयमा उजुरी समेत दिए। प्रशासनको प्रयासका बावजुद अझै उनलाई गाउँमा बस्न कठिन छ। ठाकुरको भनाईमा कांग्रेस समर्थक केही व्यक्तिहरूले उनको घरको छानामा राती राती ढुङ्गा हान्ने र फोहोर पदार्थ समेत फाली दिने गरेका थिए। यसरी राजनीतिक कारणबाट ठाकुरलाई जातपानी काट्ने कुरा उनको राजनैतिक अधिकारको हनन मान्न सकिन्छ।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यहाँ निष्पक्ष न्याय सम्पादनमा अर्धन्यायिक निकायबाट समस्या देखा परेको पाइयो। वि.सं. ०४७ सालमा गरिएको कुटपिटबाट सोही साल पुस ९ गते काठमाडौं वीर अस्पतालमा उपचार गर्दा गर्दै मृत्यु हुन पुगेका मखन पासवानको हत्या सम्बन्धी घटनामा जिल्ला प्रशासन कार्यालय महोत्तरीले २ वर्ष ४ महिनासम्म कार्वाही नै नचलाई राख्यो र यस वर्ष ०४९ बैशाख ११ गते सर्वसाधारणलाई थाहा नै नदिई राती सर्जमीन तयार गरेर मुद्दा फिर्ता लिन बाध्य पारिएको पाइयो। लोग्नेको मृत्यु पश्चात एस.पी. कार्यालय महोत्तरी जलेश्वरमा उजुरी दिएकी मखन पासवानकी पत्नी तेतरीदेवीले मुद्दा फिर्ता लिएकी छन्। भनिन्छ पासवानलाई कुटपिट गर्नेहरूमा नेपाली कांग्रेसका राष्ट्रिय सभाका सांसद महेन्द्रकुमार मिश्र र मिसरूद्दिन लगायत सोही गाउँका १०/१२ जना व्यक्ति थिए। ०४९ बैशाख ११ गते राती महेन्द्र मिश्र र एस.पी. देवेन्द्र मल्ल इलाका प्रहरी कार्यालय लोहारपट्टी गई झुठो सर्जमीन तयार गरेका थिए भन्ने गाउँलेहरूको भनाई छ। उक्त सर्जमीन भएको जानकारी १२ गते विहान ९ बजे मात्र गाउँलेहरूले थाहा पाएका थिए। सर्जमीनमा नेपाली कांग्रेसबाट विजयी गाविस अध्यक्ष समेत उपस्थित थिएनन्। यसरी २ वर्ष ४ महिनासम्म प्रहरीले जाहेरी उपर कार्वाही नचलाउनु र

गाउँलेहरूलाई थाहै नदिई सर्जमीन गराई दबाव दिएर मुद्दा फिर्ता लिन लगाउनु व्यक्तिको नागरिक अधिकार हनन गरिएको हो भन्ने ठहर जिल्लाबासीहरूको रहेको छ।

न्यायिक निकायमा यसवर्ष कूल ८७४ मुद्दाहरू परे। गतवर्ष फर्स्यौट हुन नसकी जिम्मेवारीमा आएका १६०८ मुद्दा सहित कुल २४८२ मुद्दामा ७८५ फर्स्यौट भई १६९७ मुद्दा फर्स्यौट हुन बाँकी रहेको पाइयो।

प्रहरी कार्यालयमा यसवर्ष ५२ वटा सार्वजनिक अपराधका घटना दर्ज भए। ती मध्ये ९ वटा जिल्ला प्रशासन कार्यालयको विवरणमा उल्लेख छ। जम्मा २५ विषयमा मुद्दा परेकोमा सबभन्दा बढी सार्वजनिक अपराध देखिन्छ र त्यसपछि भवितव्य ज्यान २७, कर्तव्य ज्यान ८, सवारी ज्यान ७, हत्या प्रयास ४, डाका ४, गोवध २, गर्भपतन १, धर्म परिवर्तन १ रहेका छन्।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा ठूलो संख्यामा सुकुम्बासी समस्या नदेखिएको भए पनि सुकुम्बासी समस्या समाधान भैसकेको छैन। खासगरी चुरे पहाडको छेउ, छाउ र खोलाका किनारहरूमा झुप्रा छाप्रा बनाएर उनीहरूले गुजारा गरिरहेका छन्। विशेष गरी अछूत भनिने डोम, चमार, हलखोर, मुसहर, खत्वे, अघोरी आदि सुकुम्बासी अवस्थामा रहेका छन्। उनीहरू गाउँ, बस्ती, साहु-महाजन र जमीन्दारहरूको जमिनमा झुप्रो बनाएर बसिरहेका छन्। सुकुम्बासी बसेका बस्तीहरूमध्ये रानीवास, खयरमारा, गौरीडाँडा आदि प्रमुख छन्।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

महिला किनबेचका घटना जानकारीमा आएन। बलात्कारका घटनाहरू भने प्रहरी सूत्रका अनुसार ५ वटा घटेको पाइयो। प्राप्त जानकारी अनुसार गौशाला बजारमा ०४९ चैत ४ गते एउटी ६ वर्षीया बालिकालाई भारत सीतामढीको छेदी मण्डल धानुकले बलात्कार गऱ्यो। जलेश्वर नगरपालिका-४ की एक ७ वर्षीया बालिकालाई सोही ठाउँको रामेश्वर चौधरीले ०४९ चैत २ गते बलात्कार गऱ्यो। अभियुक्तले प्रहरीमा अपराध स्वीकारेको भए पनि हाल ऊ रिहा भइसकेको छ। प्रहरीमा दर्ज अभिलेखले भने यसवर्ष यहाँ महिला किनबेचको एउटा घटना घटेको देखाउँछ।

४.२ जारी, बहुविवाह, देउकी, बादी आदि समेत

जारी प्रथा यहाँ छैन। बहुविवाहको घटना पनि यसवर्ष जानकारीमा आएन। प्रहरीको अभिलेखबाट भने २ वटा बहुविवाह र गर्भपतनको एउटा घटना घटेको देखिन्छ।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यहाँ दासत्वको अवस्थामा रहेका मानिसहरू रहेको जानकारी प्राप्त भएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

तराईका अन्य जिल्लाहरूमा झैं यस जिल्ला पनि छुवाछूतको सामाजिक स्थिति र अछूत जातिको जीवनयापनको स्थितिमा कुनै परिवर्तन आउन सकेको छैन। यस जिल्लामा रहेका खासगरी डोम, दुसाद, खत्वे, अघोरी, हलखोर, चमार, मुसहर, दमाई, कामी र सार्कीको जीवन पुरानै तौरतरीकाबाट चलिरहेकोछ। यस जिल्लामा भुमिहार, ब्राम्हण, मुसलमान र यादवलाई छोडी दिने हो भने अन्य जातिको संख्या १३२४८९ रहेको छ।

६. आदिवासी अधिकार

आदिवासी अवस्थामा रहेका मानिसहरूबारे उल्लेख्य जानकारी प्राप्त भएन।

७. बालअधिकार

बाल मजदूरका रूपमा कार्यरत बालबालिका प्रशस्त पाइन्छन्। उनीहरू जलेश्वरका होटल एवं गाउँका साहु जमिन्दार घरानामा कामदारको रूपमा रहेका छन्। उनीहरूले खान र मासिक २/३ सय भन्दा बढी पारिश्रमिक पनि पाउँदैनन्, शिक्षा-दीक्षाको त झन संभावना नै रहेन।

अतिरिक्त जानकारी

पिपरारी गुठीको २८ बिगाहा भन्ने टाउँमा "बी.पी. ग्रामीण आवास" को नाममा भएको सार्वजनिक जग्गा अतिक्रमणको घटनामा त्यसो नगर्नका निम्ति संझाउन गएका प्रजिअ दुर्गाप्रसाद पोखरेल र एस.पी. जयसिंह थापालाई ०५० बैशाख २५ गते आक्रोसित जनताको हुलले कुटपिट गरेको कुरा जानकारीमा आएको थियो।

यसवर्ष यहाँ ८ जनाले आत्महत्या गरे। प्रहरीबाट यसवर्ष त्यस अतिरिक्त ८ वटा कर्तव्य ज्यान र ७ वटा सवारी ज्यानका घटना घटेको जानकारी प्राप्त भएको छ।

त्रिभुवन मा.वि. गौसालाका शिक्षकहरूले ३ महिनादेखि तलब नपाएकोले ०५० भदौ ६ गतेदेखि हडताल गरेका थिए। ❑

२. मध्यमाञ्चल

जनकपुर

२.३ सर्लाही

जनसंख्या : ४९२७९८
साक्षरता : २५.८ प्रतिशत
महिला साक्षरता : १३.२ प्रतिशत
क्षेत्रफल : १२५९ वर्ग कि.मी.

चुरे पहाडको श्रृंखलादेखि भारतको विहारसम्म उत्तर दक्षिण फैलिएको पूर्वमा महोत्तरी, उत्तर सिन्धुली र पश्चिम वागमती नदीको बीचमा पर्ने सर्लाही जिल्ला तराईको सघन बस्ती भएका जिल्ला मध्येको एक हो। यसवर्ष यहाँको प्रमुख समस्या भनेकै बाढीको प्रकोप भएको छ। यद्यपि मानवअधिकारको दृष्टिले यहाँ हत्या, बलात्कार, राजनीतिक प्रतिशोध, झुठ्ठा मुद्दा, यातना एवं सामाजिक उत्पीडनका समस्याहरू पनि रहेका छन्। यस जिल्लामा मजदूर शोषण र उत्पीडनका कुराहरू पनि पाइए। अछूत भनिने जातिहरूप्रतिको भेदभाव अझै हटेको छैन।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यसवर्ष यहाँ प्रशासनले बल प्रयोग गरी नागरिकको सम्मानित रूपले बाँच्न पाउने अधिकार हनन भएको घटनाका रूपमा वरहथवा काण्ड देखा पऱ्यो। बाढी पीडित क्षेत्र सर्लाहीको वरहथवामा ०५० भदौ ७ गते प्रहरीले अन्धाधुन्द रूपमा चलाएको गोलीबाट दुईजना निर्दोष नागरिक विजय महत्तो र कपिलेदव सिंहको मृत्यु भयो। त्यस्तै शिवप्रसाद घिमिरे, राजकुमार महत्तो र भुपेन्द्र ठकुरीलाई गोली लाग्यो। वरहथवाका इन्स्पेक्टर घनानन्द भट्टको भनाई अनुसार पनि जम्मा ६५ राउण्ड गोली चल्यो जसमध्ये ४० राउण्ड हवाई फायर गरिएको थियो। तर स्थानीय पीडितहरूका अनुसार प्रहरीले हवाई फायर र गोली एकै पटक चलाएको थियो।

घटनाको प्रकृति	घटना संख्या १९९२	घटना संख्या १९९३
प्रहरीको गोलीले मृत्यु	-	२
हिरासतमा यातना	-	३
बलात्कृत	-	६
बालकद्वारा हत्या	-	१
आत्महत्या	-	-

किरण श्रेष्ठ, लोचन नेपाली र विजय रोक्कालाई प्रहरी चौकी भित्र अमानवीय दूर्व्यवहार गर्दै यातना दिएपछि त्यसप्रति शान्तिपूर्ण विरोध जनाउन जम्मा भएका जनताको भीडसंग प्रहरीको विवाद हुँदा उक्त गोली काण्ड भएको थियो। यस काण्डको सूत्रधार भने जगदिश र अच्छेलाल भन्ने व्यक्तिहरू हुन्। उनीहरूले बाढी पीडितलाई वितरण गरिने खाद्यान्नमा भ्रष्टाचार गरेको हुँदा सप्रमाण किरण श्रेष्ठ, लोचन नेपाली र विजयश्रेष्ठले चौकीमा बुझाएका थिए। प्रहरीले भ्रष्टाचारीमाथि कार्वाही नगरी उल्टै सुपुर्दगी गर्ने युवकलाई यातना दिएको हुँदा नै जनसमुदाय एकत्रित भएका थिए र विवाद भएको थियो। मृतक ३५ वर्षीय कपिलदेव सिंहको घर बरहथवा-३ मा पर्छ। उनकी एक पत्नी १ छोरा र ४ जना छोरीहरू रहेका छन्। १५ वर्षीय विजयकुमार महत्तो स्थानीय स्कूलमा कक्षा ८ मा पढिरहेका विद्यार्थी थिए। उनको घर पनि बरहथवा गाविसकै वडा नं. ३ मा पर्ने हत्तिडन्डा भन्ने ठाउँमा पर्छ। उक्त घटना घटाउने र ज्यादती गर्ने व्यक्तिहरूमाथि अझै कार्वाही भएको छैन। घटनामा गोली हान्ने आदेश डि.एस.पी.ले दिएका थिए भने इन्स्पेक्टर बालकृष्ण चौधरीले घटनालाई उत्तेजित पार्ने काम गरेका थिए। तर पछि प्रहरीले स्थानीय व्यक्तिहरू प्रदिप काफ्ले, तिर्थराज घिमिरे, इन्दु शर्मा र युगल किसोर साह आदिलाई सार्वजनिक अपराधको मुद्दा चलाए। ०५० भदौ १ गते एमाले र सरकार बीच भएको सम्झौता अनुरूप उक्त मुद्दा खारेज भएको थियो।

पिपरीया-३ का बद्री मंडल खत्वे, कासिराम यादव, भूमिपत मंडल खत्वेले सोही ठाउँका टालोदेवी र अनौठा मंडललाई ०५० जेठ २७ गते हत्या गरे। अभियुक्तहरूमध्ये बद्री मंडल खत्वे र कासिराम यादव जेलमा रहेका छन् भने भूमिपत राय यादवलाई अदालतले तारीखमा छोडेको छ। उनीहरूले सोही स्थान बस्ने छनु मंडल खत्वे भारतको पंजाबमा काम गर्न गएको अवस्थामा निजको ४० वर्षीय पत्नी टालोदेवी मंडल खत्वेसंग अनौठा मंडल खत्वेले अनुचित

बरहथवा गोलीकाण्डमा मारिएका विजयकुमार सिंह

सम्बन्ध राख्वेको फेला पारेपछि त्यसैको रीसमा टालोदेवीको हत्या गरी पस्वाला लागेर मरी भन्ने हल्ला चलाएका थिए। र अनौठा मंडल स्वत्वेलाई मारी आँपको रूस्वमा भ्ुण्ड्याएका थिए।

ईश्वरपुर-८ मा सन्तराम चौधरीको छोरा १२ वर्षीय जयनारायण चौधरीको हत्या भएको छ। हत्यापछि पक्राउमा परेका अर्जुन चौधरी, तुलसी चौधरी र अमीरी चौधरीलाई अदालतले तारीस्वमा छोड्ने आदेश दिएको छ। उनीहरूले गाउँकै अनिताकुमारी विश्वकर्मासिंग अनुचित सम्बन्ध गरेको र त्यसलाई ढाकछोप गर्न बच्चाको हत्या गरिएको हो भन्ने जाहेरी दिइएको थियो। उक्त हत्या ०५० साउन पूर्णिमाको दिन भएको थियो।

अर्जुन चौधरी र मृतकको घरसंगै जोडिएको छ। पहिले पनि मृतकको परिवार र चौधरी बीच बलेसीको कारणबाट झगडा भएको र यो हत्या पनि बलेसीको झगडाले भएको भन्ने कुरा मृतकका बाबु सन्तराम चौधरी, दाजु शिबप्रसाद चौधरी र आमा अझोलादेवी बताउँछिन्। जयनारायणको लास उनको घरभन्दा आधा कि.मी. टाढा भेटिएको थियो। उनको घाँटीमा छुरा रोपिएको थियो। र अर्को एक पक्षको भनाई भने आफ्नो कुकृत्य ढाकछोप गर्न तुलसी चौधरी, अर्जुन चौधरी र हरि चौधरीले नै मारेको हो भन्ने रहेको छ।

शंकरपुरमा आफ्नी प्रेमिका शान्ती कार्कीको अर्को व्यक्तिसँग बिहे हुन लागेको थाहा पाएपछि सोही ठाउँका श्यामबहादुर पंडितले आफ्नै घरमा सुतेको बेला ०५० बैशास्व ७ गते शान्तीलाई छुरी हानेर हत्या गरे। अभियुक्त श्यामबहादुरसँगै उनका सहयोगी सोमजंग स्वत्री र नेत्रबहादुर पास्वीनलाई पनि सबुत प्रमाण सहित प्रहरीले पक्राउ गरेको थियो। तर उनीहरू अहिले अदालतको आदेशबाट तारीस्वमा छुटेका छन्।

ईश्वरपुर-४ बस्ने ४२ वर्षीय हरिबहादुर लामाले उनका साथी बाबुराम श्रेष्ठ समेत भै आफ्नी भाञ्जी १० वर्षीया सानुमाया गोलेलाई ०५० साउन ३० गते मकै बारीमा लगी बलात्कार गरेर हत्या गरेका थिए। हरिबहादुरलाई २० वर्षको सजाय तोकिएको छ। बाबुराम श्रेष्ठ भने अदालतको फैसलामा कैदबाट छुटेका छन्। विवरण प्राप्त यी हत्याका घटनाको अतिरिक्त प्रहरी तथा अदालतबाट उपलब्ध सूचनामा यसवर्ष यहाँ २० वटा हत्याका घटना घटेको देखिन्छ। यी घटनाले नागरिकहरूको बाँच्न पाउने अधिकारलाई हनन गरेको छर्लंग्याउँछ।

१.२ जेल

वि.सं. १९९० सालतिर बनेको कारागार शास्वा मलंगवाको भवन जीर्ण अवस्थामा छ। जम्मा १०० जना बन्दी रास्व्ने क्षमता भएको र हाल पुरूष, महिला बन्दी र कैदी गरी ८६ जना रहेको यस जेलमा २ वटा भवनहरू रहेका छन्। र करीब १० कठ्ठा क्षेत्रफल ओगटेको छ। कूल बन्दीमा ५१ आरोपित छन्। ८ जना महिला र १ नाबालक केटी छिन्।

यस जेलभित्र ९/१० वर्षसम्म मुद्दा फैसला नभएका बन्दीहरू पनि छन्। महोत्तरी सोन्माका ननिपत महत्तो ९ वर्षसम्म र भोला राय कुर्मी १० वर्षसम्म मुद्दा फैसला नभएका बन्दीहरू हुन्। उपचार अभावमा छटपटाएकी दमको विरामी एक बन्दी महिला छिन् र टाउकोको विरामी गीता श्रेष्ठ जेलभित्रै तड्पी रहेकी छिन्। उनीहरूको स्थानीय रूपमा

मलंगवा जेल : जीर्ण अवस्थामा

उपचार हुन सक्दैन। अहिले जेलले तिर्नु पर्ने ५५ हजार औषधिको रकम अझै तिर्न नसकेको कुरा जेलरले बताएका छन्। यहाँको जेलभित्र रेडियो, टिभी निजी स्रोतबाट उपलब्ध गराइएको छ।

कांग्रेस र कम्युनिष्ट पार्टीबाट राजनीतिक बन्दीको रूपमा सिफारिस गरिएका हरेराम राउत, पानबहादुर मुक्तान, वीरबहादुर स्याङदान, पूर्णबहादुर विश्वकर्मा, नैनबहादुर तामाङ्ग, रामबाबु राय, नसिर सेख र शंकर के.सी.को सम्वन्धमा कुनै कार्वाही भएको छैन। यहाँ सुरक्षाकर्मीहरूको स्थिति समेत नाजुक छ। २५ जना सुरक्षाकर्मीको दरबन्दी रहेको जेलमा उनीहरूको प्रयोगका निम्ति १० वटा मात्र खाट राख्ने ठाउँ छ। जेलभित्र उपचार र चामल राम्रो नदिएको कारण केही महिना अगाडि बन्दीहरूले विरोध र हड्ताल समेत गरेका थिए। त्यसपछि उनीहरूका केही माग पूरा गरिएको थियो।

१.३ गिरफ्तारी र यातना

बाढी पीडित क्षेत्र सर्लाहीको बरहथवा गाविसमा साउन ३१ गतेदेखि राहत वितरण कार्यबन्द गरिएको तर जगदिश राय र अच्छेलाल भन्ने व्यक्तिले राहतमा भ्रष्टाचार गरेको कुरा थाहा पाएपछि उनीहरूलाई छानवीनको लागि स्थानीय प्रहरी चौकीमा पुऱ्याउने किरण श्रेष्ठ, लोचन नेपाली र विजय रोक्कालाई उल्टै पक्रिएर इन्स्पेक्टर बालकृष्ण चौधरीले चौकी भित्रै निर्घात कुटपिट गरेको पाइयो। अमरदिप युवा स्पोर्ट्स क्लबसंग सम्बन्धित ती विद्यार्थीहरूलाई हातको पाखुरा चिरेर नूनचुक समेत दलेर कुटिएको थियो। कुद्दा कुद्दै किरणकुमार श्रेष्ठ बेहोस समेत भएका थिए। सो कुरा स्थानीय जनतामा फैलिएपछि इन्स्पेक्टर चौधरीलाई कार्वाही गर्नु पर्छ भन्ने माग जनताबाट उठ्यो र त्यसको विवादको कारण अर्थात साउन ७ गते साँझ ६ बजे गोली काण्ड समेत भयो र २ जना निर्दोष नागरिकको ज्यान गयो। स्थानीय चौकीले पक्राउ पूर्जी बिना सार्वजनिक अपराधको मुद्दा चलाउने बहानामा स्थानीय स्कूलमा र अन्यत्र समेत पढ्ने विद्यार्थीहरू शंकर अधिकारी, राज श्रेष्ठ, दिपबहादुर राणा, विजयकुमार साह, दिवाकर कडरिया, देवेन्द्रनाथ शर्मा, पार्वती रोक्का, इन्दु शर्मा र दानकुमारी ठकुरीलाई पक्राउ गऱ्यो र मलंगवा एस.पी. कार्यालयमा ४/५ दिनसम्म हिरासतमा राखी छाडियो।

शंकरपुर-३ का महेन्द्र साह चौधरीलाई ०५० पुस ९ गते राती काठ तस्करलाई लुकाएको आरोप लगाएर स्थानीय चौकीका हवल्दार रामइकवाल महत्तोले राती घरैबाट पक्रेर चौकीमा लगी निर्घात कुटपिट गरे। महेन्द्र साह चौधरीलाई खुट्टा बाँधेर झुण्ड्याई लट्ठी, मुक्का र लात्तीले समेत कुटिएको थियो। उनलाई पूर्जी बिना नै पक्राउ गरिएको थियो। दुवै खुट्टा सुन्निएका चौधरीलाई १० गते मलंगवा अस्पतालमा लगी उपचार गरेर छाडिएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

यसवर्ष यहाँ यो अधिकारको समेत उल्लंघन गरिएको घटना पाइयो। उदाहरण स्वरूप दासढुङ्गा काण्डलाई लिएर नेपाल बन्द गरिएको दिन असार २० गते शान्तिपूर्ण रूपमा

लालबन्दीमा भेला भएका संयुक्त जनमोर्चाका प्रल्हाद बुढाथोकी, रमेश बुढाथोकी लगायत नेकपा एमालेका पत्थरकोटका ४/५ जना कार्यकर्तालाई गिरफ्तार गरियो। बाढी पीडित नागरिकहरूले स्वान नपाएर कमैयामा गरेको चक्काजाममा लाठीचार्ज समेत भएको थियो। बरहथवा गोली काण्डको बेला कपिलदेव सिंहको लाश आफ्ना परिवारलाई जलाउन समेत नदिएर प्रहरीले मलंगवा लगेको थियो। त्यहाँ पनि उनको लाशसमेत दिन मानेको थिएन। पछि उनको दाहसंस्कार लखन्ती खोलामा गरिएको थियो भने विजयकुमार महत्तोको लाश स्थानीय जनताको साथमा रहेकोले घरमै लगेर दाहसंस्कार गरिएको थियो।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा बहुसंख्यक हिन्दूहरू र अल्पसंख्यक रूपमा मुसलमान एवं बौद्ध धर्मावलम्बीहरू बसोबास गर्दछन्। बालयोगेश्वर, कवीर, रजनीशपन्थहरू पनि पाइन्छन्। खास गरी यहाँ हिन्दू र मुश्लिम समुदाय बीचमा झगडा हुने गरेका थिए। तर यस वर्ष भने त्यस्ता अप्रिय घटनाहरू घटेका छैनन्।

०४७ कार्तिक १७ गते हिन्दूहरूको महावीरको झण्डामा मुसलमानले पिसाब फेरे भनेर घटनालाई लिएर हरिवन बजारमा भएको हिन्दू-मुश्लिम दंगामा दुईजना मुश्लिमहरू शेखनुर महम्मद र नुर हसनको हत्या समेत भएको थियो। सो हत्या काण्डमा मुछिएका तिलकराम पोखरेल, बाबुराम पोखरेल, जनकप्रसाद उप्रेती, कुलप्रसाद भट्टराई, रामनरेश चौधरी, प्रभुकान्त झा, सूर्यकान्त ओझा, खड्कबहादुर कार्कीहरू धरौटीमा छुटी सकेका छन् तर धरौटी राख्ने क्षमता नभएका पद्मबहादुर विश्वकर्मा भने अझै जेलमा नै छन्। मुश्लिमहरूको आक्रमणबाट विश्वकर्मा घाइते समेत भएका थिए। राप्रपा र एमालेका मानिसहरूलाई मात्र उक्त मुद्दा लगाइएको देखिन्छ। गोढैतामा पनि हिन्दू मुश्लिमहरूको विद्वेषका कारण पहिले पहिले केही घरमा आगो लगाइएको पाइन्छ। तर यसवर्ष भने धार्मिक कलह पाइएन। सबैमा सहिष्णुता रहेको पाइयो।

२.३ राजनैतिक स्वतन्त्रता

जनताको राजनीतिक स्वतन्त्रतालाई कुण्ठित गर्ने त्यस्ता उल्लेखनीय घटनाहरू नघटेका भए पनि सत्ताधारी र शक्ति सम्पन्न व्यक्तिहरूले कतै कतै झुट्ठा मुद्दा लगाउने, कुटपिट गर्ने, धम्की दिने जस्ता घटनाहरू घटेका छन्। शिक्षकहरूलाई उनीहरूको राजनीतिक स्वतन्त्रताबाट बंचित गरिएको छ र उनीहरूलाई राजनीतिक रूपले सरुवा, घटुवा, बढुवा गर्ने जस्ता कार्यहरू समेत कतै कतै देखिएका छन्।

इन्दुशंकर चिनी मिल हरिवनले राजनीतिक पूर्वाग्रहको कारणबाट रामचन्द्र दास लगायत ५ जना मजदूरलाई निष्काशन गरेको छ। त्यसको विरोधमा मजदूरहरूले विरोध प्रदर्शन समेत गरेका थिए तर अझै निष्काशित मजदूरलाई पुनर्वहाली गरिएको छैन।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

गरिबी, अशिक्षा, अज्ञानता र प्रशासनिक ढिलासुस्तीको कारण यहाँ बहुसंख्यक नागरिकले निश्पक्ष र न्यायिक अधिकारको उपयोग गर्न पाएका छैनन्। शक्ति र पैसाको बलमा अपराधीहरू छुट्ने र निर्दोष नागरिकहरू फँस्ने स्थिति देखिएको छ। यसवर्ष मात्र १२३ वटा गाली-बेइज्जती मुद्दा अदालतमा दर्ता भएको कुराले यही दर्शाउँछ। त्यस्तै गरी २० वटा ज्यान सम्बन्धी मुद्दा यस वर्ष अदालतमा आए। अघिल्लो वर्षका सहित २७ वटा ज्यान सम्बन्धी मुद्दाहरू अदालतले फैसला गरेको छ। त्यस्तै गरी सर्लाहीको अदालतमा ११३ किर्ते-ठगीका मुद्दाहरू दर्ता भएका छन् र अघिल्लो वर्ष सहित ११७ वटा फर्स्यौट पनि भैसकेका छन्। त्यस्तै चोरीको २० वटा मुद्दा प्रहरीले दर्ता गरेकोमा १३ वटा मुद्दा मात्र फैसला भएको बताइन्छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा गत वर्ष भूमिहीन तथा सुकुम्बासी समस्या विकराल थिएन तर यसवर्ष भने केही गंभीर बनेको छ। एकातर्फ पहिलेदेखि नै रहँदै आएको सुकुम्बासीहरूको समस्या हल नहुनु अर्कोतर्फ यस वर्ष साउन ५ गते आएको वागमती नदीको प्रलयकारी बाढीले गर्दा थुप्रै मानिसलाई सुकुम्बासी र भूमिहीन बनाउनुले पनि यो समस्या विकराल हुन पुगेको छ। यहाँ यस वर्ष नदी कटानमा परेर २३ हजार ४ सय ९१ बिघा जग्गा क्षति भएको छ भने ७ हजार ३ सय १९ घरहरू पूर्ण रूपले क्षति भएका छन् र १० हजार २६ घरहरू आंसिक क्षति हुन पुगेका छन्।

यसको अलावा शंकरपुर राजघाट, कमैया, दुङग्रे खोला, नेत्रगंज, पत्थरकोट, नारायण खोला परवानीपुर, कालीन्जोर आदि गाविसहरूमा पहिलेकै सुकुम्बासीहरूको समस्या पनि विद्यमान देखिन्छ। अर्कोतर्फ तराईका दक्षिणी क्षेत्रमा बसोबास गर्ने मुलतः मुसहर, डोम, चमार, हलखोर, जस्ता जातिहरू भूमिहीन र सुकुम्बासीको रूपमा नै जीवन गुजारा गर्दै आएका छन्। उनीहरू धनी किसान, जमिनदार र सार्वजनिक, गुठी एवं ऐलानी जमिनमा झुप्रा छाप्रा बनाएर बसेका छन्। अहिले पुनः बाढीको कारण थपिएका सुकुम्बासीहरूको संख्या लगभग १० हजार रहन गएको छ। यसलाई सुकुम्बासी समस्या समाधान आयोगले अत्यन्त थोरै संख्यामा देखाएको भएता पनि वास्ताविकता त्यस्तो छैन। बाढीको कारणबाट जन्मिएको सुकुम्बासी समस्या अत्यधिक रूपमा यहाँको कमैया, शंकरपुर, राजघाट, हजारीया, दुंग्रेखोला, लगायतका गाउँमा देखिएको छ भने दक्षिणतिरका वागमती नदीका किनारमा रहेका छटौल जस्ता गाउँहरूमा पनि अत्यधिक रहेको छ।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

महिला किनबेचको घटना यस वर्ष जानकारीमा आएन। ६ वटा भन्दा बढी महिलाहरू बलात्कृत भएको र बलात्कारपछि २ जनाको हत्या समेत भैसकेको घटना भने जानकारीमा आएको पाइयो।

कर्मैया-१ की एक ७ वर्षीया एक बालिकालाई ड्राइभर विजय मल्लले ०५० मंसीर १४ गते साँझ उनका बाबुआमा फिल्म हेर्न गएको मौका छोपी डेरामै बलात्कार गरेको थियो। बालिकाका बाबुले प्रहरी चौकी (कर्मैया) मा जाहेरी दिएका छन्। अभियुक्त ड्राइभर फरार छ।

हजारिया-७ का उपेन्द्र महत्तोले सोही ठाउँकी एक युवतीलाई ०५० जेठमा बलात्कार गरेको थियो। अभियुक्तलाई हाल कानूनी कार्वाहीका निम्ति थुनामा राखिएको छ।

महिला सम्बन्धी समस्यामा यसवर्ष अदालतमा ११ पारिवारिक झगडा र १ गर्भपतनको मुद्दा दर्ज भएको पाइयो।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

जारी एवं देउकी प्रथा यहाँ पाइएन। बहुविवाहको घटना पनि उल्लेख्य रूपमा पाइएन।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यस जिल्लामा दासत्वको समस्या देखिँदैन तर पनि गाउँका सामन्त, ठालु र जमिन्दारहरूले नोकरका रूपमा बाँधा जस्तै राख्ने गरेको पाइन्छ। पुरूषलाई हरूवा राखेमा महिलाहरूले पनि सँगै काम गर्नु पर्छ।

५.२ अन्य अमानवीय व्यवहारहरू

यो जिल्लामा कामी, सार्की, दमाई, मुसहर, चमार, डोम, दुसाद, खत्वे, हलखोर, अधोरीआदी अछूत भनिने जातिहरू रहेका छन्। समाजमा उनीहरू तिरस्कृत छन्। उनीहरू मानवअधिकारको उपभोगबाट बञ्चित रहेका छन्।

६. आदिवासी अधिकार

यस जिल्लामा बसोबास गर्ने आदिवासीमा केही थारू र दनुवारहरू छन्। तर विकासको दृष्टिले पछि परेकै कारण उब्जिएका समस्याहरू देखा परेका छैनन्। यद्यपि समाजको माथिल्लो वर्गले उनीहरूमाथि गर्दै आएको शोषणको स्थिति भने कायमै छ।

७. बालअधिकार

यस जिल्लामा बाल शोषणको रूपमा खासगरी होटलमा काम गर्ने बाल मजदूरहरू रहेको देखिन्छ। ती बाल मजदूरहरूलाई विहान ६ बजेदेखि राती ९/१० बजेसम्म काममा लगाइन्छ। तर खाना बाहेक उनीहरूलाई २ देखि ३ सय रकम मात्र तलब दिइन्छ। यस्ता बाल मजदूरहरू बरहथवा, हरिवन, लालबन्दी, मलंगवा, हरिपुर जस्ता ठाउँहरूका समेत जोड्ने हो भने झण्डै २/३ सय पुग्दछन्। अर्कोतर्फ बालबालिकालाई गाउँका धनी किसानहरूले हरूवा, चरूवा (गोठाला) को रूपमा राखी शोषण गर्ने गरेको पाइन्छ।

यस जिल्लाको सलेमपुर-३ मा दुई जना बालकद्वारा १ बालककै हत्या भएको छ। ५ वर्षीय बालक सबुरूद्दिन अन्सारीलाई टाउकोमा ईँटाले हिर्काइ हत्या गर्ने १५ वर्षीय अलि अख्तर अन्सारी र १० वर्षीय हसन अन्सारीलाई पक्रिएर मलंगवा जेलमा ०५० जेठ देखि पुससम्म थुनिएको थियो। उनीहरूले ०५० जेठ २१ गते गाउँ नजीकैको कन्यामाईको बेलघारीमा लगी सवरूद्दीनलाई ईँटाले हानेर मारेका थिए।

अतिरिक्त जानकारी

यस वर्ष बाढीबाट सर्वाधिक पीडित जिल्लाको रूपमा रहेको सर्लाही जिल्लामा ०५० साउन ५ गते उर्लिएको वागमतीको बाढीले ८ सय ७ जना (हराएको समेत गरी) व्यक्तिले जीवन गुमाउनु पऱ्यो। बाढीले १७ हजार ७ सय ३६ भन्दा बढी पशुप्राणीहरू, ३३ वटा पक्की पुल, ४८ वटा काठका पुल, १ सय २७ वटा कल्भर्ट, १ सय १६ वटा कुलो नहर, ४० वटा बाँधा, २ सय ६६ ठाउँमा सडक, १ सय १७ वटा मठमन्दीर धर्मशाला एवं ४७ वटा सरकारी कार्यालय र ७१ वटा स्कूल भवनहरू क्षतिग्रस्त वनायो। जम्मा २३ हजार ४ सय ९० बिघा जमीन नदीले कटान गऱ्यो। १२०५०.७७२ हेक्टर जमिन बालुवाले पुरियो र २४,३४२.१२ हेक्टर जमिनमा लगाएको बाली नष्ट भयो। सर्लाहीका १ सय गाविस र १ नगरपालिका मध्ये ५१ वटा गाविस बाढीबाट प्रभावित वन्नपुगे। ६ वटा गाविसहरू, कर्मैया, शंकरपुर, राजघाट, हजारिया, मुर्तिया र बरहथवा अत्यधिक रूपमा प्रभावित हुन पुगे। शंकरपुरको वडा नं. २ बाट मात्रै १ सय ६५ जना व्यक्तिको मृत्यु हुन पुग्यो। र यस वर्ष करीव २ लाख भन्दा बढी यस जिल्लाका नागरिकहरूले यो बाढीको पीडा सहन गर्नु पऱ्यो। ❑



२. मध्यमाञ्चल

जनकपुर

२.४ सिन्धुली

जनसंख्या : २२३९००
साक्षरता : ३२.६ प्रतिशत
महिला साक्षरता : १७.४ प्रतिशत
क्षेत्रफल : २४९१ वर्ग कि.मी.

सिन्धुली जिल्ला जनकपुर अञ्चल अन्तरगत भित्री मधेशमा पर्ने एउटा जिल्ला हो। भौगोलिक दृष्टिकोणले तुलनात्मक रूपमा विकट रहेको यस जिल्लामा महेन्द्र राजमार्गबाट सदरमुकाम जोड्ने एउटा मोटर बाटो त छ तर हिउँदको करिव चार महिना मात्र मोटरहरू चल्ने गरेका छन्। २ वटा क्याम्पस र २५ वटा मा.वि. भएर पनि नागरिकमा शैक्षिक चेतना न्युन नै रहेको पाइन्छ। यस जिल्लामा औद्योगिक कारखाना केही नभएकोले धेरै नागरिकहरू रोजगारका निम्ति जिल्ला बाहिर जाने गरेका छन्।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यस वर्ष प्रहरी प्रशासनद्वारा भएको जघन्य गोलीकाण्डको घटनाले सिन्धुली जिल्ला पनि चर्चित रहयो। ०४९ फागुन २२ गते घटेको त्यस गोलीकाण्डमा परी १५ वर्षीया छात्रा सम्झना दाहालको मृत्यु भयो। टनकपुर सम्बन्धमा सर्वोच्च अदालतले गरेको फैसलाका आधारमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले राजीनामा दिनु पर्छ भन्ने माग सहित चार वामसमुहको विभिन्न चरणका कार्यक्रम अन्तर्गत सो दिन केन्द्रीय सचिवालय सिंहदरवारदेखि जिल्लाका प्रमुख जिल्ला अधिकारीको कार्यालयमा शान्तिपूर्ण धर्ना दिने कार्यक्रम थियो। यस जिल्लामा पनि धर्ना बसेका राजनैतिक कार्यकर्ता र जनसमूहमाथि उक्त दिन १०.४५ बजे प्रहरीले गोली चलाउँदा गोली लागेपछि उपचारार्थ जनकपुर लाँदा लाँदै बाटैमा सम्झनाको मृत्यु भएको थियो।

त्यसै दिन सोही समयमा प्रहरीको गोलीबाट वासु देवकोटालाई पिंडुलामा र ध्रुव देवकोटालाई कानको लोतीमा गोली लागेको थियो। घाइतेहरूलाई अस्पताल लैजान गाडीमा राख्न जाँदा ३ बजे कुलप्रसाद शर्मालाई कुममा गोली लागेको थियो। त्यस्तै अन्य दशौं व्यक्तिहरू प्रहरीको यातना र दमनको शिकार भए।

सो गोलीकाण्डका सम्बन्धमा ४ वटा मानवअधिकार सम्बन्धी संस्थाहरू मासम, इन्सेक, सिभिक्ट र इन्हुरेडले घटनास्थलमै पुगी विस्तृत रूपमा अध्ययन अनुसन्धान गरी एक प्रारम्भिक प्रतिवेदन प्रकाशमा ल्याएका थिए। सो प्रतिवेदनमा घटनासंग सम्बन्धित पिडक र पीडित पक्ष, राजनैतिक दलहरू, प्रहरी प्रशासन, अन्य गैर सरकारी संस्था, जनसाधारण र बुद्धिजिवीहरूको प्रतिकृयाका आधारमा भागिरहेका मानिसहरूमाथि गोली नै चलाउनु पर्ने स्थिति नभएको अवस्था को ठहर गर्दै निष्पक्ष न्यायिक जाँच आयोगको गठन गरी तथ्य पत्ता लगाउने राय दिएको थियो।

सो घटनाको तथ्यबारे जानकारी लिन सिन्धुली पुगेको मानवअधिकार टोलिको एक प्रश्नमा प्रमुख जिल्ला अधिकारी रामरतन मिश्र भन्नु हुन्छ - "तोडफोड गर्ने र कार्यालयमा आउने जाने व्यक्तिहरूलाई बाधा पुऱ्याएको कारणबाट पहिला लाठीचार्ज भयो, त्यसपछि अश्रुग्याँस र गोली चलाउनु परेको हो। हुलमुलमा कस्लाई गोली लाग्यो भन्न सकिदैन।" डि.एस.पी. दीपकसेन ठकुरीका अनुसार -"हामी त आदेश मान्ने मान्छे हौं। आदेश अनुसार काम गरेका हौं। यो दुर्भाग्यपूर्ण घटना हो। म पनि मानवअधिकारवादी हुँ। तर गोली लागेका व्यक्तिलाई उपचार गर्न लैजान भ्याइएन। ३ नट ३ राइफलको गोली प्रयोग भएको थियो।"

सो घटनाका सम्बन्धमा अन्य व्यक्तिहरूको पनि गोली चलाउनु पर्ने कुनै अवस्था नभएको, २८-३० जना धर्ना बसेका ठाउँमा ६५-७० जना प्रहरी तैनाथ गरिएको, गोली

घटनाको प्रकृति	घटना संख्या १९९२	घटना संख्या १९९३
प्रहरीको गोलीले मृत्यु	-	१
हिरासतमा यातना	-	४
बलात्कृत	-	२
जिविस सभापतिको कुटाईबाट प्रहरीको मृत्यु	१	-
आत्महत्या	-	-

सिन्धुली गोली काण्ड : सम्झना दाहालको क्षतविक्षत शव

लागेका सबैलाई जनताले नै अस्पताल पुऱ्याएको भनाइ छ। नेपाली कांग्रेसका जिल्ला सदस्य पुष्प श्रेष्ठ "प्रशासनले एक कदम अगाडि बढेर कारवाही गरेकोले यो घटना घटेको" ठान्नु हुन्छ।

अन्य हत्यामा सिद्धेश्वर-७ का ६५ वर्षीया मनमाया श्रेष्ठलाई आफ्नै घरमा पति-पत्नी सुतिरहेका अवस्थामा खुकुरीले प्रहार गरी हत्या गरिएको थियो। उनको पतिलाई उपचारार्थ अस्पतालमा भर्ना गर्नु पऱ्यो। सो घटनाका अभियुक्तहरू गिरफ्तार छन्।

कल्पवृक्ष-९ का कङ्गर थिङ् र उनका छोरा ज्ञानबहादुर थिङको ०५० असोज १ गते कुटपिटको कारण मृत्यु भयो। मृतक र सोही ठाउँका शक्ति मोक्तान, बाबुराम थिङ, पंचलाल मोक्तान, बुद्धबहादुर गोले बीच बाँस काटेको कुरामा विवाद भएको थियो। उनीहरूले कङ्गर थिङ्लाई लठ्ठी र हातले कुटेको भोलिपल्ट मृत्यु भएको थियो। अभियुक्तहरूले साविति वयान दिएका छन् र उनीहरू थुनामा छन्।

हपेई-८ की मिनकुमारी पहाडीले आफ्नो पति तुलसीराम पहाडीलाई खुकुरीले हानी हत्या गरिन्। मिनकुमारीले सोही ठाउँको राजमोहन अधिकारी दनुवारसंग ०५० भदौ २ गते अवैध शारीरिक सम्पर्क राखेको देखेपछि उनका पतिले खुकुरी लिई झम्टिन आएको तर सोही खुकुरी खोसी उनले हत्या गरेकी थिइन्। मिनकुमारीको साविति वयानपछि कारवाहीका लागि थुनामा राखिएको छ।

१.२ जेल

यस जिल्लामा २०-२५ जना अटाउन सक्ने क्षमता रहेको जेलमा कहिलेकाहीं १५०-२०० सम्म बन्दीहरू राखिएको पाइन्छ। जेलको भौतिक स्वरूप र उपलब्ध सुविधा ज्यादै दयनीय छ। खानेपानीको धारा र चर्पीको व्यवस्था ठीकै छ। पत्र पत्रिका, खेलकूदको कुनै व्यवस्था छैन। पानी परेको बेला बन्दीहरू प्लाष्टिक ओड्छन् भने घाम देख्न पाउँदैनन्।

अहिले जेलमा ६१ बन्दी रहेकोमा ३ जना महिला र १ बालिका छन्। यस वर्ष जेलबाट ४५ पुरुष र १ जना महिला छुटे भने गत वर्षका ७ जना पुरुष र २ महिला बाँकी छन्। कुल बन्दीमध्ये आरोपित ५२ जना र दोष प्रमाणित ९ जना छन्।

यस वर्ष १ जना बन्दीको जेलभित्रै मृत्यु भयो।

१.३ गिरफ्तारी र यातना

यस जिल्लामा राजनैतिक प्रतिशोधबाट सत्ता पक्षले विपक्षीमाथि सार्वजनिक अपराध, वन मुद्दा र ज्यान मार्ने उद्योगहरूमा अनाहकमा फसाई गिरफ्तार गर्ने र यातना दिने गरेको पाइयो। यस सन्दर्भमा ०४९ फागुन २२ गतेको गोलीकाण्डमा धरै व्यक्तिहरूलाई गिरफ्तार गरी अमानवीय यातना दिएको घटना उल्लेखनीय छ।

सो गोलीकाण्डमा गोली लागी घाइते भएका जलकन्या गाविसका २० वर्षीय वासुदेव देवकाटालाई घाइते हुँदाको स्थितिमा समेत अस्पतालमा उपचारार्थ बस्न नदिई गिरफ्तार गरियो र ७ दिनसम्म थुनामा राखियो। देवकोटालाई खुट्टामा गोली लागेको थियो। त्यस्तै महिला नेतृ गोमा देवकोटालाई पनि प्रहरीले कुटपिट गरे। जलकन्या -१ का जनमोर्चाका जिल्ला संयोजक चित्रनारायण श्रेष्ठलाई सोही घटनाको छानवीनका निम्ति भनेर ३ महिनासम्म थुनामा राखिएको र प्रहरीद्वारा कुटपिटको निलडाम ७ दिनसम्म रहेको थियो।

जलकन्या चवौलीका वन कार्यालयका खरदार ४५ वर्षीय विष्णुप्रसाद गौतमलाई सोही घटनाको कारण जनाई १९ दिनसम्म बिनाकारण हिरासतमा राखिएको र २ दिनसम्म खान नदिएको पीडित व्यक्तिबाट थाहा भयो। हर्षाही गाविस जगाडीका ३६ वर्षीय हेमबहादुर लामालाई छानवीनको लागि भनी विशेष अदालतले थुनामा राखेकोमा पुनरावेदन अदालतले थुनामा नराख्ने भनि आदेश दिएपछि हाल तारेखमा राखिएको छ। पीडितलाई थुनामा राखिसकेको अवस्थामा पछि पक्राउपूर्जी दिइएको थियो।

सोही घटनाकै क्रममा अमलेका २१ वर्षीय पिताम्बर गौतम र महादेवस्थानका गणेश बस्नेतलाई छानवीनको लागि ३ महिना थुनामा राखियो। त्यस्तै विनोद खड्कालाई तारिखमा राखिएको छ। सिद्धेश्वर गाविसका अध्यक्ष दीर्घराज श्रेष्ठलाई



सिन्धुली गोली काण्डमा घाइते भएका बासु देवकोटा

पनि छानवीनका लागि ३ महिना थुनामा राखियो। महादेवस्थानका २५ वर्षीय डम्वर बहादुर थापालाई १९ दिन हिरासतमा राखियो।

गोलीकाण्डका क्रममा गंगाप्रसाद नेपाललाई प्रहरीले विभिन्न यातना दिएकाले अस्पताल भर्ना गर्नु पर्‍यो। पुण्यहरी घिमिरे, शंकरनाथ शर्मा अधिकारी, ध्रुब देवकोटा लगायतका व्यक्तिहरूलाई गिरफ्तार गरी यातना दिइएको थियो। अन्य १० जनालाई सार्वजनिक अपराध अन्तर्गत कारवाही चलाइएको प्रमुख जिल्ला अधिकारी रामरतन मिश्रको भनाइ छ।

उक्त गोलीकाण्डको कारण गोली लागी मृत्यु भएकी सम्झना दाहालको परम्परा अनुसार दाहसंस्कार गर्न उनका बाबु शेषराज दाहाललाई नदिई जवरजस्ती प्रहरीको नियन्त्रणमा लाश जलाइएकाले मृतकका बाबुका अनुसार लाश माथि पनि प्रहरी प्रशासनको ज्यादती भयो।

अन्य विभिन्न घटनामा पनि प्रहरी प्रशासनले नागरिकहरूलाई गिरफ्तार गर्ने र यातना दिने गरेको पाइयो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

संविधान प्रदत्त सबै नेपालीलाई यो अधिकार प्राप्त भएपनि यस जिल्लामा निर्वाध रूपले सबैले यो अधिकार उपयोग गर्न नपाएको बताइन्छ। ०४९ फागुन २२ गतेको घटनाले पनि यसको पुष्टि गर्छ। त्यस्तै सत्तापक्षले विपक्षीमाथि दमन गर्ने, अर्धन्यायिक निकायले निस्पक्ष न्यायिक अधिकार प्रदान नगर्ने, कर्मचारी र शिक्षकलाई सत्तापक्षले आफ्नो राजनैतिक स्वार्थ अनुकूल प्रयोग गर्न खोज्नु जस्ता घटना पनि यहाँ भएका छन्।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक सद्‌भाव छ तापनि हिन्दू सम्प्रदायका ठूला र साना भनिने जातहरू बीच नै भेदभाव र छुवाछूत कायमै रहेको पाइयो।

२.३ राजनैतिक स्वतन्त्रता

यस जिल्लामा दलगत राजनैतिक स्वतन्त्रता प्रत्यक्ष उल्लंघन नभएको भए पनि बिनाकारण सार्वजनिक अपराधमा विपक्षीलाई दुःख दिने वन मुद्दा लगाउने र दमन नीति अपनाउने गरिएको पाइयो।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा जनताले सुगम र निष्पक्ष न्यायिक अधिकारबाट बञ्चित हुनु परेको छ। यस जिल्लामा घटेका गोलीकाण्ड, अन्य प्रशासनिक दमन र गिरफ्तारीका घटनाहरूले पुष्टि गरेको छ। त्यसका अतिरिक्त यहाँ सार्वजनिक अपराधका मुद्दामा दुःख दिइने, बिनापूर्जी गिरफ्तार गर्ने घटनाहरू पनि भएका छन्।

नेपाल बार एसोसियसन सिन्धुलीका सचिव विष्णुप्रकाश भण्डारीका अनुसार "निर्वाचित सरकारले सत्ता सम्हालेपछि मानवअधिकारको विश्वव्यापी घोषणापत्रको खुलेआम बर्खिलाप गरी जनतालाई शान्तिपूर्ण जीवनयापन गर्नदेखि लिएर बाँच्न पाउने जन्मसिद्ध अधिकारबाट बञ्चित

गरिएको छ।"

सिन्धुली जिल्ला अदालतका न्यायाधीश मोहनकृष्ण खनाल जिल्लामा मानवअधिकार विरोधी घटना घटेको र
त्यस्ता घटनामा ज्यानमार्ने, जाँउ बच्चा मार्ने, बलात्कार गर्ने र ज्यान मार्ने उद्योग आदि भएको बताउनु हुन्छ।

यस वर्ष जिल्ला अदालतमा कुटपिट २०, लुटपिट १८, जग्गा सम्बन्धी १६, लेनदेन १२, अंश ७, गाली-बेइज्जती १२, ज्यान ७, चोरी २, पारिवारिक झगडा ६, करणी २, भ्रष्टाचार १ र अन्य ६ किसिमका मुद्दा गरी १०९ मुद्दाहरू आए। ती मुद्दाहरू मध्ये १४ प्रहरी प्रशासनबाट आएका थिए। ती १४ मुद्दामा २ फर्स्यौंट भएको र अन्य दुनियावादी मुद्दामा यस वर्ष १४ वटा फर्स्यौंट भएको पाइयो।

जिल्ला प्रहरी कार्यालयले भने यस वर्ष विभिन्न १२ किसिमका ५० वटा मुद्दा दर्ता भएको र त्यसमा ३२ वटा मुद्दा अदालतमा पेश भएको जनाएको छ। सो अवधिमा दर्ता भएका मुद्दाहरूका ९४ अपराधी मध्ये ७२ अपराधी पक्राउ परेका र अन्य फरार रहेको पनि प्रहरी कार्यालयले उल्लेख गरेको छ। प्रहरी कार्यालयले "प्रहरी पनि एउटा समाजको सदस्य तथा मानव भएको हुँदा उसलाई पनि मानवअधिकारको ज्ञान हुनु र शिक्षा पाउनु आवश्यक छ" भनेको छ। त्यस्तै विभिन्न घटनामा १८ जनाको मृत्यु र २ घाइते भएको पनि जनाइएको छ।

नेपाली कांग्रेसका जिल्ला सचिव मणिक ढकालले "गिरफ्तारी वा हिरासतमा बिना कारण यातना दिएको हामीलाई जानकारी छैन र हाम्रो अध्ययन अनुसार प्रहरी प्रशासन पनि प्रजातान्त्रिक मूल्य र मान्यता अनुसार नै चलेको देखिन्छ" भन्ने धारणा व्यक्त गर्नु भएको छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा यो समस्या उल्लेखनीय समस्याको रूपमा भने छैन। तर गाउँका लाटा-सोझा जनता ठूलाबडा र साहु महाजनको कतिपय बठ्याइँको कारण सुकम्बासी र भूमिहीन बनेर उनीहरूकै कामदार बन्न बाध्य भएका पनि छन्। जिल्लाको पूर्वी भागमा यो समस्या केही छ भने बाढी-पहिरो जस्ता प्राकृतिक बिनाशले पनि यो समस्या सृजना भएको छ।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

यो जिल्लामा महिलाहरू स्वाभाविक रूपमा हाम्रो देशको सामाजिक बनौट अनुरूप पछाडि परेका छन्। उनीहरूमाथि भेदभाव र दमन भएका घटनाहरू पनि केही पाइए। 'उनीहरूलाई समान श्रमको समान ज्याला दिइएको पाइन्न। दाइजो समस्याबाट पनि यहाँका महिला पीडित छन्

सिद्धेश्वर-६ रातमाटाकी ५ वर्षीया एक बालिकालाई सोही ठाउँको १६ वर्षीय रविन्द्रकुमार बुढाथोकीले ०५० असार २४ गते चकलेट दिन्छु भनी आफ्नै घरको कोठामा लगी बलात्कार गर्‍यो। निजलाई कारवाहीको लागि थुनामा राखिएको छ।

टाँडी-४ की १७ वर्षीया भक्ती विश्वकर्मालाई ०५० भदौ ५ गते सोही ठाउँको जंगलमा झुण्डिएर मरेको अवस्थामा पाइयो। मृतक भक्ती अन्य गाउँलेहरूसंग शिखरडाँडामा घाँस काट्न गएकी र खड्ग परियारसंग बसी अवैध शारीरिक सम्पर्क स्थापित गरेको अन्य गाउँलेहरूले देखेपछि पीडितले घर आउन नमानी "कि भगाएर लैजाउ कि झुण्डाएर मार" भनी भनेकोले पिडक खड्गबहादुरले झुण्ड्याई मारेको बताइन्छ। अभियुक्तको साविती बयान पछि उसलाई थुनामा राखिएको छ।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यस जिल्लामा देउकी र वादी समस्या छैन। जारी र बहुविवाह केही केही ठाउँमा हुने गरेता पनि प्रकाशमा आउन दिइन्न।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

दासत्वको समस्या यस जिल्लामा उल्लेख्य रूपमा पाइएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

भद्रकाली-५ का हरीप्रसाद बराललाई आफ्नै बुहारीसंगको अनुचित सम्बन्धबाट ०५० असोज १० गते बच्चा जन्माई मारी फालेको अभियोगमा गिरफ्तार गरी कार्वाही चलाइएको छ।

६. आदिवासी अधिकार

यस जिल्लामा कुनै उल्लेख्य आदिवासी नरहेको र आदिवासी भएकै कारण त्यस्तो कुनै घटना घटेको पाइएन।

७. बालअधिकार

यस जिल्लामा बाल अधिकारका सम्वन्धमा पनि केही कमीहरू छन्। सबै बालबालिकाले गरिबी, अभाव, अभिभावकको अशिक्षा, छोरीमाथिको भेदभाव र अन्य कारणले शिक्षा, स्वास्थ, मनोरञ्जन आदि जस्ता आधारभूत कुराहरूमा पनि समान अवसर पाउन सकेका छैनन्।

अतिरिक्त जानकारी

अधिकांश कृषिमा आधारित जनताले मल, बीउ, सिचाई तथा प्राविधिक सहयोग र राहत पाउन सकेका छैनन्। शिक्षक, कर्मचारीहरू प्रशासनिक हस्तक्षेपका कारण पीडित छन्। ❑



२. मध्यमाञ्चल

जनकपुर

२.५ रामेछाप

जनसंख्या : १८८०६४
साक्षरता : २९.९ प्रतिशत
महिला साक्षरता : १२.७ प्रतिशत
क्षेत्रफल : १५४६ वर्ग कि.मी.

जनकपुर अञ्चलका ६ वटा जिल्लामध्ये रामेछाप सबैभन्दा पिछडिएको जिल्ला हो। भौगोलिक विकटता यस जिल्लाको प्रमुख समस्या रहेको छ। मध्यमाञ्चल विकास क्षेत्रका १९ वटा जिल्लामध्ये आजसम्म मोटर बाटो पुग्न नसकेको एकमात्र जिल्ला रामेछाप रहेको छ। कृषि नै मुख्य पेशा रहेको यस जिल्लामा प्रशासनिक दमन, राजनैतिक प्रतिशोधपूर्ण झगडा आदिका कारण मानवअधिकार उल्लंघनका घटनाहरू पनि प्रशस्तै रहेका छन्।

१ सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

माकदुम-१ कुवापानी बस्ने २० बर्षिय भोजबहादुर कार्की कक्षा ९ मा पढ्दै थिए। ०५० मंसीर २७ गते उनी भट्टौली-९ को ढिकुरे महादेवस्थानमा जात्रा हेर्न गएका थिए। सोही ठाउँमा वैचारिक मतभेदका कारण स्थानीय मोहनप्रसाद चौलागाई, टीका गौतम, इन्द्र घिसिङ र खड्गबहादुर तामाङ्ग लगायतकाले भोजबहादुरलाई कुटपिट गरे। पिटाइबाट चिन्ताजनक अवस्थामा रेहेका भोजबहादुरलाई अस्पताल लैजान कोशिस गर्दागर्दै उनको मृत्यु भयो। पीडित पक्षबाट दीपक कार्कीले जाहेरी दिएका छन्। तर अभियुक्तहरूलाई कुनै कारवाही गरिएको छैन। भनिन्छ केही शक्तिशाली व्यक्तिको दबावमा दोषीहरूमाथि कारवाही नगरिएको हो।

विजुलीकोट-६ बस्ने धनबहादुर सुनुवर र सैंपु गाविस पहरेका खड्गबहादुर सुनुवारको लाश विजुलीकोट-७ स्थित गोतीको पाखोमा ०५० भदौ १६ गते भेटियं। उनीहरू दुवै जनालाई एकैसाथ हत्या गरेको आरोपमा विजुलीकोटका लोकबहादुर खड्का, लालबहादुर सुनुवार र तिलकबहादुर तामाङ्गलाई गिरफ्तार गरेर कारवाही चलाईंदै छ। लालबहादुर र खड्गबहादुर बीचको जग्गा सम्बन्धी पुरानो झगडाका कारण यो हत्या भएको बताइन्छ।

१.२ जेल

रामेछाप बजारमा रहेको यहाँको कारागारको निर्माण २०२७ सालमा भएको हो। "ग" श्रेणीको मान्यताप्राप्त यो जेलमा २५ जनासम्म बन्दीहरू थुन्न सकिने क्षमता रहेको छ। तर हाल यहाँ ३१ जना बन्दीहरू राखिएका छन्। जसमध्ये ५ जना महिला रहेका छन्। आरोपित ७ जना र दोष प्रमाणित २३ जना बन्दीहरू छन्। एकजना ५ वर्षका नाबालक पनि छन्। जेलमा पानीको चर्को अभाव छ भने चिकित्सकको सुविधा भए पनि औषधि भने उपलब्ध गराइँदैन। बन्दीहरूलाई कुनै पनि पत्रपत्रिका पढ्न दिइएको छैन। पुरुष बन्दीहरूलाई विहान ७/८ बजेदेखि अपरान्ह १२ बजेसम्म र दिउँसो २ बजेदेखि ५/६ बजेसम्म बाहिर बस्न र आफ्नो काम गर्न दिइन्छ। तर महिला बन्दीहरूलाई त्यो सुविधा २ घण्टा मात्र दिइएको गुनासो रहेको छ। महिला बन्दी पम्फा थापाले ६० प्रतिशत कैद भुक्तानी गरिसकेकी छिन् र उनी ०५० पुस १४ गते छुट्नु पर्ने थियो। तर जिल्ला अदालतबाट अंचल अदालतमा साधक हेर्न ०४४ बैशाख १६ मा चलानी नं. ८६२ बाट पठाएको फाइलको टुंगो नलाग्नाले उनी छुट्न सकेकी छैनन्।

१.३ गिरफ्तारी र यातना

यो जिल्लामा राजनैतिक प्रतिशोधका दृष्टिले मान्छेलाई गिरफ्तार गर्ने र मुद्दा लगाउने काम बढी मात्रामा हुँदै आएको पाइन्छ। सांसद कमल चैलागाईंको अंश सम्बन्धी विवाद चलिरहेको थियो। काका सिद्धप्रसाद सांसद कमल चौलागाईंको

घटनाको प्रकृति	घटना संख्या १९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	१	-
बलात्कृत	-	-
बेपत्ता	-	१
आत्महत्या		१२

घरमा बसोबास् गर्दै आएकोमा कानूनतः घर छाडी दिनका लागि बारम्बार सांसद चौलागाईंले मन्दै आउनु भएको थियो। तर काकाले घर नछाडेका कारण गाउँका राजनैतिक व्यक्ति तथा भद्र-भलाद्मीको उपस्थितिमा घर खाली गर्न भनियो। त्यही कुरामा विवाद चर्कियो र पल्लो घरबाट सांसद चौलागाईंलाई प्रहार गरेको झिंगटीको टुक्राले उहाँकी काकी रेवतीमायालाई लाग्यो। त्यही घटनाको आधारमा ०५० बैशाख २५ गते सांसद कमल चौलागाईंलाई गिरफ्तार गरियो। लेखा समितिको वैठक ०५० वैशाख ३० गते बस्ने थियो र सो सम्बन्धी पत्र प्रजिअद्वारा २५ गते नै सांसद चौलागाईंलाई बुझाइ सकिएको थियो। कुनै पनि सांसदलाई वैठकको सूचना प्राप्त भएपछि गिरफ्तार गर्न नपाइने र गिरफ्तार गर्नु परे सभामुख तथा समितिका सभापतिको स्वकृति लिएर मात्र गिरफ्तार गर्नु पर्नेमा त्यसो नगरी उहाँलाई गिरफतार गरियो। घटनाको सर्जमिनमा सांसद चौलागाईंले कसैलाई कुटपिट नगरेको बयान सबैबाट आएपछि ०५० जेठ १ गते उहाँलाई तारेखमा रिहा गरियो। उहाँलाई सार्वजनिक अपराध ऐन अन्तर्गत काराही चलाईएको थियो। स्मरणीय छ गत वर्ष सांसद कमल चौलागाईंलाई १६ वटा मुद्दा लगाइएको थियो।

सोही ऐन अन्तर्गत बैशाख ३० गते नेराशिसंका जिल्ला अध्यक्ष रमेशप्रसाद चौलागाईंलाई पनि गिरफ्तार गरी धरौटीमा रिहा गरिएको थियो।

गत वर्ष राजनैतिक मतभिन्नताकै आधारमा यो जिल्लामा ४६८ जनालाई विभिन्न मुद्दा लगाएर दुःख दिने काम गरियो। यो वर्ष सांसद चौलागाईं, नेराशिसंका अध्यक्ष लगायत १० जनालाई सार्वजनिक अपराधमा मुद्दा चलाइएको छ। जसमा सिंहबहादुर तामाङ्ग, काले तामाङ्ग र सोमप्रसाद घिमिरे लगायतका व्यक्तिहरू रहेका छन्।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

संविधानले प्रत्येक नागरिकलाई अभिव्यक्ति स्वतन्त्रताका साथै भेला र संगठित हुने अधिकार प्रदान गरेको भए पनि यो जिल्लामा जनताले पूर्णतः त्यसको उपभोग गर्न पाएका छैनन्। यहाँ मान्छेको आस्थामा नै आघात पुऱ्याउने गरी विभिन्न खालका घटनाहरू घटाइने गरेका छन् भने सम्पूर्ण सामाजिक संघ-संस्थालाई पनि राजनीतिकरण गरिएको पाइन्छ। कुनै पनि व्यक्तिले आफ्नो मौलिक अधिकारको प्रयोग गर्न पनि डराउनु पर्ने स्थिति यहाँ रहेको छ।

नेपाल राष्ट्रिय शिक्षक संगठनमा लागेका शिक्षकहरूलाई आस्थाकै कारण अपायक ठाउँमा सरूवा गर्ने, घटुवा गर्ने जस्ता काम भएका छन्। यस्तो भेदभावपूर्ण नीतिबाट पीडित शिक्षकहरूमा नेराशिसं रामेछापका अध्यक्ष रमेश चौलागाईं, रामप्रसाद गजुरेल, सीताराम भण्डारी, देवकी पौड्याल, टीकादास श्रेष्ठ आदि रहेका छन्।

२.२ धार्मिक स्वतन्त्रता

यो जिल्लामा बौद्ध धर्म र हिन्दू धर्मका अनुयायीहरूको बाहुल्यता रहेको छ। तराईबाट नोकरी र व्यापार गर्न आएका केही व्यक्तिहरू मुस्लिम धर्म मान्छन् भने आजभोलि फाट्टफुट्ट क्रिस्चियन धर्मका अनुयायीहरू पनि देखा पर्न थालेको बताइन्छ। धार्मिक विवाद र झै-झगडा उत्पन्न भएर कुनै घटना घटेको भने पाइएन।

२.३ राजनैतिक स्वतन्त्रता

यहाँ विपक्षी राजनैतिक पार्टीका व्यक्तिहरूलाई दबाव, धम्की र झुठो मुद्दाबाट सताइने गरेको पाइन्छ। त्यस्तै विपक्षीले जितेको ठाउँमा विकास बजेट नदिइएको गुनासो पनि रहेको छ।

गुम्देल गाविसका अध्यक्ष वाङछु शेर्पासंग नेपाली कांग्रेसका एक जना स्थानीय कार्यकर्तले एउटा सिफारिश मागे। सिफारिश जसलाई दिइएको हो त्यो व्यक्ति मरिसकेको हुँदा वाङ्छुलाई पक्राउ गरियो। उपसभापति आङदावा शेर्पाले सत्तासीन पार्टीमा प्रवेश गरेमा मुद्दा मिलाइ दिने कुरा गरेर सही गराए। त्यसपछि मुद्दामा पनि सफाइ दिइयो।

टोकेरपुर-७ का नेकपा (एमाले) कार्यकर्ता पूर्णबहादुर मगरलाई पक्राउ गरी दोरम्बा प्रहरी चौकीमा लगेर नेपाली कांग्रेस प्रवेश नगरे थुनी राख्ने धम्की दिई थुनामा नै कागजमा सही गराएर कांग्रेसमा प्रवेश गरेको घोषणा गरियो। त्यस्तै लखनपुर गाविसका संजमो कार्यकर्ता तथा गाविस अध्यक्ष भवनाथ गौतमलाई धम्की दिएर जवर्जस्ती कांग्रेसमा प्रवेश गरेको कागजमा सही गर्न लगाइएको थियो।

यहाँ प्रहरी/प्रशासनलाई समेत दबावको प्रयोग गरेर विपक्षी पार्टीका कार्यकर्तालाई धम्क्याउने र कुटपिट गर्ने गरेको देखिन्छ।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको अदालतले गर्ने गरेका निर्णयहरू वा फैसलाहरूप्रति कसैले पनि टिप्पणी गरेको र गर्न चाहेको पाईदैन। तर अर्धन्यायिक निकायको रूपमा रहेका प्रमुख जिल्ला अधिकारीको कार्यालय, जिल्ला प्रहरी कार्यलय आदिले भने दबावको भरमा काम गर्ने गरेको र कतिपय घटनामा निष्पक्ष न्याय दिने काम नगरेको गुनासो पाइयो।

यहाँको अदालतमा देवानी तर्फ ८७ वटा मुद्दा दर्ता भए भने श्री ५ को सरकार वादी भएका फौज्दारी मुद्दा १५ वटा तथा व्यक्तिवादी फौज्दारी मुद्दा ८८ वटा दर्ता भए। यसरी यो वर्ष यहाँको जिल्ला अदालतमा जम्मा ९० वटा मुद्दा दर्ता भएको पाइयो।

०४९ जेठमा सम्पन्न स्थानीय निर्वाचनमा विपक्षी राजनैतिक कार्यकर्तामाथि लगाइएका झुठा मुद्दाहरू अहिलेसम्म खारेज गरिएका छैनन् र छिनिएका पनि छैनन्।

यस वर्ष कर्तव्य ज्यानसंग सम्बन्धित ६ वटा मुद्दा परे।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यो वर्ष रामेछाप जिल्लामा भूमिहीन तथा सुकुम्बासी समस्याको बारेमा प्रतिवेदन प्राप्त भएन।

४. **महिला अधिकार**

गम्सी-३ बस्ने १९ वर्षीया सुनीता चौलागाईंलाई ०५० भदौ ५ गते राती साढे ९ बजे लखनपुर-२ का कृष्ण गौतम, तोयानाथ ढुंगेल, होमनाथ तिवारी, प्रेमप्रसाद चौलागाईं र तारानाथ ढुंगेल समेतले अपहरण गरे। लखनपुरमा लगेर जबरजस्ती तोयानाथ ढुंगेलसंग विहे गरिदिए। केटीकी आमा समेतको उपस्थितिमा भदौ १० गते विहे भएको घोषणा गरियो। भदौ १९ गते तोयानाथ सहित सुनीतालाई दर्ता विवाह गर्न भनी काठमाडौं ल्याइयो। यसरी ल्याउनेमा काभ्रेका उपसभापति कान्छा लामा, केटीका काका ठाकुरप्रसाद चौलागाईं, होमनाथ ढुंगेल र रत्नप्रसाद गौतम थिए। काठमाडौंमा केटा र केटीलाई छुट्याएर केटीलाई लखनपुर लगियो र त्यहींका ऋषि गौतमसंग विहे गराइयो। त्यतिन्जेल पति भै बसेका तोयनाथ ढुंगेललाई बौद्ध प्रहरी थानामा बुझाइयो र ३१ गते उनलाई जिल्ला प्रहरी कार्यालय रामेछाप पुऱ्याइयो। ०५० असोज ८ गते सुनीता गौतम (चौलागाईं) का नामबाट १० जनाको विरूद्ध मुद्दा दायर गरियो। अदालतको आदेशानुसार तोयनाथ पुर्पक्षका लागि थुनामा छन् र अरू जनही रू. ९ हजार धरौटीमा छुटेका छन्।

४.१ **महिला किनबेच र बलात्कार**

यो वर्ष यस जिल्लामा महिला किनबेचको घटना घटेको कुरा सार्वजनिक जानकारीमा आएन।

४.२ **जारी, बहुविवाह, देउकी, वादी आदि समेत**

यहाँ जारी प्रथा प्रचलनमा रहेको छ। तर स्थानीय स्तरमा नै यसका समस्याहरू सुल्झाउने परम्परा रहेको देखिन्छ। चर्चाकै घटनाको रूपमा जारी प्रथा देखिएको छैन। त्यस्तै बहुविवाहका घटनाहरू घट्ने गरे पनि यो वर्ष त्यस सम्बन्धी जानकारी सार्वजनिक रूपमा आएन। देउकी र वादी सम्बन्धी समस्या यहाँ भएको पाइएन।

५. **मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू**

५.१ **दासत्व विरूद्धको अधिकार**

यहाँ दासत्व सम्बन्धी समस्या उल्लेखनीय रूपमा रहेको पाइएन।

५.२ **अन्य अमानवीय व्यवहारहरू**

यहाँ परम्परागत अन्धविश्वासका आधारमा कतिपय महिलालाई बोक्सीको आरोप लगाएर अपमानित गर्ने गरेको पाइन्छ भने अछूत जातका भनिने सार्की, कामी, दमाई, आदिलाई माथिल्ला जातका मान्छेहरूले हेप्ने र हेला गर्ने चलन छ।

कूल जनसंख्याको ७.६६ प्रतिशत अछूत भनिने जातिहरूको छ। त्यसमध्ये पनि कामीको सर्वाधिक २.९३ प्रतिशत रहेको छ।

६. **आदिवासी अधिकार**

यो जिल्लामा सुनुवार, माझी, थामी, हायू, तामाङ्ग, मगर आदिको बसोबास छ। हायू जाति यस जिल्लाको विशेष जाति हो। जिल्लाको कूल जनसंख्यामध्ये ५३.८ प्रतिशत आदिवासीहरूको रहेको अनुमान छ। सबभन्दा बढी आवादी तामाङ्गको अर्थात २०.६५ प्रतिशत र सबभन्दा कम चेपाङ्गको ०.००५ प्रतिशत अर्थात १० जनाको रहेको छ। यस जिल्लामा कूल ५९ जना वादी छन्।

यो जिल्लामा आदिवासी समस्या उल्लेख्य रूपमा रहेको पाइएन।

७. **बालअधिकार**

यहाँका बालबालिकाहरूको अवस्था अत्यन्त दयनीय देखिन्छ। माझी, तामाङ, थामी, सुनुवारका केटाकेटीहरूलाई विद्यालय पठाउनुको सट्टा घाँस दाउरा गर्ने र गोठालो जाने काममा मात्र नलगाएर दोलालघाट-सिन्धुली सामान ढुवानी गर्ने काममा पनि पठाइने गरेको छ। त्यसका अतिरिक्त अन्य गरीब परिवारका बालबालिका पनि विद्यालय जानबाट बञ्चित रहेका छन्। हिजोआज यस जिल्लामा असंख्य बालबालिकाहरू काठमाडौंमा गलैंचा उद्योग र होटेलहरूमा काम गर्न पठाइने गरेका छन्। यसबाट यहाँका बहुसंख्यक बालबालिकाको अधिकार हनन भएको स्पष्ट हुन्छ।

अतिरिक्त जानकारी

अख्तियार दुरूपयोग आयोगको काम गर्न भनी रामेछाप पुगेका महेन्द्र पुलिस क्लवका हवल्दार प्रेमबहादुर श्रेष्ठले ०५० भदौ ३ गते मुर्मी गाविस फास्तुका धनकुमार नेवार र उनका बाबुलाई मरणासन्न हुनेगरी कुटपिट गरे। यस घटनालाई लिएर प्रहरीका समक्ष केश फारम गर्न गएका धनकुमारलाई उल्टै गिरफ्तार गरी हिरासतमा लिइएको बताइन्छ।

जेठ २३ गते बेलुकी ४ बजे एउटा गुण्डा दलले गोगनपानी गाउँमा पस्ने बाटो बन्द गरी पूरा गाउँ कब्जा गरेर आतंक मच्चाएको थियो। गाउँमा उक्त दलले तोडफोड गर्ने र लुटपाट गर्ने काम समेत गरेको थियो। त्यहाँ उनीहरूले दुई जना महिला र प्रहरीलाई समेत कुटपिट गरेको बताइन्छ। सोही घटनामा पाख्रबासका राधा कार्की, बद्री ढुंगेल, चेतबहादर श्रेष्ठ आदिलाई पनि घाइते बनाएका थिए।

रामेछापका कुलबहादुर मोक्तानले एउटा पत्रकार सम्मेलन गरी नेपाली कांग्रेसका कार्यकर्ताहरूले आफ्नी पत्नीसंग भएको २० हजार नगद र केही गहना लुटेको बताएका थिए।

यस वर्ष यो जिल्लामा १२ जनाले आत्महत्या गरे। त्यसमध्ये झुण्डिएर १० जना र वीष खाएर २ जनाले जीवन त्यागे।

गत वर्ष राजनैतिक प्रतिशोधका दृष्टिले ०४९ जेठ १० गतेदेखि बेपत्ता पारिएका भुवनलाल थापा मगरलाई खोज्ने वा उनको हत्यारा पत्ता लगाउने काम यो वर्ष पनि हुन सकेको पाइएन। ❑

२. मध्यमाञ्चल

जनकपुर

२.६ दोलखा

जनसंख्या : १७३२३६
साक्षरता : ३४.४ प्रतिशत
महिला साक्षरता : १७.३ प्रतिशत
क्षेत्रफल : २१९१ वर्ग कि.मी.

जनकपुर अञ्चलको उत्तर गौरीशंकर हिमालको काखमा अवस्थित यो एक पहाडी जिल्ला हो। यस जिल्लामा धार्मिक, साँस्कृतिक, जातीय तथा विविध परम्परा र भेषभुषाको सम्मिश्रण रहेको छ।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

दोलखा जिल्ला मागापौवा बस्ने चन्द्रबहादुरकी छोरी रत्नकुमारीको लाश झुण्डिएको अवस्थामा ०५० माघ २५ गते मृतककै घर-गोठमा फेला पऱ्यो। मृतक रत्नकुमारीको विवाह सोही ठाउँ बस्ने गणेशबहादुरको छोरासंग ३ वर्ष पहिले भएको थियो। उनका पति रोजगारीको लागि काठमाडौं आएको र घरमा सासु, नन्द र ससुराबाट उनलाई पटक-पटक यातना दिइदै आएकोमा ०५० माघ २४ गते ससुराले नमारी छोड्दिन भनेपछि उनी भागेर माइत गइन्। तर उनलाई दाजु हेमबहादुरले घरमै बस्नु पर्छ भनी घर पुऱ्याएर गएकै दिन शंकास्पद रूपमा उनको लाश फेला परेपछि प्रहरी समक्ष स्थानीय जनताले जाहेरी दिएको तर चरिकोटमा ल्याएर गरिएको पोष्टमार्टममा सास थुनिएर मरेको भनी अस्पष्ट डाक्टरी रिपोर्ट दिएपछि सो सम्बन्धमा पिडक पक्षमाथि कुनै कारवाही भएन।

त्यस्तै चङ्खु-४ स्थित एक विवाहमा शेर्पा प्रचलन अनुसार भएको खानपिन र नाचगानको अवसरमा विवाद हुँदा दुई पक्षबीच भीडन्त भई घाइते भएका जिरी-९ का ४० वर्षीय काले मोटे शेर्पाको उपचारका लागि काठमाडौं ल्याउँदा ल्याउँदै ०५० बैशाख २ गते मृत्यु भयो।

त्यस्तै ०५० बैशाख १३ गते दुधपोखरी-२ बस्ने बुद्धिमान तामाङ्गको १४ वर्षीय छोरा पद्मबहादुरको लाश घरकै गोठमा झुण्डिरहेको अवस्थामा फेला पऱ्यो। संदिग्ध अवस्थामा फेला परेको उक्त लाशलाई हत्या आत्महत्या यकीन गर्न नसके पछि निजका बाबुले प्रहरीमा जाहेरी दिए। पोष्टमार्टम गरियो तर तथ्य थाहा लाग्न सकेन। ०५० बैशाख १५ देखि १७ दिनसम्म प्रहरीले स्थानीय ज्ञानबहादुर तामाङ्गलाई विभिन्न यातना सहित हिरासतमा राख्यो। अहिले पनि ज्ञानबहादुर दैनिक तारेखमा छन्।

गौरीशंकर गाविस घर मै वराङ्ग-६ मा बस्ने जयप्रसाद दहालको घरमा १०-१२ वर्षदेखि गोठालो काम गर्ने २५-२६ वर्षीय सरमान तामाङ्ग ०५० जेठ १८ गतेदेखि बेपत्ता भएकोमा ०५० असार २६ गते बुलुङ्ग-१ स्थित भिरमुनि मन्ने ठाउँमा उनले लगाएको कपडा र लाशको हाडखोर फेला पऱ्यो। मृतक बुलुङ्ग गाविसमा लाग्ने हाट हेर्न आएका थिए। उनलाई हराएपछि खोज्नु पर्छ भनी चासो देखाउनेहरूलाई बुलुङ्ग-५ का विष्णुबहादुर ठकुरीले मैले उस्लाई केटी खोजेर भगाई दिएको छु, खोज्नु पर्दैन भनेपछि उनलाई खोज्न कोही अघि सरेका थिएनन्। सो घटनाका बारेमा कुनै खोज-तलास भएन।

त्यस्तै लादुक-४ मा बस्ने कृतिबहादुरको छोरा ५२ वर्षीय गजेन्द्रबहादुर खड्काको लाश कुहिएर गन्हाइसकेको अवस्थामा ०५० बैशाख १० गते दोलखा चरिकोट-४ स्थित जिरी लामोसाँगुमा फेला पऱ्यो। मृतक खड्का ०४९ चैत अन्तिमदेखि हराएका थिए। सो घटनाका सम्बन्धमा प्रहरीले दुर्गा घर्तीलाई १५-२० दिनसम्म थुनामा राख्यो। तर मृतक खड्काको सोही गाउँको र नजिकै घरमा गोठालो काम गर्ने रूपाल तामाङ्गसंग लेनदेन र जग्गा सम्बन्धी विवाद भएको कारण रूपाल र निजको दाजु भूपाल तामाङ्ग मिली रक्सी

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	२	४
बलात्कृत	-	२
आत्महत्या	-	-

खुवाएर बेहोस् पारी नाम्लोले घाँटीमा बाँधेर मारेको कुरा अनुसन्धान पछि पत्ता लाग्यो। हाल अभियुक्त दुवै दाजुभाइलाई सर्वस्व सहित जन्मकैदको सजाय तोकी जेलमा राखिएको छ।

त्यस्तै गरी बाबरे-५ मा घर भई लामाबगर-९ मा व्यापार गरी बस्ने लोकबहादुर पाण्डेको ०५० साउन २५ गते पसलमा बसेकै अवस्थामा खुकुरी र छुरी प्रहार गरी हत्या गरियो। सो हत्यामा दार्जलिङ्गका राजेश तामाङ्ग, अजय तामाङ्ग लगायत ७ जनाको संलग्नता रहेको थियो। उनीहरूले मृतकको मुखमा आगो लगाई सुन र पैसा समेत लिई भागेका थिए। उनीहरूले नै लामाबगर स्वास्थ्य चौकीमा कृष्णबहादुर उप्रेतीको क्लिनिकका सामानहरू पनि चोरी भागेका थिए। तर उनीहरू काठमाडौंमा डेरा गरी बस्ने क्रममा चोरी ल्याएको सुन बिक्री गर्न जाँदा रगत देखी सुन पसलेले प्रहरीलाई सुराक दिई उनीहरूलाई जिल्ला प्रहरी कार्यालय काठमाडौंले गिरफ्तार गरी दोलखा पठाई दिएको थियो। त्यसरी पक्राउ पर्नेहरूमा अजय तामाङ्ग, राजेश तामाङ्ग, अर्जुन श्रेष्ठ, भूवन मगर र सुन्दर थापा छन् भने २ जना अझै फरार रहेका छन्। उनीहरूमाथि खुन डाँका मुद्दा चलाइएको छ र पूर्पक्षका लागि थुनामा राखिएको छ।

क्षेत्रपा-१ का पद्मबहादुर श्रेष्ठ र सोही गाविस-५ बस्ने टेकबहादुर सेनल बीचको मोहियानी हक विवादमा ०५० कार्तिक ९ गते पद्मबहादुर र कमलनारायण श्रेष्ठ लगायतका व्यक्तिले टेकबहादुरको घर घेरा हाली उनको छोरा रत्नबहादुरलाई बाहिर बोलाई छुरी र खुकुरी प्रहार गरी घटनास्थलमै ज्यान लिएका थिए भने ७० वर्षीय टेकबहादुर र ४० वर्षीय उनकी छोरी मिठु समेतलाई सख्त घाइते बनाएका थिए।

लालिपाङ्गकी धनमाया पाठकले अवैध गर्भधारणा गरी बच्चा जन्माई मारेकोले ०५० कार्तिक २९ गते सोही ठाउँका वीरबहादुर पाठकको जाहेरीमा हाल कर्तव्य ज्यान अन्तर्गत थुनामा राखिएको छ।

१.२ जेल

यस जिल्लाको सदरमुकाम चरिकोटमा ४ रोपनी जमिनमा एक जेल भवन छ। पुरूष बन्दी २५-३० र महिला १५-१६ भन्दा बढी राख्न नसकिने यस जेलमा अहिले पुरूष ४० र महिला ८ बन्दी रहेका छन्। ७ महिलामध्ये १ बालिका छिन्। यो जेलमा ४० जना आरोपित छन्। यो वर्ष ७ पुरूष, ४ महिला र १ बालिका थपिए भने ४ महिला र ४ पुरूष छुटे। बन्दीहरूलाई वर्षमा २ जोर लाउने कपडा, २ वर्षमा ओढ्ने ओछ्याउने बिस्तरा दिइन्छ भने अन्य सुविधा नगण्य छ।

१.३ गिरफ्तारी र यातना

२०४८ को चुनावमा उत्पन्न विवादलाई लिएर ०४९ को चैतमा आएर सत्तापक्षको दबावमा लादुक गाविसका शिक्षक विद्यार्थी र कृषकमाथि प्रतिशोधको भावनाले सार्वजनिक अपराध र ज्यान मार्ने उद्योग गरेको भनी वारेण्ट काट्ने र गिरफ्तार गर्ने काम भएको छ। शिक्षक गोविन्द राईलाई थुनामा राखी अवकाश दिनुका साथै यातना दिइएको थियो।

त्यस्तै जफे गाविस बस्ने ७० वर्षीया नन्दमाया अधिकारीले २०४७ मा आफ्नी छोरीको हत्या भएकोमा अपराधीमाथि कारवाहीको माग गर्दै आएकी थिइन्। ०५० साउन ३१ गते उनलाई बयानको निम्ति प्रहरी कार्यालय लैजाँदै गर्दा बाटोमा कुबेरप्रसाद काफ्लेले उनीमाथि प्रहरी समक्ष नै निर्मम तरिकाले कुटपिट गरेको थियो।

रत्नबहादुर सुनेलको हत्याको विषयमा कोमलनारायण श्रेष्ठ लगायतका १५ व्यक्ति फरार थिए तर पद्मबहादुर, अमृतबहादुर र शम्भु श्रेष्ठ लगायतका ६ जना गिरफ्तार भए। उनीहरू मध्ये २ जना रू. २७ हजार धरौटीमा तारेखमा छन्। अमृतबहादुर र पद्मबहादुर अझै थुनामा छन्। कोमलनारायण श्रेष्ठ नेकाका तर्फबाट क्षेत्रपा गाविसमा निर्वाचित उपाध्यक्ष हुन्। उनीहरूबीच एक विवादास्पद खेतको धानको बारेमा झगडा थियो। अभियुक्तहरूले मृतकलाई खुकुरी र छुरा प्रहार गरेका थिए।

भोजपुर घर भई दोलखा खिम्ति जलविद्युत आयोजनामा ठेकेदार काम गर्ने वर्ष ३० का मखनसिंह राईले धनकुटा घर भई सो आयोजनामा भान्से काम गर्ने कान्छी बाहुनी हराएकोमा ०५० भदौ ६ गते धनकुटा भिरगाउँका अर्को ठेकेदार रेन्जी शेर्पा र निजका दाजु विफ शेर्पाका विरूद्ध प्रहरीमा जाहेरी दिए। तर ०५० भदौ १७ गते कान्छी बाहुनीको लाश फेला पऱ्यो। सो घटनाका सम्बन्धमा प्रहरीले मखनसिंह, उनकी पत्नी हरिश्चन्द्र राई र शेरबहादुर तामाङ्गलाई गिरफ्तार गरी अनेक यातना दिइएको छ।

गिरफ्तार गरिएका व्यक्तिलाई प्रहरीले भात पकाउन लगाउने, कपडा धुनु पर्ने, डोरीले बाँधेर पिट्ने, श्रीमती सुमे राईलाई सुत्केरी अवस्थामा अनेक यातना दिने, मुखमा पिशाव फेरीदिने गरेको बताइन्छ। जिल्ला अदालतले तीनैजनालाई थुनामा राख्ने र हरिश्चन्द राईलाई ३५ हजार धरौटी लिई तारेखमा छोड्ने आदेश दिएकोमा धरौटी दिन नसकेपछि चारै जनालाई हिरासतमा राखिएको छ।

कालिञ्चोक-८ का दात्वा दोर्जेको मृत्युको घटनालाई लिएर २०५० असोज ११ गते सोही ठाउँका पञ्चवीर तामाङ्गले प्रहरीमा जाहेरी गरेपछि २०५० असोज १९ र २३ गते सिन्धुपाल्चोकका मिङ्गवा शेर्पा र साँगे शेर्पालाई ज्यान मुद्दा अन्तर्गत पक्राउ गरी दोलखा जिल्ला अदालतमा ०५० मंसीर २२ मा पेश गरियो। उनीहरूलाई २५ दिनसम्म अमानवीय ढंगले हिरासतमा राखी यातना दिइएको थियो। प्रहरी हिरासतबाट साँगे शेर्पा भागेका छन् भने मिङ्गवा शेर्पालाई ज्यान सम्बन्धी मुद्दामा थुनामा राखिएको छ। यस घटनालाई जबरजस्ती ज्यान मुद्दा बनाइएको पीडित पक्षको गुनासो छ।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

यस जिल्लामा राजनैतिक प्रतिशोधका कारण मौलिक अधिकार उल्लंघनका केही घटनाहरू पनि भएका छन्। त्यस्तै आपसी रिस-ईर्वी र विवादमा पनि एक पक्षले अर्को पक्षको मौलिक अधिकारमाथि हस्तक्षेप गरेका घटनाहरू भएका पाइए।

यस्तै घटनामा ०५० असार ८ को बेलुका घरेलु तथा ग्रामीण उद्योग विकास शाखा दोलखाका कर्मचारी राजेन्द्र गौतमलाई दोलखा जिल्ला विकास समितिका उपसभापति कृष्णप्रसाद शिवाकोटीको नेतृत्वमा आएको उदण्ड दलले आक्रमण गर्‍यो। त्यस्तै गौरीमुदी गाविसका अध्यक्ष टहलबहादुर तामाङ्गको निर्देशनमा ०५० पुस १६ गते स्थानीय केही व्यक्तिहरूमाथि हातपात भएको थियो।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक सहिष्णुता कायम रहेको पाइन्छ।

२.३ राजनैतिक स्वतन्त्रता

राजनैतिक स्वतन्त्रता भएता पनि सबल पार्टीले निर्बल पार्टीमाथि दमन गर्ने गरेको पाइन्छ। राजनैतिक विषयलाई लिएर शक्तिशाली पार्टीका कार्यकर्तले अर्को पक्षमाथि पनि नकारात्मक दृष्टि राख्ने, शिक्षक कर्मचारी आदिलाई पनि मानसिक यातना दिने, सरूवा गर्ने, अवकाश दिने काम भएको बताइन्छ।

यस जिल्लामा विशेष गरेर शिक्षकहरूलाई पेशागत हकहितको लागि स्थापित शिक्षक संगठनमा लागे बापत राजनैतिक पूर्वाग्रहको दृष्टिले सत्तापक्षबाट अपायक सरूवा गर्ने, अनावश्यक रूपले विभिन्न मानसिक यातना दिने, तलब रोक्का गर्ने, पदबाट घटुवा आदि गर्ने गरेको पाइन्छ। आफ्नो राजनैतिक स्वार्थ अनुकूल काम नगरे सार्वजनिक अपराधको मुद्दा लगाएर दुःख दिएका घटनाहरू पनि भएका छन्।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्याय क्षेत्रका सम्बन्धित व्यक्तिहरूले सुगम र निष्पक्ष न्यायिक अधिकार प्रदान गरिएको बताएता पनि जिल्लाका कतिपय घटनाहरूमा प्रशासन, वन, भूमिसुधार, माल, नापी आदि कार्यालयहरू सत्तापक्षको राजनैतिक दबावमा पर्ने भएकाले निष्पक्ष न्यायमा पक्षपात, आलटाल र ढिलाई हुने गरेको पीडित पक्षको गुनासो छ। जिल्ला अदालतको न्याय प्रणालीलाई खोट लगाउन सक्ने स्थिति नभएता पनि त्यहाँ पुग्नु अगावै अर्धन्यायिक निकायबाट भने पक्षपात हुने गरेको कुरा माथि उल्लेखित विभिन्न घटनाहरूबाट पनि पुष्टि हुन्छ।

यस जिल्लामा यस वर्ष ४४५ वटा मुद्दा जिल्ला अदालतमा दर्ता भए। त्यसमध्ये हत्या १०, बलात्कार २ र अन्य १२ वटा प्रहरीबाट आएका थिए। नेकपा एमालेका अनुसार यस जिल्लामा मानवअधिकारको स्थिति राम्रो छैन। २०४६/०४७ मा जम्मा ५४९९ वटा अपराधका घटना घटेकोमा ०४८/०४९ मा ८१३६ वटा घटनाहरू भएको, ०४६/४७ मा ज्यान मार्ने अपराध ३३६ भएकोमा ०४८/४९ मा ४९२ पुगेको, बलात्कार ६७ बाट १३८ पुगेको र पुरातात्विक चोरी ३ बाट १३ भएको कुरा एमाले जिल्ला कमिटीले जानकारी गराएको छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा यो समस्या उल्लेख्य रूपमा छैन।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

महिला किनबेचका घटनाहरू बेलाबखत घट्ने गरेको सुनिन्छ ता पनि यस वर्ष त्यस्तो घटना घटेको जानकारी प्राप्त भएन।

मालु गाविस गौरी गाउँकी १२ वर्षीया एक बालिकालाई ०५० असार ४ गते चरिकोट-४ को "दुर्गा म.म. होटल" को मालिक दुर्गाबहादुर श्रेष्ठले राती होटलमा एक्लै पारी रू.२ सय दिन्छु भनी बलात्कार गरेको थियो। निज पिडकको होटलमा पीडित बालिका केही समय देखी भाँडा माझ्ने गर्थिन्। बाबुले सौता ल्याएपछि उनलाई घरबाट निकालिएको थियो।

त्यस्तै मागा पौवा-२ को १३ वर्षीया एक बालिकालाई सोही ठाउँको (पीडित पक्षले नाम बताउन नचाहेको) व्यक्तिले ०५० जेठ १० गते बलात्कारको प्रयास गरेको थियो।

०५० कार्तिक ३ गते गैरीमुदी-९ बस्ने कोइराला परिवारकी एक ११ वर्षीया बालिकालाई सोही ठाउँको ठाकुरप्रसादको छोरा १७ वर्षीय कृष्णप्रसाद घिमिरेले एक्लै पारी बलात्कार गरेको थियो। बालिकाकी आमाले प्रहरीमा जाहेरी दिएकी छिन्।

सुनखानी-४ की २५ वर्षीया निलकुमारी राउत र जुगु-८ को २२ वर्षीय नारायणबहादुर बस्नेतको ०५० मंसीर २७ गते जुगु बजारमा भेट भै उनीहरूले पति-पत्नीको रूपमा आफूलाई स्वीकार गरी सँगै (नारायणबहादुरकै घरमा) बस्न थाले। केही दिनपछि केटी पक्षका व्यक्तिहरूले किन यसो गरेकी भनी सोधेपछि केटीले जबरजस्ती गरी ल्याएको बताइन्। त्यसपछि प्रहरीमा जाहेरी दिन आउँदा दर्ता गरी रू. २० हजार प्रहरीले केटा पक्षबाट मागेको र केटाले दिन अस्वीकार गरेपछि हाल सोही मुद्दालाई सार्वजनिक अपराधका रूपमा जिल्ला प्रशासन कार्यालयमा दर्ता गरिएको र प्रतिवादीलाई धरौटी लिई तारेखमा छोडिएको छ।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

देउकी र वादी समस्या यहाँ छैन। जारी विवाहका घटनाहरू घटे पनि प्रकाशमा आएको पाइन्न।

बहुविवाहका कतिपय घटनाहरू लिएर केही महिलाहरू अदालतसम्म पुगेता पनि कतिपय महिलाहरू भने पतिले जे गरे पनि ठिकै हुन्छ, दुःख दिनु पाप हो भन्ने ठानेर मौनतापूर्वक सौता स्वीकारी रहेका पनि भेटिन्छन्। यस जिल्लामा धेरै महिलाहरू अशिक्षित भएका कारण आफ्नो अधिकारका बारेमा पनि सचेत छैनन्। एक व्यक्तिले ४-५ वटी पत्नी विवाह गर्ने र ६०-७० वर्षसम्मका व्यक्तिले १७-१८ वर्षकी केटी विवाह गरेका घटना पनि छन्।

सुन्द्रावतीका ६० वर्षीय शिवभट्ट शिवाकोटीले १५ वर्षीया देवका सेडाईंको इच्छा विरूद्ध विवाह गरेकोमा हाल जिल्ला अदालतमा मुद्दा चल्दैछ। त्यस्तै ध्याङ्ग सुकाठेकार-५ का श्यामबहादुर तामाङ्गले पत्नी र छोराछोरी हुँदा हुँदै सोही ठाउँकी गुन्न तामाङ्गनीसंग विवाह गरेका छन्। पत्नी राममाया (राम्री) तामाङ्गनीले मुद्दा दायर गरेपछि श्यामबहादुर धरौट राखी हाल तारिखमा छन्। यसरी नै मालु गाविसका बिसंखे सार्कीले आफ्नी पत्नी अर्कैसंग गएपछि दोस्रो विवाह गरेर पहिलेकी पत्नीबाट जन्मेकी छोरीलाई हेला गरेको घटनामाथि पनि उल्लेख छ।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

दासत्वको समस्या यस जिल्लामा त्यति छैन। तर श्रमजीवी कृषक र बालबालिकाहरूलाई भने काममा लगाएर उचित पारिश्रमिक दिइदैन।

५.२ अन्य अमानवीय व्यवहारहरू

सुदी-९ की राममाया तामाङ्गनीले विवाह नहुँदै अनुचित शारीरिक सम्बन्धबाट बच्चा जन्माई मारी फालेको अभियोगमा सोही ठाउँका सूकवीर तामाङ्गको जाहेरीमा राममायालाई कर्तव्य ज्यान मुद्दामा सर्वस्व सहित जन्मकैदको सजायको माग भएकाले अहिले पूर्पक्षका लागि थुनामा राखिएको छ।

हाल यस जिल्लामा जग्गा नापी कार्य भइरहेकोले त्यसमा पनि पक्षपात, घुसखोरी आदि भएको, लाटा-सोझा जनता ठगिएको र पैसा खर्च गर्न सक्नेले सार्वजनिक जमिन पनि आफ्नो बनाएकोले आम नागरिक मारमा परेका छन्।

त्यस्तै शैलुङ्गेश्वरी-४ का ५० वर्षीय नरबहादुर श्रेष्ठ र उनको २७ वर्षीय छोरा चन्द्रबहादुरले हत्या गर्ने उद्देश्यले २०५० असोज १३ गते खुकुरी प्रहार गर्दा सोही ठाउँको जयबहादुर श्रेष्ठको टाउको पछाडी गम्भीर चोट लाग्यो। अभियुक्तहरूलाई १०-१२ दिन थुनामा राखी रू १५ हजार क्षतिपूर्ति स्वरूप दिलाई छोडियो। सो घटनालाई गुपचुप पारिएकाले अभियुक्तहरू त्यस्तो अमानवीय कार्यप्रति झन उत्साहित भई जसतसलाई धम्की दिन थालेका छन्।

दोलखा जिल्ला प्रहरी कार्यालयका हवल्दार बलबहादुर खड्काले २०५० असोज ६ गते ११ बजे राती चरिकोट-१ को शैलेन्द कुमार श्रेष्ठको होटलमा पसी होटलमा काम गर्ने धनबहादुर थामीलाई र उनलाई समेत धम्की दिंदै मासु र रक्सी झिकेर खाए। पीडितहरूले प्रहरी कार्यालयमा जाहेरी गर्दा पिडकलाई माफी मगाएर छोडियो। सुनखानी-४ की निलकुमारी राउतलाई बलात्कार गर्ने प्रयास गरिएको घटनाको सन्दर्भमा अपराधी माथि कारवाही गराउन जिल्ला प्रहरी कार्यालय गएका जनमोर्चाका जिल्लास्तरीय नेता गंगाबहादुर कार्कीलाई डि.एस.पी. ढकबहादुर कार्कीकै रोहबरमा इन्सपेक्टर निरञ्जनप्रसाद श्रेष्ठले कुटपिट गरी यातना दिई सार्वजनिक अपराधको धम्की दिएका थिए।

नाम्दु-४ का बालकृष्ण शर्मालाई पनि पत्नी हराएको उजुरी लिन अस्वीकार गर्दै तिनै प्रहरी इन्सपेक्टरले विभिन्न गाली गलौज गरी कुटपिट गरेको पीडितले बताए।

६. आदिवासी अधिकार

आदिवासी समस्या सम्बन्धी कुनै विवरण प्राप्त भएन।

७. बालअधिकार

बालबालिकाहरूलाई शिक्षाको समान अवसरबाट वन्चित गरिएको छ। गोठालो, घाँस, घर खेती आदिमा लगाउने गरीबहरूले आफ्ना बालबालिकालाई अर्काकोमा काममा लगाउने र सानै उमेरमा विवाह गरिदिने गरेको पाइन्छ।

अतिरिक्त जानकारी

यस जिल्लामा मानवअधिकारको विद्यमान स्थिति बारे टिप्पणी गर्दै सांसद जीतवीर तामाङ्ग जनताले संविधान प्रदत्त हक अधिकार स्वतन्त्र पूर्णरूपले उपभोग गर्न नपाएको बताउनु हुन्छ। जिल्ला विकास समितिका अध्यक्ष रूद्रबहादुर खड्का मानवअधिकारको हनन कतैबाट नभएको बताउनु हुन्छ। प्रजिअ कमलप्रसाद लाल कर्ण जिल्लाको मानवअधिकारको स्थिति ज्यादै राम्रो भएको, स्थानीय समस्याहरू स्थानीय निकायबाट समाधान गर्न छुट दिइएको, प्रशासनलाई कुनै दबाव नआएको र निष्पक्ष न्याय प्रदान गरिने गरेको बताउनु हुन्छ।

त्यस्तै जिल्ला प्रहरी कार्यालयका प्रमुख डि.एस.पी. ढकबहादुर कार्की यस जिल्लामा बढी आत्महत्या, भिरबाट लडेर, झुण्डिएर आदि, हत्या, जबरजस्ती करणी जस्ता घटनाहरू प्रमुख रहेका छन् भन्नु हुन्छ। प्रहरी मानवअधिकारप्रति सचेत भएकाले विशेष तालिमको आवश्यकता नहुने उहाँको धारणा छ। सीमित साधन र स्रोतको कारण अधिराज्यभरीका जेलहरू एकनासको भएको कुरा कार्कीले बताउनु भयो।

डाक्टर देवीप्रसाद राजनैतिक पार्टीहरू आफूले जे गर्दा राजनैतिक स्वार्थ पूरा हुन्छ त्यस्तै अनुसार काम गर्ने भएकाले मानवअधिकारको हनन भएको बताउनु हुन्छ। त्यस्तै ने.का.का जिल्ला अध्यक्ष उद्धवप्रसाद काफ्ले मानवअधिकारको स्थिति अति राम्रो भएको बताउनु हुन्छ। ❑



२. मध्यमाञ्चल

नारायणी

२.७ रौतहट

जनसंख्या : ४१४००५
साक्षरता : २३.५ प्रतिशत
महिला साक्षरता : १[illegible].८ प्रतिशत
क्षेत्रफल : ११२६ वर्ग कि.मी.

रौतहट जिल्ला राजनैतिक रूपले केही सचेत रहेको मानिए पनि अन्य दृष्टिले भने अगाडि बढ्न सकेको पाइदैन। कृषि नै मूल पेशा भएको यो जिल्लाका बहुसंख्यक जनता विपन्न अवस्थामा रहेका छन्। रौतहटको दक्षिण क्षेत्र भारतसंग जोडिएको छ। खुल्ला सीमानाका कारण विभिन्न अपराधका घटनाहरू यहाँ निरन्तर घटिरहेका पाइन्छन्। विभिन्न जनजातिको बसोबास भएको यो जिल्लामा मानवअधिकार हननका थुप्रै घटनाहरू घटेको देखिन्छ।

१ सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

औरहिया-६ स्थित मुसहर टोलमा ०५० जेठ ९ गते राती ९.३० बजे रक्सी खाई आएका औरहिया थानाका थानेदार सौखीलाल यादव र हवल्दार तसलिम अंसारीले नाचगान गर्दै बसेका व्यक्तिहरू उपर गोली चलाउँदा २५ वर्षीय दुलारी माझी मुसहर र उनकै काखमा रहेकी १ वर्षीया छोरी अनार माझी मुसहरको गोली लागी मृत्यु भयो। उक्त घटनामा विहारी माझी र सुखियादेवीलाई तिघ्रामा र मुखा माझीलाई घुँडामा गोली लागी घाइते भएका थिए। घटनाका सम्बन्धमा प्रशासन र प्रहरी अधिकृतले गस्ती प्रहरीहरू गस्ती गर्न जाँदा छिनाझपटी भई गोली चलाउनु परेको बताउँछन्। स्थानीय व्यक्तिहरूको भनाई अनुसार ठानेदार सौखिलाल यादवको त्यस टोलका केही महिलासंग अनैतिक सम्बन्ध रही आएको थियो र उनी दिनहुँ जसो रातको समयमा आउने गर्थे। तर त्यसदिन त्यो टोलमा सामाजिक कार्य भइरहेकोले बाहिरतिरबाट पाहुनाहरू पनि आएका थिए। रक्सीले मातेर आएका ठानेदारले अनैतिक कार्य गर्न नपाएपछि नाचगानमा रहेका जनतामाथि गोली चलाएका थिए।

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	२
हिरासतमा यातना	३	१
बलात्कृत	१	१
पत्रकारलाई कालोमोसो	१	-
जेलमा यातना	-	१
आत्महत्या	-	-

वसन्तपुर गाविसको बनबहुअरी भन्ने ठाउँमा ०५० बैशाख ७ गते राती ७ बजे जिल्ला वन अधिकृतले रेन्जर, वन सुरक्षा सुवेदार र २ जना वन सुरक्षा कर्मीलाई निश्चित ठाउँमा छोडी फर्किएका थिए। वन अधिकृत फर्किएको आधा घण्टा पछि अज्ञात व्यक्तिद्वारा गोली प्रहार हुँदा वन सुरक्षा सुवेदार द्रोणाचार्य न्यौपाने र वन सुरक्षाकर्मी भोजप्रसाद घिमिरेको मृत्यु भयो। केही दिन पहिले मृतक सुरक्षा कर्मी लगायतकाले केही काठ तस्करहरूलाई अनियमित ढंगले काठ काटी रहेका बखत पक्राउ गरी जिल्ला वन कार्यालयमा बुझाएका थिए। तर तुरून्तै ती तस्करहरूलाई रिहा गरिएको थियो। उक्त हत्या तिनै तस्करहरूले गरेको हुनसक्ने बताइन्छ।

गौर नगरपालिका बसोबास गर्ने एकजना शिक्षकले भनेजति दाइजो नल्याएको रीसमा आफ्नै गर्भवती पत्नीको हत्या गरेको कुरा चर्चामा रहे पनि जिल्ला प्रहरी कार्यालयका एस.एस.पी. शारदा पराजुली त्यसबारे आफूलाई जानकारी नभएको बताउनु हुन्छ।

सन्तपुर-८ का गोविन्द मलाहा साहनीले ०४९ फागुन १८ गते जंगलमा दाउरा लिन गएकी आफ्नी पत्नी गलरीदेवी मलाहलाई अरूसंग अनुचित सम्बन्ध राखेको आरोप लगाई बञ्चरोले हानी हत्या गरेका थिए।

पतौरा-६ बस्ने विगु बैठा धोबी भन्ने रूपनारायण बैठालाई ०४९ चैत १५ गते प्रहरीद्वारा गोली हानी हत्या गरियो। जिल्ला प्रहरी कार्यालयका अनुसार ज्यान तथा डाका मुद्दामा थुनामा रहेको निज विगु बैठा कारागारबाट केही दिन पहिले भागेको थियो। जेलबाट भागेको उक्त अभियुक्तलाई प्रहरीले पुनः पक्रेर ल्याउँदा फेरि भाग्न खोजेको हुनाले प्रहरीले गोली चलाउँदा गोली लागी निजको मृत्यु भएको बताइयो।

त्यसैगरी शिवनगर गाउँमा केही व्यक्तिलाई सार्वजनिक मुद्दामा गिरफ्तार गर्न जाँदा प्रहरीले केही राउण्ड गोली चलाएको थियो।

०५० असारमा वसन्तपुर गाविस स्थित बागमती किनार नजीक प्रहरी र डाँकाहरूबीच गोली हानाहान भएको थियो। घटनामा कोही घाइते भएनन्।

०४९ माघ २१ गते एस.एल.सी. परीक्षा संचालन भैरहेको स्थितिमा जुद्ध मा.वि.मा प्रहरी र विद्यार्थीबीच भीडन्त भयो। त्यतिबेला प्रहरीले केही राउण्ड गोली पनि चलाएको थियो।

१.२ जेल

वि.सं. १९९३ मा निर्माण गरिएको गौर जेलको क्षेत्रफल करीब १० कठ्ठा रहेको छ। पुरूष वार्ड रहेको २ तले भवनमा तलमाथि गरी ९ वटा कोठा छन् भने महिला वार्डको १ तले भवनमा ३ वटा कोठाहरू रहेका छन्। ७५ जनासम्म बन्दीहरू राख्न सकिने क्षमता भएको "ग" श्रेणीको यो जेलमा हाल ११९ जनालाई राखिएको छ। जसमा ९५ जना आरोपित बन्दीहरू रहेका छन् भने २४ जना दोष प्रमाणित बन्दीहरू रहेका छन्। बन्दीहरूमा ४ जना महिला र ११५ जना पुरूष छन्। कारागारमा अ.हे.व.को दरबन्दी रहेता पनि हालसम्म नियुक्त गरिएको छैन। केही समय पहिले बन्दीहरूले केही मागहरू राखी जेलभित्र नारा लगाएका थिए र त्यसलाई दबाउन प्रहरी प्रवेश गराई लाठीचार्ज गराइएको थियो। कतिपय घाइते बन्दीहरूलाई अस्पताल समेत लानु परेको थियो। तर यस घटनाका सम्बन्धमा प्रहरी र प्रशासनका व्यक्तिहरूको भनाई अर्कै रहेको छ। उनीहरूका अनुसार बन्दी-बन्दी बीचको झगडालाई छुट्याउन प्रहरी प्रवेश गराई हल्का लाठीचार्ज गरिएको थियो।

१.३ गिरफ्तारी र यातना

नेपाल सद्भावना पार्टी, रौतहटको आयोजनामा ०५० मंसीर ४ गते जिल्ला कार्यालय घेराउ कार्यक्रम राखेको थियो। कार्यक्रमको सिलसिलामा घेराउमा संलग्न रहेका सो पार्टीका जिल्ला अध्यक्ष शम्भुप्रसाद जयसवाल सहित २२ जनालाई बिनापूर्जी गिरफ्तार गरी भोलिपल्ट छोडिएको थियो।

०५० मंसीर २ गते राती १२ बजेतिर पल्लो गाउँबाट नाच हेरेर फर्किरहेका कटहरिया गाउँका ९ कक्षामा अध्ययनरत १३ वर्षीय विद्यार्थी ठरेन्द्र यादवलाई उखु भाँचेर खाए बापत सोही गाउँका अध्यक्ष जागेलाल महतो र थानेदार दिलबहादुर मिली चोरीको अभियोगमा गिरफ्तार गरी यातना समेत दिइयो। रू. १२ सय घुस दिएपछि मात्र छोडिएको थियो भन्ने पीडित पक्षको भनाइ छ।

'इमरिया गाविसको बालचन्द्रपुरा सादा भेषमा प्रहरीहरू आई ०५० भदौ ५ गते केही व्यक्तिलाई बिनापूर्जी समात्न खोज्दा जनताले दिएनन्। दुबैपक्ष बीच केही भीडन्त पनि भयो। पछि थप प्रहरीहरू आई गाउँलाई नै आतंकित बनाएर १८ जनालाई गिरफ्तार गरियो। गिरफ्तार गरिएकाहरूलाई अमानवीय ढंगले यातना दिई झुठो कसुर कबुल गर्न लगाइयो। जसमा हेमनारायण चौधरी, दशरथ झा, रामप्रताप साह, महेन्द्र साह कानु, सुरेन्द्रप्रसाद साह, रामाज्ञा पासमान लगायतका व्यक्तिहरू रहेका छन्।

भसई गाउँका ब्रम्हदेव पटेल राजनैतिक कार्यकर्ता हुन्। साधारण कुटपिटको घटनामा उनलाई गिरफ्तार गरियो। उनलाई डाँका मुद्दा लगाइएको छ।

सात वामपन्थी पार्टीहरूद्वारा ०५० साउन ४ र ५ गते आयोजित शान्तिपूर्ण चक्काजाम कार्यक्रममा यहाँ लाठीचार्ज गरिंदा केही व्यक्तिहरू सामान्य घाइते भएका थिए।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

यस जिल्लामा बेला बखतमा मौलिक अधिकार हनन गर्ने काम भएको छ। नाचगान हेर्न भेला भएका जनतामाथि गोली चलाएर हत्या गर्नु, शान्तिपूर्ण जुलुश र सभामा पनि लाठीचार्ज गरेर नागरिकलाई घाइते बनाउनु, शान्तिपूर्ण धर्ना कार्यक्रमबाट गिरफ्तार गर्नु जस्ता कुरालाई हेर्ने हो भने यहाँ जनताको मौलिक अधिकारको रक्षा भएको देखिंदैन।

२.२ धार्मिक स्वतन्त्रता

विविध धर्म तथा सम्प्रदायमा विश्वास राख्ने नागरिकको बसोबास रहेको यो जिल्लामा २०२९ सालमा भुसाहा गाउँमा हिन्दू-मुश्लिम दंगा हुँदा ८ जनाको मृत्यु भएको थियो। तर त्यसपछि त्यस्तो अप्रिय घटना घटेको पाइदैन। अहिलेको स्थितिलाई हेर्दा यहाँ धार्मिक सहिष्णुता कायम रहेको देखिन्छ।

२.३ राजनैतिक स्वतन्त्रता

पिप्रा रजवारा गाविसको लौकाठा भन्ने गाउँमा गत स्थानीय निर्वाचनमा मत नदिएका कारण रिस-ईबी राखी ०५० साउन ७ गते झगडा निकाली जनक मण्डललाई रामदेव यादव, नन्दलालराय यादव, विनोदराय यादव लगायतका व्यक्तिले पिटे र उनको खुट्टा पनि भाँचिदिए। सो सम्बन्धमा पीडित व्यक्ति उजुरी दिन जाँदा सम्बन्धित अधिकारीले स्वीकार गरेनन्।

स्थानीय निर्वाचनमा आफ्नो पक्षलाई मत नदिएकै कारण माधोपुर गाविसका राम इकवाल गिरी (लक्ष्मी गिरी) लाई राम आसिसराय यादव, सटहीराय यादव, किशोरी महतो कोइरी र राम नरेश यादव समेतले बन्दुक, फर्सा जस्ता हतियारद्वारा बेहोश हुने गरी आक्रमण गरे। उनको टाउको फुट्यो र २२ वटा टाँका लगाउनु पर्‍यो। सोही घटनामा राम इकवाल पक्षका नागेन्द्रराय यादव, सीताराम साह र रामप्रवेश शाहलाई पनि घाइते बनाइएको थियो।

२.४ सुगम र निष्पक्ष न्यायको अधिकार

गरिबी, अज्ञानता र अशिक्षाका कारण यहाँका बहुसंख्यक जनताले सुगम र निष्पक्ष न्याय प्राप्त गर्न सकेका छैनन्। यहाँ यो वर्ष ५७ वटा मुद्दाहरू जिल्ला प्रहरी कार्यालयबाट अदालतमा पठाइएको थियो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यहाँ केही ठाउँमा सुकुम्बासीहरू रहेको पाइन्छ। ०५० साउनको बाढी पश्चात भूमिहीन तथा सुकुम्बासीहरूको संख्यामा अझ वृद्धि भएको देखिन्छ। सुकुम्बासीहरूमा मुसहर, माझी, डूम, किचरिया र दनुवारहरूको संख्या धेरै छ। यस्ता सुकुम्बासीहरू अलुवा खोजेर, घोंघी खोजेर, सितुवा खोजेर, अरूको पालकी बोकेर जीवन धान्ने काम गरिरहेका छन्।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

यो वर्ष यस जिल्लामा महिला किनबेच र बलात्कारका घटनाहरू घटेको कुरा सार्वजनिक जानकारीमा आएको पाइएन। बलात्कारको एउटा घटना घटेको कुरा जिल्ला प्रहरी कार्यालयले जनाएको छ। तर सम्बन्धित पीडित र पिडक व्यक्तिहरूसंग भेट हुन सकेन।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यस सम्बन्धी उल्लेख्य घटना घटेको पाइएन।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यस जिल्लामा उल्लेखनीय रूपमा दासत्व प्रथा रहेको पाइदैन तापनि २।३ पुस्तादेखि अरूको घरमा काम गर्दै आउने परिवारहरू भने रहेका छन्। खासगरी मुसहर र कचरिया जातका व्यक्तिहरू सामाजिक दृष्टिले घरेलु नोकरको रूपमा रहेका देखिन्छन्।

५.२ अन्य अमानवीय व्यवहारहरू

यहाँ व्यक्तिगत रिस-ईबीमा पनि मुद्दा लगाएर असहाय मान्छेलाई दुःख दिने गरिएको छ भने तल्लो जातका मानिसहरू प्रति भेदभाव गर्ने चलन पनि कायमै छ। डूम जातिहरू छुट्टै बस्नुपर्ने बाध्यता छ।

बाढी पीडितहरूले राहत कार्य पक्षपातपूर्ण हुनु भएन भनेर प्रधानमन्त्री यहाँ आएको बेला विरोध प्रदर्शन गर्दा पीडित जनतामाथि लाठीचार्ज गरेर घाइते समेत बनाइएको थियो।

६. आदिवासी अधिकार

रौतहट जिल्लामा यस वर्ष आदिवासी समस्याका सम्बन्धमा कुनै घटना घटेको पाइएन।

७. बालअधिकार

शैक्षिक अधिकारबाट यहाँका बहुसंख्यक बालबालिकाहरू बञ्चित रहेका छन्। ३० घर भएको मुसहरहरूको एउटा टोलमा रहेका बालबालिका मध्ये एकजना पनि विद्यालय जान नसक्नु सोचनीय कुरा रहेको छ।

अतिरिक्त जानकारी

०५० बैशाखमा मेडियाही गाविसमा आँपको रूखमुनि अन्दाजी ३५ वर्षीय अज्ञात महिलाको लाश भेटिएको थियो। ती महिला को हुन् र कसरी उनको निधन भयो भन्ने कुरा थाहा हुन सकेन।

गौर नगरपालिका-२ बस्ने धौमराम कलवारको घरमा ०५० जेठ १० गते राती भारतको चैनपुरदेखि जन्ती आएपछि पटका पट्काउँदा स्थानीय गद्दु काहारको घटनास्थलमै मृत्यु भएको थियो भने किशोरी शंकर घाइते भएका थिए।

भोजप्रसाद घिमिरे भन्ने व्यक्तिलाई गोलीद्वारा हत्या गरिएको बताइन्छ।

०५० साउन ४, ५ र ६ गतेको बाढीका कारण रौतहट जिल्लामा १ सय ११ जनाको मृत्यु भयो। बाढीबाट १ हजार ९ सय ७३ वटा घर पूर्णरूपमा क्षतिग्रस्त भए भने ४ हजार ४ सय ४१ वटा घर भत्किए। त्यो विपद स्थितिबाट यो जिल्लाका १४ हजार ६ सय ४४ परिवार पीडित बने भने ८९ हजार १ सय ४६ जना मान्छे पीडा सहन विवश भए। यहाँ ३ हजार २ सय ११ वटा पशुहरू बाढीका कारण मरेका थिए। बाढीबाट १ हजार ३ सय ६६ हेक्टर जमीन क्षतिग्रस्त भएको थियो।

दशैंभन्दा ठीक अघि काठमाडौंबाट धरानतर्फ गइरहेको एउटा रात्री बसलाई लमहा खोला नजीक रोकी डकैती गर्ने ७ जना डाँकाहरूलाई गिरफ्तार गरियो। डकैती गरेर लुटिएका सामानहरू सीमरा भवानीपुरका अनुठा चौधरीको घरबाट बरामद गरिएको थियो। ❑



२. मध्यमाञ्चल

नारायणी

२.८ बारा

जनसंख्या : ४१५७१८
साक्षरता : २७.९ प्रतिशत
महिला साक्षरता : १३.५ प्रतिशत
क्षेत्रफल : ११९० वर्ग कि.मी.

बारा जिल्ला तराई क्षेत्रमा अवस्थित छ। ऐतिहासिक सिम्रौनगढ रहेको यो जिल्लामा विभिन्न जनजातिहरूको बसोबास रहेको छ। नेपालको पहाडी क्षेत्रबाट बसाईं सरेर आएका र भारतबाट पसेका आप्रवासीहरूको संख्या पनि यहाँ प्रशस्तै छ। कृषि नै मूल पेशा भएको बारा जिल्लामा मानवअधिकारको उल्लंघनका घटनाहरू भने निरन्तर घटिरहेको पाइन्छ।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

सात वामपन्थी पार्टीहरूले चलाएको आन्दोलनका क्रममा साउन ४ गते सिमरामा गोली चलाउँदा १ जना घाइते भएका थिए भने सोही दिन निजगढमा पनि गोली चलेको थियो।

०५० आषाढ ३ गते प्रस्टोका-७ स्थित खेतमा स्थानीय मिश्री कोइरीको टाउको नभएको लाश भेटियो। लाश हेर्दा हत्या गरेर फालिएको भन्ने स्पष्टै बुझिन्थ्यो। प्रहरी अनुसन्धानबाट हत्यारा पत्ता लगाउने क्रममा स्थानीय परमेश्वर साहनी, भगीरा शाह र भविस्वन महतो कोइरीलाई गिरफ्तार गरी कारवाही चलाइएको छ। सम्पत्ति हात लगाउने उद्देश्यले अभियुक्तहरूले उक्त हत्या गरेको बताइन्छ।

बनौली-१ बस्ने जैनारायण राउत कुर्मीलाई सोही ठाउँ बस्ने रामबाबु साह रौनियारले राती सुतिरहेको अवस्थमा खुट्टा बाँधेर कुटपिट समेत गरी टाउको र पेटमा गोली हानेर ०५० साउन २ गते हत्या गरे। आफ्नो छोरालाई मारेको प्रतिशोध बापत रामबाबुले उक्त हत्या गरेको बताइन्छ। हाल उनलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

फदिया धारू नामकी एक महिलालाई आफ्नै छोराले रीसको झोंकमा मट्टीतेल खन्याएर आगो लगाई हत्या गरेकोथियो।

त्यसैगरी ०५० कार्तिक ५ गते राती हरिधुर गाउँका शेषभिखारी मियाँले आफ्नै पत्नीलाई लट्ठीले पिटेर मारेको बताइन्छ भने धर्मनगर गाउँका प्रभु महत्तोले आफ्नै दिदी शानी देवीलाई कुटेर हत्या गरेका थिए। विसुनपुरवाका रविन्द्र चौधरीलाई पनि बजारबाट घर गइरहेको बेलामा चक्कु प्रहार गरेर हत्या गरिएको थियो।

१.२ जेल

बारा जिल्लामा जेल छैन। यहाँ पुर्पक्षका लागि गिरफ्तार गरिएका र कैद सजाय सुनाइएका व्यक्तिहरूलाई वीरगंज कारागारमा पठाइन्छ।

१.३ गिरफ्तारी र यातना

यहाँ गिरफ्तार गरिएको व्यक्तिलाई यातना दिइने गरेको छैन भनेर प्रहरीले दाबी गरे पनि यातना दिने चलन भने रहेको पाइयो।

झिटकैया गाउँका आशमान गिरीलाई चोरीको आरोपमा गिरफ्तार गरिएको थियो। उनलाई हातखुट्टा बाँधेर झुण्ड्याउँदै मुखमा रूमाल समेत कोचेर यातना दिने काम भएको थियो। त्यस्तै कलैया-६ बस्ने सेख महमुदलाई पनि चोरीको आरोपमा गिरफ्तार गरी यातना दिइएको थियो।

यहाँ व्यक्तिगत रीस-इबीमा पनि केही शक्तिशाली मान्छेले गाउँका निमुखा जनतालाई झुठो मुद्दा लगाएर गिरफ्तार गराउने गरेको पाइन्छ भने प्रशासनले पनि सत्तासीन पक्षकै आदेशमा वा दबावमा त्यस्ता कार्यहरू गर्ने गरेको देखिन्छ।

एमालेका सांसद सलीममियाँ अन्सारीलाई अकारण पक्राउ गरिएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

बारा जिल्लामा आस्थाकै कारणले मजदूरहरूलाई कारखानाबाट निष्काशित गर्ने, शिक्षकहरूलाई अपायक ठाउँमा सरुवा

घटनाको प्रकृति	घटना संख्या १९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	१	-
हिरासतमा यातना	२	२
बलात्कृत	२	३
आत्महत्या	-	-

गर्ने, स्थायी हुनबाट बञ्चित गराउने जस्ता कामहरू भएको पाइन्छ। वैचारिक मतभेदका कारण कतिपयलाई झुठो मुद्दामा समेत फसाइएको स्थितिलाई हेर्दा यहाँका बासिन्दाहरूको मौलिक अधिकार पूर्णतः सुरक्षित नभएको महशूस हुन्छ।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक विवाद तथा झैझगडा सम्बन्धी कुनै घटना घटेको पाइएन।

२.३ राजनैतिक स्वतन्त्रता

यो वर्ष बारा जिल्लामा राजनैतिक स्वतन्त्रताको अधिकारमा प्रत्यक्ष हनन पुऱ्याउने खालका कुनै घटना घटेको पाइएन। तापनि एउटा राजनैतिक शक्तिको प्रभाव रहेको ठाउँमा अर्को राजनैतिक शक्तिलाई छिर्नसम्म नदिने प्रवृत्ति यहाँका केही ठाउँका राजनैतिक कार्यकर्ताहरूमा रहेको देखिन्छ। जसका कारण यदाकदा सानातिना झगडा भने हुने गरेका छन्।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

गरिबी र अशिक्षाका कारण यहाँका अधिकांश जनता सुगम र निष्पक्ष न्यायिक अधिकारबाट बञ्चित रहेका छन्।

यस वर्ष जिल्ला अदालतमा दर्ता भएका ८२ मुद्दामध्ये २२ वटाको फैसला भैसकेको छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा सुकुम्बासीहरू प्रशस्तै छन् र उनीहरूका समस्याहरू पनि असंख्य छन्। राजमार्गको किनार र जंगलको छेउछाउमा छाप्रा हालेर बस्ने सुकुम्बासीहरूका लागि हुरी बतास र वर्षाको याम अत्यन्तै कठिन हुने गर्छ। विभिन्न ठाउँबाट आएर वन अतिक्रमण गरेर बसेकाहरूलाई बेलाबखत प्रशासनले उठीबास लगाउने गर्छ। सुकुम्बासीहरूका समस्यालाई समाधान गर्नेतर्फ कुनै प्रयास भइरहेको देखिँदैन।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

रतनपुरी-१ थारूटोलकी १० वर्षीया एक बालिकालाई सोही ठाउँमा बस्ने वीरेन्द्रकुमार थारूले ०५० जेठ २७ गते सुतिरहेको अवस्थामा बलात्कार गऱ्यो। बलात्कारपछि बालिका बेहोश भइन्। अभियुक्तलाई प्रहरीमा बुझाइए पनि आपसी मिलापत्र गर्ने प्रयास दुबैथरीबाट भइरहेको पाइयो।

पिपरा-४ मा बस्ने १६ वर्षीया एक युवतीलाई खेतमा बाख्रा चराइरहेको अवस्थामा सोही गाउँको २० वर्षीय अकलु थारूले ०४९ फागुन २७ गते जबर्जस्ती बलात्कार गऱ्यो। यसभन्दा अघि पनि बलात्कारीले उनलाई पटक पटक बलात्कार गर्ने धम्कीहरू दिएको थियो। हाल अभियुक्तलाई कारवाही चलाईदै गरेको छ।

कलैया नगरपालिका-२ औधापुरकी ४ वर्षीया एक बालिकालाई उनकै छिमेकी २५ वर्षीय सुरेश महरा (चमार) ले चकलेट दिई फकाईफुलाई आफ्नै घरको कोठामा लगेर ०४९ पुस २९ गते बलात्कार गऱ्यो। अभियुक्तलाई थुनामा राखी कारवाही गरिँदैछ।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यहाँ देउकी र वादी पाइएनन्। जारी र बहुविवाह सम्बन्धी घटना पनि सार्वजनिक जानकारीमा आएन।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

बारा जिल्लामा दासत्वको समस्या उल्लेखनीय रूपमा रहेको पाइएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

छुवाछूतको भावनाले गर्दा अछूत भनिनेहरू माथिल्ला जातका भनिनेहरूबाट अपमानित र अपहेलित छन्। कतिपय व्यक्ति कालो छाला भएकै कारण र नेपाली भाषा बोल्न नजानेकै कारणले नागरिकताबाट बँचित रहने गरेको गुनासो सुनियो।

६ आदिवासी अधिकार

बारा जिल्लामा आदिवासी समस्या सम्बन्धी कुनै घटना घटेको पाइँदैन।

७. बालअधिकार

बहुसंख्यक बालबालिका विद्यालय जानबाट बञ्चित रहेका छन्। कतिपय बालकहरू घर छोडेर अन्यत्र शहरमा गई होटलहरूमा काम गरेर बस्ने गरेको पनि पाइन्छ।

अतिरिक्त जानकारी

एमालेका कार्यकर्ता कृष्ण दहाल केही समयदेखि अचानक बेपत्ता पारिनु भएको छ। पथलैयामा बाटोमा हिँडिरहेको अवस्थामा कसैले आक्रमण गरी बेपत्ता पारेको हुन सक्छ भनी स्थानीय व्यक्तिहरू बताउँछन्।

निजगढ-५ का देवी उप्रेतीकी छोरी मन्दिराको विवाह ५० वर्षीय धनलाल मैनालीसंग भएको थियो। जेठी पत्नीको निधन भएपछि उनले अर्को विवाह गरेका थिए र जेठी पत्नी तर्फका ४ वटा छोराहरू पनि थिए। ढाँटछलबाट धनलालले मन्दिरालाई बिहे गरे। तर आफ्नो सन्तान नहुने र लोग्नेले पनि बच्चा नपाउने उपाय गरी सकेको थाहा पाएपछि मन्दिराले आत्महत्या गरेको बताइन्छ।

सपही गाविस, हनुमानगञ्जका भरतराज पाठकको मृत शरीर उनकै घरमा भेटियो। हत्या या आत्महत्या के हो भन्ने बारेमा थाहा हुन नसकेको तर प्रहरी अनुसन्धान भने जारी रहेको छ।

लुटेको सम्पत्ति बाँड्न नमानेपछि मिश्री नामको डाँकाहरूको नाइकेलाई उसकै मान्छेहरूले हत्या गरेका थिए। उक्त घटनामा ३ जनालाई गिरफ्तार गरिएको बताइन्छ।

०५० साउन ४, ५ र ६ गतेको बाढीबाट यहाँ २ जनाको मृत्यु भयो भने ४ सय ९३ परिवार बाढीबाट पीडित बने। बाढीका कारण ६३ वटा घर क्षतिग्रस्त भएका थिए। बाढी पीडित व्यक्तिहरूलाई सुव्यवस्थित रूपले बसाउने काम अझै पनि हुन सकेको छैन। ❑



२. मध्यमाञ्चल

नारायणी

२.१ पर्सा

जनसंख्या : ३७२५२४
साक्षरता : ३२.३ प्रतिशत
महिला साक्षरता : १७.५ प्रतिशत
क्षेत्रफल : १३५३ वर्ग कि.मी.

पर्सा जिल्ला नेपालको प्रवेशद्वार सरह मानिन्छ। यस जिल्लामा प्रशिद्ध "शंकराचार्य प्रवेशद्वार" का साथै नगरपालिकाको बीचमा एउटा आकर्षक घण्टाघर पनि छ। नेपालका अन्य जिल्लाहरूमा जस्तै यस जिल्लामा पनि मानवअधिकारको स्थिति त्यति धेरै राम्रो छैन। चोरी, डकैती, हत्या, बलात्कार, कुटपिट जस्ता घटनाहरूका साथै राजनैतिक प्रतिशोध, न्याय क्षेत्रमा विलम्ब र नागरिकता समस्या यस जिल्लामा मानवअधिकारसंग सम्बन्धित प्रमुख समस्याहरू हुन्।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यस जिल्लामा विभिन्न कारणमा हत्या र गोलीको घटनाले नागरिकको स्वतन्त्रपूर्वक बाँच्न पाउने अधिकारको हनन् भएको छ।

नगरदाहाँ–८ पदमौलमा ०४९ फागुन २६ गते सोही गाविसका अध्यक्ष ताराचन्द साह (नेपाली कांग्रेस) र रामानन्द यादव (एमाले समर्थक) बीच जग्गाको विषयलाई लिएर उत्पन्न झगडामा गोली प्रहार भई ७ जनाको घटनास्थलमै र १ जनाको ४ दिनपछि उपचार गर्दा गर्दै काठमाडौं वीर हस्पीटलमा निधन भयो। सो गोली रामानन्द यादवले चलाएका थिए।

ताराचन्द र रामानन्द पहिले एउटै समूहका व्यक्तिहरू थिए। तर सोही ठाउँको ४ बिगाहा जमिन रामानन्दले लिएपछि उनीहरूमा वैमनस्यता शुरू भयो। अन्ततः रामानन्दको भाइ प्रभु यादवले खोमारी राउतसंग ४ धुर घडेरी किनेपछि सधियार गगन राउत यादवसंगको विवादलाई लिएर सो दिन ताराचन्दका सयौं लठैतहरू रामानन्दको घरमा पुगी बिहान ७ बजे देखि नै झगडा गर्न शुरू गरे। सो दलले रामानन्दलाई आक्रमण गरेपछि उनले आफ्नो काकाको घरमा रहेको बन्दुक ल्याई गोली चलाउँदा कपिलदेव राउत, भोला राउत, महेश राउत, इसलाम मिया, राम अयोध्या साह, दरोगा मिया, अनवत ठाकुर लोहारको घटनास्थलमै र कैयौं घाइतेहरू मध्ये सुदामा साहको ४ दिनपछि मृत्यु भयो। घटनापछि रामानन्द आफ्नो घरमा गई लुकेकाले उनलाई प्रजिअ, एस.पी., इन्सपेक्टर सहित प्रहरी बलले घरभित्रै पसी पक्राउ गऱ्यो। ओछ्यान मुनी लुकाइएको बन्दुक अ.स.ई. ओमप्रकाश भुसालले जफत गरे र त्यही पेस्तोलले त्यही नै रामानन्दको पेटमा उनले गोली चलाए। यो घटना हुँदा ताराचन्द त्यहीं थिए। त्यसपछि प्रहरी/प्रशासनकै सामुन्ने ताराचन्दका मानिसहरूले गाउँलेहरूमा आतंक मच्चाए। रामानन्द समर्थकहरूलाई कुट्दै र लछार्दै प्रहरीको गाडीमा स्वाँदियो। दिनभरी यो घटना भइरहयो। दिउँसो २ बजे घाइते रामानन्द समेत हालिएको पुलिसको ट्रक फर्कन लाग्दा बाटोमा अवरोध तेर्स्याएर गाडी रोकियो। गाडी रोकिनासाथ ताराचन्दका भाइ चिनिया भन्ने रामचन्दले ह्याण्ड पाइपको ह्याण्डलले रामान्नदको टाउकोमा हिर्काए। प्रहरी सुरक्षा भित्रै अरूले पनि बारम्बार फलामे हथौडाले प्रहार गरेर रामानन्दलाई मारे।

प्रजिअ र एस.पी.का सामुन्ने रीस-ईबी साध्न टुअर राउत, कमल राउत, हरिहर राउत, चेतु, बद्री, र रामानन्दका घर सम्पूर्ण रूपमा लुट्नुका साथै तोडफोड गरे। सो घटनाका सूत्रधारका रूपमा नेपाली कांग्रेसका सांसद रामचन्द कुशवाहा, भागिरथप्रसाद कुम्हाल, जपाल साह, जगरनाथ साह, लगड मिया आदि भएको सो घटनाका प्रत्यक्षदर्शीको भनाइ छ।

यो घटना भन्दा केही महिनापछि यसै वर्ष यस

	घटना संख्या	
घटनाको प्रकृति	**१९९२**	**१९९३**
प्रहरीको गोलीले मृत्यु	१	२
हिरासतमा यातना	२	२
बलात्कृत	–	१
आत्महत्या		१

जिल्लाको सिरा जगरनाथपुर-७ गते ०५० भदौ ४ गते जगदीश चौहान र उनका मतियारहरूले त्यही गाविसका १२ जना आफ्ना विरोधीहरूलाई गत चुनावको रिस-ईबीले गोली चलाई घाइते बनाए। यहाँ पनि राम जानकी मन्दीरको नाममा रहेको ८ विगाहा जमिनका निहुँमा उत्पन्न विवादलाई लिएर सो गोलीकाण्ड भएको थियो। ४० औं वर्षदेखि प्रभुनाथ चौधरी, शिवनाथ ठाकुरले भोग-चलन गर्दै आएकोमा सो को विरोधमा जगदिश चौहानले राम्ररी पाकी नसकेको धान काट्न आफ्ना लठैतहरूलाई लिएर गएपछि उत्पन्न विवादमा जगदिश चौहान, लालबहादुर चौहान, सुरेन्द्र चौधरी, राम अयोध्या लगायतका व्यक्तिहरूले गोली चलाए। सो गोलीबाट जवाहिर ठाकुर, शिवनाथ चौहान, नुरालिम मियाँ, फरिमियाँ समेत १२ जना घाइते भएका थिए।

विश्रामपुर-१ शिवटोलमा जग्गाको साँध-सीमानालाई लिएर सोही ठाउँमा कवुतरीदेवी कोइरी, उनका छोरा चनरदेवमहतो कोइरी साह र मोटरमहतो कोइरीसंग पहिलेदेखि कै झगडा रही आएको थियो। त्यसै विषयलाई लिएर ०५० जेठ १३ गते चनरदेवलाई मोटरमहतो कोइरीले लट्ठीले हिर्काइ घाइते बनाए। त्यसको प्रतिवाद गर्दा उनकी आमा कबुतरीदेवीलाई पनि टाउकोमा हिर्काई मुर्छित बनाए। उनलाई अस्पतालमा भर्ना गरी जाँच गरिएपछि भोलिपल्ट मृत्यु भयो। डाक्टरहरूले टाउकामा लागेको चोटले उनको मृत्यु भएको बताए। मोटरमहतो कोइरी फरार छन्। रामदयाल महतोलाई पक्राउ गरिएकोमा सो घटनामा उनको संलग्नता थिएन भनी पीडितपक्ष बताउँछन्।

वीरगंजकी एक महिला कालीदेवी पर्तहरीलाई उनकै घरमा भाडामा बस्ने मानिसहरूले बोक्सीको आरोप लगाई यसै वर्षको जेठमा कुटपिट गरी मारे। सो घटनाका सम्बन्धमा पिडक पक्षकी एक महिलालाई गिरफ्तार गरियो।

वीरगंज छपकैयाकी एक महिलालाई पनि यसै वर्ष ०५० बैशाख २० गते उनकै पतिले आगो लगाई हत्या गरे। पत्नी नुहाउन लागेको अवस्थामा पतिले उनलाई खाजा (अमलेट) बनाउन अह्राए। उनी जब भान्सा पसिन् तब पतिले उनको शरीरमा पेट्रोल छर्केर यसो गर्दा शरीर सफा हुन्छ भन्दै थिए तर त्यही बेला आगो लगाई दिएकाले उनको मृत्यु भयो।

१.२ जेल

यस जिल्लाको वीरगंज नगरपालिकामा वि.सं. १९९३ मा राणाकालमा बनेको लगभग १२ रोपनी (१८ कट्ठा) को क्षेत्रफल भित्र एक अंचल कारागार छ। १५०० बन्दी बस्न सक्ने क्षमता भएको भनिने यस जेलमा ५०२ पुरूष, १७ महिला, ३ बालक, र १ नाबालिका छन्। धेरै पुरानो भएकाले यो जेल निक्कै जीर्ण अवस्थामा छ। जेलभित्र सुविधा राम्रो छैन। यस जेललाई "काला पानी" नै भनिन्छ। पंचायतकालमा धेरै राजबन्दीहरू त्यहाँ पुऱ्याइए पछि आफूलाई असुरक्षित ठान्थे। यसै जेलमा वर्तमान गृहमन्त्री लगायतका धेरै राजबन्दीहरू बसिसक्नु भएको छ तर त्यतापट्टि कसैको ध्यान गएको छैन। सामान्यतया वीरगंज नगरपालिकाले केही सुविधा (एकैपल्ट ४०-४५ जनाले प्रयोग गर्न सक्ने) भएको सौचालय बनाई दिएको छ। बन्दीहरूले आफ्नै पैसाले एउटा २० इञ्चको रंगीन टि.भि. राखेका छन्। २ वर्षमा ओड्ने, ओछ्याउने र सुकुल दिइन्छ। जेलभित्र एक प्रा.वि. छ, त्यस्का लागि ३ शिक्षक र १०७ विद्यार्थी संख्या (१-५ कक्षासम्म) रजिष्टरमा छ तर कारागार घुम्न जाँदा ७ जनामात्र अध्ययनरत पाइए। ३६२ तानमा ४०० जना टोपी बुन्छन्। त्यस्को व्यवस्था बन्दीहरूले नै गरेका हुन्।

यस जेलमा वार्षिक २ लाखको औषधि खर्च छुट्याइएको छ तर यस वर्ष ०५० जेठ २५ मा झापा गरामुनीका इन्द्रप्रसाद उप्रेती, ०५० कार्तिक ९ गते भारत मोतिहारीका बिगु मिया (महम्मद शहीद मिया) र ०५० मंसीर २० गते धनकुटा मुढेबासका जितबहादुर लिम्बूको मृत्यु भएको छ। उनीहरूलाई समयमा औषधि उपचार हुन नसकेकोले अकाल मृत्युको मुखमा परेको अन्य बन्दीहरू बताउँछन्। झाडा पखाला, ज्वरो, कुष्ट रोग र क्षयरोगबाट पीडित हुनेहरू यहाँ प्रशस्त छन्। अस्पतालका डाक्टरहरूका अनुसार ४२ जना क्षयरोग पीडित छन् जसलाई अन्य रोगीहरूसँगै राखिएको छ। यहाँ गोप्य बन्दीगृह रहेको र बन्दीहरूलाई यातना दिने गरिन्छ।

यो नेपालको पुराना जेलहरूमध्ये पर्छ। यो वर्ष यस जेलमा २१५ पुरूष, ८ महिला थपिए भने २३१ पुरूष र १ महिला छुटे।

औषधि, भ्रष्टाचार र कुहेको चामलको विरोध गर्ने बन्दीहरूलाई जेलका तत्कालिन जेलर विश्वनाथ उप्रेती र सव ईन्सपेक्टर दिलबहादुरको निर्देशनमा ०४९ फागुन १२ गते चौकिदार हर्षबहादुर पुनले नाइकेहरूको सहयोगमा दाउराको चिरपटले निर्मतापूर्वक पिटी सख्त घाइते बनाए। सो घटनामा बन्दी नारायणबहादुर के.सी. र बागड महतो लगायतका बन्दीहरू घाइते भएकामा बागड महत्तोलाई १० दिनसम्म उपचारको लागि अस्पताल राख्नु परेको थियो।

बगही-९ का ७४ वर्षीय शिवनन् राउत कुर्मी २०११ सालमा अपौती गाउँमा भएको डाँका मुद्दामा सतन राउतको नामले १० वर्षको कैद सजाय काट्न विवश बनाइएका छन्। उनका छोराहरूसंग मलको विषयलाई लिएर अलौ गाउँका जे.टि.ए. चन्द्रशेखरसंग भनाभन भएको कारण निज जे.टि.ए.ले प्रहरी बोलाई त्यति धेरै पहिलेको डाका मुद्दामा संलग्न सतन राउत कुर्मीको नाममा यिनै ७४ वर्षीय शिवनन् राउत कुर्मीलाई गाई चराई रहेको अवस्थामा गिरफ्तार गरी हालसम्म कारागारमा राखिएको छ।

स्मरणीय छ, उक्त कथित डकैती प्रेमभगत बरैको घरमा २०११ सालमा भएको र २०१३ माघ २६ गते तत्कालिन वीरगंज अदालतबाट फैसला भइसकेको कुरा पर्सा जिल्ला अदालतको रेकर्डमा उल्लेख छ। पीडित शिवननलाई ०४६ मंसीर २७ मा पक्राउ गरिएको हो। हाल उनी राम्ररी चलफिर गर्न सक्दैनन् र आँखा पनि देख्न सक्दैनन्।



कुटपिटबाट घाइते पत्रकार गोपाल गिरी

१.३ गिरफ्तारी र यातना

यस जिल्लामा गिरफ्तारी र यातनाका घटनाहरू प्रशस्त हुने कुरा माथि उल्लेखित हत्या र गोली तथा जेलको सन्दर्भले पनि पुष्टि गर्दछ।

०४९ फागुन २६ को पदमौलको गोली काण्डलाई लिएर यहाँ ३०-३५ व्यक्तिहरूलाई घर घरबाट गिरफ्तार गरी यातना दिने काम भयो। प्रहरी संग संगै सो घटनाका पिडकहरूले गिरफ्तार व्यक्तिहरूलाई डोरीले बाँध्ने, लडाउने आदि गरी निर्ममता यातना दिने काम गरे। जगरूप यादवलाई ७ दिनसम्म थुनामा राखी यातना दिइयो। टुअर राउतलाई थुनाबाट तारेखमा छोडियो। घटनाका पिडकहरूमा पदमौल गाविस अध्यक्ष ताराचन्द साह तेली, मुनीलाल शाह र शिवपुजन राउत अहिर आदि थिए।

वीरगंज नगरपालिका मेनरोडको हिमाञ्चल केविनमा काम गर्ने जगत लामाले ०४९ चैत २७ गते सोही केविनका मालिक ओम राजकर्णिकारकी छोरी र भतिजीलाई घरमा कोही नभएको मौका पारी होटल (केविन) को तेस्रो तल्लामा गई फलामको हतियार (रेन्ची) ले टाउकोमा हिर्काइ सख्त घाइते बनाई भाग्न सफल भयो। तर सो घटनाका सम्बन्धमा फरार लामाको ठेगाना बताई दे भन्दै होटलवाला (केविन) को जाहेरीले त्यही काम गर्ने १६ वर्षीय दार्जिलिङको सांगे शेर्पालाई प्रहरी समक्ष बुझाए। उसलाई प्रहरीले ३-३ दिनसम्म भोकै राखेको, लाठी र बुटले कुटेको, निर्दोष भएता पनि यातना दिई थुनामा राखिएको र मालिकबाट उसले पाउनु पर्ने तलब नदिएको गुनासो उनले गरे। उनलाई ३६ दिनसम्म थुनामा राखी हाल जेल चलान गरिएको छ।

त्यस्तै यस जिल्लाको अञ्चल कारागारका जेलर दिपेन्द्र काफ्लेले कास्की लाहाचौरका ज्यान मुद्दाका बन्दी केशवबहादुर कार्कीलाई ०५० मंसीर ४ मा भगाएको आरोपमा जेलका पियनलाई कानूनी कारवाही चलाई रहेका छन्। सो घटना जेलरकै लापरवाहीले घटेको पीडित कारागारका पियन रामस्वरूप साह कलवारले बताएका छन्।

०५० बैशाख ३० गते वीरगंज-१२ मा उत्थान साप्ताहिकका सम्पादक सुदर्शनराज पाण्डेलाई राती साढे ७ बजे घर फर्कदै गर्दा शम्भुप्रसाद चौहान लगायतका केही मान्छेले कुटपिट गरेका थिए। नगरपालिका प्रमुखले बहिनीको विहे खर्चका लागि कमिशन खाएको एवम् नेविसंघका क्रियाकलाप बारे समाचार छापेकोले कुटपिट गरिएको आरोप पाण्डेको रहेको बुझियो।

पर्सा जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक दिलिप बस्नेतले ०५० साउन २८ गते भिमसेन जात्राको रमिता हेरी रहेका सयौं नागरिकहरूलाई रिवल्भर नचाउँदै गाली-गलौज र धम्की दिने काम गरे। सो ज्यादतीको प्रतिवाद गर्दा पत्रकार नारायण पराजुली, नेपाल औषधि व्यवसायी संघका उपाध्यक्ष शैलेन्द्रबहादुर अमात्य र राजु अमात्यमाथि हमला गरी घाइते बनाए। सो घटनाका पीडित व्यक्ति शैलेन्द्र अमात्यलाई १३ टांका, नारायण पराजुलीलाई ३ टाँका लगाई उपचार गरियो भने राजु अमात्यलाई पनि उपचारार्थ अस्पताल भर्ना गरियो। सो घटनाका सम्बन्धमा प्रहरी प्रशासनले कुनै सुनुवाई गरेन।

२. मौलिक अधिकार

यस जिल्लामा घटेका घटनाहरूमा नागरिकहरूको मौलिक हक अधिकारको हनन भएको र प्रहरी प्रशासन समेतबाट त्यस प्रवृत्तिलाई नियन्त्रण गर्नुको सट्टा आफैले हनन गरेको देखिन्छ।

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

वीरगंज नगरपालिका-१२ स्थित नेपाल यातायात संस्थानको कम्पाउण्ड भित्रको जिप्सन र कोइलाको लोड र अनलोडबाट नगर क्षेत्रका बासिन्दाहरूमा हुने प्रदूषण नियन्त्रण गर्नका लागि ०५० बैशाख ९ गते नेपाल पत्रकार संघ पर्सा शाखाका अध्यक्ष तथा नगरपालिका-१२ का अध्यक्ष गोपाल गिरीको नेतृत्वमा आयोजित घेराउ कार्यक्रमका सहभागीहरूलाई सो संस्थानका प्रबन्धकको इशारामा संस्थानकै कर्मचारीहरू धनिकलाल ठाकुर, मदनराउत कुर्मी, किशोरी गिरी लगायतका व्यक्तिहरूले लट्ठी र फलामे रडले सांघातिक हमला गरे। त्यस हमलाबाट गोपाल गिरी, कान्तिपुरका सम्वाददाता गिरिश गिरी र स्थानीय उत्थान साप्ताहिकका सम्पादक सुदर्शन पाण्डे घाइते बनाइए।

वीरगंज स्थित आरती साबुन फैक्ट्रीका केही कार्यकर्ताले केही माग राखेर धर्ना कार्यक्रम राखेकोमा प्रहरीहरूले उनीहरूलाई जथाभावी लाठी प्रहार गरेको थियो।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी निरीक्षक दिलीप बस्नेतले ०५० साउन ४ र ५ गतेको चक्काजामको समाचार संकलन गर्न गएका पत्रकार शिव तिवारीलाई ५ गते दिउँसो २ बजे पक्राउ गरी क्षेत्रीय प्रहरी कार्यालयमा लगी

बुटले ढाडमा हिर्काएको र गाली-गलौज गरेको पीडित पक्षले बताए। त्यस्तै छलफलका प्रतिनिधि दिनेश राईमाथि पनि अर्का प्रहरी निरीक्षक नारायणसिंह खड्काले साउन ४ गते कठालो समाती अभद्र व्यवहार गरे। यस घटनाका बारेमा पत्रकार संघले खेद प्रकट गर्दै सम्बन्धित निकायलाई जानकारी गरायो।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा हिन्दू तथा मुश्लिम धर्मावलम्वीहरूको बसोबास छ। सामान्यतया धार्मिक कारणले कुनै पनि अप्रिय घटनाहरू घटेका छैनन्। एउटा मन्दीरको जमिनको विषयलाई लिएर भएको घटनाका बारेमा उल्लेख भैसकेको छ।

२.३ राजनैतिक स्वतन्त्रता

यस जिल्लामा राजनैतिक स्वतन्त्रताको पूर्णस्थिति नभएको कुरा विभिन्न घटनाहरूले पुष्टि गर्छन्। यस वर्ष यहाँ कुनै चुनाव नभए पनि गत चुनावकै विषयलाई लिएर यस वर्ष पनि केही अप्रिय घटनाहरू भए।

सात वामपंथी पार्टीहरूको ०५० साउन ४ र ५ को चक्काजाम कार्यक्रमभन्दा पहिले नै यहाँका वामपन्थी राजनैतिक कार्यकर्ताहरूलाई प्रहरीले जथाभावी गिरफ्तार गर्न शुरू गर्‍यो। ४ गते विहानदेखि नै गिरफ्तार हुनेहरूमा चिरंजीवी आचार्य, बालगोपाल थापा, उदय सिलवाल, हरी अधिकारी, रामअश्रेराम, गुरू लामिछाने, जुनेद अन्सारी, हरी वैद्य लगायतका व्यक्तिहरूलाई ६ गते छोडिएको थियो।

राष्ट्रिय प्रजातन्त्र पार्टी पर्साको आयोजनामा ०५० असोज २४ मा पूर्वघोषित कार्यक्रम अनुरूप जिल्ला प्रशासन कार्यालय घेराउ कार्यक्रम गर्दा प्रहरीले धर्नामा बसेकाहरूलाई जबरजस्ती हटाउने र १०० भन्दा बढी राप्रपाका कार्यकर्तालाई ट्रकमा राखी क्षेत्रीय प्रहरी कार्यालयमा लगी राखेको थियो। सो पक्राउमा राप्रपाका नेताहरू चन्द्रदेव चौधरी र मोहनलाल चौधरी, विमल श्रीवास्तव, राजीव पराजुली र रामबहादुर थापा आदि थिए।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा राजनैतिक, आर्थिक र सामाजिक कारण तथा प्रहरी प्रशासनबाट सुगम र निष्पक्ष न्यायिक अधिकार उपलब्ध हुन नसकेको देखिन्छ।

पर्सा जिल्ला विवोगुढी-५ बदनीहार गाउँका रामचन्द्र साह तेलीको घरमा ०५० भदौ ३० गते राती ११-१२ बजे डाँकाहरूले उनलाई गोलीले घाइते बनाई धनमाल लुटे। पीडितको जीउबाट ५ वटा छर्राका गोली निकाल्नु परेको थियो। अझै बायाँ हातमा रहेको छर्राका केही गोली पैसाको अभावमा निकाल्न नसकेको पीडितको गुनासो छ। प्रहरीले सो घटनाको जाहेरी लिन नमानेकोले दर्ता हुन सकेन भनिन्छ। सो डकैतीमा वाछवनाका इनरदेव ओझैया थारू नाइके र अन्दमामुनी राउत कुर्मी, हेमन चौधरी भएको पीडित पक्षको भनाई छ।

यस वर्ष जिलला प्रशासन कार्यालयमा दर्ता भएका मुद्दाहरूमध्ये सार्वजनिक अपराध ४६, फुटकर ज्यान ८, विष खाएर र झुण्डिएर आत्महत्या १२, जीउ मास्ने बेच्ने १, सवारी ज्यान १२, भवितव्य ज्यान २३, चोरी ११, लागु औषध ३९, कर्तव्य ज्यान ६, ज्यान मार्ने उद्योग ७, हात हतियार खर-खजाना ९, डाँका ७, जबरजस्ती करणी १, नागरिकता प्रमाण-पत्र १ र बहुविवाह १ गरी जम्मा १८६ वटा छन्। त्यसमध्ये १२८ वटा मुद्दा फछ्र्यौट भइसकेका छन् भने ५८ वटा फछ्र्यौट हुन बाँकी रहेको पाइयो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा भूमिहीन र सुकुम्बासी समस्या प्रशस्त छ। जिल्लाका विभिन्न स्थानहरूमा वन जंगल फडानी गरेर बसोबास गर्ने, पहाड तथा भारतबाट आएर बस्नेहरूको ठूलो संख्याका कारण यहाँका स्थानीय बासिन्दाहरू आफूलाई समस्या थपिएको गुनासो गर्छन्। यस जिल्लामा के कति सुकुम्बासी छन् भन्ने कुराको सही मूल्यांकन र समस्या समाधानपट्टी पंचायतकालदेखि अहिलेसम्म गंभीरतासाथ कसैले ध्यान दिएको पाइएन।

४. महिला अधिकार

यस जिल्लामा पनि महिलाहरूको अधिकार पूर्णरूपमा सुरक्षित छैन। दाइजो प्रथा यहाँका महिलाहरूमाथि हुने अत्याचारको ज्वलन्त उदाहरण हो।

महिलाहरूमाथि प्रहरी प्रशासनबाट पनि बेलाबखत दमन र यातनाका घटनाहरू घटेका छन्। त्यस्तै घटनामध्ये पदमौलको घटना एक उदाहरण हो। ०४९ फागुन २६ गतेको पदमौलको हत्या काण्डपछि त्यहाँ शान्ति सुरक्षा कायम गर्नु खटाइएका प्रहरी र गाविस अध्यक्ष ताराचन्द साहका लठैतहरूले गाउँमा भएका लोग्ने मानिसहरूलाई कुट्ने, थुन्ने मात्र गरेनन्। उनीहरूले त्यहाँ महिलाहरूलाई पनि विभिन्न यातना दिने, कुट्ने, कपाल लुछ्ने र डोरीले बाँध्ने तथा चरित्र हत्या गर्ने दुष्प्रयासहरू गरे। उक्त वारदातमा धनवा देवी अहिरिन, सुनरपतिया, तेतरी, रंतुरिया अहिरिन आदि महिलाहरूलाई प्रहरी र मुनिलाल शाह लगायतका व्यक्तिहरूले यातना दिएका थिए।

४.१ महिला किनबेच र बलात्कार

वीरगंज नगरपालिका-२ छपकैया बस्ने २५ वर्षीय शेखअलि मियाँले ०५० साउन ३० मा सोही ठाउँकी ९ वर्षीया एक बालिकालाई बलात्कार गरी रक्ताम्मे बनायो। त्यस अघि पनि उसले एक प्रहरी असईकी छोरीलाई हातपात गरेको अभियोगमा थुनामा राखिसकिएको थियो। सो दिन पिडकले बालिकालाई जबरजस्ती समातेर यतिम खानामा लगी बलात्कार गर्न लाग्दा बालिका कराएपछि उ भागेको थियो। यस घटनामा प्रहरीले पीडितको जाहेरी लिन आलटाल

गरिरहेको बताइन्छ।

यस जिल्लामा महिलाहरूमाथि अन्य विभिन्न प्रकारको शोषणहरू पनि विद्यमान छ। महिला किनबेचका घटनाहरू नघटेता पनि बाहिर जिल्लाबाट महिलाहरू भारत लैजाने गिरोहको यो एक अखडा नै हो। यहाँ धेरै पटक त्यस्ता गिरोहहरू फेला परेका छन्। यहाँ वेश्यावृत्ति र जिउ बेच्ने मास्ने घटनाहरू पनि घट्ने गरेका छन्।

४.२ जारी, बहुविवाह, देउकी र वादी आदि समेत

यस जिल्लामा देउकी र वादी समस्या छैन। तर यहाँ बहुविवाह र बाल विवाहका घटनाहरू धेरै नै छन्। तर सामाजिक संरचना पुरानै भएकाले त्यस्ता समस्याहरू प्रकाशमा आउँदैनन्।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

यस जिल्लामा मानवअधिकार उल्लंघनका विभिन्न घटनाहरू घट्ने गरेका छन्। त्यस्ता घटनाहरू मध्ये केही प्रस्तुत गरिएको छ।

मनिहारी गाविसमा खानेपानीको पाईप राख्ने र नराख्ने विषयमा राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाली कांग्रेसका कार्यकर्ताबीच विवाद हुँदा ९ व्यक्ति घाइते भए।

वीरगंज-छपकैयाका दिपेन्द्रशाह कानु र विरेन्द्रशाह कानुलाई प्रहरीले प्रहरीमाथि आक्रमण गरेको अभियोगमा गिरफ्तार गऱ्यो। प्रहरीहरूले सादा पोशाकमा आई बिनापूर्जी घर खानतलासी गर्न थालेपछि २ पक्षबीच झगडा भएको थियो।

अ.हे.व. महेन्द्रप्रसाद साहलाई ३ दिन भित्रमा २ ठाउँ र दुर्गम जिल्लामा सरूवा गरियो। साहलाई ०४८ साउन २४ मा पर्साको ठोटी स्वास्थ चौकीबाट बागेश्वरी स्वास्थ चौकीमा सरूवा गरिएको थियो। उनलाई त्यहाँबाट ०४९ चैत ८ मा मध्यमाञ्चल क्षेत्रीय स्वास्थ सेवा निर्देशनालय हरीहर भवनमा र त्यसको लगतै ३ दिनपछि रामेछापको बभ्काङ जनस्वास्थ शाखामा सरूवा गरियो। मनिन्छ पदमौलको हत्याकाण्डमा मृतक रामानन्द यादवका मानिस भनेर उनलाई दुःख दिइयो। अहेव यादव अहिले घरमै बस्न बाध्य छन्।

जिल्ला विकास अधिकारी रमेशकान्त शर्मा पौड्यालले ०५० असार ३ गते सुखा राहतका लागि खाद्यान्न माग्न गएका व्यक्तिहरूलाई साधारण वादविवाद हुँदा जगरनाथपुरका जालिम मियालाई सार्वजनिक अपराध मुद्दा लगाएको कुरा पीडित पक्षले बताए। जगरनाथपुर, बसन्तपुर, जितपुर र मसिहान ४ वटा गाविसको राहत सामाग्रीका लागि एउटै व्यक्तिलाई दिने भन्ने जिल्ला समितिको पत्र अनुसार किन सो क्षेत्रका महम्मद सलिमलाई उपलब्ध गराइएन भनी बुझ्न उनी ०५० जेठ २९ गते वीरगंज आएर केही कुरा गरी फर्केका थिए। पछि उनलाई वीरगंज आएको समय सार्वजनिक अपराध अन्तर्गत १० दिनसम्म थुनामा राखी तारेखमा छोडिएको छ।

६ आदिवासी समस्या

यस जिल्लामा पनि धेरै पुराना जातिहरू आदिवासीका रूपमा रहेका छन्। तर जिल्लामा चारैतिरको जनसंख्याको चापले उनीहरू अल्पमतमा पर्दै जाने, उनीहरूका संस्कृति र परम्पराहरूमाथि अतिक्रमण भएर लोप हुँदै जान थालेको छ।

७. बालअधिकार

यस जिल्लामा बाल अधिकार पनि पूर्ण सुरक्षित छैन। जिल्लाका विभिन्न ठाउँमा अधिकांश बालबालिकाहरू घर आँगन, खेती र गोठालो गर्छन्। जमिन्दारहरूको घरायसी र खेत, गोठको काममा लगाइन्छन्। थुप्रै बालबालिका वीरगंज नगरपालिका भित्रका उद्योगहरू, होटलहरू तथा अन्य ठाउँमा मजदुरी पेशामा छन्। उनीहरूलाई पढ्ने र अन्य बालअधिकार प्राप्त छैन।

पदमौल-९ मा घटेको गोली काण्डमा ९-१० वर्षका बालकहरूलाई पनि उनीहरूका बुबा आमासंगै कुटपिट गर्ने, कपाल समातेर उचाल्ने पछार्ने, डोरीले बाँध्ने, बुटले हिर्काउने गरियो। सो घटनामा पीडित बालकहरूमा रामजी यादव, उमेश यादव, धिरेन्द्र यादव, भरत यादव आदि थिए। उनीहरू भाग्न नसकेको कारण यातनाको शिकार बने।

रबलवाटोल सिरसिया-६ का रामबहादुर तुरहाको १२ वर्षीय छोरा विनोद साह ०५० भदौ १ देखि बेपत्ता पारिए। पीडित पक्षका अनुसार सोही ठाउँका दिनदयाल साह तुहारले विनोदलाई मावली जाउँ भनी सो दिन भारत चम्पारण, थाना संग्रामपुर स्थित आफ्नो ससुराली गाउँ लगेका थिए। विनोदको मावली र उनको ससुराली एकै ठाउँ हो। मावलीबाट विनोद ४-५ दिनपछि घर हिंडेको तर बेपत्ता भएको थाहा पाएपछि उनका परिवारले प्रहरीमा जाहेरी दिए। दिनदयाललाई १ महिनापछि काठमाडौंमा पक्राउ गरी केही दिन थुनामा राखी छोडिएको छ। ती दुबै परिवार बीच लेनदेनको झगडा रहेको थियो। यस घटनामा प्रहरी प्रशासनको उदासिनताबाट पीडित पक्ष आहत छन्।

अतिरिक्त जानकारी

नेपालको प्रमुख औद्योगिक शहरहरू मध्ये एक वीरगंज पर्दछ। यहाँ प्रशस्त उद्योग धन्दाहरू छन्। तर अदूरदर्शी र अवैज्ञानिक नीतिका कारण, अव्यावहारिक र अव्यवस्थित छन्। वीरगंज नगरको वातावरणीय स्वच्छतामा ह्रास आउँदै छ। नगरपालिकामा चल्ने टाँगाहरूले त्यहाँ सडक बिगार्ने र फोहोर मैला थपिरहेछ। बाह्य मुलुक तथा भारतबाट नेपाल पैठारी र नेपालबाट निकासी हुने प्रमुख भंसार भएका कारण यहाँ तस्करी, भ्रष्टाचार र कमिशनतन्त्र व्याप्त छ। भारतीय सीमानासंग जोडिएकोले अवैध चोरी निकासी प्रशस्त हुने, डकैती र लुटपाट मच्चिने गरेको छ। लागु औषध र दूर्व्यसनीहरूको लागि पनि यो जिल्ला आश्रयस्थल बनेको छ।

०५० मंसीर १२ गते वीरगंज-१४ मा २५ वर्षीया हेमासिंह सिखको लाश आफ्नै कोठामा झुण्डिएको अवस्थामा फेला पऱ्यो। ❑

२. मध्यमाञ्चल

नारायणी

२.१० चितवन

जनसंख्या : ३५४४८८
साक्षरता : ५२.९ प्रतिशत
महिला साक्षरता : ४०.७ प्रतिशत
क्षेत्रफल : २२१८ वर्ग कि.मी.

चितवन जिल्ला विविध घटना वा दृष्टिकोणले बेलाबेलामा चर्चित रहने जिल्ला हो। राजनैतिक रूपले चेतनशील नागरिकको बसोबास भएको मानिने यो जिल्लामा विभिन्न राजनैतिक दलहरूको बीचमा तीव्र प्रतिस्पर्धा छ र त्यो प्रतिस्पर्धा यदाकदा अस्वस्थ रूपमा देखिने गरेको पनि पाइन्छ। मूल पेशा कृषि नै रहेको चितवन जिल्ला शैक्षिक दृष्टिले त्यति पछाडि परेको देखिंदैन।

बहुदलीय व्यवस्था स्थापनाका लागि महत्वपूर्ण बलिदानीपूर्ण योगदान पुऱ्याउने यो जिल्ला अहिले पनि हिंसा र दमन सहन विवश छ। यो एक वर्षभित्र भएका हत्या, दमन, गिरफ्तारी, यातना, बलात्कार आदि घटनाहरूलाई हेर्दा यहाँ मानवअधिकारको हनन चर्कै किसिमले भइरहेको पाइन्छ।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यो वर्ष चितवन जिल्लामा राजनैतिक दमनका क्रममा थुप्रै मान्छेको ज्यान गएको छ भने दाइजोको कारणबाट पनि हत्याको घटना घट्न पुगेको छ। त्यस बाहेक देशका अत्यधिक लोकप्रिय र प्रभावशाली नेताहरूको अस्वाभाविक निधनका कारण पनि यो जिल्ला सन् १९९३ मा अत्यन्तै ठूलो चर्चामा रहन पुग्यो।

०५० जेठ ३ गते पृथ्वी राजमार्गको चितवन-मुगलिङ खण्डको दासढुंगा भन्ने ठाउँमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का तत्कालीन महासचिव तथा काठमाडौं क्षेत्र नं. १ का सांसद मदन भण्डारी र सोही पार्टीका संगठन विभाग प्रमुख जीवराज आश्रित चढेर जानु भएको बा.अ.च ८७९३ नम्बरको पजेरो जीप शंकास्पद ढंगले त्रिशुली नदीमा खस्दा उहाँहरू दुबैको अस्वाभाविक निधन भयो। तर जीपका चालक अमर लामा भने त्यति ठूलो दुर्घटनामा पनि सकुशल रहन सके। गाडीको अवस्था दुर्घटनास्थलको स्थिति, ड्राइभर लामाको तत्कालको शारीरिक अवस्था र घटनाबारे उनका भनाइहरू एवं नेताद्वयको लाश प्राप्त भएको ठाउँ आदि कुराहरूलाई हेर्दा यो घटना स्वभाविक नभएको स्पष्ट हुन्छ। नेताद्वयको षडयन्त्रपूर्ण तरिकाले हत्या गरिएको हो भन्ने भनाइ धेरैको रहेको पाइए पनि षडयन्त्रको सूत्राधार को हो र उहाँहरूको हत्या कसले गरेको हो भन्ने कुरा अझै पनि रहस्यमय नै बन्न पुगेको देखिन्छ। दासढुंगा दुर्घटनालाई विविध किसिमबाट विश्लेषण गर्दा नेताहरूको षडयन्त्रपूर्ण तरिकाले हत्या गरिएको हुन सक्ने सम्भावनाका पक्षहरू पनि नभएको भने देखिंदैन।

दासढुंगा दुर्घटनाको निष्पक्ष छानवीन आयोग गठन गर्ने लगायतका मागहरू राखेर सात वामपन्थी पार्टीहरूले संचालन गरेको आन्दोलनमा यहाँ दुई जनाको गोलीद्वारा ज्यान गयो भने सयौं व्यक्तिहरूलाई घाइते बनाउने र गिरफ्तार गर्ने काम भयो।

०५० साउन ४ गते सात वामपन्थी पार्टीको चक्काजाम कार्यक्रम थियो। त्यसै सिलसिलामा जुलुश र सभाहरू भइरहेका थिए। स्थानीय पुल्चोकमा सांसद अमिक शेरचन सभालाई सम्बोधन गरिरहनु भएको थियो। तर एकाएक माइक ध्वस्त गरेर लाठीचार्ज गर्न थालियो। प्रजिअ, जिविस सभापति र नगर प्रमुख पनि त्यहाँ आइ पुगेपछि स्थिति झनै उत्तेजक बन्यो। शान्तिपूर्ण रूपमा संचालन भइरहेको सभास्थलमा प्रहरी आएपछि दोहोरो भीडन्त हुने स्थितिको सिर्जना हुन पुग्यो र प्रहरीले बिना चेतावनी मनपरीसँग गोली चलायो। जसबाट २५ वर्षीया कौशिला राना मगरको मृत्यु भयो। बच्चालाई दुध लिन पसलतर्फ गइरहेको अवस्थामा गोलीको शिकार हुन पुगेकी कौशिला गर्भवती रहेको बताइन्छ।

सोही घटनामा तनहुँ, मनपाङ गाविस सांगे हर्कपुरका २५

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	२
हिरासतमा यातना	-	३
बलात्कृत	१	५
आत्महत्या		-



साउन ४ गतेको चक्काजाम कार्यक्रममा प्रहरीको गोलीद्वारा मारिएका बुद्धिमान श्रेष्ठको शव

वर्षीय बुद्धिमान श्रेष्ठको पनि गोली लागेकै कारण मृत्यु भयो। उनको छातीमा गोली लागेको थियो। उनलाई २ दिनसम्म भरतपुर अस्पतालमा राखियो। त्यसपछि ठीक भएको भनी घर पठाइएको थियो। तर निको नभएकोले उनलाई पुनः स्वास्थ्य परीक्षण गराउन अस्पताल जानु पऱ्यो। गोली लागेको ८ दिनका दिन उनको अस्पतालमै मृत्यु भयो।

उक्त दिनको घटनामा प्रहरीको लाठी, गोली र यातनाबाट सयौं मान्छे घाइते भएका थिए। सांसद अमिक शेरचनलाई लाठीले टाउकामै हानेर गम्भीर घाइते बनाइयो। उहाँलाई आँखा र मुखमा समेत असर पर्ने गरी पिटिएको थियो। त्यसरी नै सांसद जागृतप्रसाद भेटवाललाई पनि लठ्ठीले पिट्ने र लछारपछार गर्ने गरेर घाइते बनाइएको थियो।

भरतपुर-५ का गोपाल पन्थीलाई खुट्टामा गोली लागेको थियो। खुट्टा काम नलाग्ने भएकाले काटिएको छ। भरतपुर-१० का विष्णु पाण्डेको दुबै खुट्टामा गोली लागेको र उनका दुई वटै खुट्टा काम नलाग्ने भएका छन्। भरतपुर-५ का जीवन श्रेष्ठ सख्त घाइते बनाइएका कारण अझसम्म पनि स्वस्थ हुन सकेका छैनन्। प्रहरीको गोली प्रहारबाट भरतपुरकै रामचन्द्र श्रेष्ठको पनि एउटा खुट्टा काम नलाग्ने भएको छ भने भरतपुर-१४ का केशवराज रिमालको गोलीकै कारण आन्द्राबाट दिशा जाने तथा एउटा खुट्टा काम नलाग्ने भएको छ। भरतपुर-४ का रामकुमार मानन्धर मजदूर हुन्। तर उनी गोलीबाट घाइते भएपछि श्रम गर्न नसक्ने स्थितिमा रहेका छन्।

त्यसैगरी भरतपुरका रामबहादुर श्रेष्ठ, पंचकन्या गाविसका मंगलराम दराई, मंगलपुरका कृष्ण पाठक, भरतपुरका मंजिल पिया, कठार गाविसका कृष्ण न्यौपाने, परासी गाविसका उमाकान्त अधिकारी, मंगलपुर गाविसका कर्णबहादुर विक, शुक्रनगर गाविसका हरि पाण्डे, पिठुवा गाविसका कुमार थापा, गौरीगंज गाविसका वलीभद्र कंडेल, पद्मपुर गाविसका टीकाराम रिजाल, देवघाटका बुद्धिप्रसाद लामिछाने, नवलपरासी वरघाटका कृष्णप्रसाद शर्मा र आपटारी गाविसका बुद्धिमान गुरूङ गोली लागेर घाइते भएका थिए। गोली तथा लाठी प्रहारबाट घाइते हुने अन्य व्यक्तिहरूमा तोरीखेलका भीमसेन थापा, भरतपुरका बद्रीबहादुर श्रेष्ठ र मदन श्रेष्ठ, देवघाटका उमा थापा, केशव दुवाल, विकास दुवाल, गैंडाकोटका रामप्रसाद सापकोटा, नवलपरासीका पूर्णबहादुर गौतम, बछ्यौली गाविसका फिरलाल चौधरी, खैरेनी गाविसका राजकुमार सेठाईं, मंगलपुरका यदु पोखरेल लगायत रामकुमार राई, डी.बी. शिवाकोटी, द्रोणबहादुर शिवाकोटी, भीम राई, रामु, ठाकुरप्रसाद ढकाल, माधव पोखरेल, लालबहादुर वि.क., विष्णु दवाडी, ज्ञानबहादुर दराई आदि रहेका छन्। घाइते मध्ये कतिपयको अवस्था अझै पनि नाजुक रहेको देखिन्छ।

पटियानी-८ गंगानगर बस्ने १८ वर्षीया शकुन्तला पौडेललाई माइतबाट भने जति दाइजो नल्याएको रीसमा ०५० जेठ १९ गते आफ्नै पति बाबुराम पौडेल, ससुरा खगराज पौडेल र सासु तुलसी पौडेलले घरमै घाँटी थिचेर हत्या गरे। पोखरा माइति भएकी शकुन्तलालाई हत्या गरिसकेपछि राप्ती नदीमा लगेर फालिएको थियो। अदालतले अभियुक्तहरूलाई जेल हाल्ने आदेश दिएको छ।

०५० कार्तिक २५ गते यहाँको हवाई मैदानमा गाईवस्तु चराइरहेका बालकृष्ण वि.क.लाई रक्सी खाएर आएका प्रहरी हवल्दार मनोहरलाल मकल, प्रहरी जवान तेजबहादुर देवकोटा, भक्तबहादुर कुंवर, रामप्रसाद सुवेदी र तारापति सापकोटाले मरणासन्न हुने गरी पिटे। उनीसंगसंगै गाईवस्तु चराइरहेका लक्ष्मी

प्रहरी ज्यादतीको यो नमूना : मृतक बालकृष्ण वि.क.

भट्ट, शशीकला पाण्डे र शंकर थापालाई पनि कुटपिट गर्ने र २५ पटक उठबस गर्ने गराएर यातना दिएका थिए।

भोलिपल्ट सोही ठाउँमा ७० वर्षीय बालकृष्ण वि.क. मृत अवस्थामा भेटिए। पोष्टमार्टम रिपोर्टमा चोटको कारणबाट अचानक मृत्यु भएको कुरा देखियो। त्यसपछि मृतकका छोरा नरबहादुर वि.क.ले किटानी जाहेरी दिएका छन्। तर प्रहरी र प्रशासनबाट यस घटनाका सम्बन्धमा कुनै चासो राखेको देखिंदैन। घटनाका सम्बन्धमा छानवीन गर्न विभिन्न व्यक्तिहरू रहेको एउटा कार्यदल बनेको र त्यसले पनि कारवाही अगाडि बढाउन नसकेको बताइन्छ।

१.२ जेल

यहाँको जेलको अवस्था राम्रो छैन। १ विघा १२ कठ्ठा जग्गामा रहेको यो जेलमा ७५ जनासम्म बन्दीहरू राख्न सकिने क्षमता रहेको देखिन्छ तर १३२ जना बन्दीहरू राखिएको छ। जेलभित्र फोहोर-मैला बढ्दै गएको छ। समय समयमा सरसफाई गरिन्छ भनिए पनि त्यस्तो सरसफाई हुने गरेको देखिएन। सानो भवन भएका कारण बन्दीहरूलाई भान्साको ठूलै समस्या रहेको छ। कारागार भवन र पर्खाल बीचको करीब २ मीटर दूरीको ठाउँमा साँघुरो भान्सा बनाइएको छ, जुन छेउबाट नाली पनि बग्ने गर्दछ।

यहाँका बन्दीहरूको लागि जेलभित्र एउटा बन्दीले पसल संचालन गरेको छ। हाते तान बुन्ने र प्लाष्टिक डोरीबाट नाम्लाहरू बनाउने काम गरेर बन्दीहरू थोरै भए पनि दैनिक ज्याला पनि कमाउने गर्दछन्। यो जेलमा ४ जना नाबालकहरू पनि रहेका छन्। आफ्ना आमाबाबु दुबै जना जेल परेका कारणबाट सानै उमेरदेखि यी बालकहरू नराम्रो वातावरणमा हुर्किन थालेको पाइन्छ।

१.३ गिरफ्तारी र यातना

सात वाम घटकद्वारा आयोजित ०५० साउन ४ गतेको चक्काजाम कार्यक्रममा प्रहरी र प्रशासनका तर्फबाट दमन नै गरियो। लाठी र गोलीका घाइतेहरूलाई उपचार गराउनेतर्फ प्रशासन लागेन। बरू रक्ताम्य भएका घाइतेहरूलाई लछारपछार गर्दै, कुट्दै-पिट्दै, कुनै निर्जीव वस्तु फाले झैं घाइतेहरूलाई ट्रकमा फाल्दै हिरासतमा राखियो। घाइतेहरूको घाउमा बाँध्नलाई पट्टिसम्म पनि दिइएन।

साउन ४ गतेको चक्काजाम कार्यक्रमका दिन सांसद अमिक शेरचन जुलुशको नेतृत्व गर्दै र भाषण गर्दै हिंडिरहनु भएको थियो। शहीदचोक नजिक एउटा सभामा उहाँ बोलिरहनु भएको बेला एक्कासी प्रहरीहरूले लाठी र गोली वर्षाउन थाले। डी.एस.पी.ले नै सांसद शेरचनमाथि प्रहार गर्ने आदेश दिए। लाठी, बूट र बन्दूकको कुन्दाको प्रहारबाट उहाँको टाउको रगताम्य भयो। उहाँको आँखा लगायत शरीरका अन्य भागहरूमा समेत गम्भीर असर पऱ्यो। एउटा हात भाँचियो भने दुईवटा दाँतको जरा खुस्किएको थियो। त्यसै गरी जुलुशको नेतृत्व गरेर हिंडिरहनु भएका अर्का सांसद जागृतप्रसाद भेटवाललाई पनि लाठी प्रहार गरेर घाइते बनाइएको थियो। दुबैजना सांसदलाई उपचारार्थ तत्काल अस्पताल लगिएन, उल्टो गिरफ्तार गरेर प्रहरी कार्यालयमा लगी राखियो।

सो दिन सांसद अमिक शेरचन र जागृतप्रसाद भेटवाल लगायत सयजना भन्दा बढीलाई गोली र लाठीबाट घाइते बनाएर

प्रहरीको लाठीचार्जबाट घाइते सांसद अमिक शेरचन

बिनापूर्जी गिरफ्तार गरिएको थियो। गिरफ्तार गरिएका अन्य व्यक्तिहरूमा यदु पोखरेल, रामकुमार राई, विष्णु दवाडी, दीपक तिमिल्सिना, शेरे साह, जोगबहादुर कुमाल, ठाकुरप्रसाद ढकाल, ईश्वर श्रेष्ठ, माधव पोखरेल, पूर्णबहादुर रानामगर, रविन्द्र सिंह, वसन्तकुमार बराल, शंकरराज अर्याल, कुमार पौडेल, अंकरप्रसाद जोशी, मदन कंडेल, बासुदेव सिलवाल, रविमान वर्मा, राजेन्द्र अर्याल, गोविन्द तिवारी, प्रकाशराज जोशी, विष्णु जि.सी., प्रकाश परियार आदि हुनुहुन्थ्यो। गिरफ्तार गरिएका मध्ये कतिपयलाई झुठो मुद्दामा फसाउने प्रयत्न पनि भएको थियो।

भरतपुर क्याम्पसमा अध्ययनरत नेविसंघ र अखिल पक्षका विद्यार्थी बीच भीडन्त हुँदा अखिल पक्षका यदुनाथ पोखरेल र सोमबहादुर कंडेल मरणासन्न हुने गरी पिटिए। घाइते विद्यार्थीलाई उपचारार्थ काठमाडौं ल्याइयो। पीडकहरूलाई कुनै कारवाही नभएको बताइन्छ। त्यस्तै म.मा.वि.का विद्यार्थीलाई मादीमा एउटा पार्टीका केही कार्यकर्ताले खुकुरी प्रहार गरेर घाइते बनाएका थिए।

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

प्रशासनिक दमन र गोलीबाट जनता त्रस्त हुनुपर्ने स्थिति रहेकाले अशिक्षित र असचेत व्यक्तिहरू आफ्नो सामान्य मौलिक अधिकारका लागि पनि बोल्न डराउँछन्। आस्थाकै कारण कतिपय सचेत व्यक्तिको मौलिक अधिकार हनन गरिएका घटनाहरू पनि यहाँ रहेका छन्।

पूर्वाग्रह राखेर रा.प्रा.वि. टुंगाराका शिक्षक ठाकुरप्रसाद आचार्यलाई अपायक ठाउँमा सरुवा गरिएको छ भने रा.प्रा.वि. शान्तिबजारका शिक्षक गिरिराज खकुराललाई प्राविधिक सरह तलब भत्ता दिनु पर्नेमा दिइएको छैन। ज.ज.मावि. पिठुवाका शिक्षक हुमनाथ ढकाललाई प्रतिशोधकै कारण छोटो समयमै दुई ठाउँमा सरूवा गरेर दुःख दिइएको छ। जनजागृति मा.वि. पिठुवाका शिक्षक केशवराज भट्टराईलाई निजको मौलिक अधिकारबाट सिधै बञ्चित गरिएको छ। एक शैक्षिक सत्र स्वीकृत दरबन्दीमा काम गरेका शिक्षकलाई सामान्य प्रक्रिया पुऱ्याई स्थायी गर्ने नेराशिसं र श्री ५ को सरकार बीच सम्पन्न सम्झौता अनुरूप दरखास्त दिई अन्तरवार्ताको लागि नाम निकाल्दा उनलाई शिक्षक छनौट समिति चितवनले अन्तरवार्तामा सामेल गराएन। नेराशिसं जिल्ला कार्य समिति चितवनका पूर्वउपाध्यक्ष दिवाकर भुषाल लगायतका थुप्रै शिक्षकहरूलाई राजनैतिक जुलुशमा सहभागी भएको आरोप लगाई स्पष्टीकरण सोध्ने काम शिक्षा शाखाबाट भएको छ भने शिक्षकद्वय ढाकाराम सापकोटा र कृष्णबहादुर कार्कीलाई पनि प्रतिशोधकै हिसाबले दूर्गम ठाउँमा सरूवा गरिएको छ।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक विवाद र कलहका कारण कुनै घटना घटेको छैन। यहाँका बासिन्दामा एक आपसमा धार्मिक सहिष्णुता रहेको पाइन्छ।

२.३ राजनैतिक स्वतन्त्रता

संविधानले राजनैतिक स्वतन्त्रताको अधिकार प्रत्येक नागरिकलाई प्रदान गरेको भए पनि यहाँ त्यो अधिकारलाई कुण्ठित बनाउने खालका कतिपय घटनाहरू घटेका पाइन्छन्। राजनैतिक आन्दोलनमा शान्तिपूर्ण ढंगले लागेका नागरिकमाथि लाठीचार्ज गर्ने, गोली हान्ने, बिनापूर्जी गिरफ्तार गरेर झुठो मुद्दा लगाउने कामहरू यहाँ भएका छन्। त्यस बाहेक राजनैतिक प्रतिशोधकै कारण कतिपयलाई कारवाही गर्ने प्रचलन पनि विद्यमान छ।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको अदालतप्रति शंका र अविश्वास कसैको पनि रहेको पाइदैन। तापनि गरिबी, अशिक्षा र अज्ञानताका कारण यहाँका बहुसंख्यक जनता सुगम र निष्पक्ष न्यायिक अधिकारबाट बंचित रहेका देखिन्छन्। प्रायः जसो गरीब र अशिक्षित मान्छेहरू अदालतमा गएर मुद्दा लड्नु भनेको झंझट व्यहोर्नु हो भन्दछन्।

यो वर्ष चितवन जिल्ला अदालतमा जम्मा ३२१ वटा मुद्दा दर्ता भए। जसमा दुनियाँवादी २३६ वटा र सरकारवादी ८५ वटा मुद्दा रहेका छन्।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यो जिल्लामा सुकुम्बासीहरू छन् तर उनीहरूको निश्चित संख्या कति छ भन्ने कुरा थाहा हुन सकेन। ०५० साउन महिनाको बाढीले बेघरबार हुन पुगेका व्यक्तिहरू समेत हाल सुकुम्बासीको रूपमा रहन बाध्य छन्। भरतपुर-१० अन्तर्गत पर्ने जंगलमा पनि सुकुम्बासीहरू छाप्रा बनाएर बसेका छन्। तर त्यहाँका सुकुम्बासीहरू आफूहरूले छाप्राको भाडा तिरिरहनु परेको बताउँछन्।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

महिला किनबेच गर्ने कामलाई यहाँका केही मान्छेहरूले आर्थिक उपार्जनको पेशा बनाएको बताइन्छ। अहिले पनि भरतपुर जेलमा १३ जना बन्दीहरू जीउ मास्ने बेच्ने अभियोगमा थुनामा रहेका छन्।

महिलाहरूलाई फकाइ फुल्याई, भुक्याएर वा जबर्जस्ती भारत लगेर बेच्ने पेशेवर गिरोहमा ओम गुरूङ, मीना गुरूङ, खड्गबहादुर थापा, रामशरण पुडासैनी, वीरबहादुर तामाङ, कृष्ण पुडासैनी आदि रहेका छन् र त्यसमध्ये केही अहिले जेलमा रहेका छन्। यही गिरोहले जुनमाया तामाङ, एकमाया थापामगर, लालमाया थापामगर, लुकमाया थापामगर र सुमित्रा तामाङलाई भारत पुऱ्याएर प्रतिव्यक्ति भा.रू. ३० हजारमा बिक्री गरेको थियो। त्यसमध्ये २ जना स्वदेश फर्किन सफल भए। अभियुक्तहरू फरार छन्।

भरतपुर-१० बस्ने खेमराज रेग्मीले आफ्नै घरमा काम गरेर बस्ने १३ वर्षीया एक किशोरीलाई ०५० भदौ ३१ गते बलात्कार गरेको बताई पीडितको पक्षबाट मुद्दा हालिएको छ। त्यसैगरी ७ वर्षीया एक बालिकालाई बलात्कार गरेको अभियोगमा प्रकाशचन्द्र ढकाल र १७ वर्षीया एक युवतीलाई बलात्कार गरेको अभियोगमा राजकपुर श्रेष्ठ जेलमा रहेका छन्। खरानीटार गाविसका विष्णुबहादुर वस्नेतले ४ वर्षीया एक बालिकालाई बलात्कार गरेपछि प्रहरीले गिरफ्तार गरी थुनेको छ भने ५ वर्षीया बालिकालाई बलात्कार गर्ने अर्को व्यक्ति पनि हिरासतमा रहेको छ।

४.२ जारी, बहुविवाह, देउकी र वादी आदि समेत

यो वर्ष चितवन जिल्लामा बहुविवाहको घटना सार्वजनिक जानकारीमा आएन। जारी, देउकी र वादीको समस्या यहाँ उल्लेख्य रूपमा रहेको पाइदैन।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यस जिल्लामा दासत्वको समस्या उल्लेखनीय रूपमा रहेको पाइएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

शिवनगर-२ बस्ने चन्द्रबहादुर विश्वकर्मा दुध उत्पादक किसान भएकाले उनले उत्पादन गरेको दुध जयनगर गाविस स्थित नमूना दुग्ध विकास संस्था प्रा.लि.मा बेच्न भनी लगे। तर उक्त संस्थानका अध्यक्ष केशवराज आचार्यले अछूतहरूले छोएको दूध बिक्दैन भनी दूध खरीद गर्न अस्वीकार गरे। यसरी यहाँ संविधान तथा मुलुकी ऐनमा व्यवस्था भएभन्दा बिपरित कामहरू गरेर पनि मानवअधिकारको हनन हुने गरेको छ।

६ आदिवासी अधिकार

यो वर्ष चितवन जिल्लामा आदिवासी सम्बन्धी उल्लेख्य घटना घटेको पाइएन।

७. बाल अधिकार

यहाँका अधिकांश बालबालिका विद्यालय जानबाट बञ्चित रहेका छन्। नारायणघाट, टाँडी आदि ठाउँका होटेलहरूमा काम गर्ने बालमज्दूरहरूको संख्या उल्लेख्य रहेको छ।

अतिरिक्त जानकारी

०५० साउन ४, ५ र ६ गतेको अविरल बाढीले चितवन जिल्लाको पूर्वी क्षेत्रलाई चुर्लुम्मै डुबायो। उक्त बाढीका कारण यो जिल्लामा सरकारी तथ्यांक अनुसार २२ जना र स्थानीय मान्छेहरूको भनाई अनुसार ३० जनाको मृत्यु हुन पुग्यो भने २ हजार ८ सय १३ वटा घरहरू क्षतिग्रस्त हुन पुगे। जसमध्ये २ हजार २ सय वटा घर पूर्ण क्षतिग्रस्त भए भने ६ सय १३ वटा घर आंशिक रूपमा क्षतिग्रस्त भए। बाढीबाट ५ हजार २ सय ९३ परिवार तथा ३४ हजार ९ सय ४३ जना व्यक्तिहरू पीडित बने। १ हजार १२ वटा गाईवस्तु बाढीले बगाएर मरे भने १ हजार ५ सय २२ हेक्टर जमीन क्षतिग्रस्त भयो।

उक्त बाढीबाट विचलित जनतालाई राहत बितरण गर्ने कार्यमा पक्षपात गरिएको र भ्रष्टाचार भएको गुनासो अहिले पनि रहेको छ। कोराक-१ का देउमिन प्रजाका परिवारलाई क्रिया खर्चसम्म दिइएन र सम्बन्धित पक्षसंग माग्दा रकम सकिएको कारण देखाइयो। सबै प्रमाण हुँदाहुँदै उनलाई मृतकको सूचीमा राखिएको पनि पाइएन। यस्तै यहाँ राहत बितरण गर्दा आ आफ्नो राजनैतिक प्रभावलाई हेरेर बाँड्ने गरिएको पनि पाइन्थ्यो।

बाढी पीडित जनतालाई सुव्यवस्थित ढंगले राख्ने काम नभएका कारण उनीहरू अहिले पनि बिचल्लीको अवस्थामा रहेका छन्।

यस जिल्लामा रहेको राष्ट्रिय निकुञ्जबाट विभिन्न चीजहरू चोरी गरेर बेचबिखन गरेको आरोपमा २९ जना बन्दीहरू रहेका छन्। यिनीहरू मध्ये केही वास्तविक अपराधी छन् भने केही व्यक्तिहरू झुठो आरोपमा आफूलाई फसाएको बताउँछन्। यसैगरी काठ चोरीको घटनामा पनि उनीहरूलाई जबर्जस्ती फसाएको कुरा केही बन्दीहरूको रहेको छ।

जिल्ला वन अधिकृत पद्मराज नेपाल र रेन्जर रामानन्दप्रसाद कुमाईलाई केही सैनिकहरूले कुटपिट गरेपछि सख्त घाइते भएकोले भरतपुर अस्पतालमा उपचार गराइएको थियो। पीडकहरू प्रति कुनै कारवाही नभएको कुरा पीडितहरू बताउँछन्। ❑



२. मध्यमाञ्चल

नारायणी

२.११ मकवानपुर

जनसंख्या : ३१४५९९
साक्षरता : ३८.३ प्रतिशत
महिला साक्षरता : २४.५ प्रतिशत
क्षेत्रफल : २४२६ वर्ग कि.मी.

यो जिल्ला औद्योगिक विकास, राजनीतिक घटनाक्रम र अन्य विषयहरूमा पनि समय समयमा चर्चामा आउने गर्छ। यस वर्ष पनि यस जिल्लामा प्रजातन्त्र र मानवअधिकार विरोधी केही घटनाहरू घटेका छन्।

१ सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

राई गाविसमा ०५० कार्तिक ८ गते बडादशैंको समयमा राप्रपाका कार्यकर्ताहरू बीचको आपसी विवादका कारण कुटपिट भई सोही-६ का ५५ वर्षीय मानबहादुर श्रेष्ठको सोही महिनाको १० गते मृत्यु भयो।

आमभञ्ज्याङ्-१ बुङदल सरस्वती खोलाकी एक बच्चाकी आमा २४ वर्षीया लक्ष्मी बञ्जरालाई आफ्नै पतिद्वारा हत्या गरिएको छ। मृतक लक्ष्मीको झुण्डिएको अवस्थाको लाशको प्रकृति हेर्दा उनको हत्या नै भएको अनुमान गर्न गाह्रो पर्दैनथ्यो। त्यस्तै यदुनथले पत्नीलाई माइतमा लेखेको एक लामो पत्रमा पनि अब सम्बन्ध स्थापित गर्न नसकिने चेतावनी दिइएको देखिन्छ। डक्टरी रिपोर्ट र मृतकका पति र ससुराले अदालतमा साविती बयान दिएपछि उनीहरूलाई थुनामा राखिएको छ।

फाखेल-१ का देवबहादुर घलेले ०१९ चैत २५ गते आफ्नै पत्नीको हत्या गरेको घटना प्रकाशमा आएको छ।

हेटौंडा-६ मा हटिया-१ निवासी एक व्यक्तिलाई केही उदण्ड व्यक्तिहरूले कुटपिट गरेकोमा सोही कारण निजको मृत्यु भएको थियो।

हाडिखोला-५ का ३ सन्तानका बाबु ४२ वर्षीय काजिमान विश्वकर्मालाई ०४९ फागुन २६ गते सुत्केरी पत्नीलाई खुवाउन आफ्ना बाबुको घरबाट कुखुरा लिएर घर जाँदै गरेका बेला बसामाडी गाविस निवारपाने प्रहरी चौकीका प्रहरी गणेशबहादुर थापा र बलबहादुर के.सी.ले कुखुरा नदिएकोमा कुटपिट गरी चौकीमा पुर्‍याए। मरणान्न अवस्थामा पुर्‍याइएका विश्वकर्मालाई बा.अ.ग ७४६ को मोटरमा राखी हेटौंडा पुर्‍याइएको तर उनको मृत्यु चौकीमै भइसकेको थियो। सो घटनाका बारेमा व्यापक जनदबाव भएपछि जिल्ला प्रहरी कार्यालय मकवानपुरको कार्यालय अगाडि त्यहाँ भेला भएका जनसमूह हटाउन केही टियरग्याँस र १०-१२ राउण्ड हवाई फायर समेत गरियो। घटनाको तेस्रो दिन ४ घण्टा यातायात अवरूद्ध भयो। त्यसै घटनालाई लिएर बसेको एक सर्वपक्षीय बैठकले मृतकका परिवारलाई रू. १० हजार दिने, छोराछोरीलाई पढाई दिने र पिडकलाई कारवाही गर्ने निर्णय गरेको थियो। तर अहिले मृतककी पत्नी माइतिमा शरण लिएर बालबच्चा सहित बस्दैछिन् भने पिडकपक्ष माथि कुनै कारवाही भएको जानकारी प्राप्त भएन।

०५० फागुन २० गते राई गाविसका अन्दाजी ४०-४५ वर्षका रामलाल थापाको पनि राजनैतिक वादविवादका कारण हत्या भएको बताइन्छ।

हेटौंडा-११ स्थित सरस्वती खोलाकी २३ वर्षीया नेत्रकुमारी तिवारीको लाश उनकै घरको चोटामा ०५० मंसीर ३ गते अर्ध नग्न अवस्थामा फेला पर्‍यो। उनका पति चेतबहादुर जुवा खेल्ने र हारेको रीसमा समय समयमा पत्नीसंग गरगहना मागेर झगडा गरिरहन्थे। चेतबहादुरकी बहिनी भारतको बम्बैमा वेश्याकोठी खोलेर बसेकी र बेलाबखत दाजुलाई भेट्न पनि आउने गर्थिन्। उनी आफ्नी पत्नीलाई बम्बै पठाउन चाहन्थे तर नमानेको कुरा नेत्रकुमारीले घरछिमेकमा बताएकी थिइन्। उनको हत्या हुनु भन्दा ३ दिन अघि तिलहरी नदिएको

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	१	२
बलात्कृत	-	९
प्रहरीको यातनाले मृत्यु	-	१
आत्महत्या	-	-

पतिका साथ लक्ष्मी बञ्जारा आखिर पतिद्वारा नै हत्या

रीसमा उनको पतिले खुकुरीले काट्छु भन्दै लखेटेपछि उनी नजिकैको दाजुको घरमा गई बाँच्न सफल भएकी थिइन्। मृतकका पतिलाई बहिनीसंग बम्बै जान लागेको अवस्थामा पक्राउ गरिएपछि साविती बयान दिएको र हाल थुनामा राखिएको छ। तर हाल चेत बहादुरलाई थुनामा राखेकोमा छिमेकीको घरमा समेत बम पड्काई दिने चेतावनी दिँदै हिन्दी भाषाका बेनामी पत्रहरू आउन थालेकाले गाउँहरूले त्रसित छन्।

१.२ जेल

यस जिल्लाको भिमफेदी गाविसमा रहेको कारागारमा अहिले ७३ बन्दी रहेकोमा ७२ पुरूष र १ महिला छन्। ती मध्ये ५७ जना आरोपित र १५ जना मात्र दोष प्रमाणित तथा ३ जना नाबालक रहेका छन्। १-५-० रोपनी क्षेत्रफलको यस जेलमा २ कोठा छन्। यो वर्ष १०२ जना थुनामा रेकोमा १०१ पुरूप १ महिला र ३ बालक थिए भने ५६ जना पुरूषहरूले छुटकारा पाए। राणाकालमा ग्यारेज रहेको त्यस भवनलाई २०३२ देखि जेलको रूप दिइएको हो।

यस जेलमा अहिले पनि हत्कडी, नेल लगाउने र तुरूङ्गमा हालेर राख्ने गरेको बन्दीहरू बताउँछन्। ३५ जना भन्दा बढी बन्दी रहन नसक्ने यस जेलको भौतिक स्वरूप निक्कै जिर्ण छ। वर्षा याममा बन्दीहरू कोठामा पानी पस्ने भएकाले सुत्न नसक्ने यथार्थ जेलका प्रमुख सुरक्षाकर्मी बताउँछन्। बन्दीहरू वर्षायाममा खाना पकाउन पनि नसकिने दुःखेसो पोख्छन्। जेलमा चर्पी तथा सरसफाई राम्रो छैन। महिला पुरूषको एउटै बरण्डा छ। दुई वर्ष नपुगेका आरोपित बन्दीले यहाँ बिस्तरा नपाउने व्यवस्था छ। अन्य सुविधाहरू पनि मानवीय दृष्टिले ज्यादै नगण्य छन्।

१.३ गिरफ्तारी र यातना

हाँडीखोला-५ का ४२ वर्षीय काजीमान विश्वकर्मालाई कुखुरा नदिएको निहुँमा प्रहरीले गिरफ्तार गरी प्रहरी चौकीमै पिटेर मारेको घटनाले पनि यहाँका प्रहरीको व्यवहारका साथै गिरफ्तारी र यातनाको स्थितिको संकेत गर्दछ। त्यस्तै यस जिल्लामा राजनैतिक प्रतिशोधका कारण घटेको घटना र मानवअधिकार विरोधी घटनाहरूमा घटनासंग असम्बन्धित व्यक्तिहरूलाई बिना प्रमाण गिरफ्तार गर्ने, बयान लिन यातना दिइने र व्यक्तिगत रीस-इबीका कारण दोषारोपण गरेका व्यक्तिहरूलाई पनि पक्राउ गरी थुनामा राख्ने गरेको पाइन्छ।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

पुनर्स्थापित प्रजातन्त्रले प्रदान गरेको नागरिकहरूको मौलिक अधिकारको उल्लंघन नभएको प्रहरी प्रशासनबाट बताइएता पनि यहाँ भएका धेरै घटनाहरू जनचेतनाको कमी, अशिक्षा र गरिबीको कारण भएका छन्। अन्य सन्दर्भमा उल्लेख भएका कतिपय घटनाहरूले पुष्टि गर्दछ।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा हिन्दू, बौद्ध, मुश्लिम, क्रिश्चियन, प्रणामी, वैष्णवी, ब्रम्हकुमारी आदि धर्म मान्नेहरू छन्। यहाँ धर्मको प्रचारका नाममा केही गलत कामहरू पनि भएको कुरा स्थानीय जनता बताउँछन्। हेटौंडा-११ नवलपुरका वीरबहादुर विश्वकर्मा अछूत भएको कारणले आफूले हिन्दू संस्कार अनुसार नारायणको पूजा लगाउन पूजापाठ गर्ने ब्राम्हण नपाएको बताउँछन्।

२.३ राजनैतिक स्वतन्त्रता

अर्धन्यायिक निकायहरूमा राजनैतिक हस्तक्षेप हुने गरेको गुनासो पाइयो।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाका जिल्ला न्यायाधीश सुगम र निष्पक्ष न्यायिक अधिकार प्रदान गर्नमा कुनै बाधा नआएको बताउनु हुन्छ। तर पीडित पक्ष भने न्याय सुलभ र चाँडो नभएको बताउँछन्। बन्दीहरूले पनि न्यायिक अधिकार समयमै पाउन नसकेको देखिन्छ। अपराधी र निर्दोषी पत्ता लगाउन घटनाको प्रकृति भन्दा राजनैतिक मापदण्ड अगाडि हुने गरेको छ। जिल्लाका विभिन्न मुद्दाहरूमा राजनैतिक दबाव भएकोतर्फ प्रमुख जिल्ला अधिकारीको स्वीकारोक्ति छ। ०४९ साउन देखि ०५० पुस १६ सम्म दर्ता भएका ४६७ वटा विभिन्न मुद्दामा १५० वटा मात्र मुद्दा फस्यौंट भए। जिल्ला अदालतको तथ्यांकले पनि यहाँको न्याय सेवामा ढिलाई हुने गरेको अनुमान गर्न सकिन्छ।

जिल्ला न्यायाधीश शान्ताराम सुवेदी "मानवअधिकारको हनन भयो भनेर नारा जुलुश भैरहेको देखिन्छ। तर मानवअधिकारको रक्षा भने भएको छैन" भन्नु हुन्छ। यस वर्ष यहाँ जग्गा सम्बन्धी ३३ मुद्दा दर्ता भएकोमा ६

वटा फर्स्यौट भए भने त्यस्तै अन्य विषयमा दर्ता र फर्स्यौट मुद्दाहरूमा लेनदेन ४०-८, अंशबण्डा ४५-१०, पारिवारिक २९-२०, किर्ते ठगी ४९-१२, कुटपिट ४१-१६, लुटपिट ११-५, ज्यान (सवारी दुर्घटना समेत) ४१-११, चोरी ३२-९, करणी ९-१, भ्रष्टाचार १-०, विविध (सम्बन्ध विच्छेद आदि समेत) १२१-४३ भएको कुरा जिल्ला अदालतले जनाएको छ। यस जिल्लामा सवारी दुर्घटना, दैवीप्रकोप (बाढी), सार्वजनिक अपराध आदि सिलसिलामा बढी मुद्दा परेको कुरा जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

केही सार्वजनिक क्षेत्र र वनको आसपासमा यो समस्या बढ्न थालेको छ। सुकुम्बासी समस्याले वन विनास पनि बढेको छ। बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपका कारण यहाँ प्रतिवर्ष भूमिहीन र सुकुम्बासीहरूको समस्या बढ्दैछ।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

यस वर्ष महिला बेचबिखनको कुनै मुद्दा अदालत र प्रहरी प्रशासनमा नपुगेता पनि हाँडीखोला, पद्म पोखरी, बसामाडी, मैसे आदि गाविस र हेटौंडा नगरपालिकामा यो काममा सकृयता देखिन्छ। गत वर्ष यहाँ ७ वटा जीउ बेच्ने मास्ने, ३ बलात्कार र १ बहुविवाहको मुद्दा दर्ता भएकोमा यस वर्ष ९ बलात्कार र १ बालविवाह तथा केही सम्बन्ध विच्छेदका मुद्दा परेका छन्। यस वर्ष यस जिल्लामा महिला किनबेच र बलात्कारका घटना नै नघटेका भने हैनन् तर प्रकाशमा एकदम कम र अपुष्ट रूपमा आएका छन्। जस अनुसार मनहरा सिमपानीकी एक महिलालाई स्थानीय एक फैक्ट्रीमा अन्तरवार्ताका लागि जाँदा बलात्कार गर्ने प्रयास भयो। त्यस्तै मुरलीकी सिताकुमारी माझीलाई पनि बलात्कारको प्रयास गरिएको थियो। हेटौंडा-११ का कृष्णप्रसाद हुमागाईंलाई आफ्नै पत्नीलाई भारतको वेश्यालयमा रू. २५ हजारमा बिक्री गरेको अभियोगमा प्रहरीले पक्राउ गरी कार्वाही शुरू गरेको छ।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यस वर्ष उल्लेखित कुनै पनि विषयमा कुनै घटना घटेको जानकारीमा आएन। देउकी र वादी यो जिल्लामा छैनन्। जारी र बहुविवाह भएता पनि प्रकाशमा आएनन्।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

दासत्वको समस्या यो जिल्लामा देखिन्न।

५.२ अन्य अमानवीय व्यवहारहरू

उद्योग र कृषिमा आधारित यस जिल्लामा उद्योग तथा कृषि मजदूरहरूमाथि एकनासको ज्याला छैन। एउटै काम गरेबापत महिला पुरूष श्रमको ज्याला पनि समान छैन। महिलाहरूलाई ललाई फकाई आँफैले विवाह गरी बम्बै पुऱ्याउने प्रवृत्ति बढेको छ। त्यस्तै हेटौंडा नगरपालिकाले पुनरावेदन अदालतको निषेधाज्ञालाई अवज्ञा गरी नगरपालिका-१० का सानुकुमार श्रेष्ठको घर भत्काई अमानवीय व्यवहार गरेको पीडित पक्षले गुनासो गरेका छन्। गैरकानूनी भएको भनी श्रेष्ठको घरका सम्बन्धमा कारवाही चल्दै आएकोमा ०५० जेठ २१ गते पुनरावेदन अदालतले निषेधाज्ञा जारी गरेकै भोलिपल्ट उनको घर नगरपालिकाले भत्काई दिएको थियो।

६. आदिवासी अधिकार

यस जिल्लामा आदिवासीका रूपमा चेपाङ (प्रजा) र पहरी जातिहरू रहेका छन्। उनीहरू अशिक्षित र परम्परागत रूपमा ज्यादै पिछडिएका छन्। प्रजाहरू अझै पनि जंगली कन्दमूल, गिठ्ठा, भ्याकुर, रूखका चिउली मै सीमित छन्। जिल्ला विकास समितिले विभिन्न ८ गाविसहरूमा "प्रजा विकास कार्यक्रम" संचालन गरेको छ। खैराङ, डाँडाखर्क, काकडा, राक्सीराङ, मार्ता, सरीखेत, मनहरी र कालीटार गाविसहरूमा यो जातिको बाहुल्यता रहेको छ। त्यस्तै पहरी जातिहरू पनि त्यतिकै पिछडिएका अवस्थामा छन्। उनीहरूको पेशा माछा मार्नु हो। यो जातिको उत्थान तर्फ सम्बन्धित पक्षले व्यावहारिक कार्यक्रम ल्याउन सकेको छैन।

७. बाल अधिकार

यस जिल्लामा पनि राजमार्ग आसपासका होटल, लज, चिया पसल, उद्योगहरूमा र धनी र सम्पन्न व्यक्तिहरूका घरमा प्रशस्त बालश्रमको शोषण भएको देख्न सकिन्छ। पिछडिएका बालबालिकाहरूलाई उचित शिक्षा र अन्य सुविधा उपलब्ध गर्ने अवसर छैन। बालविवाह र बालिकाहरूको बेचबिखन पनि समस्याकै रूपमा रहेको पाइन्छ।

अतिरिक्त जानकारी

यस जिल्लाको बीच भाग भएर रहेको राजमार्ग र हेटौंडा नगरपालिका क्षेत्र भित्र देहव्यापार बढेको कुरा स्थानीय बासिन्दाहरूको गुनासो छ।

त्यस्तै प्रमुख जिल्ला अधिकारी वैजनाथ मल्लिकले यो वर्ष राजनैतिक आन्दोलन, नेपाल बन्द, चक्काजाम, दैवी प्रकोप आदि मुख्य समस्या भएको, धेरै घटना राजनैतिक पार्टीद्वारा घटाइएको, अपराधीमाथि कारवाही गर्दा राजनैतिक दबावकै रूपमा वामपक्षबाट र सत्तापक्षबाट भनसुन हुने गरेको, जिल्लाको जेलको स्थिति दयनीय भएको बताउनु हुन्छ। त्यस्तै स्थानीय जनताका अनुसार बज्रबारही गाविस स्थित चानमेन व्यारेकका सैनिकहरूले युवाहरू र महिलाहरूलाई पिटेर यातना दिनुका साथै उल्टै चेतावनी दिएको र व्यारेकका कर्नेलले पनि सुनुवाई नगरेको उनीहरूको गुनासो रह्यो। ❑



२. मध्यमाञ्चल

बागमती

२.१२ ललितपुर

जनसंख्या :	२५७०८६
साक्षरता :	६२.२ प्रतिशत
महिला साक्षरता :	४७.८ प्रतिशत
क्षेत्रफल :	३८५ वर्ग कि.मी.

यो जिल्ला ४० वटा गाउँ विकास समिति र १ नगरपालिकामा विभाजित छ। यो काठमाडौं उपत्यकाको एउटा प्राचीन तथा ऐतिहासिक जिल्ला पनि हो। यहाँको कृष्ण मन्दीर र पाटन दरवार विश्व प्रसिद्ध छन्। भट्टेडाँडा, दहचोक, घुसेल, लेले, माल्टा, नाल्टु, प्युटार, भारदेव, बुखेल, चोरघरे, इकुडोल, मनिखेल, चंखु, आश्राङ, चन्दनपुर, गिम्दी, गोटीखेल, कालेश्वर, डुकुछाप र ठूलादुर्लुङ जस्ता सबै हिसावले पिछडिएका गाविसहरू रहेको यस जिल्लामा मुख्य गरेर सार्वजनिक अपराधका घटनाहरू घट्ने गरेका छन्। यस वर्षको असार १३ र १४ गते पाटनमा भएको गोलीकाण्ड मानवअधिकार उल्लंघनको उल्लेख्य घटना हो, जो सर्वाधिक चर्चामा रहेको छ।

१.१ हत्या / गोली

०५० असार ११ गतेदेखि उपत्यकाभित्र भएका प्रदर्शनहरूमा जघन्य र निर्मम घटनाहरू घटाइएका छन्। प्रहरीले चलाएको गोली र त्यसमा भएको जनधनको क्षतिले यसको पुष्टी आफै गर्दछ। ०५० असार १३ र १४ गते पाटनमा भएको प्रदर्शन र त्यसमाथि भएको गोली प्रहारबाट मंगलबजार, यंगालटोलमा इन्द्राज शिलाकारको तीनतला माथिको घरको झ्यालमा बसेकी २४ वर्षीया रीता शिलाकारको मृत्यु भएको थियो। विहान ८.१५ बजे पाटन मंगलबजारमा दोहोरो भीडन्तपछि प्रहरीले गोली चलाउँदा ३५ वर्षीय कृष्णनारायण मानन्धरको घटना स्थलमै मृत्युभएको थियो। कानपा-१९ निवासी मानन्धरले पाटनस्थित आफ्नो ससुराल जाँदा उक्त बिपत्ती बेहोर्नु पर्‍यो। त्यसरी नै त्यसै समयमा प्रहरीको गोलीबाट घाइते भएर पाटन अस्पतालमा उपचारार्थ ल्याइएका ७ जना घाइते मध्ये पाटन, वकुंवहाल निवासी राजमान शाक्यको अस्पतालमा पुग्ने बित्तिकै मृत्यु भयो। उनलाई टाउको र छातिमा गोली लागेको थियो। अन्य घाइतेहरूमा सुन्धारा निवासी २० वर्षीया सरस्वती महर्जनको हात र छातिमा गोली लागेको थियो। पाटन सुन्धारा निवासी १८ वर्षीय सुरेश महर्जनको घाँटीमा गोली लागेको थियो। सुवहालका १८ वर्षीय श्याम महर्जन र च्यासलका १९ वर्षीय सुरेन्द्र व्यञ्जनकारको पनि घाँटीमा गोली लागेको थियो। पाटन चवाल निवासी ३० वर्षीय राम महर्जनको पनि घाँटीमा गोली लागेको थियो। पाटन धाल्छे निवासी २२ वर्षीय महेश श्रेष्ठ साधारण उपचार पछाडि घर फर्केका थिए।

घटनाको प्रकृति	घटना संख्या १९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	२	४
हिरासतमा यातना	-	१
बलात्कृत	-	६
जेलमा हड्ताल	-	१
आत्महत्या	-	-

यसै गरी ०४९ चैत २ गते चार वामपन्थी पार्टीहरूले अगाडि सारेको चैत १ गतेको उपत्यका बन्द कार्यक्रमको समर्थन गर्न इञ्जिनियरिङ क्याम्पसमा कक्षा संचालन गर्ने कि नगर्ने भन्ने विवादले गर्दा झडप भयो। अन्ततः नेपाल ल क्याम्पसका विद्यार्थी भरतबाबु देवकोटाको टाउकोमा गम्भीर चोट लागी बेलुकी ८.३० बजे मात्र अस्पताल भर्ना गरियो। वीर अस्पतालमा सीटीस्क्यान बिग्रिएकोले उनलाई राती विरेन्द्रप्रहरी अस्पताल लगियो। तथापि रातको २.४० मा उनको मृत्यु भयो।

काभ्रेपलाञ्चोक जिल्ला न्याले गाविस घर भई कुपन्डोल डेरा गरी बस्ने वर्ष २४ का रामप्रसाद सापकोटा जनस्वास्थ्य महाशाखा टेकुमा रातीको इयुटी गर्ने चौकीदार थिए। ०५० असार १४ गते बेलुकी ७.३० बजे कुपनडोलबाट थापाथली आउने पुलको मुखैमा आइपुग्दा प्रहरीले सापकाटोलाई रोक्यो। तर सापकोटाले आफ्नो कर्मचारी परिचय पत्र देखाउँदै रातीको इयुटीमा जानु पर्ने बताए। प्रहरीले कसै गर्दा मानेन। रामप्रसाद डेरातिरै फर्किए। प्रहरीले पछाडिबाट गोली हान्यो। रामप्रसाद ढुनमुनाउँदै बागमती पुलको

पारीपट्टी ढले र उनको मृत्यु भयो। उनको ढाडमा गोली लागेको थियो।

उर्मिला बस्नेतको दाइजोका कारण जेठ १८ गतेको भएको हत्या पनि उल्लेखनीय छ। भैसेपाटी, नख्खु टोलका सुरज बस्नेतसंगको विवाह बन्धन पछाडि भएको यो हत्याले एउटी नारीले बाँच्न पाउने अधिकार गुमाउन पुगेकी थिइन्।

प्रहरीको गोलीद्वारा मृत रीता शिलाकार

०५० साउन २७ गते ललितपुर जिल्लाको धापाखेल सुनाकोठीमा दिनको ३ बजे मोटरसाइकल चढेर हिंडिरहेको बेला अज्ञात व्यक्तिहरूद्वारा लक्ष्मीभक्त महर्जनमाथि घातक हतियार प्रयोग गरी सख्त घाइते बनाइयो। पेट र टाउकोमा लागेको गहिरो चोटको कारण त्यसै दिन पाटन अस्पताल ल्याई पुऱ्याउनासाथ उनको निधन भयो।

नख्खु कारागारको बन्दी संख्या तालिका हेर्दा पनि एक वर्ष भित्रमा ज्यान सम्बन्धी कैदी २२ र बन्दी ४ र ज्यान मार्ने उद्योगका कैदी २ र बन्दी ३ को आंकडा देखिन्छ। त्यस्तै अदालतमा ९ वटा हत्याका मुद्दाहरू संलग्न छन्। त्यसरी नै जिल्ला प्रहरी कार्यालयमा चलिरहेका मुद्दाहरूमा खुन, ज्यानमार्ने उद्योग, वीष सेवन, झुण्डिएर, डुबेर र भवितब्यमा परेका अनेकन मुद्दाहरू दर्ता भएका छन्। यसले पनि पुष्टी गर्दछ कि ललितपुरमा हत्याका घटनाहरू घटिरहन्छन्। तर हत्या गर्ने र गरिने प्रकृति भने अलग अलग ढंगका छन्।

१.२ जेल

मुलुकको सर्वथा बहुचर्चित नख्खु जेल यही जिल्लामा पर्दछ। पूर्व टक्सार भवनको रूपमा बनाइएको उक्त भवन करिब सन् १९९५/९६ तिर निर्माण भएको हुनुपर्दछ भन्ने अनुमान मात्र छ। हालसम्म यसको निर्माणको तथ्य पत्ता लाग्न सकेको छैन। राणाकालदेखि राजनैतिक बन्दीहरूलाई राख्न बनाइएको भनिए पनि त्यसको भौतिक व्यवस्थानलाई हेर्दा यो प्रायः जीर्ण बनिसकेको छ। १५० जना अटाउन सक्ने क्षमता भएको यस जेलमा हाल १४८ जना बन्दी तथा कैदी राखिएका छन्। तर यो संख्या पनि निरन्तर घटबढ भइरहन्छ। जेलको भौतिक व्यवस्थापन (भवन, खानेपानी, खेल्ने चउर, कोठाको स्वरूप) लाई हेर्दा एकजना बन्दीलाई राख्न कति क्षमता भएको व्यवस्थापनको जरूरी पर्दछ भन्ने बुनै ठोस नीति नभएकोले आजको परिवर्तित परिस्थितिमा जेललाई कसरी संचालन गर्ने बहुत कठिनाई परेको छ भनी जेलर का.मु. शाखा अधिकृत सहदेव पराजुली बताउनु हुन्छ। राजनैतिक बन्दीहरू नभएकोले यस जेलको व्यवस्थापन दिनानुदिन बिग्रन थालेको छ। जेल भवन जीर्ण हुनु, जेल भित्रका कोठाहरू संयुक्त हुनु, पानीको यथोचित व्यवस्था नहुनु, पत्रपत्रिका र पुस्तकालयको अभाव हुनु, विरामीको उपचारको राम्रो व्यवस्था नहुनु, यातायातको व्यवस्था नहुनु र यथोचित बजेटको अभाव हुनु जस्ता कुराबाट यो जेल पिछडिएको छ। बन्दीहरूको मनोरञ्जनको लागि टेलिभिजन र खेलकूदका पर्याप्त सामाग्री नभएको देखिन्छ।

महिला र नाबालक बन्दी तथा कैदीहरू नभएको यस जेलमा मूलतः चोरी, ज्यान, जिउ मास्ने बेच्ने र लागु औषधिको अभियोग लागेका व्यक्तिहरू नै बढी देखिन्छन्। यसदेखि बाहेक जबरजस्ती करणी, सार्वजनिक अपराध, ज्यान मार्ने उद्योग र अनुशासनहिन काम गरे सम्बन्धी भन्ने नयाँ केश खडा गरी गृहमन्त्रालयले ४ जना प्रहरीलाई बन्दी बनाएको छ। जेल प्रशासनका अनुसार लागु पदार्थका बन्दीहरू अलग्गै राख्नु पर्ने, जेलमा कैदी ठेकिएर आउने बित्तिकै सिरक, डसना र सुकुलको व्यवस्था गरी दिनु पर्ने, कैदी तथा बन्दीहरूलाई जाडोमा सुइटर, जुत्ता र टोपीको व्यवस्था गरिदिनु पर्ने माग सबै बन्दीले राख्ने गरेका छन्।

जेल सुधारगृह भएकोले बन्दीहरूको चारित्रिक अनुशासनको सुधारको लागि आवश्यक शिक्षा तथा तालिमको व्यवस्था हुनु पर्दछ। र, हरेक बन्दीले जेल भित्रै आफ्नो श्रमलाई बेच्न पाउने व्यवस्था गरिदिनु जरूरी छ। नख्खु कारागारमा रहेका बन्दीहरूले विभिन्न माग राखी सिधा बहिष्कार गरी अनशन पनि बसेका थिए भन्ने कुरालाई जेल प्रशासनले स्वीकार गरेन। तर जेल भित्रका अन्यायपूर्ण कृयाकलापको विरोधमा विभिन्न माग राखी चामल बहिष्कार गर्दै चैत १ गतेदेखि अनशन बसेको जानकारीमा आएको छ।

१.३ गिरफ्तारी र यातना

यस जिल्लामा बैचारिक मतभिन्नताका आधारमा मानिसहरूमाथि अनावश्यक आरोप र मुद्दाहरू लगाइएको पाइयो। केही सार्वजनिक अपराध ऐन अन्तरगत मानिसहरूमाथि प्रतिशोध साँधिने गरेको पाइयो। राजनैतिक प्रतिशोधकै कारण असार २० गते बाटो हिंड्दै गरेका अनेरास्ववियुका मधुसुधन पौडेल, गोकर्ण ज्ञवाली, विनोद ढुंगेल र रामचन्द्रलाई गिरफ्तार गरिएको थियो।

०५० असार १३ बेलुकी ९.३० बजे पुस्तकालयमा बसेर पत्रपत्रिका पढ्दै गरेको कोठामा पसी ५।६ जना प्रहरीहरूले होहल्ला गरी १ जनालाई गिरफ्तार गरेर लगेका थिए। गिरफ्तार गरिएका सवन ताम्राकारलाई कुटपिट गर्दै लगेको र प्रहरी भ्यानमा राखेर पनि कुटिएको थियो। मंगलबजार थानामा र जिल्ला प्रहरी कार्यालय लाँदा समेत बाटामा कुटपिट गरेको बताइयो। जिल्ला प्रहरी कार्यालयमा उनलाई "गाडीमा ढुंगा हानेको हुँ" भन भनी यातना दिएको बताए। पछि उनको शरीर भरी घाउ, निलडाम देखेको कुरा प्रत्यक्षदर्शीहरू बताउँछन्।

असार १९ गतेको सात वामको देशव्यापी मशाल

जुलुश र असार २० गते नेपाल बन्दका कार्यक्रम मूलतः शान्तिपूर्ण नै रहे। तर असार १४ गते जाउलाखेलबाट विहान ९.३० बजे संयुक्त जनमोर्चाका कार्यकर्ताहरू क्रमशः इन्द्रलाल श्रेष्ठ, दिलबहादुर श्रेष्ठ, अष्टमान महर्जन, देवेन्द्रलाल श्रेष्ठ, कान्छा महर्जन लगायत ८० जनाको समूहलाई गिरफ्तार गरी पाटन डि.एस.पी. कार्यालयमा दिनभर थुनियो। र, असोज ५ गतेको नेपाल बन्दमा पुनः संयुक्त जनमोर्चाका कार्यकर्ता तथा नेताहरू गिरफ्तारीमा परे। गिरफ्तारीमा परेका सांसदद्वय लीलामणि पोखे्रल, खड्गबहादुर बुढा र अन्यमा देवेन्द्रलाल श्रेष्ठ, अष्टमान महर्जन, गोविन्द महर्जन, रामलाल महर्जन, दिपेन्द्र श्रेष्ठ, गौरी श्रेष्ठ र पूर्णबहादुर श्रेष्ठ रहेका छन्। त्यस्तै पुल्चोकबाट गिरफ्तार पर्नेहरूमा तुलसी डंगोल, अष्टमान महर्जन, भक्तबहादुर पाल, हरिराम महर्जन, सन्त महर्जन, नन्दगोपाल महर्जन, गणेशमान महर्जन, जितगोविन्द महर्जन, शीव महर्जन, अष्टमान महर्जन (अर्को), रवि महर्जन, विष्णुदास महर्जन, डिल्लीकुमार कपाली, कान्छा महर्जन, शान्तकुमार महर्जन, केशवराज अर्याल, मोहनलाल श्रेष्ठ र तेजबहादुर श्रेष्ठ छन्। त्यस्तै गरी सोही कार्यक्रममा गिरफ्तार पर्ने मसालका कार्यकर्ताहरूमा गणेश पोखे्रल, विशेष गुरूङ, वीरबहादुर पाण्डे, रमेश खनाल र रत्नबहादुर शाही छन्। गिरफ्तार गरिएका व्यक्तिहरूलाई यातना दिइयो कि भनी सोध्दा एकजना वरिष्ठ प्रहरी अधिकृतले -"हामीकहाँ कुनै पनि यातना बिना सावित्ती गराउने संयन्त्रको विकास नभएकोले थुप्रै अप्ठ्याराहरू छन्" भनी बताए। गिरफ्तारीमा पर्ने जनमोर्चाका इन्द्रलाल श्रेष्ठसंग बुझ्दा -"हामी समूहमा थियौं, त्यस्तो यातना दिने काम भएन" उनको जवाफ यस्तो थियो। पुनः प्रहरी अधिकृत बताउँदछन्- "कुनै किसिमको बल प्रयोग गरे सिंगो प्रहरीहरू बद्नाम हुने स्थिति तयार भएको छ। त्यसैले अपराधीलाई अपराध बोध गराउन समेत गाह्रो छ।"

०५० असार १ गते पाटन क्याम्पसमा विद्यार्थीहरू बीचको भीडन्तमा भाग लिन गएका भनिएका ल क्याम्पसका विद्यार्थी भरत देवकोटालाई छुरी लाग्नाले उपचार हुँदा हुँदै उनको मृत्यु भयो। सो अभियोगमा पक्राउ परेका उक्त क्याम्पसका स्ववियु सभापति रूपनारायण श्रेष्ठलाई अदालतको आदेशानुसार पछि थुनाबाट मुक्त गरियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

यो राजधानीसंगै जोडिएको जिल्ला भएकोले सामान्यतया यसको ग्रामीण इलाकाभन्दा शहरी इलाकामा अन्य दूर्गम जिल्लाको तुलनामा आफ्ना क्रियाकलापहरू निर्वाध रूपमा संचालन गर्न पाएको देखिन्छ। तर यसको उपभोग जिल्ला भरी एकनाशको छैन।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा मुख्य गरेर हिन्दू र बौद्ध धर्मावलम्बीहरू बसोबास गर्दछन्। जिल्लाको शहरी भागमा केही संख्यामा क्रिश्चियन र इश्लामहरू पनि छन्। तर यो संख्या नगण्य नै छ। यति भएर पनि हालसम्म यी धर्मावलम्बीहरूको बीचमा धार्मिक सहिष्णुता राम्रै देखिन्छ। धर्मको नाममा यहाँ कुनै द्वेष र वैरभाव देखिँदैन।

२.३ राजनैतिक स्वतन्त्रता

राजनैतिक स्वतन्त्रता उपभोग गर्दै संवैधानिक विरोधमा ओर्लिएका नागरिक माथि प्रहरी दमन तथा गिरफ्तारीका घटनाहरू उल्लेखनीय रहेका छन्। गिरफ्तारीको विवरण १.३ मा उल्लेख भैसकेको छ।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायिक निकायबाट भएका निर्णयहरू सन्तोषजनक नै छन्। तर अर्धन्यायिक क्षेत्रबाट हुने निर्णयहरू भने राजनैतिक दबावबाट प्रभावित भएको आभास मिल्दछ।

यहाँको जिल्ला अदालतमा ०४९ पुस १७ गते यता ०५० पुस १७ सम्ममा सबभन्दा धेरै जग्गा सम्बन्धी मुद्दाहरू दर्ता भए। ९ वटा हत्या, ५ वटा बलात्कार, ६ वटा मानवअधिकारको हनन र अन्य १५ वटा मुद्दाहरू दर्ता भएका छन्। जिल्ला प्रहरी कार्यालयमा मूलतः केही सार्वजनिक अपराध ५७ वटा, भवितव्य ३७ वटा, जबरजस्ती करणी ६ वटा, ज्यान, चोरी, आत्महत्या, ज्यानमार्ने उद्योग, विषपान, सवारी दूर्घटना, लागु औषधि र फूटकर गरी जम्मा २३७ वटा मुद्दाहरू दर्ता भएका थिए। प्रमुख जिल्ला अधिकारीको कार्यालयमा पनि केही सार्वजनिक अपराध, दूषित खाद्य र हातहतियार खर-खजाना गरी जम्मा ६७ वटा मुद्दाहरू दर्ता भएका थिए।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा भूमिहीन तथा सुकुम्बासीको संख्या अत्यधिक रहेको छ। उनीहरूमा अधिराज्यका विभिन्न भागबाट रोजगारीको खोजीमा शहर आएका देखि लिएर गाउँले क्षेत्रबाट आर्थिक कारणले सुकुम्बासी बनेकाहरूसम्म पर्दछन्।

४. महिला अधिकार

४.१ महिलाहरूको किनबेच र बलात्कार

यस जिल्लामा पनि महिलाहरूको किनबेच लगायत बलात्कारका घटनाहरू १ वर्ष भित्र ६ भन्दा बढी घटेका छन्।

झापा घर भै कानपा-५ बस्ने १३ वर्षीया एक बालिकालाई कालोपुलमा मुकुन्द गुरूङले ०४९ पुस १२ गते बलात्कार गरेको थियो।

०४९ चैत १६ गते सिन्धुपाल्चोक जिल्ला नारायणस्थान-८ बस्ने २० वर्षीया आइतमाया ऐजन बस्ने १७ वर्षीया ज्ञानीमाया धामीलाई ललाई-फकाई भारतको वेश्यालयमा बेच्न भनी लान खोजेकोमा धादिङ बसेरी-५ का

रामबहादुर क्षेत्री, धादिङ आइनचोक-६ का नेत्रप्रसाद रूवाली, -२ का कृष्णबहादुर थापा क्षेत्री र रामबहादुर थापा क्षेत्री थुनामा परेका थिए।

०५० बैशाख १५ गते जिल्ला प्रहरी कार्यालय ललितपुरले काभ्रेपलाञ्चोक जिल्ला रविओपी-५ बस्ने रामबहादुर लामाकी पत्नी नङ्गसील तामाङनी, इन्द्रा भट्टराई, साहिली तामाङ समेतलाई ललाईफकाई भारतमा बेचेको भन्ने सम्बन्धमा भोजपुर दिङ्गला-४ को आर.डी. भन्ने रमेशदेव राई, ल्वाङ्ग घलेल-८ को जीवन गोले कार्की र नीजकी दिदी, तथा काठमाडौं मैतीदेवी बस्ने सीता राइलाई सबुत प्रमाण सहित गिरफ्तार गरेको थियो।

०५० बैशाख १५ गते बेलुकी ४।५ बजे ४ वर्षकी एक बालिकालाई सुनिल माली भन्नेले घरको माथिल्लो तलामा लगी बलात्कार गरेको प्रमाण सहित गिरफ्तार गरी कार्वाही गरिएको थियो। अभियुक्त २५ हजार धरौटीमा छुटेको छ।

०५० असार १४ गते ललितपुर लुभु-८ को मकैबारीमा ३ वर्षीया एक बालिकालाई सोही गाविस बस्ने कृष्णबहादुर खत्रीले बलात्कार गरेको अभियोगमा हाल थुनामा छ।

०५० साउन ७ गते ललितपुरको इमाडोल-५ बस्ने २२ वर्षीया कमला सुवेदीलाई ललाई-फकाई भारतमा लगी जिउ मास्ने बेच्ने गतिविधि गरेको अभियोगमा मोरंग कैरौन-३ घर भै हाल ललितपुर इमाडोल काकाको घरमा डेरा गरी बस्ने डिल्लीप्रसाद कोइरालालाई गिरफ्तार गरी कार्वाही चलाइएको थियो।

०५० असोज १६ गते ललितपुर एकान्त कुनाकी ४ वर्षीया एक बालिकालाई जिल्ला बारा रतनपुर गाविस घर भै हाल जावलाखेल बस्ने १८ वर्षीय सुरेश चौधरीले बलात्कार गरेकोले कार्वाही गरी हाल १० हजार धरौटीमा तारिखमा छुटेको छ।

०५० मंसीर १४ गते राती एक बालिकालाई बल्खु डेरा गरी बस्ने गोपाल खड्काले बलात्कार गरेको अभियोगमा गिरफ्तार गरी कार्वाही गरिएको थियो।

०५० मंसीर ३० गते रामेछाप दुरागाउँ-१ घर भै ललितपुर -गर्खुमा डेरा गरी बस्ने १८ वर्षीया एक युवतीलाई रातको १० बजे कोठामा जबरजस्ती पसी ललितपुर-१७ को तीर्थ महर्जनले बलात्कार गरेको अभियोगमा कार्वाही भएको थियो। यसरी ललितपुर जिल्ला महिलाहरूको किनबेच र बलात्कारका घटनाहरूले अछूतो छैन। यो क्रम बढ्दो छ।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

देउकी र वादी नभएको यस जिल्लामा जारी प्रथा पनि त्यति प्रचलनमा छैन। तर यस वर्ष जिल्ला प्रहरी कार्यालयमा भने बहुविवाहका ३ वटा मुद्दाहरू दायर भएका छन्। यो संख्या शहरी इलाकामा भन्दा गाउँतिर अरू व्यापक रूपमा रहेको सुनिन्छ। तर उजुरी मने कमै पर्न आउने गरेको पाइयो।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्न

५.१ दासत्व विरूद्धको अधिकार

यस जिल्लामा दासत्वको समस्या रहेको पाइँदैन।

५.२ अन्य अमानवीय व्यवहार

यस जिल्लामा अछूत जातिहरूको बसोबास पनि उल्लेखनीय रूपमा रहेको छ। शहरी क्षेत्रमा जातिभेदको कारण अछूत जातिहरूमा हेला-होचो गरिएको नदेखिए पनि ग्रामीण क्षेत्रमा यसको प्रभाव प्रवल रहेको छ। तर अछूत जाति भएकै कारण कुनै व्यक्ति माथि अमानवीय व्यवहार गरिएको घटना विवरण भने प्राप्त भएन।

६ आदिवासी अधिकार

यो वर्ष यस जिल्लामा आदिवासी समस्यासंग सम्बन्धित उल्लेख्य घटना जानकारीमा आएन।

७. बालअधिकार

ठूलो संख्यामा यहाँ गार्मेण्ट्स र गलैंचा उद्योगहरू सञ्चालित छन् र प्रत्येक गार्मेन्ट्स र गलैंचा उद्योगमा स्थानीय र बेजिल्लाबाट आएका बालबालिकाहरूको श्रम शोषण भैरहेको छ।

अतिरिक्त जानकारी

जिल्लामा बढ्दो शहरीकरण, जनसंख्या र त्यसको साथमा हुर्कँदै गएको प्रदूषणले सिंगो वातावरणलाई प्रदूषित तुल्याएको छ। जिल्लामा चलिरहेको मार्वल उद्योगको जंगलमाथि अतिक्रमण र वातावरणीय असन्तुलनले नयाँ समस्या जन्माएको छ।

०४९ माघ १९ गते टिकाथली ललितपुर निवासी योगेन्द्र खत्रीले आफ्नी पत्नी शोभा खत्रीलाई मट्टीतेल खन्याई आगो लगाई हत्या गर्ने प्रयास गरे।

दीपक गुरूङलाई ललितपुरको सातदोबाटोमा हतियारले हमला गरियो। एकान्त कुना ललितपुरमा नपा-४ बस्ने वर्ष २६ का घनबहादुर गुरूङमाथि छुरा प्रहार भयो। कुपण्डोल बस्ने २२ वर्षीय रमेश श्रेष्ठलाई छुरा प्रहार गरियो।

जेठ २२ गते केही नकावधारी व्यक्तिले अस्तित्व साप्ताहिकका प्रबन्ध सम्पादक बटुकृष्ण कार्कीमाथि कुटपिट गऱ्यो। ❑



२. मध्यमाञ्चल

बागमती

२.१३ काभ्रे

जनसंख्या : ३२४३२९
साक्षरता : ३९.२ प्रतिशत
महिला साक्षरता : २३.४ प्रतिशत
क्षेत्रफल : १३९६ वर्ग कि.मी.

काठमाण्डौबाट ३१ कि.मी. पूर्वमा रहेको यो वागमती अञ्चलको एक जिल्ला हो। यस जिल्लालाई ९३ गाविस, २ नगरपालिका र चार निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ। यहाँको जनघनत्व २३२ व्यक्ति प्रति वर्ग कि.मी. छ।

पूर्व एक नम्बर क्षेत्रका २८ मौजा मध्ये काभ्रे र पलाञ्चोक दुई मौजा मिली बनेको यस जिल्लामा पलाञ्चोक भगवतीको प्रसिद्ध मन्दीर छ। यस जिल्लाको बीचोबीच भएर नेपाल-तिब्बत अरनिको राजमार्ग गएको छ। शिक्षाका क्षेत्रमा ३९ मा.वि., ४० नि.मा.वि., २९८ प्रा.वि., २ क्याम्पस र २ उच्च मा.वि. रहेका छन्। यस जिल्लामा यस वर्ष पनि मानवअधिकारका सवालमा केही घटनाहरू घटेका छन्। बलात्कार, महिला बेचबिखन, कुटपिट, ज्यान मार्ने उद्योग, प्रशासनिक हस्तक्षेप र राजनैतिक दलका केही वादविवादका कारण भएका घटनाहरूमा यहाँ मानवअधिकारको उल्लंघन भएको देखिन्छ।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

गोली र हत्याका घटना यस वर्ष यहाँ घटेनन्। तर यस वर्ष यस जिल्लामा झुण्डिएर आत्महत्या १५, प्रकार नखुलेको ज्यान ३, सवारी ज्यान १०, कर्तव्य ज्यान ४, भवितव्य ज्यान १४, विष खाइ आत्महत्या १०, हतियारबाट आत्महत्या १ र गर्भपतन ३ गरी जम्मा ६० वटा हत्यासंग सम्बन्धित घटना काभ्रे जिल्ला प्रहरी कार्यालय धुलिखेलमा दर्ता भएका छन्।

घटनाको प्रकृति	घटना संख्या	
	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	२
बलात्कृत	२	५
बोक्सीको आरोपमा दिसा ख्वाएको	-	१
आत्महत्या		१५

१.२ जेल

यस जिल्लाको सदरमुकाममा एक जीर्ण अवस्थाको धेरै वर्ष पुरानो जेल छ। तर यसलाई जेल भन्दा पनि पागलखानाको रूपमा लिइन्छ। राणाकालमा बडाहाकिमहरूको घोडा राख्ने तबेलाका रूपमा रहेको सो भवनलाई पछि मात्र जेलको रूप दिइएको थियो। अहिले यस जेलमा मानसिक असन्तुलन भएका बन्दीहरूलाई बढी राखिन्छ। सो जेलको क्षेत्रफल ३-८-३-० रोपनी भएकोमा बन्दीले २-८-० रोपनी मात्र प्रयोग गर्दछन्। यस जेलमा महिला बन्दी छैनन्। यहाँ ५७ जना पागल, २७ जना आरोपित र २ जना मात्र दोष प्रमाणित बन्दी छन्। यहाँ पागल बन्दी र अन्य बन्दीहरूलाई एकै ठाउँमा राखिएको छ। हप्ताको एक पटक मानसिक अस्पताल पाटनबाट मानसिक रोगीहरूको उपचारको व्यवस्था मिलाइएको छ भने अन्य बन्दीहरूलाई गम्भीर अवस्थामा बाहेक सो सुविधा छैन। यहाँका बन्दीहरूलाई कारागार शाखाले एउटा रेडियो दिएको छ भने चिठी-पत्र बाहेक पत्र-पत्रिकाको सुविधा छैन। यहाँका सुरक्षाकर्मी प्रहरी समेत बन्दीहरूसँगै बस्नु पर्ने बाध्यता छ। उनीहरूलाई छुट्टै बस्ने कोठाको व्यवस्था छैन।

बन्दीहरूमा मादक पदार्थ सेवन गर्ने र अभिभावकहरूले नियन्त्रण गर्न नसकेपछि त्यहाँ पुऱ्याएका लागु पदार्थका दुर्व्यसनीहरू पनि छन्। यस जेलको वार्षिक बजेट रू. ३० हजार छ। यस जेलमा बन्दीहरूलाई अपराधीलाई झैं यातना नदिएर स्वास्थ चौकीको रूपमा विकास गरिनु आवश्यक छ। तर हिजोसम्म पञ्चायतकालमा त्यसै जेलमा क्रुर यातना भोगेका नेताहरू अहिले सत्ता पक्ष र प्रमुख प्रतिपक्षमा हुँदा पनि त्यतापट्टि कसैको ध्यान नगएको कुरा सो जिल्लाका प्रजिअको भनाई छ। यहाँका धेरै बन्दीहरू शारीरिक र मानसिक रूपमा निक्कै नै अश्वस्थ छन्।

धुलिखेल जेल : आम बन्दीहरुका साथ पागल बन्दीहरु पनि

बेचिएको विषयमा दुबै पक्ष बीच विवाद हुँदा गाविसका अध्यक्ष हरीबहादुर वल, रेशमबहादुर वल, कृषि सेवा केन्द्रका पियन कमलबहादुर वल, अक्कलबहादुर वल र स्वास्थकर्मी रामकुमार यादवले विद्यार्थीहरू पद्म, ध्रुव थापा र देशबहादुर वाइवालाई मरणान्त हुञ्जेल पिट्दा देशबहादुरको दाँत समेत भाँच्चियो। सो घटना लुकाउन स्वास्थकर्मीहरूले फ्रिजमा मट्टितेल हाली बालेर विद्यार्थीहरूमाथि दोष थोपरे। तर सो सम्बन्धमा सर्जमिन हुँदा विद्यार्थीहरू निर्दोष भनिएता पनि केही विद्यार्थी र अभिभावकहरूलाई सार्वजनिक अपराध अन्तर्गत मुद्दा लगाउने र हिरासतमा राखेर यातना दिने काम भयो।

उक्त घटनामा सार्वजनिक अपराध ऐनको मुद्दा लगाइएका व्यक्तिहरूमा प्रेमप्रकाश लामा, युवराज लामा, देशबहादुर वाइवा, ध्रुव थापा, पद्मबहादुर थिङ, पद्मबहादुर वाइवा, नेत्रबहादुर वाइवा, खड्ग तिम्सिना, डम्बर तिम्सिना, राजकुमार नेपाली र दुर्गा भुजेल छन्। प्रहरीले प्रेमप्रकाश लामा, युवराज लामा र विद्यार्थीहरू देशबहादुर वाइवा र ध्रुव थापालाई ०५० असोज १२ गतेदेखि ४ दिनसम्म हिरासतमा राखी यातना दियो। विशेष प्रहरीसम्म पुगेको यस मुद्दाको तथ्य रिपोर्ट आइसक्दा पनि स्वास्थ मन्त्रीको दबावका कारण पीडित पक्षको सुनुवाई, पिडकमाथि कारवाही र हेल्थपोष्टको सम्पत्तिको क्षतिपूर्ति नगराइएको स्थानीय जनताको गुनासो छ।

यस वर्ष १ जना पागल बन्दीले जेलमा झुण्डिएर आत्महत्या गरे।

१.३ गिरफ्तारी र यातना

यस जिल्लामा केही गैरकानूनी गिरफ्तारी र अमानवीय यातनाका घटनाहरू भएका छन्।

नेपाल वार एशोसियसन इकाई काभ्रेका अनुसार ०४९ माघ ७ गते यसै जिल्लाको बनखु-३ बस्ने सुरसिंह लामा, ज्ञानबहादुर मुक्तान र काजीमान मुक्तानलाई मध्यरातमा बिनापूर्जी पक्राउ गरी जिल्ला प्रहरी कार्यालयमा राखिएको थियो।

जिल्ला अदालतका वार एशोसियसन इकाई समितिका उपाध्यक्ष अधिवक्ता शेषवप्रसाद गौतमलाई पनि बाटोमा हिंडिरहेको अवस्थामा बिनापूर्जी प्रहरीले पक्राउ गरी ०५० असोज ५ गते धुनामा राखेको थियो।

यस वर्षको तुलनामा गत वर्ष यहाँ धेरै अमानवीय यातना र गैरकानूनी गिरफ्तारीका घटनाहरू घटेका थिए।

बनेपा-१ को शेर मेमोरियल हस्पिटलका स्वास्थकर्मी रामकुमार श्रेष्ठलाई प्रहरी जवानले ०५० असार २७ गते अस्पताल हाता भित्र हातपात गर्नुका साथै २८ गते गिरफ्तार गरी हिरासतमा लिए। उनीमाथि केही सामान्य चोटपटक लागेर उपचारार्थ लगिएका व्यक्तिहरूलाई उनले अन्य बिरामीको उपचार गर्दा गर्दैको अवस्थामा सो रोकेर उपचार नगरेकोमा प्रहरी जवानले कुटपिट गरेका थिए। उनलाई ३१ गते स्वास्थ कर्मीहरूको तीव्र विरोधका कारण रिहाई गरियो।

तालढुंगा गाविसस्थित बजारको हेल्थपोष्टमा कार्यरत स्वास्थकर्मीहरू र विद्यार्थी बीचको झगडाको परिणाम स्वरूप हेल्थपोष्टमा आगलागी समेत भयो। सो स्वास्थ चौकीमा जन विकास मा.वि. कक्षा १० का विद्यार्थी पद्मबहादुर थिङ पटक पटक औषधि माग्न जाँदा पनि नदिएको तर औषधि बजारमा

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

यो जिल्लामा प्रत्यक्षतः यस अधिकारबाट नागरिकहरू पीडित भएको पाइन्न। तर राजनैतिक पूर्वाग्रह र व्यक्तिगत रीस-ईवीका कारण केही त्यस्ता घटनाहरू भएका पाइए। राजनैतिक प्रतिशोधका कारण केही ठाउँमा मौलिक हक सम्बन्धी अधिकारबाट बञ्चित हुनु परेका घटनाहरू अन्य प्रसंगमा उल्लेख भएकाले पनि पुष्टि गर्दछ।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक सद्भाव कायम छ। त्यस सम्बन्धी कुनै झै-झगडा र वादविवाद नभएता पनि हाल आएर यहाँ क्रिश्चियन धर्मावलम्बीहरूको केही प्रचार-प्रसार शुरू भएको, गरिबी र अशिक्षाको कारण आर्थिक प्रलोभन देखाएर धर्म परिवर्तन गराउने प्रयास भएको पाइन्छ।

२.३ राजनैतिक स्वतन्त्रता

यहाँ सत्तापक्षबाट प्रतिपक्ष राजनैतिक दलका कार्यकर्ताहरूमाथि विभिन्न प्रकारले झुठ्ठा मुद्दा लगाउने,

मानसिक यातना दिने, सार्वजनिक अपराध सजाय ऐन अन्तर्गतको मुद्दा लगाउने र एक्लै भेटे गुण्डा लगाई कुटपिट गरी यातना दिएका केही घटनाहरू भएका छन्। जिल्ला प्रहरी कार्यालय काभ्रेका अनुसार यहाँ यस वर्ष राजनैतिक कारणबाट ३६ वटा सार्वजनिक अपराध सजाय ऐन अन्तर्गत र हातहतियार खर-खजाना १ गरी ३७ मुद्दा दर्ता भएका थिए।

गोठपानी-५ बस्ने सूर्योदय प्रा.वि. ठूलीपँधेरा गोठपानीका प्र.अ. तथा नेपाल शिक्षक संघका सदस्य सलामसिंह लामा र डम्बरबहादुर लामाले ०५० कार्तिक १४ गते सोही गाविसको सरस्वती मा.वि. गोठपानीका कक्षा १० का विद्यार्थी रामबहादुर लामालाई वामपक्षीय विद्यार्थी संगठनमा लागे बापत बाटोमा भेटी खुकुरीले आक्रमण गरी घाइते बनाएर भागेका थिए। सो घटनाका सम्बन्धमा पीडित पक्षको जाहेरीपछि पीडकलाई रू.२ हजार धरौटीमा छोडिएको छ। पीडित पक्षलाई खुकुरीको चोट टाउको र खुट्टामा गम्भीर रूपले लागेकोले उनलाई टेष्ट परीक्षा दिन साथीहरूले पिठ्यूँमा बोकेर लगेका थिए।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

सुगम र निष्पक्ष न्यायिक अधिकारको उपभोग गर्ने अवसर सबै नेपालीले पाउनु पर्छ भन्ने मान्यता भित्र यहाँ सम्बन्धित निकायहरू सहमत प्राय छन्। तर यस वर्ष जिल्ला अदालतमा पुगेका ९ वटा मुद्दाका वादी प्रतिवादीलाई सम्पर्क गर्दा उनीहरू सबैले न्याय ढिला भएको, महंगो र सुगम नभएको गुनासो गरे। तर यस प्रश्नलाई अदालतले अस्वीकार गरे पनि न्याय क्षेत्रका अन्य स्वतन्त्र कर्मीहरूले भने न्याय क्षेत्रमा भएका ढिलासुस्ती, स्वेच्छाचारीपनको र राजनैतिक बोलवाला बढेको बताउँछन्। यस वर्ष यस जिल्लामा ५४४ वटा मुद्दाहरू दर्ता भए। ती मुद्दाहरूमा जग्गा सम्बन्धी, अंशबण्डा, माना चामल आदि देवानीतर्फ र लुटपिट, जालसाजी, सम्बन्ध विच्छेद आदि फौजदारी तथा सरकारवादी फौजदारी मुद्दामा ज्यान, चोरी, ठगी, किर्ते, जबरजस्ती करणी, मूर्ति चोरी, गाली-बेइज्जती आदि हुन्। यसै गरी प्रहरीबाट मात्र ५९ मुद्दा दर्ता भए।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा ७८.३ प्रतिशत कृषि, ७ प्रतिशत उद्योग र व्यापार, ९.०६ प्रतिशत ज्यालादारी मजदूर, ३.७७ प्रतिशत नोकरी तथा अन्य विभिन्न पेशामा छन्। यो समस्या उल्लेखनीय रूपमा नभएता पनि ६११ परिवारका २ हजार ६ सय ७२ व्यक्ति सुकुम्बासी भएको कुरा बस्ती सर्वेक्षण ०४९ मा उल्लेख छ। कृषिले मात्र आत्मनिर्भर नभएकाले यहाँबाट ट्याम्पो, ट्याक्सी, रिक्सा चालक, गलैंचा मजदूर र अन्य पेशामा धेरै नागरिक बाहिर जाने गरेका छन्।

४. महिला अधिकार

यस वर्ष यस जिल्लामा महिलाका अधिकार सम्बन्धी केही घटनाहरू गत वर्षको तुलनामा बढेको देखिन्छ। जस अनुसार ७ बहुविवाह, २ जीउ बेच्ने मास्ने, ३ गर्भपतन, ४ बलात्कारका घटनाहरू घटेका छन्। महिलामाथि भएका बलात्कारका घटनामा १६ देखि ७० वर्षसम्मका व्यक्ति र प्रहरी समेतको संलग्नता भएको पाइयो।

सर्स्युँखर्क गाविसकी एक महिलालाई बोक्सीको आरोप लगाई सामाजिक बहिष्कार गरी दिशा खुवाइएको एउटा घटना पनि चर्चामा छ। तर ती महिलालाई भेट्ने र आधिकारिक समाचार दिने काम सहयोगको अभावमा हुन सकेन।

४.१ महिला किनबेच र बलात्कार

न्यालेका ६२ वर्षीय जयभद्र सापकोटाले सोही ठाउँका ५ वर्षीया एक बालिकालाई ०५० साउन १ गते घरको चोटामा लगी बलात्कार गर्न लाग्दा बालिका कराएपछि गाउँलेले समाती प्रहरी समक्ष बुझाए।.२६ दिन थुनामा राखेपछि अदालतले निजलाई रू. ५ हजार धरौटी लिई छोडेको छ।

त्यस्तै साल्मे तालढुंगा-४ की स्थानीय विद्यालयमा कक्षा ४ मा अध्ययनरत १० वर्षीया एक बालिकालाई स्थानीय स्वास्थ चौकीका इन्चार्ज सन्तोष यादवले ०५० भदौ ७ गते जबरजस्ती बलात्कार गर्ने प्रयास गऱ्यो। यादवले आफ्नी आमाको लागि औषधि माग्न गएकी ती बालिकालाई बिरामी जाँच्ने कोठामा लगी अनुचित कार्य गर्ने प्रयास गरेको र एक बटुवाले बालिका चिच्याएको स्वर सुनेर त्यसतर्फ गई के भयो भनी बुझ्न खोज्दा बालिकालाई रू. १ दिएर कसैलाई नभन्नु भनी उस्ले छोडेको थियो। सो कुरा बालिकाले आमालाई भनेको र उनका बाबुले प्रहरी चौकीमा र जिल्लामा समेत उजरी गर्दा कुनै सुनुवाई भएन। बालिकाका बाबुका अनुसार स्वास्थ मन्त्रीसंगको सम्बन्ध देखाएर यादवले जिल्ला प्रहरी र प्रशासनमा समेत सो उजुरी दर्ता गर्न दिएनन्।

टौखाल-९ की १० वर्षीया एक बालिकालाई ०५० कार्तिक ३ गते टौखाल -९ कै १६ वर्षीय रमेश पराजुलीले राती ९ बजे छिमेकीको घरमा टि.भी. हेरेर फर्कँदै गर्दा बाटोमा भेटी बलात्कार गऱ्यो। उसलाई गाउँलेहरूले थाहा पाई प्रहरी चौकीमा उजुरी गरे पश्चात गिरफ्तार गरी रू. ५ हजार धरौटी लिई तारेखमा छोडिएको छ।

पनौती-६ का घेण्टु भनी चिनिने वर्ष ६५ को कृष्ण ताम्राकारले सोही ठाउँकी ९ वर्षीया एक बालिकालाई ०५० कार्तिक २२ गते साँझ ६ बजेतिर फूल टिप्न जाउँ भनी ललाई-फकाई रू.१/- दिएर परालको कुन्यूँमा लगी बलात्कार गरेको थियो। पीडित बालिकाका पिताले आफ्नी छोरीलाई सो अवस्थामा फेला पारेपछि पिडक फरार रहेको थियो। तर ०५० पुस १५ गते संखुचौरमा उसलाई प्रहरीले गिरफ्तार गरी हाल थुनामा राखिएको छ। ६५ वर्षीय कृष्ण ताम्राकारको त्यस प्रकारको चरित्रले अन्य बालिका र महिलाहरू पनि पीडित भएको बताइन्छ।

नेपाल बार एशोसियसन काभ्रे शाखाका अनुसार

ढुँस्वर्क-८ को १० वर्षीया एक बालिकालाई सोही ठाउँको केदार तिमिल्सिनाले ०५० कार्तिक १९ गते बलात्कार गऱ्यो। सो घटनाका बारेमा पीडित पक्षको उजुरी परेपछि पिडकलाई जिल्ला अदालत काभ्रेले रू. २५ हजार धरौटीमा छोड्न् आदेश दिएको छ।

यस जिल्लामा शान्ति सुरक्षाका लागि खटिएका प्रहरी जवानले ०५० मंसीर ८ गते विहान ११ बजे खोपासी पावर हाउसको नजिकैको घुम्तिमा बलथली-९ बस्ने २४ वर्षीया एक महिलालाई बलात्कार गरेको घटना प्रकाशमा आएको छ। पीडित ३ बच्चाकी आमा थिइन् र उनी मिनिल्याब अप्रेशनको टाँका काट्न बनेपा जाँदै गरेकी थिइन्। प्रहरी ज्यादतीको शिकार बनेकी ती महिलालाई बाटो हिंड्दै गरेका एक दम्पतीले देखि प्रहरीको पञ्जाबाट छुटाएपछि स्थानीय जनताको जिम्मा लगाई गाउँलेहरूले पिडकलाई कुटपिट समेत गरेका थिए। अभियुक्तहरूलाई जिल्ला प्रहरी कार्यालयले विभागीय कारवाही स्वरूप सरूवा मात्र गरेको र पीडित पक्ष भने प्रशासनको डरले सो घटनाको जाहेरी नै दिन डराएको पाइयो।

यस वर्ष यस जिल्लामा महिला बेचबिखनको त्यस्तो कुनै मुद्दा देखिन्न। तर पाँचखाल-१ का ३५ वर्षीय प्रदिप अधिकारी र पाँचखाल -१ की २० वर्षीया राधिका सापकोटा काठमाण्डौ कालिमाटीमा टमाटरको थोक बिक्रेताका रूपमा पहिलेदेखि नै सँगै आउने जाने गर्दै आएका थिए। तर ०५० कार्तिक १८ गते उनीहरू दुबै बेपत्ता भएकोमा ०५० मंसीर २ गते मात्र राधिका घर फर्केकी थिइन्। उनले त्यस बीचमा प्रदिपले भुक्याई नारायणघाट पुऱ्याएर बलात्कार गरेको र त्यसपछि भैरहवा, नेपालगंज, सुर्खेत, वीरगंज गएको र त्यहाँबाट भारत जान लाग्दा नमानेर विराटनगर गएको बताएकी छिन्। उनकै अनुसार विराटनगरमा पुगेपछि भारततर्फ बेच्न लैजाने योजना भएको बुझेकोले भागेर घर फर्केकी थिइन्। सो क्रममा उनको साथमा रहेको रू. ४५ हजार पनि प्रदिप अधिकारीले खर्च गरिदिएको र ऊ भारततर्फ भागेको थियो। सो सम्बन्धमा प्रवासी नेपाली संघ मध्य उत्तर क्षेत्रीय समितिको सहयोगमा उसलाई फेला पारी ०५० मंसीर १८ गते प्रहरीलाई बुझाइएको थियो। ०५० पुस १६ गतेको जिल्ला अदालतको फैसला अनुसार अधिकारीलाई रू. १० हजार धरौटीमा तारेखमा छोडिएको छ। अधिकारी पहिले प्रहरी सेवामा रहेको र त्यस समयमा पनि उस्ले त्यसरी धेरै महिलाको सतित्व लुटेको र त्यस्को विरोध गर्नेको हत्या गर्ने गरेको "बहादुरी" कथा सुनाएको कुरा पीडित राधिकाले बताएकी छिन्।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यस जिल्लामा देउकी र वादी समस्या छैन। जारी विवाहको कुनै घटनाको उजुरी परेको पनि देखिन्न। तर बहुविवाहको सवालमा भने एउटा घटना घटेको छ।

चण्डेश्वरी मा.वि. नालाका गणित शिक्षक महेन्द्र यादवले सोही विद्यालयमा एस.एल.सी. दिने विद्यार्थी पूण्यप्रभा निरौलालाई ०४९ माघमा ट्यूशन पढाउने निहुँमा अवैध शारीरिक सम्पर्क गरी अन्यत्र हल्ला गरे केटीकै बेइज्जत हुने धम्की दिएको थियो। अन्तत ०५० कार्तिक ४ गते बच्चा जन्मनु २ दिन अघि मात्र पीडित पक्षले प्रहरीमा जाहेरी गरिन्। त्यसपछि यादवले आफ्नो शारीरिक सम्बन्ध स्वीकारेर पीडित पक्षलाई पत्नीको रूपमा राख्न मञ्जूर भए। यादव ३ छोरा छोरीका बाबु र भारतीय नागरिक हुन्। तर उनले सिराहा जिल्ला सिक्रोन-१ बाट नेपालको नम्बर ३२१०४०२६ भएको नागरिकताको प्रमाणपत्र लिएका छन्। त्यस अघि बर्दिया र धादिङ्गमा समेत त्यस्तै बदनामी कमाई सकेका यादवलाई अहिले जिल्ला शिक्षा कार्यालयले विभागीय कारवाही शुरू गरेको बताइन्छ।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यहाँ रहेका २ वटा नगरपालिका भित्र स्थापित केही उद्योग, होटल लज तथा चिया पसलहरूमा पिछडिएका जातिका बालबालिका र अशिक्षित अभिभावकहरू समेत दास सरहको जीवन गुजारा गरिरहेका भेटिन्छन्।

५.२ अन्य अमानवीय व्यवहारहरू

माथि उल्लेखित घटनाक्रमका अतिरिक्त त्यस्तै र अन्य प्रकारका धेरै अमानवीय व्यवहारका घटनाहरू यस जिल्लामा घटेका भएता पनि सामाजिक संरचना, पुरातन चिन्तन, सामन्ती प्रवृत्ति हावी भएको कारण कतिपय घटनाहरू प्रकाशमा आउँदैनन्। जातीय शोषण, भेदभाव, सुलभ न्यायको अभाव आदि प्रत्यक्ष अमानवीय व्यवहार हुन्। सालधारा गाविस स्थित जनप्रिय मा.वि.का शिक्षक पद्मबहादुर वाइबा माथि ०५० मंसीर १८ गते सोही गाविसका अध्यक्ष हरीबहादुर वलका छोरा २८ वर्षीय रेशमबहादुरले बाटोमा भेटी गुण्डा दलको सहयोगमा मरणान्त पिटे। उनका घडी ज्याकेट पनि लुटे। ज्यान मार्ने धम्की दिए। पटक पटक प्रहरी समक्ष जाहेरी गर्दा पनि पिडकमाथि कुनै कारवाही भएन। उल्टै पीडित माथि नै सोही पिडकले मिलापत्र गर्ने बहानामा पुनः घरमा बोलाई ०५० पुस ४ गते कुटपिट गरी यातना दिने, मुखमा पिशाब फेरी दिने र बेहोस पारेर फ्याक्ने काम गरे। २ दिनसम्म उनलाई त्यसरी नै त्यहीं राखी किर्ते कागजमा मिलापत्र गराए। सोही महिनाको ९ गते उनीमाथि अर्को आक्रमण हुन लाग्दा उनले संयोगले सांसद गणेश पण्डितको बाढी पहिरो निरीक्षण टोली फेला पारेर भाग्न सफल भए। सो सम्बन्धमा उनको जाहेरी प्रहरीले अहिलेसम्म नलिएको र हुलाकबाट पठाउँदा समेत लिएको छैन। पीडित पक्षका अनुसार स्थानीय प्रहरी चौकी समेत घटनामा मुछिएको र सत्तापक्षको राजनैतिक दबावका कारण उनको जाहेरीमा सुनुवाई भएको छैन।

काभ्रे जिल्लाको जनागाल, मंगलटार, सुन्थान, काभ्रे

नित्य चण्डेश्वरी, पलाञ्चोक, कोशी देखा, मेथिनकोट कोलाँती, रवीओपी आदि क्षेत्रमा अछूत भनिने जातिहरूको वस्ती छ। यस जिल्लामा पञ्चायतकालका जातिय छुवाछूत विरूद्धका मुलुकी ऐन र नेपाल अधिराज्यको संविधान २०४७ ले पनि जातीय भेदभावको अन्त्य गर्न नसकेको देखिन्छ। अछूत भनिदै आएका जातिहरूलाई सार्वजनिक स्थलहरूमा प्रतिबन्ध नै नलगाइएता पनि वर्षौं देखिका दमन र शोषणका कारण हिन्दू धर्म मान्ने यी जातिहरू मन्दिर पस्न पाउँदैनन्। आफन्तको मृत्युमा शोक मनाउन र शंख बजाउनबाट बञ्चित छन्।

कुवा र पधेँराबाट पानी झिकेकोमा सर्स्यूँखर्क-३ का रामबहादुर दमाई र धनबहादुर दमाईले स्थानीय तामाङ्गहरूबाट पिटाई खानु परेको थियो।

काभ्रेपलाञ्चोक जिल्लामा अछूत जनसंख्या

जात	घरसंख्या	जनसंख्या	प्रतिशत (कूल जनसंख्या)
दमाई	९३५	९,४६१	२.५५
कामी	१४९३	४,९१२	१.२९
सार्की	८४०	५,८८४	५.५७
पोडे(धोला), कसाई, कपाली (जोगी कुशुले)	–	९९३	०.०३

(पनौती, बनेपा, नाला, श्रीखण्डपुर, साँधा, धुलिखेल आदि)

स्रोतः बस्ती सर्भेक्षण २०४९

६. आदिवासी अधिकार

सन् १९९३ लाई संयुक्त राष्ट्र संघले अन्तर्राष्ट्रिय आदिवासी वर्षका रूपमा मनाएता पनि यस जिल्लाका आदिवासीहरूले थाहै नपाई सो दिवस सकियो। यस जिल्लामा पहरी, हायु र दनुवार पुराना आदिवासीका रूपमा छन्। त्यस्तै तामाङ्ग र नेवार पनि यहाँका आदिवासी सरह रहेका छन्। आदिवासीहरूको जातीय भाषा, संस्कृति, कर्म, परम्परा आदि माथि अतिक्रमणका घटनाहरू नघटेका भए पनि जातीय रूपमा पिछडिएका उल्लेखित जातिहरूको उत्थान, शिक्षा, जागरणका लागि भने कुनै प्रयास भएनन्।

७. बाल अधिकार

यस जिल्लामा पिछडिएका जातिहरूका ६० प्रतिशत बालबालिकाहरू शिक्षाको उज्यालो घाम ताप्नबाट बञ्चित छन्। उनीहरू घाँस दाउरा, गोठालो, मेलापात, भाँडा माझ्ने गर्छन् र राजधानीका गलैंचा उद्योगहरूमा काम गर्छन्।

अतिरिक्त जानकारी

यस जिल्लामा सत्तारूढ दलको दबाव प्रहरी प्रशासन समक्ष प्रत्यक्ष भएको मान्न सकिन्छ। यस जिल्लामा कार्यरत एक प्रहरी अधिकृतको कथनानुसार सत्तारूढ दलका कार्यकर्ताबाट भएका नियम उल्लंघन, मानवअधिकारको हननका घटनामा न्याय दिनु पर्दैन।

यस वर्ष बाढी पहिरोले १९ जनाको मृत्यु भएको छ। अन्य समस्याहरूमा मादक पदार्थको बढ्दो सेवन, अशिक्षा र गरिबी पनि हुन्। शिक्षक छनौट उपसमितिको प्रा.वि., नि.मा.वि. र मा.वि. तहका लागि लिइएको परीक्षामा, शिक्षक नियुक्तिमा पनि धाँधली भएका घटनाले जिल्लामा राजनैतिक पूर्वाग्रह र मौलिक हकको उल्लंघन भएको देखिन्छ।

बतासे-४ नौबिसे फाँटमा ०५० पुस १३ गते बालुवा बोकेको ना.अ.ख ६०३३१ ट्रकले सोही ठाउँमा बस्ने नवराज हुमागाईको ४ वर्षीय छोरा प्रकाशलाई ठक्कर दिंदा घटनास्थलमै मृत्यु भयो। सो घटनाबाट उत्तेजित भिडले ट्रकको सिसा र तेलटैंकी फुटाउने, चालक सन्तबहादुर लामालाई कुटपिट गर्ने क्रममा मुखमा एसिड खन्याउँदा आँखा समेत देख्न नसक्ने भई हाल त्रिपुरेश्वर आँखा अस्पतालमा उपचार गराउँदै छन्। मृतक प्रकाशका परिवारले सो घटनाका सम्बन्धमा प्रहरीमा जाहेरी दिएका छन्।

यहाँ यो वर्ष प्राकृतिक प्रकोप पहिरोमा परी १९ जनाको मृत्यु भएको छ। ❑



२. मध्यमाञ्चल

बागमती

२.१४ भक्तपुर

जनसंख्या : १७२९५२
साक्षरता : ५८.५ प्रतिशत
महिला साक्षरता : ४२.४ प्रतिशत
क्षेत्रफल : ११९ वर्ग कि.मी.

काठमाडौं उपत्यका भित्रका तीन जिल्लामध्ये एक भक्तपुर पुरातन शहरहरूमा पर्दछ। ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा राजनैतिक दृष्टिकोणले पनि यो जिल्ला चर्चाको केन्द्रभित्र रहँदै आएको छ।

१. सम्मानित रूपले बाँच्ने अधिकार

यस जिल्लामा विभिन्न कारणहरूले सबै नागरिकले सम्मानित रूपले बाँच्न नपाएको स्थितिका केही घटनाहरू देखा परेका छन्। मूलतः आपसी रीस-ईबी, राजनैतिक विवाद, जातीय भेदभाव र अन्य गलत मानसिकताको उपजका कारण यस जिल्लामा त्यस्ता घटनाहरू घटेका पाइए।

१.१ हत्या / गोली

०५० असार २० गतेको नेपाल बन्दको कार्यक्रममा गिरफ्तार भएका वर्ष १८ का विजय लामाको प्रहरी हिरासतमा प्रहरीकै पिटाईको कारण ०५० असार २२ गते मृत्यु भएको छ।

चाँगु-४ बस्ने रोजबहादुर तामाङ्गले आफ्नी पत्नी कान्छी तामाङ्गलाई कुटपिट गरी हत्या गर्ने प्रयासमा घरभित्र थुनी आगो लगाएका थिए। सो घटनामा ३ घर जलेका थिए।

१.२ जेल

यस जिल्लामा जेल छैन। प्रहरी हिरासत भित्र राखिएका बन्दीहरूलाई यातना दिने गरिएको बताइन्छ।

१.३ गिरफ्तारी र यातना

यस जिल्लामा २०४७ को जनआन्दोलनका घाइतेहरू अझैसम्म सो पीडाबाट मुक्त हुन सकेका छैनन्। उनीहरूले अहिलेसम्म उचित औषधि उपचार पाउन सकेका छैनन्। त्यसरी जनआन्दोलनका घाइते भई हालसम्म उपचारको अभावमा यातना भोगिरहेकाहरूमा देवप्रसाद मैल, हरीसुन्दर प्रजापती, रामगोपाल दुवाल, राजेन्द्र दुमरू वर्ष २३, सुकराम स्याजु वर्ष २७, पुण्डराम कोण्डा वर्ष २४, सुरेन्द्रमान बासीछ्याक वर्ष ३६ र रत्नभक्त क्वाइ छन्। वहाँहरूलाई विभिन्न प्रकारका संघ संस्था र व्यक्तिहरूले सहयोग गर्ने भनी फोटो खिचाउने र अन्तरवार्ताहरू मात्र लिने गरेको तर कुनै सहयोग नपाएकोले हामीसंगको भेटमा पनि वहाँहरूले कुराकानी गर्न र फोटो खिचाउन मान्नु भएन।

नेकपा एमालेका महासचिव मदन भण्डारी र संगठन विभागका प्रमुख जिवराज आश्रितको दासढुंगा दुर्घटनाबाट भएको निधनको विषयलाई लिएर विभिन्न विरोध कार्यक्रमहरूमा वाम राजनैतिक पार्टीका कार्यकर्ताहरूलाई प्रहरी प्रशासनले जथाभावी गिरफ्तार गर्ने र यातना दिने काम गर्‍यो। त्यस क्रममा गिरफ्तार १८ वर्षीय विजय लामाको प्रहरीको पिटाइबाट मृत्यु भएको थियो। त्यस्तै ०५० असोज ५ को विरोध प्रदर्शन र धर्नाका क्रममा गिरफ्तार हुनेहरूमा भक्तपुर नगरपालिकाका प्रमुख ज्ञानबहादुर न्याईच्याई, जिल्ला विकास समितिका सभापति श्यामकृष्ण कोजु, सदस्य केदार अधिकारी, गोबिन्द दुवाल लगायत ९१ राजनैतिक व्यक्तिहरू थिए।

०४९ चैत १७ मा यातायात व्यवसायी संघको आव्हानमा भएको चक्काजाम कार्यक्रममा जगाती प्रहरी चौकीमा तोडफोड भएको भनी ९ जना सवारी चालकहरूलाई प्रहरीले गिरफ्तार गरेको र २ जनालाई १३ दिनसम्म हिरासतमा राखी यातना दिएको र सार्वजनिक अपराध अन्तर्गत कार्वाही चलाइएको थियो।

०५० असोज ५ मा नेपाल बन्दका क्रममा पनि ७ जना वामपन्थी कार्यकर्ताहरूलाई गिरफ्तार गरिएको थियो।

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	६
बलात्कृत	१	२
प्रहरी यातनाले मृत्यु	-	१
आत्महत्या		४

बायाँबाट दोस्रो विजय लामा : प्रहरी यातनाका कारण जसको मृत्यु भयो

०५० साउन ४ गते विभिन्न वामपन्थी दलका कार्यक्रमहरूमा भक्तपुर बोडेका देवसुन्दर घो र गौरीभक्त घोलाई बानेश्वरबाट गिरफ्तार गरिएको थियो।

०५० असार १२ गते प्रकाश वाही लगायतका वामपन्थी कार्यकर्ताहरूलाई पक्राउ गरी यातना दिइएको थियो।

०५० मंसीर २ गते भक्तपुर नगरपालिका-४ मा ३ जना व्यक्तिहरू प्रहरीहरू समेत आपसमा बसेर मदिरा सेवन गर्दा उत्पन्न विवादका कारण प्रहरीले हवल्दार, प्रहरी जवान र शिक्षक तीनै जनालाई ७ दिनसम्म थुनामा राखी यातना दिइयो। त्यसमध्ये शिक्षक मिठाराम नेपाललाई धेरै नै कुटिएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

नेपालका नदीहरू "साझा नदी" हैन भनी विरोध जनाउँदै ०४९ फागुन १० गते भक्तपुर खानेपानीको कार्यालय घेराउ गर्ने क्रममा नेकपा एमाले जिल्ला कमिटीका उपसभापति केदार अधिकारीलाई पक्राउ गरियो।

०४९ फागुन १५ गते विद्युत प्राधिकरण भक्तपुरको कार्यालय घेराउ कार्यक्रममा राजेन्द्रमान श्रेष्ठ, नारायण भक्त बाटी, रामशरण धिमाललाई गिरफ्तार गरिएको थियो।

०५० असार १२ गते एमालेको "बत्ती निभाऔं" कार्यक्रममा प्रकाश बाटीलाई पनि गिरफ्तार गरी आफन्तहरूलाई पनि भेट गर्न नदिई यातना दिइएको थियो।

०५० साउन ४ गते र ५ गतेको चक्काजाम कार्यक्रममा भक्तपुर जिल्लाका गलैंचा कारखानामा काम गर्ने मजदूरहरूलाई कारखानाबाट बाहिर जान दिइएन।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा ०५० साउन १२ गते धर्म प्रचारका कारण विवाद उत्पन्न भई कुटपिट भएको एक मुद्दा दर्ता भएको छ। घटना अनुसार चीतपोल-७ जगन्नाथ ढकालको घरमा भारतीय धर्मका नेता सदानन्द तिवारी सहित ४० जना धार्मिक प्रवचन गर्न लागेको समयमा माइकको स्वर ठूलो भयो भनी स्थानीय बासिन्दाहरू बीच भनाभन हुँदा झगडा भई सदानन्द तिवारी सहित उनका ११ जना चेला चेली घाइते भएको र २ वटा भारतीय गाडीहरूको शिशा समेत फुटेको थियो। सोही घटनामा ६ जनालाई गिरफ्तार गरिएको र क्षतिपूर्तिका लागि १२ जना व्यक्तिहरूबाट रू. ३५ सय र एकजनालाई रू. ५ सय गरी जम्मा रू. ४२ हजार ५ सय स्थानीय जनताबाट पनि चन्दा असुली गरी स्वामीलाई चढाइएको थियो। यस घटना बाहेक धर्मको कारण अन्य कुनै घटना भएको देखिन्न।

२.३ राजनैतिक स्वतन्त्रता

यस जिल्लामा राजनैतिक स्वतन्त्रताको स्थिति अझै देखा नपरेको महशुस गर्न सकिन्छ। कांग्रेस, एमाले र नेमकिपाको वर्चस्व रहेको यस जिल्लामा जुन पार्टीको जहाँ बाहुल्यता छ, त्यहाँ एक अर्कामाथि दमन भएको देखिन्छ।

त्यस्तै सत्तापक्षको दबावमा प्रहरी प्रशासनबाट विपक्षी राजनैतिक कार्यकर्ताहरूमाथि दमन र यातना दिने काम भएको छ। यस जिल्लामा राजनैतिक स्वतन्त्रताको उपभोग गर्दै विभिन्न समयमा विभिन्न पार्टीका जुलुशहरू निस्कने क्रममा एक पक्षले अर्को पक्षमाथि आक्रमण गर्ने, बाधा अड्चन गर्ने तथा दमन गर्ने जस्ता घटनाहरू हुने गरेको प्रसंग अन्य शीर्षकहरूमा समेत उल्लेखित घटनाहरूले पुष्टि गरेका छन्।

२.५ सुगम र निष्पक्ष न्यायिक अधिकार

भक्तपुर जिल्ला अदालतले यस वर्ष ५४७ मुद्दामा ५० प्रतिशत भन्दा बढी दर्ता भएका मुद्दाहरू जग्गा सम्बन्धी र २२ वटा प्रहरीबाट दर्ता भएका फौजदारी मुद्दा भएको उल्लेख गरेको छ। सो अवधिमा बलात्कार १, सवारी ज्यान ४, जीउ बेच्ने मास्ने १, चोरी १२, लागु औषध ३८, ठगी ३ वटा मुद्दामा कारवाही चलिरहेको र कुनै दबाव नआएको अदालतले जनाएको छ। त्यस्तै जिल्ला प्रहरी कार्यालय भक्तपुरले ०४९ पुष १५ देखि ०५० पुष १५ सम्ममा ७५ मुद्दा दर्ता भएकोमा जिल्ला प्रशासन कार्यालयमा १८ र जिल्ला अदालतमा २० वटा पठाएको तथा अन्य मुद्दाहरूमा सार्वजनिक १७, बलात्कार २, चोरी २, आत्महत्या २०, जीउ मास्ने बेच्ने २, ठगी १, भवितब्य ज्यान १५, सवारी दुर्घटना ज्यान ८, आगलागी १, हातहतियार १, लागु औषध २ र अन्य ५ वटा भएको जनाएको छ। त्यस्तै जिल्ला प्रशासन कार्यालय भक्तपुरले ०४९ पुष १५ देखि ०५० पुष १५ सम्ममा यस जिल्लामा सार्वजनिक १५, अवैध भिडियो प्रदर्शन २ र हातहतियार खर-खजाना १ मुद्दा रहेका र न्याय दिलाउने काम भएको, प्रहरी प्रशासनबाट यातना नदिइएको र राजनैतिक दबाव नभएको जनाएको छ। तर यस सम्बन्धमा एमाले र नेमकिपाले भने फरक मत प्रस्तुत गर्दै निष्पक्ष न्यायको अभाव भएको बताए।

३ भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा भूमिहीन तथा सुकुम्बासी समस्या उल्लेखनीय रूपमा देखिँदैन।

४. महिला अधिकार

यस जिल्लामा महिलाहरूले परम्परागत रूपमा उपेक्षित अवस्थामा रहनु परेको स्थिति छ। राजधानीसँगै जोडिएको र चर्चित नगरपालिका रहेको भएर पनि यस जिल्लाका गाउँहरू निक्कै पिछडिएको अवस्थामा छन्। ती गाउँहरूका महिलाहरूको स्थिति पनि त्यत्तिकै पिछडिएको छ।

यस जिल्लामा महिलामाथि जबरजस्ती करणी, बालिका बलात्कार, जिउ बेच्ने मास्ने र बहुविवाहका समस्याहरू देखिएका छन्। त्यस्ता घटनाहरू हुनुमा सामाजिक संरचनामा पुरानै मान्यता रहनु र अशिक्षा-अज्ञानता भएको मान्न सकिन्छ।

सिपाडोल-५ मा बस्ने वर्ष ३६ की ६ वटा छोरा छोरीकी आमा र पतिसँग राम्रो सम्बन्ध भएकी भँगेरी थापालाई पर-पुरूषसँग हिंडडूल गरेको आरोपमा सोही ठाउँका थापा गुठी समूहका व्यक्तिहरू मिली कुटपिट गरे। उनलाई थापा समाजको ७ घरको गुठीबाट पानी बहिष्कार समेत गरे। त्यसैबीच ०५० कार्तिक ३ मा पीडित पक्षकै गोठमा आगो लागेको र सो आगो निभाउने क्रममा पनि भँगेरी थापा र अन्य व्यक्तिहरू बीच झगडा भई कुटपिट भयो। सो घटनाका सम्बन्धमा प्रहरी समक्ष ०५० मंसीर १५ गते दुबै पक्षले मिलापत्र गरे।

कटुन्जे-३ बस्ने वर्ष ६० की रत्नमाया त्वाचनालाई सोही ठाउँका उनकै भतिजा विकूलाल त्वाचनाले बोक्सी भनी ०५० भदौ २२ को राती कुटपिट गरे। रत्न मायालाई बोक्सी भनी पिट्ने विकुलालको तिहारताका ०५० कार्तिक ३ मा शिक्षण अस्पतालमा मृत्यु भयो। निजले आफ्नो पेटमा भएको क्यान्सर रोगलाई बोक्सीको दोष भनी समयमै उपचार नगर्नाले मृत्यु भएको थियो।

४.१ महिलाहरूको किनबेच र बलात्कार

यस वर्ष यहाँ बालिका बलात्कारका केही घटनाहरू प्रकाशमा आएका छन्।

०५० जेठ ३ गते गुण्डु-५ की १३ वर्षीया एक बालिकालाई सूर्यविनायक जंगलमा अवस्थित देवीदत्त गणका सैनिक जवानहरूबाट बलात्कारको प्रयास भएकोमा बालिका उनीहरूको हातमा टोकी भाग्न सफल भएकी थिइन्। सो घटनाका सम्बन्धमा पीडित पक्षले सम्बन्धित निकायमा जाहेरी गरेता पनि पिडक पक्षमाथि हालसम्म कुनै कारवाही भएको छैन।

भक्तपुर-१७ का ५८ वर्षीय कान्छा ज्याख्वले सोही ठाउँकी ५ वर्षीया बालिकालाई बलात्कार गर्ने प्रयास गरेका थिए भनी अभियोग लागेपछि हाल थुनामा राखी कानूनी कारवाही भइरहेको पाइयो।

यस जिल्लामा महिला बेचबिखनको आरोपमा ५ जना व्यक्तिहरूलाई गिरफ्तार गरी थुनामा राखी कारवाही चलाइएको छ। गिरफ्तार हुनेहरूमा भक्तपुर गठ्ठाघर डेरा गरी बस्ने विमल परियार, श्याम परियार, चन्द्रबहादुर बस्नेत, धनबहादुर चौलागाईं र कृष्ण परियार छन्। अभियुक्तहरूले भक्तपुरस्थित गलैंचा कारखानामा काम गर्ने उर्लाबारी मोरंगकी सपना वान्तवा, १८ वर्षीया शोभा कटुवाल, उदयपुर तावासिरीकी गंगा लामा र बेलबारी मोरंगकी सिता सापकोटालाई भारतमा लगी बेच्न सफल भएका थिए। त्यसरी आफू बेचिएको थाहा पाए पछि सपना वान्तवा र शोभा कटुवाल शुरूमै घर फर्कन सफल भएका थिए भने गंगा लामाले पनि त्यहाँबाट केही समय पछि फुत्कैर आएपछि प्रहरीमा उजुरी दिएपछि अभियुक्तहरू गिरफ्तार भएका थिए। तर सिता सापकोटा भने अझै पनि बेचिएकै अवस्थामा कहाँ छिन् थाहा छैन।

५.२ **जारी, बहुविवाह, देउकी, वादी आदि समेत**

यस जिल्लामा बहुविवाहको समस्या भने केही देखा परेको छ। गुण्डु-४ का ताराराम बस्नेतले ०४९ फागुन २८ मा मेनका बस्नेतसंग तेस्रो विवाह गरेका छन्। यस्तै वागेश्वरी-७ का २ छोरा ३ छोरीका बाबु ५२ वर्षीय साधुराम फुयाल (काफ्ले भन्ने) ले नरसिंहबहादुर कार्कीकी २ छोरा र २ छोरी भएकी वर्ष ३३ की दिलकुमारीलाई विवाह गरेका छन्। सो घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरी मिलापत्र गरी दिएको छ। साधुराम फुयाल र नरसिंहबहादुर कार्की दुबै प्रहरी सेवाबाट अवकाश प्राप्त व्यक्ति हुन्। फुयालकी पत्नीको नाम माइली फुयाल (काफ्ले) हो।

भक्तपुर नगरपालिका-४ घर भै क्वालण्डौ बस्ने कुसुमराज बज्राचार्यले घरमा पत्नी, १ छोरा र १ छोरी हुँदा हुँदै भक्तपुर-३ बस्ने २९ वर्षीया पंचमाया लाखेलाई विवाह गरेका छन्। निज बज्राचार्यकी पहिलो पत्नीको नाम सुमित्रा बज्राचार्य (वर्ष २४) हो। वोडे गाविसका रामबहादुर खड्काले पनि यसै वर्ष घरमा पत्नी सिता र २ छोरा हुँदा हुँदै गंगा नाम गरेकी महिलासंग दोस्रो विवाह गरे।

भक्तपुर दिव्यश्वरी-४ लोकन्थली घर भै हाल काठमाडौं महाराजगंज बस्ने २५ वर्षीया पवित्रा पौडेलले आफ्ना पति ३१ वर्षीय रामकृष्ण पौडेलले दोस्रो विवाह गरी आफूलाई घरबाट निकालेकोमा अंशवण्डाको मुद्दा भक्तपुर जिल्ला अदालतमा दिएकोमा अदालतले उनकै पक्षमा फैसला गर्दा पनि मालपोत कार्यालयले कुनै काम नगरी दिएको बताउँछिन्। उनका पति नेपाल बैंक लि. का पाचौं तहका कर्मचारी भएको र निजले कटुन्जेका कृष्णमुरारी ढुंगेलकी छोरी २३ वर्षीया मन्जुसंग दोस्रो विवाह गरेका छन्। पवित्रा पौडेलले आफूलाई पतिले मोटरसाइकल मागेको र त्यसपछि रू. ६० हजार मागी विभिन्न मानसिक र शारीरिक यातना दिंदै आएको र अदालतले भागपानी दिलाउनु भनी गरेको फैसलाको पनि पालना नभएको गुनासो गरेकी छिन।

भक्तपुर नगरपालिका-१४ का सत्यवहादुर सुवालले पनि दोस्रो विवाह गरेका छन्। यसरी यस जिल्लामा बहुविवाहका घटना निक्कै घटेका छन् तर यस्ता सबै घटना न्यायालयसम्म पुग्ने र कारवाही भने भएको छैन।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यस जिल्लामा दासत्व विरूद्धको समस्या देखिंदैन।

५.२ अन्य अमानवीय व्यवहारहरू

नेपाल बन्दको समाचार संकलन गर्ने क्रममा पत्रकार कविर राणामाथि पनि केही व्यक्तिले हातपात गरेका थिए। ०५० असार १९ मा वामपन्थीहरूको जुलुशमा ढुंगामुढा भएको थियो।

यस जिल्लामा भएको सूर्यविनायक स्थित देवीदत्त गणका सैनिकहरूले पनि स्थानीय जनताहरूलाई दुःख दिने गरेका छन्। आपसी झै-झगडा र वादविवादमा कुटपिट गरी घाइते हुने, प्रहरीले गिरफ्तार गरी यातना दिने गरेका घटना, मादक पदार्थ सेवन, अछूत जातिहरूमाथि भेदभावका घटनाहरू भएका छन्।

यस जिल्लामा अछूत भनिने विभिन्न जातिहरू कसाई, कपाली, पोडे, कुस्ले, गाइने, कुलु, मिजार आदि छन्। यस जिल्लाको भक्तपुर न.पा. भरीमा ३१६ घरका २ हजार ५ सय ९८ जना र जिल्ला भरीमा १ हजार ५ सय ४५ घरमा ४ हजार ५२ को जनसंख्यामा यी अछूत कहलाइएका जातिहरू छन्। सिद्धिगणेश-९ ठिमीका ३६ वर्षीय चन्द्रबहादुर विश्वकर्माले सो क्षेत्रमा चिया पसलमा चिया नदिइने र दिए पनि गिलास आफै माझ्नु पर्ने, पसल भित्र पसे हर्जाना तिर्नु पर्ने बताउँछन्। त्यस्तै सोही ठाउँका ४२ वर्षीय बुद्धिबहादुर विश्वकर्मा पनि चन्द्रबहादुरको कुरा प्रति सहमति जनाउँदै खानीपानीको लागि छुट्टै धारा र ४०० लिटरको ट्याँकी भएको बताउँछन्। यसरी राजधानीसंगै जोडिएको र भक्तपुर नगरपालिकाको सीमानामा पर्ने गाउँहरूमा भएको छुवाछूतको स्थितिले हाम्रो समाजको वस्तुस्थितिलाई दर्शाएको छ।

६. आदिवासी अधिकार

यस जिल्लामा आदिवासी समस्या छैन।

७. बालअधिकार

यस जिल्लाको भक्तपुर नगरपालिका र आसपासका गाउँहरूमा भएका विभिन्न उद्योगहरू, गलैंचा तथा ईंटा टायल कारखानामा प्रशस्त बालमजदूरहरू छन्। यस्तै होटल, लज, चिया पसलमा काम गर्ने तथा विदेशी पर्यटकलाई विभिन्न सामान बेच्न अग्रसर हुने धेरै जसो बालबालिका नै हुने गरेको पाइन्छ।

अतिरिक्त जानकारी

यस जिल्लामा यस वर्ष आत्महत्याका घटनाहरू २० वटा घटेका देखिन्छन्। त्यसमध्ये १२ झुण्डिएर र ८ वीष सेवन गरेका छन्। त्यसरी आत्महत्या गर्नेहरूमा सिपीडोल-८ बस्ने भक्तपुर बहुमुखी क्याम्पस प्रमाणपत्र तहमा अध्ययनरत छात्रा २२ वर्षीया सावित्री थापाले ०५० मंसीर २८ गते गहुँमा हाल्ने सल्फर साढे ३ चक्की खाएपछि रूखमा झुण्डिएर आत्महत्या गरेकी थिइन्। त्यस्तै बालकोट घर भई १ छोरा १ छोरीकी आमा २३ वर्षीया सानुमाया श्रेष्ठले ०५० पुष १० गते आफूले मात्र नभै ६ महिनाको छोरा राजु मादी र अढाइ वर्षकी छोरी सरिता मादीलाई समेत धानमा हाल्ने सेल्फस वीष खुवाएकी थिइन्। सानुमायाको वीर अस्पतालमा उपचार गर्दा गर्दै मृत्यु भएको छ भने २ बच्चाहरूलाई कान्ति वाल अस्पतालमा उपचारपछि आराम भएको छ। त्यस्तै नखेल-५ की १९ वर्षीया अप्सरा खत्री आफ्नै घरमा झुण्डिएर र फाखेल-१ का २२ वर्षीय उद्धव के.सी.ले पनि झुण्डिएर

आत्महत्या गरेका छन्।

यस जिल्लामा भएका केही सवारी ज्यान मध्ये २ वटा घटना प्रहरीको गाडीबाट भएका छन्।

यस वर्षको बाढीले यस जिल्लामा पनि निक्कै असर पुऱ्याएको छ। भक्तपुर जिल्ला विकास समितिले १३४ परिवारलाई राहत र भक्तपुर जिल्ला प्रशासन कार्यालयबाट १८५ व्यक्तिलाई केही राहत उपलब्ध गराएको थियो।

यहाँ स्वास्थ्य उपचारको स्थिति राम्रो छैन। अस्पतालमा खानेपानी तथा अन्य सुविधा पनि राम्रो छैन। वनजंगल विनाश पनि बढ्दैछ। यस वर्ष यहाँ वन मुद्दामा ५ वटा मुद्दा परेका थिए। चोरी, डकैती, आतंक र गुण्डागर्दी पनि यहाँ नियन्त्रण हुन सकेको छैन। यस वर्ष २८ वटा आगजनीका घटनाहरू घटे।

सहकारी संस्था भक्तपुर समितिको चुनावमा पनि राजनीतिकरण गरी विभिन्न पार्टीले आआफ्ना समूहगत उम्मेदवारी दिएका थिए। सो चुनावलाई लिएर कांग्रेसमा विवाद समेत उत्पन्न भएको थियो।

नेपाल बन्दको कार्यक्रममा विद्युत प्राधिकरण, नेपाल बैंक लि., राष्ट्रिय वाणिज्य बैंक र प्रहरी चौकी लगायतका स्थानहरूमा ढुंगामुढा भएको र केही घाइते तथा सम्पत्ती नष्ट भएको थियो। त्यस्तै २ वटा पेट्रोल ट्यांक माथि पनि सोही अवसरमा ढुंगामुढा गरिएको थियो।

भक्तपुरको प्रचलित विस्केट जात्राका अवसरमा ०४९ चैत २७ मा सो जात्रामाथि ढुंगा प्रहार गरी तोडफोड तथा केही व्यक्ति घाइते भए।

०४९ पुष २८ गते प्रहरी गस्तिटोलीले लोकन्थली-५ स्थित सडक किनारमा रहेको ढुंगाको पर्खालनिर चुरोट राख्ने बाकसभित्र एक नवजात शिशुको लाश फेला पारेको थियो।

०५० असोज २२ गते सूर्यविनायक ट्रलीबस पार्क प्रहरीको गाडीले ठक्कर दिंदा ५ वर्षीय सिद्धिसुन्दर धौमडेलको मृत्यु भएको छ।

चितपोल-७ बस्ने ५५ वर्षीय बेनीबहादुर कार्कीलाई सोही स्थान बस्ने ४२ वर्षीय झलकबहादुर कार्कीले कुटपिट गर्दा टाउको र निधारमा चोटपटक लागेको छ। पीडित कार्कीका अनुसार उनी आफ्नो छोरा जीवन कार्कीलाई झलकबहादुर कार्कीको घरमा बसी काम गर्न लागेकोले आफ्नै घरमा बोलाउन गएका बेला विवाद भई झगडा भएको थियो।

भक्तपुर नगरपालिका-१७ मा २०४९ कार्तिक २९ गते तिहारको उपलक्ष्यमा पटका पड्काउँदा ९ वर्षीय रामसुन्दर सकिजुको दायाँ आँखामा चोट लाग्न गई सो आँखा निकालेर फाल्नु परेको थियो। सो पटका स्थानीय ११ वर्षका बुद्धिकुमार श्रेष्ठ (कान्छा) ले पड्काएका थिए।

यस्तै मदिरापान गरी भनाभन भई झगडा भएकोमा भक्तपुर न.पा.-१ मा रामकृष्ण थापा, मनोज शाह र कुबेर खत्री बीच केही कुटपिट भयो। सो घटनामा कुबेर खत्री र मनोज झालाई १६ दिनसम्म प्रहरीले थुनामा राखी हालसम्म मुद्दा चल्दैछ। तर रामकृष्ण थापाले भने सो घटनामा आफ्नी बहिनी मैया थापाले आफूलाइ एक्कासी आई हातपात गर्न खोजेको बताएका छन्।

२०४६ सालमा पतिको मृत्यु भएको र हाल चपाचो-४ मा आफ्ना २ छोरा १ छोरीसँगै बस्ने ठूली कान्छी वनलाई बालकुमारी वन र बिन्दु वनले कुटपिट गरी यातना दिँदै आएका छन्। सो सम्बन्धमा ठूली कान्छी वनले सम्बन्धित ठाउँमा पटक पटक जाहेरी गर्दा पनि सुनुवाई नभएको जानकारी दिएकी छिन्। ❑



२. मध्यमाञ्चल

बागमती

२.१५ काठमाडौं

जनसंख्या : ६७५३४१
साक्षरता : ६९.६ प्रतिशत
महिला साक्षरता : ५६.६ प्रतिशत
क्षेत्रफल : ३९५ वर्ग कि.मी.

नेपालको राजधानीको रूपमा रहेको काठमाडौं जिल्ला नेपालकै सबैभन्दा बढी जनघनत्व भएको जिल्ला हो। राजधानी रहेका कारण ७५ जिल्लामध्ये सबैभन्दा महत्वपूर्ण मानिँदै आएको यो जिल्ला ऐतिहासिक र धार्मिक दृष्टिकोणबाट पनि त्यतिकै महत्वपूर्ण मानिन्छ। राजधानी रहेको जिल्ला भए पनि काठमाडौंका कांठ र पहाडी क्षेत्रहरू त्यतिकै दूर्गम र विकट देखिन्छन्, जति नेपालका अन्य विकट जिल्लाका ठाउँहरू देखिन्छन्। राजनैतिक रूपले सचेत, शैक्षिक रूपले शिक्षित र आर्थिक रूपले सम्पन्न मान्छेहरू बस्ने ठाउँको रूपमा धेरैले बुझ्दै आएको काठमाडौं जिल्लामा भोक र रोगले पीडितहरूको संख्या मात्र हैन, सडकका पेटी र घरका ढोकाढोकामा भीख माग्दै हिंड्नेहरूको संख्या पनि प्रशस्तै छ। त्यस्तै असचेत र अशिक्षित जनताको संख्या पनि यथार्थमा यहाँ कम छैन।

काठमाडौं जिल्लामा राणाशासन कालदेखि नै प्रजातन्त्र र मानवअधिकारका लागि असंख्य नागरिकले आफ्नो जीवन बलिदान गर्दै आएका छन्। र हरेक वर्ष यो जिल्ला मानवअधिकार हननका दृष्टिले चर्चामा आई नै रहेको छ। यो वर्ष काठमाडौं जिल्ला नेपालका अन्य जिल्लाहरूको तुलनामा सबैभन्दा बढी मानवअधिकार हनन हुने जिल्लाको रूपमा चर्चित रह्यो। यहाँ गोली चलाएर १० कक्षाका विद्यार्थीको हत्या गर्ने काम भएको छ भने नागरिक गिरफ्तार गरेर बेपत्ता पार्ने जस्ता घटना पनि घटाइएका छन्। त्यस्तै संसद चलिरहेकै अवस्थामा सांसदहरू गिरफ्तार गर्ने, सांसदहरूमाथि हातपात गर्ने लगायत बालिका बलात्कार जस्ता घटना समेत घटेका छन्।

घटनाको प्रकृति	घटना संख्या १९९२	घटना संख्या १९९३
प्रहरीको गोलीले मृत्यु	९	९
हिरासतमा यातना	३	५
बलात्कृत *	१३	१७
प्रहरी कस्टडीमा बलात्कृत	१	-
प्रहरी यातनाले मृत्यु	-	१
आत्महत्या	-	१४

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यो वर्ष पटक पटक गोली चलेका घटनाहरू घटे र त्यसले गर्दा कैयौंको मृत्यु भयो। राजनैतिक आन्दोलनका क्रममा गोली लागेर र प्रहरी यातनाबाट मारिएका बाहेक अन्य स्वालका ५२ वटा हत्या सम्बन्धी मुद्दाहरू प्रहरीबाट अदालतमा दर्ता गरिएको पाइन्छ।

दासढुंगा दुर्घटनामा प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका नेताद्वय मदन भण्डारी र जीवराज आश्रितको अस्वभाविक निधन भएपछि सो घटना सम्बन्धमा नेकपा एमाले लगायत ७ वामपन्थी दलहरूले निष्पक्ष छानवीन आयोगको साथै अन्य मागहरू समेत राखेर ०५० असार १० गतेदेखि शुरू गरेको आन्दोलनमा गोली चलाएर नागरिकको हत्या गरिएको थियो। असार ११ गतेदेखि साँझ ७ बजेबाट काठमाडौंमा कर्फ्यु लगाउने काम पनि भएको थियो।

०५० असार१२ गते भोटाहिटीमा शान्तिपूर्ण विरोध प्रदर्शनमा बिना चेतावनी प्रहरीले चलाएको गोली पेटमा लागेर ३० वर्षीय महेश मानन्धरको मृत्यु भयो। उनी विरोध प्रदर्शनमा सहभागी भएर हिंड्दै थिए। सोही दिन इन्द्रचोकमा २० वर्षीय राजेश बज्राचार्यलाई कपाल काटेर फर्किंदा टाउकामा गोली लागेर मृत्यु भयो। आफ्नो घरबाट बाहिर पिशाब फेर्न निस्कंदा जयबागीश्वरीका रत्नसागर नापितलाई असार १२ गतेकै दिन साँझ ७.३० बजे ताकेर गोली हानी हत्या गरियो भने सोही साँझ आफ्नो पसलबाट घरतर्फ गैरहेका २२ वर्षीय मनोज गौतमलाई सामाखुशी नजिक गोली हानेर हत्या गरियो। हिमालय माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत १६ वर्षीय मोहितकृष्ण बैजुलाई पेटमा गोली हानी स्कूलबाट घर फर्किरहेको अवस्थामा काठमाडौं नगरपालिकाको भवन


सरकारलाई तपाईं पनि सोध्नोस्
प्रभाकर सुवेदी कहाँ छन् ?
Where is Prabhakar ?
Ask the Government of Nepal
मानवअधिकार उल्लंघनका प्रत्येक घटनाउपर औंला ठड्याउन सक्नु भयो भने मात्र तपाईंले आफ्ना अधिकारहरुको पनि रक्षा गर्न सक्नु हुनेछ।
On the very first day of two months long mass movement, Nepal Police arrested Prabhakar Subedi, a 20 years old student of engineering. Photographs say- yes, he was arrested, beaten and finally............ Nobody has seen him since then.
प्रभाकर सुवेदी
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
Informal Sector Service Centre (INSEC)
Kalanki, Syuchatar, Kathmandu, Nepal
October 1, 1993

अगाडि ०५० असार १२ गतेकै दिन हत्या गरियो। सोही दिन इन्द्रचोकमा भरत तुलाधरको पनि गोलीबाट हत्या गरिएको थियो।

०५० असार ११ गते राष्ट्रिय सभागृह नजिकको बसपार्कमा असीम राईलाई प्रहरीले पेटमा लाठी र बुटद्वारा निर्मम रूपले कुटपिट गरेपछि उनको मृत्यु भएको थियो। आन्दोलनकै क्रममा गणेशस्थानमा सुदामा थापाको हत्या गरिएको कुरा पत्रपत्रिकाले लेखेका छन्।

नेकपा एमालेको आव्हान र अन्य वामपन्थी दलहरूको समर्थनमा शुरू भएको आन्दोलनकै क्रममा ०५०-असार ११ गते इन्जिनियरिङ क्याम्पस पुल्चोकका छात्र प्रभाकर सुवेदीलाई प्रहरीले रगताम्य हुने गरी कुटपिट गऱ्यो। त्यसपछि प्रभाकर बेहोश भए। बेहोश अवस्थामै उनलाई प्रहरीहरूले रत्नपार्कबाट घिसार्दै लिएर गए। हालसम्म उनी फेला पर्न नसकेका कारण प्रहरीले उनको हत्या गरी लाश समेत गायब गरिएको आशंका गरिदैछ।

वामपन्थी दलहरूको आन्दोलनकै समयमा टेकुमा एउटी युवतीको लाश भेटिएको थियो। ती युवतीको कुममा गोली लागेको थियो भने उनलाई बलात्कार समेत गरिसकेपछि हत्या गरेर फालिएको शंका गरिएको थियो।

वामपन्थी दलहरूले संचालन गरेको उक्त आन्दोलनका क्रममा काठमाडौंमा गोलीद्वारा ६ जनाको मृत्यु भएको कुरा प्रहरीले जनाएको छ।

उक्त आन्दोलनका क्रममा गोलीबाट घाइते हुनेहरूको संख्या भने १ सय भन्दा बढी छ। जसमा नीरेन्द्ररत्न शाक्य, शेखरराज पौड्याल, सुरज महत, मानबहादुर तामाङ, टेकबहादुर लामा, रामकृष्ण शाही, होमप्रसाद सुवेदी, राजु महत, किरण शाक्य, सागर तामाङ लगायतका व्यक्तिहरू गोली लागेर घाइते भएका थिए। ०४६ सालको जनआन्दोलनपछि यति धेरै नागरिकहरूलाई गोलीबाट हत्या गरिएको र घाइते बनाइएको यो पहिलो घटना हो।

स्वयम्भु स्थित माने गुम्बामा उक्त गुम्बाको हेरचाह गर्ने ६८ वर्षीय शेरप लामा र उनकी पत्नी पेमा लामालाई अज्ञात व्यक्तिहरूले ०५० साउन १२ गते राती छुरा प्रहार गरी हत्या गरे। हत्याराको खोजी भइरहेको कुरा प्रहरीले जनाएको छ।

चम्पादेवी-९ मच्छेगाउँकी २८ वर्षीया राधा बस्नेतको लाश निजको घर नजिकै ०५० भदौ १९ गते साँझ ६.४५ बजे फेला पऱ्यो। हत्या गरेर फालिएको उक्त लाशको पोष्टमार्टम रिपोर्टमा घाँटी थिचिएर मृत्यु भएको भन्ने कुरा उल्लेख छ। तर हत्यारा पत्ता लागेको छैन।

कानपा-५ टंगाल बस्ने २८ वर्षीय शरण के.सी.लाई ०५० भदौ २९ गते राती खुकुरी प्रहार गरी हत्या गरियो। खुकुरी प्रहारबाट खगेन्द्र राउत समेत घाइते भएका थिए।

काठमाडौं कलंकीस्थित रिब्स भनेर चिनिने लालिगुराँस मा.वि.का सहलेखापाल खगेश्वर गडतौलाकी पत्नी लिला गडतौला ०४९ असोज ३ गते वीष सेवन गरी मृत अवस्थामा फेला परेकी थिइन्। तर उनको मृत्युको सम्बन्धमा प्रहरी प्रकृति मुचुल्का र पोष्टमार्टम रिपोर्ट समेतले उनको मृत्यु शंकास्पद भएकोतर्फ इंगित गरेको थियो।

बालाजु नजिकको बोहराटार निवासी राजकुमार सुवेदी र प्रदीप सुवेदीलाई ०५० बैशाख २ गते अज्ञात व्यक्तिले गोली हानी घाइते बनाएका थिए।

भारतीय नागरिक गुल्सन कुमारलाई टेकुमा ०४९ चैत १० गते केही अज्ञात व्यक्तिले कुटपिट गरेपछि अस्पताल ल्याउँदा ल्याउँदै उनको मृत्यु भयो।

०४९ फागुन ३ गते गौशाला नजिक वागमती पुल मुन्तिर मारेर फालिएको अवस्थामा एक वृद्धको लाश भेटिएको थियो।

०४९ माघ १ गते सिनामंगलको पोडेटोलमा प्रकाशबहादुर के.सी.को लाश भेटिएको थियो र त्यसलाई संदिग्ध मृत्युको रूपमा लिइएको छ।

०५० असोज ३० गते घटस्थापनाका दिन बालुवा लिन बल्खु खोला गएका लगन निवासी विजयलाल राजवंशी र उनकी पत्नी गोमत्री राजवंशी घर फर्किएनन्। विजयलाल राजवंशीको लाश असोज ३० गते विहान सुन्दरीघाटमा फेला परेको थियो भने उनकी पत्नी गोमत्री राजवंशीको लाश कार्तिक २ गते दिउँसो २.३० बजे मात्र बल्खु पुल भन्दा केही सय मीटर तल नदीमा फेला पऱ्यो। विहानै नुहाउन र बालुवा लिन नदीमा गएका राजवंशी दम्पतीको यस प्रकारको मृत्युलाई प्रहरीले स्वाभाविक रूपमा डुबेर भएको हुन सक्ने भनेका छन् भने परिवारका सदस्य र घटना स्थलका प्रत्यक्षदर्शीहरूले यो स्वाभाविक दुर्घटना मात्र हुन नसक्ने उपशंका व्यक्त गरेका छन्। परिवारका सदस्यहरूले घटना सम्बन्धमा कसैप्रति शंका नगरेता पनि निजहरूको मृत्युको प्रकृति, नदीको पानीको मात्रा एवं गहिराइलाई विचार गर्दा यो स्वाभाविक मृत्यु हो भन्न कठिन भएको विचार व्यक्त गरेका थिए। यस सम्बन्धमा अनुसन्धान गर्न प्रहरी नायब उपरीक्षक यादव अधिकारी, प्रहरी निरीक्षक शिव लामिछाने र रमेश खनालको जाँच समिति गठन गरिएको थियो। र भिसेरा परीक्षणको लागि रोनाष्टमा पठाइएको थियो।

०४९ फागुन ३ गते गौशालाबाट एयरपोर्टतर्फ जाने बाटोमा पर्ने बागमती पुलमुनि दौरा सुरूवाल र कोट लगाएको एक वृद्धको लाश फेला परेको थियो। प्रहरीले उक्त वृद्ध बौद्ध निवासी कृष्णबहादुर लामा भएको जनाएको थियो।

०४९ फागुन २० गते क्षेत्रपाटी क्वाबहालस्थित अशोक वहाल मन्दीरको परिशरभित्र एक युवकको लाश फेला परेको थियो। नाम, थर, वतन नखुलेको अन्दाजी २३ वर्षीय युवकको उक्त लाशको पाखुरामा इन्जेक्सन लगाएको निलो दाम खत र साथमा चुरोटका टूटा, झिल्झिले कागज, इन्जेक्सनको सियो, सलाइको बट्टा आदि फेला परेका थिए।

०४९ माघ १ गते भीमसेन गोलका २३ वर्षीय प्रकाशबहादुर के.सी.को लाश सिनामंगल नजिकैको पोडे टोलका नरेश भन्ने व्यक्तिको घरको पेटीमा फेला परेको

थियो।

सिनामंगलका २३ वर्षीय राजु खवासको लाश ०४९ चैत २४ गते सोह्रखुट्टेमा फेला परेको थियो।

०४९ चैत १० गते भारत पञ्जाबका २५ वर्षीय गुल्शनकुमार अरोडाको कुटपिटका कारण कालिमाटीमा मृत्यु भयो।

घट्टेकुलो निवासी भरतराज मन्थलियको घरमा ९।१० वर्षदेखि डेरा गर्दै आएकी यशोदा पोखेल उनकै बाथरूममा मृत अवस्थामा फेला परिन्। मुखमा फिंज काडी मृत अवस्थामा भेटिएकी यशोधालाई कसैले हत्या गरेको हुन सक्ने आशंका गरिएको बताइन्छ। थली गाविस स्थित थारू कार्पेट इण्डष्ट्री नजिक एउटा नवजात शिशुलाई हत्या गरी फालिएको अवस्थामा भेटिएको थियो। कीर्तिपुरका सप्तरत्न बज्राचार्यलाई मोटरसाइकल चलाउन सिकिरहेको बेला १२ जना अज्ञात व्यक्तिले उनीमाथि निर्ममतापूर्वक कुटपिट गरे। उनी लगायत उनका केही साथीहरू पनि घाइते बनाइए। सप्तरत्न बज्राचार्यको उपचार गर्दागर्दै निधन भयो। घाइते हुने प्रदीप पोखरेल पनि अस्पताल भर्ना भएका थिए। लप्सेफेदी-८ धारापानीका धनबहादुर तामाङलाई स्थानीय सूर्यबहादुर तामाङ लगायतका व्यक्तिहरूले कुटपिट गरेपछि उनी सख्त घाइते भए। उपचारार्थ उनलाई अस्पताल ल्याइएकोमा अस्पतालमै उनको मृत्यु भयो। स्टिचर गार्मेन्ट्समा लेखा सम्बन्धी काम गर्ने देवकी कोइरालाको विष सेवन पश्चात मृत्यु भयो। उनलाई रहस्यमय ढंगले मारिएको कुरा पत्रपत्रिकाले जनाएका थिए। नयाँपाटी स्थित वागमती नदीको किनारमा एकजना मुश्लिमको लाश भेटिएपछि हत्याको शंकामा ५ जनालाई गिरफ्तार गरिएको थियो। कालीमाटीका नरेन्द्र बिष्टको लाश उनकै कोठामा भेटियो। उनका हातखुट्टा बाँधिएका र सुनको सिक्री चोरिएको अवस्थालाई हेरेर हत्याको शंका गरिएको छ।

१.२ जेल

नेपालका जम्मा ७३ वटा कारागार मध्ये काठमाडौंमै मात्र ४ वटा कारागार रहेका छन्। जसमा केन्द्रीय कारागार, भद्रबन्दी गृह, महिला कारागार र चारखाल जेल रहेका छन्। यो वर्ष केन्द्रीय कारागारमा ६५८ जना, भद्रबन्दी गृहमा ३६६ जना, महिला कारागारमा ६६ जना र चारखाल जेलमा २०२ जना गरी काठमाडौं जिल्लाका जेलहरूमा रहेका बन्दीहरूको जम्मा संख्या १२९२ भएको पाइन्छ।

केन्द्रीय कारागारको निर्माण वि.सं. १९७१ मा भएको देखिन्छ। त्यस्तै भद्रबन्दीगृह र महिला कारगार भवन निर्माण पनि धेरै नै पहिले भएको हुँदा यी जेलका सबैजसो भवन जीर्ण अवस्थामा रहेका छन्। जेलका भवनहरूको मर्मत तथा पुनर्निमाण समयमै नगर्ने हो भने कुनै पनि दिन ठूलो दुर्घटना हुन सक्ने सम्भावना देखिन्छ।

नेपालको सबैभन्दा ठूलो कारागारको रूपमा रहेको केन्द्रीय कारागारमा पंचायती कालमा थुप्रै नेता र कार्यकर्ताहरूलाई थुनिएको थियो। उनीहरूकै दबावमा यहाँ एउटा माध्यमिक विद्यालय खोलिएको थियो। यो जेलमा पुस्तकालय र खेलकूदको सुविधा उपलब्ध गराइएको छ भने केन्द्रीय कारागार र भद्रबन्दी गृहका बन्दीहरूले आपसमा पैसा उठाएर १।१ वटा टेलिभिजन पनि किनेका छन्। पानीको चर्को अभाव रहेको गुनासो बन्दीहरूको छ।

केन्द्रीय कारागारसँगै जोडिएको भद्र बन्दीगृहमा एउटा प्राथमिक विद्यालय छ भने पुस्तकालय र केही खेलकूदका सामान पनि उपलब्ध गराइएको देखिन्छ। यहाँ पनि पानीको अभाव भएको कुरा बन्दीहरू बताउँछन्।

केन्द्रीय कारागारको पश्चिमतर्फ धागो कात्ने र कपडा बुन्ने कारखाना भएको हुँदा बन्दीहरूले काम गर्ने मौका पाएको देखिन्छ। तर पारिश्रमिक अत्यन्त न्यून रहेको छ। यो जेलको मध्य भागमा फलामको पिंजडा भएको गोलघर रहेको छ। यो गोलघरलाई जेल भित्रको जेलको पनि जेल भन्ने गरिएको छ। कसैलाई कडा सजाय दिनु परेमा गोलघरमा राख्ने गरिएको छ। गत वर्ष नै गोलघरमा राखिएका चित्रबहादुर तामाङ अहिलेसम्म पनि गोलघरको सजाय भोगिरहेका छन्। जेल प्रशासनका अनुसार नख्खु जेलबाट फरार भएको अभियोगमा उनलाई त्यहाँ राखिएको हो।

महिला कारागारमा रहेका ६६ जना बन्दी मध्ये १३ जना पागल महिला रहेका छन्। यहाँ कुनै स्कूलको व्यवस्था छैन भने पुस्तकालय र खेलकूदको सुविधा पनि उपलब्ध गराइएको पाइदैन। यहाँ सबभन्दा पीडादायक स्थिति पागल महिलाहरूको छ। यहाँ यो वर्ष एउटी बन्दी महिलाले आत्महत्या गरेको र एउटीको मृत्यु भएको कुरा जेल प्रशासनले जनाएको छ।

यी तीनवटै जेलमा गरेर जम्मा १४ जना नाबालकहरू पनि आफ्ना अभिभावकहरूलाई लागेको अभियोग संगसँगै बन्दी जीवन बिताइरहेका छन्। जसमा २ वर्षदेखि ८ वर्षसम्मका नाबालकहरू रहेका छन्। जेलको दुर्गन्धित वातावरणले गर्दा यी बालकहरूको स्वास्थ्य पनि बिग्रिदै गएको पाइन्छ।

देशका अन्य जेलहरूको भन्दा तुलनात्मक दृष्टिले अलि राम्रो रहेको मानिने यी जेलहरूको अवस्थामा सुधार ल्याउनु पर्ने थुप्रै कुराहरू रहेका छन्। तर त्यसतर्फ सोचिएको पाईदैन।

पुर्पक्षका लागि भनेर लामो समयसम्म थुनामा राख्ने परिपाटीदेखि यहाँका बन्दीहरू रूष्ट रहेका छन्। अपराध स्वीकार गर्न तयार रहेका बन्दीहरू समयमै मुद्दाको फैसला हुनु पर्ने कुरा बताउँछन्।

डिल्लीबजारस्थित चारखाल जेल निकै फोहोर र दुर्गन्धित देखिन्छ। यहाँ १० वटा चर्पी रहेका छन् भने पानी पिउने धारो एउटा मात्र छ। पम्पले पानी तानेर प्रयोग गर्ने चलन पनि रहेको यो कारागारमा पानीको सँधै अभाव हुने गरेको र उपलब्ध पानी पनि स्वस्थ्यकर नभएको बन्दीहरूको गुनासो छ। महिलाहरू रहेको भवन अगाडिको सेफ्टी ट्यांक फुटेर दुर्गन्ध फैलिरहेको धेरै भैसक्दा पनि त्यसलाई मर्मत

गरिएको छैन। ३३ जना महिला बन्दीहरू रहेको यो जेलमा पुर्पक्षका लागि भनेर ६ महिना थुनिसक्दा पनि कारवाही अगाडि बढ्ने नगरेको र न्याय दिने काममा अत्यन्त लामो समय लगाई दिनाले आफूहरूमाथि उल्टो अर्को अन्याय भएको कुरा बन्दीहरू व्यक्त गर्दछन्।

भद्रगोल जेलमा रहेका मुन्ना राई र नन्दकुमार सुब्बा आफूहरू राजनैतिक बन्दी रहेको बताउँछन्। मुन्ना राई आफू नेपाली कांग्रेसको पुरानो कार्यकर्ता भएको बताउँछन् भने नन्दकुमार तत्कालिन नेकपा (माले) र हाल एमालेको कार्यकर्ता भएको बताउँछन्। दुबैजना आफूहरूलाई तथाकथित ज्यान मुद्दा लगाएर जबर्जस्ती फसाइएको बताउँछन्।

१.३ गिरफ्तारी र यातना

काठमाडौंमा गैरकानूनी ढंगले मान्छेहरूलाई गिरफ्तार गरिने घटना सामान्य बनेको छ। संसद चलिरहेको बेला सांसदहरूलाई गिरफ्तार गर्नेदेखि लिएर सर्वसाधारण नागरिकलाई बिनापूर्जी गिरफ्तारगरी बिना कानूनी प्रक्रिया मन लागे जति समय हिरासतमा राख्ने गरिएको छ।

०४९ फागुन १८ गते चार वाम समूहद्वारा विद्युत महशुल वृद्धिलाई लिएर विद्युत प्राधिकरण अगाडि गरिएको शान्तिपूर्ण धर्ना कार्यक्रमबाट संसद चली नै रहेका बेला सांसद कृष्णगोपाल श्रेष्ठलाई गिरफ्तार गरिएको थियो। धर्नामा संलग्न अन्य सांसदहरू अष्टलक्ष्मी शाक्य, घनश्याम पौड्याल, मीठाराम शर्मा बजगाईं लगायतका व्यक्तिहरूलाई लछारपछार पारिएको थियो।

टनकपुर सन्धि लगायतका मुद्दाहरूलाई लिएर ०४९ फागुन २२ गते वामपन्थी नेता, सांसद तथा कार्यकर्ताहरूले सिंहदरवार अगाडि शान्तिपूर्ण धर्ना दिएका थिए। उक्त धर्ना कार्यक्रमलाई बिथोल्न प्रहरीले धुप्रै राउण्ड अश्रुग्यास प्रयोग गऱ्यो भने विपक्षी दलका नेता मनमोहन अधिकारीलाई समेत लछारपछार पारेर गलहत्याउने काम भयो। अन्य सबै सांसदहरूमाथि पनि अभद्र व्यवहार गरिएको थियो। सांसद कृष्णगोपाल श्रेष्ठ, दीपक राई लगायतका व्यक्तिहरू घाइते समेत भए। सोही ठाउँमा एकजना प्रहरीलाई अज्ञात व्यक्तिले गालामा प्रहार गरेर घाउ बनाइ दिएको थियो।

वामपन्थी दलहरूले आयोजना गरेको उपत्यका बन्दको सिलसिलामा ०४९ चैत १ गते धेरै नागरिकलाई गिरफ्तार गरियो। बाबुराम घिमिरे र गुणप्रसाद आचार्यलाई गिरफ्तार गरेर ललितपुर पुऱ्याई बूट, लाठी र पाइपले पिटिएको थियो।

०५० असारको दोस्रो सातादेखि प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) लगायतका वामपन्थी दलहरूले चलाएको आन्दोलनमा असंख्य मान्छेहरू गिरफ्तार गरिए। त्यसमध्ये अधिकांश व्यक्तिहरू गैर राजनैतिक र खासगरी गलैंचा कारखानाका मजदूरहरू रहेको पाइयो।

०५० असार १४ गते कोटेश्वर स्थित डेराबाट तिर्थ सुवेदी, विष्णु लुइँटेल र कल्याण लुइँटेललाई बिनापूर्जी गिरफ्तार गरी कोटेश्वर प्रहरी चौकीमा ल्याएर निर्ममतापूर्वक कुटपिट गरिएको थियो। जाँच दिन गइरहेका अहिराज गुरूङ, निरञ्जन श्रेष्ठ, सुजन श्रेष्ठ, कृष्णकुमार दहाल, मोहनप्रसाद बजगाईं लगायतका व्यक्तिलाई अकारण सडकबाट गिरफ्तार गरियो।

नेकपा एमालेले दासढुंगा हत्याकाण्डको विरोधमा ०५० असार ४ गते सुनधाराबाट जुलुश निकालेको थियो। जुलुश अगाडि बढ्दै जाने क्रममा खिचापोखरी नजीक ढुंगामुढा हुन थाल्यो। अमेरिकन लाइब्रेरीका केही सिसाहरू फुटे भने नेटिभिको एउटा क्यामेरा ध्वस्त हुनुका साथै क्यामेराम्यान बैजनाथ घिमिरे सामान्य कुटपिटपछि भाग्न विवश भए। त्यही जुलुशमा प्रहरीले लाठीचार्ज गर्दा सांसद कृष्णगोपाल श्रेष्ठको हात भांचियो भने अन्य धुप्रै व्यक्तिहरू घाइते भए। अन्य घाइतेहरूमा भवानी खनाल, लेखनाथ लोहनी, पुरूषोत्तम के.सी., डिल्ली गजुरेल, अग्नि खरेल आदि थिए।

०५० असार १९ गते पुतलीसडकमा आन्दोलनकारी र आन्दोलन विरोधी व्यक्तिहरूबीच भीडन्त हुँदा योगेश भट्टराई, भीमबहादुर तामाङ लगायत २५/३० जना

पुलीस दमनको यो नमूना : घाइतेलाई पनि गिरफ्तार

व्यक्तिहरू घाइते भए।

०५० असार २० गतेको नेपाल बन्द कार्यक्रममा थुप्रै व्यक्तिहरू गिरफ्तार भए। जसमध्ये फर्पिङ स्कूलमा कक्षा ८ मा अध्ययनरत १४ वर्षीय उज्वल साह पनि गिरफ्तारीमा परेका थिए। त्यस्तै असार ११ गतेको उपत्यका बन्द कार्यक्रममा शान्तिपूर्ण जुलुशमा हिंडिरहेका सांसद तथा एमाले नेताहरू अमृत बोहरा, हेमराज राई, वामदेव गौतम, ईश्वर पोखरेल, राजेन्द्र श्रेष्ठ लगायतमाथि लाठीचार्ज गरियो। उक्त लाठीचार्जबाट अरू पनि थुप्रै व्यक्तिहरू घाइते भए भने युक्त भेटुवाल, यम कंडेल, सुरेश भट्ट, निर्मल फुयाल लगायत २०।२५ जनालाई गिरफ्तार गरियो। सोही दिन एमालेले खुला मंचमा विरोध सभाको कार्यक्रम राखेको थियो। तर खुलामंचमा प्रवेश गर्ने गेटहरूमा ताला लगाएर जुलुशलाई प्रवेश निषेध गरेपछि प्रदर्शनकारीहरू रेलिङ मत्काएर भित्र पस्न थाले। त्यही बेला प्रहरीहरूले लाठीचार्ज गर्ने र अश्रुग्यास छोड्ने गर्न थाले। प्रदर्शनकारीहरूले पनि प्रहरीमाथि ढुंगा हान्न थालेपछि खुलामंच, भोटाहिटी, रत्नपार्क, बागबजार आदि ठाउँहरूमा समेत सयौं राउण्ड अश्रुग्यास फालेर विषाक्त बनाइएको थियो। उक्त दिन प्रदर्शनकारी र प्रहरीबीचको भीडन्तमा ५०।६० जना घाइते भएका थिए भने २ बजेपछि गोली नै चलाइएको थियो। उक्त दिन भोटाहिटी स्थित टेलिफोन क्याविनेट पनि जलेको थियो।

आन्दोलनकै क्रममा असार २० गते नेपाली कांग्रेश जिल्ला कार्य समितिको जमलस्थित कार्यालय तोडफोड गरिएको कुरा जनाइएको थियो।

०५० साउन ४ गते शान्तिको कामना गर्ने भनी तोडफोडको विरूद्ध सरकार समर्थकहरूको जुलुस निस्किएको थियो। उक्त जुलुस हिंड्ने बाटोको पेटीमा, रत्नपार्कको पल्लोपट्टी, प्रमुख जिल्ला अधिकारीको कार्यालय अगाडि शहिदका परिवारहरू भोक हडतालमा बसेका थिए। जुलुस त्यहाँ आइपुगेपछि जुलुसकै सहभागीहरूमध्येबाट भोक हडतालमा बस्नेहरू उपर आक्रमण गरियो। ढुङ्गाले हिर्काइयो। घाइते हुनेमा स-साना बालबालिका (८ र ९ वर्षका शहिदका छोराछोरीहरू) र महिलाहरू पनि थिए।

०५० साउन ४ गतेको चक्काजाम कार्यक्रममा संसद चलिरहेको अवस्थामा रत्नपार्कबाट एमाले र जनमोर्चाका गरी १६ जना सांसदहरूलाई बिनाकारण, बिनापूर्जी गिरफ्तार गरी ट्रकमा हालेर लगिएको थियो। गोल्चे सार्की, टंक राई, लगायतका सांसदहरू गिरफ्तार गरिएका थिए।

०५० साउन ६ गते राष्ट्रिय सभाको बैठकमा साउन ४ गतेको सांसदहरूको गिरफ्तारीलाई लिएर सांसद गोल्चे सार्कीले त्यतिबेला गृहमन्त्रीको कार्यभार सम्हाली रहनु भएका मन्त्री रामचन्द्र पौडेललाई हातपात गर्नु भएको थियो। यो कुरा व्यापक रूपमा प्रचारमा आयो र सांसद सार्कीले आफूले बोलिरहेको बेला श्री पौडेलले हातले अश्लील संकेत गरेकाले खप्न नसकी जाई लाग्न पुगेको भनी पत्रपत्रिकासंगको अन्तरवार्तामा भन्नु भएको थियो।

०५० भदौ २ गते भोक हडताल गरिरहेका शिक्षण अस्पतालका नर्सहरूलाई दुर्व्यवहार गरिएको थियो।

चार वामपन्थी पार्टीले चलाएको आन्दोलनमा ०५० असोज ३ गते प्रधानमन्त्रीको पुत्ला जलाइरहेको बेलामा संयुक्त जनमोर्चाका संयोजक डा. बाबुराम भट्टराई लगायत ३० जनालाई बिनापूर्जी गिरफ्तार गरियो।

०५० असोज ५ गतेको नेपाल बन्दमा काठमाडौंमा १ सयभन्दा बढी नागरिकलाई गिरफ्तार गरिएको थियो। उक्त नेपाल बन्द कार्यक्रममा भाग लिएको आरोपमा टाइगर कार्पेट उद्योगका मजदूरहरूलाई केही हुल्याहा व्यक्तिले कुटपिट गरेका थिए। घाइते मध्ये आशा शेर्पाको अवस्था चिन्ताजनक रहेको थियो।

गोरखा घर भई क्षेत्रपाटीमा बस्दै गरेकी २६ वर्षीया तिलु घलेलाई ०५० असोज ६ गते लाजिम्पाटबाट बिनापूर्जी गिरफ्तार गरियो। हनुमानढोकामा लगेर केटी बेच्ने अभियोग लगाई कुटपिट गरी यातना दिइयो भने खान केही पनि दिइएन। यातनाका क्रममा करेन्ट लगाउँदा उनी बेहोश भएकी थिइन्। उनलाई थुनेकोमा उनकी आमाले बन्दी प्रत्यक्षीकरणको रिट हालिन्। तर प्रहरीले असोज १४ गतेसम्म उनलाई गिरफ्तार नगरेको भनी अदालतलाई समेत ढाँट्यो। पछि १७ गते गिरफ्तार गरेको कागजात तयार गरी २० गते उनलाई अदालतमा लगिएको थियो।

त्रि.वि.वि. को भौतिक शास्त्रको प्रश्नपत्रलाई लिएर व्यापक विवाद भयो। विद्यार्थी राजकुमार राई अनसनमा बसे। १४ दिनपछि उनलाई जबरजस्ती अस्पताल लगियो र उनलाई कुरेर बसेका अन्य विद्यार्थीहरूलाई समेत दुर्व्यवहार गरियो।

बसको ढोका आधा खुला राखेको निहुँमा प्रहरीले बस कन्डक्टरलाई पिटी पक्राउ गर्‍यो। त्यसको विरोधमा थापाथलीमा बाटो बन्द गरेर आवत जावत ठप्प गरिएपछि कन्डक्टरलाई छोडिएको थियो।

ट्रकले धक्का दिंदा एकजनाको मृत्यु भएपछि हेल्पर राजकुमार लामालाई गिरफ्तार गरिएकोमा यातना समेत दिइएको थियो।

१४ वर्षीय निरञ्जन ढकाललाई बिनापूर्जी गिरफ्तार गरी ७ दिनसम्म थुनेर यातना समेत दिइएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

शान्तिपूर्ण धर्ना, जुलुश र सभालाई बिथोल्न यहाँ प्रहरीबाट भएका कारवाहीहरूलाई हेर्ने हो भने संविधान प्रदत्त अधिकारको पूर्ण उपभोग काठमाडौंबासीले गर्न पाएको देखिदैन। ०५० असार ११ गते खुलामञ्चका गेटहरूमै ताला लगाएर सभा गर्न नै रोक लगाइनुले त संविधानकै ठाडो उल्लंघन गरिएको देखिन्छ।

दृष्टि साप्ताहिकका प्रकाशक शम्भु श्रेष्ठ, पुनर्जागरण साप्ताहिकका प्रकाशक माथवरसिंह बस्नेत र सोही

विशालबजार अगाडि प्रदर्शनकारीहरुमाथि पुलिसद्वारा अश्रुग्यास प्रहार

साप्ताहिकका शरदचन्द्र वस्तीलाई ०४९ चैत २९ गते प्रेस स्वतन्त्रता विपरित गिरफ्तार गरी राज्य विरूद्धको अपराध ऐन (२०४६) को दफा ४(१) अन्तर्गत मुद्दा चलाइयो।

०५० असार ११ गते देशान्तर साप्ताहिकका संवाददाता कृष्ण पोखरेललाई बानेश्वरमा र पृष्ठभूमिका रोशन भट्टराईलाई असनमा केही व्यक्तिहरूले कुटपिट गरेका थिए।

खुलामञ्चमा तास खेलिरहेका मान्छेहरूको फोटो खिच्दा महानगर दैनिकका संवाददाता शिशिर पौड्यालालाई ०५० असार ३० गते सांघातिक हमला गरी क्यामेरा समेत तोडफोड गरिएको थियो।

पुनर्जागरण साप्ताहिकका प्रकाशक माथवरसिंह बस्नेतमाथि ०५० भदौ २७ गते नगरपालिका भवन नजिकै केही व्यक्तिहरूले टाउकोमा आक्रमण गरी घाइते बनाएका थिए।

आस्थाका कारण यहाँ विभिन्न क्षेत्र र पेशाका व्यक्तिहरूमा भेदभावपूर्ण व्यवहार गर्ने गरिएको पाइन्छ। जसलाई यहाँ उल्लेख गर्न सम्भव छैन।

पत्रकार किरण सुब्बालाई बानेश्वरमा केही अज्ञात गुण्डाहरूले कुटपिट गरी घाइते बनाएका थिए।

पत्रकार केजीन राईलाई तिजका दिन पशुपति भित्र छिरेका कारण १ घण्टासम्म प्रहरीले गिरफ्तार गरी छाडेको थियो। नेपाल बन्दको दिन देशान्तरका कविर राणामाथि पनि आक्रमण भएको थियो।

नेपाल खानेपानी संस्थानका बारेमा लेखिएको समाचारलाई लिएर महानगर दैनिकका प्रकाशमानसिंह, पुष्करलाल श्रेष्ठ र कपिल काफ्ले विरूद्ध मुद्दा दायर गरिएको छ। त्यस्तै साधनामा छापिएको एक रिपोर्टलाई लिएर क्यासिनो नेपालका केही व्यक्तिहरूले कामना प्रेसमा आक्रमण गरेका थिए र साधनाका सम्पादक धर्मानन्द अधिकारीलाई मार्ने धम्की समेत दिएका थिए। त्यस्तै कान्तिपुर दैनिकका सम्वाददाता रघु मैनालीलाई प्रेस कानून बिपरित निष्काशन गरिएको थियो।

रेडियो नेपालका घटना र विचारका पुरूषोत्तम दाहाललाई बारम्बार फोनबाट मार्ने धम्की दिइएको थियो। त्यस्तै धम्की जागरण साप्ताहिकका पत्रकार शंकर लुईंटेललाई पनि दिइएको थियो। सरकारको आलोचनामा लेखेवापत गोरखापत्रका युवराज गौतमलाई सम्पादन विभाग (समूह) बाट विज्ञापन विभाग तर्फ सरूवा गरियो।

२.२ धार्मिक स्वतन्त्रता

विविध धर्मावलम्बीहरूको बसोवास रहेको काठमाडौं जिल्लामा धार्मिक विवादका कारण कुनै उल्लेख्य घटना घटेको पाईदैन। यहाँका अधिकांश नागरिकको धारणा नेपाल धर्म निरपेक्ष राष्ट्र हुनुपर्छ भन्ने रहेको पाइयो।

२.३ राजनैतिक स्वतन्त्रता

शहर, गाउँ र टोलहरूमा राजनैतिक मतभिन्नता राख्ने व्यक्तिहरूबीच झगडा र कुटपिटका घटनाहरू बारम्बार घट्ने गरेको पाइन्छ। अन्य उल्लेखनीय घटनाहरू बारे माथि उल्लेख गरिसकिएको छ।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

काठमाडौं जिल्ला अदालतका अनुसार अदालतको क्षमताले भ्याएसम्म जनतालाई सुगम र निष्पक्ष न्यायिक

अधिकार प्रदान गरिएको छ। तर न्याय प्राप्तिमा हुने गरेको ढिलाईका बारेमा जनतामा ठूलो गुनासो रहेको छ। त्यस्तै न्याय जस्तो कुरा पनि दिनहुँ महंगो बन्दै गएको धारणा यहाँका जनतामा रहेको पाइयो।

यो वर्ष काठमाडौं जिल्ला अदालतमा ३०१७ वटा मुद्दाहरू दर्ता भए। त्यसमध्ये १७५४ वटा जग्गा सम्बन्धी मुद्दा छन्। प्रहरीबाट १७१ वटा मुद्दा अदालतमा दर्ता गरिएका छन्। जसमध्ये २ वटा राजनैतिक मुद्दा पनि छन्।

जिल्ला प्रहरी कार्यालयको रेकर्ड अनुसार सार्वजनिक अपराध अन्तरगतका २८४ वटा मुद्दाहरू दर्ता भए।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

काठमाडौंका केही ठाउँहरूमा सुकुम्बासीहरूको बस्ती रहेको छ। तर उनीहरूको वास्तविक संख्या भने आधिकारिक रूपमा प्राप्त हुन सकेन। यो वर्ष यहाँ भूमिहीन तथा सुकुम्वासी समस्या उल्लेख्य रूपमा देखा परेको पाइएन।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

यो वर्ष काठमाडौं जिल्ला अदालतमा प्रहरी तर्फबाट १४ वटा बलात्कार सम्बन्धी मुद्दा दर्ता भएका थिए।

०४९ माघ २५ गते २८५३ नम्बरको कारमा पतिसँगै दक्षिणकालीको दर्शन गरेर फर्किरहेकी गोंगबू-८ की २३ वर्षीया महिलालाई चोभार भुत्खेल-२ का वीरेन्द्र कार्की, रमेश कार्की र सुमन खड्काले बलात्कार गरे। अभियुक्तहरूले पीडित महिलाका पतिलाई छडले कुटपिट गरी दाँत समेत भाँचिदिएका थिए। रमेश कार्की र सुमन खड्कालाई गिरफ्तार गरिएको छ भने वीरेन्द्र कार्की फरार रहेको बताइन्छ।

गलैंचा कारखानामा कार्यरत एक १२ वर्षीया बालिकालाई ०४९ माघ १२ गते बलात्कार गर्ने कारखानाकै मालिक मुकुन्द गुरूङलाई थुनामा राखिएको छ। पीडित बालिकाको हात र घुँडामा चोटपटक लागेको थियो भने गुप्ताङ्गबाट रगत बगेर उनको स्थिति गम्भीर बनेको थियो।

०५० असार १० गते चपली भद्रकाली-८ की ७ वर्षीया अबोध बालिकालाई सोही ठाउँको १७ वर्षीय रमेश थापाले बलात्कार गर्‍यो। उक्त बालिकालाई खेतमा धानको बीउ पुर्‍याएर घर फर्किँदै गर्दा पीडकले आफ्नो घरमा ल्याई बलात्कार गरेको थियो।

उदयपुरबाट काठमाडौं आफ्नो पतिसंग ना.अ.ख २०२५ को ट्रकमा काठमाडौं आएकी एक महिलालाई ०५० बैशाख १५ गते राती ट्रक ड्राइभरको सल्लाह अनुसार बल्खुमा सोही ट्रकमा सुतिरहेको अवस्थामा रातको ११ बजेतिर बा.अ.ख ६१६६ को जीपमा आएका पद्म महर्जन लगायतका ४ जना व्यक्तिले बलात्कार गरे। पद्म महर्जनलाई गिरफ्तार गरिएको छ भने अरू फरार रहेको बताइन्छ।

विराटनगर घर भई भीमसेनगोला डेरा गरी बस्ने ३२ वर्षीया एक महिलालाई कानपा-३५ को इन्द्रबहादुर राउतले बलात्कार गर्न लाग्दा उसलाई पक्राउ गरिएको थियो।

महिला किनबेचका लागि काठमाडौं एउटा केन्द्र भएको पाइन्छ। विभिन्न जिल्लाहरूबाट युवतीहरूलाई काठमाडौंमा काममा लगाइ दिने भनेर ल्याई यहाँबाट भारततिर बिक्री गर्ने गरेको पाइन्छ। काठमाडौं कै महिलाहरूको किनबेचको घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

थुप्रै नेपाली चेलीहरूलाई भारतको वेश्यालयमा लगेर बिक्री गर्ने पेशामा लागेको भनिएका कानपा-७ का रञ्जित लामा तामाङले सिन्धुपाल्चोक, मेलम्चीकी गीता दनुवारलाई जबर्जस्ती देहव्यापारमा लगाएपछि निज तामाङलाई पक्राउ गरिएको छ।

कोटेश्वरमा गलैंचा कारखाना खोलेर बसेका बुद्धिमान तामाङकी बहिनी १७ वर्षीया फूलमाया र उनकै दाजुकी छोरी १४ वर्षीया विन्दुकुमारी तामाङलाई निजहरूकै नातेदार कान्छी तामाङले फकाई फुल्याई बेपत्ता पारेको बताइन्छ। यो घटना फागुनको अन्तिम हप्ता मात्र प्रकाशमा आएको थियो।

लुकमाया तामाङ नामकी एक युवतीलाई उनकै नातेदारले गलैंचा कारखानाबाट भारतको वेश्यालयमा बेच्न लगेको बताइन्छ।

पद्मकन्या क्याम्पसमा अध्ययनरत १९ वर्षीया सरितालाई बम्बईको वेश्यालयमा लगेर बिक्री गर्ने कृष्णप्रसाद हुमागाईंलाई गिरफ्तार गरिएको छ।

विराटनगर घर भै तत्काल बानेश्वर भीमसेनगोला बस्ने ३२ वर्षीया तुलसा बस्नेतले आफूलाई कोटेश्वर निवासी सेना अधिकृत इन्द्रबहादुर राउतले जबरजस्ती बलात्कार गर्ने प्रयास गरेको भनी सो वापत सजायको माग दावी गर्दै ०५० जेठ १९ गते जिल्ला अदालत समक्ष जाहेरी दिएकी थिइन्। घटना विवरण अनुसार जेठ १८ गते राती ९.३० बजे भीमसेनगोला नजिक एउटा अँध्यारो गल्लीको भ्याडै भ्याङ भएको एकान्तमा राउतले तुलसामाथि बलात्कारको प्रयास गरेको थियो। काठमाडौं जिल्ला अदालतले असार २१ गते इन्द्रबहादुर राउतसंग धरौटी माग गरी मुद्दाको पुर्पक्ष गर्ने आदेश दियो।

०५० बैशाख १४ गते क्षेत्रपाटीस्थित पाल्पाली लजका मालिक महादेव अधिकारीले एक महिलालाई अनुचित कार्य गर्ने प्रयास गरेको थियो। बैशाख २३ गते सोही कारण जिल्ला प्रहरी कार्यालय काठमाडौंले उसलाई गिरफ्तार गरेको थियो।

नुवाकोट गाउँखर्क-८ की १६ वर्षीया सानुमाया तामाङ र १५ वर्षीया माया तामाङलाई भारतको बम्बै लगी बिक्री गर्ने उद्देश्यले काठमाडौंको खिचापोखरी स्थित जुन्किरी लजमा लुकाई राखिएको बेला प्रहरीले गिरफ्तार गरेको थियो। पक्राउ पर्नेहरूमा सिन्धुपाल्चोक थकनी-९ का २३ वर्षीय लोकबहादुर लामा र ३२ वर्षीय मनबहादुर लामा थिए। उपरोक्त जानकारी प्रहरी सूचना निकायले ०५० असार ९ गते दिएको थियो।

०५० जेठ १ गते भोजपुर छिनामखु-१ की सग्भुन राई र उनकी दिदी मिना राईलाई काठमाडौं-४ बालुवाटार निवासी शोभा राई (पौड्याल) ले ललाई फकाई हङकङ पुऱ्याइएकी थिई। असार १ गते हङकङबाट फर्किएर आउन सफल भएकी १८ वर्षीया सग्भूनले त्यसको १० दिनपछि अदालतमा मुद्दा दायर गरेकी थिइन्। त्यसपछि शोभा राईलाई प्रहरीले असारको पहिलो हप्ता गिरफ्तार पनि गरेको थियो।

यसैगरी विभिन्न ठाउँमा विभिन्न महिलालाई बलात्कार गर्ने इन्द्रलाल श्रेष्ठ, हीराकुमार श्रेष्ठ, विनोद लेखक, लोकबहादुर खड्का, रामबहादुर लामा, शिरोमणि नकर्मी, कुमार बलामी, सुनिल थापामगर, प्रदीप वैतलजी, जयकुमार राई लगायतका अभियुक्तहरू उपर कारवाही गरिँदै गरेको बताइन्छ।

मम रेष्टूराँमा काम गर्ने एक बालिकालाई सोही रेष्टूराँको मालिक दुर्गाबहादुर श्रेष्ठले बलात्कार गरेको थियो।

जोरपाटीकी दुर्गा बलमीलाई अज्ञात व्यक्तिले बलात्कार गर्न लाग्दा पीडितले हँसिया प्रहार गरेपछि बलात्कारी भागेको थियो।

मानसिक चिकित्सालय आरोग्य मन्दिरमा मानसिक रोगको उपचारार्थ भर्ना भएकी एक महिलालाई त्यहींको गार्डले बलात्कार गरेको थियो।

शितलपाटीको गोफले भन्ने व्यक्तिले एउटी युवतीलाई बलात्कार गरेको बताइन्छ।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

काठमाडौंमा जारी, देउकी र वादी प्रथा प्रचलनमा रहेको पाइदैन। यहाँ बहुविवाहका घटनाहरू घटेका छन् र त्यस सम्बन्धमा अदालतमा मुद्दाहरू पनि दर्ता भएको छन्।

६० वर्ष नाघी सकेका सुप्रसिद्ध गायक बच्चु कैलाशले घरमा ४० वर्षीया पत्नी हुँदा हुँदै २० वर्षीया एक युवतीलाई दोस्री पत्नीका रूपमा भित्र्याएका थिए। उपरोक्त कुरा जेठ २९ गतेको एक साप्ताहिकमा प्रकाशित भएको थियो।

स्थानीय इचंगु-८ का श्याम लामा र सरस्वती बलामीलाई बहुविवाह गरेको अभियोगमा १/१ महिनाको सजाय गरिएको थियो। उपरोक्त जानकारी प्रहरी सूचना निकायले असार ७ गते दिएको थियो। त्यस्तै असार १० गते चपली, भद्रकाली-५ बस्ने दलबहादुर तामाङ र तारा तामाङलाई पनि बहुविवाह गरेको अभियोगमा जिल्ला प्रहरी कार्यालयले पक्राउ गरेको थियो।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

काठमाडौंमा दासत्वको समस्या उल्लेख्य रूपमा रहेको पाइएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

डाँछी-९ निवासी सानुबाबु विसुन्के र चन्द्र मिजारले स्थानीय उत्तम सापकोटाको होटलमा ०५० असोज ३० गते चिया खाँदा उनीहरूलाई अपमानपूर्वक गिलास पनि माझ्न भनियो। त्यसपछि दुईथरी बीच विवाद हुँदा भीमसेन घोरसाइने, कुमार घोरसाइने, मधु घोरसाइने र उद्धव खत्री समेतले चन्द्र मिजार, सुकदेव मिजार, रामशरण मिजार र अजय मिजारलाई कुटपिट गरे। उल्टो पीडित अछूतहरूलाई थलीको प्रहरी चौकीमा लगियो। चौकीमा प्रहरीले पनि उनीहरूमाथि कुटपिट गरेर यातना दिने काम गरेको थियो।

६ आदिवासी अधिकार

यो वर्ष यस जिल्लामा आदिवासी सम्बन्धी उल्लेखनीय घटना घटेको पाइएन।

७. बालअधिकार

काठमाडौंबासी बहुसंख्यक बालबालिकाहरू विद्यालय जान पाउने आफ्नो अधिकारबाट बञ्चित रहेको पाइदैन। तापनि यहाँ विभिन्न ठाउँबाट कामको खोजीमा आइपुगेका बालबालिकाहरूको स्थिति भने चिन्ताजनक रहेको छ। गलैंचा कारखानामा काम गर्ने, होटलहरूमा जुठा भाँडा माझ्ने र खातेको रूपमा सडकमा देखिने बालकहरूको संख्या हजारौं रहेको छ। होटल र कारखानामा काम गर्ने बलबालिकाहरूलाई अत्यन्त न्यून पैसा दिएर बालश्रमको चर्को शोषण गर्ने गरेको पाइन्छ भने खाते बालकहरू पनि विभिन्न यातनाहरू सहेर सडक-पेटीहरूमा दिन बिताइरहेका देखिन्छन्। उनीहरूलाई बेला बेलामा प्रहरीले समेत नराम्रोसंग कुटपिट गर्ने गरेको पाइन्छ।

अतिरिक्त जानकारी

विष्णुमतीका सानाकान्छा घलेका ३२ वर्षीय छोरा वीरबहादुर घलेले आफ्नै घरको छानामा नाइलनको डोरीको पासो लगाई आत्महत्या गरे।

महादेवस्थान-९ की ३२ वर्षीया रामकुमारी शाहीले आफ्नै घरमा झुण्डिएर आत्महत्या गरेकी थिइन्।

डल्लु बस्ने २५ वर्षीय सुरज मानन्धर ०५० साउन १० गते ठमेल स्थित पिजा रेष्टूराँ धोबीचौरमा बस्ने गणेश खत्रीको छातीमा छुरा प्रहार गरी फरार रहेका छन्।

गौशाला र सिनामंगल बीचको तिलंगा भन्ने ठाउँमा एकजना युवक अर्धमृत अवस्थामा फेला परेका थिए। उनलाई अज्ञात व्यक्तिले छुरी प्रहार गरेको थियो।

सिनामंगलको मिर्चो गलैंचा उद्योगमा काम गर्ने धिमाल थर भएको एकजना मजदूरले ०५० जेठ १२ गते झुण्डिएर आत्महत्या गरे।

सांसद गणेश पण्डितका छोरा किशोर पण्डितमाथि ०५० जेठ २६ गते दीपक महर्जन लगायतका व्यक्तिहरूले छुरा प्रहार गरी घाइते बनाएका थिए।

यसैगरी सिनामंगलका राजु खवास, त्रिशुली घर भै वानेश्वर बस्ने केशव थपलिया, खगेन्द्र नवजीवन केन्द्र

जोरपाटीका जीतबहादुर पौड्याल, कीर्तिपुरकी सुमित्रा विष्ट, बागबजारमा डेरा गरी बस्ने स्वोनाली सरदार, बौद्ध बस्ने सुजी लामा, पञ्चकन्यामा डेरा गरी बस्ने जमुन गुरूङ आदिले पनि आत्महत्या गरेका थिए। आत्महत्या गर्ने अन्यमा बौद्ध सिमलटारका शेरबहादुर माझी, कानपा-२९ की सुशीला बास्तोला, बौद्धमै डेरा गरी बस्ने राजकुमार तण्डुकार र चम्पादेवी गाविस-९ मच्छेगाउँकी २८ वर्षीया चम्पादेवी पनि रहेका छन्।

बल्खु खोलामा जगतबहादुर श्रेष्ठको लाश संदिग्ध अवस्थामा भेटिएको थियो।

गोलीको शिकार भएका कृष्ण मानन्धरको विभत्स लाश

लाजिम्पाटमा धकप्रसाद साहलाई वीरेन्द्रदेव भन्ने व्यक्तिले खुकुरी प्रहार गरी घाइते बनाएको बताइन्छ।

बानेश्वर थापा गाउँका सरोज थापा १८ वर्षीय पासाङ शेर्पाको छुरी प्रहारबाट घाइते बनेको बताइन्छ।

रक्सी खाएर आफ्नी पत्नी तथा साथीहरूलाई छुरीद्वारा आक्रमण गर्ने प्रयास गरिरहेको अवस्थामा बौद्धका पिला लामालाई प्रहरीले पक्राउ गरेको थियो।

टेकु घाटमा फालिएको एक अज्ञात महिलाको जलेको नग्न लाश

प्रहरी गोलीबाट मृत्यु भएका महेश मानन्धरको शव

बालमन्दीरमा बस्ने लक्ष्मण पाण्डे र रमेश पाण्डे नामका दुई अनाथहरू हराएर बेपत्ता भएका छन्। उनीहरू वि.सं. २०३६ सालमा बाल मन्दीरमा भर्ना गरिएका थिए।

तमिल टाइगर्सका केचु राजा र एन् नारायण लगायतका ७ जना व्यक्तिलाई सुरक्षाका कारण ०४९ चैत ११ गते स्थानीय ग्राण्ड होटलबाट गिरफ्तार गरिएको र पछि तिनीहरूलाई भारत सरकारलाई सुपुर्द गर्न हवाई मार्गद्वारा भारत पठाइएको कुरा पत्रपत्रिकाले उल्लेख गरेका थिए।

०५० बैशाख १५ गते जुद्धोदय मा.वि.का शिक्षक शिवदत्त ढकालले चैतको तलब माग गर्दा विद्यालय हाता भित्रै कुटपिटको शिकार हुनु परेको थियो। उनलाई भरत घिमिरे नामक लेखापालले कुटपिट गरेका थिए।

दोलखाका १९ वर्षीय बाबुराम खड्कालाई उनको डेरा जोरपाटीको आफ्नै कोठामा झुण्डिएर मरेको अवस्थामा फेला पारियो। ❑



२. मध्यमाञ्चल

बागमती

२.१६ धादिङ्ग

जनसंख्या : २७८०६८
साक्षरता : ३२.० प्रतिशत
महिला साक्षरता : १८.४ प्रतिशत
क्षेत्रफल : १९२६ वर्ग कि.मी.

राजधानीको जिल्ला काठमाण्डौसँगै सीमाना जोडिएर रहेको धादिङ्ग जिल्लालाई राजधानीको प्रभाव भने पर्न नसकेको देखिन्छ। सुगम र दुर्गम भौगोलिक स्थितिको सम्मिश्रणको रूपमा रहेको यस जिल्लाको बीच छाति भएर पृथ्वीराजमार्ग बनेको छ भने ४-५ दिन पैदल हिड्दा पनि जिल्ला सदरमुकाम पुग्न नसक्ने गाँउहरू पनि छन्। ५२ वटा गाविसहरूमा विभाजित यस जिल्लामा मानवअधिकार उल्लंघनका केही घटनाहरू घटेका छन्।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

जिल्लाको विकट भौगोलिक परिवेश, अशिक्षा र पछौटेपनको कारण यहाँ केही व्यक्तिहरू बीचको व्यक्तिगत रीस-इबी र प्रतिशोधको भावनाका कारण केही हत्याका प्रयास र दमनका घटनाहरू घटेका पाइएका छन्। ०५० कार्तिक ३ गते मुरलीभञ्ज्याङ्ग-८ निवासी रामहरी लम्सालले आफ्नी पत्नी मेघकुमारीलाई टाउको तथा गर्दनमा बन्चरो प्रहार गरी घटनास्थलमै हत्या गरेका थिए। उनले अदालतमा साविती बयान दिदै पत्नीले अर्कै मान्छेसंग अनैतिक सम्बन्ध राख्येको शंकामा हत्या गरेको बताएका छन्। अभियुक्त केही वर्ष पहिले मानसिक रोगले पीडित भएको र केही समयपछि ठिकै अवस्थामा रहेका थिए।

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	३	-
बलात्कृत	-	-
आत्महत्या	-	-

उल्लेखित घटना बाहेक यस जिल्लामा व्यक्तिगत दुश्मनी साँध्ने, राजनैतिक प्रतिशोध लिने, मादक पदार्थ सेवन तथा वेश्यावृत्तिका घटनाहरू पनि सामान्य रूपमा घट्ने गरेका देखिन्छन्। त्यस्तै धार्मिक वाद विवाद, स-साना झगडा र कुटपिट, छुवाछूत र अन्धविश्वासका केही घटनाहरू पनि पाइएका छन्। यस जिल्लामा केही अत्महत्या र राजमार्गमा हुने सवारी दुर्घटनाबाट मर्नेहरूको संख्या पनि निकै रहेको छ।

१.२ जेल

जिल्लाको सदरमुकाम धादिङ्गबेंसीमा १० रोपनीको क्षेत्रफलको कम्पाउण्डभित्र २ रोपनीमा १२ वर्ष पहिले निर्मित एक जीर्ण जेल रहेको छ। ३० जना बन्दीको क्षमता भएको ३ कोठे उक्त जेलमा महिला बन्दीको लागि छुट्टै व्यवस्था नभएकोले २ कोठामा २४ पुरूष र १ कोठामा २ जना महिला रहेका छन्। जेल भित्रको स्थिति ज्यादै नाजुक अवस्थामा रहेको छ। आर्थिक अभाव, खाद्यान्नको समस्या, राती बत्ती बाल्ने तेलको अभाव, आय आर्जनको व्यवस्था नहुनु; साक्षरता र पत्रपत्रिकाको सुविधा नहुनुले गर्दा यहाँका बन्दीहरू संविधान प्रदत्त सुसुचित हुन पाउने लगायत अन्य मौलिक हकबाट पनि बञ्चित छन्। यहाँका बन्दीहरूमा १० जना मात्र दोष प्रमाणित छन् भने अन्य १६ जना आरोपित रहेका छन्।

जेलमा परेको ६ महिना पछि घरेलुका एकसरो कपडा र ३ वर्षमा सुकुल वा गुन्द्री दिइने, बेलुका ५ बजे पछि विहान ६ बजे सम्म दिसा पिसाव गर्ने परे सुत्ने कोठामानै गर्नु पर्ने तथा न्यायिक अधिकारका लागि पनि पर्याप्त अवसर नपाइने जस्ता कुराले यहाँका बन्दीहरूको अवस्था सहजै अनुमान गर्न सकिन्छ। यहाँको जेलका दुई महिला बन्दीहरूलाई घाम ताप्ने र घुमफिर गर्ने अवसर दिइन्न। त्यस सम्बन्धमा जेलरले एउटै कम्पाउण्ड भएका कारण महिला पुरूषलाई एकै ठाउँमा राख्दा उत्पन्न हुन सक्ने समस्यालाई नियन्त्रण गर्न महिलालाई कोठा बाहिर निस्कन नदिएको बताए। यहाँका बन्दीहरू हत्या, कुटपिट, बहुविवाह, यातना, सवारी ज्यान आदि मुद्दासंग

सम्बद्ध छन्। ०४९ पुस देखि यता थुनिएका ३६ पुरूष र २ महिलामा यो वर्ष १७ पुरूष छुटेका छन् भने थप ५ जना पुरूष जेलमा थुनिएका छन्।

१.३ गिरफ्तारी र यातना

यस जिल्लामा राजनैतिक र प्रशासनिक किसिमले गिरफ्तारी र यातनाका घटनाहरू भएको त्यति पाइन्न। सामान्यतया घर, परिवार तथा समाज बीचमा घट्ने भै-झगडा र आपसी विवाद, मादक पदार्थ सेवनबाट हुने कुटपिट र सवारी दुर्घटनाहरूका कारण भने केही घटनाहरूमा गिरफ्तारीहरू भएको पाइन्छ। त्यसरी एक आपसी वादविवाद, मादक पदार्थको सेवनबाट हुने घटनाहरूमा पिडित पक्षको उद्धार र पिडक पक्षलाई नियन्त्रण गर्ने नाममा भने केही राजनैतिक हस्तक्षेप हुने गरेको पनि देखिन्छ। यस जिल्लामा कुटपिट, जुवा तास, रक्सी सेवन, पत्नीको हत्या, आपसी रीस-इबी, सार्वजनिक अपराध आदिको कारण ०५० भदौ ७ देखि ०५० पुस ३ गते सम्ममा ८ वटा घटनाहरू घटेकोमा केही व्यक्तिहरू गिरफ्तार गरी कारवाही चलाईएको छ।

०५० साउन ४ र ५ गतेको वामपन्थीहरूको चक्काजाम कार्यक्रमका सिलसिलामा धुषा-१ चरौंदीका एमाले कार्यकर्ताहरू रमेश भट्टराई र हरी घिमिरेलाई १ दिन थुनामा राखिएको थियो।

२. मौलिक अधिकार

यस जिल्लाको उत्तरी क्षेत्रका ८/९ वटा गाविसहरूमा भौगोलिक तथा चेतनाका हिसावले अत्यन्त विकट र पिछडिएको क्षेत्र भएका कारणले त्यहाँका जनताले मौलिक अधिकारका बारेमा नै नबुझेको स्थिति छ।

बैरनी-७ बेलखु पाँचसयटार निवासी साईंली भनी चिनिने लिलाकुमारी भण्डारी आफूलाई गाविस अध्यक्ष लोकबहादुर कार्कीले नागरिकताको समेत सिफारिस नगरी दिएको बताउँछिन। पीडित पक्षका अनुसार उनका पति नभएको र एउटी छोरीको पनि विवाह भईसकेकाले उनलाई सो अधिकारबाट बञ्चित गराउने प्रयास भएको हो।

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

एकातिर जिल्लामा भौगोलिक विकटता, अज्ञानता र अशिक्षा व्याप्त रहेको अवस्था छ भने राजनैतिक क्षेत्रमा विपक्षीमा दलमा रहेकाहरूलाई दमन गरेको, आ-आफ्ना पार्टीका दलगत धारणहरूको प्रचार, प्रसार गर्ने र जनतालाई भेला हुनबाट बन्देज लगाइएको आरोप पीडित पक्षहरूको रहेको छ। नेपाल विद्यार्थी संघको धादिङ्ग बेंसीमा सम्पन्न जिल्ला अधिवेशनमा पूर्ण उपस्थितिको अभावका कारण कार्यक्रम गर्ने नगर्ने भन्ने विवादमा एक आपसमा हात-हतियार समेत प्रयोग गरिएकाले सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा पनि चलाइएको छ।

पेशागत संगठनमा लागेका कारण शिक्षक कर्मचारीको अपायक ठाउँमा सरूवा हुने गरेको बताइन्छ।

२.२ धार्मिक स्वतन्त्रता

धार्मिक पक्षमा यस जिल्लामा परम्परागत रूपमा हिन्दू धर्मावलम्वीहरू र बौद्धमार्गीहरू पनि केही रहेका छन्। तर केही वर्ष यता देखि जिल्लाको उत्तरी क्षेत्रमा क्रिश्चियनहरूको धर्म प्रचारको बढ्दो प्रभावपश्चात धार्मिक सदभावलाई बिथोल्ने आशंका बढ्न थालेको पाइन्छ।

२.३ राजनैतिक स्वतन्त्रता

जिल्लामा प्रत्यक्ष राजनैतिक स्वतन्त्रताको उपभोगको स्थिति राम्रै रहेको पाइयो।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्लामा सुगम र निष्पक्ष न्यायिक अधिकारमा कुनै बाधा विरोध नभएको कुरा जिल्ला अदालतबाट अवगत गराएता पनि न्यायालयसम्म नपुग्दै र पुगिसकेपछि अदालत बाहिरबाट नागरिकहरूले पाउनु पर्ने न्यायिक हक अधिकारमा सुगम र निष्पक्षता नभएको पीडित पक्षहरूको गुनासो छ। अदालतको फैसलाबाट भूमेस्थान गाविसमा रहेको वर्षौं देखिको सार्वजनिक जमिन व्यक्तिका नाममा जिताइएकोमा आम जनमानस असन्तुष्ट रहेको छ। त्यस्तै कतिपय समाजका व्यक्तिगत रीस-इबी र भै-झगडाका मुद्दाहरूमा पनि राजनैतिक हस्तक्षेपका घटनाहरूले पीडित पक्ष प्रत्यक्ष अन्यायमा परेको र पिडक पक्ष प्रोत्साहित हुने गरेको स्थिति पनि रहेको पाइएको छ। त्यस्तै प्रहरी प्रशासनले पनि न्यायिक हक अधिकारको लागि ढिला सुस्ती गरेको केही गुनासोहरू पीडित पक्षहरूले व्यक्त गरेका छन्। CSAHD नामक एक संस्था दर्ता गर्न ०४९ चैत २३ गते दर्ता गर्न पेश गरेकोमा ०५० भदौ १८ गते दर्ता भएको घटनाले पनि उक्त कुराको पुष्टि गरेको छ।

यस वर्ष जिल्ला अदालतमा कूल ४३० मुद्दा दर्ता भएका मध्ये ५३ वटा प्रहरीबाट आएका थिए। जिल्ला न्यायाधीशज्यूको भनाइ अनुसार ७८ प्रतिशत मुद्दाको किनारा लागिसकेको छ र सामान्यतया ५ महिनामा मुद्दा किनारा लागिसक्छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जिल्लाको गोगनपानी, थाँक्रे, किराञ्चोक महादेवस्थान, पिंडा, जोगीमारा, धुषा जस्ता केही गाउँहरूमा अत्यन्त विपन्न अवस्थामा रहेका केही प्रजा जाति रहेका छन्। यी जातिहरूको आफ्नो भूमि नहुने भएकोले यिनीहरू अहिले पनि कन्दमूल खाने गर्दछन्। यस वर्षको बाढी पीडित करिब ६० परिवार भने अहिले आवासको समस्यामा रूमलिएका छन्।

४. महिला अधिकार

अशिक्षा, अन्धविश्वास, धर्मान्धता र अज्ञानताका कारण यहाँका महिलाहरू आफ्नो अधिकार प्रति सचेत छैनन्।

राजनैतिक रूपमा पनि यहाँका महिलाहरूमा चेतना र अन्य जागरण पाईंदैन। छोरी प्रति आमाहरूकै भेदभाव, परस्परमा बोक्सीको आरोप लगाई अपमानित गर्ने, बहुविवाह, बालविवाह र केही वेश्यावृत्ति, बलात्कार र चेलीबेटी वेचबिखनका घटनाले यहाँका महिलाहरू आफ्नो अधिकारबाट बञ्चित रहेका छन्।

४.१ महिला किनबेच र बलात्कार

यो जिल्ला महिला किनबेच हुने जिल्लाका रूपमा बाहिर प्रचारमा आएता पनि यहाँ यो वर्ष खासै त्यस्ता घटनाहरू भएको पाइएन। यहाँका अशिक्षित र गरीब परिवारका चेलीबेटीहरू कामको खोजीमा काठमाडौंमा गलैंचाको काम गर्न जाने र त्यहाँबाट ललाई-फकाई उनीहरू बम्बै पुऱ्याइएका घटनाहरूका बारेमा भने त्यहाँबाट फर्केर आउने महिलाहरूबाट नै थाहा भएको छ।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यस जिल्लामा बहुविवाह निक्कै प्रचलित छ भने बालविवाह र जारीप्रथाका घटनाहरू पनि घट्ने गरेका छन्।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

५.२ अन्य अमानवीय व्यवहारहरू

यस जिल्लामा माथि उल्लेख भएका अतिरिक्त अन्य अमानवीय व्यवहारका घटनाहरूमा जातीय भेदभाव र छुवाछूत मुख्य रूपमा लिनु पर्ने हुन्छ। दमाई, कामी, सार्की जस्ता जातिहरूलाई उपेक्षित गर्ने परम्पराले यहाँ ती जातिहरू अझै पनि पीडित र पछौटे अवस्थामा छन्। महिलाहरूमाथि हुने असमान व्यवहार र समान अवसरको वातावरण नदिइने प्रचलन र प्रजाजाति आदिका समस्याहरूमाथि बेवास्ता गरिनुले ती नागरिकहरूले मानवअधिकारको हकबाट अझै बञ्चित हुनु परेको छ।

६. आदिवासी अधिकार

यस जिल्लामा रहेका प्रजा (चेपाङ) जातिहरू नेपालकै मूल आदिवासीहरू मध्ये पर्दछन्। उनीहरू यस जिल्लाका दक्षिणी भेकका ४-५ वटा गाविसहरूमा अझै पनि आदिम युगको झैं लाग्ने जीवनयापन गरिरहेका छन्। उनीहरू देशको वर्तमान प्रजातान्त्रिक, आर्थिक, राजनैतिक, सामाजिक तथा मानवअधिकारबाट बञ्चित नै छन्। उनीहरू अल्पसंख्यामा रहेको, गरिबी र अशिक्षाको कारण उनीहरूको संस्कृति, मौलिक परम्परा आदि उपर अन्य पक्षहरूबाट विभिन्न प्रकारका अतिक्रमणहरू भएका छन्।

७. बालअधिकार

राजमार्ग आसपासका होटलहरूमा हुने बालश्रमको शोषण मुख्य देखिन्छन्। अधिकांश होटल र चिया पसलहरूमा सामान्य खानाको भरमा धेरै बालबालिकाहरूबाट काम लिइने गरेको पाइन्छ। त्यसका अतिरिक्त जातीय तथा भौगोलिक रूपले पिछडिएका विभिन्न क्षेत्रका बालबालिकाहरूले शिक्षा तथा अन्य अवसरहरूबाट बञ्चित रहनु परेको स्थिति कायमै छ। यहाँका केही स्थानहरूमा स-साना केटाकेटीलाई गिटी कुट्ने, गाडीमा गिटीढुंगा लोड अनलोड गर्न लगाइएको पाइयो।

अतिरिक्त जानकारी

नेपाल अधिराज्यमा सवारी दुर्घटनामा सबैभन्दा बढी दुर्घटना हुने जिल्लामध्ये यो जिल्लालाई पनि लिन सकिन्छ। यसै जिल्लास्थित राजमार्गमा जोगीमाराबाट त्रिशुली नदीमा पटक पटक खसेका बस र यात्रुहरू अझै पत्ता लाग्न सकेका छैनन्।

त्यस्तै यस जिल्लामा राजनैतिक हस्तक्षेपका घटनाहरू निक्कै घटेका पाइए। शैक्षिक र प्रशासनिक क्षेत्रमा हुने त्यस्ता हस्तक्षेप सत्तापक्षबाट भएको देखिन्छ। धादिङ्ग जिल्ला अस्पतालमा केही कर्मचारीको आवश्यकताको लागि नियमानुसार परीक्षा लिई नतिजा प्रकाशमा ल्याइसकेपछि त्यसलाई रद्द गरिएको थियो। सो नतिजा रद्द गरिए पछि पुनः मन्त्रीको तोकमा कर्मचारी नियुक्ति गरियो। यस्ता घटनाहरू स्थानीय स्तरमा अन्यत्र पनि कतै कतै भएको कुरा पीडित पक्षहरूले बताएका छन्।

जिल्लाका उत्तरी भेगमा पर्ने लापा, सेर्तुङ, री, तिप्लिङ, फालाङ्ग, सेम्जोङ्ग जस्ता गाविसहरूमा जीवनयापन साह्रै अप्ठ्यारो छ। त्यहाँका जनता चित्रा, खुँगा (पेरूंगो), थुञ्चे, डाला आदि बाँस-निगालाका सामान बुन्छन् र त्यसैलाई अन्नसंग साटेर जीवन निर्वाह गर्छन्। ❑



२. मध्यमाञ्चल

बागमती

२.१७ सिन्धुपाल्चोक

जनसंख्या : २६१०२५
साक्षरता : २९.२ प्रतिशत
महिला साक्षरता : १४.७ प्रतिशत
क्षेत्रफल : २५४२ वर्ग कि.मी.

छिमेकी मित्रराष्ट्र चीनसंग सीमा जोडिएको सिन्धुपाल्चोकमा तामाङ जातिको बाहुल्यता रहेको छ। जनसंख्याको ठूलो हिस्सा निरक्षर रहेको हुँदा अन्धविश्वासको बोलवाला छ। चेलिबेटी व्यापार, हत्या, बलात्कार र अवैध व्यापार मात्र होइन राजनैतिक प्रतिशोधका माध्यमबाट नागरिकहरूको अधिकार खोसिएका घटना समेत यहाँ पाइए।

१. सम्मानित रूपले बाँच्ने अधिकार

यस वर्ष जिल्लामा ३ जना पुरूष र १९ जना महिलाहरूलाई बेपत्ता नै पारिएका पाइयो भने १ सय १ जना मानिस विभिन्न अभियोग लागेर जिल्ला छाडी भागेका छन्।

१.१ हत्या / गोली

यस वर्ष यहाँ राज्यको तर्फबाट बल प्रयोग गरी नागरिकहरूको हत्या भएको वा गोलीकाण्डहरू घटेको पाइएन। यद्यपि व्यक्तिगत वैरभाव, प्रतिशोध र प्रपञ्चद्वारा केही मानिसहरू मारिए। प्रहरी कार्यालयबाट प्राप्त जानकारी अनुसार ३ बेवारिसी लाशका अतिरिक्त भवितव्यका घटनाबाट २९ जना मानिस मरे। ५ वटा हत्या प्रयासका घटना घटे र कर्तव्य गरी ८ जना नागरिकलाई मारियो।

साँगाचोक-२ का माया गिरीलाई सोही ठाउँ बस्ने आफ्नै भतिजा युवराज गिरीले ०५० जेठ १९ गते हत्या गरे।

ईचोक-८ बस्ने चिर्के तामाङलाई ०५० कार्तिक ७ मा नसीर तामाङले हत्या गरे।

कुन्चोक-७ का नारायणबहादुर बनियाँको ०५० मंसीर ४ गते सोही ठाउँ बस्ने भक्तबहादुर श्रेष्ठले हत्या गरे।

थकनी-२ का एकबहादुर अर्याललाई ०४९ चैत २६ मा सोही ठाउँका हर्कबहादुर तामाङ र मानबहादुर तामाङ मिलेर कुटपिट गरी भिरबाट खसाली दिए। पछि उनको अस्पतालमा मृत्यु भयो।

मांखा-१ का काजिलाल श्रेष्ठ, कृष्णमाया श्रेष्ठ, सुनकोशीमा लाश फेला पारिएका उमेश कुमार पण्डित र राधा दहालको पनि हत्या भएको थियो।

ज्यामिरेकी राधा दहाललाई आफ्नै लोग्ने टुकबहादुर खड्काले हत्या गरे। घरमा चामल नभएकोले खाना नबनाएकी राधालाई कुटेर मारेका खड्काले यस अघि डम्मर बस्नेत, ध्रुव खड्का, कमल सहित भई एउटी युवतीलाई अपहरण गरी सामूहिक बलात्कार गरेपछि मारेर अँधेरी खोलामा फालेका थिए भनी स्थानीय बासिन्दाहरू बताउँछन्।

१.२ जेल

यहाँको जेल ज्यादै जीर्ण अवस्थामा रहेको कुरा गत वर्ष नै उल्लेख भइसकेको हो। ३५ जना अटाउने सो जेलमा हाल ५६ जना बन्दीहरू कोचेर राखिएको छ। ती बन्दीहरू मध्ये१८ जना आरोपित बन्दी छन्। ५३ जना पुरूष र ३ जना महिला बाहेक २ जना असहाय बालबालिका पनि यहाँ रहेका छन्। यस वर्ष मात्रै थुनामा परेकाहरूको संख्या ४० छ। स्वच्छ हावा नछिर्ने, महिला पुरूषको छुट्टा छुट्टै बस्ने कोठा र शौचालय नहुनु, लामखुट्टे, उपियाँ र उडुस मार्ने प्रबन्ध नहुनु, मनोरञ्जनका साधन नहुनु, बन्दीको समय समयमा स्वास्थ्योपचार नहुनु र पत्रपत्रिका र रेडियोको व्यवस्था नहुनु जस्ता समस्या यस वर्ष पनि यथावत रहे। ४५ वर्षीय भक्तबहादुर अर्याल कुष्ठ रोगबाट पीडित छन् तर उपचारको उचित व्यवस्था भएको देखिएन। जेलर भन्दछन् -उनी पहिलेदेखिकै रोगी हुन्। दोषी प्रमाणित नभएसम्म यस्ता बन्दीलाई अन्यत्र लगी उपचार गर्न सकिदैन र यहीं डाक्टर भिकाएर उपचार गर्नका निम्ति बजेट छैन।

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	१
बलात्कृत	२	३
आत्महत्या	-	१०

१.३ गिरफ्तारी र यातना

यस वर्ष यहाँको प्रशासनले प्रत्यक्ष राजनैतिक दमनको रूपमा गिरफ्तारी र यातना चलाएको देखिँदैन। तर राजनैतिक प्रतिशोधका रूपमा विरोधीहरूलाई सताउन गरिएका [illegible]

०४९ माघको पहिलो सातामा चौतारा डि.एस.पी. कार्यालयमा थुनुवा भई रहेका दिनेशचन्द्र गुप्ता र उनका छोराले प्रहरी दुर्व्यवहार भोग्नु परेको थियो। हिरासतमा रहँदा दिनेशका छोराको कपाल टाटे पाङ्ग्रे बनाई मुडिएको थियो।

चौताराका सुभाष कर्माचार्य, सोम सापकोटा तथा कुलचन्द धितालालाई जिशिनि माथि हातपात गरेको आरोपमा ०५० जेठ २८ गते बिनापूर्जी गिरफ्तार गरी २५ दिन थुनेर सार्वजनिक अपराधको मुद्दा लगाइयो। ती व्यक्तिहरू "शिक्षक छनौटमा धाँधली भयो भनी केही शिक्षकले जिशिनि माथि हातपात गरे" भन्ने सुनेर वास्तविकता बुझ्न गएका थिए। हाल उनीहरूलाई धरौटी लिई तारिखमा राखेर मुद्दा चलाइएको छ।

चौतारा कै सुवर्णलाल श्रेष्ठ र सुदर्शन आचार्य बीच भएको भनाभनपछि प्रहरीले सुवर्णलाललाई बिनापूर्जी पक्राउ गरी कपाल मुड्ने, घाममा सुताउने गरेर यातना दिइएको कुरा पीडितबाट थाहा लागेको छ।

गुम्सा-८ मा रहेको विद्यालय भवनलाई पुरानै ठाउँ गुम्सा-३ मा राख्नु पर्छ भन्ने पद्मबहादुर र अहिले रहेकै ठाउँमा राख्नु पर्छ भने २०४४ सालको प्र.अ. नीलमणि बीच वैमनश्यता थियो। पद्मबहादुरले ०५० जेठ ३१ मा आफ्नो घर चोरी भएको घटनामा प्र.अ. नीलमणि लगायत सोही स्कूलका थप २ जना शिक्षकलाई समेत आरोप लगाएर प्रहरीमा जाहेरी दिए। घरका सामान सहित मूर्ति चोरेको आरोप पनि लगाइएको उक्त मुद्दामा पक्राउ परेका नीलमणिलाई यातना दिंदा खुट्टाको बूढी औंला फुटाली नङ समेत उखेलिएको पाइयो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

शान्तिपूर्वक भेला हुने, संगठित हुने र मनमा लागेका कुरा बोल्न पाउने स्वतन्त्रताको उपभोग गर्दा राजनैतिक पूर्वाग्रह र प्रशासनिक दबावले पेशाबाट निष्काशित गरिने वा कारवाहीमा परेर सरूवा घटुवा हुने गरेका घटनाहरूले शिक्षक कर्मचारीहरूमा त्रास पैदा गरेको पाइयो। उदाहरणका रूपमा प्राथमिक शिक्षक छनौट समितिले संगठन पक्षधर शिक्षकहरूप्रति पूर्वाग्रह राखेको र त्यसकै कारण नोमराज पराजुली, विन्दुप्रसाद ढकाल, राजेन्द्र भट्टराई, विदुर आचार्य, ताराचन्द्र न्यौपाने लगायतका थुप्रै शिक्षकलाई अपायक सरूवा गरिएको घटनालाई औंल्याउन सकिन्छ। लिसंखुका शिक्षक जीवन योञ्जन र हेमगंगा मोक्तानले आफ्नो संचयकोषको रकम प्र.अ.द्वारा गत २ वर्षदेखि जम्मा नगरिएको गुनासो पोखेकै कारण यातना खप्नुपर्‍यो।

२.२ धार्मिक स्वतन्त्रता

धार्मिक झगडाका कुनै घटना घटेनन्। जिल्लामा सबै जाति र धार्मिक समुदाय माझ परस्पर सद्भाव र सम्मान रहेको पाइयो।

२.३ राजनैतिक स्वतन्त्रता

यस जिल्लामा आफ्नो राजनैतिक विचार खुल्ला रूपमा व्यक्त गर्न धेरै कठिनाई परेको देखियो। विशेष गरी गाउँ क्षेत्रमा ठूला-ठालूहरूले आफ्नो विचारमा सबैलाई ल्याउनको निम्ति जबर्जस्ती गर्ने गरेको र आफ्नो विचार सार्वजनिक ठाउँमा व्यक्त गर्दा कुटपिट र सामाजिक बहिष्कारको पीडा भोग्नु पर्ने अवस्था आउने गरेको देखियो। सत्ताको आडमा रहेका व्यक्तिहरू र पुरानो व्यवस्थाका ठूला-ठालूहरूबाट यस्तो व्यवहार गरेको पाइयो।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा अर्धन्यायिक क्षेत्रबाट हुने गरेका निर्णयहरू राजनैतिक रूपबाट प्रभावित हुने गरेका कारण सोझा-सिधा र आर्थिक स्थिति कमजोर भएका जनताले चाँडो र निष्पक्ष न्यायिक निर्णय पाउन निकै कठिन भएको महशुस गरियो। यस वर्ष यहाँको जिल्ला अदालतमा देवानी १३७ र फौज्दारी १९३ गरी जम्मा ३३० मुद्दा दर्ता भएकोमा देवानी २४ र फौज्दारी ४५ गरी ६९ किनारा लागेको र देवानी ११३ र फौज्दारी १४८ किनारा लाग्न बाँकी रहेको पाइयो। प्रहरीबाट दर्ज भएका मुद्दामा सबभन्दा बढी सार्वजनिक अपराध रहेको पाइयो। यद्यपि जिल्ला प्रहरी कार्यालयबाट यस वर्ष ४६ वटा मुद्दा अदालत पठाइयो। जसमा ज्यान सम्बन्धी १४, चोरी ११, जीउ मास्ने बेच्ने १२ र अन्य अपराध १० रहेका थिए। प्रहरी कार्यालयका अनुसार भने जीउ मास्ने बेच्ने १३, बहुविवाह १ बलात्कार १, बालविवाह १, गर्भपतन १ गरी जम्मा मुद्दा १२५ दर्ज भएको पाइयो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

सिन्धुपाल्चोक जिल्लामा भूमिहीन तथा सुकुम्बासी समस्या उल्लेखनीय रूपमा नदेखिएता पनि २५ वर्ष अघिदेखि गाते-८ मा पर्ने बुच्चे भीरको ओडारमा सुकुम्वासी जीवन गुजारी रहेको वर्ष ५५ का डम्वरबहादुर कार्की र उनका परिवारको पीडा आफ्नै किसिमको छ। वन पाखा र भोटेकोशी चहार्दै जीवन जीउने आधारशीलाहरू खोजी हिंड्ने डम्बरबहादुरका परिवारले अहिलेसम्म एउटा सानो स्थायी झुपडी बनाउने र एकमुठी अन्न फल्ने बारी आफ्नो बनाउने कल्पनासम्म गर्न सकेको देखिंदैन। यसपाली हिउँदमा ओडारमा पानीको अभाव भएकोले भोटेकोशी किनारमा सानो झुपडी बनाई बसे। यसै गरी डम्बरबहादुरको झुपडीसँगै अर्को झुपडी बनाएर बस्ने ४२ वर्षीय मोहनबहादुरको कथा अर्कै छ। मोहन भन्छन्-मेरो घर पहिला संगेरे भन्ने मानेश्वारा गाविसमा थियो। पहिले त घर र केही जमिन पनि थियो। केही

केही त जग्गा आफैले बेचेको हुँ, धेरै चाहीं गाउँकै साहुले खायो। र चार वर्षदेखि हिउँदमा खोला किनारमा र वर्षादमा ओडारमा बस्दै आएको छु। हामी ४ परिवार छौं दिनको एकछाक खोले खाएर बाँचिरहेका छौं।

इन्द्रावतीको किनारमा पनि केही सुकुम्बासीहरू देखिन्छन् जसमा झक्क माझी १३ वर्ष अघिदेखिको सुकुम्बासी हुन्। यस जिल्लामा केही सुकुम्बासीहरूसंग सम्पर्क गर्दा अहिलेसम्म कुनै पनि निकायहरूबाट केही पनि सहयोग नभएको र कोही आइ सामान्य सोधपुछ पनि नगरेको कुरा बताए।

४. महिला अधिकार

बलात्कार र बेचबिखन मात्र हैन बालविवाह र बहुविवाहद्वारा पनि यहाँका महिलाहरू पीडित छन्।

४.१ महिलाहरूको किनबेच र बलात्कार

महिलाहरूको किनबेच हुने जिल्लाहरू मध्येको एउटा प्रमुख जिल्ला हो सिन्धुपाल्चोक। अशिक्षा, गरिबी र बेरोजगारीले गर्दा जीवन धान्ने संकटमा परेका युवतीलाई रोजगारी र सुखको लोभ देखाएर जिल्लाबाट हिंडाइन्छ। झुक्याएर वा फकाएर भारतका विभिन्न शहरमा पुऱ्याएर पशुपंक्षीलाई झैं बेचिन्छ। नारी अधिकारको सन्दर्भमा जिल्लामा यस वर्ष घटेका जानकारीमा आएका उल्लेख्य घटनाका रूपमा १३ वटा बेचबिखनका घटना, १/१ वटा बलात्कार, बहुविवाह, बाल विवाह र गर्भपतनका रहेका छन्। भवितव्यमा परेका वा हत्यामा पनि केही व्यक्ति महिलाहरू छन्।

भारतको बम्बईमा वेश्यालय चलाएर बसेका सीमला तामाङ र रञ्जीत तामाङलाई ०५० भदौ २१ गते काठमाडौंमा गिरफ्तार गरियो। आशाकाजी र तीर्थमानका छोरी र बुहारी दुबै हराएपछि उनीहरू पहिले चाबहिल शान्ति गोरेटो गई रञ्जीत लामालाई भेटेर आफ्ना छोरी बुहारी मागे। तर उनले उल्टै धम्की दिए। पछि माइतीको सहयोगमा बम्बई समेत पुगेर उनीहरूको खोजी गरियो तर फेला परेनन्। त्यसपछि रञ्जीतका नाममा उजुरी दिए। त्यसैबेला आठ नौ वर्ष अघि मेलम्चीबाट हराएकी गीता दनुवार एड्स बोकेर नेपाल फर्किइन् र आफूलाई बेच्ने रञ्जीत लामा र उसकी फुपू सिमला तामाङ विरूद्ध उजूरी हालिन्। उनले सिमला तामाङसगै काठमाडौंको नयाँ बानेश्वर बस्ने उच्च परिवारका एकजना व्यक्तिलाई हुलिया खुलाएर मुद्दा दिइन्। जसको आधारमा बम्बईबाट काठमाडौं आएकी सिमला तामाङलाई ०५० भदौ १९ मा पक्राउ गरियो। सिमला तामाङ र रञ्जीतको बम्बैमा सबभन्दा ठूला वेश्यालय छन्। उनीहरूले वर्षेनी सयौं युवती ओसार्छन्। हरेकसंग ५ सय भन्दा बढी नेपाली वेश्याहरू रहेको र तिनीहरू मध्ये नुवाकोट, सिन्धुपाल्चोक, काभ्रे, दोलखा, रसुवा र धादिङ जिल्लाबाट लगिएका धेरै संख्यामा छन्।

यसैबीच सिमला र रञ्जीतलाई पक्राउन सहयोग पुऱ्याएको अभियोगमा जुठे तामाङलाई केटी बेच्ने गिरोहका सोनाम लामा र पूर्ण तामाङले बेपत्ता पारेका छन्। उनीहरूले घरबाट मकै किन्न निस्केका जुठेलाई छाचो डाँडासम्म पुऱ्याएको थाहा पाइन्छ त्यसपछि उनी कहाँ छन् थाहा छैन। गाउँलेहरू मन्छन् "त्यहीं मारेर फाले"। बम्बैमै वेश्यालय चलाउने अर्की आइमाई कान्छी लमिनीलाई पनि जुठेले चिनेर चाबहिलमा पक्राउन खोजेकोले उ छिट्टै बम्बई उडेकी थिई। त्यस्तै ज्यामबहादुरलाई पनि सो गिरोहले दागा धरेको थियो। अहिले केटी बेच्ने गिरोहका धेरै मानिसहरू कांग्रेस बनेका छन् र आफ्ना विरोधी ज्यामबहादुरलाई नै केटी बेच्यो भनेर उजुर हालेका छन्। प्रहरीले पनि ज्यामबहादुरलाई पक्रेको छ तर जुठेलाई बेपत्ता पार्नेहरू पक्राउ परिसकेका छैनन्।

यसै गरी यस वर्ष थकनी-९ बस्ने लोके लामा भन्ने मानबहादुर तामाङलाई नुवाकोटको छेवार बस्ने दुई युवतीलाई भारत बेच्न लैजान काठमाडौं ल्याइ पुऱ्याउँदा पक्रियो। उसले त्यस अघि दुइटी युवती बेचेको कुरा स्वीकारेको छ। महाङ्काल-६ बस्ने मनदोर्जे तामाङले सोही ठाउँकी १३ वर्षीया बालिका पिङमाई तामाङलाई मीठो खान राम्रो लाउन पाइने लोभ देखाई फकाएर कलकत्ता पुऱ्याई बेचेको थियो। पछि पिङमाई कुनै तरिकाले नेपाल फर्केर गाउँ आई पुगिन्। घटना थाहा पाएपछि मनदोर्जेलाई ज्यामबहादुर, जुठे र आसारामहरूले पक्रेर प्रहरीलाई बुझाएका थिए।

मांखा-५ चिम्लिङ घर भई काठमाडौंमा गलैंचा बुनी बस्ने सुनमाया तामाङलाई आफ्नै दाजु पर्नेले कलकत्ता पुऱ्याई बिक्री गर्न लागेका बखत त्यहाँ कार्यरत नेपाल तामाङ घेदुङका मानिसले मुक्त पारेर फर्काए।

जबरजस्ती सिन्दूर हाल्ने घटना पनि यसै वर्ष पाङग्रेटारमा घट्यो। सोही गाउँ भरवा बस्ने मिश्री श्रेष्ठलाई उनको मञ्जूरी बिना हरेराम कार्कीले सिन्दूर हाले। उनलाई पक्राउ गरियो र आइन्दा त्यसो नगर्ने भनी रू. २ सय ११ जरिवाना लिएर छाडियो।

यमुनाडाँडाका ५० वर्षीय ललितबहादुर खड्काले सोही ठाउँकी एउटी एघार वर्षीया बालिकालाई ०४९ चैत २९ गते बलात्कार गऱ्यो। उसलाई कानूनी कार्वाहीका निम्ति पक्राउ गरिएको छ। बाह्रबिसेका मच्छेन्द्र श्रेष्ठले एक १२ वर्षीया बालिकालाई बलात्कार गरेको घटनालाई कार्वाही नै नगरी दबाइयो भनिन्छ।

जबरजस्तीका अनेक रूप मध्ये केटीको इच्छा विपरित घिसार्ने, लुटेर लग्ने, घिच्याउने र बोकेर दौडाउने चलन पनि यहाँ छ। कर्थली-५ का धनवीर तामाङकी बुहारी ठूली कान्छीलाई तीजमा माइत जाँदै गर्दा ०५० भदौ ३१ गते बाटोबाट लुटेर लगी पत्नी हुँ भन्न बाध्य पारेको घटना यसैको उदाहरण भएको छ। घार्पाका लुण्डुप तामाङ, मुरली, काइला, मुन्द्रे र कंश लगायतका ठिटाहरू यस घटनाका अभियुक्त रहेको र तिनीहरूलाई कुनै कार्वाही नभएको कुरा पीडितहरू

बताउँछन्। भनिन्छ यस गिरोहले नै कर्थलीमा बलात्कार, कुटपिट जस्ता अनेक वारदात गराउँदै आइरहेको छ।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यस जिल्लामा देउकी प्रथा र वादी जाति हालसम्म देखा परेका छैनन्। नगन्य रूपमा जारीका घटना पाइन्छन्। बहुविवाहको समस्या भने विद्यमान रहेको छ। यसरी बहुविवाह गर्नेहरूमा २ जनादेखि ५ जनासम्म पत्नी भएकाहरू पनि पाइयो।

नारी उत्पीडनका केही अन्य घटनामा गर्भपतनको घटना पनि पाइएको छ। विवाहको आशमा सहवास भई दोजिया भएकी दावा साङमु शेर्पिनीलाई उसको लोग्ने नमैसकेको प्रेमीले छाडिदिंदा ६ महिनाको गर्भपतन गरिन्। उनलाई गिरफ्तार गरी अदालत पठाइयो। अहिले धरौटीमा छुटेकी छन्।

एमाले सांसद कृष्णराज श्रेष्ठले अनिता श्रेष्ठलाई गुप्त संसर्गमा राखी बच्चा जन्माएको घटनाको सन्दर्भमा जिल्ला अदालतले उनलाई पिता ठहर गरी ती दुई बीच पति-पत्नीको नाता कायम गर्ने फैसला दियो र बच्चालाई पैतृक सम्पत्तिको हक समेत प्रदान गर्ने आदेश दियो।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्न

५.१ दासत्व विरूद्धको अधिकार

दासत्व प्रथाकै रूपमा नदेखिएता पनि दशकौं देखि गाउँका सामन्त, साहुहरूकहाँ कमाराका रूपमा थोरै ज्यालामा काम गरी रहेका केही व्यक्ति भेटिए।

५.२ अन्य अमानवीय व्यवहार

यस जिल्लामा प्राय जसो घटनाहरूलाई राजनैतिक दृष्टिकोणले हेरेर सोही आधारमा कारवाही गरेको देखिन्छ। जिशिनिको शिक्षक छनौटमा भएकी धांधलीको सामान्य घटनामा निर्दोष व्यक्तिहरूलाई यातना दिएको पाइयो। त्यस्तै प्रहरी हिरासतमा कुनैपनि व्यक्तिलाई बढीमा २५ दिन राख्न पाइने भएता पनि सकेसम्म तुरून्त अनुसन्धान गरी अदालतमा पेशगर्नु पर्ने नियम भएकोमा राजनैतिक दृष्टिकोणले गर्दा अनुसन्धान सकिएपछि पनि म्याद बढाएर यातना दिने गरेको देखियो।

६. आदिवासी अधिकार

यस जिल्लामा थामी जातिका केही आदिवासी रहेका छन्। उनीहरूलाई अविकसित अवस्थामा रहेकै कारणबाट प्रशासनिक एवं न्यायिक भेदभाव गरिएको घटना भने हामीलाई प्राप्त भएन।

७. बाल अधिकार

बाल अधिकार सम्बन्धी चेतनाको न्यूनताले गर्दा अभिभावकहरूमा केटाकेटीलाई पढाउने काम समेत कम हुने गरेको पाइयो। उनीहरूका कतिपय आवाजलाई त झन् सुन्दै सुनिंदैन। बरू गलैंचा उद्योगतिर पठाइन्छ।

अतिरिक्त जानकारी

भारतको कालिम्पोङ घर भई महाराजगंज काठमाडौं बस्ने यादवकुमार अमात्यसंग बिहे गरेकी कविता अमात्यलाई वंशजको नाताले भनी नागरिकता दिएकोमा आवश्यक छानविन गर्दा कविता अमात्यको जन्म संखुवासभमा मालबांसे-१ चैनपुरमा नभएको र रामबहादुर सुब्बालाई बाबु भनिएकोमा सो कुरा पनि झुट्टा भएको हुँदा त्रुटीपूर्ण ढंगले नागरिकता दिइएको कुरा जिल्लाबासीहरू औंल्याउँछन्।

विभिन्न कारणबाट १० जना नागरिकले यस वर्ष आत्महत्या गरी जीवन गुमाएको पाइयो।

घुम्थाङ-घुइसाका कार्पो तामाङलाई सोही ठाउँ बस्ने पूर्वपंच नाङबारे तामाङ, पोटे तामाङ, तेन्जिङ तामाङ र सार्की तामाङ लगायतका व्यक्तिहरूले कुटपिट गरे। उनका कान्छा ससुरा फुर्वा तामाङको जग्गामा बलपूर्वक घट्ट राखेकोमा मुद्दा हारेपछि त्यहाँबाट घट्ट हटाउनु परेको रीसले नै नाङबारेको डफ्फाले कार्पोलाई कुटपिट गरेका हुन् भनिन्छ। यस घटनामा प्रहरीले कार्पोको निवेदन लिएन। अहिले कुटपिट गर्नेहरू फरार छन्। ❑

२. मध्यमाञ्चल

बागमती

२.१८ नुवाकोट

जनसंख्या : २४५२६०
साक्षरता : ३१.४ प्रतिशत
महिला साक्षरता : १७.८ प्रतिशत
क्षेत्रफल : ११२१ वर्ग कि.मी.

सदरमुकाम र आसपासका केही इलाका बाहेक नुवाकोट जिल्ला अधिकांश क्षेत्र शिक्षा र सचेतनाका हिसाबले ज्यादै पिछडिएको छ। जिल्लाको माथिल्लो भेकमा बाक्लो तामाङ बस्ती छ र तामाङहरूको पछौटेपनमा सुधारको कुनै चिन्ह समेत देखा पर्न सकेको छैन। राजधानीबाट नजिकै रहेको भए पनि र मोटरबाटोले राजधानीलाई जोडेकै भए पनि यहाँका नागरिकहरू कतिपय न्यूनतम सुविधाबाट समेत बंचित भएका छन्। जिल्लामा दुई दुईवटा विद्युत उत्पादन गृह भए पनि थुप्रै गाउँहरू बत्तिमुनिको अँध्यारो भोग्न बाध्य छन्।

चेलीबेटी व्यापार यो जिल्लाको अर्को उल्लेखनीय र जटिल समस्या हो।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यो वर्ष यस जिल्लामा प्रहरी प्रशासनद्वारा गोली प्रहार तथा हत्याका घटना घटेको पाइएन।

खड्गभञ्ज्याङ-१ बस्ने लालबहादुरको छोरा २३ वर्षीय जीतबहादुर तामाङलाई गोर्स्याङ-८ बस्ने वाते तामाङ, वीरबहादुर तामाङ र सुकराम तामाङले ०४९ माघ १ गते बेलुकी खुकुरी प्रहार गरी हत्या गरेका थिए।

०५० मंसीर १ मा तलांखु-४ निवासी तेजनारायण श्रेष्ठले छाप-८ निवासी बाबुराम गुरुङको घरमा आएका रामेछाप फुलासी-७ का रामबहादुर तामाङलाई खुकुरीले प्रहार गरी हत्या गरेका थिए। मृतक तामाङ बाबुरामका भिनाजु हुन्। तेजनारायण श्रेष्ठलाई कानूनी कार्वाही चलाइएको छ।

यस अतिरिक्त जिल्लामा यो वर्ष २६ आत्महत्या, ८ भवितव्य, ४ सवारी दुर्घटना समेत गरी जम्मा ३८ जनाले ज्यान गुमाएका छन्।

१.२ जेल

बुढापाकाहरूको भनाइ अनुसार करीब चार दशक अगाडि निर्मित नुवाकोट कारागारको हालको अवस्था नाजुक छ। १ रोपनी क्षेत्रफल जमिन ओगटेको उक्त भवनमा जम्मा ८ कोठा छन्। दुई तले भवनको माथिल्लो तल्लामा प्रहरी र कर्मचारी बस्दछन् भने भूईतलाका २ कोठा मात्र बन्दीले प्रयोग गरेका छन्। ३२ X ९ फिटको कोठा (संयुक्त कोठा) पुरूष बन्दीहरूको लागि र करीब ९ X १० फिटको अर्को एउटा कोठा महिलाहरूको लागि छुट्याइएको छ। भान्छा कोठाको सामुन्ने वा बन्दीहरू बस्ने कोठाको बगलमा चर्पी छ। महिला र पुरूषको निम्ति छुट्टाछुट्टै चर्पीको व्यवस्था छैन। खानेपानीको समेत हाहाकार हुने गरेको उक्त जेलमा बन्दीहरूले महिनौंसम्म ननुहाई बिताउनु पर्ने देखिन्छ। पुरूष वार्डमा २५ र महिला वार्डमा ४ जना गरी २९ जनासम्म अटाउने क्षमता छ तर कहिलेकाहीं ६० जनासम्म र सरदर ४०।४५ जनासम्म राख्ने गरेको कुरा स्वयम जेलर बताउँछन्।

जेलमा हाल पुरूष १८ र महिला २ गरी जम्मा २० जना बन्दीहरू जसमध्ये आरोपित बन्दी १४ जना र दोषप्रमाणित ६ जना बन्दी रहेका छन्। सिजन अनुसारको कपडा सुविधा उपलब्ध नगराएकोमा ०५० जेठ २५ गते बन्दीहरूले रासन बहिष्कार पनि गरेका थिए। जेलको दुरावस्था बारे स्वीकार गर्दै प्रजिअ आत्माराम पाण्डे भन्नु हुन्छ- "शौचालय बनाउन समेत बजेटको व्यवस्था छैन। जेलमा ठाउँको अनुपातले बन्दीहरूको संख्या भने अधिक नै रहेको छ।"

	घटना संख्या	
घटनाको प्रकृति	**१९९२**	**१९९३**
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	१	१
बलात्कृत	-	-
सेनाद्वारा बलात्कृत	१	-
उपचार नपाएर कैदीको मृत्यु	१	-
आत्महत्या		८

नुवाकोट जेलको अग्र भाग

१.३ गिरफ्तारी र यातना

०५० असार ५ गते नेपाल बन्दको सिलसिलामा कार्यकर्ताहरूका साथ हिँडिरहेकै बेला एमालेका भरत ढुंगाना र संयुक्त जनमोर्चाका तोयनाथ थपलियालाई प्रहरीले बिहान गिरफ्तार गर्ने कोशिस गरेको थियो तर आन्दोलनकारीहरूले त्यसको प्रतिकार गरे। आन्दोलनकारी र प्रहरीबीच खोसाखोस परेको र अन्त्यमा प्रहरीले छोडिदिएका थिए।

राजनीतिमा विपक्षीय शक्ति सन्तुलनका कारणले होला हाल पहिलेको जस्तो कुनै एउटा पक्षको व्यक्तिलाई दुःख दिनको लागि गिरफ्तारी गर्ने वा यातना दिने परम्परामा निश्चय पनि केही कमी आएको छ। यो वर्ष यस जिल्लामा प्रतिशोधपूर्ण गिरफ्तारी र यातनाका उल्लेख्य घटना घटेका पाइएनन्।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

पेशाका आधारमा पेशागत संगठनमा संगठित हुँदा पनि नागरिकहरूले अनावश्यक झन्झट बेहोर्नु परेको देखिन्छ। नेराशिसंघमा संगठित भएका कारण २५ जना भन्दा बढी शिक्षकहरूलाई शैक्षिक प्रशासनमा ठाडो प्रभाव जमाई अपायक सरूवा गरिनु उल्लेख्य घटनाको रूपमा लिन सकिन्छ।

२.२ धार्मिक स्वतन्त्रता

समग्रतामा भन्नु पर्दा यस जिल्लामा विभिन्न धर्म र समुदायका मानिसहरूको बसोबास भए पनि धार्मिक सहिष्णुतामा कुनै खलल पारे परेको देखिन्न। तर पनि हाल केही समय यता धर्म परिवर्तन गरी क्रिश्चियन धर्म मान्नेहरूको संख्या वृद्धि हुँदै गएको देखिन्छ। यसरी धर्म परिवर्तनमा धार्मिक [illegible] भन्दा पनि प्रचारकहरूको प्रचार र अन्य सुविधाको प्रभाव परेको देखिन्छ। यसरी परिवर्तित भएकाहरू र परिवर्तित नभएकाहरूको बीच आपसी होच्याउने गाली-गलौज गर्ने जस्ता कटुतापूर्ण व्यवहार भएको पनि पाइएको छ। धार्मिक आस्थाका कारण बुङताङमा भएको सामान्य झगडामा हर्कबहादुर तामाङ र फुर्वा तामाङ घाइते भएका थिए।

२.३ राजनैतिक स्वतन्त्रता

यस जिल्लाका अधिकांश ग्रामीण जनता राजनैतिक रूपमा चेतनासून्य स्थितिमा रहेका छन्। यो स्थितिबाट फाइदा उठाएर विभिन्न किसिमका डर, त्रास र प्रलोभनमा प्रभावित पारेर आफ्नो पक्षमा तान्न खोज्ने परिपाटी यहाँका दलहरूमा छ। सही अर्थमा भन्ने हो भने राजनैतिक संस्कारको विकास यो जिल्लामा हुन सकेको छैन।

०५० असार ५ गते सात वामद्वारा आव्हान गरिएको नेपाल बन्द कार्यक्रममा सत्तापक्षीय नेतृत्वद्वारा यातायात खोलाउन प्रत्यक्षतः प्रशासनलाई दवाव दिइयो। ट्रकमा चढेर आएका सत्तापक्षीय कार्यकर्ताहरूले बस चालकलाई गाडी चलाउन दबाव दिए। प्रहरीले दमन गर्ने वातावरण तयार हुने गरी ढुंगामुढा गरे। तत्पश्चात प्रहरीको आक्रमणबाट थुप्रै वामपन्थी कार्यकर्ताहरू घाइते भए। दमनको विरूद्ध निस्किएको जुलुसमा पनि प्रहरी दमन भयो। दमनमा परी घाइते हुनेहरूमा रामराजा भण्डारी, नवराज अधिकारी र ठाईंला लामा लगायत थुप्रै थिए।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा सानातिना वा नितान्त व्यक्तिगत झै-झगडा वा मुद्दा मामिला बाहेक आम चर्चामा आउने सार्वजनिक महत्वको कुनै घटनाहरूमा प्रहरी प्रशासनद्वारा आफ्नो स्वविवेक प्रयोग गरेको वा गर्न पाएको देखिँदैन। न्यायिक अधिकार उल्लंघन नै भएको कुनै घटना विवरण भने प्राप्त भएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

विभिन्न प्राकृतिक प्रकोपबाट पीडित, पैतृक संपत्ति नभएको वा अन्य कारणबाट शहरी इलाकाको छेउछाउमा बसोबास गरिरहेका सुकुम्बासीहरू यस जिल्लामा उल्लेखनीय

संख्यामा रहेका छन्। खासगरी विदुर नगरपालिकाको क्षेत्र भित्र रहेका सुकुम्बासीहरूको संक्षिप्त विवरण निम्न बमोजिम छ :

विदुर-१ पहरा ढुंगेको सुकुम्बासी टोलमा ०३४ सालमा कल्याणपुर, गेर्खु समुन्द्रटार आदि ठाउँहरूबाट आएका १८ परिवारका जम्मा ६० जना व्यक्तिहरू बसोबास गरिरहेका छन्। कसैले कच्ची छाप्रो र कसैले ढुंगा माटोको गारो लगाएर भूईंतले ससाना घर बनाई बसेका छन्। यहाँका सुकुम्बासीहरूको अझै पनि बासस्थान दर्ता भएको छैन। २ जना ड्राईभर, २ जना सुचिकार काम गर्ने बाहेक अरू सबै ज्याला मजदूरी गरी बाँचिरहेका छन्।

विदुर न.पा. अन्तर्गतको एउटा सुकुम्बासी वस्ती

विदुर-४ वट्टार सुकुम्बासी टोल- नुवाकोट जिल्लाको फिकुरी गाविसमा ०४२ सालमा गएको भीषण बाढी पैरोबाट पीडित भई घरबार बिहीन हुन पुगेका बासिन्दाहरूलाई तत्कालिन जिल्ला पंचायत सचिवालयले यस ठाउँमा बसोबास गराएको थियो भने त्यसबेलाका वास्तविक सुकुम्बासीहरू पुनः आफ्नै गाउँतर्फ फर्किने क्रममा त्यहाँ बनेका ससाना छाप्राहरू (जग्गा बाहेक) थोर-बहुत रकममा बेचेर गएपछि सो छाप्राहरूमा बस्न आएका विभिन्न स्थानका बासिन्दाहरू नै हालका यहाँका वास्तविक सुकुम्बासी हुन्। यहाँ अधिकांश अछूत भनिने जातिका मानिसहरूको बसोबास छ। हाल यहाँका ४५ टहराहरू मध्ये ४० घरमा मात्र बसोबास हुँदै आएको छ। यहाँको सुकुम्बासी टोलमा जम्मा २०० जनसंख्या रहेको छ। यहाँका अधिकांश मानिस ज्याला मजदूरी गरेर हातमुख जोर्ने काम गरिरहेका छन् भने केटाकेटी पढाउने लगायत खाने लाउने कुराकै समस्या प्रमुख रूपमा रहेको बताउने यहाँका सुकुम्बासीहरूको पनि छाप्रो दर्ता हुन सकेको छैन।

विदुर-१० ढोडेनी- २०२३ सालमा सिस्नोघारी फडानी गरी देविघाट हाइड्रोइलेक्ट्रिक प्रोजेक्टमा काम गर्न आएका धादिङ, नुवाकोट र रसुवाका केही व्यक्तिहरूले बसोबास शुरू गरेको उक्त स्थानमा हाल १२ घर छ। जातिमा कामी, दमाई र नगरकोटी रहेको यस स्थानका अधिकांश व्यक्तिहरूको कुनै भरपर्दो पेशा छैन र छाप्रो दर्ता हुन पनि सकेको छैन।

विदुर-६ चण्डिपोखरी (खम्पा क्याम्प)- सुकुम्बासीकै रूपमा २०१७ सालमा दलाई लामासँगै विदेशिएका तिब्बतीहरू १२ वर्ष पोखरा २ वर्ष यसै नगरपालिकाको बट्टारमा र त्यसपछि २०३१ सालदेखि यस ठाउँमा नियमित बसोबास गरिरहेका तिब्बतीहरूको यो बस्ती खम्पा क्याम्पको नामले चिनिन्छ। यहाँका अधिकांश युवा युवतीहरू रोजगारीका लागि काठमाडौंको बौद्ध तथा स्वयम्भू जाने गर्छन्। १७ परिवारको ९० जना जनसंख्या यस बस्तीमा रहेको छ। आफू विदेशिन पर्नाको सम्पूर्ण दोष वर्तमान चिनियाँ सरकारप्रति लगाउने र दलाई लामालाई नै देउता मानी बसिरहेका यी तिब्बतीहरू आफूलाई शरणार्थी भन्नु पर्दा अपमानित भएको महशुस गर्दछन्। २०३६ देखि नै भोट हाल्ने अधिकार पाएका उनीहरू अझसम्म नागरिकता नपाएको गुनासो गर्दछन्। केही उमेर पुगेकाहरूले अंगिकृत नागरिकता लिन पनि रू. १ हजार ५ सयसम्म तिर्नु परेको बताउँछन्। खेती गरेर खानको लागि थोर-बहुत जग्गा समेत पाएका उनीहरूको जग्गा दर्ता भने भएको छैन। नेपाल सरकारलाई बाबु आमा सरह मान्ने उनीहरू आफ्नो भविष्य प्रति चिन्तित छन्।

चाहे जुनसुकै क्षेत्रका भए पनि सुकुम्बासीहरूका समस्या समान छन्। चुनावको बेला उनीहरूलाई प्रत्येक राजनैतिक पार्टीले फकाउने र धम्क्याउने समेत गरेको र आएर हैरान पारेको बताउँछन्। उनीहरू चुनाव सकिएपछि कुनै पनि पार्टीका व्यक्तिहरू नआएको गुनासो गर्छन्। रोजगारी र अन्य कुनै भरपर्दो व्यवसाय नभएका कारण जीवन धान्न यसै पनि कठिनाई परिरहेको र त्यसमाथि पनि त्यहीं बसोबास गरेको सानो टुक्रा जग्गा पनि दर्ता नहुनुले आफ्नो भविष्य झनै अन्धकारमा रहेको उनीहरू दुःखका साथ बताउँछन्।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

महिला किनबेचका दृष्टिकोणले यो जिल्ला ज्यादै बद्नाम भएको जिल्ला हो। खास गरी जिल्लाको पूर्वी भेकका घ्याङफेदी, शिखरबेंशी, गाउँखर्क, बेतिनी आदि गाविसहरू महिला व्यापारले चर्को रूपमा आक्रान्त पारेका गाविस हुन्। बाध्यताले मात्र होइन स्वेच्छाले पनि बेचिएर बम्बैका कोठीहरूमा वेश्यावृत्ति निम्ति जानेहरूको संख्या पनि उल्लेखनीय रहेको छ। प्रजातन्त्रको बहालीपछि पनि चेलीबेटीको यो व्यापारमा कुनै कमी आएको छैन। प्रति महिना सरदर एक घटना प्रहरीले पक्रिएको र कैयौं थाहै नपाई लाने र

लाने र जाने काम चलिरहेको हुन्छ।

बेतिनी-७ बस्ने तोकलामा माइलाकी छोरी १२ वर्षीया साहिली तामाङ्नी र तोकलामा काइलाकी छोरी १० वर्षीया माहिली तामाङ्नी, सोही गाविस ७ बस्ने मसिनी तामाङनी, पिडे तामाङनीलाई बिक्री गर्ने उद्देश्यले लिएर जाँदै गर्दा ०४९ माघ २ गते नोमबहादुर तामाङ, मानबहादुर तामाङ, चुडे गुरूङ र म्लाङे तामाङनी समेत गिरफ्तार भएका थिए।

गाउँखर्क-७ बस्ने मानसिं तामाङ र सुकुमान तामाङका दुई छोरी क्रमशः १५ वर्षीया मोती तामाङनी र १७ वर्षीया कान्छी तामाङनी, सोही ठाउँ बस्ने लक्ष्मण तामाङकी पत्नी (२ वर्षको छोरा सहित) २५ वर्षीया सन्तु तामाङनीलाई ललाई-फकाइ लगेर बिक्री गरेकोमा जाहेरवाला मानसिंह तामाङ र सुकुमान तामाङको जाहेरीले ०४९ मंसीर १७ गते अभियुक्तलाई गिरफ्तार गरिएको थियो। त्यस्तै रालुका देवी-६ बस्ने दमिनी तामाङनीलाई सोही गाउँ बस्ने काले तामाङ र नचिनिएको एकजनाले भारतको बम्बैमा लगी बिक्री गरेकोमा उनीहरू अहिलेसम्म गिरफ्तार नभएको बताइएको छ।

सिस्वरबेंशी-१ बस्ने १२ वर्षीया माहिली तामाङनी र १० वर्षीया पिडे तामाङनीलाई सोही गाविसकै शिर लामा, फुलमाया तामाङनी र भारतको उत्तर प्रदेश अहमदगढ बस्ने शेख सौवल अहमदले बिक्री गर्ने उद्देश्यले लिएर जाँदा काठमाडौंमा ०५० बैशाख १७ गते गिरफ्तार गरिएको थियो।

रालुका देवी-६ बस्ने माहिली थिङ र माया थिङलाई खरानीटर-७ बस्ने बुद्धिमान मोक्तान, रामबहादुर नेपाली तथा शिस्वरबेंसी- ६ बस्ने ध्रुव नेपाली रालुका-६ बस्ने सुशीला तामाङ, बलराम खड्का र खरानीटार-७ बस्ने बाबुराम तामाङ सहितले बिक्री गर्ने उद्देश्यले भारत लगिरहेको अवस्थामा ०४९ फागुन २६ गते हेटौंडामा पक्राउ गरिएको थियो।

यी केही प्रतिनिधि घटना मात्र हुन्। यो वर्ष पनि यस्ता अनगिन्ती घटनाहरू घटेका छन् र सैयौंको संख्यामा यहाँका चेलीहरू भारतको वेश्या बजारमा पुर्‍याइएको छ।

थानसिंह-९ का प्रेमबहादुर तामाङ, अकाले तामाङ, काइंला तामाङले सोही ठाउँकी २७ वर्षीया एउटी महिलालाई माइतीबाट घर फर्कंदा बाटोमा बलात्कार गरे। अभियुक्तहरू अहिलेसम्म गिरफ्तार भएका छैनन्।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यस जिल्लाको तामाङ समाजमा जारी प्रथा अत्यधिक रूपमा प्रचलित छ। जारी लिने दिने कुरा दुवै पक्षको मञ्जुरीमा गरिने गरिएको भए पनि कतिपय गाउँले टाठा-बाठाहरूले आफूखुसी मोलतोल गरिदिने पनि गरेको पाइयो। तर यस सम्बन्धी कुनै मात्र मुद्दा न्यायिक निकायमा पुगेको छैन।

०४९ चैत २३ गते भदुटार-३ बस्ने गोविन्दप्रसाद पाण्डेले जेठी पत्नी मैया पाण्डे हुँदा हुँदै ईश्वरी भन्ने केटीसंग विवाह गरेको एउटा मात्र घटना जानकारीमा आएको छ। देउकी र वादी भने यो जिल्लामा छैनन्।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्न

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्न

५.१ दासत्व विरूद्धको अधिकार

अन्यत्रका अरू जिल्लामा जस्तै यस जिल्लामा पनि सम्पन्न परिवारका घरमा घरेलु नोकर राखिएको बाहेक दासत्वको समस्या रहेको पाइएन।

५.२ अन्य अमानवीय व्यवहार

जिल्लामा अछूत भनिने जातिहरूको संख्या उल्लेख्य छ र उनीहरूमा हुने जातीय उत्पीडनको उल्लेख्य घटना विवरण प्राप्त नभए पनि छुवाछूत र उच-नीचको व्यवहार यत्रतत्र हुने गरेको बताइन्छ। बोक्सी र धामी झाँक्री जस्ता अन्धविश्वासी प्रथाले पनि नागरिकहरूलाई सताएको छ।

६. आदिवासी अधिकार

यस जिल्लाको विदुर नगरपालिका र आसपासका केही गाउँहरूमा कुमाल (राई) आदिवासीहरू बसाबोस रहेको छ। उनीहरूको पछौटे चिन्तन र पिछडिएको चेतनाका कारण अरू जातिहरूले श्रम शोषण गरिरहेका छन्।

७. बालअधिकार

शहरी क्षेत्रमा चिया पसल र होटलहरूमा बाल मजदूरी र ग्रामीण क्षेत्रमा आम रूपमा शिक्षा आर्जनको अवसरबाट बञ्चित हुने स्थितिले बालअधिकार कुण्ठित भएको छ भन्न सकिन्छ।

अतिरिक्त जानकारी

जिल्ला शिक्षा निरीक्षकको कार्यलयले विज्ञापन नं. १।०४६-०४७ अनुसार प्राथमिक शिक्षक स्थायी गर्न १२० जनाको निम्ति विज्ञापन गरिएको र त्यसको नतिजा भने ०५० जेठ ८ मा प्रकाशित गरी २३४ जना उत्तीर्ण गराइयो। अधिकांश योग्य, अनुभवी, तालिम प्राप्त शिक्षकहरू अनुत्तिर्ण गराइएको आरोप आम शिक्षकहरूले लगाएका थिए। उक्त परीक्षामा रोल नं. ३५८ का लिखित परीक्षा अनुत्तीर्ण मधु थापालाई रोल नं. ३३८ का लिखित परीक्षा उत्तीर्ण श्यामबहादुर खड्काको रोल नं.बाट स्थायी नियुक्ति गरिएको थियो। यस सन्दर्भमा छनौट समिति तथा शिक्षा अधिकारी अर्जुनप्रसाद लामिछाने समेतलाई विपक्षी बनाइ नेराशिसंघले विशेष प्रहरी विभागमा उजुरी र सर्वोच्च अदालतमा रिट दायर गरेको थियो। अदालतबाट कारणदेखाउ आदेश समेत जारी भएको बताइन्छ।

जिल्लामा यो वर्ष १० हजार क्युबिक फीट काठको भ्रष्टाचार पनि चर्चित रहेको छ। रामजी सिटौला, हरिलाल श्रेष्ठ, राजेन्द गिरी, विष्णु आचार्य, द्रोणप्रसाद सिटौला लगायतका व्यक्तिहरूले दैवी प्रकोप पीडितहरूलाई उपलब्ध गराउन भनी सिफारिश गरिएको उक्त काठमध्ये ६० हजार क्यु.फी. बीचैमा बेची आ-आफूमा हिस्सेदारी बाँडेका थिए। तत्सम्बन्धमा उजुरी परेपछि उल्लेखित व्यक्तिहरूलाई गिरफ्तार गरी कारवाही चलाउने सिलसिलामा उनीहरूलाई छुटाउन माथिबाटै ठाडो दबाव आएको बताइन्छ। ❑



२. मध्यमाञ्चल

बागमती

२.१९ रसुवा

जनसंख्या : ३६७४४
साक्षरता : २२.९ प्रतिशत
महिला साक्षरता : ११.३ प्रतिशत
क्षेत्रफल : १५४४ वर्ग कि.मी.

गणेश हिमाल र लाम्टाङ हिमालको काखमा अवस्थित रसुवा जिल्ला राजधानीको निकटतम जिल्ला भएर पनि सामाजिक राजनैतिक चेतनामा निकै पछाडि परेको छ। वागमती अञ्चलको यो एउटा दुर्गम जिल्ला हो। जिल्लाको दक्षिणी भेगको तुलनामा उत्तरी भेग विकट छ। त्रिशुली-सोम्दाङ सडक निर्माण पछि सदरमुकाम धुन्चेसम्म यातायात सेवा चालु छ। धुन्चे बिस्तारै पर्यटक स्थलको रूपमा विकास हुँदैछ। प्रसिद्ध धार्मिक स्थल गोसाइकुण्ड यसै जिल्लामा पर्दछ। शैक्षिक चेतना र राजनैतिक चेतनाको न्युनताका कारण आम नागरिक मानवअधिकारकै बारेमा पनि अनभिज्ञता प्रकट गर्दछन्। राजनैतिक कार्यकर्ता र प्रशासनिक निकायका व्यक्तिहरू भने जिल्लामा मानवअधिकारको स्थिति राम्रो रहेको बताउँछन्।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यो वर्ष यस जिल्लामा हत्या गोलीको कुनै घटना घटेको जानकारीमा आएन। तर हत्या गर्ने उद्देश्य राखी ०५० असार ८ गते ठूलोगाउँ-८ बस्ने कान्छा तामाङले सोही गाउँ बस्ने शाही नेपाली सेनाको जवान प्रताप लामालाई खुकुरी प्रहार गरी घाइते बनाएकोमा अभियुक्त कान्छा तामाङलाई पक्राउ गरी कारवाही चलाइयो।

१.२ जेल

यस जिल्लाको जेल भवन यसै वर्ष मात्र निर्माण भएको छ। जेलमा ११ जना बन्दी मध्ये १० जना दोष प्रमाणित र १ जना आरोपित रहेका छन्। तिनीहरूमध्ये ४५ वर्षीय नुर्पु लोप्च्चन क्षयरोगको उपचार गर्नका लागि केन्द्रीय कारागार पठाइएकोमा उपचार हुँदाहुँदै उनको मृत्यु भयो। बन्दीहरूको उपचार गराउने उपयुक्त व्यवस्था यस जेलमा छैन भन्ने कुरा उक्त घटनाले पनि पुष्टी गरेको छ।

१० रोपनी १२ आना जमिनको क्षेत्रफल ओगटेर रहेको जेलमा ३६ जना बन्दी अटाउन सक्ने क्षमता छ। बाहिरी र भित्री २ वटा शौचालय रहेको जेलको भौतिक अवस्था र खानेपानी वा धाराको व्यवस्था ठिकै छ। सुविधा सम्बन्धमा बन्दीको खासै गुनासो रहेको छैन तापनि बौद्धिक स्तर वृद्धि गर्ने, पत्रपत्रिकाहरू पठन-पाठन गर्न पाउने तथा शीपमूलक शिक्षाको कुनै व्यवस्था यो जेलमा छैन।

१.३ गिरफ्तारी र यातना

लहरेपौवा-१ बेत्रावती बस्ने २२ वर्षीय वीरेन्द्रकुमार डंगोलले ०५० असार २४ गते मध्यान्न १२ बजे जिल्ला प्रशासन कार्यलय हाताभित्र होहल्ला गरी अशान्ति मच्चाएको आरोपमा उनलाई सार्वजनिक अपराध ऐन अन्तरगत गिरफ्तार गरिएको र ६ दिनसम्म जेलमा बन्दी बनाइएको थियो। उनलाई रू २८ हजार धरौटी जमानतमा छोडिएको र थुना अवधिभर कुनै यातना भने नदिएको कुरा स्वयं डंगोलले बताएका छन्। यसका अतिरिक्त गिरफ्तारी त छिटफुट रूपमा भएका थिए तर कानून बिपरितको गिरफ्तारी र यातनाको कार्वाही भने गरिएको पाइएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

जिल्लामा अभिव्यक्ति र मेला हुने अधिकार कुण्ठित भएको उल्लेख्य घटना नघटे पनि नेराशिसंमा संगठित भएकै

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	-
बलात्कृत	-	-
स्वास्थ्यकर्मीद्वारा बलात्कृत	१	-
आत्महत्या		४

कारण प्रतिशोधपूर्ण तरिकाले अवकाश गरिएको छ। स्थाइ शिक्षक सञ्जन श्रेष्ठ र ज्ञानेन्द्र प्रसाद आचार्यलाई अकारण नै अवकाश दिइयो।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लाको उत्तरी क्षेत्रतिर बौद्ध धर्मावलम्वीको बाहुल्यता रहेको छ भने दक्षिणी क्षेत्रतिर हिन्दू धर्मावलम्वीहरूको बाहुल्यता रहेको छ। दुवै क्षेत्रमा धार्मिक आश्थाकै कारण कुनै झै-झगडा या घटना हालसम्म घटेको जानकारी पाइएन।

२.३ राजनैतिक स्वतन्त्रता

जिल्लामा यो वर्ष राजनैतिक स्वतन्त्रता कुण्ठित भएको उल्लेख्य घटना घटेको पाइएन।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाको जिल्ला अदालतका माननीय न्यायाधीश ०४९ मंसीर देखि मोरङ जिल्ला अदालतमा काजमा रहनु भएको र मुद्दा किनारा गर्ने व्यक्तिको अभावमा मुद्दा फैसला हुन नसकी बन्दी १ वर्षसम्म थुनामा नै रहने गरेको पाइयो।

यस वर्ष सार्वजनिक अपराधका ४ वटा उजुरी परेकोमा एउटाको फैसला भयो। जिल्ला अदालतमा लागु औषधिको एउटा मुद्दा दायर भएको पाइयो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा भूमिहीन तथा सुकुम्बासी समस्या उल्लेख्य रूपमा रहेको पाइएन।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

यस जिल्लाका यार्सा र सरमथली गाविसबाट महिला बिक्री भइ विदेशतिर जाने गरेको सुन्नमा आएपनि को कहिले र कति जना भन्ने कुराको यथार्थ जानकारी हुन सकेन। यसका साथै यस जिल्लामा छिटफुट रूपमा बलात्कारका घटना पनि घटेका छन्। स्याप्रु-७ ठूलोस्याप्रु बस्ने सिंगि तामाङ र उनकी पत्नी गोसाइंकुण्ड मेला जान लागेको बेला चन्दनबारी र लौरीविनायकको बीच जंगलमा ०५० साउन ८ गते बेलुकी ६ बजेतिर महेन्द्र दल गण धुन्चे व्यारेकका शाही सेनाका जवानद्वय २८ वर्षीय गंगाबहादुर थापा मगर र २५ वर्षीय धनबहादुर लामाले बलात्कार गर्ने उद्देश्यले हातपात गरेका थिए। छुट्याउन खोज्दा पतिलाई समेत कुटपिट गरियो। आक्रमणकारी दुवैजनाले रक्सी सेवन गरेको बताइन्छ र उक्त घटना पछि शाहीसेनाका जवान धनबहादुर लामालाई ४५ दिन कैद र भविष्यमा सरकारी नोकरीबाट अयोग्य नठहरिने गरी बर्खास्त तथा गंगा बहादुरलाई १८ महिना कैद गरिएको पनि जानकारी भयो।

४.२ जारी बहुविवाह [illegible]

जिल्लाको उत्तरी क्षेत्रमा रहेको गत्लाङ लगायत केही गाविसहरूमा जारी प्रथा कायम छ। केटीले केटा मन पराएर विवाह भए रू ५ हजार, केटाले केटी मनपराएर विवाह भए रू. १० हजार जारी खर्च बापत तिर्नु पर्ने चलन छ। त्यसै गरी वहुविवाहको प्रचलन पनि यहाँ उल्लेखनीय रूपमा रहेको पाइन्छ। धुन्चे-५ बस्ने ३९ वर्षीय देवेन्द्रबहादुर केसीले घरमा दुइवटी पत्नी र छोरा-छोरी हुँदाहुदै मञ्जु लम्सालसंग तेस्रो विवाह गरेका छन्।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यस जिल्लामा दासत्वको समस्या उल्लेखनीय रूपमा रहेको पाइएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

सानो संख्यामा रहेका अछूत भनिने जातिहरू माथि सामाजिक उत्पीडन कायम छ। कामी, दमाई सार्की जात विशेषका नागरिकहरू यस खाले उत्पीडनमा परेका छन्।

५.३ शरणार्थी समस्या

यस जिल्लामा यो समस्या उल्लेख्य रूपमा रहेको छ। चीनको स्वशासित क्षेत्र तिब्बतबाट भागेर नेपाल पसेका शरणार्थीहरू स्याप्रु गाविस अन्तरगत स्याम्ब्रु बेंसी र चिलिमे गाविस अन्तरगत थाम्बुचेतमा सानो संख्यामा रहेका छन्। उनीहरू झोला, स्वेटर र गलैंचा बुनेर जिविकोपार्जन गरिरहेका भेटिए। उनीहरूको संख्या वा परिवारगत विवरण भने प्राप्त भएन।

६ आदिवासी अधिकार

यस जिल्लामा आदिवासी सम्बन्धी समस्या र तत्सम्बन्धी अधिकारको उल्लंघन भएको घटना प्राप्त भएन।

७. बाल अधिकार

विकट क्षेत्र भएको र चेतना समेत न्यून भएकै कारणले पनि यहाँका बालबालिकाहरूको अधिकतम संख्या शिक्षा आर्जनको अवसरबाट बञ्चित रहेका छन्।

अतिरिक्त जानकारी

यस जिल्लामा व्यक्तिगत झै-झगडाका कारण आपसी कुटपिटका घटना र आत्महत्याका घटना भने यो वर्ष उल्लेख्य रूपमा रहेका छन्।

चितवन जिल्ला घर मै भीमसेन प्रावि ठूलो मार्खुमा कार्यरत प्राथमिक शिक्षक ईश्वरीप्रसाद पोख्रेल ०५० बैशाख १५ गते दिउँसो १.३० बजे आफ्नै डेरामा डोरीको पासो लगाइ झुण्डिएर मरेका थिए। आत्महत्याको कारण भने खुल्न सकेन।

धादिङ सेर्तुङ घर मै यस जिल्लाको गत्लाङ-५ अन्तरगत छिरिङ घ्याङको रेखदेख गरी बस्ने ६० वर्षीय युक्रेन तामाङ र उनकी पत्नी मैसाङ तामाङनी दुवै जना ०५० कार्तिक २१ गते घाँटीमा चोयाको डोरीले पासो लगाइ झुण्डिएर मरिरहेको अवस्थामा फेला परेका थिए।

यार्सा-९ बस्ने ग्याम्जो तामाङनी आफ्नै घरको धुरी-खाँवामा डोरीको पासो लगाई मरिरहेको अवस्थामा फेला परेकी थिइन्।

यार्सा-२ बस्ने च्याम्जेन तामाङ उनकी भतिजी पासाङ तमाङ र भतिजा ग्याम्जो तामाङ समेत ३ जनाको ०४९ चैत १२ गते घर भत्किएर घटनास्थलमै मृत्यु भएको थियो।

०५० बैशाख १३ गते लहरेपौवा-८ बस्ने ४८ वर्षीय धर्म लोप्चन र उनको भाइ-बुहारी छिरिङ लामा लोप्चन समेत २ जनाको चट्याङ्गबाट मृत्यु भयो।

गोल्जुङ गाविसका ३० वर्षीय सिंगी तामाङ र ४६ वर्षीय मिङ्गमार तामाङले ०५० पुस ८ गते राती १० बजेतिर सोही गाविसका २० वर्षीय धर्म तामाङको घरको छानामा ढुंगामूढा समेत गरी उनलाई कुटपिट गरेको, धुन्चे गाविसका १८ वर्षीय लेजु घलेले सोही गाविस बस्ने ६२ वर्षीय कामी चोत्रा तामाङलाई कुटपिट गरी घाइते तुल्याएको, ठूलो गाउँ-६ बस्ने २४ वर्षीय प्रतापसिंह लामालाई ०५० जेठ १८ गते राती १० बजेतिर नुवाकोट कार्की मनकामना बस्ने २० वर्षीय रामबहादुर तामाङ र २३ वर्षीय टिकाराम तामाङ समेतले कुटपिट गरी घाइते तुल्याएको, इलाका वन कार्यालय कालिका स्थानका खरिदार सानुप्रसाद घिमिरेलाई ०४९ चैत ८ गते धैबुङ-५ बस्ने २३ वर्षीय झंकनाथ न्यौपानेले कुटपिट गरेको जस्ता घटनाहरू घटेका थिए। ❑

६० वर्षीय युक्रेन तामाङको शव

पश्चिमाञ्चल

३.१ तनहुँ
३.२ गोरखा
३.३ लमजुङ्ग
३.४ स्यांग्जा
३.५ कास्की
३.६ मनाङ्ग
३.७ नवलपरासी
३.८ रूपन्देही
३.९ पाल्पा
३.१० कपिलवस्तु
३.११ अर्घाखाँची
३.१२ गुल्मी
३.१३ वाग्लुङ्ग
३.१४ पर्वत
३.१५ म्याग्दी
३.१६ मुस्ताङ्ग



३. पश्चिमाञ्चल

गण्डकी

३.१ तनहुँ

जनसंख्या : २६८०७३
साक्षरता : ५०.० प्रतिशत
महिला साक्षरता : ३५.८ प्रतिशत
क्षेत्रफल : १५४६ वर्ग कि.मी.

गण्डकी अञ्चलमा रहेको तनहुँ जिल्लाको पूर्वमा गोरखा र चितवन, पश्चिममा स्याङ्जा, दक्षिणमा पाल्पा र उत्तरमा लमजुङ्ग - कास्की जिल्ला पर्दछन्। सयौं पहाड, खोंच-बेसी, नदी-नाला र घना जंगल रहेको तनहुँ जिल्ला प्राकृतिक रूपले रमणीय पनि रहेको छ। केही सचेत र शिक्षित समुदाय पनि रहेको यस जिल्लामा मानवअधिकार हननका जघन्य उदाहरणहरू कमै मात्र भेटिन्छन्। तापनि मानवअधिकारको उल्लंघन गर्ने खालका साना ठूला घटनाहरूबाट भने यो जिल्ला पनि मुक्त छैन।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यो वर्ष यस जिल्लामा गोली चलेको र कसैको हत्या भएको घटना सार्वजनिक जानकारीमा आएन।

१.२ जेल

ब्यास नगरपालिकामा रहेको तनहुँ जेल २०२७ सालमा स्थापना भएको हो। "घ" श्रेणीको यो जेलमा २५ जनासम्म बन्दीहरू राख्न सक्ने क्षमता रहेको छ। राजनीतिक बन्दीहरू हाल यो जेलमा छैनन्। आरोपित बन्दी २० जना र दोष प्रमाणित बन्दी १२ जना रहेको तनहुँ जेलमा १ जना नाबालक बन्दी समेत गरी जम्मा ३३ जना बन्दीहरू रहेका छन्। बन्दीहरूलाई यातना दिने काम भएको पाईंदैन र औषधोपचारको व्यवस्था पनि तुलनात्मक रूपमा राम्रै रहेको बताइन्छ। लुगा-फाटो दिइने व्यवस्था उचित नभएको र चीसो भूईंमा सुत्नु पर्ने तथा पकाउने खाने भाँडाको असुविधा भएको गुनासो बन्दीहरूको रहेको छ।

१.३ गिरफ्तारी र यातना

प्रहरी र प्रशासनबाट शारीरिक यातना दिएका कुराहरू केही सुन्नमा आएका छन्। मान्छेलाई बिनापूर्जी पक्रेर ल्याउने र ६/७ दिनपछि मात्र पूर्जी दिने परम्परा भने प्रशस्तै रहेको पाइन्छ। अभियुक्त ठानेर गिरफ्तार गरिएको व्यक्ति यदि कुनै राजनैतिक पार्टीको रहेनछ र उसका संरक्षकहरू प्रहरीमा आई सम्पर्क राखेका छैनन् भने त्यस्ता व्यक्तिउपर ढिलो मात्र कारबाही गर्ने र पूरा २५ दिनसम्म प्रहरी हिरासतमा राखेको पनि पाइयो।

यो वर्ष तनहुँ जेलमा एउटी अभियुक्त महिलालाई पुरूष प्रहरीद्वारा यातना दिने काम भयो। जिउ बेच्ने अभियोगमा गिरफ्तार गरिएकी ती महिलालाई पछि मुद्दा चलाउन नसकिएपछि छोडिएको थियो।

बन्दीपुर गाविस मा ०४९ माघमा एस.एल.सी. परीक्षा संचालन भईरहेको अवस्थामा गार्ड र परीक्षार्थीहरूको बीच झगडा हुँदा प्रहरी आई विद्यार्थीमाथि बल प्रयोग गरेको थियो। उक्त घटना घटाउन उक्साएको आरोप लगाई बन्दीपुर गाविसका अध्यक्ष रविराज भट्टराईलाई अपमानित रूपले गाली गर्ने र पिट्ने कामहरू भए। उनलाई सार्वजनिक मुद्दा समेत लगाइयो। तर पछि सफाइ दिइयो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

अहिलेको संविधानले प्रत्येक नागरिकलाई आफ्ना विचार अभिव्यक्त गर्ने, मेला हुने र संगठित हुने अधिकार प्रदान गरे पनि यो जिल्लामा त्यो अधिकार निर्वाध रूपले प्रयोग

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	१
बलात्कृत	-	-
आत्महत्या		-

गर्न दिइएको पाइँदैन।

०४९ माघ २५ गते यहाँ नेकपा (एमाले) र संयुक्त जनमोर्चाका कार्यकर्ताले टनकपुर सन्धिको सन्दर्भमा शान्तिपूर्ण विरोध कार्यक्रमको आयोजना गरेका थिए। तर सभा गर्न लागिएको खुलाचौरबाटै विरोध कार्यक्रम आयोजकहरूलाई डि.एस.पी. विजय गुरूङ्गको नेतृत्वमा गएका प्रहरीहरूले बिनापूर्जी गिरफ्तार गरे। गिरफ्तार गरिएकाहरूलाई डी.एस.पी. ले आफ्नो मोटरमा राखी लगेका थिए र उनीहरूलाई भोलिपल्ट मात्र छोडिएको थियो। गिरफ्तार गरिएकाहरूमा नेकपा (एमाले) जिल्ला कमिटीका दधिराज सुवेदी, टुकराज सिग्देल, रविनारायण खनाल, शंकरनारायण खनाल लगायत ३० जना थिए। त्यस्तै दासढुंगा हत्याकाण्डको सम्बन्धमा सर्वसम्मत आयोगको गठनका लागि भएको आन्दोलनका क्रममा दुलेगौंडा, भीमाद, खैरेनीटार आदि ठाउँमा जथाभावी दमन गर्ने र मान्छे गिरफ्तार गर्ने काम भएको थियो। जसअनुसार बिनापूर्जी वीरेन्द्र श्रेष्ठ, अधिवक्ता विश्वबहादुर अधिकारी लगायतका थुप्रैलाई गिरफ्तार गरिएको थियो।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ आ-आफ्नो धर्म मान्नको लागि सबै स्वतन्त्र छन्। तर अछूतहरूलाई खास-खास सार्वजनिक मन्दीरहरूमा प्रवेश गर्न नदिइनुले उनीहरूको धार्मिक स्वतन्त्रतालाई कुण्ठित गर्न खोजिएको देखिन्छ।

२.३ राजनैतिक स्वतन्त्रता

आ-आफ्नो इच्छा अनुसारको राजनीतिक विचारधारा ग्रहण गर्न र त्यसको प्रचार-प्रसारमा लाग्न यहाँ सबै स्वतन्त्र छन्। तर पनि सत्तापक्षबाट भने विपक्षीहरूप्रति वैचारिक मतभिन्नताकै कारण प्रतिशोधपूर्ण कामहरू हुने गरेका छन्। शिक्षक र कर्मचारी वर्गमा यस्तो पूर्वाग्रहपूर्ण र पक्षपातपूर्ण कार्यहरू भएका उदाहरण प्रशस्तै भेटिन्छन्। नेपाल राष्ट्रिय शिक्षक संगठन र नेपाल निजामति कर्मचारी संगठनमा लागेको आरोपमा जागीर खोस्ने धम्की दिने, अपायक ठाउँमा सरूवा गरेर सास्ती दिने र घटुवा गर्ने जस्ता कार्यहरू भएका देखिन्छन्।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतप्रति मानिसहरूको कुनै गुनासो देखिँदैन। तर जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयबाट भने न्यायलाई सुगम र निष्पक्ष बनाउन खोजेको पाइँदैन। जिल्ला प्रशासन र प्रहरी कार्यालयले राजनीतिक रीस-इबिका कारणले सार्वजनिक अपराधका झुठ्ठा मुद्दाहरू दर्ता गरेर दुःख दिएको पाइन्छ।

'छिरिङ्ग स्थित चन्द्रज्योति मा.वि. का विद्यार्थीहरूले विषयगत शिक्षकको माग गरी हड्ताल गरे। तर विद्यालय तोडफोड गरेको र तोडफोड गर्ने काममा विद्यार्थीलाई उक्साएको आरोपमा विद्यार्थी तिलसिङ्ग दमाई, शिक्षक कृष्णप्रसाद आचार्य र गाविस अध्यक्ष रूद्रमोहन अधिकारीलाई झुठा मुद्दा लगाइयो। ०५० असोज १० गते प्रतिव्यक्ति २८ हजार धरौटी राख्ने आदेश प्रजिअबाट भयो। धरौटी राख्न नसकेपछि थुनियो। यस क्रममा पुनरावेदन अदालत पोखराले ०५० कार्तिक २७ गते प्रजिअले धरौटी लिन नपाउने र प्रतिव्यक्ति ५ हजार मात्र धरौटी राखी छुट्न सक्ने आदेश दिएपछि उनीहरूलाई छोडिएको थियो। यहाँको जिल्ला अदालतमा जम्मा ३८९ वटा मुद्दाहरू कारबाहीमा रहेका छन्।

३. भूमिहिन तथा सुकुम्बासी समस्या

यो जिल्लामा भूमिहिन तथा सुकुम्बासी समस्या त्यति चर्को रूपमा देखिएको छैन। सुकुम्बासीहरूको नाममा केही नक्कली व्यक्तिहरूले भीमाद गाउँको वडा नं. १ मा बसोबास गर्ने प्रयास गरेका थिए र त्यस्तै व्यक्तिहरूबाट केही ठाउँमा बनविनाश भएको पनि पाइन्छ।

४. महिला अधिकार

भिर्कोट -५ बस्ने वर्ष २९ की रोहीमाया ठकुरीलाई आफ्नै भाइसँग उठबस गरेको आरोप लगाई उनका पति ज्ञानबहादुरले घरबाट निकाली दिए। देब्रे हर नचल्ने अपाङ्ग रोहीमायाले जिल्ला कार्यालयमा खाने-लाउने व्यवस्था मिलाई पाउँ भनी निवेदन दिइन्। उनका पतिले खान लाउन दिने शर्तमा कागज गरे। तर घरमा आएपछि केही पनि दिएनन्। पीडित रोहीमाया अदालत पुग्न विवश भएकी छिन्।

४.१ महिला किनबेच र बलात्कार

दुलेगौंडा घर भएकी विष्णुमाया आचार्य आफ्नो पतिले असाध्यै हेला गरेका कारण खैरेनीटार स्थित आफ्नो माइतमा आएर बसेकी थिइन्। सोही ठाउँमा बस्ने उनकी नजीकको साथी भीमकला पौडेलले सम्झाई बुझाई अर्को विहे गराइदिने कुरा गरेपछि विष्णुमायाले पनि स्वीकार गरिन्। त्यसपछि उनलाई पोखरा पुऱ्याइयो। विहे र रोजगारी दुवै मिलाउने कुरा गर्दै विष्णुमायालाई भारत पुऱ्याइयो। १० वर्ष पछि विष्णुमाया नेपाल फर्किन सफल भइन्। भीमकला विरूद्ध उनले केटी बेच्ने मुद्दा दायर गरेकी छिन्। यो मुद्दा जिल्ला अदालतमा पूर्पक्षमा रहेको छ।

बरभञ्ज्याङ्ग -७ की ४ वर्षीया एक बालिकालाई खेलिरहेको अवस्थामा सोही गाउँ बस्ने यमबहादुर गुरूङ्गले २०५० भदौ २ गते बलात्कार गर्ने प्रयास गरेको थियो। उक्त कुरा अभियुक्तले अदालत समक्ष स्वीकार समेत गरिसकेको छ। त्यस्तै २०५० भदौ ११ गते खैरेनीटार -४ उदेनढुंगाकी ४ वर्षीया बालिकालाई सोही ठाउँको १७ वर्षीय विष्णुबहादुर बस्नेतले बलात्कार गर्न लागेको तर तत्काल बालिका रोएपछि छोडिदिएको थियो। अभियुक्त विष्णुबहादुरलाई जिल्ला अदालतको आदेश अनुसार २०५० असोज ३० गतेदेखि पूर्पक्षका लागि थुनामा राखेको थियो।

०४९ माघ १५ गते क्यासिन -७ बस्ने बलबहादुर

परियारकी पत्नी फूलमायालाई स्थानीय वीरबहादुरले ललाई-फकाई भारत पुऱ्यायो। त्यो कुरा भारतमै रहेका बलबहादुरले थाहा पाई खोजी गरे। वीरबहादुरले फूलमायाको गहना पैसा पनि सिध्याई उनलाई फेरि नेपाल ल्याइपुऱ्याएर आफू भाग्यो। हाल फूलमाया कहाँ छिन् भन्ने पत्तो छैन।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

देउकी र वदिनी यस जिल्लामा पाइदैन। जारी र बहुविवाह सम्बन्धमा यो जिल्लामा त्यस सम्बन्धी कुनै घटना घटेको कुरा सार्वजनिक जानकारीमा आएको पाइएन।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

तनहुँ जिल्लामा दासत्व सम्बन्धी समस्या उल्लेखनीय रूपमा देखा परेको पाइएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

बन्दीपुर -५ की राधिका परियार र भानु -३ का अच्युतराज आचार्य बीच २०४९ माघ ५ गते कानूनी विवाह सम्पन्न भयो। तर अछूत भनिने जातकी केटीसंग विहे गरेको कारण जनाई अच्युतराजलाई घर, गाउँ र समाजबाट तिरस्कृत गर्ने र गाउँ निकाला गर्ने काम भएको छ।

अरूणोदय -६ बस्ने गेमानसिंह थापाको घरको सम्पत्ति लुट्ने योजना बनाएर स्याङ्जा निवासी खिमबहादुर सुनार र गोपाल सुनार गेमानसिंहको घरमा राती बास बस्न पुगे। उनीहरूले घरमा भएका सबैलाई बिस्कुटमा विष राखेर खान दिए। सबै लठ्ठिए। तर गेमानसिंहकी बुहारी रेसमायाले बिस्कुट कम खाएकी हुँदा उनको भने अलि-अलि होश बाँकी नै थियो। खिमबहादुर र गोपाल सुनारले कानका गहना फुकाल्न थालेपछि रेसमाया कराइन्। उनीहरू भागे। भोलिपल्ट बिरामी सबैलाई उपचारका लागि पोखरा पुऱ्याइयो। खिमबहादुर र गोपाल सुनार केही दिनपछि मात्र गिरफ्तार गरिए। खिमबहादुरको प्रहरी हिरासतमै मृत्यु भयो।

२०५० साउन १५ गते भानुमती गाउँमा भएको नाचगान हेरेर फर्किदा व्यक्तिगत रीस-इबीका कारण मोहनी खत्रीलाई सोही ठाउँ बस्ने डम्मरबहादुर आले र उनकी पत्नी गोफली आलेले छाती र पिठ्युँमा खुकुरी प्रहार गरी हात समेत भाँचिदिए। तुरून्तै मोहनी खत्री प्रहरीकहाँ उजूर गर्न पुगे। तर प्रहरीले उजूरी नलिएपछि उनी अदालत पुगेका छन्।

कुटपिटबाट घाइते मोहनी खत्री

छिरिङ्ग -८ बस्ने वीरबहादुर नेपालीलाई पनि भिमाद गाउँको भ्यागुते टोलमा छाङ् गाउँ निवासी मनबहादुर थापाले ०५० असोज ८ गते छातीमा चुपी हानी मर्मान्त बनाए। तर मनबहादुर उपर कुनै कारबाही भएन।

६. आदिवासी अधिकार

यस सम्बन्धमा कुनै उल्लेखनीय घटना घटेको पाइएन।

७. बालअधिकार

यहाँका अधिकांश बालबालिका पढ्ने र लेख्ने अधिकारबाट बञ्चित छन्। सानैदेखि बालबालिकालाई कठिन कार्यहरूमा लगाइन्छ। छोरा र छोरीमा गरिने भेदभावले पनि बालअधिकारको हनन भएको कुरालाई स्पष्ट पार्छ। ❑



३. पश्चिमाञ्चल

गण्डकी

३.२ गोरखा

जनसंख्या : २५२५२४
साक्षरता : ४३.३ प्रतिशत
महिला साक्षरता : ३०.९ प्रतिशत
क्षेत्रफल : ३६१० वर्ग कि.मी.

ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण मानिएको गोरखा जिल्ला अन्य दृष्टिकोणले भने पछाडि नै रहेको छ। अत्यन्त विकट गाउँ र ठाउँहरू रहेको यो जिल्लामा अन्धविश्वास, रूढीवाद, अशिक्षा, गरीबी, शोषण जस्ता कुराहरू व्यापक रूपमा रहेका छन्। यहाँका जनताको मूल पेशा कृषि नै रहेको छ। मानवअधिकार हननका घटनाहरूलाई हेर्दा यहाँ मानवअधिकारको स्थिति राम्रो नरहेको स्पष्ट हुन्छ। हत्या, कुटपिट, सार्वजनिक अपराध, आत्महत्या आदि घटनाहरू यहाँको मानवअधिकार हननको प्रमाणका रूपमा रहेका छन्।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यो वर्ष यहाँ राजनीतिक दमन वा प्रतिशोधका दृष्टिले गोली चलाउने र हत्या गर्ने जस्ता घटनाहरू घटेको पाइएन। व्यक्तिगत रीस-इबीको कारणबाट गोली चल्ने र हत्या गर्ने घटना भने घटेका देखिन्छन्।

तारानगर,-७ रानीटार बस्ने यानबहादुर प्रजापतिले रू. १ हजार ६ सय नदिएको रीसमा ईश्वरबहादुर कुमाल भन्ने व्यक्तिले निज यानबहादुर माथि खुकुरी प्रहार गरी ०५० साउन १९ गते हत्या गरे। हत्यारालाई पूर्पक्षका लागि थुनामा राखिएको छ।

गाईखुर -९ बस्ने ऋषिराम देवकोटाले ०५० साउन २७ गते राती ९ बजेको समयमा आफ्नै पत्नी शान्ता देवकोटाको टाउकामा ढुंगाले र पेटमा चक्कुले हानी हत्या गरेका छन्। अभियुक्तले साबिती बयान समेत दिइसकेका छन्। आफ्नै पत्नीलाई मार्नुको कारणबारे बयानमा उनले आफ्नो अर्की केटीसंग सम्बन्ध भएको र सो कुरा शान्ताले थाहा पाएकोले हत्या गरेका बताएका छन्।

आरूअर्वाङ -६ निवासी टेकबहादुर गुरूङ्गले ०५० असोज १० गते सुतिरहेकी ५ वर्षीया भान्जीलाई खुकुरी प्रहार गरे। उनलाई पक्राउ गरी थुनियो। तर केही दिन पछि उनले जेलमै आत्महत्या गरे।

०५० मंसीर १४ गते गाँखु -७ निवासी २६ वर्षीया कमला श्रेष्ठलाई जात्राको समय आफ्नै होटेलमा रोटी पकाई रहेको अवस्थामा स्थानीय व्यक्ति प्रेमकुमार श्रेष्ठले गोली हानी हत्या गरे। प्रेमकुमार श्रेष्ठलाई केही व्यक्तिबाट भगाइयो। तर भगाउन सहयोग गर्ने र बन्दुकका धनी गणेशबहादुर भने गिरफ्तार भए।

१.२ जेल

यहाँको जेल जीर्ण अवस्थामा रहेको छ। सानो हुनाका साथै महिला र पुरूषका लागि छुट्टाछुट्टै भवनको व्यवस्था पनि छैन। राजनीतिक बन्दीहरू नरहेको यो जेलमा हाल २३ जना बन्दीहरू जेल जीवन बिताइरहेका छन्। जसमध्ये १ जना महिला पनि छिन्। बन्दीहरूलाई यातना दिइएको पाइँदैन। एक अभियुक्त अकलमान सुनुवारलाई भने दुबै खुट्टामा साङ्ली लगाएर थुनिएको देखिन्छ। एक ४ वर्षीया बालिकालाई तरवारले हानी मारेको अभियोगमा सर्वस्वसहित जन्मकैदमा रहेको निज सुनुवारको मानसिक सन्तुलन ठीक नभएका कारण त्यसरी साङ्ली लगाइएको कुरा जेलर बताउँछन्। हालै त्यहाँ नयाँ जेलको निर्माण पनि भएको देखिन्छ। तर पानीको असुविधाले गर्दा बन्दीहरूलाई नयाँ जेलमा नसारिएको भनाई जेलरको रहेको छ।

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	१	२
बलात्कृत	-	२
प्रहरी यातनाले मृत्यु	१	-
आत्महत्या	-	-

गोरखा जेल

१.३ गिरफ्तारी र यातना

श्रीनाथको -९ निवासी चीनकाजी वानियाँले स्थानीय बुद्धिसिंह बरामु र काजिमान बरामुलाई चोरको आरोप लगाई ०५० असोज ३० गते प्रहरीमा जाहेरी दिए। त्यसै आधारमा प्रहरीले बुद्धि सिंहलाई बिनापूर्जी गिरफ्तार गऱ्यो। ३९ दिनसम्म अनुसन्धानका लागि राखियो। प्रहरी यातनाका कारण उनको औंलाको जोर्नी सुनियो र ढाडमा समेत चोटपटक लागेको छ। सोही चोरीकै आरोपमा गिरफ्तार भएका काजीमान बरामुलाई पनि प्रहरीले यातना दिंदा निजको कानको जाली फुट्न गएको छ। उनीहरू दुवै जनालाई औषधोपचारको व्यवस्था पनि भएन। ०५० मंसीर २० गते अदालतको आदेशमा धरौटी दिन नसकेकोमा उनीहरूलाई थुनामा राखिएको छ। उनीहरूले आफ्नो अपराध स्वीकार गरेका छन्।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

यहाँ जुनसुकै व्यक्ति र राजनीतिक दलले आ-आफ्ना विचार र धारणाहरूलाई शान्तिपूर्ण रूपमा प्रचार-प्रसार गर्न पाएका छन्। यो वर्ष भएका सभा जुलुसहरूमा कुनै हस्तक्षेप भएको पाइएन। यद्यपि विभिन्न क्षेत्रमा सत्तारूढ दलभन्दा फरक विचार राख्ने मान्छेहरूलाई हतोत्साहित गर्ने र दुःख दिने काम भने भइरहेको देखिन्छ। शिक्षा क्षेत्रमा यस्तो काम बढी भएको पाइन्छ। नेपाल राष्ट्रिय शिक्षक संगठनमा लागेका शिक्षकहरूलाई अपायक एवं दुर्गम ठाउँमा सरूवा गर्ने, निष्काशनको धम्की दिने जस्ता घटनाहरू सामान्य भएका छन्। शिक्षक कृष्णमान सिंह बस्नेतलाई संयुक्त जनमोर्चासंग सम्वद्ध भएको आरोपमा १ वर्ष भित्र २ ठाउँमा सरूवा गरिएको छ।

२.२ धार्मिक स्वतन्त्रता

परम्परागत रूपमा मानिदै आएको आ-आफ्नो धर्म मान्न र त्यसको प्रचार प्रसार गर्न यहाँ सबै स्वतन्त्र रहेका छन्। आमरूपमा धार्मिक कलह नपाइएपनि गोरखनाथ दरबारको काली मन्दीरमा अछूतहरूलाई प्रवेश निषेध गरिएबाट धार्मिक स्वतन्त्रतामा बाधा पुऱ्याएको देखिन्छ।

२.३ राजनैतिक स्वतन्त्रता

आफ्नो इच्छा अनुसारको राजनीतिक विचारधारालाई ग्रहण गर्न, त्यसको प्रचार-प्रसार गर्न, पार्टीमा लाग्न र माताधिकारको प्रयोग गर्न यहाँका जनता स्वतन्त्र छन्। यद्यपि आफ्नो राजनीतिक विचारको प्रभाव भएको ठाउँमा अर्को विचारको मान्छेलाई हतोत्साहित गराउन खोज्ने, अपमानित गर्न खोज्ने र धम्की समेत दिने प्रवृत्ति राजनीतिक पार्टीहरूमा रहेको पाइन्छ।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

जनतामा व्याप्त अज्ञानता, गरीबी एवं पछौटेपनका कारण सुगम र निष्पक्ष न्यायको अधिकार जनताले प्राप्त गर्न सकेका छैनन्। अदालतले न्यायकै पक्षमा मात्र निर्णय गर्छ भन्ने विश्वास पनि जनतामा पर्न सकेको छैन। त्यसकारण पनि यहाँ अत्यन्त थोरै पीडितहरू मात्र अदालत धाउने गर्छन्।

यस वर्ष गोरखाको जिल्ला अदालतमा देवानी तर्फ १०१ र फौजदारी तर्फ ९३ वटा मुद्दा दर्ता भए। यसमा २ वटा

राजनैतिक, ६ वटा हत्या, ३ वटा सार्वजनिक अपराध र बलात्कार तर्फ २ वटा मुद्दाहरू परेका छन्।

३. भूमिहिन तथा सुकुम्बासी समस्या

यो जिल्लामा भूमिहिन तथा सुकुम्बासी समस्या देखा परेको छैन।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

यो वर्ष यस जिल्लामा महिला किनबेचका घटनाहरू जानकारीमा आएन। त्यस्तै बलात्कारका घटनाहरू पनि प्रकाशमा आएको भेटिएन।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

गोरखा जिल्ला स्थित गोरखकाली रवर उद्योगमा कार्यरत श्याम गौतमले घरमा जेठी पत्नी गोमा गौतम छँदा छँदै २०४९ माघ २३ गते अर्को विवाह गरी सीता गौतमलाई घरमा ल्याए। जेठी पत्नीले उजूरी गरेपछि मुद्दा छिनोफानो पनि भैसकेको छ। तर श्याम गौतमलाई अदालतको निर्णय अनुसार थुन्ने र जरीवाना गर्ने कारबाही भने भएको छैन।

यहाँ जारी, देउकी र वदिनी बारे उल्लेख्य घटना घटेको पाइएन।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

अत्यन्त गरीब र बिपन्न समुदायका मानिसहरू अरूको काम गरेर ज्यालाकै भरमा जीवन धान्ने गर्दछन्। त्यस्ताको संख्या धेरै नै छ। तर दासदासीकै रूपमा रहनेहरू भेटिदैनन्। दासत्व विरूद्ध कुनै घटना घटेको पनि यहाँ पाइएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

यहाँका लामा जातिहरूमा मौलिक अधिकार तथा व्यक्तिगत स्वतन्त्रतामा हानी पुऱ्याउने एउटा परम्परागत प्रचलन रहेको छ। उक्त चलन अनुसार लामाहरूले माइलो छोरा र माइली छोरीलाई गुम्बाका लामाकहाँ लगेर बुझाउनु पर्छ र बुझाउने गरेका पनि छन्। यसको प्रत्यक्ष उदाहरण छेकम्पार गाविसमा रहेका राजन गुम्वा र मुगु गुम्वामा देख्न सकिन्छ।

६. आदिवासी अधिकार

आदिवासी भएकै कारणबाट यो वर्ष यस जिल्लामा कुनै घटना घटेको पाइएन।

७. बालअधिकार

विद्यालय जाने र पढ्ने-लेख्ने अधिकारबाट यहाँका अधिकांश बालबालिकाहरू बञ्चित छन्। कतिपय दुर्गम ठाउँहरूमा विद्यालय नहुनाका कारणले बालबालिकाहरूले शिक्षा आर्जनको अवशर पाएका छैनन् भने कतिपय ठाउँमा आफ्ना केटाकेटीलाई पढाउनु पर्छ भन्ने भावना बाबु-आमामा नरहेको देखिन्छ। त्यस बाहेक बालबालिकालाई सानैदेखि खेतबारीको काममा लगाउने र छोरा र छोरीमा भेदभाव गर्ने जस्ता कुराहरूले उनीहरूको अधिकार हनन गरेको स्पष्ट हुन्छ।

अतिरिक्त जानकारी

विद्युत् प्राधिकरणको सह-ओभरसियर बनेर देउराली गाविसमा विजुली बत्ती ल्याइदिन्छु भन्दै प्रतिघर रू. १५ उठाएर ठग्दै हिडेको अवस्थामा ०५० कार्तिक २६ गते गोपीराज भण्डारी भन्ने व्यक्ति गिरफ्तार गरिए र मुद्दा चलिरहेको छ।

अंश सम्बन्धी झगडाका कारण ०५० कार्तिक २७ गते राती ७ बजे नामजुङ -८ का जगन्नाथ पाण्डे समेत ५ जनाको खेतमा गएर एकदेव पाण्डे सहित करीव तीनसय जनाको समूहले ३२ मुरी धान र १०० भारी पराल लिएर हिडेको र त्यस सम्बन्धमा मुद्दा पनि चलिरहेको छ। ❑



३. पश्चिमाञ्चल

गण्डकी

३.३ लमजुङ्ग

जनसंख्या :	१५३६९७
साक्षरता :	४६.८ प्रतिशत
महिला साक्षरता :	३३.८ प्रतिशत
क्षेत्रफल :	१६९२ वर्ग कि.मी.

लमजुङ्ग जिल्ला हिमालको काखमा रहेको एउटा पहाडी जिल्ला हो। आर्थिक रूपबाट पिछडिएको यो जिल्ला सामाजिक, सांस्कृतिक र राजनीतिक चेतनाका दृष्टिले पनि सचेत हुन सकेको पाईदैन। विभिन्न जनजातिहरूको बसोबास रहेको यो जिल्लामा बहुसंख्यक जनता गरीबी र अशिक्षाले गर्दा वर्षौंदेखि ठगिँदै पनि आएका छन्। यहाँका राजनीतिक नेताहरूमा प्रजातान्त्रिक संस्कारको अभाव देखिन्छ र प्रहरी प्रशासनमा पुरानै पंचायती संस्कार विद्यमान रहेको भेटिन्छ।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यस जिल्लामा यो वर्ष प्रशासनिक बल प्रयोग गरी कसैको हत्या भएको तथा गोली चलेको घटना देखा परेन। बाभाखेत -६ बस्ने २६ वर्षीया पिङ्गे भन्ने बोधकाशी घलेले ०५० असोज ३० गते आफ्नो नवजात छोराको घाँटी थिचेर हत्या गरेकी थिइन्।

१.२ जेल

लमजुङ्ग जेलमा थुनुवा १४ र कैदी ५ गरी जम्मा १९ जना बन्दी रहेको पाइयो। जसमध्ये १ जना महिला पनि छिन्। जेलको अवस्था त्यति धेरै खराब नदेखिए पनि जेलमा रहेकाहरूको अवस्था भने दयनीय देखापर्छ। खाट-खटियाको व्यवस्था नभएका कारण सिमेण्टको चीसोले गर्दा केही थुनुवा तथा कैदीहरू रोगग्रस्त देखिन्छन्। बिरामी परेकाहरूलाई उपचार गर्ने र औषधि उपलब्ध गराउने व्यवस्था हुने गरेको छ। हालसम्म निजी काम (कपडा, नाम्लो आदि बुन्ने) को अवसर प्राप्त भएकोमा ऐनमा उल्लेख नभएका कारण बन्द गरिने जानकारी जेलरले गराएको कुराले जेलमा रहेकाहरू खिन्न देखिएका छन्। शौचालयको राम्रो व्यवस्था नभएको, पत्रपत्रिका उपलब्ध नगराइएको र चिठ्ठीपत्रहरूमा नियन्त्रण गर्ने गरेकोमा कैदी र थुनुवाहरूको गुनासो छ। आफ्नो तर्फबाट वकील राख्न नदिएको कुरा त्यहाँका एक थुनुवा रामप्रसाद पोखरेल बताउँछन्। जेल भवन जिल्ला सदरमुकाम बेसीशहरमा २०३८ सालमा निर्माण भएको हो। २५ जनासम्म थुन्न सकिने यो जेल "घ" श्रेणीको हो।

१.३ गिरफ्तारी र यातना

सिमपानी -३ बस्ने शिक्षक तेजबहादुर भण्डारी शिक्षक संगठनका सदस्य हुन्। वैचारिक पूर्वाग्रहका कारण उनलाई तर्साउने र दुःख दिने उद्देश्यले ०४९ चैत १५ गते बिनापूर्जी गिरफ्तार गरेर भोलिपल्ट छोडियो। फेरि चैत २६ गते पनि बिनापूर्जी गिरफ्तार गरेर २७ गते छोडियो।

०५० असार १६ गते लमजुङ्ग जिल्ला चिती -५ कार्कीडाँडा बस्ने भेषबहादुर सिलवाललाई पक्राउ गरी प्रहरी कार्यालयमा लैजाँदा बाटोमा बुटले निर्घात रूपमा पिटिएको र हिरासतमा पुर्‍याएर पनि निर्मम रूपले यातना दिने काम भयो। विवाह गरेर एक ठाउँमा दिइएकी बहिनीलाई उदिपुग निवासी चोपबहादुर बुढाथोकीले पैसा खाई अन्यत्र पोइल लगाई दिएको र उल्टै मलाई दोष लगाएको भन्ने दावी भेषबहादुरको रहेको छ। यी दुवैको भगडामा प्रहरीले भेषबहादुरलाई गिरफ्तार गरेर प्रहरी थानातिर लैजाँदै गर्दा बाटोमा चोपबहादुरसंग भेट भयो। भेषबहादुर र चोपबहादुर दुवैमा भनाभन हुन थाल्यो। त्यत्तिकैमा प्रहरीले बुट सहितको खुट्टाले संवेदनशील अंगमा हिर्काएपछि भेषबहादुर बेहोस भएर लडे र प्रहरीहरू त्यहाँबाट हिंडे। भेषबहादुरकी पत्नी तथा हराएकी भनिएकी बहिनी र

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	३
बलात्कृत	१	-
आत्महत्या	-	-

ज्वाईं पनि त्यहाँ आइपुगे। एकघण्टा पछि मेषबहादुरको होश खुल्यो र उनी बिस्तारै अर्को बस्तीतिर लागे। त्यहाँ उही प्रहरीसंग भेट भयो। प्रहरीले उपचारका लागि अस्पताल पठाइ दिन्छु भनेर बेंशीसहर पुऱ्याए र त्यहाँ प्रहरी कार्यालयमा लगेर फेरि पनि निर्मम यातनाका साथ पिट्ने काम भयो।

बाबुको मृत्यु पश्चात बाबुको नाममा दर्ता भएको बन्दुक छोरा पतिराम तामाङ्गको नाममा नामसारी गर्न निवेदन दिएपछि जिल्ला प्रशासन कार्यालयले प्रहरीलाई स्थलगत सर्जमीनको लागि पठायो। ०५० भदौ १२ गते बन्सार गई सर्जमीन गरी पतिराम तामाङ्गलाई ४।५ दिन पछि बेंसीशहर आउनु भनी प्रहरीहरू फर्केर आए। पतिराम २९ गते मात्र बेंसीशहर आइपुगे। उनलाई बिनापूर्जी हिरासतमा राखियो। अश्लील गाली गर्दै गाला र कन्पारामा पिट्ने, लट्ठीले हातमा पिट्ने, मेसका जुठा भाँडाहरू माझ्न लगाउने र दिउँसो बारीमा बाँझो खन्न लगाउने जस्ता यातनाहरू दिइयो। अर्को अवैध बन्दुक र तीर भन्ने हतियार पनि राखेको आरोप लगाई प्रहरीले पतिराम तामाङलाई यातना दिएकोमा २ दिनपछि उनी नीलडाम र घाउ जँचाउन अस्पताल जाँदा प्रहरी कार्यालयबाट केस-फारम ल्याउनु पर्छ भन्ने कुरा गरियो र कानूनी उपचारका लागि अघि बढ्न पनि उनी सकेनन्।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

शिक्षकहरूलाई राजनीतिक पूर्वाग्रहका आधारमा अपायक र दुर्गम ठाउँमा सरूवा गर्ने र योग्य अस्थायी शिक्षकलाई स्थायी गराउन लिइएको जाँचमा राजनीतिक मतभिन्नताकै आधारमा फेल गराउने घटनाहरू यहाँ हुने गरेका छन्।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ विविध धर्मालम्वीहरू छन् र उनीहरू आ-आफ्नो धार्मिक आस्थालाई जोगाउन र हुर्काउन पनि स्वतन्त्र रहेका छन्। धार्मिक खालका झगडा र वादविवादबाट कुनै घटना घटेको पाइँदैन।

२.३ राजनैतिक स्वतन्त्रता

राजनीतिक रूपले आफ्नो मत जाहेर गर्न जनता स्वतन्त्र रहेका देखिन्छन्। यद्यपि एउटा विचारको प्रभाव भएको ठाउँमा अर्को विचारको मान्छेलाई सकेसम्म दबाउन खोज्ने प्रवृति भने पाइन्छ।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

अशिक्षा गरीबी र पछौटेपनका कारण यहाँका अधिकांश जनता सुगम र निष्पक्ष न्यायिक अधिकारबाट बञ्चित रहेको स्पष्ट हुन्छ।

यो वर्ष यहाँको जिल्ला अदालतमा २८ वटा अंश मुद्दा, २२ वटा दुनियाँवादी फौज्दारी मुद्दा, २३ वटा बहुविवाह सम्बन्धी मुद्दा, ६ वटा हत्या सम्बन्धी मुद्दा र १७ वटा लागू औषध र सवारी ज्यान सम्बन्धी मुद्दा दर्ता भएका थिए।

०३९ फागुन २७ को ज्यान मुद्दामा सर्वोच्च अदालतको फैसलाले बुद्धिबहादुर सिलवाल, पूर्ण गिरी, पार्वती गिरी र बाल कृष्ण गिरीलाई २० वर्ष कैद गर्ने फैसला भएकोमा सो मध्ये बुद्धि बहादुर सिलवाल मात्र ०४९ फागुन ७ गते छुटेकोमा बाँकी बन्दीहरूले गुनासो गरेको पाइयो।

३. भूमिहिन तथा सुकुम्बासी समस्या

२०४८ सालको जनगणना अनुसार जिल्लामा ३० हजार ८ घर संख्या र ३० हजार ७ सय ५ वटा परिवार संख्या भएको पाइन्छ। यसमध्यका ६ सय ९७ परिवारका लागि घर छैन। उनीहरू अर्काको घर, कोठा वा धन्सारमा बसेर जीवन निर्वाह गरिरहेका छन्। यसमा प्रायः जसो सुकुम्बासीहरू नै पर्दछन्। बहुदलीय व्यवस्थाको स्थापना भएपछि सुन्दरबजारमा सार्वजनिक जग्गा ओगटी झुप्राहरू बनाएर बसेका देखिन्छन्। त्यसैगरी दुराडाँडामा पनि केही सुकुम्बासी परिवारले सार्वजनिक जग्गामा झुप्राहरू बनाएर बस्ने प्रयास गरेका थिए, तर सफल भएनन्। उनीहरूको गाँस, बास, कपासको समाधानका सम्बन्धमा कतैबाट कुनै कदम चालिएको पाइँदैन।

४. महिला अधिकार

सिम्पानी -४ सेग्ले बस्ने गोपाल बगालेकी पत्नी वर्ष २६ की मधुमाया बगाले ०५० भदौ २५ गते सुत्केरी भएकी थिइन्। तर सुत्केरी हुनासाथ अर्कैको गर्भ बोकेर बच्चा जन्माएको आरोप लगाउँदै उनलाई घरबाट निकाला गरियो। गर्भ बोकेर १० महिनासम्म घरै बस्दा कुनै कुरा नउठाउने तर सुत्केरी भएपछि भने अन्य आरोप लगाएर घर निकाला गर्ने कार्यको विरूद्ध मधुमायाले न्यायका लागि अदालतसम्म पुग्नु परेको छ।

४.१ महिला किनबेच र बलात्कार

यो वर्ष लमजुङ्गमा महिला किनबेचका घटनाहरू घटेका पाइएनन्। बलात्कारका घटना भने ठाउँ-ठाउँमा घटेका थिए। तर दबाबकै भरमा त्यस्ता घटनालाई सकेसम्म गुपचुप गर्ने गरेको पाइयो।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

जारी र बहुविवाहको प्रथा यहाँ रहेको पाइन्छ। जेठी पत्नीसंगको रीसले क्षणिक आवेशमा आई अर्को विहे गर्ने चलन यहाँ धेरै रहेको छ भने सम्पत्तिको लोभमा बहुविवाह गर्ने मानसिकता पनि रहेको पाइन्छ।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

दासत्वको समस्या उल्लेखनीय रूपमा पाइएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

वर्षौंदेखि जिल्लामा चल्दै आएको शोषण-उत्पीडन घट्दो अवस्थामा नरहेर बढ्दो अवस्थामा नै रहेको छ। वेश्यावृत्ति र दाइजो प्रथा जस्ता कुराहरू बढ्दै गएका छन्। हलिया प्रथा पनि यहाँ व्यापक छ। उचित पारिश्रमिक र सामाजिक सम्मानको अभाव छ।

गुरूङ्ग समुदायभित्र ४ जातेहरूको अगाडि १६ जातेहरूको जुन स्थिति छ, त्यसलाई दासताकै अवशेषको रूपमा लिन सकिन्छ। यस बाहेक यहाँ छुवाछूत, धनी गरीब र सानो ठूलोको भेदभाव भने आम रूपमै कायम छ। कानूनी ज्ञानको अभावमा सबैले आफ्नो अधिकार समान ढंगले उपभोग गर्न सकेको देखिँदैन। छुवाछूतको प्रथाले गर्दा अछूत मानिने जातिहरू व्यापार गरेर पैसा कमाउने अवसरबाट बञ्चित रहेका छन्।

६ आदिवासी अधिकार

यहाँको जनसंख्याको बहुसंख्या आदिवासीहरूकै रहेको पाइन्छ। त्यस मध्येमा पनि पिछडिएका आदिवासीहरूमा सार्की, दमै, कामी कुमाल र दुरा जातिका समुदायहरू रहेका छन्। सार्की समुदाय अर्काको हली बनेर काम गर्ने र मजुरी लिएर जीवन धान्ने गर्दछन्। कूल जनसंख्याको ४.३४ प्रतिशतमा रहेको यो समुदाय खासगरी बाहुन क्षेत्रीहरूकहाँ काम गर्ने गर्छन्। त्यस्तै कूल जनसंख्याको ३.०५ प्रतिशतमा रहेको दमाई समुदाय कपडा सिलाउने र बाजा बजाउने कामबाट आफ्नो जीवन धान्न बिवश छ। ६.५४ प्रतिशतमा रहेको कामी समुदायको पेशा भाँडाकुँडा बनाउने र कृषिको काम गर्नु रहेको छ। त्यहाँको कूल जनसंख्याको ०.७० प्रतिशतमा रहेको कुमाल समुदाय र १.८२ प्रतिशतमा रहेको दुरा समुदायको पनि जीवन धान्ने काम भनेको मूल रूपमा अरूको खेती-पातीको काम गरेर मजुरी लिनु मै सीमित रहेको देखिन्छ। आदिवासीको रूपमा देखिएका र पिछडिएको अवस्थामा रहेका अछूत भनिने जातिहरूप्रति माथिल्लो जातका समुदायबाट थिचोमिचो गर्ने गरेको र हेय दृष्टिले उपेक्षा गर्ने गरेको पाइन्छ।

७. बालअधिकार

अधिकांश परिवारमा बालबालिकालाई पढ्नमा भन्दा काममा बढी लदाउने चलन छ। त्यसैगरी छोरा र छोरीको भेदभावले गर्दा छोरालाई पढ्न पठाउने र छोरीलाई काममा जोताउने चलन पनि प्रशस्तै भेटिन्छ।

अतिरिक्त जानकारी

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा लमजुङ्गको कार्यालयमा कार्यालय सहायकको पदपूर्तिका लागि ०५० जेठ महीनामा विज्ञापन प्रकाशित गरिएको थियो। त्यसका लागि आषाढमा परीक्षा लिने र साउनमा अन्तर्वार्ता लिने काम समेत भैसकेको थियो। तर वैचारिक मतभिन्नताका कारण योग्य मान्छेलाई पास नगराएर अयोग्य मान्छेलाई पास गराउनु पर्ने राजनीतिक दबावले गर्दा हालसम्म नतीजा प्रकाशित हुन सकेको छैन।

भलायखर्क -४ बस्ने वर्ष २८ को ज्ञानेन्द्रप्रसाद घिमिरेले ०५० भदौ २८ गते झुण्डिएर आत्महत्या गरेका थिए। त्यस्तै ढोडेनी -७ बस्ने वर्ष २३ को आशबहादुर गुरूङ्गको ०५० मंसीर २८ गते ना.अ.ख. १४२६ नम्बरको बसले किची मृत्यु भएको थियो भने खुदी -१ निवासी ३७ वर्षीय श्यामलाल श्रेष्ठको ०५० मंसीर २९ गते घेर्मु गाउँको लिलीभीरमा काठको मुढाले थिची मृत्यु भएको थियो। ❑

३. पश्चिमाञ्चल

गण्डकी

३.४ स्यांग्जा

जनसंख्या : २९३५२६
साक्षरता : ५१.१ प्रतिशत
महिला साक्षरता : ३८.२ प्रतिशत
क्षेत्रफल : ११६४ वर्ग कि.मी.

पहाडी क्षेत्रमा रहेको स्याङ्जा जिल्ला भौगोलिक रूपले त्यति धेरै दुर्गम नमानिए पनि अन्य दृष्टिकोणबाट हेर्दा पछाडि नै रहेको अनुभव हुन्छ। यो जिल्लाको पूर्वमा तनहुँ, पश्चिम र दक्षिणमा पाल्पा र उत्तरमा पर्वत जिल्ला पर्दछन्। यहाँको मूल पेशा कृषि नै रहेको छ। राजनीतिक प्रतिशोधको भावना, सामाजिक विवाद र झैझगडा, सर्वसाधारण जनताले वास्तविक न्याय पाउनुबाट बञ्चित हुनु पर्ने अवस्था आदिले गर्दा यहाँ मानवअधिकारको हनन भएको पाइन्छ।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यो वर्ष स्याङ्जा जिल्लामा गोली चलेको र मान्छेको हत्या भएको घटना कतै पनि सुनिएन।

१.२ जेल

स्याङ्जा जिल्लामा रहेको जेलको निर्माण २०३७ सालमा भएको हो। जम्मा क्षेत्रफल १०-३-०-१ रोपनीमा निर्माण भएको यो जेल "ग" श्रेणीमा रहेको छ। जेलमा रहने प्रहरीहरूले मादक पदार्थ सेवन गर्ने गरेको गुनासो पाइन्छ। त्यही लापर्वाहीका कारण ०५० भदौ २ गते बलबहादुर जिसी र डीलबहादुर सेन जेलबाट भाग्न सफल भएका थिए।

यहाँको जेलमा ३५ जनासम्म बन्दीहरू राख्न सकिने क्षमता भएकोमा हाल ४४ जना बन्दी राखिएका छन्। त्यसमध्ये ११ जना आरोपित बन्दी र ३३ जना दोष प्रमाणित बन्दी रहेका छन्। बन्दीहरूले पानी खाने सुविधासम्म पनि नपाएको गुनासो रहेको छ। त्यस बाहेक उपचारको र औषधि उपलब्ध गराउने व्यवस्था पनि नभएको पाइन्छ। १, २ जना जेल तोडेर भाग्ने बन्दीको दोष देखाएर अरूलाई प्रतिशत अनुसार माफी नदिइएको गुनासो पनि बन्दीहरूमा रहेको छ। दाम्लो, डोको, टोपी आदि बुन्ने काम गरेर २।४ रूपियाँ कमाउने व्यवस्था भैरहेकोमा हाल २ जना बन्दी भागे पश्चात त्यस्तो काम गर्न दिइएको छैन। रामबहादुर तिवारीलाई झूठो अभियोग लगाएर थुनिएको छ भने महमद मियाँ र चुडामणि काफ्ले क्रमशः रू. १ हजार ५ सय र रू. ७ सय धरौटी दिन नसके बापत बन्दी भै बस्नु परेको कुरा व्यक्त गर्छन्। कतिपयले कानूनी उपचारको अभावमा बढी समय जेलमा बस्नु परेको पनि देखिन्छ।

घटनाको प्रकृति	घटना संख्या १९९२	घटना संख्या १९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	१	-
बलात्कृत	-	-
आत्महत्या	-	-

१.३ गिरफ्तारी र यातना

०५० असार २० गते सात वाम समूहद्वारा आयोजित नेपाल बन्द कार्यक्रमका दिन अपरान्ह वालिङ बजारमा जुलुस निस्किएको अवस्थामा गाविस अध्यक्ष र उपाध्यक्षको नेतृत्वमा केहीले पछाडिबाट जुलुसमाथि ढुंगा प्रहार गरे। जुलुस र ढुंगा हान्ने बीच झडप हुँदा गाविस अध्यक्ष र उपाध्यक्ष सामान्य घाइते भए। पछि जुलुसका सहभागी अधिकांशलाई सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलाइयो भने गाविस अध्यक्षको उजूरीमा २० जनालाई गिरफ्तार गरिएको थियो। त्यही घटनाको निहुँमा कार्यालय जान लागेका ओभरसियर पुरन थकाली र जुद्धबहादुर गुरूङलाई बिनापूर्जी गिरफ्तार गरी दुईदिन सम्म जेलमा राखियो। आषाढ २० गतेको वाम समूहद्वारा आयोजित नेपाल बन्द कार्यक्रमका सन्दर्भमा बिनाकारण सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलाइएकाहरूमा नेकपा (एमाले) क्षेत्रीय संघर्ष समितिका संयोजक मनकाजी श्रेष्ठ लगायत १८ जना रहेका छन्।

४ वाम समूहले आश्विन ५ गते गरेको नेपाल बन्द

कार्यक्रमका दिन स्याङ्जा बजारमा पसलहरू बन्द गराउन लागेका व्यक्तिहरू मध्ये बिनापूर्जी २८ जनालाई प्रहरीले गिरफ्तार गर्‍यो र दिउँसो भरी प्रहरी कार्यालयमा राखेर साँझ छोडिएको थियो। त्यस्तै कृष्णबहादुर के.सी. भन्ने व्यक्ति जीउ मास्ने बेच्ने अपराध अन्तर्गत मुद्दा हालिएकोमा सावित हुन नसकी पाल्पा जेलबाट छुटेपछि उनलाई तँ दमौली जेल विद्रोह गरेर भाग्ने रामबहादुर तिवारी होस् भनी बिनापूर्जी ०५० बैशाख ११ गते गिरफ्तार गरियो। उनलाई ०५० बैशाख २२ मा मात्र पक्राउ-पूर्जी दिइएको थियो।

घोषित आन्दोलनको कार्यक्रम अनुसार जिल्ला कार्यालय घेराउ गर्न गएका चार वाम समूहका कार्यकर्ता मध्ये बिनापूर्जी ९ जनालाई प्रहरीले गिरफ्तार गर्‍यो। गिरफ्तारीमा परेकालाई साँझ छाडिएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

सेती दोभान -३ बस्ने दुर्गा पनेरूको घरमा राती सुतिरहेको अवस्थामा सोही गाउँ बस्ने कृष्ण गुरूङ्ग र केशे क्षेत्री भन्ने व्यक्ति रक्सीले चुर भएर ०५० असोज ५ गते राती घरको ढोका फोडेर भित्र पसे। उनीहरूको हातमा छुरी र चुपी पनि थियो। त्यो देखेर दुर्गा पनेरू घरको पछाडिबाट भागेर पुलीस बोलाउन गइन्। प्रहरी आउँदा उनीहरू भागेर अर्को घरमा लुकेको पाएपछि प्रहरी त्यतै लागे। उल्टो प्रहरी हवल्दार रूद्रप्रसादलाई घाइते बनाई उनीहरू भागे। भोलिपल्ट दुर्गाले प्रहरी चौकीमा निवेदन दिइन्। सबैलाई प्रहरी चौकीमा भेला गराइयो। कृष्ण गुरूङ्ग र केशे क्षेत्रीका मान्छेहरूले उल्टै हामी सत्तासीन पार्टीका मान्छे हौं भनेर प्रहरीलाई समेत धम्काए। त्यहाँ पनि दुर्गा पनेरू र उनी पक्षका मान्छेहरूलाई कुटपिट गरेर कृष्ण गुरूङ्ग पक्षका मान्छेहरू भागे। राजनीतिक शक्ति र दबावका भरमै घटना टुंगियो।

०५० असोज २४ गते विद्यालयबाट फर्किरहेका ओरस्टे-९ का इन्द्रबहादुर थापा, टीकाबहादुर थापा र गुमबहादुर थापामाथि सत्तापक्षका व्यक्तिहरूद्वारा कुटपिट भयो। वैचारिक मतभेदका कारण त्यसरी कुटिएको थियो। कुटाइ खाने गुमबहादुर अहिलेसम्म हराई रहेका छन्। र उनका बाबुले छोराको खोजी गरी पाउँ भनी प्रहरी कार्यालयमा उजूरी दिएका छन्। यो घटनामा कुट्ने पक्षले उल्टो कुटिने पक्षलाई सार्वजनिक मुद्दा हालेको पनि थाह भएको छ।

२.२ धार्मिक स्वतन्त्रता

धार्मिक विवाद र झै-झगडाका घटनाहरू घटेको पाइएन।

२.३ राजनैतिक स्वतन्त्रता

सत्तासीन पक्षबाट आफूभन्दा फरक विचार राख्ने मान्छेलाई हेप्ने, बदनाम गराउन खोज्ने, दबाउने, राजनीतिक मतभेदका कारण शैक्षिक क्षेत्रमा पक्षपातपूर्ण व्यवहार गर्ने गरेका घटनाहरू पाइन्छन्।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

अदालतमा धेरै मुद्दाहरू जाँदैनन्। अदालतमा सजिलै न्याय पाइन्छ भन्ने कुरामा विश्वास कम हुँदै गएको पाइन्छ। साथै न्याय जस्तो कुरा पनि महँगो बन्दै गएको जनधारणा बढ्दै गएको छ। यो वर्ष स्याङ्जा जिल्ला अदालतमा दुनियावादी र सरकारवादी गरी जम्मा २३५ वटा मुद्दाहरू दर्ता भएको देखिन्छ।

०५० कार्तिक २३ गते सांसद तथा भू.पू. मन्त्री गोपालमान श्रेष्ठले अदालत र न्यायाधीशको अपमान गरी सुगम र निष्पक्ष न्यायिक अधिकारलाई कुण्ठित बनाउने कुरा बोलेको आरोप स्थानीय जनताको रहेको छ।

०३६ को तनहुँ विद्रोहको आरोपमा राजनैतिक बन्दी रामबहादुर तिवारीलाई ०५६ भदौ १७ सम्मका लागि भनी ०५० बैशाख १० गतेदेखि थुनामा राखिएको छ। हातहतियार खरखजाना मुद्दामा ०३४ साउन २४ गते देखि तनहुँ जेलमा रहेकोमा ०३६ साउन १७ गते जेल विद्रोहको नेतृत्व गरी उनी फरार भएका थिए। ६ वर्ष ३ महिना २५ दिन कूल कैद तोकिएकोमा सो हिसाबले अहिले कैद वापत तोकिएको अवधी (०५६ भदौ १७) बढी हुन गएको भनी जानिफकारहरू बताउँछन्।

३. भूमिहिन तथा सुकुम्बासी समस्या

यो जिल्लामा भूमिहिन तथा सुकुम्बासीहरूको संख्या त्यतिधेरै नदेखिएका कारण समस्या विकराल रूपमा उब्जिएको पाईदैन। विहान दिउँसो अरूको घरमा काम गरेर जीवन गुजारा गर्ने भूमिहिन तथा सुकुम्बासीहरु शहर र केही गाउँहरूमा रहेका देखिन्छन्।

४. महिला अधिकार

लोग्नेहरूले राती-राती जाँड खाएर आफ्ना पत्नीहरूलाई जथाभावी गाली गर्दै पिट्ने चलन यहाँ पाइयो।

४.१ महिला किनबेच र बलात्कार

यो वर्ष यस जिल्लामा महिलाहरूको किनबेच र बलात्कार सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यहाँ जारी प्रथा प्रचुर रूपमा रहेको पाइन्छ। त्यस्तै वहुविवाह गर्ने चलन पनि बढिरहेको देखिन्छ।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यस जिल्लामा दासत्व प्रथाको समस्या उल्लेखनीय रूपमा देखिदैन।

स्यांग्जा जेलको बाहिरी दृश्य

५.२ अन्य अमानवीय व्यवहारहरू

पुतली बजार-९ बस्ने कमला भट्टराईले बोक्सी भनी भन्ने आधारमा स्थानीय केशौ राइटरकी पत्नीले कमलाई बोलाई ०५० असोज २५ गते कोठामा लगेर उनको योनीमा घुँडाले हान्ने जस्ता व्यवहार गरिन्।

दारसिंह दहथुम-३ बस्ने खलिल मियाँले केहीवर्ष अघि दोश्रो विवाह गरेपछि जेठी पत्नीले मुद्दा हालिन्। खान लाउन दिने गरी मिलापत्र भयो। तर ०५० बैशाख १३ मा खान लाउन माग गर्दा खलिल मियाँले खान लाउन नदिई मार्ने समेत धम्की दिने र अमानवीय व्यवहार गर्ने काम गऱ्यो। उनलाई बासउठ्ठा गराउने काम समेत भएको छ।

पेलाकोट गाविस उदियाचौरका झण्डै ५० घर दलित किसानहरूले उत्पादन गरेको दुध कथित "अछूत" जाति भनेर भगवति दुध उत्पादक संस्थाले खरीद गरेन। सम्बन्धित पक्षसंग समान रूपमा दुध बिक्री गर्न पाउँ भनेर उनीहरूले शान्तिपूर्ण आग्रह गरे। त्यसप्रति स्थानीय प्रशासनले बेवास्ता गर्ने र उल्टै दलितहरूमाथि दमनपूर्ण व्यवहार गर्ने काम गर्नाले मानवअधिकारको घोर उल्लंघन हुन पुगेको देखिन्छ।

६. आदिवासी अधिकार

यस सन्दर्भमा यो जिल्लामा कुनै उल्लेखनीय जानकारी फेपरेन।

७. बालअधिकार

विद्यालय गएर पढ्ने लेख्ने अधिकारबाट यहाँका अधिकांश बालबालिका बञ्चित रहेका छन्। पढ्ने लेख्ने भन्दा पनि उनीहरूलाई विहानदेखि बेलुकासम्म काममा लगाइने गरेको छ।

फेदीखोला-१ बस्ने लक्ष्मण कार्कीले केही वर्ष अघि जेठी पत्नी हुँदाहुँदै अर्को विवाह गरे। जेठी पत्नी र उनी तर्फका १२ वर्ष मुनिका ४ वटी छोरीहरू समेतलाई राम्रोसंग पाल्ने मिलापत्र उनीहरू बीच भएको थियो। तर अहिले उनले छोरीहरूलाई घरबाट निकाला गरेका छन्। ती ४ वटी बालिकाहरू यतिबेला अलपत्र परेर बसेका छन्।

अतिरिक्त जानकारी

यो वर्ष यस जिल्लामा व्यक्तिगत रीस-इबीमा २ जनको हत्या भएको पाइन्छ। त्यस बाहेक काममा लगाइदिन्छु, जागीर दिलाई दिन्छु, कुनै समस्या छ भने त्यो पनि समाधान गरिदिन्छु भनेर ठग्ने प्रचलन आम रूपमा रहेको छ। रक्सी खाने र तास खेल्ने चलन व्यापक भएका कारण सामाजिक विकृतिहरू तीव्र रूपमा बढेको देखिन्छ। ❑

३. पश्चिमाञ्चल

गण्डकी

३.५ कास्की

जनसंख्या : २९२९४५
साक्षरता : ५६.८ प्रतिशत
महिला साक्षरता : ४४.२ प्रतिशत
क्षेत्रफल : २०१७ वर्ग कि.मी.

गण्डकी अञ्चलको कास्की जिल्ला प्राकृतिक दृष्टिले नेपालको अत्यन्तै सुन्दर र रमणीय जिल्लाको रूपमा चिनिन्छ। विदेशीहरूका लागि समेत त्यति अपरिचित नरहेको कास्की जिल्ला पर्यटन उद्योगका दृष्टिले पनि अग्रस्थानमै रहेको छ। प्राकृतिक सौन्दर्यका दृष्टिले यो जिल्ला जति धनी छ, मानवअधिकार हननका दृष्टिले पनि त्यत्तिकै चर्चामा आएको पाइन्छ।

१ सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यो वर्ष यस जिल्लामा गोली चलेको घटना देखिएको छैन भने गोलीबाटै राजनीतिक हत्या भएको पनि पाइँदैन। यद्यपि हत्याका घटनाहरू भने घटेका छन्।

भदौरे तमागी-५ चैनपुर बस्ने दिलबहादुर विकको घरमा व्यक्तिगत रीस-इबीका कारण ०५० मंसीर १८ गते विहान ९ बजे केही हुल्याहा व्यक्तिले घरको पछाडिबाट आगो लगाई दिनाले उनकी पत्नी हीरामती विकको जलेर मृत्यु भएको छ भने घर पुरै डढ्नुका साथै थुप्रै घनमाल पनि नष्ट भएको छ। पीडित दिलबहादुरले मंसीर २० गते आगलागी जाहेरी, २८ गते किटानी जाहेरी र ३० गते पत्नीको मृत्यु सम्बन्धी जाहेरी प्रहरीमा गरेकोमा प्रहरीले पुस ९ गते मात्र दर्ता गऱ्यो। घटनाको छानवीनमा प्रहरी कार्यवाही उत्साहजनक नरहेका कारण दिलबहादुर बिचल्लीको अवस्थामा रहेका छन्।

माझथाना-१ निवासी शान्तीदेवी तिवारीले आफ्नो नवजात शिशुको हत्या गरिन्। स्थानीय सूर्यप्रसाद लामिछानेसंग शारीरिक सम्बन्ध कायम गर्दा गर्भ रहेकाले उनले नवजात शिशुलाई मारेको बताएकी छिन्। उनलाई प्रहरीले पक्राउ गरेको छ। पर्वत निवासी ५३ वर्षीय ओमबहादुर क्षेत्रीको पोखरा पेन्सन क्याम्प नजिक हत्या भयो। तत्काल हत्याराहरू फरार रहे भने अहिलेसम्म पनि पक्राउ परेका छैनन्।

१.२ जेल

यहाँको जेलको अवस्था राम्रो छैन। करीव १९ रोपनी क्षेत्रफलमा रहेको यो जेलको ६० जनासम्म बन्दीहरू राख्ने क्षमता रहेको छ। तर क्षमताभन्दा बढी १३३ जना बन्दीहरू राखिएका छन्। तोकिएको सुविधा बन्दीहरूले पाउन सकेका छैनन्। बजेट अपर्याप्त भएको कारण तोकिएको सुविधा दिन नसकेको कुरा जेलका कर्मचारीहरू बताउँछन्। जेल प्रशासकहरूले बन्दीहरूप्रति हेय दृष्टिकोण राखेको पाइन्छ।

१.३ गिरफ्तारी र यातना

यहाँ गिरफ्तारीका घटनाहरू भई नै रहन्छन् र विविध प्रकारले यातना दिने काम पनि हुने गरेको छ।

०४९ चैत ५ गते इन्द्रप्रसाद भट्टराई, लगायत ९ जनालाई बिनापूर्जी गिरफ्तार गरी सार्वजनिक मुद्दा लगाइएको छ। तिनै ९ जना मध्येका इन्द्रप्रसाद भट्टराई, शिवप्रसाद सुवेदी, दुर्गाप्रसाद सुवेदी, टीकाराम त्रिपाठी र वेदहरि सुवेदीलाई ०४९ चैत ९ गते अर्को सार्वजनिक अपराध मुद्दा लगाई फसाइएको छ। एकै व्यक्तिलाई ४ दिनको फरकमा २ वटा सार्वजनिक अपराध मुद्दा लगाइनुले उनीहरूलाई जवर्जस्ती फसाउने नियत राखिएको बुझिन्छ।

सातवटा वामपन्थी पार्टीहरूद्वारा संचालित शान्तिपूर्ण कार्यक्रममा यहाँ व्यापक रूपमा बिनापूर्जी गिरफ्तारी गर्ने काम भएको थियो। ०५० साउन ४ र ५ गतेको चक्काजाम कार्यक्रमको दिन होटलमा चिया पिएर बसिरहेका मान्छेहरू समेत गिरफ्तार गरिएका थिए। यस क्रममा सांसद तुलबहादुर गुरूङ, प्राध्यापक देवेन्द्र अधिकारी, भवानी पाण्डे लगायत १५० व्यक्तिहरू गिरफ्तार गरिएका थिए।

घटनाको प्रकृति	घटना संख्या १९९२	घटना संख्या १९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	१	-
बलात्कृत	-	५
आत्महत्या	-	२५

यही आन्दोलनका क्रममा पोखरा नगरपालिका-२ बस्ने रामराज रेग्मीको घरमै गएर घर खानतलासी गर्ने र गिरफ्तार गर्ने प्रयत्न गरेका थिए। तर रामराज रेग्मी घरमा नभएकाले कोठा खानतलासी गरेपछि डेरामा बसेका बद्री शर्मा, इन्द्रबहादुर थापा, नवराज केसी लगायतका व्यक्तिलाई कोठाबाटै गिरफ्तार गरियो।

चार वामपन्थी दलहरूको आयोजनामा ०५० असोज ५ गते भएको नेपाल बन्द कार्यक्रमको सन्दर्भमा बस तोडफोड गरेको आरोप लगाई संयुक्त जनमोर्चाका कार्यकर्ताहरू ईश्वर पौडेल, कोमल भुजेल, गोकर्ण पण्डित र दिलीप कुमार श्रेष्ठलाई बिनापूर्जी पक्राउ गरियो। उनीहरूलाई सार्वजनिक मुद्दा पनि चलाइएको छ। त्यस्तै नेपाली कांग्रेसका कार्यकर्ता निर्मल भट्टराईको जाहेरीका आधारमा महेन्द्रपुलमा घुमिरहेको अवस्थामा असोज १५ गते हेमकुमार श्रेष्ठ सहित ३ जनालाई मोटरसाइकलमा ढुंगा हानेको आरोपमा बिनापूर्जी गिरफ्तार गरी मुद्दा लागाइएको छ।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

विपक्षी दलहरूले संचालन गरेका आन्दोलनको समर्थन गरेकै आधारमा मात्र पनि मानिसहरू गिरफ्तार गरिएको घटनालाई हेर्दा यहाँ अभिव्यक्ति स्वतन्त्रता तथा मेला र संगठित हुने जस्ता मौलिक अधिकारको समेत हनन भएको देखिन्छ।

यहाँका शिक्षक तथा कर्मचारीहरूको मौलिक अधिकारको हनन हुने गरी उनीहरूलाई दुःख दिने गरेको पनि पाइन्छ।

२.२ धार्मिक स्वतन्त्रता

आ-आफ्नो धर्म मान्न यहाँ सबै स्वतन्त्र छन्। यो वर्ष धार्मिक विवाद सम्बन्धी कुनै घटना घटेको पाइएन।

२.३ राजनैतिक स्वतन्त्रता

कसैको राजनीतिक विचारधारालाई नै कुण्ठित बनाउने उद्देश्यले प्रत्यक्षतः कुनै प्रतिशोधात्मक कारबाही भएको नपाइए पनि विपक्षी राजनीतिक पार्टीहरूको शान्तिपूर्ण विरोध कार्यक्रमहरूमा धरपकड गर्ने परिपाटीलाई हेर्दा यहाँ राजनैतिक स्वतन्त्रताको अधिकार पूर्ण रूपमा प्रस्फुटित हुन पाएको देखिदैन। त्यस्तै सत्तासीन पक्षबाट विपक्षी दलका कार्यकर्ताहरूलाई धम्की दिने, झुठा मुद्दामा अल्झाउने र विभिन्न झुठा प्रलोभनहरू दिएर राजनीतिक विचार परिवर्तन गर्न बाध्य तुल्याउने घटना पनि घटेका पाइन्छन्।

साउन ४ र ५ गतेको चक्काजाम कार्यक्रमका दिन पोखरा नगरपालिकाका मेयर, उपमेयर र प्रहरी समेत बाटोका अवरोधहरू हटाउँदै चक्काजामलाई असफल बनाउने प्रयासमा लागेका वेला पृथ्वीनारायण क्याम्पस भित्रबाट ढुंगा प्रहार भयो। त्यसबाट उहाँहरू चढ्नु भएको जीपको शीशा फुट्यो भने उपमेयरलाई सामान्य चोट लाग्यो।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

अज्ञानता र गरीबीका कारण यहाँ कतिपय व्यक्तिहरू कानूनी उपचारबाट वञ्चित हुनु परेको छ भने कतिपय झुठा आरोप समेत स्वीकार गर्न बाध्य भएका छन्।

कुष्ठरोग नियन्त्रण कार्यालय हरियोखर्कबाट ५ हजार रूपियाँ चोरी गरेको आरोपमा दिलिप गुरूङ्ग २०४८ साउनदेखि नै थुनामा रहेका छन्। उनलाई कुष्ठरोग लागेकोले जेलमा पनि सबैले घृणा गर्ने गरेका छन्।

०४६ सालको जनआन्दोलनमा सकृय रहेका निर्मलपोखरी-१ का केशवप्रसाद आचार्य, भरतपोखरी-८ का धनराज आचार्य र हेमप्रसाद आचार्यका विरूद्ध तत्कालीन प्रधानपञ्च अग्निप्रसाद पौड्यालले फसाउने नियतवस जनआन्दोलनकै अवधि अर्थात ०४६ चैत ७ गते जिल्ला प्रहरी कार्यालयमा ज्यान मार्ने उद्योग भनी जाहेरी दरखास्त दिएका थिए। उक्त मुद्दाको हदम्याद समेत नाघिसकेपछि ०४९ असार २ गते जाहेरी दरखास्तमा मिति सच्याई ०४७ बैशाख १७ गते बनाएर अदालतमा पेश गर्ने काम गरियो। र अदालतले पक्राउपूर्जी जारी गरेको छ। मिति सच्याइएको जाहेरी दरखास्तको फोटोकपी वर्ष पुस्तक समितिमा सुरक्षित छ।

स्थानीय निर्वाचनमा भरतपोखरी गाविसको सरस्वती मा.वि.मा मतदाता नामावली प्रकाशनलाई लिएर भएको झगडामा ०४९ बैशाख २८ गते आवेसमा आएर ढुङ्गा हान्दा कन्चटमा लागेर एमालेका तुलराज आचार्यको मृत्यु भएको थियो। यसबारे प्रहरीमा जाहेरी परेपछि भोजराज आचार्य र ढाकाराम आचार्यले ढुङ्गा प्रहार गरेको भनी साविती बयान दिएका थिए। उक्त घटनाका अन्य अभियुक्तहरू बसन्त श्रेष्ठ, धनबहादुर गुरूङ्ग, राजु गुरूङ्ग र मोहन थापा भने फरार रहेका थिए। ढाकाराम र भोजराजले धरौटी तारेखमा रही पुर्पक्ष गर्न पाउँ भनी निवेदन दिएकोमा पुनरावेदन अदालतले जिल्ला अदालतको फैसला बमोजिम थुनामा राखेर कारवाही गर्ने भनी फैसला गरेको थियो। तर ०५० बैशाख ३ गते मन्त्री परिषदले उक्त मुद्दा फिर्ता लिने निर्णय गरेर कार्यान्वयनका लागि जिल्ला सरकारी वकिलको कार्यालयमा पठायो। मन्त्री परिषदको यो निर्णय विरूद्ध अधिवक्ता बाबुराम पौड्यालले सरकारी मुद्दा सम्बन्धी ऐन ०४९ को दफा २९ तथा संविधानको धारा ८४ र ८९ अनुसार अदालतको न्यायिक अधिकारमाथि कार्यपालिकाको हस्तक्षेप भयो भनी ०५० साउनमा रिट निवेदन दिनु भएकोमा अदालतको आदेशानुसार श्री ५ को सरकार र मन्त्री परिषदले जवाफ पेश गरिसकेका छन्। उक्त मुद्दा अहिले विचाराधिन अवस्थामा छ।

जिल्ला प्रहरी कार्यालयमा यस वर्ष कूल २४७ प्रकारका घटनाहरू कारबाहीका लागि दर्ज गरिए। जिल्ला अदालतमा परेका मुद्दा १४१ मध्ये प्रहरी अभियोगबाट ५४ वटा परे। ती मध्ये बलात्कारको १, ज्यू मास्ने बेच्ने १, कर्तव्य ज्यान ५, लागु औषध ८ र सवारी ज्यानका ८ वटा मुद्दाहरू छन्।

३. भूमिहिन तथा सुकुम्बासी समस्या

यस जिल्लामा भूमिहिन तथा सुकुम्बासीहरू पनि रहेको पाइन्छ। तर उनीहरूका समस्याहरू त्यति जटिल रूपमा प्रकट भएको भने पाइँदैन।

४. महिला अधिकार

पोखरा-१६ लामाचौर बस्ने वर्ष २६ की तुलसीदेवी पाण्डेको महिला प्रहरीको रूपमा कार्यरत भएको अवस्थामा स्याङ्जा बासकटा निवासी प्रहरी जवान गणेश विकसंग अन्तरजातीय विवाह भएको थियो। उनीहरूबाट एक छोरा र एक छोरी पनि जन्मिए। उनीहरू बीच कटुता बढ्न थाल्यो। पति पत्नी छुट्टाछुट्टै बस्न थाले। यही क्रममा उनीहरूकी छोरी बिरामी परिन्। तुलसीदेवीले छोरीलाई अस्पताल पुऱ्याइन्। तर छोरीको झाडापखालाबाट मृत्यु भयो। यता गणेश विकले छोरी मारेको आरोप तुलसीदेवीलाई लगाए। ०५० मंसीर ३ गते जिल्ला अदालतबाट पुर्पक्षका लागि तुलसीदेवीलाई थुनामा राखियो। त्यसका विरुद्ध तुलसीदेवीले पुनरावेदन अदालतमा अपिल गरेपछि ०५० पुस १८ गते तारिखमा छाडिएको छ। हाल उनी प्रहरी सेवाबाट निलम्बनको अवस्थामा रहेकी छिन्। आफूलाई जवर्जस्ती झुठो मुद्दामा फसाइएको गुनासो तुलसीदेवीको रहेको छ।

४.१ महिला किनबेच र बलात्कार

यहाँ महिला किनबेच र बलात्कारका घटना घट्ने गरेका छन्। तर यस्ता घटनामा पर्ने पीडित पक्षले सकेसम्म घटनाबारे बोल्न नचाहेको पनि पाइयो। पोखरा निवासी २८ वर्षीया मधुमालती बस्नेतलाई ०५० असार २४ गते चाउचाउमा लठ्याउने चीज हाली बेहोश बनाएर बम्बैको कोठीमा पुऱ्याइयो। मधुमालतीलाई यसरी झुक्याएर बम्बै पुऱ्याउनेमा लामाचौर-१ बस्ने ज्ञानुमाया के.सी. र हरीमाया थापा (बर्मेल्नी) थिए। विभिन्न मान्छेको सहयोगबाट मधुमालती ५ महिनापछि पोखरा फर्किन सफल भइन् र अहिले उनी अदालतमा पुगेकी छिन्। अभियुक्त मध्ये हरिमाया बर्मेल्नी फरार रहेकी छिन् भने ज्ञानुमायालाई गिरफ्तार गरिएको छ। ज्ञानुमायालाई अर्को १६ वर्षीया सानु नामकी केटी बेचेको आरोप पनि छ। त्यस्तै बाटुलेचौरकी कान्छी नामकी १६ वर्षीया केटीलाई पनि कोठीमा बिक्री गरिएको बताइन्छ।

यहाँ बलात्कारका घटनाहरू धेरै नै घट्ने गरेका छन्। त्यसमा पनि बलात्कारमा पर्ने बालिकाहरूको संख्या बढी रहेको पाइन्छ। ०४९ माघ १५ गते दिन पोखरा-१ सीमपानीकी माया, धादिङ्ग निवासी कान्छा लामाबाट बलात्कृत हुन पुगिन् भने पोखरा-१२ बस्ने विष्णुमायालाई ०५० बैशाख २४ गते स्थानीय अमरबहादुर नेपालीले बलात्कार गरेको थियो। त्यसैगरी ०५० जेठ १२ गते पोखरा-११ की बिनालाई पोखरा-९ बस्ने ओम गुरुङ भन्ने व्यक्तिले बलात्कार गऱ्यो। हालसम्म अभियुक्त गुरुङ्ग फरार रहेको छ।

०५० भदौ २८ गते भारतको काश्मीर निवासी जान अहमद भन्ने व्यक्तिले पोखरा-६ बस्ने वर्ष २ की बालिकालाई बलात्कार गर्ने प्रयास गरेको थियो। ०५० असोज ६ गते बहादुर गुरुङले एक बालिकालाई बलात्कार गर्ने प्रयास गरेको थियो। त्यस बाहेक अन्य दुई जना बालिकाहरू यहाँ बलात्कारमा परेका थिए।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यस जिल्लामा जारी, देउकी र वदिनी प्रथा त्यति चर्को रूपमा देखा परेको पाइएन। तर वहुविवाह भने बढ्दो अवस्थामा रहेको पाइन्छ। ०४९ माघ २० गते हंसपुर निवासी वामदेव खनालले शान्ती खनाललाई दोश्री पत्नीको रूपमा विवाह गरेका छन् भने पोखरा निवासी चीजकाजी गुरुङ्गले २०४९ फागुन २१ गते स्थानीय आशामाया गुरुङलाई कान्छी पत्नीको रूपमा घर भित्राएका छन्। त्यसैगरी पोखरा-९ निवासी भागीरथी भण्डारीलाई स्थानीय महेन्द्र भण्डारीले ०५० असार २७ गते दोश्री पत्नीको रूपमा र ठगप्रसाद शेरचनले ०५० साउन १४ गते यमकुमारी शेरचनलाई कान्छी पत्नीको रूपमा विवाह गरेर घर भित्राएका छन्।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरुद्धको अधिकार

दासत्वको समस्या यो जिल्लामा फेला परेन।

५.२ अन्य अमानवीय व्यवहारहरू

यहाँ माथिल्लो जातका मानिसहरूले तल्लो जातका भनिने अछूतहरूलाई अपमानित गर्ने र हेप्ने गरेको पाइन्छ। अछूतहरूले एउटै धारामा पानी लिन नपाउने र मन्दीरहरूमा पस्न नपाउने जस्ता प्रचलन माथिल्ला जातकाले चलाएको पाइन्छ।

५.३ शरणार्थी समस्या

यहाँ तिब्बती शरणार्थीहरूको संख्या प्रशस्त रहेको छ। उनीहरूले आफ्नो छुट्टै क्याम्पहरू खडा गरेका छन्।

६. आदिवासी अधिकार

कास्की जिल्लामा आदिवासी सम्बन्धी समस्या प्रकट भएको पाइएन।

७. बालअधिकार

पढ्न र लेख्न पाउने अधिकारबाट बञ्चित यहाँका बहुसंख्यक बालबालिकाहरूलाई सानैदेखि श्रममा लगाइएको पाइन्छ। होटलहरूमा बाल श्रमको शोषण चर्कै रूपमा रहेको देख्न सकिन्छ।

अतिरिक्त जानकारी

खड्कबहादुर गुरुङ नामका ७० वर्षीय एक बृद्धले पृथ्वीचोक निरबाट सेती नदीमा हाम फाली आत्महत्या गरेका छन्।

यो वर्ष विष खाएर ५ जना, भुण्डिएर १३ जना, खोला वा तालमा डुबेर ६ जनाले आत्महत्या गरेका छन्।

भरतपोखरी-१ बस्ने टोलबहादुर थापा गाउँमा जाँड बेच्न र खान बन्द गर्ने गाउँलेहरूको निर्णयलाई नमानेका कारण ०४७ बैशाख १८ देखि सामाजिक बहिष्कारमा परेका छन्। उनलाई गाउँलेहरूले कुनै सहयोग र सुविधा नदिने र उनीकहाँ कोही गयो भने जाने व्यक्तिलाई ५० रूपियाँ जरिवाना गर्ने गरिएको छ। यो घटना राजनीतिसंग सम्बन्धित रहेको कुरा पनि बताइन्छ।

लवाङ घलेल गाउँमा बाबुछोराको झगडा छुट्याउन पुगेका स्थानीय आइतबहादुर तामाङ्गको छुरीले लागी उपचार गराउँदा गराउँदै मृत्यु भएको थियो। ❑



३. पश्चिमाञ्चल

गण्डकी

३.६ मनाङ्ग

जनसंख्या : ५३६३
साक्षरता : ४२.९ प्रतिशत
महिला साक्षरता : २९.९ प्रतिशत
क्षेत्रफल : २२४६ वर्ग कि.मी.

गण्डकी अञ्चलको विकट एवं दुर्गम क्षेत्रमा रहेको मनाङ्ग जिल्ला हिमालयको काखमा अवस्थित छ। यो जिल्लालाई हिमालपारिको जिल्ला पनि भन्ने गरिन्छ। फापर र स्याउ नै यहाँको प्रमुख खेती रहेको छ। यो जिल्ला अधिराज्यको सबभन्दा कम जनसंख्या भएको जिल्लाको रूपमा पनि चिनिन्छ। झण्डै ४७ प्रतिशतभन्दा बढी मानिसहरू साक्षर रहेको मानिएको यो जिल्लामा मानवअधिकार हननका घटनाहरू पनि कमै मात्रामा मात्र चर्चामा आउने गरेका छन्।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यो वर्ष मनाङ्ग जिल्लामा गोली चलाउने र हत्या गर्ने जस्ता घट्नाहरू घटेनन्।

१.२ जेल

मनाङ्ग जिल्लामा जेलका लागि छुट्टै भवन छैन। वि.सं २०३८ देखि भाडामा लिएको घरलाई जेलको रूपमा प्रयोग गरिएको छ। एकजना पनि बन्दी नभएको जेल भवन कच्ची भएको कारण असुरक्षित पनि छ। त्यसैले अदालतले थुनामा राख्नु पर्ने फैसला गरेपछि थुनामा राख्नु पर्ने व्यक्तिलाई लमजुङ्ग जिल्लाको सदरमुकाम बेंसीशहरमा लगिन्छ। यदि पुर्पक्षको निम्ति थुनामा राख्नु पर्ने भयो भने प्रहरी हिरासतमा नै राख्ने गरिएको छ। जेल भवन निर्माणका लागि ९ रोपनी ३ आना जग्गा खरीद गरिएको देखिन्छ। तर भवन बन्ने सुरसार भने भएको पाइँदैन।

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	-
बलात्कृत	-	१
आत्महत्या	-	-

१.३ गिरफ्तारी र यातना

राजनीतिक कारणले यहाँ गिरफ्तारी र यातनाका घटनाहरू घटेका पाइँदैनन्।

०५० कार्तिक ३० गते राती गाउँमा देउसी खेलेर हिँडिरहेको एउटा समूहमा प्रहरी जवान गंगा गिरी लगायत ३ जना व्यक्ति रक्सीले मातेर आइ लट्ठी ठटाउँदै ठेलमेल गर्न लागे। रामबहादुर गुरूङ्ग भन्ने व्यक्तिको खुट्टामा कुल्चिने र जिस्क्याउने काम पनि गंगा गिरीले गरे। त्यहाँ बसिरहयो भने झगडा हुन्छ भनेर देउसी खेल्ने समूह त्यहाँबाट हिंड्यो। तर प्रहरी जवान गंगा गिरी तथानाम बोल्दै उनीहरूको पछिपछि गए र रामबहादुर गुरूङ्गमाथि ४ पटक खुकुरी प्रहार गरे। पीडित रामबहादुरलाई उपचारका लागि काठमाण्डौ ल्याइयो भने प्रहरी जवान गंगा गिरीलाई आवश्यक कारबाहीका लागि हिरासतमा लिइएको छ।

त्यसैगरी यो वर्ष चोरी मुद्दामा मंगलबहादुर घलेलाई गिरफ्तार गरिएको थियो भने बलात्कारको घटनामा डिमा लामा गिरफ्तारीमा परेका थिए। उनीहरू कसैलाई पनि यातना दिइएको पाइएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

अभिव्यक्ति स्वतन्त्रता, र भेला हुने र संगठित हुने जस्ता जनताका मौलिक अधिकारमा प्रशासनबाट प्रत्यक्षत: बाधा पुर्याइएका घटनाहरू जानकारीमा आएका छैनन्।

२.२ धार्मिक स्वतन्त्रता

मनाङ्ग जिल्लामा धार्मिक सहिष्णुता रहेको पाइन्छ।

२.३ राजनैतिक स्वतन्त्रता

यहाँ सबै विचारधाराका मानिस आ-आफ्नो विचार र धारणा अनुरूप क्रियाशिल रहन राजनीतिक रूपले स्वतन्त्र रहेको पाइन्छ।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा व्याप्त गरीबी र अशिक्षाका कारण सुगम र निष्पक्ष न्यायिक अधिकारबाट अधिकांश जनता बञ्चित रहने गरेका छन्। त्यसमाथि लामो समयदेखि अदालतमा न्यायाधीश नभएको र विचारीलाई निमित्त न्यायाधीश बनाएर कतिपय मुद्दाहरू फैसला गर्ने गरेका कारण धेरैलाई चित्त नबुझेको चर्चा पनि यहाँ रहेको छ।

जिल्ला अदालतमा यो वर्ष १५ वटा मुद्दा दर्ता भएका छन्।

३. भूमिहिन तथा सुकुम्बासी समस्या

मनाङ जिल्लामा यो वर्ष भूमिहिन तथा सुकुम्बासी समस्या चर्को रूपमा देखा परेको पाइँदैन।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

०५० मंसीर ३ गतेका दिन ताप्चे बगरछाप-९ स्थित केटी भन्ने जंगलमा गाई खोज्न गएकी २३ वर्षीया खण्डु छिरिङ लामा, गाई नभेटेपछि घर फर्कदै थिइन्। बाटोमा चामे-५ बस्ने १९ वर्षीय डिमा लामाले उनलाई जबर्जस्ती बलात्कार गऱ्यो। त्यसपछि खण्डु छिरिङ्ग रूँदै घरमा पुगेर भएको घटना बताएपछि प्रहरीमा उजूरी गरिन्। अभियुक्त डिमा लामा पक्राउमा पऱ्यो। उसमाथि आवस्यक कारबाही भइरहेछ।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

मनाङ जिल्लामा यस सम्बन्धी कुनै पनि घटना घटेको र सार्वजनिक जानकारीमा आएको पाइएन।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यस जिल्लामा दास-दासी राख्ने प्रथा रहेको पाइँदैन।

५.२ अन्य अमानवीय व्यवहारहरू

अमानवीय व्यवहार गरेर कसैले कसैलाई दुःख दिएको घटना जानकारीमा आएन।

६. आदिवासी अधिकार

आदिवासी सम्बन्धी कुनै घटना यो वर्ष घटेको सार्वजनिक जानकारीमा आएन।

७. बालअधिकार

यहाँका बहुसंख्यक बालबालिका पढ्न र लेख्न पाउने अधिकारबाट बञ्चित छन्। कतिपय ठाउँमा विद्यालयको अभावका कारण पढ्न नपाएको पाइन्छ भने कतिपय ठाउँमा विद्यालय भएर पनि आफ्ना अभिभावकहरूले उनीहरूलाई पढ्न नपठाएको देखिन्छ।

अतिरिक्त जानकारी

०५० असार २६ गते राती १२ बजेको समयमा नार-१ बस्ने पेम्बा साङ्के लामाले स्थानीय शान्तजंग गुरूङ्ग, डल्ले गुरूङ्ग, सोमबहादुर नेपाली र चन्द्रबहादुर नेपालीलाई कुटपिट गरेर घाइते बनाएको थियो भने ०५० साउन २९ गते धवारू गाविसका लाक्पा ढिण्डु लामा लगायतकाले व्यक्तिगत रीस-इबीमा स्थानीय तप्के गुरूङ्गलाई ढुंगाले हिर्काइ घाइते बनाएका थिए। यस्ता घटना त्यहाँ धेरै घट्ने गरेका पाइन्छन्। ❑



३. पश्चिमाञ्चल

लुम्बिनी

३.७ नवलपरासी

जनसंख्या : ४३६२१७
साक्षरता : ३९.० प्रतिशत
महिला साक्षरता : २५.० प्रतिशत
क्षेत्रफल : २१६२ वर्ग कि.मी.

नवलपरासी जिल्ला भारतीय भूमिसंग जोडिएर रहेको तराई क्षेत्रमा अवस्थित जिल्ला हो। यो जिल्ला त्यति धेरै ठूलो नभए पनि उद्योग, कृषि र सांस्कृतिक दृष्टिले विशिष्ट पहिचान बोकेर रहेको छ। तर मानवअधिकारको हननका दृष्टिले भने नवलपरासी जिल्ला पनि अग्रपंक्तिमै आउने गरेको कुरा तथ्यहरूले पुष्टी गर्छन्।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यहाँ राजनीतिक आन्दोलनका सन्दर्भमा प्रहरीको गोलीबाट हत्या गरिएका घटनाहरू घटेका छन् भने अन्य कारणबाट पनि थुप्रै हत्याहरू भएका छन्।

सातवटा वामपन्थी पार्टीहरूले संचालन गरेको आन्दोलनको सिलसिलामा चक्काजाम कार्यक्रमको दिन ०५० साउन ४ गते पिठौली-४ अन्तर्गत बुढौलीकुवा का नेकपा (एमाले) गाउँ सक्रिय दलका सदस्य ३२ वर्षीय वीरबहादुर परियारलाई प्रहरीले डण्डाबजार नजिक गोली हानी हत्या गऱ्यो। प्रजिअ विजयराज भट्टराईको नेतृत्वमा गएको प्रहरी जत्थाले शान्तिपूर्ण रूपमा भेला भएर बसिरहेका व्यक्तिहरूमाथि अकारण र बिना चेतावनी गोली चलाएको थियो। सोही दिनको आन्दोलन कार्यक्रमका सिलसिलामा अवरोध हटाउने निहुँमा प्रहरीहरूबाट सयौं राउण्ड गोली चलाइयो। उक्त गोलीकाण्डबाट नेकपा (मसाल) संग सम्बद्ध अर्गौली-९ पिपरेनी बस्ने १७ वर्षीय यमबहादुर कार्कीको पनि हत्या गरियो। सो गोलीकाण्डबाट दलबहादुर पुलामी, भीमराज अर्याल लगायत ३० जनाभन्दा बढी घाइते भए भने ६० जनालाई गिरफ्तार गरियो। गिरफ्तार गरिएका दुर्गा भण्डारी लगायतकालाई निर्मम रूपले यातना समेत दिइयो। सोही दिन प्रहरीहरूले गाउँमा पसेर तोडफोड गर्ने, लुटपाट मच्चाउने र जनतालाई अतंकित बनाउने काम गरेका थिए।

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	५	४
बलात्कृत	-	१
आत्महत्या	-	-

भारतीय सीमाना नजिक रहेको महेशपुर बजारबाट ०५० भदौ ५ गते आफ्नो घरतर्फ गइरहेको अवस्थामा अज्ञात व्यक्तिले गोली हानी रमपुरवा-१ महेशपुर बस्ने वर्ष ४२ का व्यापारी तथा नेपाली कांग्रेस जिल्ला समितिका सदस्य सुवासचन्द्र जयसवालको हत्या गरेको छ। हत्यारा अहिलेसम्म पत्ता लाग्न नसकेको कुरा प्रहरीहरू बताउँछन्।

०५० असोज ९ गते विजयादशमीको दिन केही निर्दोष व्यक्तिलाई प्रहरीले पक्रिएपछि गाउँलेहरू गोपीगंजको सेमरी थानामा गई प्रहरी ज्यादती विरूद्ध कराउन थाले। जनता र प्रहरी बीच चर्कै झगडा पर्न थालेपछि प्रहरीले ४ राउण्ड गोली चलायो। तर घाइते भने कोही पनि भएन।

महेशपुरको लुक्पुस्वा गाउँमा एउटी महिलाको लाश भेटिएको थियो। उनको जीउ र अनुहार एसिडले क्षतविक्षत पारेको थियो। एसिड खन्याएर उनको हत्या गरिएको तर हत्यारा पत्ता लाग्न सकेको छैन।

शिवमन्दीर -७ निवासी ६५ वर्षीय नुमकान्त अधिकारीलाई आफ्नै नाति योगप्रसाद अधिकारीले छुरी प्रहार गरी ०५० भदौ ६ गते हत्या गरेको छ। त्यही घटनामा अभियुक्तको हजुरआमा सीतादेवी अधिकारी सख्त घाइते बनाइएकी थिइन्। योगप्रसादलाई तत्काल गिरफ्तार गरिएको थियो।

अमराउत-२ निवासी ध्रुवनारायण चौधरीले ०५० भदौ १५ गते आफ्नै पत्नी सोनीदेवी चौधरीलाई सुतिरहेको अवस्थामा हत्या गरेको छ। ध्रुवनारायण अहिले प्रहरी हिरासतमा छ।

डण्डा गोलीकाण्डमा मारिएका यमबहादुर कार्की

पुलीसको गोलीद्वारा मारिएका बीरबहादुर परियार

मनहरी–२ पिपरा निवासी एकजना व्यक्तिले ०५० जेठ १५ गते आफ्नी पत्नीको शारीरिक सम्बन्ध अर्को व्यक्तिसंग भएको थाहा पाएपछि रीसले आफ्नी पत्नीसंग अवैध सम्बन्ध राख्ने व्यक्तिलाई तरवारले टाउकामा हानेर हत्या गरेको छ।

१.२ जेल

बि.सं. १९९९ भन्दा पहिले बनेको घोडाको तबेलालाई कारागारको रूपमा प्रयोगमा ल्याईएको छ। ज्यादै पुरानो भएका कारण जेलको अवस्था अत्यन्तै नाजुक रहेको छ। ३५ जना मात्र अट्ने क्षमता भएको यो कारागारमा ७० जना बन्दीहरू राखिएको छ। सुत्ने ठाउँको अभावमा राती पालो गरेर सुत्नु पर्ने अवस्था रहेको कुरा बन्दीहरू बताउँछन्। बन्दीहरूलाई कुनै व्यवसायिक काम गर्न दिइएको छैन। भात पकाउने, खाने र चर्पी एकै ठाउँमा रहेको देखिन्छ।

१.३ गिरफ्तारी र यातना

यहाँ सामान्य घटनामा पनि मानिसलाई बिनापूर्जी गिरफ्तार गर्ने र यातना दिने काम गरिन्छ। सात वामपन्थी पार्टीहरूले ०५० साउन ४ गते राखेको चक्काजाम कार्यक्रमका दिन डण्डाबजारबाट बिनापूर्जी दुर्गा भण्डारी लगायत ६० जनालाई गिरफ्तार गरी निर्ममतापूर्वक यातना समेत दिइएको थियो।

०५० असोज ८ गते दशैंको नवमीका दिन गस्ती गरिरहेको प्रहरीको मोटरसाइकलले पवित्र बस्तीका केटाकेटीहरूलाई ठक्कर दिएपछि गाउँलेहरू कराए। केहीबेर भनाभन भयो। त्यतिकैमा स्थानीय युवक केशब गुरूङ्ग आएर समझदारीमा कुरा टुंग्याएका थिए र प्रहरीहरू पनि गल्ती महशुस गरेर गएका थिए। तर भोलिपल्ट चिया पिउन

जीर्ण अवस्थामा रहेको नवलपरासी जेल

गोपीगञ्ज गएको बेला केशव गुरूङ्गलाई स.ई. मानबहादुर बस्नेतको आदेशमा पक्राउ गरी रगताम्मे हुने गरी पिटियो। गाउँलेहरू गएर नपिट्न र तुरून्त छोड्न दवाव दिन थाले र सामान्य ढुंगामुढा पनि हुन थाल्यो। त्यत्तिकैमा प्रहरीले ४ राउण्ड गोली चलायो र मान्छे तितरबितर भए। प्रहरीहरूसंग वार्ता गर्न भनेर चौकीभित्र छिरेका क्षेत्रबहादुर, भिमबहादुर थापा, रामचन्द्र घिमिरे, मानबहादुर गुरूङ्ग लगायतलाई गिरफ्तार गरी कुटपिट गरियो र सार्वजनिक मुद्दा समेत चलाइयो। उनीहरूलाई थुनिएको १५ दिनपछि मात्र पूर्जी दिइएको थियो भने खाना खान नदिने र लगातार यातना दिने काम भएको थियो।

नेपाल सद्भावना पार्टीले ०५० पुस ४ गते आफ्ना मागहरू पूरा गर्ने दबाव दिनका लागि जिल्ला कार्यालय अगाडि शान्तिपूर्ण धर्ना दिइरहेको बेला भीडमा प्रहरीले लाठीचार्ज गरी दुर्गा चौधरी, महातंप्रसाद यादव, ओमप्रकाश चौधरीलाई सख्त घाइते तुल्याइयो। अंरूल्ला अंसारी लगायत २७ जनालाई ८ घण्टासम्म बन्दी बनाई अमानवीय व्यवहार गरिएको थियो। सोही सिलसिलामा ०५० पुस ५ गते सांसद त्रियोगी नारायण चौधरी लगायत ३३ जनालाई जि.प्र.का.मा ६ घण्टासम्म बन्दी सरह राखिएको थियो।

रक्सी सम्बन्धी झगडाका कारण नयाँ बेलाहीमा रहेको त्रिवेणी डिस्टीलरीको डिपोमा गएर केही महिला तथा पुरूषहरूले तोडफोड गरे। उनीहरू तोडफोड गरेर भागी सकेपछि प्रहरी आइपुग्यो र जथाभावी गिरफ्तार गर्न थाल्यो। जसमा बजारमा किनमेल गर्न आएका निर्दोष महिला तथा पुरूषहरू परेका छन्। त्यसरी पक्राउ पर्नेमा फूलमाया गुरूङ्ग, लक्ष्मी श्रेष्ठ, भीमबहादुर खड्का आदि छन् जसलाई ०५० असोज २५ गते आरूङ्गखोलाबाट पक्राउ गरी सार्वजनिक मुद्दा समेत लगाइएको छ। हाल उनीहरू तारेखमा छुटेका छन्।

मुकुन्दपुर-१ बेल्डीमा ०५० असोज २८ गते थारू र मगर जातिका मानिसहरूले परम्परागत रूपमा मनाउँदै आएको पितृ औंसी नाचगान गरी मनाइरहेको बेलामा प्रहरीहरू आई धम्क्याउने, कुटपिट गर्ने र गिरफ्तार गर्ने गर्न थाले। चाड मनाइरहेका जनता झनै आक्रोशित भए। त्यसक्रममा प्रहरी अ.स.ई. पनि कुटिए। त्यसको निहुँमा इन्सपेक्टर कृष्णप्रसाद शर्माको नेतृत्वमा थुप्रै प्रहरीहरू गाउँमा पसी आतंक मच्चाउँदै भेटे जतिलाई गिरफ्तार गरी सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलाइयो। त्यसमा हीरालाल महतो, कृष्णप्रसाद भट्टराई लगायतका ३८ जना व्यक्तिहरू परेका छन्।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

'संविधान प्रदत्त अभिव्यक्ति स्वतन्त्रता, भेला हुने अधिकार नवलपरासी जिल्लामा प्रस्फुटित हुन पाएको देखिदैन। राजनीतिक पार्टीहरूले आयोजना गरेका शान्तिपूर्ण कार्यक्रममा पनि जनतामाथि लाठीचार्ज गर्ने, गिरफ्तार गर्ने र गोली चलाउने कार्यहरू भइरहेको हुँदा यहाँका जनताको मौलिक अधिकारलाई थुनछेक गर्न खोजिएको महशुस हुन्छ।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धर्मकै कारण विवाद, झैझगडा जस्ता घटनाहरू घटेको पाइँदैन।

२.३ राजनैतिक स्वतन्त्रता

यहाँ राजनीतिक प्रतिशोधका कारण राप्रपाका केही कार्यकर्तालै रणबहादुर थापा मगरलाई सख्त घाइते हुने गरी पिटेका थिए भने अर्को एक झगडा अमरपुर गाविसमा विद्यार्थीहरू बीच भएको थियो।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँका अधिकांश जनता सुगम र निष्पक्ष न्याय पाउनबाट बञ्चित छन्। जनतामा अदालतले सही किसिमले न्याय प्रदान गर्छ भन्ने विश्वास हुन सकेको पनि देखिदैन।

३. भूमिहिन तथा सुकुम्बासी समस्या

यहाँ भूमिहिन तथा सुकुम्बासीहरूको संख्या प्रशस्तै रहेको पाइन्छ। उनीहरूको जीवन कठिन र अन्यन्त कष्टपूर्ण रहेको छ। समस्या समाधानका लागि कुनै ठोस कदम कतैबाट चालिएको पनि पाइँदैन।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

यहाँ महिला किनबेच र बलात्कारका घटनाहरू पनि घटेका पाइन्छन्। परासी बजारमा ०५० असार ६ गते १४ वर्षीया एक युवतीलाई स्थानीय गुण्डाहरूले बलात्कार गरेका थिए। बलात्कारी गुण्डाहरूलाई कुनै पनि कारबाही गरिएन।

प्रेमबहादुर बि.के. नाम गरेको व्यक्तिले विहे गरेको तीन दिनपछि आफ्नै पत्नी शीला दराईलाई बम्बैको वेश्याकोठीमा लगेर रू. २६ हजारमा बिक्री गरेको छ। प्रेमबहादुर अहिले पक्राउमा रहेको छ।

गैंडाकोट निवासी सीताराम तामाङ्गले पनि बिहे गरेको केही समयपछि आफ्नै पत्नी कल्पना तामाङ्गलाई भारतमा लगेर बेश्यालयमा रू. ७ हजारमा बिक्री गरेको थियो। उसलाई प्रहरीले गिरफ्तार गरेको छ।

देउराली-२ निवासी प्रेमराज भण्डारीकी १६ वर्षीया छोरी मीना भण्डारीलाई सोही गाउँ बस्ने नीरा कँडेलले फकाई-फुल्याई दिल्ली पुऱ्याएर बिक्री गर्ने प्रयास गरिरहेको बेला नेकपा (एमाले) दिल्ली विशेष नगरकमिटीले मीना भण्डारीलाई वेश्यालयको नारकीय जीवन जिउनबाट जोगाएको छ।

यसैगरी सुनवल-८ का देवी चौधरीकी छोरी अमृता चौधरी तथा सोही ठाउँका बेलबहादुर विककी छोरी एवं

नवलपरासी जेल : बन्दीहरु कोचिएर बस्नु पर्छ

राजबहादुर विककी दिदी गरी ३ जना युवतीहरू पनि गत ९ महिनादेखि हराएका छन्। उनीहरूलाई बिक्री गरेर भारत पुऱ्याइएको चर्चा छ।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

कुडी-६ महलबारीमा चियापसल राखेर बस्ने वर्ष १९ की गीता न्यौपानेलाई स्थानीय प्रहरी चौकीको असई नारायण न्यौपानेले घरमा अर्की पत्नी हुँदाहुँदै ढाँटेर विहे गर्छु भनी गर्भ बोकायो। पछि उसले पटक-पटक गीताको गर्भ पतन पनि गरायो। ०५० कार्तिक २५ गते गीताबाट अर्को बच्चा जन्मिएकोमा स्याहार नपुग्नाले ४ दिनमै बच्चा मऱ्यो। गीतालाई सुत्केरी अवस्थामै कुटपिट गरेर घरबाट समेत निकाला गरिएपछि आफ्नो अधिकारका लागि गीता जिल्ला प्रहरी कार्यालयमा उजूरी दिन पुगिन्। तर उनको उजूरी दर्तासम्म गरिएन। हाल गीता बेवारिस व्यक्ति जस्तो भौंतारिंदै हिंडेकी छिन्।

यहाँ जारी, देउकी र वदिनी प्रथा उल्लेख्य रूपमा देखा परेको पाईंदैन।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यहाँ स्थानीय जामिन्दारहरूको घरमा दासदासी झैं काम गरेर बस्ने व्यक्तिहरू थुप्रै भेटिन्छन्। तर उनीहरूका समस्या सम्बन्धी विवरणहरू प्राप्त हुन सकेनन्।

५.२ अन्य अमानवीय व्यवहारहरू

गमी-१ निवासी अत्यन्त गरीब व्यक्ति ५२ वर्षीय ललित धोवीले सोही गाउँको जमिन्दार रामचन्द्र मौर्य विरूद्धको एउटा मुद्दामा साक्षी बसेका कारण ०५० भदौ ४ गते मरणासन्न हालत हुने गरी पिटाइ खानु परेको छ। निज ललित धोवीलाई रामचन्द्र मौर्यका भाइ, छोरा र हरूवा-चरूवा समेत आएर कुटपिट गर्दा उनको शरीरका ३ वटा करङ्ग भाँचिएका छन्। त्यस घटनामा उनकी पत्नी र २ छोरा समेत घाइते भएका थिए। जिल्ला प्रहरी कार्यालयले पनि जमिन्दार रामचन्द्रकै पक्ष लिएका कारण ललित धोवी अन्यायमा परेका छन् र उनको वासउठ्ठा समेत भएको छ।

तिलकपुर-८ रंगिया वस्ने निरूजन हरिजनको छोरा वर्ष ६० को चोकट हरिजन नेपाली नागरिकताको प्रमाणपत्र नभएका कारण पैत्रिक सम्पत्ति पाउनबाट विमुख भएका छन्।

६. आदिवासी अधिकार

आदिवासी सम्बन्धी कुनै घटना घटेको जानकारीमा आएन।

७. बालअधिकार

यहाँका अधिकांश बालबालिकालाई सानैदेखि श्रममा लगाइने गरेको छ। गरीब किसानका छोराछोरी धनीको घरमा गई भाँडा माझ्ने काममा लागेका पाइन्छन्। भारतमा गएर विभिन्न श्रममूलक काममा लाग्ने बालबालिकाको संख्या पनि प्रशस्तै रहेको पाइन्छ। पढ्ने र लेख्ने अधिकारबाट वहुसंख्यक बालबालिका वञ्चित रहेका छन्। ❑



३. पश्चिमाञ्चल

लुम्बिनी

३.८ रुपन्देही

जनसंख्या : ५२२१५०
साक्षरता : ३९.८ प्रतिशत
महिला साक्षरता : २६.१ प्रतिशत
क्षेत्रफल : १३६० वर्ग कि.मी.

रूपन्देहीको उत्तरमा पाल्पा, पश्चिममा कपिलवस्तु र पूर्वमा नवलपरासी जिल्ला पर्दछन् भने यसको दक्षिणी सीमा भारतको उत्तर प्रदेशसंग जोडिएको छ। यहाँको खुला सीमानाले नेपाल र भारत दुबै देशका अपराधीहरूलाई निकै सजिलो पुऱ्याएको देखिन्छ। रूपन्देही जिल्लामा घटेका विभिन्न घटनाहरूलाई हेर्दा यस जिल्लामा मानवअधिकारको स्थिति राम्रो नभएको स्पष्ट हुन्छ।

१ सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

सातवटा वामपन्थी पार्टीहरूले संचालन गरेको शान्तिपूर्ण कार्यक्रम अन्तर्गत ०५० साउन ४ र ५ गतेको चक्काजाम कार्यक्रमको सिलसिलामा यहाँ ४ गते प्रहरीद्वारा गोली चलाएर हत्या गर्ने काम भयो। देवदह गाविसमा वामपन्थी कार्यकर्ताहरूले शान्तिपूर्ण रूपमा सवारी साधन नचलाईदिन सम्बन्धित व्यक्तिहरूलाई अनुरोध गरिरहेका बखत प्रहरीहरू पुगे। आन्दोलनकारी र प्रहरी बीच सामान्य झडपको स्थिति देखा पर्ने बित्तिकै प्रहरी निरीक्षक जीवनकुमार थापाको नेतृत्वमा बिना चेतावनी ४ राउण्ड गोली चलाइयो। गोलीबाट स्थानीय युवक २३ वर्षीय नरबहादुर नेपालीको तत्काल मृत्यु भयो भने १३ वर्षीय प्रल्हाद चौधरी र ३० वर्षीय प्रेम बहादुर छन्तेल सख्त घाइते भए।

गजेडी-९ का मुराली केवटले ०५० जेठ १६ गते राती झैझगडाका कारण आफ्ना सहोदर दाजु सुन्दर केवटको हत्या गरे। अभियुक्तले सुन्दरलाई रूखमा बाँधी, लाठी मुक्का समेतले कुटपिट गरेर मारी घरबाट पश्चिम कञ्चन नदीको पानीको दहमा लाश फालिदिएका थिए।

घटनाको प्रकृति	घटना संख्या १९९२	घटना संख्या १९९३
प्रहरीको गोलीले मृत्यु	२	-
हिरासतमा यातना	-	३
बलात्कृत	५	४
प्रहरीको यातनाले मृत्यु	-	१
आत्महत्या		५८

बुटवल मिलन चोकको पश्चिमपट्टि छत्तीस कुलामा ०५० साउन ५ गते टाउको नभएको एउटा लाश भेटिएको थियो। उक्त लाश कसको हो भन्ने कुरा पत्ता लाग्न सकेन।

रौतहट चन्द्रनिगाहपुर घर भई बुटवल मजदुरी गरेर बसेका पल्लेदार प्रेम श्रेष्ठलाई रक्सी सेवन गरेको निहुँमा ०५० साउन १४ गते गिरफ्तार गरियो। प्रहरी हिरासतमा अमानवीय ढंगले निर्ममतापूर्वक कुटपिट गर्ने र यातना दिने काम भएपछि उनको मृत्यु भयो। तर प्रहरीको पक्ष दोषी ठहरिने देखी उनको लाशलाई प्रहरी भ्यानमा राखेर तुरुन्तै अस्पताल पुऱ्याउने काम भयो र अस्पतालमा उपचार गराउँदा गराउँदै मरेको बताइयो। मृतक प्रेम श्रेष्ठ मजदूर संगठनसंग सम्बन्धित व्यक्ति थिए।

गोताहा-९ निवासी देवमणि पाण्डेका ४ वर्षीय छोरा दिवाकर पाण्डेलाई ०५० भदौ २ गते स्थानीय मोख्न बेलदारले आफ्नै घर नजिक खेलिरहेको अवस्थामा गया नाउको घरभित्र लगी हत्या गरेका थिए। स्थानीय ओमकुमार नाउको समेत सहयोगमा मोख्न बेलदारले दिवाकरको घाँटी अठ्याई मुख थुनी धारिलो हतियारको प्रहारद्वारा हत्या गरेका थिए। पाण्डेले पटकपटक जग्गा सम्बन्धी खिचलो गरी दुःख दिएकाले बदलाको रूपमा मोख्न बेलदारले उनको ४ वर्षीय छोराको हत्या गरेको बताइन्छ। उक्त घटनासंग सम्बन्धित अभियुक्तहरू मोख्न बेलदार, ओमकार नाउ, गया नाउ, ओमप्रकाश नाउ र राजकुमारी नाउलाई गिरफ्तार गरी कारबाही भइरहेको देखिन्छ।

असोज महीनामा दयानगर-१ झुम्का बस्ने रामसुरत केवटलाई अज्ञात व्यक्तिले गोली हानी हत्या गऱ्यो। गोलीबाट मृतकका छोरा कमाल केवट पनि घाइते भएका थिए।

पिपरहवामा प्रहरीको गोलीबाट ४ जना डाँका मरेको बताइन्छ। मृतक डाकाहरूले प्रहरीमाथि गोली प्रहार गरेपछि प्रहरीले पनि गोली चलाउँदा यो घटना घट्न गएको हो।

१.२ जेल

यहाँको जेलको क्षमता ६५ जना मात्र अट्ने भए पनि १६३ जना बन्दीहरू राखिएका छन्। १६३ जना मध्ये १०० जना आरोपित र ६३ जना दोष प्रमाणित बन्दीहरू छन्। ३ जना १४ वर्ष मुनिका नाबालकहरू पनि थुनिएको यो जेलमा धेरै जना झूठो मुद्दामा फसाइएकाहरू रहेका छन्। कतिपयले त आफ्नो जाहेरीवालालाई समेत नचिनेको बताउँछन्। झिनक नाउ भन्ने व्यक्ति ३ वर्षसम्म पनि आरोप प्रमाणित नभएर फैसला हुन बाँकी भई थुनामा रहेका छन्। ज्यान मुद्दामा रहेका एक जना आफू राजनैतिक बन्दी भएको दावी गरिरहेका छन्। मुरारी भनेर चिनिने कृष्णबहादुर सिंहको आँखा कमजोर हुँदै गएको छ तर उपचार गरिएको छैन।

क्षमताभन्दा बढी बन्दीहरू राखिएकाले पकाउने ठाउँसम्म पनि छैन। शौचालयको अभाव छ। बन्दीहरूलाई कुनै सीपमुलक उद्यम गर्न दिइएको देखिँदैन।

मानवअधिकार संरक्षण मंच रूपन्देहीको एक अध्ययन भ्रमण टोलीले ०५० बैशाख महीनामा भैरहवा कारागारको निरीक्षण गरी त्यहाँ मानवअधिकारको हनन भइरहेको कुरा जनाएको थियो।

१.३ गिरफ्तारी र यातना

देवदह गाउँमा सात वाम घटकद्वारा ०५० असार २० गते आयोजित नेपाल बन्द कार्यक्रमको सिलसिलामा केही व्यक्तिले जवर्जस्ती एउटा मोटरसाइकल जलाए। तर वास्तविक दोषी बेपत्ता भैसकेपछि प्रहरीले केही व्यक्तिलाई बिनापूर्जी पक्रिने र कतिपयलाई वारेन्ट काट्ने काम गऱ्यो। त्यतिखेर सुरेन्द्र पोखरेल, बालकुमार श्रेष्ठ लगायत ७ जनालाई पक्राउ गरी २७ जनालाई वारेन्ट काटिएको थियो। गिरफ्तार गरिएकालाई चर्को यातना दिई झूठा मुद्दा लगाइएको छ। गिरफ्तार गरिएका बालकुमार अपांग हुन्। प्रहरी यातनाबाट उनको आँखामा रगत जमेको थियो।

वामपन्थीहरूको साउन ४ गतेको चक्काजामका दिन विभिन्न गतिविधि र प्रहरी दमनको निरीक्षण गरिरहेका मानवअधिकार कार्यकर्ता विनोद पहाडीमाथि सत्तापक्षीय व्यक्तिहरूबाट कुटपिट गरिएको थियो। वहाँलाई होटलको छतबाट फोटो खिचिरहेको देखी त्यसरी पिटिएको थियो। त्यसरी नै पुरूषोत्तम कँडेल, बलराम मरासिनी र रामबाबु भट्टराईमाथि पनि दुर्व्यवहार गरिएको थियो।

साउन ४ र ५ गते वाम घटकद्वारा आयोजित चक्काजाम कार्यक्रमको सिलसिलामा यहाँ मासमका अध्यक्ष तेजप्रसाद कँडेल, ऋषि भुसाल, नवीना केसी, तेजबहादुर जिसी लगायत जम्मा ५६ जनालाई बिनापूर्जी गिरफ्तार गरिएको थियो। गिरफ्तार भएका मध्ये केहीलाई सार्वजनिक अपराध अन्तर्गत मुद्दा पनि लगाइएको छ।

दश सूत्रीय माग राखेर ०५० पुस ४ गते शान्तिपूर्ण रूपमा जिल्ला कार्यालय घेराउ गरेर बसिरहेका सद्भावना पार्टीका नेता तथा कार्यकर्तामाथि एक्कासी लाठीचार्ज गरियो। सांसद सन्तप्रसाद चौधरी, श्याम सुन्दर गुप्ता लगायतका नेता तथा कार्यकर्ता सम्मिलित धर्नामा भएको लाठीचार्जबाट केही व्यक्ति घाइते भएका थिए भने केही सम्पत्ति पनि नष्ट भएको थियो।

त्रिवेणी डिष्टीलरीको विरूद्ध जाइलागेको आरोपमा बुटवलमा ९ जना महिलाहरूलाई गिरफ्तार गरिएको थियो। घरपालुवा रक्सी र डिस्टीलरीको रक्सीको झगडामा यो घटना घटेको बताइन्छ।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

शान्तिपूर्ण आन्दोलनमा संलग्न मान्छेहरूलाई गोली हान्ने, जथाभावी पक्राउ गर्ने, झुठा मुद्दामा फसाउने जस्ता घटनाहरू यहाँ हुने गरेका छन्। त्यसबाहेक अशिक्षा, गरीबी जस्ता कारणले गर्दा पनि जनता आफ्नो मौलिक अधिकारबाट बञ्चित हुने गरेको पाइन्छ।

२.२ धार्मिक स्वतन्त्रता

रूपन्देही जिल्लामा धार्मिक कलह तथा विवाद सम्बन्धी कुनै घटना घटेको पाइएन।

२.३ राजनैतिक स्वतन्त्रता

राजनीतिक प्रतिशोधका कारण विभिन्न कारबाहीहरू गरिएको पाइन्छ। सत्ता शक्तिको आडमा विपक्षीहरूलाई झूठा मुद्दा लगाउनु, आस्थाकै कारण शिक्षकहरूमाथि भेदभावपूर्ण व्यवहार गर्नु जस्ता कुराहरूले राजनैतिक स्वतन्त्रताको अधिकारलाई कुण्ठित बनाउने प्रयत्न भने हुने गरेको देखिन्छ।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको अदालतप्रति कसैको अविश्वास रहेको देखिँदैन। तैपनि अधिकांश जनतामा न्याय भन्ने कुरा शक्तिशाली व्यक्ति र पैसावाल व्यक्तिले मात्र पाउँछन् भन्ने धारणा रहेको पाइन्छ। त्यसैले गरीब जनता अदालत धाउन मन पराउँदैनन्। यो वर्ष रूपन्देही जिल्ला अदालतमा १ हजार ५ सय ५२ वटा मुद्दा दर्ता भएका थिए भने पुनरावेदन अदालतमा १ हजार २ सय २४ वटा मुद्दा दर्ता भएको देखिन्छ।

३. भूमिहिन तथा सुकुम्बासी समस्या

यहाँको देवदह र रूद्रपुर गाविसमा गरी झण्डै ३ हजार परिवार सुकुम्बासीहरू रहेको देखिन्छ। त्यसबाहेक मकरहर, करैया, घुसवा जंगल, चफ्रीपुर र बुटवल नगरपालिकाको शिवनगर, रामनगर, पुस्पनगर आदि क्षेत्रमा पनि सुकुम्बासीहरू रहेका छन्। मेघालयबाट लखेटिएका नेपालीहरूमध्ये करीब ४० परिवार सुकुम्बासी लुम्बिनीमा बसिरहेका छन्। यहाँका ठूलाबडा र टाठाबाठा भनाउँदाहरूले बेलाबखतमा सुकुम्बासीहरूलाई जग्गा धनीपूर्जा दिने आश्वासनमा रकम उठाएर खाने गरेको देखिन्छ भने वन सुरक्षाकर्मीहरूले बेलाबेलामा उनीहरूलाई दुःख दिने गरेको पाइन्छ।

बसौंली-७ को बेथरीमा सार्वजनिक जग्गामा बसोबास गरिरहेका २० घर मध्ये धर्मराज नाम गरेको गरीबलाई सांही

ठाउँमा बस्ने शिवप्रसाद यादवले प्रजिअमा जाहेरी दिई घर भत्काएर उठीवास गराएका छन्। पीडित धर्मराजलाई उल्टो यातना दिने काम समेत भएको छ।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

बुटवल नगर पालिकामा बस्ने १६ वर्षीया संजु थापालाई इन्द्रसिंह क्षेत्री लगायतका व्यक्तिले ०५० भदौ १६ गते व्यापारमा लगाइदिने भनी दिल्ली पुऱ्याएर भारू १५ हजारमा बिक्री गरेका थिए। तर संजु फर्केर नेपाल आउन सफल भइन् र प्रहरीमा उजूर हालिन्। अभियुक्त मध्ये इन्द्रसिंह हाल थुनामा रहेको छ।

भारतको बम्बैमा देहव्यापार गर्न बाध्य बनाइएकी एक नेपाली युवती आफूसंग प्राणघातक एड्सको किटाणु बोकेर बुटवल फर्किएकी छिन्। दोलखा जिल्लाको जिरी निवासी २० वर्षीया ती युवतीलाई १ वर्ष अघि काठमाण्डौबाट एकजना ट्याक्सी चालकले उसकी पत्नी सहित बम्बै घुमाउन लगेको तर उनलाई भने बेश्यालयमा बेचेर उनीहरू फर्किएका थिए।

सिद्धार्थनगर घर भएका डेन्जर श्रेष्ठको अगुवाइमा तीन जना हुल्याहा केटाहरूले रूपन्देहीको दुम्दुमा निवासी एक युवतीलाई विवाह गर्न भनी गौतम बुद्धको जन्मस्थल लुम्बिनी लगेर सामुहिक बलात्कार गरे। प्रहरीद्वारा अपराधी खोज्ने काम जारी भए पनि उनीहरूको संरक्षणका लागि प्रहरी क्षेत्रकै एक जिम्मेवार व्यक्तिले पहल गरेको भनिन्छ।

०४९ चैत २३ गते बुटवलबाट पोखरा जाँदै गरेको वसमा चढेकी एक युवतीलाई बस भित्रकै केही गुण्डाहरूले अपहरण गरी जंगलमा लगेर सामुहिक बलात्कार गरेका थिए।

०५० जेठ १९ गते सिद्धार्थनगर-२ बस्ने १२ वर्षीया बालिकालाई मर्यादापुर-६ को मुनर हरिजन भन्ने व्यक्तिले रक्सी खाई बलात्कार गरेको थियो। अभियुक्तलाई कारबाही भईरहेको बताइन्छ।

लालझण्डीमा अर्की १२ वर्षीया बालिकालाई स्थानीय लक्ष्मण पन्थीले भैंसी हराएकाले खोज्न जाउँ भनी जंगलमा लगेर बलात्कार गरेको थियो। बलात्कारीलाई ०५० साउन २७ गते स्थानीय जनताले पक्री प्रहरीमा बुझाएका थिए।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यो वर्ष रूपन्देही जिल्लामा बहुविवाहको घटना उल्लेख्य रूपमा देखा परेन भने जारी, देउकी, वदिनी सम्बन्धी पनि कुनै घटना सार्वजनिक जानकारीमा आएन।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यस सम्बन्धी घटना उल्लेख्य रूपमा रहेको पाइएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

जातीय भेदभावका कारण यहाँका अछूत जातिहरू माथिल्लो जातका भनिनेहरूबाट अत्यन्तै अपमानित हुने गरेको पाइन्छ। अछूतहरूलाई यहाँ सामाजिक अधिकारबाट समेत बञ्चित गरेको देखिन्छ।

६. आदिवासी अधिकार

खासै आदिवासी सम्बन्धी घटना घटेको जानकारीमा आएन।

७. बालअधिकार

यहाँका बहुसंख्यक बालबालिका पढ्ने-लेख्ने अधिकारबाट बञ्चित गराइएका छन्। कैयौं बालबालिका शहर-बजारका होटलमा काम गरिरहेका भेटिन्छन्। कामकै सिलसिलामा भारत पुग्ने बालकहरूको संख्या पनि प्रशस्तै रहेको पाइन्छ।

अतिरिक्त जानकारी

०५० असार ३ गते जिविस रूपन्देहीको स्टाफ मिटिङ्ग चलिरहेको बेला पुरानो योजना सम्बन्धी विषयमा भनाभन हुँदा एक सांसदले स्थानीय विकास अधिकारीमाथि हातपात गरेको बताइन्छ।

निसानपुर-४ पाखरबारी गाउँमा ०५० बैशाख ३ गते राती कलु कुहार लगायतका ४ जनाको घरमा डकैती भएको थियो। यस्तै एकला गाउँका हछिर फकीरलाई सोही गाउँका मुहर अलीको नेतृत्व रहेको टोलीले चैत ३० गते विहान कुटपिट गरी खेतमा फालेको थियो।

बैशाख १ गते बुटवलको रामफेदीमा तिनाउँ नदीमा उमाकान्त शर्माको रहस्यमय लाश भेटिएको थियो भने सोही दिन बुटवल पुष्पनगरकी विष्णुकला न्यौपानेको लाश उनकै घरमा झुण्डिरहेको अवस्थामा फेला परेको थियो।

सिद्धार्थनगर स्थित भैरहवा बहुमुखी क्याम्पसमा अध्ययनरत २० वर्षीया रेनु थापाले ०४९ माघमा असफल प्रेमका कारण आफ्नै घरमा वीष सेवन गरेर आत्महत्या गरेकी थिइन्। त्यसैगरी बुटवलको पुस्पनगर निवासी १६ वर्षीया पुस्पाले पनि विष खाएर आत्म हत्या गरेकी थिइन्। यो वर्ष रूपन्देहीमा विभिन्न प्रकारबाट आत्महत्या गर्नेहरूको संख्या ५८ रहेको छ।

भारतको विहारप्रदेश स्थित नरकटियागञ्ज निवासी सुकोल पट्वाका ९ वर्षीय छोरा पप्पु पटुवालाई ०५० जेठ ३ गते पुरानो वसपार्क स्थित स्याङ्जा कारिकाटे लजबाट कृष्ण पटुवा समेतका व्यक्तिले अपहरण गरेका थिए। छोराको खोजीमा रहेका बाबुआमालाई भेटेर अपहरणकारी गिरोहकै एकजना व्यक्तिले भारू ७० हजार दिएमा छोरा ल्याइदिने कुरा बताएर बुटवलको तिनाउ खोलामा लगेर बालक देखायो पनि। तर भारू ७० हजार नपाएसम्म छोरा नदिने बरू मारिदिने कुरो गरेपछि बाबु आमा पैसाको खोजीमा लागे। पैसा जम्मा गरेर फर्किएपछि उनीहरूले बालकलाई खोज्ने क्रममा प्रहरीलाई पनि सुराक दिए। ०५० जेठ २६ गतेका दिन इलाका प्रहरी कार्यालय बुटवलले बालकलाई फेलापानुर्का साथै अपहरणकारी मध्येका दुईजना मोहम्मद जोखिम र राजु सुनारलाई गिरफ्तार गऱ्यो। ❑



३. पश्चिमाञ्चल

लुम्बिनी

३.१ पाल्पा

जनसंख्या : २३६३१३
साक्षरता : ४८.० प्रतिशत
महिला साक्षरता : ३४.७ प्रतिशत
क्षेत्रफल : १३७३ वर्ग कि.मी.

पाल्पा जिल्ला प्राकृतिक रूपले अत्यन्त रमणीय मानिन्छ। मूल पेशा कृषि नै रहेको यो जिल्ला राजनीतिक चेतना र शैक्षिक जागरणका दृष्टिले अग्रगतिमा रहँदै आएको मानिन्छ। तापनि मानवअधिकार हननका विविध स्वाले क्रियाकलापबाट भने यो जिल्ला पनि मुक्त रहन सकेको छैन।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यो वर्ष पाल्पा जिल्लाको कुनै पनि ठाउँमा गोली चलेको पाइएन। तर व्यक्तिगत रीस-इबीमा हत्याका घटनाहरू भने घटेका छन्।

देमान-२ को सोमरे भन्ने हुमबहादुर दर्लामीले ०४९ फागुनमा केलडाँडा-२ बस्ने हस्तवीर दर्लामीकहाँबाट रू. १ सय ५० पर्ने रक्सी पार्ने भाँडो लगेका थिए। सोही भाँडोको पैसा लिन भनेर ०५० जेठ २९ का दिन हस्तवीर दर्लामी, हुमबहादुर कहाँ पुगेका थिए। हस्तवीर घर फर्किन लाग्दा हुमबहादुर पनि अलिपरसम्म पुऱ्याउँछु भनेर संगसँगै आए। अलिकति जंगल भएको हुक्सेघाटमा आइपुगेपछि हुमबहादुरले हस्तवीरमाथि ढुंगा प्रहार गरे। त्यसपछि घाँटी अठ्याएर हत्या गरे। अभियुक्तलाई कानूनी कारवाही भइरहेको छ।

अर्गलीका खिमबहादुर रानाले आफ्नी पत्नी गोपी कुमारीलाई ०५० बैशाख १९ गतेका दिन धारामा नुहाइ रहेको बेला मार्ने उद्देश्यले खुकुरी प्रहार गऱ्यो। छुट्याउन आई पुगेका स्थानीय व्यक्तिहरू भेषमाया, लालकुमारी, कमला र घमबहादुर माझी पनि खुकुरी प्रहारबाट घाइते भए। यसरी ५ जनालाई घाइते बनाई सकेपछि खिमबहादुरले आफैलाई खुकुरीले काट्न थाल्यो। गाउँलेहरू आएर घाइतेहरूलाई अस्पताल पुऱ्याए। प्रहरीले अभियुक्त खिमबहादुरलाई पक्री उपचार गराएर थुनामा राखेको छ।

१.२ जेल

पाल्पामा राणाकालमा निर्माण भएको १६ वटा अलग-अलग कोठा भएको कारागार शाखा छ। त्यसको अलग्गै कार्यालय भवन पनि छ। कारागारको कम्पाउण्डभित्र ब्रम्हाविष्णु निम्नमाद्यमिक विद्यालय र घरेलु प्रशिक्षण र सिलाई कार्यक्रम संचालित छ।

यस कारागारमा ३५० जनासम्म बन्दीहरू अट्न सक्ने क्षमता रहेको छ। "ख" श्रेणीको यस कारागारमा हाल ४५ जना थुनुवा र १४१ जना कैदीहरू गरी जम्मा १८६ जना बन्दीहरू रहेका छन्। जसमा १४१ जना पुरूष, ३३ जना महिला र १२ जना नाबालक रहेका छन्। राजनीतिक बन्दीहरू नरहेको यो कारागारका केही बन्दीहरूलाई पुनरावेदन, मुद्दाको पैरवी आदि समस्याले सताएको पाइन्छ। कतिपय म्याद थाहा नपाएर र कतिले पैसाको अभावमा पुनरावेदन गर्न नपाएको पनि देखिन्छ।

१.३ गिरफ्तारी र यातना

०५० बैशाखमा त्रिभुवन क्याम्पसमा नेविसंघ र अनेरास्ववियूका विद्यार्थी बीच झगडा हुँदा स्ववियूका सभापति शेषकान्त गौतम लगायत केही व्यक्तिलाई बिना पूर्जी प्रहरीले गिरफ्तार गरेको थियो।

सातवटा वामपन्थी पार्टीहरूले संचालन गरेको विरोध कार्यक्रम अन्तर्गत ०५० असार २० गते नेपाल बन्द कार्यक्रमका दिन वाम पक्ष र कांग्रेस पक्षबीच शीतलपाटीमा दोहोरो ढुंगा हानाहान भयो। त्यो घटनाबाट पसल खोलेर बसेकी ६० वर्षीया महिला सुकुन्दरी श्रेष्ठको टाउकामा चोट लाग्यो। त्यही सिलसिलामा मखनटोलमा दुई पक्षबीच झडप

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	१
बलात्कृत	१	१
आत्महत्या	-	२

पाल्पा कारागार

हुँदा शेषकान्त गौतम, रामप्रसाद भट्टराई र मानबहादुर कार्की घाइते भए।

त्यसैगरी ०५० साउन ४ गतेको चक्का जाम कार्यक्रमका दिन संयुक्त जनमोर्चाका जिल्ला संयोजक गोवर्धन गौली र मधुकर श्रेष्ठलाई बिनापूर्जी पक्राउ गरी चीसो छिडींमा राखेर सामान्य यातना दिने काम भएको थियो। ४ गतेको चक्काजामकै सन्दर्भमा औषधि किन्न तानसेन जान लागेका पोखराथोक-७ का कृष्णप्रसाद बस्याल (शर्मा) लाई प्रहरीले पिट्दा उनका दुवै हात भाँच्चिन पुगे भने टाउकामा ठूलो चोट लाग्न गयो।

फूटबल खेलमा ०५० असोजमा तानसेनको टुँडीखेलमा प्रहरी निरिक्षक राजन थापाको नेतृत्वमा प्रहरीले लाठीचार्ज गर्दा २५ जना घाइते भए। माछापुच्छ्रे पुलिस क्लवका खेलाडी ज्ञानु शेरचनले लायन्सम्यान प्रज्वल बज्राचार्यलाई पिटे। तानसेन-७ का राजेन्द्रमान सिंहको प्रहरी ज्यादतीकै कारण खुट्टा भाँचिएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

यस जिल्लामा वादविवाद र सानातिना झैं-झगडाहरू निरन्तर भइरहने गर्दछन्। तर संविधान प्रदत्त अभिव्यक्ति स्वतन्त्रता, भेला हुने र संगठित हुने अधिकारलाई प्रत्यक्षत निषेध गर्ने गरी कुनै घटना घटेको पाइँदैन।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ हिन्दू धर्म मान्नेहरूको बाहुल्यता रहेको छ भने अन्य धर्म मान्नेहरू पनि एक-आपसमा मिलेर बसेका पाइन्छन्।

२.३ राजनैतिक स्वतन्त्रता

आफ्नो पार्टीको प्रभाव भएको ठाउँमा अर्को पार्टीको मान्छे देख्न नपरोस् भन्ने भावना यहाँका सबैजसो पार्टीहरूमा पाइन्छ। जसका कारण गाउँमा घटनाहरू घट्ने गरेका छन्। त्यस बाहेक शिक्षक तथा कर्मचारीहरूलाई उनीहरूको आस्थाकै कारण विभिन्न दुखहरूका साथै नोकरीबाट अवकाश नै दिने काम पनि भएको पाइन्छ।

पद्म पब्लिक माद्यमिक विद्यालयका शिक्षक गोवर्धन गौलीलाई वैचारिक आस्थाकै कारण शिक्षण पेशामा टिक्न दिइएन। यो वर्ष पाल्पामा स्थायी शिक्षकहरू नियुक्त गर्दा जिल्ला शिक्षा कार्यालय, शिक्षक छनौट उपसमितिले पक्षपातपूर्ण र धाँधलीयुक्त काम गरेको आरोप नेपाल राष्ट्रिय शिक्षक संगठनले लगाएको छ।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँका पीडित पक्षहरूले अदालतबाट पाउँदै आएको न्याय प्रति कसैले पनि असन्तोष व्यक्त गरेको पाइँदैन। तर आम जनतामा व्याप्त गरीवी, अशिक्षा र पछौटेपनका कारण सुगम र निष्पक्ष न्यायको अधिकारबाट बञ्चित रहनु पर्ने अवस्था भने विद्यमान नै देखिन्छ।

यो वर्ष यहाँको जिल्ला अदालतमा जम्मा २०२ वटा मुद्दाहरू दर्ता भएका थिए।

चक्काजाम कार्यक्रममा प्रहरीको कुटाईबाट घाइते कृष्णप्रसाद बस्याल

३. भूमिहिन तथा सुकुम्बासी समस्या

तानसेन नगरपालिकाको वडा नं. १० र ७ मा केही सुकुम्बासीहरू रहेको पाइन्छ। तर आधिकारिक तथ्यांक नभएकाले यो जिल्लामा सुकुम्बासीहरूको संख्या यति छ भनेर भन्न सकिने स्थिति छैन।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

यो वर्ष त्यस्तो महिला किनबेचको घटना घटेको कुरा सार्वजनिक जानकारीमा आएन।

दोभान-१ झुम्सामा ०५० बैशाख २१ गते बुटवल नगरपालिका बस्ने राजु विक र असलम हासमीले १३ वर्षीया बालिकालाई बलात्कार गरे। अभियुक्तहरू थुनामा रहेका छन्।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

देउरालीका नारायणप्रसाद नेपालले आफ्नी जेठी पत्नी मीना छँदाछँदै राधिका भन्ने महिलासंग दोश्रो विवाह गरेका छन्। जेठी पत्नीलाई अंश नदिएकोले उनी माइतमै बसेकी छिन्। बहुविवाह र अंश सम्बन्धमा मुद्दा चलिरहेको छ।

त्यसैगरी चापपानीका जगतप्रसाद बस्यालले पनि घरमा पत्नी हुँदाहुँदै अर्की महिला सुशीलादेवीसंग बिहे गरेका छन्। उनले एक महिना कैद र १ हजार रूपियाँ जरिवानाको सजाय पनि भुक्तान गरिसकेका छन्।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

पाल्पा जिल्लामा दासत्व सम्बन्धी समस्या देखा परेको र कुनै घटना घटेको पाइएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

यहाँका अछूत भनिने जातिहरू माथिल्ला जातका मान्छेहरूबाट अपहेलित र अपमानित रहेका पाइन्छन्।

६. आदिवासी अधिकार

मगराँतको रूपमा जानिने पाल्पामा धेरै पहिलेदेखि बसोबास गर्दै आएका जातिहरूमा मगरका अतिरिक्त कुमाल, दरै, बोटे आदि रहेका छन्। आदिवासी भएकै नाताले पीडित हुनु परेका घटनाहरू बारे कुनै जानकारी पाइएन।

७. बालअधिकार

यहाँ पनि बहुसंख्यक बालबालिका विद्यालय जाने अधिकारबाट बञ्चित रहेका छन्। सानैदेखि विभिन्न काममा लगाउने तथा छोरा र छोरीमा भेदभाव गर्ने चलन विद्यमान छ।

१३ वर्षीय दिलबहादुर थापा बसस्टपको एउटा होटलमा ५ वर्ष अघिदेखि काम गर्दै आएका छन् भने १२ वर्षीय राजेश कहरी पनि १ वर्ष अघि देखि होटलमा भाँडा माझ्ने काम गरिरहेका छन्। त्यस्तै ११ वर्षीया कमला नेपाली ढाका उद्योगमा काम गरिरहेकी छिन् भने ११ वर्षकी नन्दबहादुर नेपाली दुई वर्ष अघिदेखि बसस्टपमा बसेर कुल्लीको काम गरिरहेका छन्।

अतिरिक्त जानकारी

त्रिभुवन क्याम्पसमा अध्ययनरत विद्यार्थी शोभासुन्दर न्यौपानेलाई उक्त क्याम्पसका स्ववियू सभापति शेषकान्त गौतम, उपाध्यक्ष गोविन्द गौतम र सचिव टाकुर गैरेले आफ्नो कोठामा थुनिराखेका छन् भनेर ०४९ चैत १९ गते नेविसंघ पक्षका विद्यार्थीले आरोप लगाएका थिए। आफ्नै कारणले, आफूखुशी शोभासुन्दर कोठामा बसेका हुन्, हामीले कसैलाई थुनेका छैनौं र थुन्नु पर्ने आवश्यकता पनि छैन भन्ने भनाई शेषकान्त गौतम लगायतका स्ववियु पदाधिकारीहरूको थियो। यो घटनाले चर्कै रूप लिएको थियो र नेविसंघ पक्षधर विद्यार्थीहरूको आरोपमा शेषकान्त गौतम लगायतका विद्यार्थी नेताहरूलाई गिरफ्तार समेत गरिएको थियो।

तानसेन-३ भीमसेन टोल बस्ने ३० वर्षीया थम्सीरा थापाले आफ्नै कोठामा आत्महत्या गरेकी थिइन्। त्यसैगरी देउराली-२ की ७० वर्षीया तुलसा मगरले पनि रूखमा झुण्डिएर आत्महत्या गरेकी थिइन्।

चौतारी पत्रिकामा प्रकाशित समाचारलाई लिएर पत्रिकाका सम्वाददाता निर्मल न्यौपानेलाई अज्ञात व्यक्तिले पत्रद्वारा धम्की दिने काम गरेका थिए। ❑



३. पश्चिमाञ्चल

लुम्बिनी

३.१० कपिलवस्तु

कपिलवस्तु जिल्लाको पूर्वमा रूपन्देही, पश्चिममा दाङ र प्युठान तथा उत्तरमा अर्घाखाँची जिल्ला पर्दछन्। यसको दक्षिणी सीमाना भारतको उत्तरप्रदेशसंग जोडिएको छ। गौतम बुद्धको दरवार तिलौराकोट भन्ने ठाउँमा रहेकोले यो जिल्ला धार्मिक क्षेत्रको रूपमा चिनिन्छ। भारतसंगको खुला सीमानाले गर्दा अपराधीहरू वारीपारी गर्ने ठाउँ पनि कपिलवस्तु जिल्ला बन्न गएको छ। यहाँ मानवअधिकारको उल्लंघन गर्ने थुप्रै घटना घटेका पाइए।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

कृष्णनगरको सत्कार होटेलमा ०४९ फागुन ७ गते गोरी बुढाथोकी नामकी एक महिलाको हत्या भएको थियो। उक्त होटलमा फागुन ७ गते राती ११ बजे बाहिरबाट ताल्चा लागेको एउटा कोठामा बच्चा रोएको सुनेपछि प्रहरीले ढोका फोर्दा मृतक आमा गोरी बुढाथोकीको दुध चुसिरहेको एउटा भोको बच्चाको हृदयविदारक दृश्य देखिएको थियो।

राजपुर गाविसका अध्यक्ष हद्दिस मुसलमानलाई ०५० बैशाख २ गते राती आफ्नो घरको छतमा सुतिरहेको अवस्थामा केही अज्ञात व्यक्तिहरूले बन्दुक र चक्कु प्रहार गरी हत्या गरे। हत्याराहरूले मृतककी पत्नी लैसन र छोरा जमिललाई समेत घाइते बनाएका थिए। यसैगरी विद्यानगर गाविस, बसवरिया गाउँका जियाउल मुसलमानलाई सोही राती अज्ञात व्यक्तिहरूले छुराले हानी हत्या गरेका थिए।

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	१	१
बलात्कृत	-	३
आत्महत्या	-	-

१.२ जेल

पुरानो भएतापनि यहाँको जेलको अवस्था त्यति नाजुक भने छैन। १ सय जना अटाउने क्षमता भएको यहाँको जेलमा हाल जम्मा ८७ जना बन्दीहरू राखिएका छन्। जसमा आरोपित बन्दी ३७ र दोषप्रमाणित बन्दी ५० जना रहेका छन्। त्यसमध्ये १ जना नाबालक छन्। सफा गर्ने व्यवस्था नभएकाले जेल दुर्गन्धित बन्दै गएको छ भने रोगीहरूलाई उपचार गराउने व्यवस्था राम्रो नभएको देखिन्छ।

१.३ गिरफ्तारी र यातना

यहाँ राजनैतिक कारण भन्दा पनि अन्य कारणबाट गिरफ्तारी र यातनाका घटनाहरू घट्ने गरेका छन्। नेपाल सद्भावना पार्टीले १० सूत्रीय मागहरू राखी भोक हड्ताल गरेको थियो। उक्त भोक हड्ताल कार्यक्रममा प्रहरीले सो पार्टीका असंख्य कार्यकर्तालाई विनापूर्जी गिरफ्तार गरेको थियो।

०५० बैशाख २९ गते शिवगढीका केही महिला तथा पुरूषहरू गरी १५ जना जति दाउरा लिन गएका थिए। वन सुरक्षा कार्यालयका कर्मचारीहरूले जनावर मारेर सुकुटी लिएर आएको आरोपमा ६ जनालाई गिरफ्तार गरे। त्यसपछि गाउँलेहरू जम्मा हुन थाले र वादविवाद बढ्न थाल्यो। हातपात र कुटपिट समेत भयो। केही व्यक्तिहरू सामान्य घाइते भए। त्यसको केही दिनपछि टीकाराम गोसाइँ, चुमलाल पोखरेल, लगायत ९ जनालाई वारेन्ट जारी गरी पक्राउ गरियो। प्रहरी हिरासतमा उनीहरूलाई यातना पनि दिइयो।

०५० असार ११ गतेको दैनिक लुम्बिनी पत्रिकामा प्रकाशित भएको समाचारबाट बेइज्जती हुने डरले प्रेम सिंह, सुरज वर्मा लगायतका व्यक्तिहरू उक्त पत्रिकाका सम्पादकलाई पिट्न भनेर गए। रक्सीले लठ्ठ परेका ती व्यक्तिहरूले सम्पादकको सट्टा पत्रिका वितरक देवेन्द्र केवटलाई बाटैमा भेटे र नराम्रोसंग पिट्दै मर्‍यो भनी तौलिहवा नगरपालिका स्थित इस्लाम अलीको घर नजिकको झ्याङमा फालेका

थिए। उनीहरूले केवटसंग रहेका पत्रिकाहरू पनि लुटेका थिए।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

गरीबी, अशिक्षा, पछौटेपन तथा चेतनाको अभावमा यहाँका जनताले कुनै पनि संवैधानिक अधिकारहरू पूर्णत उपभोग गर्न सकेका छैनन्।

२.२ धार्मिक स्वतन्त्रता

यो जिल्लामा धार्मिक विवाद तथा कलह जस्ता कुनै घटना घटेको पाइएन।

२.३ राजनैतिक स्वतन्त्रता

संविधानले जनतालाई दिएको राजनैतिक स्वतन्त्रताको अधिकारलाई कुण्ठित बनाउने उद्देश्यले खुलेआम कुनै घटना घटाइएको पाइँदैन। तापनि राजनीतिक प्रतिशोधका हिसावले विभिन्न घटनाहरू बेलाबेलामा घटिरहने गरेको पाइन्छ।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

कपिलवस्तु जिल्लामा व्याप्त गरीबी, पछौटेपन र चेनताको अभावमा जिल्लाबासीहरूले न्यायिक अधिकार पूर्णतः उपभोग गर्न सकेको पाइँदैन। यो वर्ष यहाँको जिल्ला अदालतमा विभिन्न खालका १ हजार १ सय ८३ वटा मुद्दाहरू दर्ता भएका थिए। जि.प्र.का.मा यस वर्ष ६३ वटा घटना दर्ज गरिएकोमा ३६ वटा जिल्ला अदालत पठाइयो। बाँकी उजूरी अनुसन्धानमा रहेको बताइयो।

३. भूमिहिन तथा सुकुम्बासी समस्या

यहाँ सुकुम्बासी समस्या त्यति चर्को रूपमा देखा परेको पाइँदैन। तापनि सुकुम्बासीहरूको संख्या भने केही मात्रामा रहेको पाइन्छ।

हथौसा गाविसको बरवामा मेघालयबाट लखेटिएका नेपालीहरूको १४ परिवार सुकुम्बासीको रूपमा रहेको पाइन्छ। त्यसैगरी गजेडा पटना, पथरदेइया आदि गाउँमा पनि केही सुकुम्बासीहरू रहेका छन्।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

कुलिका-३ खैटारी बस्ने १३ वर्षीया प्रमिला लोधलाई ०५० भदौ ४ गते गाउँकै छिमेकी राम मिलन खरविन, अनार जीत र कटेश्वर मुसलमानले बम्बै पुऱ्याएर बिक्री गरे। घरमा आमाबाबु नभएको बेला अभियुक्तहरूले प्रमिलालाई फकाएर घरमा भएको गहना र केही नगद पनि लिएका थिए।

सत्कार गेष्ट हाउसमा मारिएकी गोरी बुढाथोकी

गाउँलेहरूको सहयोगमा राममिलन र अनारजीत पक्राउ परेका छन् भने कटेश्वर भन्ने फरार छ।

बासखोर-५ बस्ने ४२ वर्षकी एक महिलालाई ०४९ चैत २७ गते सागर भन्ने शत्रुधन चाईले फूलौवा भन्ने नदीको छेउमा बलात्कार गऱ्यो। भारतको गोण्डाबस्ती वजार बस्ने एउटी महिला बहादुरगंजमा रहेका आफ्ना पतिलाई भेट्न आएको बेला डोटी तिजाली बस्ने ताराप्रसाद ओझा समेतले ०४९ माघ ९ गते बलात्कार गरेका थिए। त्यसैगरी ०५० पुस ६ गते चुनादेवीलाई अरूण कुमार नेपाल भन्ने व्यक्तिले बलात्कार गरेको थियो।

कालिका टोल बस्ने वर्ष १४ की वालमती कहारिन ०५० बैशाख १४ देखि बेपत्ता पारिएकी छिन्। प्रेमा कहरिन् र पम्पी धोविनले ती बालिकालाई जंगल जाउँ भनी लगेर बेपत्ता पारेको बताइन्छ। प्रेमा र पम्पीलाई कुनै कारबाही गरिएको छैन।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यो वर्ष जारी, वहुविवाह, देउकी, वदिनी आदि सम्वन्धी कुनै घटना घटेको कुरा सार्वजनिक जानकारीमा आएन।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यस जिल्लाको कूल जनसंख्याको झण्डै ७ प्रतिशत हरूवाहरू रहेका छन्। एक किसिमको दास सरह नै जीवन बिताउन विवश हरूवाहरू एउटा प्रथाकै रूपमा सधैं शोषित, सधैं पीडित र सधैं समस्याग्रस्त भएर रहँदै आएका छन्। एक गाँस खान बाहेक उनीहरूलाई केही पनि दिईंदैन। मागीहालेमा पनि मालिकको चर्को धम्की सहनु पर्ने हुन्छ।

५.२ अन्य अमानवीय व्यवहारहरू

गोटीहवा-९ का जगदेव पासी ०५० साउन २९ गते बन्दकीमा कमाएको खेतमा रोपाईं गर्न गएका थिए। त्यो खेत जग्गाधनीले त्यहींका जमिन्दार राम यादवलाई बेची सकेका थिए। जगदेव खेतमा काम गर्न भनेर पुग्ने बित्तिकै उनी र उनका परिवारमाथि कुटपिट भयो। जगदेव बेहोश भए। तत्काल प्रहरी आइपुगेकोले जगदेवको ज्यान बच्यो। तर उनी जिमिन्दारको यातनाले बिचल्लीमा परेका छन्।

६. आदिवासी अधिकार

कपिलवस्तु जिल्लामा आदिवासी सम्बन्धी उल्लेख्य कुनै घटना घटेको पाइएन।

७. बालअधिकार

यहाँका बहुसंख्यक बालबालिका विद्यालय जानबाट बञ्चित रहेका छन्। सानैदेखि उनीहरूलाई श्रममा लगाइन्छ। यहाँका कतिपय बालकहरू भारत गएर होटलमा काम गर्ने गरेको पाइन्छ।

कपिलवस्तुको तिलौराकोट हेर्ने निउँ बनाएर आएका केही पंजावीहरूले ४ जना बच्चाहरूलाई ०४९ माघ १४ गते अपहरण गरेका थिए। बालकहरूलाई अपहरण गरेको थाहा पाउनासाथ सम्बन्धित अभिभावकहरूले प्रहरीमा उजुरी गरेका थिए। अपहरण गरिएका बालकहरूमा १२ वर्षका उदयराज, १५ वर्षका विलोकीप्रसाद, १२ वर्षका दर्शन बडै सहित अर्का एकजना रहेका छन्। उनीहरूका बारेमा खोजी भइरहेको र यस काण्डमा कपिलवस्तुकै केही नेपालीहरूको गिरोह पनि संलग्न भएको बताइन्छ।

अतिरिक्त जानकारी

कृष्णनगर-५ का सीताराम यादव पसलमा पैसा गनिरहेको अवस्थामा ५ जना भारतीय लुटेराहरूले पेस्तोल देखाएर ६० हजार रूपियाँ लुटे। त्यो कुरा थाहा पाएर स्थानीय मान्छेहरूले लुटेराहरूलाई खेद्न थाले। तर लुटेराहरू हाते बम फालेर भाग्न सफल भए।

यो वर्ष यस जिल्लामा १५ वटा आत्महत्याका र २ वटा बहुविवाहका घटना घटेको बताइन्छ। तर सम्बन्धित व्यक्तिहरू नभेटिएका कारण त्यस सम्बन्धी तथ्य बुझ्न सकिएन।

निपुलीहवा-३ की १० कक्षामा अध्ययनरत १८ वर्षीया बसन्ती पौडेललाई ०४९ फागुन ११ गते विद्यालयबाट आइरहेको अवस्थामा लु.अ.ख. ७०३ नं. को ट्रकले किचेपछि तत्काल उनको मृत्यु भयो। ❑



३. पश्चिमाञ्चल

लुम्बिनी

३.११ अर्घाखाँची

जनसंख्या : १८०८८४
साक्षरता : ४३.० प्रतिशत
महिला साक्षरता : २९.५ प्रतिशत
क्षेत्रफल : ११९३ वर्ग कि.मी.

अर्घाखाँची जिल्ला राजनीतिक रूपले चेतनशील जिल्लाका रूपमा लिइने गरे पनि आर्थिक दृष्टिले भने पछौटे अवस्थामा नै रहेको छ। कृषि नै मूल पेशा रहेको अर्घाखाँची जिल्लाका बहुसंख्यक बासिन्दाहरू गरीबी, अशिक्षा र अज्ञानतामा रहन विवश छन्। मानवअधिकार उल्लंघनका दृष्टिले पहिलेदेखि नै परिचित अर्घाखाँची जिल्लाले यो वर्ष पनि आफ्नो उक्त परिचयलाई यथास्थानमा राखेको छ।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यो वर्ष अर्घाखाँची जिल्लाको कुनै पनि ठाउँमा गोली चलेको पाइएन। तर व्यक्तिगत रीस-इबी र झगडाको कारण हत्याका घटनाहरू भने घटेका छन्।

धनचौर-८ पाकुका फर्सुराम गैरेले ०४९ फागुन ७ गते आफ्नै पत्नी लक्ष्मी गैरेलाई दिउँसो १२ बजे आँगनमा घाम तापेर सुतिरहेको अवस्थामा पछाडिबाट छिया छिया हुने गरी कोदालोको पासाले टाउकोमा हानी हत्या गरे। अभियुक्तले आफ्नो बयानमा मृतक लक्ष्मी गैरेसंग रीस उठेका व्यक्तिहरूले चरीत्र सम्बन्धी शंका देखाईदिएका कारण हत्या गरेको बताएको छ। भारतमा नोकरी गर्ने अभियुक्त गैरे थुनामा छ र कानूनी कारबाही चलिरहेको छ।

अमातोस-३ घर भै हाल सन्धिखर्क-६ मा डेरा गरी बस्ने वर्ष २१ की तारा सुवेदीले अनुचित सम्बन्धबाट गर्भधारण गरेकी थिइन्। नीजले ०५० बैशाख ३० गते राती बच्चा जन्माई उक्त नवजात शिशुको हत्या गरेकी थिइन्। अभियुक्तलाई कानूनी कारबाही भइरहेछ। तारा सुवेदीसंग विवाह गर्ने प्रस्ताव राखी अर्घा गाविसको माधव भूपालले शारीरिक सम्बन्ध राख्दा गर्भधारण भएको बताइन्छ।

खाँचीकोट-१ का गणेशबहादुर गुरूङलाई ०५० कार्तिक १ गते टाउकामा दाउराले हानी स्थानीय अम्मरबहादुर रेग्मीले मरणासन्न र मुर्छित बनाए। घाइते गुरूङ्गलाई आवश्यक उपचार गर्न ल्याउँदा ल्याउँदै बाटैमा मृत्यु भयो। मृतक गणेशबहादुर, अभियुक्त अम्मरबहादुर र थानबहादुर एकै ठाउँमा रक्सी खाई रहेको अवस्थामा झगडा परेपछि मृतक गणेशबहादुरलाई अभियुक्तले प्रहार गरेको थियो। अभियुक्त अमरबहादुर फरार रहेको छ। पुर्पक्षका लागि थानबहादुर लाई हिरासतमा लिइएको छ।

१.२ जेल

अर्घाखाँची जिल्लामा कारागार छैन। यहाँका बन्दीहरूलाई गुल्मीको कारागारमा राख्ने गरिएको छ।

१.३ गिरफ्तारी र यातना

अर्घातोष-४ पोखेडाँडा बस्ने गोपाल दर्जीलाई सोही ठाउँ बस्ने विष्णुप्रसाद श्रेष्ठको घरमा चोरी गरेको भन्ने शंकामा २०४९ फागुन ९ गते बाटामा हिडिरहेको बेला बिनापूर्जा प्रहरीले गिरफ्तार गऱ्यो। प्रहरी थानामा लगिएपछि गोपाल दर्जीलाई दुवै खुट्टा साङ्लाले बाँधी, उल्टो पारेर झुण्डाई, कपाल समातेर माथि तान्ने र एक्कासी छाड्ने गरी यातना दिइयो। उनको टाउकाको रौं उखेलिएको थियो। उनलाई बेहोस हुनेगरी पाइतालामा पनि पिटिएको थियो। ०४९ फागुन १९ गते मानवअधिकार कार्यकर्ताले भेट्दा उनको पैतालामा रगत जमेको कालो खत स्पष्ट देखिन्थ्यो। जिल्ला प्रहरी कार्यालयमा ल्याएर बुझाएपछि पनि नाङ्गो पारेर उनलाई पिटिएको थियो। उनको बायाँ करङ्ग, कुम र चाकमा

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	१	४
बलात्कृत	२	-
आत्महत्या	-	१

यातनाबाट उत्पन्न भएका घाउहरू देख्न सकिन्थ्यो। यातनाका कारण उनलाई ज्वरो पनि आएको थियो। हाल उनी धरौटी राखेर तारेखमा छुटेका छन्।

राजनीतिक प्रतिशोध र व्यक्तिगत रीस-इबीका कारण यस्तो गरिएको हो भन्ने पीडितहरूको भनाइ छ। फर्सवा माविमा राहत दरबन्दी लिएर पढाउन गएका रामबहादुर मानवलाई स्कूल प्रशासनले हाजिर नगराएर पछि ०५० भदौ ६ मा दुई पक्षबीच कुटाकुट भयो। रामबहादुरले त्यो घटनालाई लिएर उजूर गरे। हाल उक्त विद्यालयका शिक्षक तथा विद्यार्थीहरूलाई मुद्दा लगाइएको छ। मुद्दा लगाइएकाहरूमा माधवराज ज्ञवाली, गणेश गौतम, विष्णु केसी लगायत ८ जना छन्।

ठाडा-२ स्थित गौचन होटलको कोठामा बसेर केही व्यक्तिहरू ०५० असोज १३ गते खानपीन गरिरहेको अवस्थामा राती १० बजे ठाडा चौकीको ड्यूटीमा रहेको प्रहरी बमबहादुर पराजुली संगीन चढाएको राइफल बोकेर पुगे। र हाकिमले बोलाएको छ भनेर राइफलको कुन्दाले हिर्काउँदै सुरेन्द्र बेल्वासे, कपिलदेव सिंह र पुरूषोत्तम बेलवासेलाई चौकीमा पुऱ्याइयो। स.ई. अमरबहादुरले सोधपुछ नै नगरी उनीहरूलाई मादक पदार्थ सेवन गरेको छ कि छैन भनी जँचाउन हेल्थपोष्ट प्रहरीहरूका साथ पठाए। त्यहाँ स्वास्थ सहायकलाई रक्सी खाएको भनेर लेख्न लगाई उनीहरूलाई रातभरी चीसो भूईमा राखियो। भोलिपल्ट विहान गाउँलेहरूले थाहा पाएर चौकी घेरे। त्यसपछि डराएर माफी माग्दै उनीहरूलाई छोडियो।

ढिकुरा-३ बस्ने नेत्रबहादुर दर्जी र सुन्दरबहादुर दर्जीलाई ०५० कार्तिक ११ गते माइकास्थानबाट बिनापूर्जी गिरफ्तार गरी कुटपिट गरेर यातना समेत दिइयो। यस जिल्लामा प्रत्येक वर्ष दशमीदेखि पूर्णिमासम्म दशैंमेला लाग्ने गर्छ। यो वर्ष पनि त्यो मेला लागेको थियो र कार्तिक ९ गते मेला लाग्ने माइकास्थानमा दर्जीहरू बाजा बजाइरहेका थिए। केही व्यक्तिहरू आएर बाजा बजाई रहेका दिल दर्जी र रंगबहादुर दर्जीलाई पिट्ने कुट्ने काम गरे। प्रहरी आफै रमिता हेरेर बसे भने गाविस पदाधिकारीहरूले पनि पिट्नेहरूकै पक्ष लिए। यही घटनालाई लिएर सुन्दरबहादुर दर्जी र नेत्रबहादुर दर्जीले ११ गते बाजा बजाउन इन्कार गरेपछि उनीहरूलाई मन्दीरको ढोका फोरेको आरोप लगाई यातना सहित ३ दिनसम्म थुनिएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

०५० असोज २ गते केरूङ्गा गाविसमा दुई थरी महिलाहरू दुईतिर बसेर तीजका गीतहरू गाइरहेका थिए। क्रान्तिकारी गीतहरू गाइरहेको प्रगतिशील महिलाहरू भएको ठाउँमा आएर केही हुल्याहा व्यक्तिले महिलाहरूलाई जिस्क्याउन थाले। ती हुल्याहा व्यक्तिहरूलाई त्यस्तो अभद्र व्यवहार नगर्न अधिवक्ता खेमराज खनालले आग्रह गर्दा गोविन्द पौडेल लगायतका व्यक्तिले उल्टो निज खनाललाई बाँसको लठ्ठीले हानी टाउको फुटाली दिए। सबैको भागाभाग भयो। घटनाको बारेमा प्रहरीलाई उजूरी गर्दा अभियुक्तहरूलाई कुनै पनि कारबाही गरिएन।

त्यस्तै ०५० असोज ५ गतेको नेपाल बन्दको सन्दर्भमा भगवती माविका शिक्षक र विद्यार्थीहरूले विद्यालय बन्द नगर्ने भनेपछि आन्दोलनकारी राजनीतिक व्यक्तिहरूले पढ्न चाहनेका लागि पढाउन खोज्ने शिक्षकहरू माथि हातपात गरेको बताइन्छ।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धर्म मान्नेहरूको बसोबास रहेको छ। तर ती सबैमा धार्मिक सहिष्णुता रहेको पाइन्छ।

२.३ राजनैतिक स्वतन्त्रता

उल्लेखित घटनामा बाहेक प्रहरी तथा प्रशासनबाट राजनैतिक स्वतन्त्रता प्रत्यक्ष हनन भएको पाइएन।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

अर्घाखाँची जिल्लामा व्याप्त गरीबी, अशिक्षा र सामाजिक चेतनाको अभावमा यहाँका जनताले सुगम र निष्पक्ष न्यायिक अधिकार उपभोग गर्न पाएका छैनन्।

यो वर्ष जिल्ला अदालतमा २६६ वटा मुद्दा दर्ता भएका थिए। जि.प्र.का.मा दर्ता भएका ४३ घटनामध्ये १९ वटाको कारबाही भएको पाइयो।

३. भूमिहिन तथा सुकुम्बासी समस्या

यहाँ भूमिहिन तथा सुकुम्वासी समस्या उल्लेख्य रूपमा देखा परेको पाइएन।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

चुत्राबेसी बजारमा बस्ने सावित्रा रायमाझी र देवकला आचार्यलाई ०४९ चैत २२ गतेका दिन जोगीमारे बस्ने हेमराज भुसालले भारत लगी बिक्री गर्ने सुरसार गरिरहेको अवस्थामा नेपाली एकता समाजका व्यक्तिहरूले भेटी ती दुई महिलालाई आफ्नो संरक्षणमा लिए भने अभियुक्त हेमराज फरार भयो। सावित्रा र देवकला नेपाल आई जिल्ला प्रहरी कार्यालय अर्घाखाचीमा किटानी उजूरी दिएका छन्। यो वर्ष बलात्कारको घटना सार्वजनिक रूपमा प्रकट भएको पाइएन।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यहाँ जारी, देउकी र वदिनी समस्या उल्लेख्य रूपमा रहेको पाईदैन। यो वर्ष एउटा बहुविवाहको घटना घटेको पाइएको छ।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यहाँ दासत्वको प्रथा उल्लेखनीय रूपमा रहेको पाईँदैन।

५.२ अन्य अमानवीय व्यवहारहरू

ठूलो पोखरा-२ बस्ने रामबहादुर क्षेत्रीले सोही ठाउँ बस्ने ३७ वर्षीया निर्मला थापालाई बोक्सीको आरोप लगाई ०५० असोज ५ गते उनको घरमा ढुंगा हान्दै काटेर मार्ने धम्की दिएका थिए।

त्यस्तै ठूलापोखरा-३ बस्ने ६५ वर्षीया पार्वती अधिकारीलाई पनि बोक्सीको आरोप लगाई उनकै सौतेलो छोराले राती घरमा आक्रमण गरी तोडफोड समेत गरेका थिए।

६ आदिवासी अधिकार

अर्घाखाँची जिल्लामा आदिवासी सम्बन्धी घटना घटेको जानकारी पाइएन।

७. बालअधिकार

बालबालिकालाई विद्यालय नपठाउनु र त्यसको सट्टा घरायसी काम, खेतवारीको काम र गोठालो जाने काममा लगाउनु नै यहाँको बालअधिकार हननका ज्वलन्त नमूना हुन्। त्यस बाहेक बालबालिकाले सानो गल्ती गर्दा पनि बाबु आमाले नराम्रोसंग पिट्ने र यातना दिने प्रचलन पनि यहाँ रहेको छ।

अतिरिक्त जानकारी

०५० **बैशाख** १८ गते नरपानी-६ रातटाटीको माटोखानीमा ढिस्कोले पुरी २ जनाको मृत्यु भयो भने ३ जना घाइते भए। मर्नेमा दुर्गा भुसाल र सरस्वती खनाल थिए। घाइते हुनेमा ३ जना बालिका छन्।

अमराई बजार बस्ने इन्द्रबहादुर खड्काले ०५० असोज ९ गते आफ्नो घाँटी आफैले रेटी आत्महत्या गरे। निजले सामाजिक उल्झनबाट विक्षिप्त बनी आत्महत्या गरेको बताइन्छ।

जनै पूर्णीमाको दिन आफ्नो ससुराली जान भनी हिडेको सिमलपारी-९ का मणिराम भट्टराईलाई गंगा खोलाले बगाई मृत्यु हुन गएको छ। ❑



३. पश्चिमाञ्चल

लुम्बिनी

३.१२ गुल्मी

जनसंख्या : २६६३३१
साक्षरता : ४६.७ प्रतिशत
महिला साक्षरता : ३९ प्रतिशत
क्षेत्रफल : ११४९ वर्ग कि.मी.

गुल्मी जिल्ला राजनैतिक रूपले अलि बढी सचेत रहेको मानिए पनि आर्थिक रूपले भने त्यति अगाडि बढ्न सकेको पाइँदैन। मानवअधिकार हननका दृष्टिले यो जिल्ला धेरै चर्चामा नरहे पनि संविधान प्रदत्त जनताको मौलिक अधिकार हनन गर्ने खालका घटनाहरू घटेको पाइन्छन्।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यो वर्ष वामी बजारमा विद्यार्थी-विद्यार्थी झगडाका कारण गोली चलेको थियो। तर गोलीका कारणबाट हत्याको घटना घटेन। त्यस बाहेक अन्य खालका हत्याका घटना भने घटेका छन्।

गुल्मी अमरअर्वाथोक घर भएकी लछीमा कामीलाई सोही ठाउँमा बस्ने भीमबहादुर ठेंगाले गर्भधारण गराएका थिए। लछीमा अछूत जातकी भएकीले आफ्नो इज्जत जाने डरले भीमबहादुरले उनलाई ०५० असार ३२ गते कुटपिट गरी उनको हत्या गऱ्यो। लछीमा झुण्डी मरेको भन्ने गराउनका लागि मारेर कोठामा झुण्ड्याइएको थियो। अभियुक्त भारतमै रहेकाले कारबाही भए नभएको थाहा हुन सकेको छैन।

गुल्मी हुंगा गाउँ-७ निवासी सीतादेवी अधिकारीले आफ्नो छोरा वर्ष १४ को नेत्रबहादुर अधिकारी र ७ वर्षीया छोरी सरस्वती अधिकारीलाई हँसिया र बञ्चरो प्रहार गरी ०५० असोज २२ गते निर्मम रूपले हत्या गरिन्। छोरा-छोरीलाई मारी सकेपछि अर्को दिन उनले आफ्नै गोठको भैंसीलाई पनि बञ्चरोले काटेर मारेकी थिइन्। अभियुक्त सीतादेवीलाई तत्काल प्रहरीले गिरफ्तार गरेको थियो भने अदालतमा बयान दिंदा उनले आफूले पाएर हुर्काएका आफ्नै छोराछोरी भगवानलाई चढाएकी हुँ भनेकी छिन्।

घटनाको प्रकृति	घटना संख्या १९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	२	४
बलात्कृत	-	२
आत्महत्या	-	-

१.२ जेल

गुल्मी जिल्लाको सदरमुकाम रहेको कारागार तम्घास-२ मा पर्दछ। यो जेलको क्षेत्रफल ६-१-२-० रोपनी रहेको छ। जेलको छानो कर्कट पाताको भएता पनि वर्षायाममा पानी चुहिन्छ। भवनको गारो जीर्ण अवस्थामा छ तर मर्मत तथा सम्भारका लागि कुनै प्रयास गरिएको पाइँदैन।

जेलका बन्दीहरूलाई कुनै सीप वा इलम संचालन गर्न दिइएको छैन। जेलभित्र रोजगारीको व्यवस्था हुनु पर्ने, कपाल काट्ने नाउ र च्यामेको व्यवस्था हुनु पर्ने तथा टेलिभिजन उपलब्ध गराउनु पर्ने कुरा बन्दीहरू बताउँछन्। यहाँको जेलमा आरोपित बन्दी २१ जना र दोष प्रमाणित बन्दी ७ जना गरी जम्मा २८ जना बन्दीहरू रहेका छन्। बन्दीहरूमा पुरुष २५, महिला ३ र नाबालक ३ जना गरी कूल ३१ जना रहेका छन्।

१.३ गिरफ्तारी र यातना

०५० असारदेखि संचालित वाम आन्दोलनका क्रममा यहाँ जथाभावी गिरफ्तारी गर्ने, यातना दिने र झूठा मुद्दा लगाउने जस्ता कारबाहीहरू थुप्रै भएका छन्।

०५० साउन ३ गते तम्घासमा वामपन्थीहरूले निकालेको शान्तिपूर्ण मसाल जुलुसमा एक्कासी प्रहरीहरूले लाठीचार्ज गरे। लाठीचार्जबाट मच्छिन्द्र शाक्यको दाहिने हात भाँचिन पुग्यो भने नयाँगाउँ गाविस उपाध्यक्ष कुसुम मल्लको टाउको रगताम्य हुन पुग्यो। त्यसरी नै अरू थुप्रै राजनैतिक कार्यकर्ता घाइते भए। नेकपा (एमाले) का कार्यकर्ता महेन्द्र राना सहित ४ जनालाई गिरफ्तार गरेर मुद्दा समेत लगाइयो। महेन्द्र रानालाई २५ दिनसम्म हिरासतमा राखेर धरौटीमा

छाडिएको थियो। त्यसैगरी एमाले कार्यकर्ता किशोर आचार्य, जंगबहादुर नेपाली, अग्निधर लोहनी र नारायण पोखरेललाई प्रहरीले कुटपिट गर्ने र धम्क्याउने काम गरेका थिए।

अमर अर्वाथोक-५ बस्ने कृष्णबहादुर मिधुनूलाई जबर्जस्ती करणीको मुद्दा लगाई ०५० भदौ २४ गते गिरफ्तार गरिएको छ। हिरासतमै निजलाई प्रहरी हवल्दार मुक्तिप्रसादले कुटपिट गरी यातना समेत दिइएको पाइयो।

वामीबजार स्थित विद्यालय नजिकै ०५० भदौ २९ गते नेविसंघ र अखिलका विद्यार्थी बीच झगडा भयो र ढुंगा हानाहान हुन थाल्यो। झगडाका कारण नजिकै रहेको बेगप्रसाद शाक्यको घरको झ्यालमा सीसाहरू फुटे। विद्यार्थी बीचको भीडन्त चर्किंदै गएपछि प्रहरी आइपुग्यो र हवाई फायर गऱ्यो, सबै भागे। तर त्यो घटनासंग असम्बद्ध व्यक्तिलाई गिरफ्तार गरेर सार्वजनिक अपराधको मुद्दा लगाइयो। त्यस्तो झूठो आरोप लगाइएकाहरूमा नेकपा (एमाले) का राजकुमार श्रेष्ठ, नेकपा (मसाल) का मोहन श्रेष्ठ आदि रहेका छन्।

गुल्मी कारागार शाखाको मूल ढोका

त्यसरी नै जैसीथोकका चिरञ्जीवी भण्डारीलाई बिना कारण गिरफ्तार गरिएको थियो।

तम्घास-७ सुनार बस्ने केशव बराल, चन्द्र बराल, र रामु बराल ०५० असोज ८ गते साँझ आठ बजेतिर रक्सी खाई घरतिर जान लागेको बेला बाटामा प्रहरीले फेलापारी गिरफ्तार गऱ्यो। उनीहरूलाई बाटामा पनि पिट्दै लगिएको थियो भने प्रहरी कार्यालयमा पुऱ्याएपछि अरू खालका यातना पनि दिइयो। अ.स.ई. ध्रुवविक्रम शाहले बक्सीङ्ग हिर्काउँदा र डण्डाले पिट्दा केशव बराल बेहोस हुन पुगेका थिए र उनलाई तम्घास अस्पतालमा भर्ना गर्नु परेको थियो। रक्सी खाएको कुरामा यति ठूलो यातना दिइएकोमा यहाँको राजनीतिक पार्टीदेखि सर्वसाधारणसम्मले ठूलो विरोध जनाएका थिए।

तम्घासमा एमाले कार्यकर्ता चिरञ्जीवीलाल चुकेलाई ०५० असोज ११ गते बिनापूर्जी पक्राउ गरी प्रहरी निरीक्षक रोवरबहादुर बस्नेतले विभिन्न खालका यातनाहरू दिए। पुलिससंग सवाल जवाफ गऱ्यो भन्ने मिथ्या आरोप लगाई दुई दिनसम्म थुनेर ०५० असोज १३ गते चुकेलाई छाडिएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

यहाँका जनताको अभिव्यक्ति स्वतन्त्रता तथा भेला हुने र संगठित हुने अधिकारलाई कुण्ठित बनाउने खालका प्रहरी दमनहरू हुने गरेका छन्। शान्तिपूर्ण रूपमा विरोध कार्यक्रमहरू संचालन गर्दा पनि भीडमा लाठीचार्ज गर्ने, घाइते बनाउने र गिरफ्तार गरेर झूठा मुद्दाहरू लगाउने जस्ता क्रियाकलापलाई हेर्दा यहाँ भेला हुने र संगठित हुने संविधान प्रदत्त मौलिक अधिकारको हनन भएको स्पष्ट हुन्छ।

त्यसबाहेक वैचारिक मतभिन्नताकै कारण मान्छेलाई दुःख दिने काम पनि गुल्मीमा हुने गरेको छ। कर्मचारी र शिक्षकहरूलाई प्रतिशोधपूर्ण तरीकाले दुःख दिइने गरेको छ। वामपन्थी दलहरूले चलाएको आन्दोलनमा सहयोग पुऱ्याएको भन्ने आरोपमा ६२ जना शिक्षकलाई स्पष्टिकरण सोधिएको थियो भने वामीटक्सार मा.वि. का शिक्षकद्वय रामचन्द्र श्रेष्ठ र कृष्णबहादुर काफ्लेलाई अपायक एवं दुर्गम ठाउँमा सरूवा गरिएको थियो। त्यस्तै कर्मचारी टीकाबहादुर जी.सी. र टेकबहादुर जि.सी.लाई पनि अपायक ठाउँमा सरूवा गरिएको थियो।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ आ-आफ्नो धर्मको पालना गर्न र त्यसको प्रचार-प्रसार गर्न सबै स्वतन्त्र रहेका छन्।

२.३ राजनैतिक स्वतन्त्रता

संविधानले प्रत्येक नागरिकलाई राजनीतिक स्वतन्त्रताको अधिकार प्रदान गरे पनि गुल्मी जिल्लामा प्रशासनिक क्षेत्रबाट त्यसको परिपालना भएको पाइँदैन। अन्य कारण केही नभए पनि कम्युनिस्ट भएकै कारण गिरफ्तार गरेर मान्छेलाई दुःख दिने गरेका घटना पनि यहाँ छन्, जसको उदाहरणको रूपमा माथि उल्लेखित महेन्द्र रानाको गिरफ्तारी र उनलाई लगाइएको मुद्दालाई लिन सकिन्छ।

०५० असार ३१ गते एमाले कार्यकर्ता सोमनाथ

सापकोटा सहित ३ जना नयाँ बजार अमर होटलमा खाजा खाइरहेको बेलामा नेकाका आनन्द श्रेष्ठ सहित ५ जना आएर कुटपिट गरेर बेहोस बनाए। तर कारबाही भने भएन। पिटाइ खाने पक्षलाई नै हुलदंगा गरेको आरोप लगाई पिडकहरूलाई स्वतन्त्र छोडियो।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

गरीबी, अज्ञानता तथा पछौटेपनका कारण यहाँका अधिकांश जनता सुगम र निष्पक्ष न्यायिक अधिकारबाट बञ्चित रहेका छन्। यहाँका जनता सकेसम्म अदालत नै जान चाहँदैनन्। गई हाले भने न्याय पाउने कुरा भन्दा पनि झन्झट ब्यहोर्नु परेको महसुस गर्दछन्।

यो वर्ष गुल्मी जिल्ला अदालतमा विभिन्न किसिमका गरी ४ सय वटा मुद्दाहरू दर्ता भएका छन्। जिल्ला प्रहरी कार्यालयमा ७३ घटना दर्ज गरिएको थियो।

३. भूमिहिन तथा सुकुम्बासी समस्या

यो वर्ष गुल्मीमा भूमिहिन तथा सुकुम्बासी समस्या प्रकट भएको पाइएन।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

जुमुङ्ग-१ निवासी तेजबहादुर खड्काले स्थानीय अपाङ्ग महिला सीता खड्कासंग २०४१ सालदेखि अवैध सम्बन्ध राख्दै आएका थिए। यसै क्रममा २०४२ सालमा एउटा छोरा जन्मियो। सीताले तेजबहादुरसंग अंश माग गरिन्। तर तेजबहादुरले तेरो र मेरो के सम्बन्ध छ र अंश दिनु भने। त्यसपछि सीता अदालत पुगिन्। अदालतको निर्णयले उनलाई अंश त प्राप्त भयो तर त्यो अत्यन्तै न्यून छ। लोग्नेले वास्ता नगरेको र आफू पनि अपाङ्ग भएका कारण छोरालाई हुर्काउन पनि सीतालाई मुश्किल परिरहेको छ।

०५० साउन २३ गते दिउँसो पूर्तिघाट बजारको चौरमा ६ वर्षीया बालिकालाई सोही ठाउँ बस्ने १६ वर्षीय लालकुमार श्रेष्ठले जबर्जस्ती करणी गऱ्यो। बालिका बेहोश भइन्। हेल्थपोष्टमा परिक्षण गर्दा बलात्कार ठहरियो। तर पनि शान्तिपुर थानाका थानेदारले अभियुक्तउपर कारबाही गर्न नचाहे पछि जनताले विरोध गरे। त्यसपछि मात्र अभियुक्तलाई गिरफ्तार गरियो। अदालतले ७ हजार धरौटीमा अभियुक्तलाई छोडेको छ।

अमर अर्वाथोक-७ बस्ने तुलसीकुमारी श्रेष्ठलाई दुई जना गुण्डा खालका व्यक्तिले ०५० भदौ २६ गते बलात्कार गर्न खोजेका थिए तर तुलसी कराएका कारण त्यस्तो घटना घट्न पाएन। अभियुक्तहरू गिरफ्तार भए।

पिपलधारा-६ निवासी ३० वर्षीया एउटी युवतीलाई एकजना शिक्षकले ०५० मंसीर २१ गते जवर्जस्ती बलात्कार गऱ्यो। घटनास्थलबाट तत्काल भाग्न सफल भएको अभियुक्तलाई अहिलेसम्म कुनै कारबाही भएको छैन।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यो वर्ष गुल्मीमा बहुविवाहको घटना सार्वजनिक जानकारीमा आएन। त्यस्तै जारी, देउकी र वदिनीका समस्या पनि त्यति चर्को रूपमा देखा परेको पाइएन।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यहाँ प्रत्यक्ष दासत्वको व्यवस्था पाइँदैन। तर हली राखेर वर्षेनी खेतबारी जोताउने र त्यस्तो हलीलाई दास सरह नै ठान्ने प्रचलन भने रहेको छ।

५.२ अन्य अमानवीय व्यवहारहरू

माथिल्लो जातका भनाउँदाहरूबाट तल्लो जातका अछूत भनिनेहरूलाई तिरस्कार गर्ने परम्परा यहाँ रहेको छ। त्यस बाहेक मानवअधिकार सम्बन्धी अन्य अमानवीय व्यवहारहरू भएको र सार्वजनिक जानकारीमा आएको पाइएन।

६ आदिवासी अधिकार

गुल्मी जिल्लामा आदिवासी सम्बन्धी कुनै घटना घटेको वा त्यस सम्बन्धी कुनै समस्या प्रकट भएको पाइएन।

७. बालअधिकार

विद्यालय गएर अध्ययन गर्ने अधिकारबाट यहाँका बहुसंख्यक बालबालिकाहरू बञ्चित रहेका छन्। त्यस बाहेक १४ वर्ष मुनिका बालबालिकालाई कठोर श्रममा लगाएर बालबालिकाको शोषण गर्ने रीति पनि यहाँ रहेको छ भने छोरा र छोरीमा भेदभाव गर्ने चलन पनि व्यापक रूपमा रहेको पाइन्छ।

अतिरिक्त जानकारी

तम्घास निवासी युद्धध्वज जीसी र सिर्सेनी निवासी धनबहादुर थापालाई राजनीतिक प्रतिशोधका कारण आनन्द श्रेष्ठ, नवराज श्रेष्ठ, कैलाश बन्जाज, भीमप्रसाद श्रेष्ठ लगायतका ब्यक्तिले निर्घात रूपमा पिटेका थिए। तर अभियुक्तहरूप्रति कुनै कारबाही नगरिएको कुरा पीडित पक्षको रहेको छ।

त्यसरी नै अखिल पक्षीय विद्यार्थी खिमबहादुर रानालाई तम्घासमा स्थानीय नवराज श्रेष्ठ, आनन्द श्रेष्ठ लगायतका व्यक्तिले कुटपिट गरेकोमा पिडक पक्षलाई कुनै कारबाही गरिएन भन्ने कुरा पीडित पक्षको रहेको छ। ❑



३. पश्चिमाञ्चल

धवलागिरी

३.१३ वाग्लुङ्ग

जनसंख्या : २३२४८६
साक्षरता : ४०.५ प्रतिशत
महिला साक्षरता : २७.१ प्रतिशत
क्षेत्रफल : १७८४ वर्ग कि.मी.

वाग्लुङ जिल्ला यसको सदरमुकाम वाग्लुङ बजारलाई अलग गरेर हेर्ने हो भने विकट नै मान्नु पर्छ। जनतामा व्याप्त अज्ञानता, अशिक्षा, शोषण, गरीबी जस्ता कुराहरूले गर्दा यहाँ संविधान प्रदत्त अधिकारको बारेमा जनता स्वयं अनभिज्ञ रहेका देखिन्छन्। फलस्वरूप यहाँ मानवअधिकार हननको घटनाहरू बारम्बार घटिरहेका पाइन्छन्।

१ सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यो वर्ष गोली हानेर कसैको हत्या गरेको घटना वाग्लुङ जिल्लामा घटेको पाइएन। तर हत्याका घटनाहरू भने घटेका छन्।

मालिका-८ बस्ने वन समितिका सचिव तीर्थलाल सापकोटालाई ०५० जेठ २६ गते मूलपानी गाविसको मैदान नजिकै मृत अवस्थामा फेला पारियो। लाशको प्रकृति हेर्दा हत्या गरेको आशंका छ। सोही अनुरूप मृतककी पत्नी तुलसीकला सापकोटाले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। उनको जाहेरीका आधारमा स्थानीय लाल सिंह र मान सिंह सार्कीलाई थुनामा राख्ने आदेश जिल्ला अदालतले दिएको छ। वन फँडानी गर्नेहरूको नाममा उजूरी गरे वापत तीर्थलालको हत्या गरिएको हो भन्ने भनाई धेरैको रहेको छ। केही वर्ष अघि बलात्कारको घटनामा पक्राउ परेका एकजना बन्दीको प्रहरी यातनाकै कारण यो वर्ष मृत्यु भएको छ।

अधिकारीचौर-५ बस्ने ५० वर्षीया मंसिरा बुढा अविवाहित थिइन् र उनी बहिनी प्रभा बुढासँगै बस्दथिन्। ०५० असार २२ गते बहिनी प्रभा ढोरपाटनमा मेला हेर्न गएकी थिइन् र घरमा मंसीरा एक्लै थिइन्। त्यही मौकामा उनको भदा नरबहादुर बुढा फुपूलाई भेट्न भनेर रात बस्ने गरी आयो। मध्यरातमा मंसीरा सुतिरहेको ठाउँमा गएर नरबहादुरले ढुंगाले टाउकामा हानेर मंसीराको हत्या गर्‍यो। त्यसपछि त्यो घरमा भएका गर-गहनाका साथै नगद रूपैया २५ हजार समेत लिएर नरबहादुर भाग्यो। मृतककी बहिनीले घटना थाहा पाउने बित्तिकै प्रहरीमा खबर गरिन्। भागेर लुकिछिपी बसेको नरबहादुर पक्राउ पर्‍यो र ०५० साउन १३ गते निजले प्रहरी समक्ष साबिती बयान समेत दिएको छ।

१.२ जेल

यहाँको जेलमा २५ जनासम्म बन्दीहरू राख्न सकिने क्षमता छ तर हाल यो जेलमा पुरूष ३० र महिला ५ गरी जम्मा ३५ जना बन्दीहरू रहेका छन्। अधिकांश बन्दीहरू चोरी, कुटपिट र ज्यान मुद्दाको कारण थुनिएका छन्। हाल जेलमा प्राप्त भैरहेको सुविधाप्रति बन्दीहरूको धारणा त्यति धेरै नकारात्मक रहेको पाइएन। ०५० असोजमा यहाँका केही बन्दीहरूले केही माग राखी भोक हड्ताल गरेका थिए।

१.३ गिरफ्तारी र यातना

बोहरा गाउँ निवासी तथा नेपाल राष्ट्रिय शिक्षक संगठनसंग आबद्ध भागीरथ भट्टराई ०५० जेठ १४ गते नेराशिसंको बैठकमा भाग लिनका लागि वाग्लुङतिर जान लागेका थिए। बाटोमा झेवाखोला माविमा कक्षा ८ मा अध्ययनरत १७ वर्षीय युवक दमबहादुर बुढालाई ज्यान मार्ने उद्योग गरेको आरोपमा ३ जना प्रहरीले हथकडी लगाएर ल्याइरहेका थिए र गाउँलेहरू बिनापूर्जी हथकडी लगाएर लान पाइँदैन भनेर कराइ रहेका थिए। गाउँलेहरूले विरोध गरेपछि

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	१	१
बलात्कृत	-	-
प्रहरीको यातनाले मृत्यु	-	१
प्रहरीको हत्या	१	-
आत्महत्या		-

प्रहरीले हथकडी फिकिदिए। त्यसपछि पनि बिनापूर्जी पक्राउ गर्न नपाइने कुरालाई लिएर विवाद भई नै रह्यो। दमबहादुरको जाँच पनि भएको हुँदा छोडिदिन थुप्रै विद्यार्थीहरूले पनि आग्रह गरे। सबैले गिरफ्तारीको विरोध गरेको देखेपछि उनलाई छोडियो। तर पछि वाग्लुङ बजारको प्रेरणा पुस्तक पसलमा बसिरहेका भागीरथ भट्टराईलाई बिना कारण, बिनापूर्जी ०५० असोज २२ गते गिरफ्तार गरियो। उनलाई बीच बाटोमा हुलहुज्जत गरी अपराधीलाई उम्काएको आरोप लगाएर सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलाइएको छ। हाल उनलाई वाग्लुङ कारागारमा राखिएको छ।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

संविधानले प्रत्येक नागरिकलाई आफ्ना विचारहरू अभिव्यक्त गर्ने, भेला हुने र संगठित हुने अधिकार प्रदान गरे पनि यहाँ जनताले निर्बाध रूपमा त्यसको उपभोग गर्न पाएका छैनन्। खासगरी सत्तापक्षबाट विपक्षीहरूमाथि झुठा मुद्दा लगाउने, धम्कीहरू दिने र गिरफ्तार गराउने क्रियाकलाप हुने गरेको पाइन्छ।

२.२ धार्मिक स्वतन्त्रता

वाग्लुङ जिल्लामा आ-आफ्नो धार्मिक आस्थाको प्रचार प्रसार गर्न स्वतन्त्र छन्। धर्मकै कारण यहाँ कुनै विवाद र झै-झगडा हुने गरेको पाईंदैन।

२.३ राजनैतिक स्वतन्त्रता

यहाँ शिक्षक र कर्मचारीमाथि सत्तापक्षबाट पूर्वाग्रहीपूर्ण क्रियाकलाप वा कारवाही हुने गरेको देखिन्छ। सत्तापक्षीय राजनीतिमा नलाग्ने सर्वसाधारण जनता पनि गाउँ -गाउँमा हुने सत्तापक्षका मान्छेहरूको राजनीतिक धम्कीबाट मुक्त छैनन्। त्यसैले पनि यहाँ अधिकांश जनता आफ्नो राजनीतिक विचार बताउन डराउँछन्।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

चेतनाको अभाव, अशिक्षा, गरीबी जस्ता कुराहरूले गर्दा यहाँका बहुसंख्यक जनता सुगम र निष्पक्ष न्यायिक अधिकारबाट बञ्चित रहेका छन्। गरीबहरूका लागि अदालत पनि महंगो बन्दै गएको गुनासो धेरैको रहेको छ। यहाँको जिल्ला अदालतमा यो वर्ष दर्ता भएका मुद्दाहरूको संख्या २ सय ३३ रहेको छ। जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका मध्ये ५० वटा भन्दा बढी सार्वजनिक अपराधका थिए।

३. भूमिहिन तथा सुकुम्बासी समस्या

यो जिल्लामा भूमिहिन तथा सुकुम्बासीहरू पनि रहेका छन्। तर उनीहरूको समस्या विकराल रूपमा देखिएको पाइँदैन।

४. महिला अधिकार

वाग्लुङ जिल्ला रिधा-६ मा बस्ने श्री रत्नलक्ष्मी माविमा अध्ययनरत कमला सर्किनीसंग सोही विद्यालयमा पढ्दै गरेको टोपबहादुर थापमगरको शारीरिक सम्बन्ध भएर कमला गर्भवती भइन्। गाउँलेहरूको छलफलबाट टोपबहादुरले कमलालाई स्वीकार गर्नु पर्ने निर्णय भयो र उनी टोपबहादुरको घरमा गइन्। तर अछूत जातको भनी उनलाई त्यहाँ बस्न दिइएन। त्यसपछि उनी अदालतमा पुगी अंश मुद्दा हालिन्। टोपबहादुर अंश दिन इन्कार गरी भारततिर लागेका छन् भने कमला बेहाल स्थितिमा रहेकी छिन्।

४.१ महिला किनबेच र बलात्कार

यो वर्ष बलात्कार र महिला किनबेचको घटना सार्वजनिक जानकारीमा आएन।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

जारी, देउकी र वदिनी प्रथा यहाँ उल्लेख्य रूपमा देखा परेन। त्यस्तै यो वर्ष बहुविवाहको घटना पनि सार्वजनिक रूपमा प्रकट भएन।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

वाग्लुङ जिल्लामा दासत्व सम्बन्धी समस्या देखा परेको पाइँदैन।

५.२ अन्य अमानवीय व्यवहारहरू

यहाँ छुवाछूतको भावनाले तल्ला जातका भनिने मान्छेहरूको मानवअधिकार हनन गरिरहेको कुरा स्पष्ट रूपले देख्न सकिन्छ।

६. आदिवासी अधिकार

यो जिल्लामा आदिवासी समस्या सार्वजनिक रूपमा प्रकट भएको पाइँदैन।

७. बालअधिकार

यहाँ बालबालिकाहरूलाई खेतबारीको कठिन काममा समेत लगाइने गरेको पाइन्छ। पढ्ने लेख्ने अधिकारबाट बहुसंख्यक बालबालिका बञ्चित रहेका छन्। छोरा र छोरीमा भेदभाव गर्ने चलन यहाँ पनि व्यापक रूपमा रहेको पाइन्छ।

अतिरिक्त जानकारी

नेपाल बैंक लि., हरिचौर उपशाखाका प्रबन्धक खोजराज खनालको ०४९ चैत २२ गते पानीको कुलोबाट भीरतर्फ लडी खोलामा परेर मृत्यु भएको छ। लमजुङबाट बसाइँ सरी चितवनमा बसोबास गर्दै आएका खनालको मृत्युका सम्बन्धमा विभिन्न शंकाहरू पनि उत्पन्न भएका छन्। यो घटनालाई कसैले हत्या भनेका छन् भने कसैले आत्महत्या पनि भन्ने गरेका छन्। यस सम्बन्धमा अनुसन्धानको क्रम जारी रहेको छ। ❑



३. पश्चिमाञ्चल

धवलागिरी

३.१४ पर्वत

जनसंख्या : १४३५४७
साक्षरता : ५१.७ प्रतिशत
महिला साक्षरता : ३८.० प्रतिशत
क्षेत्रफल : ४९४ वर्ग कि.मी.

पर्वत जिल्ला नेपालका साना जिल्लाहरू मध्येको एउटा जिल्ला हो। कृषि नै प्रमुख पेशा भएको यो जिल्ला राजनैतिक रूपले त्यति सचेत ठानिदैन। मानवअधिकार हननका दृष्टिले यो जिल्ला पनि अछूतो रहन सकेको छैन।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

पर्वत जिल्लाको पिपलटार-८ निवासी कमल बहादुर केसी ०५० बैशाख २८ गते कुश्माबाट सामान किनेर घर फर्किंदा कटुवा चौपारी-४ स्थित एउटा भट्टीमा रक्सी खान बसेका थिए। रक्सी खाँदै जाँदा अरू पनि रक्सी खाइरहेका व्यक्तिहरू कृष्णप्रसाद श्रेष्ठ, डल्लु घर्ती, गोविन्दप्रसाद श्रेष्ठ, अर्जुनदास बैरागी आदिसंग झगडा पर्न थाल्यो। र कमलबहादुरले जथाभावी गाली गलौज गर्न थाले। त्यही रीसमा कृष्णप्रसाद, गोविन्दप्रसाद, डल्लु घर्ती लगायतका व्यक्तिले उनलाई बाहिर निकाली पिट्दै गुठीचौरको डीलमा पुऱ्याएर भीरबाट लडाई दिए। कमलबहादुर के.सी.को मृत्यु भयो। कृष्णप्रसाद श्रेष्ठ, गोविन्दप्रसाद श्रेष्ठ लगायत ५ व्यक्तिलाई पक्राउ गरी कारबाही चलिरहेको छ।

कुर्मा गाउँकी देउरूपा पौडेल, उनका छोरा र छोरी समेत भएर कुर्माकै डुम्रप्रसाद जैसीलाई हत्या गरेको आरोपमा कारबाही चलिरहेको छ। देउपुरकोटमा दुई समूहकाबीच ०५० बैशाख १ गते एउटा विवाहको समयमा झगडा हुँदा खुकुरी प्रहार गरी हत्या गरिएको थियो।

१.२ जेल

यहाँको जेलको अवस्था सामान्य खालको छ। हाल यो जेलमा २६ जना बन्दीहरू रहेका छन्। कारागार भित्र बन्दीहरूलाई खेलकूद, मनोरञ्जन, पत्रपत्रिका र स्वास्थ्यको सुविधा नियमानुसार प्राप्त भएको छैन। पर्याप्त बजेट नभएकोले बन्दीहरूलाई नियमानुसार उपलब्ध गराउनु पर्ने सुविधा उपलब्ध गराउन नसकिएको कुरा जेलर बताउँछन्। यस जेलमा १५ आरोपित, ११ दोष प्रमाणित बन्दी रहेकोमा २५ पुरूष, १ महिला र १ बालक छन्।

१.३ गिरफ्तारी र यातना

बाजुङ्ग-२ माउले खोला नजिक मोटरबाटोमा ०४९ माघ ७ गते बाग्लुङ्ग तर्फ गईरहेको बा.अ.ख. ४३८९ को ट्रक रोकी, ढुंगामुढा गरेर ड्राइभर र यात्रु समेतलाई कुटपिट गरेको आरोपमा सुनील गुरूङ्ग, अमृत गुरूङ्ग, राजु गुरूङ्ग र हिमाल गुरूङ्गलाई गिरफ्तार गरिएको छ। उनीहरूलाई सार्वजनिक अपराध अन्तर्गत कारबाही गरिंदैछ।

नाङलिवाङ-८ बस्ने कृष्णबहादुर चपाई ०४९ माघ २६ गते सोही गाउँका गुरूबहादुर रेग्मीको घरमा स्वस्थानी पूजामा गएका बखत स्थानीय कर्णबहादुर घर्ती, हरिबहादुर घर्ती लगायतका व्यक्तिले छुरी प्रहार गरी घाइते बनाए। उनीहरू बीच व्यक्तिगत रीस-इबीका कारण घटना घट्न गएको थियो। पीडित पक्षले प्रहरीमा ज्यान मार्ने उद्योगको जाहेरी गरेका छन्।

नाङलिवाङ-१ बस्ने लोकबहादुर रेग्मीलाई ढुण्डीराज पाण्डेको मृत्यु सम्बन्धमा अभियुक्त बनाएर ०५० असार २५ गते गिरफ्तार गरी यातना दिई बयान गराइएको छ। यातना दिने क्रममा निज रेग्मीलाई नाङ्गो पारी पाइतालामा, भूँडीमा र शरीरका अन्य सम्बेदनशील भागहरूमा समेत निर्ममतापूर्वक कुटेर मरणासन्न बनाइएको थियो। सोही अभियोगमा ०५०

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	३
बलात्कृत	-	-
आत्महत्या	-	-



४४ औं मानवअधिकार दिवसका दिन इन्सेकको सक्रियतामा जेल निरीक्षण

असार ८ गते गिरफ्तार गरिएका राजेन्द्र आचार्यलाई पनि दाहिने खुट्टाको कापमा, गुदद्वारमा, दाहिने पाखुरामा र लिंगमा लट्ठीले हानी यातना दिइएको थियो।

त्यसरी नै कुर्माका डुम्रप्रसादलाई मारेको आरोपमा बालकोट निवासी देउरूपा पौडेल र उनका पतिलाई गिरफ्तार गरी अमानवीय तरिकाले यातना दिइएको थियो।

रानीपानी गाविसका अध्यक्ष कुलप्रसाद पराजुली आफ्नो घरमा डकैती गर्ने विजयबहादुर कुँवर लगायतका व्यक्तिलाई कारबाही गरी पाउँ भनी ०५० कार्तिक ३ गते प्रहरी कार्यालयमा पुगेका थिए। तर उल्टै पीडित कुलप्रसादलाई थुनामा राखियो। त्यस्तो सुनेपछि नेकपा (मसाल) का कार्यकर्ता लक्ष्मण पुरी पनि प्रहरी कार्यालयमा पुगे। उनले यस्तो अत्याचार गर्नु भएन भनेर बोल्न थाल्ने बित्तिकै उनलाई पनि मुद्दा लगाएर थुनियो। पछि रू.५ सय धरौटी लिएर उनलाई छाडिएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

संविधानले जनतामा संरक्षित गरेको मौलिक अधिकारको पर्वत जिल्लावासीहरूले निर्धक्क रूपमा उपभोग गर्न पाएका छैनन्। यहाँ वैचारिक मतभिन्नताका आधारमा प्रतिशोधात्मक कारबाही हुने गरेको पाइन्छ भने स्थानीय प्रशासनबाट समेत पक्षपातपूर्ण व्यवहार गरिनाले जनतामा त्रास फैलिएको पाइन्छ।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक सहिष्णुता रहेको छ।

२.३ राजनैतिक स्वतन्त्रता

राजनीतिक प्रतिशोधका दृष्टिले मान्छेलाई गिरफ्तार गर्ने, यातना दिने र झूठो मुद्दामा फसाउने क्रियाकलाप पर्वत जिल्लामा भएको पाइन्छ। आस्थाकै कारण योग्य शिक्षकलाई अनुत्तीर्ण गराउने र अपायक ठाउँमा सरूवा गर्ने घटनाहरू पनि भएका छन्।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँका जनता कतिपय मुद्दामा न्यायिक अधिकार प्राप्त नभएको गुनासो गर्दछन्। पिपलटारी-१ बस्ने पद्मकुमारीको आफ्नो पति लामो समयसम्म बाहिरतिर रहेको अवस्थामा उनका ससुरा चक्रपाणि लामिछाने र उनी बीच अनुचित सम्बन्ध कायम हुन पुग्यो। पद्मकुमारीको छोरो पनि जन्मियो। पद्मकुमारीका पति घरमा आएर हाडनाताको सजायका लागि ०५० बैशाखमा मुद्दा हाले। पद्मकुमारीले अंश माग गरिन्। तर कानूनी रूपमा सम्बन्ध स्वीकार नगर्ने भएकाले त्यस्तो स्थितिमा पद्मकुमारीले अंश नपाउने फैसला अदालतबाट भएका कारण पद्मकुमारी बिचल्लीमा परेकी छिन्। अदालतले एकतर्फी फैसला गरेको गुनासो उनको रहेको छ।

३. भूमिहिन तथा सुकुम्बासी समस्या

भूमिहिन तथा सुकुम्बासी समस्या यस जिल्लामा त्यति चर्को रूपमा रहेको पाइएन।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

आर्थर डाँडाखर्क-७ को कामीखोला नजिक सोही ठाउँ बस्ने एउटी महिलालाई स्थानीय दुई व्यक्तिले ०५० मंसीर ३ गते खुकुरी देखाएर धम्क्याउँदै एकान्तमा लगेर बलात्कार गरे। अभियुक्तहरूमाथि कारबाहीका लागि पीडित पक्षले मुद्दा हालेको तर कारबाही भने हालसम्म गरिएको छैन।

पाङ्गसाङ्ग-२ बस्ने रामबहादुर नेपालीले माइतमा बसेकी सोही गाउँकी सेतीलाई फकाई-फुल्याई बलात्कार गऱ्यो। फलस्वरूप सेती गर्भिणी भइन्। त्यो कुरा थाहा पाएपछि रामबहादुरले गर्भ तुहाउनका लागि सेतीलाई मह खान भन्यो। सेतीले पनि मह खोजेर खाइन्। जसबाट ०५० साउन ४ गते गर्भपात भयो र सेतीलाई पक्राउ गरी कारबाही गरिदैछ। तर गर्भ बोकाउने रामबहादुर नेपालीलाई भने कारबाही गरिएको देखिदैन।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यो जिल्लामा जारी देउकी र वदिनी सम्बन्धी घटना उल्लेख्य रूपमा देखा परेनन्। यो वर्ष दुई वटा बहुविवाह र एउटा बालविवाह भएको बताइन्छ। तर त्यसका सम्बन्धित पक्षहरू भेट हुन नसकेका कारण विस्तृत विवरण थाहा हुन सकेन।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरुद्धको अधिकार

यस जिल्लामा दासत्व सम्बन्धी समस्या उल्लेख्य रूपमा देखा परेको पाइएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

यहाँ धामी झाँक्री, बोक्सी आदि जस्ता अन्धविश्वासका घटनाहरू घट्ने गरेका पाइन्छन्। सानोतिनो कुरामा पनि मान्छेलाई बेइज्जत गर्ने र सामाजिक रूपले नै अपमानित गर्ने चलन पनि यहाँ रहेको छ।

०५० असोज २८ गते देउपुर-९ बस्ने जमुनाकुमारी तिमिल्सिनालाई स्थानीय धनबहादुर हमाल, रेशमबहादुर हमाल लगायत १० जना हुल्याहा व्यक्तिले अदालतको एउटा मुद्दामा आफूहरूले भनेको कुरा नभनी स्वतन्त्र बयान दिएका कारण अर्धनग्न बनाएर, कालो मोसो समेत दली स्थानीय बजारमा घुमाएर अपमानित गरे। उक्त अमानवीय कार्य भैरहेको देख्ने प्रहरीहरू पनि कुनै कारबाही नगरेर मुकदर्शक बनेर हेरिरहे। एउटा महिलामाथि भएको यस्तो अमानवीय कार्यमा पिडकहरूलाई कुनै पनि कारबाही गरिएन।

६. आदिवासी अधिकार

यो वर्ष यस जिल्लामा आदिवासी सम्बन्धी कुनै पनि घटना घटेको पाइएन।

७. बालअधिकार

यहाँका बहुसंख्यक बालबालिका विद्यालय जाने अधिकारबाट बञ्चित रहेका छन्। उनीहरूलाई बच्चैदेखि श्रममूलक कार्यहरूमा लगाइने प्रचलन पनि यहाँ रहेको छ।

निःशुल्क रूपमा बाख्रा गोठालो बसिदिएन भन्ने निहुँमा भुकताङ्ले-१ बस्ने कक्षा ५ मा अध्ययनरत १२ वर्षीय मीनबहादुर शाहीलाई स्थानीय सेती भन्ने ओमकुमारी खड्काले ०५० बैशाख १२ गते मरणासन्न हुने गरी कुटपिट गरिन्। पीडित पक्षले कुटपिट सम्बन्धी मुद्दा हालेको छ र कारबाही भइरहेको छ। यसरी बालबालिकालाई श्रममा लगाउने र कुटपिट गर्ने घटना यहाँ दिनहुँ घट्ने गरेको पाइन्छ।

अतिरिक्त जानकारी

यस जिल्लामा मानवअधिकार हनन सम्बन्धी ५० प्रतिशत अपराध प्रकाशमा ल्याइन्न र ल्याउन खोज्दा दिइन्न। २० प्रतिशत जति मुद्दाको सुनुवाई हुन्न।

बाजुङ्ग-२ स्थित माउलेखोला बेतकी भन्ने ठाउँमा प्रेमप्रसाद घिमिरेको चियापसलमा चिया खाइसकेपछि बाटो काट्न लाग्दा अलकत्रा बोकेर तीव्रगतिमा आएको १६५६ नं को गाडीले ०४९ फागुन ३ गते किची सीताराम विश्वकर्माको निधन भयो। मृतक सीताराम र गाडी चालक बीच रीस-इबी भएका कारण नियतपूर्वक नै मारेको भनिए पनि त्यसको पुष्टी भने हुन सकेको छैन। ड्राइभरलाई सवारी दुर्घटना सम्बन्धी मुद्दा चलाएर कारबाही गरिदैछ।

यस वर्षको घटना संकलन गर्न गएका हाम्रा स्वयंसेवकलाई विभिन्न प्रश्न सहित सहयोग माग्दा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा कांग्रेस, एमाले र राप्रपा समेत कुनै पार्टीले कुनै जानकारी दिएनन्। ❑



३. पश्चिमाञ्चल
धवलागिरी
३.१५ म्याग्दी

जनसंख्या : १००५५२
साक्षरता : ३९.५ प्रतिशत
महिला साक्षरता : २६.० प्रतिशत
क्षेत्रफल : २२९७ वर्ग कि.मी.

म्याग्दी जिल्ला नेपालको दुर्गम पहाडी जिल्ला हो। पहाड र पाखाहरूले भरिएको यो जिल्लामा खेतीयोग्य जमिन यथेष्ट छैन। तैपनि यहाँका बासिन्दाहरूको मूल पेशा भने कृषि नै रहेको छ। नेपाल अधिराज्यको संविधानले प्रत्याभूत गरेको जनताको मौलिक अधिकार हननका दृष्टिवाट यो जिल्ला पनि अलग रहन सकेको देखिदैन।

१ सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यो वर्ष गुल्मी जिल्लाको कुनै पनि ठाउँमा गोली चलेको पाइएन। तर हत्याका घटनाहरू भने घटेका छन्।

अमन-५ की मनकुमारी सापकोटालाई गर्भावस्थामा आफ्नै पति शम्भुलाल सापकोटा र ससुरा दिलराज सापकोटाले पिटेको कारण ०५० जेठ ६ गते मृत्यु भयो। मनकुमारीले बोकेको गर्भ अरू नै मान्छेको भएको आरोप उनका पति र ससुराले लगाउँदै आएका थिए।

मल्लाज माफ फाँटका लेठबहादुर अधिकारीलाई हत्या गरी फालिएको अवस्थामा उनको लाश ०५० पुस ६ गते कालीगण्डकीको तीरमा फेला पऱ्यो। उनको हत्या के कारणले कसले गऱ्यो भन्ने थाहा हुन सकेको छैन। तर अनुसन्धानका लागि स्थानीय व्यक्तिहरू रवि के.सी., लोकबहादुर गर्बुजा, रामबहादुर जि.सी. र प्रेमबहादुर विकलाई गिरफ्तार गरी कडा यातना समेत दिएको छ।

घटनाको प्रकृति	घटना संख्या १९९२	घटना संख्या १९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	१	-
बलात्कृत	१	-
जेलमा बन्दीद्वारा आत्महत्या	-	१
आत्महत्या	-	-

अर्मन-६ का धनसरा रानाले आफ्नो पति नरबहादुर रानालाई बेलाबेलामा नराम्रोसंग कुटपिट गर्ने गर्थिन्। ०५० मंसीर २६ गते पनि उनले गाउँलेहरूले समेत थाहा पाउने गरी मरणासन्न हुने गरी पिटेकी थिइन्। ०५० पुस १२ गते नरबहादुरको मृत्यु भयो। दाहिने कोखामा प्वाल पारिएको र देब्रे खुट्टा भाँचिएको अवस्थामा उनको मृत्यु भएको थियो। सोही गाविसका उपाध्यक्ष दिलबहादुर रोकाले यो घटनालाई हत्या भन्दै यसमा नरबहादुर रानाकी पत्नी धनसराको संलग्नता रहेको उल्लेख गर्दै प्रहरी कार्यालयमा जाहेरी दिएका छन्। तर अभियुक्तलाई कुनै कारबाही गरिएको छैन।

१.२ जेल

भाडामा लिइएको यहाँको जेल अत्यन्त साँघुरो एउटा सुरूङ्ग जस्तो छ। जेलमा झ्यालहरू छैनन्। जेलमा आरोपित ११ जना र दोष प्रमाणित २ जना समेत जम्मा १३ जना बन्दीहरू रहेका छन्। यस वर्ष १३ पुरूष थुनामा परे भने ३ पुरूष र ३ महिला छुटे। पत्रपत्रिकामा गोरखापत्र मात्र उपलब्ध गराइन्छ। दिसा पिसाव गर्ने चर्पीको समस्या रहेको बन्दीहरू बताउँछन्।

१.३ गिरफ्तारी र यातना

यहाँ विभिन्न अभियोगमा मान्छेलाई गिरफ्तार गरिएको छ र उनीहरूलाई यातना दिने गरेको पनि पाइन्छ।

त्यसैगरी ०४९ चैत ८ गते राती फूलमान जुञ्जाली, भरत थापा लगायतका कांग्रेस पक्षधर व्यक्तिहरू एमाले कार्यकर्ताहरूका घर जलाई दिन्छौं भन्दै हिंड्न थाले। उनीहरूका हातमा मट्टितेलको टिन र सलाई पनि थियो। त्यस्तो भन्दै हिडेको थाहा पाएर गाउँलेहरूले त्यस्ता मान्छेलाई रोके। तर त्यसरी रोक्नेहरूलाई उल्टो मुद्दा लगाइएको छ। त्यसरी मुद्दा लगाइएकाहरूमा नेराशिसंघ आवद्ध गंगाप्रसाद सेरपुञ्जा, ढुण्डीप्रसाद पुन लगायतका व्यक्तिहरू रहेका छन्।

आफ्नै पत्नी कौविला अधिकारीलाई मारेकी

अभियोगमा अर्थुङ्गे-२ बस्ने योगेन्द्र अधिकारीलाई ०५० कार्तिक १ गते गिरफ्तार गरियो। ०५० मंसीर १७ गते उनले जेलमै आत्महत्या गरे। यातनाबाटै योगेन्द्रको हत्या गरियो पनि भनिन्छ। तर त्यसको पुष्टी हुन भने सकेको छैन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

म्याग्दी जिल्लामा राजनीतिक भेदभाव गरेर मुद्दा लाग्छ र गिरफ्तारीमा पारिन्छ भन्ने गुनासो व्यापक रहेको पाइयो।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम रहेको पाइन्छ।

२.३ राजनैतिक स्वतन्त्रता

स्थानीय प्रशासन र सत्ता पक्षीय व्यक्तिहरूले यहाँ विपक्षी राजनीतिक पार्टीका कार्यकर्ताहरूप्रति लगाउँदै आएका झूठा मुद्दा र उनीहरूप्रति गरिएको दमनपूर्ण व्यवहारलाई हेर्ने हो भने म्याग्दी जिल्लामा राजनीतिक स्वतन्त्रताको अधिकार पूर्ण रूपमा प्रकट हुन नसकेको स्पष्ट हुन्छ। त्यसैगरी आस्थाकै कारण शिक्षकहरूलाई अवकास दिने, जाँचमा जवर्जस्ती अनुत्तीर्ण गराउने र अपायक ठाउँमा सरूवा गर्ने गरेको घटनाले पनि यहाँ राजनीतिक स्वतन्त्रताको अधिकारको हनन भएको तथ्यलाई देखाउँछ।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

म्याग्दी जिल्लामा व्याप्त गरीबी, पछौटेपन, राजनीतिक चेतनाको अभाव जस्ता कारणले गर्दा जिल्लाबासीहरूले सुगम र निष्पक्ष न्यायिक अधिकार पाउन सकेको देखिदैन। जुन ठाउँमा झूठा मुद्दा लगाएर जेलमा कोचिन्छ, त्यो ठाउँमा कसरी निष्पक्ष न्याय पाउन सकिन्छ भन्ने भनाइ जनताको रहेको छ।

३. भूमिहिन तथा सुकुम्बासी समस्या

म्याग्दी जिल्लाको ज्यामरूकोट-७ र ८ मा केही सुकुम्बासीहरू रहेका देखिन्छन्। उनीहरूमा दैनिक जीवनकै समस्या रहेको पाइन्छ। तर समस्या समाधानका लागि कुनै प्रयास भएको पाइन्न।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

पुलाचौर-९ बगुवाखोला बस्ने १५ वर्षका फुकुर दिनमियाँले ४ वर्षीया बालिकालाई जेठ तेस्रो हप्तातिर बलात्कार गर्ने प्रयास गरेको थियो। तर बच्ची रोएपछि उनका बाबु आइपुगे र बालिका बलात्कारबाट जोगिइन्। बलात्कारीलाई प्रहरीले पक्राउ गरेर मुद्दा चलाएको छ।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

जारी प्रथा यहाँ विद्यमान छ। कुनै पनि महिलाले पहिला विवाह भएको पतिसंग सम्बन्ध विच्छेद नगरीकन अर्के पुरूषसंग विवाह गरेमा पछि विवाह गर्ने पुरूषले अघिल्लो पतिलाई १०, १५ हजार जारी तिर्ने र लिने प्रचलन छ। यस सम्बन्धी मुद्दाहरू गाउँघरमा नै मिलाउने गरिन्छ।

यो वर्ष यहाँ बहुविवाहको घटना सार्वजनिक जानकारीमा आएन।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यस जिल्लामा दासत्वको समस्या उल्लेखनीय रूपमा रहेको पाईदैन।

५.२ अन्य अमानवीय व्यवहारहरू

राजनीतिक प्रतिशोधका कारण विम गाविस-३ निवासी बलीराम पौडेलको घरमा सोही गाउँ बस्ने बलबहादुर गौतम र होमबहादुर केसी रक्सी खाएर आई ०४९ चैत ६ गते आगो लगाई दिए। यो घटना सम्बन्धी मुद्दा चलिरहेको छ र अभियुक्तहरू धरौटीमा छुटेका छन्।

६. आदिवासी अधिकार

यो वर्ष आदिवासी सम्बन्धी समस्या उल्लेख्य रूपमा प्रकट भएको पाइएन।

७. बालअधिकार

यहाँका बलाबालिकाहरू मूलतः विद्यालय जान पाउने अधिकारबाट बञ्चित रहेको पाइन्छ। त्यस बाहेक उनीहरूलाई बच्चैदेखि भारी बोक्ने, बाँझो बारी खन्ने आदि जस्ता कठीन कार्यहरूमा पनि लगाएको पाइन्छ।

अतिरिक्त जानकारी

०४९ चैत ५ गते मराङ्ग गाउँको स्याने खोलामा सत्तापक्षीय व्यक्ति भरत थापा र पूर्णबहादुर के.सी.ले एमालेका कार्यकर्ता नरप्रसाद पुन र उनको परिवारका व्यक्तिहरूलाई मरणासन्न हुने गरी कुटपिट गरेका थिए। तर पिडकहरूलाई कुनै पनि कारबाही नगरिएको कुरा पीडित पक्षको रहेको छ।

बाबियाचौर-५ स्थित स्टालिन शेरचनको घरमा ०५० साउन ९ गते भिडियो हेर्न गएका लिलबहादुर रोकालाई स्टालिन शेरचनले नराम्रोसंग कुटपिट गरे। यस्ता कुटपिटका घटनाहरू स्टालिन शेरचनले अरू बेला पनि घटाउँदै आएको तर कुनै कारबाही नहुने गरेको कुरा पीडित पक्ष बताउँछ। ❑



३. पश्चिमाञ्चल

धवलागिरी

३.१६ मुस्ताङ

जनसंख्या : १४२९२
साक्षरता : ४८.४ प्रतिशत
महिला साक्षरता : ३४.७ प्रतिशत
क्षेत्रफल : ३५७३ वर्ग कि.मी.

पूर्वमा मनाङ, पश्चिममा डोल्पा, उत्तरतर्फ चीनको स्वशासित तीव्वत र दक्षिणमा म्याग्दी र वाग्लुङ जिल्लाको बीचमा अवस्थित मुस्ताङ हिमाली क्षेत्रको एउटा सानो जिल्ला हो। धार्मिक दृष्टिकोणले प्रशिद्ध मानिएको मुक्तिनाथ मन्दीर यही जिल्लामा पर्दछ र आसपासमा रहेका हिमश्रृंखलाका कारण पर्यटकहरूका निम्ति आकर्षणस्थल पनि बनेको छ। यो जिल्लाका प्रशासनिक निकायका व्यक्तिहरू तथा सत्तापक्षीय दलका कार्यकर्ताहरू जिल्लामा मानवअधिकारको स्थिति राम्रो रहेको बताउँछन्। तर प्रतिपक्षी दलसंग सम्वद्ध व्यक्तिहरू भने सर्वसाधारण जनता मानवअधिकारको बारे अनभिज्ञ छन् भन्छन्।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यस जिल्लामा यो वर्ष हत्याको कुनै घटना घटेन र प्रहरी प्रशासनबाट गोली पनि चलाइएन।

१.२ जेल

जिल्लाको जेल मार्फा स्थित भाडामा लिइएको भवनमा सञ्चालित छ। ६-२-०-१ रोपनी क्षेत्रफल ओगटेको उक्त भवन ८० वर्ग फीटको छ। यो वर्ष उक्त जेलमा एक जना मात्र दोष प्रमाणित बन्दी रहेका छन्। जेलको भौतिक अवस्था एकदमै जीर्ण छ। कारागार जस्तो नभएर यो प्रहरी हिरासत जस्तो देखिन्छ। भित्री चर्पी छैन र बाहिरी चर्पी एउटा छ। बन्दी बस्ने कोठामा झ्याल ढोकाको राम्रो व्यवस्था छैन। ढोकाको एउटा खापा नै छैन। झ्यालमा डण्डी छ र हावा छेल्न थोत्रो बोरा झुण्ड्याइएको छ।

जेलका एक जना मात्र बन्दी दिपक वोहोराका अनुसार उनलाई हरवखत नेल लगाइन्छ। उनलाई विहान ७।८ बजे र साँझ ३।४ बजे दुई पटक कोठाबाट बाहिर निकालिन्छ। त्यही बेला बन्दीले दिशा पिसाव, हात मुख र खानपिन गर्ने गर्दछन्। अरू बेला कोठाभित्रै नेल सहित समय बिताउन वाध्य छन्। नेल लगाइएको सम्बन्धमा कुरा गर्दा जिल्लाका प्र.जि.अ. जेलर र प्रहरी कार्यालयका प्रमुखको भनाइ यस्तो थियो -"जेलको भौतिक अवस्थालाई ख्याल गरी बन्दीलाई नेल लगाउन वाध्य भएका छौं। हामीले त भएको सुविधा न दिने हो।"

१.३ गिरफ्तारी र यातना

०५० भदौ १७ गते प्रतियोगितात्मक भलिवल खेलको सिलसिलामा मूल्यांकन कर्ताले गलत नम्वर सुनाएको आरोपमा खेलाडीहरूले आक्रमण गरे। उनलाई सुरक्षा प्रदान गर्न गएका प्रहरीलाई समेत एक पक्षका खेलाडीले हातपात गरेको भनी ३ जना व्यक्ति गिरफ्तार गरिएका थिए। तिनीहरू मध्ये एक जना तरकारी प्रदर्शनमा विजयी भै पुरस्कार लिन आएका व्यक्ति पनि थिए। गिरफ्तार गरिएका मध्ये एक जना थरचेन गुरूङलाई प्रहरी हिरासतभित्र प्रहरीले गम्भीर यातना दियो। उनको अवस्था चिन्ताजनक भइ उपचारको निम्ति कागवेनी हेल्थपोष्ट लगियो। त्यहाँ पनि उपचार हुन नसकी जोमसोम अस्पताल पुऱ्याईयो र ४ दिनको उपचारपछि उनलाई छाडिएको थियो।

२. मौलिक अधिकार

भौगोलिक विकटता र शैक्षिक न्युनताका कारणले यहाँका नागरिकहरू मौलिक अधिकारको अर्थकै वारेमा पनि

	घटना संख्या	
घटनाको प्रकृति	**१९९२**	**१९९३**
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	१
बलात्कृत	-	-
आत्महत्या	-	-

अनभिज्ञ छन्। अफ्ना जनप्रतिनिधी र प्रशासनका मानिसहरूलाई भन्दा आफ्नो गाउँको मूखियालाई बढी विश्वास गर्दछन्।

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

यस जिल्लामा अभिव्यक्ति स्वतन्त्रता, भेला हुने र संगठित हुन पाउने अधिकारको उल्लंघन भएका घटनाहरू उल्लेख्य छन्। ने.रा.शि. संघमा संगठित भएकै कारणले केही शिक्षकहरूलाई अपायक सरूवा गरियो र केहीलाई घटुवा गरियो। उदाहरणका रूपमा जनआदर्श मा.वि.का शिक्षक चुडामणि शर्मालाई दिव्यज्योति मा.वि. धोसेरामा सरूवा गरिएको थियो। शिक्षक शर्मा नेराशिसंघ केन्द्रीय सदस्य तथा केन्द्रीय प्रतिनिधि रहेका छन्। त्यसै गरी जनहीत मा.वि. जोमसोमका का.मू. प्र.अ. रामबहादुर वि.सी.लाई पनि पदबाट घटुवा गरी ०४९ चैत्र २९ गते जनवाल मा.वि. मार्फा सरूवा गरिएको थियो। वि.सी. नेराशिसंघ पक्षधर शिक्षक हुन्। यसरी सरूवा र घटुवा गर्न गराउन खास गरी सत्तारूढ दलका स्थानीय कार्यकर्ताहरूको भूमिका रहने गरेको छ।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ बौद्ध र हिन्दू धर्मावलम्वीहरूको बसोबास छ। धार्मिक सहिष्णुता छ र धार्मिक स्वतन्त्रता प्रति कुनै आघात भएको पनि देखिएन।

२.३ राजनैतिक स्वतन्त्रता

आम रूपमा राजनैतिक चेतना न्युन रहेको यो जिल्लामा अत्यन्त थोरै मानिसहरू मात्र राजनीतिमा चासो राख्छन्। मुस्तांगे राजाको बोलवाला अद्यापि चलिरहेको र उनको इच्छा बमोजिम जिल्लाको राजनीति चल्ने गर्छ। यति भैकन पनि राजनीतिक स्वतन्त्रतालाई उल्लंघन गर्ने कुनै उल्लेखनीय घटना भने घटेको पाइएन।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्लामा सम्मानित जिल्ला अदालत त छ तर बिगत २ वर्ष देखि अदालतमा न्यायाधीशको उपस्थिति छैन। न्यायाधीश फणिन्द्रछत्र शर्मा २ वर्ष देखि चितवन काजमा रहनु भएको बताइन्छ। त्यसकारण यस वर्ष विभिन्न मितिमा जिल्ला अदालतमा दर्ता हुन आएका ११ वटा मुद्दा कार्वाही किनारा पर्खेर बस्न बाध्य भए। जसमध्ये ३ वटा चोरी, २ वटा गाली(-बेइजति, लेनदेन १ र सम्बन्ध विच्छेद १, भवितव्य ज्यान सम्बन्धी १, सम्पत्ति सम्बन्धी १ र विविध २ वटा मुद्दा परेका थिए। निष्पक्ष न्यायिक अधिकारबाट नागरिक बंचित त छन् तर यस कुराको महशुस उनीहरूले गरेको पनि पाइँदैन।

जिल्लामा वार एसोसिएसन छैन र कानून व्यवसायीका रूपमा एक जना लेखन्दाससम्म छैन।

३. भूमिहिन तथा सुकुम्बासी समस्या

यस जिल्लामा भूमिहिन तथा सुकुम्बासी समस्या उल्लेखनीय रूपमा रहेको पाइएन।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

आम नेपाली महिलाहरू जस्तै यस जिल्लाका महिलाहरू पनि सामाजिक आर्थिक उत्पीडनले ग्रस्त छन्। सिंगै जनजीवन कष्टप्रद त छँदै छ र महिलाहरू अझ बढी कष्टकर जीवन ज्यूँन विवश छन्।

यस वर्ष यो जिल्लामा महिला किनबेच तथा बलात्कार गरिएका घटनाहरू पाइएन।

४.२ जारी, बहुविवाह, देउकी, बादी आदि समेत

जिल्लामा बहुविवाहको समस्यालाई समाजले उल्लेख्य रूपमा लिएको पाइएन। जारी सम्बन्धी एक दुई घटना भने घटेका छन्। जारी सम्बन्धी विषयलाई लिएर अदालतमा यो वर्ष एउटा मुद्दा दर्ता पनि भएको थियो। जिल्लाका धोसेर, छेन्धुप, चराङ्ग, घमी, सुर्खाङ्ग र लोमन्थाङ्ग गाविसहरूमा बहुपति प्रथा भने चलेको छ। गुम्वामा माइली छोरी झुमा राख्ने प्रचलन पनि प्रचलित छ।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

ऋण दिएर नोकर राख्ने र तलबमा कटाउने, पुन ऋण थपेर परिवारका अरू सदस्यलाई पनि नोकर राख्ने प्रचलन यहाँ छ। यस बाहेक जिल्लामा उल्लेखित शीर्षक अन्तरगतको कुनै घटना घटेको पाइएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

यस जिल्लामा पनि अछूत भनिने जातिहरू माथि जातीय उत्पीडन हुने गरेको छ। तर यस सम्बन्धी उल्लेखनीय घटनाहरू भने प्राप्त हुन सकेनन्।

६. आदिवासी अधिकार

यस शीर्षक अन्तर्गत यस जिल्लामा उल्लेखनीय घटना घटेको पाइएन।

७. बालअधिकार

बालबालिकाले शिक्षाको उचित अवसर पाउनु पर्नेमा यस जिल्लामा अधिकांश बालबालिका उक्त अवसरबाट बंचित रहेको पाइयो।

अतिरिक्त जानकारी

०५० असोज ११ गते म्याग्दी जिल्लाका प्रजिअ विनोद ज्ञवाली मुक्तिनाथ दर्शन गरी सपरिवार म्याग्दी फर्कने क्रममा लेते गाविसको मुसे भन्ने ठाउँमा केही स्थानीय मानिसहरू र भरीया बीच झगडा भैरहेको थियो। झगडालाई साम्य पार्न खोज्दा प्रजिअ ज्ञवाली माथि शैलेन्द्र ज्वारचन र

यमबहादुर खड्का लगायतका व्यक्तिहरूले कुटपिट गरेका थिए। कुटपिटमा परेका पियन हरीबहादुर थापा समेतको उजूरी इलाका प्रहरी कार्यालय लेतेमा परे पछि शैलेन्द्र ज्वारचन र यमबहादुर खड्कालाई गिरफ्तार गरी १२ दिनसम्म थुनामा राखिएको थियो। रू. ७ हजार धरौटी लिई त्यसपछि उनीहरूलाई थुना मुक्त गरिएको थियो।

जोमसोम-८ म्यासी बगर भनिने कालीगण्डकीको बगरमा ०५० जेठ ३० गते प्रहरीले एउटा लास फेला पारेको थियो। उक्त लाश स्याङ गाविसको च्याङबहादुर थकालीको हो भनी उनकै छोराले सनाखत गरे। उनको मृत्यु कसरी भयो भन्ने बारे जानकारी प्राप्त भएन। ४८ वर्षीय मृतक मार्फा गाविसका पियन थिए।

०५० कार्तिक २२ गते पोखराबाट जोमसोम गएको एयरवेजको जहाज जोमसोम एयरपोर्टमा उत्रिंदा कालीगण्डकीमा खसी दुर्घटनाग्रस्त भएको थियो। दुर्घटनामा कसैको मृत्यु भने भएन तर चालक दलका सदस्य २ जना र ४ जना यात्रु सामान्य घाइते भएका थिए। उक्त दुर्घटनामा जोमसोम स्थित शाही सेना, प्रहरी र स्थानीय जनताले उद्वार कार्यमा ठूलो सहयोग पुऱ्याएका थिए। ❑

मध्य पश्चिमाञ्चल

४.१ दाङ्ग
४.२ प्युठान
४.३ रोल्पा
४.४ सल्यान
४.५ रूकुम
४.६ बाँके
४.७ बर्दिया
४.८ सुर्खेत
४.९ जाजरकोट
४.१० दैलेख
४.११ डोल्पा
४.१२ जुम्ला
४.१३ कालिकोट
४.१४ मुगु
४.१५ हुम्ला

४. मध्यपश्चिमाञ्चल

राप्ती

४.१ दाङ्ग

जनसंख्या	३५४४१३
साक्षरता	३९.७ प्रतिशत
महिला साक्षरता	२४.२ प्रतिशत
क्षेत्रफल	२९५५ वर्ग कि.मी.

यो जिल्ला थोरै तराई र धेरै भित्री मधेश समेटेर रहेको छ। भनिन्छ थरूवानको रूपमा थारू राजा दङ्गीसरणले राज्य चलाएकाले दाङ्ग नामाकरण भएको हो। यस जिल्लामा ४३ गाविस र दुई नगर – घोराही र तुल्सीपुर रहेका छन्। यातायात सुविधा छ। संस्कृत विश्व विद्यालय यहीं रहेको छ। हिन्दू र बौद्ध धर्म मान्ने मानिसहरूको संख्या धेरै छ र नेपाली र थारू भाषा प्रमुख बोलीचालीका भाषा हुन्। १ क्याम्पस, ३० मा.वि., ६३ नि.मा.वि. र २३१ प्रा.वि. सञ्चालित छन्। सामाजिक विकासका दृष्टिले हेर्दा मानवअधिकार चेतनाको न्यूनता पाइन्छ। बलियाले निर्धालाई सत्ताको समेत आड लिएर दबाउने पुरानो चलन अझै छ। थारू जातिमाथि जातीय र वर्गीय दुबै खालका शोषणहरू थोपरिएका छन्। कमैया, बाँधा र छुवाछूत प्रथा विद्यमान छ। यी सब कुराका आधारमा भन्दा दाङ्गमा मानवअधिकार सचेतना ब्यूँझन बाँकी नै छ।

मानव अधिकार हनन भएका विवरण बटुल्न सम्बन्धित क्षेत्रमा जाँदा सहयोगात्मक ब्यवहार पाइएन।

१. सम्मानित रूपले बाँच्ने अधिकार

यस वर्ष गरिबीको कारण जीवन गुजारको स्थिति नहुँदा ५० वर्षीय गण्डु चौधरीले ०५० कार्तिक २५ गते आत्महत्या गरे।

१.१ हत्या / गोली

यस वर्ष राज्यको तर्फबाट घटाइएका घटनाहरू यस प्रकार रहेको पाइयो। प्रमुख विपक्षी दलका नेताद्वय मदन भण्डारी एवं जीवराज आश्रितको निधन भएको दासढुंगा हत्याकाण्डको उचित छानविनका निम्ति सर्वसम्मत आयोग गठन गरियोस् भन्ने माग सहित प्रधानमन्त्रीको राजिनामाको माग गर्दै सात वाम पार्टीद्वारा ०५० साउन ४ र ५ गते आयोजित चक्काजामको सिलसिलामा ४ गते दिउँसो गोली चल्यो। त्यस दिन विहान ६ बजेदेखि नै आन्दोलनकारीहरू जम्मा भएका थिए। बाटो खुलाउन प्रहरी एवं नेका समर्थकहरू पनि सक्रिय थिए। दुबै थरी माझ कुराकानी हुने क्रममा बाटो खुला गर्न सहमति नभएपछि करिब ९ बजेतिर जनक रेग्मीले श्रीमणि आचार्यलाई हात हाल्दै धकेले। त्यही बेला जि.वि.स. उप-सभापति महादेव शाहले आन्दोलनकारीमाथि ढुंगा प्रहार गरे। उनले हानेको ढुंगाले जि.वि.स. सदस्य राममणि नेपाललाई लाग्यो। यसैबाट उत्तेजित भै आन्दोलनकारीले पनि ढुंगा प्रहार गरे। महादेव शाह घाइते भए। त्यसपछि प्रहरीले अश्रुग्यास फ्याँकी लाठी प्रहार गऱ्यो र रबडको गोली चलायो। त्यसै गोली प्रहारबाट श्रीमणी आचार्य घाइते भए। लाठीचार्जबाट पनि विज्ञान् पोख्रेल, भीमबहादुर मगर, सुनित राना, दामोदर घर्ती, रवि बुढा, प्रेमबहादुर थापा, महत चौधरी र जमन थकाली घाइते भए। दश बजेतिर बसपार्कबाट निस्केको शान्तिपूर्ण जुलुसमा पुनः लाठीचार्ज गरियो। र ४ जनालाई पक्राउ गरियो। एक बजे युवराज ज्ञवाली सहित जम्मा भई बसेका करीब ५० जना आन्दोलनकारीलाई प्रकाश ट्राभल्सको बसबाट आएका वीरकेशरी सहितका सय जनाजति नेकाका कार्यकर्ताले कुटपिट गरे। त्यस घटनामा एमालेका केन्द्रीय सदस्य युवराज ज्ञवाली घाइते भए। एघार बजे ई. जीतबहादुर बस्नेतको आदेशमा अचानक हवाई फायर भयो र १८ शेल अश्रुग्याँस छाडियो। त्यसक्रममा ४२ वर्षीय लालबहादुर चौधरी सहित कलाधर चौधरी र चामु चौधरी घाइते भए। दिउँसो राष्ट्रिय समाका सांसद महेश चौधरीलाई पनि घरबाटै बिना अभियोग गिरफ्तार गरियो। तुल्सीपुरमा गरिएको अश्रुग्याँस र लाठी प्रहारबाट श्रीमणि आचार्यको कानको जाली फुटेको र

	घटना संख्या	
घटनाको प्रकृति	**१९९२**	**१९९३**
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	१
बलात्कृत	१	२
प्रशासकद्वारा बलात्कृत	-	१
आत्महत्या	-	१

कलाकार चौधरीको २ वटा दाँत भाँच्चिएको पाइयो।

राजनैतिक मतभिन्नता, प्रतिद्वन्दिता र अन्य कारणबाट पनि यस वर्ष नागरिक हत्याका घटनाहरू घटे।

हंसीपुर-४ बस्ने प्रेमबहादुरकी पत्नी जुठीसरा मगर्नीको ०५० कार्तिक २७ गते अविराम बिटालुको बञ्चरो प्रहारबाट हत्या भयो। नीज बिटालुले जुठीसराको पति घरमा नभएको बेला पारी गहना लुट्ने क्रममा उक्त हत्या गरेको थियो। अभियुक्तलाई पक्राउ गरी कानूनी कारवाहीको लागि अदालत पठाइएको छ। सल्यान गाउँ-८ बस्ने मोति बुढाथोकी र उनकी बहिनी रामकली रोकालाई ०५० मंसीर ३० गते अज्ञात व्यक्तिद्वारा खुकुरी प्रहार गरी हत्या गरियो। अभियुक्तको खोजी भइरहेको बताइन्छ।

१.२ जेल

यस जिल्लामा तुल्सीपुर र घोराही नगरमा दुई अलग अलग जेल छन्। तुलसीपुर जेलले ४ बिघा ८ कठ्ठा १२ धुर क्षेत्रफल ओगटेको छ। यसवर्ष यहाँ ९५ बन्दी रहेका छन् र ती मध्ये ७ महिला छन्। असहाय बालक १ र बालिका ४ रहेका छन्। यो वर्ष ४२ पुरूष र ७ महिला थुनामा परेका थिए। जेलका बन्दीहरूलाई उमेर अनुसार फरक फरक रासन दिइन्छ (१ सय ग्राम देखि ६ सय ग्रामसम्म)। र नगद रू. ६ एवं बालबालिकालाई १/५० मात्र दिइन्छ। जेलमा प्रौढ शिक्षा संचालन भएको छ। महिला र पुरूषका निम्ति छुट्टाछुट्टै बस्ने व्यवस्था छ र घुलमिल हुन दिइन्न।

घोराही जेलको क्षेत्रफल ५ कठ्ठा ११ धुर छ। एउटा भवनमा हाल ४५ जना बन्दी छन् जसमध्ये दोष प्रमाणित भएका ९ जना छन्। महिला १ जना छिन्। केटाकेटी छैनन्। यहाँ यो वर्ष थुनामा परेका ३४ जना मात्र छन्। जेल कम्पाउण्ड भित्र महिला पुरूष घुलमिल हुन दिइन्छ। उपचार अ.हे.व.बाट गरिन्छ। प्रौढ शिक्षाको व्यवस्था छ।

१.३ गिरफ्तारी र यातना

राजनैतिक क्षेत्रबाट हुने / गरिने शान्तिपूर्ण विरोध प्रदर्शनका क्रममा नै यस वर्ष पनि सबभन्दा बढी गिरफ्तारी भए। त्यसरी गिरफ्तार गरिएका नागरिकहरूलाई र अन्य अभियुक्तलाई समेत यातना दिइएको पाइयो।

शान्तिपूर्ण प्रदर्शनका क्रममा ०५० साउन ४ र ५ गते गरिएको प्रशासनिक दमनका क्रममा ८ जना किसानहरू पनि गिरफ्तार गरिए। जसमा हलवारका - खुशीराम चौधरी, जर्मन थकाली, बिजौरीका पहल चौधरी थिए। उनीहरूसहित डुरूवाका विद्यार्थी लक्ष्मण पोखेललाई कृष्ण आचार्यको घर फोडेर पक्राउ गरिएको थियो। जनमोर्चाका बुद्धिप्रकाश अधिकारी, तारा अधिकारी र मसालका मदन पाण्डे तथा विद्यार्थी अशोक पाण्डे पनि गिरफ्तार गरिए। नेकपा एमालेका केन्द्रीय सदस्य युवराज ज्ञवाली र स्थानीय कार्यकर्ता सूर्यराज गौतमलाई पक्राउ गरियो। घोराहीमा - दासढुंगा काण्डको न्यायिक जाँच गरियोस् भनी गरिएको शान्तिपूर्ण विरोध प्रदर्शनबाट तारा अधिकारी, मंगल चौधरी, दामोदर सुवेदी र मधुसुदन बैद्यलाई पक्राउ गरियो। यज्ञबहादुर बुढाथोकीको अगुवाईमा आएको हरी रजौरिया, ललेन्द्र धिमाल, हरी भण्डारी सहितको जत्थाले आन्दोलकारीलाई कुटपिट गर्दै पक्रदै प्रहरीलाई बुझाउने काम गऱ्यो। उक्त जत्थाको कुटाइमा पर्नेहरू - त्रिभुवन नगरपालिकाका ४२ वर्षीय लालबहादुर चौधरी, नारायणपुरका कलाधर चौधरी, मानपुर जमेरा-८ बस्ने चामु चौधरी छन्।

अस्वस्थ भई आफ्नै घरमा बसेका राष्ट्रिय सभासद् महेश चौधरीलाई बिनापूर्जी संसद चलिरहेकै अवस्थामा संवैधानिक प्रावधानको अवज्ञा समेत गर्दै पक्राउ गरियो।

लमहीमा पनि शान्तिपूर्ण जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गऱ्यो। त्यसै क्रममा मेघबहादुर बिसी, उदयानन्द खनाल, बुद्धिराम खड्का, नीरबहादुर केसी, महेश रिजाल, प्रेमनाथ र कर्णलाई पक्राउ गरियो।

हापुरमा सांसद शिवराज गौतमलाई ०५० कार्तिक ४ गते भरत न्यौपाने, लालबहादुर न्यौपाने सहितको जत्थाले आक्रमण गऱ्यो। जनसमुहले गौतमलाई बचाउन भनी प्रत्याक्रमण गरे। त्यसबाट फेरि भरत न्यौपाने घाइते भए। प्रहरीले बिनापूर्जी सांसदलाई पक्राउ गऱ्यो। उहाँको निवेदन पनि लिइएन। गौतमलाई १५ दिन थुनामा राखियो। कसैलाई भेट्न समेत दिइएन। पीडित पक्षको दावी रहेको छ - यो घटना राजनैतिक पूर्वाग्रहबाट घट्न गएको हो।

२ मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

भेला भई सभा गर्ने, भाषण गर्ने अधिकार हनन भएका घटनाहरू त गिरफ्तारी र यातना अन्तरगत उल्लेखित विवरणले नै छर्लंग्याएको छ।

२.२ धार्मिक स्वतन्त्रता

थारू जातिले आफ्नो देवता कोठी - देहुरान कुन्टीमा धार्मिक आस्था अनुरूप भाला गाडेर राख्ने प्रचलन छ। त्यस चलनको बिपरित केही ठालुहरूले त्यसैलाई देखाई अवैध हातहतियार राखेको आरोप लगाई प्रहरीमा उजुरी गरे। त्यसकै आधारमा ०५० मंसीर १० गते तलासी लिई ४० वर्षीय लालबहादुर चौधरी समेत ४ जनालाई प्रहरीले गिरफ्तार गऱ्यो। कुन्टीको भाला पनि जफत गरियो। यस घटनालाई त्यहाँ धार्मिक स्वतन्त्रतामाथिको हस्तक्षेपका रूपमा लिइएको पाइयो। उक्त घटना बाहेक धार्मिक कलहका अन्य घटना भने पाइएन।

२.३ राजनैतिक स्वतन्त्रता

उल्लेखित घटनामा बाहेक प्रहरी तथा प्रशासनबाट राजनैतिक स्वतन्त्रता प्रत्यक्ष हनन भएको पाइएन।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

संविधान तथा कानूनद्वारा प्रदत्त अधिकार पनि राम्ररी उपभोग गर्न नसकेको स्थिति रहेको छ। तर पनि यस वर्ष दाङ्ग जिल्ला अदालतमा ३९७ मुद्दा दर्ता भएको जानकारी प्राप्त भएको छ। यस वर्ष सबभन्दा बढी ८७ वटा लेनदेनका मुद्दा दर्ता भएको पाइयो। प्रहरीबाट ७२ वटा मुद्दा अदालतमा पठाइए।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यहाँ पनि सुकुम्बासी समस्या रहेको पाइयो। गत १५/२० वर्षदेखि जग्गा खनजोत गरी बसेका करीब २ हजार परिवार रहेको कुरा स्थानीय व्यक्तिहरू बताउँछन्। त्यस्ता भूमिहीन सुकुम्बासीहरू मुख्य गरी - आपुर, त्रिभुवन नगरपालिका, नारायणपुर, ढिकपुर, पुरधारामा रहेका छन्। घोराहीमा रहेको सुकुम्बासी समस्या समाधान आयोगमा भने अहिलेसम्म ३ सय घर-धुरीले मात्र जग्गा दर्ता गरी पाउँ भन्ने निवेदन दिएको कुरा त्यस कार्यालयबाट जानकारी प्राप्त भयो।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

तुल्सीपुर नगरपालिकाका अधिकृत ५० वर्षीय बलदेव शर्माले ०४९ फागुन २५ गते आफ्नै अफिसकी पियनलाई बलात्कार गरे भनिन्छ। तर कुनै कारवाही भएको भने पाइएन। उल्टै थरूनीलाई जागीरबाट निकाला गरियो। तुलसीपुरमा १७ वर्षीय गोफ्ले वादीले एउटी ७ वर्षीया बालिकालाई बलात्कार गरेको अभियोगमा प्रहरीले कार्वाही चलाएको कुरा पनि जानकारीमा आएको छ।

यहाँ युवतीहरूलाई फकाइ-फुस्लाई बेचबिखन गर्ने गरेका घटना यस वर्ष पनि घटे। त्यसैगरी बलात्कारका घटना पनि हुने गरेको पाइयो। देउखुरी लालभटियाकी १६ वर्षीया शान्ता विश्वकर्मा र सिसहनीयाकी १९ वर्षीया मीना नेपालीलाई लालभटियाकी सुनिता रिजाल एवं उनका पति सुरज रिजाल र भालुवाङमा होटल गरी बस्ने सुकमाया बिष्टले कपिलवस्तुतिर मजुरी गर्न जाउँ भनी फकाई भारत लैजाने नियतले बुटवल पुऱ्याए। तर त्यहाँ सडक विभागमा काम गर्ने आफन्तको सहयोगमा ०५० साउन २५ गते उनीहरूलाई भारत लग्नबाट बचाइयो। हाल तीनैजना अभियुक्तहरूलाई प्रहरीले पक्राउ गरेको छ र पुर्पक्षका निम्ति थुनामा राखिएका छन्।

जनता महाविद्यालयको छात्रावासमा ०५० असोज १२ गते राती तुल्सीराम कंडेलले छात्रावासमै काम गर्दै आएकी कौशिल्या थरूनीलाई हातपात गरे।

भारतको नौतनवा शंकरपुरका मुहम्मद इस्लामले नवलपरासी टाँकीकोटमा दाजु भेटी घर फर्केकी एक युवतीलाई फकाई बेच्न लैजाने उद्देश्यले तुल्सीपुर पुऱ्याउँदा त्यहीं गिरफ्तारीमा परे। उनले त्यस अघि ३ युवती बेचेको कुरा स्वीकारे। हाल उनलाई पुर्पक्षका निम्ति थुनामा राखिएको छ।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

बहुविवाह गर्ने चलन बाँकी छ भन्ने संकेत दिँदै यसवर्ष पनि यहाँ बहुविवाहहरू भए। उदाहरणका रूपमा त्रिभुवन नगरपालिका-८ बस्ने सूर्य नेपालले जेठी पत्नी लक्ष्मी नेपाल छँदाछँदै सोही ठाउँ बस्ने अनकल्या चौधरीलाई ०५० बैशाख १ गते गरेको बहुविवाहलाई लिन सकिन्छ।

वादी जातिमा बीसदेखि तीस वर्षका करीब ४६ जना नारीहरू देह व्यापारमा संलग्न रहेको कुरा पनि यसवर्ष जानकारीमा आएको छ।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यहाँ कमैया प्रथा छ र कम्लहरी (हली) ग्वाला (गोठाला) बनेर जीवन बिताउने मानिसहरू पनि छन्। पचास वर्षसम्म जमिन्दारको घरमा हलो जोतेर पनि कमैयाहरूको आफ्नो बस्ने घर छैन।

५.२ अन्य अमानवीय व्यवहारहरू

जिल्ला सडक कार्यालयमा कार्यरत एक महिला सुपरभाइजर प्रति रामचन्द्र चौरसियाले कार्यालयमै अभद्र व्यवहार गरेको प्रसंग पनि सार्वजनिक जानकारीमा आयो।

६ आदिवासी अधिकार

यहाँ वादी जातिका मानिसहरूको बसोबास पाइन्छ। उनीहरूको मूलथलो सल्यान, फलावाङ र साङकोट बताइन्छ। तर उनीहरूप्रति वादी भएकै कारणबाट गरिने भेदभाव भनेको अछुतको व्यवहार र यौन शोषण नै मुख्य रूपमा उल्लेख छन्।

७. बालअधिकार

जिल्लामा बाल मजदूरहरू निकै ठाउँमा देखिए। शहरी क्षेत्रका होटलहरूमा र ग्रामीण क्षेत्रमा जमिन्दार तथा ठूलाबडाको घरमा बाल मजदूरहरू देखिन्छन्। तिनीहरू घरको गरिबीका कारण बाबु-आमाले राम्रो खान लाउन दिन नसकेकोले पढ्न नपाएको हुँदा बाँच्न निम्ति मजदूरी गर्नु परेको बताउँछन्। उनीहरू मासिक रू. १ सय ५० मा काम गर्दछन्।

अतिरिक्त जानकारी

तुल्सीपुर नगरपालिका-२ बस्ने वर्ष २२ का राजु चौधरीले परीक्षामा फेल भएको कारण ०५० साउन ४ गते झुण्डिएर आत्महत्या गरे। ❑

४. मध्यपश्चिमाञ्चल

राप्ती

४.२ प्युठान

जनसंख्या	: १७५,४६९
साक्षरता	: ३२.५ प्रतिशत
महिला साक्षरता	: १६.९ प्रतिशत
क्षेत्रफल	: १३०९ वर्ग कि.मी.

भौगोलिक विकटतायुक्त ४९ गाउँहरूको पहाडी श्रृखलामा समेटिएको प्यूठान पश्चिमका अन्य जिल्लाको तुलनामा केही सुगम र शिक्षित देखिन्छ। यद्यपि अहिले पनि यातायात, शिक्षा र स्वास्थ्यको क्षेत्रमा सन्तोषजनक स्थिति छैन। प्रसिद्ध स्वर्गद्वारीको लेक एवं आश्रम यही जिल्लामा पर्दछ।

१. सम्मानित रूपले बाँच्ने अधिकार

देशको संविधानले सबै नागरिकलाई सम्मानपूर्वक बाँच्ने अधिकारको प्रत्याभूति गरेको भए पनि नागरिक जीवनको व्यवहारमा सहअस्तित्व बोध नहुँदा मानवअधिकारको उपभोगमा व्यवधान पर्ने गरेको पाइन्छ। राजनैतिक प्रतिशोध, व्यक्तिगत रीस-इर्वा, त्रिविध प्रतिष्पर्धाका कारण मानिसहरूको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको हनन हुने गरेको छ।

१.१ हत्या र गोली

पूजा -८ निवासी फुस्रे दमाई लगायतका दुईजना मिलि रक्सीले मातेको सूरमा केशे दमाईलाई लिवाडाको भीरबाट लडाई ०५० भदौ २६ गते हत्या गरे। अभियुक्तमाथि कार्वाहीको माग गर्दै पीडित पक्षले मुद्दा दिएका छन्। त्यसैगरी तिराम गाविस अन्तरगतको भालुवाङ्ग सडकमा काम गर्ने ठेकेदार कृष्ण बस्नेतले पनि रक्सीकै सुरले आफ्नी पत्नी उर्मिला बस्नेतलाई ०४९ चैत १५ गते कुटेर हत्या गरे। हाल उनी कानूनी कार्वाहीका निम्ति थुनामा छन् र अदालतमा मुद्दा चलिरहेको छ।

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	१	२
बलात्कृत	-	१
आत्महत्या	-	४

१.२ जेल

राणा शासनकालमा घोडा बाँध्न बनाइएको जीर्ण भवन नै जेलको रूपमा प्रयोग गरिएको छ। वर्षामा पानी चुहुन्छ। भवनलाई कोठामा विभाजन गरिएको छैन। जम्मा १५ जना अटाउने क्षमता भए पनि हाल त्यहाँ ३ जना नाबालक सहित २३ जना बन्दीहरू छन्। महिला बन्दी छैनन्। शौचालय र पानीको असुविधा छ। चीसोको कारण १६ जना जति बन्दीहरू रोगी भएका छन्। उपचारको राम्रो व्यवस्था छैन। जेल भित्र २ वटा कपडा बुन्ने तान र सिलाई मेशिन छ। बन्दीहरूले आफ्नै खर्चमा किनेको खाट पनि प्रशासनले उपभोग गर्न नदिएर खोसेको पाइयो। त्यसरी खोसिएका खाटहरूको संख्या ८ थान रहेको छ।

जेलमा बन्दीहरूलाई बस्ने ठाउँ नपुगेको हुँदा त्यसको व्यवस्था होस्, उपचारको राम्रो व्यवस्था होस्, पानी र सौचालयको प्रवन्ध गरियोस् र शीपमूलक कामका अवसर वृद्धि गरियोस् भनी ०५० बैशाख २० देखि २५ गतेसम्म हड्ताल गरेका थिए। प्रशासन समक्ष ज्ञापनपत्र दिए। फलत एउटा धारा र थप एक थान तानको व्यवस्था गरियो।

१.३ गिरफ्तारी र यातना

प्यूठान बिजुवार बजारबाट लोकबहादुर बस्नेतलाई पक्राउ गरी सार्वजनिक अपराधको अभियोग लगाएर ५ महिना जेल र ५ सय रूपियाँ जरिवाना गरियो। उनी सुकुम्बासी सेवा समाजका प्रवक्ता थिए र ०४९ माघ २१ गते नवलपरासीको सुनवलमा भएको चक्काजाम कार्यक्रमका दौरान प्रहरीको गोलीबाट घाइते भएका तर त्यसबेला देखि फरार रहेका थिए। उनलाई कानूनी उपचारको कुनै मौका दिइएन।

खाल-२ मा रहेको स्वर्गद्वारी आश्रमको भण्डार चोरी-काण्डको वास्तविकता पत्तै नलगाई त्यहाँका पुजारी

जयप्रसाद आचार्य र तोयनाथ पौडेल लगायत भक्तबहादुर रोका, होमबहादुर थापा, कविराम वली, तमबहादुर वलीलाई प्रहरीले ०५० असार १५ गते गिरफ्तार गरी व्यापक यातना दिए। प्रहरीले बलपूर्वक सावित गराउनका निम्ति उनीहरूलाई पैतालामा लठ्ठीले कुट्ने, नङ थिचिदिने, छाला खोल्साइ खुसार्नी हाल्ने र हात खुट्टा बाँधेर कुट्ने, जस्ता नृशंस तरीका प्रयोग गरेका थिए। अदालतमा मुद्दा पुगे पछि ०५० असोज २५ गते ती सबैलाई सफाई पाउने गरी इन्साफ भएको थियो।

लुङ-६ बहाने स्थित गंगा मा.वि.को प्राङ्गणमा ०४९ चैत्र १६ गते भएको नेपाली कांग्रेसको आमसभा पछि बेलुका देखाइएको सांस्कृतिक कार्यक्रमका बेला विपक्षलाई तथानाम गाली गरिएकोमा त्यसो नगर्न अनुरोध गर्ने अनेरास्ववियुका केशव शर्मा, हिमलाल केसी, राधा केसीलाई नेका समर्थक तरूणहरूद्वारा स्टेज बनाएको नोलले कुटियो। विद्यालय प्रधान अध्यापक टिकाराम रिजालको घरमा ढुंगा हानियो। र स्कूलका झ्याल-ढोका र बेञ्चहरू तोडफोड गर्दै छात्रावासमा सुतेका विद्यार्थीमाथि समेत कुटपिट गरियो। घटनास्थलमा कुरा बुझ्न र समस्या सुल्झाउन भनी गएका एमाले जिल्ला सचिव वीरबहादुर सिंह समेत हरीबहादुर केसी र जिविसका सदस्य पद्म रिजालहरूलाई नेविसंघका फणबहादुर केसी, पोमबहादुर केसी लगायतको डफ्फाले प्रहरीकै सामुन्ने कुटपिट गरे। हरीबहादुर केसी त्यहीं बेहोस भए। उनलाई बिजुवार अस्पतालमा उपचार हुन नसकेपछि काठमाडौं पुऱ्याइयो। त्यस घटनामा लुङका रामबहादुर केसीलाई पक्राउ गरी ५ दिनसम्म थुनामा राखियो। पछि वार्ताद्वारा समस्या सुल्झाइयो।

मरन्ठाना-५ टाकुराका नेका समर्थक र मशाल समर्थक मैलो टोली बीच ०५० कार्तिक ३० गते भएको समान्य झगडालाई निहुँ बनाई नेकाका टंकबहादुरले ५ जनालाई सार्वजनिक अपराधको मुद्दा दायर गरे। हरीबहादुर जिसीलाई मंसीर २ गते बिनापूर्जी पक्राउ गरियो। जबकी उनी घटना घटेका बखत जिल्लामै थिएनन्। केसी र जिसीको भिन्नता नबुझी यस्तो भएको कुरा जिल्लाबासी बताउँछन्।

धरमपानी- ८ मा ०५० कार्तिक १७ गते सानो पसलबाट च्युरा किनेर खाइरहेका धर्ममानसंग रक्सीले मातेका विष्णुप्रसाद पौडेलले च्यूरा मागेर खाए तर मनग्ये नपाएपछि झगडा गर्न थाले। दुवै बीच भनाभन भयो। पछि त्यही घटनालाई निहुँ बनाएर विष्णु प्रसाद पौडेलले मलाई सार्वजनिक ठाउँमा हिंडिरहेका बेला कुटपिट गरियो भनी धर्ममान लगायत गाविस अध्यक्ष केशरबहादुर अधिकारी, युवराज र जीवलाललाई मुद्दा दिए। प्रहरीले दलबहादुर पौडेल र मीनबहादुरलाई पक्रेर ३ दिन थुन्यो। हिरासतमा यातना पनि दिइयो। पछि प्रजिअले संझाई मुद्दा फिर्ता गरियो।

वार एशोशियसनका जिल्ला अध्यक्ष रामेश्वर सुवेदी भन्नुहुन्छ - विशेष गरी प्रहरी यातना नै मानवअधिकारको हनन हुने मूल कारण भएको छ।

प्युठान जेल ढल्न लागेको अवस्थामा

२ मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

फोप्लीमा नेकपा एमालेद्वारा ०५० मंसीर २० गते राखिएको सभामा सोही गाविस अध्यक्ष देवीराम पुन माइक खोस्न गए। उनी नेका समर्थक थिए। त्यस कामको विरोध एमाले पक्षबाट गरियो। त्यसको बदलामा सोही दिन साँझ सभाको समीक्षा गर्न बसेको कार्यकर्ता भेलामाथि शेषराज र दुर्गाप्रसाद लगायतका १५ जनाले ढुंगा-मूढा गरे। पछि आक्रमणकारीलाई पक्रेर प्रहरीलाई सुपुर्द गरियो। उनीहरूले देवीरामले एमालेका दलबहादुर र हरीबहादुर केसीलाई पिटेमा जागीर मिलाइदिने भनेको हुँदा आक्रमण गरेका हौं भनी बयान दिए। तर पछि प्रहरीले उल्टै दलबहादुरलाई गाली-बेइज्जति मुद्दा लगाइदिएको छ र सो मुद्दा अझै चलिरहेको छ।

ओखरकोटमा ०५० मंसीर २७ गते दासढुंगाको दुर्घटना सम्बन्धी भिडियो क्यासेट प्रदर्शन गर्ने जेनेरेटर र डेक लैजादै गर्दा प्रहरीले हस्तक्षेप गऱ्यो। उक्त भिडियो चक्का प्रदर्शन गर्ने पक्षले जिल्ला प्रशासनमा अनुमतिका निम्ति निवेदन दिंदा समेत "सेन्सर नगराई प्रदर्शन गर्न नपाइने" भनी पूर्व प्रतिवन्ध लाग्यो यद्यपि त्यस अघि सोही चक्का बिजुवार र तारेबाङ्गमा देखाई सकिएको थियो।

जि.शि.का.ले शिक्षक संघ र संगठन रोज्ने स्वतन्त्रतामा परोक्ष बाधा पुऱ्याएको पाइयो। त्यसक्रममा ८३ शिक्षकलाई सरूवा गरिएको र सरूवा कै क्रममा पनि पक्षपात गरेको गुनासो पीडित पक्ष बताउँछन्। त्यस सन्दर्भमा चार महिना अगाडि मरिसकेका खिमबहादुर गुरूङ्गलाई एउटा विद्यालयको सञ्चालक समितिमा नियुक्ति गरेको विषयलाई लिएर जिविसको ०५० असार २९ गते बसेको बैठकले खेद प्रस्ताव समेत पारित गरेको र पीडित नारायणी रेग्मीले जिल्ला प्रशासन कार्यालयमा उजुरी समेत गरेकी छन् तर सो मुद्दाको टुंगो लागिसकेको छैन।

२.२ धार्मिक स्वतन्त्रता

जिल्लामा हिन्दू धर्मावलम्बीको बाहुल्यता रहेको छ। थोरै मुस्लीम तथा अन्य बौद्धमार्गीहरू पाइन्छन्। उनीहरूबीच धार्मिक सहिष्णुता छ। एक अर्काको धार्मिक आस्थामा बाधा पुऱ्याउने काम भएका छैनन्।

२.३ राजनैतिक स्वतन्त्रता

यस अधिकारमाथि केही प्रतिशोधात्मक कार्वाहीहरू भएको गुनासो सुनियो।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायिक चेतनाको कमी गरिबी र भौगोलिक विकटताले गर्दा पुग्ने बाधा बाहेक अन्य प्रकारका बाधा उल्लेख भई आएन। यसवर्ष जिल्ला अदालतमा परेका १७६ मुद्दाहरू मध्ये १०५ फौजदारी, ७१ वटा देवानी थिए। ती मध्ये ८१ को कारवाही भई ९५ बाँकी रहेका छन्। साक्षी प्रमाण बुझ्नु पर्ने हुँदा अदालती कार्वाही केही ढीलो हुने गरेको, अदालतमा दबाव निकै कम पर्ने गरेको, कारागार निरीक्षणको कानूनी व्यवस्था नभएको, जिल्लाबासीहरू मानवअधिकार प्रति सचेत नभएको, प्रहरीहरूबाट नै ज्यादा मानवअधिकर हनन हुने गरेको र क्षतिपूर्ति कानून नभएकाले निर्दोष मानिस मर्कामा पर्ने गरेको समेत पाइयो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जिल्लामा भूमिहीन तथा सुकुम्बासी समस्याको रूपमा कुनै घटना यस वर्ष पाइएन।

४. महिला अधिकार

महिला अधिकारको चेतना ज्यादै न्यून रहेको पाइयो।

४.१ महिला किनबेच र बलात्कार

महिला किनबेचका घटनाबारे सार्वजनिक जानकारी प्राप्त भएन। बलात्कारका घटनाहरू भने पाइए।

शेसे घर्तीले आफ्नै छिमेकमा बस्ने महिलालाई ०५० जेठ ७ गते बलात्कार गरेको र त्यसको विरोध गरी गाउँलेलाई सुनाउने अर्को छिमेकीलाई उसले मार्ने प्रयत्न गरेको पाइयो। अहिले शेसे घर्ती पक्राउ परेको छ।

बिजवार-४ फुलबारीमा ०५० असोज ११ गतेका दिन जीतबहादुर नेपालीको घरमा केशरबहादुर गई लगायतका ३ जनाले घरको ढोका फोडी हातपात गर्ने प्रयत्न गर्दा होहल्ला भएकोले चप्पल छाडी भागेका थिए।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

जिल्लामा वादीहरू छैनन्। जारी देउकी प्रथा पनि पाइएन तर बहुविवाह भने भएको पाइयो। उदाहरणका निम्ति मरनठाना-७ का चित्रबहादुर बिष्टले आफ्नी पत्नी हिमाली विष्ट छँदा छँदै ०४९ माघ १६ मा सोही ठाउँकी राधा पुरीलाई विवाह गरेको घटनालाई औंल्याउन सकिन्छ।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

कमारा कमारीको रूपमा दासत्वको समस्या पाइएन सामान्य हली-गोठालाको रूपमा रहेका कामदारहरू भने पाइए।

५.२ अन्य अमानवीय व्यवहारहरू

जातीय भेदभावले गर्दा कामी, दमाई, सार्की, गाइने जस्ता जातिलाई पानी नचल्ने बनाइएको पाइन्छ। छोइ-छिटा लिने प्रथा विद्यमान छ। मन्दीर भित्र पूजा गर्न पस्न नदिने र ती जातिका युवती बिहे गर्नेहरूलाई समेत पानी नचल्ने गराइन्छ। यी सबै कामलाई चलिआएको चलन भनी प्रशासनिक निकायले समेत संरक्षण गर्ने गर्दछन्।

६ आदिवासी अधिकार

आदिवासी समस्याका रूपमा कुनै घटनाहरू प्राप्त भएन।

७. बालअधिकार

गरिबी, अशिक्षा र पर्याप्त भोजनको अभावमा जिल्लाका बालबालिकाहरूको हक हनन हुन पुगेको पाइन्छ। कतिपय केटाकेटी स्कूल पढ्न जानुको सट्टा ज्यालादारी श्रमिकको रूपमा बाटो खन्ने काममा समेत लागेको पाइयो। उनीहरूलाई ज्याला पनि थोरै नै दिइन्छ।

अतिरिक्त जानकारी

फोप्ली-१ का विष्णुप्रसाद वाग्लेले आफ्नै बारीमा झुण्डिई ०४९ पुस १८ का दिन आत्महत्या गरे। नारीकोट-७ का यमबहादुर खत्रीले आफ्नै गाउँले प्रेमलालको गोठमा झुण्डिई ०५० असार २४ गते आत्महत्या गरे। ओखरकोट-४ का रेकमबहादुर विकले घरमुनिको रूखमा झुण्डिई ०५० असोज ६ गते आत्महत्या गरे।

बहुविवाह र त्यसबाट उत्पन्न तनाव सहन नसकी प्रेमकुमारी खत्रीले ०५० कार्तिक ३ गते नजिकैको जंगलमा झुण्डिएर आत्महत्या गरिन्। ❑



४. मध्यपश्चिमाञ्चल

राप्ती

४.३ रोल्पा

जनसंख्या	१७९६२१
साक्षरता	२७.५ प्रतिशत
महिला साक्षरता	१०.१ प्रतिशत
क्षेत्रफल	१८७९ वर्ग कि.मी.

एकाउन्न गाविसमा विभक्त रोल्पा जनचेतनाको न्युनताले ग्रस्त छ। महाभारत श्रृंखलाको यो पहाडी जिल्लाका मुख्य बासिन्दा मगर जातिका छन्। प्रशासनिक कार्य संचालन सदरमुकाम लिवाङबाट हुन्छ। बहुदलीय प्रजातन्त्र पछि दलगत विभाजनमा मानिसहरू संगठित छन् तर प्रजातान्त्रिक संस्कार अनुरूपको काम व्यवहारमा भने अझै कमी रहेको पाइयो। फलतः आपसी अन्तरद्वन्दबाट समेत मानवअधिकार हनन हुने गर्दछ। गत वर्ष मानवअधिकार वर्षपुस्तकका स्वयंसेवकले बटुलेको जानकारी खोसेर, असहयोग गर्ने र तर्साउने रोल्पाको प्रशासन र प्रहरीले यस वर्ष जेल हेर्न नदिने बाहेक कुनै उल्लेखनीय असहयोग गरेन।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

राज्यले बल प्रयोग गरी मानवअधिकार हनन भएका घटनाहरू यस जिल्लामा निकै नै पाइए र जिल्लाका विभिन्न गाउँमा यस वर्ष कर्तव्यमा परी हत्या भएका नागरिकहरूको संख्या ७ रह्यो। यहाँ १२ वटा हत्या प्रयासका घटनाहरू घटे र जिल्ला प्रहरी कार्यालयका अनुसार भवितव्यमा परी मर्नेहरूमा अरू १० जना रहेका छन्।

गजुल-८ ग्वाली गाउँ बस्ने ५९ वर्षीय गोल्फे पुन मगरले ०४९ फागुन २ गते रक्सी खाई आफ्नी पत्नी बेर्सा पुनलाई कुटेर मारे। अभियुक्तलाई अदालतले १० वर्षको जेल सजाय दिएको छ।

पाखापानी-७ तीखेचुलाको खोलाबाट ल्याइएको सिंचाई कुलोको विवादले चौध वर्षीय भीमबहादुर ओलीको ज्यान लियो। ०४९ फागुन १३ गते सोही ठाउँ बस्ने बीरबहादुर खत्री, बलु खत्री, सुन्दर ओली, नरबहादुर ओली, कृष्ण खत्री, नवलसिंह ओली, हरीप्रसाद ओली समेतका व्यक्तिहरू उनको हत्यामा संलग्न रहेको सबुद प्रमाण सहित प्रहरीले पक्राउ गरी हाल अदालतमा पेश गरिएको छ।

तालावाङ-२ का गाविस सदस्य मनसिं डाँगीलाई आगलागी गरेको अभियोगमा ०५० असार ३० गते पक्राउ गरियो। घती गाउँ प्रहरी चौकीका इन्चार्ज रत्नबहादुर हमालको निर्देशनमा प्रहरी हवल्दार र जवानद्वारा निकै यातना दिइसकेको थियो। उनलाई नेपाली कांग्रेसका कार्यकर्ताहरू निमबहादुर डाँगी, कृष्णबहादुर डाँगी र प्रहरीले पक्राउ गरेका थिए।

कोटमैला-५ बस्ने खरसिंह सुनारले आफ्ना ससुरा मन्सारामकहाँ गहना बनाउन आएका भरतबहादुर सुनारसँगै ०५० भदौ १ गते पुरानो रीस-इबीले झै-झगडा गर्दा गर्दै छुरी प्रहार गरी हत्या गरे। हत्या पछि उनी स्वयं नै प्रहरी चौकीमा गै साविति जाहेरी दिए।

गैरीगाउँ-९ राम्मीका अम्मरसिंह झाँक्रीलाई अनेरास्ववियूका विद्यार्थी खिमबहादुरलाई पक्डाएको रीसमा ०५० भदौ ३१ गते धुलतीबोटमा एक हुल मानिसले सांघातिक आक्रमण गर्दा उनको घटनास्थलमै मृत्यु भयो। प्रहरीलाई दिइएको जाहेरीमा चोपबहादुर डाँगी, हर्कराम झाँक्री, पूर्णबहादुर झाँक्री, मानबहादुर, आशबहादुर लगायतका व्यक्तिको नाम उल्लेख गरिएको छ। तर हर्कराम झाँक्री र पूर्णबहादुर झाँक्री बाहेक अरू सबै फरार छन्। पक्राउ परेका अभियुक्तले अमरसिंह कांग्रेस भएको र विपक्षी जनमोर्चालाई दुःख दिएकाले मारेको कुरा स्वीकारेका छन्। पीडितका अनुसार अम्मर सिंहहरूले गत साउन ३२ गते हर्करामलाई अपहरण गरी कटेरीको तुक्लामा पुऱ्याई रगतमा औंला चोबल्दै कांग्रेस प्रवेश गरें भन्न लगाएर छोडेका थिए।

घर्तीगाउँ-२, खर्जुडाँडाका भरतबहादुर घर्तीलाई सोही गाउँ सिरीचउरका कर्णबहादुर घर्ती र दाजु बलबीर घर्तीले ०५०

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	२	१३
बलात्कृत	१	१०
एउटाको सट्टा अर्को बन्दी	-	१
सिडिओले कुटेर जंगलमा फाले	-	१
आत्महत्या	-	१८

कार्तिक ८ गते कुटपिट गरेकोमा उपचार गर्दा गर्दै १६ गते उनको मृत्यु भयो। उनी दशैंमा टिका थाप्न भनी कोहलपुरदेखि आफ्नो जन्मस्थान घर्ती गाउँ आएका थिए। कुटपिट पछि उपचारार्थ नेपालगंज पुऱ्याइएको थियो तर उनी बाँचेनन्। हत्या सम्बन्धी मुद्दा अदालतमा चलिरहेको हुँदा अभियुक्तलाई पुर्पक्षका निम्ति थुनामा राखिएको छ।

जंकोट-८, सनैजाल्पा भन्ने ठाउँमा ०५० कार्तिक ११ गते पुर्खे कामीलाई दयाखोरका होमबहादुर डाँगी, अडियाचौरका बेगम राना, नाम्लीका नोखे ओली, लिला ओली र होमे ओली सहितका ७ जना व्यक्तिहरू मिलेर हत्या गरी भीरबाट फ्याँके। मृतककी आमा बिरसु कमिनीले जाहेरी दर्खास्त दिएपछि पनि प्रहरीले अभियुक्तहरूलाई अनुसन्धानका निम्ति समेत पक्राउ गरेन र पोष्टमार्टम पनि भएन। जबकी उल्लेखित व्यक्तिहरू मध्ये बेगम रानाले बिरसु कमिनी र चुनकलीलाई जाहेरी दर्खास्त दिन समेत रोक्ने प्रयास गर्दै घाङसी खोलाको पुलमा कुटपिट गरेका थिए। आरोपित व्यक्तिहरूले मृतकका आफन्तहरूलाई भीरबाट लडेर मरेको भन्ने भए ठीक छ, नत्र तिमीहरूको पनि ज्यान जाने छ भन्दै धम्की दिने गरेको कुरा मृतककी बहिनी शोभा कमिनी बताउँछिन्।

खुंग्री-४ कोटका सुकलाल नेपालीको घरमा ०५० कार्तिक २१ गतेको राती सबै सुतेकाबेला गजुल रातमाटाका टेकबहादुर नेपाली र खुंग्रीकोटका जीतमान नेपाली सहितका व्यक्तिहरू मिलेर रीस-इबी साध्न आगो लगाई दिए। त्यही आगलागीमा परेर सुकलालको मृत्यु भयो। धन कुमारीले किटानीसाथ जाहेरी दिएकी छन् तर अभियुक्तहरूलाई पक्राउ गरिएको छैन, मुद्दा चलिरहेको छ।

तालावाङ-३ का ३४ वर्षीय मानसिं डाँगीलाई ०५० पुस ११ गते पक्राउ गरियो। उनलाई पक्राउ गर्ने अस्थायी प्रहरीचौकी घर्ती गाउँका इन्चार्जको निर्देशनमा हवल्दार बलबहादुर रावल र प्रहरी जवान रेगमबहादुर पुनले निकै यातना दिएका थिए। र अन्तमा रगतमा हात चोबी नेकपा (एमाले) छोड्न बाध्य समेत बनाएका थिए।

१.२ जेल

रोल्पा कारागार शाखाको नाममा १० रोपनी जग्गा मध्ये ४ रोपनीमा भवन निर्माण गरिएको छ। ०४४ सालमा बनाइएको कारागार भवन पुरानो त छैन तर वर्षामा पानी चुहेर बस्न नमिल्ने हुन्छ। जम्मा बन्दी ५३ जवानमा दोष प्रमाणित भएका जम्मा ४ जना छन्। कूल बन्दीमा ३ जना महिला छन् र एउटी आश्रित बालिका पनि। बन्दीहरूलाई बेलुका ७ देखि विहान ५ बजेसम्म कोठा/कोठामा थुनिन्छ र भित्रै बाल्टीमा दिशा-पिसाव गराइन्छ। यद्यपि जेलमा ३ वटा चर्पी छन्। पत्रपत्रिका सेन्सर गरेर मात्र दिइन्छ। ०५० साउन ३२ गते गोरे सुनार र अर्को १ जना कैदी भागे पछि त्यहाँ रहेका बाँकी केही बन्दीहरूलाई २५ दिनसम्म नेल हत्कडी लगाइयो। त्यसपछि बाहिर कम्पाउण्डमा घुम्न पनि दिइँदैन। बेला-बेलामा कोठा जाँच्ने नाममा बन्दीका नीजि सामान समेत जफत गरिन्छ। बलबहादुर बुढा भन्छन् - मेरो २ धार्नी भन्दा बढीको उन जफत गरियो र फिर्ता दिइएन। महिला वार्डतिर पनि पुरुष बन्दी राखिएको छ।

१८ जना सुरक्षाकर्मीको दरबन्दी भए पनि ८ जना मात्र कार्यरत छन्। पर्याप्त उज्यालोको अभावले पनि सुरक्षाको काममा बाधा पुगेको कुरा प्रहरीहरू बताउँछन्। उपचारको सामान्य प्रबन्ध छ।

जेलमा मानवअधिकारको स्थिति बारेमा बन्दीहरूले दिएको लिखित जेलरबाट प्राप्त भएन। प्रजिअ पनि मानवअधिकार संस्था एवं दलहरूका प्रतिनिधिलाई जेल निरीक्षण गर्न दिँदैनन्। उदाहरणका रूपमा रइस खांले सजमोका संयोजक डा. बाबुराम भट्टराईलाई जेल हेर्न नदिएको घटना उल्लेख्य छ।

रोल्पामा सबै दलका मानिसहरूको एउटै भनाई रह्यो - जेलमा मानवअधिकारको अवस्था ज्यादै नाजुक छ। प्रजिअ रइस खांले पुरानो ऐनको पुस्तक देखाउँदै नेल हतकडी लगाउनु हाम्रो अधिकारको कुरा हो भन्ने गरेका छन्।

१.३ गिरफ्तारी र यातना

रोल्पा यस वर्ष राज्य आतंकको शिकार भयो। राजनैतिक प्रतिशोधपूर्ण गिरफ्तारी र यातनाले कतिपय गाउँ त्रस्त रहे।

मुसीकोटमा ०५० असार २० गतेको बन्दमा तिलक केसीको पसल तोडेको आरोप लगाएर साउन ७ गते पुष्पलाल स्मृति दिवशको प्रवचन सुनिरहेका २२ वर्षीय घनश्याम आचार्यलाई बिनापूर्जी प्रहरीले पक्राउ गऱ्यो। उनलाई ३ दिनसम्म विभिन्न चौकीहरू बदल्दै थुन्ने काम गरियो। अन्त्यमा लिवाङ मैं बयान लिइयो। त्यसक्रममा खुट्टा माथि गराई बेसरी कुटियो र जुलुसले नै फोडेको भन्ने कागजमा बलपूर्वक सही गराइयो। रू. २९ हजार २ सय धरौटी लिई उनलाई तारेखमा छाडियो। नेपाली

रोल्पा जेलको एक झलक

कांग्रेसमा प्रवेश गर भन्दै पीडक तिलक केसीले फकाएको र त्यसो गर्न नमान्दा यो सब घटना व्यहोर्नु परेको वेदना आचार्यले पोखे।

भावाङ-९ मा भएको नापी सम्बन्धी विवादका क्रममा सार्वजनिक अपराध लगाइएका गाविस अध्यक्ष भीमबहादुर बुढालाई ०५० असार २८ गते जिल्ला प्रशासन कार्यालयमा आफै हाजिर हुन जाँदा "पक्रिन जाँदा कहाँ मागेको थिइस्" भन्दै प्रहरी तथा प्रजिअ स्वयंले समेत कुटपिट गरे। उनलाई २४ दिन हिरासतमा राखेर साउन २० गते जेल चलान गरियो। ०५० भदौ २ गते २८ हजार २ सय ५० रूपियाँ धरौटी लिई साप्ताहिक तारीखमा रिहा गरियो। भावाङको नापी विवाद भनेको सार्वजनिक जग्गाहरू व्यक्ति विशेषका नाममा नापी हुन थालेपछि उब्जिएको झगडा थियो र त्यसलाई निहुँ मात्र बनाइएको थियो। कोटगाउँ गाविस उपाध्यक्ष तिलकराम बुढालाई राजनैतिक प्रतिशोधका कारण ०५० भदौ २४ गते पक्राउ गरी यातना दिइयो।

सत्तापक्षको गर्वले चुर भएर ०५० भदौ ५ गते गैरीगाउँ -५ का शिक्षक रूद्रबहादुर डाँगीको डेरामा आक्रमण गर्ने र अखिलका विद्यार्थीलाई जवरर्जस्ती समातेर पाता फर्काएर लैजाने सम्मका घटना भए।

कुरेली -९ मा नापी कार्यको विवादलाई लिएर गाविस अध्यक्ष लगायतका मानिसले अमिनलाई ०५० असोज १७ गते दिउँसो १२ बजेदेखि राती ८ बजेसम्म थुनेर राखेकाले सार्वसनिक अपराध अन्तर्गत कारवाही गरिएको थियो।

भ्रष्टाचार गरेको अभियोगमा ०५० भदौ २४ गते पक्राउ परेका जनसेवा मा.वि. राङसीका प्र.अ. पदम पुनलाई भोलिपल्ट अदालतबाट म्याद थप गरी कारागारमा लगियो। निजलाई दोश्रो बयान लिन भदौ २० गते हाजिर गराउँदा सि.डि.ओ. स्वयंले गालि गर्दै मुन्ट्याएर, अर्को कोठामा लगी २ जना प्रहरीद्वारा पिट्न लगाए। २ पटक सम्म यसै गरियो। अनि मात्र मुद्दा फाँटमा बयान दिन लगाएको कुरा पीडित बताउँछन्। कार्तिक ५ गते रू. ५९ हजार धरौटी राखी जेलबाट छुटकारा पाएका थिए।

जंकोटका तीर्थमान पुनलाई कम्युनिष्टलाई जुडो-कराँते सिकाएको रीसमा ०५० भदौ २७ गते पक्राउ गरी प्रहरी हिरासतमा निकै यातना दिइएको र त्यसक्रममा एक हप्तासम्म कुखुरा बनाएर कुट्दै खुट्टा माथि पारेर झुण्ड्याई कांग्रेस बन्छु भनेपछि मात्र छाडियो।

त्यसैगरी अन्य कुटपिट, गिरफ्तारी र यातनाका घटनाहरू प्रसस्तै रहे। जसमध्ये उल्लेख्यमा ०५० असोज ६ गते नेपाली कांग्रेसका तर्फबाट जिविस सदस्य निर्वाचित शाहीराम डाँगीलाई लिवाङबाट घर फर्कदा बाइगाडको जंगलमा एक्कासी ३ जनाले कुटपिट गरी दुवै हात भाँचिदिए। यस घटनामा ५ जना पक्राउ परे। नन्द महरा र भीमबहादुर महरालाई निकै यातना दिएर सावित गराइएको हुँदा ती २ जना अझै जेलमा छन्। आरोपित अन्य व्यक्तिको खोजी भइरहेको छ। पीडक को हुन् शाहीराम पनि चिन्दैनन् तर १५ जनालाई मुद्दा लगाइएको छ। नेकाकै कार्यकर्ता माडिचौर निवासी हरीबहादुर रानालाई कुटपिट गरी एउटा हात भाँची दिए। अभियुक्तहरू जनमोर्चाका कार्यकर्ता भएको उल्लेख छ।

संयुक्त जनमोर्चाको बहुमत भएको रोल्पाको लिवाङमा ०५० असोज १८ गते ८० जना शसस्त्र प्रहरी र ६ जना इन्सपेक्टर सहित जिल्ला प्रहरी अधिकृत हुमबहादुर थापा र मानबहादुर खड्काले ग्रामीण जनतालाई व्यापक दुख दिए, कुटपिट गरे। सुलीचौरका मुक्तबहादुर घर्ती र नरबहादुर रोका मरणाशन्न बने। गैरीगाउँका टोपबहादुर डाँगी, भूपबहादुर डाँगी लगायतका व्यक्तिको घर खानतलासी लिइयो। चेलीबेटीलाई अभद्र व्यवहार गर्ने, कुखुरा-बोका खाइदिने र झुट्टा मुद्दा लगाउने काम व्यापक रूपमा गरियो। त्यस क्रममा सयौंलाई गिरफ्तार गरियो। जनमोर्चाका संयोजक बाबुराम भट्टराईका अनुसार ०५० असोज २१ र २२ गते झन प्रहरीको संरक्षणमा भिजिलान्तेहरूद्वारा खुकुरी पेस्तोल सहित आक्रमण गरियो र त्यस क्रममा बीरबहादुर डाँगी, अमरराज बुढा, तुलसीराम बुढा र मानध्वज बुढालाई गिरफ्तार गरियो। अमरराज खुकुरी प्रहारबाट घाइते समेत भए। बीरबहादुरकी ७५ वर्षीया बूढीआमा पनि आक्रमणबाट घाइते भइन्। स्वयं कांग्रेसी कार्यकर्ता समेत प्रहरी पहिरनमा आएको उदाहरण दिँदै गाउँलेहरू भन्छन् -नुवागाउँको चन्द्रबहादुर थापा असइ भएको थियो र अमरबहादुर हवल्दार बनेको थियो !

गैरीखुट्टी गाविसमा शेरबहादुर रोका लगायतका व्यक्तिले चोरी मुद्दामा फसाउन भनी ०५० मंसीर १७ गते भिमबहादुर बाँठालाई ताउलो बोकाई लिवाङ्ग लग्दै गर्दा केही व्यक्तिहरूले हमला गरेर उनलाई छुटाए। त्यस झगडामा शेरबहादुर घाइते भए। घटनाको सिलसिलामा कुरेती प्रा.वि.का शिक्षक कोपिलालाई पक्राउ गरियो तर पीडित पक्षको आरोप भने उत्तम रोका लगायतका संजमो समर्थक व्यक्ति प्रति रहयो।

सुलीचौर निवासी मुक्तबहादुर घर्तीले आफूलाई प्रजिअ अब्दुल रइस खाँ स्वयं तथा सुरेन्द्र हमाल सहितका ५ जनाले ०५० पुस १० गते गाडीमा हालेर कुटपिट गरी बेहोस बनाएर भालुखोलाको जंगलमा फ्याँकेको दुःखद घटना सुनाउँछन्। पछि न्यायका निम्ति जिल्ला अदालत जाँदा प्रजिअ विरूद्धको मुद्दा भनी दर्ता नगरेपछि हाल उनले सर्वोच्च अदालतसंग इन्साफ मागेका छन्।

रोल्पामा गरिएको प्रशासनिक दमनको विरोध गर्दै संजमोका संयोजक बाबुराम भट्टराईले प्रजिअ रइस खाँको बर्खास्तगी, झुट्ठा मुद्दा खारेजी र निष्पक्ष न्यायिक जाँचका निम्ति आयोग गठन गर्ने माग गर्नु भएको थियो। प्रजातन्त्रको पुनर्स्थापना पश्चात सत्ता र प्रशासनिक आतंकको नमुनाकै रूपमा रोल्पाको नाम चर्चामा आएको छ।

गैरीगाउँ-५ त्रिवेणी बस्ने नुवागाउँका शिक्षक रूद्रबहादुर जोशीलाई कमल बुढा, अम्मर घर्ती र बलजित लगायतका व्यक्तिले कोठामा आक्रमण गरी घाइते बनाए। उनकी पत्नी पनि कुटिइन्। त्यसपछि टोपलाल पुरीको परिवारलाई कुटियो। यसको कारण - राजनैतिक प्रतिशोध भनी पीडित पक्ष बताउँछ।

जंकोटका हस्तमणि पुनलाई खुकुरी प्रहार गर्दै उनकी पत्नी र छोरालाई कुटपिट गर्ने सोही ठाउँ बस्ने रामबहादुर पुन,

नन्दबहादुर सुनुवार, मने र तुलु पुन बारे प्रहरीमा जाहेरी दर्खास्त दिएर पनि कार्वाही नगरेको व्यहोरा पीडित पक्ष बताउँछ। तर प्रहरीले अभियुक्त फरार रहेकोले कार्वाही हुन नसकेको जनायो।

पास्वापानी-२ मा एउटै नाम भएका दुईजना हरीप्रसाद ओली थिए। एउटाको बाबु लालु ओली अर्काको भने बाबुको नाम फरक थियो। पास्वापानीमा भएको हत्याका सन्दर्भमा लालु ओलीको छोरा हरीप्रसादलाई खोजिएको र अदालती पूर्जी पनि उनैको नाममा रहेको, घर खानतलासी पनि उनैको भएको तर पक्राउ गर्दा भने अर्कै हरीप्रसादलाई पक्रियो जो अहिले थुनामा छन्। पीडित हरीप्रसाद गंभीर मुद्रामा बेदना पोख्दछन्।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

यस वर्ष यहाँ अभिव्यक्ति स्वतन्त्रता र संगठित हुने स्वतन्त्र हक दुबैमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा हस्तक्षेप भएको पाइयो। कतिपय नागरिकले संगठन रोजेकै कारण ताडना मात्र भोग्नु परेको नभै त्यही झगडाबाट जीवन समेत गुमाउनु परेका दुःखपूर्ण घटनाहरू पनि घटे।

२०४९ माघ १५ गते राप्रपाले आयोजना गरेको सभामा त्यस दलका केन्द्रीय प्रवक्ता कमल थापाले विपक्षीहरूको आलोचना गर्दै बोल्दा केही अमर्यादित शब्दको निहुँमा सभा नै विथोल्ने काम नेपाली कांग्रेसबाट भयो। त्यसैगरी ०५० असार २० को वाम पार्टीहरूद्वारा आयोजित बन्दको दिन लिवाङमा भएको आमसभामा पनि सत्ताधारी दलका कार्यकर्ताद्वारा ढुंगा हानी सभा विथोल्ने काम भयो। पछि दुई पक्ष बीच झडप भयो। प्रहरीले अश्रुग्यास प्रयोग गरी त्यसको नियन्त्रण गऱ्यो।

०५० कार्तिक ८ गते इरीवाङको मौलामा आयोजित सांस्कृतिक कार्यक्रमलाई बिथोल्ने काम संयुक्त जनमोर्चाबाट भयो। त्यस क्रममा खड्गबहादुर बुढाको खुट्टा भाँचियो भने विश्वचन्द्र र प्रहरी गोविन्द शर्मालाई कुटपिट गरियो।

व्यक्तिको संगठित हुने स्वतन्त्र अधिकार खोस्दै ०५० भदौ ३१ गते जंकोट-८ नम्लीका संजमोका कार्यकर्ता रणबहादुर श्रेष्ट र घरबासाका किर्ती खत्रीलाई नेकाका नोखबहादुर डाँगी समेतले बलपूर्वक राजीनामा गराएका थिए।

शिक्षकहरूलाई अपायक सरूवा गर्ने, छनौट कार्यमा धाँधली गर्ने जस्ता पक्षपातपूर्ण व्यवहारको विरोध गर्दै ०५० असोज २३ गते नेराशि संगठनले लिवाङमा लालटिन जुलुस प्रदर्शन तथा आमसभा गऱ्यो। त्यसैलाई निहुँ बनाएर जिल्ला शिक्षा कार्यालयले मदनकुमार शर्मा र सर्वजीत ओलीसंग स्पष्टीकरण माग गऱ्यो। स्मरणीय छ नेपालमा तीन पटक स्पष्टीकरण माग गरिएको शिक्षकलाई जागीरबाट खोस्न सकिने कानूनी व्यवस्था छ।

राजनैतिक प्रतिशोधका कारण मुद्दा झेल्नु परेका शिक्षक जोगबहादुर र किमबहादुरले राजीनामा दिए। अर्का शिक्षक विष्णुप्रसाद पोखरेललाई प्रजिअले जिल्ला निष्काशनको आदेश दिएको पाइयो। मधुसुधन पोख्रेललाई अवकाश दिइयो र बिना मल्ल, मदनकुमार, ओमबहादुर सेन, मोहनबहादुर अधिकारी, कुलानन्द गिरी, गोविन्द शर्मा, कुमार दसौदी, शालिकराम सुबेदी, मोहन थापा, भेसराज घिमिरेलाई स्पष्टिकरण सोधियो।

२.२ धार्मिक स्वतन्त्रता

विभिन्न धर्मावलम्बी बीच धार्मिक सहिष्णुता रहेको पाइयो।

२.३ राजनैतिक स्वतन्त्रता

स्वतन्त्र रूपमा राजनैतिक दल रोज्न पाउने अधिकारमा स्वयं राजनैतिक क्षेत्रबाट समेत अतिक्रमण भएका घटनाहरू यस वर्ष पनि घटे। कतिपय घटना अन्य प्रसंगमा उल्लेख समेत भइसकेका छन्। कोटगाउँ बस्ने नन्दराम घर्ती लगायतका व्यक्तिलाई कुखुरा काटेर रगतमा हात चोबलेर कसम खुवाइयो। कोटगाउँ-९ कोजक निबासी ६५ वर्षीया बूढीआमैलाई सजमोका व्यक्तिलाई खाना खान दिएको आरोपमा कुटियो। जसलाई पुनः उल्लेख गर्नु असान्दर्भिक हुने छैन।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

गत ०४९ पुस देखि ०५० मंसीर मसान्तसम्मको अभिलेख अनुसार यस वर्ष जिल्ला अदालतमा १४३ देवानी र २५४ फौज्दारी मुद्दा दर्ज भएको पाइयो। ती मध्ये देवानीमा ४३ फर्स्यौट भई १०० वटा बाँकी रहेका, फौज्दारीमा ६४ फैसला भइ १९० बाँकी रहेको पाइयो। अदालतमा परेका मुद्दामा सबभन्दा बढी सम्बन्ध बिच्छेद रह्यो भने जिल्ला प्रशासनमा सबभन्दा बढी सार्वजनिक अपराधका मुद्दाहरू पाइयो। सार्वजनिक अपराधका ३२ वटा, हतियार सम्बन्धी ४ वटा उल्लेख्य छन्। प्रहरी कार्यालयमा भने ३६ वटा मुद्दा मध्ये १० वटा बलात्कार सम्बन्धी रहेको पाइयो।

प्रहरी प्रशासनमा मानवअधिकार सम्बन्धी चेतनाको कमीले गर्दा निष्पक्ष न्याय सम्पादन हुन नसकेको गुनासो पीडित पक्षबाट पाइयो। तर अदालतप्रति भने ढिलासुस्तीको गुनासो नै बेसी आयो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा भूमिहीन तथा सुकुम्बासी समस्या सम्बन्धी घटना हाम्रो जानकारीमा प्राप्त भएन।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

प्रत्यक्ष रूपमा महिला किनबेचका घटनाहरू पाइएनन्। परम्पराको रूपमा रहेको माइतिले छोरीलाई बिहे गरी दिंदा लिने "भार" भने एक खाले प्रथाकै रूपमा पाइन्छ। विवाह पक्का गर्दा लिने "शाही" र विवाह वा पोइल गए पछिको "भार" नबुझाइ चेलीबेटीलाई माइत प्रवेशमा रोक लगाइएको हुन्छ अर्थात् त्यतिञ्जेल विवाहले मान्यता पाएको हुँदैन। त्यसरी लिइने "भार"

मा विशेष गरी खानेकुराहरू खसी-बोका, राँगा, रक्सी, रोटी रूपियाँ रहेको हुन्छ। कतै कतै यसलाई "दस्तुर प्रथा" पनि भनिन्छ।

प्रहरीमा जाहेर गरिएका बलात्कारका १० घटनाको विस्तृत विवरण प्राप्त भएन।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

जारी प्रथा र बहुविवाह दुबै चलन चल्तीमा रहेको पाइयो। उदाहरणका रूपमा राङ्सी-३ गोपालखोला बस्ने ३० वर्षीय शशीराम ओलीले जेठीबाट छोरा नभएकाले जंकोट-७ ढालीवाङबाट १८ वर्षीया मनकुमारीलाई कान्छी पत्नीको रूपमा बिहे गरे। त्यस बापत उनले ६ हजार जारी तिरे। त्यस्तै राङ्सी ओइवाङ्का बीरबहादुर डाँगीले १२ हजार तिरेर कान्छी पत्नी ल्याए, फिवाङ्गका पुनाराम घर्तीले पत्नी ल्याउँदा ८ हजार तिरे। प्राणेका जयबहादुर ओलीले आफ्नी पत्नी लैजाने जारसँग १६ हजार जारी असुल गरे र गैरीगाउँका कमल बुढाले १० हजार जारी बुझे।

बहुविवाहलाई सामाजिक प्रचलनको रूपमा लिइने हुँदा पनि यस सम्बन्धी मुद्दा अदालतमा थोरै मात्र पुग्दछन्। यस वर्ष जम्मा २ वटा बहुविवाह सम्बन्धी मुद्दा अदालत गए। तर बहुविवाहको फलस्वरूप सम्बन्ध बिच्छेदको प्रवृत्ति भने बढेको पाइयो। यस वर्ष ५८ वटा सम्बन्ध विच्छेद सम्बन्धी मुद्दाहरू अदालतमा दर्ज भए।

बहुविवाहका अन्य घटनामा उवा-७ का जीतबहादुर घर्ती मगर, राम्मीका इमानसिंह घर्ती, गैरीगाउँ-६ गाङ्गका बलजित दमै, दुरीवाङ-९ तावाङ्गका मोहन रिजाल, दुवीडाँडा-४ जसपुरका छविलाल बुढाथोकी, हापखोलाका हिरालाल घर्ती, उवागाउँका रामकाजी रोका, जंकोट-९ भीरखोलाका गौराज पुन सबै बहुविवाहका दुलाहा बने। तर उनीहरूका जेठी पत्नीहरू कोही पनि सम्बन्ध बिच्छेदको निवेदन दिन अदालत गएनन्। घर्तीगाउँको बजारमा होटल गरी बस्ने एउटी होटलवाली भन्छिन् "दुई छोराका ६ बुहारी छन् मलाई आनन्द छ, कान्छो छोरो २५ पुगेर २६ लाग्यो, उसका ४ वटी पत्नी छन्। सबै मिलेरै बसेका छन्।" अदालत जाने गौराजकी जेठी पत्नी मानसरी भने आफ्नो पीडा यसरी भन्छिन् "बहुविवाहको उजूर गरेर के गर्नु ? त्यो भन्दा त सम्बन्ध विच्छेद भयो भने हामीले अर्को बिहा गर्दा जारी तिर्नु पर्दैन।" वास्तवमा यो भनाई भित्र नारी वेदनाको मर्म गुञ्जेको छ।

महिलाहरूलाई हत्या गर्ने प्रवृत्ति पनि एथेष्ट छ। ओत-५ का सुपल घर्तीले ०४९ असोज ७ गते बिहे गरेर ल्याएकी पवित्रा घर्तीलाई ०५० कार्तिक ७ गते कुटपिट गरेर घरबाट निकाली सकेका छन्। र सम्बन्ध विच्छेदको मुद्दा जिल्ला अदालतमा दर्ज भएको छ।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

दास-दासीका रूपमा मानिसको क्रय-विक्रय भए गरेको पाइएन तर घरेलु नोकर र कामदारका रूपमा खान लाउन दिएर राखिएका मानिसहरू भने केही पाइए।

५.२ अन्य अमानवीय व्यवहारहरू

उल्लेख्य घटना घटेको घटना विवरण प्राप्त भएन।

६. आदिवासी अधिकार

जातीय सद्भाव रहेको त पाइयो। तर घुमन्ते मानव समूहका रूपमा रहेका वादी जातिलाई अछूतको व्यवहार गर्ने गरेको पाइयो।

७. बाल अधिकार

स्कूल पढ्ने उमेरका केटाकेटीलाई पढ्न नपठाई काममा लगाउने गरेको पाइन्छ।

अतिरिक्त जानकारी

कोटगाउँकी सुशीला आचार्यलाई र उनका पति शिव आचार्यलाई घाँस काटिरहेका बेला ०५० साउन १८ गते अज्ञात व्यक्तिले खुकुरी प्रहार गरी घाइते बनाए।

दुवीडाँडा-५ चिउरी बस्ने भीमकुमारी बस्नेतले आफूसंग पहिले छोडपत्र गरेको लोग्नेसंगै सहवास गरी ०५० बैशाख ३१ गते जन्माएको बच्चालाई खोल्सामा फ्याँकिन्। हाल हत्याको अभियोगमा मुद्दा चलिरहेको छ।

खुंग्री-६ महेन्दी बस्ने गिरे भन्ने गोरे सुनारले आफ्नै फुपू पर्ने डाली सुनारनीलाई बिहे गर्न नपाएको झोंकमा ०४९ चैत २६ गते खुकुरी प्रहार गरी घाइते बनायो। त्यसपछि आफ्नै घरमा आई आगो लगायो र त्यो आगलागीले वरिपरि रहेका - जमुनी, गिता, काली, भिमबहादुर, निमा, नरबहादुर, बमबहादुर सुनारको घर समेत जल्यो। पछि उसलाई गाउँलेले पक्रेर प्रहरीमा बुझाए। १५ दिन हिरासतमा राखी जेल पठाइएको गोरे सुनार ०५० साउन ३२ गते जेलको ढोका फोडी फरार भएको छ।

यस वर्ष जिल्लाका विभिन्न कार्यालय तथा योजनामा कार्यरत अस्थायी/स्थायी दुवै थरी गरी ३१ जना कर्मचारीलाई विभिन्न कारवाही गरियो। ११ जनालाई अवकाश र बाँकीलाई ग्रेड रोक्का, घटुवा र सरूवा गरियो।

यस वर्ष यो जिल्लामा प्रहरीको रेकर्ड अनुसार आत्महत्याका १८ वटा घटना घटेका थिए।

भावाङ्ग -९ नापी टोली शिविरबाट फर्किरहेको बेला धनबहादुर ओलीलाई ०५० भदौ ३ गते एक हुलले शिवकुमार आचार्य दम्पति समेतलाई जंगलमा गएको बेला कोटगाउँ -१ मा केही व्यक्तिहरूले खुकुरी प्रहार गरी घाइते बनाए।

रोल्पा जिल्लामा जबरजस्ती राजीनामा गराउने, कुटपिट गर्ने, गाउँ-घर छोडेर भाग्न विवश पार्ने लगायत आतंकको वातावरण पैदा गरिएको देखिन्छ। देशका कुनै पनि जिल्ला भन्दा कठोर प्रशासन र निर्दयी व्यवहार यस जिल्लामा प्रत्यक्षतः देख्न सकिन्छ। नेपालमा मानवअधिकारको अत्यधिक र खुला उल्लंघन हुने जिल्ला भनेर राष्ट्र मात्र होइन अन्तर्राष्ट्रिय स्तरमै रोल्पा परिचित भैसकेको जिल्ला हो। ❑



४. मध्यपश्चिमाञ्चल

राप्ती

४.४ सल्यान

जनसंख्या	: १८१७८५
साक्षरता	: २९.६ प्रतिशत
महिला साक्षरता	: १२.४ प्रतिशत
क्षेत्रफल	: १४६२ वर्ग कि.मी.

पहाडी जिल्ला सल्यान भौगोलिक विकटतासँगै सामाजिक चेतनाको न्यूनतामा अल्फेको छ। यातायातको अफै पनि कठिनाई छ। ४७ वटा गाउँ समूहमा बाँडिएको यस जिल्लामा नगर निर्माण अफै भईसकेको छैन। प्रकृतिको सुन्दरता माफ कुभिण्डे ताल, बनगाउँ र रामपुर जस्ता फारमहरू र तारूपे चुलीहरू त छन् तर जनजीवनको अवस्था भने गरीब, अज्ञानता र अन्यायले पिल्सिएको पाइन्छ। पुरूषहरू भन्दा महिलाहरूको संख्या बढी छ तर शिक्षाको अवसरबाट उनीहरू नै बढी बञ्चित छन्।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यसवर्ष यहाँ राज्यको तर्फबाट स्थानीय प्रशासनले बल प्रयोग गरी कुनै नागरिकको हत्या गरेको घटना छैन। गोली प्रहारका घटनाहरू पनि घटेनन्। तैपनि व्यक्तिगत प्रतिशोधका फै-फगडा तथा अन्य कारणबाट केही नागरिकहरूको हत्या भएको पाइयो।

छायाछेत्र-१ बस्ने चिरञ्जिवी पुनले आफ्नी पत्नी गोमा पुनलाई परपुरूषसंग संसर्ग गरी भन्ने निहुँमा बञ्चरो प्रहार गरी ०४९ फागुन ८ गते हत्या गरे। त्यसपछि छोरा-छोरीलाई बाहिर निकाली घरमा आगो लगाएर भोलिपल्ट उनी आफै प्रहरीमा हाजिर हुन गई हत्याको रिपोर्ट दर्ज गरे। हाल उनलाई थुनामा राखिएको छ।

थारमारे-८, रातामाटाका टोपबहादुर डाँगीले ११ वर्षीय मोहनलाल डाँगीलाई ०४९ चैत २८ गते हत्या गरी फरार रहेका छन्।

घटनाको प्रकृति	घटना संख्या १९९२	घटना संख्या १९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	१	-
बलात्कृत	२	६
कारागार हड्ताल	-	१
आत्महत्या	-	-

लक्ष्मीपुर डाङडुङ्गेका हर्षबहादुर रानाले ०५० साउन २५ गते बालकृष्ण सिरिषको खलतीबाट चोरेको र आफ्नी छोरीसंग बसेर कुराकानी गरेको निहुँमा भएको फगडामा लोकबहादुर खड्का र बालकृष्णको कुटाईबाट २५ वर्षीय हर्षबहादुर रानाको मृत्यु हुन पुग्यो। हाल सिरिष र खड्का थुनामा छन्।

खलंगा डाँडागाउँ बस्ने मेघराज केसीले छायाक्षेत्र घर भई डाँडागाउँ होटल गरी बस्ने गजराज भण्डारीलाई बलदेव योगीको समेत सहयोगमा ०५० असोज २ गते हत्या गरे। रक्सी खाई कुटपिट गरिएको त्यस घटनामा अदालतले हाल अभियुक्तलाई धरौटीमा रिहा गरेको छ।

कालिमाटी रामपुर- ८ बस्ने नरवीर घर्तीलाई शिवे खासुको घरमा डिले घर्ती गंगाराम, शिव र बलराम सहितका व्यक्तिहरूले रक्सी मासु खाई भनाभन हुँदा कुटपिट गरी ०५० कार्तिक ७ गते हत्या गरे। उक्त घटनाको सन्दर्भमा निरपराध नोख्री खत्रिनीलाई जेलमा राखिएको गुनासो पीडित पक्षबाट प्राप्त भएको छ।

करञ्जीका ५४ वर्षीय गुमान बुढाथोकीलाई आफ्नो माइले पहिलेदेखि नै माइ-माइकै एउटा बच्चा पालेर बसोस् भन्दै आएकोमा त्यसलाई अस्वीकार गरेको र यसवर्ष दाजु गुमान बुढाथोकीकी पत्नी मोती बुढाथोकी गर्भवती भएको देखी रीसले माउजू र उनलाई सुत्केरी हुँदा हेरचाह गर्न आएकी सोल्टिनीलाई समेत ०५० मंसीर १५ गते हत्या गरे। अहिले अभियुक्तलाई पक्राउ गरिएको छैन, मोतीका पति गुमान बुढाथोकीलाई पक्राउ गरिएको छ। प्रहरी अनुसन्धान जारी छ।

त्यसैगरी बाँफाकाँडाको कागखोला बस्ने गुमानेले कालिबहादुर बुढाथोकी भन्ने बालकलाई छिया छिया पारेर काट्यो। अभियुक्त हाल थुनामा छ।

१.२ जेल

सायद सल्यानी राजाको पालामा बनाईएको खलंगा जेल २० जना बन्दी थुन्न सकिने अवस्थामा छ। भवन जीर्ण छ, तर हाल ३० जना बन्दीहरू कोचेर थुनिन्छ। ४ जना आरोपित बन्दी

छन् जसलाई सरकारले थुनुवा मन्दछ। सबै पुरुष छन्। यस वर्ष ६ जना मात्र थुनामा आए। अरू सबै पुराना बन्दीहरू छन्। फण्डै साढे २ रोपनी क्षेत्रफलमा रहेको भवनमा कोठाहरू छुट्याइएको छैन। चर्पी मिस्त्री बाहिरी एक एक वटा छन्। बत्तिको व्यवस्था बेलुका ३ घण्टाको निम्ति मात्र छ। बन्दीहरूलाई सूचना पाउने अधिकारबाट पूर्ण बञ्चित गरिएको छैन, कहिलेकाहीं गोरखापत्र दिइन्छ। रेडियो आदिको व्यवस्था छैन। यसवर्ष ०५० को असार साउनतिर यहाँका बन्दीहरूले जेल सुधारको माग राखेर समान्य हड्ताल गरेका थिए। सो हड्ताल पछि नै पत्रिका दिन थालिएको हो। यो जेलमा सर्वस्वसहित जन्मकैद गरिएका ४ बन्दी छन् र जन्मकैद (२०वर्ष) गरिएका ४ जना छन्।

१.३ गिरफ्तारी र यातना

दासढुंगा हत्याकाण्डको निष्पक्ष छानबीन तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको राजीनामा माग्दै गरिएका विरोध प्रदर्शन, आमसभा र बन्दको सिलसिलामा हस्तक्षेप बाहेक स्थानीय प्रशासनले अन्य दमनात्मक कारवाही गरेको पाइएन। यद्यपि राजनैतिक दुराग्रहले झुटा मुद्दा लगाइएका घटना भने पाइए। उदाहरणका रूपमा लेखपोखरा बस्ने पूर्णबहादुर भण्डारीको घर आगलागी भएको घटनामा उनले आफ्नो रीस-इबी साध्न घनश्याम भण्डारी, गोविन्द र लालबहादुरलाई फर्जी अभियोग लगाई ०५० बैशाख २ गते मुद्दा दायर गरेको कुरा पीडितहरू बताउँछन्। त्यसैगरी खलंगा- ३ शितलपाटीको कुटपिट तथा मोस्वता बजारमा भएको घटनालाई लिएर राम जंगलाई एकराज बुढाथोकीले खुकुरी हानेको घटनामा पनि प्रशासनले निष्पक्ष भूमिका ननिभाएको जानकारी प्राप्त भएको छ।

फलावाङ्गमा देउसी भैलोको क्रममा भएको सामान्य मनाभनको निहुँमा कमल केसीलाई कुटपिटको आरोप लगाएर बिनापूर्जी पक्राउ गरियो। थारमारेका अनन्तबहादुर चन्द समेतका हुल्याहाहरूले पिपलनेटाका किसान बुद्धिराम घर्तीलाई कालाखेत भन्ने ठाउँमा ०५० मंसीर १५ गते कुटपिट गरे।

भिप्पे-८ का रूद्रवीर दमाई र धनमालीद्वारा जाहेरी दर्खास्त दिलाएर तिलकरामलाई झुटा मुद्दामा फसाइयो। उनलाई २१ दिन थुनेर २३ हजार धरौटी लिई ०५० फागुन २५ गते तारिखमा छोडियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता-भेला र संगठित हुने अधिकार

संविधानले प्रत्याभूति गरेको भए पनि प्रशासनिक हस्तक्षेपले गर्दा नागरिकहरूमा त्रासको वातावरण पाइयो। सत्ता पक्षमा रहे छुट पाइने नत्र नपाइने अवस्था रहेको कुरा पनि पीडितहरूबाट थाहा लाग्यो। रोजगारी पाउने अधिकारबाट धेरै युवाहरू बञ्चित छन्। शिक्षकहरूमाथि पनि पक्षपातपूर्ण व्यवहार भएको पाइयो। शान्तिपूर्ण जुलुस र आमसभामा पनि हस्तक्षेप हुनु राम्रो कुरा होइन।

२.२ धार्मिक स्वतन्त्रता

निकै थोरै क्रिस्चियनहरू पाइन्छन् तर धार्मिक असहिष्णुता भने छैन, सबैमा सद्भाव छ। सबैले आफ्नो आस्थाको इश्वर पुज्न, धार्मिक कार्य गर्न पाएका छन्।

२.३ राजनैतिक स्वतन्त्रता

यहाँ बलिया-बाङ्गाको बहुदल भन्ने उखान चलनचल्तीमा रहेको पाइयो। राजनैतिक रूपमा मनखुशीले दल रोज्ने देखि उम्मेदवार चुन्नमा समेत बाधा पुग्ने गरेको गुनासो केही जिल्लाबासीको रह्यो। विशेष गरी निर्धाको निसाफ हराएको उदाहरणका रूपमा नोखी खत्रिनीलाई यातना दिएर हत्या अभियोगमा सावित गराइएको तर हत्याका अभियुक्तहरू दिलबहादुर घर्ती, गंगाराम घर्ती, दिले खासु, शिवराम खासु र बलबहादुर पुनलाई छाडिएको घटना उल्लेख गरिंदो रहेछ।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

अदालतबाट हेरिएका मुद्दाहरू बाहेक प्रहरी/प्रशासन जस्ता अर्ध न्यायिक निकायबाट हेरिने मुद्दाहरूमा निष्पक्ष न्याय सम्पादन हुन नसकेको, राजनैतिक पूर्वाग्रह राखिने गरेको र कतिपय घटनाका अभियुक्तहरूलाई किटानीसाथ उजूर गर्दा पनि कुनै कारवाही नगरेको कुरा पीडित पक्षबाट पाइयो। "जैसी गाउँका लक्ष्मीप्रसादको घरबाट रू. ५२ हजार चोरी गर्ने डिल्लीप्रसादलाई कार्वाहीका निम्ति किटानसाथ जाहेरी दर्खास्त दिंदा पनि सुनुवाई भएन। फलावाङ-६ गुडडाँडाका ओपेन्द्रराज ओलीको पसलबाट रू. ६ हजार बराबरको मालसामान चोर्ने कृष्णबहादुर योगीलाई पनि कुनै कार्वाही गरिएन" - उनीहरूले उदाहरण दिएका छन्।

यद्यपि यस वर्ष सल्यान जिल्ला अदालतमा २७६ वटा मुद्दाहरू दर्ज भए। ती मुद्दामा प्रहरी तर्फबाट गएका फौज्दारी सरकारवादी २३ वटा रहेका छन्। जसमा सार्वजनिक अपराध ५, हत्या १४ र बलात्कार ४ छन्। अदालतमा परेका मुद्दामा भने - जग्गा सम्बन्धी २७, लेनदेन २४, अंशबण्डा ३६, पारिवारिक ३७, किर्तेठगी १४, लुटपिट ३७, गाली-बेइज्जति ६४, निर्वाचन बदर २, कुटपीट ५१, ज्यान सम्बन्धी ६, चोरी ५, करणी ४, आत्महत्या ७, गर्भपतन १ र विविध ११ छन्।

जिल्ला प्रशासन कार्यालयबाट प्राप्त जानकारी अनुसार सार्वजनिक अपराध ५, ज्यान मार्ने उद्योग २, कर्तव्य ज्यान ५ र गर्भपतन १ छन्। यी घटनाका केही अभियुक्त फरार र कंहीलाई गिरफ्तार गरिएको छ।

पहुँचवालाहरूले आफ्नो विरोधीलाई ठीक लाउने गजबको "हुस्सु-दण्ड" पनि यहाँ चलनचल्तीमा रहेको छ। कुनै खास घटना नघटे पनि घट्यो र मेरो यति हानी-नोक्सानी त्यस घटनाबाट भयो, त्यसको दोषी फलाना हो भनेर उजूर हालेपछि तोकेको बिगोको आधि रकम आरोपित व्यक्तिले दिनु पर्छ। आरोप लगाउनेले बिगोको आधा हिस्सा पाउँछ र आधा छाड्नु पर्छ। दुबैलाई मिलापत्र गराएर यसरी तिराइने हुस्सु-दण्डको एक हिस्सा भलाद्मीहरूले भोज खान्छन्। यस वर्ष पनि त्रिवेणी सल्लेका शुकदेव गिरीले लोकबहादुरलाई घुरखोलाको गोठबाट रू. २६ सयको काठ चोर्‍यो

भन्ने अभियोग लगाएर रू. १३ सय "हुस्सु-दण्ड" तिराए। मैनेरीका ढाकावीरले आफ्नो अधिनमा नबसेको रीसले भाइ बिजुली कामीसंग [illegible] संलग्न भई रू. १३ सय दण्ड गरे।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लाका भूमिहीनहरू प्राय साहुको भारी बोक्ने, मुगलानमा गई चौकीदारी आदि काम गर्ने र ज्यामी काम गरी गुजर-बसर गर्ने गर्दछन्। केही सुकुम्बासीहरू कालीमाटी, रामपुर काल्चे, छायाँक्षेत्र आदिमा रहेका छन्। हाली गोठाला भएर पनि केही मानिस रहेका छन्।

४. महिला अधिकार

महिला समानताको धारणा छैन भने पनि हुन्छ। नारी अधिकार के हो भन्ने कुरै थाहा नपाएकाले आफूमाथि हुने कतिपय अमानवीय व्यवहारलाई पनि "तकदिरको खेल" भनेर चुपचाप सहन्छन्। बलात्कार, बहुविवाह, जारी, दाइजो र देहव्यापार जस्ता कुराहरूले नै महिलाहरूलाई बढी उत्पीडन गरेको पाइन्छ।

४.१ महिला किनबेच र बलात्कार

यस वर्ष महिला किनबेचका घटना हाम्रो जानकारीमा आएन। बलात्कारका घटना भने घटे तर तिनीहरूलाई सकेसम्म लुकाउने प्रयास गरेको पाइयो। उदाहरणका रूपमा खलंगा शितलपाटी बस्ने रज्जीतकुमार श्रेष्ठले सोही ठाउँ बस्ने एउटी लाटी महिलालाई ०५० साउन १० गते बलात्कार गर्‍यो। लाटीलाई रू. ५ सय दिएर घटना लुकाइयो र अभियुक्तलाई कार्वाही गरिएन। बयलडाँडाका दीपबहादुर बिष्टले सिद्धेस्वरीको काली राउतमाथि ०५० मंसीर १ गते हातपात गरेको घटना लुकाउन प्रत्यक्षदर्शी उषा पुनलाई झुठा मुद्दा लाएर सताईदो छ। प्रेमबहादुर ओलीले आफ्नै भाइ-बुहारीलाई ०४९ माघ २ र ४ गते बलजफ्ती गरेको घटना पनि लुकाइयो। कोटमैलाको चक्रबहादुरले दाजुको १६ वर्षीय छोरीलाई बलात्कार गरेर गर्भ रहेको कुरा खुलेपछि २३ हजार रूपियाँ र २ तोला सुन दिई शिवरथका गरीब बाहुनलाई भिराएर लुकाइयो। शितलपाटीमा गोफ्ले वादीले एउटी सात वर्षीया बालिकालाई बलात्कार गर्‍यो। ०४९ फागुन १२ गते कोटमैला -३ मा थारमारेकी एउटी महिला बलात्कृत भइन्। यद्यपि यस वर्ष बलात्कारका ४ वटा घटना प्रहरीमा दर्ज भएर कानूनी कार्वाहीका निम्ति अदालत पठाइएको व्यहोरा माथि उल्लेख गरी सकिएको छ।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यस जिल्लामा जारी प्रथा चलन-चल्तीमा छ। एउटी महिलाले पहिलो पति छोडेर अर्कोसंग गएमा पहिलो पतिबाट पाएका सम्पूर्ण गहना, कपडाहरू फिर्ता दिनु पर्छ र त्यसमाथि नयाँ पतिले एकमुष्ट रकम जारीको रूपमा दिनु पर्छ। यसरी दिइने जारी २०/३० हजार हुन्छ। बहुविवाह पनि हुने गरेकै छ। उदाहरणको रूपमा फलावाङका बजमान पुनले ०४९ माघमा बिजुलीलाई दोश्रो विहे गरेको घटना लिन सकिन्छ। यहाँ सामान्य विवाहमा दाइजो माग्ने चलन पनि बढ्न थालेको छ। देउकी प्रथा छैन तर वादीहरू भने प्रशस्तै छन्। देहव्यापारमा समेत संलग्न रहने वादी जाति शितलपाटी, लानती र हाउँस्वोलामा छन्।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

दास-दासीको रूपमा मानिसको किनबेच भएका घटना पाइएन तर कामदारका रूपमा नोकर राख्ने प्रचलन भने पाइयो। धेरै जमिन हुने र धनी साहुहरूका घरमा नै विशेष गरी थोरै ज्याला दिएर नोकर राख्ने गरेको देखिन्छ।

५.२ अन्य अमानवीय व्यवहारहरू

जिम्मावाल, मुखिया र साहुहरूले बेठ-बेगारी लिन्छन्। आसामीले कोसेली पाहुर-पात दिनुपर्छ। जातीय भेदभावले पनि मानिसलाई सताएको पाइयो। जाँड रक्सी खाएर अरूलाई जथाभावी कुटपीट गर्ने र सताउने गरेका घटना पनि निकै पाइए। उदाहरणका रूपमा - एकराज बुढाथोकीले राम मल्ललाई खुकुरी प्रहार गरे। प्रहरीले मोहन थापाको कुरामा लागेर राम मल्लको उजुरी नै नलिएर अपराधीलाई साथ दियो। कोवाङ खापुडाँडाका बेलधर डाँगीले बाटो नदिएको रीसमा आफ्नो भाइ हिरामणी डाँगीलाई थमन बुढाद्वारा कुटाए। त्यतिले नपुगी उनको मामाका छोरालाई कुखुराको चल्ला मारेको अभियोग लगाएर रू. ७ सय जरिमाना गराए। कुमाल पहाडको मेलामा थारमारे प्रहरीचौकी इन्चार्ज सहितका ९ जनाले ओख्रबोटमा भीमबहादुरको होटलमा खाना खाएको रकम रू. ९ सय चौकीले दिने हो कि गाविसले दिने हो, दिनु पर्‍यो भन्न जाँदा "प्रहरीसंग सवाल जवाफ गर्‍यो" भन्दै चक्रबहादुरलाई थुनामा राखियो।

६. आदिवासी अधिकार

आदिवासीको रूपमा रहेका जातिको बिस्तृत विवरण प्राप्त भएन। केही राउटे र वादीहरू घुमन्ते शैलीमा जीवन यापन गर्ने गरेको सुनियो। उनीहरू प्रति कुनै आर्थिक सांस्कृतिक हस्तक्षेप भएका घटना पाइएन।

७. बाल अधिकार

केटाकेटीलाई पढ्न लेख्नतिर भन्दा काम गराउनतिर जोड दिने गरेको पाइयो। त्यति भएर पनि बिस्तारै उनीहरूलाई पठन-पाठनका निम्ति स्कूल पठाउने चलन बढ्दो छ। गरिबी, र अज्ञानताले गर्दा केटाकेटीको के हक हुन्छ र बाबु आमाले कस्तो गर्नु पर्छ भन्ने कुरा धेरैलाई थाहै छैन। सिद्धेश्वरीकी जानकी बोहोरा भन्छिन् - "हामी छोरीलाई पढाउने त कुरै छाड्नोस् भाइलाई त पढ्न पठा छैन।"

अतिरिक्त जानकारी

बैनी ज्वाईलाई दान दिएको गाई समेत राजनैतिक मतभेदका कारण फिर्ता गरेको अनौठो घटना यसै वर्ष जिमाली-८ चिउराबोट बस्ने बेलराम बोहरा र उनका ज्वाईं कविराज बुढाथोकी बीच घट्यो। जिल्लामा घट्ने घटनाहरूमा मादक पदार्थको भूमिका निकै रहेको हुँदा त्यसको नियन्त्रण आवश्यक छ। ❑



४. मध्यपश्चिमाञ्चल

राप्ती

४.५ रूकुम

जनसंख्या : १५५५५४
साक्षरता : २८.७ प्रतिशत
महिला साक्षरता : ११.३ प्रतिशत
क्षेत्रफल : २८७७ वर्ग कि.मी.

यातायातको हिसावले चौरजहारीको सानो विमानस्थल मार्फत राष्ट्रिय पारवहन जोडिएको पहाडी जिल्ला रूकुम परम्परागत मान्यताको पिञ्जराको कैदी जस्तै छ। मानवअधिकार सम्बन्धी चेतनाको न्यूनताले गर्दा यहाँको सामाजिक जीवनमा ठूला-बडाको पुरानै प्रभुत्व कायम छ। त्यसमाथि जिल्लाको सदरमुकाम मुसिकोट बजारबाट चल्ने प्रशासन पनि निष्पक्ष र सरल नभएको गुनासो जिल्लाबासीको छ। यस वर्ष सार्वजनिक अपराध र ज्यान सम्बन्धी घटनाबाट मानवअधिकारको उपभोगमा बाधा पुगेको पाइयो।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

जिल्लामा प्रशासनको तर्फबाट नागरिकहरूको सम्मानित रूपले बाँच्न पाउने अधिकारको हनन गरिएको घटना पाइएन। कुनै गोली काण्डका घटना पनि यस वर्ष घटेनन्। यद्यपि अन्य घटनाक्रममा भने केही नागरिकहरूको जीवन गुम्यो।

०५० साउन २८ गते तकसेरा -१ का रथ कामीले लुङछुम भन्ने जंगलमा दाउरा लिन गएको बखत आफ्नी पत्नी जितमायालाई दाउराले कुटेर मारे। अरू व्यक्तिसंग अनुचित सम्बन्ध राखेको शंकामा उनले पत्नीलाई मारेका थिए।

झुला-२ साधनपुरामा रूकुम जिविसमा नेपाली कांग्रेसका तर्फबाट विजयी सदस्य नैनसिंह दमाईलाई ०५० असोज २९ गतेका दिन मुखमा कालो पोतेर ३ जना अज्ञात व्यक्तिहरूले मरणासन्न हुने गरी कुटे, खुकुरी प्रहार गरे र मर्‍यो भन्ने ठानी खोल्सामा फ्याँकेर भागे। तर घाइते नैनसिंहलाई गाउँलेले देखी अस्पताल पुर्‍याए। अहिले पनि उनको देब्रे हात राम्ररी चल्दैन। आक्रमणकारी को थिए उनी स्वयं पनि सन्देह व्यक्त गर्न सक्दैनन् तर अनुसन्धान भने जारी छ।

जुचवाङ्ग घटनाको रूपमा चिनिएको मोहनबहादुर पुनको हत्या राजनैतिक प्रतिशोधबाट भएको बताइन्छ। सार्वजनिक अपराधको झुटो मुद्दा लगाइएको हुँदा मोहनबहादुर र श्यामबहादुर पुन फरार थिए र लुकी-छिपी घरमा आउने-जाने पनि गर्दथे। त्यसैक्रममा ०५० मंसीर १ गते आफ्नो घर चुनवाङ्गमा आएको मौका पारेर धनराज बुढा लगायतका व्यक्तिहरूले उनीहरूलाई कुटपिट गरे। मोहनबहादुर पुनको मृत्यु भयो भने श्यामबहादुर शख्त घाइते भए। अहिले अपराधीहरू फरार छन्। यस घटनालाई प्रजिअ शालिग्राम सापकोटाले तिहारको समयमा रक्सी खाई आपसमा झगडा गर्दा घटेको बताउँछन् भने नेकपा एमालेका जिल्ला सचिव हस्तबहादुर केसी त्यसलाई राजनैतिक हत्या बताउँछन्। घटनाका सन्दर्भमा प्रहरीले अभियुक्तसंग सम्बन्धित ठानी श्रीमती धनी बुढालाई पनि गिरफ्तार गरेको छ।

१.२ जेल

रूकुम जेल पाँच फिटे पर्खालले घेरिएको दुइवटा ससाना घर जस्तै छ र त्यस भित्र ५ कोठा छन्। २ कोठा प्रहरीले प्रयोग गरेको छ। २ कोठा पुरूष बन्दीका निम्ति गरी बाँकी एउटा महिलाहरूका निम्ति छुट्याइएको छ। हाल ३७ जना बन्दी रहेकोमा १९ आरोपित बन्दी छन्। प्रत्येक कोठामा ९ देखि १४ जनासम्म सुत्नु पर्ने परिस्थितिले ज्यादै अप्ठेरो पारेको छ। १३ जना बन्दीले समय पुगेर पनि ओड्ने ओछ्याउने पाएका छैनन्। वर्षाको समयमा पानी चुहेर आपत् पर्ने गर्छ। एउटा मात्र चर्पी भएकोले दिशा-पिसाव गर्न पनि

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	१	-
बलात्कृत	-	-
एउटाको सट्टा अर्को बन्दी बनेर थुनामा	१	-
आत्महत्या	-	-

ज्यादै मुस्किल हुने गरेको पाइयो। खेलकूद र मनोरञ्जनका साधन उपलब्ध भएको छैन। बन्दीहरूलाई दुई खुट्टा जोडेर नेल लगाइएकोले पर्खाल भित्रै डुलफिर गर्न पनि ज्यादै दुःख हुने स्थिति रहेको पाइयो। रूकुमको जेल भवन झट्ट हेर्दा नै अत्यन्त जीर्ण देखिन्छ। ६० वर्ष नाघेका ३ जना बन्दीमा ७९, ७४ र ६८ वर्षीय छन् जसमा ७९ वर्षका राम्ररी देख्न पनि नसक्ने गुमानसिंह बुढालाई देख्दा लाग्छ उनले कसरी डाँका गरे होलान् ?

१.३ गिरफ्तारी र यातना

काक्रीका पूर्व प्रधानपंच हिराबहादुर बुढाका एकाघरका भाइले "वामपंथीलाई गाउँबाट हटाउने" कुरा गर्दै एकजना सजमो कार्यकर्तालाई आक्रमण गरेपछि सजमो समर्थक ९ जनाको टोली हिराबहादुरको घरमा गई भाइलाई जथाभावी गर्न नदिने अनुरोध गऱ्यो। तर हिराबहादुरले उनकै पक्ष लिएर विवाद गरेपछि झगडा चर्कियो। दुई पक्ष बीच हात हालाहाल मात्र भएन ०५० भदौ ४ गते ढुंगा समेत हानाहान भयो। त्यसै घटनालाई आधार बनाएर मान्छेको हुलदेखि तर्सिएर भीरबाट लडी मरेको गाईलाई मारेको अभियोग लगाएर गाउँका सजमो समर्थक जति सबलाई मुछेर २१ जनाको नाममा हिराबहादुरले सार्वजनिक अपराध मुद्दा दिए। श्यामप्रसाद बुढा लगायतका ५ जनालाई तत्काल पक्राउ गरियो। क्षतिपूर्ति बापत भनी जनही ७ हजार र धरौटी २८ हजार गरी ३५ हजारको दरले मागियो। सो रकम जम्मा गर्न नसकेको हुँदा हाल उनीहरू जेलमा छन्।

सर्केना गाउँकी एउटी अछुत युवती उपल्लो जातको युवकद्वारा दोजिया भएको घटनालाई लुकाएर केटीलाई दाङ्गतिर विहा गरिदिएको बारे प्रहरीमा उजुरी हुँदा काले सुनारलाई ०५० कार्तिक २६ गते पक्राउ गरी थुनामा राखियो। त्यसै सन्दर्भमा यथार्थ बुझ्न भनी चौकीमा गएका शेरबहादुर केसी र यज्ञस्वर शर्मालाई प्रहरी जवानले "हवल्दारसाप भित्र सुत्नु भाछ, उहाँसँगै कुरा गर्नुस्" भनी भित्र पठाए। भित्र गई हवल्दार पोमबहादुर पुनसंग कुरा सोद्धा "सुतेको मान्छेलाई जगायो" भनी रिसाउँदै निद्राको झोंकमा थप्पड दिए। कुरा सोद्धैमा किन हात हालेको ? भनी उनीहरूले वादविवाद गरे पछि -"चौकीमैं आइ हातपात गरे" भनेर सार्वजनिक अपराधको मुद्दा लगाई दुवैजनालाई पक्राउ गरियो। धरौटी राख्न नसकेको हुँदा ०५० मंसीर १० गतेदेखि पुर्पक्षका निम्ति थुनामा राखिएको छ। यस घटनाबारे प्रजिअ प्रहरीमाथि हातपात गरेको हुँदा कार्वाही गरिएको बताउनुहुन्छ भने पिडित पक्षले गणेश शाहको रीस-इबी साध्ने काममा प्रशासनले सहयोग पुऱ्याएको बताए। स्मरणीय छ शेरबहादुरलाई यस अघि पनि उनकै जाहेरीमा सार्वजनिक मुद्दा लगाई रू. २८ हजार धरौटी लिई तारिखमा छाडिएको थियो।

ताकसेरा निवासी जीतमाया कमिनीलाई उनैको लोग्ने रथ कामीले हत्या गरेको घटनामा अभियुक्तलाई पुर्पक्षका निम्ति गिरफ्तार गरी अदालत पठाइयो। अभियुक्त हाल थुनामा छन्। प्रहरी र प्रशासनबाट मानव अधिकार हनन हुने किसिमका कार्यहरू भएका छैनन् भन्नु हुने प्रजिअ जिल्लाको समस्याका रूपमा जग्गा खिचलो र रक्सी विवाद बताउनु हुन्छ। तर प्रहरी अधिकृत रामचन्द्र खनाल भने शान्ति सुरक्षाको प्रश्न र मानवअधिकार अन्तर सम्बन्धित रहेको हुँदा प्रहरीलाई मानवअधिकारको शिक्षा दिनु आवश्यक छ भन्नुहुन्छ। वहाँले यसवर्षका घटनामा कूल अभियुक्त १०७ रहेकोमा २५ जना मात्र पक्राउ परेका र बाँकी ८२ जना फरार रहेको जानकारी दिनु भयो। पक्राउ परेका व्यक्तिलाई कुनै किसिमको यातना दिईदैन भनी प्रजिअ र प्रहरी अधिकृतले भनेको कुरालाई बिस्वास गर्न नसकिने बताउँदै न्यायाधीश काशीनाथ पोखरेल भन्नु हुन्छ -"प्रहरीमा मुद्दा हेर्दा यातना दिएर सावित गराउँछन् भन्ने कुरामा म केही हदसम्म विश्वास गर्छु। केही मुद्दाहरूमा यस्तै भएको पाइएको छ।"

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

स्थानीय प्रशासनबाट जनताको यस अधिकारमाथि प्रत्यक्ष हस्तक्षेप भएको उल्लेख्य घटना छैन। तर विपक्षको शान्तिपूर्वक विरोध प्रदर्शनलाई हस्तक्षेप गर्ने, मशाल जुलुस गर्न नपाइने जस्ता कुराले भने केही अप्ठेरो अवस्था इङ्गित गर्दछ।

२.२ धार्मिक स्वतन्त्रता

यसवर्ष जिल्लामा धार्मिक विवादका घटना कहीं पनि घटेनन्।

२.३ राजनैतिक स्वतन्त्रता

राजनैतिक दलको स्वतन्त्र छनौटमा प्रत्यक्ष बाधा पुऱ्याइएका घटनाहरू यसवर्ष घटेनन्। यद्यपि ०५० असोज ४ गते वामपंथीहरूको विरोध कार्यक्रममा प्रहरी हस्तक्षेप भएको र त्यसक्रममा एकजनालाई पक्राउ गरिएको पाइयो।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायिक अधिकारमा बाधा पुऱ्याउने तत्वका रूपमा अशिक्षा गरिबी र जालीहरू रहेका छन्। यद्यपि जनताले प्रहरी प्रशासन जस्ता अर्धन्यायिक क्षेत्र तथा अदालतमा इन्साफ खोज्न जाने क्रम बढ्दो छ। यस वर्ष जिल्ला अदालतमा जम्मा ३१४ मुद्दा दर्ता भए। फौज्दारी १६९ र देवानी १४५ रहेकोमा सरकारवादी भई प्रहरीबाट आएका १६ छन्। जसमा कर्तव्य गरी ज्यान मार्नेको ३, हत्या प्रयासका ४, बहुविवाह २, बलात्कार १ र भवितव्य ज्यान १ छन्।

यस वर्ष जिल्लामा सार्वजनिक अपराधका ८ मुद्दाहरू दर्ज भएको व्यहोरा प्रहरी कार्यालयबाट देखिन्छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

भूमिहीन तथा सुकुम्बासी समस्याको रूपमा कुनै घटना भएको जानकारी प्राप्त भएन।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

महिला किनबेचको घटना जानकारीमा आएन। तर बलात्कारका केही घटनाहरू घटे। कुनै जानकारीमा आए कुनै आएनन्। जानकारीमा आएका घटनामा ०५० बैशाख ३१ गते श्यालपास्वाका कर्णबहादुर बुढाले ६ वर्षीया बालिकालाई घरमा कोही नभएको अवस्था पारेर बलात्कार गरेको घटनामा अभियुक्तलाई पक्राउ गरी कार्वाही चलाइएको छ। मष्टा बण्डालीमा ५ जनाले मिलेर एउटी महिलालाई ०५० बैशाख २८ गते बलात्कार गरेको घटनामा २ जना फरार रहेको र ३ जनालाई धरौटी लिई तारिखमा छाडिएको पाइयो।

४.२ जारी, बहुविवाह, देउकी, वदिनी आदि समेत

यसवर्ष जिल्लाको अर्धन्यायिक एवं न्यायिक क्षेत्रको अभिलेख अनुसार बहुविवाहका २ घटना घटे। एउटा पर्खालाका प्रतापबहादुर पुन र अर्को छिवाङका लालबहादुर केसीसंग सम्बन्धित रहे। देउकी प्रथा यहाँ छैन।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यस जिल्लामा दास राख्ने, किनबेच गर्ने अमानवीय कार्य छैन। घरेलु नोकर र साहुकहाँ हली बसेका केही मानिस भने देखिन्छन्।

५.२ अन्य अमानवीय व्यवहारहरू

जातीय छुवाछूतको व्यवहारले केही मानिसलाई पानी नचल्ने अछुत भनी भेदभावपूर्ण व्यवहार गर्ने गरेको पाइयो।

६. आदिवासी अधिकार

यस सम्बन्धमा उल्लेख्य घटना जानकारीमा आएन।

७. बाल अधिकार

थोरैले केटाकेटीहरूलाई स्कूल पढाउने गरेको र धेरैले काममा लगाउने गरेको पाइयो।

अतिरिक्त जानकारी

यसवर्ष ०५० कार्तिक ४ गते आएको भूकम्पबाट यस जिल्लाको चौरजहारी प्रभावित भएको थियो र भूकम्प पीडित आर्थिक सहायता वितरण गरिएको थियो। ❑



४. मध्यपश्चिमाञ्चल

भेरी

४.६ बाँके

जनसंख्या : २८५६०४
साक्षरता : ३४.३ प्रतिशत
महिला साक्षरता : २१.६ प्रतिशत
क्षेत्रफल : २३३७ वर्ग कि.मी.

यो भेरीको सुगम र समृद्ध जिल्ला मात्र होइन कि पश्चिम नेपालकै प्रमुख नाका शहर - नेपालगंज रहेको जिल्ला पनि हो। भारतसंग सीमा जोडिएको बाँके जिल्लामा ४६ गाविसहरू र एक नगरपालिका छ। ३ क्याम्पस, २६ मा.वि., ५० नि.मा.वि. र १६९ प्रा.वि. रहेको भए पनि शैक्षिक तथ्यांक हेर्दा अझै पनि निरक्षरहरूकै संख्या बढी भएको जिल्ला देखिन्छ। नेपाली, थारू र अवधि भाषा प्रमुख बोलिचालीको माध्यम छ। गरिबी र बेरोजगारीले गर्दा जनसमुदायमा गुजर-बसरको समस्या निकै बढी छ। संविधानले मानवअधिकारको लिखित प्रत्याभूति दिएर पनि प्रशासनले त्यसलाई व्यवहारिक प्रत्याभूति नदिउञ्जेल त्यसको सही कार्यान्वयन हुन सक्ने रहेनछ भन्ने कुरालाई यस जिल्लाले पनि दर्शाइरहेको छ।

१ सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यस वर्ष यहाँ राज्यशक्तिले सार्वजनिक दमन गरी विरोध जुलुसमा गोली हानेर मानिस मरेको जानकारी प्राप्त भएन। तर सत्ताको आडमा केही व्यक्तिले मानिस मारेको घटना भने पाइयो।

व्यक्तिगत प्रतिशोधबाट भएका अन्य हत्याहरूमा बासुदेवपुरका सम्साद खाँलाई ०५० बैशाख १० गते आफ्नो खलिहानमा सुतेकाबखत अज्ञात व्यक्तिहरूले छुरी प्रहार गरी हत्या गरे। यस सन्दर्भमा छानवीनका निम्ति कुभर उल्ला पठान, ज्वालाप्रसाद, सिकन्दर अलि र तमप्यारे कुर्मी लगायतका ४ जनालाई पक्राउ गरिएको छ। अभियुक्तहरूले साविती बयान गरेको हुँदा हाल थुनामा राखिएको छ।

घटनाको प्रकृति	घटना संख्या १९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	४
बलात्कृत	१	४
एउटाको सट्टा अर्को थुनामा	-	१
कारागार हड्ताल	-	१
आत्महत्या	-	५

प्रहरीमा जागीर खाएका केही व्यक्तिले जयसपुर-१ बस्ने जमिल अहमद अन्सारीलाई ०५० असोज ४ गते विहान ३ बजेतिर सुतिरहेको अवस्थामा गोली हानी हत्या गरे। प्रहरीको गोली दाहिने कुममुनि घाँटीमा लागेको थियो। मृतकका भाइ गाविस अध्यक्ष कालिम अन्सारी भन्दछन् "प्रहरीले योजना बाँधेरै दाजुको हत्या गऱ्यो र डाँका भनी आरोप लगायो। त्यतिले नपुगेर मुठभेडमा मारिएको हो भन् भनी मलाई समेत धम्की दिइयो।" "राती गस्ती गएका बेला केही मान्छे तास खेली बसेका थिए। उनीहरूसंग कुरा गर्न खोज्दा ती मानिस भागे र एउटा घरमा पसे। घर घेराउ गरेर उनीहरूलाई कुरा गर्न बाहिर आउन भनियो। तर उनीहरू आएनन् र दुई पक्ष बीच भिडन्त भयो। त्यही मुठभेडका क्रममा गोली लागेका जमिलको अस्पताल लैजाँदा लैजाँदै मृत्यु भयो।" - प्रहरीको दावी छ। यस घटनामा अन्य नागरिकलाई दोष लगाएर पक्राउ गरिएका ५ जनामा २ जनालाई छाडिएको छ।

भेरी अञ्चल अस्पतालमा रोल्पा घर्तीगाउँबाट उपचारार्थ ल्याइएका कोहलपुर निबासी भरतबहादुर घर्तीको ०५० कार्तिक ८ गते मृत्यु भयो। उनलाई घर्तीगाउँ निबासी आफ्ना काकाहरूले कुटपिट गरेका थिए। अभियुक्त कर्णबहादुर र बलवीर घर्तीलाई पक्राउ गरी कारवाहीका निम्ति रोल्पा पठाइएको छ।

नेपालगंज नगरपालिका-१३ स्थित वागेश्वरी मन्दिरको तलाउमा जीतेन्द्र बोहोरालाई मारेर नाङ्गै पारेर फ्याँकिएको घटना पनि रहस्यमै रहेको छ। यस अघि पनि तलाउमा ५ वटा नाङ्गा लास पाइएको र एउटै प्रकृतिको घटना दोहोरिएको हुँदा स्थानीय बासिन्दाहरू लागुपदार्थका दुर्व्यसनीको करामत पो हो कि भन्ने आशंका व्यक्त गर्दछन्।

१.२ जेल

नेपालगंजको जेल मध्यपश्चिमाञ्चलको एक क्षेत्रीय जेल पनि हो। यो जेल राणा शासनको बेलामा बनाइएको हो। जेलका पर्खाल, ड्यूटी गर्ने बुर्जाहरू र कोठा यति पुराना छन् कि यहाँ मानिसहरू राखिएका छन् भन्ने कुरामा विश्वास गर्न नसकिने खालको

गौरी विश्वकर्मा आउँदो चैत्रमा ९ वर्ष पुग्छे। गौरीलाई उसकी आमाले भनेको यति कुरा मात्र थाहा छ। भविष्य भनेको के हो। र आउँदो जीवन भनेको के हो ? गौरीलाई थाहा छैन।

आफ्नै पति मारेको अभियोगमा जेल परेकी नन्दकलीले छोरी गौरीलाई पनि साथै ल्याएकी थिइन्। यो ५ वर्ष अघिको कुरो हो। नन्दकलीको जेठो सन्तान छोरो भारततिर गएको मात्र उनलाई थाहा छ। त्यसपछि कुनै खबर आएको छैन। तर गौरी उनीसँगै चार पर्खाल भित्रै छ।

दुई वर्ष अघि गौरीलाई उनका एक जना आफन्तले लगेका थिए। तर जेल बाहिरको जीवन गौरीका निम्ति झन कष्टकर रह्यो। गत साउनमा उनी रूदै फेरि जेल भित्रै आइपुगिन्। अब त उनी जेल बाहिर जान झन डराउँछिन्। उनी जेलबाट सिदा पनि पाउँदिनन्। तर उनलाई आमाको छायाँ नै प्यारो छ।

सुर्खेत, डाँडा छाप्रेकी नन्दकलीलाई ०४५ मै २० वर्षका लागि कैद सजाय सुनाइएको थियो। हाल उनका दुवै आँखा मोतियाविन्दुको शिकार भएका छन्। वालिका गौरी आमालाई चार पर्खाल भित्र डोऱ्याइरहेकी छन। गौरीका लागि अहिलेसम्म पर्खाल बाहिर कुनै ठाउँ छैन।

देखिन्छ। एक प्रकारले यहाँका बन्दीहरूको ज्यानै खतरामा देखिन्छ किन कि जेल भवन र पर्खालका भित्ताहरू कुनै पनि बेला भत्किन सक्छन्। आजसम्म मर्मत-संभारको नाममा कुनै किसिमका कामहरू भएको देखिदैन।

जेलमा दुईवटै भवनमा गरी २० कोठा छन्। जसमा पुरूषतिर १२ कोठा र महिलातिर ८ कोठा छन्। ती कोठामा प्लाष्टरसम्म पनि गरिएको छैन। यहाँ बन्दीहरूलाई कुनै किसिमको बाहिरी सुविधा छैन। न त यहाँ कुनै किसिमको रचनात्मक काम गर्नको लागि सुविधा छ, न त कुनै पत्रपत्रिका पढ्न दिने व्यवस्था छ। यस जेलमा पुरूष र महिला कक्ष दुबैतिर गरी जम्मा २०० जना जति बन्दी राख्न सक्ने क्षमता सरकारी विवरणमा उल्लेख छ। तर यहाँ सय जना मुश्किलले अटाउने देखिन्छ। अहिले यहाँ १६२ जना बन्दी छन्। यिनीहरूलाई सुत्न र बस्न एक हात ठाउँ पनि पुग्दैन। यस जेलका बन्दीहरूको लागि दुःख लाग्दो कुरो के छ भने बन्दीले आफू बस्ने ठाउँमा सिरानीतिर खाना पकाउनु पर्छ भने खुट्टातिर रहेको घैंटो (गाग्रो) मा दिशा-पिसाब गर्नु पर्दछ। यहाँ पानीको पनि त्यस्तै असुविधा छ। यस जेलमा बन्दीहरूलाई उपचार पनि राम्ररी गरिएको पाइएन। जबकी यहाँ ८-१० जना क्षयरोगी र १-२ जना कुष्टरोगी छन्। रोगी र निरोगी सबैलाई एकै ठाउँमा एकै किसिमले राखिएको छ। यहाँका बन्दी सबैलाई पहिला गिरफ्तार गरेर स्वीकारी बयान दिलाउनको लागि प्रहरीले नराम्ररी पिटेका छन्। जसको असर ५, ६ वर्ष जेल बस्दा पनि अझै हराएको छैन। त्यस्तै यहाँका बन्दीहरूलाई जेलर धनबहादुर धामीले समयमा कपडा दिने, औषधि उपचार गराउने, जेलको सरसफाई गर्ने कुनै पनि काम समयमा नगरेको कुरा बन्दीहरू बताउँछन्। जसको एक उदाहरण गत ०४९ चैत्र २ गते बन्दीहरूले हडताल गर्दै विभिन्न माग राखी नारा लगाएका थिए। कोठा अनुसारको ओड्ने-ओछ्याउने तुरून्तै दिनु पर्ने, औषधि उपचारको उचित प्रवन्ध हुनु पर्ने, कारागार भवनको मर्मत, सरसफाई गरिनु पर्ने तथा जेलरको तुरून्तै सरूवा गरिनु पर्ने जस्ता माग मुख्य थिए।

यस प्रकार यहाँ गत वर्षको भन्दा बेग्लै अवस्था पाइयो। कूल १६२ बन्दीमा दोष प्रमाणित भएका जम्मा ६० जना बन्दी छन् र बाँकी आरोपित मात्र। पुरूष १५१ र महिला १० जना सहित १ नाबालक पनि

यस जेलमा थुनिएका छन्। यस वर्ष मात्रै थुनिएका १५४ बन्दीमा धेरैजसो आरोपित मात्र छन् र महिलाहरू ४ जना छन्। "चर्पी बिनाको जेल" भन्ने पगरी पाएको यो जेलमा बेला-बेलामा बन्दीहरूलाई यातना पनि दिइने गरेको कुरा प्राप्त जानकारीमा उल्लेख छ।

१.३ गिरफ्तारी र यातना

यहाँ यस वर्ष पनि पुरानै शैली अपनाइयो र नागरिकहरूलाई गिरफ्तार गर्ने र यातना दिने कामहरू भए।

नेपाल ट्रेड युनियन महासंघले मई दिवस मनाउने सन्दर्भमा आयोजना गरेको साँस्कृतिक कार्यक्रमको टिकट बिक्री गर्दै गरेका जयन्द्रलाल पाण्डे, राम थापा र केशव भट्टराईलाई प्रजिअको आदेशमा स.ई. मोतीप्रसाद भण्डारीले ०५० बैशाख १८ गते बिनापूर्जी पक्राउ गरे। प्रशासनले अभियुक्तहरूलाई अवैधानिक रूपमा टिकट बेचेको आरोप लगाएको पाइयो।

यस अघि पनि प्रहरीले ०५० असार २६ गते विनोद खेतानलाई प्रहरीको आलोचना गरेको निहुँमा पक्राउ गरी निर्मम यातना दिएको थियो। त्यसबखत असई विकास शाहले खेतानलाई कुटेर "रक्सी खाएको आरोप" लगाएका थिए। विनोदले दिएको जाहेरी निवेदनसम्म पनि प्रहरी कार्यालयले बुझेन। प्रजिअ कार्यालयले पनि वास्ता राखेन। यस घटनामा उद्योग वाणिज्य संघले प्रशासनको पक्षपातपूर्ण व्यवहार प्रति खेद व्यक्त गरेको थियो।

नेपालगंजका प्रहरीहरूले रिक्सा चढे भने भाडा दिदैनन् बरू रिक्सा चालकलाई पक्रेर कुट्छन्। उदाहरणका रूपमा ०५० साउन ९ गते रिक्सा चालक प्रेमप्रसादलाई प्रहरीलाई रिक्सा नचढाएको इवी लिएर पक्राउ गरियो र ट्राफिक कार्यालयमा लगेर बेसरी कुटपिट गरियो।

वामपंथी दलहरूद्वारा ०५० साउन ४ र ५ गते आयोजित बन्दको दौरान शान्तिपूर्ण विरोध जुलुश निकाल्न जम्मा भएका नागरिकहरूमाथि लाठी प्रहार गर्दै अश्रुग्यास प्रयोग गरियो। जसमा ५ जना घाइते भए र ५४ जनालाई गिरफ्तार गरियो। सूचना संकलनमा जुटेका पत्रकार मो. हारून र लक्ष्मण ज्ञवालीलाई पनि पक्राउ गरियो। हारूनको हातै भाँचियो। उनीहरू मध्येका ५० जनालाई ६ गते छोडियो भने बाँकी ४ जना विष्णुबहादुर सिंह, लालबहादुर थापा, हरी सुवेदी र रमेश मल्ललाई थुनामै सार्वजनिक अपराधको मुद्दा लगाइयो। कोहलपुरमा पनि प्रहरीले हेमराज रेग्मी, सूर्य पराजुली, हरी पराजुली, रोमहर्ष धितालललाई पक्राउ गऱ्यो। उनीहरूलाई छुटाउन खोज्ने जनसमुदायमाथि अश्रुग्यास र लाठीचार्ज गरियो। ३ जना घाइते भए।

जयसपुर-१ मा जमील अहमद अन्सारीलाई ०५० साउन ४ गते गोली ठोकेर मारेपछि प्रहरीले जुवाडेको आरोपमा हासीम अन्सारी, जाकीर अन्सारी, इसराइल अन्सारी, सुभान अन्सारी र धन्नु घोसीलाई बिनापूर्जी पक्राउ गरियो। जमीलको हत्यालाई मुठभेड देखाउनका निम्ति मात्र उनीहरूलाई पक्राउ गरिएको कुरा गाउँलेहरू बताउँछन्। जन दबावमा परी सुभान र धन्नुलाई छाडिएको भए पनि अन्य ३ जना थुनामै छन्।

नौबस्ता -६ मा ०५० साउन २९ गते महिलाहरू नाचगान गरिरहेको बेलामा इलाका प्रहरी कार्यालयका १ जना हवल्दार र ३ जना सिपाहीहरू रक्सी खाएर आई महिलाहरूलाई जिस्काउन थालेपछि नौबस्ता स्कूलका अध्यापक नरबहादुर शाहीले हवल्दारलाई त्यसरी अभद्र व्यवहार नगर्न अनुरोध गर्दा झन महिलाहरूमाथि हातपात गर्न खोज्दै ती शिक्षकलाई पनि गाली गर्न थाले। यसबाट भनाभन भएपछि स्थानीय केही व्यक्तिहरू र प्रहरीबीच झगडा भयो र त्यही घटनालाई निहुँ बनाई प्रहरीले ५ जनालाई पक्राउ गरी केहीलाई प्रहरीमाथि आक्रमण गरेको अभियोग लगाई सार्वजनिक अपराधमा फसाउने प्रयास भएको कुरा पीडित पक्षले जानकारी दिएको छ।

अन्य घटनामा रूकुम जिल्ला काँक्री -१ निवासी वर्ष २० का सार्की पुन ०५० भदौ ७ गते नेपालगंजबाट रिक्सा चढी रूपैडिहा जाँदै गरेको अवस्थामा जमुनाहा प्रहरी चौकीका प्रहरीले बोलाई खल्तीमा हात हाली खल्तीमा भएको चिठी झिकेर जबरजस्ती खोली त्यसै चिठीलाई आधार बनाई १७ दिनसम्म निरन्तर यातना दिए। चौकीको पछाडिपट्टि रहेका २ वटा अँध्यारा कोठा मध्येका एउटा कोठामा राखी निर्मम यातना दिइयो। प्रत्येक दिन २ वटा हात र दुबै खुट्टा डोरीले बाँधी झुण्डाई पैतालामा पिट्ने गरेको र कोर्रा लगाउने गरेकोले हातखुट्टा सबै सुनिएको, ढाडमा पूरै चोट लागेको देखियो। १६ दिन पछि भदौ २३ गते रूकुम बाफिकोटबाट उनलाई खोज्दै शेरबहादुर मल्ल आइपुगे। नेपालगंजमा खोजवीन गर्दा प्रहरीले गोप्य रूपमा थुनेको चर्चापछि थुनिएको ठाउँ पत्ता लगाई छुटाएर ल्याएको पाइयो। हाल निज पीडित सार्की पुन रूकुम आफ्नो घरमा फर्केका छन्। निजलाई समात्नु पर्ने कारण के रहेछ भनी सोध्दा सार्की पुनको खल्तीमा भएको पत्रमा "सामान हाम्रो यहाँ पाइन्छ, तपाईलाई चाहिन्छ भने हामी उपलब्ध गराउन सक्छौं" भन्ने व्यहोरा रहेछ र त्यसैको रहस्य खुलाउन यातना दिइएको बुझियो।

"यहाँ प्रहरी ज्यादती निकै चर्को छ र मानवअधिकारका हननकर्ताका रूपमा उनीहरू नै रहेका छन्।" - बाँकेबासीहरूको भनाइ यस्तो रहेको छ। प्रहरीद्वारा गरिएका ज्यादतीमा रक्सी सेवनले पनि असर पारेको देखिन्छ। त्रिभुवनचोकका व्यापारी ओमप्रकाश अग्रवाललाई प्रहरीले बिना कुनै कसुर पक्राउ गरेर निर्मम यातना दिएको पाइयो। ०५० भदौ १४ गते उनलाई इन्सपेक्टर कृष्णहरी गौतम सहितको डफ्फाले पसलबाट पक्रेर मुखमा कपडा कोची म्यानमा हालेर लगेको थियो। त्यसपछि उनलाई विभिन्न प्रकारले यातना दिइयो। कुटाईदेखि करेण्ट लगाउने सम्मका यातनाबाट अग्रवाल अचेत भए। उपचार गर्न अस्पताल भर्ती गरियो। नेपालगंज व्यापार संघले त्यस घटनाको विरोध गर्दै तत्काल रिहाईको माग गऱ्यो। अदालतले कारण देखाउ आदेश दियो। तर ती सब कुराका बावजुद अहिले अग्रवाललाई प्रहरीले "प्रहरी कुटेको" भनी सार्वजनिक अपराधको अभियोग लगाएको छ।

सिधनवा गाउँ बस्ने शिक्षक तथा मानवअधिकार सचेतन मञ्च बाँकेका सदस्य रूपलाल सिंह थारू र आत्माराम थारूलाई बालारामको उजुरीमा ०५० मंसीर ८ गते बिनापूर्जी गिरफ्तार गरियो र १३ दिनसम्म सोधपुछसम्म पनि नगरी थुनियो। उनीहरूलाई सेवकराम खड्काको काठमुद्दामा गलत सर्जमिन गरेको आरोपमा प्रहरीले सार्वजनिक अपराधको मुद्दा लगायो।

शुभलाभ होटलका मालिक दीपक श्रेष्ठलाई आफ्नै ग्राहक बसन्त थापाले ०५० मंसीर २२ गते पैसा ठगेको आरोप लगाई प्रहरीलाई खबर गरेपछि प्रहरीले बिनापूर्जी दीपकलाई पक्रेर ७

दिनसम्म थुन्यो।

मेरी अञ्चल अस्पतालको इमर्जेन्सी सेवामा कार्यरत स्वास्थ्य कर्मीलाई असई हरीदास श्रेष्ठले ०५० मंसीर २८ गते नराम्ररी पिटे। रक्सी खाई लड्दा हातको औंलामा चोट लागेर राती १ बजेतिर उपचार गराउन गएका असईलाई डाक्टरले औषधि लेखी दिए। त्यही कागजका आधारमा अ.हे.व. ओम नेपालले उनको घाउको उपचार गरेर पट्टी बाँधी पूर्जा फिर्ता दिए। त्यसपछि असईले "म पट्टी बाँध्न मात्रै आएको हैन, औषधि पनि यहीबाट दिनुस्" भनी कराउन थाले। अ.हे.व.ले "यहाँ औषधि दिने व्यवस्था छैन" भनी जवाफ दिनासाथ चुटाइमा परे! उनलाई अस्पताल भर्ना गर्नु पर्ने अवस्था भयो। ०४९ चैत २ गते पनि सोही ठाउँका डा. वि.के. खेतानलाई पनि प्रहरीले बाटोमा मोटरसाइकल रोकेर हातपात गरेका थिए। डाक्टरहरूले ती घटनाको विरोध गरी दोषीमाथि कारवाही गर्न प्रजिअलाई अनुरोध गरे तर सुनुवाई भएन। भेरी अस्पतालका डाक्टरहरूको गुनासो रह्यो - "प्रहरीले बारम्बार यस्तै दुःख दिएर सताउने गरेका छन्। कहिले पोष्टमार्टमको रिपोर्ट उल्टा लेख्न दबाव दिन्छन् त कहिले नर्स, कर्मचारीहरूमाथि हातपात गर्दछन्।" यस घटनाको विरोध गरी स्वास्थ्यकर्मीहरूले हडताल पनि गरेका थिए। एस.पी., डि.आइ.जी., जि.प्र.का., गृह मन्त्रालय र स्वास्थ्य मन्त्रालयमा समेत बोधार्थ दिई कारावाहीको माग गरियो तर पनि कुनै कारवाही भएन।

नेपाल सद्भावना पार्टीले दश वटा माग राखी काठमाडौंमा शुरू गरेको अनशन प्रति समर्थन जनाउँदै पुस ४ गते स्थानीय रूपमा आयोजित शान्तिपूर्ण विरोध प्रदर्शनको कार्यक्रमलाई पनि राज्यले बल प्रयोग गरी दमन गर्‍यो। जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना बस्न गइरहेको जुलुशलाई प्रजिअ कार्यालय अगाडि बिना पूर्वचेतावनी अश्रुग्याँस प्रहार गर्दै व्यापक लाठीचार्ज गरियो। बर्साती राउत, गिरिजा पाठक, राजेश वर्मा, इन्द्रजीत तिवारी, देवेन्द्र शर्मा घटनास्थलमै गंभीर घाइते भए र धेरैलाई चोट लाग्यो। २५ जनालाई गिरफ्तार गरियो र एक दिन थुनेर छाडियो।

एक व्यक्तिले अर्को व्यक्तिको मानवअधिकार, स्वतन्त्रता र अस्तित्वलाई सम्मान र कदर गर्नुको साटो हेपाहा व्यवहार गर्ने र कुटपिट गर्ने गरेका घटनाहरू पनि पाइए। उदाहरणको रूपमा - सीतापुर-७, गौरीनगरका भुपबहादुर सिंहले छिमेकी तथा दाइ विष्णुसिंहलाई आफ्नो काम गरिदिन नआई अर्कैको काम गर्न गएकोमा रीस गरी धारिलो हतियारले प्रहार गरे। अभियुक्तलाई पक्राउ गरेर पनि कारवाही नभएको पाइयो।

बनकटवा-९ लालपुरका गलवीर सुनारले बुधे सुनार र उनकी आमालाई कुटे। छोरासंगको रीसले आमालाई समेत कुटेको यो घटनामा प्रहरीले पछि दुबैलाई संभ्झाई बुभ्झाई मिलापत्र गरायो।

तेजराम अग्रवाललाई प्रधानमन्त्रीको भ्रमणका बेला घरमा कालो भ्रण्डा टाँगेको आरोपमा पक्राउ गरियो र थुनामा यातना पनि दिइयो।

नेपालगंज-१ धम्बोजीका होटल मालिक सिद्धबहादुरले छिमेकी पसल सोना ट्रेडर्सकी मीना श्रेष्ठसंग उधारो सामान माग्दा नदिएको हुँदा त्यसको रीस फेर्न जथाभावी गाली गरे। आफूलाई मनपरी भनेपछि मीनाले प्रहरीमा खबर गरिन्। पुलिसले सिद्धबहादुरलाई पक्राउ गर्‍यो तर संगसँगै मीनालाई पनि पक्र्यो। त्यसो गर्नुको कारण भने तीजको बेलामा प्रहरीले नौवस्ताका महिलामाथि गरेको ज्यादति विरूद्ध उजुर दिन जाँदा मीनाले नेतृत्व गरेकी हुँदा प्रहरीले त्यसको बदला लिन सिद्धबहादुरसँगै उनलाई पनि पक्रेर एकै रातभरी बिना अभियोग थुनेको थियो।

कोहलपुर लखना वनचौकीका पाले ओमप्रकाश डाँगी लगायतका २ जनाले सोही ठाउँका ५ जना किसानलाई वनको भिंजा-दाउरा चोरीको अभियोग लगाएर निकै कुटपिट गरे र उनीहरूबाट ३ सय रूपियाँ लिइ छाडे। पछि स्थानीय जनताले डि.एफ.ओ. संग उजुरी गरेर रकम फिर्ता गराई रेञ्जरलाई माफी मगाए।

नेपालगंजको चारबाहिनी नजिकै रिक्साचालक किशोर बुढाथोकीलाई दिउँसै रक्सी खाई मातेका एक सैनिक जवानले ०५० साउन २३ गते कुटे। उनी राँभा इमाननगर ब्यारेकका लेखापाल भएकोले प्रहरी कार्वाही गर्न नसकिने व्यहोरा उजुरी दिन जाँदा बताइएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/ मेला र संगठित हुने अधिकार

विरोध सभा बिथोल्ने, शान्तिपूर्ण जुलुस र धर्नामा हस्तक्षेप गर्ने जस्ता कामहरू भएको पाइए पनि प्रत्यक्ष रूपमा संगठित हुन र संगठन रोज्न पाउने कुरामा रोक लगाएको पाइएन।

२.२ धार्मिक स्वतन्त्रता

मुलतः हिन्दू र मुश्लिम दुई सम्प्रदाय रहेको यो जिल्लामा यस वर्ष धार्मिक भ्रै-भ्रगडा भएको पाइएन। एक अर्काको धार्मिक आस्थालाई बिथोल्ने काम प्रशासनिक क्षेत्रबाट पनि भएको पाइएन। तर साम्प्रदायिक विशेषका कारण थुप्रै व्यक्तिगत भ्रगडाहरू भने भएको पाइयो।

२.३ राजनैतिक स्वतन्त्रता

नागरिकहरूलाई कुनै पनि दलको माध्यमबाट राजकीय मामिलामा सहभागी हुने अवसर प्राप्त छ। प्रभावशाली व्यक्तिहरूबाट परोक्ष दबाव पर्ने गरेको गुनासो पनि कसै कसैबाट सुन्नमा आयो।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

ग्रामीण इलाकाका जनता अभ्रै अशिक्षित देखिन्छन्। जनतामा व्याप्त गरिबी, पछौटेपन र न्यायिक चेतनाको अभावमा जिल्लाबासीहरूले उपयुक्त न्यायिक अधिकारहरू उपभोग गर्न सकेका छैनन्। जस्तो यहाँका प्रहरीले कानूनी प्रक्रिया पूरा गरी गिरफ्तार गरिएको कमै पाइन्छ। गिरफ्तार गरी बिना सोधपुछ र बिनापूर्जी १२, १५ दिनसम्म राखिएको पनि पाइयो।

०४९ पुस १५ देखि ०५० पुससम्ममा यहाँको पुनरावेदन अदालतमा ५८९ देवानी मुद्दा, २२६ वटा सरकारवादी फौजदारी मुद्दा, १८५ वटा दुनियावादी फौज्दारी मुद्दा र १४१ वटा विविध मुद्दा दर्ता भएका छन्। दर्ज भएका मुद्दामा करणी अपराध ९, ज्यान सम्बन्धी ३९, चोरी डाका १०४ र विविध अपराध ७४ पनि छन्। फैसला गर्दा अगाडिको मुद्दालाई प्राथमिकता दिइने भएकोले यो सालका मुद्दा भन्दा आगडिका मुद्दा फैसला गर्न नै समय लागेको देखिन्छ। त्यस्तै जिल्ला अदालतमा जग्गा सम्बन्धी ५७३ वटा मुद्दाहरू दर्ता हुन आए। जसमा

सरकारवादी फौजदारी मुद्दा २२८ वटा आएका छन्। यसरी बाँके जिल्ला अदालतमा यस वर्ष जम्मा २६२९ मुद्दा दर्ता भएकोमा १३८९ फछ्र्यौट भए भने १३३० मुद्दाहरू बाँकी छन्।

जिल्ला प्रशासन कार्यालयबाट प्राप्त जानकारी अनुसार सार्वजनिक अपराधका १७ मुद्दा, भवितव्य ज्यान २३, लागूपदार्थ सम्बन्धी ८, चोरी १३, जिउ मास्ने बेच्ने २, हातहतियार ३, हत्या प्रयास ५, ठगी ३, हत्या ५, जुवा ७, किर्ते १, बलात्कार २, सवारी दुर्घटना ७, गोवध २ गरी ९८ मुद्दा दर्ज भए। यी घटनाका १४९ अपराधी मध्ये २२ जना फरार छन् र ती मध्ये अधिकांश सीमापारीका बुझिन्छन्। जिल्लामा घट्ने घटनामा साम्प्रदायिक दंगा बढी पाइन्छन्। अर्धन्यायिक निकायमा राजनैतिक दवाव पर्ने गरेको बताइयो।

इन्साफको प्रसंगमा यहाँ हदैसम्मको अन्याय परेको घटनाका रूपमा चर्चित हिरमनियाका नागरिक पीरवक्स साई पाइए। उनले पञ्चायतकालमा प्रधानपञ्च शालिकराम डाँगीले पञ्चायत भवन वरिपरिका रूख काटे भनेका थिए। त्यही इबी साध्न अर्को गाउँका प्रेमलाल पुनद्वारा जेठी पत्नी बेच्यो भन्ने मुद्दा जाहेर गराई पक्राउ गरियो। यद्यपि मुद्दा दिइएको व्यक्ति अर्कै नामको छ र अर्कै गाउँ बिनौनामा बस्दछ। पीरवक्स साईले बेच्यो भनेकी महिला पनि गाउँमै छ। प्रेमलाल पुन भने फरार छ। विधिको विडम्बना भनौं जिल्ला अदालतले समेत उनलाई दोषी ठहऱ्याएर २० वर्ष कैद गर्ने फैसला गरेको छ र नागरिकता नं. ६३४२ को पीरवक्स साई जेलमा छ। जाहेरीमा रहेको नाम पीरअलि पीरवक्स भन्ने कुरकुर साई भनिएको छ। तर सजाय भोग्ने भने पीरवक्स साई भएको छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

आफ्नो वा परिवारको नाममा समेत नम्बरी जग्गा नभएका र घरबास पनि पर्ति नभई ऐलानी वा अर्कैको जग्गामा बसेका परिवारलाई सुकुम्बासी भन्ने गरिएको छ। यस किसिमका सुकुम्बासी परिवार नेपालको मध्यपश्चिमाञ्चलको भेरी अञ्चलमा अत्यधिक मात्रामा रहेका छन्। यस जिल्लामा सुकुम्बासी समस्या विकराल नै देखिन्छ। यस जिल्लाका सुकुम्बासीहरूमा धेरैजसो थारू र भारतीय मूलका मानिसहरू छन् भने केही नेपालको उत्तरी भेगबाट बसाई सराई गरी आएका पाइन्छन्। पहाडतिरबाट आउने जातिहरूमा प्रायजसो अछूत भनिने जाति बढी छन् र तिनीहरू खासगरी जाजरकोट, मुसीकोट, सल्यान, सरर्खेत र दाङ्गबाट आएका छन्। जिल्लाको उत्तरी भेगमा थारू र पहाडिया सुकुम्बासी पाइन्छन् भने दक्षिणतर्फ अर्थात भारतको सीमातर्फ भारतीय सुकुम्बासीहरू पाइन्छन्। यहाँ करीब २० हजार जति सुकुम्बासी परिवार छन्। ती मध्ये ५० प्रतिशत जति भारतीय मूलका, ३५ प्रतिशत जति पहाडिया र बाँकी १५ प्रतिशत जति थारू परिवार छन्। प्रायःजसो सुकुम्बासीहरूले वन क्षेत्रको नजिक र वन एरिया भित्रै बसोबास गरेका छन् भने अन्य सुकुम्बासी परिवारहरू खोला किनारको बगर, ऐलानीपर्ति, सार्वजनिक चौर आदि ठाउँहरूमा बसोबास गरेको पाइन्छ। सुकुम्बासीहरू बसोबास गरेका मुख्य मुख्य ठाउँहरूमा उढरापुर, कोहलपुर, होलिया, कम्दी, कचनापुर, फत्तेपुर, नौबस्ता, बिनौना, बैजापुर आदि पर्दछन्। यी मध्ये उढरापुरमा मात्र ४३८ घर-परिवारका २ हजार ४५ जना ६२ बिगाहमा फैलिएर रहेका छन्। कोहलपुर गाविस भरी जम्मा ५ सय ७९ घर-परिवारका ३ हजार २ सय ३२ जना विभिन्न क्षेत्रमा गरी २ सय ३४ बिगाहामा फैलिएर बसेको पाइन्छ। त्यस्तै होलियाका ५ सय ५ घर-परिवारका १ हजार ९ सय ३४ जना १ सय १९ बिगाहा क्षेत्रफलमा फैलिएर बसेका छन्।

यस जिल्लाका सुकुम्बासीहरू कति त पहिलेदेखि नै सुकुम्बासी थिए भने केही सरकारी भ्रष्टाचारको कारणबाट बनेका छन् र केही आफ्नै गल्ती कमजोरी र अर्काको भरमा परी सुकुम्बासी भएका छन्। जस्तो भ्रष्टाचारका कारणबाट बनेका केही सुकुम्बासीहरूमा बागेश्वरी गाविस -२ निवासी धनबहादुर आचार्य, बागेश्वरी -९ बुद्धपुर निवासी नरबहादुर थापा आदि छन्। उनीहरूले ०३६ सालदेखि तत्कालिन पुनर्वासको साविक किता नं. ४११ बाट अन्दाजी १-१०-० जग्गा आवाद गर्दै आएका थिए र सो पुनर्वास कम्पनीबाट एउटा जग्गाधनी प्रमाण पत्र पनि उपलब्ध गराइएको थियो। त्यस्तै अर्कोतिर सोही कित्ताको सोही जग्गा ९ सय रूपियाँमा मिना खनाललाई ०३७ साउन २१ गते भोगचलन गर्न एक पूर्जा पनि दिइएको छ। त्यस्तै नरबहादुर थापाले आफूले जोत्दै आएको जग्गाको मालिक बन्न ०४५ ताका वन सुदृढिकरणमा निवेदन दिंदा उनलाई ०४६ बैशाख २४ गते कित्ता नं. २४ को ०-१२-० जग्गा दिने निर्णय भई ०४७ बैशाख ६ गते जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराइयो। तर जग्गाको मालपोत बुझाउन मालपोत कार्यालय बाँकेमा पुग्दा श्रेस्तामा उक्त जग्गा नदेखिएको भनी फर्काइएको थियो। यस किसिमको कार्यले बाँके जिल्लाको बागेश्वरी, राधापुर, सीतापुर गाविसका लगभग ६५ घर-परिवार प्रभावित हुन पुगेका छन्।

४. महिला अधिकार

महिलाहरूसंग अभद्र व्यवहार गर्ने, अस्थायी संसर्ग गरी विचल्ली पार्ने, उनीहरूको आर्थिक शोषण गर्ने जस्ता प्रवृत्ति रोक्न त्यसलाई दुरूत्साहित गर्न ध्यान दिनुपर्ने आवश्यकता देखा पऱ्यो।

४.१ महिला किनबेच र बलात्कार

यहाँ महिलाहरूको किनबेच हुने गरेको कुरा गत वर्ष नै जानकारीमा आइसकेको थियो। त्यो प्रवृत्ति यस वर्ष पनि कायमै रहेको पाइयो। थुप्रै युवतीहरूलाई भारततिर लगेर बेचिने गरेको उदारहणका रूपमा नै नेपालगंज घरवारी टोलकी १४ वर्षीय तैबुत्र भाटलाई ०५० जेठ ६ गते सोही ठाउँ बस्ने रम्जना बुच्चड र आमना मनिहारले भारतको रूपैडिहाबाट दलालको जिम्मा लगाई पठाएकोमा भागेर ४ हप्ता पछि फर्किई प्रहरीमा जाहेरी दिए पछि रम्जना र आमनालाई पक्राउ गरिएको घटनालाई लिन सकिन्छ।

त्यसैगरी बलात्कारका घटना पनि घटिरहेका छन्। कुनै सार्वजनिक जानकारीमा आउँछन् कुनै आउँदैनन्।

यस वर्षका घटनामा सल्यान लक्ष्मीपुर घर भई नेपालगंज कत्था मीलमा काम गर्ने चौकिदार बुढाको छोरा केशर बुढाले सोही कारखानामा काम गर्ने आफन्तको घरमा बसी पढ्दै गरेकी एक बालिकालाई ०५० जेठ २९ गते बलात्कार गरेको हुँदा कारवाहीका निम्ति प्रहरीले उसलाई गिरफ्तार गरेको छ।

खजुराखुर्द बस्ने बजरंग लोहनियाले सोही ठाउँकी एउटी ६ वर्षीया बालिकालाई ०५० असार २९ गते बलात्कार गरेको हुँदा गाउँलेको सहयोगमा उसलाई पक्रियो। नेपालगंज-१६ बस्ने

नगरपालिकाका छेउमा पसल गर्ने इस्माइल सिद्धिकीलाई पनि बलात्कारको घटनास्थलबाटै पक्रेर ०५० भदौ २२ गते दिउँसो १२ बजे गाउँलेहरूले चारपाटा मुडी प्रहरीको जिम्मा लगाएका थिए।

०४९ माघ १० गते स्थानीय विकास प्रशिक्षण केन्द्रको कोठा नं. १७ मा जबरजस्ती प्रवेश गरी केही बदमासहरूले उक्त घरकी २२ वर्षीया युवतीलाई स्थानीय विकाश प्रशिक्षण केन्द्रको उत्तरतर्फ लगी बलात्कार गरे। प्रहरीले तत्कालै खोजवीन शुरू गरी अभियुक्तमध्ये केहीलाई पक्राऊ पनि गऱ्यो। तर अभिभावकहरूले नै घटना लुकाउन खोजेकाले कारवाही अगाडि बढाउन अप्ठ्यारो परेको भनी प्रहरी सूत्रले बतायो।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

जारी प्रथा व्यापक रूपमा छैन तर जारी विवाहका फाटफुट घटनासँगै जारी लेनदेन गर्ने गरेको पाइन्छ। बहुविवाह पनि भएकै छन्।

विवाहको करकाप सहन नसकी नेपालगंज-१० की १६ वर्षीया साधना सोनीले ०५० जेठ ३१ गते बागेश्वरी तलाउमा डुबेर आत्महत्या गरिन्।

वासुदेवपुर-५ का जैसवालले जेठी पत्नी छँदा-छँदै ०५० जेठ २० गते अर्को बिहे गरे। तिलकपुरका प्रताप चन्दले २७ वर्षीया जेठी पत्नीबाट दुबै पटक छोरी जन्मेकोले छोरा नभएको भनी ०५० भदौ १२ गते कान्छी ल्याए। गन्नुपुरका बीरबहादुर बुढाथोकीले घरमा पत्नी हुँदा-हुँदै भगडागाउँकी माया मगर्नीलाई लिएर भागे। लालपुरका सूर्यसिंह साहुले खिमलाल सुनारकी छोरी ललितासंग मंसीरमा बिहे गर्ने निधो गरी साउनदेखि नै पत्नी बनाए। पछि भदौ ९ गते बर्दियाको डेउढाकला गाउँबाट अर्की केटी ल्याए। त्यो थाहा पाएर ललिताका बाबुहरूले कुरा उठाएपछि दुबैलाई छाडेर भारततिर भागे। त्यस्तै वनकटवाकी खिमाकुमारी मगरलाई लालपुरको खिमलाल बस्नेतले घरमा पत्नी र छोरा हुँदा-हुँदै प्रिती गाँसेर संसर्ग गरे। खिमा दोजिया भइन्। उनीहरूको लसपस थाहा पाएर बाबु-आमाले अन्यत्रै बिहे गरिदिने योजना बनाए। तर झगडा अदालतमा पुग्यो। खिमाले ०५० साउनमा छोरो पाए पनि बाबु को हो भन्ने फैसला हुन अभै बाँकी छ।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यहाँ दास सरह रहेका कमैयाहरू पाइए। उनीहरूको वार्षिक अदला-बदली किनबेचका रूपमा हुने गरेको छ।

५.२ अन्य अमानवीय व्यवहारहरू

जातिपातीको भेदले केही मानिसलाई अछूत बनाइएको पाइन्छ। उनीहरू ज्यादै गरीब पनि छन् र शिक्षाको अवसरबाट पनि बञ्चित छन्।

६ आदिवासी अधिकार

यहाँ थारू जातिमाथि भूमिपतिहरूले निर्मम शोषण गरेका घटनाहरू पाइए। मोहीको रूपमा कार्यरत ती मानिसहरूलाई उनीहरूको भूमिबाट बेदखली गर्ने, मोहीयानी समेत नदिने गरेको घटना घट्दै गरेको उदाहरण चपरगौडीका बुधराम थारूलाई उनले कमाइ आएको जग्गा एक जमिन्दारले अर्को जमिन्दारलाई बेच्दा बेदखली गरियो। जिल्ला अदालत र भूमिसुधारले मोहियानी दिनु पर्ने फैसला गरेर पनि उनले न्याय पाउन नसक्नुको कारण नै कमैया हुनु भएको छ। अहिले बुधरामलाई ९ वटा फरक फरक मुद्दा हालेर जमिन्दारले सताइ रहेका छन्।

७. बालअधिकार

बाल श्रमिकहरू प्रशस्तै भेटिन्छन्। होटलमा भाँडा माझ्नेदेखि पसलका कारिन्दासम्म छन्। गरिबीले गर्दा पठन-पाठनमा भन्दा कामको खोजीमा हिंडेको कुरा बताउँदै ती बाल मजदूरहरूलाई राज्यले खाने व्यवस्था गरिदिएर पढ्न पठाएमा साह्रै कल्याण हुने थियो भनी दयालु बुढापाकाहरू बताउँछन्।

अतिरिक्त जानकारी

नेपालगंजमा सांसद कृष्णसिंह परियारद्वारा एउटी स्थानीय युवतीलाई हातपात गर्न खोजेका बेला दुई युवकले फेला पारेको घटना पनि यस वर्ष सुन्नमा आयो। घटनास्थलमा उनको परिचय पत्र पाइएकोले नै उनी सांसद रहेछन् भनी चिन्न सकिएको कुरा ती युवकहरूले बताए। यस घटनामा पत्र-पत्रिकाले व्यापक टिप्पणी पनि गरेका थिए। यस वर्ष यहाँ गोवधको एउटा घटना पनि घट्यो।

प्रजिअ कृष्णप्रसाद गुप्ताले ओमप्रकाश अग्रवाल जस्ता व्यक्तिबाट हामी प्रशासक प्रहरीको मानवअधिकार हनन हुने गरेको छ भन्दै अगाडि भन्नुभयो - "उसले प्रहरीलाई मट्टितेल खन्याएर आगो लगाउन खोजेको, हिन्दू-मुस्लिम दंगा मच्चाउने जस्ता काम गरेकोले नै पक्राउ गर्नु परेको हो।" उहाँ मानवअधिकारको दृष्टिबाट हेर्दा कानूनमा निकै त्रुटीहरू रहेको कुरा स्वीकार्नु हुन्छ। प्रहरी अधिकृतहरू पनि प्रहरी सेवामा मानवअधिकार सम्बन्धी चेतना व्यापक पार्नु पर्ने आवश्यकता स्वीकार गर्नुहुन्छ।

महादेवपुरी पेरानीका प्र.अ. पुष्पकुमार घिमिरेलाई "विद्यालय घाटामा रहेकोले" भन्दै अवकाश दिइएको बताइन्छ। यद्यपि विद्यालयको बैंक ब्यालेन्स नगद रू १४ हजार भन्दा बढी रहेको छ। पीडित पुष्पकुमार भने व्यवस्थापन समितिले वैचारिक दुराग्रह राखेको हुँदा नै आफूलाई अन्यायपूर्वक हटाउने प्रयास भएको कुरा बताउँछन्।

दरियाबुर्दी ठेक्काको नाममा यहाँ व्यापक भ्रष्टाचार भएको, बन फँडेर खोलामा बगाई दरिया काठ बनाउने गरेको र घाट गद्दीमा जम्मा भएका काठमा टाँचा लगाउँदा पनि कमिशनका आधारमा काम गर्ने गरेको कुरा स्थानीय बासिन्दा बताउँछन्। उनीहरूका अनुसार काटेका रूखहरूको ठूलो मात्रा दरियाबुर्दीमा आउनु, घाट गद्दीमा धेरै काँचा काठ हुनु, थोरै समयमा ठूलो मात्रामा काठ जम्मा हुनु र खोलाको नजिकका जंगलमा भित्र भित्रै वन फाँडिएको पाइनुले यस घटनाको रहस्य खोलेको छ। ठेकेदार कम्दी गुरुवन निवासी इम्तीयाज अलि मनिहार भए पनि उनले अन्य ८ जनालाई सहयोगीका रूपमा "साना ठेकेदार" बनाई विभिन्न गाउँमा राखेका छन्। त्यसैले स्थानीय जनता यस काण्डमा जिल्ला विकास समिति र वन कार्यालयको समेत हात रहेको सिकायत गर्दछन्। अहिले जनसमुदायको तर्फबाट कुसुम गौतमले उजुरी दिएको हुँदा ६ जनालाई पक्राउ गरी छानवीन गरिंदैछ।

यस वर्ष यहाँ ५ जनाले आत्महत्या गरे। आत्महत्या गर्ने व्यक्तिहरूमा महिला र पुरुष दुबै छन्। ❑



४. मध्यपश्चिमाञ्चल

भेरी

४.७ बर्दिया

जनसंख्या : २८५६०४
साक्षरता : ३४.३ प्रतिशत
महिला साक्षरता : २१.६ प्रतिशत
क्षेत्रफल : २३३७ वर्ग कि.मी.

यस जिल्लालाई नयाँ आवादीको क्षेत्र पनि भनिन्छ। यद्यपि केही बस्तीहरू निकै पुराना पनि छन्। ३४ गाउँहरू समेटेर बसेको यस जिल्लामा १ क्याम्पस, १९ मा.वि., ४८ नि.मा.वि. र १६ प्रा.वि. रहेको भए पनि पूर्ण साक्षरताको स्थिति छैन। यहाँका पुराना बासिन्दा थारू जाति हुन् जो दाङ्ग देउखुरीबाट आएको मानिन्छ। यहाँ बोलिने मुख्य भाषा पनि नेपाली र थारू नै हुन्। भारतसंग खुला सीमा रहनुले गर्दा यहाँ चोरी डकैती, हत्या र आगजनी जस्ता घटनामा बाहिरियाहरूको हात रहेको पाइन्छ। जिल्लाको मुख्य समस्या सुकुम्बासी समस्या बनेको छ। मानवअधिकारको चेतना प्रायः छैन भन्दा हुन्छ। टाठा-बाठाले निर्धा-सोझालाई झुठा मुद्दामा फँसाएर दुःख दिने रोग प्रचलन जस्तै छ। कमैया प्रथाले गरीब जनतालाई बाँधा बनाएका जिल्ला मध्ये यो पनि एउटा हो।

१. सम्मानित रूपले बाँच्ने अधिकार

यस जिल्लामा अहिलेसम्म पनि मानिसले सम्मानसाथ बाँच्न पाउने अधिकारको प्रत्याभूति हुन नसकेको पुष्टि कमैया प्रथा र सुकुम्बासी समस्याले दर्शाइरहेका छन्।

१.१ हत्या / गोली

यस वर्ष प्रशासनको तर्फबाट नागरिकको हत्या भएको वा शान्ति-सुरक्षाको निम्ति बल प्रयोग गरी गोली चलाइएका घटनाहरू पाइएनन्। यद्यपि वामपन्थीहरूद्वारा आयोजित ०५० असार २० गतेको बन्दका दौरान एउटा भारतीय गाडी चलाइएको प्रसंगमा विवाद हुँदा प्रहरीद्वारा जनसमुदायमाथि लाठी प्रहार गरियो र दुर्गा परियार सहितका १५ जना व्यक्ति घाइते भए।

घटनाको प्रकृति	घटना संख्या १९९२	घटना संख्या १९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	-
बलात्कृत	-	२
वन कर्मचारीको कुटाईले मृत्यु	-	१
आत्महत्या	-	-

राजनैतिक प्रतिशोधबाट नागरिकहरू बीच भएका झगडाले भने केही नागरिक मारिएको र केही घाइते भएको पाइयो। उदाहरण - ढोडरी गाउँमा असार २८ गते भएको डिल्लीराम लम्सालको हत्या बनेको छ। महेन्द्र रूपाखेतीले बोलाएर उनकै घर गई बास बसेका लम्सालको भोलिपल्ट विहान मकैबारीमा लाश फेला पर्नु, सँगै सुतेका बद्री सिग्देल र राम सिग्देल केही नबोल्नु, लाश सुन्निएको मात्र नभै निलाम्य देखिनु र वीष खुवाइएको आशंका चर्चामा आउँदा पनि प्रहरीबाट राम्रो अनुसन्धान नहुनुले स्वभाविक हत्या भन्नै नसकिने कुरा छर्लङ्गिन्छ भन्ने भनाई पीडित पक्षको रहयो। आरोपित मध्येका बद्री सिग्देल भने उक्त दिन गाविस अध्यक्ष महेन्द्र रूपाखेतीकहाँ नबसेको बताउँछन्।

मानपुर टपरा-३ कोहली गाउँमा दशैंको रामलिला भइरहेका बेला शिवराम काफ्लेले खेलाएको चिट्ठामा चिट्ठा पार्ने व्यक्तिले सामान माग्दा उल्टै पसले सहित पद्मराज विष्कर क्षेत्री सहितका ९ जनाद्वारा कुटपिट गरियो। लोहारमान थारू घटनास्थलमै मरे। अन्य नरेश थारू, जग्गु थारू, बिपतलाल, शिव, राजकुमार, जीतबहादुर र लहानु थारूहरू घाइते भए। अभियुक्तमाथि कार्वाही भएको जानकारी प्राप्त भएन।

१.२ जेल

जेल भवन २ वटा छन् - एउटा महिला बन्दी र अर्कोमा पुरूष बन्दी राखिन्छ। तर आँगन एउटै छ, त्यसैले घुमफिर गर्न कठिनाई पर्ने भएकोले महिला र पुरूष बन्दीलाई एकै पटक घुम्न दिइन्न। खानेपानी धाराको कमी छ। चर्पी भित्री २ वटा र बाहिर ६ वटा छन्। हाल ८२ पुरूष र ५ महिला गरी ८८ बन्दी रहेको बर्दिया जेलमा दोष प्रमाणित भएका बन्दी भने ५२ जना छन्। बाँकी ३१ आरोपित मात्र छन् र असहाय बाल बन्दीको रूपमा १ बालक छ।

१.३ गिरफ्तारी र यातना

बलराम काफ्ले सहितका लोकनारायण, माया, भगवती, जानुका, निलम, कृष्ण अधिकारी र सिंहबहादुरहरूले ०४९ फागुन २९ गते रक्सी उत्पादक चन्द्रावती आचार्य एवं सेवनकर्ता लक्ष्मीप्रसाद खनाललाई मादक पदार्थ नियन्त्रण अभियानमा जुटेका समाजसेवीहरूले संझाई बुझाई गरे। तर गस्ती प्रहरी रामबहादुरका अनुसार ती दुई बीचको अनैतिक सम्बन्धले गर्दा रक्सी उत्पादन र बेचबिखन बन्द गर्नुको उल्टो षडयन्त्रको जाल रचे र चन्द्रावतीले आफूलाई बलात्कारको प्रयास गरेको आरोप लगाएर उल्लेखित व्यक्तिका नाममा उजूर हालिन्। प्रजिअले घटनाको वास्तविकता बुझेर पनि समाज सुधारकहरूलाई जनही ५ सय धरौटी लिई तारिखमा राखेको जानकारी पीडित पक्षबाट पाइयो।

खैराहपुर-८ बस्ने पूर्णबहादुर श्रेष्ठलाई घरमा सुतिरहेको अवस्थामा ०५० असार ४ गते मुस्ताक गुजार र बुद्धिमान श्रेष्ठ मिली छुरा प्रहार गरे। राजनैतिक प्रतिशोध झल्कने यस घटनामा पूर्णबहादुर घाइते भए। अभियुक्त मध्ये बुद्धिमान र मुस्ताक गुजरलाई प्रहरीले गिरफ्तार गरी कार्वाही चलाएको छ र बुद्धिमान श्रेष्ठले मुस्ताक गुजरलाई छुरी दिएको कुरा स्वीकारेको छ।

नेउलापुरको भुरी गाउँमा ०५० साउन ४ र ५ को बन्दका दौरान नेपाली कांग्रेस पक्षधर र एमाले समर्थक बीच झगडा हुँदा टेकबहादुर बिष्ट, हस्तबहादुर कांग्रेस पक्षका र ढेडू थारू, लक्ष्मण गिरी वाम पक्षका घाइते भए। सोही भिडन्तमा प्रहरी मोहन थापालाई पनि चोट लाग्यो। त्यस घटनाको सन्दर्भमा तीन जनालाई पक्राउ गरिएको र पाँच जनालाई पक्राउ पूर्जी काटिएको थियो। पछि सरकार र एमाले बीच ०५० भदौ १ गते भएको सम्झौता अनुरूप वार्ताद्वारा सार्वजनिक अपराधका मुद्दाहरू फिर्ता लिइयो। तर त्यसै घटनामा लगाइएको ज्यान मार्ने उद्योगको मुद्दा भने फिर्ता लिए नलिएको जानकारी प्राप्त हुन सकेन।

२. मौलिक अधिकार

जनताको मौलिक मानवअधिकारहरूको उपभोगमा विभिन्न पक्षबाट बाधा पुग्ने गरेको गुनासो जिल्लाबासीबाट प्राप्त भयो। प्रजिअ भने मानवअधिकारको स्थिति सन्तोषजनक रहेको बताउँदै राजनैतिक पार्टीको अपरिपक्वता एवं कार्यकर्ताको आलो-काँचोपनबाट यदाकदा मानवअधिकारको हनन हुने गरेको कुरालाई स्वीकार गर्नुहुन्छ।

२.१ अभिव्यक्ति स्वतन्त्रता-भेला र संगठित हुने अधिकार

प्रशासन र राजनैतिक दल दुबैले यस अधिकारको उपभोगमा थेरथोर बाधा पुऱ्याएको पाइयो।

२.२ धार्मिक स्वतन्त्रता

धार्मिक सद्भाव रहेको पाइयो।

बर्दिया जेल

२.३ राजनैतिक स्वतन्त्रता

नीति, विचार र दल रोज्नमा प्रत्यक्ष बाधा पुऱ्याइएको पाइएन। सात वाम समूहद्वारा शुरू गरिएको आन्दोलनको सिलसिलामा असार १९ गते उमानन्द खनाल लगायत ८ जनालाई पक्राउ गरिएको थियो। नेपाल सद्भावना पार्टीद्वारा ०५० पुसमा आयोजित भोक हडतालको समर्थन गर्दै निस्केको जुलुसले जिल्ला प्रशासन कार्यालयको हाताभित्र धर्ना बस्ने प्रयत्न गर्दा देवेन्द्र मिश्र र गोविन्द थारू लगायतका २५ जनालाई गिरफ्तार गरिएको र बेलुका छाडेको पाइयो।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष न्यायिक निकायमा दर्ज भएका फौज्दारी मुद्दामा सरकारवादी फौज्दारी ११८ (चोरी ७४ र ज्यान सम्बन्धी ४४), दुनियावादी फौज्दारी १३९ (जालसाजी १२५, लुटपिट ५५ र कुटपिट ५९) रहे। देवानीमा लेनदेन झगडा २८३, अंश सम्बन्धी २६२ र जग्गा सम्बन्धी १९५ रहे।

राजनैतिक वैरभावका कारण सार्वजनिक मुद्दामा फसाइएका गुलेरिया निबासी मदनकुमार खतिवडालाई आवश्यक कानूनी उपचारका निम्ति सर्वोच्च अदालतले तारिखमा राखेको थियो। त्यही समयमा स्थानीय प्रजिअ लक्ष्मीप्रसाद भट्टराईद्वारा उनलाई साउन २० गते बिनापूर्जी पुनः गिरफ्तार गरी निष्पक्ष न्यायिक अधिकार हनन गरियो। यसै सन्दर्भमा ०५० भदौ १६ गते सर्वोच्च अदालतमा बहस भयो र पुनः मा.न्या. उदयराज उपाध्यायको बेंचले खतिवडालाई अविलम्ब कारागार मुक्त गर्ने आदेश दियो र साथसाथै अवहेलनाको सजाय किन नगर्ने भन्ने सवालको जवाफ बाटाका म्याद बाहेक ७ दिन भित्र पेश गर्न भनियो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

कनरा, मानझुण्डी, संखरिया, कलबरिया, बेलभार, कतर्निया, लगायत ६२ फाँटमा सुकुम्बासीहरू बसोबास गर्दछन्। कूल सुकुम्बासीमा ६५ प्रतिशत थारू जातिका र बाँकी ३५ प्रतिशत विभिन्न जातिका मानिसहरू पर्दछन्। गत वर्ष कनरामा भएको संघर्ष पछि सरकारले यस समस्यालाई हल गर्न एउटा आयोग गठन गरेको थियो। जिल्लामा कार्यरत

उक्त सुकुम्बासी समस्या समाधान आयोगमा यस वर्ष १८ हजार ४ सय घर भूमिहीन परिवारहरू दर्ता भएका छन्। परिवारलाई जंगल क्षेत्रबाट हटाई ऐलानी-पर्ति जग्गामा व्यवस्थित बसोबास गराइएको छ र बाँकी १४ हजार २ सय परिवारको समस्या सुल्भाउन बाँकी नै रहेको छ।

बर्दियामा रहेका सुकुम्बासीहरूमा धेरै अघिदेखि बस्दै आएका थारूहरूदेखि २६ वर्ष अघि देखि बसोबास गर्दै आएका अन्य विभिन्न जातिहरू सम्मको मिश्रण छ। पछिल्लो अवधिका सुकुम्बासीमा ०४७ तिर बसाई आएका समेत पाइन्छन्। कमैया प्रथामा बाँधिएका थुप्रै मानिसहरूले संगठित रूपमा वन फँडानी गरेर बस्न थाल्नु र अन्यत्रका भूमिहीन मानिसहरू पनि थपिनुले नै बर्दियामा यो समस्या उब्जिएको हो। गत ०४९ पुसदेखि यहाँ आयोगले काम शुरू गरेको थियो र प्रति परिवार डेढ कट्ठाको अनुपातमा पर्ने गरी जग्गा उपलब्ध गराइने आश्वासन दिइएको थियो। तर अहिले २/३ बिघाको प्लट छुट्याएर ४०/५० घर-परिवारलाई बासस्थान तोकिएको छ। घर बनाउने काठपात उपलब्ध गराइएको छैन। घडेरी जग्गा दिइएको भनिए पनि व्यक्तिगत स्वामित्वमा रहने गरी लगत खडा अभै भएको छैन। रोजगारीको अभावमा त्यसरी थुप्रिने बस्तीबाट कतै फेरि अर्को समस्या नउब्जोस् भन्नेतर्फ ध्यानाकर्षण गरी प्रश्न सोध्दा आयोगका तर्फबाट परीक्षणको रूपमा अस्थायी व्यवस्था गरिएको जानकारी दिइयो तर प्रचारमा भने आयोगले बर्दियाको सुकुम्बासी समस्या एक वर्षमै समाधान गरेको प्रसार गरिरहेको छ।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

यस वर्ष जिल्लामा महिला किनबेचका ३ घटना र बलात्कारका ३ घटना घटेको जानकारी प्राप्त भएको छ। कालिका-८ पचासा बस्ने तुलसी भट्टले सोही ठाउँ बस्ने पलबहादुरकी छोरी राधाकुमारी मगरलाई भारतको धनौरा बस्ने चन्द्रलाल भिवरलाई ०४९ मंसीरमा रू. १२ हजारमा बिक्री गरेकी रहिछन्। पीडितका पिताको जाहेरीबाट हाल उनलाई कार्वाहीका निम्ति गिरफ्तार गरिएको छ। जमुनी गाउँकी काली क्षेत्री र कान्छी सुनारनीलाई पनि भारतको बम्बैमा बेचिएको, पाताभार-९ बस्ने १५ वर्षीया स्वामपति थरूनी र १७ वर्षीया टेकुनी थरूनीलाई ठाकुर थारूले भारतको लखनउमा लगी बेचेको जानकारी प्राप्त हुन आएको छ।

बलात्कारका घटनामा कर्णालीको बाढीबाट पीडित राजापुर-५ बस्ने कृष्णे दमैले आफूलाई सहयोग स्वरूप बस्न दिएका डिलबहादुर बिकेकी १० वर्षीया छोरीलाई उनीहरू नभएकौ मौका पारी ०५० भदौ ३१ गते बलात्कार गऱ्यो। अभियुक्तलाई कानूनी कार्वाहीका निम्ति पक्राउ गरिएको छ। सोरहवा-८ तमौलीपुर बस्ने रामु भन्ने बालकृष्ण बिकले सोही ठाउँ बस्ने आठ वर्षीया बालिकालाई अनुचित कार्य गरेकोले कानूनी कार्वाहीका निम्ति थुनामा राखिएको छ।

बालिका अपहरणका घटना पनि यस वर्ष घटे।

४.२ जारी, बहुविवाह, दैउकी, वादी आदि समेत

जिल्लामा बहुविवाहको प्रचलन छँदैछ। यसको उदाहरण - जमुनी-२ फुटाहा बस्ने स्वडानन्द पौडेलका छोरा यमप्रसाद पौडेलले २ छोरा सहितकी पत्नी हुँदा-हुँदै ०५० कार्तिकमा अर्की पत्नी बिहा गरी प्रस्तुत गरेका छन्।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरुद्धको अधिकार

दासकै जस्तो जीवन गुजार्ने कमैयाहरूले यस जिल्लामा दासत्वको बन्धनमा बाँधिएको मानव समुदायको दुःखपूर्ण उपस्थिति भल्काउँछन्। कमैया प्रथाको अन्त्य नहुञ्जेल बाँधाको जीवनबाट उनीहरूको मुक्ति सम्भव देखिँदैन।

५.२ अन्य अमानवीय व्यवहारहरू

छुत-अछूतको भेदभावबाट घटेका घटनाहरू जानकारीमा आएन।

६. आदिवासी अधिकार

महम्मदपुर-७, जोरीपुरका आदिवासी थारूहरू भागिराम थारू, विश्राम थारू लगायतका ७० परिवारलाई ०११ सालदेखि उनीहरूले कमाइ खाई आएको जमीनबाट जमिन्दार अज्जु मिया र इकवाल मियाले ०२१ मा भूमिसुधार लागु हुँदा आफ्नो चौहद्दीमा पारेर बेदखली गरेको दुःखद वर्णन पीडितहरूबाट प्राप्त भयो।

७. बालअधिकार

यस वर्ष बर्दिया जिल्लामा बालबालिका अपहरण गर्ने घटनाहरू घटेको पाइयो। ०४९ चैत १७ गते चौधरीपुरका छेंगा यादवकी छोरीलाई राती सुतेका बेला अपहरण गरियो। नाबालक सुनिता यादव हराएको हल्ली-खल्ली बीच खैरापुर प्रहरी चौकीले निकै राम्रो सक्रियता लिई खोजी कार्य गऱ्यो र नेपालगंज जाँदै गरेको बसबाट बालिका र अपहरणकारीलाई पक्रियो। अभियुक्त भारतीय नागरिक चेतराम भन्ने बदलुलाई कानूनी कार्वाहीका निम्ति थुनामा राखिएको छ।

अतिरिक्त जानकारी

यस वर्ष बर्दियाका २ गाउँहरू पातखर र दौलतपुरलाई मदिरा निषेधित क्षेत्र घोषित गरिएको पाइयो।

गुलरियाका भक्तराज भट्टलाई सोही ठाउँ बस्ने सतिश ढुंगानाले छुरा प्रहार गरी घाइते बनाएको र भट्टकी पत्नी र छोरालाई समेत कुटपिट गरिएको थियो। प्रशासनले अपराधीमाथि कुनै कारवाही गरेको जानकारी प्राप्त भएन। ❑



४. मध्यपश्चिमाञ्चल

भेरी

४.८ सुर्खेत

जनसंख्या : २२५७६८
साक्षरता : ४२.४ प्रतिशत
महिला साक्षरता : २५.४ प्रतिशत
क्षेत्रफल : २४५१ वर्ग कि.मी.

मध्य-पश्चिमाञ्चलका जिल्लाहरूमध्ये अलिक सुगम, उपत्यकाको रूपमा समेत रहेको अर्ध-पहाडी जिल्ला हो - सुर्खेत। एउटा नगरपालिका सहित ५२ गाउँहरू समेटिएको सुर्खेतका झण्डै आधा बासिन्दाहरू बौद्धमार्गी छन्। नेपाली, थारू, मगरी र भोट-बर्मेली भाषा चलन चल्तीमा छ। मानवअधिकारको दृष्टिले हेर्दा यस वर्ष पनि यहाँ नागरिकहरूको जीवनमा विविध खाले घटना-दुर्घटनाद्वारा मानवअधिकार हनन हुन पुगे। सुर्खेतका समस्याहरूमा - आदिवासी - वादी, राउटे, भोटे, थारूको जीवन समृद्ध बनाउने, महिला बेचबिखन अन्त्य गर्ने, मानव हत्या हुन नदिने र नारी अस्मिता सुरक्षित बनाउने तथा प्रतिशोधात्मक रूपमा लगाइने झुठा मुद्दाको प्रचलनलाई दुरूत्साहित गर्ने जस्ता विषयहरू रहेका छन्।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यस वर्ष प्रशासनले कुनै नागरिकको हत्या गरेको वा प्रशासनिक गोली प्रहारद्वारा मानिसहरू मारिएको घटना छैन। यद्यपि नागरिकहरू बीच भएका कलह र प्रतिशोधको भावनाद्वारा घटाइएका घटनाहरूबाट भने ३ जनाको हत्या प्रयासका थप ५ घटनाहरू भएको पाइयो।

वीरेन्द्रनगर नगरपालिका-४ बस्ने चन्द्रबहादुर खड्काकी पत्नी रञ्जना देवीलाई ०४९ चैत्र १७ गते आफ्नो पतिसँग सुतिरहेकै बेला हँसिया प्रहार गरी हत्या गरेर फरार रहेका महेन्द्रबहादुर खड्का खगेन्द्रदेव गिरीको घरबाट पक्राउ परेका थिए। गिरफ्तारीपछि उनलाई नेपालगंज पठाइएको थियो र त्यसपछि उनी कहाँ छन् भन्ने कुरा सुर्खेतका बासिन्दालाई थाहा छैन। के उनी बेपत्ता पारिए ? यो प्रश्न भने अहिले पनि ज्यूँदै छ।

वीरेन्द्रनगर लेखगाउँका पूर्णबहादुर शाहीलाई पोखरीकाँडका यज्ञबहादुर बिसी र लक्ष्मण बिसीले बदलाको भावनाले ०५० जेठ ३२ गते हत्या गरे। भिर्ते वनको जंगलमा पूर्णबहादुर बुढा र गणेशबहादुर बुढाले मीनबहादुर वन्तरालाई हत्या गरी अपराध लुकाउन लुंगीले पासो लगाई रूखमा झुण्डाएका थिए। पछि ती दुईद्वारा बलात्कृत मृतककी पत्नी सुशीला वन्तराबाट पोल खुलेर उनीहरू पक्राउ परे।

१.२ जेल

यस वर्ष यहाँको जेलमा कूल बन्दीको संख्या ३३ रहेको छ। कम क्षमतामा बढी बन्दी थुन्नु यो जेलको विशेषता भएको छ। २ बिघा ४ कट्ठा क्षेत्रफलमा रहेको जेल भवन भए पनि महिला र पुरूष बन्दीका निम्ति छुट्टा-छुट्टै आँगन निर्धारण गरी बीचमा पर्खाल बनाइएको छ। आरोपित बन्दीको संख्या १९ र दोष प्रमाणित १४ मध्येमा २७ पुरूष ४ महिला छन्। नाबालक बच्ची २ छन्। र तिनीहरूलाई पनि जेलभित्रै राखिएको छ। चर्पी २ वटा बाहिरी मात्र छन्। बन्दीलाई अरू ठाउँमा जस्तै रू.६, नाइकेलाई थप १ रूपियाँ २० पैसा र चौकिदारलाई १ रूपियाँ ५० पैसा मिल्दछ। बन्दीको उपचार व्यवस्थाको निम्ति स्वास्थ्य सहायकलाई ल्याइन्छ। जेलभित्र खेलकूदका सामानहरू छैनन्। नाबालकका निम्ति पठन-पाठनको व्यवस्था भएको पाइएन। रात्रीको समयमा कोठाभित्रै कोपरामा दिशा-पिसाब गर्नु पर्छ। शीप सिकाई, साक्षरता कक्षा जस्ता रचनात्मक काम केही पनि नहुने गरेको र पुर्पक्षमा राखिएकालाई दुई वर्ष भन्दा बढी समय थुन्दा पनि मुद्दा फैसला नगरिएको पाइयो।

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	२	-
बलात्कृत	-	२
आत्महत्या	-	६

१.३ गिरफ्तारी र यातना

चार वामद्वारा ०४९ फागुन २२ गते आयोजित शान्तिपूर्ण विरोध प्रदर्शनमाथि बिना कुनै पूर्व सूचना अश्रुग्यास प्रयोग गरी लाठी प्रहार गरियो र हावामा गोली चलाइयो। वीरेन्द्रनगर नगरपालिकाका मेयर यामलाल कंडेल, सुरेश भट्ट लगायत ४ जनालाई गिरफ्तार गरियो र सोही दिन राती छाडियो। मशालद्वारा आयोजित चैत्र २४ गतेको नेपाल बन्दका दौरान केदार कंडेल लगायत ६ जनालाई एका-बिहानै हटियाबाट पक्राउ गरी कसैसंग भेट्न र खाना खान समेत नदिई दिनभर थुनेर बेलुका छाडियो। ०५० साउन ४ र ५ गते सात वामद्वारा आयोजित नेपाल बन्दका दौरान निस्केको शान्तिपूर्ण जुलुशबाट नगरप्रमुख यामलाल कंडेल, उपप्रमुख शिव उपाध्याय सहित २१ जनालाई बिनापूर्जी पक्रेर भोलिपल्ट ५ गते बेलुका मात्र छाडियो। वसपार्कमा आमसभा हुन नदिने भनी गरिएको त्यस गिरफ्तारीका क्रममा मानवअधिकार समाज सुर्खेतका सचिव डिलाराम गिरीलाई पनि गिरफ्तार गरिएको थियो।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला रेडियो स्टेशन उद्घाटन गर्न सुर्खेत आउनु हुँदा वहाँको राजनीनामाको माग गर्दै गरिएको शान्तिपूर्ण विरोध तथा कालोझण्डा प्रदर्शनलाई निहुँ बनाएर प्रशासनले हेमप्रकाश भुषाल, बालकृष्ण भण्डारी र हरी श्रेष्ठलाई पक्राउ गरी सार्वजनिक अपराधको मुद्दा लगाइएको छ। सरकार र प्रमुख विपक्ष बीच भएको भदौ १ को सम्झौता अनुसार सो मुद्दा फिर्ता लिनु पर्नेमा अहिलेसम्म फिर्ता नलिइएको कुरा सम्बन्धित पक्षबाट थाहा हुन आएको छ।

४० वर्षीय बुद्धिबहादुर बिकलाई ०५० जेठ १५ गते मिठाइ पसलमा बसिरहेका बेला बिनापूर्जी पक्राउ गरियो। उनलाई रक्सी खाएर हो-हल्ला गरेको आरोपमा एक दिन थुनेर छाडियो। राप्रपासंग सम्बन्धित जगतप्रसाद आचार्यलाई ०५० जेठ ३ गते अज्ञात व्यक्तिले कुटपिट गरी बेहोस अवस्थामा खोल्सामा फ्याँकिदिए। उनी दैलेखबाट किनमेलका निम्ति सुर्खेत आएका थिए। उनलाई पछि अस्पताल पुऱ्याइयो र उपचारपछि घर फर्के। आफूलाई पक्रेको रीसले राजु थापाले साउन महिनामा प्रहरी जवान ऋषिराम विकलाई कुटपिट गरी वर्दि च्यातिदिए र फरार भए।

प्रजातन्त्र पछि पनि अभियुक्तलाई यातना दिई सावित गराउने क्रम बाँकी रहेको कुरा पीडित पक्ष बताउँछन्। प्रहरी निरीक्षक केशवबहादुर घर्ती भने त्यस्तो यातना दिइएको छैन भन्नुहुन्छ। तर उहाँ सम्पूर्ण प्रहरीलाई मानवअधिकारको ज्ञान दिलाउनु पर्ने आवश्यकता महसुस गर्नुहुन्छ।

२. मौलिक अधिकार

मानिसले बिना कुनै भेदभाव काम पाउनु पर्छ। तर सुर्खेतका शिक्षा अधिकारी नयनसिंह धामीले भने गीता अधिकारीलाई विद्यालयको सिफारिस तथा आफैले नियुक्तिका निम्ति बोलाई रकम बैंकमा जम्मा गरिसकेपछि - "इन्सेकसंग सम्बन्धित मान्छे" भनी नियुक्ति बदर गरेका थिए।

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

यस वर्ष सुर्खेत जिल्ला प्रशासनले नागरिकहरूको अभिव्यक्ति स्वतन्त्रता र मेला हुने हकलाई एकपटक ०५० साउन ४ गते बसपार्कमा आमसभा हुन नदिएर हनन गऱ्यो भने अर्को पटक ०५० बैशाख १९ गते मई दिवशको सभास्थललाई निषेधित क्षेत्र भनी भेला हुन नदिने प्रयत्न गऱ्यो। यद्यपि व्यापक जनदबावका कारण पछि गएर मई दिवश मनाउन दिइयो। नगर क्षेत्रको ६ नं. वार्डमा पर्ने पिपलचौतारीको त्यस घटनालाई आधार बनाएर जिल्ला प्रशासन कार्यालयले पछि स्थानीय नगरपालिका प्रमुखसंग स्पष्टिकरण माग गरेको पाइयो। मानवअधिकार पर्यवेक्षण समिति एवं एमनेष्टी इन्टरनेशनल सुर्खेतले साउन ४ र ५ गतेको घटनाबाट नागरिकहरूको मौलिक अधिकार हनन भएको दर्शाउँदै गिरफ्तार व्यक्तिको तत्काल रिहाईको माग गरेको थियो।

शिक्षक छनौट समितिद्वारा विचारको आधारमा भेदभाव गरेको बताउँदै ०५० साउन २९ देखि भदौ ६ गतेसम्म शिक्षकहरूले मोक हडताल गरेका थिए।

नेपाल मानवअधिकार संगठन सुर्खेतका अध्यक्ष भानुभक्त भारतीका अनुसार यस वर्ष सुर्खेतमा ५२ जनालाई गिरफ्तार गरियो र त्यसरी पक्रिंदा कानूनी प्रकृयालाई बिल्कुल उपेक्षा गरियो।

२.२ धार्मिक स्वतन्त्रता

जिल्लामा धार्मिक सद्भाव रहेको पाइयो।

२.३ राजनैतिक स्वतन्त्रता

दलगत नीतिका आधारमा नागरिकहरूले आफ्नो राजनैतिक अधिकार प्रयोग गर्न सक्छन्। यसमा प्रत्यक्ष हस्तक्षेप भएका घटना यस वर्ष पाइएन।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

परम्परागत न्याय प्रणालीमा बाँधिएका न्यायिक र अर्धन्यायिक निकायहरूमा यस वर्ष प्रतिदिन एउटा जस्तै गरी विभिन्न खाले मुद्दाहरू परे। जिल्ला अदालतमा २७७ र प्रहरी कार्यालयमा ८७ वटा मुद्दा गरी कुल ३६४ मुद्दाहरू दर्ज भए। प्रहरीमा परेका मुद्दामा ७५ वटा कानूनी कार्वाहीका निम्ति अदालत र जिल्ला प्रशासनमा पठाइए। जिल्ला प्रशासनमा यस वर्ष १५ वटा सार्वजनिक अपराध सम्बन्धी मुद्दा आए। जिल्ला अदालतमा भने सरकारवादी फौज्दारी मुद्दाहरू २४ वटा आए जो प्रहरी मार्फत आउने गर्छन्। बहुविवाह -४, हत्या सम्बन्धी-८, बलात्कार सम्बन्धी-२, विभिन्न रूपमा चोरीका-१० आदि। अदालतमा दुनियावादी फौज्दारी मुद्दाको संख्या बढी रह्यो।

यस जिल्लामा क्षेत्रीय तहको पुनरावेदन अदालत पनि छ। यस वर्ष उक्त पुनरावेदन अदालतमा ०५० पुस १७ गतेसम्ममा कूल १२२ मुद्दा दर्ता भएको र ती मध्ये फौज्दारी ७२ वटा र देवानी ५० वटा रहेको पाइयो। उक्त संख्यामा मोही कायम गरी पाउँ भन्ने एउटा र अंश मुद्दा ११ वटा, जारी र सम्बन्ध विच्छेद सम्बन्धी १/१ वटा, बलात्कार १, आशयकरणी २, बहुविवाह २, गर्भपतन १, ज्यान मार्ने उद्योग ९, हत्या ५, ज्यू मास्ने बेच्ने ३ समावेश थिए।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

कुनै पनि व्यक्तिको आफू र आफ्ना बाबु-बाजेका नाममा समेत नेपालको कुनै पनि भूभागमा जग्गा नभएको देखिएमा त्यो व्यक्ति सुकुम्बासी ठहर्छ - यो सरकारी मान्यता हो। परापूर्व कालदेखि रहँदै बस्दै आएका आफ्नो नाममा जग्गा नहुनेका निम्ति त यो परिभाषा ठिकै होला तर टाट उल्टिएका, साहु लागेर स्वामित्व गुमेका, पहाडी कन्दराका असुरक्षित बस्तीबाट सम्मानित जीवनको खोजी गर्दै तराई झरेकाहरूलाई राज्यले कसरी हेर्ने ? एकपटक जग्गा पाएर पनि जीविका नधानिएर बेचबिखन गरी पुनः सुकुम्बासी भएका व्यक्तिहरूको समस्यालाई फेरि बल्झिन नदिने गरी कसरी हल गर्ने ? यस्तै यस्तै सवालमा रूमलिएको छ यहाँको सुकुम्बासी समस्या।

वादी जाति परम्परागत रूपमा रहिआएका सुकुम्बासी देखिन्छन्। यद्यपि उनीहरूलाई व्यवस्थित बसोबास गराउनेतर्फ आवश्यक ध्यान पुगेको छैन। थारू जाति यस समस्याबाट पिडित अर्को जाति हो। मजदूरीमा व्यस्त माझी र मगर लगायत अन्य जातिका गरीबहरू जो पहाडका खोंचहरूबाट झरेको पाइन्छ - यस समस्याबाट पिडित अर्को पंक्ति हो। यही पंक्तिमा राजी भनिने जाति पनि पर्दछ। जसले बोटेले जस्तै डुङ्गा खियाउने, माछा मार्ने काम गर्छन्।

सुर्खेतका सुकुम्बासी बस्ती भएका लाटीकोइली, उत्तरगंगा, छिञ्चु गाउँको थारू गाउँ, झिलझिले, मसीना, मदानी चउर जस्ता ठाउँ र नगरक्षेत्रको तल्लो बजारमा विशेष गरी यो समस्या रहेको छ। यद्यपि सुर्खेतका ५२ वटै गाविसमा कम-बेसी संख्यामा भूमिहीन तथा सुकुम्बासी परिवार पाइन्छ। कल्याण र छिञ्चुका केही बस्ती उठाइएको र उठाउने क्रम जारी छ।

जिल्लामा कति सुकुम्बासी परिवार छन् दुयाक्क मिलाएर भन्न गाह्रो छ। तर पनि घाट गाउँमा २०/३० घर बोटे/राजी परिवार सहित १ सय, नगरपालिका भित्र ५ सय, उत्तरगंगाको कोलडाँडामा १ सय, मदानी चौरमा १ सय, तोसामा ५० र कल्याणमा ३० घर-परिवार रहेको अनुमान छ।

४. महिला अधिकार

नारी अधिकार के हो भन्ने कुरै थाहा नभएका मानिस धेरै छन् र उनीहरूले अहिले पनि महिलाहरू पनि लोग्ने मान्छे जस्तै समान अधिकारका हकदार हुन भन्दा अचम्म मान्छन्। रजस्वला हुँदा महिलालाई घर बाहिर छुट्टै कटेरामा पाँच दिनसम्म राख्ने चलन सुर्खेतको पश्चिमी क्षेत्रमा अझै पाइन्छ। महिनावारी भएकी आइमाई घरैमा राखे देवता भाग्दछन् भन्ने धारणा छ।

४.१ महिला किनबेच र बलात्कार

यस वर्ष जिल्लामा महिला किनबेचका घटनाबारे जानकारी प्राप्त भएन तर बलात्कारका घटना भने घटेको पाइयो। दाजु भारत गएको मौका पारी आफ्नै भाउजूलाई ०५० भदौ २८ गते बलात्कार गरेको अभियोगमा अम्बापुरका एकजनालाई कार्वाहीका निम्ति पक्राउ त गरिएको थियो तर कार्वाही भने भएन। पीडितको अवस्था अहिले असन्तुलित बनेको छ। त्यसै गरी भिर्तेवनको जंगलमा माईत हिंडेकी १८ वर्षीया महिलालाई दाजु साइनो पर्ने पूर्णबहादुर बुढा र गणेशबहादुर बुढाले डर त्रास देखाई ०५० जेठ ३२ गते बलात्कार गरेको र पत्नीलाई खोज्दै त्यहीं पुगेका मीनबहादुर बन्तरालाई घटनास्थलमै मारेका थिए। अभियुक्तहरूलाई हाल कार्वाहीका निम्ति थुनामा राखिएको छ।

सुर्खेतको एउटा सुकुम्बासी वस्ती

४.२ जारी, बहुविवाह, देउकी, बादी आदि समेत

यस वर्ष जिल्लामा चारवटा बहुविवाह भएको जानकारी प्राप्त भयो। त्यसमध्ये एउटा विद्यापुरका खडानन्दले एउटै लगनमा मण्डपमा बसेर दुईवटी युवतीसंग एकैपटक बिहे धुलियाविटकी नन्दी रजाली मगरसंग खुसीराजीले स्वयंवर गरी बिहे गरेका खडानन्द बाँस्तोलाले नन्दीलाई गाउँको घर हेर्ने जिम्मा दिए भने लिलालाई आफूसंग सुर्खेत बजारमा राखेका छन्। उनको दावी छ -"यो बहुविवाह होइन, एउटै लगनमा एउटै जग्गेमा तिनै जना खुसी भएर गरेको बिहे हुँदा यसमा कानूनले पनि केही गर्न मिल्दैन।"

अर्को घटना हो मेहेलकुनाका टिकाराम कामीले सहारेकी अमृता कमिनीलाई दोस्रो पत्नीको रूपमा भित्र्याएका थिए। दुबैलाई प्रहरीले सोधपुछका निम्ति पक्राउ गरेको थियो।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

मानिसलाई दास-दासीको रूपमा क्रय-विक्रय गरेका घटना पाइएनन्। ठूला-बडाको घरमा काम गर्ने नोकरका रूपमा रहेका केही व्यक्तिहरू - हली गोठालाहरू भने पाइए।

५.२ अन्य अमानवीय व्यवहारहरू

हर्षे ढ्यौरालीका वीरमान दमैलाई ०५० साउन १८ गते एउटी महिलालाई बोक्सी भनेको निहुँमा भद्रबहादुर खड्का र कविराम थापाले वनपालेको सहयोग लिई बाँधेर लडाएका थिए।

६ आदिवासी अधिकार

यहाँ वादी, राजी/बोटे र थारूहरू आदिवासीका रूपमा रहेको पाइन्छ। त्यसपछि मगरहरू पनि यहाँ छन्। तर मानव विकासका चरणहरू अनुरूप घुमन्ते अवस्थामा रहेको भने राजी/बोटे र वादी मुख्य छन्। थारूहरू पनि बस्ती बसाएरै रहेका छन्। आदिवासीमा सबभन्दा पीडित बोटे/राजीहरू छन्। घाटगाउँमा रहेका ३० परिवार बोटेहरूको आफ्नो बस्ने झुपडी घर त छ तर जग्गा भने अर्कैको नाममा छ। कृष्णराज जोशी उनीहरू सबैको जग्गा मालिक बनेका छन्। राजीहरूले विशेष गरी - माछा मार्ने, डुङ्गा चलाउने र शिकार खेल्ने गर्दछन्। धनी मानिएका राजी/बोटेहरू दशरथपुरमा छन् र उनीहरूका छोराहरूले स्कूल पढ्दै छन्।

सुर्खेतभरी थारूहरू लगभग १ हजार परिवार छन् र उनीहरूबाट जनप्रतिनिधिको रूपमा स्थानीय निकायहरूमा ६ जना निर्वाचित भएका छन्। लाटीकोइली र उत्तरगंगा मुख्य बस्ती हो। केही थारू युवा युवतीहरू आइ.ए.सम्म पढेका पनि भेटिन्छन्।

वादी जाति सुर्खेतभरी छरिएर रहेको पाइन्छ। केही वादीहरू आफूलाई रूकुम र जाजरकोटबाट आएको बताउँछन्। मसिनाका ५ घरमा ६५ जना, काल्पानीका १० बजार र लाटीकोइलीका ३/३ घरमा ३५ जना, मैनतडा जात्रीका ५ घरमा २६ जना, छिन्चु गणेशपुरका ५ घरमा ४० जना र रामघाटका ५ घरमा ३० जना रहेको पाइयो। उनीहरूले आफ्नो पेशा कृषि, माछा मार्ने, मादल बनाउने, बालुवा रोडा झिकी बेचेर गुजारा गर्छौं भनी बताए। यद्यपि गणेशपुर राजीगाउँका केही वादी महिलाले देहव्यापार गर्ने गरेको पनि पाइयो। तिनीहरू मध्ये केहीले बिहेपछि देहव्यापार छाड्ने चलन भएको पनि जनाए।

७. बाल अधिकार

गरीब परिवारका बालबालिकाहरू शिक्षाबाट बञ्चित छन्। उनीहरू आफ्ना बाबु आमासँगै गिट्टी कुट्ने गर्दछन्। केहीले होटलमा काम गर्ने, गोठाला बस्ने गरेको पनि पाइयो। बालअधिकार सम्बन्धी चेतना छैन भने पनि हुन्छ। बस बिसौनी वरिपरि खाते बालबालिका पनि देखिन्छन्। तिनीहरूको अनुमानित संख्या ३५ भन्दा बढी छ। कोही कोहीले दिउँसो कुल्ली काम पाएमा बेलुकी होटलमा खाना खाने पनि गर्छन् र केहीले चलचित्र हेर्ने गर्दछन्।

अतिरिक्त जानकारी

एस.एल.सी. परीक्षामा चीट चोर्न नपाउँदा विद्यार्थी कविरामपुरीले शिक्षक अमर बस्नेतलाई कुटे। प्रहरीले उनलाई पक्डेर गल्ती स्वीकारेर आगामी दिनमा त्यसो नगर्ने कागज गराई छाडियो।

होटल व्यवसायी नैनरूपा शाहीलाई ध्रुव थापा, महेन्द्र शाह लगायतका चारजनाले रक्सी खान नदिएको रिसमा कुटपिट गरेका थिए।

यस वर्ष यहाँ आत्महत्याका ६ घटना घटेको पाइयो। उदाहरणका निम्ति - लाटीकोइलीको भेरी पुलबाट इत्रामका मानबहादुर गुरुङ्ग फाल हालेर मरे। भैरवस्थानका ४५ वर्षीय झुपी चालिसेले आफ्नै घरको दलानमा पासो लगाएर आत्महत्या गरे। नौलापुरका ६५ वर्षीय कालुराम चौधरी भेरीमा हामफाले। चिसापानीकी ५४ वर्षीया नन्दकली पोखरेल जंगलमा झुण्डिइन्। वीरेन्द्रनगर तल्लो बजारका २८ वर्षे भीमप्रसाद उपाध्याय घरकै कोठामा झुण्डिए। उनी बेरोजगारीको कारण निरास थिए। लाटीकोइलीका मानबहादुर धमला घरमै झुण्डिए। यी आत्महत्याका कारण विविध रहे। ❑



४. मध्यपश्चिमाञ्चल

भेरी

४.१ जाजरकोट

जनसंख्या : ११३९५८
साक्षरता : २३.५ प्रतिशत
महिला साक्षरता : ९.० प्रतिशत
क्षेत्रफल : २२३० वर्ग कि.मी.

जाजरकोट जिल्ला भेरी अंचलको विकट पहाडी जिल्ला, मानिन्छ। वहुदलीय परिवर्तनका चिन्हहरू तथा मानवअधिकार सम्बन्धी कुराहरू कमै मात्रलाई थाहा छ। प्रशासनिक शक्ति र धनको आधारमा राजनीति संचालन हुने पहिले देखिको परिपाटी वहुदलको पुनर्स्थापना पश्चात पनि कायम रहेको देखिन्छ। जिल्लाको राजनीति संचालनमा पार्टीहरूको भन्दा पनि स्थानीय प्रशासनको प्रत्यक्ष संलग्नता बढी रहेको पाइन्छ।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय जाजरकोटका अनुसार कार्वाहीका लागि ज्यान सम्बन्धी ७ वटा मुद्दाहरू दर्ता भएका थिए। ती मुद्दाहरू मध्ये कर्तव्य गरी ज्यान मारिएका ३ वटा मुद्दाहरू अदालतमा पेश भएका छन्। ज्यान सम्बन्धी अन्य मुद्दाहरूमा एउटा आत्महत्या र बाँकी ३ भवितव्यमा परी मृत्यु भएको पाइयो।

१.२ जेल

जाजरकोटमा पहिले देखि नै जेल भवन छ र हाल नयाँ जेलको निर्माण कार्य पनि सञ्चालन भइरहेको छ। १० रोपनी जग्गामा पुरानो जेलसँगै नयाँ बन्दै गरेको भवन रहेको छ। पुरानो जेलमा मानिसलाई चाहिने अत्यावश्यक कुराहरूको पूर्ति भएको देखिदैन। जम्मा बन्दी ७ मध्ये २ जनाको दोष अदालतद्वारा पुष्टि भएको छ। जेलमा महिला बन्दीको संख्या १ छ। पुरूष बन्दी र महिला बन्दीलाई छुट्टा छुट्टै राखिन्छ। बत्तिको व्यवस्था छैन। रेडियो राख्न पाइन्छ। चर्पीको व्यवस्था होस् भन्ने माग बन्दीहरूको रहयो। बन्दीहरूलाई चौबिसै घण्टा नेल, हतकडी लगाइन्छ। जेलमा गम्भीर रूपमा पेट दुख्ने, जिउ सुन्निने जस्ता रोगको प्रकोप छ। ज्यान मुद्दाका बन्दी खड्की शाही यस्तै रोगबाट पिडित छिन्। उपचारको राम्रो व्यवस्था छैन। जेलको अवस्था हेर्दा मानव जातिको उपहास भइरहेको महसुस हुन्छ।

१.३ गिरफ्तारी र यातना

जिल्लाको जुगाथापाचौर गाविसमा एमाले कार्यकर्तहरू माथि ०५० साउन २२ गते प्रहरीद्वारा भएको दुर्व्यवहारलाई जिल्लाका बासिन्दाहरूले बर्वरताको संज्ञा दिएका छन्। गाविस बैठकमा बाधा पुऱ्याएको भन्ने आरोपमा त्यस समय काठमाडौं र सुर्खेतमा रहेका विजुलीबहादुर शाही, टेकबहादुर शाही र भवानीप्रसाद शाही एवं भीमबहादुर नेपाली र अभीमान शाही लगायतका ७ जनालाई सार्वजनिक अपराधको मुद्दा लगाइएको छ। त्यस अभियोगमा मानबहादुर बुढालाई सुतिरहेको अवस्थामा कुटपिट गरी गिरफ्तार गरिएको र स्थानीय बासिन्दालाई थाहै नदिई रात्रिको समयमा ५-७ व्यक्तिलाई घरभित्र राखी सर्जमिन मुचुल्का गरिएको कुरा पनि पिडित एवं स्थानीय बासिन्दाहरू बताउँछन्। यस सम्बन्धमा सो मुद्दा फिर्ता लिइयोस् भनी सम्बन्धित आयोग र संसदमा समेत आवाज उठेको थियो। सोही घटनाको सन्दर्भमा असोज २ गते १४ वर्षीय रूपक कार्की र राजीव कार्की माथि प्रहरी शेरबहादुर शाही, टंक केसी र अर्जुन खड्काद्वारा कुटपिट गरियो। असोज १४ गते मटेला पुलमा दीपनारायण कार्कीलाई पनि प्रहरीले पिटे। त्यस अघि भदौ १२ गते स्थानीय खलंगा गाविस अन्तर्गत पाँचकरियाको मेलामा प्रहरी निरीक्षक मायाकुमार मल्ल र उनका जवानहरू सहितका व्यक्तिहरूले

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	२	१
बलात्कृत	२	४
आत्महत्या	-	-

मादक पदार्थ सेवन गरी त्यहाँ मेला हेर्न आएका नागरिकमाथि हवाई फायरिङ्ग समेत गरेको कुरा पत्यक्षदर्शीबाट थाहा हुन आयो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

बैठकमा आफ्ना विचार राख्रेर वादविवाद गरेको घटनालाई बैठक भाँडेको भनी आरोपित गरिनु, मेलामा आएका हटारूलाई हवाई फायरिङ्गद्वारा तर्साउनु र जाँड खाएर जनता पिट्ने जस्ता कार्यहरू भएको जानकारी प्राप्त हुनुले जिल्लामा मानवअधिकार हनन गरेको यथार्थ प्रस्तुत गर्दछ।

२.२ धार्मिक स्वतन्त्रता

धर्मका आधारमा भेदभाव गरिएका घटनाहरू पाइएनन्।

२.३ राजनैतिक स्वतन्त्रता

उल्लेखित घटनामा बाहेक प्रहरी तथा प्रशासनबाट राजनैतिक स्वतन्त्रता प्रत्यक्ष हनन भएको पाइएन।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायिक क्षेत्रमा ढिलासुस्ति व्याप्त रहेको गुनासोलाई जिल्ला न्यायाधीशको अनुपस्थितिले पुष्टि गरेको पाइयो। यद्यपि केही समय पहिलेदेखि जिल्ला न्यायाधीश चित्रदेव जोशी उपस्थित रहनु भएकोले न्याय सेवामा केही सुधार र छरितोपना आएको जिल्लाबासीहरू बताउँछन्। जिल्ला अदालतमा १५ वटा सरकारवादी मुद्दा, ४८ वटा दुनियावादी फौज्दारी मुद्दा र ५५ वटा देवानी मुद्दाहरू रहेका छन्। ती मध्ये केही फैसला भइसकेका छन्।

कानून व्यवसायीको अभावले गर्दा यहाँका बासिन्दाहरूले न्यायिक परामर्श सेवा पाइरहेका छैनन्।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जिल्लामा भूमिहीनहरूको यक्कीन तथ्यांक प्राप्त हुन सकेन यद्यपि गरिबी र अभावको पीडाले बसाई सर्नेहरू भने निकै पाइए। यातायात र विकाशको सुविधा प्राप्त नभएको र निकट भविष्यमा सुविधा प्राप्त हुने आशा राखी केही ठाउँमा वन-जंगल फडानी गरी खोरिया फाँडी बसोबास गर्ने गरेको पाइयो।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

यस जिल्लामा महिला किनबेच सम्बन्धी कुनै घटनाहरू यस वर्ष भएको जानकारी प्राप्त भएन। बालविवाहको प्रचलन छ। बलात्कार सम्बन्धी घटनाहरू भने पाइए। जिल्ला अदालत जाजरकोटमा करणी सम्बन्धी ३, हाडनाता करणी १ र सम्बन्ध **विच्छेद** सम्बन्धी १४ वटा मुद्दाहरू दर्ता भएको कुरा सम्बन्धित निकायबाट थाहा हुन आएको छ।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यस जिल्लामा अध्यावधि प्रसस्त मात्रामै जारी प्रथा र बहुविवाहको चलन चल्ती छ। जारी सम्बन्धी झगडाहरू अदालतमा कम जान्छन् र घर व्यवहार मै टुंग्याउने चलन प्रसस्त मात्रामा छ। जारीको रकम हैसियत र ल्याकत अनुसार कम्तीमा रू. ५ हजारदेखि २५ हजारसम्म लिने दिने गरेको पाइन्छ।

यस जिल्लामा देउकी प्रथा नभएको कुरा स्थानीय बासिन्दाहरू बताउँछन्। तर वादी प्रथा भने प्रसस्तै पाइन्छ। घर, खेत आदी जग्गा-जमिन नभएका वादी जाति मादल, सुल्पा, काईंयो आदी सामानहरू बनाई बेचबिखन गरी आफ्नो जिवनोपार्जन गर्दछन्। यसै सिलसिलामा नाच-गान र वेश्यावृत्ति पनि यस जातिको मुख्य पेशाको रूपमा पाइन्छ। यिनीहरूको प्रायः अस्थायी बसोबास हुन्छ र बाह्रै महिना घुमि-घुमि हिड्दछन्।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

जिल्लामा दास प्रथा नरहेता पनि केही मात्रामा त्यसको अवशेष पाइन्छ। गाउँका जिम्मेवाल, मुखियाहरू तथा ठूला-बडाहरूले घरमा नोकरको रूपमा हली, कमैया राख्ने चलन छ। वंशानुगत रूपमा पनि यो पेशा गरेको पाइएको छ। तथ्यांक भने प्राप्त प्रतिवेदनमा उल्लेख गरिएको छैन।

५.२ अन्य अमानवीय व्यवहारहरू

गाउँका ठूला-बडाहरूले अझै पनि केही मात्रामा किर्ते जाली तमसुक गराएर निरक्षर एवं सिधासाधा जनताहरूलाई दुःख दिने, घर-खेत हरण गरी बास उठ्ठा पार्ने गरेको पाइन्छ भनी प्राप्त प्रतिवेदनमा उल्लेख छ तर त्यसो गरिएका व्यक्ति वा परिवार को को र के कति छन् भन्ने उल्लेख छैन।

६. आदिवासी अधिकार

यस शीर्षक अन्तरगत उल्लेखनीय घटना जानकारीमा आएन।

७. बाल अधिकार

बाल अधिकार उल्लंघनका कुनै घटना प्राप्त भएन। ❑



४. मध्यपश्चिमाञ्चल

भेरी

४.१० दैलेख

जनसंख्या : १८७४००
साक्षरता : २९.५ प्रतिशत
महिला साक्षरता : ११.१ प्रतिशत
क्षेत्रफल : १५०२ वर्ग कि.मी.

विकट पहाडी जिल्ला दैलेखमा मानवअधिकारको उपभोग राष्ट्को संविधानले प्रत्याभूत गरेकै सीमाभित्र पनि पाईदैन। यातायातको अभाव, शिक्षाको कमी, बेरोजगारी र गरिबी जस्ता समस्याले पीडित दैलेखका जनताको मुख्य आयस्रोत कृषि नै हो। दैलेखीहरू हिउँदमा कामको खोजी गर्दै विदेश झर्ने गर्दछन्। विभिन्न विषयमा हुने अन्यायपूर्ण घटनाहरूको न्यायिक छानवीन र उपचार गर्ने क्रममा विशेष गरी जिल्ला प्रशासन तथा वन संरक्षण विशेष अदालतबाट हेरिने मुद्दामा नागरिकहरूको मानवअधिकार हनन हुने गरेको गुनासो जिल्लाबासीबाट पाइयो।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

राजनैतिक विवादका कारण वा प्रशासनिक दमनको रूपमा जिल्लामा कुनै गोलीकाण्ड एवं हत्याका घटनाहरू घटेको जानकारी प्राप्त भएन। तर पनि जिल्लामा हत्याका घटनाहरू घटे र मनिसहरूको ज्यान गयो।

राकम गाउँका कर्णबहादुर माझीलाई ०५० कार्तिक २७ गते राती जिउलामा जमानसिंह माझी, धनबहादुर माझी र लालबहादुर थापा मिली मारेर उनको लास कर्णालीमा हाली दिए। अभियुक्तहरूलाई जोगाउने प्रयासमा प्रहरीलाई मृतक बम्बै गएको छ भन्ने झुटो जानकारी दिएर एकपटक छुटाईएको भए पनि लास फेला परेपछि अभियुक्तहरू पक्राउ परे।

विन्धवासिनी-७ बस्ने कृष्णबहादुरले ०४९ चैत ५ गते आफ्नै पत्नी मनकुमारीको हत्या सन्तडी खोलाको दक्षिणपट्टिको जंगलमा गरेको, रावाकोट-५ बस्ने कैलो सार्कीद्वारा ०५० कार्तिक २९ गते खुकुरी प्रहार गरी रत्ने सार्कीको हत्या गरेको, कासीकौध-६ बस्ने पद्मबहादुर शाही र सिंहबहादुर शाहीले धनबहादुरलाई ०५० असोज १९ गते कुटेर मारेको, कात्ती-७ बस्ने पृथ्वी बहादुर खड्काले सोही ठाउँ बस्ने ५० वर्षीय देउछानेको ०५० पुस २२ गते खुकुरी प्रहारबाट गरेको हत्या जस्ता घटनाले मानिसको बाँच्न पाउने अधिकारलाई नोक्सानी पुऱ्याए।

बराह-१ की श्रीमती मनमाया गुरूङ्गले परपुरूषसंगको लसपसबाट जन्मेको शिशुलाई ०५० असोज १७ गते जन्मनासाथ मारेको अभियोगमा उनलाई ८ वर्ष कैद हुने गरी अदालतले फैसला गरिसकेको छ। उनी थुनामा छिन्।

१.२ जेल

राजनैतिक बन्दीहरू छैनन्। कारागार भवन त छ, तर जीर्ण अवस्थामा छ। वर्षामा प्लाष्टिकले ढाकछोप गर्नु पर्ने अवस्था छ। १ रोपनी ११ आनामा बनेको जेलको कम्पाउण्डमा सानो चोक छ। जहाँ बन्दीहरू घाम ताप्छन्। महिलाहरूका निम्ति कोठा अलग छ। हाल जेलमा २३ बन्दी छन् र ती मध्ये १० जना आरोपित बन्दी छन्। कूल बन्दीमा ३ जना महिलाहरू र १ बालिका रहेका छन्। सरसफाई र उपचारको उचित व्यवस्था छैन। बिजुली बत्तिको व्यवस्था छैन। पठनपाठन र मनोरञ्जनको पनि आवस्यक प्रवन्ध छैन। तर कहिलेकाहीं गोरखापत्र पढ्न पाइन्छ। जेलमा यातना दिइएको उल्लेख्य घटना छैन र कोही पनि बन्दीको मृत्यु भएको पाइएन। तर तीर्थबहादुरलाई आत्महत्याको असफल प्रयास गरेको र त्यहाँ रहेकी छ वर्षीया बालिकालाई चिमोटेको हुँदा नेल हत्कडी लगाइएको छ। सुरक्षाकर्मीका निम्ति छुट्टै आवासको व्यवस्था छैन।

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	१०
बलात्कृत	-	२
आत्महत्या	-	-

१.३ गिरफ्तारी र यातना

मानवअधिकारको उपभोगमा हस्तक्षेप गरी स्थानीय प्रशासनले गिरफ्तारी गरेको वा यातना दिएको उल्लेख्य घटना हाम्रो जानकारीमा आएन तर अन्य अभियोगका सन्दर्भमा भने विभिन्न व्यक्तिहरू गिरफ्तार गरिएको र कतिपयलाई यातना समेत दिइएको पाइयो।



तोर्थी तामाङ : जसलाई पुलीसले यातना दिंदा औंलाका नङ झरेका छन्

बुद्धको मूर्ति चोरीमा पक्राउ परेका दोर्जे तामाङ्ग लामालाई प्रहरी हिरासतमा दिइएको यातनालाई उदाहरणका रूपमा लिन सकिन्छ। उनलाई प्रहरीले यातना दिने क्रममा खुट्टाका औंलाहरूका ४ वटा नङ उखेलिदिए तर उपचार गरिएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

पक्राउ पूर्जी बिना गिरफ्तार गर्ने र धेरै दिन थुनामा राख्ने गरेको पाइयो। पेशागत संगठन रोज्ने काममा प्रत्यक्ष हस्तक्षेप हुने गरेको पाइयो। विगत १५ वर्ष देखि शिक्षण पेशामा रहेका तालिमप्राप्त १२ जना सहित ८२ जना शिक्षकलाई अवकाश दिनुमा त्यही पूर्वाग्रहले काम गरेको कुरा सम्बन्धित पक्षबाट थाहा हुन आएको र पिडित पक्षले धर्ना अनसन गरी पिडक पक्षलाई आफ्नो दूर्व्यवहार बदल्ने विनय विरोध जनाए पछि पुनः कार्यदल गठन गरी छानवीन हुँदा ४६ जनालाई पुनर्वहाली नियुक्ति दिने निर्णय हुनु तर सो कार्यान्वयन नगरिनुले पनि सोही अवस्थालाई इङ्गित गर्दछ।

२.२ धार्मिक स्वतन्त्रता

धर्मको कारणबाट यस वर्ष कुनै कल-कचिङ्गलहरू भएनन् र धार्मिक सहिष्णुता रहेको जानकारी प्राप्त भयो।

२.३ राजनैतिक स्वतन्त्रता

राजनैतिक स्वतन्त्रताको उपभोगमा प्रत्यक्ष हस्तक्षेप भएको जानकारी प्राप्त भएन।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

विशेष अदालत र जिल्ला प्रशासनबाट हेरिने मुद्दाहरूमा निष्पक्षताको कमी रहेको गुनासो पीडितपक्षको रहयो भने सम्बन्धित न्यायिक पक्षले त्यस्ता घटनामा राजनैतिक दवाव पर्ने गरेको कुरा स्वीकारेको पाइयो।

यसवर्ष जिल्ला प्रहरी कार्यालयमा ४२ मुद्दा दर्ता भए र ती मध्ये १६ वटा अदालतमा गए। सार्वजनिक अपराध सम्बन्धी ९ वटा मुद्दा जिल्ला प्रशासनमा गए।

जिल्ला अदालतमा १४८ मुद्दा दर्ता भएकोमा सवभन्दा बढी जारी, नाता कायम, हाड-नाता करणी, सम्बन्ध विच्छेद जस्ता मुद्दा छन्। ४६ वटा त्यस्ता मुद्दा बाहेक अन्यमा सबभन्दा धेरै अर्थात् १८ वटा ज्यान सम्बन्धी मुद्दा रहेका छन्।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस विषयमा उल्लेख्य विवरण प्राप्त भएन।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

यस जिल्लामा महिला किनवेचका पत्यक्ष घटनाहरू जानकारीमा आएनन्। तर बलात्कारका घटनाहरू भने पाइए।

बसन्तमाला-५ बस्ने धनबहादुर गुरूङ्गले ०५० साउन १५ गते सोही ठाउँकी १० वर्षीया बालिकालाई घाँस काट्न गएका बेलामा बलात्कार गरे। उनलाई अदालतमा पेश गरिएको छ। नारायण-५ बस्ने रामे सार्की, चन्द्रबहादुर सार्की र झुप्रे सार्कीले सोही ठाउँ बस्ने एउटी महिलालाई माइतबाट घर आउँदै गरेको बेला गोगनपानीमा बलात्कार गरे। अभियुक्तहरूलाई हाल तारिखमा छोडिएको छ।

कुशापानी गाविसका एक जनाले नजिकको नाता पर्ने युवतीलाई गर्भवती तुल्याई फरार भए। दैलेख बजारकै एकजना ब्यापारीले एउटी किशोरीसंग अनुचित सम्बन्ध कायम गरे। किशोरीको गर्भ रहन गएपछि उनी सुर्खेत तर्फ भागे र त्यहाँ अर्को विवाह गरे।

४.२ जारी, बहुविवाह, देउकी, वदिनी आदि समेत

जारी लेनदेन गर्नु र धेरै वटी पत्नी राख्नु सामाजिक रूपमा नराम्रो मान्ने चलन नभएको हुँदा नै यहाँको पारिवारिक बनौटमा जारी प्रथा र बहुविवाहको संख्या निकै पाइन्छ। देउकी प्रथा र वादी जातिको अस्तित्व रहे नरहेको जानकारी प्राप्त भएन। यस वर्ष प्राप्त जानकारी अनुसार बसन्तमाला-२ का कृष्णबहादुर रोकायाले ०५० बैशाख ६ गते, कालिका थुम-३ का पठाने कामीद्वारा ०५० कार्तिक १ गते र मालिका-१ का भद्रबहादुर शाहीले ०५० बैशाख १ गते बहुबिवाह गरेको पाइयो। महिलाहरूको निम्ति कानूनी सहायता पुऱ्याउने कुनै गैरसरकारी निकाय जिल्लामा छैन। बालविवाहको प्रचलनका कारण सम्बन्ध विच्छेदका धेरै घटना घट्ने गरेका छन्। जिल्ला अदालतमा यस वर्ष २४ वटा त्यस्ता मुद्दा परेका छन्।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

मानिसलाई दास-दासीको रूपमा राख्ने, क्रय-विक्रय गर्ने गरेका घटनाहरूको जानकारी प्राप्त भएनन्।

५.२ अन्य अमानवीय व्यवहारहरू

जातिपाती र छुवाछूतको कारण मानिसहरू माफ समान व्यवहार नगरिएका घटनाहरू पाइए। होटलहरूमा गरिने छोइछिटो देखि सार्वजनिक अस्पतालमा समेत यस्तो व्यवहार हुने गरेको उदाहरण ०५० मंसीर २८ गते जीतनारायण श्रेष्ठको होटलमा दही-च्यूरा खान गएका सरस्वती-६, सालखर्कका कृष्ण सोनीलाई भाँडाको पैसा समेत तिराएको घटना र जिल्ला स्वास्थ्य कार्यालयमा ०५० मंसीर ५ गते कासीकौध-४ बस्ने तिलक विकलाई त्यहाँ राखिएको बाल्टीबाट पानी भिक्न नदिएको घटना उल्लेख्य रहेका छन्।

०४९ माघ २० गते लाकुरी-६ की धनीसरा कमिनीको मृत्यु पछि बाजा-गाजाका साथ दाहसंस्कारमा निस्केको शवयात्रामा शंख फुकेको कारण त्यही ठाउँका थीरबहादुर थापा, लिलबहादुर थापा, रत्नबहादुर बुढा र गंगाबहादुर बुढाको नेतृत्वमा एक हुल मानिसले "तिमी अछूतहरूले किन शंख बजाउँछौ ?" भन्दै मलामीलाई कुटपिट गरे। त्यस विषयलाई लिएर जिल्ला प्रशासनमा निवेदन गर्दा ठूला जातिहरूको चलन नखोस्ने सल्लाह दिइयो।

बालुवाटार-१ मा ०५० साउन ५ गते सार्वजनिक धारामा पानी थापेको गाग्री छोइदिएको, भुक्याएर पानी खुवाएर कर्म नष्ट गरेको हुँदा इन्साफ पाउँ भनी लक्ष्मीप्रसाद जैसीले ०५० साउन २१ गते जिल्ला अदालतमा निवेदन गरे पछि प्रेमबहादुर सुनारलाई समाव्हान जारी गरियो र दुबैथरीलाई संभाई बुभाई - "अबदेखि त्यसो नगर्ने" शर्तमा ०५० मंसीर ७ गते मुद्दाको मिलापत्र भयो।

जातीय भेदभावलाई परम्परादेखि चलिआएको हुनाले परिवर्तन गरी हाल्न नसकिने भन्ने अभिव्यक्ति सबै राजनैतिक दलका व्यक्तिहरूको पाइयो।

६. आदिवासी अधिकार

जिल्लामा सानो संख्यामा रहेका वादीहरू आदिवासी अधिकारको सन्दर्भमा ध्यान दिनुपर्ने जाति मानिएको विचार जिल्लाबासीमा पाइयो। यद्यपि आदिवासी भएकै कारणले उनीहरू समेत अन्य अविकसित मानव जातिलाई भेदभाव गरिएका घटना भने पाइएन।

७. बालअधिकार

विभिन्न कारणबाट नवजात शिशु मारिने, बालकहरूलाई पठन-पाठनको उपयुक्त अवसर प्राप्त नहुने र बालिकाहरू बलात्कारीको शिकार बन्ने जस्ता स्थितिले जिल्लामा बाल अधिकारको अवस्था सन्तोषजनक नरहेको भल्किन्छ।

अतिरिक्त जानकारी

कालिका-५ बस्ने अमृता मगर्नीको घरमा सोही ठाउँ बस्ने केशे रोकायाले ०५० कार्तिक १३ गते आगो लगाई दिए। अर्काको संपत्ति हिना-मिना गरिदिनु गैर कानूनी एवं अमानवीय व्यवहार हो भनी उनीमाथि कार्वाहीको कुरा उठेपछि दुबै थरीको रोहवरमा केही क्षतिपूर्ति दिने/लिने गरी मिलापत्र भएको थियो। ❑



४. मध्यपश्चिमाञ्चल

कर्णाली

४.११ डोल्पा

जनसंख्या : २५०१३
साक्षरता : २३.२ प्रतिशत
महिला साक्षरता : ८.४ प्रतिशत
क्षेत्रफल : ७८८९ वर्ग कि.मी.

डोल्पा नेपालको अति विकट, पिछडिएको तर क्षेत्रफलका हिसावले सबभन्दा ठूलो जिल्ला हो। छिमेकी जिल्लासंग पनि यातायातको राम्रो सुविधा नभएको, सञ्चार सुविधाहीन, हिमालय पार गरी हिड्नु पर्ने अवस्था आदिले यहाँको जनजीवन ज्यादै कठिन बनाएको छ।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

राप्के गुरूङ्गद्वारा हत्या गरिएका १५ वर्षीय ताम्वा लामाको घटना नै यस वर्षको मुख्य घटना बनेको छ। राप्के गुरूङ्गलाई अदालती फैसला अनुरूप हाल भवितव्य अन्तर्गत २ वर्षको जेल सजाय दिइएको छ। प्रहरीले गोली चलाएको घटना पाइएन।

१.२ जेल

कारागार भवन छ। २५ जना बन्दी रहने क्षमता भएको जेलमा हाल ४ जना बन्दी रहेका छन्। महिला केटाकेटी छैनन्। मध्यम स्तरको खाद्यान्न दिइन्छ। चर्पीको व्यवस्था छ। रेडियो समाचारपत्र जस्ता संचार साधनको व्यवस्था छैन र बन्दीहरूको निम्ति उपचारको राम्रो व्यवस्था छैन। खेलकूदका साधनहरू छैनन्। सुरक्षाकर्मीहरूको रूपमा प्रहरी रहेका छन्। बन्दीहरूले पाउने सिदा, लुगा-फाटो आदि पनि समयमा प्राप्त नहुने गरेको र जेलर नहुँदा कठिनाइ भएको पाइयो।

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	१
बलात्कृत	-	-
आत्महत्या	-	-

१.३ गिरफ्तारी र यातना

प्रहरीले गिरफ्तार गर्दा कतिपय अवस्थामा कानूनी प्रकृया पूरा नगरी गिरफ्तार गर्ने गरेको पाइयो। नागरिकहरूको घर खान-तलासी गर्दा पनि पूर्व जानकारी नदिइएको पाइयो। यार्चा गुम्बाको चोरी सम्बन्धी घटनामा आशंका गरिएका शान्तराम लगायत अन्य मूर्ति चोरीको अभियोग लागेका विजय हिराचन, टेकबहादुर झांक्री, शेरबहादुर राना, राम थकाली, गोकर्ण डाँगी, रमा शाहीलाई पक्राउपूर्जी बिना नै पक्रिइयो र २५ दिनसम्म थुनामा राखियो। पिडित टेकबहादुर झाँक्री (राप्रपाका सभापति) का अनुसार कार्यशैली राजनैतिक पूर्वाग्रहयुक्त देखिन्छ। अभियुक्तलाई अभियोगमा सावित गराउन प्रहरीद्वारा कुटपिट गर्ने गरिन्छ।

जिल्लामा कुटपिट आदि घटनाका क्रममा यसवर्ष १० जना घाइते, १४ जना गिरफ्तार र ६ जना फरार भएको कुरा जनाईएको छ।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

प्रत्यक्ष हस्तक्षेपका घटनाहरू भन्दा परोक्ष व्यवधानहरू हुने गरेको पाइयो। जनताका मौलिक अधिकारको उपभोगमा जिल्लाको पारिवारिक राजनैतिक हैकमले पनि बाधा पुऱ्याएका कथनहरू सुनिए।

२.२ धार्मिक स्वतन्त्रता

धार्मिक सम्प्रदायका आस्था अनुरूप गरिने कार्यमा बाधा पारिएका घटना पाइएनन्। जिल्लामा धार्मिक सहिष्णुता कायम छ।

२.३ राजनैतिक स्वतन्त्रता

आफूलाई मन परेको राजनैतिक दल रोज्नमा अप्रत्यक्ष बाधा पुऱ्याइएका घटनाहरू पाइएको हुँदा राजनैतिक स्वतन्त्रताको अधिकार कुण्ठित हुन गएको देखिन्छ।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

मानवअधिकार सम्बन्धी चेतनाको अभाव भए पनि जिल्ला अदालतमा सरकारवादी ८, दुनीयावादी फौज्दारी २९, गाली-बेइज्जती १, ज्यान सम्बन्धी १, मूर्ति चोरी १ र अन्य गरी ४४ मुद्दाहरू चलिरहेका छन्। न्याय क्षेत्रका मानिसहरू नै निष्पक्ष न्याय सम्पादनमा बाधा पुग्ने गरी राप्रपा र नेकाबाट अनुरोध हुने गर्दछ भनी बताउँछन्।

कानून व्यावसायीको अभाव, अधिकार र कर्तव्यबोध गर्ने चेतनाको अभाव र मुद्दा फर्स्यौटमा हुने ढिलाईले पनि सजिलोसंग न्याय पाउने अधिकारको उपभोगमा बाधा पुगेको विचार स्थानीय व्यक्तिहरूको छ।

छिटो न्याय संपादन तर्फ ध्यानाकर्षण गर्नु पर्ने कुरा जुफालका गणेश शाहीलाई पक्राउ परेको ४ दिन पछि र राप्के गुरूङलाई १७ दिन पछि मात्र अदालत लगिनुले दर्शाउँछ।

प्रजिअ योगराज पौडेलका अनुसार यसवर्ष सार्वजनिक अपराधका ४ वटा घटना घटे। जसमा ०५० बैशाख २३ गते सांसद क्याबु बुढालाई लंकु बुढाले दुनै बजारमा कुटपिट गरेको घटना, नाम्दो शहनैतारामा ०५० साउन १ गते तार्के बूढा, धर्मे बुढा र बुर्ति बुढाले ढुंगा-मुढा गरेको घटना, रहमा ०५० साउन ३० गते भएको बाली क्षति घटना, चौरशिलामा ०५० कार्तिक २० गते भएको कुटपिट रहेका छन्। जुनबहादुर थापा, पण्डित कार्की, रमेश कार्कीको मुद्दा भने फैसला हुन बाँकी नै छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

उब्जाउ जग्गा सीमित व्यक्तिहरूको हातमा रहेको छ भन्ने बाहेक अन्य विवरण हामीलाई प्राप्त प्रतिवेदनमा उल्लेख गरिएको छैन।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

विकटताको कारणले गर्दा महिलाको किनबेच र निर्यात गर्ने घटना भने नभेटिएको तर उत्तरी क्षेत्रका बासिन्दाहरूले छोरी विवाह गर्दा दुलहा पक्षबाट बढाबढ गरी रूपैया असुल गर्ने चलन रहेको पाइयो। बलात्कारका घटना बारे जानकारी प्राप्त भएन।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

जारी प्रथाले डोल्पा जिल्लामा अझसम्म पनि नराम्ररी जरा गाडेको पाइन्छ। ८।१० हजारदेखि २५।३० हजारसम्म पनि जारी तिर्ने गरेको पाइयो। डोल्पामा अझै पनि बढी पत्नी हुने मान्छेलाई प्रतिष्ठित मानिन्छ। जि.वि.स. सभापति ओमबहादुर बुढाले हालसालै १९ वर्षीया वद्मी नामकी केटीसंग तेश्रो विवाह गरेका छन्। मोतीप्रसाद पाहाडी ४ वटी, बागबहादुर शाही ५ वटी, नरबहादुर बुढाथोकी ३ वटी, रूद्रबहादुर डांगी ४ वटी र अशोक हमाल २ वटी पत्नीका पति हुनुहुन्छ। देउकी र वादिनी समाज भने छैन तर गुम्वाहरूमा झुमा राख्ने चलन अद्यावधि छँदै छ। झुमाहरू अविवाहित नै बस्नु पर्छ र लामाहरूले चाहे अनुसार उनीहरूसंग शारीरिक संसर्ग गर्छन्। झुमालाई अरूसंग संसर्ग गर्न दिइन्न। अरूसंग संसर्ग राखेमा भाग्नु पर्छ। यस जिल्लाको उत्तरी क्षेत्रमा बहुपति प्रथा रहेको छ। फोक्सुन्डो, सालदाङ्ग, मिजेर, तिन्को आदि ६ वटा हिमाली गाउँहरूमा रहेको यो प्रचलनमा जेठोले बिहे गरी ल्याएकी महिला सबै भाइकी पत्नी हुन्छिन् र जन्मेको सन्तान साझा बन्दछ।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

जिल्लाको उत्तरी एवं बुद्ध धर्मालम्बी सम्प्रदायमा कमारा प्रथा पाइन्छ। उनीहरू ज्यादै न्यून जीविकामा बाँच्छन् र धेरै परिश्रम गर्दछन्। तर कमारा प्रथाको समाप्ति तर्फ त कुरै छाडौं ती श्रमजीविहरूको समूचित भरण-पोषणमा पनि सम्बन्धित पक्षबाट आवश्यक ध्यान पुऱ्याइएको देखिँदैन।

५.२ अन्य अमानवीय व्यवहारहरू

अछुतको व्यवहार भोगिरहेका मानिसहरू पनि जिल्लामा छन् तिनीहरूलाई पानी नचल्ने जातको रूपमा लिइन्छ।

६. आदिवासी अधिकार

आदिवासी सम्बन्धी जानकारी हामीलाई प्राप्त भएन।

७. बालअधिकार

बालश्रमलाई घरेलु काममा प्रयोग गरिने गरेको पाइयो।

अतिरिक्त जानकारी

यस वर्ष प्राकृतिक मारमा परी डोल्पामा कार्यरत दुई कर्मचारीको ज्यान गयो। त्यसरी लेक (हाई-अल्टिच्यूट) लागेर ज्यान जानेमा प्रहरी जवान राजधामी बुढा र नापी कार्यालयका अमिन भरत बहादुर गौतम रहेका छन्। उच्च हिमाली क्षेत्रमा काम गर्ने कर्मचारीलाई लेक लाग्ने खतराबाट बचाउने कुनै उपचारको व्यवस्था छैन।

जिल्लाका उल्लेख्य घटनाको रूपमा खातीको कस्तुरी काण्ड, जीवनबुटी काण्ड, कुटपिट घटना, चोरी जस्ता घटनाहरू रहे।

नेपाली कांग्रेसका सभापति अशोक हमालका अनुसार "जिल्लामा तीनवटा पार्टीको अस्तित्व छ र ती सबैको दबाव प्रशासनमा परेको छ। मानवअधिकार हनन गर्ने काम राप्रपाबाट भएको छ र उत्तरी क्षेत्रमा एक जना मानिस मरेको घटना बाहेक अन्य घटना घटेका छैनन्।"

प्रहरी जवान सोमबहादुर नेपालीले ०५० वैशाख १४ गते कस्तुरी निकासी गर्न लाग्दैगरेका सार्के बुढालाई पक्रेकोमा उनलाई सजाय स्वरूप सरूवा गरियो।

प्रहरीलाई मानवअधिकारको शिक्षा दिनु आवश्यक छ भन्ने कुरालाई भने प्रहरी अधिकृत स्वीकार गर्नु हुन्छ। ❑



४. मध्यपश्चिमाञ्चल

कर्णाली

४.१२ जुम्ला

जनसंख्या : ७५९६४
साक्षरता : २५.२ प्रतिशत
महिला साक्षरता : ८.४ प्रतिशत
क्षेत्रफल : २५३१ वर्ग कि.मी.

उच्च हिमाली क्षेत्रको जुम्ला जिल्ला कर्णालीको सदरमुकाम पनि हो। ३० गाविस रहेको र महिलाहरूको संख्या न्यून भएको यस जिल्लामा खेतियोग्य भूमि पनि कमै छ। थोरै मानिस व्यापारमा संलग्न रहेका छन्। केही मानिस आफ्नो श्रम बिक्रीका निम्ति जिल्ला र मुलुक बाहिर समेत जाने गर्दछन्। जातीय विभेदले मानिसलाई पानी चल्ने र नचल्नेमा छुट्याएको छ।

१. सम्मानित रूपले बाँच्ने अधिकार

पाटमारा-८ निवासी सोभा बुढा सुत्केरी भइन् र छोरो पाइन्। उनका पति पुने बुढाले पर्याप्त भोजनको व्यवस्था गर्न सकेनन्, दुवै वीच भनाभन भयो। गरिबीको त्यस झगडामा आफ्नो संवेदना गुमाएर पत्नी र बालक दुवैको ०५० जेठ ३१ गते हत्या गरे। हाल उनी आफ्नो अर्को २ वर्षे छोरा सहित जुम्ला कारागारमा छन् र मानसिक सन्तुलन गुमाउँदै गएको भान हुन्छ।

१.१ हत्या / गोली

प्रशासनिक निकायबाट शान्ति सुरक्षाको नाममा गोली चलाइएको र त्यस क्रममा जनताको हत्या भएको कुनै घटना घटेन।

अन्य हत्याको सन्दर्भमा भने ०४९ मंसीर २१ गते पाण्डु गुफा र देहारपाटा निवासी ४८ वर्षीय रामशरण उपाध्यायलाई कालिका खेनु-४, घाटीखोलाको जंगलमा जयहरी आचार्यको उक्साहटमा रल्ला पछाई भन्ने रत्नलाल सहितका व्यक्तिहरू मिलेर हत्या गरे। रामशरण उपाध्यायले त्यस अघि आफ्नो हत्या षड्यन्त्र भएको जनाई ज्यू-धनको सुरक्षाका निम्ति सिंना ठाना र जिल्ला प्रहरी कार्यालयमा समेत निवेदन दिएको कुरा छोरा क्षेत्रप्रसाद बताउँछन्।



मृतक रामशरण उपाध्याय

महत गाउँ-३, छिना निवासी इन्द्रबहादुर रावल (जो कोलेनिकामा काम पनि गर्दथे) लाई गोरखबहादुर रावल लगायतका ३ जना मिलेर ०५० साउन ७ गते हत्या गरे भनिन्छ। गोरखबहादुरले भने इन्द्रबहादुरले रक्सी खाएर हल्ला गरेको हुँदा पक्रेर प्रहरी कार्यालयमा ह. कालीबहादुरलाई बुझाएको कुरा बताउँदै प्रहरीले नै रातभरी कुटपीट गरी मरणान्त पारेको साँचो अवस्था धनबहादुर रावल, बालकन्या रावल, धीर महतहरूले देखेका छन्। मोलिपल्ट अफिसमा बुझाउन खोज्दा नमिले पछि अस्पताल पुऱ्याई भर्ना गरेको तर उनी नबाँचेको बताउँछन्।

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	१	२
बलात्कृत	-	२
आत्महत्या	-	४

१.२ जेल

तिलानदीको किनारामा ०२३ सालमा बनाइएको शहदेव शाखा कारागार भवन रहेको छ। ९ रोपनी क्षेत्रफल ओगटेको कारागार क्षेत्र भए पनि भवन भने १ रोपनीमा बनाइएको छ। २० जनाको क्षमता रहेको सो जेलमा हाल २३ वन्दी रहेका छन्। ती मध्ये महिला १ र केटाकेटी २ जना रहेका छन्। केटाकेटीको कुनै कसुर छैन। जेलमा महिलाहरूका लागि छुट्टै कोठा छन्। भित्र बाहिर दुवै ठाउँमा शौचालयको व्यवस्था छ। विजुली बत्तिको व्यवस्था छ, प्रत्येक महिना बन्दीको स्वास्थ्य जाँच गराइने व्यवस्था छ।

आवस्यकता परे अस्पताल लगिन्छ। थुनिएका दुई बच्चा मध्ये एउटालाई स्कूल पनि पढाइन्छ। बन्दीलाई हप्तामा २ पटक आफन्त/आगन्तुकहरूलाई भेट्न दिइन्छ।

बन्दीहरूका अनुसार ख श्रेणीको सिदा सुगम क्षेत्र सरह नै दिइने हुँदा अन्याय परेको छ। अरू क्षेत्रमा दुर्गम भनी विशेष व्यवस्था भए सरह यहाँका बन्दीलाई पनि महंगी र कठिनाई हेरी विशेष व्यवस्था हुनु आवश्यक छ।

जुम्ला जेलको रुप यस्तो छ

१.३ गिरफ्तारी र यातना

यस वर्ष स्थानीय प्रशासनले राजनैतिक अभियोगमा कसैलाई गिरफ्तार गरी यातना दिएको पाइएन। तर प्रतिशोध लिने गरी केही झुट्टा मुद्दाहरू लगाइएको गुनासो भने स्थानीय जनसमुदायको रह्यो। त्यस अतिरिक्त रामशरणका छोरा क्षेत्रप्रसादका अनुसार जयहरी आचार्यको सल्लाह र षड्यन्त्रमा रल्ला पछाई समेतका १७ जना मिलेर आफ्नो बाबुबाट ३ लाख रूपैया लुटी हत्या समेत गर्ने काम गरेका घटनामा संलग्न १७ जनालाई प्रहरीले गिरफ्तार गरी पुर्पक्षका निम्ति थुनामा राखिएकोमा हाल ७ जनालाई रू. ७ हजार ५ सय धरौटी लिई तारिखमा छाडिएको छ। बाँकी १० जना भने थुनामै छन्। क्षेत्रप्रसादको भनाइमा अधिवक्ता खेमराज न्यौपानेले जाहेरी दर्खास्तमा कपट खेली जयहरी आचार्य, भीमप्रसाद उपाध्याय र खड्कबहादुर क्षेत्रीको नाम छुटाइ दिए। रल्ला पछाईलाई नगद १३ हजार र अरू ऋण सबै तिरी दिने प्रलोभन दिइएको थियो।

कालिका मा.वि. बर्खाका शिक्षक जंगबहादुर शाहीलाई शिक्षा अधिकारी देवनारायण यादवसंग सरूवा सम्बन्धी वादविवादको बदला लिन प्रहरी/प्रशासनको साथ लिई बिनापुर्जि ०४९ चैत २९ गते गिरफ्तार गरेर १८ दिन सम्म थुनामा राखियो। थुनामा राख्दा पनि हिंउ उठाउन र चोकको फोहर सोहर्न लगाएर दुःख दिइयो। १८ दिन पछि उनलाई कुटपिटको फर्जी अभियोगमा २८ हजार धरौटी लिई तारिखमा छाडियो। त्यसैगरी जंगबहादुर शाहीलाई पनि रेञ्जरसंग विवाद गरेकै प्रतिशोध लिन सार्वजनिक अपराध मुद्दा लगाई २८ हजार धरौटी लिइएको थियो।

प्रहरी ई. रामबहादुर खड्काद्वारा रीस-इवी साँध्ने दुराशयबाट प्रेरित भई भीमबहादुर खड्का र नीजकी छोरी विमला खड्कालाई निर्ममतापूर्वक कुटपिट गरियो।

इन्साफका निम्ति नभएर यातना दिने अभिप्रायले मुद्दा लगाइएका घटनाहरू पनि पाइए।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

एक पक्षको विरोध गर्नेहरूलाई विभिन्न निहुँमा दुःख दिने काम भएको पाइयो। शिक्षक जंगबहादुर शाही यसैको उदाहरण बनेका छन्।

चन्दननाथ मा.वि. खलंगा बजारका प्र.अ. बिनबहादुर गौतमलाई ईश्वरीदत्त न्यौपाने र तेजबहादुरले छात्रावासमा सुतिरहेको बेला पारी ०५० मंसीर १० गते छुरीद्वारा आक्रमण गरेकोमा स्थानीय प्रशासनमा उजुरी गर्दा कुनै वास्ता नगरेको पाइयो।

२.२ धार्मिक स्वतन्त्रता

धार्मिक सहिष्णुता रहेको पाइयो।

२.३ राजनैतिक स्वतन्त्रता

उल्लेखित घटनामा बाहेक प्रहरी तथा प्रशासनबाट राजनैतिक स्वतन्त्रता प्रत्यक्ष हनन भएको पाइएन।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

अदालतमा पुगेका मुद्दा-मामिलाहरूमा समेत राजनैतिक दलहरूबाट पक्ष वा विपक्षमा दबाव दिइने गरेको पाइयो। यसै सन्दर्भमा नेपाली कांग्रेस जिल्ला समितिका सभापति ललितजङ्ग शाही भन्नुहुन्छ - "आफ्नो मानिसको पक्षमा भनसुन गर्ने काम सबै पार्टीबाट गरिन्छ।" तर एमालेका सचिव देवीलाल थापा भने - "त्यस्तो दवाव मूलतः नेपाली कांग्रेसबाट दिइने गरेको छ।" भन्नुहुन्छ। उहाँ अदालतको निष्पक्ष कार्य सम्पादनमा समेत सन्देह पैदा भएको, हिरासतमा रहेका थुनुवाहरूलाई भेट्न नदिएको कुरा समेत उल्लेख गर्नु



शिक्षकद्वारा पिटिएका शिक्षक विनबहादुर गौतम

हुन्छ।

हस्तबहादुर बम, रत्नबहादुर बम र जयरूद्र रावललाई सार्वजनिक अपराधको मुद्दा लगाई २८ हजार ५ सयको दरमा धरौटी लिई तारिखमा राखिएको थियो। दानबहादुर शाही उमाकान्त देवकोटा, पृथ्वीबहादुर महत, नन्दराम बुढा, गोपाल थापा, लालप्रसाद, लिलाप्रसाद चौलागाई, नारायण शाही समेतका ८ जनालाई सार्वजनिक अपराधमा, ६ जनालाई हातहतियार ओसार-पसार गरेको अभियोगमा र २ जनालाई पुराना पैसा बेचेको भनी मुद्दा लगाइएको छ।

यस वर्ष प्रहरीमा १७, जिल्ला प्रशासनमा २० र अदालतमा २४९ मुद्दाहरू दर्ता भए। प्रजिअ कार्यालयमा दर्ता भएका १८ मुद्दाहरू मध्ये सार्वजनिक अपराधका ७ छन् जसमध्ये ३ वटाको फैसला भैसकेको छ। अदालतमा दर्ता भएका मुद्दाहरूमा २१ सरकारवादी फौज्दारी, ६५ दुनियावादी फौज्दारी र १६३ देवानी रहेका छन्।

गिरफ्तारी र यातना शीर्षकमा वर्णन गरिएका घटना विवरणहरूले अर्धन्यायिक क्षेत्रले आफ्नो न्यायिक अधिकारको दुरूपयोग गरेको पुष्टी गर्दछ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

आर्थिक अवस्था कमजोर भएका र आफ्नो जग्गा-जमीन नभएका केही मानिसहरू अरूको घरमा हली गोठाला भएर बसेको बाहेक सुकुम्बासी समस्याको रूपमा उल्लेख्य जानकारी प्राप्त भएन।

४. महिला अधिकार

जिल्लामा महिला साक्षरताको संख्या साह्रै न्यून रहेको पाइयो र नारी अधिकारबारे खासै सजगता रहेको पाइएन।

४.१ महिला किनबेच र बलात्कार

महिला किनबेचका घटनाहरू जानकारीमा नआए पनि जवरजस्ती करणीका घटनाहरू घटेको पाइयो। ०४९ फागुन २७ गते भीमबहादुर क्षेत्रीले एक छात्रालाई बलात्कार गरेको, चन्दनाथ -५ बस्ने १९ वर्षीय नन्दबहादुर क्षेत्रीले गाउँकै ८ वर्षीया एक बालिकालाई बलात्कार गरेको घटना मुख्य छन्।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

बहुविवाह सामाजिक प्रचलन जस्तै रहेको कर्णालीमा जुम्ला जिल्ला पनि अपवाद छैन। थुप्रै बहुविवाहहरू हुन्छन् तर धेरै जसो घटना कानूनी निकायमा नपुगी गाउँ-ठाउँमै मिलाइन्छन्। यस वर्ष बहुविवाहको घटनालाई लिएर ३ वटा मुद्दाहरू मात्र दर्ता भए। जारी प्रथा पनि उत्तिकै प्रवल छ। दुवैपक्षको वीचमा कुरा मिलाइ जारी रकम लेनदेन हुन्छ। देउकी र वादी प्रथा बारे जानकारी प्राप्त भएन।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

जिल्लामा दासको रूपमा रहेको मानिसहरूबारे कुनै जानकारी प्राप्त भएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

जातीय भेदभावले केही मानिसलाई अछुत बनाएको पाइन्छ।अछुत भनिनेहरूलाई चिया पसलमा चिया खाँदा गिलास सफा गर्नु पर्ने, अरूसंग बसेर खान नदिने प्रचलन कायम छ।

६. आदिवासी अधिकार

सवै जातीय समुदाय वीच सद्भाव रहेको पाइयो।

७. बाल अधिकार

बालबालिकालाई स्कूल पढाउने प्रवृत्ति कम देखिन्छ। ८/१० वर्षका बालकहरू पनि हवाइ मैदानमा भारी बोक्न दगुरा-दगुर गरेको देखिन्छ। होटलमा बेरा र भाँडा माझ्ने केटो बनेका केटाकेटी देखिन्छन्। यी कुराहरूको अतिरिक्त बालिकाहरू बलात्कृत हुने गरेको घटनाले पनि जिल्लामा बाल अधिकारको प्रत्याभूति एवं प्रयोगमा बाधा पुगेको पाइयो।

अतिरिक्त जानकारी

आपसी वैमनस्यमा कुटपिटका अन्य दुई घटना दुनीसरा र मियामा भएका थिए। अभियुक्तलाई हात बाँधेर अड्डामा ल्याइएको थियो।

यो वर्ष यस जिल्लामा वीष खाएर १ जना, झुण्डिएर १ जना र अन्य २ जनाले आत्महत्या गरे। ❑



४. मध्यपश्चिमाञ्चल

कर्णाली

४.१३ कालिकोट

जनसंख्या	८८८०५
साक्षरता	१९.४ प्रतिशत
महिला साक्षरता	५.१ प्रतिशत
क्षेत्रफल	१७४१ वर्ग कि.मी.

कर्णाली अंचलका पाँच जिल्लाहरू मध्ये सबैभन्दा पछि अर्थात २०३४ सालमा जन्मेको कालिकोट जिल्ला भौगोलिक कठिनाई, अज्ञानता, गरिबी, निरक्षरतामा डुबेको छ। यातायातको सुविधा छैन। अस्पताल छैन। उच्च शिक्षालय छैन। जिल्लामा मानवअधिकारको अवस्था बारेमा पनि भिन्न-भिन्न मत पाइन्छ।

१ सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

मेलमुडी गाउँमा ०५० असोज ३ गते घटेको गोलीकाण्ड बाहेक अन्य जानकारी प्राप्त भएन। मेलमुडीको घटनामा १३ वर्षीय बसन्तबहादुरले बोकेको बन्दूकबाट गोली चल्न गई ६ वर्षीय तुलप्रसाद उपाध्याय घाइते भएका थिए।

१.२ जेल

खाँडाचक्र जेलमा १८ रोपनी क्षेत्रफल भित्र १० रोपनीमा बनेका ३ वटा भवन छन्। ती मध्ये एउटा पुरूषहरूका लागि र बाँकी २ वटा महिला बन्दीका लागि छुट्याइएको छ। ७ जना सुरक्षाकर्मी कार्यरत रहेको सो जेलका जेलर नन्दबहादुर बिष्टका अनुसार ५० बन्दी राख्न सकिने क्षमता भएकोमा हाल जम्मा ३ जना बन्दी छन्। ती मध्ये आरोपित बन्दी १ जना मात्र छन्।

जेल सुरक्षाका निम्ति खटिएका सुरक्षाकर्मीहरूलाई बस्ने ठाउँको व्यवस्था छैन। उनीहरूले बन्दीसँगै सुत्नु पर्छ। एक प्रकारले उनीहरू पनि बन्दी जस्तै देखिन्छन्। बन्दीलाई राती दिशा-पिसाब गर्ने ठाउँको व्यवस्था छैन। उपचारको व्यवस्था पनि उपयुक्त छैन।

१.३ गिरफ्तारी र यातना

कोटवाडाको नन्ददेवी मा.वि.का छात्रहरूले अयोग्य शिक्षक भनी रमेशकुमार झाको सरूवा माग गरेको घटनामा १३ जना विद्यार्थीलाई ०५० जेठ १८ गते गिरफ्तार गरी यातना दिएको पाइयो। पीडित मध्येका गोविन्दबहादुर बटालाका अनुसार प्रहरी इन्सपेक्टर बालकृष्ण थापा स्वयं समेत यातना दिने काममा संलग्न रहे। पक्रिएका व्यक्तिलाई बयान गराउँदा नाङ्गै पारेर चीसो पानी खन्याउने, लात्तिले हान्ने, नाकमा पानी हाल्ने, कुट्ने जस्ता अमानवीय व्यवहार गरियो। उनीहरूलाई सार्वजनिक अपराध अन्तर्गत मुद्दा लगाई प्रति व्यक्ति २८ हजार २ सय ५० का दरले ३ लाख ६७ हजार २ सय ५० रूपैयाँ धरौटी लिएर १६ दिन पछि छाडियो।

भर्ता गाविस अध्यक्ष नन्दबहादुर शाहीलाई साउन १ गतेको आमसभामा प्रजिअ र प्रहरीको दमनकारी प्रवृत्तिको आलोचना गरेको बदला लिन ०५० भदौ ३ गते राती खाँडाचक्र बजारमा पक्रिन खोजे। त्यसदिन कुराकानीलाई शान्त पारेर पठाएकाले भोलिपल्ट सब-इन्सपेक्टर अर्जुन सापकोटा आई उनलाई पक्राउ गरे र मुद्दा लगाइयो। रीस-इवी साध्न सार्वजनिक अपराध मुद्दा लगाइएका नन्दबहादुर शाहीलाई हिरासतमा खुट्टा ठाडो पारी दुई दिनसम्म बेसरी कुटियो र नन्दबहादुर एवं उनको भाइ नैनबहादुर शाहीलाई गुप्ताङ्गमा खुर्सानी दलेर यातना दिइएको पाइयो। पछि शाहीलाई रू. ५६ हजार ५ सय धरौटी लिई तारिखमा छाडियो। रांचुलीका भद्रवीर बोहोरालाई हेल्थपोष्टका मुखिया रक्सी खाई लडेर मरेको घटनामा पनि प्रहरीले ज्यादती गरेको पाइयो। प्रहरीको कुटपीटबाट भद्रवीरको टाउकामा ४ इन्चको चोट लाग्यो। आफूलाई झुट्टा मुद्दामा फसाइएको कुरा पीडित

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	७
बलात्कृत	-	-
आत्महत्या	-	-



कालिकोट, खाँडाचक्र जेलको एक झलक

भइरहेको छ।"

प्रहरीहरूले यातना दिन्छन् भन्ने कुरा न्याय क्षेत्रका व्यक्तिहरू पनि सकार्छन्।

डि.एस.पी. चन्द्रशेखर वछारको भनाइ यस्तो रहेको छ -"केरकार गर्दा यातना दिइन्न पनि भन्न सकिन्न र दिइन्छ पनि भन्न सकिन्न।" "प्रहरी हिरासतमा यातना दिएको मलाई थाहा छैन। जनताले मानवअधिकार सतप्रतिशत नै उपभोग गरेका छन, मैले यस्तै देखेको छु।" प्रजिअ विनोदप्रसाद शर्माको कथन यस्तो रहेको छ।

बताउँछन् भने स्थानीय बासिन्दाहरू पनि प्रहरीले ज्यादती गरेको राय व्यक्त गर्दछन्।

दाहाँ गाविसको पिली बस्ने न्यान मल्ललाई पक्रनु पर्नेमा सोही ठाउँ बस्ने न्यानु मल्ललाई ०५० भदौ १५ गते गिरफ्तार गरेर निकै यातना दिइयो। पछि ती दुई भिन्न व्यक्ति हुन् भन्ने थाहा पाए पछि नाम सच्याइयो। अभियुक्तहरू भने फरार छन्। प्रहरी कार्यालयले दिएको भर्ताको घटना सम्बन्धी विवरणमा भने नन्दवहादुर शाही र नैनबहादुरले राती गस्तीमा गएका प्रहरीलाई गाली-गलौज र हातपात समेत गरेको कुरा जनाइएको छ।

गाविस अध्यक्ष नन्दबहादुर शाही प्रहरी यातनाको शिकार

वार एशोसियसन कालिकोटका अध्यक्ष तुलाराम बिष्ट भन्नुहुन्छ -"प्रहरीलाई किन कुटपिट गर्ने गर्नु हुन्छ भन्दा प्रधानमन्त्री पनि हिरासतमा आए भने दुई लात खाएर जानु पर्छ यो त जंगी फोर्स हो भनी जवाफ दिने तत्कालिन प्रहरी अधिकृत बालकृष्ण थापा जस्ताबाटै मानवअधिकार संहार

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

संगठन रोज्न पाउने हकमा व्यवधान पैदा गरी प्रशासनिक बल समेत प्रयोग गरिएको जानकारी प्राप्त भएको छ। शिक्षक संघ र संगठन मध्ये संगठनको पक्षमा रहेका र गत २०२७ सालदेखि ओदानकू-९ दिल्लीकोट स्थित नि.मा.वि.मा कार्यरत शिक्षक मीनवहादुर राउतलाई सरूवा गरी सो ठाउँमा सुर्खेतबाट नागरिकता लिएका, ०५० साउनमा नियुक्त बालकृष्ण सिंहलाई सरूवा गरियो। उनी संघका पक्षधर थिए। नेराशिसंका सर्पराज सिंह लगायतका ८० जना स्थाई शिक्षकलाई अपायकमा सरूवा गरिएको छ।

२.२ धार्मिक स्वतन्त्रता

जिल्लामा जातीय र धार्मिक भै झगडा भएको छैन र धार्मिक सम्प्रदाय बीच सद्भाव छ।

२.३ राजनैतिक स्वतन्त्रता

राजनैतिक स्वतन्त्रतामाथि प्रत्यक्ष हस्तक्षेप भएको पाइएन यद्यपि प्रतिशोधपूर्ण केही घटनाहरू भने घटे।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत छ र त्यहाँ यस वर्ष ९७ वटा मुद्दाहरू दायर भएका छन्। सरकारवादी फौजदारी ११, दुनियावादी फौज्दारी २९ र देवानी ४५ बाहेक अन्य १२ वटा मुद्दा छन्। प्रहरी कार्यालयमा १६ वटा मुद्दा दर्ता भएको र तिनीहरू मध्ये एउटा आवस्यक कार्वाहीका निम्ति अनुसन्धान मै रहेको र बाँकीलाई जिल्ला अदालत पठाइएको पाइयो।

जिल्लामा प्रहरी कार्यालयबाट सार्वजनिक अपराध बढी हुने गरेको जानकारी प्राप्त भयो तर प्रहरीकै रेकर्ड अनुसार भने यस वर्ष २ वटा मात्र सार्वजनिक अपराध सम्बन्धी घटना घटेको देखिन्छ भने चोरी २, ज्यान सम्बन्धी ३, आगलागी मृत्यु २, गर्भपतन १ र ठगी १ देखिन्छ। कालिकोटमा प्रहरी ज्यादती निकै भएको पाइयो। तत्कालीन प्रहरी प्रमुख बालकृष्ण थापा भने हाल सरुवा भइसकेका छन्। भर्खर आएका प्रहरी नीरिक्षक इन्द्रबहादुर खत्री भने अन्य नागरिकलाई जस्तै प्रहरीलाई पनि मानवअधिकार बारे शिक्षा दिनु अतिनै आवस्यक छ भन्नुहुन्छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा भूमिसँग सम्बन्धित कैयन समस्याहरू भएपनि तराईका जिल्लाहरूमा झैं भूमिहीन र सुकुम्बासी समस्या देखिएको छैन।

४. महिला अधिकार

चेतनाको कमी, गरिवी, भौगोलिक कठिनाई तथा महिलाप्रति हेर्ने समाजको दृष्टिकोण सामन्ती संस्कारबाट प्रभावित हुनुले महिला अधिकार के हो भन्ने कुरा महिलाहरूलाई नै थाहा छैन। कालिकोटमा महिलाको अवस्था निकै दयनीय छ।

४.१ महिला किनबेच र बलात्कार

यस जिल्लामा यो वर्ष बलात्कारको घटना घटेको जानकारी प्राप्त भएन। महिलाहरूको किनबेचको घटना पनि प्राप्त भएन।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

जारी र बहुविवाह यस जिल्लाका परम्परागत तर अज्ञानतासंग गाँसिएका समस्याहरू हुन्। अहिले पनि जारी गर्ने र सो बापत हजारौं रकम तिर्ने चलन विद्यमान छ। यसर्थ अदालतमा जारी सम्बन्धी मुद्दा ५ वटा दर्ता भए। जाने-बुझ्नेकाले पनि बहुविवाह गर्ने गरेको पाइन्छ। प्रहरी कार्यालयको तथ्यांक अनुसार बहुविवाह सम्बन्धी ५ वटा उजुरी दर्ता भएका छन्। अदालतमा भने ४ वटा मात्र पुगेका छन्। देउकी प्रथा यस जिल्लामा छैन। थोरै मात्रामा वादीहरू लालु र दाँहा गाविसमा पाइन्छन्।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरुद्धको अधिकार

दासत्वमा बाँधिएका मानिसहरू यस जिल्लामा छैनन्।

५.२ अन्य अमानवीय व्यवहारहरू

जिल्लाको कुनै ठाउँमा कसैलाई झुट्टा मुद्दामा फसाउन र दमन गर्न पर्‍यो भने रक्सी बेच्यो र खायो भनी उजुर गर्ने र प्रहरीसंग मिली पैसा खाने तथा यातना दिने काम चिलखाँया गा.वि.स. र ओदानकू गाविसमा भएको पाइयो।

त्यस्तै शिक्षक छनौट समितिद्वारा घुस खाई शिक्षकहरूलाई पास गरियो भनी विरोध गर्दा जि.शि.अ. वेदानन्द झाले प्रशासनसँग मिलेर विरोधीलाई सार्वजनिक मुद्दा लगाउने प्रयास गरे। तर उनी त्यसमा असफल भै जिल्ला छाडी हिंडे।

६. आदिवासी अधिकार

यस जिल्लाको भर्ता गाविस अन्तरगत बसोवास गर्ने केही मगरहरू आदिवासी झैं देखिन्छन्। तर उनीहरूको अधिकारमाथि अन्य जातिबाट अतिक्रमण भएको पाइएको छैन। घुमन्ते जीवन बिताउने राउटेहरू केही महिना पहिले त्यहाँ आएका र केही दिनपछि नै भेरीतिर झरेका थिए। उनीहरूसँग स्थानीय जनताको झगडा भएको सुन्नमा आएन।

७. बालअधिकार

"बाल अधिकार सम्बन्धी महासन्धि १९८९" लाई नेपालले समर्थन र अनुमोदन गरिसक्दा र "बालबालिका सम्बन्धी ऐन, २०४८" पारित भैसक्दा पनि बाल अधिकार भनेको के हो भन्ने कुरा जिल्लाबासीहरूलाई थाहै छैन। जिल्लाका बालबालिकाहरू उपचारको अभावमा सानै उमेरमा कुपोषण, निमोनिया, क्षयरोग तथा कतैकतै इन्सेफलाइटिस् जस्ता रोगहरूबाट मर्न पुग्छन्। पढ्ने इच्छा हुँदा-हुँदै सामाजिक तथा आर्थिक परिवेशले १०-११ वर्षको सानै उमेरमा प्राथमिक तहको शिक्षा छोडी भेडा गोठालो, गाई-भैंसी गोठालो, विहान बेलुकी घाँस-दाउरा बोक्ने गरेको पाइन्छ। मंसीर लाग्ने बित्तिकै भारततिर कुल्ली बनेर दुई चार पैसा कमाउन जानेहरू पनि भेटिन्छन्। बालविवाह पनि अर्को समस्याको रूपमा रहेको छ।

अतिरिक्त जानकारी

कालिकोट जिल्ला मदिरारहित जिल्ला घोषणा गरी रक्सी बेच्ने र खाने दुवैलाई जरिवानाको व्यवस्था गरिएको छ। ❑



४. मध्यपश्चिमाञ्चल

कर्णाली

४.१४ मुगु

जनसंख्या : ३६३६४
साक्षरता : २१.७ प्रतिशत
महिला साक्षरता : ५.१ प्रतिशत
क्षेत्रफल : ३५३५ वर्ग कि.मी.

कर्णाली अञ्चलका ५ वटा जिल्ला मध्ये मुगु जिल्ला सबभन्दा दुर्गम, अविकसित र पिछडिएको जिल्लाका रूपमा परिचित छ। रूखा डाँडा, हिमाली पहाडहरू र सधैं अनिकाल लाग्ने जिल्लाको रूपमा परिचित मुगु जिल्लाको क्षेत्रफल ३ हजार १ सय ३ वर्ग किलोमिटर छ भने जिल्लाका करीब २४ वटा गाविसहरूमा करीब ७ हजार ५ सय परिवार बसोबास गर्दछन्। विकसित चेतनाको हिसावले निकै तल झरेको मुगु जिल्लामा मानवअधिकार के हो भन्ने कुरा अधिकांश मानिसलाई थाहा छैन।

१. सम्मानित रूपले बाँच्ने अधिकार

पीना -९ बस्ने ४७ वर्षीय टक्कबहादुर मल्ल घाइते अवस्थामा हराएका छन्। प्रहरी सूत्रले उनको मृत्यु नभएको बताउँछ तर उनी बेपत्ता छन्।

१.१ हत्या / गोली

प्रशासनिक निकाय वा अन्य कारणबाट यस जिल्लामा गोली चलेको वा कसैको हत्या भएको पाइएन। हत्या गर्ने प्रयासमा पक्राउ गरिएका २ जना व्यक्ति- ज्ञानबहादुर शाही र प्रेमबहादुर शाही पुर्पक्षको सिलसिलामा जेलमा राखिएका छन्।

१.२ जेल

२०४५ सालदेखि भाडामा लिइएको जेलको क्षेत्रफल २१ ह १८ हात छ भने यस क्षेत्रफलमा बनेका २ वटा कोठा छन्। भित्री चर्पी छैन, बन्दीलाई दिसा-पिसावको निम्ति बाहिर लानुपर्छ। पानी बाहिरबाटै ल्याउनु पर्छ। जेलका कुनै कोठामा उज्यालो पस्दैन। हाल जेलमा ३ जना थुनुवा छन्। ३ जना मध्ये २ जना ज्यान मार्ने उद्योग अन्तर्गत पक्राउ परेका हुन्। १ जना जवर्जस्ती करणीको सिलसिलामा थुनामा परेका छन्। जिल्लामै अस्पताल नभएकाले उपचार व्यवस्था राम्रो छैन। बन्दी बिरामी हुँदा स्वास्थ्य केन्द्र लगिने गरिन्छ।

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	२
बलात्कृत	-	-
आत्महत्या	-	-

१.३ गिरफ्तारी र यातना

जिल्लामा उल्लेखनीय गिरफ्तारी र यातनाका घटना भएको पाइएन। पुर्पक्षमा रहेका ज्ञानबहादुर शाहीले आफूलाई बयान गराउँदा प्रहरीले पैताला र पिडौलामा २ पल्ट कुटेको बताए। सार्वजनिक मुद्दामा पक्राउ परेका श्रीनगर निवासी शिक्षक रंगबहादुर मल्ललाई प्रहरीले सामान्य कारणमा पक्राउ गरी यातना दिएको पाइयो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

जिल्लामा भएका नेका, नेकपा एमाले, राप्रपा र नेमकिपा राजनैतिक दलहरूले अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकारको प्रयोग गरेका भए पनि शिक्षकहरू यस अधिकारबाट बञ्चित भएका पाइन्छन्। शिक्षा सहायक मंत्रीको जिल्ला भएकोले नेपाल राष्ट्रिय शिक्षक संगठनमा लागेका शिक्षकहरूलाई अपायक टाउँमा सरूवा गर्ने, शिक्षक संघको सदस्यता लिन लगाउने जस्ता दवावहरू राजनैतिक रूपबाटै सृजना गर्ने गरेको पाइन्छ।

२.२ धार्मिक स्वतन्त्रता

विभिन्न जात र धर्मका मानिस बस्ने यस जिल्लामा नागरिकको धार्मिक आस्था र स्वतन्त्रतामा हस्तक्षेप हुने गरेका घटनाहरू भएको जानकारी पाइएन।

२.३ राजनैतिक स्वतन्त्रता

प्रहरी तथा प्रशासनबाट राजनैतिक स्वतन्त्रता प्रत्यक्ष हनन भएको पाइएन।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाको सबैभन्दा चर्को समस्या सुगम र निष्पक्ष न्यायिक अधिकारको कमी हो। जिल्लामा एक जना पनि गैर सरकारी वकिल छैनन्। मुगुमा अधिकांश मुद्दाहरू स्थानीय ठालुहरूले घोडा र भेडा प्रथा अन्तर्गत छिनो-फानो गर्दछन् भने त्यसबाट बाँकी रहेका मुद्दाहरू मष्ट (धाँमी) कहाँ पुग्दछन्। ठालुहरूलाई घोडा चढाउने र भेडा काटेर स्वाउने तथा ठालुले जे भन्यो त्यसैलाई न्याय मान्ने स्थानीय चलनलाई घोडा भेडा प्रथा भनिन्छ।

यस बाहेक जिल्ला अदालतमा सरकारवादी फौज्दारी ३, दुनियावादी फौज्दारी ५७ र देवानी ३७ वटा मुद्दा दर्ता भएका छन्। यी ९७ मुद्दा मध्ये २३ वटा मुद्दाको मात्र फैसला भएको छ। ०५० भदौ मसान्तका दिनदेखि जिल्ला अदालतका न्यायाधीश जिल्लामा नभएकाले ०५० कार्तिकमा भएको ज्यान मार्ने उद्योग मुद्दाको पेशी अदालतमा भएको छैन। न्यायाधीशको अभावमा पुर्पक्षका थुनुवा ३ जनाले जेल बस्नु परेको छ भने अन्य मुद्दाहरू पनि त्यसै थन्किएका छन्।

प्रमुख जिल्ला अधिकारी धर्मराज ढुंगानाका अनुसार जिल्लामा यौन अपराध बढी हुने गर्दछ। प्रहरी अधिकृत मोहनकृष्ण जोशीका अनुसार यसवर्ष मुगुमा सार्वजनिक अपराध, जवर्जस्ती करणी, ठगी, ज्यान मार्ने उद्योग र आत्महत्या जस्ता ६ वटा घटना घटे। ती मध्ये ५ वटा कार्वाहीका निम्ति अदालत पठाइयो। घटनासँग सम्बन्धित अभियुक्तहरू पक्राउ परे र सावित पनि भए। कार्वाहीका क्रममा कुनै राजनैतिक दलबाट दवाव नआएको कुरा जोशी बताउनु हुन्छ। उहाँका अनुसार संविधानको प्रत्याभूति अनुरूप काम गर्नु पर्ने भएकोले प्रहरीलाई मानवअधिकार सम्बन्धी शिक्षा दिनु ज्यादै जरूरी छ। नेपाली कांग्रेसका जिल्ला अध्यक्ष कृष्णबहादुर मल्ल स्थानीय प्रशासनबाट मानवअधिकारको उपभोगमा हस्तक्षेप नभएको बताउनुहुन्छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

करीव ७ हजार परिवारको बसोवास भएको मुगु जिल्लामा १ हेक्टर भन्दा कम जग्गा हुने परिवारको संख्या ६ हजार ५ सय भन्दा बढी छ। जिल्लाको उत्पादनले जिल्लाबासीलाई ६ महिना पनि खान पुग्दैन। फलतः प्रतिवर्ष सरदर २५ सय क्वीण्टल खाद्यान्न तराईबाट आपूर्ति गर्नु पर्ने हुन्छ भने नूनका लागि स्थानीय बासिन्दाले चर्को मूल्य चुकाउनु पर्छ। आफ्नो जग्गा जमीन केही नभएका परिवारको यकिन संख्या किटान गर्न नसकिए पनि जिल्लामा ठालुहरू बाहेक प्रायः सबैजसो जनता सुकुम्बासी र भूमिहीनको स्तरमा छन्। अधिकांश मानिसले हिउँदमा रोजगारीका निम्ति भारतका विभिन्न ठाउँहरूमा गएर कुल्ली र भरियाको काम गरी घरको वार्षिक खर्च चलाउने गरेको पाइन्छ र अर्धबेरोजगारीको अवस्थामा रहेको देखिन्छ।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

महिलाहरूको स्थिति अन्यत्रको तुलनामा दयनीय मात्र हैन पशुतुल्य नै छ। बलात्कारका घटनाहरू प्रायः प्रत्येक महिना प्रत्येक गाउँहरूमा दोहोरिने भए पनि ठालुहरूले यस्ता घटनाहरू घोडा-भेडा प्रथा अन्तर्गत मिलाउँछन्। यस वर्ष जिल्ला प्रहरी कार्यालयमा पुगेको जवर्जस्ती करणी मुद्दामा पक्राउ गरिएको कार्कीवाडाका सत्यबहादुर कार्कीको मुद्दा पनि भित्र-भित्रै ठालुहरूले मिलाएर अदालतले फैसला गर्नु अघि नै मिलापत्र गराउने चरणमा पुगिसकेको बुझिन्छ। विदेशमा लगेर महिला बेच्ने चलन नभए पनि एकपल्ट विवाह गरिसकेकी छोरी माइत फर्काउने र केटोसँग पैसा लिएर पुनः अर्कैसंग विवाह गराइदिने चलन जिल्लामा छ। एउटा बाबुले एउटै छोरी धेरै जनालाई पटक-पटक पैसा लिएर विवाह गरिदिने (बेच्ने !) चलन जिल्लाका विभिन्न भागमा प्रचलित छ।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

कर्णाली अञ्चलमा छोट्टी खेलका नामले चिनिने दोहरी प्रथा मुगु जिल्लामा झन धेरै छ। केटा-केटी १०-१२ वर्षका हुनासाथ गोठमा बस्न जाने र केटाहरूको समूह र केटीहरूको समूह अलग-अलग गोठमा बस्ने भए पनि छोट्टी खेल्दा-खेल्दै विहे गर्ने र अर्काकी पत्नी लैजाने चलन जिल्लामा व्याप्त छ। अर्काकी पत्नी फकाएर ल्याउने मानिस गाउँमा प्रतिष्ठित हुने चलनले गर्दा जारी प्रथा गाउँ-गाउँमा व्यापक छ। पत्नी पोइल जानासाथ जारीको दावी गर्दै रू. ७० हजारसम्म माग गरिएका घटनाहरू जिल्लामा भेटिएका छन्। जारी जत्तिकै अनमेल विवाह र वहु-विवाह पनि जिल्लामा ठूलो समस्याका रूपमा देखिन्छ। खासगरी शाही र ठकुरी जाति बाहेक अन्य जातिमा छोट्टी खेल्ने प्रथा व्याप्त छ भने बहुविवाह प्रथा अझै पनि सबै जातिमा व्यापक चलनचल्तीमा रहेको पाइएको छ।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यस जिल्लामा दासत्व सम्बन्धी उल्लेखनीय घटना घटेको पाइएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

नेपालका अरू जिल्लामा जस्तै यस जिल्लामा पनि छुवाछूत र छोइछिटो हाल्ने चलन छ। मुलुकी ऐन, नेपालको संविधान र अन्य घोषणापत्रहरू तथा महासन्धिहरूले जातीय र वैयक्तिक स्वतन्त्रताको सुरक्षा प्रदान गरे पनि जिल्लाका कामी,

दमाई र सार्कीको स्थिति अन्य जातिका व्यक्तिहरूको तुलनामा गए-गुज्रेको छ। तल्लो जातिका मानिसले जीउमा छोएको खण्डमा छिटो हाल्ने चलन जिल्लाका सबै भागमा व्याप्त छ। जिल्लाको कूल जनसंख्या मध्ये करीब १६ प्रतिशत जनसंख्या कामी, दमाई र सार्कीको भएकाले जिल्लाको ठूलो जनशक्ति छुवाछूतको डरलाग्दो पीडा भोग्न विवश भएको देखिन्छ।

६. आदिवासी अधिकार

आदिवासी भएकै कारण भएको घटना, उनीहरूको संस्कृति, व्यवहार, अधिकार उपरको अतिक्रमण बारे कुनै जानकारी प्राप्त भएन।

७. बालअधिकार

बालविवाह र शिक्षा प्राप्त गर्ने बाल-बालिकाको जन्मसिद्ध अधिकारका समस्या मुगु जिल्लाका प्रमुख समस्याहरू मध्येका हुन्। जन्मनासाथ छोरी माग्ने चलन जिल्लामा व्यापक चलनचल्तीमा छ। बालिका बढ्दै गएपछि उमेर नपुग्दै अधिकांश बालिकाको अनमेल विवाह हुन्छ भने कतिपय ठाउँमा टिपुवा विवाह (जंगलबाटै केटी भगाएर लाने) प्रथा पनि चलन चल्तीमा छ।

जिल्लामा विद्यालयहरू भए पनि छोरा-छोरी पढाउने चलन नगन्य मात्रामा छ। अझ छोरीलाई पढाउने चलन त लगभग छँदै छैन। छोरी पढाए पोइल जान्छन् भनेर ९० प्रतिशत भन्दा बढी बाबु-आमाले स्कूल पठाउँदैनन्। बाल-बालिकाको शिक्षा जस्तै समस्या उनीहरूको स्वास्थ्यमा पनि देखिन्छ। ❑



४. मध्यपश्चिमाञ्चल

कर्णाली

४.१५ हुम्ला

जनसंख्या	: ३४३८३
साक्षरता	: १९.५ प्रतिशत
महिला साक्षरता	: ४.५ प्रतिशत
क्षेत्रफल	: ५६५५ वर्ग कि.मी.

विकट हिमाली जिल्लाको रूपमा रहेको हुम्ला नेपालको उत्तर-पश्चिमी सीमानामा पर्दछ। भौगोलिक, सामाजिक र आर्थिक दृष्टिले ज्यादै पिछडिएको यस जिल्लाका बासिन्दाहरूमा विकाश तथा मानवअधिकार सम्बन्धी स्पष्ट अवधारणा छैन। परम्परागत जीवन पद्धतिमा बाँचेका हुम्लाका अधिकांश नागरिकहरू स्थानीय केही टाठा-बाठा, सरकारी कर्मचारी र प्रहरी प्रशासनबाट पटक-पटक ठगिने गरेका घटना पाइन्छन्।

१ सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यस जिल्लामा प्रहरी / प्रशासनले यो वर्ष नागरिकहरूको हत्या गरेको तथा गोली चलाएका घटना पाइएनन्। स्थानीय बासिन्दा बीचको पारस्परिक कलह तथा कुटपिटबाट पनि कुनै व्यक्ति हताहत भएको पाइएन। तर २०४८ माघ १२ गते राती मारिएका श्रीनगर-४ का बिरे बिष्टको हत्या सम्बन्धी अभियोगमा ०५० असोज २७ गते हुम्ला जिल्ला अदालतमा एउटा ज्यान मुद्दा दायर भएको थियो। सरकारवादी यस मुद्दामा ८ जना व्यक्तिका विरूद्ध कार्वाहीको माग गरिएको छ। सो ज्यान अभियोग लागेका व्यक्तिहरूमा श्रीनगर गाउँ विकास समितिका लोकबहादुर बिष्ट (वर्ष ५३), श्रीमती लालदरा बिष्ट (वर्ष ६३), श्रीमती प्रसी बिष्ट (वर्ष ४२), छत्र रोकाय (वर्ष ३२), मुने बिष्ट (वर्ष २१), ग्वामे रोकाय (वर्ष ५०), काला रोकाय (वर्ष ५०), र मंगले रोकाय (वर्ष ४०) छन्। सबै अभियुक्तहरू यो रिपोर्ट तयार गर्दा सम्म फरार छन्।

१.२ जेल

सिमिकोट जेल बन्दीहरूका लगि आफैमा यातना-गृह बनेको छ। हिमाली जिल्ला हुम्लाको ९ हजार ५ सय फिट उचाइमा रहेको यो जेल अत्यन्त चीसो छ। चीसोको कारण यहाँका बन्दीहरू शरीर सुन्निने, जोर्नी कटकट खाने लगायतका थुप्रै रोगहरूबाट पीडित छन्। हाल यो जेलमा दोष प्रमाणित भइसकेका ३ जना र पुर्पक्षका निम्ति थुनिएका ५ जना गरी कूल ८ जना व्यक्तिहरूले बन्दी जीवन बिताइरहेका छन्। दोषी प्रमाणित भइसकेकाहरूमा जवरजस्ती करणी, ज्यान र चोरी मुद्दाका क्रमशः धनमान सिंह बोहोरा, यमनारायण उपाध्याय र बलबहादुर दमाई हुन्। मुद्दा किनारा नलागेका राजेन्द्र कार्की र अमरसिंह देवान दुबैलाई भ्रष्टाचार तथा ठगी अभियोग लागेको छ। यसैगरी गोरखबहादुर शाही चोरी मुद्दा तथा छिरिङ पाल्देन लामा र छिरिङ दम्दुल लामा मूर्ति चोरीको अभियोगमा बन्दी जीवन गुजारी रहेका छन्।

झण्डै २ रोपनी क्षेत्रफल ओगटेको यस जेलमा बन्दीहरूले १ रोपनी क्षेत्रफल मात्र उपयोग गर्न पाउँछन्। साँगुरो ठाउँमा कोचिएर बाँच्न बाध्य बन्दीहरूलाई दिसा-पिशाव गर्न समेत कठिनाइ पर्ने गरेको छ। चर्पीको बन्दोबस्त नभएकोले बन्दीहरूले आफ्ना सुत्ने कोठामा नै भाँडो राखी दिसा-पिशाब गर्ने गर्दछन्।

महिला बन्दीका लागि यहाँ छुट्टै कोठाको व्यवस्था छैन। यसर्थ कहिलेकाँही महिला बन्दी भएका बेला थुप्रै समस्याहरू बन्दी तथा जेल प्रशासनले बेहोर्नु परिरहेको छ। बन्दीहरूले औषधि-उपचारबाट पनि बञ्चित रहेको गुनासो बारम्बार पोख्ने गरेका छन्। हुम्लाका प्रमुख जिल्ला अधिकारी मोहनसिंह खत्री जेलको स्थिति नाजुक रहेको कुरा स्वीकार्नु हुन्छ। जेलको भौतिक अवस्था तत्काल सुधार गरिनु पर्ने

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	-
बलात्कृत	-	-
आत्महत्या	-	-

देखिन्छ। हुम्ला जस्तो दुर्गम क्षेत्रका बन्दीहरूलाई सुगम ठाउँ सरह सिदा सुविधा उपलब्ध गराउनुलाई न्यायोचित मान्न सकिदैन। यहाँका बन्दीहरू जिउनका लागि नभइ नहुने आवश्यकता भन्दा ज्यादै न्यून स्थितिमा बाँचेका छन्।

१.३ गिरफ्तारी र यातना

यस वर्ष हुम्लामा मानवअधिकारको उपभोगका सन्दर्भमा गिरफ्तारी र यातनाका घटनाहरू घटेको कुनै विवरण हाम्रो जानकारीमा आएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

संविधान प्रदत्त अधिकारहरू अभिव्यक्ति स्वतन्त्रता, भेला हुने र संगठित हुने अधिकारलाई यो वर्ष कुन्ठित गरिएका घटना यहाँ भेटिएन। राजनैतिक पार्टीहरू नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), संयुक्त जनमोर्चा नेपाल र राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रतिनिधिहरूका अनुसार यस वर्ष यी अधिकार माथि प्रहरी / प्रशासनबाट हस्तक्षेप भएन।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लाका बासिन्दाहरू आ-आफ्नो धर्म पालन गर्न स्वतन्त्र छन्। बोनपो, बौद्ध र हिन्दू गरी तीन धर्मावलम्वीहरू यस जिल्लामा छन्।

२.३ राजनैतिक स्वतन्त्रता

पार्टीगत तथा प्रशासनिक सुझ-बुझको कमी आदिले कतैकतै अप्रत्यक्ष रूपले खलल पारेका घटना बाहेक राजनैतिक स्वतन्त्रताको अधिकार माथि हस्तक्षेप भएको पाइएन।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

हुम्ला जिल्ला आधुनिक कानूनी राज्य व्यवस्था प्रति कसिलो व्यंग्य बनेको छ। जिल्ला अदालतमा ०४९ माघ देखि ०५० पुस मसान्त सम्ममा २१ वटा मुद्दा दायर भएका छन्। विगत वर्षका समेत गरी कूल ७४ वटा मुद्दा हेरिरहेको हुम्ला जिल्ला अदालतले वर्ष भरीमा ११ वटा मुद्दाको मात्र फैसला सुनाएको छ। बाँकी सबै मुद्दाहरू अदालतमा न्यायाधीश नभएका कारणले किनारा लाग्न सकेका छैनन्। जिल्ला न्यायाधीश गोपालप्रसाद गुरागाईं बिगत वर्ष देखिनै काजमा धनुषा जिल्लामा रहनु भएको छ।

न्यायाधीशको माग गर्दै स्थानीय नागरिकहरूले पटक-पटक जिल्ला प्रशासन कार्यालयमा घेराउ दिने गरेको कुरा प्रजिअ मोहनसिंह खत्री बताउनु हुन्छ। भ्रष्टाचार र ठगीको अभियोगमा हाल हुम्ला कारागारमा बन्दी जीवन बिताइ रहेका राजेन्द्र कार्कीले मुद्दा छिटो किनारा लगाई पाउँ भनी जेल मै ३ दिन अनसन समेत बसेका थिए।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा भूमिहीन तथा सुकुम्बासीहरूको समस्या प्रत्यक्ष रूपमा देखिदैन। तर हिमाली वातावरणका बासिन्दाहरू वर्षमा एक बाली भन्दा बढी खाद्यान्न भित्राउन सक्दैनन्। उनीहरूको कमाइले वर्षमा ३।४ महिना मात्र खान पुग्छ।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

यो वर्ष महिलाहरूलाई बेचबिखन गर्ने तुच्छ कार्य यस जिल्लामा भेटिएन भने बलात्कारका घटनाहरू पनि सार्वजनिक चर्चामा आएनन्।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

बालविवाह, बहुविवाह, बहुपति प्रथा, तथा जारी प्रथाले यस जिल्लामा नराम्ररी जरो गाडेको छ। रैथानेहरू जारी, बालविवाह, बहुविवाह आदिलाई रीतिरिवाज र परम्परागत संस्कारकै रूपमा स्वीकार्दछन्। यसले गर्दा यी कुप्रथाको विरूद्धमा आवाज उठाउने आँट स्थानीय बासिन्दामा नभएको मात्र होइन यी सामाजिक विकृति हुन् भन्ने ज्ञानसम्म पनि उनीहरूमा भेटिदैन।

हुम्ला जिल्लाको उत्तरी गाविसहरूमा बसोबास गर्ने लामा (शेर्पा) जातिमा बहुपति प्रथा कायम छ। एक परिवारका सबै दाजु-भाइको निम्ति एउटी साझा पत्नी मात्र हुन्छे। यही बहुपति प्रथा हुम्ली लामा समाजमा एक मात्र समाज स्वीकार्य वैवाहिक प्रचलन हो। करीव ८ हजार संख्यामा रहेका यी लामा जातिमा पनि महिला र पुरूषको संख्या लगभग बराबर छ। उनीहरूले अन्तरजातीय विवाह गर्नु पनि संस्कारको विरूद्धमा गएको ठहर्छ। यसर्थ उनीहरू बाबु बिनाको सन्तान जन्माउन पाउँछन् र यो छुट स्थानीय चलनले दिएको छ। फलतः महिलाहरू यौन शोषणको शिकार बन्दछन्।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यस जिल्लामा दासत्व सम्बन्धी समस्या हाम्रो जानकारीमा आएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

अन्धविश्वास र कुरीतिले जकडिएको हुम्लेली समाजका विश्वसनीय र शक्तिशाली व्यक्तिहरू धामी-झाँक्री हुन्। आफूलाई देवता कै अंशियार ठान्ने यी धामी-झाँक्रीहरूले स्थानीय बासिन्दालाई व्यापक शोषण गर्दछन्। आफ्नो सम्पूर्ण जिन्दगी देवताको जिम्मामा छोडेका हुम्लाबासीहरूको एउटै प्रयत्न देवता खुसी पार्नु हुन्छ। यसर्थ धामीले थान-थपना तथा रोग मुन्साउन भनी जे जे कुरा माग्छ

त्यो घरबारी बेचेर भए पनि जोड-जाम गर्ने गर्दछन्।

जारी प्रथा हुम्ली समाजको अर्को विकृति हो। यहाँ जारी बापत १० हजार देखि माथि जति सक्यो बढी रकम असुल्ने गरिन्छ। एक-अर्का बीच राजनैतिक प्रतिशोध, जातपात र छुवाछुत, घाँस-पात र चरनको झगडा जस्ता कारणबाट पुरूषहरू बीच कुटपिट भएका, बोक्सीको आरोपमा महिलाहरूलाई अपहेलित गरिएका घटनाहरू पनि पाइए।

६. आदिवासी अधिकार

आदिवासी अधिकारको उल्लंघन बारे कुनै घटना विवरण प्राप्त भएन।

७. बाल अधिकार

हुम्ली समाजले अविवाहित आमाबाट सन्तान जन्माउन छुट दिएको छ। यस्ता बाबु बिनाका सन्तानहरू घरको न घाटको जीवन बिताइ रहेका छन्। उनीहरूले स्वास्थ्य रक्षा, शिक्षा प्राप्ति लगायतका मानवीय अधिकार प्रयोग गर्न पाउँदैनन्। आफ्नो बाबु को हो भन्ने कुरा समेत चिन्न पाउँदैनन्। यस्ता बाल-बच्चाहरू हुम्लाका लामा जातिमा ठूलै संख्यामा रहेका छन्। यहाँका अन्य जातिहरूका बाल-बच्चाहरू पनि शिक्षा, स्वास्थ्य पोषणयुक्त खाना आदिबाट बन्चित छन्।

अतिरिक्त जानकारी

हुम्ला जिल्लामा यसवर्ष दुई बालकको अकाल मृत्यू भयो। जिल्ला प्रहरी कार्यालयबाट प्राप्त जानकारी अनुसार त्यसरी मर्नेमा तारालाग्ना लेकमा चीसो लागेर १४ वर्षीय लालधन बोहोरा र कर्णालीमा पानी पिउन लाग्दा बालुवा भास्सिई नदीमा खसेका ६ वर्षीय मनरूप बुढा छन्।

छिप्रा बस्ने खीलाल हमाललाई लागुऔषधिको कारोबार गर्दा-गर्दै प्रहरीले पक्राउ गरेको छ भने क्षेत्रीय प्रहरी कार्यालय धनगढीका फरार लेखापाल कर्णराज गिरीलाई मैला कवाडी चौकीले पक्राउ गरी जिल्ला प्रशासन कार्यालय हुम्लामा सार्वजनिक अपराध मुद्दा विचाराधिन रहेको छ। ❑

सुदूर पश्चिमाञ्चल

५.१ कैलाली
५.२ अछाम
५.३ डोटी
५.४ बाजुरा
५.५ बझाङ्ग
५.६ कञ्चनपुर
५.७ डडेलधुरा
५.८ बैतडी
५.९ दार्चुला



५. सुदूरपश्चिमाञ्चल

सेती

५.१ कैलाली

जनसंख्या : ४१७८९१
साक्षरता : ३०.० प्रतिशत
महिला साक्षरता : १४.९ प्रतिशत
क्षेत्रफल : ३२३५ वर्ग कि.मी.

सेती अञ्चलको दक्षिणमा रहेको कैलाली जिल्लाले ४४ गाउँ समेट्छ। चुरेडाँडामा रहेका दुई गाउँ सहितको यो जिल्लामा थारू जातिको बाहुल्यता छ। धनगढीसम्म पूर्व-पश्चिम राजमार्गबाटै पुग्न सकिने सुगमता छ र यही जिल्लाबाट डडेलधुरा राजमार्ग शुरू हुन्छ। नेपालको सबभन्दा ठूलो नदी कर्णालीले यसलाई बर्दियासँग छुट्याएको छ। कर्णालीको चीसापानी नजिकै टिकापुर नगरविकास योजना सञ्चालित छ। शिक्षाको दृष्टिले हेर्दा निकै पछाडि परेको र मानवअधिकारको उपभोगमा पनि विभिन्न तरिकाले व्यवधान भएको पाइयो। यस वर्ष राज्यको बल प्रयोगबाट समेत समय-समयमा मानवअधिकार हननका घटनाहरू घटे।

१ सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

सरकारले चलाएका गोली वा अन्य दमनको कारण ज्यान गुमेको घटना यसवर्ष घटेन। तर नागरिकहरू बीचका थुप्रै झगडा, प्रतिशोध र जालझेलका कारण घटेका वारदातबाट भने केही नागरिकहरूको ज्यान गयो।

सहजपुर-४ का केही व्यक्तिले गाउँलेलाई दुःख दिने गरेको बाघलाई धराप थापेका थिए। तर धरापमा सोही गाउँका बहादुर राना परेर मरे। उनको लाश केही दिन लुकाएर जंगलमा फ्याँकियो र १५ दिनपछि ०४९ पुस १९ गते मात्र फेला पऱ्यो। कसैलाई कार्वाही गरिएन।

मालाखेती-७ बाट चोरीको अभियोगमा ०५० जेठ २२ गते पक्राउ गरी सैनिक ब्यारेकमा यातना दिइएका जोगी विश्वकर्मालाई प्रहरीले एकहप्ता हिरासतमा राखी जेल चलान गरेको थियो। तर जेलमा लगेको केही दिन मै ०५० असार ११ गते उनको मृत्यु भयो। लाश सम्बन्धित व्यक्तिलाई पनि दिइएन र सनाखत एवं पोष्टमार्टम पनि गरिएन। जेल प्रशासनले नै दाहसंस्कार गऱ्यो। यस बारेमा जेलरसंग बुझ्दा "मर्न त मरेको हो, अरू कुरा थाहा छैन" भन्ने जवाफ प्राप्त भयो। त्यसैगरी कारागारमा बन्दी जीवन बिताइरहेका चिसापानीका ४८ वर्षीय पागल बन्दी नरबहादुर रावलले ज्यान सम्बन्धी मुद्दामै पूर्पक्षका निम्ति थुनामा रहेका भजनी-५ का ४७ वर्षीय भागीराम थारूलाई ०५० साउन २५ गते दाउराले हानी मरणासन्न बनाएका थिए। पछि अस्पतालमा उपचार गराउँदा गराउँदै सोही दिन उनको मृत्यु भयो। हाल नरबहादुर रावलको उपचार मानसिक अस्पताल पाटनमा भइरहेको कुरा जेल प्रशासनबाट थाहा भएको छ। जेलमा पागलहरूलाई सँगै राख्नाले यस्तो घटना घटेको कुरा जिल्ला बार एशोसिएसनका अध्यक्ष रामबहादुर के.सी. बताउनु हुन्छ।

कोटा तुल्सीपुर-७ बस्ने गोपाल चौधरीलाई घुद्का चौधरीले हत्या गरे। मृतक गोपाल चौधरीले घुद्का चौधरीको १२ बिघा जग्गाको लालपूर्जा लिई बैंकमा राखेर रू. १ लाख ऋण लिएको र सो रकम घुद्कालाई एकपैसा नदिई आफैले चर्चे-खर्चेका थिए। बैंकले पछि ऋणको साावाँ ब्याज नबुझाएको हुँदा जग्गा लिलाम गर्ने सूचना दियो। घुद्काले गोपाललाई पैसा तिरेर आफ्नो लालपूर्जा दिन भने, बासउठ़ामा नपार्न अनुरोध गरे। तर गोपालले उल्टै बढ्ता भए मार्ने धम्की दिँदै हिड्न थाले। नभन्दै ०५० कार्तिक ७ गते जगतपुर बस्ने बिहारी चौधरी लगायतका एक हुल मानिस घुद्काको घरमा ०५० कार्तिक ७ गते आक्रमण गर्न पुगे। पिटापिटमा गोपाल निकै घाइते भए। बिहारी पनि घाइते भए। सेती अञ्चल अस्पतालमा उपचार गर्न लगिएका गोपाल चौधरी कार्तिक ९ गते अस्पतालमै मरे। बिहारी उपचारपछि घर फर्किए। तर

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	१	२
बलात्कृत	-	७
बोक्सा-बोक्सी मनेर १७ जनालाई नाँगै पारेर यातना	-	१
सैनिक ब्यारेकको यातनाले मृत्यु	-	१
आत्महत्या		१

प्रहरीले घुद्का चौधरीलाई नपक्री उनका ६ वटै भाइहरूलाई र थप २ जना गाउँलेलाई समेत पक्रेर ज्यान मुद्दा लगाएको छ।

दर्मा-४ बस्ने हनुमान चौधरी र रामनारायण चौधरी बीच रक्सी खाएका बेला अंश सम्बन्धी विवाद हुन गई छोरा हनुमान चौधरीले रीसको झोंकमा ०५० कार्तिक २ गते बञ्चरो प्रहार गरे। बाबु रामनारायण चौधरी मरे। हाल हत्याको अभियोगमा हनुमान चौधरी जेलमा छन्। फूलवारी-६ बस्ने नरबहादुर कामीले १० वर्षकी टुहुरी बिन्दा कमिनीलाई सुतेको ठाउँबाट बोकेर खेतमा लगी बलात्कार गरी हत्या गरे। हाल अभियुक्त थुनामा रहेका छन्।

१.२ जेल

जिल्लामा "क" श्रेणीको मानिने कारागार छ। २ बिघा १ कठ्ठा ११ धुर क्षेत्रफल ओगटेको भए पनि ५ कठ्ठामा मात्र भवन बनेको छ। जम्मा ७५ बन्दी अटाउने क्षमता रहेको भए पनि हाल यस कारागारमा १३७ बन्दीहरू छन् र ती मध्ये ७६ जनाको मात्र दोष प्रमाणित भएको बताइन्छ। १३२ पुरूष र बाँकी ५ महिलामा एउटी बौलाही पनि पर्दछिन्। असहाय बालिकाको रूपमा ७ वर्षीया केटी पनि रहेकी छिन्। चर्पी ५ वटा छन्। महिला र पुरूष बन्दीलाई घुलमिल हुन दिइदैन। खान्की प्रतिदिन रू. ६ दिइन्छ। बन्दीको उपचारका निम्ति जेलमै अ.हे.व. बोलाइन्छ। घरेलु इलम सिकाउने व्यवस्था छ। साक्षरता कक्षा पनि सञ्चालन गरिएको छ। हाल ६० जनाले पढ्दैछन्। आँगन घेरिएको पर्खाल नभएकोले सुरक्षामा कठिनाई परेको कुरा प्रहरी बताउँछन्। यो जेलमा विशेष बन्दी कोठाको व्यवस्था छ।

यसवर्ष यो जेलमा एकजना थुनुवा बन्दीको बन्दीबाटै हत्या भएको जानकारी माथि नै दिइएको छ।

१.३ गिरफ्तारी र यातना

जनमोर्चाको आव्हानमा ०५० असोज ५ गते शान्तिपूर्ण जुलुश प्रदर्शन गर्न चौराहा स्थित आफ्नो कार्यालयमा जुटेका गोकर्ण भट्ट लगायत ५४ जना व्यक्तिहरूलाई प्रहरीले पक्राउ गर्‍यो। शान्तिपूर्ण भेला हुने अधिकारको हनन गरियो।

रामशिखर झाला-८, भगड्डीको सुकुम्बासी बस्तीबाट जिल्ला वन अधिकृत सहितका वनपालेहरूले ०५० मंसीर ५ गते २४ जनालाई पक्रे। ७ जना पनि मुश्किलले नअटाउने सुरूखड प्रहरीचौकीमा तिनीहरूलाई थुनियो। ७ दिनसम्म नून र चिउरा मात्र खान दिइयो। त्यसैबीच १० जना भागे। बाँकी १४ जनालाई धनगढी लगी जनही रू. २ सयका दरले लिई कागज गराई छाडियो। पछि फेरि रेञ्जर आई घरधुरी पिच्छे रू. ५ सय दिनु पर्ने नत्र फेरि थुन्ने धम्की दिए। २७ घरबाट उनले भनेको दरमा रकम बुझाएको कुरा रामलाल कुनवा बताउँछन्।

दरबारी कुमालले पुनर्वास योजना अन्तरगत प्राप्त गरेको जग्गा उनको मृत्यु पछि नीजकै हकवालाको हुन्छ भन्ने टेकबहादुर मल्ल र अन्य व्यक्तिलाई दिलाउन चाहने दुर्गाप्रसाद ओझा बीच भएको विवादको रीस-इबीले ओझा सहित शिवराम जोशीको नामबाट उजुर हालियो। कर्णाली पुलको उद्घाटनको अवसर पारेर ०५० मंसीर २८ गते सुरूखड चौकी घेरेको झुठा आरोप टेकबहादुर मल्ललाई लगाइयो र बिनापूर्जी पक्राउ गरियो। ०५० पुस १ गते इन्सपेक्टर कृष्णप्रसाद मैनालीसंग बुझ्दा शुरूमा पक्राउ नगरेको बताइयो र पछि पक्राउ त गरेको तर हिजो छाडियो भनियो। तर टेकबहादुर थुनामै थिए। भोलिपल्ट ०५० पुस २ गते उनलाई सार्वजनिक सुरक्षाको कारण देखाई पूर्जी दिइयो। यसै सन्दर्भमा पुस ७ गते भएको सर्जमिनमा सबैले एक स्वरमा उनी निर्दोष भएको कुरा बताएपछि भोलिपल्ट उनलाई रिहा गरियो।

यस बाहेक कसैको दवावमा कसैलाई पक्रने र छाड्ने, अभियोग साँचो भए पनि कार्वाही नगर्ने गरेका घटनाहरू पनि पाइए। उदाहरणका रूपमा अमरसिंह राजनाको परिवारलाई कुट्ने राजेन्द्र बहादुरलाई रेञ्जरको दबावले त्यसै छाडेको घटना जिल्लाबासीहरू औल्याउँछन्।

२. मौलिक अधिकार

कैलाली जिल्ला मालपोत कार्यालयबाट ०३५ कार्तिक ९ गते राजीनामा पास भई अमरबहादुर चन्दको नाममा हक-भोग कायम भई आएको र नीजले भोग-चलन गरी आएको अन्दाजी ५ बिघा जग्गामा स्थानीय केही युवाहरूले वीपी स्मृति वृक्षारोपणको नाममा धानबाली भित्रै बिरूवा रोप्ने

पुलीसद्वारा कुटाई खाएकी मैसरा राना

काम गरे। पीडितपक्ष मन्त्रालय सम्मको प्रकृया पुऱ्याउँदा पनि पार नलागेपछि अदालत जानुपर्ने भएको पाइयो। यसबाट नागरिकको मौलिक हकमा आँच पुगेको कुरा प्रष्टै देखिन्छ।

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

यसवर्ष पनि नागरिकहरूका मौलिक अधिकारहरूको उपभोगमा बाधा पुऱ्याइएका घटनाहरू घटे। धनगढी क्याम्पस पछाडि बस्ने विक्रम चौधरीलाई इन्सेकद्वारा आयोजित "कमैया प्रथा अन्तरगत बाँधा मजदूर" विषयक कार्यक्रममा भाग लिए बापत् उनका मालिक भूमिपतिले ०४९ फागुन २४ गते कुटपिट गरे। सात वामद्वारा आयोजित शान्तिपूर्ण विरोध प्रदर्शन हुन नदिन चक्काजामको सन्दर्भमा भेला भएका मानिसलाई तितर-बितर पार्दै ७१ जनालाई गिरफ्तार गरियो, सभा हुन दिइएन। गिरफ्तार गरिएकामा गौरा प्रसाई समेत तीन जना महिलाहरू थिए।

२.२ धार्मिक स्वतन्त्रता

यसवर्ष धार्मिक भेदभाव वा बन्देजका घटनाहरू भएको जानकारी प्राप्त भएन। यहाँ धार्मिक सहिष्णुता रहेको पाइयो।

२.३ राजनैतिक स्वतन्त्रता

व्यक्तिलाई इच्छा लागेको दल रोज्न, चुन्न, चुनिन प्रत्यक्ष बाधा पुऱ्याएका घटना पाइएन। नागरिक चेतनाको न्यूनताले राजनैतिक अधिकारको उपभोगमा पर्याप्त जागरूकताको अभाव देखा पऱ्यो। जिल्लामा विशेष गरी प्रशासन र सत्तारूढ दलबाट मानवअधिकार हनन हुने गरेको कुरा महेश्वर पाठक, गोकर्ण भट्ट र श्यामबहादुर श्रेष्ठ बताउनु हुन्छ भने टेकराज ओझा मानवअधिकारको स्थिति राम्रो रहेको कुरा बताउनु हुन्छ।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

डर त्रासबाट न्याय वा उजुर बाजुर गर्नेहरू, अड्डा अदालत धाउन पैसा चाहिने हुँदा पैसा जुटाउन नसक्ने गरीबहरू र अन्जान चेतनामा गुजुल्टिएका मानिसहरू न्यायिक निकाय त के अर्धन्यायिक निकायसम्म पनि इन्साफ खोज्न जाँदैनन्। प्रहरी हिरासतमा पाएको यातनाका विरुद्ध घाउ जाँच गर्ने, प्रहरीलाई अदालतमा उजुर गर्ने मानिसहरू अपवादको रूपमा मात्र पाइन्छन्। त्यसैले यसवर्ष जिल्ला अदालत कैलालीमा जम्मा ७८ देवानी मुद्दा दर्ता भए। फौज्दारी मुद्दा यसवर्ष ६८ वटा दर्ता भए। यहाँ मुद्दा किनार लाग्न ज्यादै ढिलो हुने गरेको पाइयो। जसले गर्दा न्याय सुगम हुन सकेको देखिँदैन। ०५० मंसीर मसान्तसम्म देवानी फौज्दारी दुबै गरी अदालतमा कूल मुद्दा संख्या ५२१ रहेकोमा जम्मा ७४ मुद्दा मात्र फैसला हुन सके।

अर्धन्यायिक निकायका रूपमा जिल्ला प्रशासनले हेर्ने मुद्दामा निष्पक्ष न्याय सम्पादन नहुने गरेको गुनासो जिल्लाबासीको रह्यो। प्रजिअ देवेन्द्रबहादुर सिंह स्वीकार्नु हुन्छ - "सामान्य भनसुनका निम्ति मानिसहरू आउने गर्छन्।"

जिल्ला प्रहरी कार्यालयमा पनि यस वर्ष १३२ मुद्दा दर्ज भए र ती मध्ये ९० वटा अदालत पठाइएको पाइयो। तर यस वर्ष प्रहरीबाटै उत्पीडन भएका घटनाहरू पनि पाइए। जिल्ला वार एशोशिएसनका अध्यक्ष भन्नु हुन्छ -"अर्ध न्यायिक निकायमा राजनैतिक दबाब बढी पर्छ। मेयर किशोर बमका भाइको अपराध लुकाउने निकै प्रयास भयो तर प्रमाण दरो हुँदा संभव भएन।" न्यायिक अधिकारमा बाधा पुऱ्याउने काम प्रहरीले समेत गर्ने गरेको तथ्यलाई महिलामाथि गरिएका दूर्व्यवहारले पनि औंल्याउँछ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा केही सुकुम्बासी बस्तीहरू छन्। यहाँका भूमिहीनहरू वन फडानी गरी ठूलो संख्यामा एकै ठाउँमा थुप्रिएका छैनन्, छरिएर रहेका छन्। सुकुम्बासीलाई दुःख दिने काम भने बेला-मौकामा हुने गरेको पाइयो। उदाहरणका रूपमा - चौमाला राजीपुरमा ०३४ सालदेखि बसोबास गरी आएका टीकाराम नेपाली र नेत्रबहादुर थापालाई जंगल फडानीको आरोपमा ०५० कार्तिक १ गते पक्राउ गरियो। उनीहरूलाई १२ दिन थुनेर धरौटी लिई तारिखमा राखिएको छ। उनीहरूले नजिकको जंगलमा रहेको चीसो खोल्सामा खनजोत गरी धानको बीउ राखेका थिए। रूख काटेका थिएनन्।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

यसवर्ष यहाँ २१ जना युवतीहरू हराए। तिनीहरू हुन् - धनगढी नगरपालिका भित्रका - लक्ष्मी महरा, सीता विक, पार्वती विक, रत्ना ठेली, लकमाया तामाङ्ग, पुर्पती चन्द, शिलादेवी विक, धनसरा, रमा बुढाथोकी, जेग्गेती सर्किनी, सनम विक, प्याण्टी टमार। फुलबारी गाविसकी -लक्ष्मी विक, जोगनी कठायत, कटलानकी -हेमाकुमारी, वेलदिनीकी चैना थारूनी, मालाखेतीकी -कौशिल्या थापा, मसुरियाकी- ठूली कमिनी, गोदावरीकी -लक्ष्मी कोली, श्रीपुरकी - पशुपता वोहरा, सहजपुरकी - दिलसरा। १३ वर्ष देखि ३२ वर्षसम्मका यी महिलाहरू कहाँ गए होलान् भन्दा मानिसहरू सहजै उत्तर दिन्छन् - भारततिरै बेचिए त होलान् नि।

यस वर्ष जिल्लामा भएका बलात्कारका ७ वटा घटना हाम्रो जानकारीमा प्राप्त भए। त्यसै अतिरिक्त पनि अनेकौ घटना घटेको हुनसक्ने कुरालाई वेपत्ता पारिएका युवतीहरूको नामावलीले समेत दर्शाउँछ। प्राप्त जानकारी अनुसार मसुरिया-५ बस्ने वर्ष १४ की सुधरी र सोही ठाउँ बस्ने सुकुनीलाई रामशिस्वर झाला बस्ने अमृका चौधरी, हरीराम चौधरी र वीरबहादुर चौधरीले, ०४९ माघ ४ गते, खैलाड-४ बस्ने टरूनीलाई सोही ठाउँ बस्ने मोहनबहादुर राजी र जब्बर जालीले ०४९ माघ २८ गते, उर्मा-७ बस्ने वर्ष ११

को लहिमालाई फागुन २८ गते अज्ञात व्यक्तिद्वारा, दोधाराकी वेलुलाई चौमालाको दुले कामीले ०५० बैशाख १६ गते, धनगढी बजारका दुई युवतीलाई भोज गएका बेला ०५० भदौ २२ गते अज्ञात व्यक्तिहरूद्वारा बलात्कार गरियो। अदरिया-६ बस्ने सात वर्षे बालिका आशालाई ०५० साउन १५ गते बलात्कार गर्ने जीतलाल डंगोरालाई पक्राउ गरी थप्पड दिदै पूर्पक्षका निम्ति प्रहरीमा बुझाइयो। फुलबारी बस्ने १० वर्षीया विन्दालाई ०४९ फागुन २० गते बलात्कार गरी मारेर खेतमा फालिएको पाइयो। अभियुक्त नरबहादुर कामीलाई पुर्पक्षका निम्ति थुनामा राखेर अदालतमा मुद्दा चलाइएको छ।

त्यसैगरी ०५० असोज ८ गते उर्माकै आश्रय राना र सागर थारू सहित दुई जना मिली मुखियाको घरमा देखाइएको नाच हेरी फर्केका इन्द्रदेवी र राजमतीलाई छुरी देखाई पालैपालो बलात्कार गरे। पीडितहरूले तत्काल प्रहरीमा उजुरी गरे र अभियुक्तहरूलाई पक्राउ गरी १०/१० हजार धरौटी लिई तारिखमा छाडियो।

सहजपुर-७ गढी गाउँकी महिसरा राना र कमला शाही औषधि किन्न ०५० असार ११ गते फल्टुडे बजार गए। बेलुका घर फर्कने क्रममा डडेलधुरा सडक निर्माणमा संलग्न सुपर शेर्पा कन्स्ट्रक्सनको ना.अ.ख ६०० को डम्फरमा सहजपुर चौकीतिर फर्कदै गरेका हवल्दार लोकबहादुर कुंवर पनि थिए। उनले "गाउँसम्म पुऱ्याइ दिन्छौं, आओ" भनेपछि दुवै महिला डम्फर चढेर गाउँ आएपछि रोक्न भने। तर गाडी नरोकी सहजपुर गाविस कार्यालय ल्याइयो र त्यहाँ हातपात गर्ने प्रयासका बीच कमला भागिन्। महिसरा र हवल्दारबीच भीडन्त भयो। प्रहरीले लट्ठीले कुट्दा कुट्दै उनी बेहोस भइन् र त्यसै समयमा कुंवरले गुप्ताङ्गमा लट्ठी कोचारी दिएर बलात्कार गर्न नपाएको रीस पोख्यो। भोलीपल्ट महिसरालाई खोज्दै आएका आफन्तले अस्पताल पुऱ्याए। अपराधी माथि कुनै कार्वाही भएको छैन। जिल्ला प्रहरी अधिकृतले विभागीय कारवाही गर्ने कुरा बताएका छन्।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

जारी गर्ने रकम लिने / दिने घटना उल्लेख्य रूपमा पाइएन। तर बहुविवाहको प्रचलन भने पाइयो। थारू जातिमा भाउजू स्याहार्ने प्रचलन पनि पाइयो। उदाहरणको निम्ति धनगढी चटकपुर बस्ने खड्गबहादुर शाहीले कञ्चनपुर अमरबस्ती बस्ने ढाकाकुमारी शाहीलाई आफू अविवाहित हुँ भनी झुक्याई ०५० असोज ६ गते विहे गरे। पछि थाहा भएपछि उनी माइतिमा गै बसेकी थिइन्। एक दिन धनगढी बजार आउँदा उनलाई चोकमा खड्गबहादुरले लछार-पछार गरे। प्रहरी समिपमै भएर पनि सुरक्षा प्रदान गरिएन।

वादीहरू भने मूढा भन्ने ठाउँमा १२।१५ घर बसोवास गरी आएका छन्। त्यो ठाउँ राजमार्ग निकट पर्न गए पछि त्यहाँ बजार बसेको छ। होटल लजको माध्यमबाट केही वदिनीहरूले देहव्यापार गर्ने गरेको कुरा केही मानिसहरू बताउँछन्।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरुद्धको अधिकार

यस जिल्लामा कमैया प्रथा प्रचलनमा व्याप्त छ। कमैयाहरू अर्धदासको अवस्थामा जिउँछन् र उनीहरू बाँधा सरह मानिन्छन्। उदाहरणको रूपमा ०५० साउन २ गते धनी भीमबहादुर बमले आफ्नो कमैया आशाराम चौधरीको सौंकी



कमैयालाई कुटपिट पनि गरिन्छ : बीरबल चौधरी

बापत रू. १५ हजार फ्रान्सेली पत्रकार पेट्रिक पेक्वार्डबाट बुझेर त लिए तर आशाराम मुक्त गरिएनन्। भीमबहादुरले गरिदिएको कागजका आधारमा पछि आशारामको खानपीन र हेरचाहको व्यवस्था होस् भनी स्थानीय मानवअधिकार सचेतन तथा सामाजिक विकास केन्द्रले ०५० भदौ १४ गते निवेदन दियो। तब मात्र आशारामले मुक्ति पाउन सके। कमैया प्रथामा आशारामहरू अनगिन्ति छन्।

५.२ अन्य अमानवीय व्यवहारहरू

उदासीपुर-७ दुधिया बस्ने प्रदेशी चौधरी पूर्व पंच एवं नामी गुरूवा झाँक्री पनि हुन्। ती झांक्रीले ०५० को असोजमा गाउँका १७ वर्षदेखि ७५ वर्षसम्मका सत्र जनालाई बोक्सा-बोक्सीको आरोप लगाएर खेमराज चौधरीको घर आँगनमा कुटपिट गरे। नाङ्गै नचाएर दिशा ख्वाउने काम गरे। नब्बे जना साक्षी राखेर जवर्जस्ती "हामीहरू बोक्सा-बोक्सी

हौ" भन्ने कागज गराए र खेमराजले समेत त्यो घटना कोही कतै भने बोलेमा बाँकी नराख्ने धम्की दिए। उदाहरणका निम्ति पचहत्तर वर्षीय कुलमान चौधरीको एक परिवारमा ४ जनालाई बोक्सीको आरोप लगाई यातना दिइएको थियो। र त्यही यातनाले गर्दा उनीहरूले हात-गोडा सुन्निएर केही काम गर्न समेत सकेनन्।

६. आदिवासी अधिकार

आदिवासी भएकै कारणबाट उत्पीडन वा भेदभाव गरिएका अलग्गै उल्लेख गर्नु पर्ने खालका घटनाहरू पाइएनन्। वादीहरूबारे माथि नै उल्लेख भइसकेको छ।

७. बालअधिकार

कमैया प्रथाकै कारण बालबालिकाहरू आफ्नो हकबाट बञ्चित छन्। तीनपुस्ता बाँधा बनेका आशाराम जस्ता कमैयाका सन्ततिहरू न पठन-पाठन न भरपेट राशन भएर जीवन गुजारेको दुःखद चित्र कैलालीमा देखिन्छ। उदाहरणका निम्ति रू. ३ हजारमा बेचिएका श्यामलाल चौधरी छन्। जसको बाबु मरे, आमा पोइल गइन्, उनी बिक्री भए। उनको नित्यकार्य भनेको विहान ३।४ बजे उठेर भैंसीको कुँडो पकाउने, पराल भुस्सा काट्ने गरेर ५ बजे खेतमा पुग्नु पर्ने हुन्छ। अबेला उठे खान पाउँदैनन् चुटाइ पाउँछन्। अहिले उनी इन्सेकद्वारा संचालित साक्षरता कक्षामा धाउँदै छन् तर त्यसो गरेको मालिकलाई मन परेको छैन। पवेरा वैजपुरका यी बालक जस्तै पहलमानपुरका ९ वर्षीय सुधाराम चौधरी पनि छन्। आठ जना १२ वर्ष मुनिका बालकले काम गरेको दाम अहिलेसम्म पाएका छैनन्। किनकि उनीहरू कमैयाका छोराछोरी हुन्।

अतिरिक्त जानकारी

"यो कुरा कहीं कतै भनिस् भने तेरी स्वास्नी भन्न पाउने छैनस् र तँ पनि बाँचेर हिंड्न पाउने छैनस्।" यो धम्की कुनै अपराधी गुण्डाको हैन। कटासे चौकीका प्रहरी असई ललितबहादुर बम र इन्चार्ज पाण्डेको हो। सनराइज वोर्डिङ स्कूलका शिक्षक तुलसीविक्रम विमलीलाई भनिएको त्यस भनाइको पृष्ठभूमिमा कालिका वोर्डिङ स्कूलका एक शिक्षकले कक्षामा निदाएको विद्यार्थीलाई कुद्दा टाउको बेञ्चमा ठोक्किइ दाँत भाँच्चिन पुगेछ। तर त्यसैको निहुँमा रीस-इबी साँध्न अर्को वोर्डिङ स्कूलका शिक्षकलाई ०४९ चैत ५ गते पक्रेर निर्मम यातना दिइयो। त्यतिले नपुगी उनलाई धम्की समेत दिइयो। प्रहरीले पनि त्यसरी कुट्नुमा रतिराम भाट र गाने भाटबाट केही रकम हात पारेको चर्चा स्थानीय जनताबीच चलेको छ। प्रहरी फन्दाबाट छुटेपछि उपचार गराई डाक्टरी कागज पत्र सहित जिल्ला प्रहरी इन्सपेक्टर सामु उजुरी गर्दा त्यहाँ पनि सुनुवाई भएन। यसरी रक्षक नै भक्षक हुने हो भने प्रजातन्त्र र मानवअधिकारको संस्कृति कसरी हुर्केला सोच्नु पर्ने बनेको विचार पीडित पक्षको छ।

हसुलिया गाउँका टेक बहादुर थापालाई ०५० जेठ ३२ गते वीरबहादुर ठगुन्ना, हिरालाल दमै, चनी कामी, भीम तिरूवा राजेश तिरूवा, प्रेम कामी, भजन कामी, माधव कामी, डम्मर ओली, गोरे र जय सहितका १२ जना व्यक्तिले राजनैतिक पूर्वाग्रह र क्षेत्रियताको भावना लिई आक्रमण गरे। उनीसँगै दिलबहादुर चन्दलाई पनि कुटपिट गरियो। टेकबहादुर बेहोस भएपछि खेतमा फ्याँकिए। उनको काँधका २ हड्डी भाँचिएको, ढाड बाङ्गिएको कुरा पछि अस्पतालबाट थाहा लाग्यो। टेकबहादुर माथि गरिएको अन्याय सहन नसकी गाउँलेहरूले वीरबहादुरलाई पनि कुटे। भोलिपल्ट ठगुन्नाका मानिसहरूले उनलाई झालीमा बोकेर प्रहरीमा पुर्‍याई उल्टै टेकबहादुरले कुटेको भनी उजुर गरे। प्रहरीले टेकबहादुरलाई बेहोश अवस्थामै खेतमा फेला पारेर गाडिमा राखी उनकी आमालाई समेत हिरासतमा लिएर अस्पताल पुर्‍याए। वीरबहादुर ठगुन्ना पक्षले पूर्वेलीलाई लखेट्नु पर्छ भन्दै केही मानिसलाई उकास्दै आएको कुरा त्यहाँका मानिसहरू बताउँछन्। अभियुक्तहरूलाई अहिले तारिखमा छाडिएको छ।

प्रहरीको ज्यादती सुनाउँदा जिल्लाबासीहरूले तन्दुरी होटलमा डि.एस.पी. र जनसम्पर्क अधिकारीले रक्सी खाई हो-हल्ला गर्दै ०५० पुस ११ गते एक-आपसमा कुटपिट समेत गरेको, झगडा छुट्याउन जाने गोपी हमाललाई समेत कुटेको घटना उल्लेख गर्दछन् र सोद्धछन् -"भन्नुस् त सार्वजनिक सुरक्षा दिने हाकिम कै चाला यस्तो भए पछि अरू पुलिस कुन गतिका बन्लान् ?"

आफ्नो पति र घर मन नपरेका तीनवटी युवतीले ०५० जेठ २९ गते किटनाशक औषधि सेवन गरी आत्महत्याको प्रयास गरे। सडकपुरबाट फर्किंदा झरनैयाको पुलमुनि बसेर वीष खाएका १९ वर्षीया हरिणी चौधरी, लक्ष्मी चौधरी र कलावती चौधरी मध्ये हरिणी चौधरीको सोही दिन स्वास्थ्य चौकीमा मृत्यु भयो। अन्य दुई जना उपचार पछि घर/माइत फर्केका छन्। ❑



५. सुदूरपश्चिमाञ्चल

सेती

५.२ अछाम

जनसंख्या :	१९८१८८
साक्षरता :	२३.४ प्रतिशत
महिला साक्षरता :	५.४ प्रतिशत
क्षेत्रफल :	१६८० वर्ग कि.मी.

सेतीको मध्य पहाडी भागमा रहेको यो जिल्ला विकासको मात्रा हेर्दा पछौटे नै देखिन्छ। यातायातको सुगमता अझै नभई सकेको, अन्धविश्वासको बोलवाला रहेको र शैक्षिक अवस्था पनि बहुसंख्यक निरक्षर रहेको अवस्था छ। पुराना ठालुहरूको हैकम बाँकी नै छ र गरिबीले गर्दा थुप्रै मानिसहरू मुग्लान पस्ने चलन बसेको छ। अर्ध-बेरोजगारीको अवस्थामा रहेका किसानहरू धामी-झाँक्रीको भरोसामा आफ्ना विपत्ति पन्छिने आशा अंगाल्छन् र महिलाहरू तकदीरलाई दोष दिँदै जीवन गुजार्छन्। मानवअधिकारको उपभोगमा पनि यस्तै दुःखद अवस्था छ। सामाजिक प्रभुत्व हात पारेका व्यक्ति र राज्यका विविध अंगहरूले समेत नागरिकहरूको स्वतन्त्रतालाई हस्तक्षेप गरिरहेका छन्।

१. सम्मानित रूपले बाँच्ने अधिकार

यस वर्ष कुइका गाउँकी कलु देवकोटालाई ०५० जेठ २१ गते वेपत्ता पारिएको घटना पाइयो। प्रहरीले अभियुक्त विष्णु तिमिल्सिनालाई पक्राउ गरेर पनि बाटैमा छाडिदिएको र खोजविनमा आवश्यक चासो राखी काम नगरिएको गुनासो पीडित पक्षबाट पाइयो। प्रहरीको भनाई अनुसार भदौ २ गते जिल्ला प्रहरी कार्यालय मंगलसेन चलानी गरेकोमा बाटैबाट फरार भएकाले सम्बन्धित प्रहरीहरू उपर विभागीय कारवाही गरिएको छ।

१.१ हत्या / गोली

यस वर्ष जिल्लामा प्रशासनिक बल प्रयोगद्वारा नागरिकहरूको हत्या भएको वा गोलीकाण्ड घटेको पाइएन। नागरिकहरू बीचको अन्तरद्वन्दबाट के कति मानिसको हत्या भयो भन्ने विवरण भने प्राप्त हुन सकेन।

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	२
बलात्कृत	-	१
आत्महत्या	-	-

तर तुर्मारवाड-३ ढोलीवाडाकी राईमतीले बच्चा पाउँदा दुध नआएर सातदिनमा बच्चा मरेको घटनालाई निहुँ बनाएर गाउँका रीस-ईवी साधकहरूले उनलाई बच्चा जन्माई मारेको अभियोगमा पक्राएर थुनामा राखेको उनले बताइन्।

१.२ जेल

मंगलसेन बजारमा रहेको जेलले करिब ५ रोपनी क्षेत्रफल ओगटेको छ। एउटै भवनभित्र महिलाहरूको कोठा छुट्टै छ। यहाँको जेल हेर्दा २५ जना अटाउने देखिन्छ। तर सरकारले ५० जनाको क्षमता भएको कुरा उल्लेख गरेको पाइन्छ। हाल जम्मा १५ जना बन्दी थुनामा छन् र ती मध्ये दोष प्रमाणित नभएका ४ जना छन्। कूल संख्यामा एक जना महिला छिन्। चर्पी २ वटा छ तर सरसफाईको व्यवस्था छैन। पानीको हाहाकार छ। हरेक १५ दिनमा सिदा दिने गरिन्छ। सञ्चारका साधन - रेडियो, पत्रपत्रिका उपलब्ध छैनन्। गत वर्ष उल्लेख गरिएका समस्याहरूमा कुनै सुधारहरू भएका पाइएन।

१.३ गिरफ्तारी र यातना

कालागाउँमा २०५० बैशाख २२ गते अनेरास्ववियु र नेविसंघ बीच भनाभन हुँदा हुँदै अखिल पक्षका युवकले नेविसंघका रामबहादुर रावल र पूर्णबहादुरलाई कुटे। अभियुक्त पक्षबाट पूर्णबहादुरलाई उपचार खर्च भनी रू.१ हजार दिलाएर झगडा मिलाइयो। यद्यपि यसै घटनाका अर्का घाइते रामबहादुरलाई भने सो उपचार खर्चबाट कत्ति पनि रकम दिइएन।

मल्लेख हेल्थ पोष्टका स्वास्थ्य सहायक मोहम्मद मुस्तानले स्वास्थ्य चौकीमा उपचारार्थ ल्याइएका डम्मर कडायतका ६ वर्षीय छोरालाई ०५० असार २३ गते उपचार गर्दा गर्दै देहान्त भएको घटनालाई लिएर स्वास्थ्यकर्मीमाथि

ज्यान मुद्दा दिइएको छ।

मंगलसेनमा ०५० साउन ६ र ७ गते बी.पी. स्मृति दिवस तथा पुष्पलाल स्मृति दिवसका सन्दर्भमा अलग अलग आयोजित कार्यक्रमका दौरान दुई पक्षबीच उत्पन्न तनाव बीच प्रहरीले व्यापक लाठीचार्ज गऱ्यो, ढुंगा हानाहान भयो। त्यस क्रममा पसलमा बसेका सत्तरी वर्षीय वृद्धलाई पनि चुटियो। प्रहरीको चुटाईबाट अक्कलबहादुर विष्ट, रामबहादुर विष्ट, नरबहादुर भाट, कृष्णबहादुर भण्डारी, झंकरबहादुर रावल, झपर धामी, जहरसिंह वोहोरा, डिल्लीसिंह धामी, बलबहादुर सौडारी, कृपबहादुर, नन्दसिंह कडायत, भीमबहादुर दमाई, लालबहादुर शाही, मोहन बिष्ट, गंभीर रावल, लगायतका २१ जना घाइते भए। त्यस क्रममा कृष्णप्रसाद भट्टराई, शंकरबहादुर रावल र नरभाटलाई पक्राउ गरियो र निर्मम यातना दिइयो। प्रहरीले निर्दोष पसले नरभाटलाई बेहोस अवस्थामा समेत कुट्ने काम गऱ्यो।

अछाम, मंगलसेनमा वाम कार्यकर्तामाथि प्रहरीले गरेको लाठी चार्ज

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

राजनैतिक सहिष्णुताको अभावले गर्दा समय-समयमा राजनीतिक समूहबीच झगडा हुने गरेका घटना बाहेक प्रशासनिक पक्षबाट यस अधिकारमा हस्तक्षेप भएको विवरण प्राप्त भएन।

शिक्षकहरूलाई संगठन रोज्ने स्वतन्त्रतामा रोक लगाउने गरिएको कुरा पीडितहरू बताउँछन्।

२.२ धार्मिक स्वतन्त्रता

यस वर्ष पनि जिल्लामा धार्मिक सहिष्णुता कायमै रहेको पाइयो।

२.३ राजनैतिक स्वतन्त्रता

यस वर्ष यहाँ प्रत्यक्ष रूपमा राजनैतिक स्वतन्त्रताको हनन भएका घटनाहरू जानकारीमा आएनन्।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायिक, अर्धन्यायिक निकायमा न्याय खोज्न जाने क्रम कस्तो रहयो भन्ने तथ्यगत जानकारी पनि यस वर्ष प्राप्त भएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस समस्या बारे उल्लेख्य जानकारी प्राप्त भएन।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

यस वर्ष महिला किनबेच सम्बन्धी जानकारी प्राप्त भएन र बलात्कार सम्बन्धी घटनाहरू घटेका केही विवरणहरू भने प्राप्त भए।

कुइका बस्ने मनसरालाई जयप्रसाद सहितका ५ जनाले बिक्री गर्ने प्रयास गरेको भनी ०५० बैशाख २३ गते जिल्ला अदालतमा परेको मुद्दाका दुई अभियुक्त जन्मजय उपाध्याय र राम जैशी फरार छन् भने जयप्रसाद जैसी, मनीराज उपाध्याय, शिवराज जैसीहरू तारिखमा रहेका छन्।

बर्नादेवी-१ की रंगी कुँवरलाई जुपीका गोपाल रावलले साथीहरूको मद्दतले जयगडको जात्राबाट अपहरण गरे। अपहरणकारीको पञ्जाबाट फुत्कन उनले केही माथि पुगेपछि भीरबाट हाम्फालिन्। अपहरणकारीहरू "लौ मरी" भन्ने डरले भागे। रंगी कुँवर बिस्तारै जात्रा लागेको ठाउँसम्म पुगिन् र जनसमूहको सहयोगले भोलिपल्ट बयलपाटा पुगेर औषधि गरिन्। पछि दुई थरी बीच रू. ४ हजार उपचार खर्च दिएर मिलापत्र भयो। ब्रण्डाली बण्डालीकी एक महिलालाई ०५० बैशाख २७ गते खड्ग अधिकारी, नृप जैसी, नेत्रप्रसाद, नवराज अधिकारी र नरबहादुर खत्री सहितका व्यक्तिले

बलात्कार गरे। उनीहरूले युवतीसंग रहेका गहनाहरू पनि लुटे। अभियुक्तहरू हाल प्रतिव्यक्ति २ हजार ५ सयका दरले धरौटी राखेर तारिखमा छुटेका छन् र उनीहरूले ती महिलालाई पिछा गर्ने र मार्ने धम्की समेत दिने गरेको कुरा महिला संघबाट थाहा हुन आएको छ।

कुन्तीवन्डाली-७ बस्ने सोह्र वर्षीया सुनिता थापालाई आफ्नै बडा बाउले ६५ वर्षीय बूढासंग विहे गरिदिने योजना बनाएका थिए। त्यो कुरा थाहा पाएर सुनिता आफ्ना भाइहरूको मद्दत लिई ०५० असार २० गते घरबाट भागिन्। अहिले उनी महिला विकास शाखा बयलपाटामा आफ्ना भाइ राजु थापा र कृष्ण थापासंग बसेकी छिन्।

अपहरण गरेर बिहे गर्ने प्रचलनले गर्दा महिलाहरू निकै उत्पीडनमा पर्ने गरेको पाइयो। यस्तै उत्पीडनको घटना यस वर्ष ०५० कार्तिक १० मा बाट्लासेनमा घट्यो। भरतनाथकी पत्नी मलुनाथलाई घाँस काट्न निस्कंदा अपहरण गरी कालिकोट जिल्लाको ढाँटीकोट पुऱ्याइयो। तर त्यहाँ पुऱ्याएपछि जसको निम्ति लुटेर लगिएको थियो त्यो व्यक्तिले उनलाई बिहे नगर्ने भयो। उनलाई बलपूर्वक अर्कै व्यक्तिसंग बिहे रचाइयो। मलुनाले पनि चलाखी गरी महिनावारी भएको बहाना गरिन्। स्थानीय चलन अनुसार त्यस अवधिमा उनलाई पनि घरदेखि पर गोठमा राख्न लगियो। त्यहींबाट उनी रातको समयमा भागेर जंगलै जंगल ३ दिन हिंडेर लालुगाउँ पुगिन्, जहाँ उनको मामाघर थियो। घटनाका अभियुक्तहरूमा अछाम, बाट्लासेनका उदयबहादुर शाह, छत्रबहादुर शाह, सुरत, धनमल मानबहादुर र कालिकोटको ढाँटीकोट बस्ने सदन शाही, बृखबहादुर शाही, पद्म शाही र रणबहादुर शाही समेतका व्यक्तिहरू छन्। उनीहरूलाई प्रहरीले उचित छानवीन गरी पीडितलाई न्यायिक उपचार दिनु पर्ने स्थानीय बासिन्दाको माग छ। हाल यस सम्बन्धमा अदालतमा मुद्दा दायर भएको छ। तर मलुनाथ दम्पत्तिहरू भने गाउँमा बस्न नसकी नातेदारकहाँ शरण लिनु परेको बताइन्छ।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यहाँ जारी प्रथा, बहुविवाह र देउकी प्रथा समेत पाइन्छ। वादीहरूको पनि बसोबास छ तर यस वर्षको विवरण भने प्राप्त हुन सकेन।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरुद्धको अधिकार

यहाँ दास/दासीका रूपमा मानिसको किनबेच भएका घटनाहरू पाइएनन्। साहुकहाँ बसेर खाइ-लाई काम गर्ने केही मानिसहरू भने रहेको पाइयो।

५.२ अन्य अमानवीय व्यवहारहरू

जातीय भेदभावबाट उत्पन्न छुवाछूत प्रथा यहाँ कायमै रहेको पाइयो। कामी, सुनार, कडारा, भुल, सार्की, टमटालाई माथिल्लो श्रेणी तथा दमाई ढोली, दास, आउजी, परियार बीचका र वादीहरूलाई तल्लो तहका मान्ने गरिन्छ।

बावला-८, सिल्काचउर र बलिगाउँमा आयोजित सांस्कृतिक कार्यक्रममा स्थानीय हुल्लडवाजहरूले रोक लगाउने प्रयास गरेको र त्यसमा असफल भएपछि ढुंगामुढा गरेको पाइयो। पछि अभियुक्तहरूले गल्ती भएको स्वीकारेर माफी मागे।

बिनायकमा २०५० कार्तिक २६ मा नन्दबहादुर कडायतलाई दिनेश देवकोटा र दिलबहादुर लगायतका व्यक्तिहरूले कुटपिट गरे। राजनैतिक प्रतिद्वन्दिता झल्किने यस घटनाको पृष्ठभूमिमा पहिले चुनावमा प्रयोग गरिएको माइक रहेको पाइयो। झंकबहादुर पहिले कांग्रेस थिए र उनले आफ्नो पैसा खर्च गरी माइक खरिद गरेका थिए, पछि उनी एमालेमा प्रवेश गरे। कांग्रेसको पक्ष लिएर प्रहरी हरिसिंह रावल समेत संलग्न भई उनीसंग माइक माग्दा त्यसको मोल मागे। मोल पनि दिंदैनौ भने माइक बुझेको भरपाई देउ भने। तर हरिसिंहले आफ्नो पदको दुरूपयोग गरी उनलाई पक्रेर ठानातिर लग्न थाले। त्यहीबेला कांग्रेसपक्षका केही व्यक्तिले उनलाई कुटपिट गरे। पीडित पक्षले कानूनी उपचारका लागि प्रहरीमा जाहेरी दिए तर सुनुवाई भएन। पछि दुबैथरी बीच उपचार खर्च दिने-लिने गरी झगडा मिलाइयो। नन्दबहादुरको अवस्था गंभीर भएकोले उपचारार्थ नेपालगंज पठाइयो।

६. आदिवासी अधिकार

यस जिल्लामा गत वर्ष राउटेहरू देखिएको भए पनि यस वर्ष उनीहरू अन्यत्र कतै गएको बताइयो। वादीहरू भने त्यहीं छन्।

७. बालअधिकार

अशिक्षा, गरिबी र उपचारको अभावबाट बालकहरू पीडित भएको देखियो। स्कूल जाने उमेरका केटाकेटीहरू घर-धन्दाको काममा र गाईबाख्रा हेर्ने काममा लागेको पाइन्छ। घाँस दाउरा जाने, पानी बोक्ने र भाँडा माझ्ने साहुकहाँ मजदूरी गर्ने गरेका केटाकेटीहरू पनि निकै देखिए।

अतिरिक्त जानकारी

बयलपाटामा काष्ठ उद्योग संचालन गरी बसेका जोगीसिंह कडारालाई वनमुद्दाको अभियोग लगाइएको छ। पुरानो घर किनेर त्यसको काठबाट फर्निचर उत्पादन गरेकोमा प्रतिशोध लिनका निम्ति आफूलाई दुःख दिएको कुरा पीडितले बताएका छन्। तर पिडक पक्ष भने अनुमति नलिई उद्योग चलाएको र राजस्व समेत नतिरेको हुँदा मुद्दा चलिरहेको बताउँछन्। ❑



५. सुदूरपश्चिमाञ्चल

सेती

५.३ डोटी

जनसंख्या : १६७१६८
साक्षरता : २८.३ प्रतिशत
महिला साक्षरता : ९.८ प्रतिशत
क्षेत्रफल : २०२५ वर्ग कि.मी.

सेती अञ्चलको बीचमा पर्ने पहाडी जिल्ला डोटी राजनैतिक चेतनाका दृष्टिले पछाडि रहेको छ। छुवाछूत, जारीप्रथा र बहुविवाह जस्ता कुराहरूको अतिरिक्त राजनैतिक प्रतिद्वन्दिता र व्यक्तिगत इर्ष्याले पनि यहाँका नागरिकहरूको मानवअधिकारमाथि हमला गरेको पाइन्छ।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यसवर्ष जिल्लामा राजनैतिक विवाद वा प्रशासनिक बल प्रयोगबाट कुनै गोलीकाण्डका घटनाहरू घटेनन्। यद्यपि विभिन्न कारणबश केही आत्महत्या र हत्याका घटनाहरू भने घटे।

गगुडा, गणेश वकौडामा ०५० असार ३ गते रक्सी खाँदा उठेको जातीय विवादबाट रिसाई प्रताप लोहार, गौरी बम र रूद्रवीर बमले घँगरूको लठ्ठीले हिर्काई लालबहादुर बमको हत्या गरे। लालबहादुर सहकारी विकास शाखा धनगढीमा कार्यरत खरिदार थिए। अभियुक्तहरू मध्ये गौरीलाल बम पक्राउ परेका छन् भने प्रताप लोहार र रूद्रवीर बम फरार छन्। यस सम्बन्धी मुद्दा अदालतमा चलिरहेको छ।

कालिकास्थान-१ मारीकोट बस्ने पद्मसिंह थापालाई गोरे साउदले पैसाको लालचमा ०५० मंसीर ११ गते हत्या गरे। पद्मसिंह थापा आफ्नो भाइको विहे सम्बन्धी कुरा मिलाउन ससुराली गाउँ नजिकैको पुन्नागाउँ गई ससुराली फर्कंदै थिए। पहिले नै माइत पुगेकी पत्नी भने पति आउन ढिलो भएकाले खोज्न निस्किन्। बाटोमा उनलाई दुई अपरिचितले धम्की दिंदै फर्कन लगाए। राती को समय भएकोले उनी फर्किन्। भोलिपल्ट विहानै लास फेला पर्‍यो। बाँया कोखमा छुरी प्रहार गरिएको, दाँया कंचट फुटेको, नाक, कान र मुखबाट रगत बगेको स्थिति पोष्टमार्टममा देखियो। अनुसन्धानका क्रममा गोरे साउदलाई हिरासतमा लिइयो र उसले हत्याको कुरा स्वीकार मात्र गरेन कि मृतकबाट खोसेको रकम रू २ हजार, रेडियो, घडि र ज्याकेट समेत घरमा रहेको बताउँदै ती सामान प्रहरीलाई सुपुर्द गर्‍यो। अपरिचित २ जना को थिए र किन धम्कि दिए भन्ने तर्फ अनुसन्धान आवश्यक भएको कुरा पीडितहरूले जनाएका छन्।

१.२ जेल

दुई रोपनी जति जग्गामा रहेको एउटा भवनमा महिला पुरूष निम्ति कोठा छुट्याएको डोटी जेलमा यस वर्ष ३३ जना बन्दी थुनामा छन्। आरोपित बन्दी ६ जना छन्। २ जना महिला र दुई आश्रित बाल बन्दी छन्। ४० जना बन्दी अटाउने क्षमताको यो जेलको अवस्था जीर्ण छ। भौतिक सुविधाहरू यथेष्ट छैनन्। तर पनि ३ वटा चर्पी र एउटा धारोको व्यवस्था छ। सूचनाको हकबाट उनीहरू लगभग बञ्चित छन् किनकि सरकारले पत्रपत्रिका र रेडियोको व्यवस्था गरेको छैन। स्वास्थोपचारको उचित प्रवन्ध छैन तर अप्ठेरो अवस्थामा पुगेका रोगी बन्दीलाई डडेल्धुरा जेल सरूवा गराई त्यहाँ रहेको मिशन अस्पताल मार्फत उपचार गराइन्छ।

१.३ गिरफ्तारी र यातना

राजनैतिक प्रकृतिका गिरफ्तारी र यातनाका उल्लेख्य घटनाहरू पाइएनन्।

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	४	-
बलात्कृत	-	-
आत्महत्या	-	१

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

प्रधानमन्त्रीको दिपायल भ्रमणको बेला विरोध प्रदर्शन गर्न नदिइएको घटना बाहेक अन्य उल्लेख्य घटना पाइएन।

२.२ धार्मिक स्वतन्त्रता

जिल्लामा धार्मिक सहिष्णुता रहेको पाइयो।

२.३ राजनैतिक स्वतन्त्रता

राजनैतिक स्वतन्त्रताको उपभोग गर्नमा प्रत्यक्ष प्रशासनिक व्यवधान रहेको पाइएन। यद्यपि राजनैतिक प्रतिद्वन्दिताबाट बेलाबेला केही व्यवधान हुने गरेको पाइयो।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्लामा न्यायिक तथा अर्धन्यायिक निकायहरूमा न्याय खोज्न जाने प्रवृति कम रहेको पाइयो। तर पनि यस वर्ष जिल्ला अदालतमा ६३ वटा मुद्दा दर्ता भए। त्यसमा दुनियाँवादी देवानी ४३, दुनियावादी फौज्दारी १४ र सरकारवादी फौज्दारी ६ थिए। अदालतमा परेका मुद्दामा सबभन्दा बढी जग्गा सम्बन्धी रहे। प्रहरीबाट आएका ६ मुद्दामा ३ चोरी र ३ ज्यान सम्बन्धी छन्। यसवर्ष प्रहरीमा दर्ज भएका १० मुद्दा मध्ये ६ वटा अदालत गएको र अरू छानवीनकै क्रममा रहेको पाइयो।

यस जिल्लामा अभियुक्तले बयान दिंदा स्वेच्छापूर्वक दिन नपाएको कुरा उल्लेख्य रह्यो। प्रहरीबाट अदालत पठाइएका मुद्दाका केही अभियुक्तले -"प्रहरीले आफै वयान लेख्रेर सुन्न पनि नदिई बलपूर्वक सही गराएको" कुरा अदालत समक्ष व्यक्त गरेका छन्।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

हली-गोठालाका रूपमा रहेका भूमिहीनहरू रहेको पाइयो। भूमिहीन सुकुम्बासीले आवाद गरी नयाँ बस्ती बसाएर समस्या उत्पन्न भएको पाइएन।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

दिपायल बजगाउँ र लेकठाटा घर भएका ३ जना युवती शारदादेवी, पार्वती र झाकरी सांवदलाई ०५० मंसीर १ गते डोटी कारागारमा कार्यरत प्रहरी जवान नरबहादुर कार्कीले हातपात गरी पोते छिनालिदिएको र त्यतिबेलै होहल्ला भई चिसापानी माथिका मानिसले हार-गुहार गरे। घटना प्रहरी कार्यालय पुगेपछि नरबहादुरले सामान्य भनाभन भएको कुरा स्वीकारे भने महिलाहरूले बदनीयत राख्रेर हातहालेको बताए। जनसमुदायलाई प्रहरी अधिकृतले आवश्यक कार्वाहीको आश्वासन दिएर पनि कार्वाही भएन।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

जारीप्रथा र बहुविवाहको प्रथा रहेको जानकारी प्राप्त भयो तर उल्लेख्य विवरणहरू प्राप्त भएनन्। अदालत र प्रहरीबाट प्राप्त सूचनामा पनि के कति बहुविवाह आदि परे भन्ने कुराको विवरण खुलेको पाइएन।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरुद्धको अधिकार

केही हली गोठालाको रूपमा रहेका मानिस बाहेक दास-दासीका रूपमा मानव श्रमको शोषण भएका घटना पाइएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

तिखातर निवासी शिक्षक धर्मसिंह विकलाई ०५० जेठ २२ गते विवाहमा नगरा बजाएको आरोपमा गरिएको कुटपिट, रत्ना सिकर्मीलाई पानी भर्नमा रोक लगाएको, तलाराको दोकानमा गोपाल सार्कीलाई झुक्यानमा पारी होटल बिटुल्याएको भनी रू. ५ सय जरिवाना गरेको जस्ता घटनाले यहाँ छुवाछूतको समस्याबाट मानिसहरू पीडित भएको उदाहरण प्रस्तुत गर्दछ।

अन्तरजातीय विवाह गरेको कारणबाट अछाम घर भई हाल जिल्ला प्रशासन कार्यालय डोटीमा कार्यरत प्रहरी जवान इन्द्रबहादुर रावल तथा महिला प्रहरी लक्ष्मी नेपाली बीच बाजुराको कोल्टीमा कार्यरत रहँदा प्रेम विवाह सम्पन्न भएको थियो। त्यसैलाई निहुँ बनाई उनका घर परिवारले प्रशासनिक दबाव दिई इन्द्रबहादुरलाई डोटी सरूवा गरियो। लक्ष्मी नेपाली पनि प्रकृया पुऱ्याई डोटी नै सरूवा भइन्। त्यो थाहा भएपछि बाजुराबाट उनका दाजु आई जागीर छुटाउने धम्की दिए। तर उनीहरू बीचको दाम्पत्य सम्बन्धलाई हेरी सुदूर पश्चिमाञ्चल क्षेत्रबाट दुवैलाई भैरहवा सरूवा गरिएको छ।

६. आदिवासी अधिकार

यहाँ वादी जाति पाइन्छन्। विशेषगरी दिपायल, कठाली, बाझतिर यिनीहरूको बसोबास छ। कालागाड र दिपायलमा केही युवती देहव्यापारमा लागेको पाइयो। घुमन्ते जीवनमा रहेकै कारणबाट अन्य जातिबाट हुने अतिरिक्त शोषण भनेकै यौन शोषण रहेको पाइयो।

७. बालअधिकार

पन्डौनका १२ वर्षीय बालक बिर्खबहादुर कामी आफ्नो पढ्ने उमेर मै स्कूल छाडी सिलगडी साँफे सडक

आयोजनामा कुल्ली काम गर्छन्। उनी सोद्धछन् -"हामी जस्ता गरीबका छोरा-छोरीले पनि पढ्न पाउने अधिकार छ र ?" बालअधिकार भनेको के हो दाई ?" त्यही ३ नंवर प्याकेजमा काम गर्ने अर्को बाल मजदूर १३ वर्षीय श्यामबहादुर सोध्छन्। यसरी काम गर्ने बाल मजदूरहरूको ताँती त्यहाँ ठूलै देखिन्छ।

अतिरिक्त जानकारी

यस वर्ष जिल्लामा मादक पदार्थ सेवन गरी भएका कुटपिटका वारदातबाट घाइते हुनेमा वासुदेवीमा १० जना, खिरसेनमा ५ जना, वारपाटामा २ रहेको पाइयो। डोटीका प्रजिअका अनुसार जिल्लाको समस्या भनेकै अत्यधिक मादक पदार्थ सेवनबाट हुने सार्वजनिक अपराधका घटना हुन्।

प्रविधिक शिक्षालय दीपायलका सेवक जयवीर रावलले सेती नदीमा फाल हाली ०५० जेठमा आत्महत्या गरे। भनिन्छ उनलाई त्यहाँ करेसा बारीको खुर्सानी चोरेको बात लागेको थियो। घटनालाई कसैले रहस्यात्मक बताए पनि उनकी पत्नी रामशोभा भने आत्महत्या नै भएको ठान्छिन्। अहिले रामशोभा जयवीरको ठाउँमा जागीर गर्छिन्।

जिजोडामाण्डौ - सुन्द गाउँ बस्ने नन्दराम भाटको हत्या अज्ञात व्यक्तिद्वारा ०५० कार्तिक १६ मा भयो। प्रहरीद्वारा अनुसन्धान भइरहेको छ। मृतकको तालुमा, रूद्रघण्टीमा र कानको पछाडि घाउ देखिएको र सोही दिन उनको पसल समेत चोरी भएको सन्दर्भमा घटना सन्दिग्ध देखिन्छ।

दिपायल नगरपालिका स्थित क्षेत्रीय खानेपानी योजना राजपुरमा तीनदिन अघि मात्र नियुक्ति लिएका लमजुङ चण्डेश्वरी निवासी आनन्दराज अधिकारी पनि कार्यालयको स्टोर कोठामा ०५० भदौ २२ गते मृत अवस्थामा पाइए। भुण्डिएको लासको प्रकृति हेर्दा टाउकामा कीला ठोकिएको जस्तो देखिएको, कोठामा अरूनै व्यक्तिको जुत्ताको छाप देखा परेको जस्ता कुराले हत्या भएको आशंका पाइयो। अनुसन्धान जारी छ। ❑



५. सुदूरपश्चिमाञ्चल

सेती

५.४ बाजुरा

जनसंख्या : ९२०१०
साक्षरता : २४.९ प्रतिशत
महिला साक्षरता : ७.६ प्रतिशत
क्षेत्रफल : २१८८ वर्ग कि.मी.

पुरातन मान्यता, संस्कार र पछौटेपनले गर्दा बाजुरा जिल्लामा छुवाछूत प्रथाले नराम्रोसंग जरा गाडेको छ। मानवअधिकार हननका प्रत्यक्ष घटना त्यति सुनिंदैनन् तर शिक्षा र चेतनाको कमीले गर्दा यहाँका बहुसंख्यक नागरिकहरू आफ्ना अधिकारका बारेमा नै अनभिज्ञ छन्। फलतः यहाँ मानवअधिकारको हनन भएर पनि खोजी भइरहेको पाईंदैन।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

सन् १९९३ (वि.सं. ०४९ पुस १७ गते देखि ०५० पुस १६ गतेसम्म) मा यस जिल्लामा प्रहरी प्रशासनले गोली चलाएको र नागरिकको हत्या गरेको पाइएन।

भौगोलिक विकटताका कारण भीरबाट लडेर र खोलाले बगाएर ७ जनाको ज्यान गयो।

१.२ जेल

३ रोपनी ७ आना क्षेत्रफल रहेको भए पनि कारागार भवन ११ आनामा बनाइएको छ। सन् १९९३ को अन्त्यतिर बाजुरा जिल्ला कारागारमा जम्मा १५ जना बन्दी रहेको पाइयो। १४ जना पुरूष र १ जना महिला मध्ये १० जना दोष प्रमाणित बन्दी छन् भने ५ जना आरोपित बन्दी छन्। जसे ओड, कर्ण ओड र चैत्रे ओड वन सम्बन्धी मुद्दाको लागि र एक मात्र महिला बन्दी गर्भपतन सम्बन्धी मुद्दामा पुर्पक्षका लागि बन्दी बनाइएका छन्। मानसिक स्थिति ठीक नभएका प्रकाश थापा भने बुझी लिने व्यक्तिको अभावमा बन्दी जीवन बिताई रहेका छन्।

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	१	-
बलात्कृत	-	-
आत्महत्या	-	२

कर्तव्य ज्यान सम्बन्धी मुद्दामा बन्दी बनाइएका नरिमाने चंदारा, जोगीराम उखेडा, सगुने चंदारा, गिरी चंदारा, हरसिंगे उखेडा, गज दमाइ, हरे लोहार, जग्गेबहादुर शाही, कर्ण बुढा र कीर्तिसिंह थापा सबैको अदालतबाट दोष प्रमाणित भइसकेको छ।

महिला र पुरूषका लागि यस वर्षदेखि छुट्टाछुट्टै कारागार भवनको व्यवस्था भए पनि मानसिक स्थिति ठीक नभएका बन्दीसंगै बस्न अन्य बन्दी बाध्य छन्। १७ जना बन्दी राख्ने क्षमता भएको सो कारागारमा शौचालय जीर्ण र दुर्गन्धित छ। बन्दीहरूलाई सरकारी तवरबाट कारागार भित्र रोजगारीको अवसर उपलब्ध गराएको पाइएन।

१.३ गिरफ्तारी र यातना

यो वर्ष प्रशासनिक दमनको रूपमा गिरफ्तारी भएको र यातना दिएको घटना पाइएन। जिल्लामा यो वर्ष मानवअधिकार हनन सम्बन्धी घटेका प्रमुख घटनाको रूपमा शिक्षक छनौट समितिले गरेको धाँधली पनि उल्लेख्य रहेको जानकारी पीडित पक्षबाट पाइयो।

प्राथमिक तहका स्थायी शिक्षक छनौटको लिखित परीक्षामा २९५ जना उत्तीर्ण भएका थिए तर समितिले ०५० साउन ५ गते १ सय १६ जनालाई मात्र मौखिक परीक्षामा उत्तीर्ण गरायो। जसमध्ये ९५ जना योग्य अयोग्य जे भए पनि नेपाल शिक्षक संघ समर्थक भएकै नाताले र अन्य २१ जना मात्र योग्यताका आधारमा छनोट गरिएको हो भनी शिक्षकहरू भन्दछन्। तालिम प्राप्त गरी अस्थायी रूपमा कार्यरत शिक्षक शिक्षिकाहरूमाथि अन्याय गरेको, राजनीतिक दबाव र अनुचित आर्थिक प्रलोभनमा समिति झुकेको वा फसेको जनगुनासो पनि पाइयो। उक्त धाँधलीपूर्ण नतिजा प्रकाशित गरेकोमा केही असफल उम्मेदवारहरू अत्यन्तै आक्रोशित भई प्रतिक्रिया स्वरूप भदौ १५ गते समितिका एक सदस्य एवं मालिका माध्यमिक विद्यालय मार्तडीका प्रधानअध्यापक यादवप्रासद जोशीलाई कालो मोसो दल्ने, जुत्ताको

[illegible] ...ा कार्य समेत गरे। उक्त घटनामा कुलदेवमाण्डौका प्रकाश शाह, उमाकान्त रेग्मी र तिलक जैसी तथा कोटीलाका मदनबहादुर भाटलाई प्रहरीले गिरफ्तार गर्‍यो। गिरफ्तार व्यक्तिहरूलाई प्रहरीले खासै यातना नदिएको, कारवाही गर्नै पर्ने राजनीतिक दबाव पनि कतैबाट नआएको तर सार्वजनिक अपराध अन्तरगत प्रहरीले कारवाही चलाएकोमा नेपाली कांग्रेस र नेकपा (एमाले) बीच समझदारी भई सो मुद्दा रद्द गराउन वार्ता भएको पाइयो। गिरफ्तार व्यक्तिहरू धरौटीमा रिहा भइसकेका छन्।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

गरिबी, अज्ञानता र डर-त्रासका कारण नागरिकहरू आफ्नो अधिकारको खोजी गर्न पूर्ण सक्षम भई नसकेको पाइयो र प्रहरी प्रशासनले यी अधिकारको उपभोग गर्न चाहने नागरिकलाई प्रोत्साहन दिएको भेटिएन।

२.२ धार्मिक स्वतन्त्रता

हिन्दू धर्मालम्वीहरूको बाहुल्यता रहेको यस जिल्लामा करिव ३० परिवार इस्लाम धर्मावलम्वी पनि छन्। यहाँ हिन्दू मुसलमान जिउँदाको जन्ती र मर्दाको मलामी हुन्छन्। अहिलेसम्म धार्मिक कलह र कटुताका कुनै घटना घटेका छैनन्। तर यहाँका मुस्लिमहरूले पनि हिन्दू परम्परा अनुसार अछूत भनिएकाहरूलाई भने अछूत नै मान्छन्।

२.३ राजनैतिक स्वतन्त्रता

उल्लेखित घटनामा बाहेक प्रहरी तथा प्रशासनबाट राजनैतिक स्वतन्त्रता प्रत्यक्ष हनन भएको पाइएन।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायिक इन्साफका निम्ति अदालत जाने क्रमसँगै ठूला-ठालुको स्वार्थ अनुसार झगडा गराइएको घटना पनि चर्चामा आए। बाजुरा जिल्ला अदालतमा यस वर्ष १२५ देवानी, ५ दुनियावादी फौजदारी र ७ सरकारवादी फौज्दारी मुद्दा पेश भएका छन्। जिल्ला अदालतबाट यसवर्ष देवानी १२, दुनियाँवादी फौज्दारी २ र सरकारवादी फौज्दारी ५ गरी जम्मा १९ मुद्दाको फैसला भएको पाइयो। जिल्ला प्रहरी कार्यालय बाजुरामा यो वर्ष भवितव्य ज्यान सम्बन्धी ५, पानीमा डुबी आत्महत्या गरेको घटना २, गर्भपतन र कर्तव्य ज्यान सम्बन्धी ३ तथा बेवारिसे लाश सम्बन्धी १ गरी हत्या सम्बन्धी ११ वटा मुद्दा दर्ता भए।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा भूमिहीन तथा सुकुम्बासीको आधिकारिक तथ्यांक उपलब्ध हुन सकेन। भर्खरै पहिलो पल्ट जग्गा नापी कार्य भइरहेको छ। तर जिल्लाको अधिकांश भूभाग हिमाली क्षेत्रमा भएकोले जग्गा हुने व्यक्तिहरूलाई पनि ६ महिना मात्र खान पुग्छ।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

गाउँ घरमा बलात्कारका एकाध घटना भए होलान् तर ती अदालत, प्रहरी / प्रशासन समक्ष पुगेको पाइएन।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यस जिल्लामा जारी र बहुविवाह प्रथा विद्यमान छ। जारी प्रथाले सुदूर पश्चिम नेपालका अन्य जिल्लामा जस्तै यहाँ पनि व्यापारको रूप लिएकोले यो प्रथा दिनहुँ झाँगिदै छ। देउकी प्रथा यो जिल्लामा छैन। वादी जाति भने छिटफुट पाइन्छन् तर सबै वदिनीहरूले आफ्नो पेशाकै रूपमा वेश्यावृत्तिलाई अपनाएका छैनन्।

कानूनले जारी असुल्न बन्देज लगाए पनि यहाँ अनेकौ बहाना बनाई जारी असुल गरिन्छ। त्यो रकम अधिकतम ७० हजार सम्म पुगेको बताइन्छ।

यस् वर्ष ३ वटा बहुविवाहका घटना घटे। त्यसमध्ये अदालती कारवाही भएर २ वटाको फैसला पनि भयो।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यस जिल्लामा दासत्वको समस्या रहेको जानकारी प्राप्त भएन।

५.२ अन्य अमानवीय व्यवहारहरू

विविध क्षेत्रको प्रतिद्वन्दितासँगै चरन, कुलो र आपसी रीस-इबीका झगडा यस जिल्लामा पनि पाइन्छन्। साथै छुवाछूत, धामी-बोक्सी र जारी जस्ता रूढीवादी कुसंस्कारहरू कायमै छन्। यहाँका तालुकदार मुखियाहरू मालपोत कार्यालयकै हैसियत राख्दछन्। उनीहरू मनोमानी ढंगले जग्गाको बेचबिखन गराउने, नामसारी गर्ने तथा तिरो-बाली बुझिलिने पनि गर्दछन्।

ऐन-कानूनले छुवाछूतको अन्त्य गरे पनि दलित जातिसंग अन्य जातिले छोइयो भने पनि पानीको छिटा हालेर चोखिइने चलन छ। दलितहरू चियापसल र होटलहरूमा भित्र पस्न पाउँदैनन्। उनीहरू बाहिरै बसेर खानु पर्दछ र खाएको भाँडा समेत माझेर जानु पर्दछ।

६. आदिवासी अधिकार

वादी जाति छन् तर उनीहरूप्रति भेदभावको व्यवहार छैन। अन्य आदिवासी जनताको विस्तृत जानकारी प्राप्त भएन।

७. बालअधिकार

बालबालिकाको अधिकार सम्बन्धी ज्ञानको अभावले उनीहरूमाथि कतिपय दण्ड दिने खालका घटना हुने गरेको पाइयो। यस जिल्लामा असहाय बाल बन्दी छैनन्।

अतिरिक्त जानकारी

सामान्य कुटपिटका घटनालाई राजनैतिक रंग दिने प्रवृति बढ्दो छ। ❑

५. सुदूरपश्चिमाञ्चल

सेती

५.५ बझाङ्ग

जनसंख्या : १३९०९२
साक्षरता : २७.३ प्रतिशत
महिला साक्षरता : ६.९ प्रतिशत
क्षेत्रफल : ३४२२ वर्ग कि.मी.

यातायात सुविधा विहीन तर हवाई सेवाद्वारा राष्ट्रिय सम्पर्कमा जोडिएको यो जिल्लामा पनि अशिक्षा, अन्धविश्वास र गरीबी चर्को रूपमा रहेको छ। सत्तापक्षबाट हुने वा स्थानीय व्यक्तिबाट हुने मानवअधिकारको हननप्रति न्यायिक कार्वाहीको माग गर्न पनि जनसमुदाय हिच्किचाउँछन्। ४७ गाविसमा विभक्त यो जिल्लामा वादी जाति पनि रहेकाछन्।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यस वर्ष राजकीय बल प्रयोग गरी कुनै हत्याका घटना वा गोली काण्डहरू घटेनन्।

१.२ जेल

डेढ रोपनीमा बनेको तीनकोठा भएको कारागार भवन छ। जनाना कोठा छुट्टै छ। पागल बन्दी र अन्य बन्दी भने एकै ठाउँ राखिने गरेको छ। हाल १३ जना बन्दी छन् जसमा २ जना आरोपित बन्दी छन्। जेलमा न्यूनतम मानवीय सुविधा पनि उपलब्ध छैन, खेलकुदका सामानहरू छैनन्। पत्रपत्रिका पढ्न पाईदैन। बन्दीहरूलाई आफ्ना वकिलहरूसंग कुराकानी गर्न पनि नदिइएको उदाहरण धर्मराज खड्का बनेका छन्। उनलाई पंचायतकालमा राजनैतिक प्रतिशोधका निम्ति ज्यान मुद्दामा फसाइएको थियो। उनका अनुसार मीनबहादुर थापाका हत्यारा धनबहादुर खड्का हुन् जो अहिलेसम्म पनि फरार छन्। त्यसरी नै कैलालीका रूद्रलाल देवकोटा पनि भीरबाट खसेर मरेको घटनामा आफूलाई फसाएको बताउँछन्। उपचारको राम्रो प्रबन्ध भने पाइएन। महिलाको संख्या एकजना मात्र रहेको छ। बन्दीहरूलाई कागज उत्पादनमा लगाइने गरेको कुरा ना.सु. हीरालाल बताउनु हुन्छ। बन्दीहरू भने बेलाबेला प्रशासनबाट ठगिने गरेको बताउँछन् र प्रहरी चक्रबहादुरले रू. २ हजार हजम पारेको उदाहरण दिन्छन्।

घटनाको प्रकृति	घटना संख्या १९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	-	-
बलात्कृत	-	१
आत्महत्या	-	२

१.३ गिरफ्तारी र यातना

कोटदेवाल -६ का हरिलाल खड्का र तिलक खड्कालाई पूर्णबहादुर खड्काद्वारा दिइएको ज्यान सम्बन्धी मुद्दाको सन्दर्भमा ०५० साउन ८ गते गिरफ्तार गरी १२ दिनसम्म थुनिएको पाइयो। उनीहरू बीच लेनदेन झगडाको रीस-ईबी थियो। सत्ताको दबावमा प्रहरीले कतिपय घटनामा अभियुक्तलाई कार्वाही गर्ने जाँगर नदेखाउने गरेको उदाहरण भुवनचन्द पण्डितलाई रामबहादुर महराले अदालतको प्राङ्गण मै कुट्दा पनि कार्वाही नभएको घटनालाई दिने गरेको पाइयो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

जिल्लामा अभिव्यक्ति प्रकट गर्ने, संगठित हुने र मेला हुने कार्यमा प्रशासनबाट प्रत्यक्ष हस्तक्षेप भएका घटनाहरू पाइएन। यद्यपि ०५० असार २० को बन्दका दिन प्रहरीले बजार बन्द गराउने र खुला गराउने बीचको द्वन्दलाई निहुँ बनाएर भानुभक्त जोशीलाई लखेटेर खेतमा पुऱ्याई कुटियो। लाठीचार्जको भागदौडमा लालबहादुर सिंह, १० वर्षीय बालक मोहनबहादुर सिंह, कृष्णबहादुर र नेकाका डबलबहादुर बम सहित थप ३ जना घाइते भए।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक सहिष्णुता रहेको पाइयो।

बभाङ जिल्ला कारागार

बोल्नु ?

खिरातडी- ९ मा राजमतिनाथलाई ०४९ माघ ११ गते सुत्केरी बेथा लाग्यो। घरमा धार्मिक कार्य भैरहेकोले त्यसमा बाधा नपुगोस् भनी उनका पति गंगाराम नाथले गाउँले चिकित्सक लोकराज जोशीलाई बोलाए र चिकित्सकले बच्चा ढिलो जन्माउन सूई दिए। सूई दिएको २ घण्टामै बच्चा जन्मियो। तर जन्मिएको ९ घण्टापछि बच्चा मऱ्यो। ६ दिनपछि आमा पनि मरिन्।

२.३ राजनैतिक स्वतन्त्रता

आफ्नो राजनैतिक प्रभाव भएका ठाउँमा प्रतिपक्षलाई मिच्ने प्रवृत्ति रहेको जनगुनासो पाइयो।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्लामा यसवर्ष प्रहरी रेकर्ड अनुसार भवितव्य १, हत्या १, हत्या प्रयास २, र आत्महत्या २ भएको पाइयो भने सार्वजनिक अपराध ६ एवं महिला किनबेच १ रह्यो। यी मुद्दामा प्रहरी अनुसन्धान सकिएपछि अदालतमा ११ वटा मुद्दाहरू पेश गरिए।

त्यसरी नै अदालतमा ०५० साउनदेखि कार्तिक बीचको अवधिमा २९४ वटा मुद्दा दर्ज भएका थिए। कूल मुद्दामा फौजदारी ७५ र देवानी २१९ रहे। ती मध्ये फौजदारी मुद्दा १२ वटा फैसला भई बाँकी ६४ रहेका छन् भने देवानीमा २४ फैसला भइ १९५ बाँकी रहेको पाइयो। न्यायाधीश ध्रुवलाल राज न्यायिक निर्णय प्रमाण पुऱ्याएर गर्नु पर्ने हुँदा केही ढिलो हुने कुरा बताउनु हुन्छ। तर अन्य भुक्तभोगीहरू भने न्याय सुगम बन्न नसकेको गुनासो व्यक्त गर्दछन्।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

जिल्लामा भूमिहीन सुकुम्बासीहरू त छन् तर तिनीहरूबाट समस्याको रूपमा कतै हाल-आवादी गरिएका बस्ती वा उल्लेख्य घटना भने छैनन्। केही भूमिहीनहरू भूमिपतिका कामदारको रूपमा रहेका छन्।

४. महिला अधिकार

संविधानमा महिलाप्रति विशेष व्यवस्था रहेको भए पनि जिल्लामा कुनै पनि दलको महिला संघ छैन। गृहिणी भए पनि खानेकुराको भाग लगाउने काम घरमूली बूढाले गर्छ। त्यसैले यहाँका महिला भन्ने गर्छन् - आफैले उब्जाई कुट-पीस गरी पकाएको खाना त अर्कले तौलिन्छ, हामी के

४.१ महिला किनबेच र बलात्कार

महिला किनबेचको घटना घट्ने गरेको संकेत प्रहरी रेकर्डबाट देखिन्छ तर त्यो ठूलो मात्रामा भने छैन। यद्यपि बलात्कारका घटनाहरू भने अलि बढी पाइन्छन्। कतिपय घटनाहरू सामाजिक प्रतिष्ठाको कारण सार्वजनिक जानकारीमा नल्याइने गरेको पनि पाइयो। उदाहरणका रूपमा -,लुयटा बस्तिकी १९ वर्षीया बिर्जमतीको लोकजंगसंग प्रेम सम्बन्ध थियो। त्यो तोड्न रू. ३ हजार ५ सय दिई शेरबहादुरसंग उनको जबर्जस्ती विहे गराइयो। सोही गाउँका पद्म भूलले मीनबहादुर सिंहकी बहिनीलाई प्रेम विवाह गरेकोमा सिंहहरूले उनको बासउठ्ठा पारेको र केटीको पनि बच्चा सहितै हत्या भएको घटनालाई लिन सकिन्छ।

०५० असार २८ गते ३५ वर्षीया जला उपाध्याय र उनका ससुरा बजारबाट फर्कँदै गर्दा राती ८ बजे सुवेडा-२ अन्तरगत बाटामा भिष्म हमाल, काले हमाल र भुन्दु हमालको जत्थाले आक्रमण गऱ्यो। जबरजस्ती गर्ने दुराशयले कुटपिट गरिएको तर हारगुहारका कारणले सो सफल भएन भनी स्थानीय बासिन्दा बताउँछन्।

माल बिसौना-९ की अविवाहिता विश्वकुमारी सिंहले ०५० कार्तिक २० गते जुम्ल्याहा छोरीहरू जन्माइन्। तर जन्मिनासाथ शिशुहरूको मृत्यु भयो। हाल उनी गिरफ्तार गरिएकी छिन्। शिशुको हत्याको आरोप उनीमाथि लागेको छ। उनले प्रहरीमा दिएको बयान अनुसार शिक्षक भगत साहसंगको उनको संसर्गका कारण दोजीया भएकी थिइन्।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

सानै उमेरमा विहे गरिदिने चलन र जारी प्रथाले आपसमा साइनो गांसे झैं देखिन्छ। जसले गर्दा पटक-पटक जारी विहे गर्ने र धेरै पैसा लिने चलनलाई हुर्काएको छ। बहुविवाहको संस्कार बलियो छ। "यसै वर्षको शुरूमै जिविसका सभापति चेतराज बजालले भारतबाट दोश्रो विवाह

बझाङका वादी समुदाय जो नाचेर जीविका गर्छन्

गरी कान्छी पत्नी भित्र्याए अरूको कुरै छाडौं।" - बहुविवाह बारे जान्न खोज्दा बझाङ्गी जनता भन्छन्।

सैनपसेला-७ का रंगसिंगे धामीकी पत्नी विरमती सोही गाविसका चन्द्रबहादुर जाग्रीसंग ०४९ मंसीर १ गते पोइल गएकीले गरगहना, सम्पत्ति फिर्ता पाउन उनका पूर्वपतिले जारी मुद्दा हालेको पाइयो।

देउकी प्रथा बुङ्गल गाउँमा पाइन्छ। जिल्लाको सदरमुकाममा रहेका विशेषगरी वादी जातिका महिला देहव्यापारमा लागेको बताइन्छ।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

दास-दासीको रूपमा कार्यरत मानिसहरूको झुण्ड नपाइए पनि घरानीयाहरूको जग्गा कमाउने कमैयाहरू यहाँ पनि पाइन्छ।

५.२ अन्य अमानवीय व्यवहारहरू

अछूत समस्या यस जिल्लाको एउटा रोग बनेर बसेको कुरा सम्बन्धित मानिसहरू ठान्छन्।

६. आदिवासी अधिकार

यहाँ वादी जातिका मानिसहरू पनि छन्। थोरैको मात्र पारिवारिक घर-जग्गा भएको देखिन्छ र धेरै जसो माग्ने डुल्ने फिरन्तेको अवस्थामा रहेका छन्। जग्गा जमीन, रोजगारी र अन्य जिवीका पाएमा परिश्रम गरेर नयाँ सभ्यता तर्फ लम्कने रहर उनीहरूमा पनि पाइयो।

७. बालअधिकार

बालअधिकारको सम्बन्धमा चेतना ज्यादै न्यून पाइयो। धेरैजसो बालिकाहरू घरेलु काम-काजमा लाग्ने, पठन-पाठनमा कम सहभागी हुने गर्छन् र बाबु आमाबाट पनि प्रेरणा प्रोत्साहन निकै थोरैले मात्र पाउने गरेको पाइयो।

अतिरिक्त जानकारी

हाल त्यहाँ भइरहेको नापी कार्यमा सर्वसाधारणले दुःख झेल्नु परेको गुनासाहरू निकै पाइयो। कतै-कतै त एउटाको जग्गा अर्कैको नाममा नापी दर्ता गरिएको पनि पाइयो। यसबारे अदालतमा मुद्दा समेत पर्ने गरेका छन्। जिल्लामा प्रतिशोधका निम्ति झुठामुद्दामा फसाइने गरेको उदाहरण बनेर दौलीचौरका पद्म विश्वकर्माले जेल भोगी रहेको बताउँछन्। उनकी पत्नी घाँस काट्न जादा जोडेगाँड खोलामा खसेर बगिन्। तिनको लाश २ कोश तल फेला पऱ्यो। उनी भन्छन्- पछि वीरबहादुरको उक्साहटमा सालाले जाहेरी दर्खास्त दिई थुनामा बस्नु परेको छ। त्यसरी नै कालसेन खेताको मेलामा जाँदा भीरबाट लडेर मरेका मीनबहादुरलाई मारेको अभियोग लगाएर पूर्व पंच नवराज जोशीले आफूलाई झुट्टा मुद्दामा फसाएको बताउँछन् -शिक्षक धर्मराज खड्का।

/ ०५० असार १४ गते पाटादेवल-२ की श्रीमती गोला थापा झुण्डिएर मरिन्। भनिन्छ उनका पतिको एकाघरमा भाउजूसंग अवैध सम्बन्ध भएको पीडा खप्न नसकी उनले आत्महत्या गरिन्। मृतकका पति फरार छन् र प्रहरीद्वारा खोजवीन जारी छ। ❑



५. सुदूरपश्चिमाञ्चल

महाकाली

५.६ कञ्चनपुर

जनसंख्या : २५७९०६
साक्षरता : ४०.५ प्रतिशत
महिला साक्षरता : २२.८ प्रतिशत
क्षेत्रफल : १६१० वर्ग कि.मी.

नेपालको पश्चिमी सिमानामा रहेको यो जिल्ला पनि भारतसंग जोडिएको छ। पश्चिमको एउटा मुख्य नाका महेन्द्रनगर, सडक सीमा वनबासा र यस वर्ष पनि चर्चित रहेको टनकपुर बाँध क्षेत्र एवं महाकाली नदीभन्दा पारी पट्टिका दुई गाउँ दोधारा चाँदनी समेतलाई समेटेर रहेको कञ्चनपुरमा विकासको ज्योति मधुरो देखिन्छ। अशिक्षा, गरिबी र अन्धविश्वासले मानवअधिकार चेतनामा बाधा पुऱ्याएको छ। कमैया प्रथा जस्तो अमानवीय प्रचलनदेखि देहव्यापारसम्मका घटना यहाँ पाइए।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

प्रशासनिक बल प्रयोग गरी नागरिक हत्या भएको पाइएन। गोली प्रहारको घटना भने नेपाल भारत सीमा क्षेत्रको जिमुवा भन्ने ठाउँमा ०५० भदौ २९ गते घट्यो। कञ्चनपुर-९ र १० जिमुवाका नागरिकहरू अर्जुन नाथ, चन्द्रसिंह भण्डारी, नरेन्द्र अवस्थी, मानसिंह पुड्के जोशी लगायतका १२ जनालाई गाईवस्तु चराइरहेका बेला भारतीय सीमासुरक्षा गार्डले पक्रेर लैजान खोज्दा ती मानिसहरू भागेकोले गोली हानिएको थियो। भारतीय पक्षबाट प्रहार गरिएको उक्त गोली काण्डको निहुँ भने सीमा क्षेत्रमा रहेको चउरमा स्थानीय गाउँलेहरूले गाईवस्तु चराउनु नै रहेको छ। परापूर्व कालदेखि नेपालले चर्चेको करीब २८९५ एकड भूमि भारतीय पक्षले अतिक्रमण गरेको घटनालाई लिएर नेपाल र भारततिरका स्थानीय बासिन्दा बीच पटक पटक भै-भगडा हुने गरेको पाइयो। स्थानीय प्रशासन समक्ष उजूरी गर्दा सुनुवाई नभएको गुनासो पीडितपक्षको रहयो।

व्यक्तिगत रीसइबीबाट केही मानिसहरूको हत्या भएको र केही व्यक्तिले आत्महत्या गरेको कुरा पनि थाहा हुन आएको छ।

महेन्दनगर-४, भासीका कालीबहादुर वस्नेतको घरमा काम गर्ने अविवाहित युवती गायत्री चौधरीको स्थानीय अस्पतालमा ०५० भदौ २९ गते मृत्यु भएको घटनालाई एक थरीले आत्महत्या भन्ने र अर्को थरीले गायत्री गर्भवती भएकोले हत्याको आशंका व्यक्त गर्ने गरेको पाइयो।

१.२ जेल

भण्डै चारविघा क्षेत्रफल ओगटेको कञ्चनपुर जेल महेन्द्रनगरमा रहेको छ। २०२४ सालमा बनेको यस जेलको क्षमता ७५ जना बन्दी राख्न सक्ने छ, तर हाल ११३ वन्दीहरू थुनामा छन्। १२३ पुरूष र १ महिला मध्ये दोष प्रमाणित ५७ रहेका छन्। दुईवटा भवन छ र महिलाहरूलाई अलग्गै राखिन्छ। भित्रि चर्पी ५ र बाहिरी २ छन्। बत्तीको व्यवस्था छ। बन्दीको साधारण उपचार जेलमै स्वास्थ्य सहायकद्वारा हुन्छ। प्रौढ कक्षाको प्रबन्ध छ र रेडियो सुन्न दिइन्छ। वन्दीहरूसंग बुझ्दा यस वर्ष पहिले भै दुख नपाएको बताउँछन्। तर शेरबहादुर र लक्षिराम बीचको भगडामा दुबै थरीलाई ३ दिन सम्म ढोकामा उभिनु पर्ने सजाय दिइएको दुखद गुनासो भने सुनाउँछन वीरबल राना, विष्णु दराई र डम्बर बोहोराले पनि आफ्नो अपील अदालतले नसुनेको बह पोखे।

यहाँ तीन जना मानसिक रोगीलाई पनि थुनिएको छ र उनीहरूबाट अन्य बन्दीहरू असुरक्षित महसुस गर्दछन्।

१.३ गिरफ्तारी र यातना

यहाँ प्रशासनद्वारा नागरिकहरूलाई पक्डिँदा प्रायः पूर्जी दिइदैन। ०५० साउन ४ र ५ गतेको नेपाल बन्दका दौरान

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	२	२
बलात्कृत	-	१
भारतीय प्रहरीद्वारा गोली प्रहार	-	१
आत्महत्या	-	-

सांसद प्रेम सिंह धामी र एमाले कार्यकर्ता भोजराज जोशी, उर्वादत्त पन्त, राजेन्द्र रावल, नारायण घिमिरे, विक्रम शाही प्रेमबहादुर थापा (१४ वर्ष) राजेन्द्र शाही, भक्त बहादुर लगायतका सयौ व्यक्तिलाई विनापूर्जी नै पक्राउ गरियो। प्रहरी यातनाका क्रममा नारायण घिमिरे घाइते भए। त्यसरी पक्राउ परेका मध्ये पछि ६ जनालाई थुनामै सार्वजनिक अपराधको मुद्दा लगाइयो। "नावालकलाई समेत यसरी झुठा मुद्दा लगाई थुनामा राखेर कार्वाही गरिनु ज्यादै दुखद कुरा हो" - भोजराज रेग्मी बताउनु हुन्छ। रक्सी उत्पादन तथा बेचबिखनमा रोक लगाउने अभियानमा जुटेका पिलाडी -३ का शिव वालक चौधरी र लुलान चौधरीलाई ०५० कार्तिक १७ गते राती वेलडाँगी चौकीका गोपाल सिंह ऐरले पक्राउ गरी निमर्ममतापूर्वक कुटेको पाइयो। नीज ऐरले रक्सी उत्पादकहरूबाट नाजायज फाइदा लिई घर बनाउने काठ ओसारेको बखत पडाउका युवाहरूले विरोध गरेको रीसइबी साध्न शिव वालकलाई पक्राउ गरी निर्मम ढंगले कुटिएको व्योहोरा पीडित पक्षबाट थाहा हुन आएको छ।

लक्ष्मीपुर ६, फटैया बस्ने धनसिंह रावतले "प्रहरी भएर पनि तास खेली बस्नु हुन्छ ?" भनेको रिसमा स्थानीय प्रहरी चौकीका मानसिंह बोहोराले उनलाई ०५० बैशाख १५ गते पक्रेर कुटपिट गरे। त्यसपछि सार्वजनिक अपराधको मुद्दा समेत लगाए। उक्त मुद्दामा वैशाख २४ गतेका दिन भएको सर्जिमिनले प्रहरी ज्यादतीको विरोध एक स्वरले गर्दै धनसिंह निर्दोष छन् भन्यो। तर पनि उनलाई १० हजार धरौटी लिई तारिखमा राख्ने काम गरियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

प्रशासनिक हस्तक्षेपद्वारा सभा जुलुस गर्न रोक लगाएको घटनाको रूपमा वाम विपक्षीहरू द्वारा आयोजित ०५० साउन ४ र ५ गतेको बन्दलाई औल्याएको पाइयो। यद्यपि मानिसलाई प्रशासनिक बल प्रयोग गरी प्रत्यक्ष रूपमा यस अधिकारको उपभोग गर्न नदिएका अन्य उल्लेख्य घटनाहरू भने पाइएनन्।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता रहेको पाइयो।

२.३ राजनीतिक स्वतन्त्रता

उल्लेखित घटनामा बाहेक प्रहरी तथा प्रशासनबाट राजनैतिक स्वतन्त्रता प्रत्यक्ष हनन भएको पाइएन।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

नागरिकहरूको हक इन्साफ मिच्ने काम व्यक्ति वा राज्य कसैबाट हुनुहुँदैन। तर जव अन्याय हुन्छ न्यायका निम्ति न्यायिक तथा अर्ध न्यायिक निकायमा जानु पर्ने हुन्छ। यस वर्ष यहाँको न्यायिक निकाय जिल्ला अदालतमा ६६५ मुद्दा दर्ता भए। सरकार वादी फौज्दारी १३६, दुनियाँ वादी फौज्दारी २४४ र देवानी ३०५ रहेका छन्। कुल मुद्दामा जम्मा १७३ थान फर्स्योट भएको र बांकी कार्वाहीमा रहेका छन्।

बार एशोसियसनका केन्द्रीय उपाध्यक्ष भोजराज जोशी भन्नु हुन्छ - "यहाँ राजनैतिक कार्यकर्ताको मनोवल घटाउन सार्वजनिक अपराध ऐनको दुरूपयोग गरिएको छ।" बेलडांगीका मीनबहादुर हमाल, तीर्थबहादुर, पृथ्वीबहादुर र मानबहादुर विसीलाई लगाएको मुद्दालाई उहाँ उदाहरणका रूपमा औल्याउनु हुन्छ।

३. भूमिहीन तथा सुकुम्वासी समस्या

यहाँ भूमिहीनहरू हलिया प्रथाद्वारा बाँधिएका सुकुम्बासीका रूपमा पाइन्छन्। सुकुम्वासी वस्तिका रूपमा पर्ति जग्गामा बस्नेहरूको लगत लिने काम भएको र उनीहरूलाई वैकल्पिक वासस्थान दिने तर्फ सोचाई रहंदा रहंदै पनि सुकुम्बासी बस्ती भत्काउने काम पनि भइरहेको छ। उदाहरणका रूपमा मजगाउँका सत्तरी वर्षे परमानन्द भट्टको ०५० असोज १० गते घरबास भत्काइयो। कालिका बुटावारीमा पनि ५ घर परिवारलाई उठिबास पारियो।

४. महिला अधिकार

४.१ महिलाहरूको किनबेच र बलात्कार

यहाँ महिलाहरूको किनबेचका घटना छिटफुट रूपमा पाइए। वेलडाँडी निवासी करबीर सिंह धामीको ९ वर्षीया छोरीलाई ०४९ पुस २४ मा जंगलमा दाउरा लिन गएका बखत अपहरण गरियो। अपहरित बालिकाको खोजी अभिभावकहरूबाट भएको भए पनि प्रहरी प्रशासनबाट माघसम्म कुनै ठोस खोजविन हुन नसकेको पाइयो। ती बालिकालाई भारत तर्फ लगी बेचिएको आशंका गरिन्छ।

वेलडाडी खयरघाटका तुरू खत्रीले आफ्नी छोरी राम जला र सोही ठाउँका लोकबहादुर थापा बीच प्रेम विवाह भएकोमा ज्वाईसंग छोरीको मोल रू. २० हजार मागे। लोकबहादुरले खत्रीलाई सो रकम दिन मानेनन्। तुरू खत्रीले आफ्ना भाई भतिजा सहित भई ज्वाईको घर भत्काईदिंदै कुटपिट समेत गरे। ज्वाईबाट पैसा नपाएपछि हाल बझाङ र कञ्चनपुरका दुईवटा अदालतमा मुद्दा दिएका छन्। ससुराले हाल मागे वमोजिम रू. ४५ हजार रकम तिर्ने हो भने आफ्नो १८ कठ्ठा जमिन स्वाहा हुने कुरा पीडित लोकबहादुर थापा बताउँछन्।

यहाँ बलात्कारका घटनाहरू बढ्दो नै छ। ललाई फकाई करणी गर्ने देखि जवरजस्ती सामुहिक बलात्कार गर्नेसम्मका घटनाहरू यस वर्ष घटे। उदाहरणका रूपमा श्रीपुर-२, मुकुण्डामा नकटावावाको मेला हेर्न गएकी सोही गाउँकी एउटी युवतिलाई नारायण भण्डारी, वासुदेव लगायतका युवकहरूले ०५० जेठ १४ गते बलात्कार गरे। अन्य उपकारी व्यक्तिले उनीहरूलाई पक्रेर प्रहरीमा बुझाए। प्रहरीले कानूनी

कार्बाही नगरी एकदिन थुनेर लिखित माफि मगाएर छाडिदिए। घटनाको विवरण लिन पुगेका हाम्रा स्वयंसेवकलाई उनका पिताले "छोरीको इज्जत माटोमा मिलाएर नपुग्या भए उसलाई नै लैजानुस जे गर्नु हुन्छ गर्नुस्" भन्दै आफ्नो पीडा पोखे।

दोधारा चांदनीमा आफ्नो भिनाजु भेट्न आएकी एउटी युवतीलाई सोही ठाउँका नारायण भण्डारी सहितका ३ जनाले ०४९ माघ २२ गते साँझ हातपात गर्न खोज्दा थाहा पाई उद्धार गर्न जाने भिनाजुलाई पिटेर रक्ताम्य पारे। उ वेहोश भए पछि उनलाई दुर्व्यववहार गरी उनले लगाएका गरगहना समेत लुटेर भागे। भोलीपल्ट प्रहरीमा जाहेरी दिन गएका भिनाजुलाई उल्टै "चोरी गरेर पो आइस कि" भन्दै उल्लीबील्ली पारेपछि प्रजिअ कार्यालयमा निवेदन दिए। तर पनि अपराधिमाथि कुनै कारवाही भएन।

कञ्चनपुर प्रहरी कार्यालयका इन्स्पेकटर भैरव श्रेष्ठले ०५० बैशाख १३ मा एउटी स्थानीय थारू युवतीलाई हातपात गर्न खोज्दा होहल्ला भई पक्राउ परे। जनसमुसदायले उनीमाथि कार्वाही होस भनी प्रहरी कार्यालयमा बुझाए तर कारवाही भने भएन।

श्रीपुरकै बेलरियामा दाउरा खोज्न गएका दुई युवतिलाई देखनभुलीका भक्त बहादुर कुंबर लगायतका ४ व्यक्तिले ०५० जेठ २२ गते हातपात गरी गहना समेत लुटे। प्रहरीमा जाहेरी दिंदा सुनुवाई भएन। अभियुक्त हाल बम्बईमा ड्राइभरी गर्दछ।

बेलौरी बजारमा ०५० बैशाख ५ गते राती एक महिला माथि अभद्र व्यवहार गर्ने शुभेन्द्र गिरी, विजय विष्ट, शिवराज भट्ट सहितका व्यक्तिलाई स्थानिय जनसमुदायले कार्वाहीको माग गरे। तर प्रहरी ठाना इन्चार्ज अणुबहादुर पाण्डेले कुनै कार्वाही नगरेका ले प्रजिअ समक्ष उजुरी गरियो। तर पनि उचित कार्वाही नभएको गुनासो पीडित पक्षबाट पाइयो।

४.२ जारी, बहुविवाह, देउकी वादी आदि समेत

यसवर्ष यहाँ जारी र बहुविवाहका घटनाको जानकारी प्राप्त भएन।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्न

५.१ दासत्व विरूद्धको अधिकार

यहाँ बाँधा प्रथाकै एक रूप बनेर रहेको हलिया प्रथा पाइन्छ। यद्यपि कमैया प्रथा पनि बाँधा प्रथाकै एक रूप हो। संकरपुर-८ बस्ने कल्याण बहादुर सिंह केसीले सोहो ठाउँका बेचन चौधरीलाई हलिया राखेको र नीज चौधरीले तिर्नु पर्ने ११ हजार ३० को थैली बुझाउदा पनि माघी नआई मुक्ति नपाएको घटनाले यही कुरा दर्शाउछ। बस्नेतले नै सोही ठाउँका फूलवती चौधरीलाई पनि हलिया बस्न नमान्दा कुटपीट गरी कोठामा थुनेर राखेका थिए। यस जिल्लामा २५ हजारभन्दा बढी कमैया रहेको अनुमान छ। इन्सेकद्वारा गरिएको सर्वेक्षण अनुसार करीब ७३ प्रतिशत कमैया दास जीवनबाट मुक्त हुन चाहन्छन्।

५.२ अन्य अमानवीय व्यवहार

विलासपुर २ सडकघाट बस्ने एक महिलालाई आफ्नो खेतको सीमामा घास काट्दै गर्दा भारतिय नागरिक बख्सिसिंह, गुरूजीत सिंहले ०५० बैशाख ३० गते अपहरण गरे। उनले लगाएका गरगहना लुटे। त्यसरी लुट्नुको कारणमा ती सरदारहरूले रक्सी खाई झगडा गरेका बेला उनको छोरा विवेक लम्सालले छुट्याएका थिए र यसैको रीस फेर्न उनकी आमालाई अपहरण गरेको बुझिन्छ। प्रहरीले पछि भारत स्थित बख्सी सिंहको घरमा पुगी महिलालाई छुटाएको थियो र नीजलाई पक्राउ गर्न खोज्दा पिस्तोल लिएर जाइलाग्दै घरमै आगो लगाउन तम्सेका थिए।

६ आदिवासी अधिकार

थारू जातिको वासोवास रहेको यस जिल्लामा उनीहरूलाई धनीमानी व्यक्तिहरूले हेला होचो गर्ने गरेको पाइन्छ। अशिक्षा र गरीबीको कारण उनीहरूले आफ्नो अधिकार बारे जानकारी राख्न सकेका छैनन।

७. बालअधिकार

धेरैजसो केटाकेटी अझै पनि स्कूलमा नजाने गरेको देखिन्छ। उनीहरू गाइ गोठाला जाने, घर धन्दा गर्ने जस्ता काममा लागेको पाइन्छ। बालविवाहले पनि केही मात्रामा उनीहरूलाई दुख दिएको देखिन्छ। बालकहरूको किनबेच पनि हुने गरेको घटना यहाँ पाइयो। उदाहरणका रूपमा सुडा ५ सुन्दरपुर बस्ने हिरमल अवस्थीले सोही ठाउँका शेरसिंह वोहरा वर्ष ११ लाई भारत लगी रू. ६ हजार १ सय नगद र एक तोला सुनमा विक्रि गरेको घटनालाई लिन सकिन्छ।

अतिरिक्त जानकारी

यस वर्ष भदौ २६ र २७ गते परेको अविरल वर्षाले यहाँ निकै धनजनको क्षति गर्‍यो। महाकालि पारिपट्टि दोधारा चाँदनी लगायत महेन्द्र नगर नगरपालिका, रौतेल विछवा, झिलमिला, विलासपुर, बेलारी, देखनभुली, झलारी आदि गाउँहरू बाढीको चपेटामा परे। बाढीको प्रकोपमा परी विलासपुर-९ रतनपुरामा रामदत्त भट्टकी १२ वर्षीया छोरी र तुलादत्त भट्टकी १४ वर्षीया छोरीको दुखद निधन भयो। बाढीले कुतिया कबरमा ८ घर, लठ्ठाघाटमा १६ घर, कानपुरमा २६ घर, झिलमिला-८ मा ११३ घर वडा नं. ९ मा २७५ घर परिवारलाई विचल्लिमा पार्‍यो। बाढीले सयौ विघा धान नोक्सान गर्‍यो। धुप्रै गाई बस्तुहरू बगायो। सरकारले पीडितहरूलाई राहत पुर्‍याउन दुई दिन हेलिकप्टर सेवा प्रदान गर्‍यो र उद्धार कार्यमा प्रहरी तथा सेनालाई परिचालन गर्‍यो।

यस वर्ष यहाँ वन अतिक्रमण गरेको आरोपमा विभिन्न व्यक्तिलाई पक्राउ गरी मुद्दा समेत लगाइएको पाइयो। झलारी १ बस्ने जयदेव भट्ट, मदनराज जोशी वलदेव पाण्डे, दत्तराज घट्ट, पिपलाडी ३ बस्ने लालसार्की, र देखतभुली ४ बस्ने हैरानु चौधरी लगायत सात जना व्यक्तिलाई वन मासेको आरोपमा पक्राउ गरी थुनियो। सुदा ५ बस्ने गजबहादुर, कल्याण सिंह र कालिका ५ बस्ने कनैया रानालाई पनि वन अतिक्रमणको मुद्दामा थुनियो।❑



५. सुदूरपश्चिमाञ्चल

महाकाली

५.७ डडेलधुरा

जनसंख्या : १०४६४७
साक्षरता : ३६.१ प्रतिशत
महिला साक्षरता : १२.८ प्रतिशत
क्षेत्रफल : १५३८ वर्ग कि.मी.

महाकाली अंचलको पहाडी जिल्ला डडेलधुरा तराईसंग जोडिएको छ। यातायातको सुविधा पुगिसकेको यो जिल्ला पश्चिमका अन्य कतिपय जिल्लाका तुलनामा केही अगाडि पनि छ। ऐतिहासिक महत्वका दर्शनीय पुराना किल्लाहरू रहेको यस जिल्लामै पहिले किसान नेता भीमदत्त पन्तको नेतृत्वमा किसान विद्रोह भएको थियो। र तत्कालिन सरकारद्वारा उनको हत्या गरिएको थियो।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यस वर्ष प्रशासनिक बल प्रयोगद्वारा कुनै हत्या एवं गोलीकाण्डहरू घटेको पाइएन। तर नागरिकहरू बीचको अन्तरकलह र प्रतिशोधका कारण केही मानिसको ज्यान गएको पाइयो।

घोडगाउँ -४ का बहादुर सांवद र उनैका भाइ टेकबहादुर सांवद बीच अंश सम्बन्धी झगडाका कारण ०५० असार २४ गते टेकबहादुरले सानो ढुंगाले हानेका थिए। पछि दाजुको मृत्यु भयो। जोगबुढाका रामबहादुर वोहोराले अंश सम्बन्धी झगडाको कारण आफ्ना काका जयदेव वोहरा, काकी र बहिनी समेत ३ जनालाई ०५० बैशाख २५ गते काटे।

१.२ जेल

४ कोठाको जेल भवनलाई एउटा कोठा महिलाको निम्ति अलग्याएर बाँकीमा पुरूष बन्दी राखिएको छ। २५ बन्दीको क्षमता रहेको "घ" श्रेणीको यो जेलमा प्रशासन तर्फ ७ जना र सुरक्षा तर्फ २१ प्रहरी कार्यरत छन्। कूल बन्दीको संख्या पनि २१ नै रहेको छ। १९ जना पुरूष र २ जना महिलामा ८ जना आरोपित बन्दी छन्। यस वर्ष थुनामा परेकाहरूको संख्या १८ छ। बन्दीहरूमा धेरै ज्यान सम्बन्धी घटनासंग सम्बन्धित छन्। सुरूक्षा गार्डहरू र प्रशासनका निम्ति छुट्टै घर छ।

घटनाको प्रकृति	घटना संख्या १९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	१	१
बलात्कृत	-	-
आत्महत्या	-	-

१.३ गिरफ्तारी र यातना

यसवर्ष यहाँ राजनैतिक आन्दोलनको सिलसिलामा गिरफ्तारी भएको र यातना दिइएको उल्लेख्य घटना छैन। अन्य घटनाहरूको सन्दर्भमा केही मानिस पक्राउमा परेको पाइयो।

खलंगाको चोरी काण्डमा परेका सुरेश कठायत, राजेन्द्र कार्की र लोकेन्द्रबहादुर रावललाई गिरफ्तारी पछि निकै यातना दिइएको र अभियोग स्वीकारे पछि हाल २ जनाले ६७ हजार रूपियाँ धरौटी राखेर तारिखमा छुटे तर धरौटी राख्न नसक्ने अवस्थाका लोकेन्द्र रावललाई जेल पठाइयो।

आलिताल -५ डोला गाउँमा पूर्व पंच दानबहादुर र सोही गाउँका जीतबहादुरले बंगुरको मासु र रक्सी खाइ पहिले तिलक रखाललाई जथाभावी भने। त्यसपछि स्कूलको छात्रावासमा पसेर चुलो भत्काई दिए। विद्यार्थीहरूले उनलाई संझाइ-बुझाई घरतिर पठाइदिए। भोलिपल्टदेखि उनलाई पखाला चल्यो। उनले ५ जना गाउँले युवा र ९ जना विद्यार्थीलाई सार्वजनिक अपराधको मुद्दा दिए। विद्यार्थीहरूलाई ३ हजार रूपैयाँ लुटेको समेत आरोप लगाए। त्यही आरोपमा ०५० असोज १ गते प्रहरीले गाउँका युवा र विद्यार्थी गरी १४ जनालाई पक्राउ गर्‍यो। उता पहिलेदेखि पक्षघात भएको र अजीर्ण लागेका दानबहादुर कठायतले हेल्थपोष्टका इन्चार्जलाई कुटपिटले गर्दा नै पखाला चल्ने र टाउको दुख्ने भएको हो भनी रिपोर्ट लेख्न दबाव दिए। पछि उनी उपचारार्थ धनगढी हुँदै लखनउसम्म पुगे। त्यहाँ ठीक नभए पछि



डडेलधुरा कारागार शाखाका पुरुष बन्दीहरु

काठमाडौं ल्याई उपचार गर्दा गर्दै उनी ०५० कर्तिक २८ गते मरे। पक्राउ परेकामा कक्षा ७ मा पढ्ने १२ वर्षको पद्मराज जोशी जस्ता कलिला केटाकेटी पनि छन्। १३ जनाबाट रू. १ लाख ३० हजार धरौटी लिई अहिले तारिखमा राखिएको छ।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

राजनैतिक विचारमा बाँधिएर संगठित हुन नदिइएको भन्ने केही युवाहरूको गुनासो पाइयो। र केही शिक्षकहरूलाई पनि संगठनमा लागेकै कारणले अपायक सरुवा गर्ने काम भएको पाइयो। उदाहरणको रूपमा शिक्षक लक्ष्मीदत्त जोशी र भगिरथ पनेरूलाई गरिएको सरुवालाई लिन सकिन्छ।

२.२ धार्मिक स्वतन्त्रता

धार्मिक आश्थाकै कारण यहाँ यो वर्ष कुनै घटना घटेको पाइएन।

२.३ राजनैतिक स्वतन्त्रता

मानिसलाई स्वतन्त्र रूपमा दल छान्ने कामकुरामा समेत बाधा पुऱ्याइन्छ भन्दै स्थानीय बासिन्दाहरू उदाहरण दिन्छन् "अलितालका बिचरा प्रेमबहादुरलाई कृष्णदासको पक्ष नलिंदा सार्वजनिक मुद्दामा फसाइयो।" विकासका काममा पनि भेदभाव भएको बताउँछन् - जोगबुढाका बहादुर स्वाति। बेलापुरका भूतपूर्व प्रधानपंच जयबहादुर बिष्टले तामाको गाग्रीमा हात चोपाएर कसम खुवाउने गरेको पनि बताइयो।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

जनताको न्यायिक चेतना न्यून रहनु, न्यायिक निकायसम्म पुग्ने र त्यसक्रममा व्योहोर्नु पर्ने आर्थिक भार बहन गर्न नसक्नु जस्ता कुराले पनि यस अधिकारलाई असर पारेको पाइयो। त्यति भएर पनि यस वर्ष न्यायिक निकायमा कूल १८ मुद्दा दर्ज भए। ती मध्ये फौज्दारी तर्फ हत्या ३, गर्भपतन ३, जीउ बेच्ने मास्ने १, चोरी १ रहे। दुनियावादी फौज्दारीमा कुटपिट १, ठगी १ र विशेष अदालतमा गालि-वेइज्जति २ रह्यो। संक्षिप्त कार्यविधिमा सम्बन्ध विच्छेद १, लुटपिट १ रहेको छ। प्रहरीबाट अदालतमा गएका ८ मा ३ गर्भपतन, ३ हत्या, नकवजनी चोरी १ र जीउ मास्ने बेच्ने १ छन्।

प्रहरीमा यसवर्ष जम्मा ३४ मुद्दा दर्ता भएका थिए। जसमा भवितव्य ज्यान ७, बलात्कार १, सार्वजनिक अपराध १२ छन्। प्रहरी अधिकृत सुरतबहादुर शाह भन्नु हुन्छ - "हत्या बलात्कार र सार्वजनिक अपराध रोक्न राजनैतिक समझदारी राख्नु पर्छ र मादक पदार्थको उत्पादन र बिक्री बितरणमा रोक लगाउनु पर्ने देखिन्छ।"

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा भूमिहीन तथा सुकुम्बासी समस्या रहेको छ। विशेष गरी राउटे जाति भूमिहीन अवस्थामा छन्। पञ्चायत कालमा केहीलाई जमिन बाँडिएको भए पनि समस्या सुल्झेको देखिएन। सुकुम्बासीका रूपमा अन्य जातिका मानिस पनि भेटिए। प्राप्त जानकारी अनुसार गाङ्खेतमा १, समेजीमा १, रूपालमा ४, गणेशपुरमा ११६, सहश्रलिङ्गमा ५, आलितालमा ४, घटालमा १, बगरकोटमा १३, असिग्राममा १५; शीर्षमा ६, मणिलखमा ५, चिपुरमा १, उग्रतारामा १५, कोटेलिमा ८, नवदुर्गामा ४ घर परिवार भूमिहीन तथा सुकुम्बासी रहेका छन्। यसमा अधिकांश अछूतको अवस्थामा रहेका परिवारहरू पर्दछन्।

४. महिला अधिकार

४.१ महिला किनबेच र बलात्कार

महिलाहरूलाई किनबेच गरिएका घटनाहरू उल्लेख्य रूपमा पाइएनन्। तर छोरीको विहे टुंगो गर्दा नै केही पैसा लिने चलन बढ्दो छ। प्रहरी कार्यालयमा महिला किनबेचको एउटा घटना दर्ज भएको पाइयो। गर्भपातका ३ घटना घटेको जानकारी प्राप्त भयो। बलात्कारका घटना भने केही पाइए।

जमनगोठमा कानो सारूकी पत्नीलाई भवानीसिंह वोहोरा र हरी सिंह नेगीले गरेको बदमासीमा रू ३ हजार दिई मिलापत्र गरिएको र मानसिंह कार्कीले लाटी केटीलाई ०५० बैशाख २३ गते बलात्कारको प्रयास गरेको घटना पनि जानकारीमा आएको छ। तीनै जना अभियुक्तहरू प्रहरी भएको बताइन्छ।

४.२ जारी, बहुविवाह, देउकी, बादी आदि समेत

जारी प्रथा छ र ८ देखि ४० हजारसम्म लिने गरिन्छ। बहुविवाह सामाजिक प्रचलन बनेको छ। ३५ देखि ६५ वर्षसम्मका व्यक्तिहरूले दोश्रोदेखि पाँचौ विहासम्म गरेको पाइन्छ। अधिकांश व्यक्तिले छोरा-छोरी हुँदा हुँदै र केहीले पहिलो पत्नीबाट छोरा नभएको कारणले नै बहुविवाह गरेको पाइयो। जिल्लाका सबै गाउँमा थेर-थोर संख्यामा बहुविवाह भएको पाइयो। प्राप्त विवरण अनुसार अजमेरू गाविसमा १७ जना, आलतालमा ३ जना, शीर्षमा ३ जना र जोगबुढामा १५ जनाले बहुविवाह गरेको पाइयो।

देउकी प्रथा चलनकै रूपमा छ। बेलापुर-३ स्वाकोटमा बस्ने काली देउकीलाई दुर्गाको मन्दीरमा चढाइएको थियो। त्यहीं उनले कुनै "देउका" संग परिवार बसालिन् र १ छोरा र १ छोरी जन्माएकी छिन्। देउकीहरूले गाउँबाट "डोरी / बारी" को रूपमा अन्न उठाई जीविका चलाउँछन्। देउकीहरूमध्ये कतिपयले पुरूष साथी रोजेर घरजम गरी बस्ने पनि गर्दछन्। त्यसरी साथ लिइएको लोग्ने मान्छेलाई "देउका" भन्ने चलन छ। बेलापुरमा रहेका देउकी / देउकामा चन्द्रा "नायक", कमल्या "नायक" करवीर "नायक", मने देउकी, हरूवा देउकी, रामे देउका, इन्द्र देउका, दली देउकाहरू उल्लेख्य छन्।

अजेयमेरूमा बैतडीबाट ल्याइएका दुईवटी देउकीलाई केदार मन्दीरमा चढाइएकोमा ती मध्ये हाल कौसी देउकी टिटालीमा बसेकी र नारू देउकी महेन्द्रनगर झलारीमा बस्ने गरेको बताइन्छ। टिटालीकी देउकी हिउँद र वर्षामा नाली/डोली उठाएर जिवीका चलाउँछिन्।

वादी जाति पनि यस जिल्लामा रहेका छन्। कैलपालमा ३ परिवार, मष्टमाण्डौमा १ परिवार, अजयमेरूमा ३ परिवार र नवदुर्गामा १५ जनाको एक परिवार, ४ जनाको एक परिवार तथा अरू ६ परिवार, आलितालमा ४ परिवार रहेका छन्।

महिला अधिकारमा बाधा पुऱ्याउने दुर्व्यशनको रूपमा भने रक्सी सेवन गर्ने, जुवा तास खेल्ने प्रवृत्ति पाइयो।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यहाँ दास-दासीको रूपमा मानिसको क्रय-विक्रय गर्ने प्रथा छैन।। कामदारका रूपमा रहेका हली गोठाला भने देखा परे।

५.२ अन्य अमानवीय व्यवहारहरू

जिल्लामा जातीय छुवाछूतको भेदभाव पाइन्छ। अछूत भनिने जातिका रूपमा चुनारा, दमै, टमटा, सार्की, कामी, तिरूवा, ढोली, कोली, ओडी, सेरालाहरू छन्। खलंगामा ७८, उग्रतारामा ४३२, भूमीराजमा २११, समैजीमा ८२, बेलापुरमा १२६, गाङ्खेतमा ३७, केलपालमा २३३, गणेशपुरमा १३०, सहश्रलिंगमा १२४ मागेश्वरमा १८१, आलितालमा २०८, नवदुर्गामा १९८, रूपालमा १४३, मणिलेकमा १६०, अजयमरूमा २२२, चिपुरमा १०४, बगरकोटमा ९९, घटालमा १०७, कोटलीमा २०० र शीर्षमा १८५ परिवार रहेका छन्।

६ आदिवासी अधिकार

यहाँ राउटे जातिको बसोबास छ। शीर्ष गाउँको रज्यौडा टोल उनीहरूको मुख्य थलो हो। राउटेहरूले आफूलाई रजवार र पाल पनि भन्दछन्। यहाँ करिव ४२ घर राउटेहरू बस्छन्। ०४१ साल भन्दा पहिला यिनीहरू सुदूर पश्चिमका विभिन्न जिल्लामा घुमि-डुली हिंड्थे। जंगली कन्दमूल खान्थे। निश्चित बसोबास हुँदैनथ्यो तर अहिले स्थायी बसोबास गर्दछन्। त्यतिबेला प्रतिपरिवार डेढ बिघाको दरले जग्गा उपलब्ध गराइएको थियो। जोगबुढाको आमपानीमा पनि करीव ६५ परिवार राउटेहरू बस्छन्। तुला रजवार भन्छन् -"पंचायत कालमा हामीलाई दिइएको जग्गा अहिले धेरै जसो ठूलाबडाले खरिद गरी सके, के गर्नु उब्जाएको अन्नले ३ महीना खान पुग्दैन अनि त जग्गा बन्धकी राखेर ऋण लिनै पऱ्यो।"

७. बालअधिकार

जिल्लाको धेरै जसो भागमा छोरीलाई स्कूल पठाईदैन। गाउँमा सयमा ३ जना मुस्किलले बालिका विद्यार्थी पाइन्छन्। "माथिल्लो घरानामा छोरी मोरी अर्काकी भन्दछन् भने तल्ला जातिमा माथ्ला मान्छेले त छोरी पढा छैनन्, हाम्रा घरको काम कसले गर्छ नि !" भन्ने गरेको पनि पाइयो।

अतिरिक्त जानकारी

डडेलधुरामा विद्युत प्राधिकरणमा कार्यरत लक्ष्मणसिंह जोशी र गौतमदत्त जोशीले जेनेरेटरको तेलटंकीमा चिनी मिसाइ बदमासी गरेको अभियोगमा लक्ष्मणसिंहलाई २ लाख ११ हजार ८ सय र जोशीलाई २ हजार ८ सय धरौटी लिई कार्वाही भइरहेको छ। ❑



५. सुदूरपश्चिमाञ्चल

महाकाली

५.८ बैतडी

जनसंख्या : २००७१६
साक्षरता : ३५.३ प्रतिशत
महिला साक्षरता : १३.४ प्रतिशत
क्षेत्रफल : १५१९ वर्ग कि.मी.

अडसठ्ठी गाउँहरू समेटेको यस जिल्लामा सबै जातका मानिसहरू पाइन्छन्। पहिले सोराड, रोराड र पुरचौडी क्षेत्रका रूपमा जिल्लालाई लिइने गरिएको भएपनि अहिले त्यो भेदभाव छैन। बैतडीमा सबै जातिका मानिसहरू छन्। पहाडी भूभाग हुनु, सिचाईको प्रवन्ध नहुनु, र खेतीबाट गुजारा चलाउन कठिनाई हुँदै जान थाले पछि मानिसहरूमा स्वदेश र विदेशमा जागीर खोज्न जाने प्रवृत्ति बढ्दो छ। त्रि.वि.वि. को कुनै क्याम्पस छैन तर प्राइवेट क्याम्पस भने दुईवटा छन् र पच्चीस वटा मा.वि.हरू छन्। जिल्लामा मानवअधिकार सम्बन्धी चेतना ज्यादै नै न्यून रहेको छ। यहाँ राज्यबाट, समाजबाट र व्यक्तिबाट गरी तीन प्रकारले मानवअधिकार हनन हुने गरेका छन्।

१ सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

बल प्रयोगबाट स्थानीय प्रशासनले यस वर्ष कुनै हत्या वा गोली काण्डका घटनाहरू घटाएको पाइएन। तर पनि व्यक्तिगत प्रतिशोध र वैमनश्यद्वारा नागरिकहरूको हत्या हुन पुगेका घटनाहरू भने पाइए। जिल्लाबाट प्राप्त सूचना अनुसार यसवर्ष ६ वटा ज्यान सम्बन्धी मुद्दा दर्ज भएका छन्।

प्राप्त जानकारी अनुसार दशरथचन्द-३ औलाको जंगलमा ०५० मंसीर ३ गते मृत अवस्थामा फेला परेकी भारतको पिथौरागढ निवासी सुश्री कमलेश मनरालको शंकास्पद मृत्युको घटना, चौरवाम-१ का नरवीर सिंह गोचलाको ०५० असार २९ गते पसलबाट नफर्के पछि खोजी गर्दा नजिकै भीरमा लाश फेला परेको घटना, गुरूखोला-९ बकुन्नाका सिकर्मी दानी भट्टको घटना, बिसालपुर-६ का कलवीरराम लोहारलाई आफ्नै पत्नी लक्ष्मी लोहारले धानी कोलीसंग मिलेर हत्या गरेको घटनाहरू उल्लेख्य छन्।

१.२ जेल

पर्खालभित्र दुई मिटरको घुम्ने ठाउँ रहेको र महिला पुरुष वार्ड छुट्टाछुट्टै रहेको यो जेल झण्डै २५ रोपनी जमीनमा रहेको छ। बैतडी जेलको कूल क्षमता २५ जना बन्दीको छ। अहिले यहाँ ३८ जना बन्दीहरू रहेका छन्। कूल बन्दीमा १७ जना आरोपित मात्र छन्। यसवर्ष केटाकेटी र महिला बन्दीहरू छैनन्। जेलभित्र प्रौढ शिक्षा कार्यक्रम संचालित छ। बन्दीहरूलाई यातना दिइएको पाइएन। तर जेलमा सर-सफाईको राम्रो व्यवस्था नभएको पाइयो। भित्री चर्पी १ र बाहिरी २ छन्। तर त्यसले बन्दीहरूको आवश्यकता पूरा भइरहेको छैन। उडुस-उपियाँको प्रकोप रहेको तर किटनाशक औषधि छर्ने व्यवस्था नभएको पाइयो। भुईं चीसो र छाना पानी चुहिने भएको हुँदा बन्दीलाई जाडो र वर्षायाममा कठिनाई हुने गरेको पाइयो। पत्रपत्रिका पढ्न र रेडियो सुन्न दिइँदैन। खेलकूदका सामानहरू पनि पर्याप्त नरहेको पाइयो। यस कारागारबाट चौखण्डी मिनाहाबाट यस वर्ष कोही छुटेनन्।

१.३ गिरफ्तारी र यातना

प्रशासनबाट गरिने नियन्त्रण वा दमनको रूपमा यस वर्ष यहाँ सात वामहरूको संयुक्त आव्हानमा भएको विरोध कार्यक्रममा ०५० असार १९ गते गरिएको गिरफ्तार बाहेक अन्य घटनाहरू पाइएन। त्यस घटनामा भने गंगा पौड्याल, देवदत्त भट्ट र मानबहादुर गुरूङ्गलाई बिनापूर्जी पक्राउ गरिएको र गुरूङ्गलाई केही यातना दिइएको कुरा पीडित पक्षले उल्लेख गरेका छन्। त्यसै दिन गोठालापानीबाट शाहीलेक गएको शान्ति जुलुशमा पनि प्रहरीले लाठीचार्ज गरेको थियो।

अन्य गिरफ्तारी र यातना भने विभिन्न व्यक्तिहरू

	घटना संख्या	
घटनाको प्रकृति	१९९२	१९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	३	३
बलात्कृत	-	३
प्रहरीद्वारा सामुहिक बलात्कृत	-	१
आत्महत्या	-	७

बीच भएका वारदातहरूको छानवीनका क्रममा भएका छन्। ज्यान मुद्दामा परेका रंगी कोली बताउँछन् -"म अपराधी होइन, मलाई निर्मम यातना दिएको हुँदा ज्यान त बाँच्ला भनेर अभियोग सकारें। के गर्नु प्रहरीले मलाई लठ्ठी र बुटले कुटेको मात्र हैन नाकमा खुर्सनीको धुलो हाले, औंलामा पीन गोबे र हात भाँची दिए।"

पाटन मेलाबाट फर्कँदै गरेका कमलापति अवस्थीलाई जयदेव अवस्थी सहितका सात जना व्यक्तिले मारेको भनी छानवीनका निम्ति पक्रिएको र उनीहरूलाई निकै यातना दिइएको कुरा पीडितहरू बताउँछन्। अदालतका डिठ्ठाले समेत आफूले यातना पाएको विवरण भन्दा नलेखिदिएको गुनासो जयदेव तथा मनिराम कुंवर गर्दछन्। यसै घटनाका अभियुक्त भवान सिंह कुँवर भने आफूलाई राजनैतिक विपक्षले फसाएको बताउँछन्।

०५० कार्तिक ७ गते मेलौली-६ जर्कुका शिक्षक गणेश सिंह नायकले मेलौली इलाका प्रहरी कार्यालयमा एक जना प्रहरीले बलात्कार गरेको भनी प्रहरी प्रधान कार्यालयमा उजुरी गरेका थिए। सोको बदला लिन उनीमाथि झुठा मुद्दा लगाइयो र कुटपिट समेत गरियो।"

२. मौलिक अधिकार

जनताको मौलिक हकमा बन्देज लगाउने प्रतिशोध लिने कानूनी औजारको रूपमा सार्वजनिक अपराध ऐन अन्तरगत मुद्दा लगाउने प्रवृत्ति बढेको गुनासो जिल्लाका सचेत व्यक्तिहरूबाट प्राप्त भयो।

२.१ अभिव्यक्ति स्वतन्त्रता/मेला र संगठित हुने अधिकार

यी अधिकारहरूको उपभोगमा प्रत्यक्ष रोक लगाइएका घटनाहरू उल्लेख्य रूपमा पाइएन तर केही घटनामा विचारको आधारमा भेदभाव गरिएको पाइयो। उदाहरणका रूपमा शिक्षक र कर्मचारीहरू बीच यो समस्या देखा पर्‍यो।

२.२ धार्मिक स्वतन्त्रता

जातीय परंपरा अनुरूप मन्दीरहरूमा अछूतहरूलाई प्रवेश निषेध गरिएको पाइयो र धर्मकै नाममा "देउकी" राख्ने गरिएको पाइयो। धार्मिक कलह झगडा भएको भने पाइएन र धार्मिक सहिष्णुता पाइयो।

२.३ राजनैतिक स्वतन्त्रता

उल्लेखित घटनामा बाहेक प्रहरी तथा प्रशासनबाट राजनैतिक स्वतन्त्रता प्रत्यक्ष हनन भएको पाइएन।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्लाको दुर्गम स्थिति, गरीबी र अशिक्षाले गर्दा न्याय खोज्न अदालत जाने प्रचलन बलियो छैन। तर पनि प्रहरी प्रशासन मार्फत र सोझै अदालतमा निवेदन दिएर इन्साफ खोज्ने क्रम बढ्दो छ। ढिलो फैसला हुने, खर्च-बर्च निकै लाग्ने र कानूनी कुरा नजान्ने हुँदा पनि नागरिकहरूले सरल ढंगले न्याय पाउन नसकेको कुरा जिल्लाबासीहरू बताउँछन्।

यसवर्ष नापी चलिरहेको भएर होला, अदालतमा परेका मुद्दाहरूमा सबभन्दा बढी -"नापी निर्णय बदर गरी पाउँ" भन्ने रहेको पाइयो। कूल १२७ मुद्दा यस वर्ष दर्ता भएकोमा लेनदेन ५, अंशवण्डा ११, पारिवारिक झगडा (बहुविवाह, सम्बन्ध विच्छेद र नाता कायम गर्ने) १२ वटा, कुटपिट ३, लुटपिट ८, गाली-बेइज्जति ८, किर्ते ३, चोरी ७, बलात्कार २, ज्यान ४, विविध ३९ र नापी निर्णय बदर २१ वटा परेका थिए। अभियुक्तहरूलाई प्रहरी हिरासतमा यातना दिने गरेको व्योहोरा अदालतमा पनि व्यक्त हुने गरेको र त्यसरी यातना पाउनेको डाक्टरी जाँच गराइने गरेको कुरा न्यायाधीश ओमप्रकाश सुवेदी बताउनु हुन्छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यहाँ सुकुम्बासी समस्या पाइएन। केही भूमिहीनहरू तराई झरेका र केही हलि गोठालाका रूपमा आफ्नो जीविका चलाउँदै आएको पाइन्छ।

४. महिला अधिकार

महिलाहरूलाई स्वतन्त्र रूपमा आफ्नो पति रोज्ने हक प्राप्त छैन र अन्तरजातीय विवाहलाई पनि सामाजिक मान्यता छैन। यस वर्ष यहाँ कतिपय अछूत भनिने महिलाहरूले उपल्ला जातका पुरूषसंग संसर्ग भएकोले नाता कायम गरिपाउँ भनी अदालत पुगे। उदाहरणका रूपमा कृष्ण लोहार र मनोरथ जोशी बीचको सम्बन्ध र कुइरा लोहार र वीरबहादुर ठगुन्ना बीचको सम्बन्धलाई लिएर अदालतमा मुद्दा चलिरहेको छ।

यहाँ महिलाहरूलाई महिनावारी हुँदा पाँच दिन अलग्ग घरमा राख्ने प्रचलन छ। सुत्केरी हुँदा गोठमा राखिन्छ।

४.१ महिला किनबेच र बलात्कार

विशेष गरी पैसाको मोहमा महिलाहरूको किनबेच हुने गरेको पाइयो। विदेशतिर वेस्यावृत्तिमा लगाउने वा ठूला शहरतिर बेचबिखन भएका घटना भने जानकारीमा आएन।

सर्मोली घर भएकी धनादेवीलाई उनका काकाले रू. १२ हजारमा बेच्ने प्रयास गरेको, मेलौलीका गगनसिंह विष्टले ११ वर्षीया कस्तुरीलाई दार्चुला पुऱ्याई बिक्री गरेको, मेलौलीकै धवलसिंहले आफ्नी ७ वर्षीया भान्जीलाई बैतडीकै शिवदत्तलाई बेचेको घटना अर्को खाले उदाहरण बनेको



बलात्कारी पाण्डे

छ।

बलात्कारका घटनाहरू निकै घट्दछन् तर सामाजिक बदनामीको डरले थोरै मात्र जानकारीमा आउँछन्। एकाघरका परिवारभित्र, सरकारी अड्डामा, स्कूल र बाटो-घाटोमा समेत यस्ता घटनाहरू घट्ने गरेको बताइन्छ। बलात्कारका घटनामा सर्वसाधारण वा व्यक्तिदेखि प्रहरी प्रशासक समेत संलग्न हुने गरेको कुरा जिल्लाबासीहरू बताउँछन्। तल्लिस्वराड काँणा प्रहरीचौकी मै ०५० बैशाख २३ गते मेलौली केशरपुरकी एउटी महिलालाई सामुहिक बलात्कार गरिएको घटना, त्रासुलिंग ५, चिल्लेपानीका सुरेन्द्र पाण्डेले यशोदालाई ०५० मंसीर ३० गते बलात्कार गरेको घटना सार्वजनिक जानकारीमा आए। ०५० साउन २७ गते केशरपुर इलाका प्रहरी कार्यालयमा प्रहरीद्वारा सामुहिक बलात्कारमा परेकी उदयदेव गाविस स्वलपला बस्ने एक महिलाले अहिले आफ्नो मानसिक सन्तुलन गुमाएकी छिन्।

विसलपुर-८ की गोमती भट्टलाई उनकै पति चन्द्रदेव भट्टले बिक्री गरे। पैसाको निम्ति बेचिएकी पत्नीलाई पछि फेरि फर्काएर स्वीकार गरे पछि उनलाई रिहा गरियो।

०५० बैशाख ३१ गते सितड-६ की २८ वर्षीया विवाहित महिला कृष्णा जोशीले ३२ वर्षीय मनोरथ जोशीसंग र विशालपुर-४ की ४६ वर्षीया विधवा कुइरा लोहार्नीले २० वर्षीय श्रीबहादुर ठगुन्नासंग यौन सम्बन्ध भएकोले नाता प्रमाणित गरी पाउँ भनी ०५० साउन ४ गते जिल्ला अदालतमा मुद्दा हालेका छन्।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यहाँ जारी प्रथा छ। सामान्य घर झगडा भएमा अथवा पैसाको जरूरत परेमा पत्नीलाई कुटपिट गरेर सताउने गरिन्छ र माइत जान वाध्य पारिन्छ। पछि जब उ अर्को घरजम गर्छे तब जारी असुल्ने हतार गरिन्छ। यसरी सताइने क्रममा कहिले त ४० वर्षका अधवैंसे, ४/५ जना छोराछोरीका आमालाई समेत पोइल जानु पर्ने स्थिति आउँछ। पोइल गएपछि गहना कपडा बापत र जारी भनेर थुप्रै रकम असुलिन्छ। यस वर्ष ५/७ हजार देखि ७२ हजार सम्म जारी असुलेका घटना यहाँ पाइए। करणीको बात लाएर पनि पैसा असुल्ने गरेका घटना यहाँ भेटिए। धवलसिंह बिष्टले जारी गरी पत्नी ल्याएको र सो रकम तिर्न दिदीकी छोरी बेचेको घटना पनि मेलौली मै घट्यो।

धार्मिक संस्कार अनुरूप मेलौली गाउँबाट एउटी ६ वर्षीया र अर्की ८ वर्षीया बालिकालाई त्रिपुरासुन्दरीको मन्दीरमा चढाउन भनी दशरथचन्द गाउँका एक ब्यक्तिले खरिद गरेको घटना र शंकरपुर बस्ने अर्को ब्यक्तिले एघार वर्षकी अर्की बालिकालाई खरिद गरी सिगास मन्दीरमा चढाएको अर्को घटना किनबेचको एक खाले उदाहरण बनेको छ।

त्यसैगरी बहुविवाह पनि भएकै छन्। मेलौली-५ बस्ने ताराराम लोहारले ०५० असोज २६ गते बहुविवाह गरे। आफ्नी जेठी पत्नी दोजिया भएको अवस्थामा कुटपिट समेत गरेर घरबाट निकालिदिए। त्रासले गर्दा उनकी पत्नीले न्यायिक निकायमा उजुर समेत गर्न नसकेको पाइयो।

मेलौलीको भगवती मन्दिर : जहाँ फूलपाती होइन कन्या केटी चढाइन्छ

देउकी प्रथा यस जिल्लाका महिलाहरूलाई सताउने अर्को रोग हो। यस वर्ष पनि यहाँ केही देवकन्याहरू थपिए। उनीहरूको बेचबिखन भयो र धर्मका नाममा मन्दीरमा चढाइयो। माथि महिला किनबेचको दफामा उल्लेख गरिएको घटनाका अतिरिक्त दशरथचन्द गाउँकी राजकुमारी नाम गरेकी अर्की ७ वर्षीया बालिकालाई शिवदत्त लेखकले खरिद गरी चढाउने काम भएको र त्यसमा धवल बिष्ट, बहादुर सिंह र टमटा समेत संलग्न रहेको भनी गौरी देवीले हाल जिल्ला अदालतमा मुद्दा दिएकी छन् र जिल्लाबासीहरूले यसलाई देउकी विषयको पहिलो मुद्दा भएको बताउँछन्।

कन्या केटी सँगै कुमार केटा पनि देवतालाई चढाइने र तिनीहरूलाई देउका भनिने चलन छ। देउकी र देउकाका सन्तानलाई फेरि पनि मन्दीर मै चढाइन्छ। देउकी विहे गर्ने पुरूषलाई पनि देउका भनिन्छ। कतिपय देउकीहरू देहव्यापारमा समेत संलग्न भएको पाइन्छ। उनीहरू देवताका सेविका भएकोले समाजभोग्या हुन्छन् भन्ने धारणा पनि पाइन्छ र धार्मिक संस्कार अनुरूपै हेर्दा पनि उनीहरूलाई चढाउने मान्छेले अंश दिनु पर्नेमा सो नदिंदा नै गुजाराका निम्ति केही देउकीहरू देहव्यापारमा संलग्न हुन बाध्य हुन्छन्।

अहिले बैतडीका ३२ गाउँहरूमा देउकीहरू पाइन्छन्। सबै भन्दा बढी भने मेलौलीमा छन्। जिल्लाका २५ मन्दीरमा प्राय देउकी चढाइन्छ। एक अनुमानित आँकडा अनुसार यहाँ ५ सय देवकन्या (देउकी) छन्।

जारी प्रथाको बीचमै अल्झिएको जिल्ला भएर पनि सम्बन्ध विच्छेदको माग हुन थालेको संकेत नागार्जुनकी हीरादेवी पन्तको घटनाले दिएको छ।

५ मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

यहाँ दासको रूपमा मानिसको क्रय-विक्रय भएका घटना पाइएन। बाँधा वा कमैयाको अवस्थामा रहेका व्यक्तिहरूको पनि जानकारी प्राप्त हुन आएन। तर यहाँ "हलिया प्रथा" भने चलन-चल्तीमा रहेको पाइयो, जो एक प्रकारले कमैया प्रथासंग मिल्दो-जुल्दो देखिन्छ।

५.२ अन्य अमानवीय व्यवहारहरू

मानिसहरूमा रहेको जातिभेदले गर्दा केहीलाई अछूतमा राखिएको पाइन्छ। "पानी नचल्ने" जात भनिएका ती अछूतहरूमाथि धारा-कुवामा पनि भेदभाव गरिन्छ। मन्दीरमा पसेर पूजा गर्न दिईदैन, बाहिरैबाट पूजा गर्नु पर्छ। कतिपय महिलाहरू गुप्त शारीरिक सम्बन्धद्वारा पनि पीडित भएका घटनाहरू घटेको पाइयो। जसको उदाहरण यस वर्ष नाता कायम गरी पाउँ भनी अदालतमा मुद्दा समेत दर्ज भएका घटनाले दिएको छ।

यस जिल्लामा अछूतलाई जात थर खोलेर मात्र नागरिकता दिइने गरेको गुनासो पाइयो। प्रजिअ माधवप्रसाद पन्थीसंग भेटेर कुरा गर्दा उहाँले स्वीकार गर्दै भन्नु भयो - "नागरिकता ऐनमा जात थर स्पष्ट उल्लेख हुनु पर्ने व्यवस्था रहेकोले त्यसैलाई पालन गरेको छु।"

६ आदिवासी अधिकार

आदिवासी भएकै कारणले गरिएको मानवअधिकार हननका घटना प्रकाशमा आएन।

७. बालअधिकार

बालबालिकाको अधिकार सम्बन्धी चेतनामा ज्यादै कमी रहेको र उनीहरूलाई पठन-पाठनतर्फ भन्दा घर धन्दा र गाई-गोठाला गराउने गरेको पाइयो। विशेषगरी छोरीलाई स्कूल पढ्न पठाईदैन। १५ वर्ष सम्ममा धेरै केटीहरूको विवाह भई सक्छ। केही शिक्षित परिवारमा यो घट्दो छ।

अतिरिक्त जानकारी

खाद्य संस्थानका इन्द्रबहादुर बमले ७ लाख २५ हजार ७ सय ४९ रूपैयाँ बराबरको रकम हिनामिना गरेको व्यहोरा जानकारी गराई सोही कार्यालयका प्रमुखले कार्वाहीका निम्ति जिल्ला प्रशासन कार्यालयमा अनुरोध गरेको तर अहिलेसम्म कुनै कार्वाही नभएको गुनासो स्थानीय बासिन्दाहरूको रह्यो।

शंकपुर -९ बस्ने देवदत्त अवस्थीले बासउठ्ठा गराएको घटना, त्रिपुरासुन्दरीको मन्दीरबाट गजुर चोरिएको घटना, बजार काँणा जाने महिलाहरूलाई प्रहरीले जथाभावी गर्ने गरेको गुनासो आदि अतिरिक्त जानकारीका रूपमा प्राप्त भएका छन्।

यस वर्ष बैतडीमा ७ जना नागरिकहरूले आत्महत्या गरेको पाइयो। उनीहरू मध्ये उपचार नपाएर रोगको पीडाबाट र व्यापारमा घाटा परेको सहन नसकेर मर्ने पनि रहेका छन्। ❑



५. सुदूरपश्चिमाञ्चल

महाकाली

५.१ दार्चुला

जनसंख्या	: १०११८३
साक्षरता	: ४०.९ प्रतिशत
महिला साक्षरता	: १७.६ प्रतिशत
क्षेत्रफल	: २३२२ वर्ग कि.मी.

महाकालीको उत्तरी सीमानामा रहेको पहाडी जिल्ला दार्चुला विकट जिल्लामा पर्दछ। अज्ञानता र गरिबीले गर्दा यहाँ मानवअधिकारको चेतना-बोध हुन नसकेको पाइयो।

१ सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

यस वर्ष प्रशासनिक प्रतिशोध वा बल प्रयोगबाट जिल्लामा कुनै हत्याको घटना वा गोलीकाण्ड घटेको जानकारी प्राप्त भएन।

१.२ जेल

२ रोपनी भन्दा बढी क्षेत्रफल ओगटेको जेलमा यस वर्ष पनि २१ जना बन्दी रहेका छन्। ती मध्ये ३ जना आरोपित बन्दी छन्। नाबालक र महिला बन्दी छैनन्। जेल भवन पुरूष र महिलाको छुट्टा छुट्टै छ। ३५ जना बन्दी रहन सक्ने क्षमताको जेल भवन ०२० सालमा बनाइएको हो। राजनैतिक अभियोगमा थुनिएका बन्दीहरू छैनन्। चर्पीको व्यवस्था भित्री २ र बाहिरी १ गरी ३ वटा छन्। जिल्ला अस्पतालको डाक्टरले बेलाबेला स्वास्थ्य परीक्षण गर्ने व्यवस्था छ। यसवर्ष जेलमा कुनै बन्दीले आत्महत्या गरेको वा संघर्ष गरेको पाइएन। यद्यपि बन्दीहरूले समय सुहाउँदो पोशाक, समयमा उपचार र मनोरञ्जनका साधनको माग गरेको पाइयो। आवश्यक कुरा पनि भन्न नपाइने र नीति नियमका कुरा गर्नेलाई नेल हत्कडी लगाइने गरेको पाइयो।

१.३ गिरफ्तारी र यातना

घाटबजारमा बनाउँदै गरेको बाटोमा तयार नहुँदै किन हिडिस् ? भनी ठेकेदार ललित वोहोराले ०५० असार १३ गते बटुवा मोहनबहादुर निरौला र उनका भाइलाई कुटे र भोलिपल्ट जिल्ला प्रशासन कार्यालयमा गई सार्वजनिक अपराधको मुद्दा दिए। प्रहरीले दुबै भाइलाई पक्डाउ गऱ्यो। पछि रू. १५ हजार १ सय १० रूपैया धरौटी लिई तारिखमा छाडियो। मुद्दा अझै फैसला भएको छैन।

शेरीका नरे कोटारीले आफ्नो रीस-इबी साध्न सोही ठाउँका जगत कोटारीलाई ज्यान मार्ने उद्योगको आरोप लगाई प्रहरीमा उजुरी गरे। जगत कोटारीसँगै उनीहरू बीच सामान्य वादविवाद भएको देख्ने व्यक्ति विसन कोटारी समेत बिनापूर्जी पक्राउमा परे। चिकित्सकका अनुसार छुरी प्रहार गरेको भन्न सकिने अवस्था नरे कोटारीको छैन र चिन्ताजनक भनी अस्पतालमा राखिएको भए पनि उनको अवस्था सामान्य छ।

जिल्ला विकास सभापति रामदत्त जोशीलाई सदस्य हरिश्चन्द्र हमालले गोकुलेश्वर झरकाडा बाटो निर्माणको क्रममा भ्रष्टाचार गरेको भन्ने आरोप लगाई वैठक मै कुटे। जोशीको आँखा नजिकै चोट लागेर अस्पताल पुऱ्याइयो। वैठकमा उपस्थित प्रजिअ हरीहर शर्माले सम्झाउँदा पनि हमाल आक्रोशित बनिरहे र जोशीलाई मार्ने धम्की समेत दिए। जोशीले इन्साफ माग्दै सार्वजनिक अपराधमा मुद्दा दिएपछि हाल उनी रू. १५ हजार धरौटी राखेर तारिखमा छुटेका छन् र जोशीलाई अर्को छुट्टै गाली-बेइज्जति र ज्यान मार्ने उद्योगको मुद्दा जिल्ला अदालतमा दिएका छन्। स्थानीय बासिन्दा भने हमालले ज्यादति गरेको बताउँछन्।

शंकरपुरका नैनसिंह वोहोरालाई प्रहरीले घरको छाना फोडेर पक्राउ गरी राजाराम शंकरको घरमा लगी हात खुट्टा बाँधेर थुनेर कुटे। उनलाई नल काटी लुकाएको आरोप लगाइएको थियो। राती प्रहरीहरू रक्सीले मातेको मौकामा स्थानीय बासिन्दाले डोरी फुकाई भगाए।

घटनाको प्रकृति	घटना संख्या १९९२	घटना संख्या १९९३
प्रहरीको गोलीले मृत्यु	-	-
हिरासतमा यातना	१	-
बलात्कृत	३	१
आत्महत्या	-	-

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार

आफूलाई लागेका कुरा निर्विघ्न भन्न सक्ने अवस्थामा सर्वसाधारण नागरिकहरू नरहेको पाइयो। जसले बोल्ने आँट गर्छ ऊ फर्जी मुद्दामा पर्छ भन्दै ठालुहरूले आफ्नो हैकम चलाएका हुँदा अभिव्यक्ति स्वतन्त्रता मात्र होइन संगठित हुने अधिकारमा पनि परोक्ष अंकुश लागेको पाइन्छ।

२.२ धार्मिक स्वतन्त्रता

यसवर्ष धर्म सम्बन्धी विवादबाट कुनै घटना घटेनन्।

२.३ राजनैतिक स्वतन्त्रता

उल्लेखित घटनामा बाहेक प्रहरी तथा प्रशासनबाट राजनैतिक स्वतन्त्रता प्रत्यक्ष हनन भएको पाइएन।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यसवर्ष न्यायिक क्षेत्रको प्रतिवेदन प्राप्त भएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यसवर्ष यस विषयमा विवरण प्राप्त भएन।

४. महिला अधिकार

नारी शिक्षाको स्थिति ज्यादै कम रहेको यस जिल्लामा महिला हक अधिकारको चेतना नै छैन भने पनि हुन्छ।

४.१ महिला किनबेच र बलात्कार

यसवर्ष पनि बलात्कारका घटनाहरू घटे। उदाहरणका निम्ति राता चौपालाको घटनालाई लिन सकिन्छ। त्यस घटनामा जयदेव वोहोराले आफ्नै छिमेकी ११ वर्षीया बालिकालाई घरमा कोही नभएको मौका पारेर बलात्कार गऱ्यो।

महिला किनबेचको घटनाका रूपमा स्वार-४, सुण्डमुण्ड गाउँकी शरूलीलाई सोही ठाउँ बस्ने रामसिंहले २०५० साउन १६ गते भारतको हल्द्वानीमा लगी रू. १६ हजारमा बिक्री गरेको कुरा बीरबहादुर ठगुन्ना उल्लेख गर्दछन्। शरूलीदेवीको पहिलो लोग्ने धने ठगुन्नाले दोश्रो विहे गरी उनलाई घरबाट निकाले पछि राम सिंहले विहे गरेका थिए तर अहिले फेरि शरूलीदेवी धने ठगुन्नासँगै फर्किएकी छिन्। र उनीसँगै घरजम भएको छ।

४.२ जारी, बहुविवाह, देउकी, वादी आदि समेत

यहाँ जारी, बहुविवाह र मालिकार्जुन गाउँमा देउकी प्रथा समेत पाइन्छ। जारी प्रथाको नमूनाको रूपमा "हुती" गाउँलाई लिन सकिन्छ। यहाँ बहुसंख्यक व्यक्तिहरूको जारी विवाह भएको पाइन्छ।

स्वारका गणेश सिंह ठगुन्नाले आफ्नी पत्नी उजेलीदेवीलाई बेच्ने प्रयासमा असफल भए पछि "तँ पोइल जा !, पोइल गइस् भने मैले १०/१५ हजार पैसा पाउँछु" भन्न थाले। पत्नीले नमानेपछि गरगहना खोसी घरसारमा गहना बुझेको कागज लेखि निकालिदिए। उनी कानूनी उपचार गर्न सक्ने अवस्थामा थिइनन्। त्यसैले हाल उनी आफ्नो माइती सिप्टीमा बस्छिन्।

छपारीका चन्द्रसिंह धामीले जेठी पत्नी र ३ वर्षे छोरो हुँदाहुँदै दोश्रो विहे गरी पार्वतीलाई भित्र्याएपछि उनीहरूलाई कानूनी कार्वाहीका निम्ति पक्राउ गरियो। किन धेरै विवाह गरेको भन्दा "धन तह लगाएको" भनेर जवाफ दिन्छन्।

५. मानवअधिकार सम्बन्धी अन्य प्रश्नहरू

५.१ दासत्व विरूद्धको अधिकार

हली, बाँधाका रूपमा कतिपय कमैयाहरू भेटिन्छन्।

५.२ अन्य अमानवीय व्यवहारहरू

खलंगा-३ बस्ने रत्नसिंह अरिले रक्सी खाएर कलावती अरिलाई अभद्र व्यवहार गरे।

६. आदिवासी अधिकार

जिल्लामा आदिवासी उत्पीडन बारे उल्लेख्य घटनाको जानकारी प्राप्त भएन।

७. बालअधिकार

बालअधिकारको चेतना नभएकोले उनीहरू प्रति गर्नु पर्ने सद्व्यवहारमा कमी रहेको पाइयो।

अतिरिक्त जानकारी

दार्चुला जिल्लामा प्रचलित अन्य अमानवीय प्रचलनहरूमा, छोरी विवाह योग्य भएपछि केटा पक्षसंग निश्चित रकम लिएर मात्र विवाह गरी दिने, आफ्नै जातिसंग विवाह गरेको भएतापनि उसले पकाएको भात नखाने र पछि उक्त महिला "पर सर्न छोडे" पछि सो जातबाट तल झार्ने गरिएको पाइन्छ। ❑

परिच्छेद ९

सन् १९९३ र मानवअधिकार स्थितिको समग्र मूल्यांकन

पृष्ठभूमि

सूचनाको व्यवस्थित प्रवाहको लागि प्रलेख व्यवस्था, विश्लेषण र प्रकाशनको आवश्यकता पर्दछ। उक्त प्रक्रियाद्वारा मानवअधिकार आन्दोलनको क्षेत्रको नकारात्मक एवं सकारात्मक स्थितिको अवलोकन गर्न सकिन्छ। उक्त प्रक्रियाद्वारा सरकारी गैरसरकारी क्षेत्रबाट मानवअधिकारका लागि के कति काम भएको छ त्यसको पनि यकीन गर्न सकिन्छ। त्यसैको माध्यमले स्थानीय, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रद्वारा समेत यस क्षेत्रमा के कति काम भएको छ भन्ने थाहा पाउन सकिन्छ।

सन् १९९२ कै वर्ष पुस्तकमा हामीले मानवअधिकार स्थितिका बारेमा तथ्यांकमूलक विश्लेषण गर्ने योजना बनाएका थियौं तर कतिपय बाधा एवं सीमितताका कारण हाम्रो उद्देश्य सफल हुन सकेन। विविध बाधा एवं अप्ठ्यारा हुँदा हुँदै पनि यसपल्ट भने हामीले सन् ९३ को नेपालको मानवअधिकारको स्थितिका बारेमा छर्लंग्याउने तथ्यांक प्रस्तुत गरेका छौं। हामीले तथ्यांकमूलक विश्लेषण पनि प्रस्तुत गर्ने प्रयास गरेका छौं। यस कामका निम्ति हामीले मानवअधिकारभित्रका विविध अधिकारहरूको छोटो सूची नै प्रस्तुत गरेका छौं।

यस कामका निम्ति हामीले मूलतः दुई कुरामा ध्यान दिएका छौं। हामी मानवअधिकारलाई शास्वत र अविभाज्य ठान्दछौं। मानवअधिकारका विविध हाँगाहरूमध्ये कुनै एकको अनुपस्थितिले मात्र पनि त्यसलाई अपूर्ण बताउँछ। केहीले आर्थिक अधिकारलाई बढी महत्व दिएका हुन्छन् भने केहीले राजनैतिक अधिकारलाई मात्र। तर मानवअधिकारको यस्तो विभाजनले जनताको आधारभूत अधिकारप्रति नै बेवास्ता गरेको हुन्छ। सबै किसिमका आधारभूत अधिकारहरूको उपस्थितिविना मानवअधिकार अपुरो हुन पुग्दछ। मानवअधिकारको अविभाज्यतालाई मूलतः दुई किसिमले चुनौति दिन खोजेको देखिन्छ। विश्वका केही राष्ट्रका सरकारहरू मानवअधिकारको एउटा तत्वलाई बढी महत्व दिएर अर्कोलाई बेवास्ता गर्ने गर्दछन्। तिनीहरू गाँस र स्वतन्त्रतामध्ये कुनै एकको छनौट गर्नु पर्ने तर्क प्रस्तुत गर्दछन्। अर्कोतिर मानवअधिकारलाई नागरिक तथा राजनीतिक अधिकारमा मात्र सीमित गर्न चाहनेहरू देखिन्छन्। विगत् करिब दुई दशक यता विश्वमा उत्तर र दक्षिणका समेत लाखौं मानिसहरूको विचारमा नागरिक तथा राजनीतिक अधिकारहरू मानवअधिकारको पर्यायवाची हो भन्ने परेको देखिन्छ।

जीवनको अधिकार

प्रत्येक मानिसले कम्तिमा बाँच्न पाउनु पर्छ। बाँच्न पाउने अधिकार खान र स्वास्थ्यको ख्याल राख्न पाउने अधिकार अन्तराष्ट्रिय स्तरमा मान्यता प्राप्त मानवअधिकारका सर्वमान्य सिद्धान्त भित्र पर्दछन्। त्यस सिद्धान्तले मानिसको जीवनको अधिकारको ग्यारेण्टी गर्नु पर्ने कुरामा जोड दिएको छ।

१. बाँच्न पाउने अधिकार

बाँच्न पाउने अधिकारले मानिसको जीवनमाथिको अतिक्रमणबाट रक्षा गर्दछ। प्रत्येक नागरिकको बाँच्न पाउने अधिकारको रक्षा गर्ने मूल दायित्व राज्यकै हुन्छ। सरकारले आफ्ना प्रशासनिक निकायहरूबाट नागरिकहरूको रक्षा गर्ने दायित्व मात्र वहन गर्नु पर्ने हुँदैन। बरू प्रत्येक नागरिकलाई कुनै व्यक्ति वा समूहको सम्भावित आक्रमणबाट बचाउने जिम्मेवारी पनि सरकारकै हुन्छ। जनताको बाँच्न पाउने अधिकारको हनन भएका घटनाहरू सन् १९९३ मा थुप्रै देखा परे। बाँच्न पाउने अधिकारको हनन भएको वा त्यस आधारभूत अधिकारलाई चुनौति दिइएको घटनाहरू थुप्रै भए।

१.१ यातनाद्वारा मृत्यु

यस वर्ष यातनाका ९ वटा घटनाहरूद्वारा ९ जनाको मृत्यु हुन पुग्यो। १ जना बाहेक सबै पीडितहरू स्थानीय कृषक थिए। ती मध्ये धेरै जसोलाई सार्वजनिक अपराध, हत्या, चोरी आदिको आरोप लगाई पक्राउ गरिएको थियो। कतिपयलाई झुठो मुद्दा वा कतिपयलाई कुनैपनि आरोप नलगाई पक्राउ गरिएको पनि बताइन्छ। ती घटनाहरूमध्ये सात वटा घटनाहरूमा प्रहरी, एउटामा सेना र एउटामा वन सुरक्षा अधिकारीहरू पिडक रहेका थिए। मकवानपुर जिल्लामा एउटा कुखुराको भाले प्रहरीलाई नदिएको रिसमा ४२ वर्षीय काजिमान विश्वकर्मालाई ०४९ फागुन २६ गते पक्राउ गरियो। उनलाई प्रहरी हिरासतमा कठोर ढंगले कुटपिट गरियो र

उनको मृत्यु हुन पुग्यो। इलामका लक्ष्मणबहादुर विश्वकर्मा अवैध ढंगले काठ काटेको अभियोगमा वन सुरक्षा कर्मीहरूद्वारा पक्राउ परे। उनलाई पनि वन सुरक्षा अधिकारीहरूले समानान्तर हिरासतमा व्यापक यातना दिइयो।

पर्सा पद्मौलमा ०४९ फागुन २६ गते दिउँसै जनता-जनता बीच गोली चल्यो। तिनीहरूलाई आपस्तमा राजनीतिक विभाजन गरी एक अर्कालाई नेपाली कांग्रेस र एमाले पक्षको बताए। प्रहरीले चलाएको एउटा गोली रामानन्दप्रसाद यादवलाई लाग्यो। तर एमाले समर्थक भनिएका उनलाई प्रहरीको सुरक्षा भित्र ट्रकमा राख्नेर लैजादै गर्दा अर्को पक्षका मानिसहरू आई पानी तान्ने पम्पको ह्याण्डलले हानेर मारे।

१.२ संभावित गैरकानूनी हत्या

यस वर्ष प्रहरीको जथाभावी गोली प्रहारबाट थुप्रै मानिसहरूको ज्यान गएका प्रतिवेदनहरू प्रकाशित भए। प्रहरीले त्यस्ता सबै घटनाहरू पश्चात् आत्मसुरक्षाको लागि वा सार्वजनिक सम्पत्तिको नास हुन नदिनका लागि गोली चलाइएको तर्क अघि सार्‍यो। कतिपय घटनामा जनताले प्रहरीको हतियार खोस्न खोजेको हुनाले गोली चलाइएको तर्क पनि दिइयो। यस वर्ष देशभरमा २५ जना सम्भावित हत्याको शिकार भएको कुरा जानकारीमा आएको छ। ती मध्ये अधिकांश एमाले सहितका सात वाम पार्टीहरूद्वारा संचालित आन्दोलनका क्रममा मारिएका थिए। (हेर्नुहोस् परिच्छेद २ ख, ५ र अनुसूची २) गोलीका शिकार भएका मानिसहरू विविध पेशाका थिए। तिनीहरू मध्ये कतिपय आन्दोलनकारी पनि थिएनन्। मारिएका मध्ये कतिपय राजनीतिक कार्यकर्ता पनि थिए। तिनीहरू उद्देश्यमूलक ढंगले नै सडकमा ओर्लिएका थिए। तर पाटनमा रिता शिलाकार जस्ती सामान्य महिलाको पनि गोलीबाट मृत्यु भयो। गोली चलेको अवस्थामा उनी तीन तल्ला माथिको झ्यालबाट तल हेरिरहेकी थिइन्। १६ वर्ष मुनिका बालकले पनि गोलीको शिकार हुनु परेको थियो। रौतहटको गोली काण्डमा एक असई र हवल्दारले चलाएको अन्धाधुन्ध गोलीबाट २ जनाको घटनास्थलमै मृत्यु भयो भने तीन जना घाइते भए। तिनीहरू सांस्कृतिक कार्यक्रम हेरिरहेका थिए। गोलीबाट एक वर्षीय बालक र बालकको आमाको मृत्यु भएको थियो। पछि प्रहरीले तिनीहरूलाई हतियार खोस्न खोजेकोले गोली ठोकिएको तर्क दिएको थियो। उदयपुर जिल्लामा अवैध तस्किाले नेपाल आएका तिब्बतीहरू उपर चलाइएको गोलीबाट एक तिब्बती युवकको घटनास्थलमै मृत्यु भएको थियो।

१.३ वेपत्ता पारिने क्रम

हाम्रो जानकारीमा आए अनुसार सन् ९३ मा नेपालमा तीन वटा वेपत्ता पारिएका घटनाहरू भए।

२० वर्षीय विद्यार्थी प्रभाकर सुवेदी ०५० असार ११ गते देखि वेपत्ता छन्। उनलाई त्यस दिन प्रहरीहरूले घिसारी रहेको अवस्थामा रत्नपार्क काठमाडौंमा देखिएको थियो भन्ने केही प्रत्यक्षदर्शीको भनाई छ।

अछामका ४० वर्षीय विष्णुनाथ तिमिल्सिनालाई चेलीबेटी बेचेको अभियोगमा पक्राउ गरियो। उनलाई ६ दिनसम्म स्थानीय हिरासतमा राखियो। त्यसपछि जिल्ला प्रहरी चलान गरियो। त्यसै बीच उनी वेपत्ता पारिए। उनलाई हिरासतमा यातना दिइएको थियो।

खोटाङका १४ वर्षीय रविन के.सी.लाई अन्य आठजनासँगै चोरी गरेको अभियोगमा पक्राउ गरिएको थियो। त्यसपछि आजसम्म उनको अत्तोपत्तो छैन।

१.४ संभावित राजनीतिक हत्या

दासढुङ्गा दुर्घटनालाई मुलुकको प्रमुख प्रतिपक्षी सहित केही पार्टीहरू राजनीतिक हत्या नै ठहऱ्याउँदैछन्। तर सरकार र प्रतिपक्षी दल बीच भएको सम्झौता भए अनुरूप उक्त दुर्घटनाको छानवीन गर्न सर्वोच्च अदालतका बहालवाला न्यायाधीशको अध्यक्षतामा छानवीन आयोगको गठन गरिएको छैन।

२. गाँसको अधिकार

गाँसको अधिकार अन्तर्गत बाँच्नका लागि आवश्यक गुणस्तरयुक्त खाना पाउने अधिकार भित्रै पर्दछ।

नेपाली जनताको जीवनस्तर अत्यन्त तल रहेको छ। कूल जनसंख्याको ४२ प्रतिशत जनता गरिबीको रेखामुनी रहेका छन्।

नेपालमा केही समय यता आत्महत्या गर्ने प्रवृत्तिमा उल्लेखनीय वढोत्तरी भएको छ। मानिस गरिबीको कारण जीवनबाट निराश भएर पनि आत्महत्या गर्दै छन्।

३. स्वास्थ रक्षा वा उपचारको अधिकार

गाँस-वास पछिको मानिसको आधारभूत अधिकार स्वास्थको अधिकार नै हो। यी तीन अधिकारहरूको सम्मिश्रणद्वारा नै जीवनको अधिकार पूर्ण हुन पुग्दछ।

हामीसंग नेपाली जनताको स्वास्थको अधिकारको स्थितिको नापो लिने मापदण्ड छैन। तापनि केन्द्रीय तथ्यांक विभागले प्रकाशित गरेको स्वास्थ सम्बन्धी तथ्यांकले केही कुरो बताउँदछ।

जनताको स्वास्थ सम्वन्धी अधिकारको कुरा गर्दा हामीले जनताको आर्थिक अवस्था र स्वास्थ केन्द्रहरूको संख्यामाथि पनि विचार पुऱ्याउनु पर्छ। नेपालीको प्रतिव्यक्ति आय १ सय ८० अमेरिकी डलर मात्र रहेको छ। खासगरी ग्रामीण इलाकाका बासिन्दा स्वास्थ सेवाबाट वञ्चित छन्। प्रत्येक १ लाख ६८ हजार व्यक्तिलाई एक अस्पताल, ९२ हजार ग्रामीण बासिन्दाका लागि १ डाक्टर, सरदर ३ हजार ८ सय आठ जनाका निम्ति एक शैय्या र २२ हजार ६ सय २५ जनतालाई एक हेल्थपोष्ट पर्दछ। ३७ प्रतिशत जनताले मात्र सुद्ध पिउने पानी प्राप्त गर्न पाएका छन्। अनि महंगो स्वास्थ

उपचारको विधि आम जनताका लागि आकाशको फल जस्तै हुन पुगेको छ। पाँचथरका १८ वर्षीय तेजप्रसाद दुंगेल रू. एक हजार खर्च गर्न नसकेकोले आफ्नो भाँचिएको हातको उपचार हुन नसकेको बताउँछन्।

४. बालअधिकार

नेपालमा केटाकेटीहरू ठूलो संख्या अशिक्षा, बेवास्ता, कुपोषणको शिकार भएका छन्। बालश्रम तथा शोषणका कारण भावि पिढीको विकासमा ठूलो अवरोध देखा पर्दैछ। बालिकाहरूलाई देह व्यापारका लागि बेचिने समस्या नेपालमा दिनपर दिन बढ्दै नै गइरहेको छ। हाम्रो आर्थिक-सामाजिक ढाँचाका कारण बालश्रम पनि बढ्दो क्रममा देखिन्छ। बाँधाश्रम प्रणाली अन्तर्गत कतिपय केटाकेटी बँधुवा जीवन बिताउन बाध्य छन्। (हेर्नुहोस् अनुसूची ६.१)

५. समानताको अधिकार

यद्यपि नेपालको वर्तमान संविधानले सबै किसिमका भेदभावहरूलाई निषेध गरेको छ। तैपनि बाँधा श्रम प्रणाली, छुवाछूत जस्ता भेदभावका प्रथा नेपाली समाजमा आज पनि विद्यमान छन्।

५.१ दासत्व

बि.सं. १९१० मा दास प्रथाको अन्त्यका निम्ति कानून जारी भयो। नेपालका आजसम्मका सबै संविधानहरूले दासत्वलाई निषेध गरेका छन्। तर ०४७-४८ मा इन्सेकले गरेको एक सर्भेक्षणले देशका तीन जिल्लाहरूमा रहेको बाँधा श्रम प्रणालीका बारेमा धेरै कुरो प्रकाशमा ल्याएको छ। नेपालमा रहेको कमैया प्रथा पनि दासत्वकै एउटा रूप हो।

५.२ जातीय छुवाछूत

आज पनि नेपालमा तल्लो जातिका भनिने मानिसहरू सार्वजनिक रूपमा अपमानित हुनु पर्ने देखिन्छ। ग्रामीण इलाकाहरूमा अझै पनि तल्लो जातिका भनिने मानिसहरूका निम्ति छुट्टै धारा हुन्छ। उनीहरूलाई कतिपय धार्मिक स्थल तथा सार्वजनिक ठाउँहरूमा समेत प्रवेश निषेध गरिएको छ। (हेर्नुहोस् - अनुसूची १)

६. महिला अधिकार

सामाजिक न्याय र समानताको कुरा गर्ने हो भने नेपाली महिलाहरू हरेक ठाउँमा उपेक्षित देखिन्छन्। शिक्षा, स्वास्थ, सम्पत्तिको अधिकार र राजनीतिक सहभागिता आदि सबै कुरामा महिलाहरू ठगिएका छन्। बलात्कार र पारिवारिक हिंसाका कारण महिलाहरू उत्पीडित छन्।

संविधानले समानताको अधिकार प्रदान गरेको छ। तर अझै केही कानूनी प्रावधानहरूले महिलाहरु उपर भेदभाव गरेको छ। उदाहरणका लागि सम्पत्ति सम्बन्धी व्यवस्था (नयाँ मुलुकी ऐन ०२०) लगायत धर्मपुत्र, विहेवारी, लोग्ने स्वास्नीको सम्बन्ध, जारी, पशु करणी आदि सम्बन्धी व्यवस्थाहरूले महिलाको समानताको हकमाथि प्रहार गरेका छन्।

६.१ बलात्कार

महिलाहरू माथि नियोजित बलात्कारका घटनाहरू केही वर्ष यता निकै बढेका छन्। हामीले वर्ष ९३ मा भएका १ सय २७ वटा बलात्कारका घटनाहरूको उल्लेख गरेका छौं, जसमा १ सय ८९ महिलाहरू पीडित भएका थिए। हामीले महिला माथिको पारिवारिक हिंसा तथा दुर्व्यवहारका २५ वटा घटनाहरूको प्रलेख गरेका छौं, जसमा ४४ जना महिलाहरू पीडित भएका थिए।

यो कुरो साह्रै दर्दनाक छ - बलात्कारमा परेका धेरैजसो महिलाहरू १६ वर्ष मुनिका छन्। कोही त केवल ३ वर्षका मात्र पनि छन्। पीडितहरू धेरैजसो कृषि मजदूर, घरेलु नोकर, गृहिणी वा औद्योगिक मजदूर छन्।

धेरैजसो बलात्कारका घटनामा संलग्न अभियुक्त समाजका उच्च वर्गीय मानिस छन्। अभियुक्तहरूमध्ये कतिपय जागिरे, शिक्षक, राजनीतिक कार्यकर्ता त छन्। कतिपय अवस्थामा आफ्नै बाबु वा नजिकको सम्बन्धीले पनि बलात्कार गरेको देखिन्छ।

प्रहरी पनि बलात्कार र यौन दुराचारका घटनामा संलग्न भएको पाइन्छ। यस वर्ष हिरासत भित्र वा बाहिर प्रहरीद्वारा गरिएका ५ वटा बलात्कारका घटनाहरू प्रकाशमा आएका छन्।

मेलौली गाविस बैतडीकी एक महिला कुनै कारण प्रहरीद्वारा पक्राउ परिन्। हिरासतमा उनले बलात्कारको पीडा भोग्नु पर्‍यो। पछि तिनी मानसिक असन्तुलनको शिकार बन्न पुगिन्।

बलात्कारमा पर्ने महिला दुई जीउको भइन् भने स्थिति अझ गंभीर हुन पुग्दछ। त्यस्तो अवस्थामा महिलाले कि समाज नै त्याग गर्नु पर्ने हुन्छ कि अपमानको अत्यन्त पीडा खप्नु पर्ने हुन्छ। कतिपय बेला तिनीहरू गर्भपतन गराउन बाध्य हुन्छन्। तर त्यसबाट पनि अर्को समस्या आई लाग्छ। गर्भपतन गरेको अभियोगमा जेल सजाय पाउने महिलाहरू मध्ये कतिपय त्यस्ता छन्। पर्वतमा ससुरासंगको सम्बन्धद्वारा बच्चा जन्माउन पुग्ने महिलालाई अन्ततः न्यायालयले पनि बच्चा हुर्काउने खर्च पाउने व्यवस्था गर्न सकेन। पतिले उनीसंग पारपाचुके गर्न पाए तर ससुरासंग नाता सम्बन्ध भने कायम हुन सकेन।

६.२ सामाजिक कुचलनहरू

नेपालमा विद्यमान थुप्रै सामाजिक कुचलनहरूले महिला अधिकारको ठाडो अतिक्रमण गरेका छन्। त्यस्ता सामाजिक कुचलनहरू मानवअधिकारहरूको विश्वव्यापी अवधारणा प्रतिकूल छन्। जारी, कुमारी, देउकी, झुमा आदि प्रथाद्वारा महिलाहरू उत्पीडित त छँदैछन्। वादी जातिका महिलाहरूको वर्षौंदेखि भई रहेको यौन शोषण पनि पीडादायी

छ। देउकी, कुमारी र झुमा प्रथामा कलिला केटीहरूलाई "देउताको सेवा" का निम्ति अर्पित गरिन्छ। सन् ९३ मा देउकी सम्बन्धी ४ वटा घटनाहरू फेला परे।

०५० को असोजमा कैलालीको उदासीपुर-७ मा पूर्वपञ्च एवं झाँकी प्रदेशी चौधरीले १७ वर्षसम्मका १७ जना गाउँले महिला तथा पुरूषलाई बोक्सा बोक्सी भएको आरोपमा खेमराज चौधरीको आँगनमा कुटपिट गरी दिशा खुवाएर नाङ्गै नचाउने काम गरे।

६.३ दाइजो

नेपालको तराई भागमा विद्यमान दाइजो प्रथाले कतिपय बेला अत्यन्त अमानवीय मोड लिएको पाइन्छ। कतिपय बेला विहे गर्दा केटा पक्षले माग गरे बमोजिम दाइजो रकम वा सामान दिन नसक्दा केटी पक्ष अत्यन्त प्रताडित हुनु परेको देखिन्छ। त्यस्तै कतिपय बेला दाइजो कम भयो भनेर केटीलाई मारिएको समेत सुनिन्छ।

दाइजोको समस्या नेपालमा पनि दिन पर दिन बढ्दो छ। सन् ९३ मा मात्र ७ जना महिलाहरूले दाइजो कम ल्याएको आरोपमा तिनीहरूका घरका सदश्यहरूबाट ज्यान गुमाउनु पर्‍यो।

६.४ चेलीबेटी व्यापार

खासगरी भारतका विभिन्न वेश्यालयहरूमा नेपाली चेलीबेटीहरूलाई ललाई फकाई लैजाने प्रचलन दिन पर दिन बढ्दो छ। अहिले भरातका विभिन्न शहरहरूमा ८ देखि २५ वर्ष सम्मका ५ लाख नेपाली महिलाहरू रहेको अनुमान गरिन्छ। हङकङ र विश्वका अन्य शहरहरूमा समेत केही मात्रामा नेपाली चेलीबेटीको ओसार पसार भएको सुनिन्छ। त्यस्ता चेलीहरू नक्कली पति वा आफन्तद्वारा समेत बेचिएका हुन्छन्। बम्बईबाट फर्किएका कतिपय महिलाहरूमा एच.आई.भी. पोजिटिभ वा एड्स पनि भेट्टाइएको छ।

६.५ जबरजस्ति / अनमेल बिहे

नेपालका उल्लेख्य संख्यामा महिलाहरूको बिहे १६ भन्दा कम उमेरमा हुने गर्दछ। नेपालमा महिलाको राजिखुसी बेगर बिहे गरिदिने आम प्रचलन रहेको छ। त्यस्ता जबरजस्ति वा अनमेल विहेका उदाहरणहरू थुप्रै छन्।

पाँचथरकी १८ वर्षीया रेणुमाया आचार्यलाई ६० वर्षीय जयबहादुर न्यौपानेसंग ०५० पुस १८ गते जबरजस्ती विहे गराइयो। उक्त घटनाको पीडा सहन नसकी रेणुकी आमाले सोही रात आत्महत्या गरेकी थिइन्।

७. बचाउको कानूनी अधिकार

मानवीय जीवनको सम्मानका लागि बचाउको कानूनी अधिकारको प्रत्याभूति गरिएको हुन्छ। तर संवैधानिक अधिकारका बावजूद यस वर्ष पनि स्वेच्छाचारी गिरफ्तारी एवं हिरासतमा यातनाका घटनाहरू भए।

नेपालको संविधानको धारा १४ उपधारा ४ मा प्रष्ट लेखिएको छ -"अनुसन्धान, तहकिकात वा पूर्पक्षको सिलसिलामा पक्राउ वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसंग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन। त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारित गरे बमोजिम क्षतिपूर्ति दिइनेछ।" तर नेपालका प्रहरी हिरासतमा यातना दिइने वा दुर्व्यवहार गर्ने घटनाक्रमहरू भई नै रहेका छन्।

सन् ९३ मा मात्र यातनाका १ सय २५ घटनाहरू भए। प्रहरी, सेना एवं वनसुरक्षाकर्मीहरूद्वारा समेत दिइएका त्यस्ता यातनाका घटनाहरूबाट २ सय ५२ जना पीडित भएका थिए। त्यसबाहेक हातपात वा लाठीद्वारा कुटपीट गरिएका ६५ वटा घटनाहरूबाट १ हजार ३ सय ५७ जना पीडित भए।

यातनाद्वारा पीडित व्यक्तिहरूको व्यवसाय तथा घटना र पीडित संख्या तालिकामा प्रस्तुत गरिएको छ।

पेशा	घटनाको संख्या	घटना पीडितको संख्या
ब्यापारी उद्योगपति	३	३
ड्राइभर	२	२
पत्रकार/सम्पादक	५	७
पाले/पिउन	१	१
स्वास्थकर्मी	२	२
घरेलु नोकर	१	१
श्रमिक	३	३
सांसद्	१३	१३
गाइने	२	२
राजनीतिक कार्यकर्ता	१२	१९
विद्यालय विद्यार्थी	६	६
विश्वविद्यालय विद्यार्थी	१	१
किसान	४५	६७
विद्यालय शिक्षक	४	६
ट्रेड युनियन कार्यकर्ता	२	२
पेशा थाहा नभएको	३२	११३

८.१ यातनाका शैलीहरू

नेपालका प्रहरीहरू कुनै अभियुक्तलाई अपराधी सावित गर्न आमरूपमा यातनाको प्रयोग गर्दछन्। यातना शारीरिक वा मानसिक दुवै किसिमको हुने गरेको देखिन्छ। सन् ९३ मा प्रहरीद्वारा प्रयोग गरिएका यातनाका केही रूपहरू यस प्रकार छन्। -

क. विद्युत करेन्ट
ख. नाकमा पानी हाली दिने
ग. टाउको पानीमा डुवाई दिने
घ. मरीचको धुलो नाक र अन्य संवेदनशील अंगमा हाली दिने
ङ मलद्वारमा लठ्ठी कोचिदिने
च. महिलाको गुप्तांगमा लठ्ठी कोचिदिने

छ. नङ थुती दिने
ज. हात खुट्टाको नङमा पीन घोच्ने
झ. मुख च्याति दिने (तानी दिने)
ञ. टाटेपाङ्ग्रे बनाई कपाल काटिदिने
ट. भाले बनाउने (कुखुरा जस्तो बनाएर बस्न लगाउने)
ठ. बुट र लाठीले कुट्ने
ड. कुर्सीमा बाँधी दिएर लाठीले कुट्ने
ढ. चीसो भुइँमा सुताउने
ण. हिउँ सफा गर्न लगाउने
त. चर्पी सफा गर्न लगाउने
थ. लुगा धुन लगाउने
द. अन्न-पानीबाट वंचित गरीदिने
ध. महिला थुनुवालाई बम्बईको वेश्यालय लग्ने त्रास देखाउने
न. यौन दुराचार गर्ने
प. हप्कीदप्की गर्ने
फ. थुनुवा वा थुनुवाको परिवारलाई त्रास देखाउने

गोरखा जिल्ला घर भई हाल काठमाडौंमा बसोबास गर्दै आएकी २६ वर्षीया तिलु घलेलाई ०५० असोज ६ गते लाजिम्पाटबाट बिनापूर्जी गिरफ्तार गरियो। उनलाई हनुमानढोकामा लगी केटी बेच्ने अभियोग लगाई कुटपिट गरियो। उनलाई खान पनि दिइएन। त्यस क्रममा उनलाई बम्बईको वेश्यालयमा लगेर बेचिदिने त्रास पनि देखाइएको थियो।

०५० साउन ४ गते चितवनको शहीदचोक नजिक एउटा सभामा बोलिरहेको बेला प्रहरीले लाठी र गोली बर्साउन थाले। उक्त घटनामा सांसदहरू अमिक शेरचन र जागृत प्रसाद भेटवाललाई लाठी, बूट र बन्दूकको कुन्दै कुन्दाले हिर्काएर सख्त घाइते बनाइयो। दुबै जना सांसदलाई उपचारार्थ अस्पताल लगिएन। बरू गिरफ्तार गरेर प्रहरी कार्यालयमा लगिएको थियो।

०५० असोज २ गते इलाम जेलका बन्दीहरू चन्द्रमान राई, खगेन्द्र दर्जी र किरण माझीलाई निर्शंसतापूर्वक कुटपिट गरिएको थियो।

८.२ पीडितहरूको प्रकार

ज्यादाजसो यातनाका घटनाहरू हिरासतमा भएका छन्। यातना पीडितहरूमा महिला, बाल बालिका, राजनीतिक कार्यकर्ता तथा बन्दी आदि पर्दछन्। केही जेलहरूमा समेत यातनाका घटनाहरू घटे।

९. स्वेच्छाचारी गिरफ्तारी र हिरासत

यो वर्ष गिरफ्तारीका २ सय ४३ घटनाहरू भए। ती घटनाहरूमा कूल ४ हजार ६ सय ४० जना पक्राउ परे। ती मध्ये अधिकांश एमाले सहितका सात वाम पार्टीहरूद्वारा गत असार-साउनमा संचालित आन्दोलनका क्रममा पक्रउ परेका थिए। त्यसरी पक्राउ पर्ने केहीलाई जेल पनि चलान गरिएको थियो। त्यसक्रममा १७ जना सांसद्हरूलाई समेत पक्राउ गरीएको थियो।

धेरैजसो मानिसलाई पक्राउ गरिएको केहि दिनपछि मात्र पक्राउ पूर्जी दिइएको थियो। थुनुवाहरूलाई जबरजस्ति तयार पारिएको आरोप पत्रमा हस्ताक्षर गर्न लगाइएको थियो।

सत्ताधारी पार्टीका कार्यकर्ताहरूको सक्रियतामा कतिपय जिल्लामा अन्य पार्टीका कार्यकर्ताहरू उपर झुट्ठा मुद्दा लगाई पक्राउ गरेको पनि पाइयो।

९.१ राजनीतिक बन्दीहरू

नेपालका जेलहरूमा बन्दी जीवन बिताई रहेका कतिपय मानिसआफूलाई राजनीतिक बन्दी दावी गर्दछन्। जेल सम्बन्धी काम गर्ने गैरसरकारी संस्था बन्दी सूचना केन्द्रका अनुसार नेपालमा हाल २५ जना राजनीतिक बन्दीहरू रहेको छन्।

१०. स्वतन्त्र न्याय सम्पादन

केही अभियोगहरूमा प्रमुख जिल्ला अधिकारी वन कार्यालयले समेत न्याय सम्पादन अधिकार पाउने गर्दछन्। त्यस्तो बेला कति चोटि मानवअधिकारको हनन भएको देखिन्छ। उक्त पक्रियाले स्वतन्त्र न्याय सम्पादनमा प्रतिकूल असर पारेको छ।

११. शिक्षा

नेपालमा हाल कक्षा ७ सम्म निशुल्क शिक्षाको व्यवस्था गरिएको भएता पनि विद्यालयहरूले चर्को रूपमा अन्य शुल्कहरू लिदैछन्। पढाईका क्रममा चाहिने अन्य खर्च धान्न आमजनतालाई मुश्किल पर्दछ। अर्कोतिर स्कूल पढ्न पाठाउँदा कमाउने मानिस घटेको ठान्ने गरिन्छ। अत्यन्त कम आय भएका आम नेपालीका छोराछोरी निकै सानो उमेरदेखि आफ्नो जीवनको आधारभूत आवश्यकता आफै परिपूर्ति गर्ने गर्दछन्। चामल बेचेको पैसाले पद्‌यपुस्तक किन्दा घरमा गाली सुन्नु परेकोमा निराश भई कक्षा ५ मा अध्ययन गर्ने धनुकुटाका १४ वर्षीय खड्‌जङ्ग पौड्यालले आत्महत्या गरे।

१२. अभिव्यक्ति स्वतन्त्रता

नेपालको संविधानले देशको सार्वभौमिकतामा आँच आउने वा राजतन्त्रप्रति आक्षेप लाग्न जाने खालको बाहेक सबै कुरा बोल्ने लेख्ने स्वतन्त्रता प्रदान गरेको छ। तर नेपालको प्रेसमा संलग्न व्यक्तिहरूले यस वर्ष विविध प्रकारका धम्कीहरूको सामना गर्नु पऱ्यो। यस वर्ष पत्रकारहरूलाई कूल १८ वटा मृत्युको धम्की दिइएको पाइयो। दृष्टि साप्ताहिकका प्रकाशक शम्भू श्रेष्ठलाई चैत २५ गतेको अंकमा अधिराजकुमार ज्ञानेन्द्र सम्बन्धी समाचार छापे वापत ०४९ चैत २९ गते पक्राउ गरिएको थियो। त्यस्तै चैत २४ गतेको अंकमा अधिराजकुमारी श्रुती सम्बन्धी समाचार छापेवापत चैत २९ गते पुर्नजागरण साप्ताहिकका प्रधान सम्पादक माधवर सिंह बस्नेत

एवं कार्यकारी सम्पादक शरद चन्द्र वस्तीलाई पनि पक्राउ गरिएको थियो। त्यस्तै केही युवकहरूले मंसीर अंक १५ साधना मासिकमा समलैङ्गिकता बारे केही सामाग्री छापे वापत ०५० मंसीर ११ गते कामना प्रकाशनको कार्यालयमा तोडफोड गरेका थिए।

१३. मेला र संगठित हुने अधिकार

यस वर्ष पनि सरकारी दमनका कारण आम मानिसको मेला र संगठित हुने अधिकारको हरण भयो। वर्ष भरिमा भएका गोली काण्डहरूमा २ सय ५९ जना घाइतो भए। अश्रुग्याँस र लाठी चार्जबाट भएका घाइतेहरू अनगिन्ति रहे। असार-साउनको आन्दोलन ताका काठमाण्डौमा मात्र बेलुकी ७ बजे देखि विहान ४ बजेसम्म पाँच दिनसम्म कर्फ्यू लगाइइो।

सत्ताधारी पार्टीको राजनैनिक विरोधी भएको आरोपमा कतिपय शिक्षकहरूले कावार्हीको शिकार हुनु पर्‍यो। ट्रेड युनियन अधिकराको उपभोग गर्दा २१ वटा कार्वाहीका घटनाहरू भए। ती घटनाहरूबाट ३ सय ६ जना मजदूरहरू पीडित भए।

१४. राजनीतिक सहमागिता

राजनीतिक प्रतिवद्धतालाई नै झगडाको निहुँ बनाउने प्रचलन आज पनि विद्यमान छ। अर्धन्यायिक निकायहरू सत्तापक्षको नजिक देखिएका छन्। रामेछापमा सत्ताधारी पार्टीका कार्यकर्ताहरूको सक्रियतामा प्रहरीले १ सय घरहरूमा छापा पारेका थिए। रोल्पामा पनि त्यस्तै भएको थियो।

सदस्यताको अधिकार

प्रत्येक व्यक्तिलाई बाँचेर मात्र पुग्दैन। समाजको एउटा सदस्य बन्ने रहर सबैमा हुन्छ। अरस्तुको विचारमा समाजभन्दा टाढा रहेको मानिस कि त पशु हुन्छ कि त भगवान नै हुन्छ। प्रत्येक मानिस निजी वा सार्वजनिक समाजको सदस्य हुन चाहन्छ।

परिवारको अधिकारले पारिवारिक संरचनाको रक्षा गर्दछ। समानताको अधिकारले प्रत्येक मानिसलाई लिङ्ग, जन्मजात गुणका कारण भेदभाव गर्ने कुराको विरोध गर्दछ। समग्रमा प्रत्येक व्यक्तिले स्वाभिमानपूर्वक बाँच्नका लागि समाजका सदस्यको रूपमा मान्यता पाउनु पर्दछ।

सरकारको विश्वसनीयता

आधारभूत रूपमा मानवअधिकारको रक्षा र विकास गर्ने दायित्व सरकारकै हो। मानवअधिकारको रक्षा र विकास चाहीं सरकार आफैले व्यक्त गरेको वचनवद्धतालाई कत्तिको आत्मसात गर्छ त्यसैमा निर्भर गर्दछ।

सरकारको हालका गतिविधिहरूबाट संयुक्त राष्ट्रसंघको घोषणा पत्रका १,२,३,४,५,९,१०,१२,१६,१७, १८,१९,२०,२१(२),२२,२३,२४,२५ र २७(१) को ठाडो उल्लंघन भएको छ। वर्तमान सरकारको कार्यशैली हेर्दा नेपालले हस्ताक्षर गरेको १४ वटा संयुक्त राष्ट्र संघीय महासन्धिहरू मात्र देखावटी जस्तो भएका छन्।

यस वर्ष देशका विभिन्न भागमा प्रहरीको गोलीद्वारा संभावित गैरकानूनी हत्याहरू भए। तर सरकारले एउटा पनि छानविन आयोग बनाएन। बरू राष्ट्रिय सभामा सत्तापक्षद्वारा सर्वदलिय मानवअधिकार आयोग बनाइन पर्ने प्रस्तवलाई समेत परास्त तुल्यायो।

संयुक्त राष्ट्र संघीय मानवअधिकार केन्द्रबाट ०५० कार्तिक १० गते प्राप्त जानकारी अनुसार मानवअधिकार सम्बन्धि मूल्य मूल्य अन्तर्राष्ट्रिय दस्तावेजहरूका सम्बन्धमा नेपालको स्थिति यस प्रकार रहेको छ ।

- नागरिक तथा राजनैतिक अधिकारको अन्राष्ट्रिय अनुबन्धः प्रारम्भिक प्रतिवेदनको म्याद ०४९ साउन २९ गते नै समाप्त भइसक्यो, तर हालसम्म बुझाइएको छैन।

- आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू बारेको अन्तराष्ट्रिय अनुबन्धः शुरूको प्रतिवेदनको म्याद ०५० असार १६ गते समाप्त भई सक्यो, तर हालसम्म बझाइएको छैन।

- सबै किसिमका वर्णभेदको उन्मूलन गर्ने विषयको अन्तराष्ट्रिय अभिसन्धिः ०४२-४३ मा बुझाएको थियो, पछिल्लो प्रतिवेदनको म्याद ०४८ फागुन १८ गते समाप्त भई सक्यो, हालसम्म बुझाइएको छैन।

- महिला विरूद्धका सबै किसिमका भेदभाव उन्मूलन गर्ने विषयको अभिसन्धिः प्रारम्भिक प्रतिवेदनको म्याद ०४९ जेठ ९ गते समाप्त भई सक्यो, तर प्रतिवेदन हालसम्म बुझाइएको छैन।

- यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरूद्धको अभिसन्धिः प्रारम्भिक प्रतिवेदनको म्याद ०४९ जेठ ३० गते समाप्त भई सकेको थियो तर प्रतिवेदन ०५० असोज २० गते मात्र बुझाइयो, उक्त प्रतिवेदनलाई हालसम्म संयुक्त राष्ट्रसंघको दस्तावेजमा संलग्न गराईको छैन।

- बालअधिकार सम्बन्धि अभिसन्धिः प्रारम्भिक प्रतिवेदनको म्याद ०४९ असोज २७ गते समाप्त भई सक्यो, तर हालसम्म बुझाइएको छैन। ❑

परिच्छेद १०

कार्यविधि र तयारीका क्रममा देखिएका समस्याहरू

०४९ साउन १६ गते मानवअधिकार वर्ष पुस्तक - १९९२ को प्रकाशन भयो। त्यसपछि सबै क्षेत्रले त्यसको स्वागत गरे। हामीलाई थुप्रै सुझाव र प्रतिकृयाहरू प्राप्त भए। हाम्रा कमी कमजोरी औंल्याइएका पत्रहरू पनि प्राप्त भए। बर्ष पुस्तक १९९२ प्रकाशन गर्दा घटनाको संकलन गर्ने, तिनको वास्तविकताको खोजी गर्ने र खोजीको निश्कर्ष जस्ताको तस्तै प्रस्तुत गर्ने समस्या थियो। सूचना श्रोतको रूपमा हामीले लिनुपर्ने अर्धन्यायिक निकायहरू स्थानीय प्रशासन र प्रहरीहरू, अदालत आदि पनि के कस्तो सूचना दिने वा कसरी दिने भन्ने बारे त्यति स्पष्ट थिएनन्। स्थानीय तहका बार एशोसियसन, मानवअधिकारवादी संगठनहरू, राजनीतिक दलहरू सबैले आफूहरू प्रत्यक्ष संलग्न भएका घटनाबारे मात्र जानकारी गराउन सके। हाम्रा स्वयंसेवकहरूलाई वर्ष बिती सकेपछि मात्र जिल्लामा पठाइएको थियो। पुराना घटना बटुल्न र पीडितसंग भेट्नलै यसले गर्दा मुस्किल पर्‍यो। एकै जनालाई २/३ वटा जिल्लाको काम समेत जिम्मा लगाइएको थियो। कतिपय जिल्ला वर्षमा १० महिना हिउँले ढाक्ने हुँदा पनि गतवर्ष प्रतिवेदन ढिलो आइपुगेको थियो। परिच्छेद र अनुसूचि लेखनमा वर्ष पुस्तक समितिले व्यापक छलफल चलाउन नसकेकोले कतिपय कुरामा सहमतिको कमी समेत रह्यो। मानवअधिकारको उल्लंघन गर्ने क्षेत्र पत्ता लगाउनु, उल्लंघनका घटनाहरूको प्रचार गरेर जनताको बीचमा त्यसप्रति चासो जगाउनु र रोकथामका लागि सचेतनतमा बृद्धी गर्नु, हाम्रो उद्देश्य यस्तै रहेको छ। त्यसै दिशा तर्फ अग्रसर हुँदै हामीले वर्ष पुस्तक १९९३ को काम सम्पन्न गरेका छौं।

कार्य सम्पादन विधि :

- वर्ष १९९३ को आधा नबित्दै हामीले वर्ष पुस्तक -१९९३ का लागि घटनाहरूको शिर्षक र त्यस वमोजिमको निर्देशिका तयार गर्‍यौं। काठमाण्डौंमा एउटा तालिमको आयोजना गरियो। इन्सेक अभियानसंग सम्बद्ध र भविष्यमा वर्ष पुस्तकका लागि काम गर्ने सम्भाव्य स्वयंसेवकहरूलाई प्रशिक्षित गरियो। फर्किनासाथ आ-आफ्नो जिल्लाको अर्धवार्षिक प्रतिवेदन पठाउन आग्रह गरियो।
- यसपटक केही नयाँ विषयहरूको चयन गरियो। जस्तै - मानवअधिकारको धारणासंग बाझ्ने नेपाल कानूनका केही प्रावधानहरू, आम संचार र मानवअधिकार, तथ्यांकमा नेपाल, यसवर्षको उल्लेख्य, यसवर्षको प्रमुख घटना, नेपालमा विद्यालय शिक्षकहरू र मानवअधिकार, ट्रेड युनियन र मानवअधिकार, नेपालमा विस्थापनको समस्या आदि। हरेक जिल्लामा १९९२ र १९९३ को तुलनात्मक तथ्यांक दिने र सबै जिल्लाका घटनाहरूको समग्र मूल्यांकन गरेर निचोड र तथ्यांक प्रस्तुत गर्नका लागि परिच्छेद -९ अन्तर्गत सन १९९३ र मानवअधिकार स्थितिको समग्र मूल्यांकन प्रस्तुत गर्ने निर्णय गरियो। केही परिच्छेदमा थप कुरा माग भएकोले यसपटक त्यो उल्लेख गरेका छौं।
- प्राप्त प्रतिवेदनहरूका आधारमा इन्सेकका क्षेत्रीय संयोजकहरूलाई प्रतिवेदनको कमी कमजोरी पूरा गर्ने, जिल्ला जिल्लामा भ्रमण गर्ने र स्थानीय तहमा आवश्यक सहयोग प्राप्त गर्ने काममा संयोजन गर्न खटाइयो।
- केन्द्रमा पत्रिकामा प्रकाशित समाचारहरूलाई व्यवस्थित ढंगले शिर्षक र जिल्ला छुट्याएर राख्ने, कम्प्युटरमा अभिलेख गर्ने काम पनि निरन्तरताका साथ थालियो।
- यसपटक स्वयंसेवकहरूलाई निर्देशिका, सम्बन्धित जिल्लासंग सम्बन्धित समाचारका कटिङ्ग, इन्सेकको अभिलेखको प्रति र आवश्यक सम्पूर्ण कागजपत्र सहित जिल्ला तर्फ विदा गरिएको थियो।
- पत्रपत्रिकामा व्यापक प्रचार प्रसार गरियो। श्री ५ को सरकार गृहमन्त्रालय र सर्वोच्च अदालतबाट समेत सबै जिल्लाका आ-आफ्ना निकायमा आवश्यक सहयोगका लागि परिपत्र गरिएको थियो। मंसीर अन्त्य सम्ममा कार्यकारी सदश्यहरूको टोलीले यसपटक मध्य पश्चिमाञ्चल, सुदूर पश्चिमाञ्चलका विकट पहाडी जिल्लाहरूमा र पश्चिमाञ्चलका जिल्लाहरूको भ्रमण सम्पन्न गर्‍यो।
- ठाउँ ठाउँमा मानवअधिकारको दृष्टिले महत्वपूर्ण ठानिएका घटना घट्नासाथ थलोमै पुगेर प्रतिवेदन तयार गर्ने काम वर्षभरी जारी रह्यो।
- यस पटक श्री ५ को सरकार गृहमन्त्रालयमा गृह

सचिवज्यूसंग फलदायी कुरा भयो। उहाँको अनुरोधमा हामीले वर्ष पुस्तक उपलब्ध गरायौं र ७५ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी कहाँ वर्ष पुस्तक -१९९२ गृहमन्त्रालयले नै पठाइदिएको थियो। यसकारण आगामी वर्ष श्री ५ को सरकारसंग पनि वर्ष पुस्तक -१९९३ बारे प्रतिक्रियाको लागि अनुरोध गर्नेछौं।

- ❑ कतै कतै केही सूचना र सहयोग ढिलो प्राप्त भएको, कतै कतै स्वयंसेवकहरूलाई जेल हेर्न नदिइएको बाहेक उल्लेखनीय असहयोग भएन। गत वर्ष काममा बाधा पुगेको जिल्लामा समेत हाम्रा स्वयंसेवक साथीले समयमै काम सम्पन्न गर्नु भयो। केही जिल्लामा सक्षम र स्थापित व्यक्तिहरूलाई यो कामको जिम्मा दिइएको थियो तापनि रिपोर्ट आउन निकै ढिलो भयो। किनकी उहाँहरू अरू कामले व्यस्त रहनु भयो।
- ❑ परिच्छेद र अनुसूची लेखनका लागि हाम्रा अपेक्षा र प्राथमिकता तय गरेर मात्र जिम्मा लगाइयो। यसको लिखित सम्झौता गरियो। प्राप्त सामाग्रीमा समितिले व्यापक छलफल र प्रतिक्रिया गऱ्यो। थुप्रै सामाग्री र एउटै विषयमा एक भन्दा बढी विद्वानहरूको योगदान लिइयो।
- ❑ फागुन ३ गते सम्ममा प्राप्त प्रतिवेदनहरूको सम्पादन गर्न इन्सेकसंग भएका सूचना र प्राप्त सूचना मिलान गरेर, विश्वसनियताको आधारमा जिल्लाका प्रतिवेदन तयार गर्नका लागि सम्पादकहरूको एउटा टोली तयार गरियो। सम्पादन गरिएपछि त्यसलाई पुनः परीक्षण गरेर मात्र अन्तिम रूप दिने काममा कार्यकारी समिति निरन्तर लागि रह्यो।
- ❑ जिल्लामा खटाइएका स्वयंसेवकहरू मध्ये १ जनालाई मात्र २ वटा जिल्लाको काम दिइएको थियो। अन्यथा कसैलाई पनि एउटा भन्दा बढी जिल्लाको काम दिइएन।
- ❑ यस वर्षको उल्लेख्य शिर्षकका लागि बेग्लै समूह गठन गरियो। जातीय उत्पीडनमा परेकाहरूको सांगठनिक र व्यक्तिगत दुबैखाले सहयोग लिइयो। देशैभरी बेग्लै समुह बनाएर यसबारे ब्यापक अध्ययन गर्ने, ऐतिहासिक प्रमाणहरू बटुल्ने काम गरियो।
- ❑ सम्भव भएसम्म जिल्लाका प्रतिवेदन क्षेत्रीय कार्यालयमा बुझाउने, त्यहाँबाट परीक्षण गरेर मात्र स्वीकार्ने गरियो। पश्चिमाञ्चलमा एउटा निश्चित मिति तोकेर त्यस क्षेत्रका प्रतिवेदन त्यहीं परीक्षण गरेर बुझ्न केन्द्रबाटै टोली गयो।
- ❑ क्षेत्रीय संयोजकहरूले बर्ष भरीनै समय समयमा आफ्ना जिल्ला भ्रमण गर्ने, समस्याहरूको पहिचान गर्ने र समाधान गर्ने काम गर्नु भयो। स्वयंसेवकहरू संगको आर्थिक हरहिसावको काम समेत उहाँहरू मार्फत भए।
- ❑ वर्ष पुस्तकलाई सबैको चासोको विषय बनाउनका लागि र हरेक सामाग्रीलाई सान्दर्भिक बनाउनका लागि यस पटक पनि सुरूआत गरिएका सामाग्रीमा सान्दर्भिक र ऐतिहासिक पृष्ठभूमि समावेश गरियो। समग्र नेपालमा जिल्लै पिच्छेको मानवअधिकार उल्लंघनको सुक्ष्म अध्ययन गर्न चाहनेले सबै जिल्लाको घटना समेत पढ्नु पर्नेछ। तर निचोडमा जान्न चाहनेका लागि परिच्छेद ९ र ११ मा सारांश प्रस्तुत गर्ने निर्णय गरियो।

समस्याः

- ❑ नेपालका अर्धन्यायिक निकायहरूमा अहिले पनि मानवअधिकारको सम्मान गर्ने संस्कृतिलाई उन्नत तुल्याउने शैली विकास भैसकेको छैन। वर्ष पुस्तकलाई आवश्यक सहयोग गरिदिने गृहमन्त्रालयको परिपत्रलाई आफूले "आवश्यक" ठानेको हदसम्म मात्र कतिपय स्थानीय प्रशासकहरूले बुझे। तर केही जिल्लाका प्रशासकहरू भने आफ्ना कामहरू प्रति जिम्मेवार र खुला पाइए। यसपटक पनि कतिपय जेलको बारेमा चाहेजति विवरण प्राप्त गर्न सकिएन। प्रहरी हिरासतको भौतिक स्थिति पनि अवलोकन गर्न पाइएन।
- ❑ राजनीतिक दलहरू, मानवअधिकारवादी संघ संस्थाहरू, बार एशोसिएसन, ट्रेड युनियन आदिले आफू संलग्न भएका घटनाहरूबारे मात्र जानकारी दिन सके तर पाइएको जानकारीमा पनि खास मिति खोज्न समस्या पऱ्यो।
- ❑ सम्पूर्ण अभिलेख विक्रम सम्वत्‌को आर्थिक वर्षको आधारमा (श्रावण-आषाढ) राखिने हुँदा हामीले इश्वी सम्वत्‌को आधारमा जानकारीको अभिलेख मिलाउनु पर्दा कठिनाइ पऱ्यो।
- ❑ कतिपय स्वयंसेवकहरूले समयमा काम सम्पन्न गरिदिएनन्। केहीले जिम्मा लिएर पनि काम गरिदिएनन्। त्यसले गर्दा अन्तिम अवस्थामा बैकल्पिक प्रबन्ध गर्नु पऱ्यो।
- ❑ केही लेखकहरूबाट परिच्छेदहरू पनि ढिलो प्राप्त भयो। हाम्रो प्रतिक्रिया, चासो बमोजिम बारम्बार पुनरलेखन गर्नु पऱ्यो। कतिपय सामाग्री दोहऱ्याएर/तेहऱ्याएर तयार गर्नु पऱ्यो।
- ❑ हामीसंग भएको भौतिक सुविधा जस्तै कम्प्युटर र त्यससंग सम्बन्धित दक्ष व्यक्तिको कमीका कारण पनि समस्या उत्पन्न भयो।
- ❑ "नेपाली जनता सर्वमान्य संयुक्त राष्ट्र संघद्वारा निर्धारित मानवअधिकारबाट पनि बंचित छन्" भन्दै नेपाली कांग्रेस र संयुक्त वाम मोर्चाले ०४६ माघमा संयुक्त जनआन्दोलनको आव्हान गरेका थिए। सोही आव्हान बमोजिम देशमा जनआन्दोलन सफल पनि भयो। आज नेपाली समाजमा मानवअधिकार आम कुराकानीको बिषय समेत बन्न पुगेको छ। तर मानवअधिकारलाई, जनआन्दोलनको नेतृत्व गर्ने राजनीतिक दलहरूद्वारा

पनि गंभीरतापूर्वक ग्रहण गरिएको पाईदैन। देशको मानवअधिकार स्थितिका बारेमा उपयुक्त जानकारी प्रदान गर्ने मात्र होइन, मानवअधिकार जस्तो आम चासोको विषयमा सम्बन्धित सबैको धारणा समेत प्रस्तुत गर्ने उद्देश्य मानवअधिकार वर्ष पुस्तकले लिएको छ। तर मानवअधिकारसंग नङ मासुको सम्बन्ध रहेको राजनीतिक दलहरू समेत हाम्रो आग्रह प्रति उदासिन रहेको पाइयो। गत वर्ष १९९२ को मानवअधिकार स्थितिका बारेमा हामीले राजनीतिक पार्टीहरूको धारणा बडो गाह्रोसंग संकलन गरेका थियौं। यसपल्ट हामीले उपरोक्त कामका निम्ति झन् बढी दुःख गर्नु पर्‍यो। प्राप्त भएका कतिपय पार्टीका धारणाहरू पनि हाम्रो परिकल्पना अनुसारको हुन सकेको छैन। वर्ष पुस्तकलाई वर्ष भरिको मानवअधिकार स्थितिको उल्लेख गर्ने विवरणिका मात्र होइन, सम्बन्धित सबैको क्रिया-प्रतिक्रिया समेत समावेश गरिने खुलास्थान समेत बनाउने हाम्रो उद्देश्य थियो। तर अहिले त्यसतर्फ निराशा हात लागेको छ।

- हामीले पोहोर पनि उल्लेख गरेका थियौं - वर्ष पुस्तक समितिले मानवअधिकार स्थितिलाई संयुक्त राष्ट्र संघको घोषणापत्र बमोजिम निष्पक्षताका साथ उल्लेख गर्न आवश्यक मापदण्डहरू निर्माण गरेको छ। सिद्धान्ततः पनि पूर्णताको ग्यारेण्टी कतै गर्न सकिदैन। तर हामीले यथासक्य बस्तुवादी शैलीलाई अंगिकार गरेका छौं। सूचना प्रवाहको अभावमा अफवाहको श्रृजना हुन पुग्दछ। हामीले यसपटक पनि उपरोक्त मान्यताको त्रास ज्यादै झेल्नु पर्‍यो। सम्बन्धित सरकारी गैरसरकारी संस्थाहरू एवं पक्ष-विपक्षका राजनीतिक पार्टीहरूबाट अमूक-अमूक विषयमा आवश्यक सूचना प्रवाह नभएको सत्य पनि हाम्रो सामु तेर्सियो। तर हामीले त्यति हुँदा हुँदै पनि अर्थात भित्र प्रवेश गर्ने प्रयास गर्‍यौं। यहाँनेर पनि सय प्रतिशत सफलताको दावा गरिँदैन। तर केही त्रुटी हुन गएको छ भने सम्बन्धित पक्षहरूले सूचना प्रवाहको महत्वलाई ख्याल नगरेकोले पनि हुन गएको छ।
- मानवअधिकार सम्बन्धी तथ्य संकलनका क्रममा वर्ष पुस्तकका तर्फबाट कुनै त्रुटी भएन भन्न सकिदैन। कतिपय जिल्लामा प्रशासनसंग पनि यथोचित वा आवश्यक तादम्यता कायम नभएको हुन सक्छ। हामी वर्ष पुस्तकका स्वयंसेवक वा जो सुकैका तर्फबाट हुन गएका कम्जोरीहरूलाई इमान्दारीपूर्वक स्वीकार गर्छौं। तर मानवअधिकारप्रति प्रशासन वा राजनीतिक दलहरूबाट उदासिनता दर्शाइएसम्म कम्जोरी र त्रुटीको अस्तित्व निर्मूल हुन गाह्रो छ। ती दुबै कुराको एक अर्का बीच अन्योन्याश्रित सम्बन्ध रहेको छ।
- ०५० चैत २६ गते प्रजातन्त्र पुनर्स्थापनको पवित्र दिनमा यो वर्ष पुस्तक प्रकाशन गर्ने हाम्रो उद्देश्य थियो। तर माथि उल्लेखित विविध समस्याले गर्दा उक्त उद्देश्य सफल हुन नसकेकोमा हामी दुःखी छौं। ❑

परिच्छेद ११

निष्कर्ष र सुझाव

निष्कर्ष :

- सरकारले विगत वर्षमा झैं यस वर्ष पनि बारम्बार मानवअधिकार प्रति आफ्नो बचनबद्धता दोहोऱ्यायो। तापनि सरकारको शैली र व्यवहार वचन अनुसारको भएको पाइएन। कतिपय मामिलामा प्रशासनको राजनीतिकरण गरिएको देखियो। अपराधीहरू समेत राजनीतिक पार्टीहरूसंग सम्बन्धित भएका कारणले अदालतको आदेश भएर पनि पक्राउ परेनन्। अपराधीहरूलाई अदालतले तोकेको सजायबाट मुक्त गर्ने र हत्याराहरूको मुद्दा फिर्ता लिने काम समेत भएको पाइयो। जनआन्दालेलनको मर्म र उद्देश्य अनुरूप काम भएको देखिएन। बरू गत वर्ष भन्दा यो वर्ष मानवअधिकारको दिशामा सरकारी चासो घटेको पाइयो।
- यस वर्ष पनि संसद र सरकारद्वारा न्यायालयको सीमा अतिक्रमण गर्न खोजेको पाइयो। मुलुकी ऐनमा दफा २, उपदफा ३ अदलको १० नं. मा थपिएको प्रावधानलाई न्यायालयले खारेज गरी दिएबाट त्यस कुराको पुष्टी भएको ठान्न सकिन्छ। श्रम ऐनका सम्बन्धमा पनि संसदबाट पारीत भएको कुरो नै सर्वोच्च अदालतद्वारा परास्त हुन पुग्यो।
- मानवअधिकारको उल्लंघन सबभन्दा बढी अपराधिक मनोवृत्तिका सर्वसाधारणहरूबाट भएको पाइयो। तर सरकार र राजनैतिक कार्यकर्ताहरू यस पल्ट पनि उल्लेख्य रूपमा मानवअधिकारको हनन गर्ने कार्यमा संलग्न भएको पाइयो।
- सरकारको कार्यशैली अरूको कुरै नसुन्ने किसिमको रहयो। सरकारले टनकपुरको मामिलामा प्रतिपक्षलाई पूरै पेलेर अघि बढ्ने नीति लिएको कुरा कांग्रेसका सर्वोच्च नेता गणेशमान सिंहले पनि बताउनु भएको थियो। "हाम्रो त मसलदार, मसलदार सांसदहरू छन्। ९३ जना त हो नि विरोधी, ११२ त छँदैछ। चुद्नुसम्म चुटेर भए पनि पास गर्ने, यहाँसम्म चुट्ने कि सडकसम्म पनि पुग्न नसकुन्। यस किसिमबाट हात उठाएर पास गर्ने भने। मैले हुँदैन संसदमै यत्ति मान्छे मारियो या चुटियो भन्ने वित्तिकै सारा देशभरी आगो लाग्छ र त्यसमा को खरानी हुन्छ र भष्म हुन्छ भन्न सकिँदैन भनें। मैले चिठ्ठी लेखें केही असर गर्छ कि भनेर। हुनत संसदीय दलको बैठकमा पनि मलाई डाकिएको थियो, तर त्यहाँ गएर मैले भन्दा "कसाईको अगाडि राँगो रोए" जस्तो हुने भएकोले नै मैले चिठ्ठी लेखेको हुँ।" - सिंहले ०४० फागुन २९ गतेको देशान्तर साप्ताहिकलाई अन्तरवार्ता दिंदै भन्नु भएको थियो।
- नेपालले संयुक्त राष्ट्र संघद्वारा पारीत भएको १४ वटा अभिसन्धिहरूमा हस्ताक्षर गरी सकेको छ। तर आज पनि नेपालका कतिपय ऐन-कानूनहरू मानवअधिकारको धारणासंग बाझ्ने किसिमका रहेका छन्। संयुक्त राष्ट्र संघमा सरकारद्वारा बुझाइनु पर्ने प्रतिवेदनहरू पनि बुझाइएको/नबुझाइएको सम्बन्धमा कुनै सार्वजनिक जानकारी दिइएको छैन। यस्तो प्रतिवेदन तयार गर्दा मानवअधिकार संस्थाहरूसंग सर-सल्लाह गर्ने कुरो त झन् टाढा हुने नै भयो।
- मानवअधिकारवादी संघ संस्थाहरूले पटक पटक अनुरोध गर्दा पनि सरकार र सरकारी आम सञ्चार माध्यमले मानवअधिकारको प्रचार प्रसारका निम्ति खास केही गर्न सकेका छैनन। पाठ्यक्रम र पठ्यपुस्तकहरूमा पनि मानवअधिकार शिक्षालाई समावेश गरिएको छैन। सरकारी आमसञ्चार माध्यमहरूले जनताको मानवअधिकार उल्लंघन भएका घटनाहरूलाई समेत आफ्नो अनुकूल हुने गरी प्रस्तुत गरे। गैर सरकारी माध्यमहरूमा पनि आग्रह पूर्वाग्रहहरूको अधिकता देखियो। तैपनि निजी संचार माध्यमहरूको प्रयासले मानवअधिकार चेतनाका सम्बन्धमा केही न केही सघाउ पुऱ्याएको छ।
- विगत वर्षहरूमा झैं यस वर्ष पनि राजनैतिक दलहरूले धेरै मात्रामा प्रशासनको दुरूपयोग वा आफ्नो नीजी हितमा प्रयोग गरेका छन्। जसले गर्दा प्रशासनमा वस्नेहरू जनताका हित प्रति इमान्दार नभएको पनि देखियो। कतिपय प्रशासकहरू नियम कानूनको अवहेलना गर्ने मूल्यमा समेत सत्ताधारी दलप्रति वफादार रहेको देखियो।
- न्यायपालिकाले सरकार र संसदका कुरोलाई प्रतिवाद गरेर समेत न्याय सम्पादन गऱ्यो। तर न्याय सम्पादनमा हुने गरेको ढिलाईमा यस वर्ष पनि कमी आएन। कतिपय दूर्गम जिल्लाहरूमा न्यायिक निकायका अधिकारीहरूको अनुपस्थितिका कारण न्याय सम्पादन हुन नसकेको समेत पाइयो। फैसला भएपछि हुनसक्ने जति जेलवास पूर्पक्षका क्रममै बिताउने थुनुवाहरू समेत पाइए।
- यस वर्ष पनि पंचायतकालमा प्रहरीद्वारा गिरफ्तार गरी बेपत्ता पारिएका मानिसहरूका बारेमा कुनै कदम चालिएन। बरू यसै वर्ष प्रहरीद्वारा पक्राउ गरिएका खोटाङका रविन के.सी., अछामका विष्णु तिमिल्सिना र काठमाडौंबाट

पक्राउ गरिएका प्रभाकर सुवेदीका सम्बन्धमा समेत सरकारले कुनै जवाफ दिएन। यसैवर्ष सिन्धुपाल्चोकबाट र सन् ९२ मा रामेछापबाट रहस्यमय तरिकाले वेपत्ता पारिएका भूवनलाल थापा मगर र जुठे तामाङलाई पनि सम्फिइएन।

- यस वर्ष मंसीर-पुषमा देशको पाँचै क्षेत्रका जेल र प्रहरी हिरासतहरूका स्थितिबारे बुझ्ने घोषणा सहित सांसदहरूको टोली केही जिल्लाका सदरमुकाम पुग्यो। तर त्यस भ्रमण पश्चात सांसदहरूले के-के देखे उपरोक्त सम्बन्धमा कुनै सार्वजनिक जानकारी भएन। जेलमा विद्यमान समस्याहरू बुझ्ने चलन प्रजातन्त्रको बहालि पश्चात राम्रोसंग स्थापित भएको छ। जेलमा मानवअधिकारवादी कार्यकर्ताहरूको निरन्तर भ्रमण हुन थालेको छ। तर सम्बन्धित निकायले जेलका दुःख-पीडाका सम्बन्धमा सुनवाई गरेको पाईदैन। त्यस सम्बन्धमा सम्बन्धित निकायको पनि सीमितता सम्बन्धी आफ्नै गुनासो रहेको छ। जेल र न्यायलयका निम्ति नेपालको वजेट रकम हरेक वर्ष कम हुँदै गएको छ। हुम्लाको जेलमा जेल प्रशासन पनि पर्खाल भित्रै रहेको समेत देखियो। नाम जुधेकोले अर्को व्यक्तिका सट्टा अहिले पनि रोल्पा, रूकुम, झापा र पर्सामा एक एक जना बन्दी जीवन बिताई रहेका छन्। जेलर वा जेल प्रशासनद्वारा दिइएका ३ वटा यातनाका घटना पनि यस वर्ष प्रकाशमा आए।
- यस वर्ष असार-साउनमा आएको बाढीले देशमा अपूर्व क्षति गर्‍यो। राहतका क्रममा विभिन्न विवाद देखा पर्‍यो। तर सबभन्दा दुःख लाग्दो कुरो बरहथवा सर्लाहीमा राहतमा भ्रष्टाचार गर्नेउपर कार्वाही गरियोस भन्ने माग गर्दा पनि जनताले गोलीको शिकार हुनु पर्‍यो, दुई जनाको घटनास्थलमै मृत्यु भयो। उपरोक्त घटनाले नेपाली प्रहरीको जथाभावि गोली चलाउने प्रवृति तर्फ इंगित गर्दछ। नेपालमा व्याप्त अमानवीय भ्रष्टाचार तर्फ पनि वरहथवा गोलीकाण्डले केही संकेत गरेको छ। सर्लाही आदि ठाउँमा बाढी पीडितलाई राहत प्रदान गर्ने क्रममा समेत भ्रष्टाचार भएको थियो। त्यहाँ भ्रष्टाचारद्वारा दुखी जनताको मानवअधिकारको उल्लंघन भएको थियो।
- प्रजातन्त्रको वहाली पश्चात पनि नेपालको विकास प्रक्रियाको लाभ आधारभूत तहका मानिसहरूले उठाउन सकेका छैनन्।
- आज पनि नेपालमा जातीय छुवाछूत प्रथा एउटा विकराल समस्याको रूपमा रहेको छ। छुवाछूत प्रथाका कारण देशको झण्डै आधा जनसंख्याको स्वाभिमानपूर्वक बाँच्न पाउने अधिकारको हनन भएको छ।
- दासढुङ्गा दुर्घटनाका सम्बन्धमा गहिरो छानवीन हुनु पर्छ भन्ने कुरामा राष्ट्रिय सहमति कायम भइसकेको छ। तर वर्षको अन्त्यसम्ममा पनि बहालवाला न्यायाधीशको अध्यक्षतामा निर्क्यौल भए बमोजिमको आयोगको गठन हुन सकेन।
- यस वर्ष पनि नेपालका विद्यालय शिक्षकहरू प्रशासनको पक्षपातको शिकार हुन पुगे। सत्ताधारी पार्टीको राजनीतिसंग असम्बद्ध शिक्षकहरूलाई विविध ढंगले निरूत्साहित तुल्याइयो। शिक्षकहरूको नियुक्तिका क्रममा प्रशस्त विवादहरू देखिए। ६० भन्दा बढी जिल्लाका जिल्ला शिक्षा अधिकारीहरूले नियुक्ति-परीक्षाको नतिजा वोर्डमा टाँस गरी रातारात जिल्ला नै छोडे।
- ट्रेड युनियनका क्षेत्रमा पनि आधारभूत अधिकारहरूको उल्लंघन भएको छ। श्रम ऐनको विवाद स्वयं सत्ता पक्षबाट समेत उठिरहेको छ।
- विस्थापनको समस्या नेपालको झट्ट नदेखिने तर उल्लेख्य समस्या हो। प्रजातन्त्रको उदय पश्चात पनि सरकार सुकुम्बासी समस्या जस्ता विस्थापनका समस्याहरूलाई ठोस रूपमा समाधान गर्ने दिशा तर्फ अग्रसर भएको देखिदैन।
- बालबालिकाको अधिकारका सम्बन्धमा यस वर्ष पनि उल्लेख्य कदम चालिएन। आज पनि कतिपय कारखानाहरूमा उमेर बढाएर बताउने थुप्रै बाल मजदूरहरू रहेका छन्।
- प्रहरी यातनाका घटनाहरू यस पटक पनि थुप्रै भए। मकवानपुरमा कुखुराका कारण एक नागरिकलाई कुटपिट गरी मारी नै दिने प्रहरीहरू कारवाहीमा पनि परे। त्यस्तो घटनाले पनि प्रहरी ज्यादतिको आधिकारिक पुष्टी गर्‍यो।
- शरणार्थीहरूको चाप नेपालमा पनि बढ्दो छ। भूटानी शरणार्थीहरूलाई स्वदेश फर्काउने दिशामा यस पटक पनि ठोस निर्णय हुन सकेन। तिब्बती शरणार्थीहरूले उठाउने गरेको विवाद बेला बेला निकै चर्चामा आयो। अन्य देशका शरणार्थीहरूका बारेमा पनि बेला बेला थुप्रै जानकारीहरू प्रकाशित भए।
- महिला अधिकारको क्षेत्रमा पनि थुप्रै गुनासाहरू रहे। महिला सुरक्षाका निम्ति संसदमा पेश भएका प्रस्तावहरूप्रति समेत सरकार उदास रहेको देखियो।
- यो वर्ष विश्व आदिवासी दिवसका रूपमा पनि मनाइयो। तर नेपालमा वर्षको अन्त्यसम्मै आदिवासीको परिभाषाका सम्बन्धमा विवाद यथावत रहयो।

सुझाव :

देशको मानवअधिकार स्थितिलाई उन्नत तुल्याउन एवं मानवअधिकार संस्कृतिको विकास गर्न वर्ष पुस्तक ९२ ले पनि सम्बन्धित सबैका लागि सुझावहरू प्रदान गरेको थियो। वर्ष ९३ मा हामीले उठाएको सवालहरू अर्थात सतहमा देखिएका यथार्थ उपर कत्तिको ध्यान पुर्‍याइयो/पुर्‍याइएन सबैका सामु छर्लङ्ग छ। तर मानवअधिकारको क्षेत्रमा जसोतसो गरी केही काम पनि भएको छ। यस वर्ष क्षतिपूर्ति विधेयक पारीत भएको छ। यद्यपि उक्त विधेयकमा थुप्रै कमीहरू रहेका छन्। तापनि त्यस सम्बन्धी ऐन बन्नु मात्र पनि सकारात्मक कुरो ठान्न सकिन्छ। यसै वर्ष

मानवअधिकार आयोगको प्रस्ताव समेत सरकारी पक्षद्वारा विफल तुल्याइयो। मानवअधिकारका दृष्टिकोणले यो वर्ष आशा र निराशा दुबैको वर्ष रहयो। यसै परिप्रेक्ष्यमा यस पल्ट पनि केही सुझावहरू प्रस्तुत गरेका छौं।

सरकार समक्ष

- ❑ देशका धुप्रै भागमा गोली काण्डहरू भएका छन्, मानिसहरू मारिएका छन्। हिरासतमा समेत मानिसको मृत्यु भएको छ। यस सन्दर्भमा हामी एम्नेष्टी इन्टरनेशनल जस्ता संस्थाहरूले समेत दिएको सुझावलाई दोहोऱ्याउँदै भन्न चाहन्छौं।- "संभावित गैरकानूनी हत्याहरूको न्यायिक छानवीन गरियोस्।"
- ❑ मानवअधिकार सम्बन्धी यथार्थ चेतनाको कमी प्रहरी, प्रशासन र सामान्य मानिस बीच पनि अति खड्किएको छ। तसर्थ सरकारले मानवअधिकार बारे चेतना फैलाउनु पर्ने विषयलाई अनुत्पादक काम ठहऱ्याउनु हुँदैन। बरू मानवअधिकार शिक्षालाई औपचारिक/अनौपचारिक दुबै शिक्षाको क्षेत्रमा स्थापित गरिनु पर्छ।
- ❑ राष्ट्र सभाले एउटा प्रस्ताव निस्तेज गर्दैमा प्रतिष्ठित मानवअधिकारवादी व्यक्ति र संगठनहरू समेत सम्मिलित सर्वपक्षीय राष्ट्र मानवअधिकार आयोगको औचित्य समाप्त भएको ठान्न मिल्दैन। तसर्थ त्यस्तो आयोग गठन गर्नु अपरिहार्य छ।
- ❑ सरकारले संयुक्त राष्ट्र संघमा बुझाउनु पर्ने विभिन्न अभिसन्धिहरूसंग सम्बन्धित प्रतिवेदनहरू मध्ये कुन कुन बुझायो, कुन कुन बुझाएको छैन ? त्यस सम्बन्धमा सार्वजनिक जानकारी गराइनु आवश्यक छ।
- ❑ सरकारी संचार माध्यमहरूलाई मानवअधिकार र प्रजातान्त्रिक मान्यता अनुकूल सुधार गरिनु आवश्यक छ।

संसद समक्ष

- ❑ संसदमा पारित भएका विधेयकहरूलाई अदालतले निस्तेज गरेका थुप्रै उदाहरणहरू छन्। तसर्थ विधेयक पारित गर्दा सबै पक्षका सांसदहरूले गंभीरतापूर्वक सोच विचार गर्नु आवश्यक छ।
- ❑ मानवअधिकारको विषयमा संसदको चासो केही बढेको अवश्य छ। तर केवल चासो बढ्नु भन्दा व्यवहारिक रूपमा पनि केही ठोस काम भएको देखिनु आवश्यक छ। सांसदहरूद्वारा सबै जेल र हिरासतहरूको भ्रमण गर्ने घोषणा त गरियो। तर उनीहरू सबै ठाउँमा पुग्न सकेनन्। पुगेका ठाउँहरूमा पनि के के देखे सार्वजनिक हुन सकेन। तसर्थ यस तर्फ पनि संसदको ध्यान जानु आवश्यक छ।

राजनीतिक दलहरू समक्ष

- ❑ राजनीतिक दलहरूले मानवअधिकारलाई केवल भाषणको विषय बनाउने प्रवृत्ति त्याग गर्नु आवश्यक छ। यो पुस्तकको परिच्छेद र अनुसूचीहरूले राष्ट्रिय महत्वका मानवअधिकारसंग सम्बन्धित विविध विषयमा प्रकाश पारेको छ। जिल्लाका घटनाहरूको प्रकृति र पृष्ठभूमिलाई परिच्छेद ८ ले ओगटेको छ। हामी चाहन्छौं कि राजनीतिक दलहरूले दलीय द्वन्द मन्दा माथि उठेर आधारभूत तहमा नै त्यस्ता घटना बारे छलफल चलाउन्। त्यस्ता घटनाको पुनरावृत्ति रोक्ने तर्फ अर्धन्यायिक क्षेत्र समेतलाई घचघच्याउन, वर्ष पुस्तक समिति त्यस्ता मञ्चहरूमा सकृय सहभागिता दर्शाउन प्रतिवद्ध छ।

गैरसरकारी सामाजिक संस्थाहरू समक्ष

- ❑ सम्बन्धित सबैले वर्ष पुस्तकले निरूपण गरेका समस्याहरूमा ध्यान पुऱ्याउन सके अति राम्रो हुने थियो। कतिपय समस्यालाई सतहमा ल्याउने काम वर्ष पुस्तकले गरेको छ। तत् तत् क्षेत्रमा केही कदमं चाल्ने काम तत् तत् क्षेत्रका गैरसरकारी सामाजिक संस्थाहरूले गरी दिए स्थितिमा केही न केही सुधार आउने थियो।
- ❑ मानवअधिकारवादी संघ, संस्था र तीनका कार्यकर्ताहरू आधारभूत तहसम्म राम्ररी पुग्न सकेका छैनन। जनताले तिनीहरूलाई विदेशी मंच विदेशी विचार र व्यवहारको प्रतिनिधिका रूपमा जुनरूपले हेरेका छन त्यसमा विगत वर्षको तुलनामा केही कमी भने आएको छ। त्यस दिशामा अझ प्रगति हुनु आवश्यक छ।

आम सञ्चार समक्ष

- ❑ मानवअधिकारका लागि निजी क्षेत्रका संचार माध्यमहरूले गरेको योगदान सह्रानीय छ। तर आग्रह र पूर्वाग्रह अझ निर्मूल हुन आवश्यक छ।

क्षेत्रीय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू समक्ष

- ❑ नेपालको प्रजातान्त्रिक सरकार पनि मानवअधिकारको दिशामा उदास देखिएको छ। सरकार मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्र संघका सर्वमान्य मान्यताहरूबाट समेत बेलाबेला विमूख हुने गरेको देखिन्छ। यस परिप्रेक्ष्यमा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले सरकारको कार्यशैली बारे चासो राख्नु आवश्यक छ। सरकारले संयुक्त राष्ट्रमा बुझाउनु पर्ने प्रतिवेदनहरू समेत समयमा बुझायो/बुझाएन भन्ने बारेमा पनि क्षेत्रीय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट चासो राखिनु आवश्यक छ। आधारभूत तहमा मानवअधिकारको संचेतना फैलाउने र संगठित रूपमा मानवअधिकारको क्षेत्रमा जनतालाई गोलबन्द गर्नेहरूलाई सघाउनु जरूरी छ। ❑

अनुसूची

अनुसूची १

यस वर्षको उल्लेख्य-नेपालमा जातीय छुवाछूत

जातीय छुवाछूत के हो ?

शास्त्रीय सन्दर्भ :

भारत, नेपाल र केही छिमेकी मुलुकहरूमा हजारौं वर्षदेखि जातपात र छुवाछूतको प्रथा चलेर आएको छ र यसले अहिले पनि समाजलाई प्रभावित पारिरहेको छ। यस्तो प्रथा विश्वका अरू देशमा कहीं पनि थिएन र छैन। यो प्रथा चलेका भारत नेपाल जस्ता देशमा बस्ने मानिसहरूले हजारौं वर्षदेखि ठूलो सामाजिक भेदभाव, घृणा र अपमान सहनु परेको छ। त्यसैले यो प्रथा यी मुलुकहरूमा मानव जातिको कलंक बनेको छ।

जातिपाति प्रथा शुरूमा थिएन भन्ने कुरा शास्त्रीय ग्रन्थहरू र ऐतिहासिक तथ्यहरूको गहन विश्लेषण गर्दा छर्लङ्ग हुन्छ। भारतीय उपमहाद्वीपमा आदिम समाज "वर्णव्यवस्था" (जातपात र छुवाछूत) रहित थियो। यस ठाउँमा पनि त्यो पछि मात्र शुरू भएको हो। यस सम्बन्धमा सुप्रसिद्ध ग्रन्थ महाभारत भन्दछ -

"जात्मा च सदृशाः सर्वे कुलेन सदृशास्तथा।"

(शान्तिपर्व १०७/३०)

(आदिम समाजका मानिसहरू जात र कुलमा सबै समान थिए, अर्थात त्यहाँ मानिस मानिस बीच असमानता र भेदभाव थिएन।)

पहिले समाजमा वर्ण व्यवस्था थिएन, त्यो पछि मात्र शुरू भएको हो भन्ने कुरा बाल्मीकि रामायण बताउँछ -

"तत्स्त्रेतायुगं नाम मानवानां बयुस्यताम्
क्षत्रियाः यत्र जायन्ते पूर्वेण तपस्यान्विताः।

....

अस्येन्तस्तु ते सर्वे विशेषमधिकं ततः
स्थापनं चक्रिरे तत्र चातुवर्णस्य सम्मतम्।"

(उत्तरकाण्ड ७४/११-१५)

(सत्ययुगपछि त्रेतायुग आयो र त्यहाँ बलवान क्षत्रियहरूले पनि ब्राम्हणहरूले जस्तै तपस्या गर्न थाले। त्यसपछि मनु आदि ऋषिहरूले ब्राम्हण र क्षत्रियहरूमा केही फरक नदेखेर चार वर्ण भएको समाज कायम गरे।)

मूल वैदिक कालमा आर्यको ब्राम्हण, क्षत्रिय र वैश्यमा वर्गीकरण भएको थिएन। ऋग्वेदको पहिलो चरणमा ब्राम्हण, क्षत्रिय र वैश्य तीन वर्ण देखिए। ऋग्वेदको पछिल्लो कालमा शूद्रको निर्माण भयो तर शूद्र तिरष्कृत भएको पाईंदैन।

वर्णव्यवस्था पहिले कतै नभएको बेला भारत वर्षको दक्षिणी भागमा शुरू भएको थियो भनी लिङ्ग पुराण भन्दछ -

"वर्णाश्रम व्यवस्था च त्रैताप्रभृति सुब्रताः
भारते दक्षिणेवर्षे व्यवस्था नेतरेष्वथ।"

(पूर्वार्ध ८९/९५)

हिन्दू धर्मको पूर्व रूप वैदिक धर्म थियो। वैदिक समाजमा शुरूका आर्यहरूले गाउने गरेका गीत वा ऋचाहरूबाट पनि त्यसबेला समाजका मानिसहरू समान थिए र त्यहाँ जातपातको भेदभाव थिएन भन्ने स्पष्ट हुन्छ -

"समानोमन्त्रः समितिः समानी, समाने मनः सहचित्तमेषाम्।"

समानी वः आकूतिः समानी हृदयानि वः
समानमस्तु वो मनो वः सुसहासति।"

(ऋग्वेद १०/१९१/३-४)

जाति जन्मजात कुरा होइन र यो शुरूमा काम विशेषले निर्धारित हुन्थ्यो। ऋग्वेदको दशौं मण्डलको अन्ततिर स्पष्ट शब्दमा यसरी चारवर्णको उल्लेख गरेको पाइएको छ -

"ब्राम्हणोऽस्य मुखमासीत् वाहु राजन्यः कृतः
उरू तदस्य यद्वैश्यः पद्भ्यां शूद्रो अजायत।"

(ऋग्वेद १०/९०/१२)

(त्यस विराट पुरूषको मुख ब्राम्हण, हात क्षत्रिय, जाँघ वैश्य र खुट्टा शूद्र थिए।)

दश मण्डलका ऋचाहरूको रचनाकाल ई.पू. १५००-१००० को बीच अनुमान गरिएको छ। यसबाट के स्पष्ट हुन्छ भने अनेकौं वैदिक जन (कविला) हरूमध्ये कुनै कुनैमा ई.पू. १२०० को आसपास प्रारम्भिक रूपमा भएको श्रमविभाजन अनुसार चारखाले श्रमको आधारमा समाजलाई चारवर्णमा छुट्याउन थालिएको थियो। ती यस प्रकार थिए -

पुरोहित, ज्ञान, शिक्षा आदि बौद्धिक काम गर्ने ब्राम्हण (बौद्धिक र धार्मिक क्षेत्र)

सैनिक, शासकीय र खेतीपातीका काम गर्ने क्षत्रिय (राजनीतिक क्षेत्र)

पशुपालन, खेती र बन्दव्यापारका काम गर्नेहरू वैश्य (आर्थिक क्षेत्र)

कठिन श्रम, शिल्पकारी र सेवाको काम गर्नेहरू शूद्र (श्रम क्षेत्र)

तर ऋग्वेदमा यी चार वर्ण बाहेक उत्तर वैदिक कालमा देखापर्ने अरू जातहरू र अछूत-प्रथाको उल्लेख कतै पाइन्न।

वर्ण शब्दको अर्थ रङ्ग हो। तर पछि पछि वर्ण शब्दले

रङ्गको अर्थ दिन छोडेर श्रम विभाजनको अर्थ दिँदै गएको कुरा स्पष्ट हुन आउँछ। हिन्दू विचारधारा अनुसार वर्ण या जात एउटै शब्दका पर्यायवाची हुनपुगेका छन्। ऋग्वेदमा आर्य-अनार्यको भेद छुट्याइएको पाइन्छ। त्यहाँ अनार्यलाई दास या दस्यु भनिएको छ। यसरी के कुरा पनि सिद्ध हुन आउँछ भने प्राचीन कालमा वर्ण शब्दको अर्थ आर्य अनार्य छुट्याउनु नै थियो। भारतीय उपमहाद्वीपको समाज आर्य, मंगोलियन, द्रविड र शिथियन यी वंशहरूको सम्मिश्रणबाट बनेको छ। जाति र वर्ण आम्नेसाम्ने रहने छिमेकी सरह हुन्। सबैभन्दा पहिले "ब्राम्हण" जातिमा बदलियो। अतः जातिलाई वर्गको स्थितिमा पनि हेर्न सकिन्छ। शुरूमा माथिका चार खाले विभाजन कुनै कुनै वैदिक जनहरूभित्रै देखापरेको थियो तर एउटै मान्छेले तीमध्ये कुनै पनि काम फेरेर गर्न सक्दथ्यो। काम अनुसारको योग्यता हासिल गरेपछि वैश्य र शूद्रहरू पनि माथिल्ला वर्णको काम गरी सम्मान पाउन सक्थे।

महाभारतमा भनिएको छ –

"शूद्र यीनौ हिजातस्य सद्गुणानुपतिष्ठतः
वैश्यत्वं लभते बम्हण क्षत्रियत्वं तथैक्च
आर्जये वर्तमानस्य ब्राम्हण्यभिजायते।" (वनपर्व २११/११-१२)

(शूद्र कुलमा जन्मेको मानिस पनि यदि वर्ण अनुसारको गुण र योग्यता हासिल गर्दछ भने वैश्य, क्षत्रिय र ब्राम्हण पनि बन्न सक्छ।)

शुरूशुरूमा चारै वर्णका मान्छे र नारीहरूले पनि वेद पढ्न र यज्ञ गर्न पाउँथे। ब्रम्ह पुराण भन्दछ –

"शूद्रो S प्यागम संपन्नो द्विजो भवति संस्कृतः
ब्राम्हणो वा प्यसद्वृतः ... शूद्रोभवति तादृशः।" (२२३/४३ - ४४)

(वेद आदि शास्त्र पढेको र सुसंस्कृत आचरणको छ भने शूद्र पनि ब्राम्हण आदि माथिल्ला वर्णमा चढ्न सक्छ। यदि आचरण खराब छ भने ब्राम्हण पनि त्यसरी नै शूद्र वर्णमा झर्दछ।

यसै स्थितिलाई भगवद्गीतामा भनिएको छ –

"चातुर्वण्य ममा सृष्टं गुण कर्म विभागशः"

(मैले मानिसको गुण र कर्मको आधारमा चार वर्णको सृष्टि गरेको हुँ।)

यही नियम अनुसार शूद्र वा अरू "तल्ला" र निन्दित कुल कोखमा पैदा भएका व्यक्तिहरू पनि सम्मानित ऋषि, ब्राम्हण आदि बनेका र उच्च वर्णका मान्छेहरू तल खसेका प्रशस्त उदाहरण प्राचीन ग्रन्थहरूमा पाइन्छन्। "बज्रसूचि उपनिषद्" अनुसार पुराण प्रसिद्ध ऋषिहरूमध्ये परासर चण्डाल्नीबाट, वशिष्ठ वेश्याबाट, विश्वामित्र छेत्रिनीबाट, भारद्वाज शूद्र स्त्रीबाट र नारद दासीबाट जन्मे तापनि माथि पुगेका थिए। मातंग चाण्डाल थिए तर तपोबलले महात्मा ऋषि बने।

शुरूशुरूमा भारतीय उपमहाद्वीपका सबै आर्य मूलका जनजातिहरूमा समान रूपले वर्ण व्यवस्था देखापरेको थिएन। आर्य मूलकै विदेह, शाक्य, कोलीय, लिच्छवि, मल्ल आदि जनजातिहरूलाई सिंगो रूपमा क्षत्रिय मात्र भनेको देखिन्छ, अरू चार वर्णको उल्लेख पाइन्न।

डा. भीमराव रामजी अम्बेडकरले शूद्रको उत्पत्तिका दुई कारणहरू बताएका छन् – राजा र बाहुनका बीचमा मतभेद र कलहको परिणामले र ब्राम्हण र बौद्धको आपसी संघर्षबाट ऋग्वेदमा अनार्यहरू (आर्य विरोधी) आर्यद्वारा विजित भएपछि "शूद्र" भएको देखिन्छ। ऋग्वेदको "पुरूष सूक्त" बाहेक अन्यत्र "शूद्र" को प्रयोग भेटिंदैन र पुरूष सूक्त पछि थप गरिएको थियो। पहिले वैदिक आर्यजनहरू भित्रैको श्रमविभाजनबाट शूद्र वर्ण पनि शूद्र र दासको स्थितिमा राखिन थालेपछि आर्यजनका मानिसहरूले सकेसम्म शूद्र व्यवसाय छोड्न थाले। त्यसपछि गैर आर्यमूलका गरीब श्रमजीवीहरू र युद्धबन्दीहरूलाई बिभिन्न किसिमले शूद्र या दास बनाएको देखिन्छ।

शूद्र वर्णका व्यवसायहरू दासताको तहमा खस्दै गएपछि र गैर आर्यमूलका विजित मानिसहरू त्यसमा सामेल गरिँदै गएपछि शूद्र वर्णका मान्छेले त्यो पेशा छोडेर ब्राम्हण, क्षत्रिय आदिका पेशा अंगाल्ने स्थिति खतम हुँदै गयो। त्यति मात्र होइन, शूद्रले गर्ने फलाम, छाला, माटो आदिको काम, सडक नाली आदिको सफाइको काम, मासु काट्ने, बेच्ने, मसानघाट कुर्ने आदि कामलाई एकदमै घृणा र अपहेलनाको दृष्टिले हेरिनथाल्यो। विस्तारै विस्तारै यिनीहरू वर्ण अत्याचार र अन्यायका शिकार हुँदै गए। कठिन एवं निंदित मानिएका ती काम छोडेर अरू वर्णका काम गर्न खोज्दा तिनीहरूलाई त्यसो गर्न नदिने नियमहरू बन्दै गए र ती नियम मिच्नेहरूलाई कठोर दण्ड दिने र मार्ने समेत गरियो।

"मनुस्मृति" (१०/४३-४५) मा मनुले चार वर्णका अतिरिक्त अन्य सबै जातिलाई शूद्र भनेका छन्।

छुवाछूत प्रथाको सुरूआत

ऋग्वेदमा चर्मम्न (चमार), वाजसनेमी संहितामा चाण्डाल र पौलकस नाउँको उल्लेख छ भने धोविनी स्मृति ग्रन्थमा रजक र छन्दोग्य उपनिषद्मा चाण्डालको चर्चा छ। तर यस्ता वर्ग अछूत थिए भन्ने कतै पाइँदैन। स्मृति ग्रन्थहरूमा छुवाछूतको स्थिति भेट्न सकिन्छ। उच्च वर्ग र सत्ताधारी वर्गले आआफ्नो श्रेष्ठता देखाउन र समाजमा हैकम जमाउन, शूद्रहरूमाथि दमन एवं नियन्त्रण झन झन बढाउँदै लगे। त्यसपछि रीस उठेका, मन नपरेका वा घीनलाग्दो काम गर्न पनि विवश भएका शूद्रहरूलाई शूद्र भन्दा पनि झन् तल हीन जातिको स्थितितिर धकेल्ने, समाजबाट बहिष्कार गर्ने र अछूत सरह व्यवहार गर्न समेत थालियो। अनि समाजमा शूद्रहरूका पनि दुई किसिम देखा परे :

(१) आर्य मालिकहरूकै घरमा बसेर काम गर्ने छूत शूद्र र
(२) समाजबाटै बहिष्कृत भएर अछूत व्यवहार गरिने हीन जाति, अछूत शूद्र।

विष्णु पुराणको यस श्लोकले त्यस स्थितिको

सुरूआत देखाउँछ

"प्राणानर्यास्तथा दरान् ब्राम्हणार्येनिवेदयेत्

सशूद्र जातिर्भोज्यस्याद्मोज्यः शेष उच्चते।" (५/११)

(जुन शूद्रले आफ्नो प्राण, धन तथा स्वास्नीलाई ब्राम्हणको सेवामा अर्पण गर्छन्, त्यस्ता शूद्रको अन्न र तिनीहरूले छोएको कुरा खान हुन्छ, अरू शूद्रको अन्न खान हुँदैन।)

शूद्रले ब्राम्हण, क्षत्रिय र वैश्य कन्याबाट जन्माएका आयोगव, क्षत्रा, चाण्डाल आदिलाई हीन जाति भनेर समाजबाट बहिष्कृत गरी अछूत मान्न थालियो।

"व्यास स्मृति" ले निम्नलिखित जाति र पेशाका मानिसहरूलाई अछूत श्रेणीमा राखेको छ :

"वणिक्किरात कायस्थ मालाकार कटुम्बिनः

वेरटो भेद चाण्डाल दास श्वपच कोलकाः

एतेन्त्यज्यः समाख्याताः मे चान्ये च गवाशनाः

एसां सम्भासणात्स्नानं दर्शनादर्कवीक्षणम्।"

(१/११-१२)

(वणिक "व्यापारी", किराँत, कायस्थ, माली, बाँसको काम गर्ने, बेरद्, कंजर (कुकुर खाने जात), चाण्डाल, दास, मेतर, कोलकहरू र अरू गाई खाने सबै जातहरू अन्त्यज हुन्। तिनीहरूसित बोलेको दोष नुहाएर मेटिन्छ। तिनीहरूलाई देखेको दोष सूर्यलाई हेरेपछि मेटिन्छ।)

स्पष्ट छ, यसमा वैश्य र किराँत (मंगोल जाति) आदिलाई पनि अछूत श्रेणीमै राखिएको छ। तर यिनीहरूलाई उसबेला र पछि पनि अछूत सरह व्यवहार गरेको देखिँदैन।

त्यस्ता एउटै गोत्रका पुरूष र स्त्रीबाट जन्मेका वा नजीकको हाडनाता र रगत सम्बन्ध बिग्रिएर जन्मेका सन्तानलाई पनि सामाजिक बहिष्कार गरी चाण्डाल अछूत बनाउने चलन रहेको उल्लेख यमस्मृतिमा पाइन्छ। पाप र दुष्कर्म गर्ने व्यक्ति समाजबाट बहिष्कृत भएपछि अछूत मानिन्थ्यो। मनुस्मृतिका अनुसार, ब्रम्ह पुराणमा बौद्ध, पाशुपत, जैन, लोकायत, कपिल अर्थात् सांख्यका अनुयायी, धर्मच्युत ब्राम्हण, शैव र नास्तिकलाई पनि अछूतको गन्तीमा राखिएको छ।

खास-खास परिस्थितिमा परेकाहरूलाई अछूत मानिएको छ। जस्तै सूतकमा परेका वा रजस्वला भएकाहरू र अज्ञानतावश तिनीहरूलाई छोएर स्नान नगर्दासम्म अछूत मानिने गरियो। म्लेच्छ अर्थात् अहिन्दू सबैलाई अछूत बनाइयो।

हीनजाति या अछूत भनिनेहरूमा चाण्डालको स्थिति सबभन्दा दयनीय थियो। तिनीहरूलाई अछूत त मानिन्थ्यो नै, उनीहरूसित छोइएको हावा पनि दूषित मानिन्थ्यो। (जातक ३) "आपस्तंव धर्मसूत्र" ले चाण्डाललाई अछूत र "हेर्न समेत नहुने" (२/१/२/८) भनेको छ। "मनु स्मृति" मा चाण्डाल र मेहतर (पोडे, च्यामेहरू) गाउँ र शहरबाट बाहिर बस्नुपर्ने, माटाका भाँडा मात्र प्रयोग गर्नुपर्ने, मुर्दा मसानघाटमा लगेर पोल्नु पर्ने, मृत्युदण्ड पाएकाहरूलाई मार्नुपर्ने र तिनका कपडा, बिस्तरा, गहना लिएर प्रयोग गर्नु पर्ने जस्तो ज्यादै अपमानजनक नियमको उल्लेख छ। (१०/५१-५६)

संसारको इतिहासलाई नियाल्दा जन्म एवं व्यवसायमा आधारित जाति व्यवस्था प्राचीन समयमा यूनान, फारस, रोम, चीन, जापान आदि मुलुकहरूमा समेत रहेको थियो, तर हामीकहाँ जस्तो जातीय भेदभाव र छुवाछूत प्रथा थिएन। अहिले पनि पूरै यूरोप र अमेरिकामा गोरो छाला बाहेक अरू रङको छाला हुनेहरू विशेष गरी निग्रो मूलका मानिसहरूप्रति हेला र घृणाको भाव प्रशस्तै छ तर अछूतप्रथाको स्तरमा भने त्यो झरेको छैन।

भारतीय उपमहाद्वीपमा विश्वका धेरै जाति जनजाति आएर छ्यासमिसे भई बस्नु परेको स्थितिले इतिहासको दुर्भाग्यपूर्ण घटनाको रूपमा जातपातको भेदभाव र छुवाछूत प्रथा जन्मेर ज्यादै जटिल रूप लिन पुग्यो, जुन आजको विज्ञान, प्रजातन्त्र र समाजवादको आधुनिक युगसम्म पनि एकदमै जटिल रूपले जकडिएर बाँचिरहेको छ। यसले वर्णव्यवस्था मान्ने वैदिक वा हिन्दू धर्म भित्रका मान्छेलाई विभाजित गरेर त सताएकै छ, त्यसभन्दा बढी जो आर्यमूलका पनि होइनन् र जो हिन्दू धर्म र वर्णव्यवस्था पनि मान्दैनन् उनीहरूले पनि, अर्थात् मंगोल मूल वा आष्ट्रिक मूलका विभिन्न जनजातिहरू (राई, लिम्बू, तामाङ, सतार आदि) ले पनि वर्णवादीहरूको बीचमा अनाहकमै तल्लोजात भनेर अपमानित हुनु परेको छ। गुरूङको बीचमा चारजाते र सोह्रजाते भन्ने भेदभाव छ। मगर, राई, लिम्बू, थारू आदि र तराईका अनेकौं जनजातिहरू हिन्दू धर्ममा सामेल गरिएका छन्। तर स्वयं उनीहरूभित्र यस्तो जातीय भेदभाव र छुवाछूत प्रथा छैन। यद्यपि ब्राम्हणवादद्वारा सिर्जित अछूतहरू प्रति भने छुवाछूतको व्यवहार गर्छन्। तैपनि उनीहरूले जातीय भेदभावको पीडा भोग्नु परेको छ। वास्तवमा नेपालका यी जनजातिहरू विशेष गरेर मंगोल मूलका जनजातिहरूलाई कतै क्षेत्रिय भनिएको छ, कतै वैश्य, कतै शूद्र र कतै अछूत भनी उल्लेख गरिएको छ। किन यस्तो लटरपटर र अस्पष्टता ? वास्तविकता के हो ?

ब्राम्हण साहित्यको निर्माणकालमा आएर व्यवसायको आधारमा मात्र नभएर जन्मको आधारमा जाति मान्ने धारणा जन्मियो। सभ्यता र संस्कृतिको उत्थानको फलस्वरूप कार्यविभाजनको उत्पति भएको हो र श्रम, कला र सीपको उद्‌भवसँगै कारणवश त्यससंग सम्बन्धित अनेक उपजातिहरू देखा परे। छुवाछूतको उदय हुनुभन्दा अघि हिन्दू र अछूतमा भएको अन्तर विजित र विजेताको थियो। जो तोडिए, जो पराजित भए तिनीहरू कालक्रममा अछूत घोषित गरिए। यस यथार्थका लागि उत्तर वैदिक कालका स्मृति संहिताहरू सहायक हुन्छन्। कोमलतामाथि कठोरताको विजय प्रबल हुँदै गएपछि मातृवर्गमाथि पितृसत्ता कायम हुन थाल्यो र नारीवर्ग नै दीनहीन, निर्धो निमुखो र अपहेलित बनाइयो। माथिल्ला तीन वर्ग मिलेर नारीवर्ग र शूद्रवर्गलाई वेदाधिकारबाट बञ्चित गराइयो। कालक्रममा हिन्दू समाजमा उपजातिकरणको सूत्रपात

भयो। एउटै समाजका अन्तरक्रियामा पनि विभिन्नता देखिन थाल्यो। यसका साथै समाजका शासक वर्गको भूमिका बढ्नाले सामाजिक चरित्र हेर्ने दृष्टिकोणमा समेत मनोमालिन्यले स्थान पायो। ब्राम्हण समाजमा एकाधिकार, जातपात र चुलाचौकामा भावनात्मक पर्खाल चुलिदै जानु जस्ता अहंकार पराकाष्ठामा पुग्नु, अर्कातिर बालविवाह, वृद्धविवाह, बहुविवाह, अनमेल विवाहले प्रश्रय पाउनु जस्ता विकृति बढ्नु अनि एकातिर जैसी, घाटे, भाट, सन्यासी, ठकुरी, हमाल, भूईंहर, नगरकोटी, गोलक, कुण्डक, प्रतिलोम जस्ता उपजातिको अस्तित्व वृद्धि हुनु इत्यादि विकृतिहरू बढेर गए। यसले गर्दा प्रचलित सामाजिक नियम विधानमा कुठाराघात हुँदा निर्धारित मान्यता विरूद्ध सन्तान उत्पादन गराएमा मुड्ने, दामल गर्ने, जातिच्युत गर्ने जस्ता संकरीकरणको बाटो अपनाइयो। फलतः आफैंले पैदा गराइएका संकरलाई अपहेलित दृष्टिले हेर्ने, क्षतकी पातकी, अछूत ठान्ने र समाजबाट पूर्ण रूपमा बहिष्कार गर्ने जस्ता अमानवीय विकृतिहरू उत्तरोत्तर बढ्दै गए। यस विसंगतिको उपज उग्र ब्राम्हणवाद नै हो। त्यसैगरी शासक र युद्ध पिपासुहरूले पराजित पक्षलाई दास तुल्याएर जातिच्युत गर्ने, मुड्ने, देश निकाला गर्ने र तिरस्कार गर्ने जस्ता अमानवीय व्यवहारको फलस्वरूप असाध्य रोगका रूपमा सामाजिक विसंगति बढेर गयो।

उद्योग व्यवसाय पनि जातीय छुवाछूतको आधार होइन। ब्राम्हणहरूले जस्तो बौद्धहरूको तिरस्कार गर्थे वा उनीहरूसंग वैरभाव राख्थे, त्यही ढंगले पराजित मान्छेहरूमाथि पनि व्यवहार गर्दथे। उसै गरी आर्य द्रविडहरूको लडाईंमा विजयी आर्यहरूले द्रविडहरूलाई जितेर शूद्र बनाए। यस अघि द्रविडहरूले आदिवासीहरूलाई जितेका थिए र दास एवं अछूत बनाएका थिए। यो जाति व्यवस्था आधुनिक सन्तति शास्त्रको मूर्त रूप होइन। वर्ण व्यवस्थामा अछूतहरूलाई गरिएको वर्ताव मुसलमान लगायत अन्य धर्मावलम्बीलाई पनि गरिन्छ। यसर्थ हिन्दू समाजमा जातिवाद धर्मबाट उदाएको प्रमाणित हुन्छ।

नेपालमा वर्णव्यवस्था र छुवाछूत :

ई.पू. छैटौं शताब्दीमा नै बुद्धले वर्णव्यवस्था विरोधी आन्दोलन शुरू गरेको र स्वयं शाक्यवंशीहरू क्षेत्रिय भनिएकाले त्यसताका नेपालको पश्चिमी तराईमा पनि वर्णव्यवस्था शुरू भएको प्रष्ट हुन्छ। त्यसैताका वागमती उपत्यका र अरू पहाडी क्षेत्रतिर किराँतहरूको बाहुल्य थियो। त्यसैले यतातिर वर्णव्यवस्थाको उदय भएको थिएन। वागमती उपत्यका र पहाडी क्षेत्रमा शाक्य, मल्ल र लिच्छविहरूको आगमनको साथसाथै क्रमशः वर्णव्यवस्था आउँदै गयो र ईसाको पांचौ शदीमा लिच्छवि राज्यको विस्तार संगसगै त्यो पनि फैलदै गयो।

लिच्छवि राजाहरूमध्ये वृष देव (मानदेवका बराजु) मात्र बुद्धमार्गी थिए, अरू सबैले वैदिक (हिन्दू) धर्म र वर्णव्यवस्थालाई अंगालेका थिए। राजा मानदेव (ई. ४६४ - ५०५) ले चांगुनारायणको मन्दिर बनाएकोबाट र उनका विभिन्न शिलालेखहरूबाट उनी वर्णव्यवस्थाका अनुयायी भएको स्पष्ट हुन्छ। उनका नाति वसन्त देव (ई. ५०६ - ५३२) को थानकोटको अभिलेख (ई. ५०६) मा "जयपल्लिका गाउँका ब्राम्हण लगायत अठारै जातका गृहस्थीहरूलाई कुशलमंगल" लेखिएबाट त्यसबेला नेपालमा "चार वर्ण अठार जात" रहेको अन्दाज हुन्छ।

अंशुवर्मा (ई. ५८८ - ६२१) को टिस्टुङ अभिलेख (ई. ६०७) मा "अनतिवृत्तार्यमर्यादा सेतु" (आर्यमर्यादा अर्थात् वर्णव्यवस्थालाई उल्लंघन हुन नदिने) लेखिएको छ।

त्यसपछि मध्यकालमा उपत्यकाका मल्ल राजाहरूले बनाएका सयौं हिन्दू देवताका मन्दिरहरू र जयस्थिति मल्ल (ई. १३६० - ९५) ले वृहत् रूपले गरेको वर्ण व्यवस्था, पूर्वी तराईमा ई. १०९७ देखि १३२५ सम्म रहेको जातपातको पंजीकरण प्रथा, गोरखाका राजा रामशाह (ई. १६०५ - ३६) ले गरेको वर्ण व्यवस्थामा आधारित समाज संगठन, कर्णाली क्षेत्रमा ई. १३३८ तिरबाट बढ्दै गएको वर्णव्यवस्था आदिले मध्यकालमा अहिले नेपालमा रहेका विभिन्न क्षेत्रमा वर्णव्यवस्था झन् फैलिंदै गएको देखिन्छ। जयस्थिति मल्ल र रामशाहले धर्म शास्त्र र मनुस्मृतिकै आधारमा कडा सामाजिक नियम लागू गरे। यस अनुसार तल्लो जातलाई प्रत्यक्ष रूपमा भेदभाव गरी उनीहरूलाई एउटा सामान्य मानवको रूपमा समेत बाँच्ने अधिकार दिइएन। साना जात भनिएका त्यस्ता वर्गलाई लाउन, खान र बस्ने बासमा पनि ठूला वर्गका दाँजोमा ज्यादै पक्षपातपूर्ण नियम लगाइएको थियो। जात अनुसारको भेषभूषा लगाउनु पर्ने, तल्ला जातिले पक्की घर बनाउन नपाइने र शहरदेखि टाढा वा नदीका किनारमा मात्र बसोबास गर्नुपर्ने मान्यता थियो। यसरी जयस्थिति मल्ले बनाएको नियम श्री ५ सुरेन्द्रको पालामा बनेको मुलुकी ऐन सम्ममा पनि यथावतै कायम रहेको थियो।

नेपालमा उपजातीय सिर्जनाको कारक आफ्नै प्रकारको छ, सार्वभौम होइन। जस्तो : उच्च अभिजात वर्गको लोग्ने र निम्न जातकी स्वास्नीबाट जन्मिएको सन्तान बढौतीमा पर्दछ। यो पानी चल्ने र छोइछिटा हाल्नु नपर्ने अलिखित नियम समाजमा लागू थियो र अझ पनि छ। फिरन्ते सन्यासी बाबुबाट जन्मिएको सन्तान र बाँकी अन्तरजातीय वैवाहिक सम्बन्धबाट पैदा भएका सन्तान पनि यस श्रेणीमा पर्दछन्।

यही बढौतीका क्रममा इतिहास सम्बद्ध हुँदै आएको पाइन्छ। यसपछि आउँछ घटौतीको क्रम। वि.सं. १९१० को मुलुकी ऐनले अप्रत्यक्ष रूपमा नेपाली समाजलाई दुई जातमा वैधता प्रदान गरेको थियो - पानी चल र पानी अचल जात। पानी चल जातको व्याख्या गर्दा कतै कतै छोइछिटा हाल्नु नपर्ने समाज र छोइछिटा हाल्नुपर्ने समाज भनेर परिभाषित गरिएको थियो। राणाकालमा आ-आफ्ना जातका समस्या मिलाउन तिनै जातका प्रमुखलाई जिम्मा दिइएको थियो। कामी र सार्कीको अख्तियारवालालाई "मिझार" (छुट्टाछुट्टै) भनिन्थ्यो

भने दमाईको अस्तियारवालालाई "नगर्ची" भनिन्थ्यो। यस्तै गरी अरू पानी अचल जातका पनि नाइके तोकिइन्थ्यो। सानातिना मुद्दा मामिलामा अड्डा अदालत वा कचहरी धाउन नपरोस् भनी गरिएको यो व्यवस्थालाई ती मिझार, नगर्ची आदिले आआफ्ना समाजमा सकेसम्म अरू शोषण र अन्याय गर्ने भाँडो बनाएका थिए। जस्तो मालिक त्यस्तै दास भने झैं मालिकको प्रभाव तिनीहरूमा पनि प्रष्टै परेको थियो। मालिकले अरूलाई शोषण र दमन गरे झैं उनीहरू पनि आ-आफ्ना समाजलाई अन्याय गर्न पछि पर्दैनथे। यसको उजुरी कतै लाग्दैनथ्यो।

मध्यकालदेखि नै जातिभेद, वर्णभेदका कारणले तथा पराजित हुनु परेका कारणले जात खसालिएकाहरूको सामाजिक स्तर दिन प्रतिदिन गिर्दै र खस्किँदै गयो। फलतः खानपान रहनसहन तथा आहार विहारमा विसंगतिको मात्रा बढ्न थाल्यो र आचार विचार, सुग्घर सफाइ, आत्मसम्मान हराउँदै गयो। आफूलाई माथ्लो जात ठान्नेहरूले यसैलाई उत्पीडनको कारण बनाउँदै लगे। जन्मजात वैदिक समाजको पक्षपोषक हिन्दू धर्मको अनुयायी तथा राष्ट्रिय सांस्कृतिक स्तम्भलाई अवैदिक, अहिन्दू, अछूत भन्दै मन्दिर प्रवेश निषेध गराइयो। पूजाआजा, मांगल्योत्सवादिको आयोजना गर्न र शिक्षा आर्जन गर्नमा पनि रोक लगाइयो। यसरी मन्दिरमा प्रवेश गर्न नपाउने, अंकाक्षर अभ्यास गर्न नपाउने, माथ्ला जातकाले पढे-पढाएको सुन्न नपाउने, धर्मकर्म, यज्ञ-यज्ञादि गर्न नपाउने, तुलसी, बर-पीपल रोप्न नपाउने, जलाशय चौतारी आदि धर्मकीर्ति राख्न नपाउने, सार्वजनिक, मेला पर्व, चाड बाडमा समेत अरू सरह राम रमाइलो, हाँसो रोदनमा सामेल हुन नपाउने जस्ता अप्रिय अमानुषिक, असामाजिक बन्देज लगाइयो। सामान्यतः यस्तो अप्रिय व्यवहार सामाजिक बहिष्कार भन्दा पनि कडा थियो। यसले गर्दा समाजबाट अछूत रहनु पर्ने, अभिजात वर्गकासँग बीच बाटामा जम्काभेट भएका खण्डमा बाटामुनि लाग्नै पर्ने, उनीहरूलाई (जोसुकै होस्) "जदौ" गर्नै पर्ने, दमनविरूद्ध गएमा काटिनु पर्ने, माथ्ला जातका नारी माथि आँखा लगाए वा लगेमा देश निकाला हुनुपर्ने, आफ्नी नारी अभिजात वर्गकाले लगेमा जारीखत लिन नपाउने, तागाधारी वा गैरतागाधारी जातलाई छोएमा छोइछिटा हाल्न अनुरोध गर्नुपर्ने, सरासर दोहोरो वार्तालाप गर्न नपाउने जस्ता वर्वरतापूर्ण यातना सहन वाध्य गराइयो। पारस्कर गृह्यसूत्र, गौतम सूत्र, मनुस्मृति, शुक्र नीति जस्ता परम्परित ग्रन्थका आडमा बनाइएको मुलुकी ऐनमा कति विषमता थिए, के कस्ता हृदयविदारक भ्रमजाल थिए भन्ने सम्बन्धमा उक्त ग्रन्थहरूमा स्पष्ट अवलोकन गर्न पाइन्छ। त्यसरी मानव समाजबाट अपहेलित र निरस्कृत हुनु परेछि आर्थिक, सामाजिक, सांस्कृतिक तथा प्रशासनिक क्रियकलापमा भाग लिने प्रश्नै आएन। अनि सियो धागो खेलाएर, बाजा बजाएर, आरन चलाएर, छालाको काम गरेर, संगीत, कला र नृत्यको साधना गरेर अनि ढुंगा काट्ने, भीर पहरा फोर्ने, माटाका हाँडा भाँडा बनाउने, ज्याला मजदूरी गर्ने, झाडू कुचो गर्ने, हगनगौडी सोहोर्ने, धुने पखाल्ने, मरेका जन्तुको सिनो स्याहार्ने आदि गरेर बाँच्न विवश बन्न पुग्यो। माथ्ला भनिएकाले पानी पँधेरा समेत छुन बन्देज लगाएकाले आर्थिक अवस्था राम्रो हुने र जीवनमा सुधार आउने प्रश्न झन झन जटिल हुँदै गयो। यसरी २००७ सालभन्दा अघि शोषित र पीडित निमुखाहरूले पाउनुसम्म गोता र हण्डर पाए। मान्छेको रूपमा समेत नचिनिने उनीहरूको आर्तनाद कसैले सुनिदिएन।

अहिलेको नेपालमा वर्णव्यवस्था अन्तरगत आम रूपमा "चार वर्ण छत्तीस जात" भन्ने गरे तापनि त्यो पहाडी क्षेत्रको मोटामोटी गणना जस्तो देखिन्छ। नेवारी समाज र तराईको समाजमा छत्तीस भन्दा बढी जात छन्।

पञ्चायती व्यवस्थामा नेपाललाई "हिन्दू राज्य" समेत भन्न थालियो। २०४७ को संविधानले पनि नेपाललाई हिन्दू राज्य नै कायम गरेको छ। एक मात्र हिन्दू राष्ट्र नेपालमा लाखौं अछूत मानिनेहरूले कानूनी रूपबाट पनि सयौं वर्षदेखि यातना भोगिरहेका छन्। हिन्दू धर्ममा आधारित कानूनी व्यवस्था भएकोले किराँत काल बाहेक लिच्छविकाल, मल्लकाल, शाह काल र राणाकालमा एउटै किसिमको अपराधमा कथित उपल्ला जातिकाले भन्दा तल्ला जातिकाले कडा र अमानवीय सजाय भोग्दै आउनु परेको कुराको इतिहास साक्षी छ। जस्तो : मल्ल कालमा पोइ हुने ब्राम्हणीलाई शूद्रले करणी गरे लिंग काटी त्यसैलाई खुवाई चाण्डालको हातले काट्ने व्यवस्था थियो। त्यस्तै राजेन्द्र विक्रम शाहको पालामा वि.सं. १८९३ आषाढ सुदि ७ रोज ४ मा जारी गरिएको रूक्का अनुसार "शूद्र जात जस्तै दमाई, सुनार (कामी), सार्की, वलामी, माझी, दनुवार, मुर्मी, भोटे, चेपाङ्ग, कुमाल आदिले जानीजानी भाउजूको करणी गरे मारिदिने" कानूनी व्यवस्था थियो। २०२० सालको नयां मुलुकी ऐन लागू हुनुभन्दा पहिले पनि कानूनी व्यवस्था त्यस्तै रहयो। जस्तो माथिल्लो जातका लोग्ने मानिसले तल्ला जातकी स्वास्नी मानिसको करणी गरे कम सजाय हुने र तल्ला जातका लोग्ने मानिसले माथ्ला जातकी स्वास्नी मानिसको करणी गरे चौध वर्षसम्म कैदको सजाय हुने कानूनी प्रावधान थियो। २०२० सालमा आएको मुलुकी ऐनले तल्ला जात भनिएकाहरूलाई कानूनी समानता दिलाउने सैद्धान्तिक व्यवस्था गरे पनि र हालैको संशोधन अनुसार छुवाछूतको भेदभावलाई दण्डको व्यवस्था समेत भएर पनि मुलुकका कैयौं भागमा अझै पनि यो समुदाय कानूनको समान हकदार हुन सकिरहेको छैन। यस्ता असमान र अमानवीय व्यवहारहरूको उल्लेख यथास्थानमा गरिनेछ।

को को अछूत ?

(क) गरगहना, हातहतियार, भाँडा वर्तन आदि निर्माण गर्ने र अन्य श्रम सीपका क्षेत्रमा संलग्न समुदाय

पानी अचल जात भनिएकामध्ये आफूलाई उच्च ठान्ने यो समुदायलाई कामी, सुनार, लोहार, विश्वकर्मा (वि.क./वि.के.), सोभ, स्नेही, नेपाली आदि नामले पनि

चिनिन्छ। पेशागत हिसाबले खास-खास पेशामा संलग्न भए अनुसार नै नामाकरण भएको स्पष्ट हुन्छ। जस्तै सुनको काम गर्नेलाई सुनार, घरद्वारको निर्माण कार्यमा लागेका वा भाँडा कुँद्ने कार्यमा संलग्न भएकालाई ओड, तामा पित्तलको काम गर्नेलाई टमटा, फलामको काम गर्नेलाई लोहार (कामी), काठको भाँडा कुँद्नेलाई चुनरा, निगालो र बाँसको काम गर्नेलाई पार्की, वस्त्र बुन्नेलाई कोली, छालाका काम गर्नेलाई भूल भनिन्छ। पूर्वी नेपालमा यी सबैलाई अपमानसूचक शब्द "कामी" भनेर चिनाउन थालिएको छ। तर पश्चिम नेपालमा सबैलाई "लोहार" (लोहडा) भनेर चिनाइन्छ। नेपालको एकीकरणपछि मात्र पश्चिमतिर पनि "कामी" भन्ने शब्द थोरै मात्रामा पुगेको देखिन्छ। राणाकालमा यस समाजको थितिरीति मिलाउन सरकारबाट तोकिएको व्यक्तिलाई "मिझार" पद्वीले चिनिन्थ्यो र कतिले यसै शब्दलाई आफ्नो उपभेद (थर) को रूपमा लिएको पाइन्छ। पश्चिम क्षेत्रमा सुनचाँदीको काम गर्ने पारखीलाई "मिझार" भनिन्छ। नेपालको सम्पूर्ण क्षेत्रमा यो समुदाय छरिएर रहेको पाइन्छ। यस समुदाय भित्र निम्नबमोजिमका उपभेद (थर/कैरन) भेटिन्छन् :

आग्री, आचार्य, आफलधोती, ओखेडा, ओड/ओर, कडारा (कँडारो), कराडा, कसरा, काललोहार, कालिकोटे, कालिराज (शाहू), कुमाकी, कैनी, कोइराला, कोली, खड्काथोकी, खपांगी, खाती, गजमेर, गजुरेल, गदाल, गदाइली, गहते (गहतराज), गिरी, गोतामे, गोवा, घतानी, घमाल, घर्ती घिमिरे, घामघोत्ले, घिमिरे (सिजापति र घिमिरेहरूले "सोभ" पनि भन्न थालेका छन्), घोताने, चंदरा। चंदारो, चिलिमे, तिवारी, चुनरा, छिस्तल, जाँडकामी, टमटा (ताम्रकार), ठगुन्ना, ठटेरा, तिरूवा, दयाल/दियाली, दलामी, दर्नाल, दुदराज (दूधराज), दुराल, देउपाते, देवल, धमला, धानिक (धानुक), नगरकोटी (काभ्रे, सिन्धुपाल्चोकका रसाइलीहरूले हालै प्रयोगमा ल्याएको), निरौला, नेपाल, पन्थी, पल्ल (या), पराजुली, पहरी, पाध्यवती, पाग्री, पार्की, पुलामी, पोखरेल, पोर्तेल, पौडेल, बराइली/बराली/बराल, बुंचेभाले, बांस्कोटा, विपाली, भट्ट, भट्टराई, भुसाल, भूल, माहिलीपार, मर (महर), मिझार, रसाइली, रहपाल, राजीलीहार, रामदाम/रामुदामू, रिजाल, रिसाल (रसाइलीहरूले प्रयोग गर्ने गरेको), रूचाल, रैकाल, लकान्दी, लाटोपी, लाबड, लाम्गादे (यसका तीन उपभेद पाइन्छन् लामाकार्की, लामिछाने र पौडेली), लोहनी, लोहार, ल्वागुन/लुहागुन, शाहसंकर, शाहू, शेराला, सदासंकर/सत्तासंकर, सापकोटा, सानी, सुन्धुंवा, सुन्च्यूरी/सुनचिउरी, सिंगाउरे, सिजापति, सिर्पाली (श्रीपाली), सुनी, सेतीपार, सेती महरा, सेतीसुराल, सोनाम, हिमच्यूरी आदि।

(ख) लुगा सिलाउने र बाजागाजा बजाउने पेशामा संलग्न समुदाय

लुगा सिलाउने पेशामा संलग्न भएकाहरू सूचिकार वा सुजीकार भनिए। दमाउ (दमाहा) बजाउनेलाई दमाई (दमाही), ढोल बजाउनेलाई ढोली, हुड्को बजाउनेलाई हुड्के, देववाजा नगरा बजाउनेलाई नगर्ची भनियो। वाद्यवादनका विभिन्न फाँट सम्हाल्दै आएकाले उनीहरूलाई त्यही अनुसारको नामले पुकारिनु स्वाभाविकै थियो। सिलाइमा लागेका यस समुदायलाई हाल दर्जी, टेलर, माष्टर, टेलरमाष्टर भन्ने चलन आएको छ। "दर्जी" शब्द मुसलमान वस्त्र निर्मातालाई भनिने शब्द थियो र हालसाल लुगा सिलाउनेदेखि बाजा बजाउने सबैका लागि यो शब्द प्रयोग गर्ने गरेको पाइन्छ। एउटा दमाहा बाजाको फांट मात्र सम्हाल्नेलाई शुरूमा प्रयोग गरिएको "दमाई" शब्दको अर्थ विस्तार भएर सिंगै जाति बुझाउन प्रयोगमा आउन थालेको छ। वास्तवमा यसले सिंगै जात वा छुट्टै जात बुझाउने होइन। उपभेद वा थरहरू भने विशेष गरी आर्य जातिसँगै मिल्छन्। परियार, नेपाली, दर्जी जस्ता शब्दको प्रयोग हिजोआज मात्रै हुनथालेको हो। पश्चिम नेपालमा दमाई भन्ने शब्दको प्रयोग निकै पछि मात्र हुन थालेको देखिन्छ। पूर्वमा हेपाइत गरेर "दमाई" भने झैं पश्चिममा "ढोली" भनिन्छ। यो समुदाय नेपालभरी नै छरिएर रहेको छ। यस समुदायका निम्नबमोजिम भेद, उपभेद (थर) पाइन्छन् :

अससाई, आउजी, कंडेल, कटुवाल, कार्कीढोली (खुलाल, मुडुला, लामा, सुतार), कालाखाती, कोइराला, खतिवडा, गुईंदे, गौतम (गोतामे), घतानी, घले, चाहार, चुहान, छिनाल, जैरू, ठगुन्ना, ठटाल, डौंडे, ढोली (थर अत्तोपत्तो नभएकाले प्रयोग गर्ने गरेको पाइन्छ), ढ्याकी, तिवारी/तिखत्री, थापा, दर्नाल, दमाई परियार, दमाई परेल, दास, देउकर, देवल, नगवाग, नागवान, नगर्ची, नेगी, नेपाल, नौबाग, परियार (अछामे, चुडाल), पांचकोटी/पञ्चकोटी, बाहक, पोखरेल, बर्देवा, बागचन, बागदास, बूढापोथी, बूढाप्रिथी, बैजू, भंडारी, भित्रिकोटी, भुसाल, मगर, महते, महरा, माले, रणपाल, रणपहेंली, रत्न/रत्ने, रत्नपरियार, रना, राइगाईं, रैका, ल्याईंझ्याईं, लामघाते, लुइँटेल, शिनाल, शिलाल, शिवा/सिवा (कुखुरे, गोतामे, भेडे), समुद्रसाई, सुनाल, सुनाम, सुनामे, सुनच्यूरी/सुनचिउरी, सुन्दास, सासमुन्द्र, शाहस्समुद्र, सूजा, हिडमाङ, हुड्के आदि।

(ग) छालाको काम गर्ने समुदाय

यो समुदायलाई समाजमा सार्की, चर्मकार, मिझार भनेर चिनिन्छ। नेपालको पूर्वी भागमा केही कम संख्यामा पाइने यो समुदाय काठमाडौं उपत्यका र सुदूर पश्चिमाञ्चलका क्षेत्रमा निकै पाइन्छ। पश्चिम क्षेत्रमा सार्कीहरूका दुई तह छन् - थर भएका र थर नभएका, जसलाई "भूल" भनिन्छ। यो समुदाय आफूलाई कामी (विश्वकर्मा) सरह ठान्ने गर्दछ। यसका निम्न भेद, उपभेदहरू पाइन्छन् :

अच्छामी/अछामी, उपरकोटी, उप्रेती, कमार, कोइराला, खतिवडा, गिरी, गैरे, गैरेपीपल, गोथे, घिमिरे, चमार चुडाल, चुहान, छल्कुली, ठगुन्ना, छमार्की, ठाकुरस्य, ठाराराई, डाले, तोलांगी, थपलिया, थाक, दाउलाकोटी/द्यौलाकोटी, दाबे, दाहाल, दुलाल, धमेल, नघाली, पहेंली (पंयेली), पुर्कोटी,

बत्स्याल/बसेल, बमरेल, बयलकोटी, बस्ताकोटी, बिसुन्खे, बोगटी, भंग्याल, भूल/भेयांल, भूर्तेल, मंग्राती/मगराती (आठथाने, काला, खिलिंगे, दूध, धुर, बाह्रथाने), मजबोटी, माल्बुले, माल्बोक, मुदेल, रम्तेल, रूचाल, रोइला, रोक्का, लम्जेल, लम्साल, शाही, श्रीमाली/सिरिमाल, सर्मौते, सिरौते, सुर्खेती, सुयेंल, सेज्वाल, हितांग आदि।

बादीहरुको घर

(घ) गीत गाई हिंड्ने समुदाय

सारंगी बजाउँदै देशका कुना कुनासम्म ऐतिहासिक वीरगाथाहरूको गीत गाउँदै हिंड्ने एउटा अछूत ठानिएकाहरूको समुदाय छ जसलाई गाइने, गन्दर्भ भनेर चिनिन्छ। यो समुदाय आफूलाई "नेपाली" भन्ने उपनामले पनि चिनाउने गर्दछ। मुलुकभरी घुमन्तेको रूपमा हिंड्ने यो समुदायको मूल थलो पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चलका केही जिल्लाहरू जुम्ला, कास्की (बाटुलेचौर), स्याङ्जा, गोरखा, तनहुँ, पाल्पा, गुल्मी, भैरहवा, सुर्खेत, दैलेख, जाजरकोट, रूकुम, प्यूठान, दाङ, सल्यानलाई मान्न सकिन्छ। काठमाडौं उपत्यका र पूर्वाञ्चलको भोजपुरमा पनि बसोबास रहेको पाइन्छ। थारै थरहरू मात्र मौलिक जस्तो लाग्ने यस समुदायका अधिकांश थर (उपभेद) हरू बाहुन, क्षेत्री र कामीसंग तथा केही स्थान विशेषसंग मिलेको पाइन्छ। जुन निम्नानुसार छन् :

अधिकारी, कामी, काला कौशिक, काला पौडेल, कालिचन, गोसाई, जोगी, ठकुरी, तुर्की, बाहुन, बुढाथोकी, बैकार/वाग्यकार, वैष्ठ (विष्ठ), बोगटे, भुसाल, भुसालपर्वते, महेश्वर, मेघनाथ, विश्वकर्मा, विष्णुपद, समुद्री, साई, सुरसामान, सेतापर्वते, सेतिचन, हुकचिङ्राना आदि।

(ङ) वादी समुदाय

पूर्वी नेपालको भोजपुर, तेह्रथुम आदि क्षेत्रमा फाट्टफुट्ट पाइने यो समुदाय मरेका पशुको छाला काढ्ने, मादल, ढोलक आदि बाजा बजाउने, खास गरी मादलमा खरी लगाउने काम गर्छ। यो समुदायका महिलाहरू यस क्षेत्रमा देह व्यापारमा संलग्न देखिदैनन्। पश्चिम नेपालको खास गरी तुल्सीपुर, दाङ, नेपालगंजमा यो समुदाय प्रशस्त पाइन्छ। यो समुदाय मूलतः फिरन्ते भए पनि खासगरी पश्चिम नेपालको बाँके, दाङ, कैलाली, सुर्खेत जिल्लामा बढी बसोबास गर्छ। यहाँका वदिनीहरू बढी मात्रामा देहव्यापारमा संलग्न रहँदै आएका छन्।

डोटीकी वादी युवती : नाच्दै

मध्यपश्चिमाञ्चलमा समेत वादीहरू माटोबाट सुल्पा, चिलिम, हण्डी, गाग्रो जस्ता बर्तनहरू तयार गर्छन्। परम्परागत रूपमा गानबजान नृत्य गर्दै मागेर गुजारा चलाउँदै आएकोमा हाल आएर यिनीहरू अन्य व्यवसाय र श्रममा संलग्न हुन थालेका छन्। डोटी, बझाङ, सल्यान, प्यूठान, कालिकोट, दैलेख, रूकुम आदि जिल्लाहरूमा फाटफुट रूपमा वसोबास गर्ने वादी समाजमा देहव्यापार भएको पाईदैन। हालै इन्सेकले गरेको एक सर्वेक्षण अनुसार वादीहरूको संख्या पुगनपुग दुई लाख बताइएको छ। तर त्यहाँ उल्लेख गरिएभन्दा बढी जिल्लाहरूमा वादीहरू बसोबास गरेको कुरा पत्ता लागेपछि यो वादी समुदायको जनसंख्या अरू बढी हुनसक्ने कुरा स्पष्ट देखिन्छ।

तुल्सीपुर, दाङ, नेपालगञ्जको वादी समुदाय खुल्लमखुल्ला देह व्यापारमा संलग्न छ र प्रमुख पेशाकै रूपमा अपनाएको पाइन्छ। वादी लोग्ने मानिसहरू आफ्ना समुदायका महिलाहरूका निम्ति ग्राहक खोज्ने काममा प्रतिस्पर्धा गर्छन्। कथित उपल्ला जातकाहरू वदिनीहरूसंग रात बिताउँछन् तर उनीहरू यो समुदायसंग छोइछिटो हाल्न पछि पर्दैनन्। वादी समुदायका निम्ति वेश्यावृत्तिको विकल्प दिने र यस समुदायलाई समाजमा मर्यादित बनाउने ढंगले राज्यस्तरबाट कुनै सशक्त कदम चालेको देखिदैन। Social Awareness for Education (SAFE) नामक संस्थाले यहाँका वादी समुदायको उत्थान र सम्मान गर्ने नाममा काम गर्न थालेको छ। नेपालगंज न.पा.वा.नं. ९ को गगनगंजमा मात्रै वादीहरूको

बयालीस वटा जति पक्की घर छन् र यस क्षेत्रलाई "रेड लाइट क्षेत्र" भनिन्छ। देह व्यापारको प्रमुख केन्द्रको रूपमा विभिन्न स्थानतिर बिक्री वितरण गर्ने काम हुँदै आएको छ। अमर्यादित पेशासंग सम्बद्ध केही वदिनीहरूले गर्दा सिंगै वादी समाजलाई हेर्ने गलत दृष्टिकोण निर्माण हुन थालेको छ।

पूर्वी नेपालको भोजपुर र यदाकदा यसको सेरोफेरोमा बसोबास गर्ने वादीहरू कामी समाज सरह ठानिन्छन् र आपसमा बिहावारी समेत गर्छन्।

वादीहरूको भेद पनि कामी, दमाई, सार्की समुदायका थर (भेद) संग मिलेको पाइन्छ। यसबाट के स्पष्ट हुन्छ भने वर्णव्यवस्थाले शूद्रमा राखेर कालान्तरमा अछूतसम्म बनाइएका र नृत्य, गान बजान तथा मनोरंजनमा संलग्न गराइएको एक समुदाय नै वादी बन्न पुगेको हो। आफ्नो परम्परागत थर उल्लेख गरेर नागरिकता प्राप्त गर्न नसकेपछि सोझै वादी मात्र बताउन यिनीहरू विवश छन्। वादी शब्दको अर्थ वाद्यवादक हो र यो समुदाय माथि उल्लेख गरिए जस्तै वाद्यवादनको काम गर्दै आएको स्पष्ट हुन्छ। यसर्थ वादी जात नभएर एक पेशा मात्र थियो। तर हाल आएर यो शब्द दुर्भाग्यवश अमर्यादित पेशासंग जोडिन पुगेको छ र छुट्टै जातको रूपमा पनि चिनिन थालेको छ।

(च) कुमाल समुदाय

माटाका भाँडाकुँडा बनाउने एउटा समुदायलाई कुमाल (कुम्हाल) भनिन्छ। नेपालको प्रायः सबै क्षेत्रमा पाइने यो समुदाय कतै छूत मानिन्छ भने कतै अछूत। पूर्वी नेपालमा यो समुदायका दश थर पाइन्छन्। उनीहरू आफूलाई नेवार सरह मान्छन्। यहाँ उनीहरूको पानी चल्छ। सेती अञ्चलको अछाम जिल्लामा पाइने कुमालहरू आफूलाई क्षेत्री सरह मान्छन्। त्यहाँ यिनीहरूको बोहोरा क्षेत्रीसंग बिहेवारी भएको पनि पाइन्छ। तर सेती अंचलकै दिपायल सिलगढीमा यिनीहरू अछूत हुन पुगेका छन्। त्यसैगरी महाकाली अञ्चलका कुमालहरू पनि अछूत छन्। यिनीहरूलाई यहाँ "भाँड कुमाल" भनिन्छ। काठमाडौं उपत्यकामा यिनीहरू छूत जातमै लिइन्छन्। यी सबै छुतअछूत कुमालहरूको पेशा भने एउटै रहेको पाइन्छ। पूर्वाञ्चलका पानी चल कुमालका दशथर पाइन्छन् भने पश्चिमका पानी चल कुमालहरूको बत्तीस थर पाइन्छ। पानी अचल कुमालका केही थर भने पूर्व र पश्चिमकाहरूसंग मिलेको पाइन्छ। कुमाल (भाँड) र दमाई समुदायका बीच पानी चलेको पाइन्छ। कंचनपुरका आफूलाई "गजुरेल" भनी चिनाउने कुमालहरू कामी सरह छन् र आपसमा बिहेवारी गर्छन्।

(छ) लुगा धुने पेशा भएको समुदाय : धोबी

पहाडतिर पाइने धोबीहरूले आफूलाई अछूतभन्दा ठूला ठाने पनि कथित उपल्ला जातकाले भने उनीहरूलाई अछूत नै मानेको पाइन्छ। तराईमा पाइने धोबीहरू दुई खाले पाइन्छन् राजधोवी र धोवी। राजधोवीको पानी चल्ने र धोवीको पानी नचल्ने गरेको देखिन्छ। काठमाडौं उपत्यकामा पनि [illegible]

(ज) विभिन्न पेशामा संलग्न नेपालको तराई (मदेश) मा पाइने अछूत समुदायका निम्न भेद र उपभेदहरू पाइन्छन्

अघोरी, करोरी (यादवको उपजाति अछूत), किच्चक, किसान, कोचे, खत्वे, गन्धर्व (मुस्लिम), चमार/मेची/हरिजन, चिडिमार, गुडिहारा, झाँगड (उराउँ/उराम), झांगर (कछुवा, खरवा, बकला, बुजिरा, बेख, लकडा), डूम/डोम/धांगर, तत्मा, तांती, तूरी, दुसाध, धुनियाँ (मुस्लिम), धोवी, नट, पमरिया, पासवान, पासी, बांतर, भिल्ल, भूईंया, मिरशिकार, मुण्डा, मुसहर (सदा), रचवार, शरभंग, शाई (मुस्लिम), सतार, सन्ताल (सतार), हलखोर आदि।

(झ) नेवारी समाजभित्र अछूत पारिएकाहरू

नेवारी समाज भन्नाले नेवारी भाषा बोल्दै आएको एउटा समूह बुझिन्छ। तर नेवार छुट्टै जात होइन भन्ने प्रष्ट हुन्छ। नेवारको मूल थलो काठमाडौं उपत्यका नै हो। मुलुकका विभिन्न शहरी क्षेत्रहरूमा समेत बसोबास गर्न पुगेको यो समाज ताप्लेजुङ्गदेखि बैतडी, डोटीसम्म छरिएको छ र कुनै न कुनै रूपमा यिनीहरूले नेवारी भाषा प्रयोग गर्दै आएका छन्। शहरी क्षेत्रभन्दा बाहिर बसोबास गर्ने नेवार समाज पनि देखिन्छ, तर नेवारी भाषा भने उनीहरूबीचबाट लोप भइसकेको छ। नेवारी समाज हिन्दू र बौद्ध गरी दुई भागमा विभाजित देखिन्छ। सामाजिक संस्कार एवं विधिविधानका आधारमा नियाल्ने हो भने यो समाजभित्र को हिन्दू र को बौद्ध छुट्याउन गाह्रो छ।

वर्णव्यवस्थाको अवधारणा लिच्छविकालको प्रारम्भतिर सर्वप्रथम नेपालभित्र प्रवेश गरेको देखिन्छ। वैष्णववादको रूपमा उदाएको यो अवधारणाले यहाँका श्यामनवाद (धामी धरन्तरी तथा प्राकृतिक धर्म), शैव र बौद्ध सम्प्रदायसंग समायोजन गर्न शुरू गऱ्यो। नेवारी समाजभित्र हिन्दू वा बौद्ध दुबै सम्प्रदायमा जातिपातीको व्यवस्था गरेको पाइन्छ। यसबाट के देखिन्छ भने यो समाजको जातीय व्यवस्था निकै जटिल छ। काठमाडौं उपत्यकाभित्र जयस्थिति मल्लले मनुस्मृतिकै आधारमा जातीय व्यवस्था कायम गराए। जात अनुसारकै पेशा अपनाउनु पर्ने, लुगाफाटा गरगहना लगाउनु पर्ने, घर बनाउनु पर्ने र यी नियमहरूको पालना नगरे दण्ड सजाय हुने व्यवस्था पनि गरिएको पाइन्छ। विभिन्न पेशा र व्यवसायका आधारमा जात निर्धारित गरिए भने पछि छुवाछूतको भेदभाव पनि विकसित भएर गयो। नेवारी समाजको जातीय भेदभाव र छुवाछूतको स्थिति खस तथा मैथिल समाजको भन्दा अलिक भिन्नै किसिमको देखिन्छ। उदाहरणार्थ खस तथा मैथिल समाजमा अछूत पारिएकाहरूलाई समान ढंगले छुवाछूतको भेदभाव गरिँदै आएको छ तर नेवारी समाजभित्रका अछूतलाई भने कसैलाई (कसाई) दोस्रो

तल्लासम्म चढ्न दिइन्छ, कसैलाई (च्यामे) पहिलो तल्लासम्म छिर्न दिइने र कसैलाई चाहीं (हारहुरू) घरमा छिर्न बिल्कुलै दिइँदैन। सामान्यतया अछूतमा राखिएकाहरूलाई बुइँगलमा जाने अनुमति हुँदैन। कसाईको दूध र मासु चल्ने भात भान्सा नचल्ने र धोवी नापित (हजाम) को भात भान्सा नचल्ने जस्तो थिति छ।

सन् १८५४ को मुलुकी ऐन लागू हुनु अघि नेवारी समाजमा पनि केही शूद्रहरूलाई पानी नचल्ने जातमा गणना गरिएको थियो जसमध्ये कतिलाई छोइएमा छिटो हाल्नु पर्ने र कतिलाई छोइएमा छिटो हाल्नु नपर्ने प्रथा कायम थियो। सोही ऐन अनुसार पानी नचल्ने तर छोइछिटो हाल्नु नपर्ने जातमा धोवी, कसाई, कुसुले (कपाली/दर्शनधारी) र कुलू थिए। छोइछिटो हाल्नु पर्ने जातमा पोडे र च्यामे (च्यामखलः) किटिएको पाइन्छ।

परम्परागत रूपमा बगरे (मासु काट्ने बेच्ने) को पेशा गर्दै आउने समूहलाई कसाई (खड्की) भनिन्छ। यिनीहरू नायखिं बाजा बजाउँछन्। शवयात्रादेखि लिएर काठमाडौं उपत्यकाको जुनसुकै चाडबाड या जात्रामात्रामा यिनीहरू बाजा बजाउँदै आएका छन्। राणाकालमा गाईजात्रा र इन्द्रजात्राताक प्रदर्शन गरिने लाखे नाच र कसाईको पल्टन ज्यादै लोकप्रिय थियो। शाही सैनिक व्याण्डमा पनि बादशाही बाजा बजाउने वादकहरू कसाई समेत हुन्थे। अब समयानुसार उनीहरूको पेशा विस्तारित हुँदै गएको छ। मासु, सागसब्जी आदिको बेचबिखन र ठेक्कापट्टामा मात्र नलागी उनीहरू विभिन्न पेशामा पनि संलग्न हुन थालेका छन्। व्यापार र व्यवसायमा पहिलेदेखि नै लागेको हुनाले उनीहरूको आर्थिक स्थिति अरू पानी नचल्ने जातको दाँजोमा राम्रो मान्न सकिन्छ।

कुसुलेहरूले प्राचीन कालदेखि नै मठमन्दिरदेखि विवाह, व्रतवन्ध आदि मंगल कार्यमा सगुनको रूपमा पञ्चबाजा बजाउँदै आएका छन्। जुनसुकै शुभकार्यमा उनीहरूको उपस्थिति आवश्यक मानिन्छ। उनीहरू वस्त्रसिलाइको पेशामा पनि संलग्न हुँदै आएका छन्। यसबाहेक तालबाजाहरू मोहर्ने (मढ्ने) कार्य गरिआएका कुलूहरूले मादल र पश्चिममा खिंमा (एक किसिमको बाजा) खरी भर्ने काम पनि सफलतापूर्वक गर्दै आएका छन्। तालबाजाहरू बजाउन र बिक्री गर्नमा यिनीहरू नामूद छन्।

पोडे, च्यामेको बसोबास काठमाडौं, भक्तपुर र ललितपुरमा छ। उनीहरू बसेको टोललाई पोडेटोल भनिन्छ। आफूलाई "देउला" भनी परिचय दिने यी पोडे, च्यामेहरू परम्परागत रूपमा फोहोर मैला सफा सुग्घर गर्ने काममा संलग्न हुँदै आएका छन्। आजकल कूचीकार या स्वीपरका रूपमा पनि यिनीहरूलाई चिन्ने गरिन्छ। अझ सभ्य भाषामा यिनीहरूलाई "सफाइ मजदूर" भन्ने गरिन्छ।

कपाल, नङ काट्ने पेशामा संलग्न हुँदै आएको समूहलाई "नापित" (हजाम) भनिन्छ। त्यसै गरी परम्परागत रूपमा कपडा धुने पेशामा संलग्न समूहलाई यहाँ "धोवी" भनेर चिनिन्छ। काठमाडौंमा यिनीहरूको बसाइ मुख्य रूपमा धोविचौर र धोविधारामा छ। ललितपुरमा यिनीहरू धोवीघाटमा बढी मात्रामा बसोबास गर्छन्। लुगाधुने पेशाले अब आधुनिक लाउण्ड्रीको रूप लिइसकेकोले ठूल-ठूला लाउण्ड्री अरूहरूले नै चलाउँदै आएका छन् भने ससाना लाउण्ड्रीहरू मात्र यिनीहरूले संचालन गर्दछन्।

नेवारी समाजका अछूतहरूमध्ये सबभन्दा तल हारहरू (आधारहीन) पर्दछन्। आफ्नो वंश परम्परा थाहा नभएको, थातबासको अत्तोपत्तो नभएको र मागेर गुजारा चलाउने यो समूह नगण्य रूपमा यहाँ भेटिन्छ। गठेमंगल जस्ता अवसरहरूमा माग्दै हिंड्ने काममा हारहरू चिरपरिचित छन्। नेवारी समाजभित्र अछूतमा राखिएका कसाई, नापित, कपाली आदिलाई उपत्यका बाहिर खस समाजमा पानीचल नै मानिन्छ।

नेपालमा जातीय छुवाछूतको स्थिति कस्तो छ ?

नेपालका सवर्ण समाजमा पर्ने तीन मुख्य समुदाय छन् : खस, नेवार तथा मैथिल। यस अलावा नेपालमा बसोबास गर्ने मंगोल समूहका जनजातिहरूको समुदाय छुट्टै छ। अघिल्ला तीनै समुदायको समाज संरचनामा प्रायः एकरूपता पाइन्छ। जस्तो ब्राम्हण, क्षेत्री, वैश्य, शूद्र। यिनमा नेपाली मूल तथा भारतीय मूल भन्ने भेदभाव पनि विद्यमान छ, जसलाई भूमिपुत्र समाज र यायावर समाज पनि भन्न सकिन्छ। हिन्दू, बौद्ध, मुश्लिम र क्रिश्चियन नामक धार्मिक समाज पनि यहाँ छ, तर जातीय उत्पीडनको समस्या खास गरी उपर्युक्त तीन समुदायमा जटिल बनिरहेको छ। खास गरी ब्राम्हण, क्षत्रिय, वैश्य तथा शूद्रमध्ये पहिला तीन जातमा उपजातिकरण, जाति मलिनीकरण तथा संकरीकरण जस्ता संकुचित कारणले पैदा गराएको जातीय उत्पीडन नै वर्तमान नेपाली समाजमा विद्यमान समस्या हो।

अर्को दृष्टिकोणले नेपाली समाज छूत र अछूत गरी दुई भागमा स्पष्ट रूपले विभाजित छ। कथित पानी चल समुदायले पानी अचल समुदायसंग भात-पानी बार्ने, विहेवारी नगर्ने, घरभित्र पस्न रोक लगाउने र पश्चिम क्षेत्रका कतिपय ठाउँमा छोइछिटो समेत हाल्नेजस्ता व्यवहार गर्दै आएको छ। देशका अधिकांश मन्दिर, मसानघाट, पाटी, धारो, कुवा (नाउलो), होटल, पसल लगायतका सार्वजनिक स्थलहरू तल्ला जात भनिएकाहरूले उपभोग गर्न पाउँदैनन्। हिन्दू वर्णव्यवस्था अन्तरगत नपरेका मंगोल समुदायका जनजातिहरूले पनि सवर्ण समाजका तल्ला भनिने जातिहरूलाई उस्तै किसिमको छुवाछूतको व्यवहार गर्दै आएका छन्।

सवर्ण समाजभित्रैबाट उब्जिएको जातिपाती र छुवाछूतको नियम स्वयं अछूत पारिएका विभिन्न समुदायहरू बीचमा पुनः छूत अछूतको भेदभाव गर्ने स्थितिसम्म पुग्यो। जस्तो कामी र सार्की समुदायले दमाई लगायत सबै समुदायलाई अछूत मान्छ भने कामी र सार्की बीचमा पनि समानताको व्यवहार भएको छैन। दमाई समुदायले गाइने लगायत अरू समुदायलाई अछूत बनाएको छ भने गाइनेले

वादी वा कुमाल (भाँड) लाई उसै गरी अछूतको श्रेणीमा राखेको छ। अछूत पारिएकाहरूको कुनै खास समुदायभित्र पनि आर्थिक कारणले विपन्न हुन पुगेको आफ्नै समुदायलाई हेलाहोचो गर्दै भात पानी र बिहेवारी समेत बार्ने स्थितिको नमूना हालसालै सुदूर पश्चिमाञ्चलका केही भागमा प्रचलनमा आएको देखियो। यद्यपि उत्पीडित दलित जातिहरूको सांगठनिक प्रयासले भेदभाव विरोधी अभियान अगाडि बढ्न थालेको पाइएको छ। तर खुलेआम रूपले घरभित्र पस्ने र बिहेवारी गर्ने काम भने अझै हुन सकिरहेको छैन। पश्चिम नेपालका पहाडी भेगमा अछूत जातिका लागि मात्र (बोर्ड राखेर वा नराखी) खोलिएका होटल पसलहरूमा सबै अछूत भनिने समुदायहरूले अब आएर विना भेदभाव उपभोग गर्न थालेका छन्।

माथिल्ला जातकाहरूले त्यस्ता तल्ला जातिहरूलाई जुनसुकै उमेरका भए पनि "तँ" भनेर बोलाउने, साइनो लगाएर बोल्न नपाउने र तल्ला जातकाले जुनसुकै उमेरको किन नहोस् बाहुनलाई "बाजे", क्षेत्री र मगरलाई "मुखिया", राई, लिम्बूलाई "सुब्बा" जस्ता सम्मानसूचक शब्द प्रयोग गर्दै "तपाई" "हजूर" नै भन्नुपर्ने चलन छ।

२००७ पछि कुनै खास नियम र कानून बनेर होइन कि आफसे-आफ माथिल्ला जाति भनिनेहरूले सामाजिक बन्धनहरू तोड्दै आए। तर त्यो बढी मात्रामा उनीहरूकै निम्ति मात्र सीमित रह्यो। त्यसबेला पनि छुवाछूत प्रथालाई कायमै राखियो। केही क्षेत्रका सार्वजनिक स्थलहरूमा तल्ला जातिलाई रोकटोक गरिएन भने मुलुकका अधिकांश भागमा स्थिति फेरिएन। मुलुकी ऐनमा अदलको १० नं. मा छुवाछूतको भेदभाव गर्न पाइने छैन भन्ने कानूनी व्यवस्था गरिए पनि यसलाई दण्डनीय नगरिएको हुनाले तल्ला जातिका निम्ति यो कानूनको अर्थ रहेन। नेपालको नयां संविधान (०४७) को धारा ११(४) ले "त्यस्तो कार्य (छुवाछूतको भेदभाव) कानून बमोजिम दण्डनीय हुनेछ" भनेको छ र मुलुकी ऐनको संशोधन गरी अदलको १० नं.मा (क) थप गरी त्यस्तो कार्य भएमा दण्डको व्यवस्था भएको छ। तर संविधान र कानूनलाई उल्लंघन गरी माथ्ला जातिहरूले तल्ला भनिने जातिहरूलाई मन्दिर लगायत अन्य सार्वजनिक स्थलहरूमा प्रवेश गर्न दिइरहेका छैनन्। जसको उदाहरण "घटना विवरण" बाट थाहा हुनेछ। मुलुकमा विद्यमान जातीय छुवाछूतको स्थितिलाई क्षेत्रगत हिसावले निम्नबमोजिम हेर्ने प्रयास भएको छ।

सुदूर पश्चिमाञ्चल क्षेत्र

विशेष गरी पहाडी जिल्लाहरूमा छुवाछूतको भेदभाव चरम सीमामा रहेको छ। सार्वजनिक मन्दिरहरूमा कथित अछूत जातिकालाई प्रवेश निषेध छ। जस्तो - देहीमाण्डौ वैतडीमा वर्षमा एकपटक लाग्ने मेलामा अछूतहरूलाई प्रवेश गर्न र पसल खोल्न दिइँदैन। यहाँ "प्रवेश गर्न पाऊँ" भनी अछूतहरूले तीन वर्ष पहिले प्र.जि.अ.लाई दिएको निवेदनउपर कुनै कारवाही भएको छैन। बैतडी, खलंगास्थित जगन्नाथको मन्दिरमा अछूत जातिले प्रवेश पाउँदैनन्। होटल पसलमा बाहिर बसेर खानु पर्ने र खाइसकेपछि वर्तन सफा गरिदिनु पर्छ। कतिपय ठाउँमा छोइछिटो हाल्ने चलन समेत छ। अछूतहरूलाई दूध दही दिइँदैन। घिउ भने नछोइने अनौठो चलन यहाँ छ। विद्यालयहरूमा पनि अछूत बालबालिकाहरूमाथि भेदभाव गरिन्छ। पिउने पानीका लागि छुट्टै वर्तन राखी अलग्ग थाप्नुपर्छ भने मसी छोइने भएकोले कक्षामा अलग्ग बस्नु पर्छ। उदाहरणार्थ - त्रिपुरासुन्दरी-४ (वैतडी) स्थित शिव प्रा.वि. डुंगरामा आफ्ना केटाकेटीका लागि छुट्टै व्यवस्था गर्नुपर्ने भएकोले अछूत भनिनेहरूले एउटा आल्मुनियमको बाल्टी र लोटा खरीद गरी विद्यालयमा दिएका थिए तर हाल सो गाग्री लोटा आफूहरूले प्रयोग गरी तिनीहरूका लागि एउटा पुरानो बाल्टी दिइएको छ। दानेश्वर मा.वि. बराकोट बैतडीका शंकरराम महर कक्षा ८ देखि १० सम्म पढ्दा विद्यालयमा कहिल्यै पानी नपिएको कुरा बताउँछन्। यसै ठाउँमा अछूत भनिनेहरूले उत्तिकै पैसा तिरेर पनि होटलमा बाहिर घोप्ट्याएर राखिएको ग्लास, प्लेटमा थापेर खाई दुई पटक धोएर राखी हिंड्नुपर्ने चलन छ। धारा अलग अलग हुन्छ, तल्ला जातिका लागि तल र माथ्ला जातिका लागि मास्तिर।

यस भेगमा अछूत भनिनेहरूले बाहुनले "प्रसाद" क्षेत्रीले "बहादुर"/"ध्वज" लेख्ने जस्तै आफ्नो नामको मध्यमा "राम" भनी लेख्नै पर्ने चलन छ। नागरिकता, धनीपूर्जा वा प्रमाणपत्रहरूमा तथा जागीरमा बहाली गर्दा पहिचानका लागि आफ्नो थर वा भेद नराखी सुनार, लोहार, कामी, ढोली, दर्जी, डूम, वादी जस्ता अछूत जातिसूचक शब्द राख्नै पर्छ। जस्तो - नरीराम लोहार, प्रतामपराम लोहार आदि। बाराकोट-६ स्थित एउटा विद्यालयमा नाम लेखाउँदा रामसिंह लावड र भाष्कर देव लावडले क्रमशः रामुराम र भाष्करराम भनी लेखाउनु परेको थियो।

यस्तै खलंगा निवासी गोपालराज पौडेल (ना.प्र.प.नं. १९५) ले आफ्नो छोराको नागरिकता बनाउन चाहंदा "पौडेल" थर लेख्न चाहेकोमा आपत्ति गर्दै प्र.जि.अ. माधवराज शर्माले भनेका थिए "यस्तो थर लेख्ता झुक्किएर पछि उपल्लाहरूसंग बिहे भएमा समस्या उत्पन्न हुने भएकोले नागरिकता दिन सक्तिन।"

मुलुकका अन्य भागमा झैं माटाकै काम गर्ने कुमालहरूलाई बैतडी, डोटी, बझाङ, बाजुरामा अछूतमध्ये पनि महाअछूत मानिन्छ। अछाम जिल्लामा भने कुमालहरू क्षेत्री सरह छन्। बाँकी क्षेत्रहरूमा कुमालहरू अछूत मानिँदैनन्।

बजार क्षेत्रहरूमा अछूतहरूका बेग्लै होटल खोलिएका छन्। कतिपय ठाउँमा यस्ता होटलमा जातिसूचक बोर्ड राख्नै पर्ने वाध्यता छ। बैतडीको खलंगा र डोटीको दिपायलमा खोलिएका "विश्वकर्मा होटल" नमूनाको रूपमा लिन सकिन्छ। शुरू शुरूमा विश्वकर्मा होटलमा त्यही

जातिकाले मात्र प्रवेश पाउने गर्थ्यो तर अचेल अछूत भनिनेहरूको एकता बढ्दै गएकोले जुनसुकै अछूत भनिने समुदायले पनि यस्ता होटलहरूमा समान व्यवहार पाउन थालेको छ।

यी अछूतहरूको तहमा पनि छुवाछूतको भेदभाव माथि उल्लेख भए अनुसार नै रहँदै आएकोमा हाल उत्पीडित जातिहरूको समानताको आन्दोलनको गतिविधिले एकअर्कामा भेदभाव कमी हुँदै गएको छ। फलस्वरूप अछूत भनिने जातिहरू सार्वजनिक सहभोज गर्नसम्म थालेका छन्। यद्यपि आन्तरिक रूपमा बिहेवारी गर्ने कुरामा तथा पुराना पुस्ता र घरद्वारमा छुवाछूत विद्यमान छ। अछूतहरू बीच मै छोइछिटो हाल्ने चलन समाप्त भएको छ।

शाही नेपाली सेनामा आवश्यक सेवाका निम्ति निम्नस्तरको पदमा भर्ना गरिएका अछूतहरूलाई व्यारेकमा बस्ने त कुरै छैन, कम्पाउण्डभित्र प्रवेश गर्नसम्म दिइदैन। उनीहरूले बाहिरै आफ्नो मानिसको घर खोजेर बस्नु पर्ने र ड्यूटी गर्नु पर्ने वाध्यता छ। प्रहरी सेवामा सीमित मात्रामा भर्ती भएका अछूत जवानहरूले पनि व्यारेक एवं कार्यालयमा छुवाछूतको भेदभाव व्यहोर्नु परिरहेको छ। प्रहरी भर्ना लिने छनौटमा छानिएर बझाङबाट दिपायल गएका धरेन्द्रबहादुर रसाइलीलाई जातीय कारणले अयोग्य ठहऱ्याई भर्ना नलिइएको जस्तो उदाहरण पनि पाइएको छ।

यी क्षेत्रहरूमा सरकारी स्तरबाट दिइने पानीको धारा पनि अछूत बस्तीहरूमा दिइएको छैन। बझाङ, हेमन्तवडा-५ बांदरभिंडी गाउँमा "उपल्ला" हरू बस्ने गाउँमा बाटो पर्ने अछूतहरूको वस्तीबाट लाँदा पानी छोइने भएकोले अन्तैबाट लगियो। फलस्वरूप तीस परिवार जति अछूतहरूको एउटा गाउँ धाराबाट बञ्चित हुनु पऱ्यो। अछूत भनिनेहरूले छिटफुट रूपमा केही विद्यालयमा शिक्षक हुन पाए पनि त्यहाँ अमर्यादित जीवन बिताउन बाध्य छन्। अछूत जातिका केटाकेटीहरू अपमानित हुनु पर्ने भएकाले साह्रै कम संख्यामा विद्यालय जाने गर्छन्। कुनै पनि निकायमा पियन पदका लागि अछूतहरू बिलकुलै अयोग्य ठहरिन्छन्।

यस क्षेत्रका केही गाउँ जस्तो रोडीदेवल गाविस (बैतडी) मा नाँचगानमा ख्यातिप्राप्त आउजी (दमाई) हरूको बस्तीमा ठूलाठालुहरू मादक पदार्थ सेवन गरी घरमा गई महिला तथा युवतीहरूलाई नचाउने प्रथा पनि रहेको छ। नाच्न जान्ने प्रौढ महिला भए पनि उसको सट्टामा नाच्नै नजान्ने युवतीलाई जवर्जस्ती नाच्न लगाइन्छ।

अछूत भनिनेहरूलाई मन्दिर प्रवेशमा निषेध छ। नागार्जुन गाविस (बैतडी) मा त सत्यनारायण आदि पूजाको प्रसाद समेत यस्ता समुदायलाई दिन नहुने चलन छ। खलंगा-१ स्थित जगन्नाथ मन्दिरको मूर्ति धेरै काल पहिले भूल जातिहरूले भेटी ल्याएका थिए, तर हाल सो मन्दिरमा उनीहरूले नै पस्न पाउँदैनन्। यसको सट्टा उनीहरूका लागि अलग्गै ठाउँमा अर्को ढुंगेमूर्ति बनाइएको छ। मेला जात्रा चलुन्जेल अछूतहरूका लागि सार्वजनिक बाटो रोकिन्छ।

बझाङ, चैनपुर गाविस स्थित पीठलेक र धामी लेकमा तल्ला जातिकाले उपल्ला जातका आँगनमा चिसो भएको अवस्थामा टेक्न पनि नहुने, घरको भित्ता छुन नहुने, नजानी छोइए दण्ड गरिने चलन छ। साउनको औंसीदेखि पूर्णिमा पछिको पञ्चमीसम्म धामीलेकमा तल्ला जातिकाले जान नहुने चलन छ। यही ठाउँमा कुकुरले तल्लाजातलाई छोएमा कुकुरलाई छिटो हाली चोख्याइन्छ। रिटापाडा-४ मा बस्ने सार्कीहरूले स्थानीय ठालु थापा क्षेत्रीहरू मर्दा कपाल खौरनु पर्ने (जूठो बार्नु पर्ने) चलन छ। कोटदेवलका आउजीहरू र हेमन्तवाडाका ढोलीहरूले उपल्ला जातका मर्दा र जन्मदा बाजा बजाइदिनै पर्छ। यो चलन नेपालको पूर्वी भागमा पनि आंशिक रूपमा रहेको पाइन्छ।

यस क्षेत्रमा छुवाछूत प्रथा कत्तिको प्रवल रूपमा छ भन्ने कुरा तलका घटनाहरूबाट थाहा हुन सक्ला।

खलंगा स्थित रा.वा.बैंकबाट भैंसी पालनवापत ऋण लिन खोज्दा लच्छीराम भूल र कलकुते लोहारलाई त्यहाँका मेनेजर (गणेशदत्त लेखक) ले "तिमीहरूको दूध बजारमा नबिक्ने भएकोले ऋण दिन मिल्दैन" भनी ऋण दिएनन्।

छान्नादारामा दमाईहरूले शुभकार्य गर्दा दमाउ बजाएर रमाइलो गर्दा उपल्लाजातका भनिनेहरू आएर "किन बजाएको ?" भनी हप्काउँदा त्रसित भई दमाईहरूले "हजुरहरूकै लागि हो" भनेपछि छुट्टी पाए।

२०५० कार्तिकमा आफ्नो प्रमाणपत्रहरू प्रमाणित गराउन जाँदा बैतडी माल कार्यालयका प्रयागराज उपाध्यायले गजेन्द्र रसाइलीलाई "मैले बर्सी बारेकाले तिमीलाई छुनु हुँदैन, तल राखिदेऊ" भनी सोझै हातले लिएनन्।

उपल्ला जातका भनिनेहरूले झोंक्का झोंकमा एक अर्कालाई अछूत जातिको नामले गाली गर्दा ठूलो अपराध ठानिन्छ भन्ने कुराको एउटा उदाहरण - बैतडी जिल्ला मेलौली ३ मा पदम बहादुर चन्दले आपसमा झगडा पर्दा मानसिंह घर्तीलाई "डूम" भनेको हुँदा समाजको निर्णय अनुसार निज चन्दले रू.५००० दण्ड तिर्नुपर्ने भएको थियो।

हालै माझी गाउँका बिर्केश दमाईले छोरा खुशीरामको बिहे गर्दा बेहुलीलाई तामदान (कार्पेट/डोली) मा ल्याउँदा उपल्ला जातिका भनिनेहरू आई हप्की दप्की पार्दै बेहुलीलाई कार्पेटबाट निकाली उनीहरूसित रू.५०० दण्ड गरे।

बझाङ, गैरीगाउँ सुर्मताल भन्ने धार्मिक स्थलमा जानुभन्दा पन्ध्र दिन अघिदेखि नै तल्ला जातलाई छोइदैन, छोइहालिएमा दण्ड गरिन्छ। तल्ला जात भनिनेले जान नहुने उक्त स्थलमा क्रिश्चियन, मुस्लिम आदिले भने जान पाउने व्यवस्था छ।

पहाडी भेगमा तल्ला भनिने जातिहरूलाई सबै किसिमको कपडा, किराना लगायतका पसलमा पस्न दिइदैन र परैबाट थापेर सामान लिनुपर्छ।

डडेलधुरा बजारको बागबजार बीच बाटामा रहेको जोगिनथानामा अछूत जातिले तर्केर हिंड्नु पर्छ।

सिलगढी, डोटीको प्रसिद्ध शैलेश्वरीको मन्दिरमा

शिवनारायण राख्न नमिल्दा विश्वकर्मा बने

तल्ला भनिने जातिका निम्ति प्रवेश निषेध गरिँदै आएको छ। त्यस्ता जातिहरूले शैलेश्वरी देवीलाई मन्दिरको हाता बाहिरबाट नै ढोग एवं प्रार्थना गरेर चित्त बुझाउने गर्छन्।

बझाङका अछूतहरू आफ्ना भिन्नै देउताहरू पनि मान्दै आएका छन्। जस्तै - लांगा (लांगो), बाटावाला (बांठपालो) मसाने आदि। यी देउताहरूलाई अरू जातिले मान्दैनन्। अछूत जातिहरूले मर्दापर्दा शंख बजाउन पाइँदैन। उनीहरूले त्यसको साटो तामाका नली वा मेवाको डाँठ बजाउने गर्छन्।

अछूतहरूलाई खुला चौरमा भएको सभा सम्मेलनमा जान दिइन्छ। तर मन्दिर क्षेत्रमा भएको सभा समारोहमा जान दिइँदैन। बोल्नै दिनु पर्‍यो भने तार सहित स्पीकर मन्दिर क्षेत्र बाहिर ल्याएर मात्र बोल्न दिइन्छ।

महेन्द्रनगर ५, सुखासाल भन्ने ठाउँमा हालसालै अछूतहरूले एउटा मन्दिर बनाए र मन्दिर भित्र शिवनारायणको मूर्ति स्थापना गर्न लागेको थाहा पाई जिल्ला प्रशासक र नगरप्रमुख समेतको उपल्ला जातिहरूको गठबन्धनले "अछूतहरूले शिवनारायणको पूजा गर्नु हुँदैन" भनी रोके। त्यसपछि केही आर्थिक सहायता समेत दिई विश्वकर्माको मूर्ति स्थापना गर्न लगाए र मन्दिरको नाम पनि "विश्वकर्मा मन्दिर" राख्न लगाए। हाल सो मन्दिरमा छूत जाति भनिनेहरू जाँदैनन्।

अछूत जातिका महिलाहरूलाई माथ्ला भनिने व्यक्तिले कसरी आफ्नो कामबासनाको शिकार बनाउँछन् र बर्बाद गरिदिन्छन् भन्ने उदाहरणका रूपमा लक्ष्मी सुनार र पद्मा विश्वकर्मालाई लिन सकिन्छ। कंचनपुर जिल्लाको परासन-८ का ऋषिराज जैसीले सोही ठाउँकी लक्ष्मी सुनारलाई ललाइ फकाई भगाए। केटाका आफन्तहरूले खोजतलाश गरी अछूत जातकी केटी ल्याउँदा धर्म र जातै नष्ट हुने भनी केटीसित छुटाउन सफल भए र उसलाई भारततिर लगेर लुकाए। हाल लक्ष्मी सुनार अलपत्र परेकी छन्। कंचनपुर जिल्लाकै बाईसे बिचवा-६ मा २०४९ फागुनमा कृष्णबहादुर बोहराले पद्मा विश्वकर्मालाई भगाई भारततिर लगे। केटाका अभिभावकहरू भारत गई केटीलाई डरधाक देखाई चितवनको एउटा विश्वकर्मा केटासित जिम्मा लगाए। सो केटाले इमान्दारीपूर्वक पद्मालाई सुरक्षितसाथ पुनः बोहराकै घरमा पुर्‍याइदियो। तर केटाकी आमाले पद्मालाई कुटपिट गरी अपमानपूर्वक खेदेपछि उनी माइत गइन्। "म केटासँगै बस्न चाहन्छु" भनी पद्माले अदालतमा दिएको मुद्दा मुल्तवीमा रहेको छ।

डडेलधुरा, खलंगा-२ बस्ने गौर दमाईकी छोरी वर्ष २० की किशोरी दमाईलाई सोही ठाउँ बस्ने वर्ष २७ को आनसिंह धामीले प्रेम गरी स्वास्नी बनाएको थियो। त्यहाँको कट्टर समाजको दबावमा परी एउटा बच्चा समेत भइसकेको अवस्थामा किशोरीलाई अलपत्र पारेर बेपत्ता भएको घटना चर्चाको विषय बनेको छ।

जेलभित्र परेका अछूत जातिहरूमाथि कर्मचारी तथा अन्य बन्दीहरूले पंक्तिभेद गरेका धेरै उदाहरणहरू भेटिए। त्यसमध्ये महेन्द्रनगरस्थित जेलमा तुलनात्मक रूपले अन्यत्र भन्दा कम भेदभाव छ। हुन त यो जेलमा ७५ जना कैदीहरू मात्र अट्ने क्षमता छ, तर यहाँ १२२ पुरूष र एकजना महिला कैदीलाई कोचिएको छ। त्यसमध्ये कामी, दमाई, सार्की र तराई तथा भारतका गरी जम्मा १८ जना अछूत कैदीहरू छन्। अछूतहरूका लागि बेग्लै भान्साको प्रवन्ध छ। तर अछूत बन्दीहरू भने बिना भेदभाव एउटै भान्सामा खान्छन्।

बझाङ जिल्लामा यही २०५० सालमा जग्गा नापी हुँदा पुस्तौंदेखि भोग्दै आएको जग्गा त्यहाँका सार्कीहरूको नाममा नापी भएन र त्यहाँका ठालुहरूले नै जालसाजी गरी आफ्नो नाममा दर्ता गराए।

हली (या) प्रथा

तराई क्षेत्रको बांके, बर्दिया आदि जिल्लामा थारू जातिलाई बंधुवा बनाएर मजदूरी गराएको सर्वविदितै छ। यो बंधुवा मजदूर बनाउने परिपाटीको उदय यही विकास क्षेत्रको पहाडी भागबाट शुरू भएको हो। पहाडका ठालु, सामन्तहरू तराई झरेपछि यो हलिया प्रथा साथैमा ल्याए र त्यहाँका आदिवासी थारूहरूको जायजेथा हडपेर उनीहरूलाई बंधुवा बनाएको हो। यसर्थ के कुरो प्रष्ट हुन आउँछ भने हलिया प्रथा व्यापक रूपमा पहाडमा प्रचलनमा छ। बैतडी, डडेलधुरा, बझाङ आदि जिल्लाहरूमा यो प्रथा चलेको पाइन्छ। पहाडका

बाहुन र ठकुरीले हालसम्म हलो जोत्नु हुँदैन भन्छन्। यहाँ हलो जोत्ने जाति लोहार, सार्की तथा दमाईहरू नै हुन्। अत्यधिक रूपमा लोहारहरू नै हलिया छन्। आर्थिक रूपले विपन्न त्यहाँका तल्ला जातिहरूले विभिन्न कारणबाट कथित उपल्ला जातका बाहुन, ठकुरीबाट ऋण लिनै पर्ने हुन्छ। आफूले लिएको कर्जाको ब्याज तिर्न नसकेको अवस्थामा हलिया बस्नु पर्छ। ब्याज काटेर केही मात्रामा अन्न (खलो) पनि लिने चलन रहेको छ। आफूले लिएको ऋण बुझाउन जाँदा साहूले बुझ्न मान्दैन र हलो जोत्न कर गर्छ। नमानेका खण्डमा देवता लगाइदिने डर देखाएर फज्याएर हलो जोत्न लगाइन्छ। हलियाका परिवारले मालिककै घरमा काम गर्नुपर्ने हुन्छ। कतिपय गरीब निमुखाहरूलाई बिना पैसा नै हलो जोताउने चलन छ। पूरै वर्षै बाली लगाए पनि तीन सुप्पा (लगभग छ पाथी) भन्दा बढी धान नदिने र एक डोको मकै दिने चलन रहेको छ। तर ज्यालादारीमा काम गर्नेहरूलाई दैनिक बिहान खाजा, दिउँसो खाना र चारमाना अन्न दिने गरिन्छ। रोपाहारलाई चार नाली (एक पाथी) अन्न मिल्छ। छोरा छोरीको बिहे गर्नु पर्दा वा त्यस्तै अन्य कार्य गर्नु पर्दा "हलो जोतुँला, पर्सी बोकुँला" भनेर पैसा लिइन्छ। पैसाको व्याजमा मात्र हलो जोत्ने चलन पनि चलेको छ। व्याजमा मात्रै हलो जोतेपछि साँवा तिर्ने उपाय हुन सक्तैन र आजीवन बधुवा मजदूर भएर रहने वाध्यता छ। ९५ प्रतिशत जति तल्ला जातिहरू त्यही स्थितिमा छन्। यो प्रथाबाट दिक्क भएर बैतडी त्रिपुरासुन्दरी बस्ने एक वृद्ध अनिराम टमटा आफ्नो दुःखेसो यसरी व्यक्त गर्छन् - "सब काम गऱ्या हला जनपड्या" (सबै काम गर्नु तर हली नहुनु !)

पश्चिमाञ्चलको गोरखामा समेत यो प्रथा कायम रहेको पाइन्छ। वास्तवमा यो प्रथा मुलुकको सबै भागमा कुनै न कुनै रूपमा रहेको देखिन्छ। पश्चिम नेपालमा भने बाँधा बनाएर राख्ने घोर अत्याचारी प्रथाले तल्ला भनिने जातिहरू (आर्थिक रूपले विपन्न) को मानवअधिकार हनन हुनपुगेको छ। यस क्षेत्रका तल्ला भनिने जातिहरूमध्ये आर्थिक रूपले ठीकै भएकाहरू पनि पहिलेदेखि नै हलो जोताउँदै आएका बाहुन, ठकुरीको कुरो काट्न नसकी हलो जोत्न छोड्न सकिरहेका छैनन्।

डोली प्रथा

सुदूर पश्चिमाञ्चलका दार्चुला, बैतडी, डडेलधुरा, बझाङ, बाजुरा, डोटी, अछाम लगायतका पहाडी जिल्लाहरूमा डोली बोक्ने काम लोहार र सार्कीहरूबाट गराइँदै आएको छ। बिहामा दुल्हा दुलहीलाई डोलीमा बोक्ने र ठालुहरूलाई एक ठाउँबाट अर्को ठाउँ लैजान डोलीमा बोक्नुपर्ने चलन यस क्षेत्रमा व्याप्त छ। यहाँ डोली बोक्नेहरूलाई ज्यालावापत सीमित रकम दिइने गरिन्छ र बोक्न नामंजूर गरेमा धाक धक्कु दिने, बनवेत (मेलापात), बाटोघाटो, पानी पंधेरो रोकिदिने र कुटपिट समेत गर्ने हुँदा चुइँक्क भएर डोली बोक्नैपर्ने बाध्यता छ। अज्ञानताकै कारणबाट डोली नबोक्दा आफ्ना इष्ट देवताहरू रिसाउने र केही अनिष्ट हुने भयले पनि डोली बोक्न छोड्न सकेका छैनन्। घोडाबाट सजिलै यात्रा गर्न सकिने ठाउँमा पनि ठूला बडाहरूले आफ्नो शान-शौकत देखाउनलाई कज्याएर डोलीमा यात्रा गर्ने गर्छन्।

जारी प्रथा

अर्काकी स्वास्नी लाने चलन नै जारी प्रथा हो र सो वापत तिरिने दण्ड जारी हो। जारी गर्ने चलन मुलुकभरी नै केही न केही मात्रामा रहेको भए पनि सुदूर पश्चिमका ठाउँहरूमा यो प्रथा भिन्नै ढंगले विकसित भएर गम्भीर समस्या बनेको छ। बाहुन र क्षेत्री समाजमा यो केही अपवादको रूपमा मात्र देखिन्छ भने तल्ला भनिने जातिहरू माझमा यो प्रथा बढी प्रचलनमा छ।

धन खाने (छांग्रा) प्रथा

तल्ला भनिने जातिहरूले परम्परागत रूपमा छोरीको बिहे गर्दा केटा पक्षबाट धन (रीतभाँत) खाने प्रथा मुलुक भरिनै थियो। हाल मुलुकका अन्य भागमा यो प्रथा कोही कोहीले मात्र जारी राखे पनि सुदूर पश्चिमाञ्चलमा व्यापक रूपमा छ। यसरी केटा पक्षबाट बिहे खर्च वा रीतभाँत वापत धन लिनुपर्ने कारण खास गरी आर्थिक दुरावस्थाकै परिणाम हो।

मध्यपश्चिमाञ्चल क्षेत्र

तराईका जिल्लाका शहरी इलाकामा छुवाछूतको भेदभाव कम छ। उदाहरणका लागि देउखुरी, लमीमा एकजना विश्वकर्माले खुलेआम रूपमा होटल चलाएका छन्। पहाडी इलाकामा भने छुवाछूतको भेदभाव देखिन्छ। रूकुम, जाजरकोट, प्युठान, सुर्खेत, रोल्पा आदि जिल्लामा अछूत जातिलाई मन्दिर प्रवेशमा शख्त मनाही गरिँदै आएको छ। शहर बजारमा उतिसाह्रो भेदभाव नदेखिए पनि बाहुन ठकुरीका घरमा छुवाछूतको भेदभाव गरिन्छ र अछूतहरूलाई बाहिरै खान दिइन्छ। शहरी क्षेत्र भए तापनि नेपालगंजको बागेश्वरी मन्दिरमा तल्ला जातकाले जात बताएमा प्रवेश गर्न पाइँदैन।

रूकुम जिल्लामा अछूत जातिहरूमा पनि व्रतबन्ध गर्ने चलन छ। उनीहरूकै घरमा गएर ब्राम्हणले पूजाआजा व्रतबन्ध गरिदिन्छन् र दानदक्षिणा लिन्छन्। नेपालका अरू जिल्लाहरूमा भन्दा रूकुमका केही भागमा यो जातीय छुवाछूतको भेदभाव एकदम कम र कतै कतै त हुँदै नभएको स्थिति पनि छ। रोल्पा जिल्लाभित्र "थवाङ" नामको एउटा गाउँमा प्रायः सबै जातको बसोबास छ। घरभित्रका चालचलन र बिहेवारीमा एकले अर्काको इच्छा विरूद्ध काम गर्दैनन्, तर बाहिर भोज भतेर, जन्ती, मलामी, मेलापात, चाडपर्व, सभा समारोह एवं धार्मिक सांस्कृतिक जस्ता सामाजिक क्रियाकलापमा बिल्कुल समान व्यवहार गर्छन्। त्यस गाउँमा कोही कसैको दृष्टिमा सानो ठूलो, छूत-अछूत छैन।

बर्दिया जस्तो तराई क्षेत्रका विद्यालयमा समेत अछूत शिक्षक, विद्यार्थीमाथि भेदभावपूर्ण व्यवहार गरिन्छ। चिया

खाँदा समेत अलग्ग बसेर खानुपर्दा आफूलाई निक्कै अपमानित भएको महसूस हुन्छ भनी देउडाकला माछागडको नेपाल राष्ट्रिय प्रा.वि.का शिक्षक रामबहादुर नेपाली बताउँछन्।

कदाचित लगे भने षडयन्त्रमूलक ढंगले छोडाउने र अलपत्र पार्ने काम भइरहेको छ। तल्ला भनिने जातिले माथ्ला जातकी केटी ल्याएमा जिल्लै छाडेर भाग्नुपर्छ। तराई क्षेत्रमा समेत अछूत जातिका बालबालिकाहरू ज्यादै कम मात्रामा विद्यालय जान्छन्। यसको मुख्य कारण उनीहरूको बाबु आमाको दयनीय आर्थिक स्थिति नै हो। बालबालिकाहरूले पनि मजदूरी गरेर जीविका चलाउँछन्। सिंगै क्षेत्रभित्र अछूत बालबालिकाहरू हेपिनुपर्ने भएकोले स्थिति राम्रो हुँदाहुँदै पनि विद्यालय जाने रूचि नभएको देखिन्छ।

जाजरकोट जस्ता पहाडी भेगमा ठकुरी र बाहुनहरूले सार्वजनिक धारा कुवा अछूत भनिने जातिहरूलाई छुन दिँदैनन्। यहाँको खलंगामा पनि जातीय भेदभाव चरम रूपमा देखिन्छ। यस क्षेत्रमा कमैया प्रथा तथा हलिया प्रथाले निकै स्थान पाएको छ। बांके, बर्दिया, सुर्खेत आदि जिल्लाहरूमा बाँधा मजदूर बनाउने चलन व्याप्त छ। कमैया प्रथाको मारमा थारू समुदाय मात्र परेका छैनन्। बरू अछूत भनिने समुदाय पनि कमैया र हलिया प्रथा भित्र जकडिएका छन्। पहाडी भेगमा कुनै न कुनै रूपले अछूत जातिहरू हलिया प्रथाको मारमा परी कंगाल हुँदै गइरहेका छन्।

यस क्षेत्रका अछूतहरूलाई दूध बिक्री वितरण गर्न दिइँदैन। फलस्वरूप सरकारी तहबाट भैंसी पालनको निमित्त यो वर्गलाई ऋण दिइँदैन। बाख्रा पाल्नको लागि भने कतै कतै ऋण उपलब्ध हुन्छ। कतिपय ठाउँहरूमा अछूत जातिलाई पूजाको प्रसाद र पञ्चामृत दिने चलन छैन र उनीहरूलाई दूध दही पनि बारिन्छ।

अन्यत्र जस्तै यस क्षेत्रमा पनि तल्ला जातिहरूले आफ्नो वंश परम्पराको भेद उल्लेख गरेर नागरिकता प्रमाणपत्र पाउँदैनन्। लोहार, कामी, सुनार, दमाई, नेपाली, डूम जस्ता शब्दहरू लेख्नैपर्ने हुन्छ। यो स्थिति प्रमाणपत्र (शैक्षिक प्रमाण पत्र), धनीपूर्जा आदिमा पनि देखिन्छ। ब्रिटिश सेना भर्तीमा योग्य ठहरिएका प्यूठानका हरि नेपालीलाई जातीय कारणले नै लाइनबाट निकालिएको घटना हालै घटेको छ।

नागरिकता दिने सवालमा जाजरकोटका प्र.जि.अ. नेत्रबहादुर कार्कीको उदार दृष्टि रहेको देखिन्छ। अछूत जातिहरूले नागरिकता लिंदा वंश परम्पराको थर मात्रै उल्लेख गरेर पनि नागरिकता पाइरहेका छन्।

जातीय कारणले गर्दा नै यस क्षेत्रमा अछूत जातिकाहरूले पियनसम्मको जागिर पनि पाउन सकिरहेका छैनन्।

मध्यपश्चिमाञ्चल वादीहरूको प्रमुख थलो हो। तराईको राजापुर, वनमुसरी, ताराताल, तुल्सीपुर, गगनगंजमा वादीहरूको संख्या ठूली छ। यो क्षेत्रमा कतिपय वादी समुदायहरू देह व्यापारमा लागेका छन्। देह व्यापारकै फलस्वरूप बाबुको एकिन हुन नसकेको छोराछोरीहरूको संख्या यहाँ बढ्दै गइरहेको छ र यिनीहरू बढेपछि स्वतः देहव्यापारमा लाग्न थालेका छन्। वेश्यावृत्ति त्यागेर बिहे गरी वाध्यताले त्यस्तो घृणित पेशामा लाग्नुपरेको बताउँछन्। वेश्यावृत्तिबाटै आफूले जन्माएका सन्ततिलाई पुनः त्यही पेशामा धकेल्न उनीहरू चाहँदैनन्। वेश्यावृत्ति छोडेका वदिनीहरू हाल अरू किसिमका मजदूरी एवं सीपका कामहरू गरेर गुजारा गर्छन्। आफ्ना छोराछोरीहरूलाई केही शिक्षा दीक्षा दिलाउन पनि उनीहरूले थालेका छन्। रूकुम, जाजरकोट, सल्यान, प्यूठान, रोल्पा जस्ता जिल्लाका वादी वदिनीहरू परम्परागत माटाका वर्तन बनाएर बेच्छन् नाचगान गर्छन्, मागेर खान्छन् र नगन्यले मात्र देहव्यापार गर्छन्।

बहुविवाह, जारी र डोली प्रथाले यस क्षेत्रका अछूतहरूलाई सबभन्दा बढी मार परेको छ। प्यूठान, बर्जीवाङ-२ दहचौरकी सात छोराछोरीकी आमा चालीस वर्षीया बीरादेवी सुनारलाई माइतीले दिएको जेथाधरी हडपेर उनको लोग्नेले अर्की स्वास्नी लिई बेग्लै बसेको घटनाले अछूत महिला उत्पीडन झन मार्मिक बन्न पुगेको पुष्टि गर्छ।

माथ्ला जातिले तल्ला जातिलाई दमन गर्न खास गरी दुई किसिमका खतरनाक तरिकाहरू प्रयोग गर्दै आएका छन्। रीसईबी साधना गर्नका निम्ति बलात्कार र गौहत्या काण्डमा फसाएर यिनीहरूलाई ठूलो सजाय भोगाइने गरेको पाइयो। धेरैजसो अछूत जातिले बलात्कार र कथित गौहत्याका काण्डमा जेलको सजाय काट्नु परिरहेको छ वा अड्डा अदालत धाउनु परिरहेको छ। यस क्षेत्रका अछूतहरूसंग प्रत्यक्ष भेट गरी बुझ्दा अनाहकमा उनीहरूलाई यस्ता काण्डमा फसाएर सास्ती दिएको बुझिन्छ।

पहाडी भेगमा अछूतहरूलाई शंख बजाउन समेत बन्देज छ। गत वर्ष फागुन महिनामा दैलेख जिल्लाको लाकुरी गाविस निवासी धनसरा कमिनीको लाश लिएर शंख बजाउँदै बैतडी खोलातिर गइरहेका मलामीलाई त्यहाँका उच्च जातिहरूको एक जत्थाले "तिमीहरूलाई शंख बजाउने अधिकार छैन" भनी कुटपिट गरेको घटना स्मरणीय छ।

जातीय भेदभावको अनौठो र लज्जास्पद स्थिति रूकुम जिल्लाकै मोरावाङ गाविसमा देख्न सकिन्छ। यहाँ माघे संक्रान्तिमा एउटा मेला लाग्छ। मेलाको अन्त्यतिर त्यहाँका उच्च भनिने जातिका महिला एवं पुरूषहरू एउटा चौतारामा जम्मा भई अछूतहरूको बस्तीतिर फर्केर ढोल बजाउँदै उनीहरूलाई अपशब्दहरूसहित गाली गर्छन्। यो त्यहाँको परम्परा हो। अछूतहरूलाई गुप्तांग देखाउँदै "तिमेरू यो खाओ, तिमेरको नाश होस्" भन्दै गीत गाएर उफ्रँदै नाच्छन्। देवतालाई खुशी पार्न यसो गर्दै आएको कुरा उनीहरू भन्ने गर्छन्। अछूत जातिलाई त्यसबेला त्यहाँ जान दिइदैन। यदि गएमा वा विरोध गरेमा दश पोल (६४ पोलको १ धार्नी) तामो डाँड्ने चलन छ। स्थानीय तल्ला जातिहरूले प्र.जि.अ. कहाँ यो कुराको विरोध पत्र दिएका छन्, तर यसलाई टालटुल गर्ने

काम मात्रै भइरहेको छ। सम्बन्धित गाविसलाई त्यो काम रोक्नका लागि परिपत्र भइसकेको बताइए पनि यो प्रचलन जारी छ।

यस क्षेत्रका विभिन्न भागमा विभिन्न राजनीतिक पार्टीको प्रतिनिधित्व गर्दै गाउँ तहमा अछूत जातिहरू नगन्य मात्रामा जनप्रतिनिधिको रूपमा छानिएका छन्। तर अरू जातका जनप्रतिनिधि सरह उनीहरूको स्तर र मर्यादा छैन। समानताको नारा दिने राजनैतिक पार्टीहरूको पनि जातीय समानताका सवालमा केही उल्लेखनीय पहल भएको छैन। बरू यही वर्षको दशैंताका प्यूठान जिल्लाका जि.शि.अ. बलबहादुर परियारलाई शिक्षक छनौटको क्रममा धाँधली गरेको आरोप लगाई ने.क.पा. मशालका कार्यकर्ताहरू समेतले "तँ दमाई कुर्सीमा बस्न योग्य छैनस्, दमाहा बजाउन, लुगा सिउन जा" भन्दै बेइज्जतीका साथ जिल्लाबाट खेदेको घटनालाई उदाहरणको रूपमा लिन सकिन्छ।

दाङ देउखुरी, लोहारपानी-९ बस्ने २६ वर्षया तोवी विश्वकर्मालाई सोही ठाउँ बस्ने ३६ वर्षीय डिल्लीराज घिमिरेले "जात नमिले पनि तिमीलाई इण्डिया लैजान्छु" भनी झूटो आश देखाई यौन सम्बन्ध राखी एउटा छोरो (विरोध घिमिरे) जन्मिएपछि स्वीकार्न नमानेको हुँदा हाल तोवी विश्वकर्मा छोरो लिई अंश दावा गर्दै जिल्ला अदालतको ढोका ढकढक्याइरहेकी छिन्। स्मरणीय छ, तोवीले यही ०५० साल पुस ९ गते उक्त शिशुलाई जन्म दिएकी थिइन्।

दाङकै चैलाही वा. नं. २ लमही बजारमा ३० वर्षीय मानबहादुर दमाई र २४ वर्षीया आइती क्षेत्रिनीले २०५० असोजमा प्रेम विवाह गरे। केटीका माइती पक्षले प्रहरी थानामा लगी मानबहादुरलाई निक्कै यातना दिलाउने काम गरे। तर "पेट बोकेकी छु" भनी केटीले छुट्टिन नमान्दा नमान्दै पनि जबर्जस्ती बिछोड गराएकोले यो एउटा बियोगान्त घटना बन्न पुगेको छ। अन्यत्र झैं यस क्षेत्रमा पनि यसरी हुन गएका अन्तरजातीय प्रेम विवाहलाई जातीय कारणले नै सफल हुन नदिइएका घटनाहरू प्रशस्त छन्।

हुम्ला, जुम्ला जस्ता जिल्लाहरूमा भोटेहरूको आफ्नै समाजभित्र पनि जातीय छुवाछूतको भेदभाव सिर्जना भएको पाइयो। यिनीहरूमै भेटिने एउटा श्रमजीवी समुदायलाई "कमारो" भनिन्छ र अछूतमा झारिएको छ।

पश्चिमाञ्चल

यस क्षेत्रको मुस्ताङ लगायतका उत्तरी भेगमा मंगोल समुदायका जनताको वाहुल्य छ। तल्ला भनिने जातिहरूमा कामी, दमाई र सार्की मात्र छन्। जोमसोमभन्दा माथिल्लो भागमा बसोबास गर्ने यी तल्ला जातिहरूको भाषा र रहनसहन पनि स्थानीय मंगोलहरूकै जस्तो हुनपुगेको छ। अपेक्षाकृत रूपमा यिनीहरूको संख्या यहाँ कमै छ। तिब्बती सीमाका गाउँहरूमा त्यहाँ मंगोलमूलका (भोटे) समुदायले तल्ला भनिने जातिहरूलाई "घारा" भन्छन् र छुवाछूतको भेदभाव गर्छन्। घाराहरूले होटलमा, घरमा, बौद्ध गुम्बामा तथा मन्दिरहरूमा प्रवेश गर्न पाउँदैनन्। यसैले उनीहरूले अलग्गै बस्नु पर्छ। निर्धा, निमुखा घाराहरूले होटलमा खानपनि खाएर बर्तन सफा गर्नैपर्ने हुन्छ।

मुस्ताङमा जातीय भेदभावकै आधारमा समाजको सञ्चालन भइरहेको तथ्य निम्न घटनाले प्रष्ट पारेको छ। २०३१/३२ सालमा श्री ५ वीरेन्द्र मुस्ताङ सवारी भएका बखत मुस्ताङे राजाको भित्रिया भई सहयोग गर्दै आएका शिक्षक मानबहादुर विश्वकर्माले कुशलतापूर्वक राजाको सवारी चलाएका थिए। यसैले श्री ५ को सरकारले मानबहादुर विश्वकर्माको क्षमताको कदर गर्दै मुस्ताङे राजाको निजी सचिवमा नियुक्ति दियो, तर मुस्ताङे राजाका अन्य जातिवादी मतियारहरूको षडयन्त्रस्वरूप उनको ठाउँमा अर्कै व्यक्तिको नियुक्ति गरियो।

म्याग्दी, बाग्लुङ आदि जिल्लामा जातीय भेदभाव चर्को रूपमै छ। यहाँका तल्ला भनिने जातिहरूले आफ्नो वंश परम्पराको थर (भेद) उल्लेख गरेर नागरिकता लिन पाइरहेका छैनन्। यी ठाउँहरूका मठ, मन्दिरमा यिनीहरूलाई "अछूत" भनी प्रवेश निषेध गरिन्छ। अर्घाखाँची, गुल्मी र पाल्पा जिल्लामा पनि जातीय भेदभाव उही रूपमा कायम रहेको छ। गोरखा बजार क्षेत्रमा पनि जातीय भेदभाव केही मात्रामा कायमै छ। सिधा सादा तल्ला भनिने जातिलाई हेपेर पसल एवं होटलमा छुतछात गरिन्छ। सार्वजनिक धारो, पँधेरो, कुवामा तल्ला जातिका मानिसहरू निषेधित छन्। हालैको एउटा घटनालाई उदाहरणको रूपमा लिन सकिन्छ। खोप्लाङ गाविसको एक सार्वजनिक धारामा पानी भर्न गएकी धनकुमारी गैरेलाई हीरालाल बस्नेतले रोकटोक गरे, तर धनकुमारीले जबर्जस्ती पानी भर्न लाग्दा उनले हँसियाको झटारो हानेर धनकुमारीलाई घाइते बनाए। यो कुटपिट मुद्दा अदालतम चलिरहेको छ।

गोरखाका धार्मिक स्थल र देवालयहरूमा तल्ला भनिने जातिहरूलाई प्रवेश निषेध रहेको तथ्य हालैको एक घटनाबाट प्रमाणित भएको छ। यस प्रमाणबाट सिंगै मुलुकमा राज्यस्तरबाट तल्ला भनिने जातिहरूको मानवअधिकारको हनन भएको प्रष्ट हुन आउँछ।

गत माघ २१ गते नेपाल उत्पीडित दलित जाति मुक्ति समाज जिल्ला समिति गोरखाको आयोजनामा स्थानीय तल्ला भनिने जातिहरूले गोरखा दरवारस्थित गोरखनाथ मन्दिरभित्र पूजा गर्न जान लाग्दा सरकारी स्तरबाट रोक लगाइयो। भीडले जबर्जस्ती गर्न लाग्दा त्यहाँ अघिदेखि नै तैनाथ प्रहरीले गोली हान्ने धम्की दिए पछि पूजा गर्न नपाई फर्किनु पर्‍यो। "हामीले किन पस्न नपाउने, लिखित आधार देऊ" भन्दा गोरखा स्मारक संरक्षण तथा दरवार हेरचाह कार्यालयका प्रमुख गणेश विक्रम शाहले लिखित बन्देज पत्र दिएका थिए।

स्याङ्जा, रूपन्देही, नवलपरासी जिल्लाहरूमा पनि छातछूतको भेदभाव कायमै छ। पाल्पा जिल्लाका तल्ला जाति भनिनेहरूकै बीच छुवाछूतको भेदभाव हटेको छैन। तर स्याङ्जामा भने यस्तो भेदभाव धेरै मात्रामा हटिसकेको छ।

घटनाहरूलाई लिन सकिन्छ।

तनहुँ, मीरकोट-२ की रिउरी दमिनीलाई सोही ठाउँ बस्ने हरिबहादुर रानाले गर्भिणी बनाएपछि जिम्मा लगाउने काम भयो, तर त्यहाँको समाजले केही रकम दिई एउटा कामी केटासंग जिम्मा लगाउने काम गर्‍यो। हरिबहादुरलाई पनि बाहुनहरूले पानीबाट हटक गरेर उसकी जेठी स्वास्नीतिरबाट जन्मेको बच्चाको न्वारान गरिदिएनन्। अर्कातिर रिउरी लाने कामीलाई दमिनी ल्याएको आरोपमा उसका दाजुभाइहरूले पानीबाट हटक गरे। यसपछि रिउरी पनि अर्कैसंग वैवाहिक जीवनयापन गर्न बाध्य भइन्। तनहुँकै भानु-३ की त्रोकमाया परियारले सो ठाउँ बस्ने नन्दकुमार श्रेष्ठको छोरा जन्माएको प्रमाणित भएपछि नन्दकुमार श्रेष्ठ वेपत्ता भएको थियो। यता नन्दकुमारलाई समाजले जातिच्युत गर्‍यो भने त्रोकमाया विमारी भई मरिन्। दूधे बालकको बिजोक छ भने आफ्नी पहिलेकी स्वास्नी र केटाकेटी सहित नन्दलाल हाल मुङलिङ आई होटल चलाई बसिरहेको पाइयो। सोही गाविसकै अच्युतराज अर्यालले आँटिलो भएर राधिका परियारलाई प्रेम विवाह गरेपछि जातिच्युत भएर बस्नु परिरहेको छ।


श्री ५ को सरकार
पुरातत्व विभाग
गोरखा स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय
गोरखा

पत्र संख्या :
चलानी नं. :
प्राप्त पत्र संख्या र मिति :

विषय : पुजा गर्ने सम्बन्धमा ।

(गणेश विक्रम शाह)

गोरखा स्मारक संरक्षण तथा दरवार हेरचाह कार्यालयका प्रमुखले दिएको लिखित बन्देज पत्र

यहाँ माथ्ला जातिहरूले सार्वजनिक स्थलमा समेत गरेको छुवाछूतको भेदभाव हाल आएर राष्ट्रिय चर्चाको विषय बनेको छ। पेलाकोट गाविसको उदियाचौरमा दुग्ध विकास संस्थानले राखेको भगवती दुग्ध संकलन केन्द्रमा गतः आठ वर्षदेखि तल्ला जातिहरूलाई दूध जम्मा गर्न दिइएको थिएन। गतः कार्तिक २१ गते तल्ला जातिहरूले पनि समान ढंगले दूध खरीद गर्न दबाव दिई दूध मिसाएपछि कथित माथ्ला जाति र उनीहरूका बीचमा वादविवाद र कुटाकुटसम्म हुन गयो। दुग्ध विकास संस्थानले स्थानीय ब्राम्हणवादीहरूको दवावमा परेर उक्त संकलन केन्द्र नै बन्द गर्‍यो। यसमा स्थानीय प्रशासनले पनि माथ्ला जातिहरूकै पक्ष लिएपछि स्थानीय दलित उत्पीडित किसानहरूले संघर्ष समिति बनाई संघर्ष शुरू गरेका छन्। समान रूपले दूध लिने गरी केन्द्र खोलियोस्, भेदभाव गर्नेमाथि कारवाही होस् भन्दै यही फागुन १ गते संघर्ष समितिको आव्हानमा हजारौं हजार जनताले स्याङ्जा बजारमा विरोध प्रदर्शन सम्पन्न गरे।

यस क्षेत्रका कतिपय विद्यालयमा कार्यरत तल्ला जातिका शिक्षक एवं कर्मचारीलाई जातीय कारणले नै उपेक्षा गर्ने र अवकाश गर्नेसम्मका घटनाहरू भैरहेका छन्। तर सम्बन्धित जिम्मेवार निकायले यस बारे कुनै चासो देखाइरहेको छैन। यस क्षेत्रमा अन्तरजातीय विवाहका घटनाहरू भैरहेका छन्, तर माथ्ला जातिकाहरूले तल्ला जातकी केटी लाने र पुरानो संस्कारको चपेटामा परेको बहाना गर्दै अलपत्र पार्ने काम भइरहेको छ। उदाहरणार्थ केही

यही मंसीर १४ मा पोखराका अशोक विश्वकर्मा र लीला विश्वकर्माले प्रेम विवाह गर्नका लागि विन्ध्यबासिनी मन्दिरमा जाँदा पुजारीले जातीय कारण देखाई विवाह गराइ दिन मानेनन्।

बाग्लुङ जिल्लाको आमचौर गाविसका टोपबहादुर श्रीस र कमला नेपालीको प्रेम विवाहलाई भने समाजले स्वीकारेको पाइयो। त्यसैगरी अर्घखाँचीमा यही ०५० साउनमा भएको बाबुराम विश्वकर्मा र रेञ्जर इन्द्रलाल अर्यालकी छोरीबीच सम्पन्न प्रेमविवाहलाई अर्यालले सहर्ष स्वागत गरेको कुरा चर्चित छ।

नवलपरासी जिल्लामा अछूत भनिनेहरूलाई मन्दिर पस्न नदिनाले विगतमा निकै संघर्षहरू भएका छन्। छुवाछूतको भेदभाव यस जिल्लामा पनि कायमै छ। उदाहरणार्थ यही ०५० कार्तिकमा नयाँ बेलानी-८ बस्ने इन्द्रबहादुर परियारकी ८ वर्षीया छोरी सगुन परियार धारामा पानी लिन जाँदा हातबाट ग्यालेन खुस्केर पानी बोक्दै गरेकी एउटी मगर्नीलाई छोइएकोले छोइस् भन्ने निहुँमा घैटाले नै बालिकाको टाउकामा हानी गम्भीर रूपमा घाइते बनाएपछि

वीर अस्पतालमा ल्याई लामो उपचारपछि मात्र घर लगियो।

वुटवल न.पा. ५ मा यही ०५० जेठमा ६५ वर्षीया विमला विश्वकर्मालाई धारामा पानी लिन जाँदा पानी छोइदिएको आरोपमा सोही ठाउँ बस्ने सानुमाया प्रधानले गाग्रीको पानी खन्याइ दिइन् र शरुत घाइते बनाई बेहोस् हुने गरी पिटेको घटना उल्लेख्य छ।

पानी छोइयो भनी टाउको फुटाई भाग्ने ८ वर्षीया बालिका सगुन परियार

मध्यमाञ्चल क्षेत्र

देशकै राजधानी समेत रहेको यो क्षेत्र राजनैतिक, आर्थिक, धार्मिक, बौद्धिक, सांस्कृतिक सबै क्षेत्रमा अपेक्षाकृत अगाडि हुँदाहुँदै पनि सामाजिक क्षेत्रमा भने पछाडि नै छ। मन्दिर, गुठी, शक्तिपीठ, गुम्बा तथा देवालय आदिले भरिभराउ भएको काठमाडौं उपत्यका अन्यत्रको तुलनामा धार्मिक दृष्टिले जति अगाडि छ, त्यति नै धर्ममा आधारित वर्णव्यवस्थाद्वारा सिर्जित जातीय भेदभाव र छुवाछूतले पनि ग्रसित छ। बत्तीमुनिको अँध्यारो भने झैं राजधानीमै अछूत पारिएकाहरूका निम्ति कतिपय धार्मिक स्थल, धारा, कुवा, नल, मसानघाट लगायतका सार्वजनिक स्थलहरू प्रतिबन्धित छन्। काठमाडौं शहर भित्रका होटल-पसलमा जातिपातीको वास्ता हुन छोडेको छ, तर नगरपालिकाकै इन्द्रायणी, आलापोट, भद्रवास, मूलपानी, डांछी, सांखू जस्ता ठाउँमा भएका होटल पसलहरूमा जातपातको हदै खोजिनीति हुन्छ। तल्ला जातिहरूले बाहिरै खानुपर्ने र बर्तन सफा गर्नुपर्ने चलन छ। गाउँमा तल्ला जातिहरूलाई काठको पीरा समेत छुइन्छ भनी दिइँदैन। कथम् कदाचित् तल्ला भनिने जातिकाले माथ्ला जातिकहाँ खानु पर्दा आँगनमै अलग्ग बस्नुपर्ने, खानासँगै गाईको गोबर पनि ल्याएर छेउमा राखि दिइने र खाइसकेपछि भाँडा बर्तन सफा गरिदिनुका अतिरिक्त बसेको ठाउँ समेत सो गोबरले लिपाउनै पर्ने बाध्यता छ।

ललितपुर र भक्तपुरका गाउँ क्षेत्रहरूको स्थिति पनि उस्तै छ। उपत्यकाका तीनै शहरहरूमा तल्ला भनिने जातिहरूका लागि डेरा मिल्दैन। त्यसैले आफ्नो जात ढाँटेर बस्नुपर्ने बाध्यता छ। बीचमा कथमकदाचित जात थाहा पाएमा विभिन्न बहानाले डेराबाट निकालिदिने गरेको हुँदा डेराको समस्या भोग्नु परिरहेको छ। उपत्यकाको कतिपय स्थानमा नेवारहरूको चाड गठेमंगलमा ग्रहदशा पन्छाउनका लागि पोडेहरूलाई जबर्जस्ती दान दिइने गरिन्छ। मध्यमाञ्चलको पूर्वोत्तर भेगमा माथ्ला भनाउँदा जातिहरूले बिग्रेको ग्रहदशा सुधार्ने नाममा अछूत भनिनेहरूलाई किनेर मुखमा कालो, रातो, पहेंलो रंग र खरानी समेत घसेर सेतो कालो कपडा भिराएर मूर्ति जस्तै गरी मन्साउने गरिन्छ।

अरू विकास क्षेत्रमा जस्तै यहाँ पनि अन्तरजातीय विवाह टिक्न मुश्किल हुँदै आएको छ। अन्तरजातीय विवाहका घटना भएमा ठाउँ छोडेर अन्यत्रै जानु पर्ने वा जबर्जस्त सम्बन्ध विच्छेद गर्नैपर्ने हुँदै आएको छ। खास गरी तल्ला जातका भनिने महिलाहरू उपर माथ्ला जातका भनाउँदाहरूले कुनै हालतमा पनि न त्याग्ने बाचा गरी फँसाउने र पछि धोका दिएरै छोड्ने घटनाहरू बराबर भइरहेका छन्। उदाहरणका लागि काभ्रे जिल्ला, भुम्लुटार-७ डुम्रे पानीका काइँला उप्रेती भन्नेले हर्के दमाईकी विधवा कान्छी दमिनी भन्नेलाई लोभलालचमा पारी शारीरिक सम्बन्ध स्थापित गरेपछि एउटा छोरो समेत जन्मियो। पछि उप्रेतीले स्वीकार नगरेकोले कान्छी दमिनीले बनिबुतो गरेर सो बालक संग्राम उप्रेतीलाई हुर्काइन्। हाल संग्राम उप्रेती (दमाई) बाबुसित नाता कायम गर्न प्रयासरत छन्।

काभ्रे जिल्ला, देउपुर १ बस्ने रेवतीरमण ढकालले सोही ठाउँकी बुद्धलक्ष्मी विश्वकर्मासित गुप्त सम्बन्ध स्थापित गरी ०५० असोज ९ मा एउटा बच्चा पैदा भयो। सो बच्चाको नाम रामप्रसाद ढकाल राखिएको भएता पनि जन्मदर्ता गर्न जाँदा गाविस सचिवले दर्ता गर्न मानेका छैनन्। उताति‍र रेवतीरमणलाई त्यहाँका माथ्ला जातका भनिने ठालुहरूले उचालेर सो बच्चा आफ्नो होइन भन्न लगाइरहेका छन् भने उत्पीडित दलित जातीय मुक्ति समाज जिल्ला समिति काभ्रेको सक्रियतामा जन्म दर्ता गराउने प्रयास भइरहेको छ।

यस क्षेत्रका माथ्ला भनिने जातका केही सचेत युवाहरूले अछूत भनिएकाहरूकहाँ वा एकैसाथ बसेर खाएवापत घरभित्र पस्न नपाएको तथा जातिच्यूत हुनुपरेका घटनाहरू भैरहेका छन्।

यस क्षेत्रका अधिकांश ठाउँका मन्दिर तथा सार्वजनिक स्थलहरूमा अछूत भनिनेहरूलाई अन्यत्र झैं प्रवेश निषेध छ। यही ०५० मंसिर १२ को घटना हो - काभ्रे, पाँचखाल-३ बस्ने सार्कीको छोराले अर्काको धानको भारी स्थानीय एउटा मीलमा पुऱ्याएर आउँदा "मिलभित्र किन पसिस्" भनी खेलबहादुर दुलाल भन्ने व्यक्तिले कुटपिट गरे। ०५० पुष १४ मा बनेपा न.पा. १० को एउटा बाहुन पसलेले कंचन परियारलाई घोक्र्याइ मुन्द्याई गरी पसलबाट अपमानित ढंगले निकालिदिए।

काभ्रे, दोलखा, सिन्धुपाल्चोक, रामेछाप जस्ता जिल्लाहरूका होटेलहरू तथा मन्दिरहरूमा तल्ला भनिने जातिहरूले प्रवेश पाउँदैनन्।

यस क्षेत्रका अधिकांश जिल्लाहरूमा आफ्नो थर उल्लेख गरेर मात्रै तल्ला भनिने जातिहरूले नागरिकता प्रमाणपत्र पाउन सकिरहेका छैनन्।

रामेछाप जिल्लामा बाहुनहरू हिंडेको बाटो मास्तिर लागे अछूत भनिनेहरूले सजाय भोग्नुपर्ने हुन्छ। यस ठाउँमा

तल्ला जाति भनिनेहरूले बेग्लै कुवा, पंधेरा बनाएर पानी खाँदै आउनुपरेको छ। पहाडी भेगका अधिकांश दुग्ध संकलन केन्द्रहरूमा समेत तल्ला भनिने जातिहरूले दूध बेच्न पाइरहेका छैनन्। माथ्ला भनिने जातिहरू र स्वयं दुग्ध विकास संस्थानका कर्मचारीहरूको मनोमानीबाट यो स्थिति सिर्जना भएको छ।

सिन्धुपाल्चोक जिल्लामा तल्ला भनिने जातिहरूले सार्वजनिक कुवाबाट पानी उघाउन पाउँदैनन्। सिपापोखरे-८ मा पर्ने कुवापानी भन्ने ठाउँमा २०४९ मंसिर १२ मा एउटा यस्तो घटना घटेको छ - झंकबहादुर विश्वकर्माकी तीन वर्षे छोरी लक्ष्मी खेल्दै नजीकैको कुवामा पुगिन्। त्यसैबेला त्यहींका पार्वती भट्टराईले "कामीको बच्चा भएर कुवामा खेल्ने" भनी कुटपिट गरेपछि त्यसबारे बच्चीका बाबुआमाले आपत्ति गरेका थिए। भोलिपल्ट सो बच्चीको लाश त्यही कुवामा डुबिरहेको पाइयो। स्थानीय जनताको एकलौटी सरजमिनबाट सो बालिका कालगतिले डुबी मरेकी पारिएको भए पनि त्यो मृत्यु रहस्यमय बनिरहेको छ। केही दिनपछि त्यसै कुवामा पानीकै विषयलाई लिएर विवाद हुँदा त्यहींका नरबहादुर विश्वकर्मामाथि कुटपिट गरियो। पार्वती भट्टराईकै लोग्ने कृष्णप्रसाद भट्टराईले "एकजना त मऱ्यो फेरि अरू पनि मर्ने विचार छ कि क्या हो ?" भनी धम्की दिएको घटनाले सन्देह थपिएको छ।

यस क्षेत्रमा पर्ने तराईका जिल्लाहरू चितवन, बारा, पर्सा, सर्लाही, महोत्तरी, धनुषामा मैथिल समाजका अछूत भनिनेहरू बसोबास गर्छन्। पहाडी क्षेत्रमा जस्तो किसिमको जातीय छुवाछूत यहाँ त्यति छैन, तर भावनात्मक रूपमा भेदभाव कायमै रहेको छ। चमार, डूम, मुसहर, दुसाध, धोबी जस्ता पेशागत समूहहरूले यहाँ अपहेलित र तिरस्कृत जीवन बिताउनु परिरहेछ। डूमहरूलाई होटलहरूमा प्रवेश गर्न दिइँदैन भने उनीहरूका बालबच्चालाई पनि विद्यालयमा भेदभाव गरिन्छ। शहरी क्षेत्रमा भेदभाव केही कम भए पनि ग्रामीण क्षेत्रमा तल्ला भनिने जातिहरूप्रति गरिँदै आएको छुवाछूतको भेदभाव हट्न सकेको छैन।

यस क्षेत्रमा तल्ला भनिने जातिहरूका बालबालिकाहरूले विद्यालयमा शिक्षक तथा साथीहरूबाट अरू सरह व्यवहार नपाउने भएकोले विद्यालय जान छोड्ने वा हीनताबोधबाट ग्रसित भएर प्रगति गर्न नसकेको स्थिति देखिन्छ। यस क्षेत्रभरी नै तल्ला भनिने जातिहरू योग्यता भएर पनि जातीय कारणले नै जागीर खान पाइरहेका छैनन्। कथंकदाचित् पाएको जागीरमा पनि अपमानित भएर रहनु परिरहेको छ। अरूभन्दा पनि पियन पदको लागि पानी चिया बाँड्न नमिल्ने कारणले नै अयोग्य ठहरिने गर्छ।

चितवन जस्तो तराईको शहरी क्षेत्रमा समेत २०५० असोज १० मा दुग्ध संकलन केन्द्रका कर्मचारीले तल्ला जातिका मानिने चन्द्रबहादुर विश्वकर्मालाई दूध संकलन गर्न प्रतिबन्ध लगाए। यस विषयलाई लिएर "मुक्ति समाज" चितवन जिल्ला समितिले आन्दोलन शुरू गरेपछि स्थानीय प्रशासनले सो सवाललाई मिलाउने प्रयत्न गऱ्यो। तराई क्षेत्रमा समेत अछूत जस्तै तल्ला भनिने जातिहरूले भैंसी किन्न कृषि विकास बैंकबाट ऋण पाइरहेका छैनन् र आफ्नै प्रयासबाट पालिएका गाई भैंसीको दूध हाटबजारमा समेत खुला रूपमा बिक्री हुँदैन।

गतः दशैंताक चितवन जिल्ला ज्योतिनगरका ३४ वर्षीय रामबहादुर परियारलाई आफ्नो पसलबाट अबेला घर फिर्दै गरेको अवस्थामा गुल्मी जेठी भन्ने बाहुनीको घर आँगनमा आइपुग्दा चोर्न आएको भन्ने निहुँ बनाई उसैको लाहुरे देवरद्वारा गुण्डागर्दी गराई मरणासन्न हुने अवस्थामासम्म कुटपिट गरी प्रहरीलाई बुझाउने काम भएको थियो। रामबहादुरको स्थिति चिन्ताजनक अवस्थामा पुगेकोले प्रहरीले अस्पतालमा लैजादा बाटैमा निजको मृत्यु भयो। हाल यो काण्डलाई लिएर सरोकारवालाहरू न्याय खोज्ने काममा लागेका छन्, तर घटना दबाउने भरमग्दुर प्रयास भइरहेको छ।

तल्ला भनिने जातिका व्यक्तिहरूले अनाहकमा कुटाइ खानुपर्ने र मारिनु पर्ने जस्ता घटनाहरू यहाँ दिनानुदिन भइरहेका छन्। उदाहरणका लागि गतः कार्तिक २६ गतेको चितवनमा ७८ वर्षीय बालकृष्ण विश्वकर्मालाई हवाई ग्राउण्डमा भैंसी चराएको आरोपमा प्रहरीहरूले निर्ममतापूर्वक कुटेर मारेको घटनालाई लिन सकिन्छ। यो घटनाको विरूद्ध व्यापक जनआक्रोश भएको र अपराधीमाथि कारवाहीको माग भैरहकै बेलामा दोषी ठानिएका प्रहरी मुक्तबहादुर कर्ण र तेजनारायण देवकोटालाई जोगाउने चेष्टा जिम्मेवार निकायले गरिरहेको छ।

पूर्वाञ्चल क्षेत्र

सर्सर्ती हेर्दा पश्चिमी नेपालको तुलनामा यस क्षेत्रमा जातीय भेदभाव अलि कम देखा परे पनि गहिरिएर हेर्ने हो भने यहाँ पनि छुवाछूत प्रथा कायमै रहेको छ। तराईका जिल्लाहरू लगायत पहाडका केही जिल्लाहरू जस्तो इलाम, ताप्लेजुङ आदिमा पनि धेरै खुला वातावरण पाइन्छ। पाँचथर जिल्लाको फिदिम बजारमा समेत छुवाछूतको भेदभाव गरिन्छ। यस जिल्लाका क्षेत्री बाहुनको बाहुल्य रहेको क्षेत्रमा भेदभाव गंभीर खालको छ। लिम्बूहरूको बस्तीमा घरभित्र पस्न नदिइए पनि केही मात्रामा समान व्यवहार पाइन्छ। तर कतिपय लिम्बूहरू पनि क्षेत्री बाहुन जत्तिकै कट्टर छन्, जस्तो - आङदेम्बे, नेम्वाङ आदि। दशैंमा अछूत भनिनेहरूले मुखियाका घर आंगन सरसफाइ गरी दिनुपर्ने, फूलपातीको प्रसाद भित्र्याउँदा दमाईले बाजागाजा सहित जानै पर्ने, नौरथा भरी र शवयात्रामा समेत बाजा बजाउनै पर्ने जस्ता प्रथाहरू यहाँ चलेका छन्।

पहाडी क्षेत्रमा मात्र होइन, तराई क्षेत्रमा समेत खुलेआम रूपमा अछूत भनिनेहरूले दूध दही विक्री वितरण गर्न सक्तैनन्। यद्यपि पश्चिम क्षेत्रमा जस्तो भैंसी पालन वापत ऋण नपाउने स्थिति यहाँ छैन।

मधिशे मूलका अछूतमा पर्ने डूम, मेहत्तरहरूप्रति झन

उदयपुर, बेलटारको शिव मन्दीर : अछूतका लागि निषेधित

कडा व्यवहार गरिन्छ। भद्रपुर, विराटनगर, राजविराज, जनकपुर जस्ता तराईका ठूलठूला शहर बजारमा समेत यिनीहरू होटलभित्र पसेर खान सक्नैनन्। जबकि पहाडे मूलका अछूतहरूलाई यी क्षेत्रका होटल, पसलमा पस्न निषेध छैन।

नागरिकताको समस्या यस क्षेत्रमा पनि अन्य क्षेत्रमा जस्तै छ। पहिले पहिले अछूत भनिनेहरूले आफ्नो जात लेख्नै पर्ने भएकाले र हाल नागरिकता लिंदा आफ्ना बाबु, दाजुको नागरिकताकै आधारमा दिइने हुनाले आफ्नो छुट्टै भेद (थर) राखी नागरिकता लिन कठिन पर्छ।

यस क्षेत्रमा पनि सम्पूर्ण अछूत भनिनेहरूले सबै मन्दिरहरूमा खुला रूपमा प्रवेश गर्न पाउँदैनन्। भोजपुरस्थित सिद्धकालीको मन्दिरमा वि.सं. २०२१ सालदेखि प्रवेश पाउँदै आएकोमा २०४७ सालदेखि मुलुकी ऐनको अदलको १० को स्पष्टीकरण (हाल हटिसकेको) को आधारमा पुनः अछूतहरूलाई रोक लगाइएको छ। त्यस्तै यहाँकै सिद्धेश्वर, पखुवाको मन्दिर र दिङ्लाको शिवालयमा अझसम्म प्रवेश गर्न दिइँदैन। झापा जिल्लाको पृथ्वीनगर गाविसमा बुद्धिबहादुर शंकरको अध्यक्षतामा बनाइएको शिवालयमा "कामीहरूले पूजा गर्ने ठाउँ" भनी बहुदल आएपछि उपल्ला जातका भनिनेहरूले पूजा गर्न र त्यहाँस्थित इनारको पानी समेत पिउन छाडिदिएका छन्। पाँचथर जिल्लाको सुभाङ गाविस स्थित जोरपोखरी शिवालयमा पहिलेदेखि अछूत भनिनेहरूले पनि पानी चढाउँदै आएकोमा बीचमा बन्द भयो। हाल पुनः त्यहाँ पानी चढाउन खोज्दा बन्देज लगाइएकोले देवी नेपाली, गोपी कालिकोटे लगायतका ४५ जना अछूत भनिनेहरूले जबर्जस्ती पानी चढाउँदा उनीहरूलाई खुट्टा भाँचिदिने धम्की दिइयो। यो घटनाले छुत अछूत बीच तनावको वातावरण पैदा भएको छ।

सैद्धान्तिक रूपमा जतिसुकै छुवाछूत विरोधी नारा दिए पनि व्यवहारमा उतार्न भने उपल्ला भनाउँदाहरू चाहँदैनन् भन्ने कुराको एउटा उदाहरणको रूपमा यो घटनालाई लिन सकिन्छ। ०४९ मा धरान जस्तो खुल्ला समाज नजिकैको चक्रघट्टी बजारका कतिपय चियापसल एवं होटलमा अछूत जातिहरूलाई प्रवेश गर्न रोक लगाइएको देख्दा अचम्म लाग्छ।

अछूत भनिनेहरूको छुट्टै टोलमा बसोबासो भए त्यस्ता टोलको उपेक्षित नाम राख्ने, त्यहाँ कुनै विकास नगर्ने जस्ता कार्यहरू पनि हुने गर्छन्। उदाहरणका लागि झापा जिल्ला अर्जुनधारा-२ मा बजार क्षेत्रभित्रै पर्ने एउटा तल्ला जात भनिनेहरूको टोल छ। उपल्लाहरूले "कामी टोल" भनेर नाम राखिएको त्यो टोललाई "एकान्त टोल" भनी त्यहाँका बासिन्दाले नाम राखेका छन्। त्यस टोलमा अहिलेसम्म बिजुली दिइएको छैन। जबकि त्यस गाविसमा बिजुली पुगेको लगभग बीस वर्ष हुन लाग्यो। बाटो बनाइएको छैन, पिउने

सप्तरीकी चमारनी

पानीको व्यवस्था छैन।

यस क्षेत्रका अछूत भनिनेहरू मध्ये कतिले जातीय भेदभाव र छुवाछूत प्रथाबाट मुक्ति पाउने प्रयासमा क्रिश्चियन धर्म अँगाल्न पनि थालेका छन्। त्यसरी धर्म परिवर्तन गरेका अछूत भनिनेहरूसंग सधर्मी उपल्ला जातिकाले पनि समानताको व्यवहार गर्दैनन्। धार्मिक सम्प्रदायहरूमध्ये वैष्णवहरू निकै कट्टर देखिन्छन्। पूर्वाञ्चलका वैष्णवहरूमा देखिएको छुवाछूत भेदभावको एक चरम नमूना यस्तो छ - झापा, खुदुनाबारी-२ बस्ने वैष्णवहरूका गुरू कहलाइएका देवकीनन्दन कोइराला र उनका शिष्यहरूले पुराण तथा अन्य धार्मिक कार्यक्रममा गएका अछूत भनिनेहरूलाई अलग्गै बसाइने र उठेर हिंडेपछि त्यस स्थानलाई गोबरले लिपेर चोख्याउने जस्ता कार्य गर्छन्।

उदयपुरमा पनि छुवाछूतमा कुनै फरक छैन। त्यहाँ तल्ला जातिहरूको दूध बजारमा बिक्तैन। जात थाहा पाएको खण्डमा होटलमा पनि पस्न पाइंदैन। बेलटार बजारस्थित सार्वजनिक धारामा तल्ला जातिहरूले माथ्ला जातकाहरूले धारो खाली गरेपछि मात्र पानी थाप्न पाउँछन्। यस जिल्लाका सत्तल, पाटी, पौवा, पंधेरामा निकै छातछूत गरिन्छ। अन्यत्र झैं यहाँका मन्दिर र देवस्थलहरूमा अछूत जातिलाई प्रवेश गर्न दिइदैन।

खोटांग जिल्लाका कतिपय होटलहरूमा अछूत जातिहरू पस्न पाउँदैनन्। मोरङ, सप्तरी, धनुषा, सिराहा जस्ता तराईका मन्दिरहरूमा अछूत जातिहरू पस्न पाउँदैनन्। खासगरी डूम समुदाय छुवाछूतको समस्याले बढी पिल्सिएको देखिन्छ। अज्ञान र अशिक्षाले जकडिएका सबैबाट उपेक्षित यी डूमहरूको बस्ती फोहोरको डंगुरका माझमा भेटिन्छ।

जातीय छुवाछूतप्रति धार्मिक सम्प्रदाय, सरकार र राजनैतिक दलको दृष्टिकोण

पृथ्वीनारायण शाह (वि.सं. १७७९-१८३१) को नेपाल एकीकरण कार्यमा कालु सार्की, मनिराम गाइने तथा बिसे नगर्चीहरूको महत्वपूर्ण योगदान भएर पनि जातिपाती र छुवाछूत प्रथालाई घटाउनेतिर ध्यान गएको पाइदैन। सन्त शशिधर (वि.सं. १८०४-१९०६), सन्त ज्ञानदिल दास (वि.सं. १८९२-१९५४) जस्ता जोसमनी सन्त परम्पराका अनेकौं सन्तहरूले जातपात र कर्मकाण्ड विरोधी आन्दोलन अघि बढाए। रणबहादुर शाह (वि.सं. १८३४-१८६३) जोसमनी सम्प्रदायका शशिधरसित दीक्षित भएर जातपात विरोधी हुन गए र सबै जातलाई राखेर सहभोज गराउने कार्यसम्म गरे। दरबारिया, पुरोहित र कट्टर पन्थीहरूले उनको यस्तो कार्यको विरोध गरे। तर उनी पछि अरू राजाहरूले यस्तो साहसिक कार्यलाई निरन्तरता दिंदै जातीय समानताको भावना विस्तार गरेर सबैलाई एउटा राष्ट्रिय शक्तिको रूपमा समेट्ने काम गरेको पाईदैन। परम्परागत रूपमा चलिआएको छुवाछूत प्रथालाई मुलुकी ऐन १९१० वि.सं.) जारी गराई सर्वप्रथम जातपात र छुवाछूतलाई कानूनी मान्यता दिलाउने काम राजा सुरेन्द्रको शासनकालमा जंगबहादुर राणाले गरे। फलस्वरूप अछूत भनिने जातिहरूको जीवन ज्यादै कष्टकर र दयनीय बन्न पुग्यो। यो कानूनको विरोधमा सन्त ज्ञान दिलदासले स्वदेश र प्रवासमा आन्दोलन चर्काए। सिक्किममा नेपाली समाजभित्र रौंको बालेर जात खोज्दै अन्ध परम्पराको खिल्ली उडाएको १९२५ वि.सं.को घटना उल्लेखनीय छ। राणाकालमा अनेकौं व्यक्ति र विचारकहरूले जातपात र छुवाछूत उन्मूलन गर्न प्रयत्न गरे, तर हुकुमी शासनमा सफल हुन सकेनन्।

मानवतावादी राजा जयपृथ्वी बहादुर सिंह (वि.सं. १९६३ - १९९७) ले सामूहिक भावनाको आवश्यकता महसूस गर्दै मानिस मानिसका बीच विवेक र नैतिकताद्वारा स्थापित सम्बन्धबाट नै वास्तविक एकता र मेलमिलाप आउन सक्छ भन्ने ठानेर सामाजिक सुधारका कार्यहरू सम्पन्न गरे। श्री ३ चन्द्र शमशेरका ज्वाईं एवं बझाङका राजा भएर पनि देश, जनता र विश्व भ्रातृत्व एवं शान्तिका निम्ति अविस्मरणीय काम गरे। जातजाति, धर्म र अधिकारको उन्माद नाघी शुद्ध मानवतावादी मान्यता र धारणामा कटिवद्ध राजा जयपृथ्वीले सामाजिक रूपले उत्पीडनमा परेका जनताप्रति गहिरो सहानुभूति राख्दै उत्थानार्थ गरेका कार्यको उदाहरणस्वरूप आफ्ना राज्यका तल्ला जाति मानिने कलु भूल (सार्की) र रविदासे दमाई जस्ता मान्छेहरूलाई बाहिर उच्च किसिमको सीपको तालिम गराएकोलाई लिन सकिन्छ। राजा जयपृथ्वीबहादुरको समतामूलक एवं उदारवादी सोचाइ र कार्यको प्रभावले उनका ससूरा चन्द्र शमशेरले पनि "अछूत जातहरू पनि मान्छे नै हुन् उनीहरूले पनि समान अधिकार पाउनु पर्छ" भन्ने कुरा दरबारभित्र उठाएका थिए। तर यसमा दरबारियाहरूको सहयोग नपाएर वा अरू नै कारणले गर्दा त्यो सोचाइ साकार भएको पाइएन।

जातीय भेदभाव, रंगभेद, वर्णभेद जस्ता अमानवीय कलंकले मानव जातिकै गला निमोठिरहेको बेला संयुक्त राष्ट्रसंघले मानवअधिकार घोषणा पत्र १९४८ ई.मा प्रकाशित गर्‍यो। यो घोषणापत्रको धारा २ अनुसार "जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनैतिक वा अरू विचार राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति वा अरू कुनै मर्यादाको आधारमा भेदभाव नगरी प्रत्येक व्यक्तिलाई यस घोषणामा उल्लेखित अधिकार र स्वतन्त्रताको अधिकार हुनेछ। यसको अतिरिक्त चाहे कुनै देश स्वतन्त्र होस् वा संरक्षित, स्वशासनरहित वा परिमित प्रभु सत्ता भएको होस्, त्यहाँका व्यक्तिहरूमा राजनैतिक, क्षेत्रीय वा अन्तर्राष्ट्रिय स्थितिको आधारमा भेदभाव गरिने छैन।" भनी उल्लेख भयो। ००७ सालको क्रान्तिपछि राजा त्रिभुवनले २००७ फागुन २० गतेदेखि "नेपालको पल्टनमा सिपाहीहरू भर्ना गर्दा कुनै प्रकारको जाति, धर्म, भाषाको भेद राखिने छैन। जुनसुकै जाति, धर्म, भाषाको व्यक्तिले समान रूपमा सैनिक बन्न पाउने छन्" भन्ने सरकारी घोषणा गरे। जुन उल्लेखनीय मान्न सकिन्छ। तर २००७ फागुन १२ मा राजा त्रिभुवनले प्रेस विज्ञप्ति जारी गरेर जातिपातीको भेदबारे धारणा यसरी व्यक्त गरेको पाइन्छ - "... जातिपातीको भेद,

छुवाछूतको भावना इत्यादि हटाउने अथवा नहटाउने विषयलाई प्रजातान्त्रिक राज्यमा कुनै एक वा दुई व्यक्तिबाट निर्णय हुँदैन। यसको निर्णय सबै जनता मिलेर नै गर्नुपर्छ। तसर्थ विधान परिषद् खडा नभएसम्म यो कुरा उठ्दैन।"

विश्वमा आएको खुलापनको लहरको प्रभावमा ००७ सालपछि नेपालमा पनि १९१० सालको मुलुकी ऐनले व्यवस्था गरेको कडा सामाजिक परिपाटी केही हदसम्म जनताको आफ्नै प्रयासबाट तोडिँदै गयो। तर राज्य स्तरबाट त्यस्तो कुनै जातीय समानता र छुवाछूत उन्मूलन गर्ने कार्यक्रमहरू भएनन्। अर्कातिर त्यसबेला राजनैतिक दलहरूबाट सामाजिक भेदभाव र जातीय छुवाछूतलाई उन्मूलन गर्ने दिशामा कुनै उल्लेखनीय काम भएन।

पञ्चायती शासन कालमा राजा महेन्द्रले २०२० साल भाद्र १ गते मुलुकी ऐन लागू गरे। सो ऐनमा अदलको १० मा जातपात र छुवाछूतको भेदभाव गर्न नपाइने भन्ने स्पष्ट उल्लेख भएर पनि कसैले सो गरेमा दण्ड गर्ने व्यवस्थाको अभावै रहेकोले व्यवहारमा केही फरक नपर्नु स्वाभाविकै थियो। यद्यपि १९१० को मुलुकी ऐनमा व्यवस्था भएको ज्यादतीपूर्ण कानूनलाई काट्ने गरी भएको यो कानूनी व्यवस्थाले ऐतिहासिक महत्व राख्दछ। पंचायत जस्तो एकदलीय शासन व्यवस्थाभित्र तल्ला जातिका भनिने समाजबाट सरकारमा पुगेका हीरालाल विश्वकर्माले पनि सो कानूनलाई लागू गराउनपट्टि भन्दा यथास्थितिलाई नै समर्थन गर्न पुगे। त्यसै कालमा राष्ट्रिय पञ्चायतमा पुगेका धनमान सिंह परियार, हरकुमार सिंह, टी.आर. विश्वकर्मा तथा टेकबहादुर विश्वकर्माले पनि यस क्षेत्रमा केही गर्न सकेनन्। स्मरणीय छ, यस कालमा सामाजिक एवं आर्थिक रूपले पिछडिएका जातिहरूको उत्थान गर्ने नाममा अरबौं अरब रूपियां विदेशी अनुदान लिइयो, तर काम केही भएन। नेपालले संयुक्त राष्ट्र संघमा गरेको अभिसन्धि, सम्झौता तथा समझदारीलाई पालन गर्दै जातीय भेदभाव र उत्पीडनलाई समाप्त पार्नेतर्फ गहकिलो काम गरिएनन्।

२०४६ सालमा जनआन्दोलनबाट देशमा बहुदलीय प्रजातन्त्रको पुनर्बहाली भयो। संविधान निर्माणका लागि गठित संविधान सुझाव आयोगमा तल्ला भनिने जातिहरूको प्रतिनिधित्व गराइएन। राजा, कांग्रेस र कम्युनिष्टका प्रतिनिधिहरू समावेश भएको यो आयोगको मस्यौदामा संसदका निम्ति दलितका तर्फबाट तीन सीट अरक्षित गरिएको थियो तर संविधानबाट त्यो कुरा झिकियो। उल्टै "हिन्दू राष्ट्र" घोषित गरी वर्णवादलाई नै टेवा पुर्‍याउने काम भयो।

नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ धारा ११(४) ले "कुनै पनि व्यक्तिलाई जातिपातीका आधारमा छुवाछूतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्नबाट बञ्चित गरिने छैन। त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ" भनी व्यवस्था गरेको छ।

उक्त स्पष्टीकरण खारेजीको लागि मनबहादुर विश्वकर्माले मिति ०४९ जेठ २४ गते र मनोहरलाल बमरेलले मिति ०४९ साउन ८ गते (क्रमशः रिट नं. २५०५ र २१०५) सर्वोच्च अदालतमा मुद्दा दायर गर्नुभएको थियो। सर्वोच्च अदालतका न्यायाधीश त्रिलोकप्रताप राणा, लक्ष्मणप्रसाद अर्याल र केदारनाथ उपाध्यायको विशेष इजलासले मिति ०४९ फागुन १४ गते बिहिवार दिएको फैसला अनुसार मुलुकी ऐन अदलको १० (क) को स्पष्टीकरण खण्डलाई अमान्य र बंदर घोषित गरी कसैले कसैलाई जातिपातीको आधारमा कुनै मन्दिर वा धार्मिक स्थलमा भेदभावपूर्ण व्यवहार गर्न नहुने ठहर दियो।

सत्ताधारी तथा प्रतिपक्षी राजनीतिक दलहरूले जातीय उत्पीडनमा परेका जातिहरूको समेत सामाजिक एवं आर्थिक उत्थानका नाराहरू विशेष गरी चुनावको बेलामा दिँदै आए पनि व्यवहारिक रूपमा कार्यक्रम अगाडि सारेर सही अर्थमा यस्ता कुप्रथा र दुरावस्थाको उन्मूलन गर्नेतर्फ लागेका छैनन्। नेपालका मानवअधिकारवादी संस्थाहरूले जातीय भेदभाव एवं मानवअधिकार बहालीको क्षेत्रमा दबाव दिँदै आएको कुरालाई अपेक्षाकृत सकारात्मक रूपमा लिन सकिन्छ। सरकार, सरकारी निकाय, अर्धसरकारी निकाय तथा नीति निर्णयका क्षेत्रमा अछूत भनिने जातिहरूको सहभागिता गराउने तथा यो वर्गको सामाजिक, आर्थिक, शैक्षिक क्षेत्रमा विशेष आरक्षणको व्यवस्था गर्नेतर्फ राज्यस्तरबाट नसोचिनु दुःखदायी कुरा बन्न पुगेको छ।

छुवाछूतको उन्मूलनको निम्ति कुनै पनि कल्याणकारी संस्थाहरूले सक्रिय भूमिका निर्वाह गरेको पाइंदैन, बरू व्यक्तिगत रूपमा नेपालका समाजसुधारक एवं बुद्धिजीवीहरूले फाट्टफुट्ट रूपमा सकारात्मक कामहरू गरेका उदाहरण पाइन्छ। भू.पू. प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला पनि जातिपाती र छुवाछूत प्रथाका विरोधी थिए। यस्तै ००७ सालपूर्व दलित जातिका छोराछोरीहरूलाई विद्यालयमा प्रवेश गराउन र उनीहरूको हकहितलाई अघि बढाउने कार्यमा महानन्द सापकोटाले ००७ सालमा जवाहर रोक्कालाई चैनपुरमा र धरानमा पं. छविलाल पोखरेलले हीरालाल विश्वकर्मा, टी.आर. विश्वकर्मा, उमालाल विश्वकर्मालाई शिक्षा आर्जन गर्नमा सहयोग पुर्‍याएका थिए।

इलाममा इन्द्रप्रसाद प्रसाईं र भोजपुरमा नारदमुनि थुलुङले पनि सार्वजनिक स्थलमा कथित अछूतको प्रवेशबारे काम गरेका थिए। २००९ सालतिर धनकुटाका बडाहाकिम रंगनाथ उप्रेतीले चैनपुरमा जवाहर रोक्कालाई निःशुल्क पढ्ने व्यवस्था मिलाइदिए। चैनपुरमै शेरबहादुर श्रेष्ठले अछूत भनिनेहरूलाई शिक्षा दिने काममा मद्दत गरेका थिए। झापा र आठराई तेह्रथुममा बराबर बसोबास गर्ने शिक्षाप्रेमी देवीप्रसाद उप्रेती (१९६८ - २०४९ वि.सं.) ले २०२३ सालमै विश्वकर्मा भान्से राखेर छुवाछूतको भावनालाई चुनौति दिए। आफ्नो प्रभावशाली लेखनीद्वारा छुवाछूतलाई धज्जी उडाउनेमा स्याङ्जाका कालीभक्त पन्तको देन पनि उल्लेखनीय छ। २००० साल पूर्व नै चैनपुर (संखुवासभा) का भक्तबहादुर

शाक्यले नेवार सम्प्रदायमा छुवाछूत विरोधी गतिविधि देखाएका थिए। ताप्लेजुङका महेश्वर मेन्याङ्वोले ००७ सालपछि अछूत भनिने महिलासंग विवाह गरेर जातिभेद उन्मूलनको आन्दोलनमा टेवा पुर्‍याएका थिए। २०११ सालदेखि ताप्लेजुङ खोक्लिङका अम्बिका साँवा (हाल सांसद) ले छुवाछूत नमान्ने अडान लिएर त्यही अनुरूप व्यवहार गर्दै आएको कुरा प्रशंसनीय छ।

स्वयं अछूत मनिनेहरूद्वारा नेपालमा गरिएका जातीय मुक्तिका प्रयासहरू

नेपालको इतिहासमा स्वयं उत्पीडित दलित जातिका व्यक्तिहरूबाट राष्ट्रियस्तरमा संगठनात्मक रूपले छुवाछूतको विरुद्ध मुक्ति संघर्षको उल्लेख्य ००७ साल पूर्व पाइन्न। सामाजिक स्तरमा इलामका काले दमाई (काली बहादुर सुन्दास), तेह्रथुमका गोपाल लमजेल (वि.सं. १९१८ - २००६), बाग्लुङका भगत सर्वजित विश्वकर्मा (वि.सं. १९५० - २०१२), पाल्पाका रिपलाल विश्वकर्मा (वि.सं. १९७१) र अन्य व्यक्तिहरूमा हिक्मतसिंह विश्वकर्मा, गंगाबहादुर परियार, मनवीर विश्वकर्मा, गोथी बसेल (१९५७ - २०१० वि.सं.) ले समाज सुधार र छुवाछूत उन्मूलनका निम्ति चासो देखाउँदै आएको पाइन्छ। जसले छुवाछूत विरोधी आन्दोलनको पृष्ठभूमि निर्माणको काममा प्रेरणा दिएको पाइन्छ। राणा शासनको क्रूरता र कठोर नियन्त्रणबाट मुक्तिको आवाज उठाउनु ठाडै मृत्युलाई निम्त्याउनु जस्तै हुन्थ्यो। त्यस्तो कठोर यन्त्रणालाई सहेरै पनि कष्टमय जीवन व्यतीत गर्नु नै उत्पीडितहरूको आत्मसुरक्षाको एक मात्र बाटो थियो। २००७ सालको जनक्रान्तिले जनतालाई बोल्ने, लेख्ने, पढ्ने तथा राजनैतिक स्वतन्त्रता प्रदान गर्‍यो, न्यायिक तथा प्रशासनिक निकायका ढोकाहरू खुले। तर विडम्बना के भयो भने पुस्तौंदेखि जातीय दमनको रूपमा जयस्थिति मल्ल र जंगबहादुर राणाको पालामा लादिएका कानूनी बन्देजहरूद्वारा समाज संचालित थियो। छिचिमिरा जस्तै उम्रेका राजनैतिक पार्टीहरूको सोचाई पनि जातीय उत्थान र मुक्तिको निम्ति भन्दा बढी कुर्सी ओगट्ने र कमाउने ध्येयले प्रेरित भएको हुँदा नेपाली जनताले सोचेजस्तो परिवर्तन र विकास हुन सकेन। जे होस् ००७ सालको क्रान्तिले के कुरा स्पष्ट पार्‍यो भने शिक्षा प्राप्ति र संगठनात्मक एकताको अभावमा संघर्ष नगरी राष्ट्रिय निकायमा पुग्न सकिन्न। राष्ट्रिय निकायमा पुगेर शक्ति संचालन नगरून्जेल जातीय जीवनका विविध फाँटलाई योजनाबद्ध रूपले संचालन गर्न सकिदैन भन्ने कुराको हेक्का जातीय उत्पीडनमा परेका समुदायमा भएको पाइन्छ।

उत्पीडित जातिको हकहीत र आत्मसम्मानलाई गतिशीलता दिने उद्देश्यले वि.सं. २००४ सालमा बाग्लुङ, सुन्सरी र काठमाडौंमा केही व्यक्तिहरूको प्रयासले दलित संगठनहरू स्थापना भएको पाइन्छ। तिनीहरूको कार्यक्षेत्र सीमितै भए तापनि ऐतिहासिक पृष्ठभूमि निर्माणको सूचकको रूपमा मान्नु पर्छ। बाग्लुङमा "विश्व सर्वजन संघ (२००४)" भगत सर्वजित विश्वकर्माले स्थापना गरे भने सुनसरी, धरानमा "निम्न समाज सुधार संघ (२००८)" जदुवीर विश्वकर्मा, हीरालाल विश्वकर्मा, उमालाल विश्वकर्मा, टी.आर. विश्वकर्माले स्थापना गरे काठमाडौंमा "टेलर यूनियन (२००४)" सहर्षनाथ कपालीको संयोजकत्वमा स्थापना भयो। पछि २००८ सालमा टेलर यूनियन र निम्न समाज सुधार संघ संयुक्त भएर काठमाडौंमा सहर्षनाथ कपालीको संयोजकत्वमा "जाततोड मण्डल" स्थापना भयो। वि.सं. २००९ सालमा गएर जाततोड मण्डलको नाम फेरेर "समाज सुधार संघ" सहर्षनाथ कपालीकै संयोजकत्वमा बन्यो। यही समाज सुधार संघको पहलमा वि.सं. २०११ सालमा पशुपतिनाथ मन्दिर प्रवेश गर्ने प्रयास गरियो। सो पशुपति संघर्ष समितिको संयोजकमा सिद्धिबहादुर खड्गी रहनु भएको थियो। मन्दिर प्रवेश गर्न खोज्नेमा सहर्षनाथ कपाली र गणेश योगीको नेतृत्वमा हजारौं हजार अछूत पारिएका जनता सहभागी थिए। तत्कालिन गृहमन्त्री टंकप्रसाद आचार्यको निर्देशनमा प्रशासनले प्रहरी बल प्रयोग गरी मन्दिर प्रवेश गर्न खोज्नेहरूलाई लाठी प्रहार गर्‍यो। सबभन्दा बढी महिलाहरू सहभागी भएको यो काण्डमा ७५० जनालाई गिरफ्तार गरेको थियो। यस काण्डपछि सरकारले पशुपतिनाथको मन्दिरको ढोकाबाट "अछूतलाई प्रवेश निषेध" भन्ने बोर्ड पहिलोचोटी हटायो।

संगठित रूपमा पशुपतिनाथ प्रवेश काण्ड (२०११) पछि २०२० सालको मुलुकी ऐनको व्यवहारिकता जाँच गर्न स्वतन्त्र ढंगले भोजपुरमा पद्म सुन्दास र लालकुमारी विश्वकर्माको अगुवाइमा भोजपुरको सिद्धकाली मन्दिर प्रवेश गर्ने काम भयो। यो २०२१ साल असोज २९ र ३० को दुई दिने कार्यक्रममा अछूत भनिने जातिहरूलाई समान रूपले मन्दिरमा प्रवेश गराउन चाहनेहरूमा समाजसेवी नारदमुनि थुलुङ र स्वयं बडा हाकिम निरञ्जनभक्त श्रेष्ठ लागेका थिए भने माथ्ला भनिने जातिहरू, प्रहरी प्रशासन तथा पुजारी एवं पण्डाहरू यसको विपक्षमा थिए। २९ गतेको मन्दिर प्रवेश पछि भोलिपल्टको कार्यक्रम विफल हुन पुग्यो।

अछूत महिलाहरूको हित गर्ने उद्देश्यले मिठाई देवी विश्वकर्मा (वि.सं. १९९३) को अध्यक्षतामा काठमाडौंमा २०१२ सालमा "परिगणित नारी संघ" स्थापित भयो। समाजसुधार संघ फेरि अर्कोपटक नाम फेरेर वि.सं. २०१४ मा सहर्षनाथ कपालीकै अध्यक्षतामा "नेपाल राष्ट्रिय परिगणित परिषद" बन्न पुग्यो। यस संगठनका महासचिव रिपलाल विश्वकर्मा थिए भने टी.आर. विश्वकर्मा र हीरालाल विश्वकर्मा पनि यसमा संलग्न भए। मिठाईदेवी विश्वकर्माको परिगणित नारी संघ पनि २०१५ मा यसैमा आएर मिल्यो। यस संगठनको विधिवत दर्ता वि.सं. २०१९ सालमा आएर हुन पुग्यो। २०२४ मा सहर्षनाथ कपालीको अध्यक्षतामा "नेपाल राष्ट्रिय दलित जन विकास परिषद्" भन्ने संस्था खुल्यो, जसका महासचिव हीरालाल विश्वकर्मा बन्न पुगे। यसको प्रथम राष्ट्रिय सम्मेलन २०२९ जेठ २९ गते काठमाडौंमा सम्पन्न हुनु दलित आन्दोलनको इतिहासमा एउटा नयां घटना

थियो। सम्मेलनपछि मोहनलाल कपाली यस संगठनका अध्यक्ष बन्न पुगे, महामन्त्रीको रूपमा टी.आर. विश्वकर्मा र अन्य नेतृत्व पंक्तिमा हीरालाल विश्वकर्मा, जवाहर कपाली, विच्छे वर्मा कपाली आदि चुनिए। यस संगठनका देशभरि धेरै शाखाहरू खुलेका थिए र केही रूपमा अछूत भनिनेहरूलाई संगठित गर्ने प्रयास पनि भयो। २०३४ सालमा आएर यो संस्थालाई सामाजिक सेवा समन्वय परिषद् अन्तर्गत दर्ता गर्दा "दलित" शब्द हटाएर "नेपाल राष्ट्रिय जन विकास परिषद्" मात्र कायम गरियो।

२०३६ सालको जनमत संग्रहताका शंकर विश्वकर्माको संयोजकत्वमा पद्मलाल विश्वकर्मा, चित्र शिकारू, मानबहादुर विश्वकर्मा आदि संलग्न भएको "समाज सुधार संघ" नामक संस्था खडा भयो। यस संगठनको प्रमुख उद्देश्य बहुदलीय व्यवस्था बहाली गराएर मात्र जातीय मुक्ति संभव हुने तय गरी त्यही अनुसार गतिविधि अगाडि बढाउने काम भयो। यसले पत्रपत्रिका प्रकाशनदेखि लिएर जनतालाई सचेत पार्ने काम गरेको थियो। निर्दलीय व्यवस्थाकै पक्षमा जनमत संग्रहको नतिजा निस्किएपछि यो संगठन सेलायो।

२०३६ सालमै नेपाल राष्ट्रिय जन विकास परिषद् दर्ता भएपछि त्यस संगठनको नेतृत्वमा फूट पैदा हुन गयो र नेपाल राष्ट्रिय दलित जन विकास परिषद्कै नाममा मोहनलाल कपालीको नेतृत्वमा संगठन बनाउने काम भयो। २०३७ सालमा मोरङमा "पछौटे जाति सुधार संघ" जवाहर रोक्काले स्थापना गरे। २०३८ सालमा नारायणप्रसाद कपालीको अध्यक्षतामा "नेपाल अतिपिछडिएको जन विकासपरिषद्" काठमाडौंमा खडा भयो। त्यस संगठनले राष्ट्रिय दलित जन विकास परिषद्को एकतामा घाटा पुर्‍यायो। संगठन स्थापना गर्ने र नेता बन्ने होडबाजीकै क्रममा २०३९ सालमा सिद्धिबहादुर खड्गी अध्यक्ष र प्रतापराम लोहार महासचिव भएको "नेपाल राष्ट्रिय समाज कल्याण संघ" खुल्यो र नेपाल राष्ट्रिय जन विकास परिषद् यसैमा गाभिएर हीरालाल विश्वकर्मा समेत यसमै संलग्न हुन पुगे। यही क्रममा २०४४ सालमा मेघबहादुर विश्वकर्माको अध्यक्षतामा "जाति विभेद उन्मूलन मञ्च" काठमाडौंमा खुल्यो। यस संगठनले केही क्रान्तिकारी कार्यक्रमहरू अगाडि सार्ने नाममा मोटो रकम चन्दा संकलन गरिसकेपछि संगठन नै बेपत्ता भयो। उतातिर नेपाल राष्ट्रिय दलित जन विकास परिषद् टी.आर. विश्वकर्माको नेतृत्वमा चल्दै थियो।

जातीय मुक्तिका नाममा यति औंधि संगठनहरू खुले पनि नेतृत्वको होडबाजी, संगठनलाई सत्ताको तावेदारीमा लगाएर व्यक्तिगत फाइदा ताक्ने र जातीय उत्पीडनको विरूद्धमा चुंसम्म बोल्न नसक्ने स्थितिले गर्दा कुनै संगठनहरूप्रति अछूत भनिने जनता आकर्षित भएनन्। पंचायती व्यवस्था रहेसम्म जातीय भेदभाव झन् झन् विकराल हुँदै जाने स्थिति स्पष्ट देखेपछि यो व्यवस्थाकै अन्त्य गरी बहुदलीय व्यवस्था बहाली गरेपछि मात्रै वर्णवादको उत्पीडनबाट मुक्ति पाउन सक्ने देखि २०४५ सालमा गोल्चे सार्कीको अध्यक्षतामा काठमाडौंमा रहेका सचेत एवं क्रान्तिकारी व्यक्तिहरूले "उत्पीडित जातीय उत्थान मञ्च" को स्थापना गरे। यस संस्थाले भूमिगत रूपमा संगठन विस्तार गराउने क्रममा देशभरिका उत्पीडित जातिहरूको समर्थन पाउन थाल्यो। पंचायत विरोधी आन्दोलन मुलुकमा अघि बढ्न थालेकोले सो आन्दोलनको सहभागीको रूपमा यसले आफूलाई लगायो। २०४६ को जनआन्दोलनमा उजाउ मञ्च नै पहिलो र एक मात्र उत्पीडित जातिको संस्था थियो, जसले आफ्ना मागहरूलाई अगाडि सार्दै जनआन्दोलनमा भाग लिएको घटना ऐतिहासिक सावित भएको छ। यसै संगठनको आयोजनामा आन्दोलित उत्पीडित जातिहरूमाथि प्रहरी तथा गुण्डाहरूद्वारा आक्रमण गर्ने काम भएको थियो। जनआन्दोलन पश्चात् आफ्ना जातीय मुक्तिका मागहरू अगाडि सारेर सर्वप्रथम खुला कार्यक्रमहरू सहित यो संगठन अगाडि बढ्यो। संविधान सुझाव आयोगलाई आफ्ना सुझावहरू पेश गरेको थियो भने संविधान आउँदा प्रमुख मागहरू बेवास्ता भएकोमा २०४७ साल पुस ८ गते खुला मंचमा विशाल जनसभा सम्पन्न गरेको थियो। २०४७ पुस ३ गते प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न गरी गोल्चे सार्कीकै अध्यक्षतामा नेतृत्व चयन भएर देशव्यापी रूपमा आफ्ना सांगठनिक कार्यक्रम अगाडि बढाउँदै आयो। नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा (२०४६) झापा, दलित मुक्ति मोर्चा (२०४५) रूपन्देही, छुवाछूत मुक्ति संगठन (२०४६) काठमाडौं विधिवत रूपमा यस उजाउ मंच भित्र आवद्ध हुन पुगे। संगठन एकीकरणकै क्रममा स्व. टी.आर. विश्वकर्माले नेतृत्व गरेको नेपाल राष्ट्रिय दलित जनविकास परिषद्संग मोहन विक्रम सिंहको कम्युनिष्ट पार्टी समर्थक "जातीय समता समाज" (भूमिगत) पार्टीको लाइन र समर्थन त्याग गर्दै २०४९ भाद्र १ गते नेपाल राष्ट्रिय दलित जनविकास परिषद्संग एकीकृत हुन पुगी मिठाईदेवी विश्वकर्माको संयोजकत्वमा नेपाल राष्ट्रिय दलित जनविकास परिषद् पुनर्गठित भयो। उत्पीडित जातीय उत्थान मञ्च र सो नेपाल राष्ट्रिय दलित जनविकास परिषद्का बीचमा २०४९ चैत्र ७ गते एकीकरण कार्य सम्पन्न भई पद्मलाल विश्वकर्माको अध्यक्षतामा "नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज" नामक एकीकृत संस्थाको उदय भयो। नेपालको उत्पीडित दलित जातिहरूको सांगठानिक इतिहासमा यो एउटा सशक्त संगठन बन्न पुगेको छ। हालसम्मा जातीय मुक्ति प्राप्त गर्ने क्रममा अनगिन्ती आन्दोलनहरू हाँक्दै स्वयं उत्पीडित जातिहरूलाई सजग, संगठित र मानवअधिकार बहालीका लागि जागृत गर्दै आएको छ।

पञ्चायतकालमा पञ्चायतकै वर्गीय संगठनको रूपमा रहँदै आएको नेपाल राष्ट्रिय समाज कल्याण संघ जन आन्दोलनपछि नेपाली कांग्रेसको भ्रातृ संस्था घोषित भएर आएको छ। नेतृत्वमा होडबाजीको कारण यसमा फूट पैदा भयो र २०४८ मा रत्नबहादुर विश्वकर्माको अध्यक्षतामा "विकासोन्मुख समाज संघ" नामक अर्को ने.का. समर्थक संगठन देखा पर्‍यो। यही बेला दलवीर विश्वकर्माको

अध्यक्षतामा "नेपाल दलित उत्थान संघ" नामक अर्को ने.का. को भ्रातृ संस्था पनि जन्मिएको देखिन्छ।

नेपालको दलित संगठनहरूको इतिहासमा एउटा तीतो यथार्थ के छ भने जाति मुक्तिको नारा दिएर संगठनहरू खोली आफ्नो व्यक्तिगत स्वार्थसिद्धिका लागि संगठनलाई भऱ्याङ बनाउने, घुमिफिरी सामन्ती परिपाटीलाई नै टेवा पुऱ्याउनमा संगठनलाई होम्ने र आफ्नो स्वार्थ सिद्ध गर्न नसक्दा अर्को संस्था निर्माण गर्दै जाने जस्ता कार्य हुँदै आएको देखिन्छ।

जातीय छुवाछूत उन्मूलनका लागि केही सुझावहरू

सबभन्दा पहिले नेपालको जनसंख्यामा कथित अछूत भनी गणना गरिएका नेपालीको वास्तविक संख्या कति छ ? सन् १९९१ को जनगणनाको परिणामले यसको निरूपण गर्न सक्तैन। कारण पानी नचल्ने अछूत भनिएकाहरूको छुट्टै जनसंख्या बैज्ञानिक तरिकाले गणना गरिएको छैन। यस जनगणनाले केही जातको तथ्यांक देखाए पनि नेवारी भाषी र सुदूर पश्चिमाञ्चलका अछूत भनिनेहरूको गणना यसमा देखाइएको छैन। समग्रमा अछूत भनिएकाहरूको संख्या ३४ लाख ५० हजार जति मात्र देखाइएको छ। जनगणना गर्दा हरेक क्षेत्रमा स्थानीय जिम्मेवार जनप्रतिनिधिको रोहबर विना हचुवा ढंगले जातको संख्या लिने काम भयो। यसो गर्दा एकातर्फ आर्य र मंगोलका उपभेद (थर) हरू भएका अछूतमा झारिएकाहरूले आफूलाई अछूत बताउन नचाहने स्वाभाविक स्थितिले पानीचल भनिएकैहरूको संख्या वृद्धि हुन गएको हो र अछूत पारिएकाहरूको संख्या न्यून हुन गयो। अर्कातर्फ समाजमा को छूत र को अछूत भन्ने कुराको किटान गर्न असजिलो भएर पनि परिणाम यस किसिमको हुन गयो। छुटेका ती अछूत भनिएकाहरूको संख्या पनि सम्मिलित गराउँदा निःसन्देह यस मुलुकमा अछूत पारिएकाहरूको मात्र संख्या पचास लाख भन्दा बढी छ। तैपनि वास्तविक तथ्यांक पत्ता लगाउनेतर्फ हाम्रो प्रयास कायम रहनु पर्दछ। वास्तविक संख्या पत्ता लागेपछि श्री ५ को सरकार र सामाजिक संघ संस्थालाई यो समस्या समाधानतर्फ केही गर्न सहयोग पुग्न सक्छ।

नेपालमा जातीय रूपले अछूत पारिएकाहरू को को हुन् ? कहिलेदेखि, कुन कुन कारणबाट अछूतमा झारिए ? यस विषयमा हालसम्म राज्यस्तरबाट तथा समाजशास्त्री र अनुसन्धाताहरूबाट विशेष रूपले खोज अनुसन्धानको कार्य भएको छैन। सिंगै मुलुकको जनसंख्याको एउटा ठूलो हिस्सा जातीय छुवाछूत एवं उपेक्षाको मारमा लामो समयदेखि परिरहेको दर्दनाक कुराको प्रकाश पार्ने गरी कुनै पुस्तक एवं पत्रपत्रिकाहरू निस्किन सकेका छैनन्। राष्ट्रिय एवं अन्तरराष्ट्रिय पहलमा यस विषयमा गहिरो एवं भरपर्दो अध्ययन-अनुसन्धान गरी सामान्य मानवअधिकार समेत उपभोग गर्न बञ्चित जनताको स्थिति जग जाहेर गर्नुपर्छ।

जातीय व्यवस्था (वर्णवाद) पनि शोषणको एउटा रूप हो। यसैले अछूत जातिमा पारिएकाहरूको समस्यालाई यसबाट अलग गरेर हेर्न मिल्दैन। अछूत जातिमा झारिनु पर्ने, वाध्यतावश त्यसलाई स्वीकार्नु पर्ने र उपेक्षित एवं तिरस्कृत हुनुपर्ने मुख्य जड नै आर्थिक विपन्नता हो। राणाकालमा अछूतमा रहँदै आएका तराईका तेली (सूँडी), नेवारी समाजका मानन्धर लगायतका जातहरूको आर्थिक स्थिति सुध्रिएकै कारणले पानी चलमा उक्लेकोबाट यो कुरो प्रमाणित हुन्छ। एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले हालै गरेको सर्वेक्षण अनुसार नेपालमा ४२ प्रतिशत जनसंख्या निरपेक्ष गरिबीको रेखामुनि छ, जसमध्ये ३५ प्रतिशत अछूत भनिएकै जातिहरू पर्न आउँछन्। न्यूनतम आधारभूत आवश्यकता परिपूर्ति गर्न समेत नसकी अधोगतितर्फ उन्मुख जनसंख्याको यो हिस्सालाई आर्थिक रूपबाट उठाउनका लागि राज्यस्तरबाट प्रभावकारी योजना तर्जुमा गरी कार्यान्वियन गराइनु पर्छ।

अशिक्षा र अचेतनताका कारण वर्णव्यवस्था र धर्मले लादेका पूर्वजन्म, पुनर्जन्म, भाग्यवाद आदि अन्धविश्वासमा जकडिएर पूर्वजन्मको फलअनुसार आफू अछूत भएर जन्मिएको र यस जन्ममा धार्मिक अनुशासन पालना गरी माथ्ला भनिनेहरूको सेवा चाकडी पुऱ्याई अर्को जन्ममा "छूत" बन्ने सपना बोकेका छन्। यिनीहरूले यसतर्फ सरकारले सोच्नुपर्ने कुरा के हो भने उनीहरूलाई कसरी सुशिक्षित एवं सचेत पार्न सकिन्छ। एकातिर हीनतावोधले ग्रसित र अर्कातर्फ आर्थिक विपन्नताले गर्दा शिक्षातर्फ रूचि दिन नसकेका यिनीहरूलाई शिक्षित एवं सचेत बनाउनका लागि विशेष शैक्षिक कार्यक्रमहरू तत्काल ल्याउनु पर्दछ। युगौंदेखि जातीय उत्पीडनको कारण पिछडिएको समुदायलाई उठाउने हो भने विशेष आकर्षण सहित शैक्षिक कार्यक्रम लागू गर्नुपर्छ र शिक्षा हासिल गरिसकेकाहरूका निम्ति सरकारी तथा अर्धसरकारी निकायहरूमा जागिरको लागि आरक्षणको व्यवस्था गर्नै पर्दछ। पेशागत समूहमा रहेकै कारणले अछूतमा झारिएपछि आर्थिक रूपले समेत जर्जर अवस्थामा पुगेकाले आफ्नो परम्परागत पेशालाई अघि बढाउन नसक्नु स्वाभाविकै हो। यसर्थ उनीहरूको पेशालाई आधुनिकीकरण गर्नका लागि उनीहरूलाई देश विदेशमा तालिम लिन पठाउने व्यवस्था गराएर ती पेशालाई प्रतिस्पर्धा गर्न सक्ने र आयमूलक तथा सम्मानित बनाउनेतर्फ सकारले तुरून्त कदम चाल्नु पर्दछ।

राष्ट्रिय शिक्षा नीतिमा नै परिवर्तन गरेर शिक्षालाई सुलभ र रोजगारमूलक बनाउनु जरूरी छ। जातीय भेदभावलाई बढावा दिने खालका पुस्तक एवं पत्रपत्रिकाहरू चाहे ती जुनसुकै फाँटका किन नहुनु, लाई प्रतिबन्ध लगाइनु पर्छ। रेडियो, टेलिभिजन जस्ता संचारका माध्यमबाट जातीय वैमनस्यता र विभाजन पैदा गर्ने खालका कार्यक्रम प्रसार गरिनु हुँदैन र छुवाछूत विरोधी तथा समानताको भावना पैदा गराउने खालका कार्यक्रमहरू दिइनु पर्छ। "चार जात र छत्तीस वर्ण" जस्तो जातीय विभाजन पैदा गराउने भनाइलाई छोड्नु पर्छ। अवैज्ञानिक र रूढिग्रस्त मान्यताको कारण उच्च जातिको दासत्व विरूद्ध संघर्ष गर्न, जातीय मुक्तिका लागि संगठित भई

आन्दोलन गर्न र सामन्तवादी परम्परामाथि विजय प्राप्त गर्न नसकेर यी जातिहरू धर्मको भ्रमजालमा फसिराखेका छन्। यस्ता वर्गलाई शिक्षादीक्षा र चेतना जगाई उत्थान गर्नका निम्ति गाउँ गाउँ तथा कुना कुनामा छुवाछूत विरोधी सभा गोष्ठी, डकुमेण्ट्री फिलिम, पोष्टर प्रचार जस्ता कार्यक्रमहरूलाई विस्तारित ढंगले अघि बढाइनु पर्दछ। यातायातको अभावले बढी जनसम्पर्कबाट बञ्चित रहनु पर्दा युग परिवर्तनको अत्तोपत्तो नभएका जनताका माझमा छुवाछूतको समस्या बढी प्रबल पाइएकोले यसका विरूद्ध उपरोक्त कार्यक्रम बढी प्रभावकारी हुन सक्छन्। यस्ता पिछडिएका दूरदराजका गाउँहरूमा यातायातको विकास गरी अस्पताल, उच्च शिक्षालय, वाचनालय, पुस्तकालय, क्लब, हुलाक, टेलिफोनको व्यवस्था गरे यस्ता कुसंस्कार र कुरीतिहरू क्रमशः हराएर जान सक्छन्।

विद्यमान संविधान र कानूनमा जातीय समानता एवं स्वतन्त्रताका हकहरूको प्रावधान भएको छ। सार्वजनिक स्थलको उपभोग गर्ने क्रममा जातिपातीकै आधारमा भेदभाव गरिएमा मुलुकी ऐनको अदलको १० क नं. अनुसारको दण्ड हुने व्यवस्थालाई कडाइका साथ लागू गरिएमा मात्रै पनि धेरै हदसम्म जातीय समानता प्राप्त हुन सक्तछ। यति मात्रै नभएर कसैले जातपात र छुवाछूतको भेदभाव गरेको अवस्थामा हालको भन्दा कडा दण्ड सजाय हुने, मुआब्जा तिर्नुपर्ने कानूनी प्रावधान गरेर छुवाछूतलाई समाप्त गर्नेतर्फ लाग्नु वाञ्छनीय देखिन्छ।

पृथ्वीनारायण शाहले १७५७ ई. मा कीर्तिपुर चढाइ गर्दा आफूलाई बचाएर गोरखा पुऱ्याइ दिने तल्लो जातको मानिने दुअर जातिलाई पुतवर (माथ्लो) जात बनाइदिएको, रणबहादुर शाहले हिन्दू धर्मको कट्टरताको विरोध गर्दै सबै जातलाई सँगै सहभोग गराउने र मन्दिर प्रवेश गराएको, श्री ३ जंगबहादुर राणाले अछूत मानिएका मेचेको पानी चल्ने गराएको उदाहरण लिंदै अहिले पनि राज्यस्तरबाटै जातिप्रथा उन्मूलनका लागि कदम चालिनु पर्ने हो।

विद्यालयमा नाम लेखाउँदा वा नागरिकता प्रमाण पत्र लिंदा अधिकांश जिल्लाहरूमा तल्ला भनिने जातिहरूले आफ्नो पेशासंग सम्बन्धित जातिसूचक पहिचान लेख्नै पर्ने वाध्यतालाई अन्त गरी आफ्नो वंश परम्पराको सही थर (उपभेद) लेख्न पाउने कुरामा व्यवधान गरिनु हुँदैन।

अन्तरजातीय विवाह पनि जातपातको पर्खाल तोड्ने एउटा सशक्त तरिका हो। रक्त सम्मिश्रणबाट अपनत्वको भाव वृद्धि भएर जाने हुँदा अन्तरजातीय विवाहलाई सरकारी स्तरबाट विशेष सुविधा एवं पुरस्कारको व्यवस्था गरिदिएर जातपात र छुवाछूत प्रथालाई छिटै समाप्त गरिदिन सकिन्छ।

नेपालका सबै क्षेत्रमा कर्मचारी तथा जनप्रतिनिधिहरू प्रशिक्षित छैनन् बरू उल्टै सामाजिक कुसंस्कारप्रति पूर्वाग्रही छन्, जसले गर्दा जनतालाई जातीय छुवाछूत विरोधी कुरा बुझाउन सक्तैनन्। यसर्थ यस सम्बन्धमा केन्द्रबाट प्रशिक्षकहरू पठाएर कर्मचारी र गाउँलेहरू बीच समन्वय गराउँदै छुवाछूत विरोधी कानूनको व्याख्या एवं लागू गराउनु पर्दछ। सार्वजनिक रूपमा सहभोज गर्ने गराउने जस्ता कार्यले पनि यसमा सकारात्मक प्रभाव पर्दै जान्छ।

पढे लेखेका बुद्धिजीवीहरू समाजका अगुवा र नेताहरूले पानी अचल भनिएकाहरूको पानी चलाइ दिएर जनतालाई नमूना देखाउनु पर्दछ। समाजका अन्य पक्षहरूले पानी चलाइदिएर जनतालाई नमूना देखाउनु पर्दछ। समाजका अन्य पक्षहरूले पनि अछूत भनिनेहरूप्रति सद्भावना, सहिष्णुता, समानता तथा मानवीय व्यवहार गरेर हरेक कुरामा हातेमालो गरेर अगाडि बढ्नु पर्ने जरूरी छ।

राजनीतिक क्षेत्रमा अछूत भनिने जातिहरूलाई सहभागी बनाएर लानका निम्ति गाउँ तहदेखि राष्ट्रिय तहसम्म उनीहरूको प्रतिनिधित्व गराइनु पर्दछ।

सामन्ती संस्कृतिले स्वयं अछूत भनिएका जातिकै माझमा सिर्जना गरेको आपसी छुवाछूतको कारण आपसी सद्भाव पैदा हुन सकिरहेको छैन। जसले गर्दा उच्च जाति तथा राज्यस्तरबाट उनीहरूमाथि हुँदै आएको भेदभाव विरूद्धको संघर्षलाई कमजोर पारेको छ। स्वयं अछूतमा झारिएका जातिहरूले मुक्तिका लागि संघर्ष गर्नु सट्टा "म त माथ्लो जात हुँ" भन्दै जात ढाँट्ने र आफ्नो नयाँ थर गोत्र कायम गर्दै तल्ला तहमा राखिएकाहरूसंग चिनिन नखोज्ने

विभिन्न जनसंघर्षमा मारिएका अछूत मनिने समूहका नेपालीहरूको नामावली

१.	चन्द्रबहादुर सार्की(चर्मकार)	– २००७ सालको क्रान्तिमा तनहुँ जिल्लाको बन्दीपुरमा मारिएका
२.	मणिराम दमाई	– ,,
३.	विन्देश्वर पासवान	– २०२९
४.	न्याउले विश्वकर्मा	– २०३३
५.	हर्कबहादुर सार्की	– २०३३
६.	गम्भीर दर्जी	– २०३६ छिन्ताङ (धनकुटा) काण्ड
७.	धनबहादुर दर्जी	– ,,
८.	चन्द्रबहादुर दर्जी	– ,,
९.	टंकबहादुर विश्वकर्मा	– ,,
१०.	गणेश विश्वकर्मा	– ,,
११.	ज्ञानबहादुर सार्की	– २०४६ को जनआन्दोलन (पाटन)
१२.	पम्फा शाही	– ,,
१३.	सुश्री रेखा विश्वकर्मा	– २०४६
१४.	ऋषिराम परियार	– २०४७ (पोखरा)
१५.	मोहितकृष्ण बैजू	– २०४९ (काठमाडौं)
१६.	पूर्णबहादुर परियार	– २०५० (नवलपरासी)
१७.	नरबहादुर नेपाली	– २०५० (रूपन्देही)
१८.	मानबहादुर सार्की	– २०५० (दमक, झापा)

जस्ता प्रवृत्तिले जातिकै अस्तित्व लोप हुने खतरा बढ्दैछ। अछूत मनिने जातका पठित एवं सचेतहरूले परम्परागत पेशा र व्यवसायकै कारण अछूतमा पारेको हो र यसबाट मुक्ति पाउन कम्तीमा पनि अछूत भनिएकाहरू सबैलाई संगठित गर्दै रूढिग्रस्त अवैज्ञानिक सामाजिक परिपाटीलाई तोडेर समानता र स्वतन्त्रता प्राप्तितर्फ बढ्नुपर्ने जरूरी छ। स्वयं अछूतमा झारिएका जातिहरूले लघुताभाष त्यागी सभ्य, सुशिक्षित तथा नैतिकवान् बनेर समाजका अरू माथ्ला जातिहरूसंग हर क्षेत्रमा उत्तिकै प्रतिस्पर्धी हुनु जरूरी छ। ❑

अछूत मनिने समूहका कला-संस्कृति आदि फाँटका चर्चित व्यक्तिहरूको नामावली

१.	बीसे नगर्ची	- पृथ्वीनारायण शाहको नगर्ची (गोरखा)
२.	मनिराम गाइने	- पृथ्वीनारायण शाहको कर्खा गायक (गोरखा)
३.	कालु सार्की	- पृथ्वीनारायण शाहको छालाका सामग्री संचालक (गोरखा)
४.	बांगे सार्की	- बेतियामा पुग्दा अंग्रेजलाई नेपाल जाने बाटो नदेखाएवापत मारिएका परम देशभक्त
५.	हीरा गैनेनी	- माथवरसिंह थापाको गाथा (कर्खा) गायिका
६.	बखतवीर बूढापीर्थि	- श्री ५ पृथ्वी वीर विक्रम शाहदेवका पालामा नै नेपाली राष्ट्रिय धूनका निर्माता - हालको राष्ट्रिय गीतको धून।
७.	झाप्रे दर्नाल	- १९९४ वि.सं.मा जनताका लागि ब्याण्डबाजा फुकाउने र झिकाउने प्रथम व्यक्ति
८.	राममाया च्यामिनी (कुचिकार)	- ०७ सालको क्रान्तिको प्रारम्भमा सिंहदरवार भित्र कालकोठरीमा परेका नेताहरूलाई सघाउने काम गरेकी
९.	काले नेपाली (सुनाम)	- ०७ सालतिर प्रहरी व्याण्डको संस्थापक व्याण्ड माष्टर
१०	दिलवहादुर सुनाम	- ०९ सालतिर शाही सेनाको प्रथम व्याण्ड माष्टर
११.	पं. रनदीप विश्वकर्मा	- भोजपुर जिल्लाका प्रकाण्ड विद्वान
१२.	भूवनसिंह विश्वकर्मा	- १९८६ ई. मा अन्टार्कटिकामा पुग्ने पहिलो नेपाली
१३.	बाबुलाल दर्शनधारी (कपाली)	- नववाजाका प्रसिद्ध मुहालीवाधक
१४.	झलकमान गन्धर्व	- प्रसिद्ध कर्खा र लोक गीत गायक
१५.	रामशरण दर्नाल	- सांस्कृतिक क्षेत्रका प्रसिद्ध अनुसन्धाता तथा लेखक
१६.	मुरलीधर मिझार (वि.क.)	- चर्चित गायक तथा सिने कलाकार

अनुसूची २

यस वर्षको प्रमुख घटना

दासढुङ्गा दुर्घटना

०५० पुष १५ गते दासढुङ्गा दुर्घटनाका सम्बन्धमा विस्तृत विवरण सहितको एक नयाँ प्रतिवेदन प्रकाशित भयो। दासढुङ्गामा भएको दुई शीर्षस्थ कम्युनिष्ट नेताहरूको शंकास्पद मृत्युका सम्बन्धमा छानवीन गर्न सात महिना अघि एक नागरिक छानवीन समितिको गठन भएको थियो। दासढुङ्गा दुर्घटनाको तेस्रो दिन काठमाडौंमा भएको केही व्यावसायिक बुद्धिजिवीहरूको एक भेलाले उक्त समितिको गठन गरेको थियो। तर सो समितिको प्रतिवेदन प्रकाशित हुनु अघि नै दुईवटा प्रतिवेदनहरू प्रकाशित भई सकेका थिए। दासढुङ्गा दुर्घटनाको न्यायिक छानवीनका निम्ति भएको दुई महिने आन्दोलनमा एम्नेष्टी इन्टरनेशनलका अनुसार पनि २० जनाको प्रहरीको गोलीद्वारा मृत्यु भएको थियो। एक जना प्रहरी-यातना स्वप्न नसकी मरेका थिए। त्यस्तै सोही आन्दोलनको क्रममा प्रहरीद्वारा गिरफ्तार गरिएका एकजना विद्यार्थीको आजसम्म अत्तोपत्तो छैन। यिनै सब कारणले पनि आम जनसमूदायमा सांसद पद्मरत्न तुलाधरको अध्यक्षतामा गठित नागरिक छानवीन समितिले प्रकाशित गर्ने प्रतिवेदन प्रति तीव्र चासो थियो।

तुलाधर प्रतिवेदनले फेरी एकपल्ट जनतालाई आश्वस्त पाऱ्यो।- "०५० जेठ ३ गते चितवन जिल्लाको दासढुङ्गामा त्रिशुली नदीमा भएको जीप दुर्घटना षडयन्त्र नै थियो।" दासढुङ्गा दुर्घटनामा एमालेका तत्कालीन महासचिव मदन भण्डारी तथा संगठन विभाग प्रमुख जीवराज अश्रितको देहवसान भएको थियो। दासढुङ्गा दुर्घटनाको तत्कालैदेखि देशमा विश्वास-अविश्वासको वातावरण शुरू भएको थियो। उक्त दुर्घटनाका सम्बन्धमा त्यस्तै विश्वास-अविश्वासको वातावरण आजसम्म कायम छ। सरकारलाई प्रतिपक्षले शुरूमै विश्वास गरेन। सरकारले पनि प्रतिपक्षको कुरो नोक्सानी हुन अघि सुन्न सकेन। दासढुङ्गा दुर्घटनाले छोडेको रहस्य अझै रहस्य नै रहेको छ।

अहिलेसम्मको स्थितिलाई हेर्दा दासढुङ्गा दुर्घटनालाई राजनीतिक हत्या मान्न सकिने थुप्रै आधारहरू छन्। ०५० साल भदौ १ गते नेपाली कांग्रेसको मध्यस्थतामा नेपाली कांग्रेसकै सरकार र प्रमुख प्रतिपक्षी नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी लेनिनवादी) बीच सम्पन्न संझौतामा उक्त दुर्घटनाका सम्बन्धमा स्पष्ट रूपमा भनिएको छ। -"दासढुङ्गा घटनाको न्यायिक छानवीनको लागि सर्वोच्च अदालतका वहालवाला न्यायाधीशको अध्यक्षतामा उच्चस्तरीय आयोग गठन गर्न प्रारम्भ भएको कार्यवाही यथाशीघ्र टुङ्गो लगाई दुवै पक्ष सहमत हुने गरी आयोग गठन गर्ने, भिसेरा परीक्षण गर्न

उच्च प्राविधिक सुविधायुक्त विदेशी प्रयोगशालामा पठाउने र यस आयोगलाई छानवीनका सिलसिलामा ख्यातिप्राप्त अन्तर्राष्ट्रिय अपराध अनुसन्धानकर्ताको सहयोग समेत श्री ५ को सरकारले उपलब्ध गराउने।" सबैतिर ज्यादै महत्व दिइएको उक्त संझौतालाई दृष्टिगत गर्दा पनि दासढुङ्गालाई केवल भवितव्य दुर्घटना भन्न सकिने ठाउँ छैन।

०५० असार १९ गते प्रधानमन्त्रीले दासढुङ्गा दुर्घटनाको छानवीनका लागि सर्वोच्च अदालतका बहालवाला न्यायाधीशको अर्को आयोग गठन गर्न मिल्ने नमिल्ने विषयमा सर्वोच्च अदालतको राय बुझ्न राजामा निवेदन गर्नु भएको थियो। राजाद्वारा दुई दिनपछि सोही बमोजिम राय बुझ्न लिखत पठाइयो। अदालतले भदौ २३ गते त्यस्तो आयोग गठन गर्न मिल्ने राय प्रस्तुत गऱ्यो।

"जेठ तीन" को त्रासदी

नेकपा (एमाले) का तत्कालिन महासचिव मदन भण्डारी ०५० जेठ २ गते हवाईजहाजद्वारा पोखरा पुग्नु भयो। सोही दिन उक्त पार्टीका स्थायी समिति सदस्य एवं संगठन विभाग प्रमुख जीवराज आश्रित बा.अ.च. ८७९३ को मित्सुबिसी पाजेरो जीपद्वारा पोखरा पुग्नु भयो। उक्त जीप नेकपा (एमाले)को आफ्नै थियो र जीपका चालक पार्टीको साधारण सदस्यता प्राप्त अमर लामा थिए।

एमालेका दुवै जना नेता जेठ ३ गते पोखरामा कास्की-एमालेको अधिवेशनमा भाग लिन पुग्नु भएको थियो। वहाँहरूलाई अर्को दिन चितवनको महिला कार्यकर्ता भेलामा सम्बोधन गर्न पुग्नु थियो। धेरै जना भन्छन -वहाँहरूको जेठ ४ गते मात्र चितवन तर्फ प्रस्थान गर्ने कार्यक्रम थियो। तर वहाँहरू जेठ ३ गते दिउँसो २ बजेतिर नै पोखराबाट सोही पाजेरो जीपमा हिड्नु भयो। त्यसबेला गाडीमा दुई नेता र ड्राइभर अमर लामा बाहेक तेश्रो व्यक्ति ऋषि कट्टेल नामका एमाले कार्यकर्ता पनि थिए। तर कट्टेल ५ बजेतिर तनहुँ जिल्लाको आँबु खैरेनीमा ओर्लिए।

त्यसपछि बाटोमा पार्टीको ठूलो झण्डा फहराई तीव्रवेगका साथ कुदि रहेको उक्त जीपलाई धेरैले देखे। त्यो बेला सिमसिम पानी परिरहेको थियो। वातावरण त्यति सफा थिएन। केही बेर पछि निकै वेगका साथ अघि बढी रहेको उक्त जीपलाई मुग्लिङमा देखें भन्नेहरू पनि छन्। मुग्लिङमा केही भित्र लगी गाडीलाई पुनः नारायणघाटतिर लगिएको कुराको पनि पुष्टि हुन बाँकी छ। तर मुग्लिङ भन्दा सवा किलोमिटर पर उक्त जीप एकपल्ट रोकिएको कुरा प्रष्ट भइसकेको छ। भनिन्छ त्यहाँ चालक अमर लामा ट्वाइलेट जान्छु भनेर केही बेर हराए। त्यहाँ मदन भण्डारीले चिया खानु भएको बताइन्छ। अमरले पनि चिया खाएका थिए।

करीव साढे पाँच बजे गाडी दासढुङ्गामा त्रिशुली नदीमा खस्यो। ड्राइभर लामालाई खास केही भएन। उनी बा.अ.ज. २६०४ को भ्यानमा चढी नारायणघाट तर्फ लागे। तर बाटोमा चलीरहेका अन्य गाडीहरूले दुर्घटनाका बारेमा थाहा पाए। मदन भण्डारीका चिनोहरू बाटोमा छरिइ रहेका अवस्थामा फेला परे। नारायणघाट पुगेर लामाले स्थानीय एमाले कार्यकर्ताहरूकहाँ एवं एमाले केन्द्रीय कार्यालय काठमाण्डौमा पनि आफैले खबर गरे।

खोजी अभियान

दुर्घटना भएकै साँझ एक घण्टासम्ममा अनेकौ मानिस दासढुङ्गा पुगी सकेका थिए। पौने सात बजेसम्म प्रहरी दल पनि आइपुग्यो। तत्कालै सेनाको उद्दार टोली पनि



आइपुग्यो। तर राती १० बजेतिर मात्र गाडी पानी मुनि कहाँ छ भन्ने पत्ता लाग्न सक्यो। भोलिपल्ट विहान ८ बजेतिर गाडी पानीबाट बाहिर निकालियो। तर जीपको पछिल्लो सीटमा छत र हेडरेष्टले घाँटी च्यापिएको अवस्थामा जीवराज आश्रितको शव मात्र भेटियो। आश्रितको च्यापु पूरै क्षतिग्रस्त भएको थियो, खुट्टा अघिल्लो सीटनेर आइपुगेको थियो।

त्यसपछि मदन भण्डारीको जीवीत वा मृत शरीरको खोजी नारायणीको वगरमा हुन थाल्यो। त्यसदिन भण्डारीको पत्तो लगाउन कोही सफल भएन। जीवराज आश्रितको शव भेट्टाइएको भोलिपल्ट डुंगा र हेलीकप्टरद्वारा भण्डारीको खोजी भइ रहेकै अवस्थामा विहान साढे आठ बजेतिर वहाँको लाश भेट्टाइयो। वहाँको शव दासढुङ्गा भन्दा ३२ किलोमीटर पर चितवनको गुञ्जनगरमा पाइएको थियो। त्यसबेला वहाँको मृत शरीर नदी किनारमा अड्किएको थियो। शव छिपछिपे पानीमा भेट्टाइएको थियो। शरीरमा लामो बाहुला भएको शर्ट र दुबै खुट्टामा मोजा मात्र थियो, पाइण्ट थिएन र हातमा घडी पनि थिएन। बायाँ आँखामा चोट लागेको थियो, हात, कुहिना अनि दुवै घुँडामा चोट देखिन्थ्यो। शव घोप्टो परेको अवस्थामा फेला परेको थियो।

दुवै राजनैतिक नेताको भरतपुर चितवन अस्पतालमा गरिएको पोष्टमार्टममा दुवैको मृत्यु पानी बाहिरै भएको अनुमान गरियो। भण्डारीको शरीरमा गहन चोटपटक देखिएको थिएन। तर वहाँको शरीर अस्वभाविक रूपमा कालो भएको थियो। त्यसैले भण्डारीको शवको पुनः परीक्षण गर्नका निम्ति काठमाण्डौमा डाक्टरहरूको एउटा छुट्टै बोर्डको गठन गरियो। उक्त बोर्डले शाही नेपाल विज्ञान प्रज्ञा प्रतिष्ठान-रोनाष्टले गरेको भिसेरा परीक्षण तथा घटनास्थल, गाडी एवं शवको वस्तुगत अध्ययन पश्चात आफ्नो राय पेश गरेको थियो। उक्त राय अनुसार भण्डारीको शरीरमा विभिन्न ठाउँमा नीलडामहरू देखिएका थिए। वहाँको मष्तिष्कमा नशा फुटेर रगत जमेको थियो र देब्रे मिर्गौलाको वरिपरि दखल भई रगत जमेको थियो। भुँडीको माथिल्लो भागमा नीलडामहरू रहेको थियो। डाक्टरहरूको राय अनुसार वहाँको मृत्यु ती सम्पूर्ण चोटहरूका कारण वा संयुक्त प्रभावबाट भएको थियो। पुनः शव परीक्षण गर्ने बोर्डले यहाँ स्वदेशमा अर्गानो फोस्फरस रसायन/अल्कोहल जस्ता विषादीको जाँच मात्र हुन सक्ने भएकोले दुवै जनाको भीसेरा विदेशी प्रयोगशालामा जचाउनु पर्ने सुझाव दिएको थियो।

नयाँ घटनाचक्र

दासढुङ्गाको अप्रत्यासित दुर्घटनाले सबैलाई दुःखी तुल्यायो। मृत्यु भएको अवस्थामा मदन भण्डारी राष्ट्रिय राजनीतिको केन्द्रमै हुनहुन्थ्यो। त्यसैले पनि वहाँको मृत्युका सम्बन्धमा अनेक प्रश्नहरू उठ्नु अस्वाभाविक थिएन। दुर्घटनाको लगत्तै अखबारहरूमै लेखिन थाल्यो। –"दक्षिण अफ्रिकाका साम्यवादी नेता क्रिस हनीको हत्याको लगत्तै नेपाली साम्यवादी नेताको शंकास्पद् दुर्घटना केवल संयोग हुन सक्दैन।" त्यस बेला खासगरी युवाहरू ज्यादै ऋद्ध थिए। तर उनीहरूको ऋद्धताले केही नोक्सानी हुन पाएन। दुर्घटनाको लगत्तै दुई दिन मुग्लिङ राजमार्ग करिव करिव बन्द नै रह्यो। तर शायद शोकका कारण होला असुविधाको उजुरी कसैले गरेन।

आम जनता र राजनीतिक तथा बौद्धिक व्यक्तित्वहरूले दुर्घटनाको तत्कालै देखि शंका उठाउन थालेका थिए। त्यसै कारण पनि सरकारले जेठ ४ गते उक्त दुर्घटनाको छानवीन गर्न आयोग बनाइने घोषणा गऱ्यो। सरकारले भूतपूर्व

न्यायाधिश प्रचण्डराज अनिलको एक सदस्यीय आयोग बनायो। कतिपय मानिसले एक सदस्यीय आयोगको बिरोध गरे। तर स्वयं एमालेले उक्त एक सदस्यीय आयोगमा अरू व्यक्तिहरूलाई पनि समाबेश गरिनु पर्ने कुराको आधिकारिक माग गरेन। एमालेले पनि जेठ ५ गते आफ्नो स्थायी समिति सदस्य के.पी. ओलीको अध्यक्षतामा अन्य सदस्यहरूको नाम गोप्य राखी अर्को आयोग बनायो।

आयोगहरूको छुट्टाछुट्टै निष्कर्ष

दासढुङ्गा दुर्घटनाका सम्बन्धमा तीन वटा छुट्टाछुट्टै आयोगहरू बनेका थिए। सरकारले दुर्घटनाकै भोलिपल्ट एक सदस्यीय अनिल आयोग निर्माण गरे पछि एमालेले ओली आयोगको गठन गऱ्यो। त्यसपछि जेठ ६ गते काठमाण्डौमा "मूल्यांकन" मासिकको अग्रसरतामा विभिन्न पेशा र क्षेत्रका बुद्धिजिवीहरूको एक भेलाले उक्त दुर्घटनाको छानवीन गर्न "नागरिक छानवीन समिति" को गठन गरेको थियो।

क) अनिल आयोगको प्रतिवेदनः

०५० आसार ३ गते सरकारी आयोगका प्रचण्डराज अनिलले पत्रकार सम्मेलन गरी अयोगको छानवीन सम्बन्धि विज्ञप्ति प्रकाशित गर्नु भयो। उक्त विज्ञप्ति यस प्रकार थियो। – "माथिका परिच्छेदहरूमा तथ्य सम्बन्धी रिपोर्ट तथा विश्लेषण गरिएको छ। सोही आधारमा आयोगबाट संकलन हुन सकेका तथ्य र सबुद प्रमाणको आधारमा यो दुर्घटना अरू कुनै शक्ति वा व्यक्तिले षड्यन्त्र गरी गराएको घटना भन्न सकिने अवस्था छ वा छैन भनि विचार गर्नु परेको छ। स्व. मदनकुमार भण्डारी तथा स्व. जीवराज आश्रित जीप संगसंगै पानीमा फस्नु भएको छ। वहाँहरूको भिसेराको "वैज्ञानिक परीक्षण" गरिदा विष खुवाएको भन्ने कथन अस्वीकृत भएको छ। उहाँहरूको शरीरमा लागेको चोटपटक गाडी दुर्घटना हुँदा पर्ने चोटपटक भनी विशेषज्ञको राय रहेको छ। घटनास्थलमा रहेको दुर्घटनाग्रस्त जीपको अवलोकन गर्दा स्व. मदन भण्डारी बस्नु भएको गाडीको सिटको हेडरेष्टको तल्लो भागमा तथा सिटको माथिल्लो भागमा रगत चुहेको डाम देखिएको छ। घटनास्थलमा थुपारिएका भुस र बालुवालाई षड्यन्त्रका सूत्रमा गनिन सकिने देखिएन। उक्त जीपको पिछा गर्दै मोटर साइकल हिडेको भन्ने कुरा पनि सबुदबाट स्थापित भएको छैन। पोखरामा दुई जना विदेशी नागरिक षड्यन्त्रमा सामेल भएको भन्ने कुनै पनि सबुदबाट पुष्ट्याँइ भएको छैन। त्यसकारण षड्यन्त्रको कथनलाई यो आयोग अस्वीकार गर्दछ।"

"त्यस्तै अमर लामाले मार्ने मनसायबाट जानी जानी गाडीलाई खोलामा खसालेको हो कि भनी विचार गर्दा स्व. मदनकुमार भण्डारी तथा स्व. जीवराज आश्रितलाई मार्नुपर्ने सम्मको रीसईबी, द्वेष, अवहेलना आदि निज अमर लामामा भएको देखिएन। निज अमर लामामा राजनैतिक महत्वकांक्षा भएको पनि देखिएन। अमर लामा एमाले पार्टीप्रति समर्पित रहेको देखिन्छ। यस स्थितिमा व्यक्तिगत मार्ने मनसायबाट यो दुर्घटना गराएको भन्ने पनि मिलेन। त्यसकारण जानी जानी ज्यान मारेको भन्ने कथनलाई यो आयोग अस्वीकार गर्दछ।" – अनिल आयोगको ठहर थियो।

आयोगले ठोकुवा गऱ्यो।– "घटनास्थलको निरीक्षण तथा अवलोकन, दुर्घटनाग्रस्त गाडीको प्राविधिक परीक्षण, घटनास्थलको सडकको बनोट तथा बाह्य व्यवधानको अभावको कारण समेतबाट यो घटनालाई विशुद्ध दुर्घटना मान्न सकिएन। "

"उक्त जीपलाई बायाँ काट्दा कटिई पहारातर्फ मोडिएको पाइएको छ। गाडी नागबेली भै सडकमा नाचेको भन्ने पनि देखिन्छ। बायाँ तल काट्न सफल भए पछि पहिरोतर्फ नै जान दिई पहिरोमा वा सोहीनेर रहेको नाली कुलोमा ठोकाउन वा खसाउन सकिन्थ्यो। तर त्यस्ता कार्य नगरी गाडीको बेगलाई यथावत् कायम राखी खोलातिरको दाहिनेतर्फ जीपलाई मोडी चालकले असावधानीको कार्य गरेको देखिन्छ। उक्त घटनास्थलको सडकको चौडाइलाई आधार मानी जीपको बेगको हिसाव गर्दा बायाबाट सडकको दाहिने तर्फको छेउमा पुग्न त्यस जीपलाई ६५ सेकण्ड लागेको गणना गरिएको छ। त्यस्तै उक्त घटनास्थलको सडकको माटो भएको डिलबाट खोलाको पानीमा जीपलाई खस्न अधिकतम १५ सेकेण्ड लागेको गणना गरिएको छ। स्व. मदनकुमार भण्डारी तथा जीवराज आश्रित जस्ता राष्ट्रिय नेता चढ्नु भएको जीप चलाउँदा चालकले आफ्नो काबुभित्र राख्न सकिने वेगमा जीप हाँक्नु पर्दथ्यो। निज चालक अमर लामाले पालन गर्नु पर्ने सतर्कता र देखाउनु पर्ने होसियारी राखेको पाइएन। तसर्थ यस आयोगका रायमा निज चालक अमर लामाले लापरवाही गरी उक्त जीप शक्तिको कारणबाट जीप दुर्घटनाग्रस्त भै खोलामा खसेको र स्व. मदनकुमार भण्डारी तथा स्व. जीवराज आश्रितको दुःखद देहावसान भएको पाइयो।" आयोगको निर्क्यौल थियो।–

आयोगले "तथ्य सम्बन्धी निष्कर्ष" भनी निम्न बमोजिमको निष्कर्ष प्रस्तुत गरेको थियो –

१. घटनास्थलबाट चालक अमर लामालाई नारायणघाट एमाले पार्टी अफिससम्म लैजाने जीप बा.अ.च. २६०४ नै हो।
२. स्व. मदन भण्डारीज्यू पनि उक्त दुर्घटनाग्रस्त जीप संगसंगै खोलामा खस्नु भएको थियो।
३. आफ्नो लापरवाहीको क्रियालाई भुक्याउन अमर लामाले झूठ बोलेका हुन्।

अनिल आयोगको प्रतिवेदन प्रकाशित हुने बित्तिकै सबैतिरबाट टिप्पणी गरिए। तर त्यस बखत विभिन्न क्षेत्रबाट आएका तर्कहरू बढी आक्रामक थिए। अनिल आयोगको विपक्षबाट उठाइएका यस्ता प्रश्नहरू आजसम्म अनुत्तरित नै रहेका छन्। –

१. मदनको मृत्यु रहस्यमय छ भन्ने आफ्नै भनाइलाई यस प्रतिवेदनले के आधारमा सच्यायो ?
२. दुर्घटना हुनुको वास्तविक कारण के थियो, गाडी

परीक्षण गर्दाको अवस्थाले के बताउँछ ? यी कुरा प्रतिवेदनमा किन उल्लेख भएन ?

३. जीप १ नम्बर गियरमा थियो। के प्रतिबेदनले भने झैं त्यस अवस्थामा गाडीको वेग ६० कि.मी. प्रतिघण्टा हुन्छ ? कुरा ढाँट्नुको अर्थ के हो ?

४. ड्राइभर बाँच्नुको यथार्थ र गाडी खस्नुको बीचको अन्तर्सम्बन्धको व्याख्या के हुन सक्छ ?

५. कच्याक-कुच्चुक परेको गाडीबाट मदन भण्डारीको शरीर बाहिर कसरी आयो ? एक ठाउँ बाहेक शरीरमा गहिरो चोटपटक नलाग्नुको कारण के हो ?

६. दुर्घटनापूर्वको कतिपय प्रसंगसित निर्ममतापूर्वक प्रश्न गरी छिनोफानो गर्नु पर्ने आवश्यकता हुँदैन ?

७. मदन भण्डारीको लाश ३२ किमी पर असाधारण रंगमा फेलापर्नुसित आयोगलाई केही भन्नु छैन ?

८. बालुवा, भुसको उपस्थितप्रति आँखा चिम्लिएर शंकाहीन बन्नु पर्ने कारण के छ ?

९. पेटी लगाएको पाइन्ट गायब भएको प्रसंग, सडकमा थुप्रिएको भुस र बालुवा झै केही होइनमा परिणत गर्नु उचित हुन्छ ?

१०. साँचो लक हुनु र ड्राइभरको खल्तीमा रहनुले उब्जिने शंका निवारण गर्ने तर्क प्रतिवेदनमा के छ ?

११. राजनैतिक व्यक्तिहरूले मात्र होइन, चिकित्सक, मनोवैज्ञानिक र चालकहरू समेतले प्रतिवेदनमा उल्लेखित शोधसारलाई विषयगत हिसावले पनि स्वीकार गर्न नसक्नाको कारण प्रतिवेदनमा प्राविधिक पक्ष पनि अधुरो र बांगो रूपमा पेश गरिएको छ भन्ने होइन ?

एक सदस्यीय सरकारी आयोगका अध्यक्ष प्रचण्डराज अनिलले जब आफ्नो प्रतिवेदन एक महीनाभित्र बुझाउनु भयो त्यसको अस्वीकृति र बिरोधमा राजनैतिक व्यक्ति तथा संस्थाहरू खनिन थाले। सरकार बाहेकका राजनैतिक पार्टीहरू उक्त प्रतिवेदन सरकारी निर्देशनमा तयार गरिएको आदेश पालनको निष्कर्ष हो भन्ने ठहर गर्दै त्यसको बिरोधमा सडकमा ओर्लिए। आयोगले प्रतिवेदन पेश गरेकै भोलिपल्ट नेकपा एमालेले बिरोध र्‍याली प्रदर्शन गरी शहिदमंचमा आयोजित सार्वजनिक सभामा उक्त प्रतिवेदन जलाइदियो। एमालेले "अनिल प्रतिवेदन झुठ्ठा हो, दासढुङ्गा काण्ड हत्या हो" भन्ने नारा देशव्यापी रूपमा प्रचारित गर्‍यो।

तर सरकारले उक्त आयोग कै पक्षपोषण गर्‍यो। जेनेभाको मानवअधिकार सम्मेलन सकेर स्वदेश फर्कने क्रममा प्रम गिरिजा प्रसाद कोइरालाले ०४९ असार १२ गते विमानस्थलमै अनिल आयोगको प्रतिवेदन उपर सहमतिको छाप ठोकी दिनु भयो। दुई साताको विदेश भ्रमण सकी आउनु भएका प्रधानमन्त्रीले त्यस दिन भन्नु भयो।- "यद्यपि मैले सम्पूर्ण प्रतिवेदन हेरेको छैन। तर रिपोर्ट आफ्नो अनुकूल आएन भनेर कसैले पनि अस्वीकार गर्न मिल्दैन।" ०५० असार १४ गते चितवन जिल्ला अदालतका जिल्ला न्यायाधीश फणीन्द्रदत्त शर्माको इजलाशले अमर लामालाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। न्यायाधीश शर्माले चालक लामाको बयान अनुसार त्यस बेला दुर्घटना हुनु अघि श्री भण्डारी र श्री आश्रित समेतलाई बचाउन सानोतिनो प्रयास समेत गरेको नदेखिएकोले अदालती बन्दोबस्त ११८ को देहाय २ बमोजिम सो आदेश दिनु भएको थियो। उक्त जीप दुर्घटना भएको सम्बन्धमा चालक लामालाई जिल्ला प्रहरी कार्यालयले हिरासतमा राखी अनुसन्धान पूरा गरिए पछि जिल्ला अदालतमा बुझाइएको थियो। त्यसपछि साउन ४-५ गतेसम्मै देश भरी प्रचण्डराज अनिलको आयोगले पेश गरेको रिपोर्टको विरोध भइरह्यो।

ओली आयोगको ठहर

०५० असार १० गते नेकपा एमालेद्वारा उक्त पार्टीको बागबजार स्थित केन्दीय कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा ओली आयोगको प्रतिवेदन सार्वजनिक तुल्याइयो।

आयोग निम्न निष्कर्षमा पुगेको छः

१. घटनास्थलको बाटो फराकिलो, सोझो, एकदमै सामान्य ढङ्गको ओरालो मात्र भएको , दुर्घटनास्थलस्थित सडकको बायाँपट्टि पहाडी भित्ताभन्दा पहिले फराकिलो र खाली भएको, गाडी बायाँ च्यापिएर गइरहेको, एक्सिलेटर छाडेको र दायाँ बायाँ काटिएको कारणले नियन्त्रण गर्न नसकिने गतिमा गाडी नरहेको अवस्थामा गाडी गुडेर सडकबाट नदीतर्फ खसेको छ। गाडीले पहिलो ठक्कर खाए पछाडि नै गाडी बलड्याङ्ग खाँदै नदीमा झरेको देखिन्छ।

२. गाडीको अवस्था प्रत्येक दृष्टिकोणले राम्रो छ र गाडीको प्राविधिक त्रुटिबाट दुर्घटना भएको देखिँदैन।

३. गाडीको ब्रेक राम्रो अवस्थामा छ र ड्राइभरले ब्रेक लगाउने पटक्कै प्रयास गरेको देखिँदैन।

४. सडकको दायाँ छेउमा रहेको झोपडीलाई र बायाँ भित्तामा ठोक्किनबाट गाडीलाई बचाउन सकेबाट गाडी ड्राइभर अमर लामाको पूर्ण नियन्त्रणमा रहेको देखिन्छ। यस्तो अवस्थामा गाडीलाई दाहिने खोलातर्फ घुमाउन ब्रेक लगाउने कोशिश सम्म नगरी, बायाँ घुमाउने प्रयास नगरी र दिवंगत कमरेडहरूलाई सचेत गराउने एक शब्दसम्म नबोली आफू उम्कन तयारी गरी सडकको डिलमा पुगेर ड्राइभर लामाले गाडीको ट्रान्समिशन गियरलाई न्यूट्रलमा राखेर निस्किएको छ। यसबाट अमर लामाले जानी जानी र देखिएको परिणाम होस् भन्ने इच्छा राखेर सुनियोजित ढङ्गले काम गरेको देखिन्छ।

५. गाडीको पछाडि पछाडि खोला पुगेर उद्धारको कार्यमा संलग्न नभई मुखको रगत धुने, लुगाको हिलो पखाल्ने, शरीरमा पानी छ्याप्ने र घटनास्थलमा पन्ध्र मिनेट पनि नबसेर अरूलाई सम्बन्धित निकायमा खबर गर्न पठाएर आफू उद्धारको लागि जुट्नु पर्ने स्वाभाविक प्रतिकृयाको प्रतिकूल नारायणगढ गएर झुठो सूचना प्रवाहित गर्नुबाट ड्राइभर अमर लामा सुनियोजित षड्यन्त्रको एउटा हिस्सा भएको प्रमाणित

हुन्छ।

६. घटनास्थलमा बालुवा तथा भुसको थुप्रोलाई आधार बनाएर गाडीलाई खोलातर्फ झार्दा मात्र अहिले प्राप्त परिणाम देखिने, थुप्राहरू नियोजित देखिने उक्त बालुवाको थुप्रो स्वभाविक रूपमा राखिएको भन्ने एउटा पनि तथ्य फेला पर्न नसकेको अवस्थामा उक्त थुप्राहरू, षड्यन्त्रलाई व्यवहारमा कार्यान्वियन गर्ने एउटा चिन्हको रूपमा आयोगले ग्रहण गरेको छ।

७. दिवंगत कमरेडहरूलाई गाडी खस्दै रहेको अवस्थामा सचेत गराउने एक शब्द पनि नबोल्ने, पार्टीलाई निरन्तर भ्रमित तुल्याउँदै गलत सूचना प्रवाह गर्ने र पार्टीसंग मतलब नरहेको अभिव्यक्ति प्रकट गर्ने जस्ता तथ्यहरूले गर्दा ड्राइभर अमरलामाको स्थिति भने स्वार्थ र कुनै पश्चातापबोध नभएको कुरा मनोरोग विशेषज्ञको रिपोर्टबाट देखिन्छ।

८. कमरेड जीवराज आश्रितको मृत्यु गाडीमै रहेको अवस्थामा पानी बाहिर भएको तथ्य प्रमाणित छ। तर कमरेड मदन भण्डारीको हकमा केही महत्वपूर्ण पक्षहरू प्रष्ट भएपछि मात्र उहाँको अवसान कहाँ भएको हो भनेर निश्चित गर्न सकिने अवस्था छ।

९. क. मदनको मृत्यु पानी बाहिर भएको प्रमाणित छ तर उहाँको लाश जाँच प्रतिवदेनले गाडी खस्दाको ठक्कर वा अन्य प्रकारको चोटले उहाँको मृत्यु भएको हुन सक्ने दुवै संभावनालाई देखाएको छ।

१०. मदन बस्नु भएको गाडीको सिट र हेडरेष्टमा देखिएको कालो दाग र ड्राइभर अमर लामाको कपडामा देखिएको रगतजस्ता दागहरूको रासायनिक जाँच भएको छैन। यसको जाँच हुनु एकदमै आवश्यक छ।

११. दिवंगत कमरेडहरूमाथि उच्च प्रविधियुक्त जाँचबाट मात्र पत्ता लाग्न सक्ने र अहिलेसम्म जाँच नगरिएको विषको प्रयोग भएको हुनसक्छ। यसको निरूपण हुनु आवश्यक छ र यसको लागि रोनाष्टको प्रयोगशालामा राखिएको भिसेराहरूलाई जाँचको लागि प्रविधिका हिसाबले स्कटलैण्डस्थित प्रयोगशालामा पठाइनु पर्छ।

१२. उच्च प्रविधियुक्त जाँचबाट विषको प्रयोग भएको नदेखिएमा दिवंगत क.हरूमाथि औषधीको प्रकृतिको कारणले जाँचबाट पत्ता लाग्न नसकिने सुंघाउने औषधीको प्रयोग भएको हुनुपर्छ भन्ने निष्कर्षमा आयोग पुगेको छ।

१३. दासढुङ्गा घटनाको सन्दर्भमा देखिएको सुनियोजित तथा व्यवस्थित षड्यन्त्र र घटनापश्चात् पनि मुख्य अभियुक्त ड्राइभर अमर लामाले पाइरहेको आडभरोसा तथा संरक्षणबाट यसको पछाडि गम्भीर र उच्चस्तरको षड्यन्त्र रहेको आयोगको ठहर छ।

१४. अमर लामा एक्लैले यो स्तरको हत्या गर्न संभव छैन। तथ्यहरूले उच्चस्तरको षड्यन्त्र देखाइरहेको छ। यस सम्वन्धमा वास्तविकता पत्ता लगाएर षड्यन्त्रकारीलाई जनता समक्ष उभ्याउने दायित्व सरकारको हो र अहिलेसम्म यो दायित्व वहन गर्ने प्रयास सरकारले गरेको देखिएको छैन।

१५. अन्तमा दासढुङ्गा घटना पश्चात सरकारले उद्धार कार्यको हकमा प्रचारमा बढी र व्यवहारमा भने उदासिनता तथा लापरवाही देखाएको छ। षड्यन्त्रलाई नंग्याएर अपराधीलाई कठघरामा उभ्याउने दिशामा सरकारी संयन्त्र पूर्णरूपमा उदासिन तथा निष्कृय रह्यो। यसबाट सरकारको काम कारवाही तथा प्रवृत्ति षड्यन्त्रलाई ढाकछोप र बढावा दिने खालको भएको देखिएको छ।"

तुलाधर आयोगको ठहर

"उपलब्ध तथ्यहरूको आधारमा दासढुङ्गा घटना सामान्य भवितव्य गाडी दुर्घटना पनि नभएको, यो असामान्य भवितव्य गाडी दुर्घटना पनि नभएको र यो चालकको लापरवाहीबाट हुन गएको दुर्घटना पनि नभएको निष्कर्ष निक्लिने बारे हामीले माथि उल्लेख गर्‍यौं।" - पुष १५ गते प्रकाशित प्रतिवेदनमा लेखिएको छ। के त्यसो भए यो नियोजित हत्या हुन सक्छ त ? भन्ने प्रश्न उठाउँदै प्रतिवेदनमा उल्लेख गरिएको छ।- "नियोजित हत्या ठहरिनको लागि दुर्घटना हुनु पर्ने कुनै परिस्थिति दुर्घटनास्थलमा नभए पनि चालकले नियत राखेर गाडी दुर्घटना गराएको हुनु पर्‍यो। चाहे त्यो आर्थिक प्रलोभनका कारणले होस् वा राजनीतिक स्वार्थका कारणले, चाहे व्यक्तिगत वैमनष्यका कारणले होस् वा अन्य कुनै कारणले। र, दुर्घटना अघि र पछिका चालक लामाका व्यवहारहरूले पनि त्यसलाई परिपुष्टि गरेको हुनु पर्‍यो।"

जतिखेर दासढुङ्गामा जीप दुर्घटनाग्रस्त भयो त्यतिखेर गाडीको यान्त्रिक स्थिति राम्रो अवस्थामा थियो, गाडी पनि नियन्त्रण बाहिरको गतिमा थिएन, चालक होशपूर्ण अवस्थामा थियो, सडक १९ फिट ७ इन्च चौडा र सिधा थियो भन्ने उल्लेख गर्दै प्रतिवेदनमा लेखिएको छ। "सडकका दुबैपट्टि गाडी रोक्न पनि सकिन्थ्यो, दायाँ नदीपट्टिको १६ फिट चौडा गेगरयुक्त खाली भागमा ब्रेक लगाएर रोक्न पनि सकिन्थ्यो। गाडीको सामुन्ने अघि र पछि कुनै व्यवधान थिएन। सडक त्यतिखेर शून्य थियो। त्यतिखेर सिमसिम पानी परिरहेको थियो। अत्यन्त गतिवान गाडीमा कुनै व्यवधान आई लाग्दा अकस्मात् ब्रेक लगाएको खण्डमा मात्र सिमसिम पानी परिरहेको स्थितिमा गाडी सडकमा फनक्क फर्किन वा नाच्न सक्दछ भन्ने गाडी विज्ञहरूको भनाई बारे बिचार गर्दा -त्यस्तो व्यवधान आईलागेर ब्रेक लगाएको स्थिति पनि देखिन आएन।"

प्रतिवेदनमा यस्ता तथ्यहरूको आधारमा दुर्घटनास्थल र गाडी स्वयममा दुर्घटना हुनु पर्ने कुनै सामान्य वा असामान्य परिस्थति कतैबाट नदेखिएको कुरो उल्लेख गरिएको छ।

"चालक त्यो दिन मानसिक र शारीरिक रूपले स्वस्थ्य अवस्थामै भएको कुरा पनि हामीले माथि विश्लेषण गरिसक्यौं। त्यसैले यसको कारणले पनि दुर्घटना हुनु पर्ने कुनै कारण देखिएन।" - भन्दै प्रतिवेदनमा अगाडि लेखिएको छ।-

"चालक लामाले शुरूमा गाडी दासढुङ्गामा पुग्दा दायाँ बायाँ नाच्न थाल्यो, नियन्त्रण गर्न खोजियो, नियन्त्रण भएन,

अन्ततः गाडी दायाँ तान्यो र तल खस्यो भन्ने बयान यस ना.छा.स. समक्ष दिएका छन्।" चालक लामा स्वयम्ले पछि नागरिक छानवीन समिति समक्ष नदीतर्फ गाडी खस्नु अघि आफू माथि सडकमै हाम्फालेको पनि स्वीकार गरेका थिए।

"प्रश्न के छ भने गाडी त्यसरी दायाँ बायाँ चल्न थालेर खतराको आभाष भएको हो भने चालक लामाले तुरून्तै गाडीको गियर डाउन गरेर वा गाडीमा फोरह्विल गियर लगाएर गाडीलाई नियन्त्रण भित्रको मन्द गतिमा चलाउन प्रयत्न किन गरेनन्, जबकि ती सबै यन्त्रहरू राम्रो अवस्थामा थिए ? अथवा उनले ब्रेक लगाएरै पनि गाडी रोक्न सक्थे, त्यस्तो ठाँउ सडकमा प्रशस्त थियो, त्यस्तो गर्ने प्रयत्न नै उनले गरेनन् किन ? त्यो पनि असफल भए, गाडीको स्टेरिङ राम्रो अवस्थामा थियो र देब्रे भित्तामा ६ फिट भन्दा पनि बेसी चौडा ढल थियो, त्यस उता माटोको भित्ता थियो, त्यहाँ गाडी ठोक्काएर पनि गाडीलाई रोक्न सकिन्थ्यो, त्यो प्रयत्न पनि उनले गरेनन् किन ? गाडी नियन्त्रण भन्दा बाहिरको गतिमा थियो भन्ने उनको भनाइ सही हो भने त्यस्तो गतिको गाडीबाट उनी सकुशल, झ्याल खोलेर सडकमा हाम्फाल्न सके कसरी ? किन उनले यो खतराको सूचना आफ्ना पार्टी नेताहरूलाई चाहिं दिन प्रयत्न गरेनन् ?" आयोगले थुप्रै प्रश्नवाचक चिन्हहरू प्रयोग गरेको छ।

घटनाको विवेचना गर्दै आयोगले अगाडि लेखेको छ।- "बाँच्ने बिकल्प नभएर जीवनमाथि टड्कारो खतरा आइलाग्यो भने मानिसको सबभन्दा पहिले आफ्नो ज्यान जोगाउनेतिर ध्यान जान्छ। यो मानिसको मनोवैज्ञानिक प्रवृत्ति हो। चालक लामालाई यस्तो पो भयो कि ? भन्ने तर्फ विचार गर्दा त्यतिखेर गाडी दायाँ बायाँ नाचेर चालक लामाले भने जस्तो खतरा नै आई लागेको हो भने पनि चालक लामासित ज्यान जोगाउने कैयन बिकल्प देखिन्छन्। जस्तो गाडी देब्रे भित्तामा ठोक्काउनु, गाडीको गियर डाउन गर्नु, फोर ह्विल गियर लगाउनु, सडकको दाहिने पट्टि खालि भागमा ब्रेक लगाएर रोक्नु, भित्तामा ठोक्काउनु, गाडीको स्टेरिङ्ग कण्ट्रोल गरेर गाडी सिधा अगाडि जानका लागि छोडी दिनु। त्यसैले, चालक लामा ज्यान जोगाउन बाध्यतावश हाम्फाल्नु सिवाय अर्को उपाय नै नभएको स्थितिमा पनि देखिन्नन्।"

"यसरी गाडी दुर्घटना हुनु पर्ने कुनै परिस्थिति नै नभइकन, र गाडी सुरक्षित तवरले रोक्ने थुप्रै बिकल्प हुँदा हुँदै, कुनैपनि बिकल्प अपनाउने प्रयत्न नै नगरी महत्वपूर्ण पार्टी नेताहरू भएको गाडीलाई नदीतर्फ जानका निम्ति छोडिदिएर चालक लामा मात्र सडकमा सकुशल हाम्फाल्नुले यो दुर्घटना नियतपूर्ण हत्या भएकै इंगित गर्दछ।" - आयोगले प्रष्ट संकेत गरेको छ।

"दासढुङ्गा यस्तो ठाउँ हो जहाँ १०/१५ मिनेट सडकमा खडा भएर आएका गाडीहरू रोक्न गुहार माग्ने हो भने सयौ मानिस जम्मा हुन सक्दछन् र उद्धार कार्य हुन सक्छ। त्यस माथि मदन भण्डारी देशब्यापी रूपमा चर्चित व्यक्तित्व भएकाले उनको गाडी दुर्घटना भएको सूचना दिने हो भने थुप्रै मानिस उद्धार कार्यका लगि उत्प्रेरित हुन सक्दथे। दुर्घटना भएको १०/१५ मिनेट अत्यन्त महत्वपूर्ण र निर्णायक समय थियो, उद्धार वा बचाउ कार्यका लागि। तर चालक लामाले यो महत्वपूर्ण र निर्णायक समयमा आफ्ना नेताहरूको बचाउको लगि त्यस्तो केही गरेको देखिएन।" - आयोगले आफ्नो संकेतलाई यसरी प्रष्ट्याएको छ।

आफ्नो अनुमानलाई अझ भरपर्दो पार्ने प्रयासका साथ तुलाधर आयोगले भनेको छ।- "गाडी नदीमा खसेपछि चालक पनि तल गए। तल नदीमा, चालक लामा र श्रीमती मायाँ श्रेष्ठका पति रत्नलाल श्रेष्ठका अनुसार, मदन भण्डारीको हात र टाउको पुलुक्क देखियो। तर चालक लामाले आफ्नो नेता त्यहीं भित्र पानीमा छ भन्ने थाहा पाएर पनि, र आफू पौडी खेल्न जान्ने भएर पनि, उतार्नका लागि कोशिस गरेनन्। चालक लामाको भनाइ अनुसार, रत्नलाल श्रेष्ठले पानीमा पस्यो भने मर्लास् भनेर तर्साएको हुनाले बचाउन पानीमा नगएको हो। यस्तो हुन पनि सक्छ तर आफू जान नसकेपछि तुरून्तै उनी सडकमा आएर गाडी रोक्न सक्थे। अरूलाई आव्हान गरेर आफ्ना नेताहरूलाई बचाउन उद्धार कार्य गर्न सक्थे। रत्नलाल श्रेष्ठको बयान अनुसार र श्याम रंजितकार (भ्यानका ड्राइभर) को बयान अनुसार, उनी सडकमा त आए तर बचाउ कार्यका लागि कसैलाई पनि अनुरोध गरेनन्। रामनगर प्रहरी चौकीका प्रहरी कृष्ण बहादुरका अनुसार उनले त्यहाँ पनि उद्धार कार्यका लगि प्रहरीलाई अनुरोध गरेनन्। र नाराणगढ इलाका प्रहरी कार्यालयका स.इ. प्रेम बहादुर बुढाथोकीको बयान अनुसार उनले त्यहाँ पनि घटनाको रिपोर्ट मात्र गरे, तर उद्धार कार्यकोलागि अनुरोध गरेनन्।"

तुलाधर आयोगको प्रतिवेदनमा चालक लामा मदन भण्डारी र आश्रितको बचाउ कार्यका लागि उत्सुक र तत्पर नभएको देखिन्छ भन्ने उल्लेख गरिएको छ। एकातिर मदन भण्डारीले मलाई साह्रै माया गर्नु हुन्थ्यो र आत्मीय ब्यबहार गर्नु हुन्थ्यो भन्ने अमर लामा स्वयंको बयान र अर्कोतिर तिनै मायालु र आत्मीय भनिएका नेता दुर्घटनामा पर्दा बचाउ कार्यप्रति बेहद् वेवास्ता, यी आपसमा अन्तरबिरोधी कुरा हुन् भनी प्रतिवेदनमा लेखिएको छ। लामाको मानव स्वभाव बिरोधी लक्षणले पनि दासढुंगा घटना नियतपूर्ण थियो भन्नेतर्फ नै इंगित गरेको कुरा आयोगले जनाएको छ।

प्रतिवेदनमा केही प्रश्नहरू यसरी उठाइएको छ।- "के नियतले उनले यसरी धमिलो पानी खाए र शरीरमा छर्किए ? किन उनी प्रहरी र पार्टी कार्यालयलाई खबर गर्नतिर बढ्ता प्रबृत्त भए ? किन उनी पौडी खेलेर पानीबाट निस्केको भन्ने झुठो बयान दिन उत्प्रेरित भए ? किन एउटा दक्ष अपराधीमा झैं कानूनी रूपबाट आफ्नो बचाउको निम्ति जरूरत पर्ने सावधानी र होशियारी चाहिं उनमा पैदा भयो ?"

तिनै स्वभाविक प्रश्नहरूको आधारमा पनि दुर्घटना भबितव्य नभएर नियतपूर्ण हो भन्न सकिने तर्क आयोगले पेश गरेको छ।

"नियतबश गाडी दुर्घटना नभएको स्थितिमा आफ्नो नेताहरूको मृत्यु भएको थाहा भएपछि र आफूले त्यसमा केही गर्न नसकेको बोध भएपछि स्वभावतः निर्दोष मानिसमा दुःखको भाव र पश्चातापको भाव पैदा हुने गर्छ। आफ्नो नेताको मृत्युमा पनि दुःखभाव नहुनु र आफूले बचाउने संभावना हुँदा हुँदै पनि केही गर्न नसकेर नेताहरूको मृत्यु हुँदा पश्चातापभाव पैदा नहुनु भनेको अमानवीय र संदेहास्पद लक्षण हो। तर चालक लामामा भने मदन भण्डारी र आश्रितको मृत्युपछि पनि दुखभाव र पश्चातापभाव पैदा भएको देखिएन। भरतपुर अस्पतालका डाक्टर प्रकाश रायमाझी, डा. विजयमान कायस्थको बयानबाट यो ज्ञात हुन्छ। उनलाई वीर अस्पतालमा ल्याएपछि पनि उनमा त्यो भाव देखिएन। उनको पालो बसेका यदुनाथको बयानबाट त्यसको जानकारी मिल्दछ। यस नागरिक छानवीन समितिले डि.एस.पी. कार्यालयमा बयान लिंदा पनि उनमा यो भाव भएको पाइएन।" - प्रतिवेदनमा भनिएको छ।

"दुर्घटनापछि ओली आयोगले थुप्रै प्रमाणहरूका साथ चालक लामालाई सत्य बोल्न दबाव दिएपछि मात्रै सर्वप्रथम खड्ग ओली समक्ष चालक लामाले आफू माथि देखि नै बाहिर हाम्फाल्नका लागि पोजिशन मिलाउँदै गरेको बताए। नत्र उनले आफू गाडिसँगै तल खसेको अडान लिइरहेका थिए। यस्तो ढाँट कुरा उनले शुरूमा किन गरे ? किन उनले माथि हाम्फालेको कुरा लुकाउन जरूरी ठाने ? किन तथ्यहरूले चेपेपछि मात्र उनले सत्य कुरा बताए ?" भन्ने प्रश्नहरू उठाउँदै प्रतिवेदनमा लेखिएको छ - "यसबाट माथि सडकको डीलमा हाम्फाल्नुसित उनको अपराधबोध जोडिएको प्रतित हुन्छ र यसले पनि घटना नियतपूर्ण भएको तर्फ नै इंगित गर्दछ।"

"गाडी पानीबाट झिकेपछि सुरक्षित अवस्थामा प्रहरीहरूले कर्डन गरेर राखेको हुनाले र मेकानिकल प्रतिबेदन गाडी पानीबाट निकालेको दुई दिन पछि, जेठ ६ गते मात्र, तयार पारिएको हुनाले गाडीको मेन गियर र फोरव्हिल गियर दुर्घटनाका दर्शकहरूले चलाएको पनि हुन सक्ने संभावना छ। यस ना.छ.स. ले त्यही मोडेलको मेन गियर र फोरव्हिल गियर दुवै पहिलेको स्थितिबाट परिवर्तित पनि हुन सक्ने देखियो। त्यसैले जुन अवस्थामा त्यस गाडीको मेकानिकल प्रतिवेदन तयार पारियो, त्यो अवस्थामै मेन गियर र फोर व्हिल गियर दुर्घटनाको वेलामा नहुन सक्ने पनि संभावना देखियो। यस हिसावले खालि मैकानिकल प्रतिवेदनका आधारमा गाडीको मेन गियर र फोरव्हिल गियरको बारे अन्तिम धारणा बनाउनु युक्तिसंगत हुन नसक्ने देखियो।" भन्दै प्रतिवेदनमा अगाडि भनिएको छ।-

"तथापि दुर्घटना स्थलमा अन्य सबूदहरूले भने मैकानिकल प्रतिबेदनमा उल्लेखित गाडीको मेनगियर र फोरव्हिल गियरको स्थितिलाई नै सही साबित गरेको देखिन्छ।"

"गाडी सडकको डीलबाट नदी तर्फ खसेको बेला त्यसका गियर ४ न. थिया भन्न भनाइ छ। चालक लामाल भनेकै स्थितिमा मेन गियर हुने हो भने गाडी ५०/६० कि.मि. प्रति घण्टाको गतिमा हुने गर्छ। त्यति तीव्र गतिमा गाडी हुने हो भने गाडी सडकको डिलबाट तल खस्दा केही परसम्म बत्तिएर जाने र भिरालो जमिनमा बजारिने सम्भावना हुन्छ र चालक लामाले ढोका खोलेर सडकमा सकुशल हाम्फाल्नु पनि संभव हुदैन। र हाम्फाली हाल्यो भने पनि चोटपटक गंभीर हुने स्थिति हुन्छ। सकुशल हाम्फाल्नका लागि उपयुक्त गियर १ नं. गियर नै हो भन्ने गाडी बिज्ञहरूको भनाइ छ। तर दुर्घटनास्थलमा भने सडकको डीलदेखि नै गाडीको पाँग्राको डोब देखिएको छ। गाडी बत्तिएर बजारिएको कुनै संकेत छैन। बजारिंदा ऐना फुटेको पनि त्यहा कुनै संकेत छैन। गाडी सडकको डिलदेखि नै राम्ररी गुडेर तल एउटा अबरोधमा नठोकिएसम्म सिधा अगाडि गएको सबूद भेटिएको छ। भरतपुर जिल्ला प्रहरी कार्यालयका डि.एस.पी. नवीन अधिकारीको बयान र स्वयं चालक अमर लामाको बयानबाट यो स्पष्ट हुन्छ। खड्ग ओलीको बयान अनुसार स्वयं चालक लामाले गाडी डीलबाट झर्ने बेलामा ५/१० कि.मि. को गतिमा थियो भनेर खड्ग ओली अयोग समक्ष स्वीकारेका छन्। यसबाट गाडी ४ नं. गियरले पैदा गर्ने गतिमा नभएर, धीमा गतिमा तल नदीतर्फ ओर्लेको देखिन्छ। यो धीमा गती १ नं. गीयर वा फोरह्विल गियर नयूट्रलमा हुनुबाट नै पैदा हुन सक्ने देखिन्छ। गाडी बिज्ञहरूकै भनाइअनुसार फोरह्विल गियर न्यूट्रल भएपछि अरू गियर निष्क्रिय हुन्छ र गाडी ओरालोमा धीमा गतिमा, तर बिना रोकावट गुडेर जाने हुन्छ। १ न. गियरमा मात्र गाडी हुने हो भने यो कुनै अवरोध आउनेबित्तिकै रोकिने पनि संभावना हुन्छ। यसरी दुर्घटना स्थलका सबुदहरूबाट गाडी सडकको डीलबाट तल गुड्दा तीव्र गतिमा बत्तिएको देखिन्न। त्यसैले चालक लामाले शुरूमा भने जस्तो ४ नं. गियरमा गाडी रहेको देखिन्न। गाडी १ नं. गियर वा फोरह्विल गियर न्यूट्रल भएकै स्थितिमा तल गुडेको देखिन्छ। यी सबूदहरूका आधारमा मेकानिकल प्रतिवेदनले दिएको गाडीको मेन गियर र न्यूट्रल गियरको स्थिति बारेको रिपोर्ट सही भएको देखिन्छ र चालक लामा यस निम्ति दोषी भएको देखिन्छ।" - प्रतिवेदनको ठहर यस्तो छ।

"गाडी सडकमा दाँया बायाँ गर्न थालेपछि र सडकको डीलमा चालक गाडीबाट हाम्फाले पछि स्वभावतः त्यस भित्रका सचेत अवस्थामा रहेका यात्रुहरू आफू पनि ज्यान जोगाउन प्रयत्नशील हुनु पर्ने हो। यसका लागि आफ्नो साइडको ढोका खोल्न प्रयत्न गर्नु पर्ने हो। डिलबाट तल खसेपछि गाडी नपल्टीकन एउटा अवरोध नआएसम्म सिधै गुडेर गएको परिप्रेक्ष्यमा त सामुन्ने सीटमा बसेका मदन भण्डारीले झनै ढोका खोल्न प्रयत्न गर्नु पर्ने हो। तर चालकको बाहेक अरूको ढोका खुलेको देखिएन। अन्य सबै ढोका लक स्थितिमा देखियो। अझ संगठन विभाग प्रमुख आश्रित त सीटमा आड लागेर खुट्टा पासारेर बसिरहेको पोजिसनमा भेटियो। यसबाट मदन भण्डारी र आश्रित त्यतिखेर मृत वा

बेहोशको अवस्थामा रहेको संकेत मिल्दछ। डा. भरत प्रधानको बयान अनुसार लंडनको एल्डरमस्टन फोरेन्सीक ल्याबले दिएको रगत जाँचको प्रतिबेदन अनुसार उहाँहरूको रगतमा सुँघाउने प्रकारको विषादीले उहाँहरूलाई बेहोशी वा मृत पारेको हुन संभव छ। मदन र आश्रितको पोष्टमार्टम रिपोर्ट अनुसार उहाँहरूको फोक्सोमा पानी भेटिएको छैन। यसबाट पनि उहाँहरूको बेहोशी वा मृत्यु पानीमा पर्नु अघि नै भैसकेको संकेत मिल्दछ।" दुर्घटनास्थलका सबूदहरू, गाडीको मेकानिकल रिपोर्ट, लण्डनको रगत जाँचको प्रतिवेदन र पोष्टमार्टम रिपोर्टको फोक्सोमा पानी नभेटिएको भन्ने भनाईका आधारमा शंका गर्न सकिने संकेत मिल्दछ। प्रतिवेदनमा ती संयोगहरू र चालक लामाले गाडीको गति ५/१० कि.मी.रहेको स्वीकार गरेको कुरालाई पनि उठाइएको छ।

दुर्घटनाको अवस्थामा सिमसिम पानी परिरहेको तथ्यको पुष्टी भएको बताउँदै प्रतिवेदनमा भनिएको छ।– "त्यस बखत हुरी, बतास र चट्याङ्ग आदि जस्ता प्रतिकूल मौसमको स्थिति थिएन। भ्यान चालक श्याम रञ्जितकारको बयानमा र सिमलतालका प्रेम नारायण जुहारचनको भनाईमा पनि दिउँसो ३.३० बजे हुरी बतास चलेको भन्ने देखिएको छ। तर गाडी खस्नासाथ रत्न लाल श्रेष्ठ छाप्रोबाट बाहिर निस्केर किनारको डीलमा उभिएको, नारायणी पारी बाबुलाल श्रेष्ठ सहितका व्यक्ति काम गरिहेका र चालक लामा पनि नदीको किनारमा पुगेपछि अंजुलीले शरीरमा पानी छर्केबाट पनि हुरी बतास र मुसलधारे पानी परिरहेको थियो भन्न सकिएन। त्यसैले मौसमको प्रतिकूलताको कारणले यो दुर्घटना भयो भन्ने कुनै आधार देखिएन।"

"अनुभवहीन चालकबाट गाडी चलाइएको थियो कि भन्नलाई गाडीमा तीन व्यक्ति मात्र रहनु भएको देखियो। जीवराज आश्रितको शव गाडी नदीबाट निकाल्दा समेत पछिल्लो आसनमा नै रहेकोले उहाँले गाडी चलाउनु भएको थियो भन्न मिलेन। फ्रन्ट सीटमा रहनु भएका मदन भण्डारीले गाडी नगवेली परी अगाडि बढ्न थालेपछि के भयो भनी सोध्नु भयो भन्ने चालक लामाको बयानबाट पनि मोटर हाँक्ने लामा नै हुन् भन्ने एकिन हुन्छ। चालक लामा सिकारू, अनुभवहीन चालक होइनन् भन्ने कुरा त काठमाण्डौमा ट्याक्सी चलाई आएका र नेकपा (एमाले) को गाडी चलाउन लागेको पनि डेढ दुई वर्ष जति बिति सकेकोबाट पनि यकिन हुन्छ। अतः अनुभवहीन सिकारू चालक भएका कारण उक्त दुर्घटना भएको थियो भन्न सकिएन।" – प्रतिवेदनमा जनाइएको छ।

गाडीको रफ्तार अतिवेग भएको कारणले दुर्घटना भएको हो कि भन्ने आशंकाउपर चर्चा गर्दै प्रतिवेदनमा भनिएको छ।– "विचार गर्दा चालक लामा द्रुत गतिमा गाडी हाँक्ने व्यक्ति हुन् भन्ने कुरा सीपी मैनाली, वाचस्पति देवकोटा लगायतको बयानबाट देखिएको छ। सिमलतालबाट उक्त रातो झण्डा भएको गाडी पास हुँदा ओभर स्पिडमा थियो भन्ने श्याम रंञ्जितकारको बयानबाट देखिन्छ। अतः दुर्घटनाग्रस्त गाडी साँच्चै नै ओभरस्पिडमा भएकै कारण दुर्घटना भएको हो कि ? भन्ने विचार गर्नु पर्ने हुन आयो।"

गाडी खसेको ठाउँको प्रकृति हेर्दा गाडी किनारबाट उफ्रेर तल झरेको नभई गुडेर तल झरेको देखिन्छ भन्दै प्रतिवेदनमा अगाडि भनिएको छ।– "भरतपुरका डि.एस.पी. श्री नवीन अधिकारीले सडक तल ओरालोमा टायरको डोब देखेको बताएका छन्। ओभर स्पिडमा गाडी भएको भए क्रमिकरूपले जमिनमा टायरको दाग देखिनु नपर्ने हो र गाडी बत्तिएर बजारिएको र त्यहाँ ऐना फुटेको देखिनु पर्ने हो।"

"चालक लामाले गाडी खस्दै गर्दा झ्यालको लकमा हात पुऱ्याई झ्याल खुलेपछि जमीनमा खसेको बयान दिएका छन्। ओभर स्पिडमा गाडी रहेको भए गाडीबाट हाम्फाल्न कठीन हुने र हाम्फालेको हो भने पनि लामालाई चोटपटक लाग्नु पर्ने हो।" – प्रतिवेदनमा बताइएको छ। ड्राइभर लामाको अनुहार र हातमा मात्र केही सामान्य चोट लागेको कुरा भरतपुर अस्पतालका डाक्टरहरूको बयानबाट देखिएको छ।

प्रतिवेदनमा भनिएको छ।– "दुर्घटनास्थलमा सडकको पीचको चौडाई १९ फिट ७ इंच छ। पीच देखि बाहिर पनि नदीतर्फ सडक (पीच नभएको) १६ फीट चौडा खाली जमीन छ। भित्तापट्टि ६ फीट ३ इञ्च चौडा नाली पनि भएबाट सडक पर्याप्त चौडा रहेको र आवश्यकता परे चालकले पूरै गाडी मोड्न सक्ने सम्मको ठाउँ दुर्घटनास्थलको सडकमा देखियो। आसपासैमा सडकको टर्निङ पनि नभएको र सतह समथरिलोका साथै पीचको अवस्था राम्रो देखिएकोले सडकको अवस्थाका कारण सो दुर्घटना भएको मान्न सकिएन।"

उल्लेखित सबै सबूदहरू र जानकारीका आधारमा दासढुङ्गा दुर्घटनालाई सामान्य भवितव्य दुर्घटना भन्न नसकिने ठहर गर्दै प्रतिवेदनमा भनिएको छ।– "अतः दासढुङ्गा जीप दुर्घटना गाडीको यान्त्रिक गडवडी, मौसमको प्रतिकूलता, चालकको स्वास्थ्य आदि माथि विवेचना गरिएका सामान्य भवितव्य दुर्घटनामा पाइने प्रकृतिका कारण भएको होइन भन्ने प्रमाणीत हुन आएको छ।

"यस परिप्रक्ष्यमा गाडी दासदुङ्गामा नागबेली पर्नु र दुर्घनास्थलको सडकको देब्रेपट्टि छेउमा ६० र ११२ फिटको फरक पारी राखिएका ३ वटा बालुवाको थुप्राहरू र त्यसमाथि एउटा ढुङ्गाको चिन्ह हुनु अर्थपूर्ण र प्रासंगिक देखिन्छन्। गाडी पहिलो बालुवाको थुप्रोबाट नागबेली पर्न शुरू गरेको देखिन्छ। र अन्तिम बालुवाको थुप्रोबाट मोडिएर सडकको दायाँ छेउको भूसको थुप्रो हुदै सडकको डीलबाट तल नदीमा ओर्लेको देखिन्छ। यस हिसाबबाट स्वभाविक रूपमा प्रश्न उठ्छ, बालुवाका थुप्राहरू कतै गाडी दायाँबायाँ मोड्नका लागि र निर्धारित ठाउँमा दुर्घटना गराउनका निम्ति नियोजित तवरले राखिएका संकेत त हैनन्? गाडी दायाँ वायाँ नागवेली पर्न थाल्नुको कारणले दुर्घटना भएको नभएर गाडी नियोजित रूपमा दुर्घटना गराउनको लागि नागवेली पार्न थालिएको त हैन यस्तो सोच्ने आधार दुर्घटनास्थलका अन्य सबुदहरूले प्रशस्त दिएका छन्। किनकी सिधा बाटोमा गाडी नागवेली परेर आउँदा र त्यसरी त्यस ठाउँबाट दायाँ मोडिदा नै त्यस

प्रकारको घटना घटाउन सकिने संभावना देखिन्छ।" - प्रतिवेदनमा भनिएको छ।

"पार्टीको गाडीमा पार्टीको झण्डा राख्नु कुनै आश्चर्यजनक कुरा होइन। तथापि माथिका सबै घटना र सबूदहरूको परिप्रेक्ष्यमा यसै पटक, चालक लामाकै जोडबाट पोखराबाट चितवनतिर जाने क्रममा नै गाडीमा पार्टीको झण्डा हाल्नु पनि अर्थपूर्ण र सान्दर्भिक देखिन आएको छ। कतै गाडी चिनाउनका निम्ति त यस पटक त्यसरी चालक लामाले झण्डा हाल्न जोड गरेका थिएनन् ?" प्रतिवेदनमा प्रश्न उठाइएको छ।

प्रतिवेदनमा अगाडि लेखिएको छ।- "अर्को महत्वपूर्ण कुरो के देखियो भने आँबु खैरेनीबाट दासढुङ्गासम्म पुग्न गाडीले लिएको समय असामान्य छ। गाडी , ऋषी कट्टेलको बयान अनुसार ४.३० बजेतिर आँबु खैरेनीबाट छुटेको छ। सुनकोशी रेष्टुरेण्टका मालिक श्रीमती बुद्धिमाया लामाको बयान अनुसार त्याहाँ खान १० मिनेट जति मात्र लागेको छ। र श्याम रंजितकारको गाडी सिमलताल तिरबाट हिडेको समय ५.३० तिर र गाडी खसि सकेपछि श्याम रंजितकारले दासढुङ्गामा चालक लामालाई पिकअप गरेर रामनगर प्रहरी चौकीमा पुगेको समय ६.०५ तिर बिचार गर्दा गाडी ५.३० सम्ममा नदीमा खसिसकेको देखिन्छ। गाडीको गति न्यूनतम ४० देखि ६५ को स्पीडमा भएको भन्ने ऋषि कट्टेलको बयान र स्वयं चालक लामाको बयान, श्याम रंजितकारको गाडी "निकै वेगमा थियो" भन्ने बयानलाई विचार गर्दा यो गतिको गाडीलाई आँबु खैरेनीबाट दासयुङ्गामा पुग्न ३०-३५ मिनेट भन्दा बढी समय लाग्ने देखिएन, किनकि दूरी ३०-३५ कि.मी. भन्दा वेसी छैन। तर सुनकोशी रेष्टुरामा बिताएको १० मिनेट कटाउने हो भने गाडीलाई करिव ५० मिनेट समय लागेको देखियो। यो समायवधि असामान्य समयावधि हो।"

"मदन भण्डारी र आश्रितको रगतमा, एल्डरमस्टन फोरेन्सिक ल्याबको रिपोर्ट अनुसार, सुँघाउने प्रकारको विषादि पाइएको भन्ने डा. भरत प्रधानको बयान, फोक्सोमा पानी नभएको लाशको अवस्था र आँबू खैरेनीबाट दासढुङ्गा सम्म पुग्न लागेको अस्वाभाविक समय बीच यसरी संगति र संबन्ध देखिन्छ।" - आयोगको ठहर छ।

सुनकोशी रेष्टुरासम्म भण्डारी र आश्रित जीवीत र होशको अवस्थामा रहेको भन्ने बुद्धिमाया लामाको बयानको उल्लेख गर्दै प्रतिवेदनमा लेखिएको छ।- "दासढुङ्गा र सुनकोशी रेष्टुराँको बीचको बाटोमा नै विषादि प्रयोग भएको हुन सक्ने संभावना देखिन्छ। संभवत यही विषादीको प्रयोगको निम्ति यो बीचमा अस्वाभाविक रूपले बढी समय लागेको हुन सक्छ।"

तुलाधर 'प्रतिवेदनले अन्त्यमा निष्कर्ष प्रस्तुत गर्दै निम्न अनुसारको ठहर गरेको छ-

प्राप्त सबूदहरू, सूचना र जानकारीहरूका आधारमा यो नागरिक छानवीन समिति दासढूंगाको घटना सामान्य वा असामान्य किसिमको भवितव्य दुर्घटना होइन भन्ने ठहर गर्दछ।

यो चालकको लापर्वाहीबाट हुन गएको दुर्घटना होइन भन्ने यस समिति ठहर गर्दछ।

यो समिति दासढुङ्गा काण्ड र त्यसमा मदन आश्रितको मृत्यु नियोजित हो भन्ने ठहर गर्दछ।

आयोगले सिमित श्रोत र साधनको अभावका कारण बढी अनुसंधान गर्न नसकिएको बताउँदै केही अनुत्तरित प्रश्नहरू प्रस्तुत गरेको छ-

हामीले प्रयत्न गरेर पनि हाम्रो साधन, श्रोत र अधिकारको सीमाको कारणले अझै केही प्रश्नहरू अनुत्तरित रहेका छन्। त्यसबारे संवन्धित निकाय तथा अंगहरूले अनुसन्धान गरेर पत्ता लगाउनुपर्ने देखिन्छ।

१. चालक लामा बाहेकका अन्य यस घटनाका सूत्रधार को हुन्?

२. पोखरामा देखिएका चालक लामाले भेटेका र कुरा गरेका आफुलाई फ्रेन्च कम्युनिष्ट भन्ने ती बिदेशीहरू को हुन्?

३. दुर्घटनाग्रस्त गाडी विदेशी संस्थालाई भाडामा गएको देखिएको छ। र त्यतिखेर चालक अमर लामा नै गाडी हाँक्नेमा छन्। यसै मार्फत चालक लामाको बिदेशीहरूसितको सम्पर्क हुन सक्ने एउटा संभावना हुँदाहुँदै पनि यस बारे विस्तृत अनुसन्धान हुन सकेको छैन। यी विदेशी संस्थाहरू यस घटनासंग संवन्धित छन् कि छैनन् ?

४. पोखरामा चालक लामा पटक पटक सम्मेलन स्थलबाट रहस्यमय ढंगबाट हराउने गरेको बारे र काठमाण्डौमा पनि पार्टीले लगाएको दैनिक काम बाहेक निजको अन्य सम्पर्क बारे विस्तृत जानकारी हुन सकेको छैन।

५. ग.अ.ख. ३१९ का बस चालक शंकर प्रसाईले आँबू खैरेनीबाट चालक लामाको गाडी ४.३० बजे छुटेपछि ४ वटा अग्ला अग्ला मोटरसाइकलले चालक लामाको गाडीलाई पिछा गरेको भन्ने र दुर्घटना पछि ती मोटरसाइकल दासढुङ्गा र रामनगरमा पनि देखिएका थिए भन्ने जानकारी यस समितिलाई प्राप्त भएको छ। ती मोटर साइकलहरूमा को थिए ? तिनको यो दुर्घटनासंग संवन्ध छ कि छैन ?

६. मदन र आश्रित दुवैको रगतमा प्रचुर मात्रामा सुँघाउने प्रकारको विषादि रहेको एल्डरमस्टन फोरेन्सिक ल्याव, लण्डनको रिपोर्ट छ। यो विषादि उहाँहरूको रगतमा कसरी कुन प्रक्रियाद्वारा पुग्न गयो ?

७. गाडी सडकबाट खसेपछि नदीमा पुग्नु अघि नदी छेवैको त्याहाँको ढुङ्गाको चट्टानमा केही बेर अडेको बयान छ। त्यो गाडीमा माथिबाट झरेको ढुङ्गा लागेपछि मात्र गाडी नदीमा खसेको छ। त्यो ढुङ्गा मोटर खसिसकेको केही बेरपछि कसरी खस्यो ?

८. मदन भण्डारीको शरीर मोटरबाट कसरी बाहिर निक्ल्यो ? किन उनको एउटा हात उठेको अवस्थामा छ ? किन उनको बायाँ आँखा छैन ? किन भण्डारीको जीउमा त्यति

घाउ देखिन्न ? किन उनको लाश ३२ कि.मी. तल गुंजनगरमा एउटा भङ्गालोमा भेटियो ? किन उनको लाश त्यति बिघ्न कालो भयो ? उनको पेटी लगाएको पाइन्ट कसरी गायब भयो ?

९. सरकारले राष्ट्रिय महत्वको घटनाको खोज र अनुसन्धान कार्यलाई गंभीरतापूर्वक लिएको देखिएन। सरकारले दुर्घटना क्षेत्र र गाडीलाई कन्ट्रोल गरेर सबूदहरू सुरक्षित पारेको पाइएन। यस घटनामा चालक लामालाई अन्य अभियुक्तलाई जस्तो अपराध अनुसन्धानविद् लगाएर आधुनिक बैज्ञानिक प्रविधि लगाएर वास्तविकताको खोजि गरेको देखिएन। वीर अस्पतालमा चालक लामाले माथि नै हाम्फालेको भनेर सावित्ति बयान दिनासाथ उनीमाथि भइरहेको पार्टी र सरकारको संयुक्त निगरानी व्यवस्था सरकारले एकतर्फीरूपमा खतम पारेको देखियो र चालक लामालाई सरकारको निगरानीमा मात्र राखियो। लामालाई अनावश्यक रूपमा अस्पतालमा राखियो र जथाभावि मानिसलाई भेट्न दिइयो। यस्तो सरकारले किन गऱ्यो ?

गाडीको मेकानिकल जाँचको प्रतिवेदन

०५० जेठ ६ गते घटनास्थलमा दुर्घटनाग्रस्त गाडीको मेकानिकल परीक्षण गर्ने भरतपुर वडा नं. २ नारायणगढका अमरबहादुर पौडेल, लमजुङ कुलेश्वर-४ का तर तत्कालीन अवस्थामा काठमाण्डौमा मित्सुबिसी कम्पनीका मेनेजर मेकानिक रहेका हरिसिं गुरूङ, नेपाल स्वतन्त्र यातायात मजदूर संगठनका केन्द्रीय सदस्य उद्धव के.सी. एवं प्रहरी जवान कृष्णप्रसाद सुवेदीद्वारा संयुक्त रूपमा जारी गरिएको विज्ञप्तिमा गाडीको अवस्था बारे पाइएको कुरा निम्न वमोजिम लेखिएको थियो।–

१. ब्रेक फुट राम्रो अवस्थामा भएको
२. क्लच राम्रो अवस्थामा भएको
३. ब्रेक पाइप चारै चक्काको ठीक अवस्था देखिएको
४. एक्सीलेटर राम्रो अवस्थामा रहेको
५. ब्रेक आयल ठीक अवस्थामा भएको
६. चारै चक्का ठीक र हावा समेत ठीक भएको
७. स्टेयरीङ र टाइरडहरू समेत राम्रो अवस्थामा रहेको देखिएको
८. चाबी नभएको तर स्वीच अन भएको, स्टेयरीङ लक नभएको
९. मेन गेयर वनमा भएको, ट्रान्समिसन गियर न्यूट्रलमा भएको, पार्किङ ब्रेक बिग्रेको, ह्याण्ड ब्रेक नभएको
१०. चालकको ढोका खुला, अन्य ढोका लक भएको पाइएको।

मदन भण्डारी र जीवराज आश्रित

श्री मदन भण्डारीको जन्म ००९ साल असार १४ गते शुक्रबार ताप्लेजुङ जिल्लाको दुंगेसाँघुमा भएको थियो। जीवराज आश्रित त्यस भन्दा आठ वर्ष अघि साउन १८ गते गुल्मी जिल्लाको चन्द्रकोट, हरेवा गाविस वडा नं. ९ रिठारूख भन्ने ठाउँमा जन्मनु भएको थियो। मृत्यु भएको अवस्थामा वहाँहरू दुवै जना एमालेको शीर्षस्थानमा हुनुहुन्थ्यो।

विद्यार्थी कालमा विलक्षण कहलिनु भएका भण्डारीको राजनैतिक जीवनको गति पनि अति तीव्र रह्यो। ०४६ भदौमा मात्र पार्टीको महासचिव छानिनु भएका भण्डारीले अल्पअवधि मै आफ्नो कौशल देखाउनु भयो।

जीवराज आश्रितले ०२१ तिर कम्युनिष्ट पार्टीको सदस्यता ग्रहण गर्नु भएको थियो। मदन भण्डारीले ०२८ मा कम्युनिष्ट पार्टीको सदस्यता प्राप्त गर्नु भएको थियो। वहाँहरू दुबै जना नेपाल कम्युनिष्ट पार्टी पुष्पलाल समूहको सांस्कृतिक मोर्चामा हुनुहुन्थ्यो। पछि ०३४ मा वहाँहरू दुबै जनाले त्यो समूहमा विद्रोह गर्नु भयो। वहाँहरूको विद्रोही समूह मुक्तिमोर्चा समूह कहलिन थाल्यो। त्यसपछि ०३४ मा वहाँहरू तत्कालिन अखिल नेपाल क्रान्तिकारी कोअर्डिनेशन कमिटी (मार्क्सवादी लेनिनवादी) मा समावेश हुनु भयो। उक्त समूह लगायत विभिन्न समूहहरूको अखिल नेपाल क्रान्तिकारी कोअर्डिनेशन कमिटी (माले) मा विलय भए पछि ०३५ मा तत्कालिन नेकपा (माले) को स्थापना भएको थियो। वहाँहरू दुवै जना मालेको संस्थापक सदस्य हुनु हुन्थ्यो। जीवराज आश्रित मालेको संस्थापक पोलिटब्युरो सदस्य हुनु हुन्थ्यो भने भण्डारी संस्थापक केन्द्रीय कमिटी सदस्य।

त्यस यता वहाँहरू राजनीतिक आरोह अवरोहमा सदा साथ रहनु भयो। भारतको वनारश हिन्दू विश्वविद्यालयका संस्कृत आचार्य मदन कुमार भण्डारी एवं त्रिभुवन विश्वविद्यालयका स्नातक जीवराज आश्रित वैचारिक हिसावले पनि सधै निकट रहनु भयो। छयालीसको जनआन्दोलनलाई वहाँहरू दुबैले भूमिगत अवस्थामा रहेर नेतृत्व प्रदान गर्नु भएको थियो। ०४७ पुसमा तत्कालीन नेकपा (माले) र नेकपा (मार्क्सवादी) बीच एकता भए पश्चात नेकपा (एमाले) को जन्म भयो। मदन भण्डारी एमालेको महासचिव पदमा छानिनु भयो भने जीवराज आश्रित पोलिटब्युरो सदस्यमा छानिनु भयो।

नेकपा (एमाले) को गत माघ १४-२० सम्म सम्पन्न पाँचौ महाधिवेशनमा मदन भण्डारीको बहुदलिय जनवाद सम्बन्धी लाइन अत्याधिक बहुमतका साथ पारित भएको थियो। त्यस वखत वहाँले कुल ५४१ मत पाउनु भएको थियो भने वहाँका प्रतिद्वन्दीहरूको लाइनले क्रमशः १०१, ४४ र सून्य मत पाएको थियो। वहाँको लाइन पारित भए पश्चात स्वभाविक रूपमा वहाँ पुनः महासचिव पदमा छानिनु भयो।

भण्डारी पार्टी भित्र मात्र होइन आम जनमानसमा पनि अत्याधिक लोकप्रिय नेता हुनुहन्थ्यो। ०४८को संसदीय निर्वाचनमा वहाँ राजधानीको दुई दुई स्थानबाट विजयी हुनु भएको थियो। वहाँ नेपालको बहुतै प्रभावशाली वक्ता हुनु हुन्थ्यो। भण्डारीका अनन्य मित्र आश्रित चाहीं पार्टी भित्रको कुशल संगठक मानिनु हुन्थ्यो। ❑

अनुसूची ३

नेपालका विद्यालय शिक्षकहरू र मानवअधिकार

नेपालका विद्यालय शिक्षकहरूले पेशागत हक हितका लागि गरेको आन्दोलन उल्लेखनीय छ। खासगरी सरकारी कर्मचारी सरहको मान्यताका लागि उनीहरूले गर्नु परेको संघर्षको लामो इतिहास छ। अन्यत्र झैं नेपालमा पनि शिक्षाको प्रसार आन्दोलनकै रूपमा भएको थियो। नेपाली समाजका अगुवाहरूले सुरूवात देखि नै शिक्षाको प्रसारलाई क्रान्तिको मध्यमका रूपमा लिए। यही कारणले हुन सक्छ सत्ताले पनि शिक्षा क्षेत्रमा संलग्न व्यक्तिहरूलाई सुविधा र नैसर्गिक हकबाट समेत सधैं टाढा राख्न खोज्यो।

पौराणिक मान्यता र धार्मिक आस्थाका कारण शिक्षण पेशामा संलग्न भएका पहिले पहिलेका शिक्षकहरूले कहिल्यै पनि मानवताका विरूद्ध संझौता गरेनन्। अहिले पनि शिक्षकहरू राष्ट्रिय जीवनमा महत्वपूर्ण भूमिका खेली रहेका छन्। शिक्षण पेशा नेपालका शिक्षित मानिसहरूका निम्ति रोजगारीको ठूलो क्षेत्र हो। हाल नेपालका कूल ९९ हजार १ सय २७ मानिस शिक्षण पेशामा संलग्न छन्। नेपालका अधिकांश राजनीतिक मानिसहरूको विगत शिक्षण पेशासंग जोडिएको छ। अहिलेको सत्तामा पुग्ने कतिपय मानिसको विगत विद्यालय शिक्षकका रूपमा रहेको थियो। हाल पर्यटन मन्त्रालयको कार्यभार सम्हाली रहनु भएका मन्त्री रामहरी जोशी ०४२-४३ सम्म नेपाल राष्ट्रिय शिक्षक संगठन सर्लाही इकाईका अध्यक्ष हुनु हुन्थ्यो। अर्का मन्त्री गोविन्दराज जोशी पनि शिक्षक नै हुनुहुन्थ्यो। सत्तापक्ष र प्रतिपक्ष दुबैतिरको सांसदहरूमा पूर्व शिक्षकहरूको बाहुल्य रहेको छ।

नेपालको परिप्रेक्ष्यमा राजनीति र शिक्षण पेशाको निकट सम्बन्ध रही आएको छ। आज पनि कैयन ग्रामीण बासिन्दा भोट खसाल्नु अघि शिक्षकहरूलाई सोध्ने गर्छन्। तर शिक्षण पेशा कुनै व्यक्तिको स्थायी पेशाका रूपमा अझ पनि राम्रोसंग स्थापित हुन सकेको छैन। अनि शिक्षक भएर राजनीति गर्न हुँदैन भन्नेहरू पनि कुनै न कुनै राजनीति गरिरहेकै छन्। वर्तमान सरकार शिक्षकहरूलाई राजनीतिबाट बिमूख रहन निर्देशन त दिइरहेको छ। तर हाम्रो जस्तो पिछडिएको मुलुकमा शिक्षकहरू मार्फत गरिने राजनीति कति प्रभावकारी हुन्छ भन्ने कुरो सरकारलाई थाहा छ। त्यसैले सरकार वास्तवमा शिक्षकहरूलाई आफ्नो पक्षमा राजनीति गर्न प्रोत्साहित गरिरहेको छ।

नेपालका विद्यालय शिक्षकहरूले आफ्नो मानवअधिकारको खोजी गर्ने क्रममा समग्र राष्ट्रलाई ठूलो योगदान गरेका पनि छन्। वि.सं. १९९४ देखि ९७ सम्म काठमाण्डौ खिंल्ह टोलमा संचालित महावीर विद्यालयका शिक्षकहरू मूलतः पेशेवर क्रान्तिकारीहरू नै थिए। फत्ते बहादुर, चिनियामान, रामेश्वर, आनन्दमान आदि त्यसबेलाका क्रान्तिकारी युवाहरूको उत्साहसाथ सुरू भएको उक्त विद्यालयमा १९९४ को जेठ देखि पढाउन थालिएको थियो। पूर्ण बहादुर, टंक विलाश बज्राचार्य, गंगालाल, वाकपति राज, इन्द्रप्रसाद प्रधान, सिद्धिचरण श्रेष्ठ, सूर्यबहादुर आदि त्यस विद्यालयका शिक्षकहरू थिए। भारतमा महात्मा गान्धीको प्रेरणाले त्यसबेला थुप्रै विद्यापीठहरूको स्थापना भइ रहेको थियो। महावीर विद्यालय पनि त्यही लहरमा खुलेको थियो। तर तत्कालीन राणा शासकहरूलाई यो कुरो सह्य हुन सकेन। १९९७ कार्तिक २ गते उक्त विद्यालयका २८ जना शिक्षकहरू गिरफ्तार गरिए। पक्राउ गरिएका मध्ये सिद्धिचरण श्रेष्ठलाई १२ वर्ष, पूर्ण नारायण र चन्द्रमान मास्केलाई १८ वर्ष र चिनियामान एवं उनका दाजु फत्तेबहादुरलाई जन्म कैदको सजाय तोकियो। पछि चिनियामानको जेलमै मृत्यु भयो। बाँकी शिक्षकहरू सबैलाई १० रूपैया ४ पैसाका डरले दण्ड गरियो।

महावीर विद्यालयको अर्को खण्ड पहिले वनेपाको चण्डेश्वरी र त्यसपछि वकुटोलमा चलाइएको थियो। त्यहाँ पढाउने शिक्षकहरूमा गणेशबहादुर, अरूणबहादुर श्रेष्ठ, इन्दमान पति (इन्दमणि मानव) आदि पनि थिए। महावीर विद्यालयको राणा विरोधी आन्दोलनमा ठूलो भूमिका रहेको छ। वनेपाको त्यस विद्यालयको उद्‌घाटन नै क्रान्तिकारी धर्मभक्त माथेमाले गरेका थिए। त्यस विद्यालयमा शुक्रराज शास्त्रीले पनि केही समय पढाएका थिए। पछि काठमाडौं महावीर विद्यालयसँगै त्यसमाथि पनि प्रतिबन्ध लगाइयो।

सरकारी प्रतिबन्ध लाग्दा लाग्दै पनि ००२-३ साल ताका उपत्यकाका तीनै शहर र सँगै जोडिएको काभ्रेमा पुनः विद्यालयहरू खोल्ने लहर नै चल्यो। महावीर विद्यालय बन्द भए पश्चात सर्वप्रथम ००२ साल श्रीपंचमीका दिन काठमाडौंमा शान्ति निकुञ्ज विद्यालयको विधिवत स्थापना भयो। त्यस अघि न्हैकन्तला स्थित दिवाकर भाजुको घर आँगनमा एक डेढ वर्षदेखि एउटा विद्यालय चलिरहेको थियो। त्यस्तै नघलमा पनि अर्को अनौपचारिक विद्यालय चलिरहेको थियो। ती दुबै विद्यालयलाई गाभी शान्ति निकुञ्ज विद्यालयको स्थापना भएको थियो। त्यसबेला दरबार स्कूल बाहेक जुद्धोदय पब्लिक विद्यालय मात्र थियो। त्यो विद्यालय पूर्णरूपमा सरकारद्वारा संचालित थियो। तर शान्ति निकुन्जको स्थापना संगै पब्लिक विद्यालयहरू धमाधम खुल्न थाले। त्यस्ता

पूर्णतया सेवाभावका साथ क्रान्तिलाई सघाउन उद्देश्यमूलक ढंगले खोलिएका थिए। त्यसैले तत्कालीन शिक्षकहरूले जेल नेल आदि सबै किसिमका सजायहरूलाई हाँसी हाँसी सहे। अन्ततः सरकार ती विद्यालयहरूलाई मान्यता प्रदान गर्न विवश भयो। ००४ साल असारतिर तत्कालीन शिक्षा विभागले त्यस्ता विद्यालयहरूलाई स्वीकृति प्रदान गर्न थाल्यो। तर सरकारले त्यस्ता विद्यालयहरूलाई पूर्ण नियन्त्रणमा राख्न चाह्यो। स्वीकृति प्रदान गरेको लगत्तै पछि सम्पूर्ण विद्यालयहरूका निम्ति सरकारले एक एक जना प्रधान अध्यापकहरूलाई खटाई पठायो।

पहिलो शिक्षक आन्दोलन

जनताद्वारा आफ्नै ढंगले संचालित विद्यालयहरूका निम्ति सरकारले प्रधानअध्यापकहरू खटाइ पठाए पश्चात एउटा विकराल समस्या उत्पन्न भयो। ती विद्यालयहरूका निम्ति जनताले स्वस्फूर्त ढंगले साधनहरू जुटाएका थिए। पढाउने शिक्षकहरू अधिकांश अवैतनिक नै थिए। जनता त्यस्ता विद्यालयहरूको नियन्त्रण आफ्नै हातमा राख्न चाहन्थे। तर माथिबाट खटिएर आउने प्रधानाध्यापकलाई दिनु पर्ने सुविधा जुटाउन उनीहरू असमर्थ थिए। उनीहरूले ठाने। -"उनीहरूको आफ्नै उत्साह र लगनशीलताद्वारा स्थापित विद्यालयहरूका निम्ति सरकारको सहयोग त भएन भएन, उल्टो सरकारी नियन्त्रण लादियो।"

जनता र आम शिक्षकहरूको यस्तो असंतुष्टिलाई मूर्त रूप प्रदान गर्न शान्ति निकुञ्ज विद्यालयले पहल गर्‍यो। ००४ साल असार २१-२२ गते तिर तीनै शहरमा नयाँ खुलेका पब्लिक विद्यालयका शिक्षक र संचालकहरू कठामाण्डौ मरूटोल स्थित उक्त विद्यालयमा भेला भए। सो भेलाले विचार विमर्श पश्चात सरकारी प्रधानाध्यापकलाई बहिष्कार गर्ने निर्णय गर्‍यो। त्यस भेलामा काठमाण्डौ, भक्तपुर र ललितपुरका गरी १७ वटा विद्यालयका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। बैठकले शान्ति निकुञ्ज विद्यालयका तत्कालीन प्रधानाध्यापक भूवनलाल प्रधानको अध्यक्षतामा संघर्ष समितिको समेत गठन गर्‍यो।

त्यसपछि सोही वर्ष असारको अन्तिम सातामा प्रधानाध्यापकहरू फिर्ता बोलाइयोस भन्ने मागका साथ भूवनलाल प्रधानको नेतृत्वमा रेणुलाल सिंह, लव बहादुर प्रधान, नूतन बहादुर थपलिया आदित्य प्रसाद पुरी सहितको एउटा प्रतिनिधि मण्डल तत्कालीन डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्शन मेजर जनरल मृगेन्द्र शमशेर कहाँ पुग्यो। त्यस बेला प्रतिनिधि मण्डलले पद्मोदय विद्यालयमा निवेदकहरू मध्येबाट प्रधान अध्यापक नियुक्त गरिए जस्तै अन्यत्र पनि विद्यालयलाई नै नियुक्तिको अधिकार दिइयोस् भन्ने माग राख्यो। तर मृगेन्द्र शमशेरले ती कुराहरू आफ्नो अधिकार क्षेत्र भन्दा बाहिर रहेको बताए।

साउन २३/२४ गते तिर शिक्षकहरूको प्रतिनिधि मण्डल उल्लेखित मागहरूका साथ महाराजा पद्म शमसेर समक्ष पुग्यो। केही बेरको कुराकानी पश्चात महाराजाले सम्पूर्ण विद्यालयहरूलाई सरकारी प्रधानाध्यापकहरू स्वीकार गर्न वा नगर्न छूट प्रदान गरे। त्यस बखत उनले विद्यालयहरूलाई मासिक पत्रिका प्रकाशित गर्ने अनुमति पनि प्रदान गरे। तर पब्लिक विद्यालयहरूको "युनियन" खोल्ने अधिकारका सम्बन्धमा भने महाराजाको सकारात्मक धारणा रहेन। नेपालका विद्यालय शिक्षकहरूको पहिलो संघर्ष त्यति मै टुंगियो। शिक्षकहरूको त्यस संघर्षले पनि राणाहरूलाई कम्जोर तुल्याउन महत्वपूर्ण भूमिका खेलेको थियो। ००४ बैशाखको सत्याग्रह र त्यसको दुई महिना पछिको जयतु संस्कृतम आन्दोलनबाट तर्सिएका राणा शासकहरूलाई त्यस आन्दोलनले अरू अत्याएको थियो। भुवनलाल प्रधानले "नेपालको जनक्रान्ति" नामक पुस्तकमा उपरोक्त शिक्षक आन्दोलनको चर्चा गर्दै अन्त्यमा लेखेका छन। - "...आजकाल नयाँ विद्यालय खोल्ने र शिक्षा विभागको इजाजतपत्र प्राप्त गर्ने प्रक्रियामा जुन समानता आएको छ त्यो उपरोक्त संघर्षको परिणाम थियो।"

शिक्षकहरूको संघर्षले राणाशासनलाई मात्र क्षति पुर्‍याएको थिएन। पंचायतको उत्तरार्धतिर त्यसलाई जीर्ण तुल्याउनमा शिक्षकहरूले महत्वपूर्ण भूमिका खेलेका थिए। वस्तुतः शिक्षकहरूको पेशागत संघर्ष बेला बेला पंचायती शासन बिरोधी आन्दोलनमा समेत परिणत भएको थियो।

नेपाल जस्तो कम साक्षरता प्रतिशत रहेको देशमा शिक्षकहरूको भूमिका महत्वपूर्ण हुनु स्वभाविकै हो। देशका ग्रामीण इलाकाहरूमा आज पनि शिक्षकहरू समाजका अग्रणीका रूपमा चिनिन्छन्। निरंकुश पञ्चायतलाई उखेलेर फ्याँक्न भएको अविराम संघर्षमा शिक्षकहरू अग्रपंक्ति रहेका थिए। छयालीसको जनआन्दोलनमा पनि नेपाली शिक्षकहरूको भूमिका उल्लेखनीय थियो। त्यसबेला देशव्यापी रूपमा प्रजातन्त्र र मानवअधिकारका निम्ति उर्लिएको आन्दोलनसंग शिक्षकहरू पनि आन्दोलित भएका थिए।

छयालीस फागुन सात देखि संयुक्त वाममोर्चा र नेपाली कांग्रेसको आव्हानमा विधिवत ढंगले संयुक्त जनआन्दोलनको सुरूवात भयो। नेपाल राष्ट्रिय शिक्षक संगठनले देशव्यापी रूपमा उक्त आन्दोलन प्रति ऐक्यवद्धता जाहेर गर्न सम्पूर्ण शिक्षकहरूलाई आव्हान गरेको थियो। संगठनले तत्कालीन प्रधानमन्त्री समक्ष विरोध पत्र प्रस्तुत गर्नुका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा आन्दोलनको प्रचार प्रसार गरेर आगोमा घिउ थप्ने काम गरेको थियो। ०४६ चैत्र ८ गते संगठनकै आव्हानमा देशव्यापी रूपमा विद्यालयहरूमा सांकेतिक हडतालको आयोजना गरिएको थियो। तर संगठनको कार्यक्रम पनि अपेक्षकृत रूपमा सफल हुन नसकेपछि एकताको चर्चा उठ्यो। त्यसपछि चैत्र १८ गते नेपाल राष्ट्रिय शिक्षक संगठन र संघहरूतर्फका प्रजातन्त्रवादी शिक्षकहरूको प्रयासमा संयुक्त संघर्ष समितिको समेत निर्माण

भयो। देवीप्रसाद ओझा र देवेन्द्रप्रसाद उपाध्यायको संयुक्त संयोजकत्वमा गठित नेपाल शिक्षक संयुक्त संघर्ष समितिको नेतृत्वमा देशव्यापी रूपमा विभिन्न कार्यक्रमहरू भए। त्यसबेला शिक्षकहरूले पंचायत बिरोधी पर्चा पनि प्रकाशित गरेका थिए।

आजको परिप्रेक्ष्यमा शिक्षकहरूको समस्या

०४९ पुषको अन्तिम सातामा सरकारले शिक्षा नियमावलीको नयाँ संस्करण प्रकाशमा ल्यायो। शिक्षकहरूका विचारमा उक्त नियमावलीले उनीहरूको पेशागत हक माथि भयंकर प्रहार गरेको छ। उनीहरूका अनुसार उक्त नियमावलीले बदलिंदो परिप्रेक्ष्य अनुरूप शिक्षकहरूको सुविधाउपर कुनै ख्याल गरेको छैन। नेपाल राष्ट्रिय शिक्षक संगठन केन्द्रीय समितिले ०४९ पुष २९ गतेका दिन एक प्रेस वक्तव्य प्रकाशित गर्दै भनेको थियो। - "यसलाई अध्ययन गर्दा यो नियमावली शिक्षकहरूको पेशाको सुरक्षा र पेशाप्रति आकर्षण पैदा गराउने दिशातिर उन्मुख भएको छैन भन्ने ख्याल हुन आएको छ। प्रस्तुत नियमावलीले शिक्षकहरूलाई दक्ष, योग्य र मेहनती बन्न प्रेरित गर्नुको सट्टा जिल्ला शिक्षा अधिकारीको भक्त र चाकडीवाज बन्नु पर्ने बाध्यता सृजना गरेको छ।"

शिक्षण पेशामा संलग्न मानिसहरूका विचारमा उक्त नियमावलीले शिक्षकहरूलाई निरूत्साहित गर्ने सिवाय केही गरेको छैन। नियमावलीमा रहेको प्रावधान अनुसार प्राथमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा ७ जना रहने व्यवस्था गरिएको छ। जसमध्ये २ जना जिल्ला शिक्षा अधिकारीद्वारा मनोनित गरिने प्रावधान रहेको छ। त्यस्तै निम्न माध्यमिक र माध्यमिक विद्यालयको व्यवस्थापन समितिमा ९ जना मध्ये ५ जनालाई जिल्ला शिक्षा अधिकारीद्वारा मनोनित गरिने प्रावधान रहेको छ।

"विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको आर्थिक, भौतिक र शैक्षिक सुधार गर्ने जिम्मा तथा विद्यालयका शिक्षक तथा कर्मचारीहरूलाई तोकिएको तलब स्केलको आधारमा तलब खुवाउनु पर्ने कामको जिम्मा दिइएको छ। तर शिक्षकको नियुक्ति गर्ने अधिकार भने जिल्ला शिक्षा अधिकारीलाई मात्र छ।" - नियमावलीका सम्बन्धमा संगठन पक्षको टिप्पणी यस्तो छ।

नियमावलीमा त्यस अघि सरकारले विद्यालयहरूलाई प्रदान गरी आएको अनुदान ७२ प्रतिशतबाट घटाइ ६५ मा झारिएको छ। शिक्षाविद्हरूको भनाई अनुसार उपरोक्त कटौतिले शिक्षालाई क्रमशः माध्यमिक तहसम्म निःशुल्क तुल्याउने नेपाली कांग्रेसको घोषणा पत्रको समेत खिल्ली उडाएको छ। वृत्ति विकास र पदोन्नतिका सम्बन्धमा यो नियमावली शिक्षा नियमावली ०२८ को आठौं संशोधनभन्दा पृथक नरहेको कुरा शिक्षकहरू बताउँछन्। नियमावलीले प्रधान अध्यापकहरूलाई द्वितीय श्रेणीको कर्मचारी सरह गणना गरेपछि पनि एउटा समस्या देखा परेको छ। नियमावलीले योग्यता र सेवा अवधि तर्फ ध्यान नपुऱ्याएकोले पनि त्यस्तो समस्या उत्पन्न हुन पुगेको हो। उनीहरूका विचारमा पञ्चायतकालमा प्रधान अध्यापक हुने अधिकांश शिक्षकहरूको योग्यता चाकडी र केवल चाकडी थियो।

"उमेरको हदलाई ६५ बाट घटाई एकै पटक ५८ बनाउनु न्यायिक भएको छैन। उमेरलाई कटौती गर्दा एकै पटक ७/७ वर्ष घटाउनु अन्य सेवासंग तुलना गर्दा पनि न्यायपूर्ण देखिंदैन। सरकारी कर्मचारीको उमेरको हदवन्दी ५८ वर्ष बनाइएकोले त्यसैसंग मिल्ने गरी यो नियमावलीको व्यवस्था गरिएको हो भनिएला। तर उपदान, औषधी उपचार खर्च, पदोन्नतीको सम्बन्धमा भने समानता ल्याउने चेष्टा भएको छैन।" - नियमावलीसंग क्रुद्ध शिक्षकहरूको धारणा यस्तो छ। उनीहरूका अनुसार विगतको नियमावली र वर्तमान नियमावलीमा कुनै खास अन्तर देखिंदैन। उनीहरू भन्दछन् - "औषधी उपचारको कुनै व्यवस्था नहुनु, उपदान र पदोन्नतिमा पञ्चायतकालकै व्यवस्था कायम गरिनुले यो नियमावलीले बदलिएको परिस्थितिलाई आत्मसात गरेको देखिंदैन।"

प्रधान अध्यापकलाई भत्ता दिन भत्ताको निर्क्यौलका लागि नियमावलीले विद्यालयहरूलाई (क), (ख) र (ग) श्रेणीमा विभाजित गरेको छ। संगठन पक्षीय शिक्षकहरूको भनाईमा यस्तो वर्गीकरणले शिक्षक, विद्यार्थी र अभिभावकमा हिनतावोध गराएको छ।

उपरोक्त शिक्षा नियमावलीका सम्बन्धमा नेपाल शिक्षक संघको धारणा यस्तो छ।- "०४९ मा प्रकाशित शिक्षा नियमावलीद्वारा शिक्षाको क्षेत्रमा सुधार गरिनु पर्ने विषयहरूको प्रष्ट रेखांकन भएको छ। तथापि शिक्षकहरूको ऐतिहासिक धारणा विपरितका कतिपय कुराहरू नियमावलीले तोकेको छ। राजनीति जस्तो नैसर्गिक अधिकारबाट शिक्षकहरू बञ्चित हुनुपर्छ भन्ने धारणा समाहित हुनु, जिल्ला शिक्षा अधिकारीको अधिकार असीमित हुनु, वास्तविक अनुदानमा ह्रास गराइनु, शिक्षामा निजीकरणको असीमित प्रवेश गराइनु, ट्रेड युनियन अधिकार नदिइनु जस्ता अनुचित शैक्षिक धारणाहरू पनि उक्त नियमावलीमा परेका छन्।"

"अर्को तर्फ तीन वर्षे अध्ययन विदा, निवृत्तिभरण र उपदानको वैज्ञानिक किटान, प्रधानाध्यापकहरूको कार्यकालको व्यवस्था, शिक्षकहरूको पदोन्नतिको व्यवस्था आदि नियमावलीका राम्रा पक्षहरू हुन्। तर तिनको कार्यान्वियन पनि त्यति नै निष्पक्ष र वैज्ञानिक तवरले गर्न लगाउनु पर्ने कुरा आजका शिक्षकहरूको प्रमुख चुनौति बन्न पुगेको छ।" - नियमावलीका सम्बन्धमा संघको धारणा यस्तो छ।

०४९ चैत २२ गते निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन केन्द्रीय कार्य समितिले पनि "शिक्षा नियमावली-०४९" विरूद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेको थियो। उक्त निवेदनमा श्री ५ को सरकार, मन्त्रीपरिषद सचिवालय, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र शिक्षा तथा संस्कृति एवं समाज कल्याण मन्त्रालयलाई पनि विपक्षी बनाइएको थियो।

केन्द्रीय समितिद्वारा जारी गरिएको प्रेस वक्तव्यमा एकठाउँ उल्लेख गरिएको छ। - "... नेपाल राष्ट्रिय शिक्षक संगठनसंग समय समयमा भएको सहमति अनुसार शिक्षाको नीति निर्माण गर्ने समितिहरूमा संगठनको प्रतिनिधि राख्ने प्रतिवद्धता बिर्सी संगठनको प्रतिनिधि कुनै पनि समितिमा रहने प्रावधान नराख्नु, शिक्षकहरूले आफ्नो अध्यापन पेशाको चरित्र अनुसार कर्तव्य पालन गरी संवैधानिक हक अधिकार उपभोग गर्न पाउनु पर्ने, प्राज्ञिक स्वतन्त्रताको अपहरण गर्नु जस्ता अत्यन्तै विसंगतीपूर्ण प्रावधानहरू नियममा समावेश गरी अप्रजातान्त्रिक स्वरूपको नियमावली निर्माण गरिएको छ।"

प्रजातन्त्रको आगमन पश्चात पनि नेपाल राष्ट्रिय शिक्षक संगठनले मान्यता र स्वतन्त्रताको दिशामा वाधा अड्चनहरू भोगी रहनु परेकै छ। औपचारिक रूपमा बदलिएको वातावरण अनुरूप प्रजातान्त्रिक सरकारले संगठनमाथि प्रतिबन्ध लगाउन सकेन। तर संगठन पक्षधरहरूलाई हतोत्साही गर्न सरकार अहिलेसम्म पछाडि परेको छैन।

कुनै आस्था प्रति प्रतिवद्ध भएकै कारण सरकारबाट काखा वा पाखाको व्यवहार भइरहेको कुरा अहिलेको शैक्षिक जगतमा व्यापक रूपमा छाएको छ। शिक्षा क्षेत्रको यो आफ्नो ठूलो विवाद हो। यस्तो विवादको सुरूवात त्यसबेला भयो, जब ०४७ वैशाखको अन्त्यमा कांग्रेसले नेपाल शिक्षक संघको जन्म भयो। संघ बाहिरका शिक्षकहरूका अनुसार उक्त संघको जन्म नेपाली कांग्रेसको प्रत्यक्ष प्रयासद्वारा भएको थियो। तर संघ समर्थक शिक्षकहरूका अनुसार त्यसको जन्म हुनुको कारण अलि बेग्लै छ।- "०४३ पछि जनआन्दोलनसम्म विभाजित शिक्षकहरूलाई जनआन्दोलनको आगोले एकत्रित तुल्याएको थियो। तर संकटको घडीमा एकत्रित भएका शिक्षकहरू प्रजातन्त्र बहाली पश्चात संगठनकै कारण फुटेका थिए। संगठनलाई नै पुनर्जीवित गर्न संगठनका जिल्ला सम्मेलनहरू गर्न थालिए। त्यस कारणले गर्दा प्रजातन्त्रवादी शिक्षकहरूले पनि नेपाल शिक्षक संघको निर्माण गरे।" उक्त संघले "शिक्षा नियमावली-०४९" जारी भएको दुई दिन पछि वक्तव्य प्रकाशित गर्दै सो नियमावलीको आलोचनात्मक समर्थन गरेको थियो।

नेपाल शिक्षक संघको गठनको औपचारिक निर्णय ०४७ बैशाख ३० गते भएको थियो। काठमाडौं स्थित त्रिचन्द्र क्याम्पसमा विभिन्न जिल्लाका ४०-५० शिक्षकहरूको सहभागितामा "नेपाल शिक्षक संघ-०४७" को स्थापना भएको थियो। उक्त भेलाले संघको तदर्थ समितिको अध्यक्ष र महासचिवमा क्रमशः देवेन्द्रप्रसाद उपाध्याय र महासचिव शंकर प्रधानलाई चयन गरेको थियो।

सोही दिन बेलुकी साढे पाँच बजे संघको केन्द्रीय तदर्थ समितिको बैठक बसेको थियो। बैठकले संघको निम्न बमोजिमको ७ सूत्रीय नीति तथा कार्यक्रमको रूपरेखा तयार पारेको थियो।-

समितिको गठन गरी यथाशीघ्र जिल्ला सम्मेलन गर्न परिपत्र गर्नेछ।

(२) आगामी ०४७ फागुन सम्ममा राष्ट्रिय अधिवेशन गराई स्थायी कार्य समितिको निर्माण गर्ने तर्फ कार्यरत रहने छ।

(३) शैक्षिक क्षेत्रका समस्या सुल्झाउन अन्तरिम सरकार समक्ष समाधानका लागि सुझाव प्रस्तुत गर्ने छ।

(४) अन्य पेशागत संघ संगठनसंग मित्रवत् व्यवहार गर्दै साझा हितका सवालमा समझदारीपूर्वक कार्यगत एकताको सिद्धान्त अनुरूप समन्वयात्मक नीतिले अगाडि बढ्नेछ।

(५) यसले शिक्षकको पेशागत हक हित र सुरक्षाका साथै मर्यादा, स्वाभिमान र प्राज्ञिक स्वतन्त्रताको संरक्षण गर्दै शैक्षिक स्तर वृद्धि गर्न प्रयत्नशील रहने छ।

(६) मानवअधिकारको उपभोग गर्न र प्रजातन्त्रको रक्षा गर्नुका साथै राष्ट्र निर्माणका निमित्त सशक्त रूपबाट विद्यार्थी वर्गलाई शिक्षित बनाउनु यसको प्रमुख नीति रहनेछ।

(७) नेपाल शिक्षक संघले विदेशी शिक्षक संघ र अन्य व्यवसायिक संघ संगठनहरूसंग पनि मित्रवत् सम्बन्ध कायम गर्ने छ र विश्व शिक्षक महासंघको सदस्यता प्राप्त गर्न प्रयत्न गर्ने छ।

अहिले विद्यालय शिक्षकहरू माझ एउटा संत्राश छाएको देखिन्छ। नेपाली कांग्रेस सम्बद्ध शिक्षकहरू सुविधा पाउने सूचीमा पर्दछन्। अन्यत्र वैचारिक प्रतिवद्धता जाहेर गर्ने शिक्षकहरू हरतरहले लखेटिएका देखिन्छन्। आम शिक्षकहरूको गुनासो यस्तै छ। वस्तुतः नेपालका विद्यालय शिक्षकहरू आज पनि राजनीतिबाट टाढा छैनन्। यो कुरा सरकारलाई राम्रोसंग थाहा छ। सरकार शिक्षकहरूलाई आफ्नो पक्षपोषण गर्ने शर्तमा मात्र राजनीतिको छूट दिन चाहन्छ। शिक्षकहरू पेशामा अवरूद्धता नआउने गरी राजनीतिक प्रतिवद्धता दर्शाउन पूर्ण रूपले तयार छन्। तर सरकार आफ्नो विरूद्ध कुनै मौन समर्थनलाई पनि सहने स्थितिमा देखिँदैन। आम शिक्षक र सरकारको विवाद यहींबाट सुरू भएको छ।

सरकारले शिक्षक संघको सदस्यताका निम्ति उत्साहित गर्ने गरेको उदाहरण पाइएको छ। विशेषतः देशका दुर्गम भूभागहरूमा शिक्षक संघ समर्थक शिक्षकहरू बढी सुविधाको भागीदार हुने गरेको देखिएको छ।

नेपाल राष्ट्रिय शिक्षक संगठन समर्थक शिक्षकहरूका अनुसार स्थानीय निर्वाचन ०४९ यता देशका अनेक जिल्लाहरूमा क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा अधिकारी वा कुनै बेलाको विद्यालय संचालक समितिको राजनीतिक प्रतिशोधका कारण कार्वाहीको अभियान नै थालियो। त्यस्ता कारवाहीका स्वरूपहरूमा जिल्लान्तर सरूवा, अपायक सरूवा, घटुवा, अवकाश, जिल्ला शिक्षा कार्यालयमा हाजिर, स्पष्टिकरण, प्रमुख जिल्ला अधिकारी कहाँ हाजिर,

चेतावनी, आदि पर्दछन्। कतिपय शिक्षकहरूलाई झूट्ठा मुद्दामा फसाउने वा थुनामा राख्ने गरिएको पनि पाइन्छ। जयकुमार राई नेपाल राष्ट्रिय शिक्षक संगठनका केन्द्रीय प्रतिनिधि थिए। उनलै जिल्लान्तर सरूवाको सजाय भोग्नु पऱ्यो। त्यस्तै गोपाल भट्टराई संगठनकै धनकुटा जिल्ला इकाईका अध्यक्ष थिए। उनले पद घटुवा तथा सरूवाको सजाय पाए। पाँचथरका शिक्षक मदन चेम्जोङ २२ दिनसम्म प्रहरी हिरासतमा मात्र राखिएनन्, थुना मुक्त भएपछि उनलाई जागिरबाट बर्खास्त समेत गरियो। त्यसै समयको सेरोफेरोमा तेह्रथुमका ३९ जना शिक्षकहरू मध्ये कतिलाई २४ घण्टे पुर्जी काटी सरूवा गरियो भने कति उपर राजकाज मुद्दा लगाइयो। देशव्यापी रूपमा हेर्दा यस्ता घटनाहरू थुप्रै भएका छन्। प्युठान र सिन्धुलीमा संगठन समर्थक शिक्षकहरूमाथि भएको दमन पनि उल्लेखनीय छ।

नेपाल राष्ट्रिय शिक्षक संगठनले गत वर्ष शिक्षा मन्त्री समक्ष पेश गरेको एक स्मृति पत्रमा लेखिएको थियो। - "हाल देशका विभिन्न जिल्लाहरूमा स्पष्ट नीति र आधार विना नै पक्षपातपूर्ण ढंगले दुःख दिने हिसाबले सांसदहरूको दबावमा शिक्षकहरूको सरूवा गर्ने कार्य व्यापक रूपमा भइरहेको छ। खोटाङ एउटा जिल्लामा मात्र ५२ जना शिक्षकहरूको शैक्षिक सत्रको बीचैमा सरूवा गरिनु ज्यादै विडम्बनापूर्ण कार्य भएको छ। शिक्षकहरूको खोसुवा, स्पष्टिकरणको माग र घटुवा गर्ने कार्य देशव्यापी रूपमा पूर्वाग्रहपूर्ण रूपले भइरहेको छ।"

नेपाल राष्ट्रिय शिक्षक संगठनले ०४९ को अन्त्यसम्ममा मात्र देशव्यापी रूपमा शिक्षकहरूमाथि भएका १२७ वटा कार्वाहीका नमूना पेश गरेको थियो। संगठनका अनुसार शिक्षकहरूलाई राजनीतिबाट अलग गर्ने नीति अन्तर्राष्ट्रिय श्रम संगठनको १५१ औं अभिसन्धिको धारा ९ विरूद्ध छ।

आन्दोलनको संक्षिप्त इतिहास

नेपालमा शिक्षकहरूले पहिले देखि नै पेशागत हकहितका लागि संगठित हुने प्रयास नगरेका होइनन। तर ०३६ सालको राष्ट्रव्यापी जनउभार अघि त्यस्तो प्रयास सफल हुन सकेन। ००७ चैतमा जुद्धोदय पब्लिक विद्यालयका तत्कालीन शिक्षक रामजी प्रसाद शर्माको संयोजकत्वमा नेपाल माध्यमिक शिक्षक संगठनको निर्माण भएको थियो। उक्त संगठनको निर्माणका निम्ति जुद्धोदय मा.वि. मै शिक्षकहरूको एक भेला सम्पन्न भएको थियो। उक्त संगठनमा खासगरी उपत्यकाका मा.बि. शिक्षकहरू अटाएका थिए। त्यस संगठनको सदस्यहरूमा हरिहर रिसाल, आनन्दप्रसाद ढुंगाना, विजयानन्द जोशी, श्यामकृष्ण गौतम आदि हुनुहुन्थ्यो। उक्त संगठनको दोस्रो र तेस्रो अध्यक्ष क्रमशः श्यामकृष्ण गौतम र आनन्दप्रसाद ढुंगाना हुनु भएको थियो। त्यही संगठनको छातामुनि ०१३ र ०१५ मा नेपाली शिक्षकहरूले संघर्ष पनि गरेका थिए। अनि सरकारसंग वार्ता र संझौता पनि गरेका थिए। ०१७ मा प्रजातन्त्रको हत्या गरिए पश्चात शिक्षकहरूको संगठन पनि छिन्नभिन्न हुन पुग्यो। तर ०१९ को संविधान अन्तरगत शिक्षकहरूलाई संगठित गर्ने प्रयास पनि भयो। त्यसै सेरोफेरोमा काठमाडौं चेतभवनमा शिक्षकहरूको अर्को राष्ट्रिय सम्मेलन पनि भयो। उक्त संगठनमा पद्मोदय विद्यालयका तत्कालीन प्रधानाध्यापक कृष्ण बहादुर मानन्धर, ईश्वरराज अर्याल, केदारनाथ न्यौपाने आदि हुनुहुन्थ्यो। ०२० को सम्मेलनमा उपत्यका बाहिरका केही प्रमुख ठाउँका शिक्षकहरूको पनि प्रतिनिधित्व रहेको थियो। उक्त सम्मेलनले रामजीको अध्यक्षतामा कृष्ण बहादुर उपाध्यक्ष रहनु भएको समिति निर्माण गरेको थियो। त्यस समितिको सचिवमा लक्ष्मण राजवंशी हुनु हुन्थ्यो। उक्त सम्मेलनपछि त्यो संगठन विस्तारै मृत अवस्थामा पुग्यो। संगठनले आफ्नो जीवनभर कुनै संघर्ष गरेन। पंचायती सरकारको अंकूशका कारण शिक्षक संघर्षको दिशाबोध हुन नसकेकोले ०२० को प्रारम्भतिर नै कृष्णबहादुर मानन्धरको नेतृत्वमा नेपाल मा.वि. शिक्षक संघको निर्माण भएको थियो। भनिन्छ सोही समयको सेरोफेरोमा काठमाण्डौमा प्राथमिक शिक्षकहरूले पनि संगठित हुने प्रयाससम्म गरेका थिए। ०३० मा तत्कालीन सरकारले उक्त संगठनको केन्द्रीय कार्यालय तथा काठमाडौं जिल्ला कार्यालयमा रहेका कागजातहरू जफत गरेको थियो। सरकारले उक्त कार्यालय बन्द पनि गराएको थियो।

शिक्षक संगठनको स्थापना अघि ०३५ कै उत्तरार्धतिर हेटौंडामै बद्री प्रसाद खतिवडा, सुशील प्याकुरेल, डेन्टी जंग शाह आदिको सकृयतामा शिक्षक हित क्लव नामक संस्थाको स्थापना गर्न विधान मस्यौदा गर्ने तयारी भएको थियो। ०३५-३६ को जनआन्दोलनको सूत्रपात नभएको भए त्यहाँका शिक्षकहरूले सोही क्लवमा चित्त बुझाउँथे होलान्। तर आन्दोलन सुरू भएपछि त्यसका संघर्षशील शिक्षकहरू पनि अघि बढ्नु पर्ने ठहर गर्न थाले। उक्त क्लवमा हेटौडाका अधिकांश शिक्षकहरू संलग्न भएका थिए। तर कालान्तरमा त्यस क्लवका थोरै सदस्यहरू मात्र शिक्षक हक हितका निम्ति संघर्षमा टिकी रहन सके। क्लबको आयु ३-४ महिनाको रह्यो।

०३६ साल जेठ २ गते हेटौडामा ९९ जना शिक्षकहरूको भेला सम्पन्न भयो। उक्त भेला वदी प्र. खतिवडाको अगुवाईमा भएको थियो। उक्त भेलाले सञ्चयकोष, पेन्सन, उपदान, शिक्षकहरूले राष्ट्रिय स्तरको संगठन गर्न पाउनु पर्ने माग सहितको दश सूत्रीय माग अघि सार्‍यो। मागका निम्ति सरकारलाई जेठ १८ गतेसम्मको अल्टिमेटम दिइयो। उक्त भेला पश्चात जेठ ४ गते भेलाले निर्धारण गरे वमोजिमको मागलाई हुलाक मार्फत सम्बन्धित निकायहरूमा पुऱ्याउन हेटौंडा नगरमा एक मौन जुलुसको आयोजना भएको थियो।

सरकारबाट वेवास्ता गरिएकोले जेठ १९ गते देखि मकवानपुरमा शिक्षक संघर्ष सुरू भयो। मकवानपुरको चौघडा स्थित वंशगोपाल नि.मा.वि.मा संघर्षको सूत्रपात भएको थियो। त्यस संघर्षको प्रभाव चितवन, काठमाण्डौं आदि ९ जिल्लामा

पऱ्यो। त्यही क्रममा २०३६ जेठ २१ गते काठमाण्डौको शान्ति निकुन्ज विद्यालयमा उपत्यकाका प्राथमिक र निम्न माधमिक विद्यालयका शिक्षकहरूको भेला भएको थियो। उक्त भेला पश्चात शिक्षकहरूले शिक्षा राज्यमन्त्री समक्ष निम्न मागहरू प्रस्तुत गरेका थिए।-

१. सञ्चय कोषको व्यवस्था गरियोस्।
२. राष्ट्रिय शिक्षक संगठन खोल्न (राष्ट्रव्यापी रूपमा) अधिकार दिइयोस्।
३. नीति निर्माण गर्ने सम्पूर्ण शिक्षा सम्बन्धी समितिहरूमा शिक्षकहरूको प्रतिनिधित्व होस्।
४. हाल विद्यालयमा काम गरिरहेका सम्पूर्ण शिक्षकहरूलाई अविलम्ब स्थायी घोषित गरियोस्।
५. हालसम्म का.मु. भई काम गरिरहेका सबै प्र.अ.हरूलाई स्वतः स्थायी गरियोस्।
६. पहिले शिक्षक भई काम गरिरहेका तर बीचमा कारणवश सेवा छाडी हाल पुनः शिक्षण पेशामा लागिरहेका सम्पूर्ण शिक्षकहरूको बीचको अवधी कटाई बाँकी नोकरी जोडियोस्।
७. बहालवाला शिक्षकहरूलाई पहिलो नियुक्ति मितिदेखि निवृत्तिभरण दिइयोस् र उपदानको व्यवस्था होस्।
८. औषधि उपचार, जीवन वीमा र सेवाकालिन दुर्घटनाको क्षतिपूर्ति आदिको व्यवस्था होस्।
९. १५ वर्ष अटूट शिक्षण पेशामा बसी हालसम्म काम गरिरहेका शिक्षकहरूलाई तालीम प्राप्त सरह मान्यता प्रदान गरियोस्।
१०. विद्यालय भित्रै शिक्षकहरूको लागि विशिष्ट श्रेणी सम्मको पदको व्यवस्था गरियोस्।
११. विदेशबाट प्राप्त विद्धत् छात्रवृत्तिमा शिक्षकहरूलाई निश्चित कोटा निर्धारित गरियोस्।
१२. प्राथमिक, निम्न माद्यमिक तथा माद्यमिक विद्यालयको विद्यार्थी संख्यालाई आधार मानी चाहिने शिक्षक, कर्मचारी (पाले सहित) भौतिक सुविधा र अन्य आर्थिक आवश्यकता परिपूर्ति गरियोस्।
१३. विद्यालयको आवश्यकता बमोजिम यसको लागि भन्सार कर आदिको छूट दिने व्यवस्था गरियोस्।
१४. शिक्षक मर्यादाक्रम निर्धारित गरियोस्।

सोही महिनाको अन्त्यमा मकवानपुर, चितवन, नवलपरासी, कास्की, तनहुँ, काठमाण्डौ, ललितपुर, भक्तपुर, काभ्रेका शिक्षकहरूको काठमाण्डौमा एक भेला सम्पन्न भयो। उक्त भेलाद्वारा अन्तर जिल्ला शिक्षक संघर्ष समितिको गठन भयो। तर संघर्ष समितिको गठन भएकै भोलिपल्ट ०३६ असार २ गते सरकार र संघर्ष समिति वीच संञ्चयकोष, निवृत्तिभरण, अस्थायीलाई स्थायी गर्ने, संगठन खोल्ने माग पूरा भई पन्ध्र सवालहरूमा मतैक्य कायम भयो। त्यसपछि भदौ २३ गते शुसीलचन्द्र अमात्य, श्यामकृष्ण खमु, खगेन्द्र संग्रौला आदिको सक्रियतामा काठमाण्डौमा संगठनको स्थापनाका लागि अन्तर जिल्ला शिक्षक समन्वय समितिको गठन भयो। समन्वय समितिको अयोजनामा असोज ८ र ९ गते हेटौंडामा एक भेलाको आयोजना भयो। उक्त भेलाले राष्ट्रिय शिक्षक संगठन तदर्थ समितिको गठन गऱ्यो। समितिको संयोजकमा बद्री प्रसाद खतिवडा हुनुहुन्थ्यो भने सदस्यहरूमा खगेन्द्र संग्रौला, श्यामकृष्ण खमु, सुशीलचन्द अमात्य, सुशील प्याकुरेल आदि हुनुहन्थ्यो। भेलामा राष्ट्रिय शिक्षक संगठन पहिलो सम्मेलनको तयारी गर्न र विधान तयार पार्न विधान मस्यौदा उप समितिको पनि गठन गरियो। त्यस भेलामा २९ जिल्लाका शिक्षकहरूको प्रतिनिधित्व रहेको थियो।

त्यसपछि हेटौडा भुटनदेवी व्यावसायिक मा.वि.का तत्कालीन प्रधानअध्यापक बद्री प्रसाद खतिवडा, शिक्षक सुशील प्याकुरेल, ललितपुरका सुशीलचन्द्र अमात्य, धादिङ्गका राजेन्द्रप्रसाद पाण्डे आदिको सकृयतामा भुटनदेवी मा.वि. मा सोही वर्ष मंसीर २६,२७ र २८ गते प्रथम राष्ट्रिय शिक्षक सम्मेलन भयो। उक्त सम्मेलनको उद्घाटन जुद्धोदय मा.वि. काठमाडौंका तत्कालीन प्रधानाध्यापक रामजीप्रसाद शर्माद्वारा भएको थियो। सम्मेलनमा ५४ जिल्लाका १ सय ६० प्रतिनिधिहरूको सहभागिता रहेको थियो। सम्मेलनको संचालनका निम्ति बनेको अध्यक्ष मण्डलमा विजय नेपाल, मुक्तिनाथ खनाल र रामहरी दाहाल हुनुहुन्थ्यो। सम्मेलनले अध्यक्ष र महासचिवमा क्रमशः बद्री प्रसाद खतिवडा र श्यामकृष्ण खमुलाई निर्विरोध रूपमा निर्वाचित गऱ्यो। निर्विरोध निर्वाचित पहिलो कार्यकारिणीको उपाध्यक्षहरूमा खगेन्द्र संग्रौला, गोविन्द अधिकारी, चुडामणि शर्मा, गणेश पंडित हुनुहुन्थ्यो भने सचिव र कोषाध्यक्षमा क्रमशः पिताम्बर पौडेल र चन्द्रमान बज्राचार्य हुनुहुन्थ्यो। सदस्यहरूमा देवीप्रसाद ओझा, बद्रीप्रसाद ओली, रामदेव सिंह, गोरेबहादुर खपाङ्गी, नारायणप्रसाद बाँसकोटा, नारायणहरी उपाध्याय, मुक्ति खनाल, यशपाल शाक्य, दीनानाथ शर्मा, नारायण ततोल, महेश्वर पाठक र डेन्टीजंग शाह हुनुहुन्थ्यो।

शिक्षकहरूले पेशागत एकताका निम्ति देशका अन्य भागमा पनि पहल गरेको पाइन्छ। भोजपुरका शिक्षकहरूले ०३० तिरै व्यावसायिक संगठनको आवश्यकता बारे चर्चासम्म नगरेका होइनन्। तर ०३६ को असोजमा मात्र उनीहरूले त्यस्तो उद्देश्यलाई मूर्तरूप दिन सके। सो वर्ष असोज महिनाको छैठौ दिन अरूण मा.वि. दिङलामा वयोवृद्ध शिक्षक तुलसीराम उपाध्यायको सभापतित्वमा भएको एक भेलाले "स्वतन्त्र शिक्षक संगठन भोजपुर" नामक एक संस्थाको स्थापना गरी ५ वटा प्रस्तावहरू पारित गर्नुका साथै, २२ वटा उद्देश्यहरूलाई अघि सारेको थियो। केही महिना पछि उक्त संगठन समेतको सक्रियतामा हेटौडामा नेपाल राष्ट्रिय शिक्षक संगठनको स्थापना भएको थियो।

तत्कालीन सरकारले संगठनको अस्तित्व स्वीकार गरेन। संगठनसंग सम्बद्धता दर्शाउने शिक्षकहरूमथि दमनचक्र चलाइन थाल्यो। संगठनमा आवद्ध शिक्षकहरूले संस्थाको

मान्यताका लागि नै पहिलो संघर्ष गर्नुपर्‍यो। सोही वर्ष फागुन २२ गते देखि नेपाल राष्ट्रिय शिक्षक संगठनलाई मान्यता दिइयोस् भन्ने मूलनारा सहित शिक्षक संघर्षको सुरूवात भयो। संघर्ष दमनचक्रलाई चिर्दै ९ सूत्रीय माग सहित ३८ दिन सम्म निरन्तर रूपमा अघि बढ्यो। तर संगठनभित्रै उक्त संघर्षका सम्बन्धमा तीव्र मतभेद उत्पन्न भएको थियो। संगठन भित्रका कांग्रेस समर्थित शिक्षकहरू त्यस बेला संघर्ष गर्नु हुन्न भन्ने पक्षमा थिए। उनीहरू त्यसबेला जनमत संग्रहमा बहुदलीय पक्षलाई जिताउन सम्पूर्ण शक्ति खर्च गर्ने पक्षमा थिए। तर उनीहरू त्यस उद्देश्यमा सफल हुन सकेनन्। त्यसपछि उनीहरूले संगठनलाई कम्युनिष्टहरूको राजनैतिक अखाडाको संज्ञा दिँदै हड्तालबाट आफूलाई अलग्याएका थिए। शिक्षक संगठनमा पहिलो चोटी त्यहीबेला उल्लेख्य राजनैतिक फाटो देखा परेको थियो। जनमत संग्रहको मूखमा भइरहेको शिक्षक आन्दोलनबाट तत्कालीन सरकार तर्सिएको थियो। सरकार तर्फबाट शिक्षकहरूउपर कठोर प्रहार हुनुले त्यस कुराको पुष्टि गर्दछ। ०३६ साल चैत्र २५ गते पर्वत जिल्लाको कुश्मामा आयोजित आमसभामा तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाद्वारा शिक्षक संघर्ष प्रति प्रहार गर्दै भनिएको थियो। - "जनताले तिरेको पैसाबाट शिक्षकले तलब खाएको र हड्ताल गरेको अवधिमा पनि विद्यार्थीसंग फीस लिनु र तलब खानु अनैतिक एवं गैरजिम्मेवार र अन्यायपूर्ण कार्य हो।" भोलिपल्ट बेशीशहर लमजुङको आमसभामा पनि प्रधानमन्त्री थापाको अभिव्यक्ति यस्तो थियो -"शिक्षक वर्गले आफ्नो स्वार्थको लागि विद्यार्थीको भविष्य विगार्नु कुकृत्य शिवाय अरू केही होइन। शिक्षकवर्गको उचित मागहरू पूरा गर्न श्री ५ को सरकारले यथेष्ठ कदम उठाइ सकेको छ।" तर त्यसबेलासम्म सरकारले आवश्यक कदम चाली सकेको थिएन। अन्तत चैत्र २९ गते तत्कालीन सरकार संगठनको विधानलाई स्वीकृत गर्न राजी भयो। संगठन समर्थक शिक्षकहरू सोही दिनको सम्झनामा हरेक वर्ष चैत्र २९ गतेको दिनलाई शिक्षक दिवसका रूपमा मनाउँदैछन्। शिक्षकहरूले त्यसबेला प्राप्त गरेको सफलता उल्लेख्य थियो। नेपालको इतिहासमा कुनै संगठनले त्यसरी आफैंले बनाएको विधान सरकारद्वारा स्वीकृत गराएको पहिलो चोटी थियो। संघर्ष समाप्त भएपश्चात संगठनका तत्कालीन अध्यक्ष स्वयंले रेडियो वक्तव्य दिएपछि मात्र सबै शिक्षकहरू संतुष्ट भएका थिए।

नेपाल राष्ट्रिय शिक्षक संगठनलाई मान्यता दिनु सरकारको विवशता थियो। त्यो वेला पंचायती सरकार हरेक वर्ग र तहका जनताको प्रहार खपी रहेको थियो। त्यसैले जनउभारको डरले तत्कालीन रूपमा आफूलाई बचाउन मात्र सरकारले संगठनलाई स्वीकृति प्रदान गरेको थियो। यो कुरा त्यसवेला झन सुस्पष्ट भयो, जब सम्झौताको लगतै शिक्षफहरूको व्यापक धरपकडको थालनी गरियो। ०३७ वैशाख २० गतेको जनमत संग्रहमा विजयी घोषित भएपछि पंचायती सरकारले अन्य क्षेत्रमा झैं शैक्षिक क्षेत्रमा पनि दमनको अर्को अभियान शुरू गर्‍यो। यसै बीच अध्यक्ष वद्री प्रसाद खतिवडा लगायत शिक्षकहरूलाई गिरफ्तार गरियो। त्यस पछिका दिनमा पेशागत एकताका पक्षपाती शिक्षकहरू अनेक ढंगले सताइन थालिए। अन्ततः ०३८ वैशाख ४ गते देखि संगठनले पुनः शिक्षकहरूको राष्ट्रव्यापी संघर्षको आव्हान गर्‍यो। सो संघर्ष १०४ दिनसम्म चल्यो। साउन १३ गते मात्र सरकार र आन्दोलनकारी पक्ष वीच सम्झौता हुन सक्यो। तर सरकारले पुनः संझौता तोड्यो। आन्दोलनकारी पक्षकै केही व्यक्तिको धोकाधडीका कारण पनि आन्दोलन टुंगिएको थियो भन्ने राय पनि देखिन्छ। उक्त संघर्षको प्रमुख मागहरूमा, ०३६ चैत्र २९ गतेको सरकार संगठन वीचको सम्झौतालाई लागु गरिनु पर्ने, ०३७ माघ १२,१३,१४ र १५ गते सम्पन्न संगठनको प्रथम महाधिवेशनद्वारा पारित सामाजिक प्रस्तावहरू उपर ध्यान दिइनु पर्ने र करिब वर्ष दिन देखि थुनामा रहनु भएका अध्यक्ष खतिवडालाई रिहाइ गर्नु पर्ने आदि थिए। श्री खतिवडालाई १५ महिना पश्चात ०३८ साउनमा मात्र रिहा गरियो। वहाँलाई ०३७ जेठको जनमत संग्रहको लगत्तै पक्राउ गरिएको थियो। शिक्षकहरूले उनीहरू माथि भएका विभिन्न किसिमका कार्वाहीहरूको अन्त्य गर्नु पर्ने कुराको समेत माग गरेका थिए। संगठनको प्रथम महाधिवेशनमा पनि विवाद देखा परेको थियो। उक्त महाधिवेशनलाई संगठनको काठमाडौं जिल्लाको नेतृत्वमा रहनु भएका बसन्तबहादुर मानन्धरले बहिष्कार गर्नु भएको थियो। त्यस्तै महाधिवेशनकै मंचबाट कांग्रेस समर्थित शिक्षकहरूका तर्फबाट बोल्दै देवेन्द्रप्रसाद उपाध्यायले नेतृत्वको आलोचना गर्नु भएको थियो। संगठनमा प्रतिकूल स्थिति रहेको, विधान संशोधनको आवश्यकता रहेको र नेतृत्व हैकमवादी रहेको धारणा व्यक्त गर्दा वहाँले आफ्नो वक्तव्य बीचमै रोक्नु परेको थियो।

संघर्षको समाप्ति पश्चात सरकारी दमनचक्र नयाँ चरणमा अघि बढ्यो। त्यस पछिका दिनमा संगठनका गतिविधिहरू माथि अझ कठोर नियन्त्रण हुन थाल्यो। संगठनका कार्यक्रमहरू माथि प्रहरी हस्तक्षेप हुन थाल्यो।

०३७ मा भोजपुरको दिङ्गलामा एक गोली काण्ड भएको थियो। दुई जना विद्यार्थीहरूको मृत्यु भएको उक्त गोलीकाण्डका विरूद्ध भोजपुरका शिक्षकहरू विशेष सक्रिय भएका थिए।

०४० चैत्रमा नेपाल राष्ट्रिय शिक्षक संगठनले दमन र प्रहरी हस्तक्षेप हुँदाहुँदै पनि दोश्रो राष्ट्रिय सम्मेलन सफलताका साथ सम्पन्न गर्‍यो। उक्त सम्मेलनको सफलता सगै संगठनले नयाँ चरणमा प्रवेश पाएको थियो। सम्मेलनमा संगठनमा संतुलन कायम गर्न प्रजातन्त्रवादी पक्षका जनकनाथ प्याकुरेललाई अध्यक्ष बनाइएको थियो। संगठनको महासचिवमा कम्युनिष्ट पक्षका देवीप्रसाद ओझाको चयन गरिएको थियो। प्रहरी हस्तक्षेपका कारण अधिवेशन उद्घाटन स्थल जुद्धोदय मा.वि.मा सम्पन्न हुन नसकी वसपार्क स्थित संगठन कार्यालयमा भएको थियो। त्यस बेला संगठनका सक्रिय व्यक्तिहरूले वडो वुद्धिमता ढंगले विखण्डनलाई टारेका थिए।

सम्मेलनद्वारा नयाँ कार्यकारिणीको चयन हुनुभन्दा पहिले नेपाली कांग्रेसका नेताद्वय कृष्णप्रसाद भट्टराई र वाशु [illegible] सिग्रौला आदि बीच दुई चरणको वार्ता भएको थियो। संगठनको सुरूवातकालदेखि नै सरकारसंग तादात्म्यता राख्दै काम गर्ने खुला नीति देखिएको थियो। तर तत्कालीन सरकारले संगठनलाई सधै पूर्वाग्रही दृष्टिकोणले हेरेको थियो। यदाकदा सरकारले संगठनलाई मान्यता दिएको जस्तो देखिन्थ्यो। शिक्षकहरू पनि निर्भिकतापूर्वक आफ्नो सांगठानिक काम गरिरहन्थे। संगठनको सुदृढिकरण एवं संघर्षको मूल्यांकन गर्न ०३८ पुष २७ र २८ गते जनकपुरमा केन्द्रीय विस्तारित वैठक भएको थियो। उक्त वैठकको उद्घाटन तत्कालीन कृषि सहायक मन्त्री राघवेन्द्र प्रताप शाहबाट भएको थियो। बेलाबखत संगठनका कार्यक्रममा यस्ता सरकारी व्यक्तिहरूको उपस्थिति हुने गरे पनि आम रूपमा संगठन सरकारबाट तिरस्कृत नै थियो। सरकार मौका पाउने वित्तिकै संगठनको घाँटी निमोठ्ने ताकमा रहेको थियो। त्यसैले पंचायतको अवधि भर नेपाल राष्ट्रिय शिक्षक संगठन अर्धभूमिगत अवस्थामा रहयो।

त्यसपछिका दिनहरू संगठनको निम्ति जटिलताका दिनहरू थिए। त्यसअघि पेशागत सुविधा र हकहितका कुरा अनि संगठनको अस्तित्व बचाउनु पर्ने कुरोमा तमाम शिक्षकहरू केन्द्रित रहेका थिए। त्यो बेलासम्म सरकारको "फुटाउ र राज गर" वाला नीति शिक्षकहरू माफ सफल हुन सकेको थिएन। तर संगठनको दोश्रो महाधिवेशन पश्चात सरकारको मेहनतले केही न केही रंग देखाउन थाल्यो। संगठनको संघर्षशील पक्षले तैपनि गतिवान रहन सफलता पाइरह्यो।

०३८ वैशाखको २७ सूत्रीय मागका साथ अघि बढेको शिक्षक संघर्ष सोही वर्ष साउन १३ गते टुंगिएको थियो। त्यसबेला आन्दोलनकारी शिक्षकहरूका प्रमुख मागहरूमा संशोधित शिक्षा ऐनलाई खारेज गर्नु पर्ने, कारवाहीमा परेका शिक्षकहरूको कारवाही रद्द गर्नु पर्ने, बन्दी शिक्षकहरूलाई रिहा गर्नुपर्ने र विगतका सरकार र संगठन वीच भएका संझौताहरूको पालना गरिनु पर्ने आदि थिए।

तर सरकारले शिक्षकहरूलाई पुनः धोका दियो। फेरि ०४१ मंसीर १६ गते देखि राष्ट्रव्यापी रूपमा शिक्षकहरूको असहयोग तथा प्रचारात्मक आन्दोलनको सुरूवात भयो। उक्त आन्दोलनको विउ सरकारले त्यसबेला रोप्यो जब ०४० साउनमा सबै तहका कर्मचारीहरूको तलब बृद्धि गरिंदा शिक्षकहरूका सम्बन्धमा कुनै शव्दको उच्चारण भएन।

शिक्षकहरूको उक्त आन्दोलन विगतका शिक्षक आन्दोलनका तुलनामा निकै व्यापक रहयो। ०४१ पुस २ गते शिक्षकहरूको देशव्यापी आमहड्ताल निकै सफल भयो। फागुनको अन्त्यमा शिक्षकहरूले "काठमाडौं जाऔं" आन्दोलनको शुरूवात गरे। त्यस क्रममा देशका विभिन्न भागबाट २० हजार शिक्षकहरू राजधानीमा जम्मा भएका थिए। उक्त आन्दोलनद्वारा पंचायतको विरूद्धमा रहेको उकुस मुकुसलाई एक किसिमले विद्रोहको रूप नै प्राप्त भयो। [illegible] अप्रत्यक्ष रूपले सहयोग गरे। शिक्षक संगठनले ४ सूत्रीय मागका साथ आन्दोलन गरेको थियो। तर उक्त आन्दोलन अप्रत्यक्ष रूपमा राजनीतिक उद्देश्यलाई पनि सघाउन पुग्यो। तत्कालीन नेकपा (माले) को ०४६ भदौ ९ देखि १४ गतेसम्म आयोजित चौथो राष्ट्रिय महाधिवेशनद्वारा पारित राजनैतिक प्रतिवेदनमा लेखिएको छ। - "यसरी आफ्नो पेशागत हित र हकको प्राप्तिका निम्ति पनि शिक्षकहरूले निकै धेरै मूल्य चुकाउनु परेको छ। तर त्यो मूल्य खेर गएको छैन। शिक्षक समुदाय आफ्ना हक अधिकारका निम्ति देशव्यापी रूपमा जागरूक हुनु, आफ्नो स्वतन्त्र पेशागत संगठन निर्माण गर्नु, कैयौ पेशागत सुविधाहरू दिन सराकारलाई वाध्य पार्नु, पेशागत हितका निम्ति प्रतिवद्ध कार्यकर्ताको पंक्ति तयार हुनु, सरकारको जनबिरोधी शिक्षानीतिको भण्डाफोर गर्नु, आफ्नो अन्तर्राष्ट्रिय सम्पर्क र सम्बन्धलाई विस्तृत पार्नु र शिक्षक समुदायको प्रतिष्ठालाई माथि उठाउनु महत्वपूर्ण उपलब्धि पक्ष हुन्। तिनीहरूले जनवादी आन्दोलनलाई पनि सहयोग पुऱ्याएका छन्।"

तर संगठन भित्रका प्रजातन्त्रवादी शिक्षकहरूलाई संगठनउपरको कम्युनिष्टहरूको त्यस्तो चासो कहिल्यै मन परेन। शिक्षक संघर्षले "जनवादी आन्दोलन" लाई सघाएको कुरोले पनि उनीहरूको कान ठाडो पाऱ्यो। वस्तुतः शिक्षक संगठनमा प्रजातन्त्रवादीहरू सधैं अल्पमतमा रहेका थिए। प्रजातन्त्रको अभ्युदय पश्चात नेपाली कांग्रेसको पक्षमा खुलेर आउने शिक्षकहरूलाई यही तथ्य सबभन्दा बढी खड्कियो। अन्ततः उनीहरूले अलग्गै संघ खोली छाडे।

नेपाल राष्ट्रिय शिक्षक संगठन प्रति प्रजातन्त्रवादी शिक्षकहरू त्यति आकर्षित हुन नसक्नुमा नेपाली कांग्रेसको पनि हात रहेको छ। जनमत संग्रहको घोषणा पश्चात देशव्यापी भ्रमण गर्ने क्रममा ०३६ चैत्र २१ गते विश्वेसर प्रसाद कोइरालाले सिद्धार्थनगरमा आयोजित आमसभामा शिक्षक आन्दोलन प्रति इंगित गर्दै भन्नु भयो। -"पंचायत सरकारले अन्तिम घडी गनि रहेको अवस्थामा नचाहिंदा मागहरू लिएर शिक्षकहरू जस्तो वुद्धिजिवी वर्गबाट हड्ताल भइरहनु कुनै औचित्य छैन।" त्यसको पर्सीपल्ट राजबिराजको एउटा गोष्ठीमा वहाँले अझ अगाडि बढेर भन्नु भयो -"वर्तमान शिक्षक हड्तालले प्रतिकृयावादी र अप्रजातान्त्रिक शक्तिलाई बल मिलेको छ। यस किसिमको हड्ताल होस र जनमत संग्रह बिथोलियोस् भन्ने चाहना वर्तमान मन्त्री परिषद्को रहेको छ।" तत्काल वहाँको अभिव्यक्तिउपर कसैले आपत्ति जनाएन। तर केही महिना पछि संगठनका तत्कालीन अध्यक्ष वदी प्रसाद खतिवडाले विरगंज जेलबाट वी.पी.को उक्त भनाइको कडा प्रतिवाद गर्नु भएको थियो। त्यस घटनाबाट पनि कांग्रेस समर्थक टाढिएका हुन सक्छन्।

नेपाल राष्ट्रिय शिक्षक संगठनको गत मंसीर अन्तमा

सम्पन्न पाँचौ राष्ट्रिय सम्मेलनमा पनि नेकपा (एमाले) को प्रत्यक्ष हस्तक्षेप भएको चर्चा चलेको थियो। सम्मेलनद्वारा मतदानका आधारमा निर्वाचित कार्यकारिणीलाई विद्रोही भनिएको थियो।

तर संगठनको सुरूवात अवस्थामा सबै पञ्चायत इतर शिक्षकहरू एकताबद्ध ढंगले संघर्षमा लागेका थिए। ०३८ पछि नै सरकारले "फुटाउ र राज गर" को सूत्र प्रयोग गरी सकेको थियो। सरकारले "विषय शिक्षक संघ" खोलेर टुक्र्याउन खोजी सकेको थियो। तर ०४१ पुष २ गते संगठनको आव्हानमा देशव्यापी रूपमा आम हडताल भव्य रूपमा सफल भएको थियो। त्यही वर्ष फागुनको अन्त्यमा शिक्षकहरूको "काठमाण्डौ जाऔँ" अभियान पनि उस्तै सफल हुन पुगेको थियो। शिक्षक संघर्षकै क्रममा ०४२ जेठ ६ गते "नेपाल बन्द" कार्यक्रम भव्य रूपमा सम्पन्न हुन पुग्यो। तर त्यसपछि व्यापक दमनचक्र, संगठन भित्रकै मतभिन्नता र आन्दोलनको लामो अवधि आदिका कारण शिक्षकहरूमा शिथिलता छाउन थाल्यो। असार ६ गतेको बमकाण्ड पश्चात आन्दोलन स्वतः स्थगित हुन पुग्यो। त्यसपछि संगठन संकटको अर्को चरणमा प्रवेश गर्न बाध्य भयो।

त्यसपछिका दिनमा संगठनका कतिपय केन्द्रीय पदाधिकारीहरू जेलमा रहेकाले पनि आन्दोलनले गति लिन सकेन। त्यसै बीच तत्कालीन केन्द्रीय अध्यक्षको मृत्यु भयो। त्यस्तै कतिपय शिक्षकहरू तत्कालीन नेकपा (माले) को राष्ट्रिय पंचायत चुनाव उपयोग गर्ने नीति बमोजिम राजनीतिमा लागे। त्यसै स्थितिमा सरकारले शिक्षक संगठनलाई पुनः क्षत विक्षत पार्ने षडयन्त्र गऱ्यो।

सरकार ०४२ भदौ देखि संगठनको प्रतिकार गर्न "प्राज्ञ संगोष्ठी"को स्थापना गर्न थाल्यो। तर आम शिक्षकहरूले सरकारको त्यस कदमलाई अस्वीकार गरे। ०४३ मा सरकारले एकजना राष्ट्रिय पंचायत सदस्यको अध्यक्षतामा शिक्षक संगठनको स्वरूप र विधान मस्यौदाका निम्ति गठित समितिमा विधान मस्यौदा प्रतिनिधि पठाइ दिन संगठन समक्ष आग्रह गऱ्यो। कतिपय शिक्षकहरूको विचारमा ०४१-४२ को आन्दोलनका कारण सरकारले संगठनलाई मान्यता दिने क्रममा उपरोक्त कदम चालेको थियो।

त्यहीबेला संगठन भित्रको मतभेदले चर्को रूप लियो। संगठनको केन्द्रीय समितिले त्यसबेला जेलमा रहनु भएका महासचिब देवी प्रसाद ओझा लगायत पाँच जनालाई उक्त समितिमा पठाउने निधो गरेको थियो। तर कार्यवाहक अध्यक्ष विमल कोइरालाले उक्त निर्णयलाई उल्टाइ दिनु भयो। वहाँले ०४३ पुष ५ गते देशव्यापी रूपमा गर्ने भनिएको संगठनको जिल्ला सम्मेलनहरूलाई स्थगित गराउनु भयो। त्यसबेला कार्यबाहक अध्यक्षको विचार सरकारसंग वार्ता भइरहेको अवस्थामा त्यस्तो सम्मेलन गरिनु हुदैन भन्ने थियो। सरकारले संगठनलाई ०४३ मंसीर २६ गते विधान मस्यौदा समितिमा आमन्त्रण गरेको थियो। एकथरी शिक्षकहरूका अनुसार संगठनले विधिवतः विधान मस्यौदाका निम्ति बैठकमा भाग लिन ०४३ मंसीर २८ गते कार्यवाहक अध्यक्ष विमल कोइराला, उपाध्यक्षद्वय कामेश्वर सिंह र कालीप्रसाद पोख्रेल, सचिव घनश्याम पौडेल एवं सदस्य मोहननारायण श्रेष्ठलाई पठाएको थियो।

सरकार शिक्षकहरूलाई प्राथमिक शिक्षक संघ र माध्यमिक शिक्षक संघ गरी दुई शिक्षक संघहरू दिन राजी थियो। ०४३ फागुन चैत्रतिर नेपाल राष्ट्रिय माध्यमिक शिक्षक संघ र नेपाल राष्ट्रिय शिक्षक संघ नामक दुई संघहरू अस्तित्वमा देखिए। तर आम शिक्षकहरू उक्त कुरोलाई अस्वीकार गरी रहेका थिए। ०४३ माघ १४ र १५ गते काठमाण्डौमा बसेको संगठनको विस्तारित बैठकले पनि त्यही निर्णय गरेको थियो। तर संगठनका पाँचै प्रतिनिधिहरू विमल कोइराला, कामेश्वर सिंह, घनश्याम पौडेल, सदस्य काली प्रसाद रिजाल र मोहननारायण श्रेष्ठले सरकारकै प्रस्तावमा सही छाप गरीदिए। एकथरी शिक्षकहरू उक्त फैसलालाई स्वाभाविक ठहऱ्याउँदै भन्दछन्।- "उक्त बैठकले नेपाल राष्ट्रिय माध्यमिक शिक्षक संघ र नेपाल राष्ट्रिय प्राथमिक शिक्षक संघको निर्माण गऱ्यो। तत्पश्चात शिक्षकहरू पूर्ण रूपले विभाजित नै रहे। संगठनका केही शिक्षकहरू संगठनमै रहे भने केही शिक्षकहरू संघमा समावेश भए।" त्यतिवेला सक्रिय केन्द्रीय समिति सदस्यहरू २३ बाट घटेर १२-१३ मा पुगी सकेका थिए। दुई संघको सरकारी प्रस्तावमा सहमति जनाउने प्रतिनिधिहरूलाई उक्त निर्णयबाट पछि हटाउने संगठनको प्रयास सफल हुन सकेन। ०४४ वैशाखमा केन्द्रीय समितिले पाँचै जनालाई संगठनबाट निकालेको घोषणा गऱ्यो। संगठनले "दुई संघ" लाई बहिष्कार गर्न आव्हान गऱ्यो। उक्त ऐतिहासिक घटनाका सम्बन्धमा शिक्षकहरू बीच तीव्र विवाद रहेको देखिन्छ। तर त्यसपछि शिक्षकहरूको शक्ति क्षीण भएको कुरामा प्रायः मतैक्य पाइन्छ।

०४४ असार ११, १२ र १३ मा भएको संगठनको तेश्रो राष्ट्रिय अधिवेशनमा प्रहरीको व्यापक हस्तक्षेप भएको थियो। त्यस बेला अधिवेशनमा भाग लिन आएका सयौं प्रतिनिधिहरू पक्राउ परेका थिए। विदेशी अतिथिहरू समेत अधिवेशनमा भाग लिन नपाइ फर्कन बाध्य भएका थिए। तर अधिवेशन सम्पन्न भइकनै छाड्यो। लामो वादविवाद पश्चात भएको समझदारी अनुरूप नयाँ नेतृत्वको चयन भयो। नयाँ नेतृत्व त छनौट भयो तर केही समय पश्चात नै महासचिव युवराज शर्मा लगायत चार जना पदाधिकारीहरूले सरकारको "दुई संघ" नीतिको समर्थनमा वक्तव्य प्रकाशित गरिदिए। अवश्यक सोधपुछ र छानवीन पश्चात संगठनले चारै जनालाई कार्वाही गऱ्यो। उनीहरूलाई संगठनबाट निष्काशन गरियो। त्यसैबीच महासचिव देवी प्रसाद ओझा २६ महिनापछि रिहा हुनुभयो। ०४४ पुषमा साढे अठार महिना पछि संगठनका संस्थापक सुशील चन्द्र अमात्य पनि जेल मुक्त हुनु भयो।

०४५ असार २४, २५ मा संगठन केन्द्रीय समितिको पाँचौ विस्तारित बैठक भयो। त्यसपछि संगठन केही सुचारू ढंगले अघि बढ्न थाल्यो। ०४५ को सुरूवातमा अन्तर्राष्ट्रिय

श्रम संगठनको लेवर स्टाण्डर्ड डिपार्टमेन्टका निर्देशक र संगठनका प्रतिनिधिहरूसँग काठमाण्डौमै औपचारिक कुराकानी भयो। संगठनले ०४४ जेठ १४ र १६ मा अन्तराष्ट्रिय शिक्षक संगठन मार्फत अन्तर्राष्ट्रिय श्रम संगठनमा दायर गरेको मुद्दाका बारेमा पनि सरकारको विपक्ष मै निर्णय भयो। ०४४-४५ मा अन्तरराष्ट्रिय शिक्षक संगठनका तत्कालीन महासचिव नोरम्यान गोवल र संगठनवीच औपचारिक कुराकानी भयो। त्यसपछिका दिनहरूमा शिक्षक संगठनको अन्तर्राष्ट्रिय सम्पर्कमा पनि निकै वृद्धि भयो।

तर पंचायती सरकारको शिक्षक संगठनउपर सधै गिद्दे दृष्टि रह्यो। पेशागत संघर्षकै क्रममा कैयन शिक्षकहरूले ज्यान समेत गुमाउनु पऱ्यो। ०३७ मा वैतडीका मीनबहादुर चन्द, ०३८ मा अर्घाखाँचीका टंक भूषाल, ०३८ मा झापाका अविकेशर भारती, ०४२ मा संखुवासभाका गोविन्द दाहाल, सोही वर्ष धनुषाका रामदेव पंडित, ०४३ मा म्याग्दीका सुरेश सेर्वुजा मगरको नाम शिक्षक हकहितका निम्ति लड्दा लड्दै शहीदहरूको पंक्तिमा जोडिन पुगेको थियो। ०३६ देखि ०४६ मध्यसम्मको अवधिमा वेपत्ता पारिएका संखुवासभाका प्रा.वि. शिक्षक महेश्वर चौलागाई र नुवाकोटमा शिक्षण गरिरहेका दिलिप चौधरीको आजसम्म अत्तोपत्तो छैन। ०४६ को जनआन्दोलनको श्रीगणेश भएकै दिन तनहुँ ठोराफिर्दीका शिक्षक कृष्णप्रसाद पौडेललाई मण्डले र प्रहरीलहरूले कुटिकुटि मारेका थिए। त्यसैगरी सोही आन्दोलनको क्रममा चैत २० गते काठमाण्डौमा शिक्षण गरिरहेका लालबहादुर वमको वानेश्वरमा प्रहरीहरूको कुटपिटबाटै मृत्यु भएको थियो। त्रि.वि.वि. किर्तिपुरमा वि.एड. पढिरहेका डोटी हिड्नेकाडाँका शिक्षक ईश्वरीदत्त शर्माको ०४६ चैत १० गते भएको प्रहरीहरूको कुटपीटकै कारण ०४७ असार ५ गते निधन भएको थियो। एक अनुमान अनुसार त्यस अवधिमा मात्र दुई सय शिक्षक पदवाट वर्खास्त भएका थिए। सातसय पक्राउ परेका थिए। तिनीहरूमध्ये दुई सयलाई पन्ध्र दिन देखि २६ महिनासम्मको जेल सजाय दिइएको थियो।

अनुत्तरित प्रश्न

नेपाल राष्ट्रिय शिक्षक संगठनले पाँचौ राष्ट्रिय अधिवेशन ०५० मंसीर २२ देखि २५ गतेसम्म काठमाण्डौमा सम्पन्न गऱ्यो। सम्मेलनको पहिलो दिन शिक्षक आन्दोलनमा संलग्न पुराना शिक्षकहरूको अभिनन्दन गर्ने कार्यक्रम तय गरिएको थियो। तर अभिनन्दित तीन जना शिक्षकहरू रामजी प्रसाद शर्मा, बद्रीप्रसाद खतिवडा एवं खगेन्द्र संग्रौला मध्ये खतिवडाले शिक्षामन्त्रीको हातबाट अभिनन्दन पत्र लिन मान्नु भएन। शिक्षक संगठनका संस्थापक अध्यक्ष बदिप्रसाद खतिवडालाई ०४२ मा तत्कालीन सरकारले दुःख दिने नियतसाथ दुर्गम जिल्ला रसुवामा सरूवा गरेको थियो। त्यसपछि वहाँले आफ्नो पहिलेकै ठाउँमा फिर्ता सरूवा नगरिने हो भने जागिरबाट मुक्ति पाउँ भन्दै शर्त सहित राजिनामा दिनु भएको थियो। तर पंचायतको अवसान पछि पनि वहाँको पुनर्वहाली सम्बन्धी फाईल अघि बढ्न सकेन। संगठनको अभिनन्दन समारोहमा वहाँले भन्नु भयो -"शिक्षक संगठनले दिएको सम्मानको मैले अवहेलना गरेको होइन। तर गलत शिक्षा नीति अवलम्वन गर्ने सरकारको मन्त्रीको हातबाट म कुनै किसिमको अभिनन्दन पत्र लिन्न।" उक्त घटना वर्तमान शिक्षा नीति प्रतिको विरोध नै थियो। वस्तुतः शिक्षा नीति उपयुक्त छैन भन्ने कुरामा सरकार स्वयं पनि असहमत हुन सक्ने ठाउँ छैन। तर प्रजातन्त्रको प्राप्ती पश्चात नेपाली शिक्षकहरू बीच तीव्र विभाजन भएको छ। एउटै किसिमको पेशागत सवालमा पनि शिक्षकहरू एक हुन नसकेको कुरा दुवै संगठनका पदाधिकारीहरू स्वीकार गर्दछन्।

वाम आन्दोलन पश्चात नेकपा (एमाले) र कांग्रेस बीच भएको ०५० भदौ १ गतेको संझौताले पनि त्यही कुरोलाई दर्शाएको छ। उक्त संझौता बमोजिम शिक्षा नियमावली ०४९ उपर छलफल गरी उपयुक्त नीतिको तर्जुमा गर्न एक कार्यदलको गठन भयो। कार्यदलमा शिक्षामन्त्री, नेराशिसंका उपाध्यक्ष वेदनिधि निराला, नेपाल शिक्षक संघका अध्यक्ष देवेन्द्रराज उपाध्याय, नेपाली कांग्रेस र एमालेका प्रतिनिधिद्वय तारानाथ रानाभाट एवं देवीप्रसाद ओझा रहनु भएको छ। कार्यदलका सबै सदस्यहरू वीच जिल्ला शिक्षा अधिकारीलाई प्राप्त बढी अधिकारको कटौती हुनु पर्ने, जिल्ला शिक्षा समितिमा सांसदहरूको प्रतिनिधित्व हुनु पर्ने, मनोनितको प्रक्रियालाई हटाई चुनाव प्रक्रियाको अवलम्वन गरिनु पर्ने आदि कुरोमा मतैक्य रहेको पाइन्छ। तर हालसम्म त्यस दिशामा कुनै कदम चालिएको पाईदैन।

शिक्षक र सरकार वीचको विवाद आज पनि कायम छ। नेपाल राष्ट्रिय शिक्षक संगठनको पाँचौ राष्ट्रिय अधिवेशनमा लुम्विनी अंचल प्रतिनिधि शिक्षक खिमानन्द पन्थीले सो अंचलमा २५ जना शिक्षकहरूलाई अर्को जिल्लामा सरूवा र १२३ जनालाई अपायकमा सरूवा गरिएको कुरो बताएका थिए। पन्थीले भनेका थिए लुम्विनिका ७७ जना शिक्षकहरूलाई ज्यानमारा समेतको मुद्दामा फसाइएको थियो भने ३ जना उपर सार्वजनिक मुद्दा लगाइएको थियो। कतिपय शिक्षकको तलब रोक्का गरिएको थियो। उक्त अधिवेशनमा देशका सबै क्षेत्रका शिक्षकहरूले यसै प्रकारका समस्या उठाएका थिए।

कतिपय शिक्षकहरूका अनुसार पञ्चायतकालमा राजनीतिक प्रतिशोधका कारण अवकाशमा परेका केही शिक्षकको अद्यापी बहाली हुन सकेको छैन। पुर्नबहालीमा परेका शिक्षकहरूलाई पनि वर्खास्त अवधिको ग्रेड प्रदान गरिएको छैन। उनीहरूले त्यस अबधिको तलब भत्ता समेत पाउन सकेका छैनन्।

आम शिक्षकका अनुसार शिक्षा नियमावली ०४९ को प्रकाशन पछि शिक्षक छनौट समितिको कांग्रेसीकरण भएको छ। समितिद्वारा शिक्षक छनौटका निम्ति लिइएका परीक्षाहरूमा व्यापक धांधली भएका छन्। शिक्षक छनौटका क्रममा अनुभव, योग्यता र कार्यक्षमताको कदर गरिएको पाईदैन।

"शिक्षकहरूको बढुवाका आधारहरू पारदर्शक छैनन्। कति काम गरेवापत कति अंक पाई बढुवाको लागि योग्य हुने हो भन्ने बारे निश्चितता छैन। बढुवाका निम्ति पेशामा कर्तव्यनिष्ठ हुनुको साटो सत्ताको विश्वास प्राप्तगर्न चाकडी गर्नुपर्ने स्थितिको श्रृजना भएको छ।" संगठन पक्षीय शिक्षकहरू यस्तै गुनासो गर्दछन्।

शिक्षा संस्कृति तथा समाज कल्याण मन्त्री गोविन्दराज जोशीले समेत शिक्षकहरूकै विशाल जमघटमा भन्नु भएको छ।-"प्राज्ञिक स्वतन्त्रता र शिक्षकले राजनीति गर्न हुन्छ कि हुन्न भन्ने विषय आफै छलफलका विषय हुन्।" तर फेरी सरकारी पक्षबाट शिक्षकहरूले राजनीतिबाट एकदमै टाढा रहनु पर्ने कुरा पनि हुने गर्दछ।

बहुदलीय प्रजातन्त्रको आगमन पश्चात सरकारको ध्यान आफूतर्फ तान्न पनि नेपाली शिक्षकहरूले संघर्ष नै गर्नु परेको थियो। ०४७ जेठ ३० गते नेपाल राष्ट्रिय शिक्षक संगठनको तर्फबाट तत्कालीन अध्यक्ष देवीप्रसाद ओभा र महासचिव अग्नी प्रसाद सापकोटाले एक संयुक्त विज्ञप्ति जारी गर्दै ५ सूत्रीय माग अघि सार्नुभयो। विज्ञप्तिमा उल्लेख गरिएको थियो।- "हामीले माननीय शिक्षा मन्त्रीज्यू समक्ष शैक्षिक क्षेत्रमा चर्को रूपमा मुखरित भएका केही माग र समस्याहरू प्रस्तुतगरी तिनको समाधानका लागि पटक पटक समाधानका उपाय समेत राखी छलफल र वार्ता गरियो। तर दुःखको कुरा त्यस सम्वन्धमा सरकारी क्षेत्रबाट समयोचित ठोस प्रयत्न भएको हामीले आजसम्म महसुस गर्ने आधार र विश्वास पाउन सकेका छैनौं।" विज्ञप्तिमा लेखिएको थियो।- "बदलिंदो परिस्थितिमा सरकार स्वयंले गर्नै पर्ने र गर्न सकिने कुराहरू प्रति पनि नेपाल राष्ट्रिय शिक्षक संगठनको वार्ता र छलफलद्वारा समाधान खोज्ने विनम्र आग्रहलाई उपेक्षा गरेको खण्डमा पठन पाठनमा वाधा नपर्ने गरी ०४७ असार ७ गतेबाट केन्द्रीय अध्यक्ष देवी प्रसाद ओभा, उपाध्यक्ष वामदेव गौतम र रामचन्द्र शर्मा आमरण अनसन बस्ने समेत निर्णय लिएको कुरो विनम्र जानकारी गराउन चाहन्छौं।" भन्दै संगठनले निम्न बमोजिमको माग प्रस्तुत गरेको थियो।

- शिक्षक आन्दोलन र शिक्षक संगठनको विकास क्रममा खारेज गरिएका, अपायक सरूवा गरिएका र पञ्चायत विरोधी गतिविधिमा संलग्न भनी कावार्हीमा पारिएका सबै शिक्षकहरूको यस्ता कार्वाही रद्द गरी सम्पूर्ण शिक्षकहरूलाई यथास्थानमा पुर्नबहाली र फिर्ता गरिनु पर्छ।
- वर्षौं देखि कार्यरत अण्डरम्याट्रिक शिक्षकहरूलाई निष्काशन गरिने कार्य बन्द गरिनु पर्दछ।
- निजी तथा आवासीय विद्यालयमा कार्यरत शिक्षकहरूको पेशाको ग्यारेण्टी, तलब लगायत अन्य सुबिधाको बृद्धि तथा ग्रेड सञ्चयकोष, उपदान र निवृत्तिभरण पाउने समुचित व्यवस्था गरिनु पर्छ।
- बढ्दो महंगीको आधारमा अन्य कार्मचारी सरह शिक्षक तथा विद्यालय कर्मचारीहरूको तलब बृद्धि गरिनु पर्छ। तलब बृद्धि गरिंदा प्रा.वि., नि.मा.वि. र मा.वि. शिक्षक बीचको तलब अन्तरलाई न्यून गरिनुका साथै अविभावक माथि आर्थिक बोभ नबढाउने नीतिको तर्जुमा गरिनु पर्छ।

तर तीन दिन पछि नै सरकारसंग संभौता हुन सक्यो। ०४७ असार १० गते ५ वटै मागका सम्बन्धमा भएको सकारात्मक सहमतिमा संगठनका तत्कालीन अध्यक्ष एवं शिक्षा तथा संस्कृति मन्त्रालयका तत्कालीन अतिरिक्त सचिव डा. ईश्वरप्रसाद उपाध्यायले हस्ताक्षर गर्नु भएको थियो।

त्यस्तै नेपाल शिक्षक संघको ३ दिने सत्याग्रह कार्यक्रमपछि सरकार संघसित पनि संभौता गर्न राजी भएको थियो। शिक्षा मन्त्रालयले ०४७ असार १४ गते नेपाल शिक्षक संघलाई औपचारिक पत्र लेखी असार १७ गते विहान ११ बजे वार्ताका लागि निम्त्यायो। दुई दिनसम्म वार्ता चलेपछि १८ गते बेलुकी १६ सूत्रीय मागमा द्विपक्षीय सहमति कायम भयो।

०४७ असार १३ गते शिक्षा तथा संस्कृति मन्त्रीको उपस्थितिमा नेपाल शिक्षक संघ केन्दीय तदर्थ समितिले प्रस्तुत गरेका मागहरू बारे शिक्षा तथा संस्कृति मन्त्रालयका प्रतिनिधि र नेपाल शिक्षक संघका प्रतिनिधि, अध्यक्ष देवेन्द्रप्रसाद उपाध्याय लगायत संघका अन्य प्रतिनिधि उपाध्यक्षद्वय शुभनाथ मिश्र र मिठाराम दुःखी, महासचिव शंकरप्रसाद प्रधान र सचिव हरिविनोद अधिकारीका बीच छलफल भई निम्नलिखित संभौता भएको थियो।-

१. विद्यालय सञ्चालक समितिको यथाशीघ्र अर्को व्यवस्था हुनु पर्दछ र शिक्षा नियमावली आठौं संशोधनका अधिकांश बुंदाहरू शिक्षक हक हितका विपरीत भएकाले तुरून्त परिवर्तन गरिनु पर्दछ भन्ने सम्बन्धमा विद्यालय सञ्चालक समितिको अर्को व्यवस्था गर्ने र शिक्षा (आठौं संशोधन) नियमावलीका विभिन्न दफाहरूमा परिवर्तन वा सुधार गर्ने बारेमा मन्त्रालय सहमत भएको छ। हालै यसै परिप्रेक्षमा शिक्षा तथा संस्कृति मन्त्रालयले शिक्षा, नीति, नियम, पाठ्यक्रम पाठ्यपुस्तक आदिको सुधारबारे सुभावको लागि विभिन्न सञ्चारका माध्यमबाट सूचना प्रकाशित गरी सकिएको छ। सुभावहरू संकलन भएपछि शिक्षक प्रतिनिधि समेत भएको उपयुक्त र प्रभावकारी विद्यालय सञ्चालक समितिको गठन गर्ने नियममा आवश्यक व्यवस्था गरिने छ तर यस्तो स्थायी व्यवस्था गर्न केही समय लाग्ने हुँदा शिक्षा तथा संस्कृति मन्त्रालयले शिक्षक प्रतिनिधि समेत समावेश भएको अस्थायी विद्यालय सञ्चालक समितिको गठन गर्ने व्यवस्था मिलाउन सहमती भएको छ।

२. कार्यरत अण्डर एस.एल.सी. शिक्षकहरूलाई यथास्थानमा बहाली गरिनु पर्दछ भन्ने सम्बन्धमा कार्यरत अण्डर एस.एल.सी. शिक्षकहरूलाई सेवामा यथावत राख्ने कुराको जानकारी गराई सकिएको छ। यस्ता शिक्षकहरूको लागि योग्यता वृद्धि गर्ने व्यवस्था गरिने छ।

३. शिक्षकहरूलाई प्राविधिक कर्मचारीले पाए सरहको तलब सुविधा र तालीम भत्ता दिने व्यवस्था हुनुपर्छ। तलब र

ग्रेडमा भएको विषय भिन्नता हटाइनु पर्छ। साथै वृद्धि तलब र भत्ता श्री ५ को सरकारले अनुदानमा वृद्धि गरी पूरै व्यहोर्नु [illegible] सिफारिशसाथ अर्थ मन्त्रालयमा अनुरोध गर्ने। यस बारेमा अर्थ मन्त्रालयसंग भएको प्रगतिको जानकारी एक महिना भित्र दिइने छ।

४. विद्यालयका विद्यार्थीहरूको अनुपातमा सबै तहका विद्यालयहरूमा प्रशासकीय कर्मचारीको दरबन्दी व्यवस्था र शिक्षकको पेशागत सुरक्षा हुनुपर्दछ भन्ने सम्बन्धमा यसको विस्तृत अध्ययन गरी सिफारिश पेश गर्न अध्ययन समिति गठन गरिने छ।

५. प्रा.वि.मा प्र.अ. पदको व्यवस्था गरिनु पर्दछ र समुचित मसलन्द स्वर्चको व्यवस्थाका साथै पियनको व्यवस्था हुनु पर्दछ भन्ने सम्बन्धमा प्राथमिक विद्यालयमा प्रधान अध्यापक पदको व्यवस्था गर्न मन्त्रालय सहमत भएको छ। समुचित मसलन्द स्वर्च तथा पियनको व्यवस्था गर्ने सम्बन्धमा पनि अर्थ मन्त्रालयमा सिफारिशसाथ अनुरोध गरी पठाउने।

६. विभिन्न तहका विद्यालयलाई दिइने अनुदान शतप्रतिशत गराउँदै क्रमिक रूपबाट माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गराउँदै लैजाने व्यवस्था हुनु पर्छ भन्ने सम्बन्धमा माथि नं. ४ बमोजिम गरिने छ।

७. विगत २०१७ साल देखि राजनीतिक प्रतिशोधको आधारमा स्वारेजी र सरूवामा परेका शिक्षकहरूलाई यथास्थानमा पुनर्वहाली गरिनु पर्दछ भन्ने सम्बन्धमा ०१७ सालदेखि राजनीतिक प्रतिशोधको आधारमा स्वारेजी र सरूवामा परेका शिक्षकहरूको विवरण संकलन गरी ३ महिना भित्र नियमपूर्वक पुनर्वहाली गरिने छ। विवरण संकलन गर्दा ने.शि.संघ समेतको सहयोग लिइने छ।

८. पाठ्यक्रम पाठ्यपुस्तक निर्माण तथा सुधारका लागि अनुभवी विषय शिक्षकहरू समावेश गराइनु पर्दछ भन्ने सम्बन्धमा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण तथा सुधार कार्यमा अनुभवी विषय शिक्षकहरू समावेश गर्नमा मन्त्रालय सहमत भएको छ।

९. शिक्षकहरूलाई विषयगत तालीम र उच्च शिक्षाको अवसर दिइनु पर्दछ भन्ने सम्बन्धमा शिक्षकहरूको पेशागत विकासका लागि तालीम र उच्च शिक्षा अत्यन्त नै महत्वपूर्ण विषय भएको हुँदा यस अनुसारको व्यवस्था गर्दै जान शिक्षा तथा संस्कृति मन्त्रालय सहमत भएको छ।

१०. निजी तथा आवासीय विद्यालयहरूको बारे सरकारले स्पष्ट नीति निर्धारण गरी संस्थागत रूपबाट विकास गराउने प्रक्रिया चलाउनु पर्दछ, निजी तथा आवासीय विद्यालयका शिक्षकहरूलाई साधारण विद्यालयका शिक्षकहरूले पाउने सुविधाबाट (सञ्चयकोष, उपदान, निवृत्तिभरण आदि) कम नहुने गरी सुविधा दिई सेवारत गराउने व्यवस्था हुनु पर्दछ र निजी तथा आवासीय विद्यालयका शिक्षक र साधारण विद्यालयका शिक्षकहरूलाई साधारण विद्यालयका शिक्षक निजी [illegible] समान दरबन्दीमा सरूवा हुन पाउने व्यवस्था हुनु पर्दछ भन्ने सम्बन्धमा निजी (प्रस्तावित समेत) तथा आवासीय विद्यालयहरूको स्वीकृत, सञ्चालन, व्यवस्थापन, शिक्षक सरूवा तथा सुविधाहरू बारे अध्ययन गरी उपयुक्त तथा स्पष्ट नीतिको तर्जुमा गर्न विशेष ध्यान दिइनेछ। यसको लागि ने.शि.सं. समेतको प्रतिनिधि रहेको अध्ययन समिति एक महिना भित्र गठन गरिनेछ।

११. वर्तमान सन्दर्भमा एक वर्ष अस्थायी रूपमा काम गरी सकेका सबै किसिमका विद्यालयहरूका शिक्षकहरू स्वतः स्थायी हुनु पर्दछ भन्ने सम्बन्धमा एक शैक्षिक सत्र भन्दा बढी काम गरेका अस्थायी शिक्षकहरूलाई आवश्यक प्रक्रिया पूरा गरी नयाँ शैक्षिक सत्रको पूर्वार्धसम्ममा स्थायी गरिने छ।

१२. शैक्षिक स्तर वृद्धिलाई ध्यानमा राखी कुनै पनि कक्षामा बढीमा ४० जना भन्दा बढी विद्यार्थी नराख्ने व्यवस्था हुनुपर्दछ भन्ने सम्बन्धमा प्राथमिक तहमा यस अनुरूपको नीति तर्जुमा भै व्यवस्था समेत भैसकेको छ। माथिल्लो तहको विद्यालयहरूमा पनि यसै अनुरूपको व्यवस्था गर्न नयाँ नीति तर्जुमा गर्दा ध्यान दिइने छ।

उपरोक्त संझौताको कार्यान्वयन गराउन र तलबमान बारे प्रष्ट किटान गराउन ०४७ साउन ३०, ३१, ३२ र भदौ १ गते संघले शिक्षा मन्त्रालयको प्राङ्गणमा सत्याग्रह पनि गरेको थियो। करीब-करीब त्यस्तै त्यस्तै मागका साथ संगठनले पनि आन्दोलन गरेको थियो। सरकारले दुबै शिक्षक संगठनसंग उस्तै उस्तै संझौता गरेको थियो।

तर केही समय पश्चात नै शिक्षकहरू पुनः ठगिएको चर्चा हुन थाल्यो। फेरी सहमतिउपर कार्वाही भएन। अन्ततः ०४७ पुष ५ गते शिक्षक संगठनले शिक्षा मन्त्रालयमा पुनः २० सूत्रीय मागका साथ ज्ञापन-पत्र पेश गऱ्यो। अनि मागका सम्बन्धमा छलफल गर्न पुष १० गते सम्मको अल्टिमेटम दियो। त्यस अवधिसम्म सरकारका तर्फबाट जवाफ नआए पश्चात पुष ११ गते देखि पुनः संघर्षको सुरूवात भयो। संघर्षलाई रोक्न सरकारले विविध प्रयास गऱ्यो। तर संघर्ष त्यसबेला मात्र रोकियो जब सोही महिनाको २१ गते संगठन र शिक्षा मन्त्रलय वीच २० वुंदे सहमति कायम भयो।

समष्टिमा भन्नु पर्दा शिक्षकहरू संझौता संघर्ष संझौता गर्दै अघि बढी रहेका छन् यस्तो। प्रक्रिया आज पनि कायम छ। अनि सर्वथा अनुत्तरित प्रश्न यही छ - नेपालको सरकार शिक्षकहरूसंग लुकामारी स्वेल्ने क्रम कहिलेसम्म जारी राख्न चाहन्छ। नेपाली शिक्षकहरू आज पनि ०५० भदौ १ गतेको संझौताको कार्यन्वयन पक्षलाई पर्खेर बसी रहेका छन्। ❑

अनुसूची ४

नेपालमा ट्रेड युनियन आन्दोलन र मानवअधिकार

१. पृष्ठभूमि

मानिसका आवश्यकताहरू पूरा गर्ने क्रममा श्रमको मुख्य स्थान रही आएको छ, तर श्रमको उचित मूल्यांकन गर्ने काममा भने मानव समाजमा शुरूदेखि नै कमजोरीहरू देखा परे। त्यही मानवीय कमजोरीले मानिसका बीचमा थुप्रै भेदहरू पैदा गऱ्यो। आर्थिक क्षेत्रको यस भेदले समाजमा वर्ग र वर्गीयद्वन्द बढ्न थाल्यो। आवस्यकताका वस्तुहरू बनाउने, बाँड्ने वा साटफेर गर्ने क्रमबाट अघिबढेको सरल माल उत्पादन प्रकृयाले संगठित ब्यापार-ब्यवसाय र औद्योगीकरणलाई हुर्कायो। यसरी हुर्केका व्यावसायिक मानिसहरूको पद्धतिले आफ्ना पेशागत समस्याबाट मुक्ति पाउन समूह निर्माण गर्न थाले।

व्यावसायिक रूपमा स्थाई वा अस्थाई रूपले संगठित मानिसहरूको समूह वस्तुविनिमिय र पूंजीपरकतामा भन्दा श्रममा आश्रित हुनपुग्यो। तर श्रमको क्षेत्रमा लागेका मानिसहरूलाई मानवीय मर्यादा प्रदान गर्नुभन्दा उत्पादन साधनका मालिकहरूले अतिरिक्त शोषण दोहन गर्न थाले। श्रमजीविहरूको जीवन समृद्ध बन्नुको उल्टो बाँच्नै मुस्किल हुने अवस्थामा भर्न पुग्यो। फलत श्रमको क्षेत्रमा लागेका मानिसहरू पनि संगठित हुनथाले। आफ्नो हितका निम्ति कारखाना स्तरमा, राष्ट्रिय तहमा र अन्तर्राष्ट्रिय रूपमा समेत मजदूरहरू संगठित बन्ने क्रममा ट्रेडयुनियन आन्दोलनको थालनी भयो।

२. ट्रेड युनियन भनेको के हो ?

ट्रेडयुनियनलाई कारखाना मालिकसंग सौदावाजी गर्न बनाएको संस्था, मजदूर हकहितको रक्षा र सम्बर्धनका निम्ति संगठित समूह र एउटै आर्थिक स्तर वा पेशागत परिधिमा रहेका विचारबद्ध मानिसहरूको पद्धति भन्दै ब्याख्या गरिएको भए पनि मजदूरहरूको हितरक्षाका निम्ति संगठित रूपमा सौदावाजी गर्ने वा संघर्ष चलाउने, अतिरिक्त श्रमको शोषण घटाउने र औद्योगिक शान्ति बढाउने संस्थाको रूपमा नै यो हुर्किएको छ। आधुनिक विश्व समाजमा ट्रेडयुनियनलाई वैधता प्रदान गराउन मजदूर वर्गले भण्डै एकसय वर्ष लड्नु परेको ऐतिहासिक तथ्य हाम्रा सामु छ।

३. ट्रेड युनियन आन्दोलनको विश्व-इतिहास

• बेलायतका रबर्ट ओवेन र फ्रान्सका डानियल ले ग्राण्ड जस्ता उदारदिलका उद्योगपति, मार्क्स एंगेल्स जस्ता मानवतावादी विचारक एवं अल्वर्ट पार्सन्स, एडोल्फ फिस्चर जस्ता बलिदानी मजदूरले ट्रेडयुनियन आन्दोलनलाई नयाँ दिशा र शक्ति प्रदान गर्दै हुर्काए। आफ्नो समयमा युरोपका सर्वाधिक लोकप्रिय व्यक्तित्वका रूपमा परिचित वेलायतका रबर्ट ओवेन (१७७१-१८५८ ई) ले बाल मजदूरलाई पढ्ने अवसर प्रदान गर्न परोपकार स्कूल चलाउने, मजदूरलाई राम्रोसंग जीविका चल्नेगरी ज्याला वृद्धि गर्ने, कारखाना वन्द भएपनि तलव दिने र निर्धारित समयमा मात्र काम गराउने नियम संसदबाट पास गराएका थिए। ओवेनले एक्स ला चेपेल अधिवेशनमा (१८१४ ई) पनि आफ्नो विचार अघि सारे र उनले नै सबभन्दा पहिले १८३३ ई मा मजदूरहरूको महासम्मेलन पनि आयोजना गरे। संभवत त्यहींदेखि नै संगठीत मजदूर आन्दोलनको थालनी भयो र ट्रेडयुनियनहरू गठन हुन थाले। तर पछि पूँजीपति वर्गको व्यापक विरोधबाट उनी हच्किए, तैपनि उनका यी कामहरूले चार्टिष्ट आन्दोलनका नरमपन्थी विलियम लोभेट र गरमपंथी फर्गुस ओकनर जस्ता दुबैथरी नेताहरूलाई समेत प्रेरणा र प्रभाव प्रदान गऱ्यो। ई १८३६ मा गठन भएको लण्डन मजदूर संघले उमेर पुगेका सबै नागरिकले चुनावमा भागलिन पाउनु पर्छ, कामको समय आठ घण्टा निश्चित गरिनुपर्छ, "बेकारीदर" र "कामदारघर" समाप्त पारिनु पर्छ, बालश्रमलाई निषेध गरिनुपर्छ, खेतीपातीमा लागेका मजदूर सहित सबैको ज्याला बृद्धि हुनुपर्छ र जग्गाको स्वामित्व राज्यको हुनुपर्छ भन्ने छ सुत्रीय मागहरू पूरा गराउन १८३९ देखि १८४८ सम्म संचालन गरेको हस्ताक्षर आन्दोलनलाई नै चार्टिष्ट आन्दोलन भनिन्छ। पहिलो पल्ट १२ लाखले दस्तखत गरेको त्यो मागपत्र संसदमा पेश गरेर पनि केही सुनवाई नभए पछि १८४२ मा फेरी ३३ लाखले सही गरी माग पेश गरियो तर पनि सुनवाई भएन। मजदूर एवं सर्वसाधारण जनता सहित १८४८ मा पुनः ५७ लाखले हस्ताक्षर गरी ती मागहरू संसदमा पुऱ्याइयो। वेलायती सरकारले ती माग पूरा गर्नुको बदला व्यापक दमन चलाउँदै सैनिक तैनाथ गऱ्यो। ठाउँठाउँमा सेना र मजदूर बीच भिडन्त भयो, थुप्रै मानिस मारिए। ठीक यही वेला फ्रान्समा दोश्रो गणतन्त्र स्थापना भएको थियो तर त्यसले पनि मजदूरका मागलाई वेवास्ता गऱ्यो। संघर्षका यिनै तानातान वीच मार्क्स-एंगेल्सले मजदूरहरूको विश्वविख्यात घोषणा पत्र तयार पार्नु भयो। विश्वका १७३ भाषामा रूपान्तर भै सकेको त्यस घोषणापत्रलाई "कम्युनिष्ट-घोषणापत्र" भनिन्छ।

यही घोषणापत्रको प्रभाव स्वरूप फ्रेन्च क्रान्तिको इतिहासमा तेस्रो गणतान्त्रिक संघर्ष चर्कियो र पेरीसमा पहिलो पल्ट मजदूरहरूको आफ्नै राज्य-सरकार गठन भयो। ई १८७१ मार्च २८ मा गठित सो सरकारलाई पेरिस कम्युन

भनियो। त्यसले सबै राजवन्दी रिहा गऱ्यो। परंपरागत स्थाई सेनाको सट्टा जनमिलिसिया बनायो। चर्चलाई राज्यबाट अलग राख्ने र त्यसको संपत्ति राष्ट्रियकरण गर्ने काम गऱ्यो। नेपोलियनको स्मारक ढाल्यो। मजदूरलाई राति काम गराउन नपाइने, समान कामको समान ज्याला, निःशुल्क शिक्षा, स्वतन्त्र न्यायपालिका, वालिग मताधिकार एवं जनप्रतिनिधिहरू मतदाता प्रति उत्तरदायी हुने र मतदाताले प्रत्याव्हान गरे फर्कनु पर्ने नियम बन्यो। तर त्यो सरकारलाई तत्कालिन वैभवशालीहरूले टिक्न दिएनन्। थियरले जर्मन सेनाको सहायता लिई पेरिसमा ठूलो आक्रमण गरे, ३५ हजार नागरिकको ज्यान गयो। पचास हजार पक्राउमा परे र थुप्रै निर्वासित भए। तर पनि मजदूर आन्दोलन जारी रहयो र त्यो युरोपबाट अमेरिकातिर सऱ्यो।

अमेरिकामा १८८६ मा सिकागो विद्रोह भयो। त्यसको पृष्ठभूमिमा अमेरिकी ट्रेडयुनियन र क्यानाडाली ट्रेडयुनियनको संयुक्त महासंघ थियो। १८८४ मा भएको क्यानडा र अमेरिकाका मजदूरहरूको संयुक्त अधिवेशनले १८८६ मई १ देखि दुवै देशमा आठ घण्टे कार्यकाल लागु हुनै पर्ने घोषणा गऱ्यो र त्यसो नगरिने संभावनालाई ध्यानमा राखेर आन्दोलनका निम्ति तयार रहन मजदूर वर्ग, ट्रेडयुनियन संस्थाहरूलाई आव्हान पनि गऱ्यो। फलत १८८६ को शुरूबाटै मजदूर असन्तोष तीव्र हुन थाल्यो। सरकारले विपक्षमा प्रचार गर्नेदेखि दमनको तयारी गर्नेसम्मको काम व्यापक रूपमा गऱ्यो। तर मजदूरहरू निर्भीक भई ठूलो संख्यामा सडकमा ओर्लिए। सरकारले मजदूरहरूको संघर्ष दवाउन गोली प्रहार गऱ्यो। १४ जना मजदूर सभास्थल मै ठहरै भए, ४०० जना घाइते बने। पक्राउ परेका धेरै जसोलाई फाँसी दिइयो। अमेरिकी सरकारको दमनकारी कामको विश्वव्यापी निन्दा भयो र ई १८८९ मा १ मईलाई मजदूर दिवशका रूपमा मनाउने निर्णय गरियो। युरोपमा पनि मजदूरहरू संघर्षमा उत्रिन थाले पछि अन्तमा १८९३ को जुनमा अमेरिकी सरकारले "न्यायको हत्या गरेको" कुरा स्वीकार गर्दै थुनिएका मजदूरहरूलाई रिहाइ गऱ्यो, मजदूरहरूलाई लगाइएका मुद्दा फिर्ता लियो र आठ घण्टे कार्यकाललाई अपनायो। ई १८९७ को अगस्तमा १४ देशका कामदारहरूको एउटा भेला ज्यूरिखमा भयो र त्यसले मजदूरहरूको हित संरक्षण गरिनु पर्ने आवाज उठायो। मजदूरहरूको हेरचाह गर्ने अन्तर्राष्ट्रिय अड्डाको आवश्यकता दर्शायो।

कामदारहरूको जीवन दशा सुधार्ने कानूनी व्यवस्था हुनुपर्छ भन्ने फ्रान्सका उद्योगपति डानियल ले ग्राण्ड (१८७३-१८५९) ले पनि विश्व ट्रेडयुनियन आन्दोलनलाई महत्वपूर्ण टेवा दिएका छन्। उनले हरेक मुलुकको समृद्धि (Prosperity) त्यस देशका कामदारहरूको भौतिक अवस्था र नैतिकतासंग घनिष्ट रूपले जोडिएको हुन्छ तसर्थ कामको घण्टा निश्चित गर्नु, साप्ताहिक विदा दिनु, रात्री काम र अस्वस्थकर एवं खतरापूर्ण पेशालाई रोक लगाउनु, बाल श्रम निषेध गर्नु जरूरी छ भन्दै थुप्रै देशमा मजदूरको अवस्था अध्ययन गरी अन्तर्राष्ट्रिय श्रम विधि निर्माण गर्न जोड दिए। त्यसकै आधारमा पछि १८४० देखि १८५३ सम्म श्रमिक विधि निर्माण गर्न युरोपेली राष्ट्रप्रमुखलाई अपिल गरे। १९०१ मा अन्तर्राष्ट्रिय श्रमिक विधायिका संघ (International Association for Labour Legislation, IALL) को निर्माण भयो। त्यो नै मजदूरहरूको पक्षमा बोल्ने पहिलो अन्तर्राष्ट्रिय अड्डा पनि थियो। प्रथम विश्वयुद्ध पछिको पेरिस शान्ति सम्मेलनमा त्रिपक्षवादको सिद्धान्त युक्त नौ सुत्रीय "श्रमिक बडा-पत्र" (Labour Charter) अघि सारिएको थियो र त्यो नै पछि गएर आइ.एल.ओ.को निर्देशक सिद्धान्त बन्यो। यसरी वेलायतको चार्टिष्ट आन्दोलन, फ्रान्सको पेरिस कम्युन र अमेरिकाको सिकागो विद्रोह जस्ता ऐतिहासिक एवं वीरतापूर्ण मजदूर आन्दोलनले विश्व ट्रेड युनियन आन्दोलनलाई मानवीकरण गर्दै लग्यो। कम्युनिष्ट घोषणापत्रको प्रभावले युरोप, अमेरिका र एशियालाई नयाँ चेतनाले व्यूँझायो। ऐतिहासिक मजदूर संघर्षको शिक्षा लिंदै मजदूर आन्दोलनले आफ्ना सहकर्मी किसानलाई समेत ब्यूँझाउन थाल्यो। रूसमा मजदूर आन्दोलन तीब्र भयो। १९०५ मा त्यहाँ करिव तीस लाख मजदूरहरू संघर्षमा ओर्लिए। त्यसबाट त्रसित भएर जारले "फैक्ट्री कानून" बनाए। आन्दोलन अघि बढ्दै जाँदा १९१४ मा सेन्टपिटर्स वर्गलाई नै मजदूरहरूले कब्जा गरे। १९१७ को सुरूदेखि नै मजदूरहरूले शासन सत्तामा आफ्नो प्रतिनिधि रहनु पर्ने मांग उठाएर व्यापक संघर्षमा उत्रिए। जारशाहीले मजदूरहरूलाई काममा फर्कने आदेश दियो। तर मजदूरहरू मानेनन्। उनीहरूको समर्थनमा किसानहरू पनि जुर्मुराउन थाले। मार्चमा आइपुग्दा रूसी मजदूरहरूले राजधानी नै कब्जा गरे। देशभरी बिद्रोहको लहर फैलियो। जारशाही शासन ढल्यो र केरेन्स्कीको नेतृत्वमा पूंजीवादी सरकार बन्यो। सत्तामा मजदूरवर्गको हिस्सेदारी रहेन। फलतः संघर्ष जारी रह्यो र लेनिनको नेतृत्वमा सामाजिक जनवादी मजदूर पार्टीले उनीहरूलाई नेतृत्व प्रदान गऱ्यो। अन्तमा १९१७ को विश्व विख्यात अक्टुवर क्रान्ति सम्पन्न गर्दै रूसमा मजदूरवर्गको आफ्नै राज्यसत्ता कायम भयो। जसको प्रभावस्वरूप प्रथम विश्वयुद्ध पछि १९१९ मा भएको पेरिस शान्ति सम्मेलनले मजदूर हितको प्रश्नलाई सरकारी स्तरमा स्वीकार्न बाध्य भयो र अन्तर्राष्ट्रिय श्रम विधायिका वारे एउटा आयोग नै गठन गऱ्यो।

४. अन्तर्राष्ट्रिय श्रम संगठन र मानवअधिकार

कामदार, रोजगारदाता र सरकारको मध्यस्ततामा मजदूरलाई संगठन स्वतन्त्रता, सामुहिक लेनदेन, तालिम र उन्नतिको अवसर स्वास्थ्य रक्षा र सुरक्षाको प्रत्याभूति एवं नारी पुरूष समानता जस्ता कुराहरूलाई स्वीकार गरेर अघि बढ्ने क्रममा नै ट्रेड युनियन आन्दोलनले अन्तराष्ट्रिय आकार ग्रहण गऱ्यो। श्रमिक वडापत्रमा उल्लेखित - १. मजदूरहरू वस्तु विनिमयका माल होइनन्, २. उनीहरूले संगठन स्वतन्त्रता पाउनु पर्छ, ३. राम्ररी जीविका चल्ने ज्याला हुनुपर्छ, ४. प्रतिदिन ८ घण्टा वा हप्तामा ४८ घण्टा मात्र काम गराइनु पर्छ, ५. साप्ताहिक विदा कम्तिमा एक दिनको हुनुपर्छ, ६. बाल श्रमलाई

निषेधित गरिनु पर्छ, ७. समान कामको समान ज्याला दिइनु पर्छ, ८. आप्रवासी र स्वदेशी मजदूरमा तलब फरक गर्नु हुँदैन, ९. मजदूरहितलाई कानूनी प्रत्याभूति हुनु पर्छ भन्ने नौ सुत्रीय सिद्धान्त स्वीकार्दै १९१९ मैं अन्तर्राष्ट्रिय श्रम संगठन (आइ.एल.ओ) बन्यो। मानवअधिकारको अवधारणा बलियो बन्दै गएपछि यसले पनि मजदूर हितको रक्षाको निम्ति आवाज उठायो। संयुक्त राष्ट्र संघद्वारा अनुवन्धित मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा २३ मा यसबारे सुष्पष्टै उल्लेख गरियो र कामको समय निर्धारित हुनुपर्ने, बालश्रमलाई रोक लगाउने, समान कामको समान ज्याला दिने, सामाजिक सुरक्षा प्रदान गर्ने र रोजगारीको निस्चितता रहनुपर्ने जस्ता कुराहरूलाई सम्बद्ध राष्ट्र एवं सरकारले पालन गर्नुपर्ने भयो। यसबाट मानवअधिकार र ट्रेड युनियन आन्दोलनको साइनो गाढा भयो।

आज विश्व ट्रेडयुनियन आन्दोलनलाई राष्ट्रसंघले मात्र हैन कतिपय राष्ट्रिय सरकारहरूले समेत वैधता प्रदान गरेका छन्। आई.एल.ओ. ले मानव श्रमको समुचित मूल्या°न हुनुपर्ने, श्रमिकहरूको किनवेच हुन नहुने, वलजफ्ती काममा लगाउन नपाइने, कारखाना ब्यवस्थापनमा मजदूर सहभागिता रहनुपर्ने, संगठन स्वतन्त्रता दिइनु पर्ने, सामुहिक सौदावाजीको अवसर दिनुपर्ने जस्ता कुराहरू गर्दै नागरिकहरूले उपभोग गर्ने सम्पूर्ण मानवअधिकार मजदूरहरूले पनि पाउने घोषणा गरेको छ। तर पनि कतिपय राष्ट्रमा मजदूरमाथि अमानवीय शोषण भइरहेको छ। दक्षिण कोरिया, थाइल्याण्ड, इन्डोनेशिया र वर्मामा सरकार समर्थकलाई मात्र ट्रेडयुनियन अधिकार प्राप्त छ। गतवर्षमा मात्रै दक्षिण कोरियामा सातहजार मजदूरहरू दमनमा परे, जसमध्ये कैयौलाई जेलनेल दिइयो। भारत, श्रीलंका, अष्ट्रेलिया र नेपाल जस्ता मुलुकमा ट्रेडयुनियन अधिकारलाई सुरक्षीत राख्नका निम्ति मजदूरहरू आन्दोलित छन्। यी मुलुकमा पनि गतवर्ष मात्रै एकलाख मजदूरलाई कामबाट हटाइयो। आज अन्तर्राष्ट्रिय लगानी बढ्दो छ तर कामदारको ज्याला बढ्दो छैन। जसले गर्दा सिमित छुट दिएर असिमित लूट मच्चाउने होड बढेको छ। त्यसैले मानवअधिकारको प्रत्याभूतिका निम्ति ट्रेडयुनियन आन्दोलन आज पनि जारी छ र यस प्रति विश्व समुदायको ध्यान गइरहेको छ।

५. नेपालमा ट्रेडयुनियन आन्दोलनको पृष्ठभूमि

ज्यालामा वा मासिक तलब लिएर अर्काको काम गर्ने कामदारहरूलाई सामान्य अर्थमा मजदूर भनिए पनि खासगरी संगठित उत्पादन वा निर्माणको क्षेत्रमा संलग्न श्रम बेची बाँच्ने मानिसलाई मजदूर भनिन्छ। कुल्ली, मजुराहा, खेताला जस्ता ज्यालादारी काम गर्ने मानिस पनि मजदूर नै हुन् तर तिनीहरू संगठित उत्पादक एकाईमा ब्यवसायिक रूपले लागेका हुँदैनन्। कारखानामा काम गर्ने मजदूरलाई औद्योगिक मजदूर भनिन्छ र तिनीहरू नियमित एवं व्यवसायिक हुन्छन्। त्यसैले पेशागत समस्याका पीडाहरूबाट ब्यूँझिएको ट्रेडयुनियन आन्दोलन वा मजदूर आन्दोलन मूलत औद्योगिक, व्यावसायिक रहेको छ। यद्यपि नेपालको असंगठित क्षेत्रमा रहेका अनौपचारिक कामदारहरू र कृषि मजदूरको संख्या पनि निकै छ र उनीहरूले औद्योगिक मजदूरले झैं श्रमिक आन्दोलनमा उल्लेख्य गतिविधि संचालन गरेको कमै पाइए पनि ग्रामीण क्षेत्रमा कृषि मजदूरहरूले समय समयमा बनी (ज्याला) वृद्धि आन्दोलन गर्दै आएका छन्।

नेपालमा आधुनिक उद्योग र कलकारखाना शुरू भएको एक दशकपछि मात्र, (सन १९४७ तिरबाट) - व्यावसायिक रूपले मजदूर आन्दोलन शुरू भएको पाइन्छ। दोश्रो विश्वयुद्धको दौरानमा देखापरेको आर्थिक मन्दीका बेला स्थपित ती उद्योगहरूले नै नेपाली मजदूर वर्गलाई ट्रेड युनियन आन्दोलनको विश्व प्रवाहसँग गाँस्ने अवसर प्रदान गऱ्यो। राणाशाहीको त्यसकालमा प्राय सबै नेपाली जनता मौलिक अधिकारबाट बञ्चित भए जस्तै नेपाली मजदूरहरू पनि मानवअधिकार विहीन थिए। यद्यपि छिमेकी देश भारत र चीनमा चलिरहेका स्वाधिनता र स्वतन्त्रता संग्रामहरूले नेपाली समाजलाई ब्यूँझाई रहेको थियो र विश्व ट्रेडयुनियन आन्दोलनको त्यही सफलताबाट नेपाली मजदूर पनि ब्यूँझदै थिए।

६. ट्रेडयुनियन आन्दोलनको नेपाली-इतिहास

औद्योगिक मजदूरको सन्दर्भमा कुरा गर्दा नेपाली इतिहासको पहिलो मजदूर आन्दोलन विराटनगरको जुट मिलबाट शुरू भएको पाइन्छ। राणाशाहीका बेला भएको त्यस आन्दोलनले मजदूर हकहितका कुरासँगै मानवअधिकारका बारेमा पनि आवाज उठायो। फलतः त्यसका अगुवाहरू पनि समकालिन विचारधारात्मक विभाजनद्वारा प्रभावित भए। यद्यपि मजदूरलाई संगठित गर्ने संस्थाको नामदेखि कामसम्मका यावत् सवालहरूमा भिन्नतै भिन्नता ल्याउनु उचित हुँदैन, राणाशाहीका विरूद्ध र मानवअधिकारको प्राप्तिका निम्ति एक भएरै लड्नु पर्छ भन्ने धारणाले गर्दा कम्युनिष्ट विचारधाराबाट प्रभावित अखिल नेपाल ट्रेडयुनियन कंग्रेस एवं भारतीय सोसलिष्ट पार्टीद्वारा प्रभावित मजदूर सभाका पक्षधर वीच तात्कालिक सहमति कामय गरी आन्दोलन अघि बढ्यो। राणाशाहीले आन्दोलनका नेता भनी वी.पी. कोइराला, मनमोहन अधिकारी, गिरिजा प्रसाद कोइराला, नैनलाल बोहरा आदिलाई पक्राउ गऱ्यो। १९५० मा राणाशाही ढल्यो र दिल्ली संझौता मार्फत नेपाली कांग्रेसको अन्तरिम सरकार बन्यो। मजदूरहरूले दिल्ली संझौताको आलोचना गरे, समर्थन गरेनन्। थुप्रै नेपालीहरू दिल्ली संझौताको विरोधमा खडा भए। सरकारले मजदूर वीच आफ्नो प्रभाव र पकड राख्ने हेतुले अखिल नेपाल ट्रेड युनियन कांग्रेसलाई परोक्ष रोक लगायो र विराटनगर मजदूर सभा नामक संस्था बनायो तर त्यसमा पनि आन्दोलनकारीहरूकै प्रभुत्व कामय हुनपुग्यो र मजदूर हकहितमा कानून बनाइनु पर्ने आवाज उठाउँदै पुनः हडताल भयो। मजदूर सभामा पराजित पक्षले मने विराटनगर मिल मजदूर संघ नामक अर्को संस्था बनायो र सरकारी आडमा ट्रेडयुनियनका अगुवाहरूमाथि आक्रमण गऱ्यो। १९५१ सम्म आइपुग्दा नपुग्दै कम्युनिष्ट पार्टी प्रतिवन्धित भयो। विभिन्न पार्टी र ट्रेडयुनियनहरू समेत मिलेर बनेको संयुक्त जनतान्त्रिक मोर्चा गठन भयो। त्यस मोर्चाको प्रमुख

घटकअखिल नेपाल ट्रेडयुनियन कांग्रेस थियो। पछि अरू युनियनहरू निष्क्रिय भई बिलाए तर अखिल नेपाल ट्रेडयुनियन कांग्रेस भने क्रियाशील रह्यो। त्यसका तत्कालिन नेताहरूमा पंचानन्द दास (जसले सात सालको क्रान्तिमा ट्याक्टरलाई टैंक बनाउने ऐतिहासिक काम गरेका थिए), मनमोहन अधिकारी, नरबहादुर कर्माचार्य, दिनेश दुवे, बंशीधरलाल दास, डिवी राई, नैनलाल वोहरा, अयोध्या सिंह, महेशप्रसाद उपाध्याय आदि व्यक्तिहरू उल्लेख्य छन्। जसको पहलमा १९५१ मैं पुन विराटनगरमा मजदूर आन्दोलन भयो। संघर्षमा ९ जनाको मृत्यु भयो र ५१ जना घाइते भए। त्यसै वर्ष वीरगंजमा ज्याला वृद्धिको मांग राखी गरिएको संघर्षमा ५ जना मजदूर मरे, १२५ घाइते भए तर पनि मजदूर आन्दोलन मरेन। सन् १९५३ मा आएर त्यसले नै विश्व मजदूर महासंघको सदस्य भइ नेपाली ट्रेडयुनियन आन्दोलनलाई अन्तर्राष्ट्रिय प्रवाहसंगै गतिशील बनाउन पुग्यो।

७. ट्रेडयुनियन गतिविधि अवैध घोषित

ई १९६० मा पञ्चायतको प्रादुर्भावसंगै ट्रेडयुनियन आन्दोलनको प्रगति अवरूद्ध भयो। संगठन स्वतन्त्रता कुण्ठित भयो र विचार वा आस्थाको अभिव्यक्ति पनि खुलारूपमा व्यक्त गर्न सकिने अवस्था रहेन। स्थितिको यस प्रतिकूलताले दलगत क्रियाकलापहरू भूमिगत भए र ट्रेडयुनियन आन्दोलन पनि गुप्त कार्यकलापमा सांगुरियो। पञ्चायती सत्ताले विचार वा आस्थामा बाँधिएका सबै संघसंस्थालाई रोक लगायो। अन्तर्राष्ट्रिय जगतलाई भ्रान्ति बाँड्न सत्ता समर्थकहरूको नेपाल मजदूर संगठन नामक "वर्गिय संगठन" बनाएको भए पनि त्यसले न त नेपाली ट्रेडयुनियन आन्दोलनलाई न मानवअधिकार आन्दोलनलाई कुनै टेवा दियो। बरू त्यो मानवअधिकारको माग गर्ने, ट्रेडयुनियनको माग गर्ने मजदूरहरूको विरूद्धमा क्रियाशिल रह्यो। त्यति भएर पनि भित्र भित्रै जन असन्तोष बढ्दो थियो। मजदूरहरू व्यावसायिक एकतामा आवद्ध बन्दै थिए। फलतः १९७९ को राष्ट्रव्यापी संघर्ष पछि ट्रेडयुनियन आन्दोलन पुनः तीव्रता साथ अघि बढ्यो। विभिन्न पेशागत मजदूर युनियनहरू बने। र ती सबै मिलेर १९८९ जुलाई २० मा नेपाल ट्रेड युनियन महासंघ-जीफन्ट (General Federation of Nepalese Trade Unions) बन्यो। त्यसले आफूलाई अखिल नेपाल ट्रेड युनियन कंग्रेसको उत्तराधिकारी बतायो। मूलतः क्रन्तिकारी विचारधाराबाट प्रेरित यो संस्था सम्पूर्ण मजदूरहरूको साझा मंचका रूपमा अघि बढ्यो। वाम-प्रजातान्त्रिक विचारधारा भित्र विद्यमान विभाजित स्थितिले मजदूरहरूलाई पनि गाँज्दै लग्यो। तर पनि नेपाली ट्रेडयुनियन आन्दोलन मूलतः दुई धारामा सिमित रह्यो।

पञ्चायतकालिन अवधिका रूपमा रहेको यस चरणमा ट्रेडयुनियन आन्दोलनले पेशागत हित सम्वर्धन गर्ने मागहरूका अतिरिक्त मानवअधिकारका थुप्रै विषयलाई आफ्ना मांग र नाराको रूपमा अघि सार्‍यो। ई. १९९० को राष्ट्रव्यापी जनसंघर्ष अघि नेपाली जनइच्छाको अभिव्यक्ति मूलतः व्यावसायिक संघर्षहरू मार्फत हुने गर्दथ्यो। चाहे विद्यार्थी अथवा शिक्षक हुन् चाहे मजदूर वा किसानहरू उनीहरूले आफ्ना माग संगसंगै धेरथोर मात्रामा मानवअधिकारका, राजनैतिक, आर्थिक, मागहरू अघि सारेर आन्दोलन संचालन गर्दथे। यस अवधिमा मजदूरहरूले कारखाना यातायात, उद्योग, होटल र चियावगान जस्ता क्षेत्रमा पचासौं संघर्ष संचालन गरे। ज्याला एवं सुविधा बृद्धि, संगठन स्वतन्त्रता, पुनर्वहालीका माँगहरू लिएर गरिएका ती आन्दोलनका सिलसिलामा ८५५ जना मजदूरहरू निष्काशनमा परे। चार जनालाई जेल यातना दिइयो, थुप्रै घाइते भए र दुई जना मारिए।

८. स्वतन्त्र ट्रेडयुनियनको पुनर्स्थापना

दलीय व्यवस्थाको स्थापनाले नेपाली मजदूर वर्गलाई पनि नयाँ आशामा व्यूँझायो। अन्तराष्ट्रिय श्रम संगठनका अधारभूत मान्यता, मानवअधिकारको विश्वव्यापी घोषणा र नेपाली मजदूरको दीर्घकालिन मागहरूलाई समेत ध्यानमा राखेर ऐन कानून र विधि व्यवहारमा फेरवदल आउने अपेक्षा उनीहरूको थियो। तर जन आन्दोलनको सफलता पछि प्राप्त परिपाटीले ती अपेक्षाहरू पूरा गर्न सकेको छैन। १९९१-९२ का दुइ वर्षमा छत्तिसवटा प्रतिनिधि मजदूर संघर्षहरू भए। त्यसमध्ये प्रजातन्त्र प्राप्तिका निम्ति जनआन्दोलनमा सामेल हुने, त्यसक्रममा निरंकुशतन्त्रले गरेका जनहत्याको विरोधमा राष्ट्रव्यापी चक्काजाम गर्ने जस्ता राजनैतिक संघर्ष वाहेक पनि पेशागत हकहितका आर्थिक मागहरू, सुरक्षा र सुविधा बृद्धि गर्ने र व्यवस्थापनमा सामयिक सुधार गर्ने मागहरू मुख्य रहेका छन्। वहुदल प्राप्ति पछि दलगत वैचारिक विभाजन अनुरूप थुप्रै ट्रेडयुनियनहरू देखा परे। पंचायती कालमा १९७९ को आन्दोलन अघि गुप्त र त्यस पछि अर्धगुप्त ढंगले आफ्ना संवद्ध संगठनहरू निर्माण र बिस्तार गर्दै आएको नेपाल ट्रेड युनियन महासंघ-जीफन्टले राष्ट्रिय अधिवेशन गरी संगठन सुदृढ गर्‍यो भने प्रारम्भमा मजदूर सभाको विवाद उठाउनेहरूले नेपाल ट्रेडयुनियन कंग्रेसका नाममा आफूलाई पुन संगठित गरे। बहुदलको पुनर्स्थापनापछि पनि नेपाली मजदूरले त्रिपक्षीय कुराकानीको माध्यमबाट आफ्ना अधिकार प्राप्ती नहुनाले हड्ताल, तालावन्दी र घेराउ जस्ता संघर्षका तरीकाहरू नै अपनाउनु पर्‍यो। त्यसक्रममा ४३५ जना मजदूरले अनसन बसे, १४५ जना मजदूरलाई कामबाट निकालियो र निकालिएका मध्ये २२ जनालाई मात्र पुनर्वहाली गरियो। त्यस तथ्यांकले ट्रेडयुनियन आन्दोलनका सन्दर्भमा मानवअधिकारको प्रत्याभूति हुन अझै बाँकी रहेको छर्लङ्गयाउँछ। यद्यपि अन्तरिमकालको यस अवधिमा मजदूरका धेरै मागहरू पूरा गरिए। संगठन स्वतन्त्रताको प्रत्याभूति गरियो। मानवअधिकारको उपभोगमा सुधार आएको छ तर पनि काम पाउने अधिकारबाट थुप्रै नेपालीहरू अझै पनि वञ्चित छन्। मानवअधिकारको विश्वव्यापी घोषणालाई अनुमोदन गरे पनि सरकारले मजदूरलाई कानूनी संरक्षण दिन कन्जुस्यांई गरेको, विदेशी कामदार राख्ने छुट पूंजीपतिलाई दिएको र कानूनी व्यवस्था भइसकेका

कुराहरूलाई समेत व्यवहारमा अपनाउन जोड नदिएको वा व्यवहारमा लागु नगरेको दावी मजदूर क्षेत्रमा छँदैछ। यद्यपि हालै सर्वोच्च अदालतले श्रम ऐन २०४८ मा उल्लेख गरिएको "नेपाली मजदूरलाई प्राथमिकता दिनु पर्ने" भन्ने प्रावधानलाई संविधानसंग बाझेको भनी बदर गरिदिएको छ। यसले नेपाली मजदूरलाई विदेशी मजदूरसंगको प्रतिस्पर्धाबाट संरक्षण गरेको छ र संविधानको रक्षा गर्दै नेपाली मजदूरहरूको भावनालाई समेत अभिव्यक्त गरेको छ।

अहिले नेपालमा सक्रिय ट्रेड युनियनहरू मध्ये मुख्यतः २ वटा ट्रेड युनियनहरू प्रभावशाली देखिएका छन्, सत्ताधारी नेपाली कांग्रेस समर्थक नेपाल ट्रेड युनियन कांग्रेस र प्रमुख प्रतिपक्ष एमाले समर्थक ट्रेड युनियन महासंघ (जीफन्ट)। निजामती र संस्थानका कर्मचारीहरूका संगठनहरू र विद्यालयका शिक्षक संगठनहरू पनि प्रजातन्त्रवादी र वामपन्थी गरी दुई धारमा विभाजित छन्। नेपाल ट्रेड युनियन कांग्रेसले कर्मचारी, शिक्षक, प्राध्यापक समेत आफ्नो संगठनसंग आबद्ध रहेका छन् भनी दावी गर्ने गरेको छ। जीफन्टमा भने उत्पादनका काममा प्रत्यक्ष संलग्न श्रमिकहरू आवद्ध रहेका पाइएको छ र कारखाना मजदूरहरूको बहुसंख्या यससंग सम्बद्ध युनियनहरूमा आवद्ध रहेका छन्।

९. मजदूर ऐनको विकासक्रम र मानवअधिकार

राणाशासन कालमा नेपाली उद्योगलाई प्रवर्धन गर्ने हेतुले ई. १९३६ मा पहिलो पल्ट कम्पनी ऐन आयो र त्यसले पूंजीपतिको निम्ति उदार वातावरण प्रदान गऱ्यो। फलस्वरूप नीजी क्षेत्रमा थुप्रै उद्योगहरू स्थापित भए। औद्योगिक मजदूरहरूको संख्या पनि बढ्न थाल्यो। सात सालको क्रान्तिका दौरान मजदूरहरूले आफ्नो सामाजिक आर्थिक अधिकारका बारेमा थप जानकारी पाए। उनीहरूले मजदूर युनियन बनाउँदै आफ्नो पेशागत हितका कुराहरू उठाए। २०१५ सालको आम निर्वाचनमा कम्युनिष्ट पार्टीलाई समर्थन गर्न पुगे। त्यस अवधिसम्म उद्यमीहरू र मजदूर बीचको सम्बन्धलाई सन्तुलित राख्ने, उनीहरू बीच उठ्ने विभिन्न समस्यालाई निराकरण गर्ने र मजदूरहरूको सुविधा र सुरक्षाको प्रत्याभूति गर्ने कुनै विधि-व्यवस्था थिएन। त्यसै स्थितिमा १९५९ मा पहिलो पल्ट "नेपाल कारखाना तथा कारखाना मजदूर सम्बन्धी ऐन" बन्यो। त्यसै ऐनका आधारमा १९६२ मा मजदूर सम्बन्धी नियम बन्यो। १९७३ मा वोनस ऐन र १९८२ मा वोनस नियमावलीको तर्जुमा भयो। यी ऐन नियमले नेपाली मजदूरलाई नियुक्ति पत्रमा तलवमान तोकेर निश्चित समय मात्र काममा लगाउनु पर्ने कुरा गर्दै विदा, संचयकोष, आवास सुविधा दिने र कारखानामा चमेना गृहको व्यवस्था हुनुपर्ने, २४० दिन काम गरेपछि स्थाइ गरिनु पर्ने र वोनस एवं क्षतिपूर्ति लगायतका थुप्रै सुविधाहरू दिनु पर्ने व्यवस्था गऱ्यो। तर यी सुविधाहरू अधिकांश कारखानाका मजदूरहरूले पाएनन्। पञ्चायत कालमा ट्रेड युनियन गठनको अधिकार समेत खोसियो र धेरै जसो कारखानामा नियम विपरित मजदूर निष्कासनका घटनाहरू घट्दै रहे। मजदूरलाई अस्थाई रूपमा राखेर दिनु पर्ने सुविधाबाट बञ्चित गर्ने प्रवृत्ति धेरैतिर रहिरह्यो। त्यस स्थितिलाई बदल्न सन् १९७९ पछि पुनस्थापित ट्रेड युनियनहरूले "काला ऐनहरू खारेज गर - प्रगतिशील श्रम ऐन जारी गर" भन्ने नारा पञ्चायती शासनकालदेखि नै उठाउँदै आए। १९९० को जनआन्दोलन पछिसम्म नै विभिन्न क्षेत्रमा कार्यरत मजदूरहरूले आफ्ना पेशागत हक हितका कुराहरू सँगै श्रम ऐनको माग अघि सारेर विराट संघर्ष गरे। तर यसका बावजुद अन्तरिम वा १९९१ पछि निर्वाचित दुबै सरकारले श्रम ऐन तयार पार्ने तरखर गरेन। उता १९५९ मा बनेको "नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूर सम्बन्धी ऐन" पञ्चायत कालमा भएका पटक पटकका संशोधनले बहुदलीय व्यवस्थाको स्थापनापछिको अवस्थामा असान्दर्भिक भइसकेको मात्र नभई मजदूरमाथि प्रहार गर्न पूँजीपतिको हतियार नै बनेको थियो। त्यसलाई महसुस गरी नेपाल ट्रेड युनियन महासंघ (जीफण्ट) को तर्फबाट तत्कालीन महानिर्देशक एवं प्रतिनिधि सभाका सदस्य सांसद मुकुन्द न्यौपानेले २०४८ साल मदी ५ गते श्रम सम्बन्धी ३ विधेयकहरू - नेपाल ट्रेड युनियन विधेयक-०४८, नेपाल औद्योगिक सम्बन्ध विधेयक-०४८ र श्रम विधेयक-०४८ प्रतिनिधि सभामा दर्ता गर्नुभयो। सकारले यस कदमलाई विपक्षबाट भएको रचनात्मक सहयोग सम्झिएन। फलतः ०४८ साल असोज ४ गते विधेयकहरूलाई सदनमा पेश गरेपछि सम्पूर्ण विपक्षी सांसदहरू विधेयकको पक्षमा र सरकारी सांसदहरू विपक्षमा रहने गरी संसद दुई भागमा विभक्त भयो। तत्कालीन परिस्थितिमा शंकटग्रस्त हुँदै रहेको औद्योगिक सम्बन्धलाई सुमधुर बनाउन श्रम सम्बन्धी ऐनहरूको आवश्यकता रहेको र हाललाई श्रम ऐनहरू आवश्यक नभएको भन्ने मतमा विवाद शुरू भएपछि सदनमा सरकारी दमनका विरूद्ध सम्पूर्ण विपक्षी सांसदहरूले प्रस्तुत विधेयकहरूको पक्षमा सदन बहिष्कार गरे। संसदीय अधिवेशनमा सम्पूर्ण प्रतिपक्षले एक भई सदन बहिष्कार गरेको र मजदूरका लागि, मजदूरहरूकै युनियनद्वारा सदनमा विधेयक पेश गरेको नेपालको इतिहासमा यो पहिलो अवसर थियो।

दोश्रो संसदीय अधिवेशनमा पुनः नेपाल ट्रेड युनियन महासंघले आफूद्वारा तयार पारिएका विधेयकहरू पुनः संसदमा दर्ता गऱ्यो। यसले सरकारलाई अपद्यारोमा पारी दियो र प्रस्तुत विधेयक मध्यको श्रम विधेयक र औद्योगिक सम्बन्ध विधेयक दुबैलाई मिसाई "श्रम सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक-०४८" सरकारको तर्फबाट टेबुल गरियो। कतिपय मजदूर हित विरोधी प्रावधान सहित ल्याइएको विधेयकमा छलफल, बहस र अन्तरक्रियाको सिलसिलापछि श्रम ऐन-१९९१ र श्रम नियमावली-१९९२ एवं ट्रेड युनियन ऐन -१९९२ र ट्रेड युनियन नियमावली -१९९३ जारी भयो। श्रम ऐन-१९९१ र त्यस अन्तरगतको नियमावलीले कामदारको बर्गीकरण गरी नियुक्ति पत्र दिनु पर्ने, कारखानाको स्वामित्व परिवर्तनबाट कामदारको सेवा अन्त्य नहुने, कामदार कटौति गर्न स्वीकृति लिनु पर्ने, अनिवार्य अवकासको सीमा ५५ वर्ष कामय गरी ५ वर्ष थप गरी अवकाश दिन सकिने गऱ्यो। कारखानामा सुरक्षा

व्यवस्था हुनै पर्ने बनायो। पहिलेको ऐनमा उल्लेख नभएको -कृया विदा थप गऱ्यो। पहिले एकसय भन्दा बढी कामदार भएको ठाउँमा मात्र विश्राम कोठा र चमेना गृह भएकोमा अहिले पचास भन्दा बढी कामदार कार्यरत रहेका प्रतिष्ठानमा पनि त्यसको व्यवस्था हुनुपर्ने गरेको छ। मजदूरहरूलाई कामको फाँट अनुसार चिया वगान, निमार्ण-व्यवसाय, यातायात, होटल आदि क्षेत्रका मजदूर भनी छुट्याएको छ। श्रम सम्बन्ध समितिको व्यवस्था गरेको छ। श्रम कार्यालयलाई प्रतिष्ठानको विवरण दिनु पर्ने र श्रम अदालत गठन गरिने कुरा संगै सामुहिक लेनदेनको व्यवस्थालाई सुष्पस्ट उल्लेख गरेको छ। उक्त ऐनमा श्रम सम्बन्धी विवादलाई सामुहिक र व्यक्तिगत विवादको रूपमा विभाजन गरिएको छ। यद्यपि ऐनमा मजदूरहरूले सामुहिक विवादमा हडतालसम्म गर्न पाउने अधिकार दिइएको छ तापनि आफ्ना जायज माग पूरा गराउन मजदूरहरूले हडताल गर्न चाहेमा ६६ दिनको झन्झटिलो बाटो पार गरेपछि पनि गोप्य मतदानबाट ६० प्रतिशत मजदूरको समर्थन प्राप्त गर्नु पर्ने प्रावधान समावेश गरिएको छ। उता व्यवस्थापकलाई ७ दिने पूर्व सूचना वा उसले खतरा (अशान्ति) महसूस गरेमा ३ दिने सूचना जारी गरेर तालाबन्दी गर्न पाउने अधिकार दिई पीडित मजदूर पक्षलाई आफ्नो अधिकार प्रयोग गर्नबाट वञ्चित गर्न खोजिएको छ। सबै भन्दा खराब पक्ष त "मजदूरले खराब आचरण गरेमा, मजदूरीबाट निष्काशन गर्न पाउने" अधिकार व्यवस्थापनलाई दिइएकोले व्यवहारमा व्याख्या नगरिएको "खराब आचरण" को बुँदा प्रयोग गरी मजदूर निष्काशन गर्ने व्यवस्थापकको मनसुवालाई कानूनी अधिकार प्रदान गरेको छ।

तथापि ट्रेड युनियन ऐन -१९९२ र त्यस अन्तर्गतको नियमावलि १९९३ यस क्षेत्रको नौलो थालनी बनेको छ। यसले अन्तर्राष्ट्रिय श्रम संगठनको सिद्धान्त अनुसार स्वतन्त्र रूपमा मजदूरलाई संगठित हुन दिने र संगठन मार्फत आफ्ना मांग अघि सार्ने अवसरको प्रत्याभूति गरेको छ। प्रशासनिक कर्मचारीलाई अलग्याएको छ। थोरैमा दश जना कामदार भएपछि कारखानामा स्वशासित संगठित संस्थाको रूपमा युनियन बनाउन पाउने, पच्चीस प्रतिशत मजदूर नसमेटेका कारखाना युनियनलाई दर्ता नगर्ने, एउटा मजदूरले दुइटा युनियनको सदस्यता लिन नपाउने, दशवटा ट्रेड युनियन संघ मिलि महासंघ गठन गर्न सक्ने, त्यस्तो महासंघको सदस्य बन्ने युनियन एक समयमा एउटाको मात्र सदस्य रहन सक्ने, दुई वा त्यस भन्दा बढी युनियनको एकिकरण भएमा नाम परिवर्तन गर्न पाउने व्यवस्था समेत यसले गरेको छ। यसका साथै गैर मजदूर भएपनि मजदूर हकहितमा समर्पित व्यक्तिहरूबाट पनि कार्यकारी समितिमा ट्रेड युनियन महासंघमा १० र महासंघमा २५ प्रतिशत संख्या समावेश गर्न सकिने छुट यसले दिएको छ। यसका साथै देशको शान्ति सुव्यवस्था र आर्थिक हित प्रतिकूल काम कार्वाही भएमा ट्रेड युनियनलाई "आवश्यक आदेश निर्देश" दिन सक्ने कुरा उल्लेख हुनुले मजदूरहरू माझ केही सन्देह भने व्युँझाएको छ। यस अतिरिक्त यो ट्रेड युनियन ऐनमा केही अस्पष्ट प्रावधानले मजदूर बीच अन्यौल खडा गरेको छ। "स्वयं रोजगार (Self employed) मजदूरहरू जो हाम्रो देशमा ठूलो संख्यामा रहेका छन्, ले ट्रेड युनियन संघ गठन गर्न पाउने की नपाउने ? यसमा ऐन मौन छ भने ट्रेड युनियन संघहरूले सामुहिक सैदाबाजीमा भाग लिन नपाउने प्रावधानले तल्लो तहमा अधिकार दिएको जस्तो देखाउँदै वास्तवमा मजदूरहरूलाई विश्रृंखलित हुने अवस्थामा पुऱ्याउन खोजेको महसुस हुन्छ। राजनीतिबाट टाढा राखी व्यवसायिक हित, सामाजिक सुधार र आर्थिक फाइदामा मजदूरहरूलाई रमाउने बनाउनु यसको अभिप्राय देखापर्दछ। यद्यपि यी ऐनहरूले मजदूरहरूको सामाजिक सुरक्षाको हक, संगठन स्वतन्त्रताको हक, सामुहिक लेनदेनको हक, हडताल र विरोधको हक जस्ता कुरालाई एउटा सीमासम्म प्रत्याभूत गरेको छ।

अहिले नेपाली मजदूरलाई अदक्ष, अर्धदक्ष, दक्ष र उच्चदक्ष गरी तलवमान निर्धारण गरिएको भए पनि धेरै कारखानाले त्यसलाई व्यवहारमा अपनाएको पाईदैन। ज्याला पाउने, विदा पाउने, स्वास्थोपचार गर्न पाउने, सुरक्षीत वातावरणमा काम गर्न र काम गर्दा पनि सुरक्षाको प्रत्याभूति गरिने, क्षतिपूर्ति, वोनस उपदान र संचयकोष पाउने हक कानूनमा उल्लेख भएका छन् तर व्यवहारमा भने यी कुराहरूको उपभोग ज्यादै कम भइरहेको छ। वालश्रम निषेध छ तर एक चौथाई भन्दा बढी कामदारहरू कम उमेरका (नावालक) भेटिन्छन्। महिलालाई समान ज्याला दिन समेत कतिपय उद्योगपतिहरूले कञ्जुसी गरी रहेका छन्। हड्ताल गर्ने अधिकार उल्लेख छ तर हड्काललाई निहुँ बनाएर मजदूर निष्काशन गर्ने, कारखाना बन्द गर्ने काम पनि भइरहेका भेटिन्छन्। एकातर्फ ट्रेड युनियन सत्ता समर्थक र विपक्षी खेमामा विभक्त भएको छ भने अर्कोतर्फ मजदूर उद्योगपति र सरकार वीच त्रिपक्षीय समझदारी कायम गर्ने संयन्त्र "श्रम सल्लाहकार समिति" गठन गरिएकै छैन। त्यसो भएर नै अहिले पनि नेपाली मजदूरहरूको प्रमुख मागका रूपमा अस्थाई मजदूरलाई स्थाई गरिनु पर्ने, श्रम अदालत गठन गरिनु पर्ने, अन्तराष्ट्रिय श्रम संगठनको मान्यता अनुरूप हप्ताको ४० घण्टा कार्यकाल हुनु पर्ने, कल्याण कोषको व्यवस्था हुनुपर्ने, स्वास्थ्योपचार र शिशुस्याहारको प्रवन्ध गरिनु पर्ने र कारखाना व्यवस्थापनमा मजदूरलाई समेत सहभागी बनाइनु पर्ने कुराहरू उठी रहेका छन्। ट्रेड युनियन मानवअधिकारसंग सम्बन्धित केही महत्वपूर्ण पक्षका बारेमा नेपाली ट्रेड युनियन केन्द्रहरू समेत मौन रहेका छन्। वा कतिपय अस्पष्ट अवस्थामा पनि रहेका छन्। नेपालको प्रमुख ट्रेड युनियन आन्दोलन - नेपाल ट्रेड युनियन महासंघ - जीफण्टले यसको प्रथम राष्ट्रिय महाधिवेशनबाट तत्कालीक मागको रूपमा "न्यूनतम तलब र अन्य आर्थिक सुविधाहरू तय गर्न ट्रेड युनियन प्रतिनिधिहरू समावेश गरिएको "वेतन वोर्ड" तुरून्तै गठन गरिनु पर्ने र उद्योग व्यवसायको प्रकृति हेरी (जस्तै औद्योगिक क्षेत्र, होटल, ट्रेकिङ्ग, गार्मेन्ट, कार्पेट, सफाई, यातायात, चिया, निर्माण आदि) छुट्टा छुट्टै वोर्डहरूको व्यवस्था गरिनु पर्ने, १८० दिन काम गरिसकेका

मजदूरहरूलाई स्थायी गरिनु पर्ने, ट्रेड युनियन र महासंघहरूका प्रतिनिधिहरू रहेको "राष्ट्रिय श्रम सल्लाहकार समिति" गठन गरिनु पर्ने, त्यसै मार्फत विभिन्न विवादहरूको किटान गरी लागु गर्नु पर्ने, मजदूरका सामाजिक सुरक्षाको लागि "कल्याणकारी कोष" र आवासको व्यवस्था गर्नु पर्ने, पद वर्गीकरण र त्यसको मूल्यांकनको स्पष्ट आधार किटान गरिनु पर्ने र त्यसैको आधारमा पदोन्नतिको व्यवस्था गरिनु पर्ने, व्यवस्थापनमा ट्रेड युनियन प्रतिनिधिको उपस्थितिको व्यवस्था हुनु पर्ने आदि मागहरू अघि सारेको छ। यी विषयहरूको सम्बन्ध मानवअधिकार सँगै जोडिएको छ। त्यसैले ट्रेडयुनियनहरूको उपस्थितिले हैन मजदूरहरूले उपभोग गरी रहेको यथार्थले नै मानवअधिकारको प्रत्याभूतिलाई औंल्याउँछ।

१०. सन् १९९३ को तथ्यांकमा नेपाली मजदूर

यस सन्दर्भमा सन् १९९३ मा मजदूर क्षेत्रमा मानवअधिकारको अवस्था सन्तोषजनक नरहेको पुष्टि उनीहरूद्वारा उठाइएका मागले पनि औंल्याउँछ। २०४९ को औद्योगिक गणना अनुसार देशका प्रमुख शहरमा रहेका कूल ४२७१ उद्योग एवं त्यसमा कार्यरत २ लाख २३ हजार ४६३ मजदूरहरू मूलतः दुई ट्रेडयुनियनमा आवद्ध रहेका छन्। सत्ता समर्थक नेपाल ट्रेड युनियन कांग्रेस एवं प्रमुख विपक्षी समर्थक जीफन्ट वरिपरी दश/बाह्रवटा युनियनहरू कार्यरत रहेको उल्लेख छ। त्यति भएर पनि ती युनियन मार्फत व्यवस्थापन र मजदूर वीच सामुहिक लेनदेन गर्ने संगठित भावनामा भने बढोत्तरी नआएको कुरा सरकारी प्रतिवेदनले देखाएको छ। मजदूर समस्यालाई लिएर व्यवस्थापनसंग उजुरी (मांगपत्र) दिने वा समस्या सुल्झाउने काममा - विराटनगर र विरगंजका मजदूरहरू सामुहिक रूपमा बढी लागेको, अन्यत्रका मजदूरहरू प्राय वैयक्तिक रूपमा नै बढी लागेको उल्लेख छ। तर यसै सन्दर्भमा ट्रेडयुनियन संस्थाहरूले भने सरकारी तथ्या°लाई मिथ्या° भन्दै देशव्यापी रूपमै संगठन मार्फत मागपत्र दिने र समस्या सुल्झाउने काम बढी मात्रामा भएको छ र विगतको तुलनामा सामुहिक भावनामा पनि ज्यादै वृद्धि भएको छ भन्ने जानकारी दिए।

क) औद्योगिक संस्था मोटामोटी ११५ मा ४६ वटा प्रतिष्ठानमा हड्ताल भएको र ६९ वटामा तालावन्दी भएको सरकारी आंकडा छ भने नेपाल ट्रेड युनियन कांग्रेसका अनुसार मोटामोटी १२ वटा हड्ताल भएको छ। तर जीफन्ट भने हड्ताल तालावन्दी, घेराउ, ढिलो काम जस्ता संघर्षका धुप्रै रूप अपनाइएको कुरा जनाउँछ। देशभरिको प्रतिवेदन (सम्पूर्ण) प्राप्त हुन समय लाग्ने बताउने जीफन्टले आफ्नो हाता भित्रको गार्मेण्ट क्षेत्रको युनियन - नेपाल स्वतन्त्र गार्मेण्ट मजदूर युनियनले मात्रै विभिन्न १७५ विवादहरू सञ्चालन गरेको, त्यस मध्ये १५२ वटा मुद्दा व्यक्तिगत विवादसंग सम्बन्धित रहेका, ७५ वटा गैरकानूनी ढंगबाट निष्काशन गरिएकोमा पुनर्वहाली गरी पाउँ भन्ने तथा ४० वटा पारिश्रमिक कट्टि गरिएकोमा भराई पाउँ भन्ने प्रकृतिका हल गरेको बताउँछ। जीफण्टले सुदूर पश्चिमाञ्चल क्षेत्रका उद्योगहरूमा २० वटा हडताल भएको, २० जना मजदूरहरू थुनिएको, १ जना पिटिएको, १ जनाको पूरै हात काटिएको, वुटवलमा १ हडताल, १ तालाबन्दी, अन्य स-साना विवाद भएको, हेटौंडामा १ हडताल, १ तालाबन्दी र ७ प्रमुख उद्योगमा श्रम विवाद भएको, सर्लाहीमा १ हडताल र ५ जना मजदूरहरू निष्काशन भएको, पर्सामा १५ जना मजदूर थुनिएको, वारामा १ हडताल भएको, सुनसरीमा ७ वटा श्रम विवाद, १ हडताल भएको, विराटनगरमा ५ हडताल र थुप्रै श्रम विवाद भएको आदि बताउँछ।

ख)१९९३ मा सरकारको नीजिकरण नीति अनुरूप स्वामित्व बदलिएका प्रतिष्ठानहरूबाट कामदार कटौती निम्ति श्रम विभागले दिएको स्विकृति स्वरूप विभिन्न उद्योगबाट हटाइएका मजदूरहरूको संख्या ४०९ जना र जगेडामा राखिएको १४५१ देखाइएको छ। तर हरिसिद्धि, बांसवारी जस्ता उद्योगको तथ्या° भने सरकारले उपलब्ध गराएन। गैर सरकारी क्षेत्र मध्ये जीफन्टले एकहजार भन्दा बढी नै निष्काशनमा परेको मौखिक जानकारी दिएको छ र नेट्रेयु कांग्रेसले एक सय जति मजदूर मात्र निष्काशनमा परेको बताएको छ।

ग) निष्काशित मजदूरहरू मध्ये श्रम कार्यालय तथा नागरिक अदालतमा मुद्दा दिनेहरूको संख्या ज्यादै न्यून रहेको छ। प्राप्त जानकारी अनुसार पेप्सीकोला, प्लाष्टिक उद्योग -बालाजु, लक्ष्मी टेक्सटाइल, किरणसुज, गणेश टेक्सटाइल लगायतका उद्योगबाट निष्कासित ७ जना मजदूरले पुनरावेदन अदालतमा र सूर्यटोवाको र होटल सोल्टीका दुई जनाले सर्वोच्च अदालतमा मुद्दा दिएका छन्।

घ) आफ्नो निष्काशन नाजायज भनी मजदूरहरूले दिएको मुद्दामा श्रम कार्यालय र श्रम विभागले पुनर्वहाली गर्ने आदेश दिए पनि कतिपय उद्योगपतिले त्यसलाई अवज्ञा गर्दै पुनरावेदन अदालत जाने गरेको पाइयो। मोडर्न स्लीपर उद्योगका मजदूर हेमराज श्रेष्ठलाई पुनर्वहाली गर्ने फैसला श्रम कार्यालयबाट हुँदा व्यवस्थापन पक्षले त्यसलाई इन्कार गरी पुनरावेदन अदालतमा अर्जि गर्‍यो। मजदूरलाई पुनर्वहाली गरिएन।

ङ) दुर्घटनाबाट मर्ने मजदूरको संख्या २ रहेको सरकारी आंकडा छ भने गैर सरकारी आंकडा अनुसार त्यो संख्या दश रहेको छ। प्रधानमन्त्रीको राजीनामा माग गर्दै भएको आन्दोलन (श्रावण ४ र ५ गते गतेको चक्काजाम) मा डिल्ली प्रसाद गौतम (झापा) सागर रत्न, महेश मानन्धर, राजमान शाक्य, आशोक कर्माचार्य (काठमाण्डौ), विजय लामा (भक्तपुर) प्रहरीको गोली र यातानाद्वारा मारिए। सोनाम सेर्पा, र दावा सेर्पा सगरमाथा अभियानमा दुर्घटनावस मरे। सरकारले उद्धारमा चासो राखेन र ती भरियाहरूको शव पनि प्राप्त भएन। दुर्घटनाका अन्य घटनामा एक जना मजदूरको हात काटिएको र अर्का एकजनाको खुट्टा काटिएकोमा दुवैलाई क्षतिपूर्ति प्राप्त भएको पाइयो। कूल दुर्घटना संख्या १६ मध्ये क्षतिपूर्ति भने ६ जनाले मात्र प्राप्त गरे। सौदावाजीको कूल संख्या ३५ रहेको र त्यसले मजदूर अधिकारको सम्वर्धन सँगै कर्तव्यवोध गराएको

विचार ट्रेडयुनियनका संवद्ध व्यक्ति बताउँछन्।

च) नेपाली कामदारको हितलाई सम्वर्धन गर्न विदेशी कामदारले कार्य अनुमति पत्र (Work permit) लिनु पर्ने व्यवस्थालाई यस वर्ष भारत वाहेकका अन्य मुलुकलाई मात्र आवश्यक बनाइयो। जस अनुसार हाल त्यसरी कार्य अनुमति पत्र लिई काम गर्ने व्यक्तिहरूको संख्या १४९ रहेको छ।

छ) श्रम ऐन ०४८ र श्रम नियमावली ०५० आइसकेपछि पनि नेपाली मजदूर वर्गले आफ्नो हकको प्रत्याभूति महसुस गर्न पाएका छैनन्। एउटै कम्पाउण्ड र एउटै मुल गेट रहेको, मूलढोकामा एउटै नाम पाटी राखेर चलाइएको उद्योगलाई पनि भित्र फरक फरक युनिटमा फरक फरक नाम राखेर संचालन गर्ने, एउटै व्यवस्थापनमा रहेर एउटै वस्तु उत्पादन गरे पनि फरक फरक अभिलेख राख्ने, कामदार संख्यालाई सानो इकाईमा टुक्राउने र युनियन खोल्न नदिने कामहरू भएका छन्। त्यस्ता उद्योगले सकेसम्म स्थाई मजदूर नराख्ने, न्यूनतम ज्याला नदिने जस्ता कार्य गरी रहेका छन्। यसबाट एकातर्फ मजदूरहरूको मानवअधिकार हनन भएको छ भने अर्को तर्फ सरकारले अनुमे न गरेका महासन्धिको समेत उल्लंघन भएको छ।

ज) अहिले पनि औद्योगिक/व्यवसायिक क्षेत्रमा मजदूर, मालिक र सरकार वीचको सम्वन्ध, समस्या समाधानको तरिका त्रिपक्षवादको सिद्धान्त अनुसार भएको छैन। उद्योगपतिले कारखाना बन्द गर्न चाहेमा ३ दिनमा ताला ठोक्न सक्ने, मजदूरले आफ्ना माग पूरा गराउन ६६ दिन पर्खन नै अवस्था छ। मजदूर सुत्रले जनाए अनुसार अझै पनि करार, ठेक्का र कमिशनमा काम गराउने प्रथा छदैछ। यसैले पनि मजदूरहरूको व्यवसायिक हित,कामको उचित ज्याला मानवीय मर्यादाबाट मजदूरहरूलाई वञ्चित गरेको छ।

झ) मजदूरहरूलाई पक्रने, कुट्ने, थुन्ने र झुट्टा मुद्दा लगाउने क्रम पनि समाप्त भएको छैन। प्रमको राजीनामाको माग गर्ने क्रममा भएका विरोध प्रदर्शनका क्रममा सयौं मजदूरहरू पक्राउ गरिए। आज पनि नेपालका विभिन्न जेलमा थुप्रै मजदूरहरू थुनामा छन्। उनीहरूलाई हत्या, तोडफोड, सार्वजनिक अपराध लगायतका विभिन्न फरेवमा मुद्दा लगाइएको छ। आस्थाका वन्दीहरूको सम्वन्धमा कार्यरत संस्था बन्दी सूचना केन्द्रका अनुसार डिसेम्बर सम्ममा २९ पुरूष मजदूर र् २ महिला मजदूर थुनामा परे। मइ दिवश मनाउंदा पनि पक्रिने थुन्ने गरिदैछ। यसै वर्ष १०४ औं मइ दिवश मनाउंदा नेपालगंजमा ३ जना मजदूर पक्राउ परे। काठमाण्डौमा भित्तेलेखनमा हिंडेका चार जनालाई अकारण पक्रियो। वागलुङमा मजदूर राम वहादुर चापागाईलाई हत्याको अभियोगमा थुनिएको छ। मुद्दा लगाइएका व्यक्तिहरूलाई दुई हजार देखि अठ्ठाइस हजारसम्म धरौटी लिई तारिखमा राखिएको छ।

ञ) सन् १९९३ मा मजदूर हितका निम्ति गरिएका आन्दोलनहरूमा सवै भन्दा महत्वपूर्ण एवं अन्तराष्ट्रिय तहमा समेत चर्चा र चासो पैदा भएको, २२२ दिन लामो बालाजुको युनियन कार्वाईड ब्याट्री कम्पनीको संघर्ष हो। त्यस संघर्षका क्रममा कार्वाहीमा परेका मजदूरलाई वार्ताद्वारा समस्या समाधान भएपछि पुनर्वहाली गरियो। त्यसैगरी काठमाण्डौंको बाँसवारी जुत्ता कारखाना लगायतका केही उद्योगहरूमा र हेटौडा, नेपालगंज, विराटनगर, वीरगंज, भक्तपुर, झापा, पोखरा, जनकपुर, बारा, सिन्धुपाल्चोक, चितवन,सलहीमा रहेका विभिन्न उद्योग व्यवसायमा मजदूर हड्ताल भए। धेरैजसो प्रतिष्ठानमा वार्ताद्धारा समस्याहरू सुल्झाइए र मजदूरहरूका माग पनि पूरा गरिए।

११. मानव अधिकार प्रतिको प्रतिवद्धता अपूर्ण छ

नेपालले अनुमोदन गरेका अन्तराष्ट्रिय अनुवन्धहरूको सन्दर्भमा हेर्दा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अन्तराष्ट्रिय अनुवन्ध लगायतका १४ सन्धि वाहेक अन्तराष्ट्रिय श्रम संगठन अन्तरगतका चार सन्धिलाई पनि नेपालले स्वीकारेको पाइन्छ। ती सन्धिमा औद्योगिक सेवामा साप्ताहिक विश्राम सम्वन्धी महासन्धि, पुरूष र नारीलाई समान मूल्यको श्रम वापत समान ज्याला दिने सन्धि, रोजगारी र पेशामा विभेद विषयक सन्धि, विकासोन्मुख देशहरूमा न्यूनतम वेतन निर्धारण सम्वन्धी महासन्धि पर्दछन्। तर अहिले सरकारी-गैरसरकारी क्षेत्र दुवैले आफ्ना कार्य व्यवहारहरू तदनुकूल नगरेका थुप्रै तथ्यहरू पाइएको छ। त्यसवाहेक नेपाल सरकारद्वारा अनुमोदन गरिनु पर्ने थुप्रै अभिसन्धिहरू वाँकी नै छन्। विशेष गरी श्रमिक जनसमुदायको हित रक्षाका निम्ति अन्तराष्ट्रिय श्रम संगठन मार्फत भएका ती अभिसन्धिहरूमा - त्रिपक्षीय परामर्श सन्धि, अनिवार्य श्रमदान सम्वन्धी सन्धि, उद्योग व्यापारमा मजदूरी निरीक्षण सन्धि, संगठन स्वतन्त्रता एवं संगठित हुने हकको सन्धि, पारीश्रमिक संरक्षण सन्धि, रोजगारीका लागि आप्रवासन सम्वन्धी सन्धि, सामुहिक सौदावाजीको सिध्दान्त कार्यान्वियन सन्धि, रोजगारी नीति र उमेर सम्वन्धी सन्धि, आप्रवासी मजदूर सम्वन्धी सन्धि, रोजगारीको समाप्ती सम्वन्धी सन्धि जस्ता अभिसन्धीहरूले ट्रेडयुनियन आन्दोलनसंग सरोकार राख्दछ, जसलाई नेपालले अझै अनुमोदन गरेको छैन। त्यसर्थ एकातर्फ हस्ताक्षरित सन्धिको इमान्दारीपूर्वक कार्यान्वियन गराउनमा र हस्ताक्षर हुन बाँकी रहेका अभिसन्धिलाई अनुमोदन गर्ने दायित्वमा सरकारको ध्यान आकृष्ट गर्नु पर्ने अवस्था छ भने अर्को तर्फ ट्रेड युनियन आन्दोलनसंग सम्वन्ध पक्षले ती अभिसन्धिका कुराहरूलाई व्यापक प्रचार प्रसार गर्ने र श्रमिक चेतनालाई मानव अधिकार संचेतनाले व्यूझाउने काममा ध्यान दिनु पर्ने अवस्था रहेको छ। त्यसैले भन्न सकिन्छ - सरकारी र गैर सरकारी दुवै क्षेत्रमा मानव अधिकार प्रतिको प्रतिवद्धता अपूर्ण छ र नेपाली ट्रेड युनियन आन्दोलनद्वारा मजदूरवर्गमा मानवअधिकारको प्रत्याभूति गराउने काम पनि अधुरै रहेको छ। ❑

अनुसूची ५

नेपालमा विस्थापनको समस्या: केही उदाहरणहरू

करीब २ सय फीटदेखि २८ हजार फीटसम्मको उचाईमा विभिन्न उपत्यका, पहाड, हिमाल र तराईले भरिएको नेपाल प्राकृतिक सम्पदा र विविधताले भरिपूर्ण देश हो। प्रत्येक वर्ष तीन बाली अन्न उब्जिने फाँटिला मैदानहरूदेखि लिएर वर्षभरी हिउँले ढपक्क ढाकिने हिमचूलीहरू हामीकहाँ सधैं चर्चाको विषय बनिराखेका हुन्छन्। तराई, पहाड र हिमालहरूले भरिएको नेपालको क्षेत्रफल १ लाख ४७ हजार १ सय ८१ वर्ग किलोमीटर छ र करीब ६० प्रतिशतभन्दा बढी भूभाग पहाडहरूले ढाकिएको छ। यस क्षेत्रफलभित्र करीब १ करोड ८५ लाख जनसंख्याको बसोबास छ।

करीब ६० मीटरदेखि ३ सय मीटरसम्मको उँचाइमा अवस्थित नेपालको तराई सबैभन्दा घना बसोबास भएको क्षेत्र हो। ३ सय मीटरदेखि अग्लो भागलाई पहाड भनिन्छ र करीब ३ हजार मीटरभन्दा उच्च भागलाई हिमाली प्रदेशका रूपमा जान्न सकिन्छ। नेपालको हावापानी यिनै पहाड, तराई र हिमाली प्रदेशहरूको बनावटमा निर्भर छ। तराईको जग्गा समथर हुनु र बढी उब्जाउ हुनुको कारण यस क्षेत्रको उपयुक्त हावापानी पनि हो। हिमाली प्रदेश बसोबासका दृष्टिले हालसम्म पनि अनुपयुक्त नै रहँदै आएको छ। पहाडमा भिरालोपन, भू-बनावटले सिर्जेका जीवनयापनका कठिनाई तथा दुर्गमता जस्ता कारणले यस क्षेत्रको बसोबास अत्यन्त कठिन छ।

अग्ला अग्ला चुचुराहरू, जीवन यापनका दृष्टिले देखिएका भौगोलिक कठिनाइहरू, ती कठिनाइहरू हटाउने प्रयासमा भएका विकासे गतिविधिहरू र प्राकृतिक भू-बनावट यस्ता तत्वहरू हुन् जो सधैं विवाद र छलफलको विषय त भएकै छन्, साथसाथै नेपाली जनताको जीवन यापनलाई अस्थिर बनाउने कारकका रूपमा पनि परिचित छन्। मानिसको बसाई सराई, विस्थापन र अन्य प्राकृतिक प्रकृयाहरूलाई नेपालको विशिष्ट भू-बनावटबाट अलग्याएर हेर्न सकिन्न। त्यसैले, नेपालमा विस्थापन र बसाई सराइको प्रकृयालाई अरू देशकोभन्दा भिन्न तरिकाले हेरिनु आवश्यक छ।

परम्परागत रूपमा लामो समयदेखि एकै ठाउँमा बसोबास गरिरहेका मानिसलाई अर्को ठाउँमा बसाई सर्न र जबर्जस्ती पुर्ख्यौंली थलो छोडेर जानु पर्ने बाध्यताका पछाडि हाम्रो देशमा मूलतः तीन कारणहरू बिद्यमान छन्। त्यसैले नेपालमा विस्थापनका प्रकृयाहरू तीन प्रकारका छन् भन्न सकिन्छ।

१. प्राकृतिक शक्ति र विपत्तिहरू

भौगर्भिक हिसाबले नेपाललाई अहिलेसम्म पनि कलिलो पहाडको देश भन्ने गरिएको छ। नेपालका पहाड र हिमालहरू प्रकृतिका पछिल्ला उपजहरू मानिन्छन्। जमीनभित्र लगातार हुने उथल-पुथलहरू एकातिर यस्तो क्षेत्रमा अत्यधिक कृयाशील हुन्छन् भने हावा, हुरी, आगो, पानीजस्ता प्राकृतिक शक्तिहरूले पनि बाहिरी सतहलाई त्यत्तिकै मात्रामा प्रभावित पारिरहेका हुन्छन्। त्यसमाथि, नेपालको अधिकांश भूभाग पहाडमा पर्ने र पहाडी क्षेत्रमा तराई पछिको बाक्लो बसोबास भएकाले यस क्षेत्रमा हुने सानातिना मानवीय घटनाले प्रकृतिक सन्तुलनलाई र प्राकृतिक घटनाहरूले स्थानीय बासिन्दालाई धेरै मात्रामा प्रभावित पार्दछन्। भिरालो पाखामा पहिरो जानुको कारण वन विनाश र जनसंख्याको चाप मात्र होइनन्। प्राकृतिक रूपमै पनि यस्ता घटनाहरू भिरालो पाखाका नियमित प्रकृयाहरू हुन्। वास्तविकता कति मात्र हो भने मानिसको चाप, वन विनाश र अन्य मानवीय गतिविधिले यस्ता विपत्तिहरूलाई बढाउन मद्दत गर्दछ।

इसिमोडको एक अध्ययन अनुसार, हिमाली क्षेत्रमा हुने वातावरणीय विनाशका कम्तीमा पनि ५० प्रतिशत (र कतै कतै ७० प्रतिशतसम्म) कारणहरू मानवीय बुता बाहिरका छन्। प्राकृतिक रूपमै हुने वातावरण विनाशका कारण यस क्षेत्रमा बसोबास गर्ने मानिसहरू प्रभावित त हुन्छन् नै, साथसाथै मानवीय गतिविधिले विनाशको प्रकृया र गतिविधिलाई अझ तीब्र पार्दछ।

नेपालको कूल क्षेत्रफलमध्ये हाल करीब २१ प्रतिशत भूभाग मात्र कृषिका लागि उपयोग भैरहेको छ। कृषि उपयोगमा प्रयोग भैरहेको ३० लाख ५२ हजार ७ सय हेक्टर कृषि भूमिमध्ये ६ लाख हेक्टर कृषि भूमि पहाडी र हिमाली क्षेत्रमा पर्दछ। कूल जनसंख्याको करीब ५० प्रतिशत जनता पहाडी क्षेत्रमा बसोबास गर्ने भएकाले उल्लेखित कृषि भूमिबाट उब्जिने अन्नले यत्रो जनसंख्यालाई भरणपोषण गर्न सक्दैन। अर्कोतिर, जनसंख्या वृद्धिले गर्दा कृषियोग्य जग्गाको माग भने पहाडमा वर्षेनी बढ्दै गएको छ। फलतः पहाडी सम्पदाहरूमा मानवीय चाप अप्रत्यासित रूपमा बढ्दै गएको छ। बढ्दो जनसंख्याको भरण-पोषण गर्न खोरिया फाँडेर खेती गर्ने, ४५ डिग्रीभन्दा बढी भिरालो जग्गामा खेतीपाती गर्ने, बढ्दो जनसंख्याको माग पूर्ति गर्ने सिलसिलामा जंगल फडानी गर्ने प्रकृयाले पहाडी क्षेत्रमा बाढी र पहिरो नियमित घटनाहरू हुनपुगेका छन्।

प्राकृतिक रूपले अत्यन्त अस्थिर नेपालको पहाडमा वर्षेनी १२ हजार वटा जति साना ठूला पहिरोहरू जान्छन्। वातावरण संरक्षण परिषदको एक प्रतिवेदन अनुसार, नेपालमा आउने बाढी पहिरोबाट प्रतिवर्ष ८ हजार ६ सय घरहरू भत्किन्छन् र प्रतिवर्ष ४२ हजार ५ सय मानिसहरू प्रभावित हुन्छन्। चुरेबाट निस्कने नदीहरूले तराईमा ठूलो विनाश-लीला पैदा गर्छन्। नेपालमा बाढी पहिरोले प्रतिवर्ष १२ हजारदेखि २५ हजारसम्म खेतीयोग्य जग्गा नष्ट गर्छ।

प्राकृतिक विपत्ति र वातावरण विनाशको विषयमा नेपालमा ठूला-ठूला कुराहरू हुने गरेका भए पनि त्यसको सर्वाधिक महत्वपूर्ण पाटोमा रहेका विपत्ति र विनाश पीडित विस्थापित व्यक्तिहरूको चर्चा लगभग हुँदै हुँदैन। बाढी र पहिरोबाट प्रभावित घरहरू र खेतीयोग्य जग्गाका बासिन्दाहरू प्राकृतिक विपत्तिको मारबाट बच्न जब बसाईं सर्छन् या जब पुनः त्यसै ठाउँलाई खन्न खोस्रन थाल्दछन्, त्यसपछिको जीवन उनीहरूका लागि अत्यन्त कष्टकर हुन्छ। त्यसमाथि नेपालमा चल्ने नियमित प्राकृतिक चक्रले झन् धेरै मानिसलाई प्रभावित पार्दछ। उदाहरणका लागि, मध्य पहाडी क्षेत्रमा पर्ने नेपालका अधिकांश भूभागमा प्रत्येक १० वर्षको अन्तरालमा घनघोर खण्डवृष्टि या अतिवृष्टि हुने गरेको पाइएको छ। यस वर्ष (२०५० साल साउन)मा भएको अतिवृष्टि र त्यसबाट सृजित बाढी पहिरोले नेपालको मध्यमाञ्चल क्षेत्रमा मात्रै ३८ हजार घरहरू भत्कायो। २ लाख हेक्टर खेतीयोग्य जमिन नष्ट भयो र ८६ हजारभन्दा बढी परिवार (करीब ४ लाख ३० हजार व्यक्ति)हरू प्रभावित भए (श्रोत : वातावरण संरक्षण परिषदको प्रतिवेदन)।

नेपालमा विस्थापनको प्रमुख स्रोत ठानिएको बाढी पहिरो जस्तै अन्य प्राकृतिक विपत्तिहरू भूईंचालो, सुख्खा र महामारी पनि बेला-बखत भैरहन्छन्। तर, वर्षेनी हुने घटना भएर हो या बेवास्ता गर्ने बानी परेर हो, न त प्राकृतिक विपत्तिहरूलाई घटाउने प्रयास नै आजसम्म गरिएको छ, न त विपत्ति पूर्व त्यसको सूचना दिने र ज्यू-ज्यान बचाउने आवश्यक पूर्वाधारहरू नै तयार गरिएका छन्। बाढी, पहिरो, भूईंचालो तथा आगलागी जस्ता घटना भएपछि पीडितलाई २।४ दिन राहतका नाममा गर्ने सहयोग बाहेक विस्थापित व्यक्तिहरूलाई दीर्घकालिन रूपले स्थायी ठाउँमा बसोबास गराउने तथा यस्ता समस्याहरू कम गर्ने दीर्घकालिन प्रयासहरू गरेको पाईदैन।

२. सामाजिक आर्थिक प्रकृया र विस्थापन

नेपालमा प्रचलित सामाजिक र आर्थिक कारकहरूले वर्षेनी हजारौं मानिसलाई विस्थापनको बाटोतिर धकेलेका छन्। आन्तरिक बसाई-सराई एकातिर विस्थापनको प्रकृयाका रूपमा देखापरेको छ भने अर्कोतिर बसाई सराईको प्रकृयाले थप विस्थापित समुदायको सृजना पनि गरिरहेको छ।

सबैलाई थाहा भएको र प्रमाणित भैसकेको तथ्य के हो भने पहाडी क्षेत्रमा बसोबास गर्ने जनसंख्याको ठूलो हिस्सालाई सो क्षेत्रको कृषिभूमिले बाँच्नका लागि पर्याप्त आधारहरू प्रदान गर्न सक्दैन। जनसंख्याको चापले पहाडी क्षेत्रमा सृजना गरेको वन विनाश, अवैज्ञानिक खेती-प्रणाली र प्राकृतिक प्रकृयाबाट हुने भू-क्षय र जीवनलाई धान्नसक्ने आधारहरूको कमी जस्ता कारणहरूले पहाडबाट तराईमा बसाई सर्ने प्रकृया विगत २ दशकदेखि तिब्रतर भएको छ। पहाडी क्षेत्रमा बसोबास गर्ने हालका बासिन्दाहरू प्रायः मध्यम वर्गमा पर्दछन्। यी मध्यम वर्गीय बासिन्दाहरू तराईमा बसाई सरेर न त जग्गा किनेर पहाडको हैसियतमा बस्न सक्दछन्, न त श्रमिक भएर काम गर्न नै सक्दछन्। पहाडी क्षेत्रका हुने खाने र हुँदा खाने वर्गका अधिकांश व्यक्तिहरूमा बसाई सर्ने प्रकृया अहिले पनि तीब्र रूपले चलिरहेकै छ। फलतः पहाडको भिरालो जग्गा रूङ्नु मध्यम वर्गको बाध्यता भएको छ।

नेपालको वर्तमान खेती प्रणाली (जो जीवनकै आधार हो) अनुरूप हेर्ने हो भने ५/६ जनाको एक परिवारको जीविकाका लागि न्यूनतम रूपले पनि १.२५ हेक्टर जग्गा खेती गर्न, ३.५ हेक्टर जग्गा गाईबस्तुको घासपातका लागि, ०.३ देखि ०.६ हेक्टर जग्गा दाउराको लागि र ०.४ हेक्टर काठका लागि गरेर जम्मा सरदर ६ हेक्टर जग्गा आवश्यक पर्छ। हाल पहाडी क्षेत्रमा भैरहेको खेतीयोग्य जग्गा, वातावरण संरक्षण परिषदले गरेको उपरोक्त विभाजन अनुरूप १ लाख परिवारका लागि मात्र पर्याप्त छ। जग्गा नपुग भएकै कारण पहाडी क्षेत्रमा मानिसको कारणले ५३ प्रतिशत भूविनाश भैरहेको छ भने यो भूविनाशको सिर्जना गर्ने जटीलताबाट मुक्ति पाउने एक मात्र उपाय बसाई सराइ ठानिन थालेको छ। फलतः बसाई सराई, भूविनाशबाट मुक्ति, रोजगारी र बाँच्ने अवसरहरूको खोजी तथा सरल जीवन यापन गर्ने अभिव्यक्तिका रूपमा पनि प्रकट हुँदै आएको छ।

यी सबै कारणले पहाडी क्षेत्रबाट तराईमा बसोबास गर्न झर्नेहरूको बढ्दो संख्याले एकातिर तराईको जंगल नष्ट भएको छ भने अर्कोतर्फ थोरै मोलमा पहाडको जग्गा सस्तोमा बेचेर जीविका खोज्न तराई झर्नेहरूको ताँतीले सुकुम्बासी समस्या पनि त्यत्तिकै बढ्दैछ। नेपालमा भएको तराईले कति मानिसको चापलाई धान्न सक्छ ? कति मानिस तराईको कृषि भूमिमा पालिन सक्छन् ? र तराईको जनसंख्या धान्ने क्षमता कति हो भन्ने कुरा आजसम्म ध्यानयोग्य विषय बनेकोसम्म छैन।

यसरी आर्थिक सामाजिक रूपले बसाई सर्नेहरूको चाप बढ्दै गएपछि मूलतः नेपालको तराईमा दुईखाले विस्थापित परिवारहरू देखापरेका छन्। पहिलो पहाडबाट बसाई सर्दा सबैथोक सस्तोमा बेचबिखन गरेका र घरजाम व्यवस्थित गर्न नपाउँदै सर्वस्व गुमाएका पहाडबाट झरेका विस्थापित व्यक्तिहरू, जसलाई सुकुम्बासी पनि भन्न सकिन्छ। र, दोश्रो पहाडबाट बसाई सरेर आएका व्यक्तिहरू र समुदायको प्रभाव बढ्दै गएर सामाजिक रूपले आफ्नै भूमिबाट थाहा पाई वा नपाई विस्थापित भएका आदिवासीहरू। यस वर्गका विस्थापित व्यक्तिहरूमा सरकारी नीति नियम र

सामाजिक मूल्य मान्यताका अगाडि टिक्न नसकेका आदिवासीहरू समेत पर्दछन्।

२.१ विस्थापनको प्रकृया र सुकुम्बासी समस्या

सुकुम्बासी नेपालमा सबैभन्दा विवादास्पद शब्द ठानिन्छ। यो शब्द आफैं विवादित हुनुको मूल कारण हो-सुकुम्बासीको स्पष्ट परिभाषाको अभाव। नेपालमा सुकुम्बासी समस्या संभवतः कमारा कमारी प्रथाको उन्मूलनपछि टड्कारो भएर देखापरेको हो। त्यसपछि बनेका हरेक व्यवस्था, हरेक सरकार र प्रायः हरेक नेताले यो समस्यालाई सिमाधान गर्न आश्वासन दिने, समाधानका कार्यक्रमहरू सञ्चालन गर्ने र सुकुम्बासी समस्या समाधान गर्ने प्रयास गर्दै आएका छन्। तर, हरेकपल्ट हुने व्यवस्था परिवर्तन, सरकार परिवर्तन र कार्यक्रम सञ्चालन संगसंगै सुकुम्बासी समस्या पनि बढिरहेको छ। यसरी सुकुम्बासीहरूको संख्या बढ्दै जानुको पछाडि आर्थिक, सामाजिक, राजनैतिक र प्राकृतिक कारणहरू समेत विद्यमान देखिएका छन्। तर, नेपालमा सुकुम्बासीको संख्या र परिवार कति छ र कहाँ छ भन्ने तथ्य पनि सुकुम्बासीको परिभाषा जस्तै विवादास्पद र अपुष्ट रहिआएको छ।

सुकुम्बासीको विषयमा सर्वस्वीकृत तथ्य के हो भने नेपालमा भएका अधिकांश सुकुम्बासीहरू तराईको जंगल वरपर र ऐलानी बस्तीहरूमा बसोबास गर्दछन्। आफ्नो नाममा जग्गा नहुने जोसुकै व्यक्तिले पनि आफूलाई सुकुम्बासी भन्ने गरेको र सुकुम्बासीको स्पष्ट र सर्वमान्य परिभाषा आजसम्म सो समस्या समाधान गर्ने उद्देश्यले चलाइएका कार्यक्रमहरूले पनि दिन नसकेकाले पनि सुकुम्बासी समस्या बढी जटील भएको हो।

राष्ट्रिय योजना आयोगले तेश्रो पञ्चवर्षीय योजना निर्माण गर्दा पुनर्वासका कार्यक्रमहरू योजनाबद्ध गरिएको थियो। पुनर्वास कार्यक्रम संचालन गर्न २०२१ सालमा पुनर्वास कम्पनी नामक संस्था खडा गरिएपछि तराईमा बसोबास गर्न चाहनेहरूलाई झन् सुवर्ण अवसर प्राप्त भयो। पछि, पुनर्वास कम्पनीले थालेको कामलाई क्षेत्रीय बसोबास कार्यालयहरूले सम्हाले भने वन क्षेत्रमा आएर बसोबास गरेर बसेका र बसोबास गराइएका मानिसहरूको समस्या समाधान गर्न वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगहरू समेत बनाइए। तर, समस्या ज्यूँका त्यूँ रह्यो।

सरकारी आँकडाहरू अनुसार, २०२०।२१ सालमा पुनर्वास कम्पनीले बसोबासको काम गराउन थालेपछि सुकुम्बासीका नाममा २०४५ साल असार सम्ममा १८ हजार ५ सय ६६ परिवारलाई बसोबास गराइयो। यसैगरी २०२७।२८ सालदेखि २०४५ साल असारसम्ममा क्षेत्रीय बसोबास कार्यालयहरूले ७६ हजार ७ सय ३९ परिवारलाई बसोबासको व्यवस्था मिलाए। पुनर्वास कम्पनी, क्षेत्रीय बसोबास कार्यालय र वन सुदृढिकरण आयोगहरूले कूल १ लाख १६ हजार ७ सय ४८ हेक्टर वन क्षेत्र फँडानी गरेर २०४५ साल असार मसान्तसम्मा १ लाख ६ सय ५८ परिवारलाई बसोबास गराए।

सुकुम्बासीहरूको नाममा करीब ६ लाख जनतालाई जंगल फाँडेर बसोबास गराए पनि आज त्यो भन्दा धेरै सुकुम्बासीहरू नेपालको तराईका जिल्लाहरूमा बसोबास गरिरहेका छन्। २०४७ सालको अन्तरिम सरकारले गठन गरेको वन सम्बन्धी कार्यदलको प्रतिवेदनले सुकुम्बासी समस्या समाधान गर्ने दिशामा ठोस सुझावहरू प्रस्तुत गरेको थियो। र, तराईका जिल्लामा कुन ठाउँमा कति सुकुम्बासी बसोबास गरिरहेका छन् भन्ने तथ्यहरू समेत उल्लेख गरेको थियो। सो प्रतिवेदनमा उल्लेख भए अनुसार, विभिन्न जिल्लाका वन क्षेत्रमा बस्ने सुकुम्बासीहरूको संख्या निम्नानुसार थियो।

२०४७ सालमा वन क्षेत्रमा बस्ने सुकुम्बासीहरू *

१.	झापा	५००	परिवार
२.	मोरंग	४५०	
३.	सुनसरी	५००	
४.	उदयपुर	५०००	
५.	सिरहा	५००	
६.	धनुषा	८००	
७.	महोत्तरी	६२५	
८.	सिन्धुली	५००	
९.	बारा	२०००	
१०.	मकवानपुर	३०००	
११.	चितवन	५५०	
१२.	नवलपरासी	८१००	
१३.	रूपन्देही	९५००	
१४.	कपिलवस्तु	४००	
१५.	दाङ	२३००	
१६.	बाँके	१५००	
१७.	बर्दिया	८०००	
१८.	कैलाली	७००	
१९.	कञ्चनपुर	४०००	

* (आयोगको प्रतिवेदनबाट साभार गरिएको यो परिवार संख्या औसतमा राखिएको छ। वन क्षेत्रमा बसोबास गर्ने सुकुम्बासीको संख्या मात्र यहाँ उल्लेख गरिएकाले यो तथ्यांकले सम्पूर्ण सुकुम्बासीको प्रतिनिधित्व गर्दैन ।)

मुलुकमा सुकुम्बासी समस्या कति बलवान छ भन्ने बुझ्न उल्लेखित तथ्यांकहरू पर्याप्त भए पनि लामो समयदेखि कचल्टिएर बसेका चुलाचुली समस्या (मोरंग), कोशी बाढी पीडितका समस्या (चकरघट्टी, सुनसरी) जस्ता समस्याहरू प्रायःजसो प्रत्येक जिल्लामा विद्यमान छन्। विगतमा सुकुम्बासी समस्या समाधान गर्न बनेका आयोगहरूले जग्गा नभएको ठाउँमा धनीपूर्जा बितरण गर्ने, तर दर्ता अनुसारको लगत नदिने, बिना आधार कसैलाई ५ कट्ठा र कसैलाई १

बिगाहाभन्दा बढी जग्गा दिने, त्यसमा पनि एकै ठाउँमा बसोबास गरेका कसैलाई जग्गा दिने र कसैलाई नदिने जस्ता अनियमित कामहरू गरे। सुकुम्बासी समस्यालाई भोट र नोटको निम्ति लैनो गाई सरह प्रयोग गर्ने राजनीतिक नेताहरूको कारण यो समस्या झन् जटिल हुन पुग्यो।

सुकुम्बासी समस्याका हरेक पक्षको पर्याप्त छानविन पछि वन अध्ययन कार्यदल (स्व. द्रोणप्रसाद आचार्यको अध्यक्षतामा गठित)ले सुकुम्बासी समस्या समाधान गर्ने परम्परागत सोचाइबाट अलग्ग अलि बेग्लै खालका सुझावहरू दिएको थियो। सो कार्यदलले सट्टा भर्ना गर्दा नगदमा दिने प्रथा बसाल्नुपर्ने, पुनर्वास विभाग र क्षेत्रीय बसोबास कार्यालयहरू जस्तै हाल कार्यरत ग्रामीण आवास तथा बस्ती विकास कम्पनीलाई खारेज गर्नुपर्ने, सुकुम्बासीलाई वनक्षेत्र बाहिर घडेरी दिने र कुटीर उद्योगमा संलग्न गराउने, सुकुम्बासीलाई दिएको जग्गाको स्वामित्व बेचबिखन गर्न गराउन रोक लगाउने, उनीहरूलाई कृषि बाहेकको पेशामा जान विभिन्न शीपको तालिम दिने तथा संभव भएसम्म आफ्नै जिल्लामा बसोबास गराउने सुझाव दिएको थियो। यी सुझावहरूमा सर्वाधिक महत्वपूर्ण सुझाव थियो - एकपल्ट सरकारले बसोबास गराएका व्यक्तिहरूलाई लालपूर्जाको सट्टा हरियो पूर्जा दिने। तर कार्यदलले दिएको प्रतिवेदन हालसम्म वन मन्त्रालयमा थन्केर बसेको छ।

मुलुकमा एकातिर सुकुम्बासी समस्या दिन प्रतिदिन बढ्दैछ भने श्री ५ को सरकारले विकास आयोजना संचालन गर्ने भनेर जफत गरेको तर प्रयोगमा नआएको, पर्ती, ऐलानी र नदी उकास भएको, २०२१ सालको भूमिसुधार कार्यक्रम लागू हुँदा जफत भएर वितरण हुन बाँकी रहेको, विभिन्न उद्योग र फर्मका नाममा दर्ता गरेर खेतीपाती गरिएको हजारौं बिगाहा जग्गा दुरूपयोग भैरहेको छ। यस्तो खालको जग्गा कहाँ कति छ भन्ने पत्ता लगाएर सुकुम्बासीलाई बसोबास गराउने हो भने यो समस्या एक हदसम्म हल गर्न सकिन्छ।

अन्ततः सुकुम्बासी समस्याको पूर्ण समाधान गर्न भूमिको हदबन्दी घटाउनु बाहेक अर्को विकल्प छैन। २०२१ सालमा भूमिसुधार कार्यक्रम लागू गर्दाको नेपालको जनसंख्या, त्यस बेलाको भूउपयोग र खेतीप्रणाली तथा ३० वर्षपछिको अवस्थामा ठूलो अन्तर देखा परिसकेको छ। त्यसैले पनि कृषि भूमिको हदबन्दी घटाउन भूमिसुधारको क्षेत्रमा प्रगतिमूलक काम हुनु आवश्यक छ। जग्गा मात्र अब रोजगारीको आधार हुन सक्दैन र हरेक समस्याको समाधान जग्गा बितरण गरेर मात्र हुन्छ भन्ने परम्परागत सोचाइमा परिवर्तन नभएसम्म सुकुम्बासी समस्या स्थायी ढंगले समाधान हुन पनि सक्दैन।

२.२ विस्थापितहरूबाटै पनि विस्थापित आदिवासीहरू

पहाडबाट बसाई झर्नेहरूको तीव्र चाप, सट्टा-भर्नामा सरकारले जग्गा दिने व्यक्तिहरूको चाप र सरकारका कतिपय नीति नियमहरूको कारण तराईका आदिवासीहरू अहिले अस्तित्वकै संकटतिर धकेलिन थालेका छन्। बसाई सरेर पहाडबाट मधेशमा झर्ने, बाढी-पीडित तथा अन्य कारणले विस्थापित भएर आएका व्यक्तिहरूको घना बसोबास र पश्चिम नेपालमा प्रचलित कमैया प्रथा जस्ता कारणले तराईमा पुस्तौंदेखि बस्दै आएका थारूलाई एकाएक विस्थापितहरूको श्रेणीमा पुऱ्याउन थालेको छ। बर्दिया जिल्ला यसको सर्वाधिक ज्वलन्त नमूना हो।

नारायणी नदीले सिर्जना गरेका चितवनका बाढी पीडितहरू, मुगु जिल्लाको रारा राष्ट्रिय निकुञ्ज र बर्दियाको बबई उपत्यकाबाटै सरकारले सट्टा-भर्नाको जग्गामा राखेका व्यक्तिहरू र बसाई सर्नेहरू नै मूलतः अहिले बर्दिया जिल्लाका बासिन्दा हुन्। २०२४ सालसम्म जग्गाको अधिपति रहेका थारूहरूको सोझोपन, उनीहरूमा व्याप्त अशिक्षा, सहज विश्वास गर्ने संस्कार, तथा यी सबै चीजबाट फाइदा उठाउन खप्पीस बाहिरीया व्यक्तिहरूको शोषणका कारण उनीहरू बिस्तार बिस्तार आफ्नो जग्गा गुमाउन विवश भए।

यसरी बिस्तारै आफ्नो भूमिबाट सामाजिक, आर्थिक र राजनीतिक कारणले विस्थापित भएका थारूहरूको रोजगारीको एकमात्र उपाय कमैया हुनु मात्र रह्यो। महंगो ब्याजमा साहुको ऋण लिने र ऋण दिए वापत वर्षभरी सित्तैमा हलो जोत्ने (बाँधा) मजदूरहरू भैसकेका हजारौं थारूहरू २०४७ सालको शुरूमा गाउँ गाउँबाट बर्दिया जिल्लाको ताराताल नजिक कनरामा संगठित भएर बसेपछि एकाएक बिस्थापितहरूको समस्या उग्ररूपमा प्रकट भयो। दाङ्ग, बाँके र बर्दियाको मलिलो जग्गामा कुनै बेला आफ्नो आधिपत्य भएका करीब ५ हजार परिवार थारूहरू कनरामा एकाएक प्रकट भए पनि यी हरेक परिवारको विस्थापनको कारण सामाजिक र आर्थिक संरचनासंग सम्बद्ध छ भन्ने कुरा उनीहरू बीच गरिएको एक अध्ययनले पुष्टि गर्दछ।

बर्दियाका थारूहरूको जस्तै दुर्दशा तराईका अरू आदिवासीहरू पनि भोग्न विवश छन्। झापा र मोरंगका सतार, मेचे, राजवंशीहरू हुन् या कमलाखोंजका दनुवार र कन्काई र काली गण्डकी किनारका माझीहरू हुन् समाजको बदलिंदो आर्थिक, सामाजिक संरचनाले उनीहरूलाई विस्थापनको विन्दुतिरै धकेली राखेको छ। झापाका सतार, राजवंशी र मेचेहरूको जग्गा क्रमशः समाप्त हुन थालेको छ। र, उनीहरूको परम्परागत व्यवसाय (रक्सी पार्ने, जंगलबाट दाउरा ल्याउने)हरू जिवीका धान्नै नसक्ने गरी प्रतिस्पर्धात्मक र निषेधात्मक अवस्थामा पुगेका छन्। कन्काई नदीको किनारामा माछा मारेर जीविका गर्ने माझीहरू, कमलाखोंजका दनुवारहरू र कालीगण्डकी छेउ छाउका बोटेहरू जिल्ला विकास समितिले खोलाको माछा ठेक्कामा दिने निर्णय गरेपछि बिस्तारै परम्परागत शीप र पेशाबाट विमुख हुन बाध्य भएका छन्। खेतीपाती गर्ने पर्याप्त जग्गा र शीप नभएका, संख्याकै हिसाबले अस्तित्व धान्न धौ-धौ परिराखेका र आफ्नो जीविकाको आधार गुमाएका आदिवासीहरूको विषयमा प्रायः कसैको पनि ध्यान गएको देखिदैन। यस वर्ष संसारभर आदिवासी वर्ष मनाइयो। नेपालमा पनि

आदिवासीका हक-हितका कुरा उठे। तर, नेपालका सन्दर्भमा सर्वाधिक दुःखको कुरा के हो भने नेपालमा आदिवासी कसलाई भन्ने विवाद हुँदा-हुँदै आदिवासी वर्ष सकियो। आदिवासीको पहिचान र सर्वसम्मत परिभाषा समेत निस्केन। आदिवासीका बाँच्ने आधारहरूमा बदलिंदा मूल्य र मान्यताहरूले पारेको प्रभाव, उनीहरूको विस्थापन र त्यो विस्थापनको रोकथाम गर्ने कुराहरू संभवतः नेपालमा अझै पनि ओझेलमै परिरहेका छन्।

नेपाल विभिन्न जाति र धर्मावलम्बीहरूले भरिएको देश हो। नेपालका विभिन्न जात र वर्गका व्यक्तिहरूको बाँच्ने र जिविकोपार्जन गर्ने शैलीलाई यो देशको भौतिक सम्पदा, सांस्कृतिक रीति-रिवाज र विभिन्न मत र दर्शनले पनि त्यत्तिकै मात्रामा प्रभावित पारेको छ। परम्परागत शीप र व्यवसायका हिसाबले कुनै जाति सम्पन्न छ र कुनै कुनै व्यवसायहरू कुनै एउटा निश्चित जातिका भरमा मात्र पनि चलेका छन्। आदिवासी जाति र जनजातिको सन्दर्भमा यो तथ्य झनै प्रष्टसंग देख्न सकिन्छ। तर, यस्ता जातिगत व्यवसाय, शीप र उनीहरूका सम्पदाको श्रोतमा प्रत्यक्ष अप्रत्यक्ष रूपले प्रहार भैरहेको छ। यो प्रहारले अन्ततः उनीहरूको शीप र व्यवसायलाई मात्र नष्ट गर्दैन, त्यो शीप र व्यवसायका भरमा बाँचेको ठूलो समुदाय नै प्रभावित हुन्छ र अन्ततः विस्थापनको प्रकृयाले अस्तित्वकै संकटलाई निम्त्याउँछ। त्यसैले यस विषयमा पर्याप्त अध्ययन र अनुसन्धानका साथसाथै नीति निर्माण गर्दा अत्यन्त संवेदनशीलताको आवश्यकता पर्छ। कमसेकम, विस्थापनको प्रकृयाले अस्तित्वको संकटमा पुगेका मेचेहरू, सतारहरू, किसानहरू, माझी र बोटेहरूको स्थितिले यस तथ्यलाई पुष्टि गर्दछ। बदलिंदा सामाजिक-आर्थिक मूल्य र मान्यताहरू, बसाई सराईको चाप, तराईका अधिकांश आदिवासी जातिको सोझोपन र त्यो सोझोपनबाट फाइदा उठाउन खप्पीस वर्गहरूको उदय र कृयाशीलता आदिवासी जातिको विस्थापनका प्रत्यक्ष कारक तत्वहरूका रूपमा प्रकट भएका छन्।

३ विकासे विसंगति र विस्थापितहरूको फौज

नेपालमा योजनावद्ध विकासको थालनी २०१३ सालमा बनेको पहिलो पञ्च-वर्षीय योजनाबाट भएको हो। विकासका पूर्वाधारहरू (सडक, बाटोघाटो, पुल, सिंचाई) हरू र संरचनाहरू निर्माण गर्ने प्रकृयाको यो थालनी आफैमा एउटा महत्वपूर्ण घटना त थियो नै, साथसाथै त्यसबेलासम्म आफ्नै शीप र मेहनतमा जनताले निर्माण गरेका सानातिना आयोजनाहरू र प्राकृतिक सम्पदाको सन्तुलित उपयोग गर्ने परम्परागत ढांचा ढर्रामा सरकारले गरेको जबर्जस्त हस्तक्षेप पनि थियो।

२०१३ सालमा सरकारले वन राष्ट्रियकरण गरेपछि त्यसैबेलादेखि वन विनाशको प्रकृया तीब्र भएर देखा पर्‍यो। तराईको हजारौं बिगाहा जंगल खाहा भयो। जंगल फाँडेर तराईमा बसोबास गराउने सरकारी नीतिले एकातिर तराईका आदिवासीको जीवन धान्ने प्रकृयालाई जटिल बनाइदियो भने अर्कोतर्फ सुकुम्बासी समस्यालाई कहिल्यै समाधान गर्न नसकिने गरी विस्फोटक बनाइदियो। बाटो र सडक बनाउन जंगल फाँडिए र पहराहरू फुटाइन थाले। भूवनावटलाई बेवास्ता गरेर विदेशी सल्लाहकारहरूको योजना अनुरूप खन्न थालेका बाटा-घाटाले माटो बग्ने र पहिरो जाने प्रकृयालाई तीब्र बनाइदियो। यी सबै कुराले जनताको जीविकाका परम्परागत श्रोतहरू खल्बलिने र आधारहरू गुम्ने प्रकृयाको थालनी भयो।

विकासका नाममा संचालित यी योजनाहरू जनताका नाममा संचालित भए, तर विकास योजनामा जनताको बोली कहाँनेर सुनिन्छ र कार्यान्वियन हुन्छ भन्ने कुरा विकासका हकदार जनताले कहिल्यै थाहा पाएनन्। फलतः विकास भनेको सरकारले गर्ने र जनताले रमिता हेर्ने विषयका रूपमा स्थापित हुन पुग्यो। बाटो बनाउन, नहर बनाउन, विजुली निकाल्ने बाँध बनाउन र विद्युत बिस्तार गर्न एकातिर प्राकृतिक सम्पदाको धान्नै नसक्ने गरी दोहन गरिन थाल्यो भने अर्कोतिर ती आयोजना बनाउने नाममा जग्गा जफत गर्ने र क्षतिपूर्ति दिने काम पनि शुरू भयो। परम्परादेखि नै सीमित र निश्चित प्राकृतिक सम्पदाको सन्तुलित उपयोग गरेर जीवन धान्दै आएका व्यक्ति र समुदायले तत्काल क्षतिपूर्ति पाएर "विकासको फल चाख्ने" मौका त पाए, तर क्षतिपूर्ति रकमको व्यवस्थापन गर्न नसक्ने व्यक्तिहरू हात लागेको पूँजी सिध्याएर टाट पल्टिने प्रकृयाको पनि थालनी भयो। विकासका नाममा माथिबाट लादिएका, भूबनावट र प्राकृतिक सम्पदाको सक्दो दोहनमा आधारित योजनावद्ध विकास प्रकृयाले योजनावद्ध रूपमा विकासे विसंगतिहरूको डंगुर बढाउँदै लग्यो र अन्तमाः आज विस्थापितहरूको ठूलो फौज नै खडा भैसकेको छ।

३.१ विनाशको चक्र

सतहबाट सर्सरी हेर्दा बाटो बनाउने, विजुली निकाल्न बाँध बनाउने, विद्युत लाइनको बिस्तार गर्ने, नहर तथा कुलो निर्माण गर्ने, राष्ट्रिय निकुञ्जहरूको स्थापना गर्ने कामहरूले नकारात्मक भन्दा सकारात्मक प्रभावहरू नै पारेको जस्तो देखिन्छ। यस्ता योजनाबाट जो सुकैले अपेक्षा गर्ने पक्ष पनि त्यही हो र यी गतिविधिहरू र यस्ता योजनाको निर्माण जनताको आकांक्षामा आधारित पनि छन्। तर, गहिरिएर हेर्दा आजसम्म हामीकहाँ सञ्चालित यस्ता योजनाले सकारात्मकभन्दा धेरै नकारात्मक असरहरू पारेका छन्। वास्तविकता त के हो भने आजसम्म संचालित योजनाहरूको नकारात्मक पक्ष केलाउनतिर कसैले पनि ध्यान दिएको छैन।

बाटो निर्माण, विजुली निकाल्ने बाँधको निर्माण र निकुञ्जहरूको स्थापना गर्दा सरकारले बसोबास उठाएका जनतालाई प्रचलित मूल्य र क्षतिपूर्ति ऐन अनुसार क्षतिपूर्ति त दिन्छ, तर क्षतिपूर्ति आफैमा यसरी विस्थापित गरिएका व्यक्तिहरूको समस्याको समाधान होइन। यसरी विस्थापित

गरिएका मानिसहरूले नयाँ ठाउँ र नयाँ समाजमा सामाजिक, सांस्कृतिक र आर्थिक रूपले व्यवस्थित हुन वर्षौं र पुस्तौं लाग्छ। विस्थापनको अवधिमा हावापानीको कारण, अत्यास र मानसिक उद्वेगको कारण धेरै मानिसहरू विरामी पर्दछन्। विद्यालयमा पढ्ने उमेरका विद्यार्थीहरूको पढाइमा बाधा पुग्छ। रोजगारी र बाँच्ने शैलीमा रहेको अभ्यस्तता खल्बलिन्छ र उनीहरू नयाँ ठाउँमा घुलमिल हुन वर्षौं लाग्छ। अझ जबर्जस्ती गरेर उठाइएका व्यक्तिहरूले यस्तो पीडा बढी अनुभव गर्दछन्। पहिलेको ठाउँमा चलिआएका चाल-चलनहरू, रीति-रिवाजहरू, धार्मिक र सांस्कृतिक गतिविधिहरू नराम्रोसंग प्रभावित हुन्छन्।

प्रत्यक्ष रूपले विस्थापित व्यक्तिहरूका यी समस्याहरू जस्तै अप्रत्यक्ष रूपले विकासको विसंगति भोग्ने स्थानीय बासिन्दामा अर्कै खालका समस्याहरू देखिन्छन्। क्षतिपूर्ति दिएर बाटो बनाउन जफत गरिएको बारी खन्दा जाने पहिरोले बाटो तलका खेतबारी र घरलाई प्रभावित पार्छ र त्यस जग्गामा जीविका गर्ने परिवारहरूको आर्थिक अवस्थामा नराम्रो ह्रास आउँछ भन्ने कुराका उदाहरण पहाडी क्षेत्रमा बनेका प्रायःजसो सडकहरू छन्। कुलेखानी जल विद्युत आयोजना र वागमती सिंचाई योजनाले आयोजनास्थल तलका जनतालाई कति प्रभाव पार्‍यो भन्ने कुराको उदाहरण यस वर्ष सर्लाहीमा आएको बाढी र त्यसले गरेको विनाशलीला हुन पुगेको छ।

विनाशको यो चक्रबाट बाँध र सडक वरपरका मानिस मात्र होइन, कोशौं टाढाका मानिसहरू समेत नराम्रोसंग

विस्थापितहरुको बस्ती १५ वर्षपछि पनि उस्तै

२०३४ सालमा रारा राष्ट्रिय निकुञ्ज स्थापना भएपछि २०३५ सालमा निकुञ्ज विभागले वरपरका बासिन्दालाई अन्यत्रै पठाउने निर्णय गर्‍यो। २०३५ सालमा लिइएको रारा गा.वि.स.का अधिकांश बासिन्दाहरू उठाउने निर्णय संभवतः व्यवस्थित र क्रमिक प्रकृयाद्वारा नै भयो। तर, सो निर्णय यति हतपतमा लागू भयो कि त्यसको प्रभावबाट अझै पनि त्यहाँबाट विस्थापित व्यक्तिहरू आहत छन्।

विस्थापनको यो प्रकृया व्यवस्थित किन थियो भने विस्थापन गर्न लागिएका व्यक्तिहरूलाई कहाँको जग्गा लिने भनेर सोधियो। गाउँका केही ठालुहरूले बर्दिया जिल्लाको मोतिपुर गा.वि.स.मा पर्ने सत्पतियाको जंगल फाँडेर बस्ने निर्णय दिए। उनीहरूको बसोबास गराउने जिम्मा पुनर्वास कम्पनीलाई दिइयो। र, उनीहरूले २०३५ सालको मंसीरमा रारा गा.वि.स. छाड्नु पर्ने उर्दी १५ दिन अघि मात्र जारी गरियो।

रारा राष्ट्रिय निकुञ्ज हुदुको आधिकारिक जानकारी अनुसार, १ सय ४० परिवार र गाउँ छाडेर हिड्नेहरूको भनाई अनुसार, करीब २ सय ५० परिवारलाई हटाउनु अघि राजाले सोधेका थिए - मुआब्जा क्षतिपूर्तिमा लिने कि सट्टा भर्नामा ? सबैले सट्टा भर्नामा जग्गा लिने जानकारी दिएपछि डेढ बिघा जग्गा दिने कुरा बताइयो। तर, माटो मुरीका हिसाबले जग्गाको नापो गर्दै आएका गाउँलेहरू बिघा कति हुन्छ, अलमलिए। अन्ततः उनीहरूले डेढ देखि ३ बिघासम्म जग्गा र घरको घर अनि प्रति परिवार ३०० क्यूबिक फीट काठ दिने निर्णय गरियो। निर्णयको लगत्तैपछि २०३५ साल मंसीरमा १५ दिन नाघेपछि "घरमा आगो नधुवाउनु र पानी नचुहाउनु" भन्ने आदेश दिइयो।

सैनिक सुरक्षाको घेरामा परेका गाउँलेहरूले आफूसंग भएका मालमत्ता सबै उठाएर ल्याउन सक्ने अवस्था थिएन नै, न त उनीहरूले आफ्ना माल सामान प्रचलित मोल अनुसार बेच्न नै पाए। नातागोता र कुटुम्बहरूसंग राम्ररी भेट गर्नै नपाई प्रतिव्यक्ति रू १ सय बाटो खर्च दिएर उनीहरूलाई बाटो लगाइयो।

२०३५ सालमा उनीहरू रूँदै गाउँ छाडेर हिंडे। त्यसबेलाको पीडा संझनासाथ ६४ वर्षीय तुलाराम बुढा (क्षेत्री)का आँखा भरिन्छन् र बोल्दा बोल्दैको कण्ठ अवरूद्ध हुन्छ। उनी भन्छन् "भित्र नदुखी कसैका पनि आँखा रसाउँदैनन्। त्यसबेला घरका कुना काप्चामा थुप्रै मालमत्ता थिए। घर हेर्न पाइएन, घर सफा गर्न पाइएन, बाटामा खान पाइएन। कहाँ जाने, कहाँ बस्ने मनमा ठूलो अत्यास थियो। त्यो कुरा संझदा अझै पनि मर्नु निको जस्तो लाग्छ।" यसभन्दा अगाडि उनी केही बोल्न सक्दैनन्, उनको गलामा गाँठो परेको स्पष्ट अनुभव हुन्छ।

२०३५ सालमा बर्दियाको मोतिपुरमा पर्ने सत्पतियाको जंगल पुनर्वास कम्पनीले फाँड्न थालेको थिएन। उनीहरू रूखका फेदमा बसे। त्यस ठाउँमा स्वास्थ्य चौकी थिएन, विद्यालय थिएन। उनीहरू बसेको ठाउँमा पुग्ने बाटो थिएन र त्यहाँ प्रहरी चौकी पनि थिएन। २ पल्ट नदी तरेर ४ घण्टा जंगलै जंगल हिंड्दा खजुरा पुगिने त्यो ठाउँमा वर्षामा बाहिर जान सकिँदैनथ्यो। "हामी दुर्गम ठाउँबाट आएकाहरूका लागि पनि त्यो ठाउँ असाध्य दुर्गम थियो" विस्थापनमा परेर आएका नीरविक्रम शाह त्यसबेलाको वर्णन यिनै शब्दहरूमा गर्दछन्।

मुगु जिल्लाको करीब १० हजार फीट उचाईमा वर्षेनी पर्ने हिउँ र अत्यन्त चिसो मौसममा हुर्के बढेका यिनीहरू एकाएक समुद्र सतह नजिक पर्ने तराईका जमीनमा गर्मीले पाक्न थाले। स्वास्थ्य सेवा नभएको र सर सफाईमा आफै पछि परेका यिनीहरूलाई खान दिइएको मैदाले झन रोग बढायो। गर्मीकै कारण २०३५ सालमा झाडा-पखाला, खटिरा र अन्य रोगले साना ठूला गरी १८ जना मानिसले सत्पतियाको जंगलमा दम तोडे। त्यसबेला विरामी नपर्ने मानिस कोही पनि भएन। जुठे बुढा, रूपचन्द्र बुढा, कर्णशिला बुढा, कल्चु रोकाया जस्ता वृद्ध र भर्खर जन्मेका केटाकेटीलाई बर्दियाको गर्मीले वर्ष नपुग्दै चुँडेर लग्यो।

मृत्युलाई टुलुटुलु हेर्नु र वाध्यतासंग सम्झौता गर्नु

पीडित हुन पुग्दछन्। फलतः बाढी पहिरो जस्ता विकासे विसंगतिबाट सिर्जित समस्याले विस्थापित हुनेहरूको सिलसिलेवार चक्रप्रणाली सृजना हुन्छ। र, नेपालमा सुकुम्बासी समस्या बढाउन यो विनाशको चक्रप्रणाली पनि त्यत्तिकै जिम्मेवार छ।

३.२ निकुञ्जहरूको हरियालीभित्र उजाडिएका बस्तीहरू

विश्वबाटै लोप हुन लागेका दुर्लभ प्राणी र वनस्पतिको संरक्षण गर्ने उद्देश्यले २०२८ सालदेखि योजनावद्ध रूपले तिनको संरक्षण गर्न नेपालमा राष्ट्रिय निकुञ्जहरू र वन्यजन्तु आरक्षहरूको स्थापना गरिन थाल्यो। नेपालमा पहिलोपल्ट स्थापना गरिएको चितवन राष्ट्रिय निकुञ्ज स्थापन गर्ने सिलसिलामा २२ हजार मानिसहरूलाई चितवनबाट विस्थापित गरियो। हाल चितवन राष्ट्रिय निकुञ्जले संरक्षण गरेको जंगलमा पहिले ९।१० वटा गाउँहरू थिए। चितवन राष्ट्रिय निकुञ्जभित्र पर्ने जब्का, भिम्ले, जगधारी, पन्नापन्नी, अमृते, कछुवानी, डुमरिया, सुखिभाट, खोरिया मुहान लगायतका गाउँहरू अहिले अस्तित्वमा छैनन् र गाउँहरू अहिले हरियो जंगलमा परिणत भएका छन्।

बर्दिया राष्ट्रिय निकुञ्ज हाल नेपालको तराई र चुरे महाभारत श्रृंखलाका वनस्पति र वन्यजन्तु संरक्षण गर्ने ठूलो राष्ट्रिय निकुञ्ज मानिन्छ। निकुञ्जभित्र पर्ने बबई उपत्यका अत्यन्त उर्वर ठाउँ थियो। निकुञ्ज बिस्तार गर्ने सिलसिलामा बबई उपत्यकामा बसोबास गर्दै आएका १ हजार ५ सय ७२

बाहेक अर्को विकल्प नभएका यिनीहरू धेरै आत्तिए पछि उनीहरू आफैले त्यो ठाउँ छाड्ने निर्णय गरे र २०३६ सालमा हाल बाँके जिल्लाको चिसापानीमा आएर छाप्रा हाले। दिएको जग्गा छाडेर हिंडेकाले यिनीहरूलाई १ वर्षसम्म बेवास्ता गरियो। र, अन्ततः २०३८ सालमा मात्र पुनर्वास कम्पनीले घरबासका लागि यिनीहरूलाई ४ कट्ठा जग्गा उपलब्ध गरायो। टेक्ने जरो र समाउने हाँगो नपाएका यिनीहरूको लागि १ वर्ष न खाने ठेगान थियो, न त बस्ने ठेगान। लोग्ने मानिसहरू सुर्खेत रोड खन्ने काममा छिञ्चुतिर गए। काम गर्न थाले भने आइमाई मानिसले गाउँघरमा मागेर र बनि गरेर प्राण जोगाए।

रारा गा.वि.स. को छाप्रुक र रारा गाउँमा पर्ने वडा नं. १ देखि ६ सम्मका ठकुरी, बुढा (क्षेत्री) रावल, रोकाया, दमाई, कामी र सार्कीहरूको बसोबास भैरहेको बाँके जिल्लाको चिसापानी गा.वि.स.का वडा नं. ४, ५, ६, ७, ८ र ९ का बस्तीलाई अहिले पनि विस्थापितहरूको बस्ती भन्न सकिन्छ। २०३८ सालमा घडेरीको लागि र ०३९ सालमा खेतीपातीका लागि भनेर यिनीहरूलाई सीमित जग्गा दिइए पनि विस्थापितहरूको बाहुल्य भएको वडा नं. ४, ५ र ६ मा खानेपानी छैन। रूखका ठुटाहरू गाडेर बनाइएका कुवा यिनीहरूको खानेपानीका श्रोत हुन् भने वर्षेनी खान पुग्ने अन्न यस क्षेत्रमा अहिलेसम्म उब्जिएको छैन। सिंचाई गर्नुपर्ने बेला यिनीहरू रारा तालको पानी संभ्केर टोलाउँछन्।

विस्थापनको प्रकृयाबाट गुज्रेका अधिकांश केटाकेटीले २ वर्षसम्म स्कूलको मुख देख्न पाएनन् भने बस्ती उठाउँदा विदेश गएका (दशैंपछि वर्षेनी भारतमा काम गर्न जाने र लामो समयसम्म भारतमा काम गर्ने परम्पराबाट अहिले पनि कर्णाली अंचलका अधिकांश गाउँहरूको अर्थतन्त्र टिकेको छ) हरूले क्षतिपूर्ति र सट्टा भर्ना पाएनन्। यहाँसम्म कि जुम्लामा रहेका कतिपय घरमूलीहरू (उदाहरणका लागि तत्कालिन प्रधानपंच ललितजंग शाह) समेत सट्टा भर्ना पाउनबाट बञ्चित भए। यी मध्येका २६ परिवारलाई पछि वन सुदृढिकरण आयोगले पूर्जा दियो भने यागे बुढा र पृथ्वीबहादुर बुढा जस्ता कतिपय मानिसहरू अभै ऐलानी जग्गामा बसोबास गर्दछन्।

जग्गा कमाउने र त्यसबाट प्राप्त अन्नबाली खाने गरे पनि यिनीहरूको जग्गाधनी पूर्जा अभै पक्का भैसकेको छैन। २०४२ सालसम्म यिनीहरू सबैलाई जग्गा उपलब्ध गराइसकिएको थिएन। त्यसबेलासम्म प्रतिदिन सरकारले तीन रूपैया अथवा त्यसको सट्टा दूध, पिठो (मैदा) र सोयाबिन दिने भनेको थियो, तर सरकारबाट उनीहरूले त्यो सहुलियत जम्मा १८ महिना मात्र पाए। न त सरकारले उनीहरूलाई संभौता बमोजिम घर बनाइदियो, न त ३ सय क्युबिक फीट काठ नै दियो। फलतः आफ्नो जग्गाको धनीपूर्जा १ प्रति उनीहरूका हात परे पनि वन सुदृढिकरण आयोगले दिएको धनीपूर्जाको अर्को प्रति मालपोत कार्यालयसम्म पुगेको छैन। उनीहरू यो जग्गा धितो राखेर कुनै व्यवसाय गर्न पाउँदैनन् र बेचबिखन गर्न पनि सक्दैनन्। घर वरपर उनीहरूकै लागि पुनर्वास कम्पनीले छाडिदिएका ठुटाहरूमा आरा लगाउन पनि पाउँदैनन्। छाप्रुकबाट आएका ४१ वर्षीय देउराम बुढा भन्छन् "पुर्खाले कमाएको सम्पत्ति नीजि क्लिनिक चलाउने डाक्टरलाई दिंदा दिंदै सकियो। मालपोतमा पूर्जा नभएर अहिलेसम्म सरकारले तिरो मागेको छैन। तिरो टाँगियो र वक्यौता लाग्यो भने हाम्रो फेरि उठीबास हुन्छ।"

रारा छाडेर हिंड्न बाध्य भएका यिनीहरूको तन यहाँ भए पनि मन सधैं आफ्नो जन्मथलोमा हुन्छ। जस्तोसुकै गर्मीमा पनि यिनीहरू रारामा जस्तै बाक्ला लुगा लगाउँछन्। घरको रहन-सहन पनि प्रायःजसोको उस्तै छ। सर-सफाईको स्तरमा पनि हालसम्म खासै फरक परेको छैन। हातमा कतुवा लिएर ऊनको डोरी बाट्दै हिंड्ने यिनीहरूको विशिष्ट चलन पाको उमेरका मानिसले अभै जेनतेन धानिरहेका छन् भने परम्परागत रूपमा आइमाईहरूले लगाउने "मुण्टाका (गलाका) माला र हातका बाला" चाहि पेट पाल्नका लागि खर्च भैसकेका छन्।

१५ वर्ष अघि रारा राष्ट्रिय निकुञ्जबाट विस्थापित भएर यहाँ आइपुगेका रारालीलाई बर्दिया राष्ट्रिय निकुञ्जको सीमासँगै राखिएको छ। फलतः वन्यजन्तुको पीडा पनि यिनीहरूले त्यत्तिकै मात्रामा भोगिराखेका छन्।

परिवारलाई त्यहाँबाट विस्थापित गरियो। बबई उपत्यकामा बस्ती थियो भन्ने तथ्यको प्रमाण अझै पनि त्यहाँ घर र गोठका अवशेषहरू छन्। विस्थापित करीब १६ सय परिवारमा करीब २ सय ५० परिवारलाई जबर्जस्ती हटाइएको थियो। बबई उपत्यकाबाट विस्थापित गरिएका सबैलाई सट्टा-भर्ना जग्गा दिएर बर्दिया जिल्लाकै तारातालमा बस्न दिइयो। तर, यति नजिकै बसाई सर्दा पनि धेरै मानिसहरूले त्यस ठाउँमा आफूलाई व्यवस्थित गर्न नसकेर केही परिवार सुकुम्बासी सरह भए।

कञ्चनपुर जिल्लामा स्थापना गरिएको शुक्लाफाँटा वन्यजन्तु आरक्ष स्थापना गर्ने सिलसिलामा आरक्ष क्षेत्रभित्र बसोबास गरिरहेका १ हजार ११ परिवारलाई बसोबास गरिरहेको ठाउँबाट विस्थापित गरियो। यी १ हजार ११ परिवारमध्ये २०४७ सालसम्ममा २ सय परिवारले क्षतिपूर्ति बापत सट्टाभर्नामा जग्गा पाए। बाँकी ८ सयभन्दा बढी परिवार घरबार गुमाएर यता न उता भएका छन्। शुक्लाफाँट वन्य जन्तु आरक्षको विस्तार गर्ने काम आज पनि चालु छ र आज पनि अनेक गाउँका बासिन्दाहरू विस्थापनको प्रकृयामा छन्। पहिलेकै विस्थापित परिवारहरूको बसोबासको टुंगो नलागी अरू मानिसको विस्थापन गर्ने प्रकृयाले निकुञ्ज र स्थानीय बासिन्दाहरू बीचको सम्बन्धलाई अरू कटुतापूर्ण बनाएको छ।

मुगु जिल्लामा रारा राष्ट्रिय निकुञ्ज स्थापना गर्दा त्यहाँबाट विस्थापित गरिएका परिवारहरूले १० वर्षपछि बल्ल बस्ने आश्रय पाए, तर १५ वर्षपछि पनि उनीहरूको दुर्दशा यथावत छ (बक्स हेर्नुहोस्)। लाङटाङ्ग राष्ट्रिय निकुञ्ज होस् या सगरमाथा राष्ट्रिय निकुञ्ज, नेपालको हरियाली संरक्षण र वन्यजन्तु तथा वनस्पतिको संरक्षणका पछाडि हजारौं परिवारहरूको थातबास उजाडिएको इतिहास छ। कुलेखानी जल विद्युत आयोजना निर्माण गर्ने सिलसिलामा हालको इन्द्र सरोवर बाँध बनाउँदा गाउँका गाउँ उठाइए र उनीहरूलाई क्षतिपूर्ति पनि दिइयो। तर, त्यसबेला क्षतिपूर्ति पाएका किसानहरूले हालसम्म पनि आफूलाई कतै स्थापित गराउन सकेका छैनन्। मकवानपुर जिल्लाका विभिन्न ठाउँमा सुकुम्बासी भएर यता र उता गर्नु उनीहरूको नियति नै भएको छ। कतिपय विस्थापित परिवारहरू हाल हेटौंडामा श्रमिक भएर जीवन धान्न विवश भएका छन्। हाल अरूण तेश्रो जल विद्युत आयोजना निर्माणको विषयलाई लिएर राष्ट्रव्यापी बहस भैरहेको छ, तर त्यो आयोजनाले अरूण उपत्यकामा बसोबास गर्ने कति परिवारलाई विस्थापित गर्छ भन्ने तथ्य अझै जनसमक्ष आएको छैन।

३.३ लाभ-हानीको प्रश्न र स्थानीय बासिन्दाको हक

योजनाबद्ध विकास निर्माणको काम संगसंगै शुरू भएका यी विसंगतिहरूको विषयमा हालसम्म कुनै अध्ययन अनुसन्धान नभए पनि हरेक योजनाका सकारात्मक र नकारात्मक पक्षहरू केलाउनु पर्ने बेला चाहीं आएको छ। विकासका योजनाहरू सञ्चालित हुनुपर्छ भन्ने कुरामा दुईमत छैन, तर त्यो विकासमा स्थानीय जनताले के पाए र अरूले के पाए भन्ने कुराको लेखाजोखा हुनु पर्छ।

जुन स्थलमा विकास निर्माणका आयोजनाहरू संचालन गरिन्छन्, त्यस ठाउँका जनताले आफ्नो प्राकृतिक सम्पदा माथिको हकको दावी गर्न पाउने प्रावधान नेपाल अधिराज्यको संविधान २०४७ ले गरिदिएको छ। कुलेखानी क्षेत्रमा जम्मा गरिएको पानीबाट विजुली निकाल्ने र त्यो विजुली बाल्ने जनताको हक संरक्षण गर्दा स्थानीय बासिन्दाले परम्परादेखि हकभोग गर्दै आएको पानीको अधिकार खोसिनु कत्तिको न्यायसंगत ठहरिन्छ। १० प्रतिशत नेपाली जनताको विजुली बाल्ने हक जति महत्वपूर्ण छ, कुलेखानीको पानीमा स्थानीय बासिन्दाको हक पनि त्यत्तिकै महत्वपूर्ण छ।

विगतमा जति ठूल-ठूला विकास आयोजनाहरू संचालन गरिए, त्यसमा स्थानीय जनताको लाभ र हानीको प्रश्नलाई नीति निर्माताहरूले कहिल्यै विश्लेषणको दायराभित्र ल्याउन चाहेनन्। अहिले पनि विकास आयोजना संचालन गर्ने त्यो प्रकृयामा खासै फेरबदल आएको छैन। बबई उपत्यकाभित्र बसोबास गरिरहेका व्यक्तिहरू र शुक्लाफाँटा आरक्षहरूभित्र पर्ने गाउँहरू हटाइयो र निकुञ्ज स्थापना गरियो, तर त्यो जग्गामा अब होटल बनाउने अनुमति दिइदैछ। परम्परादेखि बसिराखेका जनतालाई विस्थापित गरेर त्यस ठाउँमा व्यापारिक संस्थानहरू खोल्न अर्को व्यक्तिलाई दिने निर्णय न्यायसंगत छ कि छैन ? यसरी खालि गरिएको जग्गामा पुनः बसोबास गराइन्छ भने विस्थापित व्यक्तिहरू त्यसका पहिला हकदार हुन्छन्। तर, नेपालमा आजसम्म विस्थापित गरिएका व्यक्तिहरूको यो हकलाई सरकार र व्यापारिक गतिविधिले सधैं ओझेलमा पारेको छ।

विकास आयोजनाहरू र विस्थापन आजसम्म एउटा सिक्काका दुई पाटा जस्तै भएर देखा परेका छन्। अधिकांश मानिसले विकासको काम गर्दा धेरैको हितका लागि थोरै मानिसले आफ्नो स्वार्थ त्याग गर्नुपर्छ भन्ने तर्क गर्ने गर्छन्। सतहबाट हेर्दा यो तर्कमा प्रशस्त दम छ, तर गहिरिएर हेरेको खण्डमा यस्ता विसंगतिलाई अनिवार्य ठान्नु पर्ने बाध्यता रहदैन। वास्तविक तथ्य त के हो भने, विस्थापन विकासका कामको अनिवार्य उत्पत्ति होइन, विकासे धारणामा रहेको त्रुटीको उपज मात्रै हो। विकास आयोजना संचालन गर्दा स्थानीय जनताको स्रोत र सम्पदाको हकलाई जबसम्म स्थान दिइंदैन, त्यसबेलासम्म विस्थापन र विनाशको प्रकृया चलिरहन्छ। विकास आयोजना कस्का लागि भन्ने प्रश्नको समाधान आज बहसको विषय हुनु आवश्यक छ। यो आवश्यकता किन छ भन्ने स्पष्ट पार्न हजारौं मानिसलाई विस्थापन गरेर संरक्षण गरिएका निकुञ्जहरूकै उदाहरण लिउँ। सरकारले शाही सेना लगाएर संरक्षण गरेका निकुञ्जहरूमा वन्यजन्तुको चोरी शिकार आज पनि यथावत छ। स्थानीय बासिन्दा र निकुञ्ज एक आपसमा शत्रुतापूर्ण सम्बन्ध बनाउन विवश भएका छन्। संरक्षित जंगलमा पसेर जंगल फाँड्ने प्रकृया पनि जारी छ। र, हाल सरकारले निकुञ्जको संरक्षण

स्थानीय बासिन्दाको सहयोग बिना असंभव छ भन्ने अनुभव गर्न थालेको छ। यसको ठीक उल्टो अन्नपूर्ण संरक्षण क्षेत्रमा जनताले संरक्षण गरेको जंगलमा यो समस्या आजसम्म देखिएको छैन।

स्पष्ट छ, विकासे आयोजनामा स्थानीय जनताले आफू कहाँनेर पर्छु भन्ने कुरा थाहा नभएसम्म विकासे गतिविधि टिकाउ हुँदैनन्। निकुञ्ज वरपरका बासिन्दाले निकुञ्जबाट पाउने लाभ के त ? निकुञ्जबाट हुने लाभ जति सरकार र व्यापारीलाई, नोक्सानी र दुःख जति स्थानीय बासिन्दालाई भएकाले नै निकुञ्जहरू आज पनि स्थानीय बासिन्दाको तारो भएका हुन्। स्थानीय जनतालाई विकास आयोजनाको हिस्सेदार बनाउन नसकेको खण्डमा विस्थापनको समस्या त आउँछ नै, साथसाथै विकास आयोजनाको भविष्य पनि सँधै प्रश्नको घेरोमा परिरहन्छ।

३.४ विकास र सामाजिक न्याय

विकास आयोजनाको निर्माण र स्थानीय जनताको हक-हित विश्वव्यापी रूपमै अनुमोदित स्थानीय जनताको आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक हक र न्यायसँग जोडिएको प्रश्न पनि हो। नेपालले आफ्नो देशका जनताको आर्थिक, सामाजिक र सांस्कृतिक हकसँग सम्बद्ध कतिपय महासन्धि, सम्झौताहरू र प्रोटोकलहरूलाई अनुमोदन गरेको छ। सामाजिक भेदभावको उन्मूलन, क्षेत्रीय विकास, महिला विरूद्धका भेदभावहरू, बालबालिकाको हक-हित जस्ता हरेक पक्षहरू विकास अवधारणा भित्रै पर्ने कुरा हुन्। विकासे अवधारणा स्वयं पनि आफैमा स्थीर विषय होइन। विकासको परिभाषा पनि समय सँगसँगै परिवर्तन हुँदै आएको छ।

आजको सन्दर्भमा विकास भन्ने शब्दले मानिसको बाँच्ने, बस्ने, शारीरिक मानसिक स्तर वृद्धि गर्ने तथा वातावरण र स्थानीय स्रोत सम्पदामा ठूलो हानी-नोक्सानी बिना जीवन धान्ने न्यूनतम स्तरहरूको उपलब्धतालाई जनाउँछ। तर, आजसम्मको विकासले मानिसको जीवन धान्ने न्यूनतम मापदण्ड त उपलब्ध गराएन नै, जनताका आर्थिक, सामाजिक र सांस्कृतिक हकहरूलाई उपेक्षा गर्‍यो। नेपालले अन्तर्राष्ट्रिय स्तरमा अनुमोदन गरेका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको महासन्धि, सामाजिक भेदभाव उन्मूलन सम्बन्धी महासन्धिका भावना र मर्ममा पनि प्रहार भयो। विकास निर्माणको आजसम्मको योजनावद्ध प्रकृयाले सामाजिक न्याय प्रदान गर्नुको साटो सामाजिक भेदभावका आधारहरूमा मलजल प्रदान गर्‍यो। आर्थिक, सामाजिक र सांस्कृतिक रूपले सम्पन्न र धनी नेपालमा कैयौं जाति र वर्गका आर्थिक आयका जगहरू खल्बलिए र सांस्कृतिक रूपले उनीहरू शरणार्थी जस्तै भए।

नेपालको विकास प्रकृयाले सिर्जना गरेका यी विकास पीडित शरणार्थी माथिबाट थोपरिने विकासे विसंगतिका उपजहरू हुन्। यस्ता विसंगतिहरूको अन्त्य गर्ने एकमात्र उपाय स-साना आयोजनाहरूको चयन र योजना निर्माण प्रकृयामा स्थानीय जनताको सहभागिता र निर्णय गर्ने अधिकारलाई स्थापित गर्नु मात्रै हो। ❑

अनुसूची ६

सन् १९९३ र मानवअधिकारसंग प्रत्यक्ष सरोकार राख्ने केही अन्य विषयहरु

अनुसूची ६.१

बालबालिकाको अधिकार

पृष्ठभूमि

नेपालमा पनि बालअधिकारको अभियान मानवअधिकारको एक अभिन्न अंगको रूपमा विकसित हुँदैछ। गत एक दशक यता अप्ठ्यारा स्थितिहरूमा बाँच्न बाध्य बालबालिकाको अधिकारका विषयमा संगठित रूपमा आवाज उठाउन थालिएको छ। बाल अधिकार अभियानको सुरूवात तत्कालीन मानवअधिकार आन्दोलन एवं बालअधिकार सम्बन्धी अभिसन्धिको प्रेरणाबाट भएको थियो। प्रजातन्त्रको स्थापना पश्चात बालअधिकार अभियानले अरू गति प्राप्त गऱ्यो। अन्तरिम सरकारको पालामा नेपालले संयुक्त राष्ट्रसंघद्वारा पारित अन्य अभिसन्धिहरू सँगै बालअधिकार सम्बन्धी अभिसन्धिमा पनि हस्ताक्षर गऱ्यो। नेपाल त्यति धेरै परिमाणमा मानवअधिकार सम्बन्धी दस्तावेजहरूको अनुमोदन गर्ने २२ देशहरूको पंक्तिमा पुग्यो। खासगरी नेपालको संविधान ०४७ को निर्माण भएपछि र पहिलो संसदीय निर्वाचन सम्पन्न भएपछि बाल अधिकार आन्दोलन लोकप्रिय बन्न पुग्यो। बालअधिकार सम्बन्धी ऐन र श्रम ऐन लागु भएपछि पनि त्यस आन्दोलनले बल प्राप्त गऱ्यो।

लिखित स्थितिको कुरो गर्ने हो भने नेपालका बालबालिकाको अधिकार देशको संविधान एवं कानूनद्वारा संरक्षित रहेको छ। राष्ट्रिय योजना आयोगले नेपाली बालबालिकाको समग्र विकासका लागि आवश्यक योजनाको तर्जुमा गरेको छ। त्यस्तै, अप्ठ्यारो स्थितिमा बाँचिरहेका बालबालिकाको फाइदाका लागि पनि केही योजनाहरूको तयारी गरिएको छ। श्री ५ को सरकारले युनिसेफको सहयोगमा दुःख पाएका बालबालिकाहरूका निम्ति यस दशकका लागि एक विस्तृत योजना अघि सारेको छ। सरकारले बालअधिकार सम्बन्धी अभिसन्धि लगायत दर्जनौं मानवअधिकार दस्तावेजहरूलाई दुखी बालबालिका निम्ति राहत पुऱ्याउने उद्देश्यले अनुमोदन गरेको छ। सरकार "कोलम्बो प्रस्ताव" का कारण पनि अप्ठ्यारो स्थितिमा बाँच्न बाध्य बालबालिकाको अधिकारको रक्षा गर्न बाध्य छ। बालअधिकार सम्बन्धी अभिसन्धिलाई व्यवहारमा लागु गराउने सरकारी प्रतिबद्धतालाई मूर्तरूप प्रदान गर्न देशमा केही "सेभ द चिल्ड्रेन" संगठनहरू र करिब एक सय स्थानीय गैरसरकारी संस्थाहरू सहित दर्जनौं दुईपक्षीय बहुपक्षीय संयुक्त राष्ट्र संघीय संस्थाहरू एवं अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरू कार्यरत छन्। तर यति हुँदा हुँदै पनि आवश्यकताहरूका बीच बाँचिरहेका बालबालिका अझ अभावग्रस्त स्थितिमा रहेका छन्। ती बालबालिकाका स्वरहरू अझ दमित नै रहेका छन्। अब आम मानिसलाई महशुस हुन थालेको छ – हुन त केही न केही भई रहेकै भए पनि अभावग्रस्त स्थितिमा रहेका जनतालाई राहत पुऱ्याउने पक्रिया कछुवाको गतिमा रहेको छ।

झट्ट हेर्दा कतिपय उत्साहवर्धक कुरो देखिन्छ। तर नेपालमा बालअधिकारको स्थितिलाई व्यवहारमै अझ अघि बढाउन र विकसित तुल्याउन सक्ने देखिदैन। अन्ततः बहुसंख्यक बालबालिकाको नियति चिन्ता, व्याकुलता र पीडामा बाँच्नु पर्ने देखिन्छ। सरकारको तर्फबाट संयुक्त राष्ट्रसंघको बालअधिकार सम्बन्धी अभिसन्धिलाई व्यवहारमा लागु गराउने कुरामा कुनै ठोस प्रयत्न गरिएको पाईदैन। देशमा बालअधिकार उल्लंघनका घटनाहरू दैन्दिन पक्रिया बन्न पुगेका छन्।

बालअधिकारको उल्लंघन

बालअधिकरा सम्बन्धी अभिसन्धि प्रति बारम्बार प्रतिबद्धता दर्शाइएता पनि नेपालमा बालअधिकार उल्लंघनका घटनाहरू सामान्य बन्न थालेका छन्। बालअधिकार उल्लंघनका केही नमूनाहरू यहाँ उल्लेख गरिएका छन्। –

१ बालअधिकार सम्बन्धी ऐन ०४८ को उल्लंघन

बालअधिकार सम्बन्धी ऐन ०४८ प्रचलनमा आईसकेको भएपनि हाम्रो देशममा बालअधिकारको निरन्तर उल्लंघन भई रहेको छ। अन्य आवश्यक सहायक कानूनहरूको अभावमा उक्त ऐन पनि त्यति प्रभावकारी हुन सकेको छैन। व्यवहारमा बालअधिकारका उल्लंघनकर्ताहरूलाई पनि सजाय दिइएको छैन। बालअधिकार सम्बन्धी विधेयक संसदद्वारा सर्वसम्मतिले पारित भएको थियो। त्यस पछि ऐनलाई ०५० को सुरूमै लागु गरिएको थियो। तर हालसम्म उक्त ऐनको पालना गरिएको देखिदैन। सरकारले उक्त ऐनलाई सहयोग पुऱ्याउने सहायक कानूनहरू कहिलेदेखि लागु गर्छ भन्ने सम्बन्धमा केही बताएको छैन।

२ बालअधिकार सम्बन्धी अभिसन्धिको उल्लंघन

संयुक्त राष्ट्रसंघद्वारा पारित बालअधिकार सम्बन्धी अभिसन्धिलाई अनुमोदन गरीसकेपछि उक्त अभिसन्धिको परीपालना सम्बन्धी प्रारम्भिक प्रतिवेदन दुई वर्षमा बुझाई सक्नु पर्ने हुन्छ। तर नेपालले संयुक्त राष्ट्रसंघको बालअधिकार सम्बन्धी समिति समक्ष बुझाउनु पर्ने प्रारम्भिक

अभियोग छैन तर यो बालक नेपालगञ्ज जेलमा बन्द छ

प्रतिवेदनको म्याद ०४९ असोज २७ गते नै समाप्त भइसक्यो। ०५० पुसको अन्त्यसम्म सरकारले न त कुनै प्रतिवेदन बुझाएको छ, न त त्यसको कुनै कारण नै बताएको छ। त्यसले नेपाल ती देशहरूको सूचीमा परेको छ, जसले आफ्नो प्रारम्भिक कर्तव्य समेत पूरा गरेको छैनन्। सरकारलाई संयुक्त राष्ट्र संघको सम्बन्धित समितिले यस सम्बन्धमा पटक पटक सोधी सकेको छ।

बालअधिकार सम्बन्धी ऐन ०४८ बालअधिकारको रक्षा र विकास गर्ने दिशामा अग्रसर छ। तर त्यसमा पनि कतिपय धारा वा प्रावधानहरू बाल अधिकार सम्बन्धी अभिसन्धिसंग बाझ्ने खालका रहेका छन्। कतिपय प्रावधान आधारभूत बालअधिकारहरूको हनन गर्ने किसिमका पनि रहेका छन् ।

३. यौन दुर्व्यवहार र यौन शोषण

नेपाली समाजमा यौन दुर्व्यवहारको घटना सामान्य बनी सकेको छ। देशमा कहिले न कहिले यौन दुर्व्यवहारको शिकार नवन्ने महिला शायदै कोही होलान्। बाटोघाटोमा हिंड्दा लोग्नेमानिसले जिस्क्याउने, अश्लिल टिप्पणी गर्ने, धक्का लगाउने, आदि कर्तूतहरूको सामना नेपाली महिलाहरूले निकै गर्नु पर्दछ। कार्यालय, कारखाना, स्कूल-कलेज, अस्पताल वा अन्य सार्वजनिक स्थलहरूमा पनि महिलाहरूले त्यस प्रकारको स्थितिको सामना गर्नु परिरहेको देखिन्छ।

नेपाल बालमज्दूर सरोकार केन्द्र (सीवीन) ले गत वर्ष गरेको कार्पेट उद्योग सम्बन्धी सर्भेक्षण अनुसार त्यहाँ कार्यरत २९ प्रतिशत महिला अश्लिल टिप्पणी, ४४ प्रतिशत धक्का-धुक्की र २७ प्रतिशत जिस्क्याउने कुराको शिकार हुन पुग्दछन्। साथी नामक एक नयाँ गैरसरकारी संस्थाका अनुसार नेपालका ४९ प्रतिशत लोग्नेमानिस बाटो-घाटोमा महिलाहरूलाई जिस्क्याउने गर्दछन्। उक्त संस्थाको एक प्रतिवेदनका अनुसार नेपालका ६९ प्रतिशत महिलाहरू यौन दुर्व्यवहारको शिकार हुन पुग्दछन्। ती मध्ये १७ प्रतिशत घरायसी परिधि भित्रै र ६० प्रतिशत घर बाहिर पीडित हुने गरेको देखिन्छ।

४. बलात्कार र हत्या

स्थानीय सामन्त र जमिन्दारहरूद्वारा हुने ग्रामीण बालिकाहरूको यौन शोषण राष्ट्रिय माध्यमहरूमा समाचार बन्ने गर्दैन, घटना आफै दबिएर जान्छ। तर हामीकहाँ त्यस्ता घटनाहरू निकै हुने गरेका छन्। ग्रामीण इलाकाका कथित घरानीया वा उच्च जातीय व्यक्तिहरूद्वारा पनि तल्लो जातिका भनिने विपन्न बालिकाहरूको यौन शोषण हुने गरेको पनि देखिन्छ। एक पल्ट बलात्कारको शिकार भएकी माहिलाले सर्वत्र अपमानको पीडा भोग्दै बाँच्नु पर्दछ। उनीहरूले जीवन धान्ने अन्य विकल्पहरू गुमाउन पुग्दछन्। अन्ततः वेश्यावृत्तिलाई अंगाल्न वाध्य हुने गरेका छन्।

नेपालमा महिलाहरू माथिको दुराचार र महिलाहरूलाई हत्या गर्ने प्रवृत्ति बढ्दै छ। कतिपय महिला बलात्कार पश्चात मारिएका छन्। त्यस्तै कतिपयले आफ्नै पति वा सासु ससुराको कुटपिटबाट जीवन गुमाउनु परेको देखिन्छ। दाइजो कम ल्याएको भनी बुहारीलाई कुट्ने, मारी नै दिने घटना यहाँ देखिएका छन्। त्यस्तै छोरो नजन्मिएकोमा पनि कतिपय महिलाले कुटपिटबाटै ज्यान गुमाउनु परेको देखिन्छ। तर त्यस्ता अधिकांश आत्महत्याका रूपमा प्रकट हुने गरेको देखिन्छ। सन् ९३ मा पनि राजनीतिक आन्दोलनका क्रममा केही केटाकेटी गोलीको शिकार हुन पुगेका थिए।

५. बालश्रमिक र बाँधा बालश्रमिक

बालश्रमलाई बालअधिकारको सबभन्दा बढी मात्रमा देखिएको उल्लंघनका रूपमा लिन सकिन्छ। कानूनले बन्देज लगाएको भए पनि समाजको सबै क्षेत्रमा बालश्रमिकहरू देखिएका छन्। सीवीनका अनुसार नेपालका ६५ विविध क्षेत्रमा बालश्रमको संलग्नता देखिएको छ। खेतीवाली, घरेलु काम, निर्माण काम, खानीको कामदेखि ईंटा भट्टा र ढुंगा फुटाउने सम्मको काममा बालश्रमको संलग्नता रहेको देखिन्छ।

सन् ९३ मा सरकारले बालमज्दूरहरू राख्ने २३ वटा

१२ वर्षीय जगतबहादुर : राजधानीमा प्रहरी गोलीको शिकार

गलैंचा उद्योगहरूलाई जरिवाना गरायो। ती गलैंचा उद्योगहरूको नाम अखवारहरूमा छापियो। तर बालश्रममा कुनै कमी आएको देखिएको छैन।

बाँधा बालश्रमिकहरू कृषि क्षेत्रमा मात्र होइन गलैंचा उद्योग, चिया बगान, ईटा भट्टा र घरेलु काममा समेत देखिएका छन्। बाँधा बालश्रमिकहरू कृषि क्षेत्रमा कमैया प्रथा अन्तर्गत रहेका छन्। त्यस्तै अरू क्षेत्रमा रू. १ सय देखि १५ सय सम्म दिने वाचा गरेर बालकहरूलाई बाँधा बनाइएको देखिन्छ।

६. चेलिबेटी निर्यात र यौन शोषण

नेपालमा वेश्यावृत्तिका निम्ति खासगरी कलिला ग्रामीण महिलाहरूको निर्यात गर्ने काममा शक्तिशाली गिरोहहरू नै संलग्न छन्। सोझा र कलिला महिलाहरूलाई विभिन्न प्रलोभन देखाई वेश्यालयहरूमा लगेर बेचिन्छ। कतिपय महिलाहरू जीवनको अरू विकल्प नदेखे पछि पनि त्यस काममा संलग्न भएको पाइन्छ। एक अनुमान अनुसार भारतका विभिन्न शहरहरूमा वेश्यावृत्तिमा संलग्न हुन बाध्य गराइएका २ लाख नेपाली महिलाहरू मध्ये ३० हजार त १६ वर्ष मुनिका बालिकाहरू मात्र रहेका छन्।

विदेशमा बेचिएका महिलाहरूले वेश्यालयमा अनेक किसिमका प्रताडनाहरू झेल्नु पर्दछ। झुक्याएर वेश्यालयमा प्रवेश गराइएका महिलाहरूलाई विभिन्न त्रास देखाइन्छ। त्रास र यातनाका कारण उनीहरू आफूले सानै देखि घृणा गरी आएको पेशामा संलग्न हुन बाध्य हुन्छन्।

सीवीनले बम्बई, कलकत्ता र दिल्लीमा गरेको सर्भेक्षण अनुसार, अधिकांश वेश्यालयमा रहने महिलाहरूलाई दिइने यातनाका रूपहरू यस प्रकार छन्।

क. लगाएको लुगा कपडा खोसी दिने
ख. अन्न-पानी बन्द गरी दिने (खानै नदिने)
ग. एकान्तवास
घ. फलामका छड वा लाठीले पिट्ने
ङ. लागु औषधिको सेवन, धुम्रपान र मादक पदार्थ पिउन लगाउने
च. बलात्कार
छ. गर्भपतन गराई दिने
ज. मानसिक यातना
झ. चुरोटको ठुटोले पोलिदिने

९. जेलमा रहेका बालबालिका, पक्राउ परेका र धुनामा परेका बालबालिका

नेपालमा हरेक वर्ष सयकडौं बालबालिका मूलतः दुई कारणले जेल वा हिरासतको यात्रा गर्न बाध्य छन्। केही केटाकेटीहरू आफ्ना अभिभावक जेल परेपछि उनीहरूसंगै जेल यात्रा गर्दछन्। त्यस्ता केटाकेटीहरूको घरमा हेरचाह गर्ने कोही हुदैनन्। अनि कतिपय केटाकेटी चाहीं कतिपय मामिलामा पक्राउ परी हिरासतमा राखिन्छन्। बालअधिकार सम्बन्धी ऐन ०४८ अनुसार केटाकेटीका लागि अलग्गै अदालत र सुधारगृहको व्यवस्था गरिनु पर्ने प्रावधान रहेको छ। तर व्यवहारमा त्यस्तो देखिएको छैन। सन् ९३ मा करिब ५ सय केटाकेटीहरू पक्राउ परे र हिरासतमा राखिए। ती मध्ये १ सय ५० जना खाते बालकहरू थिए। तिनीहरू मध्ये

हजुरबासंग एउटा नाति

धेरैजसोलाई चोरी, पाकेटमारी वा हिंसात्मक काम गरेको अभियोगमा पक्राउ गरिएको थियो। काठमाडौंमा मात्र राजनीतिक आन्दोलन वा हड्तालहरूका क्रममा २ सय भन्दा बढी केटाकेटीहरू पक्राउ परेका थिए। यद्यपि तिनीहरू थोरै दिनका रिहा भएका थिए। तर हिरासतका क्रममा तिनीहरूले यातना भोल्नु परेको थियो।

१०. कथित अछूत जातिका बालबालिकाहरू माथिको भेदभाव

संविधानले सबै किसिमको भेदभावलाई निषेध गरेको छ। तर आज पनि तल्लो जातिका भनिने बालबालिकाहरू ज्यादै उपेक्षित जीवन बिताउन वाध्य छन्। कतिपय ग्रामीण इलाकामा विद्यालय विद्यार्थीहरू बीच समेत जातिपातिको भेदभाव गरेको पाइन्छ।

सन् ९३ र बालअधिकार आन्दोलन

यस वर्ष सरकारले बाल मजदूर राख्ने केही गलैंचा कारखानाहरूमाथि कार्वाही चलायो। तर त्यसपछि हरेक कारखानाका बालमजदूरहरू रातारात वयस्कमा परिणत भए। सरकारले गलैंचाहरूमा केवल ०.७६ प्रतिशत बालश्रमिक भएको बतायो। तर सीवीनका अनुसार नेपाली गलैंचा उद्योगहरूमा ५० प्रतिशत बालमजदूर रहेका छन्।

आफ्नो विस्तृत सर्भेक्षण पश्चात सीवीनले यस वर्ष नेपालका गलैंचा उद्योगहरूमा संलग्न बाल श्रमिकहरूका सम्बन्धमा अन्तर्राष्ट्रिय अभियान संचालन गऱ्यो। सीवीनका कार्यकारी संयोजक गौरी प्रधानले ०५० असोज-कार्तिकमा जेनेभामा संयुक्त राष्ट्र संघको बालअधिकार सम्बन्धी समितिमा गलैंचा उद्योगमा संलग्न बालश्रमका बारेमा प्रतिवेदन बुझाउनु भयो।

यस वर्ष पनि "बाल दासत्वका विरूद्ध दक्षिण एशियाली ऐक्यवद्धता दिवस मनाइयो। उक्त अवसरमा ०५० असोज २ गते राजधानीमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), सीवीन, यातना पीडित सरोकार केन्द्र (सीभिक्ट), इन्डुरेड इन्टरनेशनल, वाच एवं नेपाल ट्रेड युनियन महासंघ (जीफन्ट) को सक्रियतामा आर.एन.ए.सी. बिल्डिङ्गदेखि बसन्तपुरसम्म प्रदर्शनी पनि गरिएको थियो। सोही दिन आयोजक संस्थाहरूले संयुक्त रूपमा प्रधानमन्त्री समक्ष ज्ञापन पत्र पनि प्रस्तुत गरेका थिए।

गत ०५० साउनको सुरूवातसंगै देशका ३५ जिल्लाको जनजीवन बाढीका कारण आक्रान्त हुन पुग्यो। त्यसमध्ये पनि सिन्धुली, काभ्रे, मकवानपुर, सर्लाही, चितवन, रौतहट र धादिङ जिल्लालाई बाढीले बढी असर पारेको थियो। मकवानपुरमा रहेको कुलेखानी विद्युत शक्ति केन्द्रमा करिब १ अरब क्षति भयो। त्यसैका कारण मकवानपुर र सर्लाहीमा पनि ठूलो क्षति भयो। कतिपय कोणबाट कुलेखानीको दुर्घटनाका निम्ति जलस्रोत मन्त्री र उच्च पदस्थ अधिकारीहरूलाई दोषी ठहऱ्याइएको थियो। उक्त अभूतपूर्व बाढीका कारण देश भरमा करिब ५ हजार मानिसको ज्यान गएको थियो।

उक्त बाढीका कारण पनि कैयन बालबालिकाको बालापन खोसिएको थियो। कमैया सर्लाहीका १२ वर्षीय मोहन मगर जस्ता कतिपय बालक बाढी पछि संसारमा एक्लो अनुभव गर्न थाले। बाढी पीडितहरूको उद्धारका लागि सरकारका साथै रेडक्रस र अन्य संस्थाहरू एवं इन्सेक, सीवीन, सीभीक्ट, वाच आदि मानवअधिकार संस्थाहरू पनि संलग्न भएका थिए। उनीहरूलाई फेक्ट नेपाल नामक स्वास्थ सम्बन्धी संस्थाले स्वास्थकर्मीहरू उपलब्ध गराएर सहयोग गरेको थियो। ❑

अनुसूची ६.२

प्रहरी यातना र रोकथामका उपायहरू

"कुनै पनि व्यक्तिलाई यातना दिइने छैन या निर्दयी, अमानुषिक वा अमानवीय व्यवहार गरिने छैन।"

मानव अधिकारको विश्वव्यापी घोषणा १९४८ ले घोषणापत्रको धारा ५ मा उल्लेख गरेको यस प्रावधानलाई संसारका सबैजसो राज्यपक्षहरूले अनुमोदन गरेका छन्। र, मानिसले (खासगरी संगठित र शक्तिशाली पक्षले) दिने गरेको पीडा र दर्दलाई प्रतिवन्धित पनि गरेका छन्। मानव अधिकारको घोषणापत्रले प्रकट गरेको यस मानवीय चिन्तालाई पूर्ण रोकथाम गर्न संयुक्त राष्ट्र संघले सन् १९८४ मा "यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरूद्धको महासन्धि" पारित गर्‍यो। कुनै पनि व्यक्तिबाट सूचना प्राप्त गर्ने, सावित गराउने, कुनै पनि व्यक्तिलाई कुनै पनि किसिमको भेदभावको कारणले धम्क्याउने, दुर्व्यवहार गर्ने तथा शारीरिक मानसिक पीडा वा कष्ट दिने वा सरकारी हैसियतमा रहेको व्यक्तिबाट सहमति या आदेशबाट गरिने उल्लेखित किसिमको अपमानजनक व्यवहारलाई सो महासन्धिले यातना भन्ने परिभाषा दिएको छ।

नेपालले सन् १९९१ मई १४ तारिखका दिन सम्मिलन गरेको र नेपालमा १३ जुन १९९१ देखि लागू भएको यस महासन्धि अनुसार, आफ्नो देशमा नागरिकलाई दिइने यातनाबाट बचाउनु र यातनाको रोकथाम गर्नु कानूनी, न्यायिक, प्रशासनिक तथा आवश्यक वातावरण तयार गर्नु नेपाल सरकारको कर्तव्य हो।

अन्तरिम शासनकालमा नेपालले यस महासन्धिको अनुमोदन गरेपछि २०४७ सालमा बनेको "नेपाल अधिराज्यको संविधान - २०४७" ले नागरिकका मौलिक हकमा पनि यातना दिन नपाउने बन्दोवस्त गरेको छ। संविधानको धारा १४ को उपधारा ४ ले पक्राउ परेको व्यक्तिलाई यातना दिन, अमानवीय र अपमानजनक व्यवहार गर्न रोक लगाएको छ। र, यसरी संविधानको भावना र मर्म विपरीत कसैलाई कुटपिट गरिएको र यातना दिइएको छ भने क्षतिपूर्ति दिइने बन्दोवस्त समेत गरेको छ।

अन्तरिम शासनकालमा नेपालले यातना विरूद्धको महासन्धिमा हस्ताक्षर गरेपछि र नेपाल अधिराज्यको संविधानले यातनालाई दण्डनीय ठानेर क्षतिपूर्ति समेत दिनुपर्ने बन्दोवस्त गरेपनि, नेपालका मानव अधिकारवादी संस्थाहरू र संसद सदस्यहरूले क्षतिपूर्ति ऐन बनाउन सरकारलाई दबाव दिंदै पनि आएका थिए। स्वयं गृहमन्त्री शेरबहादुर देउवाले मानव अधिकार सम्बन्धी हरेक गोष्ठी, सभा र छलफलहरूमा क्षतिपूर्ति विधेयक छिटै पेश गरिने वचन मंत्री हुनासाथ दिन थाल्नु भएको थियो। तर, संसदका हिउँदे र वर्षे गरी ४ वटा अधिवेशनसम्म पेश नभएको क्षतिपूर्ति विधेयक पाँचौ सत्र (संसदको तेश्रो पूर्ण अधिवेशन) मा पेश भएको छ। तर, क्षतिपूर्ति विधेयक अहिले पनि संसदमा छलफल हुन बाँकी नै छ।

नेपालमा यातनाको प्रसंग उठ्नासाथ प्रहरीले गर्ने कुटपिट, धाकधम्की र संगठित यातनाका तरिकाहरू सर्वप्रथम सर्वसाधारणका मन-मष्तिस्कमा नाच्न थाल्छन्। शान्ति, सुव्यवस्था कायम गर्ने र कानूनको परिपालना गराउने हतियारको रूपमा सँधै प्रहरीले शक्तिको सहारा लिंदै आएको पनि छ। कानूनको शक्ति र यातना दिने प्रहरीको परिपाटीले गर्दा नेपालमा यातनाको प्रसंग दिन-प्रतिदिन बढ्दै जान थालेको छ। खासगरी, यातना गैर-कानूनी हो र यो एक-किसिमको फौज्दारी अपराध हो भन्ने जागरूकता समाजमा र स्वयं प्रहरीमा पनि देखिएको छैन। फलत : कतिपय प्रहरीले नजानेर र कतिपयले नियतका साथ यातनालाई साविति गराउने अचूक रूपमा प्रयोग गर्दछन्।

नेपालमा यातनाका के कस्ता उपायहरू छन् ? के कस्ता तरिकाहरू प्रयोग गरिन्छन् ? र यातनाप्रति प्रहरीको धारणा के छ भन्ने कुरा जान्नु यातनाको रोकथाम गर्न कामलाग्दो उपाय पत्ता लगाउनु जत्तिकै महत्वपूर्ण छ। नेपालका विभिन्न जिल्लामा रहेका प्रहरी कार्यालयका इञ्चार्जहरू, इन्स्पेक्टरहरू, डी.एस.पी. र एस.पी. हरू तथा त्यो भन्दा माथिल्लो तहमा बसेर काम गर्ने वर्तमान र केही भूतपूर्व प्रहरी अधिकृतहरूसंगको कुराकानीका आधारमा यातनालाई मूल्यांकन गर्नु यथार्थको नजिक पुग्नु पनि हो।

यातना : प्रहरीकै मुखबाट

नेपालको प्रहरी हिरासतमा सर्वप्रचलित यातनाको तरिका हो - पैतालामा पिट्नु। पैतालामा पिट्नुका लागि बाँसका भाटा र टायरको प्रयोग गरिन्छ र पिटेपछि उठाएर उफ्रन, दौड्न र कुद्न लगाइन्छ। प्रायः जसो हिरासतहरूमा खोर्सानी डढाएर धुवाँ लगाइन्छ। बाल्टीमा टनाटन पानी भरेर त्यसमा मुण्टो गाड्न लगाई निस्सासिंदो बनाउनु यातनाको अर्को प्रचलित रूप हो। लौरोले शरीरका विभिन्न भागमा पिट्ने, हिरासतमा राखिएको व्यक्तिलाई खानेपानी, खानेकुरा र दिसा पिसाब गर्न नदिएर राख्नु, २४ घण्टा वा सोभन्दा बढी समय एकनास उभिन वाध्य पार्ने, विद्युत तरंग भएका विजुलीका तारहरूले शरीरका विभिन्न भागमा करेण्ट लगाउने, बाल्टीमा भरिएको

पानीमा करेण्ट लगाई त्यो पानीमा पक्राउ परेको व्यक्तिलाई उभिन लगाउने जस्ता अत्यन्त कष्टदायक तरिकाहरू नेपालका प्रायःजसो हिरासतमा प्रचलित छन्।

गैरकानूनी रूपले थुनामा राख्ने, खाना र पानीबाट पक्राउ परेको व्यक्तिलाई वञ्चित राख्ने, चिसो पानीमा डुबाउने, अँध्यारो कोठामा लामो समयसम्म एक्लै राख्ने, विजुलीको झड्का नांगो जीउमा लगाउने यातनाका प्रचलित तरिकाहरू हुन्।

प्रहरीका भनाइमा आधारित यी तरिकाहरू बाहेक पिट्दा-पिट्दै मानिस मर्ने गरेका घटनाहरू पनि वेला-वखत नेपालका हिरासतहरूमा हुने गरेका छन्। हिरासतमा हुने मृत्युका पछाडि मुख्यतया ३ वटा कारणहरू छन्। १. जथाभावी कुटपिट २. पक्राउ पर्नु अघि पक्राउ पर्नेको गंभीर स्वास्थ्य स्थिति र ३. हिरासतमा दिइने यातना। धेरै जना प्रहरीले हिरासतमा मानिस मरेका जानकारी आफूलाई प्राप्त भएको बताए, तर आफूले त्यस्ता मुद्दाहरू गर्नु नपरेको उल्लेख गरे।

प्रहरीको भनाई अनुसार, हिरासतमा यातना दिइने अनेक कारणहरू छन्। प्रहरीसँग भएको सीमित जनशक्ति, अपराध अनुसन्धान गर्ने आधुनिक प्रविधिको अभाव, प्रहरीका तालिम र तालिममा कमाण्डर गर्न सिकाउने तरिकाहरू, अपराधको प्रकृति र अपराध अनुसन्धान गर्ने व्यक्तिको मनोवृत्ति जस्ता कुराहरू यातना दिने कारणहरू हुन्।

अपराध अनुसन्धान विभाग मातहतका मुद्दामा पक्राउ पर्ने व्यक्तिहरू, जटिल प्रकृयाका मुद्दामा पक्राउ परेकाहरू, प्रमाणले अपराधी हो भन्ने कुराको यथेष्ट संकेत दिए पनि आफ्नो अपराध स्वीकार नगर्ने व्यक्तिहरू, पक्राउ परेको व्यक्तिबाट विस्तृत जानकारी लिन सकिन्छ भन्ने कुरा प्रहरीले थाहा पाएपछि पनि जानकारी नदिने व्यक्तिहरू, पुलिस आफै पीडित भएका, मुद्दाहरूमा पक्राउ परेकाहरू, प्रहरीमा पर्ने दवाव सडके र पटके चोरहरू प्रायजसो यातना पाउने व्यक्तिहरूमा पर्दछन्। प्रहरीको सरूवा-बढुवा, उसका भावनात्मक र साँस्कृतिक रीतिरिवाज तथा तालिम जस्ता कुराहरूले पनि यातना दिने र नदिने अवस्थालाई प्रभावित पार्ने गर्दछन्।

"सिद्धान्ततः यातनालाई तथ्य पत्ता लगाउने उपायका रूपमा अपनाइन्छ। तर जहाँसम्म वास्तविक तथ्यको कुरो आउँछ, यातनाको दुरूपयोग व्यापक रूपमा हुने गर्दछ। यातना दिएर प्रहरीले कुनै पनि व्यक्तिलाई कुनै पनि मुद्दामा जवर्जस्ती सही गर्न विवश पार्दछ। प्रहरीले आफ्नो अनुकूल हुने बयान तयार गरेर त्यसमा सही गर्न बाध्य पार्दछ र त्यही बयानलाई अदालत समक्ष प्रमाणस्वरूप पेश गर्दछ। यस तरिकाले धेरै निर्दोषहरू जेल परेका छन्" भन्ने कुरा स्वयं प्रहरीहरूले पनि स्वीकार गरेका छन्।

यातना दिने या नदिने भन्ने कुरालाई धेरै कारणहरूले प्रभावित पार्दछन्। अपराधीको सामाजिक प्रतिष्ठा र हैसियत, अनुसन्धानकर्ताका क्षमता र प्रमाण संकलन गर्ने खुबी, अपराधी र अनुसन्धानकर्ताको व्यक्तित्व तथा अपराधको प्रकृति यातनालाई प्रभावित पार्ने तत्वहरू हुन्। तर, पक्राउ परेको व्यक्तिलाई यातना दिनु अघि प्रहरी सँधै सतर्क रहन्छ। पिट्दा चोटपटक नलागोस्। यातना दिएको कुरा अरूले थाहा नपाउन् र हल्ला-खल्ला नहोस् भन्ने कुरामा विशेष ध्यान दिइन्छ। यातना दिंदा यातना पाउने व्यक्तिको उमेर, मुटुको गति र विरामी हो या होइन भन्ने कुरालाई विशेष रूपले हेर्ने कारण दुर्घटनावस मृत्यु नहोस् भन्ने नै हो।

यातनाका रूपहरू जस्तै कसलाई कति यातना दिने भन्ने कुरा प्रहरी आफैले निर्क्योल गर्दछ। विशेष रूपले लगातार र गंभीरतापूर्वक दिइने यातनाकालागि प्रहरीले विशेष टर्म प्रयोग गर्ने गर्दछन्। "थर्ड डिग्री" प्रहरीले प्रयोग गर्ने यातनाको विशेष टर्म हो।

यातना कानूनतः राम्रो होइन भन्ने कुरा प्रायः सबैजसो प्रहरीहरूलाई थाहा छ। तर काकडभिट्टादेखि नेपालगंजसम्म करीव २५ जना विभिन्न तहका प्रहरी अधिकृतहरूसँग कुरा गर्दा यातनाको रोकथाम गर्न सकिदैन भन्ने कुरामा प्रायः सर्वसम्मति प्रकट भयो। प्रहरी प्रशिक्षण प्रतिष्ठानका एक अधिकृतका शब्दमा "यातनाको एकहदसम्म प्रयोग नगर्ने हो भने सामाजिक अपराधहरू धेरै हुनेछन्। यातना कम भएका कारणले आजकल समाजमा गुण्डागर्दी धेरै बढेको छ।"

यातना दिनुपर्छ या दिन पाइन्छ भनेर प्रहरीलाई तालिम दिदा पनि सिकाइदैन र ऐनले पनि यस्तो अधिकार दिएको छैन। यातनाका तरिकाहरू अनुसन्धान गर्ने व्यक्तिहरू र उनीहरूको आदेशमा भर पर्दछ। "हामीलाई यातना कसरी दिने भन्ने कुरा कही पनि सिकाएको छैन। अनुसन्धान गर्ने वैज्ञानिक तरिकाहरू मात्र सिकाइन्छ। तर, व्यवहारमा वैज्ञानिक तरिका प्रयोग गर्ने साधनहरू नभएकाले हामी अनुसन्धान गर्ने तरिकाहरू बिर्सन्छौ र यातनाको प्रयोग हुन थाल्छ" एक प्रहरी अधिकृतले भने।

सोधपुछ र अनुसन्धानकालागि उपयुक्त कोठा, आधुनिक सामग्रीहरू, त्यस अनुसारको प्राविधिक जनशक्ति, प्रयोगशालालाई डिटेक्टर (बयान झुठो हो कि भनेर पत्ता लगाउने यन्त्र) तथा नियन्त्रित विद्युत प्रवाह भएको खण्डमा यातना दिनुपर्ने अवस्थामा सुधार आउन सक्छ।

प्रहरीले अनौपचारिक कुराकानीमा यस्तो वास्तविकतालाई स्वीकार गरे पनि अदालतमा पुग्ने मुद्दाहरूमा कमै मानिसले मात्र यातना पाएको जस्तो देखिन्छ। हिरासतभित्र भएको एउटा मृत्युबारे प्रहरीको तर्फबाट वकालत गरिसकेका काठमाडौंकै एक भूतपूर्व सरकारी वकिलका अनुसार, अदालतमा मूलतः ३ खालका यातना पीडितहरू पुग्ने गरेका छन्।

१. यातना पाएको दावी गर्ने तर शरीरमा घाउचोट नदेखिनेहरू। घाउचोट देखिए उनीहरूलाई घाउ जाँच गर्न पठाइन्छ।

२. शारीरिक यातना नपाए पनि आफ्नो बयान विपरीत प्रहरीले धम्की र त्रास देखाएर तथा यातना दिने धम्की दिएर सही गराएको बताउनेहरू।

३. र न्यायाधीशको ध्यानाकर्षण र ममता जगाउने नियतले आफैले जीउमा साना-तिना घाउचोट बनाएर आउनेहरू।

स्पष्ट छ, प्रहरीको यातना सम्बन्धी धारणा अझै बदलिइसकेको छैन। फलतः यातना तथ्य पत्ता लगाउने र अपराधीलाई सावित गराउने सबैभन्दा अचूक उपायका रूपमा देशका प्रायजसो सबै हिरासतहरूमा प्रचलित छ।

समानान्तर हिरासतहरू

यातनाको प्रसंग उठ्नासाथ प्रहरी र प्रहरी हिरासतको मात्र प्रंसग उठ्ने गरे पनि नेपालमा हिरासत प्रहरीले मात्र राखेको छैन। शान्ति सुव्यवस्था कायम गराउने र कानूनको पालना गराउन प्रहरीले हिरासत राखे झै नेपालका जिल्ला वन कार्यालयहरूले प्रत्येक जिल्लाका प्रायजसो इलाका वन कार्यालयमा मानिसलाई हप्तौं थुनेर राख्ने गरेका छन्। वन ऐन २०४८ ले दिएको अधिकार प्रयोग गरेर रेञ्जरहरूले मानिसलाई थुनामा राख्ने यी हिरासतहरू प्रहरीको जस्तो व्यवस्थित त छैन नै, साथ-साथै यी हिरासतहरूको सुरक्षा कसले गर्ने भन्ने कुरा पनि स्पष्ट छैन। वन ऐन २०४८ ले जिल्ला वन अधिकृतलाई विनापूर्जी खानतलासी गर्ने, पक्राउ गर्ने र थुन्न आदेश दिने व्यवस्था गरे पनि जिल्ला वन कार्यालय मातहतका कार्यमा हिरासत राख्न पाइन्छ भन्ने कुरा कतै उल्लेख भएको छैन। फलत : वन कार्यालय मातहतका यी हिरासतहरू कति कानूनी हुन् भन्ने प्रश्न टड्कारो भएको छ।

यी हिरासतहरूमा दिइने यातना जंगली तरिकाको छ भन्ने कुरा पनि अब कसैको आँखाबाट छिपेको छैन। जिल्ला वन कार्यालय सुनसरी मातहत इलाका वन कार्यालय धरानले पक्राउ गरी हिरासतमा राखेका लक्ष्मण विश्वकर्माको हिरासतमा नै मृत्यु भएको थियो। २०५० साल भदौमा भएको यस मृत्युको जिम्मेवार को हो ? अहिले पनि कसैले त्यो मृत्युको जिम्मा लिएको छैन। विश्वकर्माले हिरासतमा सुरक्षा नभएको र मारिदिने धम्की पाएको कारण आत्महत्या गरेका थिए।

जिल्ला प्रहरी कार्यालय र अन्यत्र प्रयोग गरिने यातनाका आदिम औजारहरू तुरूड, डोरी तथा लाठी र मुड्की प्रायजसो वनका प्रत्येक हिरासतमा प्रयोग भैरहेका छन्। संविधानको मूल मर्म र भावनासँग बाझिने खालका वन ऐन २०४८ का दफा उपदफाहरू यातना शिविरका रूपमा परिचित वनका हिरासतहरूतर्फ मानव अधिकारवादी संघ संस्थाहरूले पनि चाँहिदो मात्रामा ध्यान दिएका छैनन्।

वन ऐन अन्तर्गत दाउरा खोज्न जाने सर्वसाधारण मानिस पक्राउ पर्ने, वनपालेहरूद्वारा संविधानको धारा १४ को उपधारा ४ विपरीत यातना दिंदा, अमानीय व्यवहार गर्दा र त्यसै सिलसिलामा हिरासतमा मानिसको मृत्यु हुँदासम्म समाजमा देखिएको मौनताले धेरै प्रश्नहरू जन्माएको छ। यस वर्ष यातनाका उल्लेखनीय घटनाहरूको सूची बनाउँदा वनका हिरासतमा पर्ने र यातना पाउनेहरू प्रहरी हिरासतमा जस्तै समानान्तर संस्थामा देखिन्छन्।

नेपालमा प्रचलित यातनाका तरिकाहरू

यातना खासगरी दुई प्रकारले दिने गरेको पाइन्छ। १. मानसिक र २. शारीरिक। कुटपिट, निस्सासिने र शरीर अंगभंग हुने गरेर दिइने शारीरिक यातना नेपालमा जति प्रचलित छ, त्यसको तुलनामा मानसिक यातना अझ धेरै दिइने गरेको पाइन्छ। तर, धाक, धम्की र त्रस्त बनाउने, आतंकित पार्ने कार्यबाट पर्ने मानसिक प्रभावका बारेमा अधिकांश मानिसले ध्यान दिएको पाइदैन। शारीरिक होस् या मानसिक दुवै थरि यातनाले सबैभन्दा गंभीर असर दिमागमा पर्छ। र, यातनाको प्रकृयाबाट पर्ने असरका बारेमा यातनादिने व्यक्तिहरू प्रायजसो अपरिचत हुँदैनन्।

प्रायः जताजतै चलनचल्तीमा रहेका शारीरिक यातनाका रूपहरू र यातना दिने तरिकालाई निम्न शीषर्कमा बुँदागत रूपमा बुझ्न सकिन्छ।

१. योजनाबद्ध कुटपिट : योजनाबद्ध कुटपिटलाई अन्तर्राष्ट्रिय स्तरमै "फालंगा" भनेर पनि चिन्न सकिन्छ। यातनाका प्रभावहरूको मूल्यांकन गरेर लौरो, टायर, तथा अन्य सामग्रीले पैतालामा पिट्नु, एकपल्ट दुईतिरका कानमा झयाम्-झयाम् पिट्नु, पेट वा घुँडा तथा शरीरका जोर्नीहरूमा कुटपिट गर्नु जस्ता प्रकृयाहरू योजनाबद्ध कुटपिटमा पर्दछन्।

२. यौनजन्य दुर्व्यवहार : लिंगका आधारमा गरिने यौनजन्य दुर्व्यवहार सबैभन्दा प्रचलित तरिका बलात्कार हो। गुप्तांगमा लौरो घुसार्ने, लिंगमा डोरी बाँधेर पीडा दिने, गुप्ताङ्गमा विजुलीको झड्का दिएर अमानवीय व्यवहार गर्ने, स्तन तथा अन्य यौनांगमा कुटपिट गर्ने जस्ता यातनाहरू नेपालमा पनि प्रचलित छन्।

३. करेण्ट लगाउने : यो अत्यन्त पीडादायी र अधिकांश शहरी क्षेत्रहरूमा प्रचलित यातनाको तरिका हो। यसरी करेण्ट लगाएर यातना दिने व्यक्तिहरूले प्रायजसो मानिसका संवेदनशील अंगहरूमा दिने गर्दछन्। कान, जिब्रो औंलाका टुप्पाहरू, गुप्तांगहरू जस्ता अंगहरूमा दिइने विजुलीको झट्का जस्ता अत्यन्तै असहनीय घटनाहरू प्रजातन्त्र प्राप्ति पछि पनि चलन-चल्तीमा रहेका छन्।

४. निस्सासिदो बनाउने : बाल्टीमा पानी भरेर त्यसमा मुण्टो डुवाई सास फेर्नै नसक्ने गरी निस्सासिंदो बनाउने यातनाको तरिकालाई निस्सासिंदो बनाउने भनिन्छ। यसरी यातना दिने व्यक्तिहरूले पीडित व्यक्तिको छटपटी र शरीरका अंगहरूको हलचल हेर्दछन् र सास रोकिएर मर्न लागेको अवस्थामा मुण्टो निकालिदिन्छन्। लगातार यो प्रकृया चलिरहँदा कहिलेकाँही यातना पाउने व्यक्तिको मृत्यु समेत हुन्छ। नेपालमा पनि प्रायजसो हिरासतमा यातनाको यी तरिका प्रचलित छ।

५. पोल्ने : सिग्रेट, फलामे डण्डी तथा अगुल्टोले शरीरका विभिन्न भागमा छुवाउँदै पोल्ने र वयान गराउने तरिकालाई पोल्ने भनिन्छ। यो यातनाको तरिका पनि नेपालमा चलनचल्तीमा रहेको पाइएको छ।

६. झुण्ड्याउने : एउटा या दुइटा हात अथवा खुट्टा

न्फुण्डाएर दिइने यातनालाई भुण्डाउने भनिन्छ। यसरी भुण्डाउँदा हात-गोडा र शरीरका जोर्नीहरूमा अत्यन्त पीडा हुन्छ। यसरी भुण्डयाएपछि पीडितलाई असहनीय तरिकाले कुटपिट गरिन्छ। नेपालमा खुट्टा माथि र टाउको तल पारी भुण्डाउने र शरीरका विभिन्न अंगमा यातना दिने चलन पञ्चायत कालमा धेरै थियो। हाल पनि यस्तो यातना नेपालका प्रहरी हिरासतहरूमा दिने गरेको पाइन्छ।

७. औषधि प्रयोग गर्ने : यातना दिने व्यक्तिलाई कुनै औषधि खान वाध्य पार्ने अथवा जबर्जस्ती इन्जेक्सन लगाएर दिने यातना यस कोटीमा पर्दछन्। कहिलेकाँही सामान्य औषधि खान दिएर यातना दिनेले यो अत्यन्त डरलाग्दो लागू पदार्थ वा औषधि हो भनेर पीडितलाई आतंकित पार्छ। नेपालमा यातनाको यो तरिका चलन-चल्तीमा छ कि छैन भन्ने कुरा हालसम्म सार्वजनिक हुन सकेको छैन।

८. अंगभंग गराउने : अंगभंग गराउने धेरै तरिकाहरू नेपालमा पनि प्रचलित छन्। खासगरी कपाल उखेलिदिने, कपाल मुडिदिने, नाक, कान चिमोट्ने, जिब्रो थुत्ने, लिंगमा आघात पार्ने वा चुँडिदिने, कान मल्ने, कन्सरीका रौं तान्ने, नङ उखेलिदिने जस्ता पीडादायी तरिकाहरूलाई अंगभंग गराउने तरिकाका यातना भनेर बुझिन्छ।

९. दन्त यातना : कुटेर दाँत भाँचिदिने, दाँत हल्लिने गरी कुटपिट गर्ने, स्वस्थ्य दाँतहरू जबर्जस्ती उखेली दिने र दाँत सम्बन्धी औजारहरूको जथाभावी प्रयोग गरेर दाँतमा घातक असर पार्ने जस्ता यातनाका तरिकाहरू दन्त यातनामा पर्दछन्।

१०. विविध : यी बाहेक नेपालमा यातनाका अनेकौं तरिकाहरू प्रचलित छन्। एकपल्ट नेपालका हिरासतमा प्रयोग भैसकेको यातनाको तरिकामात्र संभनकालागि तुरून्त हाल्ने, एउटै पोजिशनमा लगातार बसाल्ने, उठाउने वा उभ्याउने, कुखुरो बनाउने, नेल र गलफन्दी लगाउने, सिस्नो र अल्लो जस्ता शरीरमा गंभीर असर पर्ने खालका जंगली जडीबुटीले कुटपिट गर्ने, रूखमा भुण्डाउने, खाडलमा पुर्न भनेर पीडितलाई नै खाडल खनाउने, हिंउका ढिक्कामा नाँगै सुताउने, ठिंगुरा ठोक्ने भुण्डाएको ठाउँमा तलबाट आगोको धुवाँ वा खोर्सानीको धुवाँ लगाउने जस्ता यातनाहरू विभिन्न व्यक्तिहरूमाथि प्रयोग भैसकेका छन्।

शारीरिक यातनाहरूले मानिसलाई जुन मात्रामा आतंकित र त्रसित बनाउँछन्, त्यसै मात्रामा यातना नभोगेको मानिसले यातनाका असर संभिन कठिनाई पर्छ। यति हुँदाहुँदै पनि मानसिक यातनाले चाँहि मानिसको सम्पूर्ण व्यक्तित्वलाई नै धराशायी बनाउँछ। मानसिक यातना दिने तरिका र तिनका रूपहरू बारे नेपालमा धेरै मानिस आजसम्म अनभिज्ञ छन्। र, स्वयं यातना दिनेहरूले पनि यसबाट पर्ने प्रभावहरूको मूल्यांकन गर्न सकेका छैनन्। मानसिक यातना दिने निम्न तरिकाहरू नेपाल र अन्यत्र पनि प्रशस्त मात्रमा चलन चल्तीमा रहको छन्।

१. एकान्तवास : पक्राउ परेका व्यक्तिलाई आवाज नसुन्ने, उज्यालो नपस्ने र कसैसँग पनि भेटघाट गर्न नसक्ने गरी एकान्तमा राख्दा विस्तारै उसले गते, वार, बिर्सन थाल्छ। र एक्लोपनको कारण उ भित्रैदेखि थकित र गलित हुन्छ। यसरी एकान्तवास गराउँदा मूलत : पीडितले संसार यस्तै रहेछ भनेर निराशा व्यक्त गर्न थाल्छ। एक्लोपनको अनुभव र दिक्दारीले उसलाई भित्रैदखि तहस-नहस गराउँछ।

२. धम्की : पीडितलाई लगातार धम्की दिइरहने, थुन्ने र मार्ने भनेर धम्क्याउनु, तँरै अगाडि तेरा साथी वा बाबु, आमा या अरूलाई यातना दिन्छु भनेर धक्याउनु यस कोटीमा पर्ने मानसिक यातनाहरू हुन्। यसरी दिइने धम्कीबाट पीडितले आफ्नो कारणबाट अरूले दुःख पाउने भए भन्ने सोच्छ। र विस्तारै आफूलाई दोषी समेत सोच्न थाल्छ, यद्यपि पीडितको कुनै कसुर हुँदैन।

३. आँखा अगाडि यातना दिनु : अरूलाई कुटपिट गर्दा कसैलाई त्यसको प्रत्यक्षदर्शी बनाउनु, आफूले माया गरेका वा आफन्तहरूलाई यातना दिइएको देख्न वाध्य हुनु जस्तो अवर्णनीय पीडा अर्को हुनै सक्दैन। आफ्नै आँखा अगाडि मरूञ्जेल पिटिएको देख्दा पनि निस्सहाय हुनु बाहेक अर्को विकल्प हुँदैन। यसरी अरूलाई दिइएको यातना हेर्न विवश मानिसहरू हेरेर बस्नुभन्दा मर्नु निको हो भन्ने सम्म सोच्न विवश हुन्छन्।

४. अपमानवोध तथा यौन यातना : व्यक्तित्वमा हुने, डरलाग्दो आघात नै अपमानवोध हो। आफ्नो इच्छा र नैतिकतामा आघात पर्ने काम गर्न वाध्य बनाइनु, आफन्तहरू वा माया गरिएका व्यक्तिहरूको विरूद्धमा वाहियात र घिनलाग्दा कुरा बोल्न वाध्य पार्नु, यातना दिने व्यक्तिले लिंग तथा अन्य यौनांगहरू समातेर पीडित र अपमानित गराउनु, दिसा पिसाब गर्ने अंगहरू देखाउनु वा चाट्न, खान लगाउनु जस्ता अत्यन्तै अकल्पनीय कामहरू गर्न विवश बनाउनु जस्ता यातनाहरू यस श्रेणीमा पर्दछन्।

यसबाहेक पनि अनेकौ मानसिक यातनाहरू जतातत्तै प्रचलित छन। नेपालकै सन्दर्भमा भन्ने हो भने खोलाको किनारामा पुऱ्याई मार्छु भन्ने वा जिउँदै पुर्न ठीक पार्ने, कोठामा सर्प छाडिदिने, वरिपरि बन्दुकले घेरेर मार्न ठीक पारेको जस्तो गर्ने, राती एक्लै खोला वा मन्दिरका छेउ पुऱ्याएर अन्तिम इच्छा व्यक्त गर्न लगाउने जस्ता अनेकौ तरिकाहरू प्रचलित छन्।

यातनाका असरहरू

यातनका मानसिक र शारीरिक दुबै खाले असरहरू पर्दछन्। यातनाले शरीरलाई त गलाउँछ नै साथसाथै मानिसको व्यक्तित्व, सोच्ने बस्ने र अन्य शैलीमा पनि गंभीर प्रभाव पार्छ। शारीरिक अंगभंग, चोटपटक तथा घाउहरू शारीरिक यातनाका बाहिर देखिने असरहरू हुन्, तर यातनाले दिमागमा पारेका असर चाँहि वर्षौंसम्म रहिरहन्छ। मानसिक असरले शारीरिक चोटपटकको तुलनामा पीडितलाई बढी नै सताउँछ। यातनाका शारीरिक असरहरू भन्दा मानसिक असरहरू गंभीर र

दीर्घकालीन हुन्छन्। शारीरिक र मानसिक रूपमा यातनाले पार्ने प्रभावहरूलाई निम्न पंक्तिमा उल्लेख गर्न सकिन्छ।

शारीरिक असरहरू

- शरीरमा विभिन्न भागहरूमा घाउ, चोटपटक वा अंगभंग भएर अत्यन्त दुख्ने, हिड्न नसक्ने, खोच्याउने, हात गोडाले राम्ररी काम नगर्ने, हात खुट्टा भाँचिने र उपचार गर्दा पनि पीडा भैरहने।
- विजुलीका झटका लगाएका व्यक्तिका दाँत झर्ने, कान कम सुन्ने, जीउ झन्झनाउने, कानमा पीडा भैरहने।
- निस्सासिने बनाएको मानिसलाई टी.वी. न्यूमोनिया जस्ता रोगहरूले सताउने।
- झुण्डाएर यातना दिइएको व्यक्तिलाई पिट्यु, छाती र शरीरका जोर्नीहरूमा लगातार पीडा भैरहने।
- यौनजन्य दुर्व्यवहार गरिएका व्यक्तिहरूमा महिनावारी नियमित नहुने, यौनांगहरूमा पीडा हुने, राति डरलाग्दा सपनाहरू देख्ने, आत्तिने
- दाँत र गिजाहरू दुख्ने
- पोलेका ठाउँहरूमा घाउ हुने र अंगभंग भएका भाग र नशाहरूमा लगातार पीडा भैरहने आदि। शारीरिक असरको तुलनामा मानसिक असरहरू ज्यादै गंभीर हुन्छन्। र, कतिपय अवस्थामा मानसिक असरहरूले गर्दा पीडितलाई उपचार गर्न समेत अप्ठेरो पर्छ। मानसिक रूपले यातना पीडित व्यक्तिहरूमा निम्न खालका गंभीर असरहरू देखा पर्छन।
- पीडितले प्राय सँधैजसो अब सँधैकालागि म ध्वस्त भएँ भन्ने सोच्न थाल्छ।
- एउटा काममा केन्दित हुन सक्दैन, यातना पाएको संझना आइरहन्छ।
- कुनै पनि काममा एकत्रित र केन्दित भएर गर्न सक्दैन।
- कुनै नयाँ कुरा, व्यक्तिले बोलेका कुराहरू दिमागमा लगातार प्रतिध्वनित भैरहन्छन्।
- पीडितले सँधै थाकेको, निराश भएको र झर्को फर्को लागेको अनुभव गर्दछ।
- आफूलाई गरेका सहयोगप्रति उनीहरूमा वेला-वखत गंभीर सन्ताप पैदा हुन्छ।
- पीडित व्यक्ति एक्लै बस्न मन पराउँछ र सँधै एक्लोपनको अनुभव गर्दछ।
- सँधैभरि पीडित-चिन्तित रहन्छ र कहिल्यै पनि राम्ररी निदाउँन सक्दैन।
- निद्रा बीच बीचामा खलबलिने, डरलाग्दा सपना देख्ने र सपनामा यातना पाएका दृश्य देख्ने जस्ता समस्याहरू लगातार उँछन्।
- पीडित व्यक्तिलाई लगातार टाउको दुख्छ र औषधिले पनि निको भएन जस्तो लाग्छ।
- यौन सम्पर्क वा शारीरिक संसर्ग गर्न पीडितले कठिनाइको अनुभव गर्दछ।

यी सबै मानसिक समस्याहरू साधारण समस्याको कोटीमा पर्ने खालका समस्या मात्रै हुन्। यौन दुर्व्यवहार र गंभीर यातना पीडितहरूमा यसभन्दा पनि डरलाग्दा र असाधारण खालका मानसिक समस्याहरू उत्पन्न हुन्छन्। र, यी असाधारण मानसिक समस्याको कारण पीडितले कसैको हत्या गर्ने, आत्महत्या गर्ने, आफूलाई आघात पर्ने कामहरू गर्नसक्ने समेत संभावना रहन्छ।

सन् १९९३ : आशा र निराशाको वर्ष

यातनाको प्रचलन र त्यसको रोकथाम विरोधी आन्दोलनका हिसावले हेर्ने हो भने सन् १९९३ लाई घटनाक्रमहरूले भरिभराउ वर्ष भनेर मान्नुपर्छ। यातना विरोधी गतिविधि र यातनाको प्रचलन यसवर्ष झण्डै-झण्डै लगातार समानान्तर जस्तै देखिए।

नेपालमा प्रजातन्त्रको पुनर्स्थापना र मौलिक हकको ग्यारेण्टी भएको संविधान लागू भएको तेश्रो वर्षमा प्रजातन्त्र स्थापना पछिको महत्वपूर्ण घटनाका रूपमा सन् १९९३ मा ३ जना व्यक्तिको हिरासतमा मृत्यु भयो।

१. विजय लामा : भक्तपुरको गलैंचा कारखानामा काम गर्ने काभ्रेका १८ वर्षीय विजय लामा वामपंथी दलहरूद्वारा आयोजित नेपाल बन्दका सिलसिलामा ०५० असार १८ गते भक्तपुरमा पक्राउ परेका थिए। पक्राउ परेका विजय लामालाई एकैपल्ट वीर अस्पतालमा रगताम्य अवस्थामा देखिएको थियो। प्रहरीले कसैलाई भेट्न नदिंदै वीर अस्पतालमा निधन भयो। प्रत्यक्षदर्शीहरूका अनुसार, गिरफ्तार गरिएपछि लामालाई अत्यधिक यातना दिइएको थियो र यातनाकै कारण लामाको मृत्यु भयो।

२. लक्ष्मण विश्वकर्मा : ०५० असार २८ गते दिउँसो सुनसुरी जिल्लाको विष्णुपादुका गा.वि.स. मा पर्ने जंगलबाट पक्राउ परका ५४ वर्षीय लक्ष्मण विश्वकर्मी ०५० साउन २ गते विहान मृत अवस्थामा भेटिए। मृतावस्थासम्म पनि विश्वकर्मालाई इलाका वन कार्यालय, धरानको हिरासतमा (हिरासत बनाइएको कोठामा) राखिएको थियो। लक्ष्मण विश्वकर्मालाई पक्राउ गर्दा शारीरिक यातना दिए पनि पक्राउ गरेपछि लगातार धम्की दिइएको कुरा उनका आफन्तहरूले बताए। हिरासतमा थुनामा रहेको अवस्थामा उनले ओढ्न राखेको कम्मलको किनार च्यातेर घाटीमा सुर्केनी लगाई आत्महत्या गरेका थिए। वन कार्यालयका हिरासतमा सुरक्षा गर्ने व्यक्तिहरू नराखिने र खसी-बोका राखे झैं भिन्न मानिस राखेर बाहिर साँचो लगाउने गरेका कारण विश्वकर्माको ज्यान गएको थियो।

३. प्रेम श्रेष्ठ : रौतहट जिल्ला चन्द्रनिगाहापुर गा.वि.स. निवासी २६ वर्षीय प्रेम श्रेष्ठ ०५० साउन १५ गते विहान ९ बजे वुटवलमा पक्राउ परेका थिए। विना कारण प्रहरीले पक्राउ गरेका प्रेम श्रेष्ठ सद्दे अवस्थामा पक्राउ परे पनि उनी हिरासत बाहिर निस्कन नपाउँदै मरे। पक्राउ परेका दिनभरि नै उनलाई यातना दिएको र यातनाकै कारणले गंभीर

बिरामी भएपनि र घाउचोट लागेपछि साउन १६ गते बुटवल अस्पताल लगिएको थियो। अस्पतालले उनका घाउचोटहरूको विषयमा केही उल्लेख नगरे पनि प्रत्यक्षदर्शीहरूले प्रेम श्रेष्ठको अनुहार र हातखुट्टा गंभीर रूपले सुन्निएको थियो भनेका छन्। अस्पतालमा लगेकै दिन उनको जीवनलीला समाप्त भयो। यस घटनाको पोष्टमार्टम गरिएन। मृतक श्रेष्ठलाई इन्स्पेक्टर विजय भट्टले अनुसन्धान गर्ने नाममा चर्को यातना दिएका थिए भन्ने धेरैले बताएका छन्। र, यस घटनालाई ढाकछोप गर्न डा. लोकेन्द्र भट्टको पनि संलग्नता छ भनेर पत्र-पत्रिकाले लेखेका छन्। तर, डा. लोकेन्द्र भट्टको संलग्नताका बारेमा अझै पनि अस्पष्टता छ। हिरासतमा भएको यो अस्वाभाविक मृत्यको आजसम्म छानविन भएको छैन र दोषी माथि कार्वाही पनि भएको छैन।

यातनाका घटनाहरू यस वर्षभरि पत्र-पत्रिकामा पनि लगातार समाचारको विषय बने। पत्र-पत्रिकामा प्रकाशित यातनासँग सम्बन्धित समाचारहरूले यातनाको बृहद् सन्दर्भलाई समावेश गरेका थिए।

- ०५० बैशाख ३ गतेको काठमाडौं पोष्टले ठिमीमा हुने बालकुमारी खड्ग जात्रामा जिब्रो छेडेर गाउँ घुम्ने चलनको सचित्र फोटो प्रकाशित गरेका थियो। निकै लामो समय अघि नीलबाराही भाई जिब्रो छेडेर प्रकट भएको किवन्दंतिमा आधारित खड्ग जात्रामा एक जना व्यक्तिको जिब्रो तीरले छेडेर गाउँ घुमाउने चलन वर्षैपिच्छे चल्ने गरेको छ।

- ०५० जेठ ६ गतेको दृष्टि साप्ताहिकले धनकुटा प्रमुख जिल्ला अधिकारी खगेन्द्रदेव जोशीले आफ्नै पियनलाई कार्यालयमा पिटेको समाचार प्रकाशित गरेको थियो।

- ०५० असार ३० गतेकै दृष्टि साप्ताहिले वाम आन्दोलनको सिलसिलामा पक्राउ परेका विभिन्न व्यक्तिलाई यातना दिएको, विजय लामा प्रहरी यातनाको कारण मरेको र सञ्जय बज्राचार्य, प्रकाश महर्जन आदि गंभीर रूपले पिटिएको र पिटाइकै कारण उनीहरूका अंगभंग भएको उल्लेख गरेको छ।

- ०५० भदौ ८ गते प्रकाशित युग सम्बाद साप्ताहिकले प्रहरी पनि थुनामा भन्ने शीर्षकमा प्रकाशित गरेको समाचारमा आन्दोलनका वखत केही प्रहरीलाई निश्कासन गरेको र त्यसको विरोध गर्ने ८०/९० जना प्रहरीलाई १० दिनसम्म प्रहरी प्रशिक्षण प्रतिष्ठानमा लगातार यातना दिएको कुरा उल्लेख गरेको छ।

- ०५० भदौ ७ गते भएको सर्लाही जिल्लाको वरहथवा काण्डलाई काठमाडौंका धेरै पत्र-पत्रिकाहरूले प्रमुख शीर्षक बनाएर समाचार प्रकाशित गरेका छन्। देशान्तर, जनस्वतन्त्रता, कान्तिपुर, लगायत विभिन्न पत्र-पत्रिकाले समाचार प्रकाशित गरेपछि वरहथवा गोली काण्डबारे संसदमा पनि ठूलो वहस भएको थियो।

वरहथवाको घटना यस्तो थियो : स्थानीय २ जना व्यापारीले राहत वितरणमा भ्रष्टाचार गरेको आरोप लगाएर पंचौती गर्न वरहथवा प्रहरी कार्यालयमा उनीहरूलाई लगेपछि व्यापारीलाई ठानामा लैजान बसबाट उतार्ने किरण श्रेष्ठ, शंकर रोक्का र लोचन (लुचन) नेपालीलाई प्रहरीले थानाभित्र लगेर यातना दियो। इन्स्पेक्टर वालकृष्ण चौधरीले ३ जनालाई वेइज्जतीपूर्वक पक्राउ गरेर कोठामा लगी गंभीर यातना दिएपछि त्यसको विरोधमा स्थानीय जनताले थाना घेराउ गरे। यातना पाएका ३ जनालाई अस्पताल लगेपछि शुरू भएको झन् ठूलो घेराउ तोड्न प्रहरीले गोली चलाउँदा कप्तु सिंह र विजय महतोको निधन भयो। अश्रुग्याँस र लाठी प्रहार नगरी प्रहरीले वरहथवामा ६५ राउण्ड गोली चलाएको थियो।

- ०५० असोज ५ गते प्रकाशित दृष्टि साप्ताहिकले इलाम जेलमा वन्दीहरूलाई दिइएको अमानवीय यातनाको उल्लेख गरेको छ। १६ सेप्टेम्बरको राती जेल फोरेर भाग्न खोज्ने इलाम जेलका ४ जना बन्दीहरू (राम बहादुर भन्ने खगेन्द्र दर्जी, चन्द्रमान राई, किरण माझी र सन्तोष सुनुवार) लाई जेल सुरक्षा प्रहरीले अमानवीय यातना दिएको थियो भने सो काण्डसँग असंलग्न तर वन्दीको हक हीतका कुरा उठाउने वन्दीहरू कृष्ण तिम्सिना र गंगा गौतमलाई ०५० भदौ २ गते अमानवीय तरिकाले पिटेका थिए।

यस बाहेक पनि यातना सम्बन्धमा चासो देखाइएका र यातना पाएका समाचारहरू विभिन्न पत्र-पत्रिकामा प्रकाशित भए। समाचारहरू महानगर दैनिक, प्रकाश, छलफल, सुरूचि, मातृभूमि, गोरखापत्र लगायत विभिन्न पत्र-पत्रिकामा प्रकाशित भएका छन्।

यस वर्ष प्रकाशित यातना सम्बन्धी २ वटा समाचारहरू विशेष रूपले महत्वपूर्ण देखिएका छन्। एउटा समाचार धनकुटा जिल्लामा आधारित छ भने अर्को नेपालगंजमा। नेपालगंज र धनकुटाका यी दुबै समाचारहरू यातना विरूद्ध पीडित र सम्बन्धित व्यक्तिहरूले गरेको विरोध प्रदर्शनको कुरा उल्लेख छ।

१. धनकुटा : आफ्नो पार्टीका केही कार्यकर्तालाई प्रहरी हिरासतमा यातना दिएको घटनाको विरोधमा ०५० भदौ १ गते एमालेले हिले बजारमा विरोध जुलुस प्रदर्शन गरेको थियो। प्रहरी हिरासतमा नातेदारहरूलाई भेट्न नदिएको, कुटपिट गरेर जवर्जस्ती बयान गराएको विरोधमा आयोजना गरिएको सो सभा प्रजातान्त्रिक नेपालको यातना विरोधी पहिलो आमसभा हो। यस अघि यातना विरूद्ध आमसभाहरू भएका भए पनि सार्वजनिक रूपमा प्रचारमा आएको यातना विरोधी आमसभा धनकुटा जिल्ला हिलेबजारमा आयोजित सभा नै पहिलो आमसभा मानिन्छ।

२. नेपालगंज : आफ्नो छिमेकीसँग सीमाना सम्बन्धी झगडा भएपछि प्रहरीले पक्राउ गरेका नेपालगंजका व्यापारी ओमप्रकाश अग्रवालले प्रहरीले यातना दिएको विरोधमा भोकहड्ताल गरे। व्यापारी अग्रवालले आफूलाई प्रहरीले करेण्ट लगाएको, कुटपिट गरेको, खान नदिएको र त्यसको विरोधमा भोक हड्ताल गरेका कुरा पत्रकारहरूलाई बताएका थिए। व्यापारी ओमप्रकाशको हालत हिरासतमा यातना दिएको

कारण चिन्ताजनक भएको थियो र उनलाई भेरी अंचल अस्पतालको आकस्मिक सुरक्षा कक्षमा पुऱ्याएको थियो।

सन् १९९३ मा पूर्वाञ्चलको पहाडी जिल्ला धनकुटा र मध्य पश्चमाञ्चलको व्यापारिक थलो नेपालगंजमा भएका यातना विरूद्धमा आ-आफ्नै किसिमका यी दुई प्रदर्शनले यातना विरोधी जनचेतना बढ्न थालेको संकेत त दिएका छन् नै, साथसाथै संविधानको मर्म र भावना विरूद्ध जाने शक्तिका विरूद्ध जनता आफै प्रतिकार गर्न बाध्य हुन्छन् भन्ने संकेत पनि दिएका छन्। सानो तर प्रतीकात्मक रूपमा भएका यस्ता गतिविधिहरूले यातना दिनेहरूलाई हतोत्साहित गर्न र यातना विरूद्ध पीडित र सर्वसाधारणलाई एकजूट हुन उत्साहित पनि गरेका छन्। इलाम जिल्लामा भएको यातना विरूद्ध इलाम जिल्ला बार एशोसियनले त्यस्तै मुद्दा दायर गरेर यातना विरोधी जागरण आशलाग्दो गरी बढेको संकेत दिएको छ। यी साना भएपनि यस्ता घटनाहरू हुन् - जस्ले उज्यालो भविष्यको संकेत गर्दछन्।

क्षतिपूर्ति विधेयक : नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४ का उपधारा (४) ले तहकिकात र अनुसन्धानको सिलसिलामा पक्राउ परेको कुनै पनि व्यक्तिलाई अमानवीय व्यवहार गरिने छैन र यातना दिइने छैन, त्यस्तो भएको खण्डमा क्षतिपूर्ति दिइने छ भन्ने कुरा उल्लेख गरे पनि क्षतिपूर्ति विधेयक संसदमा पेश भएको थिएन। यसपल्ट संसदमा क्षतिपूर्ति विधेयक पेश भएको छ। अनेकौं त्रुटी र कमजोरीका बावजुद क्षतिपूर्ति विधेयक संसदमा पेश हुनु पनि यस वर्षको यातना सम्बन्धी गतिविधिमा महत्वपूर्ण घटना हुन गएको छ।।

यातना रोकथामका उपायहरू

- राष्ट्का सरकारी उच्च निकाय तथा अधिकारीहरूले यातना उपर पूर्णतः विरोध जनाउनुपर्छ। कुनै पनि किसिमको यातना सरकारलाई ग्राहय तथा सहय हुँदैन भन्ने कुरा कानूनको प्रयोगसँग प्रत्यक्ष सम्बन्ध भएका कर्मचारीहरूलाई विश्वास दिलाउनुपर्छ।

- कसैसँग भेटघाट गर्न नदिई नजरबन्दमा राखिएको कैदीलाई कस्तो प्रकारको यातना दिई राखिएको छ वा ऊ प्रति कुन प्रकारको व्यवहार भैरहेको छ - कसैलाई थाहा हुँदैन। बन्दीलाई यातना र दुर्व्यवहारबाट बचाउने हो भने यस सम्बन्धमा सरकारले बन्दीको सुरक्षाको निश्चित ग्यारेन्टी गर्नुपर्छ। हिरासतमा राखिएको थुनुवालाई कानूनले निर्दिष्ट गरेको समयभित्र अदालतमा उपस्थित गराउनुपर्छ। यस बाहेक थुनुवाको कानून व्यवसायी, आफन्त तथा स्वास्थ्य परीक्षणका लागि चिकित्सकहरूलाई बारम्बार भेट्न पाउने सुविधाको सरकारी स्तरबाट प्रत्याभूति गरिनुपर्छ।

- मुलुकमा अझै पनि बन्दीहरूलाई गोप्य स्थानमा लगी यातना दिने र दुर्व्यवहार गरिने गरिएको पाइएको छ। यति सम्म कि कहिलेकाँही बन्दीलाई नै बेपत्ता पार्ने पनि गरिन्छ। त्यसैले, सरकारी स्तरबाटै गुप्त थुनछेकको निषेध गर्दै थुनुवाहरूलाई सार्वजनिक स्थानमा राख्ने र उनीहरूको प्रत्येक अवस्थाका बारेमा आफन्त तथा कानून व्यवसायीहरूलाई तथ्य जानकारी उपलब्ध गराउने व्यवस्था सुनिश्चित गरिनु पर्छ।

- थुनछेक तथा बयानसम्बन्धी कार्यविधिद्वारा बन्दीले कत्तिको यातना भोल्नु परेको छ भन्ने तथ्य बुझ्न सरकारले नियमित पुनरावलोकन गर्ने व्यवस्था मिलाउनुपर्छ। स्वास्थ्य सम्बन्धी समस्या र अन्य हक तथा सुविधाका लागि उजूर गर्न पाउने अधिकार बन्दीमा रहनुपर्ने व्यवस्था हुनुपर्छ। यसबाहेक थुनुवाको कुनै हक उल्लंघनमाथि प्रश्न उठेमा सरकारले त्यसउपर तुरून्त उत्तरदायित्व बहन गर्दै सो कुरालाई प्रष्ट पार्नुपर्छ। थुनामा राख्ने र बयान लिने निकायहरू बेग्ला बेग्लै हुनुपर्छ। यस व्यवस्थाले पनि यातना विरूद्ध थुनुवालाई सुरक्षा प्रदान गर्नसक्छ।

- यातना सम्बन्धमा केन्द्रित रहेका सम्पूर्ण उजूर तथा प्रतिवेदनहरूलाई सरकारले स्वतन्त्र र निष्पक्ष अध्ययन तथा अनुसन्धान गराउनु पर्दछ। अनुसन्धानको कार्यपद्धति र यसबाट निस्किएको निर्णयलाई सार्वजनिक गर्न सरकार सदा तत्पर रहनुपर्छ। यातनासम्बन्धी उजुरवाला र साक्षीहरूलाई भयमुक्त तथा सुरक्षित राख्नुपर्छ।

- यातनाको सहाराले लिइएको साविती वा अन्य बयान न्यायिक प्रयोजनमा अमान्य वा अग्राहय हुने मान्यतालाई सरकारले स्थापित गर्नुपर्छ। यसबाट शारीरिक वा मानसिक यातना दिई साविती बयान गराउने सँस्कृतिमा ह्रास आउँछ।

- राष्ट्को कानूनले कुनै पनि प्रकारको यातनालाई गैरकानूनी घोषित गर्दै यातना दिने कार्यलाई फौज्दारी अपराध अन्तरगतको सजाय-योग्य कसूर हो भन्ने कुरा सुस्पष्ट गर्नुपर्छ। संकटकालीन अवस्थामा समेत यातनामाथिको प्रतिबन्धलाई निलम्बन गर्नु हुँदैन।

- यातना दिइएको घटनाका जिम्मेवार व्यक्तिलाई अदालतमा मुद्दा चलाउने व्यवस्था मुलुकको कानूनमा गरिनुपर्छ। यो व्यवस्था पीडितपक्षबाट कसूर गरेकै अवस्थामा र जुनसुकै नागरिक भएपनि यातना दिने उपर लागू हुनुपर्छ। यातना दिने व्यक्तिलाई अभयदान नदिई समुचित क्षतिपूर्ति भराउने व्यवस्था अनिवार्य रूपमा गर्नुपर्छ।

- हिरासतमा कार्यरत वा बन्दीको बयान गराउने वा बन्दीसँग अन्य व्यवहार गर्ने कर्मचारी तथा पदाधिकारीहरूलाई यातना गैरकानूनी र आपराधिक कार्य हो भन्ने कुरा तालिम दिई स्पष्ट गरिनुपर्छ। यातना दिनका लागि गरिएको आदेशलाई इन्कार गर्ने र कानून निषेधित काम नगर्न सक्षम बनाउने तालिमको व्यवस्थाले महत्वपूर्ण भूमिका खेल्न सक्ने हुन्छ।

- यातना पाएका व्यक्तिहरू र उनीहरूप्रति आश्रित परिवारलाई क्षतिपूर्तिको हकदार बनाउनुपर्छ। यातना पीडितहरूलाई समय-समयमा स्वास्थ्योपचारको व्यवस्था गरी उनीहरूको पुनर्स्थापन गरिनु पर्छ। ❑

अनुसूची ६.३

नेपालमा शरणार्थी समस्या

मानव समाजको विकास संगसंगै समाजको सहज सञ्चालनका लागि नियम र कानूनको आवश्यकता महसुस हुँदै गयो। शुरू शुरूमा धर्म र संस्कारले मानिसलाई नैतिक सीमाभित्र बस्न सिकायो। तर यस अवस्थामा पनि कैयौं व्यक्तिहरू प्राकृतिक न्यायबाट समेत बञ्चित हुनु पर्‍यो। सभ्यताको क्रमिक विकासपछि मानिस सामाजिक न्याय, कानूनी राज्य तथा मानवअधिकार प्रति सचेत हुनु स्वभाविक थियो। यसको प्राप्तिका लागि परम्परागत समाज प्रणालीमा परिवर्तन गरी आधुनिक तथा वैज्ञानिक ढंगले न्याय र मानवअधिकारको अवधारणालाई अघि सारियो। वर्तमानको राज्य व्यवस्था यही आधुनिक मान्यताको सार्थक साधनको रूपमा अनुशरण गर्न थालिएको हो।

अनुशासित समाज, सर्वसुलभ न्याय र मानवअधिकारको प्रत्याभूति गर्न राज्य व्यवस्था संचालनका निम्ति छुट्याइएको आधुनिक जिम्मेवारीले पनि समाजमा शासक र शासित गरी दुई वर्गलाई जन्म दियो। यी दुई वर्ग बीच विद्यमान कटुतापूर्ण सम्बन्ध र चर्को अन्तरविरोधले समाजमा समानता, मानवअधिकार र न्यायको टड्कारो अभावलाई बारम्बार प्रष्ट्याइ रहेका छन्।

समानता र मानवअधिकार, विश्वका थुप्रै देशहरूमा शासक र शासित बीचको संघर्षको मूल कारण बन्ने गरेका छन्। कति ठाउँमा जनताको न्यायिक तथा नैसर्गिक अधिकार प्राप्तिको लडाईंले विजय पाएको छ भने कति देशमा क्रुर शासकहरूले वर्वर र निर्ममतापूर्वक जनताको न्यायिक आन्दोलनलाई दबाएर सयौंलाई निर्वासनको कठोर जीवन बिताउन बाध्य पारेका छन्। मूर्ख शासकहरूको चरम घमण्डको कारण उत्पन्न हुने भिषण युद्ध र त्यसको त्रासले आफ्नो मातृभूमिबाट विस्थापित हुनु पर्ने अर्को दुःखद परिस्थिति नागरिकहरूले भोगेका छन्। यसरी जन्मसिद्ध तथा प्राकृतिक न्याय समेत लुटिएर अहिले पनि विश्वमा करीब १ करोड ८२ लाख नागरिकहरूले क्रुर शासकको कठोर नियति भोग्दै शरणार्थीको जर्जर जीवन बिताउनु परेको तथ्य सबैका सामु छ। संयुक्त राष्ट्रसंघीय शरणार्थी सम्बन्धी उच्च आयोगले सन् १९९३ को अन्त्यतिर प्रकाशित गरेको एक प्रतिवेदन अनुसार आज संसारमा १३० व्यक्तिमा एकजना शरणार्थी बन्ने गर्दछन् र प्रत्येक दिन झण्डै १० हजार मानिसहरू शरणार्थी बन्न बाध्य हुन्छन्। यसरी विश्वमा युद्धका शरणार्थी, राजनीतिक शरणार्थी, आस्थाका शरणार्थी आदि हुने गरेका छन्।

विगत २० वर्षको अवधिमा विश्वले अत्यन्त ठूलो मात्रामा शरणार्थी समस्याको सामना गर्नु परिरहेको छ। सन् १९७० अघि विश्वमा २ लाख ५० हजार भन्दा कम संख्यामा शरणार्थीहरू थिए। अहिले सन् १९९० को दशकको शुरूमा यो संख्या बढेर करीब १ करोड ८२ लाख पुग्नु ज्यादै भयावह परिणाम हो।

शरणार्थी समस्या विश्वकै एक गम्भीर र साझा समस्या हो। यो समस्याबाट विश्वका सबै राष्ट्र थेर-थोर रूपमा प्रभावित भएका छन्। उपलब्ध तथ्यांक अनुसार शरणार्थी समस्याको गम्भीर पीडा संसारका २ दर्जन भन्दा बढी राष्ट्रहरूले भोग्नु परेको छ। शरणार्थी सम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्च आयोगका अनुसार दक्षिण एशियामा भारत, नेपाल, श्रीलंका र बंगालादेश यो समस्याबाट सताइएका छन् भने यस क्षेत्रका ५ लाख भन्दा बढी मानिसहरू शरणार्थीको कष्टकर जीवन गुजारी रहेका छन्।

नेपालमा हाल १ लाख मात्र शरणार्थी रहेको आधिकारिक तथ्यांक गृहमन्त्रालयसंग छ। जुन तथ्यांक भित्र करिब ८५ हजार भूटानी शरणार्थी र १५ हजार तिब्बती शरणार्थीहरूको संख्या उल्लेख छ। हाम्रो देशका २२ वटा जिल्लामा शरणार्थीहरू बसोबास गर्ने गरेका छन्। गृह मन्त्रालयबाट उपलब्ध विवरण अनुसार ती जिल्लाहरू झापा, मोरङ, दार्चुला, हुम्ला, जुम्ला, डोल्पा, बाग्लुंग, मनाङ, मुस्ताङ, गोरखा, तनहुँ, रसुवा, कास्की, दोलखा, सिन्धुपाल्चोक, सोलुखुम्बु, संखुवासभा, ताप्लेजुङ, इलाम, भक्तपुर, ललितपुर र काठमाडौं छन्। तराईका दुई जिल्ला झापा र मोरङमा भूटानी शरणार्थीहरू रहेका छन् भने बाँकी २० वटा जिल्लाहरूमा तिब्बती शरणार्थीहरू बसोबास गर्दै आएका छन्।

आधिकारिक रूपमा यी दुई देश भूटान र चीनको स्वशासित क्षेत्र तिब्बतका नागरिकहरू मात्र नेपालमा शरणार्थीको जीवन बिताइरहेको पुष्टि गरिएता पनि वास्तविकता बिल्कुल भिन्न छ।

बंगलादेश, भारत, पाकिस्तान, अफगानिस्तान, तथा पश्चिम एशियाका अरेबियन मुलुकबाट विस्थापित भएका नागरिकहरूको बढ्दो चापलाई नेपालले केही वर्ष पहिलेदेखि नै बेहोर्दै आएको छ। हालै पूर्व सोभियत संघको विघटन पछि उत्पन्न आन्तरिक विवाद र गृहयुद्धको कारण विस्थापित रसियन नागरिकहरू समेत केही संख्यामा नेपालभित्र प्रवेश गरेको पाइन्छ।

१. भूटानी शरणार्थी

सन् १९९३ को डिसेम्बर महिनामा मात्र २८१ जना भूटानी शरणार्थीहरू नेपालको पूर्वी सीमा नाका काँकडभिट्टाबाट नेपाल पसेको तथ्यांक। श्री ५ को सरकारले शरणार्थीहरूको रेखदेख तथा अनुगमन गर्न झापा चन्द्रगढीमा स्थापना गरेको

अपरेशन एण्ड इम्प्लिमेन्ट मेनजमेन्ट यूनिटसंग छ। सोही यूनिटले सन् १९९३ सम्ममा कूल भूटानी शरणार्थीहरूको संख्या ८५,०४३ पुगेको कुरा पनि जनाएको छ। सन् १९९० को अक्टुवर महिनादेखि नेपालमा प्रवेश गर्न थालेका भूटानी शरणार्थीहरू आउने क्रम ३ वर्ष पछि पनि यति ठूलो संख्यामा कायम रहनु गम्भीर चिन्ताको विषय हो।

यसरी ३ वर्ष अघिदेखि मातृभूमि, जन्मथलो, घरवारी केही भन्न नपाइ निर्ममतापूर्वक लखेटिएका भूटानी शरणार्थीहरूका निम्ति सन् १९९३ को अक्टुवरमा नेपाल र भूटान सरकारबीच काठमाडौंमा शरणार्थी समस्याका विषयमा भएको मन्त्री स्तरीय वैठक अर्को अभिशाप बन्यो। सो अक्टुवर वार्ताले विश्वलाई नै चकित तुल्याउने गरी शरणार्थीलाई चार भागमा वर्गीकरण गऱ्यो। जसमध्ये एक थियो "अपराधी शरणार्थी"। यो वर्गीकरणपछि लगातार प्रश्न उठिरहेको छ, के अपराधीहरू पनि शरणार्थीको परिभाषा भित्र पर्दछन् ? अथवा शरणार्थीहरू अपराधी हुन् ? थोरै शब्दमा निश्कर्ष निकाल्ने हो भने अक्टुवर वार्ता अपराधीलाई चोख्याउने र शरणार्थीहरूको अपमान गर्ने कलंकपूर्ण टुंगो थियो।

मानवअधिकार, समानता र प्रजातन्त्रको आवाज उठाउने भूटानीहरू भूटानी शासकको वर्वरताको कारण शरणार्थीको जीवन बिताउन बाध्य भएका छन्। जुन कार्य अपराधको कुनै पनि परिभाषा भित्र पर्दैन। उनीहरूलाई नेपालले शरण दिनु अपराधको संरक्षण हुनै सक्तैन। दुःखको कुरा, अक्टुवर वार्ता विश्वकै शरणार्थीका लागि चुनौति सावित भएको छ।

लामो समयसम्मको कुटनैतिक निष्कृयताले गर्दा शरणार्थी समस्यालाई दिनपरदिन जटिल बनाउँदैछ। बेला बेला नेपाल र भूटान पक्षका बीच हुने गरेको वार्ताका सहभागीहरूमा देखिएको कार्यकुशलताको कमीले भूटानी शरणार्थी समस्या समाधान हुन सकिरहेको छैन। यसले नेपालमा राष्ट्रिय र स्थानीय स्तरमा प्रशस्त संकटहरू बढाएको छ। हालको औपचारिक तथ्यांकले करीब ८५ हजार भूटानी शरणार्थी देखाए पनि एक लाख भन्दा बढी भूटानीहरू नेपालमा शरण लिएर बसोबास गरिरहेका छन्।

नेपाल प्रवेश

भूटानी वाङचुक सरकारको निरङकुशता दिनदिनै बढ्न थालेपछि मूलतः नेपाली भाषी भूटानीहरूले पशुतुल्य जीवन भोग्नु पऱ्यो। बहुजाति र बहुभाषिक संरचनाले बनेको भूटानी समाजलाई भूटानीकरणको नाममा वर्तमान जिग्मे सरकारको डुक्पाकरण गर्ने अनियन्त्रित महत्वाकांक्षाले नेपालीभाषी नागरिकहरू प्राकृतिक न्यायबाट समेत वञ्चित हुन थाले। आआफ्नै संस्कार, परम्परा र मान्यताहरूको स्वतन्त्र अस्तित्वबीच अनुकरणीय जातीय एक्यवद्धता बोकेको भूटानी समाज विद्रोही र विश्रृंखलित बन्न पुग्यो। सरकार र जनताबीच विद्वेश बढ्दै गयो। भूटानी सरकारले यस असन्तुष्टि र विद्रोहलाई शक्तिको भरमा दबाउने नीति अवलम्बन गर्नाले वि.स. २०४७ को कार्तिक महिनादेखि नेपालीभाषी भूटानीहरू नेपालमा शरण लिन बाध्य भए।

भूटानी शरणार्थीहरूले नेपालको पूर्वी सीमा नाका काँकडभिट्टाबाट नेपाल प्रवेश गरेका थिए। वि.स. २०४७ मंसीर महिनामा झापा जिल्लाको कनकाई नदीको किनारमा स्थानीय बासिन्दाको सहयोगले उनीहरू शिविर खडा गरी बस्न थाले। तर काँकडभिट्टा इलाका प्रहरी कार्यालयले शरणार्थीहरूको औपचारिक तथ्यांक भने वि.सं. २०४७ मंसीर २७ गतेदेखि मात्र राख्न शुरू गरेको पाइन्छ। जुन दिन साम्सी जिल्ला गोल्पुरका देवराज राईको ९ जनाको परिवार सहित ३२ जनाको नाम इलाका प्रहरी कार्यालय काँकडभिट्टामा दर्ता छ। सन् १९९३ सम्ममा शरणार्थी सम्बन्धी संयुक्त राष्ट्र संघीय आयोगले सहयोग पुऱ्याउँदै आएका शरणार्थीहरू ८ वटा शिविरमा झण्डै ८५ हजारको संख्यामा छन्।

(क) शरणार्थी कहाँ छन् ?

नेपालका पूर्वी तराई जिल्ला झापा र मोरङमा यी शरणार्थीहरूलाई ८ वटा शिविरमा बसोबासको व्यवस्था मिलाइएको छ।

कुन शिविरमा कति भूटानी छन्

क्र.सं.	क्याम्पको नाम	परिवार संख्या	पुरूष	महिला	जम्मा
१)	बेलडांगी १	२,५३९	७४१६	७१२७	१४५४३
२)	बेलडांगी २	३,३६०	९४६३	९२१८	१८६८१
३)	बेलडांगी २ विस्तारित	१,७४२	४९४९	४७०३	९६५२
४)	टिमाई	१,३८५	४१७२	३९५७	८१२९
५)	गोलधाप	१,३५७	४०७५	३८०८	७८८३
६)	खुदुनाबारी (उत्तर)	१,२९५	३५६९	३४२२	६९९१
७)	खुदुनाबारी (दक्षिण)	४२६	११७१	११३६	२३०७
८)	शनिश्चरे	२,८१५	८५०१	८१०८	१६६०९
९)	क्याम्प बाहिर (रासन पानी शिविरबाट लिने)	७९	१४५	१०३	२४८
	जम्मा	१४९९८	४३४६१	४१५८२	८५०४३

शिविरले ओगटेको क्षेत्रफल

क्रसं	शिविर	क्षेत्रफल
१.	खुदुनावारी (दुबै मिलाएर)	६० हेक्टर
२.	टिमाई	१२.५ हेक्टर
३.	शनिश्चरे	४३.५ हेक्टर
४.	गोलधाप	१४ हेक्टर
५.	बेलडांगी १	२८ हेक्टर
६.	बेलडांगी २	३७.८ हेक्टर
७.	बेलडांगी विस्तारित	३०.६ हेक्टर
	जम्मा क्षेत्रफल	२२६.४ हेक्टर

(ख) शरणार्थीको जनसंख्यागत विशेषता

शरणार्थीको जीवन बिताइरहेका ८५ हजार भन्दा बढी भूटानीहरू यी ८ वटा शिविरमा झण्डै १५ हजार झुप्रा हालेर बसेका छन्। शिविरमा बसोबास गर्नेहरूमा ५१.०१ प्रतिशत पुरुष र ४८.९९ प्रतिशत महिला छन्। झण्डै ८० प्रतिशत शरणार्थीहरू कुनै न कुनै रोगबाट ग्रसित छन् भने ५ वर्ष मुनिका

बालबालिकाहरूले धुलोमा खेल्ने जाँगर समेत गुमाउनु परेको छ।

स्वास्थ्य सेवा स्रोत केन्द्रले केही समय अगाडि गरेको एक सर्वेक्षण अनुसार शिविरमा अवस्थित शरणार्थीहरूमा ५ वर्ष मुनिका कलिला बालबालिकाहरू कूल संख्याको १४ प्रतिशत अर्थात करीब १२ हजार छन्। ५ देखि १५ वर्ष उमेर बीचका ३१ प्रतिशत छन् भने सबैभन्दा बढी संख्या ४३ प्रतिशत १५ वर्ष देखि ४५ वर्ष उमेरका सृजनशील व्यक्तिहरूको छ र उनीहरूको जीवन कुण्ठा र पीडामा बितिरहेको छ। यो भन्दा बढी उमेर भएका व्यक्तिहरूको संख्या १२ प्रतिशत छ। शिविरमा रहेका १०३ वर्षका ३ जना वृद्धहरू निलकान्त अधिकारी, धनमाया नेपाल र भीमबहादुर बस्नेतले गत वर्ष शरणार्थीको मृत्यु लिष्टमा नाम चढाएर गए। यसरी लौरोको सहारा लिएर आंगन र मझेरी बल्ल तल्ल गर्ने असक्त वृद्धहरू पनि शरणार्थीको कष्टकर जीवन भोग्न बाध्य छन्।

दक्ष जनशक्ति

शरणार्थी सम्बन्धी सूचना व्यवस्थित गर्न झापा बिर्तामोडमा खडा गरिएको भूटान मानवअधिकार संघको कार्यालयको अनुमानित तथ्यांक अनुसार कूल संख्याको २८ प्रतिशत मात्र साक्षर छ। बांकी ७२ प्रतिशत सामान्य लेखपढ समेत गर्न सक्तैन। सिलाई बुनाई, सिकर्मी, माटो तथा चोयाको काम जस्ता घरेलु सीपमा तालिम प्राप्त व्यक्तिहरूको संख्या नगन्य छ। अर्थात कूल संख्याको झण्डै २ प्रतिशत मात्र शिपमूलक व्यवसाय गर्न सक्दछन्।

शिविरमा शरणार्थीको बसाइ अवधि

बहुसंख्यक शरणार्थीहरू गत एक वर्षको अवधिदेखि शिविरमा बसोबास गर्दै आएका छन्। यो एक वर्षको अवधिमा नेपाल पस्ने शरणार्थीको संख्या सरदर ६० प्रतिशत रहेको छ। यस स्थितिबाट शिविरमा थुप्रै गम्भीर संकटहरू थपिएको कुरालाई पुष्टि गर्दछ। शुरूको एक वर्षमा अहिलेको कूल जनसंख्याको करीब १० प्रतिशत मात्र शरणार्थी संख्या थियो भने दोस्रो वर्षमा थपिएका शरणार्थीहरूको संख्या झण्डै ३० प्रतिशत थियो।

(ग) भौगोलिक प्रभाव

हाल तराईको वातावरणमा शरण लिइरहेका यी शरणार्थीहरू भूटानमा विविध भौगोलिक वातावरणमा हुर्केका थिए। तराईको वातावरणसंग घुलमिल भएका शरणार्थीहरू २० प्रतिशत जति मात्र छन् भने ७६ प्रतिशत पहाडी र ४ प्रतिशत हिमाली जनजीवनमा हुर्केका शरणार्थीहरू भएको अनुमान छ। जसको कारण बहुसंख्यक शरणार्थीहरूले तराईको वातावरण र बानी व्यवहारसंग सामञ्जस्यता मिलाउन समेत संघर्ष गर्नु परेको छ।

अत्यधिक मात्रामा पहाडी र हिमाली वातावरणमा हुर्केका शरणार्थीहरूमा तराई क्षेत्रमा फैलने मलेरिया लगायतका रोगहरूको प्रतिरोधात्मक शक्तिको विकास भएको हुँदैन। यसरी शरणार्थीहरू वातावरणीय परिवर्तनको कारण पनि विभिन्न रोगका शिकार हुनु परिरहेको छ। कुपोषण तथा शिविरको अनियन्त्रित फोहोर सबैका लागि कालको निम्ता बनेको छ।

(घ) सामाजिक वातावरण

विविध संस्कार, धर्म, परम्परा र भौगोलिक अवस्थितिमा बाँचेका यी शरणार्थीहरूले शिविरमा बिल्कूल भिन्न रहनसहनलाई स्थापना गर्नु परेको छ। राजनीति र आस्थाका शरणार्थीहरू सरकारले गरेको क्रुर दमनको कारण शारीरिक रूपले मात्र नभएर मानसिक अर्थमा समेत आतंकित छन्।

झट्ट हेर्दा यी शरणार्थीहरू संगठित र साझा पीडाबाट सताइएका छन्। झण्डै ८० प्रतिशत शरणार्थीले मृत्यु शोक बेहोरी सकेका छन् र यो ३ वर्षको अवधिमा करीब १ हजार २ सय शरणार्थीहरूको जीवन अकाल र अभावमै गुमेको छ। करीब १०० जना महिलाहरू भूटानी सेनाको बलात्कारबाट गर्भवती भएका वा बच्चा जन्माएका छन्। तर शिविर भित्रको अवस्थालाई गहिरिएर नियाल्ने हो भने एक आपसमा सहयोग र सहानुभूतिको बदला थुप्रै आपसी मनमुटाव, पूर्वाग्रह र मौका छोप्ने प्रवृत्तिको विकास भएको छ। शिविर संचालक शरणार्थीहरूमा उत्पन्न वैचारिक मतभेदले शरणार्थीहरूलाई असुरक्षित र जीवनप्रति नै क्रमशः निराश बनाउँदै छ। संचालकहरूको विभेद र अन्यायपूर्ण व्यवहारको विरूद्धमा समेत शिविर भित्र थुप्रै पटक आवाज उठिसकेको छ।

अन्तरपारिवारिक कलह शिविर भित्रको अर्को जटिल समस्या हो। दाउरा टुटा चोरी जस्ता सामान्य विवादहरू यहाँ झगडाको प्रमुख कारण बन्ने गरेका छन्। कहिलेकाहीं साम्प्रदायिक भावनाले पनि कलहलाई बढाउन मद्दत गरेको पाइन्छ।

शरणार्थी माथिको शारीरिक यातना, जेलनेलको कठोर भोगाइ, पारिवारिक विछोड र सतित्व लुटिनु आदि कारणले उनीहरूलाई असामान्य स्थितितर्फ धकेली रहेको छ। यस स्थितिको अन्त्यका लागि भौतिक रूपले मात्र नभएर मानसिक रूपले समेत उनीहरूलाई पुनर्स्थापित गरिनु अनिवार्य छ। तर यस सम्बन्धमा अहिलेसम्म कसैको ध्यान पुग्न सकेको देखिदैन।

(ङ) सहयोगमा संलग्न संस्थाहरू

भूटानी शरणार्थी नेपालमा प्रवेश गरेको शुरू अवधिमा स्थानीय जनताले सहयोग दिए। केही महिना पछि शरणार्थी सम्बन्धी संयुक्त राष्ट्र संघीय उच्च आयोगले शरणार्थीहरूलाई बस्न छाप्रो र खाने लाउने व्यवस्था मिलायो। अहिले पनि यू.एन.एच.सी.आर. यो कार्यमा संलग्न रहँदै आएको छ। यस बाहेक अन्तर्राष्ट्रिय संस्थाहरू लुथरन, सिभिक्ट, अक्स्फाम, सेभ द चिल्ड्रेन, क्यारिटास नेपाल, नेपाल रेडक्रस सोसाइटी, विश्व खाद्य कार्यक्रम आदि संस्था प्रत्यक्ष वा अप्रत्यक्ष रूपले संलग्न रहेका छन्। स्थानीय सामाजिक संस्था तथा राष्ट्रिय स्तरका नेपाली गैर सरकारी संस्थाहरू पनि यो कार्यमा शुरू देखि नै संलग्न रहँदै आएका छन्।

शरणार्थीहरूलाई दैनिक प्रयोजनका लागि खाद्य

सामाग्रीमा चामल ४३०, दाल ६०, तेल २५, चिनी २०, नून ५ ग्राम प्रति दिन प्रति व्यक्ति तथा सब्जीमा ताजा तरकारी ३००, आलु ३००, प्याज ६०, लसुन १०, बेसार १०, खुर्सानी १० ग्राम प्रति व्यक्ति प्रति हप्ता दिइने गरेको छ।

उमेर अनुसार फरक गरेर दिइनेमा कपडा मात्र पर्दछ। सुरूवाल, सर्ट पैन्ट, कुर्ता सुरूवाल, कमिज सुरूवाल, फ्लुल, सारी, चोलो, पेटिकोट, ब्लाउज आदि गरेर उमेर अनुसार दिइने गरेको छ। गोलधाप र बेलडाँगीमा इन्धनका लागि दाउरा नै प्रयोग गरिन्छ भने हालसालै पथरी क्याम्पमा मट्टितेल वितरण गर्न थालिएको छ। खाना पकाउने भाँडा, फूल, विस्तरा आदि पनि परिवार भित्र बाँडीचुँडी पुऱ्याउनु पर्ने गरी दिइन्छ।

(च) स्थानीय जीवनचक्र (Ecosystem) मा परेको असर

प्रकृति प्रदत्त वस्तुहरू प्राणी, वनस्पति, जीवाणु तथा वायुमण्डल आदिबीचको अन्तर निर्भर र अन्तर्सहयोगात्मक सम्बन्धले एक प्रकारको जीवन-चक्रलाई कायम राख्ने गर्दछ। क्रमिक रूपमा हुने कुनै पनि परिवर्तनलाई प्रकृतिले स्वभाविक ढाँचामा बदल्न सक्दछ। तर झापा र मोरङको प्राकृतिक जीवन चक्रका लागि भूटानी शरणार्थीको उपस्थिति आकस्मिक बोझ बन्यो। जसका कारण स्थानीय जीवनचक्र सहज र सरल ढंगले चल्न सकेन। यस क्षेत्रका मानव लगायत हरेक प्राकृतिक सम्पदाले हाल थुप्रै नयाँ चुनौति र बाधाहरूको सामना गर्नु पर्दैछ। स्थानीय जनजीवन मात्र नभएर राष्ट्रिय रूपमै सामाजिक, आर्थिक, राजनैतिक र प्राकृतिक क्षेत्र समेत नराम्ररी प्रभावित भएको छ।

(छ) सामाजिक विकृति

नैसर्गिक अधिकार समेत लुटिएका औसत शरणार्थीहरूलाई सामाजिक अपराध सामान्य बन्नु अनौठो होइन। यसर्थ अभाव र संकटले भूटानी शरणार्थीहरूलाई अनैतिक बनाएको छ भने आत्मसंयमको अभाव रहेका स्थानीय युवाहरू पनि समाजद्वारा वर्जित गरिएका गैरसामाजिक कार्यतर्फ उद्यत भएका छन्। यस क्षेत्रमा रहेका थुप्रै सामाजिक नियमहरू शरणार्थीको उपस्थितिले खलबलिएका छन्। जुन कार्यले झापा र मोरङको सामाजिक रहन-सहनलाई दीर्घकालीन रूपले समेत असर पार्ने सम्भावना रहेको छ।

वेश्यावृत्ति

भूटानी शरणार्थीहरू यस क्षेत्रमा हाल दिनदिनै बढी रहेको वेश्यावृत्तिका लागि जिम्मेवार मानिन्छन्। नारी अस्मिता तथा कुमारित्व माथि भूटानी सेनाले गरेको हमलापछि शरणार्थी महिलाहरूले समाजप्रतिको डर र त्राश भन्दा पनि जीवन गुजारालाई प्रधानता दिनु बाध्यताकै विषय हो। जसको कारण शिविर भित्र मात्र नभएर अहिले झापाको प्रमुख शहर बिर्तामोड वेश्यावृत्तिका कारण बदनाम भएको छ। स्थानीय केही होटल तथा लज संचालकहरूले यस व्यवसायलाई प्रश्रय दिइरहेका छन्। शुरूमा शरणार्थी महिलाहरूबाट संचालित वेश्यावृत्ति अब बिर्तामोडमा बाल वेश्यावृत्तिमा समेत परिणत भएको छ। कक्षा ८ देखि १० सम्म अध्ययनरत किशोरीहरूलाई विभिन्न लोभ लालचमा फसाएर, धम्की दिएर वा झुक्याएर यो पेशामा संलग्न हुन बाध्य गराइँदैछ। यी घटनाले झापाका अभिभावकहरू चिन्तित बन्न थालेका छन्। भनिन्छ बिर्तामोडमा संचालित पाथीभरा, सयपत्री, कञ्चनजंघा र शिखर होटल तथा लज यी असामाजिक कार्य संचालनका अखडा हुन। लजहरूमा राती मात्र नभएर दिउँसै वेश्यावृत्ति गराइन्छ। लज संचालकहरूले यस वेश्यावृत्तिका लागि जाने पुरूष तथा महिलालाई घण्टाको हिसाबले रकम असुल्ने गर्दछन्। दिउँसो एक घण्टा कोठा प्रयोग गर्न दिए वापत लज मालिकहरूले कम्तिमा रू १५० लिने गरेका छन्। यसै गरी झापाको अर्को शहर दमक पनि यो पेशाका कारण पटक पटक बदनाम हुने गरेको छ।

यसरी भूटानी शरणार्थीहरूबाट शुरू भएको वेश्यावृत्ति झापाबासीका निम्ति गम्भीर र अनियन्त्रित समस्यामा परिणत भएको छ। गाउँ-गाउँबाट किशोरीहरू खोजी खोजी वेश्यावृत्तिका लागि ल्याउने कार्यले झापाका हरेक गाउँहरू नराम्ररी प्रभावित भएका छन्। यसर्थ वेश्यावृत्तिलाई अपराध मान्ने झापावासीहरूको निर्विवाद मान्यता अहिले संकटको डिलमा पुगेको छ।

शिविर भित्रका प्रभावशाली व्यक्तिहरूले र स्वयम दातृ संस्थाका मान्छेहरूले पनि शरणार्थी किशोरीहरूको यौन शोषण गर्ने गरेको चर्चा बारम्बार आइरहन्छ। शिविर भित्रै भड्किलो फेशनमा सजिएका युवतीहरू र बेचन राखिएका रक्सी/जाँडका बोतल जताततै खुलेआम देख्न सकिन्छ। शिविर वरिपरिका युवाहरू त्यहीं क्यारामबोर्ड, तास खेल्दै रहेका, बरालिइरहेका प्रष्ट देखिन्छन्।

अवैध कारोबार

मानसिक विक्षिप्तताको कारण कतिपय शरणार्थीहरू मादक तथा लागु पदार्थको सेवन र ओसार-पसारमा संलग्न भएको पाइन्छ। स्थानीय प्रशासनले सोही अभियोगमा केही शरणार्थीहरूलाई छानवीनका लागि पटक-पटक गिरफ्तार समेत गरेका घटना छन्। यी शरणार्थीहरूले लागु औषध झापाको पूर्वी सीमा नाका कांकडभिट्टाको बाटो भारततर्फ निकासी गर्ने गरेका छन्। नेपाल र भारत बीच खुल्ला सीमा भएको हुँदा यो कारोवार दिनदिनै फस्टाउन थालेको छ। स्थानीय बेरोजगार युवाहरू समेत यस पेशामा संलग्न हुन थालेकाले झापाको युवा जनशक्ति बर्वादी तर्फ उन्मुख बन्दैछ। लागु पदार्थको कुलतमा एक पटक फसेको व्यक्ति समाजका लागि अयोग्य हुन्छ। त्यस्ता व्यक्तिबाट समाजमा अराजकता तथा थप विकृति फैलने कुरामा शंका छैन। यसर्थ झापा र मोरङको सामाजिक जनजीवन मात्र नभएर वर्तमान तथा भावी जनशक्ति कुबाटोतर्फ मोडिन पुग्नु राष्ट्रकै लागि चिन्ताको विषय हो।

महामारीको खतरा

आकस्मिक रूपमा थपिएको शरणार्थीको चापले झापा तथा मोरङ जिल्लाको वातावरणीय सन्तुलन नराम्ररी बिथोलिएको छ। रातो क्षेत्रमा अव्यवस्थित बसोवास गरिरहेका शरणार्थीको

व्यापक जनघनत्वका कारण शिविरहरू भित्र मानवीय प्रदूषण तिव्र दरमा बढेको छ। शरणार्थीहरूले खाएर फ्याँकेका फोहोर तथा दिशा-पिसाबहरूले शिविर दुर्गन्धित बनेका छन्। जसले गर्दा सरूवा रोगका लागि वातावरण अनकूल भएको छ। काँकडभिट्टास्थित औलो उन्मूलन अन्तर्गत रगत संकलन इकाइका अनुसार नेपालमा पसेका झण्डै १० प्रतिशत शरणार्थीहरू औलो रोगका शिकार छन्। यसरी नेपालबाटै उन्मूलन भइसकेको औलो रोग पुनः यी जिल्लाहरूमा फैलने सम्भावना बढेको छ। जुन राष्ट्रिय अर्थमा समेत गम्भीर चुनौति सावित हुन सक्छ। आउँ, रूघा खोकी, हैजा, टाइफाइड लगायतका वातावरणीय रोगहरूले शिविरका छिमेकी बासिन्दाका लागि मात्र खतरा पैदा गरेका छैनन्, सम्पूर्ण झापा र मोरङवासीहरूलाई एकै पटक महामारीले आफ्नो चपेटामा पारेर ठूलो मानवीय क्षति निम्त्याउन सक्नेछ।

भयावह जनजीवन

एकलाख भन्दा बढी शरणार्थीलाई थप खाद्यान्न जुटाउनु पर्दा झापा र मोरङको बजारमा खाद्यान्न आपूर्ति भन्दा बढी माग सृजना भयो। गत साल सुख्खा पीडित पूर्वी पहाडी जिल्लाहरूमा पठाउन छुट्याइएको करीब ७५ हजार क्वीन्टल चामल भूटानी शरणार्थीलाई विराटनगरस्थित खाद्य संस्थानले उपलब्ध गराउनु परेको थियो। शरणार्थीको आगमनपछि सबै खाले दैनिक उपभोग्य सामानको मूल्य एकाएक बढ्न गयो भने शिविर भित्रको रासनपानी खाएर बसेका शरणार्थीहरूले अतिरिक्त आम्दानीका लागि सस्तो दरमा ज्यालादारी काम गर्न थाले। यसरी महंगीको मारमा परेका स्थानीय बासिन्दाहरूको आम्दानी बढ्नुको सट्टा रोजगारीका सम्भावनाहरू पनि खोसिए। जसले गर्दा स्थानीय बासिन्दाहरूले अभाव र संकट बेहोर्नु परिरहेको छ। बढ्दो सामाजिक अपराधहरू चोरी, हुलदंगा, लुटपिट, जस्ता घटनाले जिल्लावासीहरू असुरक्षित जीवन बिताउन बाध्य हुनु परेको छ। शरणार्थीहरूलाई परिचय पत्रको व्यवस्था नगरिएको हुँदा उनीहरू शिविरबाहिर खुल्लेआम रूपले हिंडडुल गर्न पाउँछन्। केही उदण्ड शरणार्थीहरू समूहमा गएर स्थानीय बासिन्दाहरूलाई तर्साउने गरेका पनि प्रशस्त घटना पाइन्छन्।

अर्को गम्भीर पक्ष थुप्रै भूटानी शरणार्थीले नेपाली नागरिकता लिइसकेका छन्। गृह मन्त्रालयले गरेको एक सर्वेक्षण अनुसार झण्डै ५ हजार शरणार्थीहरूले नेपाली नागरिकता लिएका छन्। शिविर भित्र संचालित पठन-पाठन कार्यमा नेपाली भाषामा अध्यापन गराउने कार्य मात्र भएको छैन, "हाम्रो देश नेपाल हो। हामी नेपाली हौं" जस्ता पाठ्य सामाग्रीहरू प्रयोगमा ल्याइएका छन्। शरणार्थीको जीवन बिताइरहेका बालबालिकाहरूलाई दिइएको यस्तो शिक्षा भोलि गएर अर्को समस्या बन्ने निश्चित छ।

शिविर भित्रका शरणार्थीहरू मध्येबाट नै त्यहाँ निरंकुश नायकत्व र दमन गर्ने चलन पनि छ। ०५० जेठ ९ गते बिहान ८ बजे बेलडाँगी-१ को क्याम्पमा १० देखि १३ वर्षका ७/८ जना केटाकेटीहरूलाई त्यहाँका नाइकेहरूले लुगा फुकाल्न लगाए। त्यसपछि उत्तानो पल्टिन लगाए र अर्कोलाई त्यसमाथि चढेर घुघुती खेलाउन लगाए। त्यतिले नपुगेर ती अबोधहरूलाई रोडामा बामे सर्न लगाए। शिविर वरपरका प्रहरीले धेरैपछि मात्र थाहा पाए। भूटानी सरकारले जुन जुन ओहदाका निरंकुश शासकहरू राखेको छ त्यही त्यही ओहदाका शासकहरू शिविर भित्र पनि छन्। नेपाल प्रहरी ज्यान केस र ज्यादै ठूलो घटना नपरी त्यहाँ जाँदैन। यो क्रुर यातना दिने शिविर भित्रका स्वघोषित अधिकृतहरू थिए :

सुरक्षा विभाग प्रमुख - धिरन प्रधान
मुद्दा विभाग प्रमुख - खड्गबहादुर मगर

यहाँको व्यवहार हेर्दा यस्तो लाग्छ कि जुन दमन र अत्याचारको मारमा परेर शरणार्थी बनेर यहाँ आएका छन् त्यही निरंकुश शैलीमा शिविर भित्र शासन गर्न उनीहरू उद्दत छन्। संस्कृति र चिन्तनमा क्रुरता भरिपूर्ण छ।

तर तिनै नाइकेहरूलाई जब परिवार नियोजन बारे शरणार्थीहरूमा किन चेतना ल्याउनु हुन्न भनिन्छ तब उनीहरू ठाँटले भन्छन् "यो त नितान्त निजी चाहनाको कुरा हो हामीले त्यस्तो कुरा कसरी भन्नु ?"।

सायद विश्वमा थोरै ठाउँमा मात्र यसरी शरणार्थीहरूलाई स्वच्छन्द तवरले देशका नागरिक सरह जता पनि जान आउन र मनलागी गर्न दिइन्छ र यसैको फाइदा भूटानी शरणार्थीहरूले उठाउने गरेका छन्।

०४९ चैत २८ गते बेलुकी ७/८ जना शरणार्थीहरूले शरणार्थी सूर्यमान सुब्बालाई कुटपिट गरे। उनलाई कुटपिटबाट जोगाएर प्रहरीको जिम्मा दिने भनी उनीहरू मध्येकैले लिएर हिंडे। २९ गते सूर्यमानको अत्तोपत्तो भएन। शिविरका अरू ३०/३५ जना पनि हराए। बैशाख ३ गते शिविरकै एउटा रूखमुनी गाडेर पुरिएको अवस्थामा उनको लाश भेट्टाइयो। उनको हात पछाडि बाँधेर, नाक र जिब्रो काटेर आँखा फोडेर मारिएको थियो। यो विभत्स हत्या काण्डको अभियोगमा अहिले ९ जना शरणार्थी जेलमा छन् भने १३ जना फरार भएका छन्।

पानीको समस्या

भूटानी शरणार्थीको उपभोगका लागि मात्र दैनिक करीब २१ लाख २५ हजार लिटर पानी उपलब्ध गराउनु परेको कुरा अपरेशन एण्ड इम्प्लीमेन्ट मेनेजमेन्ट युनिटले जनाएको छ। पानीको यो थप आवश्यकता पूर्ति गर्न शिविरहरूमा वोरिङ सञ्चालन गरिएका छन्। जसले गर्दा शिविर छिमेकका गाउँहरूमा सञ्चालित इनार र ट्यूववेल सुकेको गुनासो स्थानीय बासिन्दाहरूको छ। ठूलो मात्रामा जमीनमुनिको पानी दैनिक निकाल्दा पानीको सतह घट्न गई कृषियोग्य जमीन समेत सुख्खा बन्न पुग्नुले अर्को समस्या थपेको छ। शिविर छेउका कुलेसा, खोला सुकेका छन् र गाईवस्तुलाई खुवाउन र सिंचाइका लागि प्रयोग गरिएका नदी प्रदुषित भएका छन्। यसको उदाहरण पथरी शिविरको पूर्व तर्फ प्रष्ट देखिन्छ।

वन विनाश

शरणार्थीहरूका सम्पूर्ण शिविरहरू बन क्षेत्र भित्र पर्दछन्। शरणार्थीलाई बस्नका लागि झुप्रा बनाउँदा मात्र जंगल फडानी भएको छैन। प्रत्येक दिन शरणार्थीहरूले खाना बनाउन प्रति परिवार सरदर ५ केजी दाउरा प्रयोग गर्ने गरेको कुरा नेपाल वातावरण पत्रकार समूहले भूटानी शरणार्थीको बारेमा तयार गरेको एक रिपोर्टमा उल्लेख छ। केही समय अघिदेखि शरणार्थीहरूलाई मट्टितेल उपलब्ध गराइए पनि त्यसको प्रयोग ज्यादै न्यून रूपमा हुने गरेको पाइन्छ। यसर्थ झण्डै १५ हजार परिवारका लागि दैनिक ७५ हजार किलो भन्दा बढी दाउरा प्रयोग हुन्छ। जुन स्थानीय बनबाट आपूर्ति गर्नाले तीव्रदरमा वनको फँडानी भइरहेको छ। यसबाहेक शरणार्थीहरू काठ चोरी निकासीमा पनि संलग्न भएको पाइन्छ। स्थानीय तहमा मिलाइएका मुद्दा बाहेक सन् १९९३ भरिमा जिल्ला वन कार्यालय झापामा ८ वटा भन्दा बढी मुद्दा परेका थिए। शरणार्थीहरूले जीविकोपार्जनका लागि जंगलमा गएर दाउरा काटी बिक्री बितरण पनि गर्ने गरेको हुँदा तस्करहरूको आक्रमणबाट दिनदिनै घटिरहेको तराइको वन झन उजाडिन गएको छ।

केही शरणार्थीलाई छोडेर हेर्दा अधिकांश शरणार्थीहरूले बाँच्नका लागि अपरिहार्य वस्तुको मात्र उपभोग गरिरहेका छन्। यसर्थ समस्या समाधानका लागि भूटानी सरकारसंग श्री ५ को सरकारले दरिलो र उपलब्धीमूलक वार्ता गर्नु जरूरी छ। सन् १९९३ को अक्टुवरमा दुई देश बीच भएको मन्त्री स्तरीय वार्ता पनि औपचारिकता भन्दा अगाडि बढ्न नसक्नु ज्यादै दुःख लाग्दो विषय हो।

२. तिब्बती शरणार्थीहरू

तिब्बती शरणार्थीहरू नेपालमा बसोबास गरिरहेका शरणार्थी मध्ये सबैभन्दा पुराना हुन्। नेपालको उत्तर तर्फको छिमेकी देश चीनको स्वशाषित क्षेत्र तिब्बतका शरणार्थीहरूको बसोबास यहाँ सन् १९५९ देखि रहेको छ। भारतका धर्मशालामा तिब्बतको समानान्तर सरकार चलाएर बसेका "धर्म गुरू" दलाई लामाको औपचारिक प्रतिनिधि पनि काठमाडौंमा छन्। दलाई लामाका औपचारिक प्रतिनिधि तासी नामग्यालले काठमाडौंस्थित लाजिम्पाटमा ग्यानडेल खाङसेरको नामबाट खोलिएको तिब्बती शरणार्थी कल्याणकारी कार्यालयमा बसेर शरणार्थी सम्बन्धी कामकाज गर्ने गरेका छन्।

सरकारी आँकडा अनुसार हाल नेपालका १५ वटा शिविरमा करीब २५ हजार तिब्बतीहरू शरणार्थीको रूपमा बसोबास गरेका छन्। तर तिब्बती शरणार्थी कल्याणकारी कार्यालयको विवरण यो भन्दा बढी छ। ३० हजार भन्दा बढीको संख्यामा तिब्बतीहरू नेपालमा शरण लिएर बसेको अनुमान सो कार्यालयको छ। उनीहरू संगठित रूपमा काठमाडौं र पोखरामा बसेको भेटिन्छ भने रसुवा, नुवाकोट, सिन्धुपाल्चोक र सोलुखुम्बु आदि जिल्लाहरूमा पनि बसेको पाइन्छ। नुवाकोट जिल्लामा श्री ५ को सरकारले उनीहरूलाई बसाएको ठाउँमा जेल निर्माण गर्ने योजनाले उनीहरू चिन्तित छन्। धेरैजसो तिब्बती शरणार्थीहरू अब नेपाल नछोड्ने र यहींको नागरिक बन्ने मनस्थितिमा पुगेका छन्। ती मध्ये धेरैले नागरिकता पनि लिइसकेका छन्। अर्कोतिर तिब्बतीहरू अवैध रूपमा सीमा पार गरी प्रत्येक महिना २०।२५ जनाको दरले नेपाल प्रवेश गरिरहेको कुरा गृहमन्त्रालयले आधिकारिक रूपमा पुष्टि गरेको छ। पूर्व मेचीदेखि मध्यपश्चिमाञ्चल क्षेत्रको कर्णाली अञ्चलसम्म तिब्बतसंग जोडिएका हिमाली जिल्लाहरूबाट तिब्बतीहरू ठूलो संख्यामा नेपाल प्रवेश गर्ने गर्दछन्। जिल्ला प्रहरी कार्यालय हुम्लाका अनुसार यसवर्ष अवैध रूपमा सीमापार गरी हुम्लामा पसेका झण्डै १०० जना तिब्बतीहरूलाई तिब्बती प्रहरी समक्ष सुपुर्दगी गरिएको छ। यसै वर्ष अवैध सीमा पार गर्ने तिब्बती र नेपाली सुरक्षाकर्मी बीच भीडन्त हुँदा उदयपुर जिल्लामा एक तिब्बतीको मृत्यु समेत भएको छ।

सन् १९५९ मा नेपाल र तिब्बतलाई जोड्ने कोदारी राजमार्गबाट पहिलो पटक शरणार्थीको रूपमा नेपाल पसेका तिब्बतीहरूको नेपाल पस्ने क्रम हिजो आज पनि जारी नै छ। तिब्बतमा उत्पन्न अस्थिरताको कारण त्यसबेला नेपाल पस्ने तिब्बतीहरूको संख्या झण्डै २० हजार थियो। जुन समयमा नेपालमा शरणार्थीहरूको व्यवस्था मिलाउने कुनै पनि अन्तर्राष्ट्रिय सामाजिक संस्थाहरू स्थापना भएको थिएन। तर तिब्बतको घटनाले विश्वकै ध्यान केन्द्रीत गरेको हुँदा रेडक्रशको अन्तर्राष्ट्रिय समिति आई.सी.आर.सी., स्वीस रेडक्रश र राष्ट्र संघीय शरणार्थी उच्च आयोग आदि संस्थाहरू नेपालमा आएर शरणार्थीको रेखदेख कार्यमा संलग्न भएका थिए।

पहिलोपटक नेपाल पसेका तिब्बती शरणार्थीहरूको दोस्रो र तेस्रो पुस्ता अहिले नेपालमा भेटिन्छ। मूलतः काठमाडौं उपत्यकाको ठमेल, स्वयम्भू, बौद्ध, जावलाखेल क्षेत्र तिब्बतीहरूको व्यापार र बसोबास केन्द्र बनेको छ। हाल तिब्बतबाट विदेशिएका शरणार्थीहरू १ लाख २५ हजार भन्दा बढी रहेको बताइन्छ। उनीहरू नेपालमा बाहेक भारत, भूटान, क्यानाडा, अमेरिका, फ्रान्स, बेलायत, जापान, अष्ट्रेलिया, इटली, जर्मन आदि देशमा शरण लिएर बसेका छन्। यसरी अन्य देशमा तिब्बतीहरू जाने मूलद्वार भने नेपाल नै रहेको छ। नेपालको बाटो भएर अन्यत्र हिंडेका अधिकांश तिब्बतीहरूसंग "भिसा" हुँदैन। कति तिब्बतीहरू नेपाली सुरक्षा कर्मीबाट लुकीछिपी भारत तर्फ प्रवेश गर्दछन्। नेपाल र भारत बीच खुल्ला सीमा भएको हुँदा यो कार्य त्यति जोखिमपूर्ण पनि छैन। लुकीछिपी सीमापार गर्न हिंडेका तिब्बतीहरू प्रहरीको कब्जामा परे भने नेपाल प्रहरीले श्री ५ को सरकार मातहतमा रहेको अध्यागमन विभागमा बुझाउने गरेको छ। अध्यागमन विभागमा आइपुगेका तिब्बतीहरूको छानवीन गर्न संयुक्त राष्ट्र संघीय शरणार्थी उच्च आयोगका प्रतिनिधि, अध्यागमन विभाग र दलाई लामाका नेपालका लागि औपचारिक प्रतिनिधिहरू सामेल हुने गरेका छन्। यू.एन.एच.सी.आर.का अनुसार छानवीन पछि केहीलाई तिब्बत नै फर्काइने गरेको तथा शरणार्थीको रूपमा आएकाहरूलाई भने शिविरमा राख्ने र अन्य देशमा जान खोज्नेलाई अनुमति पत्र उपलब्ध गराउने गरिन्छ।

शुरूमा प्रवेश गरेका थुप्रै तिब्बतीहरूले अहिले नेपाली नागरिकता पाइसकेका छन् र केही तिब्बतीहरू नागरिकताका

लागि प्रयत्नरत छन्। काठमाडौंमा रहेका तिब्बतीहरू विशेष गरी गलैंचा उद्योगमा संलग्न छन्। वास्तवमा भन्ने हो भने नेपालमा गलैंचा व्यवसायको व्यावसायिक उत्पादन तिब्बतीहरूको आगमन पछि नै शुरू भएको हो। हाल नेपालमा संचालित गलैंचा उद्योगको झण्डै ८० प्रतिशत तिब्बतीहरूको रहेको छ। जावलाखेलको तिब्बतीहरूद्वारा व्यवसायिक रूपमा संचालित "जावलाखेल ह्याण्डिक्राफ्ट" सायद नेपालकै पहिलो गलैंचा उद्योग मानिन्छ।

नेपालमा बसोबास गरिरहेका तिब्बतीहरू अहिले गलैंचा लगायत अन्य पेशामा पनि संलग्न छन्। उनीहरूले काठमाडौं उपत्यका भित्र मात्र २० भन्दा बढी स्कूल, १ दर्जन भन्दा बढी होटल र लजहरू सञ्चालन गरेका छन्। यस बाहेक पर्यटन क्षेत्रमा पनि ट्राभल एजेन्सी मार्फत प्रवेश गरेका छन्। यहाँ रहेका तिब्बतीहरू बौद्ध धर्म सहयोग समिति जस्ता धार्मिक संघको नाममा चन्दा संकलन गरी नेपालमा राजनैतिक रूपले समेत सक्रिय रहेका छन्। प्रत्येक वर्ष मार्च १० तारिखलाई उनीहरूले तिब्बत नेशनल अपराइजिङ डे मनाउने गर्दछन्। सो कार्यक्रममा "फ्रि तिब्बत" लेखिएका पर्चा, पोष्टरहरूले काठमाडौं शहर ढाकिएका हुन्छन्। अर्कोतिर "फ्रि तिब्बत" लेखिएका ब्यानर बोकेर सार्वजनिक रूपमा जुलुश पनि उनीहरूले निकाल्ने गरेका छन्। जुन गतिविधिले नेपाल र चीन दुई देश बीचको कुट्नैतिक सम्बन्धमा चिसोपन ल्याउने खतरा बढाइरहेको छ।

तिब्बतीहरू हाल नेपालमा कति छन् र प्रत्येक वर्ष नेपालको भूमिमा प्रवेश गर्ने तिब्बतीहरूको संख्या कति छ एकीन भन्न गाह्रो छ। तिब्बतमा उत्पन्न अस्थिरता तथा राजनैतिक उतारचढाव संगसँगै यो संख्या घटबढ हुने गर्दछ। केही समय यता नेपालमा पसेका तिब्बतीहरू यिनै हुन भनी छुट्याउन पनि कठीन हुँदै गएको छ। यो कार्य कठीन हुने कारण तिब्बतीहरू र हिमाली भेगका नेपालीहरूको भेषभूषा रहनसहन र बोलिचाली एकै खालको हुनु हो। नेपालमा अहिले विभिन्न व्यवसायमा संलग्न तिब्बतीहरूको संख्यासम्म पनि श्री ५ को सरकारले पत्ता लगाउन नसकेको अवस्थामा अवैध रूपमा प्रवेश गर्नेहरूको विवरण त झन् अनुमान मै मात्र सीमित रहेको छ।

३. अन्य देशका शरणार्थीहरू

औपचारिक रूपमा शरणार्थीको मान्यता नपाएका तर केही वर्षदेखि आप्रवासी जीवन बिताइरहेकाहरू पनि नेपालमा छन्। भारत नियन्त्रित कश्मिर क्षेत्रका कश्मिरीहरू गैर शरणार्थीको रूपमा नेपालमा ठूलो संख्यामा रहेका छन् भने भारत, बर्मा, बंगलादेश, पाकिस्तान, अफगानिस्तान, श्रीलंका, पश्चिम एसियाका अरेबियन मुलुकका नागरिकहरू उल्लेखनीय संख्यामा बसोबास गरिरहेका छन्।

काश्मिरी शरणार्थी

काठमाडौंको पर्यटन क्षेत्र मानिएको ठमेल काश्मिरी आप्रवासीहरूको प्रमुख शरणस्थल बनेको छ। भारत र पाकिस्तानको सीमा विवाद तथा जम्मु काश्मिर लिबरेशन फ्रन्टले सञ्चालन गरेको संघर्षका कारण उत्पन्न राजनैतिक अस्थिरताले थुप्रै काश्मिरीहरू आफ्नो ठाउँबाट पलायन भएका छन्। नेपाल र भारतबीच खुल्ला सीमा भएको हुँदा स्वदेशबाट पलायन भएका काश्मिरीहरूका लागि नेपाल शरणस्थल बनेको छ। जम्मु-कश्मिरको अशान्तिले काश्मिरी आप्रवासीहरूको संख्या पनि नेपालमा दिनदिनै बढी रहेको छ।

काठमाडौं तथा पोखराको पर्यटन क्षेत्रमा मात्रै हाल करीब ३५०० काश्मिरीहरू रहेको अनुमान छ भने ४ हजार भन्दा बढी काश्मिरीहरू नेपालमा रहेको कुरा २०५० साल असोज १० गते प्रकाशित देशान्तर साप्ताहिकले प्रकाशमा ल्याएको छ। आप्रवासीको रूपमा नेपाल पसेका अधिकांश काश्मिरीहरू बन्द व्यापारमा संलग्न रहेका छन्। काठमाडौंका ठमेल, दरवार मार्ग, जमल, ठहिटी, लाजिम्पाट लगायत भित्री शहरमा काश्मिरीहरूले १ हजार भन्दा बढी पसलहरू सञ्चालन गरेको कुरा स्थानीय व्यापारीहरू बताउँछन्। उता पोखराको लेकसाइडमा काश्मिरीहरूले पसल सञ्चालन गर्न थाले पछि स्थानीय व्यापारीहरू चिन्तित भएका छन्।

आफ्नो देशबाट विस्थापित काश्मिरी शरणार्थीहरूले नेपालको कानून सम्मत कार्य गरेका छन् भन्न गाह्रो छ। उनीहरू जीवन निर्वाहका लागि नेपालको कानूनले अवैध ठहऱ्याएका कार्यहरूमा पनि संलग्न रहेका छन्। काश्मिरीद्वारा सञ्चालित आधा भन्दा बढी पसलहरू छाला व्यापारसँगै सम्बन्धित छन्। काठमाण्डौका तारे होटलहरूमा यी शरणार्थीहरू खुल्ला रूपले हस्ती-हाडका माला, सर्पको छालाबाट निर्मित तयारी वस्तुहरू, बाघ र चितुवा लगायत दुर्लभ वन्यजन्तुका छाला तथा भुवादार ज्याकेटहरूको पसल थापेर बसेका पाइन्छन्। जसले गर्दा काठमाडौं वन्यजन्तुका छालाको अवैध व्यापार केन्द्रका रूपमा समेत बदनाम हुन पुगेको छ।

अर्कोतिर काश्मिरीहरू काठमाडौंमा रेष्टुरां, होटलका साथै हस्तकला र सिलाई बुनाइको कार्यमा पनि संलग्न रहेको पाइन्छ। मैतीदेवी, ठमेल, कालीमाटी, लाजिम्पाट, स्वयम्भु आदि क्षेत्रमा १२ वटा भन्दा बढी गार्मेन्ट उद्योग काश्मिरीहरूले सञ्चालन गरेका छन्। केही काश्मिरीहरूले तयारी पोशाकको व्यापार गर्ने गरेका छन्। परम्परागत काश्मिरी शैलीको कागजातबाट बनाइएको पेपरमास काश्मिरीहरूको अर्को व्यवसाय हो। यो कागजमा विभिन्न आकर्षक बुट्टा कोरिएको सुन्दर बट्टा हुन्छ। यसलाई गरगहना लगायत बहुमूल्य वस्तुहरू राख्न पर्यटकहरूले खरिद गर्ने गर्दछन्। यो पेपरमासको आयात निर्यातसँगै काश्मिरीहरूले लागु औषधको ओसार-पसार गर्ने गरेको बताइन्छ।

काठमाडौंका मूल पर्यटन क्षेत्रहरू दरवारमार्ग, ठमेल, लाजिम्पाटका नेपाली व्यापारीहरू काश्मिरीहरूसंग प्रतिस्पर्धा गर्न नसकेर चिन्तित बनेका छन्। यी काश्मिरीहरूका अधिकांश पसलहरू दर्ता छैनन् र उनीहरू कर बुझाउने पनि गर्दैनन्। जसले गर्दा काश्मिरीहरूलाई सस्तो दरमा मालसामान बेच्दा पनि नाफा हुने हुन्छ भने छाला तथा लागू पदार्थको अवैध कारोवार उनीहरूको प्रमुख आय स्रोत पनि हो। पेपर मासको कारोवारबाट

आर्जित करोडौंको धनराशीले काश्मिरीहरू नेपाली व्यापारीलाई यस क्षेत्रबाट क्रमशः विस्थापित गर्न पनि सफल भइरहेका छन्।

नेपालको कानून अनुसार यसरी विदेशीहरूले पसल सञ्चालन गर्न रू ५० हजार धरौटी राख्नु पर्छ। तर काश्मिरीद्वारा सञ्चालित ५० वटा जति पसलहरू मात्र कर कार्यालयमा दर्ता भएका छन्।

नेपालमा पलायन भएका अधिकांश काश्मिरीहरू जम्मुकाश्मिर लिवरेशन फ्रन्टसंग सम्बद्ध रहेको कुरा पनि बेलाबेला चर्चामा आउने गरेको छ। वि.सं. २०५० को भदौ महिनामा सी फ्रन्टका एक व्यक्ति काठमाडौं आएको समाचार एक साप्ताहिकले प्रकाशित गरेको थियो। सो समाचारमा आप्रवासी काश्मिरीद्वारा स्वयंसेवाको रूपमा उठाइएको "रिजर्व फण्ड" बाट ठूलो रकम उक्त व्यक्तिलाई राजनीतिक सहयोगका लागि हस्तान्तरण गरिएको कुरा पनि उल्लेख छ। हाल यिनीहरूले एक संगठन निर्माण गरेका छन् र सो संगठनको नेतृत्वमा अब्दुल रसिद अहमद नामक व्यक्ति रहेको बताइन्छ।

पञ्जाबी शरणार्थीहरू

भारतबाट नेपाल आउने शरणार्थीहरूमा खालिस्तान आन्दोलन समर्थक पञ्जाबीहरूको संख्या पनि क्रमशः देखिन थालेको छ। व्यवस्थित रूपले नबसेको कारणले गर्दा यिनीहरूको निश्चित संख्या कति छ भन्ने कुरा किटान गरेर बताउन भने सकिँदैन। नेपालमा यिनीहरूको बसोबास काठमाडौं, बीरगंज, नेपालगञ्ज, धनगढी आदि ठाउँहरूमा बढी देखिन्छ।

बंगलादेशी शरणार्थीहरू

काश्मिरी आप्रवासीहरू भन्दा पहिले पनि थुप्रै पटक यस्ता आप्रवासी (शरणार्थी) को आगमनबाट उत्पन्न समस्यालाई नेपालले बेहोर्नु परेको थियो। नेपाल आप्रवासी विदेशीहरूको शरणस्थल बन्ने सजिलो कारण नेपाल र भारतबीचको खुल्ला सीमा-नाका हो। त्यसर्थ यसलाई जतिसक्यो चाँडो व्यवस्थित र उपयुक्त तरिकाद्वारा बन्द गरिनु पर्दछ। गैर कानूनी रूपमा तेस्रो देशबाट नेपाल पस्ने क्रम सन् १९७२ को तात्कालिन पूर्वी पाकिस्तान (हालको बंगलादेश) र पाकिस्तान बीच भएको मुक्तिसंग्राम सँगै शुरूभएको थियो। त्यसं मुक्तिसंग्रामको कारण पूर्वी पाकिस्तानबाट भारत प्रवेश गरेका शरणार्थीहरूको एउटा हिस्सा नेपालमा शरण लिन आएको थियो। यी शरणार्थीहरूको समस्यालाई नेपालले सजिलै सामना गरेको थियो। औसत शरणार्थी झैं ती शरणार्थीहरूको स्थिति दयनीय भए पनि त्यसबेला नेपाल रेडक्रस सोसाइटी र रेडक्रसको अन्तर्राष्ट्रिय समिति आई.सी.आर.सी. ले अस्थायी रेखदेख गरेका थिए। बंगलादेश पाकिस्तानबाट स्वतन्त्र बनेपछि ती शरणार्थीहरूलाई आफ्नो देश पुर्‍याउन रेडक्रसले नै सहयोग गरेको थियो। तर त्यसबेलादेखि केही बंगाली शरणार्थीहरूले नेपाली नागरिकता प्राप्तगरी नेपालमै बसोबास गरिरहेका छन्।

वर्मा (म्यानमार) मा बसोबास गर्ने नेपालीभाषी वर्मेलीहरू पटक पटक गरी नेपालमा उल्लेखनीय संख्यामा प्रवेश गरेका छन्। भारतको मेघालय र आसाममा झण्डै २० वर्ष अघिदेखि सञ्चालित भाषिक तथा जातीय आन्दोलन तथा खालीस्तानी आन्दोलनको कारण उत्पन्न अस्थिरताबाट पनि थुप्रै भारतीयहरू नेपालमा शरण लिन बाध्य भएका थिए। यसरी नेपाल पसेका शरणार्थीहरूलाई अलग्गै र निश्चित ठाउँमा राख्ने कार्य नगरिएको हुँदा पूर्वी नेपालको झापा, मोरङ र सुनसरी जिल्लामा अहिले ती शरणार्थीको ठूलो संख्या नेपाली नागरिकको रूपमा बसोबास गरिरहेको छ।

सन् १९७९ ताक अफगानी र इराकी नागरिकहरू पनि नेपाल प्रवेश गरेका घटना पाइन्छन्। यी अफगानी र इराकी नागरिकहरूलाई नेपाल रेडक्रश सोसाइटीले जाँचबुझ गरी अस्थायी सहयोग गर्ने तथा केहीलाई ट्राभल डकुमेन्ट बनाइ दिएर फिर्ता पठाउने गरेको थियो। यसैगरी श्रीलंकामा चलिरहेको गृहयुद्धले तमिल तथा पूर्व सोभियत संघको विघटन र गृहयुद्धबाट उत्पन्न अस्थिरताको कारण देश छोडी भागेका रसियन नागरिकहरू पनि नेपालमा गैर कानूनी रूपले बसेका पाइन्छन्। काठमाडौंका न्यूरोड, बसन्तपुर, रत्नपार्क, खुल्लामञ्चमा उल्लेखनीय संख्यामा रसियनहरू घडी, क्यामरा लगायतका सामानहरू बिक्री कार्य गर्ने गरेको पाइन्छ। नेपालका लागि यसरी प्रत्यक्ष र अप्रत्यक्ष रूपले शरण लिइरहेका शरणार्थीहरूबाट उत्पन्न समस्या निकै गम्भीर बन्न गएको छ। ❑

अनुसूची ६.४
नेपाली महिला र मानवअधिकार

*(वर्ष पुस्तक १९९२ मा हामीले यस विषयमा अनुसूची -७ अन्तर्गत केही वास्तविकता प्रस्तुत गर्‍यौं। त्यसपछि महिला उत्पीडनका कुचलन, महिलाहरूले सामाजिक परिवर्तनका लागि गरेका विभिन्न आन्दोलन, महिला हकहितका क्षेत्रमा भएका संवैधानिक र कानूनी विकास तथा विभिन्न पेशामा महिलाहरूको वर्तमान स्थिति बारे विस्तृत प्रकाश पारिदिन थुप्रै अनुरोध प्राप्त भएकोले पुनः यस पटक संक्षेपमै भए पनि केही बढी जानकारी प्रस्तुत गरेका छौं। - **मानवअधिकार वर्ष पुस्तक समिति**)*

आधा अङ्ग, आधा परिवार, आधा समाज र आधा देशका मालिक र सहकर्मी, रचना निर्माणका साझेदार र सहयात्री नेपाली महिला वर्गको अवस्थाले अझै मध्ययुगीन संस्कार र पुरूषवादी हैकमी प्रवृत्ति चिरेर अघि बढ्न सकिरहेको देखिँदैन। नीति निर्माणमा सहभागिता, उत्तरदायित्व, हिस्सेदारी र पहिचानको व्यवहारिक क्षेत्रमा नारीहरूको नगण्य उपस्थितिले उनीहरूको वास्तविक हैसियत र सामाजिक मर्यादाको स्थितिलाई आफै प्रष्ट्याइरहेको छ। सामाजिक राजनीतिक नेतृत्वमा समेत नारी स्वयं कै आत्मविश्वासपूर्ण उपस्थिति खद्किरहेको छ। सीमित वर्ग, केही सीमित परिवार घुमफिर र चल्ती-फिर्तिका हिसावले क्रियाशील केही शहरोन्मुख क्षेत्रमा नेपाली महिलाहरूको स्थिति आशाप्रद होला, तर अधिकांश नेपाली ब्स्तीहरू अझै अन्धविश्वास र रूढीग्रस्त विचारबाट पीडित छन्। यसकै परिणाम स्वरूप आधा क्षितिजका हकदार नेपाली महिला विविध कोणबाट शोषित रहेका छन्।

महिलामाथि सामाजिक र सांस्कृतिक शोषणः केही कुचलनहरू

छोरी बेच्नेः सुदूर पश्चिम र पश्चिमाञ्चल विकास क्षेत्र लगायत कुना-काप्चामा यो चलन विद्यमान छ। कर्णाली पारीको पहाडी भेगका केही जिल्लामा व्यापक छ। अविवाहित छोरीलाई विवाहको नाममा बिक्री गरिन्छ। कमैयाका छोरीहरूको मोल भने धेरैजसो मालिकले नै हडुपिने गर्छन्। आ-आफ्ना घरका छोरीहरू एक अर्काको घरमा विवाह गरिदिएर कन्या खरिद गरी आर्थिक भार कम गर्ने चलन पनि छ। यसलाई "साटो" वा तराईमा "गोलट" प्रथा भनिन्छ।

बालविवाहः रजस्वला हुनु अघि नै छोरीको विहे गरिदिने चलन कतिपय ठाउँमा कायमै छ। प्रौढ र बृद्ध पुरूषसंग पनि बालिकाको विहे गरिन्छ। धर्म कमाउने र विधर्मीहरूको आक्रमणबाट चेलीहरूलाई जोगाउने नाममा यो प्रचलन शुरू भएको हो। जंगबहादुरले जारी गरेको मुलुकी ऐनद्वारा ३० महिना भन्दा कम उमेरकी कन्याको विहेमा बन्देज लगाइयो। १९१९ मा सो हद ५ वर्ष पुऱ्याइयो। यसको ७० वर्ष पछि यो हद १२ वर्ष बनाइयो। २०११ सालमा १४ वर्ष र ०२० को मुलुकी ऐनको संशोधनले कन्याको विवाहयोग्य उमेर १६ वर्ष कायम गरियो। तर अहिले पनि कतिपय जिल्लामा छोरा-छोरी नजन्मँदै एक-अर्काका आमा बाबुले जन्मिएपछि विहेवारी गरिदेने वाचा गर्ने प्रचलन कायमै छ।

इहीः नेवार समुदायमा प्रचलित "इही" लाई बेल विवाह पनि भनिन्छ। बेललाई सुवर्ण कुमार अर्थात भगवान विष्णुको प्रतीक मानिन्छ। अग्नि, सूर्य र वायुले भोग गरिसके पछि मात्र कन्या मानिसका लागि योग्य ठानिन्छ। इही पूर्व मृत्यु भएमा चार दिन र पछि मृत्यु भएमा १२ दिन क्रिया बार्ने चलन छ। राजा, रजौटा, ठालु, सामन्तहरूले आफूलाई ईश्वरको अवतार ठान्ने हुँदा विवाहित कन्यासंग उनीहरूले सुहागरात मनाउने चलन पनि थियो।

बाह्राः रजस्वला नहुँदै, कन्यालाई घामको उज्यालो नदेख्ने गरी ११ दिन सम्म थुनेर राख्ने प्रथालाई बाह्रा वा गुफा राख्ने भनिन्छ। गुफा बस्दा कोठाभित्र कपास-पुतला प्रतिस्थापना गरी त्यसलाई चढाएर मात्र स्नानु पर्छ। बाह्रा सकेर सजधज र श्रृंगार-पटारका साथ बाहिर निकालिन्छ। यो प्रथा पुरूषत्वको आराधनाका लागि हो। पर सरेकी महिलाको अनुहार हेरे पुरूषको आयु घट्ने, साइत बिग्रने अन्धविश्वास छ। छुन नभएको बेलामा अछूत सरह ब्यवहार गरिन्छ। यसरी "अपराधवोध" र "पापकर्म" को अनुभूत गराएर महिलालाई आफू "पुरूषभन्दा तल, अयोग्य र चुत्था छु" भन्ने मानोविज्ञानले ग्रस्त पार्नमा यो चलनको योगदान रहेको छ।

कन्यादानः छोरीलाई द्रब्य, जमिन, सुन, गाई सरह दान गर्दा पुण्य मिल्छ भन्ने दष्टिकोणले यो प्रथा शुरू भएको हो। विवाह मण्डपमा दुलहीलाई दुलहाको जुठो खुवाउने, खुट्टा ढोगाउने, खुट्टा धोएर त्यो पानी स्नान लगाउने गरेर मण्डपमै हिनभावनाग्रस्त पारिन्छ। घर गइसकेपछि नित्य, पतिको चरणामृत (खुट्टा धोएको पानी) स्नान लगाउने, जुठो-पुरो स्नान लगाउने, सबेरै उठ्नासाथ लोग्नेलाई ढोग्ने आदि गराइन्छ।

बहुविवाहः बहुविवाहमा व्याइते र ल्याइते दुई प्रकारका प्रचलन रहेका छन्। व्याइते पनि आफ्नै जातमा र अर्को जातमा हुने परम्परा रहेको छ। जारी, विधवा विवाह र तल्लो जातमा विवाह गर्नु जस्ता ल्याइतेका तीन प्रकार रहेका छन्। भोग विलासका साधनका रूपमा नारीलाई लिइनु र जमिन्दार, ठालुहरूले जग्गा-जमिन हेरचाह र रेखदेखका लागि कामदारको सट्टा स्वास्नीका रूपमा राख्दा सस्तो श्रम र सुरक्षित समेत महशूस गर्नु,

बढी स्वास्नी हुँदा समाजमा गन्यमान्य ठहरिनु आदि सामाजिक आर्थिक कारणबाट बहुविवाहको व्यापक प्रचलन नेपालमा रहन गएको हो। राणाहरूले दुनियाँका चेलीबेटीहरूलाई केटी, नानी, धाई, सुसारे, रखौटी र भित्रेनीका रूपमा दरवार भित्र्याएर तिनका माइतीको आर्थिक अवस्था सुधार गरिदिने र जात उकालेर श्रेष्ठ जातिमा लाने समेत परम्परा बसाले र यौन शोषण गरे। त्यसैगरी हुकुम नमान्दा जातिच्यूत गर्ने स्थिति पनि रह्यो।

बहुपति प्रथा: तिव्वती संस्कृतिबाट प्रभावित नेपालका हिमाली भेग जस्तै मुगु, हुम्ला, जुम्ला, मनाङ, मुस्ताङ, डोल्पा आदि स्थानमा एउटी स्वास्नी मान्छेका थुप्रै लोग्ने हुन सक्ने परम्परा अझै कायमै छ। एउटी नारीका लागि घरका एउटै बाबुका सहोदर दाजुभाइ सबै नै वैध लोग्नेका रूपमा स्वीकार गर्नु पर्ने चलन मातृसत्तात्मक समाजको अवशेष जस्तो देखिए पनि धर्म-संस्कृतिको नाउँमा यसबाट नारीको उत्थान होइन, शोषण नै भएको छ।

दाइजो: दाइजो प्रथा भारतीय अपसंस्कृतिको उपज भएता पनि तराई भेगको जनजीवन, भारतीय सीमाना, विहेवारी र सम्पर्कका कारण यसबाट अप्रभावित रहेको छैन। बिस्तारै काठमाडौं उपत्यका र अरू साना-मसिना शहरमा समेत यो प्रवेश हुने क्रममा छ। दाइजोका रूपमा दुलाहाका पक्षबाट माग गरिने रकम सुन, चाँदी र सरसामान पुऱ्याउन नसके विवाह नै हुन सक्दैन। विवाह नै भए पनि घरमा बुहारीलाई यावत् मानसिक शारीरिक यातना दिइएका कैयौं घटना प्रकट रूपमा बाहिर आइरहेका छन्।

जारी: आफूखुसी वा जवर्जस्ती विवाहित महिला पोइल जानुपर्ने स्थितिलाई जारी भनिन्छ। पोइल गएकी महिलाको पहिलो लोग्नेलाई जारी खर्चबापत रकम दिनु पर्ने कानूनी प्रावधानले नारीको पक्षमा औचित्य सावित गर्न सक्दैन। राणा कालमा जार काट्न पाउने कानूनी व्यवस्था नै थियो।

भाउजू व्यहोर्ने: हिमाली भेगका शेर्पा, तराईका धिमाल, दनुवार, मेचे, कोचे जस्ता समुदायमा भाउजूलाई दाजुको शेषपछि स्वास्नीका रूपमा ग्रहण नगरी नहुने चलन छ। देवर र भाउजू वीचको उमेर यसका लागि बाधक मानिदैन। यसमा मूल रूपमा आर्थिक कारणले महत्वपूर्ण भूमिका खेलेको भए पनि ४० वर्षे भाउजूसंग २० वर्षे देवरको घरजम भावनात्मक र जैविक दुवै हिसावले एकाकार र उपयुक्त मान्न सकिदैन।

सिसी टयगु: विवाहको पहिलो दिन थकाली अर्थात् आफ्नो समुदायको प्रमुखकहाँ रक्सी लिएर नववधु जान पर्ने प्रथा नेवार समुदायमा प्रचलित थियो। सिसी टयगु भनिने यस परम्परामा यौनजन्य अवधारणा रहेको छ।

लामा चुम्मा र झिमु मुगाल: मुगु जिल्लाको केही भागमा बसोवास गर्ने तिव्बती संस्कृतिबाट प्रभावित जातिमा लामा चुम्मा (गुरू) र झिमु (गुरूमा) हरूबाट हुने शोषण आफ्नै किसिमको छ। झुमाले विवाह गरेर लोग्नेसंग घरजम गर्ने अवसर नै पाउँदिन। लामा चुम्माले प्रत्येक मुगालीका स्वास्नीसंग निर्वाध यौन सम्पर्क राख्ने छुट पाउँछ। उसको अधिकार भित्र परेको मानिने यो दुराचार कहाँसम्म चल्छ भने आफ्ना आँखा अगाडि यौन समागम गरिरहेको भेटे पनि गुरू इच्छा मानेर चुपचाप सहनु पर्दछ।

अनि: आफ्नो सन्तान मध्ये एक जना छोरा होस् वा छोरी, बौद्ध भिक्षुमा दीक्षित गराउनै पर्ने तिव्वती बौद्ध गुम्वामा "भिक्षु" वा "अनि"का रूपमा उर्जा र उद्यमशीलताको युवा अवस्था त्यसै बिताउन वाध्य हुनुपर्छ। महिला भिक्षु अर्थात् अनिका उमेरबाट ओरालो लागेपछि गुम्वाबाट निवृत्त हुन्छन् र बेवारिस जीवन बिताउन वाध्य हुन्छन्। गुम्वाभित्रै पनि तिनीहरूमाथि विविध प्रकारको शोषण चालू रहन्छ। तिनीहरूको विवाह हुँदैन - विवाहको उमेर नै ढल्की सकेको हुन्छ।

वादीवदिनी: ठूलठूला धनी, सामन्त, साहेवज्यूका आँगन चोक र वैठकमा नाचगान गरेर पेट पाल्ने पेशा अंगालेका वदिनीहरू कालान्तरमा देहव्यपारमा संलग्न हुन वाध्य हुनुपऱ्यो। अभिजात्य संस्कृतिको शोषणका नमूनाका रूपमा नेपालको सुदूर पश्चिमतिर अझै वादी वदिनीहरूको ठूलो संख्या अस्तित्वमा रहेको छ।

देउकी: मुलुकको सुदूर पश्चिमतिर व्यापक रूपमा रहेको देउकी प्रथा धर्मका नाउँमा नारीमाथि भएको उत्पीडनको दृष्टान्त भएर रहेको छ। सन्तान नहुँदा, रोगव्याधीले सताउँदा, शत्रुले दपेट्दा र भाग्योदयका लागि गरिने भाकल पूरा गर्न देवताका मन्दिरमा कन्या-केटी चढाइन्छ। सम्पन्न वर्गले गरीबका छोरीहरू किनेर चढाउँछन्। त्यस्ता केटीहरूको उमेर ७/८ वर्ष भन्दा माथि हुँदैन। आफूलाई देउता कहाँ चढाएको कुरा तिनीहरूले धेरै पछि मात्र बुझ्छन्। जीवनभर विवाह गर्न बन्देज छ। जीवन वृत्तिका लागि तिनीहरूले रखौटी हुनुपर्ने या देहव्यापार गर्नु पर्ने वाध्यता रहेको छ।

कुमारी: शाक्य वंशकी नेवार कन्यालाई कुमारी-देवीका रूपमा पुज्ने प्रथा संस्कृतिका नाउँमा शताव्दीयौंदेखि चल्दै आइरहेको छ। रजस्वला भएपछि कुमारीघरबाट तिनीहरू निवृत्त हुन्छन र आफ्नै लौकिक घरमा फर्कन्छन्। लेखपढ गर्ने, शिक्षा र ज्ञान आर्जन गर्ने बेला देवीका रूपमा, अमूर्त शक्तिको प्रतीकका रूपमा रहनु पर्ने तिनीहरूको भविष्य सुनिश्चत हुँदैन। कुमारीलाई विवाह गरेमा लोग्नेको मृत्यु हुन्छ भन्ने धारणाले गर्दा विवाहित दम्पतिमा पनि सधैं भय र त्रास रहिरहन्छ। भूतपूर्व कुमारीहरूले जीवनवृत्तिको कुनै व्यवस्था नगरेकोले आर्थिक अवस्था पनि अनिश्चित रहन्छ।

बोक्सी: मन नपर्ने, शारीरिकरूपमा कुरूप, रीस उठ्दो, विधवा, कमजोर आर्थिक र सामाजिक अवस्थाका नेपाली महिलाहरूलाई बोक्सीको उपनाम दिइन्छ। दूध दुहुँदा, दही मथ्दा, सेल-रोटी पकाउँदा आँखा लाग्छ भनेर त्यस्ता आइमाईबाट सतर्क रहने, दही, मोही खान दिंदा दुहुनु बस्तुभाउ बिग्रन्छ भन्ठान्ने, केटाकेटीले भात खाँदा आँखा लाग्छ भनेर लुकाउने जस्ता हेपाहा ब्यवहारको घोर पीडा र यन्त्रणा भोग्नु पर्ने स्थिति नेपाली महिलाहरूमा विद्यमान छ। यसको प्रतिकार र विरोध त्यस्ता पीडित नारीहरूको क्षमता भन्दा बाहिरको काम हुन्छ। तिनका लोग्ने हुँदैनन्, छोरा हुँदैनन्, भए पनि नाबालक हुन्छन् र आर्थिक सामाजिक रूपमै पनि तिनको अवस्था प्रभावशाली हुँदैन। यसैले गर्दा तिनीहरूको स्थिति सधैं दयनीय रहिरहन्छ।

हरितालेः हिमाली भेगका आइमाईहरू जो कमजोर हुन्छन् तिनलाई हरिताल खेलाउनेका रूपमा लखेट्ने, सामाजिक उपेक्षा प्रदर्शित गरेर मानसिक पीडा दिने काम हुन्छ, जसलाई बोक्सीकै हाराहारीमा राख्न सकिन्छ। ती कमजोर महिलालाई परदेशी सुकिला पाहुनालाई फकाएर वा भुक्याएर हरिताल नाम गरेको विष खुवाएर मार्न भनी अह्राइन्छ। आफ्नो घरमा आउने भाग्यमानी सुकिला पाहुनालाई हरिताल खुवाएर मार्‍यो भने उसको भाग्य आफूमा सर्छ भन्ने गलत धराणाले यो पीडाजन्य स्थिति ल्याउने काम गरेको हो।

सुत्केरी अवस्थाको उपेक्षा : शारीरिक पीडाका रूपमा बेहोर्नुपर्ने महिलाहरूको सुत्केरी अवस्था मानसिक रूपमै पनि उत्पीडित बन्ने अवस्था देशको सुदूर पश्चिमतिर विद्यमान छ। कर्णाली पारी गर्भिणी आइमाईलाई सुत्केरी हुने बेला गोठमा सारिन्छ। सफा-सुग्घर र स्याहार-सुसार चाहिने अवस्थाका ती महिलाहरू फोहोर, हावासम्म नछिर्ने गाई-वस्तुको गोठमा सुत्केरी अवस्थामा मिल्किन बाध्य हुन्छन्। सुत्केरी अवस्थामा महिलाहरू अशुद्ध मानिन्छन् र तिनीहरूलाई छुन हुँदैन भन्ने परम्परा छ।

मातहटकः सुदूर पश्चिमतिर विवाहित महिलाहरूले पकाएको भात भान्सा नचल्ने समाज अभै विद्यमान छ। कर्णाली पारी बसोबास गर्ने प्रायः जातिहरूमा विवाहित भैकन पनि स्वास्नी मान्छेले पकाएको खाँदैनन्। त्यही क्षेत्रमा नारीलाई रजस्वला बन्द भैसकेपछि आफ्नो जातबाट खसालेर खसेनी बनाउने प्रचलन छ।

पत्नी सत्कारः तिब्बती संस्कृतिको प्रभावमा रहेका हिमाली गाउँहरूमा कतै-कतै घरमा बास बस्न आउने पाहुनालाई राती आफ्नै स्वास्नी वा छोरी सत्कारका रूपमा नपठाई नहुने चलन छ। शेर्पाहरूका घरमा मित आउँदा आफ्नी स्वास्नी अनिवार्य रूपमा उसंग सुत्न पठाउनु पर्ने र आफूजाँदा पनि मितकी स्वस्नीको अपेक्षा गरिने परम्परा छ। मनाङतिरका गुरुङ बौद्ध महिलाहरूमा बुद्धको उपदेश अनुसार जे मागे पनि दिनु पर्ने धार्मिक मान्यता राखिन्छ। यौन सम्बन्ध गाँस्नका लागि पुरुषहरूले यही धार्मिक कमजोरीको फाइदा उठाउँछन्।

छोट्टी बस्नुः अरू कतिपय पछौटे कुसंस्कार जस्तै कर्णाली प्रदेशका महिलाहरू "छोट्टी खेल" बाट पीडित छन्। महिलाहरूको इज्जत माथि धावा बोल्न आयोजना गरिने यस खेलमा राती युवा युवती जम्मा भएर माया-प्रीतिका गीत गाउँछन् र केटीहरू नामञ्जुर हुँदाहुँदै पनि आफूमाथि यौनको धोको पूरा गर्ने युवकहरूको जवरजस्ती क्रियाकलापलाई सहेर बस्छन्। "माइतिको छोट्टी फूलको भँहीर" भन्ने त्यहाँ प्रचलित उखानबाट नै प्रष्ट हुन्छ। छोट्टी अर्थात् छोरीले जतिसुकै यौन अपराधको शिकार भए पनि सहेर बस्नु पर्ने हुन्छ। छोट्टी खेल हेर्दा केटाकेटी बीच स्वतन्त्र रूपमा सम्बन्ध गाँस्न सकिने माध्यम जस्तो देखिए पनि नारीमाथि यौन व्यभिचार लाद्न सामाजिक अनुमोदन पाउने थलोको रूपमा यसलाई त्यहाँका युवतीहरूले बेहोर्नु परिरहेको छ।

गर्भपतनको आरोप - रीस उठे अरूको पेट बोकेको आरोपबाट मानसिक/शारीरिक ताडना गर्ने, वनपात उकाली ओराली जस्ता कडा शारीरिक परिश्रम र रूख चढ्ने ओर्लने आदिबाट समेत गर्भ तुहिन जाने प्राकृतिक घटना घट्न सक्ने भए पनि गर्भपतन गरेको भुठा मुद्दामा फसाई महिलालाई यातना दिने स्थिति विद्यमान नै छ।

बोक्सीका रूपमा स्वास्नी मान्छेमाथि गरिने क्रूर व्यवहार त छँदै छ साथै ज्यान नै लिने घटना पनि यदाकदा घट्ने गरेका छन्।

महिला समानताका ऐतिहासिक आन्दोलनहरू

लिच्छवी, मल्ल र शाहकालीन राज-घरानाका महिलाहरूका बारे चर्चा गर्नु बाहेक ऐतिहासिक रूपमा जनस्तरबाट उठाइएका महिला आवाज बारे इतिहास मौन छ। धर्म संस्कृतिका नाउँ संगसंगै अशिक्षाको मास्खेसाङ्लोमा जकडिएका नेपाली महिलाहरूबाट त्यस प्रकारको सचेतनताको उजागर हुने परिस्थितिको अपेक्षा गर्नु सम्भव नै थिएन। पृथवीनारायण शाहलाई पढाउन भानु अर्यालालाई शिक्षकको रूपमा राख्नु रानी चन्द्रप्रभाको लागि ठूलो भए पनि जनतामा यसको कुनै महत्व नै रहेन। तर पछि पृथ्वीनारायण शाहकी बहिनी पद्माकुमारी जो अविवाहित नै बसिन्, उनलाई अक्षरारम्भ र अंकगणितको सामान्य भाग-हारसम्म सिकाउने गोरखाका शारङ्गधर शर्माले "भास्वती" नामको पुस्तक लेखेर चढाएको ऐतिहासिक बृत्तान्त भने यहाँ नारी शिक्षाको पहिलो उदाहरण हुन पुगेको छ। रणबहादुर शाहकी रानी ललित त्रिपुरासुन्दरीले महाभारतको शान्ति पर्वको नेपाली भाषानुवाद गरेको इतिहासमा उल्लेखित घटनाले उनी पनि प्रढे-लेखेकी महिला थिइन् भन्ने बुभिन्छ। काजी वंशराज पाण्डेकी पत्नी र जङ्गबहादुरकी अन्तरी महारानीबाट छोराहरूका लागि शिक्षकको व्यवस्था गरेको देखिएबाट शिक्षाको महत्व बुभेका महिलाका श्रेणीमा उनलाई राख्न सकिन्छ। जगत जङ्गकी पत्नी भक्त कुमारीले केही भक्तिरसका कविता रचना गरेकीले उनलाई राजघरानाकै भए पनि शिक्षित नेपाली महिला भएको इतिहासले उल्लेख गरेको छ।

हिरा गाइनेनीलाई पहिलो नेपाली कवयत्रीका रूपमा लिइन्छ र उनले माथवर सिंहको प्रशंसा गाएर कविता रचेको चर्चा गरिए पनि गाइने जस्तो पिछडिएको जातिबाट आएकी हिरा गाइनेनी शिक्षित थिइन्/थिइनन् केही भन्न सकिँदैन। वि.सं.१९५४-५५ तिर "स्त्री शिक्षा" लेख्ने दुर्गादेवी आचार्य दीक्षितको भने दृष्टिकोण पुरातनवादी नै भए पनि उनी स्त्री शिक्षाका लागि आव्हान गर्ने प्रथम महिला मानिन्छिन्। त्यसपछिका वर्षहरूमा लावण्यमयी देवी, सुकेशी देवी, अनुसुया जस्ता नारीहरूको नाम अगाडि आए पनि ती छद्मनाम हुन् वा हैनन् स्पष्ट हुन सकेको छैन। यसैगरी लोकप्रिया देवी र कुमारी विद्यावतीको नाउँ पनि यस क्षेत्रमा उल्लेख्य छ।

पुरूषको हैकमी प्रवृत्तिमाथि धावा बोल्दै आदिकवि भानुभक्त आचार्यलाई वधु शिक्षा लेख्न बाध्य पार्ने गजाधर सोतीकी पत्नी देखापरे पनि उनको बारे अहिलेसम्म खासै अध्ययन भएको छैन। गजाधर सोतिकी पत्नीलाई "अलछिन" को अलंकार भिराएर भानुभक्तले वधुशिक्षामा निकै अर्ति-उपदेश दिएका छन्। तथापि एउटा पुरुषत्वमा चोट पुऱ्याउने खालको कुन व्यवहारबाट भानुभक्त त्यसरी उत्तर्सिएर नारीलाई हाँस्न समेत प्रतिबन्ध लगाउन

पुगे, त्यसको लेखा-जोखा हुन सकेको छैन। एक त गजाधर सोतीका घरमा त्यस दिन लोग्ने मान्छे थिएनन् त्यसमाथि भानुभक्तको चरित्र बेठीक पनि भएकोले बास नदिएको हुन सक्छ। "असल सुन्दरी एक नचाऊँ। खैंचेर इन्दकन स्वर्ग यही बनाऊँ।" भन्ने कविताबाट पनि भानुभक्तले नारी प्रति राख्ने दृष्टिकोण प्रष्ट हुन्छ।

सिर्जनाका क्षेत्रमा नारीको धुक्धुकी, वेदना र विव्हलता कलमबाट उकेल्ने प्रेम राजेश्वरी, गोमा, सावित्री सुन्दास, देवकुमारी थापा, कृष्ण मञ्जरी र प्रगतिशील विचारलाई अंगाल्ने दार्जीलिङ्गकी सानुमति राईको नाम २००७ साल अघिकै सृजनाकर्मीका रूपमा लिइन्छ। देवकुमारी थापाले पहिलो बालपत्रिका सम्पादन गरेर यस क्षेत्रमा ठूलो गुन लगाएकी छिन्। अम्वालिका देवीले उपन्यास लेखेर पहिलो महिला उपन्यासकार भइन्। त्यसै गरी शशीकला शर्माले "स्वास्नी मान्छे" आवधिक पत्रिका सम्पादन गरेर नारी चेतनाको उद्‌वोध गरिन्। कामाक्षादेवी, विन्दु कोइराला, पद्मा मल्ल, लक्ष्मी राणा, सुमित्रा आङदम्बे, इन्दिरा पन्त आदिले पत्रकारितामा महत्वपूर्ण भूमिका निभाए। "प्रतिभा" कुन्ता देवीको र "आमा" अम्विका सिजापतिको सम्पादनमा प्रकाशित भए। कुन्ता शर्माले धरानबाट अनवरत रूपमा "संकल्प" सम्पादन गरेर प्रगतिशील साहित्यिक आन्दोलन अघि बढाउन महत्वपूर्ण भूमिका निभाइन्। सरिता ढकाललाई प्रगतिशील समालोचनाका क्षेत्रमा लाग्ने पहिलो महिलाका रूपमा लिइन्छ।

शून्यवादबाट उठेर मार्क्सवादी सौन्दर्य दर्शनप्रति प्रतिवद्ध हुने पारिजातको साहित्यिक जगतमै अग्रणी स्थान छ। प्रेमा शाह, कुन्दन शर्मा, वानिरा गिरी, भुवन ढुङ्गाना, शुशीला भट्ट आदि महिला साहित्यकारहरूको पनि आ-आफ्नै भूमिका रहेको छ। भुवन कोइराला, बेञ्जु शर्मा, मञ्जु काँचुली, अनिता तुलाधर, तोया गुरूङ, दुर्गा घिमिरे, दुर्गा पोख्रेल, बेटीदेवी बज्राचार्य, कल्पना प्रधान, रमा शर्मा, ग्रेटा राणा, भागीरथी श्रेष्ठ, आदि महिला साहित्यकारहरूको पङ्तीमा स्थापित नामहरू हुन्।

राजनीतिक क्षेत्रमा पनि चेतनाका संवाहक नारीहरू संघर्षको पहाड उठाउन पछि परेका छैनन्। राणा शासनमै अझ प्रचण्ड गोरखाको राजकाजी काण्ड पनि नघट्दैको स्थितिमा महिलाहरूले संगठित रूपमा आफ्नो अवस्था बारे शासक वर्गलाई बोध गराउने जमर्को गरे। यसले नारीहरू आफ्नो अवस्था प्रति सचेत हुन थालिसकेको प्रष्ट गऱ्यो। योगमाया कोइरालाको संयोजकत्वमा वि.सं. १९७४ मा "महिला समिति" गठन हुनु नै आफ्नो अवस्थाप्रति सजग हुनु थियो। यस समितिमा दिव्या कोइराला सचिव, मोहनकुमारी कोइराला उपसचिव तथा पूर्णकुमारी अधिकार र देवकुमारी अधिकारी सदस्य थिए। महिलाहरूको सामाजिक मर्यादा कायम हुनुपर्छ भन्ने लक्ष्य लिएको यस आन्दोलनको अध्यक्षता र नेतृत्व ग्रहण गरिदिन राणा प्रधानमन्त्री चन्द्र शमसेरकी पत्नीलाई आग्रह गर्दै पत्राचार गरिए पनि यसप्रति शासक वर्ग सशंकित हुनु बाहेक सहयोगको सम्भावना नै थिएन। यसै क्रममा पछि यो समितिले सामान्य र कृषक महिलाहरूको अवस्था दर्शाउन तिनीहरूले लगाएका लुगा सिराहाबाट पार्सल गरी पठायो र महिला जगतको यथार्थ अवस्थाको वोध गराउँदै आर्थिक र सामाजिक अवस्थामा सुधार हुनु पऱ्यो भनेर आग्रह गऱ्यो। तर त्यतिखेर राणाहरूले पहाड खसेको ठाने र उल्टै दमन गरे। यसमा संलग्न कार्यकर्ताहरू विदेशिन बाध्य भए। महिलाहरूले उठाएको पहिलो आन्दोलन असफल भयो।

प्रचण्ड गोर्खा, रक्तपात कमिटी, प्रजापरिषद हुँदै अघि बढेको राजनीतिक आन्दोलनमा महिलाहरूको योगदान अविस्मरणीय रहेको छ। रेवन्तदेवी आचार्य र सीतादेवी नेपालले प्रजापरिषद काण्डमा जेलको यातना भोगिरहेका राजबन्दीहरूको अवस्था बाहिरि दुनियामा अवगत गराउन चिठीपत्र जेलबाहिर पठाउने, राजबन्दीहरूकहाँ क्यामेरा पठाइ फोटोग्राफी उपलब्ध गराउने जस्ता जोखिमपूर्ण काम अत्यन्तै कुशलतापूर्वक सम्पन्न गरी संघर्षशील महिला चरित्रको परिचय दिए। यिनै रेवन्तदेवीले कमलता प्रधानसंग मिलेर २००३ सालमा आदर्श महिला संघ स्थापना गरिन्। बाल विवाह निर्मूल गर्ने यसको उद्देश्य थियो। राणा शासनका उच्चपदस्थ व्यक्तिहरूको एउटै चिहान बनाउने योजना अनुरूप गणेशमान सिंह र सुन्दरराज चालिसे सहित हातहतियार बोकेर तराईको भावरबाट काठमाडौं छिर्ने काममा सुशिला चालिसेको भूमिका अग्रगन्य रहेको छ।

नेपाली कम्युनिष्ट आन्दोलनको थालनीमा संलग्न एक मात्र महिला हुने सौभाग्य पाएकी मोतीदेवी श्रेष्ठले महिला आन्दोलनमा खेलेको भूमिका त्यत्तिकै अविस्मरणीय छ।

मंगलादेवी सिंहको नेतृत्वमा २००४ सालमा स्थापित नेपाल महिला संघ बत्तीस वर्ष प्रतिबन्धित अवस्थामा रह्यो। नेपाली समाजमा महिला आन्दोलनको सन्दर्भमा उनको नाम अग्रपंक्तिमा रहेको छ। कोकिला बैद्य, नानी छोरी, स्नेहलता, दुर्गा दाहाल, हर्षकुमारी थपलिया, योगमाया देवी, चन्चला मानन्धर, राममाया कुन्जिकार, कनकलता नकर्मी, मायादेवी शाह, स्वेतप्रभा देवी शम्सेर, रमा उप्रेती, कामाक्षादेवी, माया देवी र रजनी चम्पा आदिको नाउँ पनि यसै क्रममा आउँछ। साधना अधिकारी र साहना प्रधानले २००४ सालमा नागरिक अधिकार आन्दोलन चलाएकोले जेल यातना भोग्नु पऱ्यो। काठमाडौं म्युनिसिपालिटीको प्रथम निर्वाचित सदस्य हुने सौभाग्य राणकालमै साधना अधिकारीले प्राप्त गरेकी हुन्। हरेराम आन्दोलनले शिक्षा, रोजगार, स्वास्थ्य लगायत प्रहरीमा भर्ना हुन पाउने माग सहित आफ्नै किसिमले आन्दोलन बढायो। वनारसमा प्रगतिशील अध्ययन मण्डलको स्थापना गर्ने श्रेय शैल उपाध्यायलाई जान्छ तर पछि उनको भूमिका गौण रह्यो। २००७ सालको गौचर काण्डमा संघर्षशील भूमिका निभाउने महिला सिद्धिलक्ष्मी कारञ्जित र शान्ता श्रेष्ठ हुन्। कामिनी गिरीले ००४ सालको मजदूर आन्दोलनमा सक्रिय भए बापत एक वर्ष जेल यातना खप्नु पऱ्यो। राणा कालमै न्यायको माग गर्ने सोलुखुम्बुकी डाँटी भोटेनीको सपरिवार हत्या गरियो। द्वारिकादेवी ठकुरानी पहिलो महिला मन्त्री हुन पुगिन्। तुलसा शर्माले महिला जागरण आन्दोलनमा खेलेको भूमिका त्यत्तिकै महत्वपूर्ण छ। विद्यादेवी देवकोटाले ००७ सालमा अखिल नेपाल महिला संघ गोरखाबाट आफूलाई महिला आन्दोलनमा उभ्याइन्। राणा शासनको विरोध गरे वापत उपत्यकाबाट निर्वासन भोगेकी देवकोटा सल्लाहकार सभामा

मनोनित भइन् तर निर्दलीय पञ्चायती कालमा भने उनको नेतृत्व महिला हकहितका लागि फलिभूत भएन। २००२ साल देखि नै चन्द्रकान्ता मल्लले शिक्षा प्रचारमा ठूलो योगदान पुर्‍याउँदै आइन्। २०११ सालमा गठित सल्लाहकार सभामा श्रीमती मङ्गलादेवी सिंह, श्रीमती पुण्यप्रभा देवी ढुङ्गाना, मायादेवी शाह र प्रतिभा झा हुनु उनीहरूकै संघर्षको परिणाम थियो। सुशीला थापा २०१३ सालमा सल्लाहकार सभाको सदस्य भएपनि २०१७ साल देखि नै निर्दलीयताको पक्षपोषणमा सक्रिय रहिन्। विमला मास्केले ००६ साल देखि नै शिक्षिकाको रूपमा काम गरिन् र राजसभाको सदस्य पनि भइन्। अंगुरबाबा जोशी, कमल शाह आदिको नाम पनि महिला आन्दोलनमा जोडिएर आउने गरेको नाम हो। सरस्वती राई, दिपकुमारी श्रेष्ठलाई पनि यसै क्रममा उल्लेख गर्न सकिन्छ।

रोहिणी शाहको अध्यक्षतामा ००८ सालतिर वीराङ्गना दल खुल्यो। कमल राणाले वीमेन भोलेन्टर्स सर्भिसेज नामक संस्थाको नेतृत्व गरी ००८ सालतिर महिला आन्दोलनमा सक्रिय भइन्। ०१५ सालको संसदीय आम निर्वाचनमा संयुक्त नेपाली नारी समितिका नाममा महिलाहरू सक्रिय भए पनि द्वारिकादेवी ठकुरानी, पुण्यप्रभा देवी ढुङ्गाना र सुशीला थापा मात्र उम्मेदवार हुन सके। भोजपुरमा योगमाया न्यौपानेले राणा शासक विरूद्ध विद्रोही दल खडा गरेता पनि दमनका कारण ६४ जना महिलाले अरूण नदीमा हामफालेर आत्मसमाधी लिएका थिए। ०१७ सालको फौजी काण्डपछि प्रजातन्त्र र महिला हक हितका लागि अनवरत संघर्ष गर्ने महिलाहरूको जमात सानो छैन। ०१७ सालको काण्डको विरोध गर्ने जुलुसको नेतृत्व गर्ने धादिङकी फुलमाया तामाङ र उपत्यकाका मंगलादेवी सिंह, शैलजा आचार्य, साहना प्रधान, लीला कोइराला जस्ता पुराना पुस्ताको नेतृत्वसँगै नयाँ पुस्ताका गौरा प्रसाई, शान्ता मानवी, सुशीला कार्की, समा शाही, सुशीला शर्मा, कमला पन्त, सुशीला खड्का, दिना उपाध्याय, ज्योती भण्डारी, सीता खड्का, शिलुप्यारी कर्माचार्य, शोभा कुँवर, सुशीला श्रेष्ठ, सुलोचना मानन्धर, सानु मिश्र आदि महिलाहरू सक्रिय रहे। त्यसैगरी अष्टलक्ष्मी शाक्य, उमा अधिकारी, मीना पाण्डे, गोमा देवकोटा, विद्या भण्डारी, हिसिला यमी, पंफा भुषाल, कविता भट्टराई, कृष्णा अमात्य, किरण पन्थी आदि सक्रिय रहँदै आएका छन्। यसै क्रममा २०४६ सालको प्रजातन्त्र पुनः स्थापनाको आन्दोलन प्रारम्भ भएको भोलिपल्टै अर्थात् २०४६ साल फागुन ८ गते पञ्चायती सत्ताको नृशंस दमनबाट जनकपुरको जादुकुहामा ३ जना महिलाहरू सोनावती यादव, भुवनेश्वरी यादव र जानकी देवी यादवले शहादात प्राप्त गरे। यसैगरी २०४९ चैत २५ गते पाटनमा ज्ञानी शोभा बज्राचार्यले शहादत प्राप्त गरिन्। बहुदलीय व्यवस्थाको घोषणा पश्चात् २०४७ वैशाख १० गतेको प्रहरी कारवाहीमा इन्द्रचोकमा रेखा रिसालले ज्यान अर्पण गर्नु पर्‍यो।

पञ्चायत कालमा अस्तित्वमा रहेका महिला संगठन निर्दलीय प्रतिगामी व्यवस्थाको एक पूर्जाका रूपमा क्रियाशील रहेकोले त्यसबाट महिला मुक्ति र उत्पीडन विरोधी आन्दोलन अघि बढ्ने सम्भावना नै थिएन। चेलीबेटी व्यापार पञ्चायतको चरमोत्कर्षसँगै शिखरमा पुग्यो। कतिपय पंचायती महिला नेतृहरूलाई यसको दोषारोपण गरियो। अन्तरराष्ट्रिय नारी वर्षमा मुलुकी ऐनमा केही महिला हकहितका कुरा समावेश गरिए।

०४६ सालको जनआन्दोलन पश्चात पुनः स्थापित प्रजातन्त्रपछि नारीहरूको हकहितका पक्षमा महत्वपूर्ण सवालहरू उठाइएका छन्। महिलाहरू माथि घटेका विभिन्न अमानुषिक घटनाको विरोधमा वामपन्थी एवं प्रजातन्त्रवादी दुवै थरी महिलाहरूको संयुक्त पहलमा महिला दवाव समूह गठन गरिएको छ। बलात्कारका बर्बर काण्डहरूप्रति नेपाली समाज संवेदनशील रहे पनि महिलाहरू स्वयं यसमा सक्रिय रहनु पर्ने अवस्था छ। हुनत पञ्चायती कालमा महिलाहरूमाथि भएका साँघातिक हमला, बलात्कार र हत्या बारेका घटना त्यति बाहिर आएनन्। यसको अर्थ पञ्चायती सत्ताले नारी अस्मिताको सम्मान गर्थ्यो भन्ने होइन। जनस्तरमा व्यापक विरोध र आक्रोश व्यक्त गरिए पनि संभ्रान्त-माथिल्लो परिवारमाथि शंका गरिएको पोखरामा घटित नमिता-सुमिता जस्ता किशोरीहरूको बलात्कार र हत्याको घटनाबारे राज्यस्तरबाट तदारूकताका साथ अनुसन्धान गरी दोषीमाथि कारवाही हुनु पर्नेमा अपराधीलाई संरक्षण गरेको जनताले महशूस गरे। कतिपय घटनाहरू सत्ताको दबावमा त्यसै गुपचुप गरिए।

२०४८ र २०४९ सालमा घटेको दूधे बालकमाथिको बलात्कारको घटनाले मानव सभ्यता र विवेकलाई नै गम्भीर चुनौती दियो। यी दुई वर्षमा ३ वर्ष, ४ वर्ष र ६ बर्षका बालिकाहरू बलात्कारमा परेको घटनाले नेपाली समाजमा सन्सनी फैलियो।

शान्ति सुरक्षाको जिम्मा लिएर बसेको गृह-प्रशासन त्यतिखेर निकै विवादास्पद एवं नेपाली जनताको आक्रोशको तारो बन्नपुग्यो, जुनबेला २०४६ भदौ ३० गते राती विराटनगर स्थित कुनै लजमा ११ वर्षीया बालिकालाई ५५ वर्षे असई विष्णुबहादुर सुब्बाले बलात्कार गरेको घटना प्रकाशमा आयो। यसै गरी २०४९ साउनमा पोखराको फिसटेल लजमा बसेकी महिलामाथि एस.पी. ललितबहादुर बस्नेतले बलात्कार गर्ने प्रयास गरेकोमा होटेल कर्मचारीहरूले बिफल पारी दिए। सोही वर्ष मंसीरमा बुढानीलकण्ठ इलाका प्रहरी चौकीका असइ गोपालप्रसाद ढकालले मजदूर महिलालाई जबरजस्ती ठानामा थुनी बलात्कार गरेको घटनाले जो रक्षक उही भक्षक भन्ने नेपाली उखानलाई चरितार्थ पार्‍यो। प्रहरी हिरासतमा परेका महिलाहरूमाथि विभिन्न वहानामा अत्याचार गरिन्छ भन्ने कुराको ठाडो उदाहरण २०४६ सालको जनआन्दोलनको क्रममा प्रहरी थुनामा रहेकी लक्ष्मी कार्की माथि गरिएको बर्बर एवं अमानुषिक प्रहरी व्यवहारले नेपाली प्रहरी बलको मानसिकता दर्साउन मद्दत पुर्‍याउँछ।

विगत ३ वर्ष भित्र घटेका घटनालाई लिएर महिलाहरूले तीब्र प्रतिक्रिया जनाए। उनीहरूको प्रतिनिधि मण्डल तत्कालीन गृहमन्त्रीकहाँ जाँदा खुर्सानीको धुलो बोकेर हिड्ने र नङ्ग पाल्ने जस्ता गैर जिम्मेवार जवाफ दिइएको थियो।

संसदको गत पाँचौ अधिवेशनमा बलात्कार विरूद्ध विधेयक प्रमुख प्रतिपक्षी पार्टीका तर्फबाट पेश भए पनि पारित हुन सकेन। अधिल्लो वर्षको संसदीय आधिवेशनमा एमाले सांसद

सहाना प्रधानद्वारा संकल्प प्रस्ताव प्रस्तुत गरी बालिकाहरूको बलात्कार जस्तो जघन्य अपराधको घटना नियन्त्रणका लागि कडा कानूनी व्यवस्था हुनु पर्नेतर्फ ध्यानाकर्षण गराइए पनि सरकारले यसलाई त्यति गम्भीर रूपमा लिएन। भारतका विभिन्न वेश्यालयहरूमा लाखौं नेपाली चेलीहरू नारकीय जीवन बिताइरहेको घटना अव त्यति नौलो छैन। तथापि यस विषयमा कडा कानून निर्माण गर्न सबैले महशुस गरे पनि काम भने भएको छैन।

२०४८ सालको बालबालिका सम्बन्धी ऐनले भने बालिकाहरूको केही सुरक्षा गर्ने कानूनी व्यवस्था गरेको छ। देवी-देवताका नाउँमा चढाउन नहुने, बिक्री गर्न नहुने, प्रोत्साहित गर्न नहुने, पण्डा-पूजारी, धामी, मुखियाले यस्तो धार्मिक विधान सम्पन्न गर्न नहुने जस्ता कुराको व्यवस्था गरी सुदूर पश्चिमाञ्चलतिर प्रचलित देउकी प्रथालाई नियन्त्रण गर्न खोजिएको छ। विदेशी पुरूषसंग विहे गर्ने नेपाली महिलाले नेपालकै नागरिकता लिन चाहेमा लिन पाउने गरी कानूनमा सुधार गरिएको छ।

महिला हक-हितका लागि भएका सवैधानिक व्यवस्थाहरू

नेपालमा सवैधानिक विकासको इतिहासलाई कोट्याउँदा वि.सं. १९१० को मुलुकी ऐनलाई छुटाउनै सकिदैन। १९०८ मा वसन्तपुरमा स्थापित "पार्लियामेन्ट कचहरी" ले विदेशीको सिको गरेको भनी आन्तरिक विरोधका कारण काम गर्न पाएन। जंगबहादुर बेलायतबाट फर्केपछि शासन संचालन गर्न विधान कानूनको आवश्यकता महशूस गरे। परिणाम स्वरूप १९१० मा मुलुकी ऐन निर्माण भयो। यो कुनै संविधान थिएन तर पनि सर्वप्रथम मुलुकले लिखित कानूनद्वारा प्रशासन चल्ने, दण्ड-सजाय हुने व्यवस्था गरी न्यायमा एकरूपता र निश्चितता प्रदान गऱ्यो।

यस ऐनमा महिला सम्बन्धी थुप्रै कानूनी प्रावधान राखिए। "साटो कैद बस्छु भन्याको" महल अन्तर्गत कुनै कुनै सजायमा महिलाको सट्टा अरूले साटो कैद बस्न पाउने व्यवस्था गरियो। "विधुवा-अंश-धन दाइजो पेवा, लोग्न्या स्वास्नीको", महिला कैदीलाई छुट्टै झ्यालखानमा राख्ने, झ्यालखाना भित्रै सानातिना काम लगाउने आदि प्रावधान रहे। स्त्रीहत्या गर्नु ब्रम्हहत्या र गोहत्या जस्तै भएकोले महिलाहरूलाई कुनै पनि अपराधमा ज्यान सजाय हुँदैनथ्यो। सती प्रथालाई पूर्णतः बन्द गर्न नसके पनि यस ऐनले १६ वर्ष मुनिकालाई सती जान नदिने, १६ वर्ष माथिकामा पनि छोरा १६ वर्ष पुग्नु पर्ने, छोरी ५ वर्षको उमेर भन्दा कम हुन नहुने, दोस्रो पोइको सती जान नपर्ने, चाकर केटी, कमारी सती जान नपर्ने, गर्भिणी र छोराको सती नहुने प्रावधान व्यवस्थित गऱ्यो र सोलामा चढी सकेपछि पनि विभिन्न कारणवश सोलाबाट भागेर गए जबरजस्ती पोल्न नहुने व्यवस्था गरियो।

विवाह र यौन सम्बन्धका बारे थुप्रै दफाहरू यस मुलुकी ऐनमा रहेका छन्। विहावारीमा कन्या चोरी विवाह गर्ने, कन्या दोहोरो दिने, रोगीलाई कन्या दिने, मागेको कन्या विवाह गर्दिन भन्ने, विवाह नहुँदै अघि बिग्रेको, आसय करणी, करणीका आसयले हातपात गर्ने, करणीको आसयले ढुक्ने, घुर खापी सुत्ने, आदि महिलासंग सम्बन्धित दफाहरू समावेश गरिए। यसैगरी हाडनाता, ११ वर्ष मुनिका आइमाईहरूलाई जबरजस्ती गर्ने, जारी जस्ता विषयमा पनि कानून निर्माण भयो। कन्याको विवाहको उमेर ५ वर्ष निर्धारण गर्ने काम पनि यसै ऐनले गऱ्यो। आजको परिप्रेक्ष्यमा अपेक्षा गरिने सामाजिक, आर्थिक, राजनीतिक समानताका अधिकारहरू त्यतिबेला आशा गर्न सकिन्नथ्यो। जे भए पनि मुलुकी ऐनले लिखित दण्ड-विधानको व्यवस्था गरी नारीप्रति केही नरम र लचिलो व्यवहार गर्न खोजेकोलाई भने नकार्न सकिदैन।

जंगबहादुरको मुलुकी ऐनपछि देव शमसेरले जापानको मिचिको संविधान अनुरूप नेपालको संविधान तयार गराउने योजना राखेका थिए। तर उनको पदच्यूति र निश्कासन सँगै यो स्वतः बन्द हुन पुग्यो। राणाकालमा मौलिक अधिकार, प्रजातान्त्रिक सरकार, सार्वभौम विधायिका र स्वतन्त्र न्यायपालिका जस्ता कुराको सम्भावना थिएन। त्यसैले तमाम नेपाली जनता उत्पीडित र शोषित हुनु परेको निरंकुश राणा शासनमा नारी हकहितका बारे प्रजातन्त्रका मापदण्ड अघि सारेर कुरा गर्नुको अर्थ नै रहदैन।

राणा शासनको विरूद्धमा उर्लँदो जनउभार, राजनैतिक संगठनको क्रियाशीलता, अन्तर्राष्ट्रिय परिस्थिति अदिका कारण श्री ३ पद्म शमसेरले वैधानिक कानून २००४ घोषणा गर्न बाध्य हुनु पऱ्यो। यस संविधानमा निःशुल्क प्राथमिक शिक्षाको व्यवस्था हुनु र नेपालमा नै पहिलो पल्ट महिला शिक्षाको लागि पद्मकन्या विद्याश्रम खुल्नु निकै महत्वपूर्ण मानिन्छ। मताधिकार सहित अन्य मौलिक हक बारे उल्लेख भएको यो संविधानमा नारीका बारे छुट्टै त्यस्तो कुनै प्रावधान राखिएन। तर विडम्बना के भइदियो भने यो संविधान घोषणा गर्ने पद्म शमसेर स्वयं देशबाट पलायन भए र बिना कार्यान्वयन संविधान त्यसै थन्किएर रह्यो।

२००४ सालको वैधानिक कानूनको घोषणा भएको ३ वर्ष पनि पुग्दा नपुग्दै राणाशासनको पनि पतन भयो र अन्तरिम शासन विधान २००७ जारी गरियो। संविधान सभाको चुनाव नभएसम्मका अवस्थामा काम चलाउन यो अन्तरिम व्यवस्था गरिएको हो। यसमा राज्यको निर्देशक सिद्धान्त अन्तर्गत पहिलो पटक राज्यका तर्फबाट धर्म, जाति र लिंगका आधारमा भेदभाव नगर्ने कुरा उल्लेख गर्नुका साथै स्त्री जातिका लागि विशेष व्यवस्था गरिने भनी महिलाहरूको अवस्थालाई सर्वप्रथम राज्यले स्वीकार गरेको घोषणा गरियो। २००७ देखि २०१५ सालका बीचमा महिलाहरूले आफूलाई हक अधिकारको लागि संगठित रूपमा निकै अघि बढाए। सल्लाहकार सभामा महिला सहभागिता, अन्तर्राष्ट्रिय सभा सम्मेलनमा भाग लिनु जस्ता कामले महिलाहरूले सैद्धान्तिक मात्र होइन व्यवहारिक रूपमा समेत मान्यता प्राप्त गरे। महिला प्रौढ शिक्षाको व्यवस्था र अझ महत्वपूर्ण कुरा उच्चशिक्षा हासिल गर्न कन्या कलेजको स्थापना भयो। २००७ को अन्तरिम विधान लागू भएपछि प्रजातन्त्रका आदर्श र मान्यता अनुरूप महिलाहरूले निर्वाध रूपमा गतिविधि संचालन गर्ने पृष्ठभूमि तयार हुन गयो।

२०११ सालमा नारी संरक्षण कानून जारी गरियो। त्यस्तै गरी २०११ सालमै विवाह ऐन जारी भयो। २०१२ सालको नागरिक अधिकार ऐनले सामान्य कानूनको प्रयोगमा स्त्री-पुरूषको भेद

नगरिने र सार्वजनिक सेवामा नियुक्ति गर्दा पनि लैंगिक भेदभाव नगर्ने व्यवस्था गऱ्यो।

२०१५ सालमा नेपाल अधिराज्यको संविधान आयो। यसै अनुरूप संसदको लागि पहिलोपटक मुलुकमा आम निर्वाचन गरियो। यस संविधानमा लैंगिक भेदभाव निषेध र मौलिक हकको व्यवस्था गरिनु स्वाभाविकै भए पनि महिलाहरूका लागि छुट्टै केही संवैधानिक व्यवस्था हुन सकेन। तर संसदको महासभाको उपाध्यक्षमा महिला छानिनुबाट विधि-निर्माण अंगमा प्राप्त उच्चस्तरीय मर्यादा निकै महत्वपूर्ण मनिएको छ।

२०१७ सालमा राजाले संसदीय प्रजातन्त्रलाई खतम गरी आफ्नो निरंकुशता लादेपछि नेपालको संविधान २०१९ घोषणा भयो। संगठित हुने राजनीतिक अधिकारलाई प्रतिबन्धित गरिएको यस संविधानमा मौलिक हकको जे जस्तो उल्लेख भए पनि कार्यरूपमा ती सबै निस्कृय थिए। र यस्तो अवस्थामा नारीका हक हितको वकालत गर्ने वर्गीय संगठनका रूपमा व्यवस्था गरिएको महिला संगठनले पनि वर्गीय हकहित भन्दा सरकारलाई राजकाजमा सघाउने पूर्जाको रूपमा मात्र आफूलाई सीमित गरायो।

२०२० साल भाद्र १ देखि लागू भएको मुलुकी ऐनमा पनि जाति र लिंगका आधारमा गरिने असमानताको व्यवहारलाई कानूनतः अन्त गरियो। तर पनि यो मुलुकी ऐनले नारी वर्गलाई पूर्ण अधिकार प्रदान गर्न नसकेकोले २०३२ सालमा छैठौं संशोधन गरी लोग्ने स्वास्नीको, स्त्री अंश धनको, विहावारीको समेत गरी १२ वटा महल संशोधन गरिए। यी सबै महलहरू महिला वर्गका हकहितसँग सम्बन्धित थिए।

२०४७ सालको संविधान निर्माणका पछाडि महिलाहरूको आफ्नै उत्सर्ग र बलिदानको इतिहास पनि जोडिएको छ। प्रजातन्त्र पुनःस्थापनाको आन्दोलनमा थुप्रै महिलाहरूले भूमिगत, खुला, प्रत्यक्ष, अप्रत्यक्ष विविध कोणबाट ३२ वर्षसम्म निरन्तर रूपमा आफूलाई क्रियाशील राखे। जनआन्दोलनभरी महिला सहभागिता र उत्सर्ग अविस्मरणीय रह्यो तर पनि संविधान निर्माण गर्न गठित आयोगमा भने महिला प्रतिनिधित्व हुन सकेन। अहिलेसम्म नेपालमा लागू भएको संविधान मध्ये सबै भन्दा प्रजातान्त्रिक ठानिएको वर्तमान संविधान, नेपाल अधिराज्यको संविधान २०४७ ले, महिलाहरूका लागि छुट्टै खास केही संवैधानिक प्रावधान राखेको छ। राजनीतिक जागरण र नेतृत्व स्थापित गर्न राष्ट्रिय सभामा कम्तिमा ३ जना महिला सीट आरक्षण गरिएको छ। प्रतिनिधि सभाको सदस्यको निर्वाचनमा कम्तिमा ५ प्रतिशत महिला उम्मेद्वार उठाउन अनिवार्य गरी राजनीतिक दलहरूलाई महिला नेतृत्वको विकास गर्न र राजनीतिमा महिला सहभागिता वृद्धि गर्न संविधानले निर्देशित गरेको छ। यसबाहेक शिक्षा स्वास्थ्य र रोजगारको क्षेत्रमा महिलाहरूका लागि विशेष व्यवस्था गर्ने नीति यस संविधानको महत्वपूर्ण विशेषता हो। तर पनि निर्वाचनको क्षेत्रमा संविधानले निर्दिष्ट गरेको ५ प्रतिशत महिला उम्मेद्वार उठाउनु पर्ने प्रावधानको पालनासम्ममा मात्र राजनीतिक दलहरूले आफूलाई सीमित गर्नु विडम्बना मानिएको छ। त्यसैले विभिन्न पार्टीहरूले तोकिए अनुसार ८१ जनालाई प्रतिनिधि सभामा उठाए, जसमध्ये ७ जना मात्र विजयी भए। संसदमा महिला वर्गको यो अत्यन्तै न्यून संख्याको प्रतिनिधित्व खट्कने विषय भएको छ।

नेपाली महिलाहरूको पेशा व्यवसायमा संलग्नताको विद्यमान स्थिति :

विभिन्न आय उपार्जनका पेशा व्यवसायमा संलग्न रही महिलाहरू स्वयं आर्थिक दृष्टिकोणले आत्मनिर्भर हुन सक्ने स्थिति अहिलेका लागि कल्पना बाहिरको विषय हो भन्नु बेमनासिब ठहरिंदैन। साक्षरताकै न्यून अवस्थामा रहेको नेपाली नारी समाज उच्च शिक्षाको क्षेत्रमा निकै पछि पर्नु पनि अस्वाभाविक छैन। साक्षरताको कुरालाई नै लिने हो भने ६ वर्ष माथिका महिलाहरू २०२८ सालमा ३.६ प्रतिशत मात्रै साक्षर थिए जबकि पुरूषको यो प्रतिशत १३.९ थियो। २०३८ मा १२.१ प्रतिशत र २०४८ को जनगणनाको तथ्यांक अनुसार २४.७ प्रतिशत महिला साक्षरता देखाइएको छ। यसै अवधिमा पुरूष साक्षरता क्रमशः ३४ प्रतिशत र ५४.१ प्रतिशत रहेको छ। स्वास्थ्य क्षेत्रमा सहायक स्तरका नर्स मिडवाइफ, प्रशासन तर्फका स्टेनो टाइपिष्ट, हाकिमहरूका नीजि सहायक, नीजि क्षेत्रमा रिसेप्सनिष्ट, सेल्स गर्ल जस्ता पदहरूमा महिलाहरूको संलग्नता बेसी देखिए पनि यो स्थिति उपलब्धिमूलक छैन। नर्स पेशा र टाइपिष्ट पदमा कार्यरत महिलाहरूलाई हेपिन्छ। नीजि सहायक (पि.ए.) रिसेप्सनिष्ट जस्ता पदमा कार्यरत महिलाहरू पनि विभिन्न खाले लान्छनाबाट पीडित हुनु पर्ने अवस्था रहेको छ। प्रहरीमा महिला उपस्थिति न्यून छ र त्यहाँ पनि सम्मानको दृष्टिले हेरिन्न। सेनामा महिलालाई लिइएको छैन। घरेलु मजदूरका रूपमा शहरी क्षेत्रमा कार्यरत हजारौं महिला, बालिकाहरूको अवस्था दयनीय छ। तिनीहरू अत्यन्तै शोषित छन्। कृषि मजदूरका रूपमा अत्यधिक महिला संलग्नता नेपालको सामाजिक विशेषता नै भए पनि तिनीहरूको अवस्था अत्यन्तै नाजुक रहेको छ। महिलाहरूको ज्याला पुरूष भन्दा कम दिइन्छ। सरकारी स्वामित्वको नेपाल चिया विकास निगमले घोषित रूपमै माहिलाहरूलाई पुरूषभन्दा कम ज्याला दिन्छ। यसरी महिला ज्यामीहरू सरकारी कामकाजमै पनि कम ज्याला पाउँछन्। ग्रामीण महिलाहरूका लागि विहान बेलुकाका घर-धन्दा बाहेक मेला-पात, घाँस-दाउरा, गोठ-भकारो, लिप-पोत, सर-सफाइ आदि काममा पुरूषले सघाएका उदाहरण साह्रै कम मात्र पाउन सकिने अवस्था अझै विद्यमान छ। पुरूषहरूको अधिकांश समय चियापसल, चोक-चौतारो, तास-जुवाका अखाडा र भट्टीहरूमा बित्नु पनि सामान्य भएको छ।

देशका प्रतिष्ठित सार्वजनिक सेवा व्यवसायमा महिलाहरूको उपस्थिति नगण्य छ। शहरी क्षेत्रमा माध्यमिक स्तरसम्मको शिक्षण पेशामा महिला उपस्थिति सन्तोषजनक नै लागे पनि ग्रामीण क्षेत्रमा यो अवस्था दयनीय रहेको छ। उच्च शिक्षाको शिक्षण पेशा महिलाहरूको आकर्षणको विषय बन्दै गए पनि पुरूषको दाँजोमा उनीहरूको संख्या निकै न्यून छ। केही महिला डाक्टर र इन्जिनीयरहरू छन्, प्रहरी अधिकृत र वायुसेवाका पाइलट जस्ता अप्ठ्यारा र जोखिमका क्षेत्रमा एकाध महिला कार्यरत रहेका देखिए पनि स्थिति अत्यन्तै पिछडिएको छ। विज्ञान

एकेडेमीले पुरस्कृत गरेको महिला वैज्ञानिक छँदैछैन भने हुन्छ। [illegible] महिला साहित्यकारमा अहिलेसम्म एकजना मात्रैको नाम छ। न्याय क्षेत्र जस्ता महिलाहरूको लागि उपयुक्त र सम्मानजनक पेशामा समेत उनीहरूको उपस्थिति न्यूनतम रहेको छ। २०४८ चैत मसान्तको तथ्यांक अनुसार वरिष्ठ अधिवक्ता ३.३ प्रतिशत, अधिवक्ता ४.१९ प्रतिशत र अभिवक्तामा २.६ प्रतिशत मात्रैको संलग्नता रहेको छ। २०४७ सालको नेपाल अधिराज्यको संविधान अनुसार पुनः व्यवस्थित गरिएको जिल्ला न्यायाधीश पदमा नियुक्त १०२ जिल्ला मध्ये महिला १ जना मात्र रहनु, पुनरावेदन अदालतमा एकाध महिला रहनु र सर्वोच्च अदालतमा १ जना पनि नरहनुले यस क्षेत्रमा रहेको महिला संलग्नता प्रष्ट हुन्छ।

औद्योगिक कामदारका रूपमा कार्यरत महिला कामदारहरूको संख्या पुरूषहरूको ७७ प्रतिशतको तुलनामा केवल २३ प्रतिशत मात्रै रहेको आधिकारिक स्रोतका तथ्यांकहरूले पुष्टी गरेका छन्। खाद्य वस्तुमा २ हजार २ सय ५७, पेय पदार्थ, चुरोट आदिमा ५ सय ५४, कपडा र लगाउने वस्तुमा २२ हजार ८४, काठ, कागज र प्रेसमा ४ सय ३६, प्लाष्टिक रसायन र औषधिमा १ हजार ६९, अभौतिक धातुबाट बन्ने उद्योगमा १० हजार १ सय ३०, भौतिक धातुबाट बन्नेमा १ सय ६, विद्युत यान्त्रिक वितरणमा २४ र अन्यमा ६९ समेत गरी यी विविध खाले आद्योगिक क्षेत्रमा कार्यरत महिला कामदारहरूको कूल संख्या १९९०।९१ को तथ्यांक अनुसार पुरूषहरूको १ लाख २२ हजार ८ सय ८१ को तुलनामा केवल ३६ हजार ७ सय २९ जना मात्र रहेको छ। त्यसै गरी क्षेत्रगत रोजगारीको प्रतिशतको कुरा गर्ने हो भने २०४८ को जनगणनाको तथ्यांक अनुसार पुरूषको तुलनामा महिलाहरूको स्थिति कृषिमा ४५ प्रतिशत, बौद्धिक प्रतिनिधिहरू, व्यवसायीहरू १५.१ प्रतिशत, प्रशासनमा ९.३, प्रतिशत क्लर्क स्तरमा १० प्रतिशत, व्यापारमा २२.६ प्रतिशत, सेवामा २५.१ प्रतिशत, मजदूरीमा १८.७ प्रतिशत देखाइएको छ।

मुलुकी प्रशासन जस्तो नोकरीको दृष्टिले देशको सर्वाधिक प्रभावशाली पेशामा संलग्न अधिकृत स्तरका महिलाहरूको स्थिति त्यस्तै सोचनीय रहेको छ। शाखा अधिकृत कूल ५ हजार ३ सय ८५ पदमा २ सय ९७ (५.५ प्रतिशत), सहायक सचिव ८ सय ८१ मा ५५ (६.२ प्रतिशत), उपसचिव १ हजार १ सय ९४ मा ८९ (७.४ प्रतिशत), सहसचिव ३ सयमा ९७ (६.३ प्रतिशत), अतिरिक्त सचिव ३२ मा २ (६.२ प्रतिशत) महिला कार्यरत रहेको र सचिवमा भने एकजना पनि महिला नरहेको देखाइएको छ।

आम संचार क्षेत्र अन्तर्गत गोरखापत्र संस्थानमा छैटौं र सातौं तहमा ८६ जना पुरूषको तुलनामा १६ (१५.७ प्रतिशत) सहायक स्तरमा ३२५ मा ७१ (१८ प्रतिशत) र निम्न स्तरमा १७६ पुरूषको तुलनामा १२ (६.४ प्रतिशत) महिला कार्यरत रहेका छन्। गोरखापत्र संस्थानमा नै आठौं तहमा कार्यरत ३९ जना पुरूषको अनुपातमा १ जना महिला पनि छैनन्। राष्ट्रिय समाचार समितिमा छैटौं सातौं, सहायक र निम्न स्तरको महिला प्रतिशत क्रमशः ५.३ र १.५ प्रतिशत रहेको छ। राष्ट्रिय समाचार समितिमा आठौं तहमा कार्यरत महिला १ जना पनि नभएको तथ्यांकले पुष्टी गर्छ। रेडियो प्रसार सेवाको हालत पनि यस्तै रहेको छ। त्यहाँ आठौं तहको महिला, आधिकृत [illegible] पुरूष ४३ को तुलनामा ८, सहायकमा २५६ पुरूषमा १८ र निम्नस्तरको पदमा ३६८ पुरूषको अनुपातमा महिलाको संख्या केवल ३४ मात्र रहेको प्रस्तुत तथ्यांकले देखाएको छ। नेपाल टेलिभिजनमा पनि आठौं तहमा महिला संलग्नता छैन। छैटौं सातौं तहमा १३, सहायक स्तरमा २४ महिलाहरू कार्यरत रहेकोमा पुरूषहरूको संख्या क्रमशः ३८ र ८१ रहेको छ। प्रतिशतको हिसाबले भन्ने हो भन्ने गोरखापत्र संस्थान र राष्ट्रिय समाचार समितिको तुलनामा नेपाल टेलिभिजनमा छैटौं सातौं र सहायक स्तरमा कार्यरत महिला प्रतिशत अलि बढी देखिन्छ।

वर्तमान बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको आधारभूमि, विकेन्द्रीकरणको मेरूदण्ड र जनसहभागिताको आधार क्षेत्र भनिएको स्थानीय निकाय गाउँ र जिल्ला विकास समितिमा महिला सहभागिताको स्थिति अत्यन्तै सोचनीय रहेको छ। गाउँ विकास समितिका अध्यक्षमा ९ जना, उपाध्यक्षमा १६ जना र सदस्यमा १ सय ३८ महिला रहेका छन् भने पुरूषहरूको यो संख्या क्रमशः ३ हजार ९ सय ८२, (९९.७ प्रतिशत), ३ हजार ९ सय ७५ (९९.५ प्रतिशत) र ३५ हजार ६ सय ७३ (९९.४ प्रतिशत) रहेको छ। तर सचेत राजनीतिक कार्यकर्ता र पठित महिलाहरू बसोबास गर्ने नगर क्षेत्रमा पुरूष ५ सय १९ (९९.४) जनाको तुलना महिला संख्या १ जना मात्र रहेको छ। नगर प्रमुख र उपप्रमुखमा एकजना पनि महिलाको प्रतिनिधित्व छैन। त्यसै गरी जिल्ला विकास समितिका सदस्य संख्या ९ सय १८ (९९.४) मध्ये ३ जना मात्र महिला रहेका छन्। उपसभापति १ जना मात्र रहेको तर सभापतिमा भने ७५ वटै पदमा पुरूषहरूको संलग्नता छ। यस्तै गरी नेका २७ जनाको केन्द्रीय समितिमा ३ जना, नेकपा एमालेको ३५ जनाको केन्द्रीय समितिमा २ जना मात्र महिलाहरू रहेका छन्।

देशको नीति निर्माण, ऐन कानून र जनताका हक हितका सवालमा गम्भीर छलफल चलाउने र कार्यक्रम अघि सार्ने सर्वोच्च विधायिका प्रतिनिधि सभामा २०५ जना मध्ये १९७ (९६.५ प्रतिशत) पुरूष र महिलाको संख्या केवल ८ मात्र रहेको छ। राष्ट्रिय सभाको सदस्य संख्या ६० मध्ये महिलाहरूको प्रतिनिधित्व ३ मात्र रहेको छ। योजना आयोगमा एकजना पनि महिला सदस्य छैनन्। पुरूष र महिलाहरूको समानता र अधिकारको वकालत गर्ने वर्तमान प्रजातान्त्रिक सरकारको मन्त्रिमण्डलमा १ जना पनि महिला मन्त्री छैनन्। स्थानीय राजनीतिक निकायहरूमा महिलाहरूको प्रतिनिधित्वको प्रतिशत हेर्ने हो भने हालको अवस्था पञ्चायतकालीन गाउँ पञ्चायतहरूको अवस्था भन्दा गए गुज्रेको देखिन्छ।

महिला अधिकार र प्रगतिको लागि जे जति गरिएता पनि नेपाली समाजको संस्कार नै तिनीहरूको स्वतन्त्रताको बाधक भइदिने हुनाले तिनीहरूलाई प्रदान गरिएको समान अधिकारहरू केवल लिखित रूपमा रहन जाने कुरा नकार्न सकिँदैन। नारी वर्गलाई साँच्चै नै पुरूष सरह स्वतन्त्र बनाउने हो भने नेपाली समाजमा आमूल परिवर्तन गरिनु अति आवश्यक छ। ❑

अनुसूची ६.५

आदिवासी र मानवअधिकार

१. सबै मानिसहरू बराबरी छन्। प्रकृतिको प्रभावले उब्जिएका भिन्नताहरूलाई लिएर मानिसलाई उचनीँच ठान्नु हुँदैन। जातीय भेदभावले दिएको ठूलो सानोको संस्कार अमानवीय रहेको छ। मानिसको शारीरिक वृद्धि एवं मानसिक विकासमा रहने भौतिक तथा बौद्धिक भिन्नता पनि वातावरणको अनुकूलता वा प्रतिकूलताले सिर्जना गरेको वैयक्तिक विशिष्टता मात्र हो। समाजको विकास-क्रममा यस कुराको ज्ञान प्राप्त नहुन्जेल मानिसले मानिसप्रतिको व्यवहारमा सद्भाव, सहयोग र सहजीवनको संस्कृति हुर्काउन सकेन। फलस्वरूप मानिसमा शक्तिको निम्ति सदाचार कुल्चने प्रतिस्पर्धा चल्यो। एउटा मान्छेले अर्को मान्छेलाई आफू जस्तै ठानेर सह-अस्तित्व बोध गर्न सकेन। "वीर भोग्या बसुन्धरा" को गीत गाउँदै एक समूहले अर्को समूहलाई पछार्ने र एक जातिले अर्को जातिलाई लघार्ने लडाईंसँगै वर्गीय समाज अघि बढ्यो। बहुजातीय राज्यहरू जन्मिए। जातीय एवं धार्मिक राज्यहरू हुर्किए। विशेषाधिकारहरू तोकिए। आफ्ना जातीय पहिचान बोकेर आफ्नै स्वाले उत्पादन साधन, प्रविधि, प्रणाली र परिपाटी हुर्काउँदै आफ्नै बोली भाषा, रीति-संस्कृति, कला-साहित्य जन्माउँदै मानिसहरू विभाजित बने। प्रकृतिले छुट्याएका भिन्नतामा समाजद्वारा थप रंग-रोगन भर्दै जातीवाद, वर्णवाद र बर्गवादका असमान विचारधाराहरू जन्माइयो। धार्मिक मतवादले जातीय भेदलाई थप टेवा दियो र मानव जातिलाई चरम बिखण्डनको अवस्थामा पुऱ्यायो। विश्व समाजले आफ्नो प्रगति यात्राको हजारौं वर्ष पार गरेको छ। तर पनि मानव जातिको यो जातीय विभाजन यथावत छ। जाति, प्रजातिमा बाँधिएको मानसिकताद्वारा मानिसले मानिसको अमानवीय शोषण गरिरहेको छ। शोषण उत्पीडनका सबै रूपहरूको अन्त्य गरी सबै मानिसलाई समानता प्रदान गर्ने मानवीय दायित्व बोध गर्नु आजको आवश्यकता भएको छ।

२. शोषणका रूपहरू अनेकौं छन्। धार्मिक धारणाको भेदमा, लिङ्गभेदका आधारमा, जातिभेदका आधारमा, आर्थिक वर्गका आधारमा शोषणहरू हुँदै आएका छन्। शोषणका रूपहरू देशकाल र परिस्थिति अनुकूल बदलिएका पनि छन्। मानव जातिबीच उत्पन्न जातीय विभाजनबाट उब्जिएका शोषणहरू – "श्रेष्ठ जाति" को गलत धारणामा मात्र आधारित नभई आर्थिक, सामाजिक र वैज्ञानिक समुन्नतिको न्यूनताद्वारा बाँधिएको पछौटे चेतनामा पनि आधारित देखिन्छ। हाम्रो नेपाली समाज पनि विश्व प्रवाहको यही यात्रा क्रममा घिसारिंदै आएको छ। चाहेर होस् वा नचाहेर राज्यले आफूलाई बहुजातीय मुलुकको रूपमा प्रस्तुत गरेको छ। यद्यपि जातीय धार्मिक धारणा पनि संग-संगै उनेको छ। एकीकृत सामन्तवादको निरंकुशता भित्र "सबै जातिको फूलबारी" भन्ने अवधारणा हुर्केर पनि नेपालका शासकहरूले जातीय शोषणका विविध रूपहरूको अन्त्य गर्दै सग्लो नेपाली जातिको निर्माण गर्न ध्यान दिएन। आर्थिक विकासको तह ज्यादै न्यून रहनु, परम्परागत रूपमा चल्दै आएका जाति, लिङ्ग, वर्ण र वर्गभेदहरूलाई अन्त्य गर्ने योजनाबद्ध शैक्षिक, सामाजिक एवं आर्थिक कार्यक्रम नहुनु र जातीय विशेषाधिकारलाई कायम राख्नु जस्ता कुराले सग्लो नेपाली जातिको निर्माण हुन दिएन। सामन्तवादी सत्ताको पूँजीवादी रूपान्तरण सँगै यसमा केही फेरबदल देखा पर्न थालेका छन् र पुराना अमानवीय व्यवहारलाई नयाँ रूप शीपद्वारा ढाकछोप पार्ने प्रवृत्ति बढ्दो छ। नेपालमा आधुनिक उद्योग, यातायात, सञ्चार र शिक्षा व्यवस्थाको स्थापना, संचालन र सम्बर्द्धन कार्य शुरू भएको निकै दशक बितिसकेको भए पनि समाजको ठूलो हिस्सालाई अझै पनि वैज्ञानिक एवं मानवीय चिन्तनले प्रभाव पार्न सकेको छैन। नेपाली जाति अहिले पनि जातीय एकताको निम्ति विशेष सुविधा दिने धारणाको उल्टो जातीय विशेषाधिकारको आग्रहद्वारा जकडिएको छ। मानवीय लोकतन्त्रका पक्षधरहरूले कुनै पनि जातिका निम्ति विशेषाधिकारको व्यवस्था गर्नु सिंगो मानव जातिलाई मानवताको विपरित मार्गमा लैजाने कामलाई सघाउनु हो। त्यसर्थ नेपालमा जातीय उत्पीडनको अन्त्यका निम्ति जातीय विशेषाधिकारको अन्त्य गर्दै अन्तरजातीय एकताको आधार निर्माण गर्नु पहिलो आवश्यकता भएको छ।

३. नेपाल साँग्रिला भूमि मानिन्छ र यसलाई "सबै जातिको फूलबारी" पनि भन्ने गरिएको छ। चाहे हिमाली क्षेत्र होस् अथवा तराई, चाहे पहाडिया हुन् अथवा मधेशिया – सबै नेपाल हो र सबै नेपाली हुन्। यद्यपि नेपालको जातीय बनोट विषम छ। आर्थिक उन्नति र विकास विषम छ। भौगोलिक बनौट विषम छ। विषमताको बीचबाट समताको निर्माण गर्नु पर्ने कडा र ठूलो चुनौती आज हाम्रा सामु खडा छ। इतिहासका अनेक कालखण्डमा यायावर मानवका रूपमा किराँतहरू उत्तरपूर्वबाट आए र दक्षिण पश्चिमबाट आर्यहरू आए। भोट-बर्मेली र भारोपेली भाषा सहित अनेकौं भाषिकाहरूबाट संश्लेषित हुँदै नेपाली भाषाको विकास भए जस्तै तत्कालीन भूमिपुत्र मानवसंग यायावर मानवहरूको साहचर्य भयो र नेपाली जातिको निर्माण हुन थाल्यो। आफूलाई राजपुत दावी गरे पनि राणा र शाहहरू खस र मगर

थिए, जो मंगोलसंगको रक्त मिश्रणबाट आजको अवस्थामा आइपुगेका हुन्। अन्तरजातीय साहचर्यबाटै नेवार जाति विकसित भयो। त्यसैले नेवारहरूमा बौद्ध र हिन्दू मात्र हैन कैयौं कुराहरूमा बोन्पो संस्कृतिको समेत मिश्रण पाइन्छ।

नेपालको आफ्नै विशेषताले गर्दा सगोत्री र विगोत्री मानव समुदाय छुट्याउन समेत कठीन हुन पुगेको भेटिन्छ। एकै ठाउँमा रहेर आफ्नै आर्थिक जीवन, सामाजिक विधि-व्यवस्था र सांस्कृतिक पहिचान निकै कम जातिमा मात्र पाइन्छ। समाज विकासको वर्तमान चरणले उनीहरूलाई एउटा नयाँ भविष्य प्रदान गरिसकेको छ। असभ्य युगको गोत्रात्मक परिवार-प्रथा आज छैन। जन्मस्थान वा बसोबासको घनत्वले पनि कुनै स्थान विशेषलाई आज कुनै जाति विशेषका निम्ति अलग्याउने अवस्था छैन। मानव विकासको दृष्टिबाट हेर्दा "असभ्य जाति" को रूपमा कुनै पनि मानिसहरू छैनन् भन्दा हुन्छ। यद्यपि आधुनिक आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा पछि परेका नेपालका भूमिपुत्र मानवहरू भने केही मात्रामा रहेका छन्।

देशका सीमा रेखाहरू नाघ्दै विश्व मानव समुदाय आर्थिक, सामाजिक र सांस्कृतिक रूपले एकीकृत बन्दै गइरहेको सभ्य-युगमा जातीय राज्यको नाराले समेत मानवीय गुण गुमाई सकेको छ। आधुनिक शहरहरू अन्तरजातीय छन्। औद्योगिक मजदूर वर्ग अन्तरजातीय छ। वैज्ञानिक शिक्षाको स्वरूप र विषयवस्तु अन्तरजातीय छ। मानवीय भावना पनि सजातीय बन्धनबाट मुक्त हुँदो छ। सामाजिक विकासको तह जति उन्नत, समृद्ध र सामाञ्जस्यपूर्ण हुन्छ त्यति नै अन्तरजातीय साहचर्यमा वृद्धि हुन्छ। विकास क्रममा ब्राम्हणको संख्या घट्ने र क्षत्रीको संख्या बढ्ने, अछूतको अवस्था समाप्त हुने र धार्मिक अन्धविश्वास एवं कट्टरता घट्दै जाने हुँदा पहाडका मगर, तामाङ्ग र लिम्बू जातिसंग मात्र हैन तराईका "उच्च सभ्यता" का जाति र अछूत एवं पछि परेका प्रजाति बीच पनि नयाँ सम्बन्धको विकास हुन थाल्ने छ। तर यसका निम्ति राज्यले जातीय समानताको नीति लिई अन्तरजातीय विवाहलाई संरक्षण र प्रोत्साहन दिनु आवश्यक छ।

४. नेपालमा मानव विकासको प्रामाणिक इतिहास खोजवीनकै चरणमा छ। नेपाली समाजका कुन कुन जातिहरू यहींका भूमिपुत्र हुन् र तिनका शाखा-सन्तान अहिले कुन अवस्थामा छन् ? कुन कुन जातिहरू यायावर हुन् र कुन कुन कालखण्डमा यहाँ आई बसे ? कुन कुन प्रजाति आपसमा घुलमिल भएर कुन कुन जाति बने ? कुन कुन जाति, प्रजातिले आ-आफ्ना अलग पहिचान के कस्तो रूपमा कायम राख्दै आएका छन् ? भन्ने तथ्यगत विश्लेषण नगरी नेपालको सन्दर्भमा प्राचीन बासिन्दा यी यी हुन् भनी किटान गर्नु वा यहाँका विभिन्न जातिलाई नै "आदिवासी" घोषणा गर्नु उचित हुँदैन।

नेपालको जातीय बनौट र जातिहरूको मानवीय विकासका सन्दर्भमा पनि धेरै भ्रमहरू प्रचारित छन्। जातिका रूपमा विकसित भइसकेका मगर, नेवार, तामाङ्ग, लिम्बू र गुरूङ्गलाई जनजाति भन्नु उनीहरूलाई एक तह तल खसाल्नु हो। किनभने उस्ता-उस्तै प्रजातिहरूको सम्मिलनबाट जातिको निर्माण हुन्छ र यी उल्लेखित जातिका वर्तमान अवस्थाले पनि यस्तै सम्मिलनलाई झल्काउँछ। पेशाका आधारमा बाँडिएका जातलाई जातिको दर्जा दिनु पनि अर्को गल्ती हुन्छ। त्यसैले नेपाली समाजको यथार्थ केलाउँदा जातीय भावुकतामा होइन वस्तुगत यथार्थको धरातलमा बसेर निचोड झिक्नु पर्दछ।

५. शब्दहरू युगानुकूल खास अर्थ बोकेर प्रयोग भएका हुन्छन्। "आदिवासी" शब्दले पनि यस्तै खास अर्थ बोकेको हुँदा यस सम्बन्धी धारणा बनाउँदा पनि यथार्थपरक हुनु जरूरी छ। यस शब्दले जातिको रूपमा विकसित नभै सकेका, उत्पत्ति र विकासको तह प्राचीन सभ्यताकै स्तरमा रहेका, अनादिकालदेखि रही आएका तर आधुनिक सभ्यता वा "सभ्य मानिस" द्वारा प्रताडित एवं कहिल्यै शासक नभएका भूमिपुत्र मानवको अर्थ अंगालेको देखिन्छ। त्यसर्थ प्राचीन बासिन्दाको अर्थमा आदिवासी शब्द प्रयोग गर्नु गलत हुन्छ। राष्ट्संघले १९९३ लाई "अन्तर्राष्ट्रिय आदिवासी वर्ष" भनी घोषणा गरेपछि यस शब्दको प्रचार-प्रसार र प्रचलन अन्धाधुन्द तरीकाले व्यापक बनेको छ।

नेपालको सन्दर्भमा हेर्दा "आदिवासी" सम्बन्धी धारणा अस्पष्ट नै रहेको पाइन्छ। राष्ट् संघीय निकाय - आइ.एल.ओ.द्वारा १९५७ मा अघि सारिएको "आदिवासी जनता" सम्बन्धी अवधारणा अनुसार कुनै पनि देशमा उपनिवेश कायम हुँदा वा विद्यमान सत्ताले विजय हासिल गर्नु भन्दा अघि भएका प्रजाति वा सगोत्री समूहलाई "आदिवासी जनता" भनिएको पाइन्छ भने १९७७ मा यसको तात्पर्य "आदिम युगका मानिसहरूको समूहबाट आएका प्रजाति वा सगोत्री समूह, जो आफ्नो देशको राष्ट्रिय सरकार संचालनमा सहभागी भएका छैनन्" भन्ने रूपमा परिस्कार गरियो। कहिले "भूमिको सामूहिक प्रयोग गर्ने अविकसित मानवहरू" र कहिले "जसले आफूलाई आदिवासी भन्छन् तिनै आदिवासी जनता हुन्" पनि भनियो।

अष्ट्रेलिया, न्यूजिल्याण्ड र अमेरिकामा युरोपेली यायावर मानवहरूद्वारा त्यहाँका प्राचीन बासिन्दालाई विस्थापित गर्दै प्रभुत्व कायम गरेको हुँदा ती ठाउँका भूमिपुत्र मानवहरू निकै उत्पीडनमा परेका थिए। प्रारम्भमा त्यस पीडाबोधबाट ब्यूँझेको कल्याणकारी साँस्कृतिक भावनाद्वारा प्रेरित रहेर पनि, पछि यस अवधारणाले राजनैतिक चरित्र ग्रहण गर्दै गयो। फलस्वरूप पूँजीवादले प्रारम्भमा अघि सारेको तर पछि फ्याँकिसकेको अलग जातीय राज्यको नारालाई उद्गमी मानवहरूले पक्रिए। त्यसैको प्रभाव स्वरूप १९८२ को राष्ट्संघीय कार्यदलले आदिवासी अधिकारका रूपमा "आत्मनिर्णयको अधिकार वा स्वायत्त शासनको हक, जातीय पहिचान कायम राख्न पाउने हक, सांस्कृतिक विकासको हक, मातृभाषाको प्रयोग गर्न पाउने हक, परम्परागत भूमिको स्वामित्व सीमांकन र सञ्चालन गर्न पाउने हक" अघि

साऱ्यो। यही राजनैतिक अवधारणाका आधारमा १९९३ लाई "अन्तर्राष्ट्रिय आदिवासी वर्ष" भनी घोषणा पनि गरियो। यस अवसरमा पनि "जमिनसंग विशेष प्राकृतिक सम्बन्ध रहेका, विजयी शासकहरूद्वारा उत्पीडनमा परेका र अलग पहिचान दिने संस्कृति, भाषा, रीति-रिवाज र धार्मिक धारणा भएका तर राजकीय क्षेत्रमा सामूहिक सहभागी हुन नसकेका "अविकसित" मानवहरूको अर्थमा नै "आदिवासी जनता" लाई लिइयो। तर जुन देशमा उनीहरूको बसोबास छ त्यस देशको राजकीय अखण्डता स्वीकार्दै आफ्नो विकासमा जुट्न चाहनेहरू र सरकारी कामकाजमा सहभागी भएकाहरूको निम्ति भने पृथक राज्यको माग औचित्यहीन हुन पुग्यो। यद्यपि यस समस्यालाई कसरी हल गर्ने ? भन्ने बारेमा भने विविध दृष्टिकोणहरू देखापरे। कसैले उनीहरूलाई जस्तो अवस्थामा छन् त्यस्तै सुरक्षित गर्नु पर्दछ भन्ने धारणा अघि सारे। कसैले उनीहरूलाई देश विकासको मूल प्रवाहमा अन्य जाति सरह समुन्नत बनाउन विशेष सुविधा दिएर अघि बढाउनु पर्दछ भन्दैछन्। यसरी संरक्षण र सम्मिलनका दृष्टिकोण बीच द्वन्द रहेका बेला तेस्रो दृष्टिकोणका रूपमा पृथकताको धारणा अघि आयो। जसलाई आत्म निर्णयको अधिकार भनेर पनि व्याख्या गर्ने गरिएको छ। आत्म निर्णयको अधिकारलाई राष्ट्रिय एकता र अखण्डताको उल्टो पृथक जातीय राज्यको निर्माण वा स्थापना गर्ने छुटको अर्थमा लिएको पनि पाइन्छ।

राष्ट्रसंघीय परिभाषाका आधारमा नेपालका कुन कुन प्रजाति वा सगोत्री समूहहरू "आदिवासी" का रूपमा रहेका छन् र उनीहरूलाई सामाजिक स्वतन्त्रताको प्रत्याभूति कुन किसिमबाट गरिनु पर्छ भन्ने बारेमा जातीवादी धारणा राख्ने केही व्यक्तिहरूले आफ्नो मुलुकको विशेषतातर्फ ध्यानै नदिई नेपाललाई जातीय राज्यमा टुक्याई संघीय ढाँचामा शासन संचालन हुनु पर्छ भन्दैछन्। उनीहरू इतिहासका कुनै कालखण्डमा घटेका घटनालाई लिएर वर्तमानलाई विसंगत र भविष्यलाई विखण्डित बनाउन चाहन्छन्। "संयुक्त राष्ट्र संघको "आदिवासी जनता" सम्बन्धी धारणा नेपालको सन्दर्भमा पुरै मिल्दो छैन। किनभने यो मुलुक कहिल्यै उपनिवेश भएन र जातीय अत्मनिर्णयको अधिकार भनेको राजनैतिक अर्थमा स्वतन्त्रता र "उत्पीडनकारी" राष्ट्रबाट मुक्त पृथक राजनैतिक स्वाधिनताको अधिकार पनि हुनसक्छ" भन्ने दृष्टिकोण राख्नेहरू पनि छन्। "आदिवासी जनता" को आन्दोलन मूलतः सांस्कृतिक पहिचानका निम्ति भइआएको परिप्रेक्ष्यमा पनि यो विचारणीय छ। बहुजातीय संगम र फूलबारी संस्कृति भएको नेपालमा भूमिपुत्र मानव र यायावर मानवको एकता परापूर्व कालदेखि रही आएको हुँदा र केही पश्चिमी शक्ति राष्ट्रका राजनीतिज्ञहरूले यसलाई अन्य राष्ट्रका जनताको एकता तोड्ने औजारका रूपमा पनि प्रयोग गरेको हुँदा नेपालीहरूमा सन्देह ब्युँभनु बिल्कुल स्वभाविक छ। समान अवसरको कानूनी प्रत्याभूति भएको वर्तमानमा यदि जातीय रीतिथिति र विशेषाधिकारकै पैरवी गर्ने हो भने आर्थिक सामाजिक र सांस्कृतिक क्षेत्रको समता खोज्ने आधुनिक विचारको पक्षधर कसरी भइन्छ ? वास्तवमा नेपालका विभिन्न जाति-प्रजाति सबै "आदिवासी" होइनन्। केही प्रजातिको अवस्था लगभग त्यस अवधारणासंग मिल्दो-जुल्दो छ र उनीहरू माथि अन्य "सभ्य" वा "विकसित" जातिबाट भएका शोषण-उत्पीडन समाप्त पार्नुपर्ने स्थिति पनि छ। तर त्यसरी सामजिक विकासमा पछि परेकाहरू माथि आफ्नै पङ्तिका वैभवशालीहरूबाट पनि निकै निर्मम शोषण-उत्पीडन भइरहेको छ। अर्थहीन बन्दै गएका **Tribel, Natives, Aborigine, Ethinic group, Nomad's** जस्ता अंग्रेजी पदावलीहरूको भाव बोकेर आएको **Indigenous** अवधारणालाई केही टिप्पणीकारहरूले त सोभै -"पश्चिमेलीहरूको हस्तक्षेपकारी सिर्जना" भन्दै त्यसभित्र "जनतालाई एकताबद्ध हुन नदिने हानिकारक चालबाजी रहेको" कुरा पनि बताएका छन् र केहीले "आदिवासी शब्द नेपालको सन्दर्भमा ज्यादै अष्पष्ट छ" भन्दै "नेपालमा आदिवासी वा जनजातिको समस्या भन्नु नै गरिबीको समस्या हो" भन्ने निष्कर्ष दिएका छन्। यस स्थितिमा नेपालका आदिवासी र उनीहरूको पहिचान तथा उन्नति र समताका निम्ति मानवअधिकारका क्षेत्रमा कार्यरत व्यक्ति वा संस्थाहरूले मात्र होइन राजनैतिक एवं शैक्षिक क्षेत्रले पनि उपयुक्त नीति, कार्यक्रम र कार्यशैली अपनाउनु आवश्यक भएको छ।

६. वर्तमान नेपालमा "आदिवासी" भन्न सकिने अवस्थामा रहेका मानिसहरू को को हुन् त भन्ने छलफल चल्दा गोर्खाली राजा पृथ्वीनारायण शाहको नेतृत्वमा शुरू गरिएको एकीकरण अभियान पूर्वका सबै बासिन्दाहरूलाई "आदिवासी" मान्नेदेखि नेपाली जनता विभिन्न जाति-प्रजातिको साहचर्यद्वारा निर्माण भएको हुँदा यहाँ कोही पनि आदिवासी छैनन् भन्ने सम्मका कुराहरू आएका छन्। कसैले शासकवंशहरू मध्ये पहिलो शासकवंशलाई "अदिवासी" मानेको पनि पाइयो। तर यसरी व्याख्या गर्नेहरूले प्राचीन बासिन्दाको सामान्य अर्थमा नै "आदिवासी" शब्दलाई लिएको देखिन्छ। यस्तो धारणा अन्तराष्ट्रिय अर्थसंग पनि मिल्दो छैन। नेपालको सन्दर्भमा पनि कुन जाति पुरानो हो भन्ने कुराले "आदिवासी जनता" को निर्क्यौल गर्नु उचित हुँदैन। उद्‌गमी मानव र आगन्तुक मानवको इतिहास परस्पर गाँसिएर आएको भए पनि वर्तमान अवस्थामा समेत घुमन्ते, अर्ध-घुमन्ते वा भर्खर भर्खर कृषि र पशुपालनको प्रारम्भिक चरणमा रही आफ्नो अलग पहिचान दिने, एवं सामाजिक विकासमा पछि परेका उद्‌गमी मानवलाई नै आदिवासी जनता भनिएको हो। आजभन्दा करीब १५ सय वर्ष अघि काठमाडौं उपत्यकामा पुरेत्याँई गरी बसेका ब्राम्हणहरू उद्‌गमी वा आगन्तुक के थिए भन्ने प्रष्ट छैन। सभ्यताको विकास क्रममा एउटै जातिका मानिसहरू पनि यताउति छरिएर असमान ढंगले विकास भएका, अलग्गै प्रजाति भैं बनेका र ज्यादै पछौटे समेत रहेका पनि पाइन्छन्। उदाहरणका रूपमा खस जातिमा - राउटे, गुरूङमा - दुरा, नेवारमा - गोपाली, मगरमा - छन्त्याल

किरातँमा – थामी, हायु, धिमाल आदिलाई लिन सकिन्छ। तराईका उद्‌गमी मानवको रूपमा रहेका थारूहरूको आजको अवस्था भनेको क्रमश जातिमा विकसित हुँदै गरेको स्थिति हो। यद्यपि उनीहरू उत्तर र दक्षिणबाट आएका आगन्तुक मानवद्वारा सताईएको, बेदखलीमा पारिएको र कमैयाको रूपमा जिउन बाध्य बनाइएको अवस्थामा पनि छन्। वंश परंपराको रूपमा उद्‌गमी थारूहरू समान छन तर उत्पादन साधन र सम्बन्धका हिसावबाट हेर्दा भने उनीहरूको आर्थिक हैसियत ज्यादै असमान रहेको छ। आगन्तुक थारूहरू र उद्‌गमी थारूहरूको साहचर्य पछि थारूहरूमा वर्गीय विभाजन तीव्र भएको र सम्पन्न थारू परिवारबाट विपन्न थारू परिवारको शोषण हुन पुगेको देखिन्छ। यद्यपि जमिन्दारी प्रथाबाट मौजा हात पार्ने पहाडिया कुलीनहरूबाट पनि उनीहरूमाथि शोषण दमन हुँदै आएको पाइन्छ। त्यसर्थ उत्पीडनमा परेका सबै मानिसलाई मुक्ति र समानताको प्रत्याभूति हुनु नितान्त जरूरी छ।

अहिलेसम्म प्राप्त जानकारी अनुसार वर्तमान नेपालमा १६७ थरीका मानिसहरू बस्दछन् र ती विभिन्न जाति, प्रजाति र आदिवासीका रूपमा विभक्त छन्। उनीहरू मध्ये प्रजाति सम्मिलनबाट विकसित अवस्थामा पुगेका जाति, भर्खर भर्खर सगोत्री विगोत्री सम्मिलनबाट विकसित प्रजाति र सगोत्री परिवारकै रूपमा विकासको तल्लो तहमा रहेकालाई आदिवासी भन्न सकिन्छ। सामुदायिक हितको अगुवाई स्वतन्त्र रूपमा आफै गर्न नसक्ने अवस्थामा रहेका प्रजाति र आदिवासीलाई जातीय विकासका निम्ति विशेष सुविधा प्रदान गर्नु न्यायोचित ठहर्छ।

यस प्रकार वर्तमान नेपालमा आफ्नो सामुदायिक हित आफैंले स्वतन्त्र रूपमा गर्न नसक्ने अवस्थामा रहेका अर्थात् मानव सभ्यताको विकास यात्रामा निकै प्रारम्भिक चरणमा अल्भिmबसेका, उद्‌गमी मानवको रूपमा रहेर पनि आगन्तुक मानवहरूद्वारा सताइएका, अलग सांस्कृतिक पहिचान भएका र राजकीय मामिलामा सहभागी नभएका मानिसहरूको रूपमा रहेका प्रजातिमा – थारू र आदिवासी अवस्थामा चेपाङ्ग, राउटे, कुसुन्डा, थामी, हायू, पहरी, धिमाल, झांगड आदि रहेका छन्।

थारू – सामुदायिक वर्गीकरण गर्दा मैथिल समुदायमा पर्ने यो प्रजाति मूलत नेपाली उद्‌गमका मानिस हुन्। तराई क्षेत्रमा पूर्व पश्चिम फिजारिएकाले पूर्वीया थारू, पश्चिमा थारू भनी छुट्याइने प्रचलन पनि छ। मूल थलो दाङ्ग उपत्यका मानिन्छ र त्यहीबाट फैलिएको अनुमान छ। सुगौली सन्धिमा पश्चिम नेपालको भूमि काटिंदा केही परिवार भारततिर परेका भए पनि तिनीहरूमा समेत नेपालप्रति अपनत्वभाव पाइन्छ। कुसुमियाँ, बुढनियाँ, दशबरी, कठरिया थारूहरू पनि दंगाली मूलकै मानिन्छन् तर राना थारू भने आगन्तुक हुन्। थारू प्रजातिभित्र बाहुन, क्षेत्री, मगर, कुमाल बोटेको साहचर्यबाट खसिया, मगरिया, अहिरिया जस्ता थारूहरू बनेको हुँदा रक्तसमिश्रण एवं प्रजाति सम्मिलनबाट थारूहरू क्रमश जातिका रूपमा विकसित बन्दै छन्। करीव दश लाख जति जनसंख्या रहेको यस प्रजातिबाट नै संपतिवानहरूले कमैयाको रूपमा कमाराहरू राख्ने र किनबेच गर्ने गरेको पाइन्छ। धेरैजसो कमैयाहरू भूमिहीन अवस्थामा रहेका छन्, निरक्षर छन्। सामाजिक कुरीतिबाट ग्रस्त छन् र मानवअधिकार र विकासको अवधारणासंग परिचित छैनन्। त्यसैले उनीहरूको उत्थानका निम्ति कमैया प्रथामा अविलम्ब रोक लगाई उपयुक्त बसोबास, रोजगारी र वैज्ञानिक शिक्षा-दिक्षाको विशेष व्यवस्था गर्नु पर्दछ र राजकीय क्षेत्रमा सहभागी बनाउने नीति र योजना निर्माण गरिनु पर्दछ।

चेपाङ्ग – आफूलाई रामचन्द्रका छोरा लवको सन्तान बताउने चेपाङ्गहरू अहिले मुख्यतः धादिङ्ग, चितवन र मकवानपुरमा रहेका छन्। पहिले कता थिए भन्ने बारेमा फरक-फरक मत पाइन्छ। कसैले दोलखाको सुनाथलीबाट यस क्षेत्रमा आएको चर्चा गरेको पाइन्छ त कसैले मोराहाङ्गबाट राङचुराङ्ग (हाल चितवन जिल्लाको मनहरी उत्तरमा पर्छ) हुँदै आएको बताउँछन्। करीब ३१ हजार भन्दा बढीको संख्यामा रहेको अनुमान छ। कृषि र पशुपालनको अवस्थाबाट क्रमशः अघि बढ्दै गरेको अवस्थामा छन्। चेपाङ्ग जातिको विकासका निम्ति केही कार्यक्रम संचालित हुदै आएको भए पनि त्यसले उनीहरूको पहिचानलाई धमिल्याएर "प्रजा" बनाएको कुरा ज्यादै नमिल्दो देखिन्छ।

धिमाल – किरातँी मूलका धिमालहरू मोरङ्ग र झापाका केही गाउँमा पाइन्छन्। करीव १६ हजार जति रहेका धिमालहरू स्थायी बसोबास र खेतिपातिमा आवद्ध छन्। धेरैजसो भूमिहीन र गरीव छन्। केही प्रसस्त सम्पतिवाल समेत छन् र शिक्षित धिमालहरू जागिरमा समेत संलग्न भइसकेका छन्।

थामी – यिनीहरू पनि किरातँी मूलकै मानिसहरू मानिन्छ। दोलखा सिन्धुपाल्चोक, रामेछाप, ओखलढुङ्गा र मोरङ्गका केही गाउँहरूमा छरिएर रहेको पाइन्छ। स्थाई बसोबास, खेतीपाती गर्दै अघि बढेर शिक्षा हासिल गरी केहीले जागिर समेत गरेको पाइन्छ। यिनीहरू बाँदरको मासु पनि खान्छन्।

हायू – यिनीहरू रामेछाप, दोलखा, काभ्रे, मकवानपुर र सिन्धुपाल्चोकमा फेला परेका छन्। रामेछापमा लगभग सय जना जति छन्। सबै गरीव छन् र ज्याला मजदूरी समेत गरी जीविका चलाउँछन्।

पहरी – काभ्रे, ललितपुर, सिन्धुलीमा गरी करीव दुई सय घरपरिवार रहेका छन्। भाषा केही मात्रामा नेवारसंग मिल्दो छ र फुली लगाउँदैनन् तर अछुत मानिन्छन्। खेतीपातीका अतिरिक्त माछा मार्ने काम गर्दछन्। आफूलाई पहरी भन्न क्रमश छाड्दैछन्।

झाँगड – करीव १५ हजार १७५ जतिको संख्यामा रहेका झाँगडहरू मोरङ्ग, झापा र सुनसरीमा पाइन्छन् र आफ्नै जग्गा-जमीनमा खेतीपाती गर्दछन्। पहिले शिकारप्रिय रहेका यिनीहरू हाल मद्यपानप्रिय छन् र नाचगानमा रमाउँछन।

यिनीहरूसंग मिल्दो-जुल्दो रूपमा बांतरहरू पनि यस क्षेत्रमा रहेकाछन्।

राउटे - लगभग दुई हजारको संख्यामा रहेका यिनीहरू मध्य तथा सुदूर पश्चिमाञ्चलमा पाइन्छन्। यिनीहरू अझै कृषि र पशुपालनको युगमा प्रवेश नगरेका घुमन्ते मानवको रूपमा र केही स्थायी रूपमा बसेर कृषिमा लागेका गरी दुई तहमा रहेका छन्। जंगलमा बस्ने घुमन्ते राउटेहरू यदाकदा हाट-बजारतिर समेत पुग्ने गरेको पाइन्छ। भारतको पिथौरागढतिर पनि राउटेहरू छन्। काठका भाँडा-कुंडा बनाएर खाद्यान्नसंग साट्ने बेच्ने पनि गर्दछन्।

कुसुन्डा - यिनीहरू अहिले अर्ध-घुमन्ते जीवनमा रहेका छन्। निश्चित संख्या यकीन छैन। गोर्खा, लमजुङ्ग र तनहुँमा पाइएका छन्। केही नवलपरासीतिर पनि छन् अहिले गिरीसंग मिश्रित हुँदैछन। यिनीहरूलाई कुशका सन्तान पनि भनिन्छ।

यस अतिरिक्त नेवार जातिमा समाहित-गोपाली, गुरूङ्ग जातिमा समाहित - दुरा, मगर जातिमा समाहित-छन्त्याल, खस जातिसंग सम्बद्ध दरै लगायत राजी, ब्यासी, महाउत, गनगाई र पणालहरू पनि विकासको निम्नतम अवस्थाममा रहेका छन्। सरकारी तथ्यांक अनुसार राजीहरूको संख्या २९५९ छ र उनीहरू भर्खर भर्खर स्थायी बसोबास गरी खेतीपाती र पशुपालन गर्ने, शिकार गर्ने, माछा मार्ने आदि गर्दै आफ्नो गुजारा चलाउन थालेका छन्। ब्यासीहरू १३१४ र दराईहरू ६५२० रहेको बताइएको छ भने अरूको बारेमा अध्ययन भएको छैन। "बोटे माझी राजी - सबको एउटै काजी" भन्ने उखानले राजीलाई बोटे-माझीसंग सम्बन्धित देखाए जस्तै महाउतलाई कसै कसैले किचकसंग तुलना गरेको पाइन्छ। यिनीहरूको घुमन्ते जीवन करीब-करीब समाप्त भएको छ र अहिले बाँकेको मङतनवापुरमा बसोबास गर्दछन्। गनगाई किराँत मूलका हुन् तर भारतका आगन्तुक मानिन्छन्। पणाल बाजुराको पाणी गाउँमा बस्दछन् र खस जातिको फिरन्ते सन्तानका रूपमा जानिन्छन्।

निश्चय नै अहिले विकासको दृष्टिले पछि परेका यस्ता मानव समुदायको विकासमा ध्यान दिनु पर्छ तर एकै ठाउँमा नबस्ने, जंगल र नदीमा आश्रित आदिवासीको सुरक्षा र जगेर्ना कसरी गर्ने ? भन्ने प्रश्न गम्भीर छ। त्यस्तै जीवनमा रमाउन् भनेर अनुकूल आश्रयको जगेर्ना गरिदिने कि समाज विकासको गतिमा संलग्न गराउँदै लैजाने ? यदि विकासमा सहभागी गराउँदै लैजाने हो भने अन्य जातिसंगको सम्मिश्रणबाट यो जातिको आदिम पहिचान क्रमशः नष्ट हुने नै छ। यदि विकासको कारणले आदिवासीको पहिचान संकटमा पर्छ भन्ने हो भने सबै जातिको पहिचान आदिम अवस्थामा रहन सक्दैन भन्ने यथार्थपट्टि पनि हाम्रो ध्यान जानै पर्दछ। तर विकासले मानिसको पहिचान र जिविकाका प्राकृतिक श्रोतहरूमा ल्याएको प्रतिकूलतालाई भने रोकथाम गर्नै पर्छ। नेपाल जस्तो सानो देशमा एक ठाउँमा गरिएको प्राकृतिक श्रोतको उपभोगले अर्को ठाउँमा तुरून्तै प्रभाव नपारी छोड्दैन। त्यसैले विकासको कारणबाट उत्पन्न हुने नकारात्मक प्रभावको शिकार एउटा जाति वा स्थान विशेष हुँदैन। त्यसको परिधिमा धेरै मानिसहरू पर्दछन् भन्ने तथ्यलाई ध्यानमा राख्दै यस्ता मानिसहरूको हितमा कल्याणकारी योजनाहरू संचालन गरिनु पर्दछ।

आदिवासीहरू आर्थिक-सामाजिक रूपले पिछडिएकाहरू मध्येमा पनि बढी पिछडिएका वर्गमा पर्दछन्। यसर्थ समाजको प्रतिष्पर्धामा उभिन सक्ने बनाउनका लागि उनीहरूलाई आवश्यक संरक्षण र सुविधा प्रदान गर्नु पर्छ। उनीहरूको कला, कौशल र शीपलाई आर्थिक उपार्जनको उद्यमका रूपमा विकास गर्ने वातावरण र सहयोग प्रदान गर्नु पर्छ। शिक्षा, संस्कृति, कला र लेखन जस्ता श्रृजनात्मक क्षेत्रबाट पनि यी पिछडिएका प्रजाति र आदिवासीहरूप्रति सम्मान र सद्भाव फैलाउने प्रयास हुनु पर्छ।

विविध भाषा र विविध जाति एक अर्कामा समाहित हुँदै परिष्कृत हुँदैजाने विषय हो। सुन्दर, सौम्य र श्रृजनशील वस्तु वा प्रकृति जे होस् मानवजातिले त्यसलाई एक-आपसमा बाँडेरै समृद्ध बन्न सकेको छ र बाँड्न नसक्दा वा लालच मात्र गर्दा अनेकन बिपत्ती भोगेको छ। त्यसर्थ एउटा राष्ट्र साँचो अर्थमा राष्ट्र बन्नका लागि सबै नागरिकको सहयोग, समानता र समृद्धि मात्र हैन सबल राष्ट्र बनाउने लक्ष्यमा पनि एकमतो चाहिन्छ। शासकहरू बन्दुक र पैसाले बलिया बन्न सक्छन् तर राष्ट्र बलियो बन्न राष्ट्रियता माफ परस्पर सद्भाव साहचर्यलाई बलियो बनाउने लक्ष्यतर्फ अभिमुख संस्कृति चाहिन्छ। नेपालमा भएका सबै जाति, प्रजाति र आदिवासीले यो दृष्टि राखुन् भन्ने हो भने सबैको पहिचानको सम्मान गर्नु पर्छ। राष्ट्रिय विकासमा सबैलाई सरिक हुने मौका दिनु पर्छ। जसले प्रतिस्पर्धा गरेर अगाडि बढ्न सक्दैन उसलाई कम्तीमा पनि प्रतिस्पर्धायोग्य बनाउन ध्यान दिनै पर्छ। ❑

अनुसूची ७

सन् १९९३ को मानवअधिकारको स्थिति बारे विभिन्न राजनैतिक पार्टीहरुको धारणा

नेपाली कांग्रेस

विगत वर्षमा नेपालमा मानवअधिकार यथार्थरूपमा, के कति कार्यान्वयन हुन सकेका छन्, यसको मूल्यांकन मानवअधिकारसंग सम्बन्धित निकायहरूका साथै यसप्रति चासो राख्ने ब्यक्तिहरूले पनि गरी रहनु भएको होला। साथै देशका प्रबुद्ध र जिम्मेवारपूर्ण ब्यक्ति तथा निकायहरूबाट पनि यसवारे विवेचना हुन आवश्यक छ।

ब्यक्तिको सर्वाङ्गिण विकास आजको आवश्यकता हो र यसको प्राप्ति निश्चित केही शर्तहरू - वैचारिक स्वतन्त्रता, उत्पीडनबाट मुक्ति तथा विश्वासको स्वतन्त्रता जस्ता ब्यक्तिको ब्यक्तित्वलाई पूर्ण विकशित गर्ने विविध पक्षहरू पूरा भएमा मात्र संभव हुन सक्छन् भन्ने विश्वास गरिन्छ। यस अर्थमा विगत एक वर्ष भित्र नेपाली जनताले आफ्ना वैचारिक अवधारणा तथा विश्वासको स्वतन्त्रतालाई पर्याप्त प्रयोग विभिन्न माध्यमबाट गरेको यथार्थ अदालतले गरेको निर्णयबाटै जगजाहेर छ। कुनै उल्लेखनीय उत्पीडनका घटना मुलुकले भोग्नु परेन। कानून तथा शान्ति सुव्यवस्था कायम गर्ने क्रममा सम्बन्धित निकायमा कार्यरत कर्मीहरूबाट हुन गएको छुटपुट उत्पीडनका घटना प्रति कार्वाही भएका छन्।

पर्याप्त श्रोत र साधनबाट विमुख नेपालको बढ्दो जनसंख्याको उन्नतिमा खाने लाउने जस्ता कुराको पूर्वाधार पर्याप्त रूपले तयार हुन सकिरहेको छैन। खान नपाएको ब्यक्तिले आफ्नो सार्वाङ्गिण विकास कति गर्न संभव हुन्छ, त्यो सोचनीय छ। तसर्थ आजको सार्वभौम सत्ता सम्पन्न नेपालीहरूले एकजुट भएर देशका जनतालाई गरिबी, रोग र भोकको टल दलवाट मुक्त गराउने यज्ञमा होमियौं भने नै नेपालीले मानवअधिकार पूर्ण प्राप्त गरेको ठहर्छ।

कौशलराज रेग्मी
सचिव

नेपाल कम्युनिष्ट पार्टी (एमाले)

राज्यद्वारा मानवअधिकारको गम्भीर उल्लंघन भएको छ

नेपाली जनताले स्वतन्त्रता र न्यायका निम्ति लामो समयदेखि संघर्ष गर्दै आएका हुन्। २०४६/४७ सालको राष्ट्रव्यापी आन्दोलन त्यही संघर्षको महत्वपूर्ण कडी थियो। जनाधिकारको संरक्षण र सम्बर्द्धनका निम्ति राज्य तथा सरकारको दायित्व के हुनुपर्छ भन्ने सम्बन्धमा उक्त आन्दोलनले स्पष्ट दिशावोध गराएको थियो। सोही अनुरूप संविधान र कानूनको निरूपण तथा राज्य संचालन हुनुपर्ने हो। यस दिशामा राज्य वा सरकारबाट के कस्ता क्रियाकलापहरू भए वा जनहित र जनाधिकारको सुरक्षार्थ कस्तो वातावरणको सिर्जना भयो भन्ने कुराहरूको सन्दर्भमा नै देशको मानवअधिकार-स्थितिको विवेचना गर्नुपर्ने हुन्छ।

१. अन्तर्राष्ट्रिय सन्दर्भ र नेपाल

अन्तर्राष्ट्रिय रूपमा स्थापित मानवअधिकार सम्बन्धी मान्यता र सिद्धान्तहरूलाई नेपालले स्वीकारेको छ। त्यसमध्ये कतिपय कुराहरू नेपाल अधिराज्यको संविधान ०४७ मा प्रतिविम्बित पनि छन्। यसरी सिद्धान्त तथा कानूनमा स्वीकृत कुराहरूको व्यवहारमा सम्मान र कार्यान्वयन हुनुपर्ने हो। राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका रूपमा वर्गीकृत मानवअधिकारका विभिन्न रूपहरू हाम्रो समाजका लागि उत्तिकै महत्वपूर्ण छन्। गरीव र निमुखा जनताप्रति उपेक्षा गरेर संसारको कुनै पनि स्थानमा मानवअधिकारको सम्मान एवं सुरक्षा हुन सक्दैन। मानवअधिकारको एकपक्षीय व्याख्या वा समझदारीले कतिपय देशले गम्भीर समस्या भोग्नु परेको देखिएको छ। अतः संयुक्त राष्ट्र संघ प्रणाली अन्तर्गत स्वीकृत मानवअधिकार सम्बन्धी मूल्य र मान्यताहरूको समग्रतामा सम्मान गरिनु नेपालका लागि अत्यावश्यक छ।

२. संविधानसंग सम्वन्धित सवालहरू

गत वर्ष उल्लेखित नागरिकहरूको समानताको अधिकारको मार्गमा रहेका केही व्यवधानहरू तथा जनताको सार्वभौमिकताको मर्यादा प्रति पूर्ण सम्मान स्थापित गराउने

कुरामा रहेका वाधाहरू संसदको पाँचौ अधिवेशन सम्पन्न भइसक्दा पनि यथावत् छन्। नेपालको वहुजाति, बहुभाषी र बहुधर्मी यथार्थताको विपरित संविधानमा रहेका भदेभावपूर्ण प्रावधानहरू यथावत कायम राखिएका छन्। संविधानको भावना र प्रावधान विपरीत श्रम अनुमति पत्र सम्बन्धी ऐनमा संशोधन गरियो र सन्धि ऐन संशोधन गर्ने प्रयत्न भयो। सर्वोच्च अदालत, निर्वाचन आयोग आदि जस्ता संवैधानिक अंगका प्रमुखहरूलाई पुनः लाभको पदमा नियुक्त गर्न नहुने संवैधानिक व्यवस्थाको अवहेलना गर्दै प्रमुख निर्वाचन आयुक्तलाई राजदूतमा नियुक्त गरेर स्वतन्त्र एवं निष्पक्ष निर्वाचन प्रणालीलाई नै दुस्प्रभावित तुल्याउने प्रयास गरिएको छ ।

३. कानूनसंग सम्बन्धित सवालहरू

मानवअधिकारसंग सम्बन्धित संवैधानिक प्रावधानहरूको कार्यान्वियनका निम्ति तदनुकूलका कानूनहरू निर्माणमा रहेको सरकारी उदासिनता यथावत रहेको छ। अफ विभिन्न मानवअधिकारसंग सरोकार राख्ने संस्था र व्यक्तिहरूको माग विपरीतका कार्यहरू भएका छन्। जवर्जस्ती करणी सम्बन्धी कानूनमा संशोधन गरी बलात्कारीहरूलाई कडा कार्वाहीको मागसहित सदनमा प्रस्तुत विधेयकलाई सरकारी पक्षवाट विफल तुल्याइयो। प्रहरी यातनाको शिकार भएकाहरूलाई क्षतिपूर्ति दिने र त्यस्तो यातना दिने व्यक्तिलाई उचित दण्ड सजायको व्यवस्था गरिनुपर्नेमा यस सम्बन्धी अपूर्ण विधेयक ल्याइनुका साथै त्यसलाई त्यतिकै तुहाइयो।

१. वर्तमान संविधानको भावनासंग मेल नखाने कानूनहरू नयाँ संविधान निर्माण भएको १ वर्षपछि स्वतः खारेज गरिने भन्ने संवैधानिक प्रावधानको विपरीत त्यस्ता कानूनहरू अझै पनि कायम छन् र तिनलाई फेरवदल गर्न वारवार हाम्रो पार्टी लगायत विभिन्न मानवअधिकारवादी संघ संस्थाहरू मार्फत आवाज उठाउँदा सरकारी पक्षवाट त्यस्तो विधेयक पनि नआउनु र हाम्रो तर्फवाट ल्याइएका विधेयकहरू बिना छलफल नै तुहाइनु दुःखको कुरा हो।
२. महिला विरूद्धका भेदभावपूर्ण कानूनहरू यथावत कायम राखिएको छ भने संवैधानिक प्रावधानको बावजुद महिला विकास तथा संरक्षणको लागि विशेष कानूनको तर्जुमा गरिएको छैन।
३. अन्तर्राष्ट्रिय आदिवासी वर्षलाई औपचारिकता निर्वाह गरेर अन्त गरिएको छ। संवैधानिक व्यवस्थाको बावजुद आदिवासी र पछाडि परेको समुदायको विकास तथा संरक्षणको लागि विशेष कानूनको निर्माण भएको छैन। यस सम्बन्धमा प्रयाससम्म भएको छैन।
४. बँधुवा मजदूरहरूको क्षेत्रमा कानूनको तर्जुमा भएको छैन।
५. जनताको सुसूचित हुने अधिकार सम्बन्धी कानूनको निर्माण भएको छैन। जनताको यो अधिकारमाथि प्रहार गर्दै संसदको शुरू अधिवेशनमा पेश गरिएको विधेयक तुहिएपश्चात संविधानसम्मत कानूनको निर्माणको प्रयाससम्म भएको छैन।
६. सार्वजनिक अपराध र सुरक्षा ऐन अन्तर्गतका मुद्दाहरू सि.डि.ओ.ले नहेरेर अदालतले हेरिनु पर्दछ भन्ने सन्दर्भमा हिजो पञ्चायत कालमा कांग्रेस कम्युनिष्टको एकमत रहेको थियो। हिजो त्यही कानूनको आधारमा पञ्चायतले कांग्रेस कम्युनिष्टलाई दमन गरेको थियो। आज त्यही कानूनको आधारमा कांग्रेसले अन्य प्रतिपक्षी पार्टीहरूलाई दमन गरिरहेको छ। यस सम्बन्धमा हाम्रो पार्टीले सदनमा ल्याएको संशोधन प्रस्ताव बहुमतको आधारमा असफल पारियो।
७. मुलुकमा राजनीतिक परिवर्तन पश्चात सरकारले १४ वटा भन्दा बढी अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी सन्धिहरूमा हस्ताक्षर गरिसकेको छ तर ती सन्धि अनुरूपका कानूनहरू हालसम्म सरकारले बनाएको छैन।
८. सर्वपक्षीय, अधिकार सम्पन्न राष्ट्रिय मानवअधिकार आयोग गठन गरिनु पर्छ भन्ने हाम्रो पार्टीको तर्फबाट संसदमा राखिएको संकल्प प्रस्ताव बिना छलफल पारित हुनबाट रोक लगाइयो।

४. मानवअधिकार विरोधी राजनीतिक प्रवृत्ति

संविधान र कानूनलाई जनाधिकारको पक्षमा स्थापित र कार्यान्वित गर्दै जानपर्नेमा सरकारमा त्यसको विपरीत आचरण देखिएको छ। यस्तो आचरण सरकारका बाह्य नीतिमा समेत प्रतिविम्बित भएको छ। सरकारी संचार र प्रशासनलाई कांग्रेसीकरण गर्ने नीति जारी रहेको देखियो। राष्ट्र र जनताको भविष्यसंग गाँसिने सन्धि-सम्झौताहरू गोप्य राख्ने प्रवृत्ति कायमै राखियो। रूसमा, संसद भवनमा सरकारी निर्देशनमा भएको सैनिक आक्रमण र सयौं व्यक्तिको हत्याप्रति वक्तव्यद्वारा समर्थन जनाएर सरकारले उक्त प्रवृत्ति बाह्य विश्वका सामु समेत देखायो।

५. मानवअधिकार उल्लंघनका प्रमुख घटनाहरू

१. सन् १९९३ को प्रारम्भमा नै हाम्रो पार्टीको पाँचौं राष्ट्रिय महाधिवेशन भएको थियो। उक्त महाधिवेशनको प्रचार-प्रसार कार्यप्रति समेत सरकार असहिष्णु बनेको थियो। प्रचार-प्रसारमा संलग्न कार्यकर्ताहरूलाई गिरफ्तार गरिएको थियो, सार्वजनिक स्थलमा प्रदर्शित व्यानर, पोष्टर आदि प्रहरी लगाएर झिक्न र च्यात्न लगाइएको

थियो। महाधिवेशन चलिरहेकै समयमा प्रज्ञा प्रतिष्ठानमा फहराइएका हाम्रो पार्टीका झण्डाहरू सरकारले अनायास झिकन लगाएर बिथोल्ने चेष्टा गरेको थियो।

२. फागुन २२ गते सिंहदरबार अगाडि सांसदहरूमाथि प्रहरीद्वारा अन्धाधुन्ध लट्ठी वर्षाइएको थियो। फलस्वरूप सांसद श्री कृष्णगोपाल श्रेष्ठ लगायत अन्य ६ जना घाइते भएका थिए। सोही मितिमा सिन्धुलीमा शान्तिपूर्ण जनप्रदर्शनमा प्रहरीद्वारा गोली प्रहार गरी छात्रा सम्झना दाहालको हत्या गरियो।

३. ०५० साल जेठ ३ गते हाम्रो पार्टीका तत्कालीन महासचिव श्री मदनकुमार भण्डारी र संगठन विभागका प्रमुख श्री जीवराज आश्रित दासढुङ्गा (चितवन) मा षडयन्त्रपूर्ण किसिमले जीप दुर्घटनामा मारिनु भयो। उक्त हत्याको छानवीनप्रति सरकारले देखाएको एकपक्षीय व्यवहार र उदासिनता प्रजातन्त्र तथा मानवअधिकार सम्मत रहेन। यस घटनाको न्यायिक छानवीनको पक्षमा देशव्यापी रूपमा जोडदार किसिमले उठेको जनआवाजलाई नेपाली कांग्रेसको सरकारले प्रहरी शक्तिको आडमा दबाउने चेष्टा गर्‍यो। यस सिलसिलामा २१ जना व्यक्तिको हत्या गरियो। दर्जनौं मानिसहरू घाइते तुल्याइए। सयौंलाई गिरफ्तार गरियो। शान्तिपूर्ण प्रदर्शनमा हिंडेका सांसदहरूमाथि समेत प्रहरीद्वारा लट्ठी प्रहार गर्न लगाइयो। सत्ताधारी दलद्वारा "प्रतिकार दल र प्रदर्शन" को सिर्जना गरियो। सत्ताधारी दलका त्यस्ता क्रियाकलापमा प्रत्यक्ष रूपमा संलग्न रहन कर्मचारीहरूलाई सरकारद्वारा बाध्य पारियो।

दासढुङ्गा हत्याकाण्डको न्यायिक छानवीनका निम्ति शान्तिपूर्ण क्रियाकलापद्वारा सरकार समक्ष माग गरिरहेका मानिसहरूलाई अनेकौं झुठा मुद्दाहरू लगाइयो। सार्वजनिक अपराध अन्तर्गत मात्रै देशव्यापी रूपमा ३ हजारभन्दा बढी व्यक्तिहरूमाथि स्वेच्छाचारी किसिमले ५०० भन्दा बढी मुद्दा चलाइयो।

४. साउन महिनामा सांसद श्री अमिक शेरचनलाई प्रहरी तथा सत्ताधारी दलका मानिसहरूबाट सख्त हुने गरी कुटपिट गरियो। असार महिनामा प्रहरीद्वारा गिरफ्तार गरिएका श्री प्रभाकर सुवेदीलाई बेपत्ता पारिएको छ। साउन ४ गते दमकमा प्रहरीको गोलीद्वारा भएको श्री डिल्ली गौतमको हत्या, हाँडीखोला, मकवानपुरमा कुखुरा खान नदिएकोमा प्रहरीद्वारा काजीमानलाई कुटपिट गरी मारिएको, असोज महिनामा तिलु घले भन्ने महिलालाई अकारण गिरफ्तार गरी प्रहरीद्वारा अदालत समक्ष समेत झुठा विवरण पेश गर्ने प्रयत्न गरिएको, रौतहटमा २५ वर्षीया दुलारी माझी र निजको दुधे बालबालिकाको प्रहरीद्वारा गोली हानी हत्या गरिएको जस्ता कुराहरूले सन् १९९३ मा राज्य संयन्त्रद्वारा भए-गरिएका मानवअधिकार उल्लंघनकारी क्रियाकलापहरूमाथि प्रकाश पार्दछन्।

५. रोल्पामा सरकारद्वारा चलाइएको राजनीतिक दमन-अभियानको चरित्र पंचायतकालिन "अपरेशन" हरूको सम्झना दिलाउने रहेछ। त्यहाँ राज्य आतंक फैलाएर जनजीवन त्रस्त तुल्याएको थियो।

६. उपर्युक्त घटनाहरू बाहेक देशका विभिन्न भागमा प्रहरी र प्रशासनद्वारा प्रतिपक्षप्रति सहानुभूतिशील व्यक्तिहरूलाई भयभित पार्ने, झुठ्ठा मुद्दाहरू लगाउने तथा सत्ताधारी दलको स्वार्थमा सार्वजनिक साधन श्रोतहरूको दुरूपयोग गर्ने प्रशस्त कार्यहरू भएका छन्। मानवअधिकार निर्बाध उपभोगमा नै व्यवधान उत्पन्न हुनेगरी सामाजिक शान्ति-सुव्यवस्थाको स्थिति बिग्रिएको छ। महंगी, वेरोजगारी र सामाजिक विकृतिहरूमा बृद्धि भएर नागरिकहरूका आर्थिक एवं सामाजिक अधिकारहरू कुण्ठित भएका छन्।

उपर्युक्त किसिमबाट सन् १९९३ मा मानवअधिकारको सन्दर्भमा कयौं सरकारी क्रियाकलापहरू नकारात्मक रहेका छन्। राज्यद्वारा मानवअधिकारको गम्भीर उल्लंघन भएको छ।

ईश्वर पोखरेल
सचिव
केन्द्रीय कार्यालय

संयुक्त जनमोर्चा, नेपाल

सर्वप्रथम नेपालमा विद्यमान मानवअधिकारको स्थितिलाई चित्रण गर्ने सन्दर्भमा "मानवअधिकार वर्ष पुस्तक" प्रकाशन गर्न लाग्नु भएकोमा धन्वाद ज्ञापन गर्न चाहन्छौं।

वास्तवमा संसदीय पूंजीवादी व्यवस्थाले जनताका मानवअधिकार लगायतका आधारभूत समस्याहरू परिपूर्ति गर्न नसक्ने यसको आधारभूत विशेषता भएकै कारण हामीले यस व्यवस्थामा आमूल परिवर्तन गरी जनताका सम्पूर्ण आधारभूत समस्या परिपूर्ति गर्ने समाजवादी व्यवस्था (नेपालको सन्दर्भमा नौलो जनवादी व्यवस्था हुँदै) को स्थापना

गर्ने आन्दोलनमा सामेल भएका छौं। तथापी संसदीय पूंजीवादी व्यवस्थाको "मूल्य" र "मान्यता" का रूपमा रहेको "प्रजातन्त्र" र "मानवअधिकार" को स्थिति पनि नेपालको सन्दर्भमा अत्यन्तै दयनीय अवस्थामा रहेको छ। आफूलाई सबै भन्दा बढी प्रजातन्त्रवादी बताउने वर्तमान नेकाको सरकार नै सबैभन्दा बढी मानवअधिकार उल्लंघनकर्ताको रूपमा रहेको कुरा इन्सेकको गतवर्षको "मानवअधिकार वर्ष पुस्तक १९९२" ले पनि यथेष्ट रूपमा पुष्टी गरेको छ।

शान्तिपूर्ण जुलुस र सभा माथि गोली र दमनको भाषाले विश्वका सबै तानाशाह र निरंकुश शासकलाई मात गरेको छ। गत साउन महिनाको सजमो लगायत सात राजनैतिक पार्टीको आयोजनामा भएको चक्काजाम कार्यक्रममा शान्तिपूर्ण प्रदर्शन गर्ने चितवन, झापा लगायतका जनतामाथि गोली प्रहार गरी हत्या भएका घटनाले यसलाई प्रमाणित गर्दछ। त्यसैगरी संसद अधिवेशन चलिरहेकै अवस्थामा सांसद अमिक शेरचन माथि ज्यान लिने अभिप्रायले आक्रमण गरिनु र दुई दर्जन भन्दा बढी सांसद सदस्यलाई गिरफ्तार गरिनुले पनि मानवअधिकारको स्थिति स्पष्ट गर्दछ।

सत्तासिन पार्टीको भन्दा अलग विचार राख्ने र विपक्षी पार्टीलाई भोट दिएकै कारण सार्वजनिक अपराध, ज्यानमार्ने उद्योग जस्ता झुट्ठा मुद्दामा हजारौंको संख्यालाई फसाउने काम भएको छ। सजमोलाई समर्थन गरेकै कारण रोल्पामा शसस्त्र दमन गरी राज्य आतंक खडा गरिएको छ। नेकाको नेतृत्वमा पुलिस प्रशासन र सेना गाउँका घर घरमा पसी सजमो समर्थक जनतालाई कुटपिट र गाली गलौज गर्ने, गिरफ्तार गरी यातना दिने, रगतमा हात चोप्न लगाई नेकामा प्रवेश गराउने, गाईवस्तु फुकाएर वालीमा लगाइदिने, बोका, राँगा र कुखुरा काटेर खाइदिने, अन्नका भकारी पोख्याइदिने, नगद गहना र मूल्यवान वस्तु लुट्ने, महिलामाथि अभद्र व्यवहार गर्ने जस्ता कार्यले पूरा गाउँका गाउँ रित्ता हुन पुगी जंगलवास बस्न विवश गरिएको छ, महिलाहरू हलो जोत्ने कार्य गर्दैछन्। सार्वजनिक अपराध, ज्यान मार्ने उद्योग जस्ता झुट्ठा मुद्दामा करिव ६ हजार जनतालाई फसाइएको छ। करिव ६ करोडको नगद र जिन्सी धरौटीस्वरूप राखिएको छ। समष्टीमा सरकारद्वारा त्यहाँ स्वेत आतंक फैलाइएको छ। यही स्थिति रूकुम, रामेछाप, गोरखा, सिन्धुली, हुम्ला लगायतका जिल्लामा विद्यमान छ।

राष्ट्रिय सम्पदा र श्रोत विदेशी राष्ट्रसित गोप्य सन्धि सम्झौता गरी नेपाली जनताको सुसूचित हुने अधिकारमाथि कुठाराघात गरिएको छ। त्यसैगरी राष्ट्रिय सुरक्षा सित सम्बन्धित विषयमा पनि विदेशीसित गोप्य सम्झौता गरी जनतासामू ती कुरा लुकाएको छ।

यस्तो अवस्थामा सत्तासिन सरकारद्वारा मानवअधिकारको स्थिति "उत्कृष्ट" भएको भनिनु र केही विदेशीले प्रायोजितरूपमा नेपालमा मानवअधिकारको स्थिति "सकारात्मक" र "राम्रो" रहेको भन्नु खेदको विषय बाहेक अरू हुन सक्दैन।

यस्तो घडिमा इन्सेकले देशभरमा घटित मानवअधिकार उल्लंघनका घटना देश र जनतासामु ल्याउने जुन कार्य गर्दैछ यो आफैमा सहानिय कार्य छ। हामी यस कार्यको सफलताको लागि हार्दिक शुभकामना समेत दिन चाहन्छौं।

पम्फा भूसाल

नेपाल सद्भावना पार्टी

राजनीतिक परिवर्तनपछि सत्तापक्ष निरंकुशता तर्फ उन्मुख र मानवअधिकारको विपरीत कार्य गरिरहेकोले देशको मानवअधिकारको अवस्था सन्तोषजनक छैन। मानवअधिकारको उल्लंघन गर्ने प्रमुख इकाइ निकाय राज्य नै हो भनिन्छ। त्यसैले सरकारमा बस्नेहरूबाट मानवअधिकारको सबै भन्दा धेरै उल्लंघन हुने संभावना हुन्छ। राज्य शक्तिको अगाडि मानवअधिकारको उपभोग गर्नबाट बञ्चित गरिएका र थिचोमिचोमा परेकाहरूका लागि संघर्ष बाहेक अरू कुनै उपाय हुँदैन।

यस परिप्रेक्ष्यमा हाम्रो पार्टी राष्ट्रको सम्पूर्ण जनसंख्याको ५० प्रतिशत अवहेलित हिन्दी भाषी मधेशी र पहाडका बहुसंख्यक जनजातिहरूको मानवजन्य सम्मानजनक नागरिक तथा मौलिक अधिकार एवं समानुपातिक प्रतिनिधित्व दिलाउनको लागि कृतसंकल्प रहेको कुरा सर्वविदित नै छ।

नेपालका संविधान ०४६ ले नैसर्गिक मानवअधिकार जन्य नागरिकता परिचय-पत्र पाउने अधिकारलाई पनि संदिग्ध बनाई दिएको छ। यस संविधानको भाग २ शीर्षक "नागरिकता" को धारा ८ को उपधारा "क" र "ख" मा स्पष्ट उल्लेख छ कि नेपालको संविधान २०१९ को धारा ७ वा नेपाल नागरिकता ऐन २०२० को दफा ३ बमोजिम नेपालका नागरिक ठहर्ने व्यक्तिहरू र नेपाल नागरिकता ऐन २०२० को दफा ६ बमोजिम नेपालको अँगिकृत नागरिकता प्राप्त भएका व्यक्तिहरू मात्र नेपालका नागरिक मानिने छन्। के यस प्रकृयाले प्रतिगामी पंचायती संविधानलाई अमर बनाएको छैन ? नागरिकता परिचय-पत्रको समस्या राष्ट्रव्यापी भएता पनि सर्वाधिक पीडित पक्ष बहुसंख्यक मधेशी नै हुन् भन्ने कुरामा दुई मत हुन सक्दैन। तसर्थ नागरिकता परिचय-पत्र सबै नेपालीहरूलाई सुलभ तरिकाले पाउनको लागि जबसम्म संविधानमा संशोधन गरिदैन तबसम्म यो समस्याको समाधान हुन सक्दैन। यो संवैधानिक संकट वर्ग विशेषका शासक राज्य शक्तिको आडमा खडा गरेका हुन् भन्ने हाम्रो पार्टीको स्पष्ट धारणा छ।

हाम्रो देशमा पनि मतदाता परिचय-पत्र लागू गर्ने प्रकृयाको बारेमा सरकारको सकारात्मक सोचाई रहेकोमा र यो

समस्या नागरिकता परिचय-पत्रसंग गाँसिदिएकोले अति संवेदनशील राष्ट्रिय समस्याको रूपमा देखिएको छ। किनभने देशका लगभग १ करोड २५ लाख मतदाताहरू मध्ये गृह मन्त्रालयको भनाई अनुसार जम्मा ८०-८२ लाखलाई मात्र नागरिकता परिचय-पत्र प्रदान गरिएको छ। र बाँकी ४०-५० लाख नेपालीहरूलाई विभिन्न प्रकारको अडचन देखाई उपलब्ध गराइएको छैन। त्यसैले सरकार नागरिकता परिचय-पत्रलाई आधार बनाई मतदाता परिचय-पत्र लागु गर्न इच्छुक छ भने सर्वप्रथम नागरिकताको समस्या समाधान गर्न कम्मर कस्सिनु पर्छ अन्यथा मतदाता परिचय-पत्रको कुरा गौड हुनेछ र समस्या यथावत रहिरहने छ तथा नागरिकता परिचय-पत्र बिहिन जनताको नागरिक हक हनन हुने जस्ता दुस्साहसपूर्ण कार्य गरेर सरकारले मानवअधिकारको उपेक्षा गरेको ठहर हुनेछ।

राष्ट्रको सर्वोच्च निकाय सार्वभौम सत्ता सम्पन्न गरिमामय संसदका सदस्यहरूलाई समेत सरकारले शान्ति सुरक्षाको नाममा अशान्ति मचाएर "सार्वजनिक अपराध र सजाय ऐन" को दुरूपयोग गरी राजनैतिक कार्यकर्ताहरूलाई दुःख दिदै आएको कुरा छर्लङ्ग भैसकेको र यस ऐन अन्तर्गत यस्ता उदाहरणको संख्या अहिले हजारौंमा पुगी सकेको छ।

राष्ट्र निर्माणको कार्य होस् वा राष्ट्रको सजग सुरक्षा प्रहरीको रूपमा होस् वा आफ्नै मातृभूमिको रक्षा गर्ने पवित्र भावना बोकेको समुदाय विशेषलाई सम्मिलित नगराई एक्लै राज्य संचालन गर्ने ढिपी राखी राज्य संचालन गर्नु आजको सभ्य समाजको लागि प्रत्यक्ष रूपमा मानवअधिकारको उल्लंघन गर्नु हो।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाज्यूले पटक पटक भन्नु भएको छ कि नेपाल एक प्रजातन्त्रवादी देश हो, यस कारण विश्वमा जहाँ कहीं प्रजातन्त्र र मानवअधिकारको लागि संघर्ष हुन्छ नेपाल उसको नैतिक समर्थन गर्ने छ। यसै परिप्रेक्ष्यमा भूटानका नेपाली भाषा-भाषीहरूलाई प्रजातान्त्रिक आन्दोलनको नाममा समर्थन गर्नु हुन्छ तर वर्माको प्रजातान्त्रिक संघर्षमा वहाँको मुख खुल्दैन र सबै भन्दा ठूलो विडम्बना यो छ कि यिनी प्रजातन्त्रवादीहरूलाई आफ्नै देशमा भूटानका नेपाली भाषी नागरिक सरह भाषा, भेषभुषा, नागरिकता एवं जनसंख्याको आधारमा सत्तादेखि सेवासम्म समानताको अधिकार पाउनका लागि संघर्षरत मधेशीहरूको समस्या समाधान गर्ने तर्फ कुनै चासो देखाउँदैनन्। यस भन्दा ठूला मानवअधिकारको हनन गर्ने जस्तो कार्य अरू के हुन सक्दछ। यस्तो भेदभाव, शोषण, समुदायिक अन्तरविरोध जारी रहेमा देशमा अनेक बिसंगतीहरू उत्पन्न हुने छन्। जसले गर्दा सम्पूर्ण देशवासीलाई राष्ट्रको मूल धारामा समाहित गर्ने कार्यमा अवरोध हुने कुरामा दुई मत हुन सक्दैन।

• अन्तमा मानवअधिकारवादी संस्थाहरूलाई हामी के आग्रह गर्न चाहन्छौं भने राष्ट्रका उपेक्षित अवहेलित, शोषित, पीडित, दलित समुदायहरूलाई भेदभावबाट मुक्ति दिलाउनको लागि तथा न्याय समानता र प्रगतिका कार्यमा रचनात्मक कार्यक्रम समेत संचालन गरेर नेपालको मानवअधिकारको अवस्था बारे विश्वलाई स्पष्ट रूपमा अवगत गराएमा कर्तव्य पालना गरेको ठहरिनेछ। धन्यवाद।

जय मातृभूमि।

त्रियुगी नारायण चौधरी
उपाध्यक्ष

नेपाल मजदूर-किसान पार्टी

०४६ सालको जनआन्दोलनमा प्रजातन्त्रको पुनःस्थापना र मानवअधिकारको बहालीलाई दुई प्रमुख मुद्दा बनाइएको थियो। ऐतिहासिक जनआन्दोलन पछि स्थापित प्रजातान्त्रिक सरकारको अवधिमा पनि मानवअधिकारको आधारभूत स्थिति सन्तोषजनक नभएको कुरा हामीले गत वर्ष पनि राखेका थियौं र आगामी सालमा यसमा सुधार हुने आशा राखेका थियौं। तर सरकारमा मानवअधिकारको अवस्थालाई सुधार्ने इच्छा शक्ति (will power) को अभाव रहेको छ।

अन्तरीम सरकारको पालादेखि आजसम्ममा हाम्रो देशले १४ वटा मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी तथा अनुबन्धहरूलाई अनुमोदन गरी सकेको छ, तर यसलाई क्रमशः व्यवहारमा लागू गर्ने मनसाय सरकारले देखाएको यस वर्ष पनि पाइएन। उल्टो मानवअधिकारसंग सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरू (NGOs) लाई हतोत्साह पार्ने र भाँजी हाल्ने काम सरकारबाट भएको गुनासाहरू जानकारीमा आएका छन्।

त्यस्तै जनताले वडो विश्वास र उत्साहकासाथ लिएको मल्लिक आयोगको प्रतिवेदनलाई कार्यान्वियन नगर्नु र नागरिक एवं राजनैतिक अधिकार सम्बन्धी अनुबन्धको उपलेख (Optional Piotical on Civil & Political Rights) मा हस्ताक्षर गरी सकेको देशको नाताले प्रत्येक वर्ष संयुक्त राष्ट्र संघको मानवअधिकार सम्बन्धी समितिमा देशको मानवअधिकारको प्रतिवेदन दिनु पर्नेमा हालसम्म नदिनुले सरकारको नियत (intention) लाई प्रष्ट पारेको छ।

सरकारको तीन वर्षको यस अवधिमा पनि संविधानसंग बाँझिने पूराना ऐनहरू यथावत ब्यवहारमा लागू भै राख्नु मानवअधिकारको दृष्टिले ठूलो कमजोरी हो। त्यस्तै नयाँ बनेका ऐनहरू पनि निकै खोटपूर्ण छन्।

मानवअधिकारको उपचार गर्ने अस्पताल हो - अदालत। तर धवलागिरी अंचलको बागलुङमा ०४८ माघ १ गते भएको प्रहरी निरीक्षक बैद्यको हत्याको मुद्दा आज २५ महिना हुँदा पनि टुंगो लाग्न सकेको छैन। यसले कानूनको सर्वमान्य अवधारणा (Dely to justice is deny to justice) लाई पुष्टी गरेको छ।

मानवअधिकारको कुरा गर्दा भूटानी शरणार्थी समस्या स्वतः अगाडि आउँछ। यस तर्फ सरकारको प्रयास असफल

सिद्ध भएको छ। प्रधानमन्त्रीको "Silent Diplomacy" "अन्तर्राष्ट्रियकरण" तथा भुटानी शरणार्थी वर्गीकरण आदि भूटानी सरकारको [illegible]

संविधानले प्रदान गरेको सुसूचित हुने अधिकार (Right to inform) प्रति पनि सरकार सम्वेदनशील नभएको यस वर्ष पनि देखियो। टनकपुर परियोजना सम्बन्धी पूर्ण जानकारी दिन अनकनाए झैं यसपाली अरूण तेश्रो जलविद्युत योजनाबारे पूर्ण जानकारी दिन सरकार अनकनाएको पाइयो।

बहुदलीय प्रजातन्त्रमा नेपाल मजदूर किसान पार्टी लगायतका पार्टीहरूलाई तीन प्रतिशत नआएको भनी पार्टीको रूपमा स्वीकार नगर्ने निर्दलीय चरित्र सरकारले लिएको छ। तर सरकारले आफ्नो अनुकूलतामा पार्टीको रूपमा स्वीकार गर्ने बहुलठ्ठीपना देखाएको छ। त्यस्तै निर्वाचनमा तीन प्रतिशत लिनुपर्ने र नयाँ पार्टी दर्ता नगर्ने बन्दोबस्तमा परिवर्तन ल्याउन हाम्रो पार्टीले संघर्ष गर्दैछ। साथै देशमा देखापरेको दुई दलीय तानाशाहको संभावनाले प्रजातन्त्र र मानवअधिकार अझ खतराको स्थितिमा पुगेको छ।

देशका विभिन्न भागमा जनता असुरक्षा, महंगी, कांग्रेसीकरण भोग्न बाध्य छन्, बाल मजदूरी र

जुम्ला, मुगु, बाँके जिल्लाहरूमा नेमकिपाका कार्यकर्ता र समर्थकहरूमाथि झुद्ठा मुद्दाहरू लगाएको छ।

त्यस्तै प्रमुख प्रतिपक्षको सत्तासंग सम्झौता र समर्पणको कार्वाहीले पनि नेपालको मानवअधिकारको स्थितिलाई झन दयनीय बनाएको छ। दासढुंगा जीप दुर्घटना हत्या काण्डबाट जन्माएको आन्दोलनको सिलसिलामा काठमाडौंमा प्रहरीको गोलीबाट मृत्यु भएका व्यक्तिहरूको न्यायिक छानवीन हुन सकेन - एमाले र नेकाको भदौ १ गतेको सम्झौताले। यसरी सन् १९९३ मा पनि नेपालमा मानवअधिकारको स्थिति सन्तोषजनक देखिएन।

प्रेम सुवाल
सचिव
केन्द्रीय समिति

(नेपाल कम्युनिष्ट पार्टी (मसाल), राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) लाई पनि ०५० पुस २९ गते छुट्टाछुट्टै पत्रहरू लेखी सन् १९९३ मा "मानवअधिकारको स्थिति बारे आधिकारिक धारणा उपलब्ध गराई दिन हुन" अनुरोध गरिएको थियो। तर पटक-पटक सम्पर्क गर्दा पनि उल्लेखित पार्टीहरूबाट कुनै किसिमको धारणाहरू उपलब्ध भएनन्।

अनुसूची ८

चिठीपत्र र कागजातहरू

सर्वोच्च अदालत

(............ प्रशासन शाखा)

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र कामको विवरण उल्लेख गर्नुहोला ।)

रामशाहपथ, काठमाडौं।

प संख्या.- ०५०।५१ च.नं. १६४८

पत्र संख्या र मिति ....

मिति ....

विषय:-

श्री जिल्ला अदालत,

सबै ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बाट १९९३ को मानव अधिकार वर्ष पुस्तक प्रकाशनका लागि मानव अधिकार संग सम्बद्ध मुद्दा मामिलाहरु लगायतका आवश्यक तथ्यांकहरु समावेश गर्न सम्बन्धित जिल्ला अदालत तथा पुनरावेदन अदालतलाई सहयोग को निम्ति पत्राचार गरी दिन अनुरोध गरी लेखेको मिति २०५०।६।१९ को पत्र सम्मानीय प्रधान न्यायाधीशज्यू समक्ष पेश हुंदा "सबै अदालतहरूलाई अदालतको कार्यमा बाधा नपर्ने गरी सहयोग गर्न लेखी पठाउने" भनी आदेश भएकोले आदेशानुसार सहयोगको लागि अनुरोध छ ।

२०५०।६।२६

सर्वोच्च अदालत

(................ प्रशासन शाखा)

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग उल्लेख गर्नुहोला ।)

रामशाहपथ, काठमाडौं ।

पत्र संख्या:- ०५०।५१ च.नं. ५६४६
प्राप्त पत्र संख्या र मिति.....................

मिति.....................

विषय:-

श्री पुनरावेदन अदालत,
सबै ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बाट १९९३ को मानव अधिकार वर्ष पुस्तक प्रकाशनका लागि मानव अधिकार संग सम्बद्ध मुद्दा मामिलाहरू लगायतका आवश्यक तथ्यांकहरू समावेश गर्न सम्बन्धित जिल्ला अदालत तथा पुनरावेदन अदालतलाई सहयोग को निम्ति पत्राचार गरी दिन अनुरोध गरी लेखेको मिति २०५०।६।१६ को पत्र सम्माननीय प्रधान न्यायाधीशज्यू समक्ष पेश हुंदा "सबै अदालतहरूलाई अदालतको कार्यमा वाधा नपर्ने गरी सहयोग गर्न लेखी पठाउने" भनी आदेश भएकोले आदेशानुसार सहयोगको लागि अनुरोध छ ।

2050।6।26

श्री ५ को सरकार
गृह मन्त्रालय
(जिल्ला प्रशासन शाखा

पत्र संख्या :- जिप्र। परि ३।०५०।५१	सिंहदरवार
च नं.:- १०८७	मिति :- ०५०।६।२६

विषय :- मानव अधिकार, वर्ष पुस्तक १९९३ को लागि आवश्यक सहयोग गरिदिने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।
श्री कारागार व्यवस्था विभाग
सीनभवन ।
श्री प्रहरी प्रधान कार्यालय,
नक्साल ।

उपर्युक्त सम्बन्धमा सर्वप्रथम त यस अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले गत वर्ष १९९२ को मानवअधिकार वर्ष पुस्तकको प्रकाशनको क्रममा यहाँको निकायका तर्फबाट भएको सहयोगका निम्ति धन्यवाद ज्ञापन गर्दछु । यस वर्ष पनि वर्षपुस्तक समिति सन् १९९३, को वर्ष पुस्तक निर्माण कार्यमा जुटि सकेको छ । तसर्थ गृह मन्त्रालयका निकायहरू जिल्ला प्रशासन तथा प्रहरीलाई वर्ष पुस्तक स्वयंसेवक वा कार्यकर्ताहरूलाई सहयोग गरिदिने निर्देशन जारी गरी दिन हुन अनुरोध गरिन्छ । वर्ष पुस्तक तयारीको लागि विभिन्न क्षेत्रबाट जस्तै जेलहरूबाट पनि तथ्यहरू संकलन गर्नु पर्ने भएकोले ती निकायहरूमा समेत आवश्यक सहयोगका लागि परिपत्र गरिदिनु हुन अनुरोध छ भनी अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को मिति २०५०।६।२६ को पत्रबाट लेखी आएको हुँदा तत् सम्बन्धमा त्यस कार्यालयबाट आवश्यक सहयोग पुऱ्याई दिन हुन आदेशानुसार अनुरोध छ ।

५०।६।२६
शाखा अधिकृत

बोधार्थ :-
श्री सुशील प्याकुरेल
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
काठमाडौं ।

श्री ५ को सरकार
गृह मन्त्रालय
कारागार व्यवस्थापन विभाग

पत्र संख्या:- ९।०५०।५१।५६
चलानी नं.:- ५५८

सीनभवन, बानेश्वर
काठमाडौं ।

मिति २०५०।५।२ ....

विषय:- मानव अधिकार वर्ष १९९३ को लागि आवश्यक सहयोग गरी दिने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
ललितपुर ।

उपर्युक्त विषयमा गृह मन्त्रालय, जिल्ला प्रशासन शाखाको च.नं. १०८७ मिति ०५०। ६।२९ को पत्र प्राप्त गर्नु भएको छ । पुस्तक समिति सन १९९३ को वर्ष पुस्तक निर्माण कार्यको क्रममा वहाँका स्वयम सेवक वा कार्यकर्ताहरुलाई कारागारहरुको तथ्य संकलन गर्नु पर्दा सम्बन्धीत कारागार शाखाहरुबाट आवश्यक सहयोग उपलब्ध गराई दिनु हुन आदेशानुसार अनुरोध गरिन्छ ।

बोधार्थ:-

श्री गृह मन्त्रालय, जिल्ला प्रशासन शाखा ।
श्री कारागार शाखा, ललितपुर ।
श्री सुशील प्याकुरेल,
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) काठमाडौं ।

मानवअधिकार वर्ष-पुस्तक १९९३
HUMAN RIGHTS YEAR BOOK 1993

मितिः २०५०।९।२९

श्रीमान ....
....

विषय :- मानवअधिकारको स्थिति बारे आधिकारिक धारणा उपलब्ध गराइदिन हुन ।

श्रीमान,

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले वर्ष १९९२ देखि मानवअधिकार वर्ष पुस्तक प्रकाशनको थालनी गरेको कुरा यहाँलाई अवगत नै छ । गत वर्ष यहाँ र यहाँको पार्टीद्वारा भएको सहयोगका कारण नै १९९२ को वर्ष पुस्तक त्यस रुपमा प्रकाशित हुन सक्यो ।

यस वर्ष पनि हामी मानवअधिकार वर्ष पुस्तक १९९३ प्रकाशनको तयारीमा जुटिरहेका छौं । सन् १९९३ मा यस देशमा मानवअधिकारको स्थिति समगम्र कस्तो रह्यो, मानवअधिकार उल्लंघनका घटनाहरु के कस्ता रहे भन्ने बारेमा केन्द्रीत भएर तथ्य सामाग्रीहरु प्रकाशन गर्ने हाम्रो उद्देश्य रहेको छ । यस सम्बन्धमा यो वर्ष १९९३ अर्थात २०४९ पुष १७ गते देखि २०५० पुष १६ गतेसम्ममा मुलुकको मानवअधिकार स्थिति बारे यहाँको पार्टीको कस्तो मूल्याङ्कन रहेको छ । यस पुस्तकमा समावेश गर्ने गरी यहाँको पार्टीको आधिकारिक धारणा उपलब्ध गराई वर्ष पुस्तक प्रकाशनमा सहयोग पुऱ्याइदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

पुनश्चः हामीले वर्ष पुस्तक आगामी चैत्र २७ गतेका दिन प्रकाशित गरि सक्ने योजना बनाएका छौं । तसर्थः यहाँको शिघ्र सहयोगको अपेक्षा गरेका छौं ।

सहयोगका निम्ति धन्यवाद ।

(कुन्दन अर्याल)
वर्ष पुस्तकका तर्फबाट

कार्यकारिणीः
डा. राजेश गौतम
सुवोध राज प्याकुरेल
पवन कुमार ओफा
शिवहरि दाहाल

सल्लाहकारः
हृषीकेश शाह
वासुदेव प्रसाद ढुङ्गाना

संयोजकः
सुशील प्याकुरेल

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पो.ब.नं. २७२६ काठमाडौं, नेपाल फोनः २७०७७० वर्ष-पुस्तकः २७१५८७

मानवअधिकार वर्ष पुस्तक १९९३ को

अनुरोध

बिगत बर्ष जस्तै यस बर्ष पनि हामी मुलुकको मानबअधिकारको यथार्थ स्थिति बारे प्रकाश पार्न "मानबअधिकार बर्ष पुस्तक १९९३" प्रकाशित गर्न गइरहेका छौं। अतः १९९३ (०४९ पौष देखि ०५० पौष) भरी यस क्षेत्रमा भएका प्रगति र घटेका घटनाहरुको तथ्य-तथ्याङ्क संकलन गर्न देश ब्यापी रुपमा स्वयम सेवकहरु आउँदै हुनु हुन्छ। हाम्रा स्वयम सेवकहरु हरेक जिल्लामा न्यायिक, प्रशासनिक, राजनीतिक, मानबअधिकारसंग सम्बद्ध संघ संस्था, सुरक्षा सम्बन्धी निकाय र जेलहरुमा सम्पर्क राख्न आउने छन्। स्वयमसेवकहरु तथा हामीलाई आबश्यक तथ्याङ्क, यथार्थ घटना बिबरण र तत्सम्बन्धी सूचनाहरु उपलब्ध गराइ यस कार्यमा साथ-सहयोग पुऱ्याइ दिन हुन बिनम्र अनुरोध गर्दछौं।

पुनश्च - मानबअधिकार बर्ष पुस्तक १९९२ बिक्रीका निम्ति उपलब्ध छ।

मानबअधिकार बर्ष पुस्तक १९९३
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पोष्ट बक्स नं. २७२६, काठमाण्डौ
फोन २७१५८७, २७०७७०

उपरोक्त व्यहोराको विज्ञापन सुरूचि साप्ताहिक, छलफल साप्ताहिक, प्रकाश साप्ताहिक, युगसम्वाद साप्ताहिक, द इन्डिपेन्डेन्ट, दृष्टि साप्ताहिक, स्वतन्त्रता साप्ताहिक, विमर्श साप्ताहिक, प्रजातन्त्र साप्ताहिक, जनमञ्च साप्ताहिक, पृष्ठभूमि साप्ताहिक र समकालिन साप्ताहिकमा ०५० मंसीर पहिलो हप्तादेखि ०५० पुस दोस्रो हप्तासम्म नियमित रूपमा प्रकाशित गरिएको थियो।

अनुसूची ९

क्रिया-प्रतिक्रिया

सिराहा जिल्ला विकास समितिका सभापति चन्द्रनारायण देवले वर्ष पुस्तक ९२ वहाँका बारेमा उल्लेखित व्यहोरालाई असत्य ठहऱ्याउनु भएको छ। वहाँले वर्ष पुस्तकको नाममा एक विस्तृत पत्र लेखी घटनासंग सम्बन्धित जिल्ला प्रशासन कार्यालय एवं जिल्ला प्रहरी कार्यालयका नाममा गोली चलाउने प्रहरीहरूले लेखेको पत्र र सो बमोजिम जिल्ला प्रशासन कार्यालयले सम्मानित अदालतलाई लेखेको पत्र पनि उपलब्ध गराउनु भएको छ। घटना विवरण अनुसार ०४९ जेठ १५ गतेका दिन जिल्लाको सुखचैना गा.वि.स.का स्वतन्त्र उम्मेद्वार तारकेश्वर यादव प्रहरीद्वारा चलाइएको गोली लागेर घाइते भएका थिए। प्रहरी सूत्रका अनुसार त्यहाँ ३० राउण्ड गोली चलाइएको थियो। त्यही मध्ये एक गोली तारकेश्वरलाई लागेको थियो। गोली चलाउने मौखिक आदेश प्रमुख जिल्ला अधिकारीद्वारा दिइएको थियो।

श्री यादवलाई हाम्रो प्रकाशनले पुऱ्याएको चोटप्रति हामी दुःखी छौं।

□□□

"मूलतः ग्रामीण इलाकाहरूमा परम्परागत सोचाई र विद्यमान सामन्ती चिन्तनले गर्दा पनि मानवअधिकारलाई बुझ्ने र बुझाउने परिस्थिति श्रृजना भएको छैन।" - नेपालका लागि फ्रान्सिसी राजदूत डानियल ड्यूपोण्टले एक पत्र पठाई वर्ष पुस्तक ९३ मा उल्लेखित वाक्यलाई उधृत गर्दै वर्ष पुस्तकको प्रशंसा गर्नु भएको छ। विकासका लागि कानून - अन्तर्राष्ट्रिय केन्द्रका क्लियरेन्स जे. डायसले वर्ष पुस्तक ९२ को सहाहना गर्दै नेपाल र मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिहरूका बारेमा पनि वर्षपुस्तकमा उल्लेख गरियोस् भन्ने सुझाव दिनु भएको छ। प्रतिवद्धता एवं पत्रपत्रिकामा मानवअधिकार सम्बन्धमा लेखिएका कुराहरूको चर्चा होस् भन्ने सुझाव पनि प्रदान गर्नु भएको छ।

□□□

नेपालका लागि इटाली राजदूत सेर्गियो ग्रिमाल्डी, संघीय गणतन्त्र जर्मनीका राजदूत डा. स्कूलटिसेकले पनि वर्ष पुस्तकको सहाहना गर्दै पत्र पठाउनु भएको छ। त्यसै गरी सेभ दी चिल्ड्रेन यु.एस.ए., नेपाल शाखा, भारतीय दूतावास, जेनेभाको ओ.एम.सी.टी., फ्यासीमेल, भारतको मुख्य न्यायालयका पूर्व न्यायाधीश भी.आर. कृष्ण अय्यर, बंगलादेश मानवअधिकार परिषद्, ह्युमन राईट्स फाउण्डेशन र डानिडाको नेपाल योजना प्रमुखबाट पनि वर्ष पुस्तकका बारेमा प्रशंसा र सुझावका पत्रहरू प्राप्त भएका छन्।

हाल स्यांग्जा जेलमा रहनु भएका भारत मणिपुरका फिलिप थाङ्गलले पनि वर्ष पुस्तकलाई एक पत्र पठाउनु भएको छ।

□□□

वर्ष पुस्तकमा नेपालका जिल्ला जिल्लामा भएका मानवअधिकार उल्लंघनका विवरण दिइएका छन्। त्यस्तै वर्ष भरीका विभिन्न घटनाहरूका विवरण दिइएका छन्। त्यस्तै वर्षभरीका विभिन्न घटनाहरूका सन्दर्भमा भएको मानवअधिकारको उल्लंघनको विवरण पनि पुस्तकमा संलग्न छ। पुस्तकको अन्त्यमा दिइएको मानवअधिकार उल्लंघन पात्रो १९९२ अनुसार ९२ जनवरी देखि डिसेम्बर सम्ममा २०९ दिनमा ३६३ मानवअधिकार उल्लंघनका घटनाहरू घटेका छन्।

(उदाहरणको लागि गिरफ्तारी, र हत्या) केन्द्रित रहेर वर्ष पुस्तक प्रकाशन गरेको खण्डमा यो कार्य अझै प्रभावकारी हुने देखिन्छ।

*– कृष्ण कडेल, **नेपाल टाइम्स** दैनिक ०५० साउन २९*

..... तर मानवअधिकार हनन सरकारको पक्षबाट मात्र भएको छ भनेर पुस्तकले मानेको छैन। स्पष्ट छ, यसले मानवअधिकारको सवाललाई राजनीतिकरण नगरी वस्तुनिष्ठ सुद्ध मानवीय दृष्टिले हेरेको छ। हाम्रो सामाजिक बनौट, हाम्रो चेतना स्तर, राजनीतिक दलहरूमा रहेको संकीर्णता, अहम् र सत्तामोह मानवअधिकार प्रतिको ओठे भक्तिलाई यसले मानवअधिकार हननका कारणको रूपमा यथार्थ विश्लेषण गरेको छ।

*– सुदर्शन देवकोटा, **कान्तिपुर** दैनिक ०५० भदौ १२*



मानवअधिकार वर्ष पुस्तक १९९२ लाई सार्वजनिक तुल्याउन आयोजित समारोह, ०५० साउन १६

यस प्रकारको नेपालको पहिलो प्रकाशनका अनुसार गत वर्ष प्रहरी दमनका कारण २२ जनाको मृत्यु भएको थियो भने १९६ जना घाइते भएका थिए। त्यसरी मर्नेहरूमा बालक र एक चिनीया नागरिक पनि थिए। इन्सेकको उक्त प्रकाशनले सरकार समक्ष मानवअधिकार उल्लंघनका घटनाहरूको छानवीन गर्ने एक राष्ट्रिय स्तरको आयोग बनाउनु पर्ने निष्कर्ष निकालेको छ।

*– सिचेन्द्र विष्ट, **द इन्डिपेन्डेन्ट** साप्ताहिक ०५० साउन २७*

नेपालको सामान्य भौगोलिक परिचयबाट शुरू गरेर १९९२ को एक वर्ष अवधिमा देशभित्र घटेका मानवअधिकार सम्बन्धी चासोका घटनालाई प्रस्तुत गर्ने जमर्को गरेर इन्सेकले गरेको प्रयत्नलाई प्रशंसा गर्नै पर्छ। प्रशंसा यस अर्थमा पनि गर्नु पर्छ कि यस्तो पुस्तक नेपालको इतिहासमै प्रथम प्रयास हो।

*– सुधन पौडेल, **छलफल** साप्ताहिक ०५० साउन २६*

१९९२ मा देशभर भएका मानवअधिकार सम्बन्धी घटनाहरूको यो मोटो प्रकाशन मानवअधिकारको क्षेत्रमा उपलब्धिमूलक शुरूवात हो।

*– **स्वतन्त्रता** साप्ताहिक ०५० साउन २१*

...... त्यसैले हाम्रो जस्तो प्रजातन्त्र संक्रमणकालीन अवस्थामा रहेको मुलुकमा यस्ता प्रतिवेदनहरू आर्थिक तथा सामाजिक अधिकारका कुराहरूमा भन्दा राजनीतिक तथा नागरिक अधिकार, महिला अधिकार, राजनीतिक हत्या, जेल सुधार, कमैया प्रथा, सुकुम्वासी, धार्मिक स्वतन्त्रता, शरणार्थी समस्या, सामाजिक कुरीति र कुसंस्कारका कुराहरू एकै ठाउँमा राख्दा सूचनाहरू अपुग हुन सक्छन्। त्यसैले मानवअधिकारवादी अन्तराष्ट्रिय संघ संस्थाहरू एम्नेस्टी, एशिया वाच जस्ता संस्थाहरूले जस्तो कुनै खास विषयमा

....पुस्तकमा प्रशस्त सूचनाहरू संग्रहित छन्, कतिपय कुराहरूलाई कटौती पनि गर्न सकिने थियो। समग्रमा नेपालको मानवअधिकार स्थितिको विस्तृत चित्रण गर्ने यो पुस्तक यस प्रकारको पहिलो थालनी हो।

*– प्रभाकर शर्मा, **द इन्डिपेन्डेन्ट** ०५० भदौ २३*

पुस्तकको यो निष्कर्ष ज्यादै महत्वपूर्ण छ। सरकारमा बसेकाहरूले बारम्बार मानवअधिकार प्रति वचनवद्धता देखाए तापनि त्यो केवल ओठे भक्तिमा परिणत भएको छ। उनीहरूमा आफू जनताप्रति उत्तरदायी बन्ने भावना भन्दा पनि आफूलाई प्रहरी प्रशासनका हितपोषक बढी ठान्ने भावना पाइएको छ र यसले गर्दा तल्लो स्तरका जनता राज्य इकाईद्वारा प्रताडना र निम्न स्तरको व्यवहार गरेको पाइन्छ। जति ग्रामीण र गरिव जनता छन् कति नै उनीहरूले प्रशासनलाई टाढा आफूमाथि शासन गर्ने सम्झन्छन्।

– समकालिन तिसरी दुनिया,
०५० भदौ-असोज-कार्तिक

वर्ष पुस्तक ९२ का बारेमा **स्वतन्त्रता, युगसंवाद, प्रकाश, पृष्ठभूमि, राइजिङ नेपाल, साँघु** लगायतका साप्ताहिक र दैनिक पत्रपत्रिकामा पनि प्रशस्त चर्चा परिचर्चा भएका थिए। पत्रपत्रिकाका लेखौटहरूमा वर्ष पुस्तकका निम्ति थुप्रै-थुप्रै आलोचना र सुझावहरू प्रदान गरिएका थिए। ❑

अनुसूची १०

वर्ष पुस्तक तयारीका क्रममा संलग्न व्यक्तिहरु

९.१ परिच्छेद र अनुसूची तयारीका क्रममा संलग्न महानुभावहरू (वर्णानुक्रमानुसार)

१. काशीराज दाहाल
२. कुन्दन अर्याल
३. गोपाल गुरागाईं
४. गोविन्द वर्तमान
५. गौरी प्रधान
६. ठाकुर ढकाल
७. डा. डिल्लीराज खनाल
८. दिनेश त्रिपाठी
९. पूर्ण प्रकाश नेपाल "यात्री"
१०. बालकृष्ण उपाध्याय
११. भीम रावल
१२. रघु मैनाली
१३. रामचन्द्र गौतम
१४. विष्णु प्रभात
१५. शार्दूल भट्टराई
१६. शिव ढकाल

९.२ जिल्ला प्रतिवेदन लेखन तथा परिमार्जन

१ विष्णु प्रभात
२. शार्दूल भट्टराई
३. लेखनाथ भण्डारी

९.३ जिल्ला जिल्लामा संलग्न स्वयंसेवकहरू

१. पूर्वाञ्चल

१.१ झापा - माधव विद्रोही
१.२ इलाम - देवी बास्कोटा
१.३ पाँचथर - चन्द्रप्रसाद पोख्रेल
१.४ ताप्लेजुङ - डिल्ली खरेल
१.५ मोरङ - रामरिझन यादव
१.६ सुनसरी - यज्ञप्रसाद शर्मा
१.७ धनकुटा - हरि अधिकारी
१.८ तेह्रथुम - टीका पराजुली
१.९ भोजपुर - रूद्र नेपाल
१.१० संखुवासभा - टंक निरौला
१.११ सप्तरी - प्रभाकर देवकोटा
१.१२ सिराहा - चन्द्रेश्वर प्र. यादव
१.१३ उदयपुर - दुर्गा थापा
१.१४ खोटाङ - प्रतिमान राई
१.१५ ओखलढुंगा - लिलानाथ दाहाल
१.१६ सोलुखुम्बु - केशव पन्त

२. मध्यमाञ्चल

२.१ धनुषा - नवराज बस्नेत
२.२ महोत्तरी - दिनेश पौड्याल
२.३ सर्लाही - नवराज वस्नेत
२.४ सिन्धुली - वासु देवकोटा
२.५ रामेछाप - पशुपति चौलागाईं
२.६ दोलखा - सरोज उप्रेती
२.७ रौतहट - हरि पोख्रेल
२.८ बारा - कृष्ण लामा
२.९ पर्सा - गया प्रसाद यादव
२.१० चितवन - ज्योति अधिकारी
२.११ मकवानपुर - भरत दुलाल
२.१२ ललितपुर - राजेन्द्र गौतम
२.१३ काभ्रेपलान्चोक - केदार कोइराला
२.१४ भक्तपुर - अक्रुर न्यौपाने
२.१५ काठमाडौं - रघुनाथ अधिकारी
२.१६ धादिङ - नेत्र पौड्याल
२.१७ सिन्धुपाल्चोक - सुरेश कसजु
२.१८ नुवाकोट - मुकुन्द नेपाल
२.१९ रसुवा - अशोक कुमार घिमिरे

३. पश्चिमाञ्चल

३.१ तनहुँ - शान्ति देवी खनाल
३.२ गोरखा - कमर सिंह बस्नेत
३.३ लमजुङ - बालकृष्ण बस्नेत
३.४ स्यांग्जा - दुर्गा नारायण ढकाल
३.५ कास्की - कुलराज घिमिरे
३.६ मनाङ - जीवन कटुवाल
३.७ नवलपरासी - वावुराम पौड्याल

३.८ रूपन्देही - बलबहादुर आचार्य
३.९ पाल्पा - कर्णबहादुर बानियाँ
३.१० कपिलवस्तु - युवराज काफ्ले
३.११ अर्घाखाँची - मोतिलाल खनाल
३.१२ गुल्मी - गोपाल खनाल
३.१३ बाग्लुङ - हरि प्रसाद शर्मा
३.१४ पर्वत - विश्वराज पाण्डे
३.१५ म्याग्दी - भूपेन्द्र थापा
३.१६ मुस्ताङ - जनकल्याण पराजुली

४. मध्य पश्चिमाञ्चल

४.१ दाङ - गजेन्द्र सिंह खड्का
४.२ प्युठान - विकिरण गौतम
४.३ रोल्पा - कृष्ण गौतम
४.४ सल्यान - भरतमणि ढकाल
४.५ रूकुम - अयोध्याप्रसाद अधिकारी
४.६ बाँके - मेघमणि सुवेदी
४.७ बर्दिया - रामचन्द्र थापा
४.८ सुर्खेत - दीपक गौतम
४.९ जाजरकोट - रवि शाह
४.१० दैलेख - प्रेमबहादुर विश्वकर्मा
४.११ डोल्पा - बाबुराम अधिकारी
४.१२ जुम्ला - यमबहादुर वि.क.
४.१३ कालिकोट - नन्दबहादुर सिंह
४.१४ मुगु - गोपाल गुरागाईं
४.१५ हुम्ला - रघु मैनाली

५. सुदूर पश्चिमाञ्चल

५.१ कैलाली - रमेश बानियाँ
५.२ अछाम - विक्रम कुँवर
५.३ डोटी - हर्कबहादुर सिंह
५.४ बाजुरा - जिबेन्द्र सिंखडा
५.५ बझाङ - लोकबहादुर बराल
५.६ कञ्चनपुर - घनानन्द लेखक
५.७ डडेलधुरा - कमल सिंह ठगुन्ना
५.८ बैतडी - केदारनाथ भट्ट
५.९ दार्चुला - नरेन्द्र खनाल

९.४ यो वर्षको उल्लेख्य : नेपालमा जातीय छुवाछूत विषयक तथ्य संकलन र सामाग्री तयारीका क्रममा

१. पदमलाल विश्वकर्मा - संयोजन तथा सम्पादन
२. मोदनाथ प्रश्रित - विशेष सहयोगी
३. भक्त खपाङ्गी - सम्पादन सहयोगी
४. रविमान लम्जेल - सम्पादन सहयोगी
५. पदम सुन्दास - पूर्वाञ्चल
६. उपेन्द्र राही - पूर्वाञ्चल-तराई
७. भक्त बराइली - मध्यामाञ्चल
८. श्रीप्रसाद पासवान - मध्यमाञ्चल-तराई
९. रामशरण दर्नाल - उपत्यका
१०. छविलाल विश्वकर्मा - पश्चिमाञ्चल
११. जीतेन्द्रमान नेपाली - मध्यपश्चिमाञ्चल-तराई
१२. कृष्णराम सुनार - मध्यपश्चिमाञ्चल तराई
१३. पुरण सिंह दयाल - सुदूरपश्चिमाञ्चल
१४. गणेश वि.क. - सुदूरपश्चिमाञ्चल-तराई

९.५ फोटो स्रोत

१. वर्षपुस्तकको आफ्नै संकलन
२. जोशी एल्भीज
३. सन्तोष पोखरेल
४. क्षितिज अरूण श्रेष्ठ

९.६ रेखा चित्र

१. जीवन राजोपाध्याय
२. मनोहर बमरेल
३. सुन्दर श्रेष्ठ

९.७ कार्यालयमा संलग्न व्यक्तिहरूलाई रात दिन खटेर सहयोग पुऱ्याउने

१. श्याम महर्जन
२. विजय पाण्डे

अनुसूची ११

मानवअधिकार उल्लंघन पात्रो १९९३

(Each cell: number in circle / Nepali date; — = no circle)

Month	1	2	3	4	5	6	7	8	9	10	11	12	13	14	15	16
January ०४९ पुस - ०४९ माघ	— / १७	— / १८	१ / १९	— / २०	— / २१	[illegible] / २२	— / २३	१ / २४	— / २५	— / २६	— / २७	१ / २८	१ / २९	[illegible] / १	१ / २	— / ३
February ०४९ माघ - ०४९ फागुन	— / १९	३ / २०	२ / २१	१ / २२	१ / २३	— / २४	३ / २५	३ / २६	१ / २७	१ / २८	१ / २९	— / १	[illegible] / २	२ / ३	१ / ४	१ / ५
March ०४९ फागुन - ०४९ चैत	२ / १८	— / १९	२ / २०	१ / २१	४ / २२	— / २३	१ / २४	२ / २५	४ / २६	३ / २७	२ / २८	१ / २९	२ / ३०	२ / १	४ / २	१ / ३
April ०४९ चैत - ०५० वैशाख	— / १९	— / २०	१ / २१	१ / २२	२ / २३	३ / २४	१ / २५	३ / २६	२ / २७	३ / २८	४ / २९	१ / ३०	४ / १	५ / २	— / ३	१ / ४
May ०५० वैशाख - ०५० जेठ	३ / १९	२ / २०	२ / २१	१ / २२	३ / २३	[illegible] / २४	२ / २५	१ / २६	१ / २७	२ / २८	१ / २९	४ / ३०	२ / ३१	२ / १	१ / २	४ / ३
June ०५० जेठ - ०५० असार	३ / १९	१ / २०	४ / २१	४ / २२	२ / २३	— / २४	१ / २५	२ / २६	३ / २७	१ / २८	४ / २९	— / ३०	३ / ३१	३ / ३२	५ / १	— / २
July ०५० असार - ०५० साउन	२ / १७	— / १८	४ / १९	१३ / २०	१ / २१	४ / २२	१ / २३	४ / २४	२ / २५	३ / २६	३ / २७	३ / २८	१ / २९	३ / ३०	२ / ३१	२ / १
August ०५० साउन - ०५० भदौ	३ / १७	— / १८	१ / १९	२ / २०	३ / २१	१ / २२	२ / २३	१ / २४	४ / २५	— / २६	४ / २७	४ / २८	४ / २९	५ / ३०	३ / ३१	१ / ३२
September ०५० भदौ - ०५० असोज	३ / १६	३ / १७	२ / १८	२ / १९	१ / २०	१ / २१	३ / २२	— / २३	४ / २४	२ / २५	३ / २६	४ / २७	२ / २८	३ / २९	१ / ३०	६ / ३१
October ०५० असोज - ०५० कार्तिक	१ / १५	२ / १६	२ / १७	३ / १८	१ / १९	४ / २०	१ / २१	३ / २२	— / २३	३ / २४	२ / २५	१ / २६	३ / २७	३ / २८	१ / २९	३ / ३०
November ०५० कार्तिक - ०५० मंसीर	— / १६	२ / १७	१ / १८	२ / १९	१ / २०	१ / २१	२ / २२	१ / २३	१ / २४	३ / २५	३ / २६	२ / २७	— / २८	३ / २९	२ / ३०	५ / १
December ०५० मंसीर - ०५० पुस	— / १६	[illegible] / १७	१ / १८	१ / १९	३ / २०	१ / २१	३ / २२	— / २३	— / २४	१ / २५	१ / २६	२ / २७	४ / २८	— / २९	४ / ३०	१ / १

Month	17	18	19	20	21	22	23	24	25	26	27	28	29	30	31	[illegible]	[illegible]	[illegible]
January	२ / ४	— / ५	— / ६	२ / ७	— / ८	१ / ९	२ / १०	— / ११	२ / १२	— / १३	१ / १४	[illegible] / १५	१ / १६	— / १७	— / १८	१	[illegible]	[illegible]
February	१ / ६	२ / ७	१ / ८	३ / ९	१ / १०	— / ११	[illegible] / १२	१ / १३	— / १४	२ / १५	— / १६	— / १७				६	[illegible]	[illegible]
March	[illegible] / ४	४ / ५	१ / ६	— / ७	१ / ८	१ / ९	[illegible] / १०	३ / ११	— / १२	— / १३	— / १४	३ / १५	३ / १६	४ / १७	— / १८	२	५८	[illegible]
April	२ / ५	[illegible] / ६	[illegible] / ७	— / ८	[illegible] / ९	[illegible] / १०	[illegible] / ११	१ / १२	६ / १३	[illegible] / १४	[illegible] / १५	३ / १६	१ / १७	१ / १८		[illegible]	[illegible]	[illegible]
May	१ / ४	३ / ५	२ / ६	१ / ७	— / ८	[illegible] / ९	१ / १०	१ / ११	१ / १२	[illegible] / १३	३ / १४	[illegible] / १५	१ / १६	[illegible] / १७	४ / १८	३	[illegible]	३१
June	३ / ३	३ / ४	[illegible] / ५	२ / ६	[illegible] / ७	२ / ८	— / ९	२ / १०	७ / ११	७ / १२	३ / १३	५ / १४	४ / १५	[illegible] / १६		५	[illegible]	२७
July	३ / २	३ / ३	[illegible] / ४	१७ / ५	३ / ६	४ / ७	१ / ८	२ / ९	३ / १०	१ / ११	४ / १२	— / १३	२ / १४	३ / १५	३ / १६	४	१३५	३०
August	३ / १	६ / २	३ / ३	४ / ४	[illegible] / ५	२ / ६	४ / ७	१ / ८	१ / ९	१ / १०	१ / ११	२ / १२	[illegible] / १३	१ / १४	२ / १५	३	८१	[illegible]
September	३ / १	३ / २	१ / ३	३ / ४	१० / ५	६ / ६	— / ७	५ / ८	[illegible] / ९	४ / १०	४ / ११	२ / १२	३ / १३	[illegible] / १४		९	[illegible]	२९
October	४ / १	१ / २	६ / ३	[illegible] / ४	१ / ५	१ / ६	६ / ७	६ / ८	२ / ९	२ / १०	४ / ११	— / १२	[illegible] / १३	१ / १४	१ / १५	[illegible]	७५	७०
November	४ / २	६ / ३	३ / ४	३ / ५	१ / ६	१ / ७	२ / ८	१ / ९	[illegible] / १०	३ / ११	१ / १२	१ / १३	[illegible] / १४	२ / १५		७	[illegible]	२९
December	— / २	— / ३	५ / ४	— / ५	२ / ६	— / ७	१ / ८	१ / ९	२ / १०	[illegible] / ११	१ / १२	— / १३	१ / १४	— / १५	— / १६	६	४४	२१

● यो संकेत भित्रको अंकले मानवअधिकार उल्लंघनका प्रमुख घटना संख्या जनाउँछ, पीडितको संख्या जनाउँदैन ।

	कुल दिन	उल्लंघन दिन	उल्लंघन संख्या
१९९२	३६६	[illegible]	[illegible]
१९९३	३६५	३१७	१०३३

(गते नखुलेको घटनालाई १ दिन [illegible] उल्लंघन दिन कायम गरिएको छ।)

८४४ → ३१७

गते र महिना नखुलेको: १८९

यो वर्ष भएको कुल घटना संख्या: १०३३

insec
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
स्यूचाटार, काठमाडौं
फोन: २७०७७०
पत्र मञ्जुषा: २७२६